नेपाल
मानवअधिकार वर्षपुस्तक २०१२

यस वर्षको उल्लेख्य

सत्तालिप्सामा विलुप्त शान्ति र संविधान

मानवअधिकार वर्षपुस्तक २०१२

(नेपाली संस्करण)

(०६७ पुस १७ देखि ०६८ पुस १६ गतेसम्म अर्थात् सन् २०११ भरिका घटनाहरूको सङ्कलन)

प्रधान सम्पादक

योगीश खरेल

सम्पादक

मदन पौडेल

सम्पादन मण्डल

प्रशन्नता वस्ती

दीपेन्द्रप्रसाद पन्त

गणेश भण्डारी

नीर लामा

तथ्याङ्क विश्लेषण

प्रमीन घिमिरे

अनुज के.सी.

ले-आउट

गोविन्दप्रसाद त्रिपाठी

कभर डिजाइन

गीता माली

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, स्यूचाटार

पोस्ट बक्स २७२६, काठमाडौँ, नेपाल

फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१

e-mail: insec@insec.org.np

Web-site: www.insec.org.np

मानवअधिकार वर्षपुस्तक २०१२

प्रकाशन मिति
०६८ फागुन ७ गते

सङ्ख्या
३ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

मूल्य
रु. ४००।-

मुद्रक
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौं

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १	सन् २०११ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन	१
परिच्छेद २	सत्ता लिप्सामा विलुप्त शान्ति र संविधान	१७
परिच्छेद ३	राज्य र मानवअधिकार	
	३.१ न्यायपालिका	४१
	३.२ कार्यपालिका	६९
	३.३ व्यवस्थापिका	१०१
परिच्छेद ४	सन् २०११ मा नेपालमा महिला विरुद्धको हिंसा	१२१
परिच्छेद ५	पीडितद्वारा अञ्जानवश सक्रिय गराइँदा हुने विस्फोटन : एक विश्लेषण	१३३

अनुसूचीहरू

अनुसूची १	सन् २०११ र मानवअधिकार उल्लङ्घनका तथ्यहरू	
	१. पूर्वाञ्चल	१४५
	२. मध्यमाञ्चल	२२५
	३. पश्चिमाञ्चल	३१७
	४. मध्यपश्चिमाञ्चल	३८१
	५. सुदूरपश्चिमाञ्चल	४६५
अनुसूची २	मानवअधिकार उल्लङ्घन तथ्याङ्क २०११	५०५
अनुसूची ३	सन् २०११ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीको धारणा	५१९
अनुसूची ४	सन् २०११ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा	५३१
अनुसूची ५	क्रिया/प्रतिक्रिया	५४५
अनुसूची ६	वर्षपुस्तक २०१२ तयारीका क्रममा संलग्न व्यक्तिहरू	५७५

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १४७
१.२ इलाम १५२
१.३ पाँचथर १५६
१.४ ताप्लेजुङ १६०
१.५ मोरङ १६५
१.६ सुनसरी १७६
१.७ धनकुटा १८३
१.८ तेह्रथुम १८६
१.९ भोजपुर १९०
१.१० सङ्खुवासभा १९६
१.११ सप्तरी २००
१.१२ सिराहा २०७
१.१३ उदयपुर २१२
१.१४ खोटाङ २१६
१.१५ ओखलढुङ्गा २१९
१.१६ सोलुखुम्बु २२१

२. मध्यमाञ्चल

२.१ धनुषा २२७
२.२ महोत्तरी २३५
२.३ सर्लाही २३८
२.४ सिन्धुली २४१
२.५ रामेछाप २४७
२.६ दोलखा २५१
२.७ रौतहट २५४
२.८ बारा २६४
२.९ पर्सा २६८
२.१० चितवन २७१
२.११ मकवानपुर २७७
२.१२ ललितपुर २८१
२.१३ काभ्रे २८६
२.१४ भक्तपुर २९१
२.१५ काठमाडौँ २९४
२.१६ धादिङ ३०१
२.१७ सिन्धुपाल्चोक ३०७
२.१८ नुवाकोट ३११
२.१९ रसुवा ३१४

३. पश्चिमाञ्चल

३.१ तनहुँ ३१९
३.२ गोरखा ३२२
३.३ लमजुङ ३२५
३.४ स्याङ्जा ३२८
३.५ कास्की ३३०
३.६ मनाङ ३४०
३.७ नवलपरासी ३४१
३.८ रूपन्देही ३४८
३.९ पाल्पा ३५४
३.१० कपिलवस्तु ३५७
३.११ अर्घाखाँची ३६१
३.१२ गुल्मी ३६४
३.१३ बाग्लुङ ३६८
३.१४ पर्वत ३७२
३.१५ म्याग्दी ३७५
३.१६ मुस्ताङ ३७७

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ३८३
४.२ प्यूठान ३८८
४.३ रोल्पा ३९२
४.४ सल्यान ३९५
४.५ रूकुम ४०१
४.६ बाँके ४०५
४.७ बर्दिया ४१७
४.८ सुर्खेत ४२८
४.९ जाजरकोट ४३६
४.१० दैलेख ४४०
४.११ डोल्पा ४४६
४.१२ जुम्ला ४४९
४.१३ कालीकोट ४५२
४.१४ मुगु ४५८
४.१५ हुम्ला ४६१

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ४६७
५.२ अछाम ४७८
५.३ डोटी ४८१
५.४ बाजुरा ४८३
५.५ बझाङ ४८६
५.६ कञ्चनपुर ४८८
५.७ डडेलधुरा ४९३
५.८ बैतडी ४९६
५.९ दार्चुला ५००

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। पाँच विकास क्षेत्रमा पाँच क्षेत्रीय कार्यालय तथा २४ जिल्लामा जिल्ला कार्यालय स्थापना गरी इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

२०६५ चैत २३ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष – सुबोधराज प्याकुरेल

महासचिव - पुष्पा कर्ण

कोषाध्यक्ष - योगेन्द्रबहादुर गुरुङ

सदस्यहरू

- कुन्दन अर्याल
- सुजिता शाक्य
- टीकाराम भट्टराई
- मदनप्रसाद परियार
- रक्षा बस्याल
- लालबाबुप्रसाद यादव

कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार प्रलेख तथा प्रसार कार्यक्रम

यस कार्यक्रम अन्तर्गत मानवअधिकार उल्लङ्घन/ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरण तथा स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गरिन्छ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानवअधिकार वर्षपुस्तक, प्राची, इन्फर्मल*लगायतका प्रकाशन यही कार्यक्रमअन्तर्गत गरिँदै आएको छ। यसै कार्यक्रम अन्तर्गत *इन्सेक अनलाइन* कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेन्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम यस कार्यक्रममार्फत् हुँदै आएको छ।

मानवअधिकार शिक्षा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत इन्सेकले जिल्ला स्तरमा कार्यालय स्थापना गरी तथा स्थानीय मानवअधिकार संस्थाहरूसँगको सहकार्यमा मानवअधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानवअधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानवअधिकार सम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ।

मानवअधिकार अभियान तथा पैरवी कार्यक्रम

राज्यलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबावको सिर्जना गर्नु यो कार्यक्रमको प्रमुख दायित्व रहेको छ। कानुन पुनरावलोकन, मानवअधिकार सन्धि अनुगमन र मानवअधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही कार्यक्रमद्वारा हुँदै आएको छ।

मानवअधिकार शिक्षा रेडियो कार्यक्रम

मानवअधिकारका विषयमा रेडियो नेपाल तथा स्थानीय एफएमहरूबाट सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ। समसामयिक मानवअधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा यो कार्यक्रम मार्फत् प्रशारण गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत रेडियो श्रोता क्लबसँग समन्वय गरी स्थानीय स्तरमा मानवअधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बालअधिकार सचेतना समूह गठन गरी बालअधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकास सम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्।

व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्। इन्सेकको वार्षिक प्रतिवेदन, *इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय,** जनपथ टोल, विराटनगर। फोन नं. ०२१-४७१०२५, ४७११२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय,** पुल्चोक, ललितपुर, फोन नं. ०१- ५५२६४६६, ५५५०९६१
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** जनप्रिय मार्ग, पोखरा। फोन नं. ०६१- ४६५५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** उत्तरवेहडी, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

जवाफदेहीताको नग्न उल्लङ्घन

सशस्त्र द्वन्द्वको कष्टपूर्ण त्रासदीबाट मुक्त हुने संकल्पका साथ गरिएको विस्तृत शान्ति सम्झौता भएको पाँच वर्ष पूरा भइसकेको छ। त्यसपछिका दिनहरूमा भएका सहमति र सम्झौताका बुँदा गन्ती गर्ने हो भने ५ सय नाघिसकेको छ। यत्रोविधि सहमति सम्झौताको परिणाम गन्ने हो भने एक हातका औँला बराबर पनि पाउन मुस्किल छ-संविधानसभा निर्वाचन, प्रमाणीकरणमा नपरेका माओवादी लडाकुको बर्हिगमन र माओवादी लडाकुको समायोजनको सङ्केत। तर, यी पाँच वर्षमा हामीले थुप्रै कुरा प्राप्त गर्न सकेनौँ, बरु गुमाउँदै गयौँ। हामीले गुमायौँ-विश्वास।

जनआन्दोलन ०६२-०६३ बाट हामीले आर्जन गरेको महत्त्वपूर्ण उपलब्धि गणतन्त्रमात्र थिएन। एउट अजस्र शक्ति पनि थियो। त्यो शक्ति थियो-एउटा तानाशाही व्यवस्थाप्रतिको विरोध गर्ने उर्जा अनि शान्तिप्रति अटूट विश्वास। यिनै दुई शक्तिको जगमा १२ बुँदे सहमति भएको थियो जसले १० वर्षसम्म भूमिगत रहेको सशस्त्र राजनीतिक शक्तिलाई लोकतन्त्रको बाटो अवलम्बन गर्ने प्रणका साथ मुलुकमा निशस्त्र भित्र्याएको थियो। अहिले विस्तृत शान्ति सम्झौताका पक्षधरहरू आफैंले गरेको सम्झौतामा विश्वास गर्दैनन्। आफैंले निर्माण गरेको अन्तरिम संविधानप्रति विश्वास गर्दैनन्। यही विश्वासहीनताको भुमरीमा मुलुक विधिको शासनविहीन अवस्थामा पुगेको छ। मुलुक जवाफदेहीताविहीन अन्यौलयात्रा तय गरिरहेको छ।

जनताले आफ्नो मत दिएर संविधानसभामा पठाएका प्रतिनिधिलाई सम्झना छैन, उसलाई दुई वर्षका लागि कुन जिम्मेवारी दिएर जनताले छानेका थिए। उनीहरूको ध्याउन्न संविधानसभाको म्यादमा गएर टिकेको छ। संविधान समयमा बन्न सक्ने अवस्था भएन, अब कति म्याद थप्ने हो, त्यही चिन्ता नै उनीहरूको कार्यसूचिको अग्रपङ्क्तिमा विराजमान छ।

सार्वजनिक हैसियत प्राप्त गरेपछि आफू जसका लागि कार्य गर्ने हो ऊप्रति र आफूले गरिसकेको कार्यप्रति जिम्मेवार बन्नु भनेको जवाफदेहीता हो। जवाफदेहीताको जगमा नै लोकतन्त्र टिकेको हुन्छ। जनप्रतिनिधि नै जब आफ्नो उत्तरदायित्वप्रति सचेत हुँदैनन् भने लोकतन्त्रको जस्तो हविगत हुन्छ त्यही अवस्थामा हाम्रो लोकतन्त्र उभिएको छ। राज्यद्वारा स्थापित सार्वजनिक संस्थाहरू जति सेवाग्राहीप्रति जवाफदेही हुन्छन् त्यति नै ती संस्थाहरूप्रति नागरिकको विश्वास बढ्न जान्छ। सरकार, यसका एकाईहरू सार्वजनिक निकायहरू जति बढी नागरिकप्रति जवाफदेही हुन्छन् त्यति नै लोकतन्त्र संस्थागत हुँदै जान्छ। राज्यका एकाइहरू जनताप्रति उत्तरदायित्व वहन गरिरहेका छन् ? यो प्रश्न आज प्रत्येक सचेत नागरिकको मनमा उठिरहेको छ। यो प्रश्न ती नागरिक जो सचेत छैनन् तिनको मनमा बेग्लै प्रकारले उठिरहेको छ -हामी गरिब निमुखाका लागि राज्यले किन केही गर्दैन ? यस प्रश्नको उत्तर दिने हिम्मत त्यसमा मात्र हुन्छ जसले आफ्नो उत्तरदायित्व आत्मसात् गरेको छ। यो प्रश्नको उत्तर तिनीहरूबाट आउनु पर्दथ्यो जसलाई हामीले सत्ता (निर्णायक तह) मा पुऱ्यायौँ। उनीहरू के गर्दैछन् ?

कसरी सरकार बनाउने हो, कसरी धेरै दिन कुर्सीमा टिक्ने हो, त्यसैको चिन्तनमा उनीहरू व्यस्त छन्। जस्तोसुकै खराब काम गर्न तत्पर छन्, अदालतले दोषी ठहर गरेकालाई माफ दिएर होस् वा विभिन्न अपराधकर्ममा लिप्त अभियुक्तहरूका मुद्दा फिर्ता लिएर। सरकार बनाउन र टिकाउनका लागि सहमति र समझौताका नाममा जस्तोसुकै तमसुकमा हस्ताक्षर गर्न पनि तयार छन्। कुनै पनि मुलुकमा यस्तै परिस्थितिमा दण्डहीनता झाङ्गिदै जान्छ। फलस्वरुप अपराधीहरूको राजनीतिक हैसियत हौसिँदै जान्छ। राजनीति र अपराधको अन्यौन्याश्रित दम्भमा जनता पिल्सिँदै जान्छन्। मानवअधिकारको अवस्थामा अपेक्षित सुधार हुन नसक्नु, चिन्ताजनक अवस्थामा पुगनु यसैको परिणाम हो। यस्तो अवस्थाको मानवअधिकारका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले सँधै आलोचना गर्दै आएका थिए, छन् पनि। दण्डहीनताको पक्षमा र शान्तिप्रक्रियाको विपक्षमा संयुक्त राष्ट्रसङ्घ उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) लाई विदाइ गरिएको हो भन्ने कुरा ओएचसीएचआरको म्याद नथप्ने निर्णयका साथ सर्वोच्च अदालतले सजाय तोकेको सभासद्को आजन्म कारावासको सजाय मुक्तिको सरकारी फैसलाले पुष्टि गरेको छ।

अन्तरिम संविधानले समेत कानुनी मान्यता दिएको विस्तृत शान्ति सम्झौतामा यस संस्थाको काम शान्ति सम्झौताको अनुगमन गर्नु रहेको थियो। शान्तिप्रक्रिया टुङ्गोमा पुग्नुअघि यसलाई विदा गर्ने बदनियतीको एउटै उद्देश्य छ- त्यो हो विधिको शासन स्थापना हुन नसकोस्। मानवअधिकारकर्मीको स्वरसँग मिसिएर ओएचसीएचआरले सङ्क्रमणकालीन न्यायको वकालत गर्दथ्यो। अन्तर्राष्ट्रिय स्तरअनुरूप सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्तासम्बन्धी आयोगको गठन गर्न माग गर्दथ्यो, दण्डहीनताको आलोचना गर्दै सुधार गर्न सुझाव दिन्थ्यो, त्यसैले ऊसको उपस्थिति अनावश्यक ठानियो। विधिको शासनको यति उपहास गरिँदै छ। सर्वोच्च अदालतका आदेश सरकारले टेर्दैन। अधिकाङ्श आदेश प्रधानमन्त्रीको कार्यालयदेखि जिल्ला प्रहरी कार्यालयसम्म अलपत्र परेर बसेको छ। यसको सानो फेहरिस्त यसै पुस्तकमा समावेश भएको छ।

नेपाल संसारकै भ्रष्टतम मुलुकमध्ये एकमा दरिएको छ। विगतका आधारमा यसरी मूल्याङ्कन भएको हो। वर्तमान अवस्थाको मूल्याङ्कन गर्दा यसको स्तर अझै उँभो लाग्नेछ। हुँदै नभएका लडाकुका नाममा फर्जी लिखत खडा गरेर अरबौं रुपियाँको संस्थागत भ्रष्टाचार गर्नेहरू जुन मुलुकमा निर्लज्ज तवरले मुन्टो उठाएर हिँडछन्, त्यो मुलुकले भ्रष्टतमको दर्ज्यानी पाउनु स्वभाविक हो। यसका निराकरणका लागि जवाफदेहितासम्बन्धी सशक्त कानुनको निर्माण गर्न आवाज उठाउनु जरुरी भइसकेको छ।

मुलुक नयाँ संविधान पर्खिएर बसेको छ। अबका ९८ दिनपछि मुलुकले संविधान पाइसक्नु पर्ने हो। लैङ्गिक, सांस्कृतिक, भाषिक, जातीय, क्षेत्रीयताको सम्मान गर्दै जनमुखी संविधान निर्माण गर्नभन्दा जनतालाई मानसिक रूपमा कसरी विभाजन गर्ने हो त्यसमा संविधाननिर्माता तल्लीन छन्। यही एकाधिकारवादी चिन्तनका कारण निर्धारित समयमा संविधान निर्माण हुन सक्ने सम्भावना अत्यन्त न्यून हुँदै गएको छ।

तर, नेपाली जनता निराश हुन कहिल्यै जान्दैनन्। सात साल, ०३६ साल, ०४६ साल, ०६३ सालमा नेपाली जनताले प्रमाणित गरेर देखाइदिएका छन् सयौँ वर्ष शक्तिको आडमा जरो गाडेर बसेको संस्था कसरी केही दिनमा अस्तित्वहीन हुन पुग्दो रहेछ। आफूलाई जनताको मान्छे हुँ, जनताका प्रतिनिधि हुँ भन्नेहरूले सही अर्थमा आफूलाई जवाफदेही बनाउन सकेनन् भने यस्तै परिणामको अपेक्षा गर्नुपर्नेछ। जनता न्यायाधीश हुन्। मिसिल पर्खिएर बसेका छन्। आफ्ना प्रतिनिधिहरूको लेखाजोखा घरघरमा तयार गरिँदैछ। जनताको हार-गुहार नेतालाई सच्चिनका लागि दिएको चेतावनी हो। यो चेतावनीको भाषा नबुझ्नेले आगामी दिनमा नालायकको तक्मा पाउने छन् र प्रतिस्पर्धामा फेरि उठ्न नसक्ने गरी पछारिनेछन्।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०६८ फागुन ७

आभार

मानवअधिकार वर्षपुस्तक २०१२ तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दूतावास, इको तथा ईईडी, डानिडा, ह्यूगोप्रति आभार व्यक्त गर्दछौं। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूको विवरण सङ्कलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरू विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्षपुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नुहुने तमाम संस्था तथा व्यक्तिहरूमा धन्यवाद ज्ञापन गर्दछौं। सन् २०११ को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक पार्टी, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेसागत सङ्घ-संस्थाहरूप्रति आभार प्रकट गर्दछौं।

परिच्छेद

१

सन् २०११ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

१. पृष्ठभूमि

इन्सेकले सन् १९९२ देखि शुरू गरेको नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशनको यात्रा थुप्रै आरोह अवरोह सामना गर्दै सन् २०१२ सम्म आइपुग्दा यसका २० वटा शृङ्खलाहरू प्रकाशन भएका छन्। नेपालमा सन १९९० पछि सुरू भएको प्रजातान्त्रिक अभ्यासमा इन्सेकले प्रजातन्त्र,मानवअधिकार, विधिको शासनप्रति समर्पित रही यसको समग्र विकासको योगदानमा निरन्तर सहयोग पुऱ्याएको छ। यो अवधिका राजनीतिक घटनाक्रमहरूलाई नियाल्दा प्रजातान्त्रिक सरकारको गठन, माओवादी सशस्त्र द्वन्द्वका दश वर्ष र पुर्नस्थापित प्रजातन्त्रका झण्डै ६ वर्षका अवधिमा एक सशक्त मानवअधिकार पहरेदारकोरूपमा आफू उभिएको इन्सेकको ठम्याइ छ। सन् १९९२ देखि विभिन्न कालखण्डमा उठाउँदै आएका मानवअधिकारका सर्वव्यापी सिद्धान्तअनुरूप राज्यले गर्ने व्यवहार र आमनागरिकले प्राप्त गर्ने मानवअधिकारका विषयवस्तुले नै प्राथमिकताका साथ वर्षपुस्तकमा स्थान पाइरहेका छन्। यिनै विषयवस्तुहरूको निरन्तरताको क्रम सन् २०११ मा पनि जारी रह्यो।

माओवादी सशस्त्र द्वन्द्वको विधिवत अन्त्य भई सन् २००६ देखि नेपालमा सुरू भएको शान्तिप्रक्रियादेखि हालसम्म आइपुग्दा इन्सेकका वर्षपुस्तक दिगो शान्ति र संविधानका विषयहरूमा मात्र केन्द्रित रहँदै आयो। यी विषयहरूमाथि विगतका छ वर्षमा शान्ति सम्झौताअनुरूप सम्पन्न हुन नसकेका कार्यको फेहरिस्त हेर्दा राजनीतिक दलहरूको बोली र व्यवहारको तालमेल कहीं कतै मिलेको देखिँदैन। दुई वर्षको अवधि रहेको संविधानसभाको म्याद चारपटकसम्म थपिँदा पनि न त संविधान निर्माणको टुङ्गो लाग्यो न त, शान्तिप्रक्रियाको विवेकपूर्ण थलो भेटियो। यो समग्र विषयवस्तुले नेपालको शान्तिप्रक्रिया र संविधान निर्माण अझै अन्यौलमा रहेको पाइयो। समग्रमा शान्तिप्रक्रियाको प्रमुख बुँदाको रूपमा रहेको संविधान निर्माणप्रक्रिया, सत्ताकेन्द्रित राजनीति र यसले विलुप्त पारेको नेपालको शान्तिप्रक्रियामा यस वर्षको वर्षपुस्तक केन्द्रित रहेको छ।

२. सत्तालिप्सामा विलुप्त शान्ति र संविधान

विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानको भावना अनुकूल जसरी सहमतीय सरकार गठन भएर शान्तिप्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउँदै लोकतन्त्रलाई सुदृढ गर्दै जानुपर्ने थियो त्यस मार्गमा दलहरू यस वर्ष पनि लाग्न सकेनन्। संविधानसभा निर्वाचनपछिका चारओटै सरकार सहमतीय आधारमा गठन हुन सकेनन्। शान्ति सम्झौता र अन्तरिम संविधानले देखाएको मार्ग अवलम्बन नगरिनु नै आफ्ना कमजोरी हुन् भन्ने तर्फ दलहरूको गम्भीर ध्यान पुग्न सकेन।

अघिल्लो वर्ष राजीनामा दिएर पनि सात महिनासम्म कामचलाउको रूपमा रहेको माधव नेपाल नेतृत्वको सरकार विरोधै विरोधको बीचमा कायम रह्यो। त्यसपछि उनकै दलका अध्यक्ष झलनाथ खनाल नेतृत्वको सरकार सहमतिको आधारमा सरकारलाई

तालिका १ **सन् २०११ मा हत्या गरिएकाको सङ्ख्या र पीडकपक्ष**



पूर्णता दिने वचन गर्दागर्दै विघटन भयो भने एकीकृत माओवादीका उपाध्यक्ष डा.बाबुराम भट्टराईको सरकारले पनि यस वर्षको अन्त्यसम्म सहमतीय स्वरूप ग्रहण गर्न सकेन।

सरकार गठनपूर्व झलनाथ खनालले जसरी एकीकृत माओवादीसँग सम्झौता गरेका थिए, त्यसैगरी डा. बाबुराम भट्टराईले मधेशवादी दलसँग सातबुँदे सम्झौता गरे। यस सम्झौताका कारण खनाल र भट्टराई दुवैजना आ-आफ्नै पार्टीका नेताहरूबाटसमेत आलोचित हुनु पऱ्यो। खनालले एकीकृत माओवादीसँग आलोपालो सरकारको नेतृत्व गर्ने सम्झौता गरेका थिए। उनका पालामा एकीकृत माओवादी सरकारमा सामेल भयो तर, एकीकृत माओवादीको पालोमा एमाले सहभागी भएन। संविधानसभाको दोश्रो ठूलो दल नेपाली काङ्ग्रेस दुवै सरकारमा सामेल भएन भने मधेशवादी दलका घटकहरू प्राय: सबै सरकारमा संलग्न रहँदै आए।

सबै राजनीतिक दलहरूले पटक पटक दाहोऱ्याउने गरेको राष्ट्रिय सहमतिको नारा केवल भन्नाका लागि मात्र रहेको देखियो। आफनो नेतृत्वको सरकार गठन गर्न जस्तोसुकै सहमति गर्न तयार राजनीतिक दलहरू अपारदर्शी किसिमका सहमति र सम्झौतामा रमाए।

एकीकृत माओवादी र संयुक्त मधेशी मोर्चाबीच भएको चारबुँदे सहमतिमा उल्लेखित धेरैजसो विषयहरू राष्ट्रघाती भएको ठहर एमाले र काङ्ग्रेसले मात्रै होइन एमाओवादी भित्रैबाट पनि भयो। यस्तो विरोध गर्ने एकीकृत माओवादी नेताहरू सरकारमा सामेल भएनन्। भट्टराई सरकारकै पालामा माओवादी लडाकुहरूको वर्गीकरणको काम सम्पन्न भए पनि यो वर्षको अन्त्यसम्म सम्पन्न गरिसक्ने भनिएको लडाकु समायोजन, पुनर्स्थापना र स्वेच्छिक अवकाशका काम पूरा भएनन्।

सत्ताकेन्द्रित राजनीतिक दलहरूको कार्यले संविधान निर्माणमा यस वर्ष पनि अवरोध गर्न मद्दत पुऱ्यायो। यस वर्ष पनि संविधान निर्माणको कार्यतालिका पुन संशोधन भयो। संविधानसभाको म्याद थपको विषयमा यस वर्ष सर्वोच्च अदालतले गरेको फैसलाले आगामी जेठमा संविधान निर्माण हुन सक्ने एउटा वाध्यात्मक परिस्थितिको सिर्जना त भयो तर, संवैधानिक निकायहरूबीच यसले तनाव सिर्जना गऱ्यो भने समयमा संविधान निर्माण हुन नसकेमा के गर्ने भन्ने अन्यौल पनि थपिन गयो ।

दुई वर्षको अवधि रहेको संविधानसभाको म्याद पटकपटक थपिरहेका दलहरूका कदमप्रति सर्वोच्च अदालतले रोक लगाएपछि राजनीतिक दल र सर्वोच्च

तालिका २

सन् २०११ मा अपहरित सङ्ख्या



अदालतकाबीच अधिकारक्षेत्रका सम्बन्धमा आरोप प्रत्यारोपहरू भए। यो वर्षको अन्त्यतिर सर्वोच्च अदालतले संविधानसभाको म्याद थपका बारेमा गरेको फैसलाले नेपालको राजनीतिमा तरङ्ग पैदा गऱ्यो। यसपटक थप गरिएको म्याद अन्तिम हुने र सो अवधिमा संविधान जारी गर्न नसके संविधानसभाको म्याद स्वत: सकिने वा जनमत सङ्ग्रह गर्नुपर्ने भन्ने फैसलाको धेरैजसोले स्वागत गरे भने राजनीतिक दलहरूको पनि मिश्रित प्रतिक्रिया आयो। सर्वोच्च अदालतको फैसला पुनरावलोकनको माग गर्दै सभामुख र राजनीतिक दलहरूले दिएको निवेदन सर्वोच्चले दरपीठ गरिदियो। शान्तिप्रक्रिया सुरू भएको छ वर्ष बितिसक्दा पनि शान्ति निर्माणका लागि आवश्यक प्रमुख कार्यहरू टुङ्गो लाग्न सकेनन्।

विगतका वर्षहरू जस्तै यस वर्ष पनि विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानले निर्दिष्ट गरेका वेपत्ता आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिएन। यसबाट दलहरू द्वन्द्वपीडितलाई न्याय दिन इच्छुक नरहेको आशङ्का बढ्दै गयो ।

शान्ति र संविधानको मूल बाटोलाई छाडेर दलहरू सत्ताप्राप्तीकै प्रयासमा व्यस्त रहे। राजनीतिक दलबीच हुने हरेक सहमति र सम्झौतामा सरकार गठनको कुरा प्राथमिकतामा पर्ने गरेको छ चाहे त्यो जेठ १४ गते गरिएको वा कात्तिक १५ गते। सहमतिको अघिल्लो दिनसम्म सत्ता छाड्न तयार प्रधानमन्त्री भोलिपल्टै 'त्यसो भनिएको होइन, यसो पो हो' भन्न पछि परेनन्। सत्ताकेन्द्रित राजनीतिले विस्तारै सिङ्गो समाजका साथै लोकतन्त्रलाई समेत प्रदुषित बनाएको भान हुन थाल्यो।

एमाओवादी लगायत प्रमुख राजनीतिक दलहरू पनि आन्तरिक विवादमा अल्झिएका कारण महत्वपूर्ण राष्ट्रिय कार्यसूचि अलपत्र पऱ्यो। सहमतिका लागि बोलाइएका बैठक स्थगन भइराख्ने, संविधानका विवादस्पद विषयमा गृहकार्य नहुने जस्ता अनुत्तरदायी कार्य वर्षभरि दोहोरिए।

३. संविधान निर्माण प्रक्रियामा मिल्न बाँकी विषयवस्तुहरू

यस वर्ष पनि संविधान निर्माणको गतिरोधको रूपमा रहेका विषयवस्तुहरूमा प्रशस्त छलफल त भए। त्यस विषयमा निकास भने निस्कन सकेन। राज्यको शासकीय स्वरूपको विवादमा प्रमुख राजनीतिक

तालिका ३

सन् २०१० मा क्षेत्रगत आधारमा पीडित सङ्ख्या

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
हत्या	१३९	१९०	६५	५४	३१	४५९
घाइते	८३	१८१	५४	८३	३४	४३४
गिरफ्तारी/यातना	३१	३०	३६	५०	८	१३५
कुटपिट	१९८	१६६	३३९	१९८	५३	८४३
धम्की	३३७	७४	३०	३०५	३३	५४८
भेला/सङ्गठित हुने अधिकार	७६	११४	४६	१७	३	३५६
जातीय विभेद	९	७	१५	१६	३३	६९
महिलाअधिकार	१३५	१६८	८६	१८७	५३	६१८
बालअधिकार	३३८	१०१	५६	११८	३३	५३५
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१०३	१७	१०	१०	३	१४१
अमानवीय व्यवहार	४	१४	११	५	३	३७
अपहरण	५१	७३	१३	४३	८	१८५
जम्मा	**१३६३**	**११३४**	**६३०**	**९८५**	**३३९**	**४३४०**

दलहरूबीच सहमति जुट्न सकेन। प्रत्यक्ष निर्वाचित राष्ट्रपति अथवा प्रधानमन्त्री अथवा संसद्बाट निर्वाचित प्रधानमन्त्री अनि शक्ति पृथकिकरणको विवाद वर्षभरि नै रह्यो। एनेकपा माओवादी र नेपाली काङ्ग्रेसले लिएका छुटाछुट्टै अडानका कारण संवैधानिक समिति एउटा टुङ्गोमा पुग्न सकेन। त्यसैगरी निर्वाचन प्रणालीमा पनि यी दुवै दलहरूको छुटाछुट्टै अडानहरू कायम रहे। राज्यपुर्नसंरचना, आत्मनिर्णयको अधिकार, सम्पत्तिमाथिको अधिकार, मानवअधिकारको सर्वव्यापी सिद्धान्तअनुसार नागरिकहरूले पाउने अधिकारलगायतका विषयहरूमा पनि प्रमुख राजनीतिक दलहरूबीच यस वर्षको अन्त्यसम्म सहमति जुट्न सकेन।

४.सङ्घीयताको सवाल : पेचिलो बनेको विषय

सात राजनीतिक दल र एमाओवादीबीचको सम्झौतामार्फत बनेको नेपालको अन्तरिम संविधान २०६३ ले राजतन्त्र फाल्ने आधार त स्थापित गऱ्यो तर, देशको समग्र पुर्नसंरचना गर्ने मुख्य माध्यम सङ्घीयता हुँदाहुँदै पनि सङ्घीयताको बारेमा राजनीतिक दलहरूले थप छलफल, विमर्श गर्न सकेनन्। आफूलाई सङ्घीयताको सूत्रधार मान्ने एमाओवादीले पनि सङ्घीयताको बहसमा राजनीतिलाई केन्द्रित गर्न सकेन। अन्य दलहरूले यसलाई बुझ्ने र सोहीअनुसार जनतालाई आफ्नो पक्षमा पार्ने रणनीति अख्तियार गर्न सकेनन्। परिणामस्वरूप सङ्घीयताको बहसमा देखा परे- जातीय, क्षेत्रीय तथा भाषिक आन्दोलनका शक्तिहरू। उनीहरूले शुरूशुरूका दिनमा चलाएका सङ्घीयतासम्बन्धी बहसले देशमा ठूलै हलचल मच्चायो। नेपालमा जातीय राज्यको माग अघि बढिरहेकै बेला यस्ता राज्यहरू स्थापनापश्चात् सम्बन्धित जातीय राज्यमा बसोबास गर्ने अन्य जातजातिका मानिसहरूको स्थिति के हुने भन्ने बारेमा चर्चा भयो।

सङ्घीयताका विषयमा दलहरूका दृष्टिकोणभन्दा फरक ढङ्गले जातिगत, क्षेत्रगत आधारमा दलहरूका सभासद्हरू ध्रुवीकृत हुँदै गए। सङ्घीयतका विषमा दलहरूका आ-आफ्ना मान्यता किनारा लाग्ने अवस्था सिर्जना हुँदै गयो। जातिगत र क्षेत्रगत अवधारणा विकसित हुँदै गएको संविधानसभामा

तालिका ४ **सन् २०११ मा क्षेत्रगत आधारमा पीडित सङ्ख्या**

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
हत्या	९१	१६८	४६	५३	१९	३७७
घाइते	३८	१३७	३६	५९	३३	३७३
गिरफ्तारी/यातना	९	३६	७	३६	६	९४
कुटपिट	११५	६८	८३	१३९	५३	४५७
धम्की	३३	१६	९	३१	३३	११३
भेला/सङ्गठित हुने अधिकार	११९	३०४	१३	३७	३४	३८७
जातीय विभेद	१३	७	१५	१९	१९	७३
महिलाअधिकार	१३०	१८१	१०४	१८७	४६	६४८
बालअधिकार	१०१	१३१	८३	७३	३६	४१३
अमानवीय व्यवहार	६	४	४	३	३	१९
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	६		९	११	७	३३
अपहरण	५८	६१	९	११	५	१४४
जेलमा मृत्यु	४	४		१		९
हिरासत वा थुनामा मृत्यु		१			१	३
जम्मा	७१३	९९८	४१६	६४९	३६४	३०३९

मतैक्य हुन नसक्ने अवस्था निर्माण भयो। यस वर्षको अन्त्यतिर तीन ठूला राजनीतिक दल तथा संयुक्त मधेशी मोर्चा राज्य पुनर्संरचना आयोग बनाउन सहमत भई गठित आयोग विवादरहित भएन। दलीय भागबण्डाका आधारमा गठित यस आयोगले विवादमुक्त प्रतिवेदन प्रस्तुत गर्न नसक्ने सङ्केत स्पष्ट देखापऱ्यो ।

५. मानवअधिकार उल्लङ्घन : तथ्य र तथ्याङ्क

मानवअधिकारको सर्वमान्य सिद्धान्तअनुसार सबै नागरिक भयरहित वातावरणमा बाँच्न पाउने अवस्थाको सुनिश्चितता नभएसम्म त्यस राज्यमा मानवअधिकारको अवस्था सकारात्मक रहयो भन्न सक्ने ठाउँ रहँदैन। यस वर्ष इन्सेकले गरेको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका २ हजार ३ सय ६१ घटनाको अनुगमन गऱ्यो।

यस वर्ष राज्यक्षबाट १२ जना मारिए। इन्सेकको अनुगमनमा यीमध्ये आठ जनाको गैरन्यायिक तवरले हत्या भएको आशङ्का छ। यीमध्ये केही घटनाका सम्बन्धमा छानबिन समिति गठन भए पनि यस वर्षको अन्त्यसम्म त्यसको प्रतिवेदन सार्वजनिक भएन।

बितेका वर्षहरूझैं तराईमा सक्रिय सशस्त्र समूहका कारण हुने गरेका मानवअधिकार ज्यादतीका घटनामा केही कमी आएको पाइयो। विगत दुई वर्ष अघि देखि सरकारले तराईमा सङ्घर्षरत समूहहरूसँग गरेको वार्ताको परिणामको प्रतिफलको रूपमा व्याख्या भयो । वार्तारत त्यस्ता समूहका कार्यकर्ताहरूलाई सरकारले रिहा पनि गरेको थियो। अज्ञात समूहबाट यस वर्ष भएका आपराधिक घटनाहरू हत्या अपहरणका कारक त्यही रिहाइ हुनसक्ने आशङ्का पनि नउठेको होइन।

यस्ता समूहहरूसँग वार्ता आरम्भ हुनुअघि प्रशस्त गृहकार्य भएको पाइएन। कुन समूह राजनीतिक हो वा होइन त्यसको पहिचान, किटान र कारणहरूका बारेमा यथेष्ठ बहस हुनु पर्दथ्यो। मधेसवादी दलका घटकहरूको सत्ता समीकरणलाई ध्यानमा राखेर यस्ता वार्ताहरू विगतमा पनि धेरै भए तर ती परिणाममुखी भएनन्।

गत वर्ष अज्ञात समूहबाट १ सय १७ जनाको हत्या, ८३ जनाको अपहरण भएको थियो। यस वर्ष अज्ञातबाट ८९ जना मारिए भने ५९ जना अपहरित भए।

राजनीतिक दलका भातृसङ्गठनका कार्यकर्ताबीच हुने गरेका झडपहरूका घटना गत वर्षभन्दा कमी आयो। यस्ता घटना सन् २०११ मा नगन्यमात्र भए। अघिल्ला वर्षहरूमा गैरराज्यपक्षका कारण हुने मानवअधिकार उल्लङ्घनका घटनामा एमाओवादीका कार्यकर्ताको संलग्नता धेरै हुने गरेको भए पनि यस्ता घटनामा यस वर्ष कमी आयो। *(विस्तृत जानकारीको लागि हेर्नुहोस् जिल्लागत विवरण)*

५.१ संस्थागत दण्डहीनताले प्रश्रय पाएको वर्ष

देशमा भएका हरेक राजनीतिक परिवर्तनपछि, राजनीतिक परिवर्तनका लागि क्रियाशील मानिसहरूका विरूद्ध लागेका राजनीतिक प्रकृतिका मुद्दाहरू फिर्ता लिने चलन नेपालमा २००७ सालदेखिकै हो। पञ्चायती व्यवस्थाको अन्त्यसँगै पञ्चायती व्यवस्थाविरूद्ध सक्रिय नेता तथा कार्यकर्ताहरूको राजनीतिक प्रकृतिका मुद्दाहरू फिर्ता लिइएको थियो। यो प्रक्रियाको त्यसबेला कहीं कतै विरोध भएन कारण मुद्दा फिर्ता लिइएका सबै विषयहरू राजनीतिक प्रकृतिका थिए।

इन्सेकको तथ्याङ्कअनुसार सशस्त्र द्वन्द्वको दशवर्षको अवधिमा १४ हजारको हाराहारीमा मानिसहरूले ज्यान गुमाए। यो क्रममा भएका हत्या, बेपत्ता, अङ्गभङ्गका घटनामा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्नहरूका विषयमा व्यापक चर्चा परिचर्चा भएका छन्। सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने र त्यही आयोगले अपराधमा संलग्नहरूको मुद्दा राजनीतिक हो वा आपराधिक प्रकृतिका आरोप छुट्याएर माफी वा सिफारिश गर्ने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्नुपर्नेमा कानुन नै नल्याई आफू र आफ्ना पक्षकालाई मात्र आममाफी र मुद्दाफिर्ताको प्रयास एमाओवादीले गऱ्यो। विस्तृत शान्ति

तालिका ५

दाइजोका कारण हत्या गरिएका पीडित सङ्ख्या



सम्झौता अन्तरिम संविधानको अनुसूची भएकाले यसका विषयहरू संवैधानिक हुन्छन्। सो सम्झौताको ५.२.६ मा दुवैपक्ष विभिन्न व्यक्तिलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दा मामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरून्त रिहा गर्ने ग्यारेण्टी गर्छन् भन्ने उल्लेख छ। नेपालका राजनीतिक दलहरूले विस्तृत शान्ति सम्झौताको यही बुँदालाई गलत व्याख्या गरी चोरी, हत्या, अपहरण, भ्रष्टाचार, डकैती, डाँका, ज्यानमार्ने उद्योगजस्ता गैरराजनीतिक प्रकृतिका मुद्दासमेत फिर्ता लिँदै आएको देखिन्छ। सरकारले ०६७ सालमा फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धमा मापदण्ड र कार्यविधि कानुन बनाउन एक कार्यदल बनाए पनि त्यसका सिफारिशका आधारमा मुद्दा फिर्ता लिन कठिनाई पर्ने भएकाले त्यसको कार्यान्वयन भएन।

आफ्ना कार्यकर्ता भएपछि जति नै अपराध गरे पनि सरकारको साँचो हातमा आएका बेला तिनलाई चोख्याउने प्रतिस्पर्धा नेपाली राजनीतिको कुसंस्कृति यस वर्ष पनि प्रदर्शित भयो। लोकतन्त्रको पुर्नस्थापना भएपछि गठन भएका सबैजसो सरकार मुद्दा फिर्ताका लागि उद्दत रहे। विषय कसका पालमा र प्रकृति कस्तो भन्ने मात्रै हो। पछिल्लो समय मुद्दा फिर्ताको सबाललाई ध्यान दिएर हेर्ने हो भने डाँका, चोरी, अपहरण, हत्यारा, भ्रष्टाचारीसमेत राजनीतिक कार्यकर्ताका रूपमा चोख्याउँदै दण्डउन्मुक्ति दिने प्रयास भयो। यस वर्षका तीन सरकारका समीकरण वा व्यक्तिमा केही भिन्नता रहे पनि एउटा साझा कार्य रह्यो, सबै सरकारले राजनीतिक मुद्दाको नाम दिँदै विभिन्न दलका कार्यकर्ताहरूविरूद्धको मुद्दा फिर्ता लिने उपाय गरे।

फौजदारी अपराधमा संलग्न कैयन राजनीतिक कार्यकर्ता उपर कारबाही नचलाएको नगरेका कैयन उदाहरण यस वर्ष पनि पाइए। *(हेर्नुहोस्, यसै पुस्तकको जिल्लागत विवरण)*

यहाँसमेत कि अदालतमा कारबाही चलिरहेका मुद्दाका आरोपित समेतलाई उन्मुक्ति दिएर विधिको शासनको क्रमिकतालाई भताभुङ्ग पार्न खोजियो। कृष्णबहादुर महराले आफू गृहमन्त्री हुँदा सञ्चारमन्त्री अग्निप्रसाद सापकोटालगायत अन्य विरूद्धको हत्याको मुद्दा फिर्ता लिन तयारी गरेको खुलासा गरे।

आफ्नो पार्टीले गराएको बन्दको विरोध गरेका कारण हत्या गरिएका वीरगञ्जका काशीनाथ तिवारीको हत्याका आरोपित प्रभु साह मन्त्री मात्र बनाइएनन्, उनका पार्टी अध्यक्षले उनको बचाऊ गरिने निर्णय भएको सार्वजनिक भयो। न्यायको आधारभूत सिद्धान्तको खुल्लमखुल्ला उल्लङ्घन भइरहँदा नेपाली जनतालाई सरकारको अभिभावकत्व कायमै रहेको महसुस गर्ने कुनै आधार रहेन।

५.२ महिला हिंसा

यस वर्ष इन्सेकका जिल्ला प्रतिनिधिहरूले महिला हिंसा अनुगमनका क्रममा ६ सय ४८ जना महिला पीडित भएको पाए। यसबाहेक १८ वर्षमुनिका ३ सय ७९ जना बालिका पनि यस्ता हिंसाबाट पीडित

तालिका ६

सन् २०११ मा पीडित बालिका



भएका थिए। त्यस्ता हिंसात्मक घटनामा सबैभन्दा बढी क्रमश: घरेलु हिंसा, बहुविवाह, बलात्कार, बोक्सीको आरोप, यौनदुर्व्यवहार, महिला बेचविखन, बलात्कारको प्रयास, महिला भएकै कारण यातना, बेचबिखनको प्रयास र जारी रहेको पाइयो। जातजातिका आधारमा हेर्ने हो भने पीडितहरूमध्ये जनजाति महिला सबैभन्दा बढी पीडित भएको. पाइयो। आर्थिक अवस्थाका आधारमा हेर्ने हो भने आर्थिक अवस्था भएका महिलाहरू नै पीडित भएको पाइयो।

एक प्रतिवेदन अनुसार नेपालका ६० देखि ७० प्रतिशत महिला कुनै न कुनै घरेलु हिंसाबाट पीडित हुने गर्दछन्। अझै पनि घरेलु हिंसाबाट महिलालाई हुने शारीरिक, मानसिक आघातलाई संवेदनशीलताका साथ हेरिने संस्कृति निर्माण हुन सकेको छैन। परम्परागत रूपमा महिलामाथि हुने घरेलु हिंसालाई लिइने सोच यथावत नै रहेको अनुगमनका क्रममा देखियो। अधिकांश घरेलु हिंसाका घटना सार्वजनिक हुँदैनन् आर्थिक समाजिक सांस्कृतिका कारणले पीडितहरू आफूमाथि भएका हिंसालाई चूपचाप सहिरहेको पाइन्छ। *(विस्तृत जानकारीका लागि हेर्नुहोस्, यसै पुस्तकको परिच्छेद ४)*

५.३ कब्जा भएका सम्पत्ति फिर्ताको सवाल

विस्तृत शान्ति सम्झौतामा युद्धको समयमा कब्जा गरिएका र प्रयोग गर्न नदिएका सरकारी, सर्वसाधारण तथा निजी घरजग्गा र अन्य सम्पतिहरू फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गरिएको भए पनि सशस्त्र द्वन्द्वकालमा कब्जा गरिएका सम्पति फिर्ता भइसकेका छैनन्। सशस्त्र द्वन्द्व र सङ्क्रमणकालको समयमा कब्जा गरिएको जग्गा र अन्य सम्पत्तिको विषय द्वन्द्वोत्तर

तालिका ७ **तराईका जिल्लामा भएका हत्या सङ्ख्या**



समाजको चुनौतीपूर्ण सवालहरूमध्ये एक हो। एमाओवादी, नेपाली काङ्ग्रेस,नेकपा एमाले तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच भएको सात बुँदे सहमतिको दफा ६ (क) मा सशस्त्र द्वन्द्वको क्रममा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को कब्जामा रहेका निजी तथा सार्वजनिक घर, जग्गा सम्बन्धित व्यक्ति र संस्थालाई फिर्ता गरी भोगचलन गराउन एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले संस्थागत निर्णय गरी २०६८ साल मङ्सिर ७ गते भित्र सम्बन्धित व्यक्ति र संस्थालाई उपलब्ध गराइने उल्लेख छ। कब्जा भएको अवधिको जग्गाको आयस्तावापत सम्बन्धित व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति दिइनेछ भनी उल्लेख गरिएको भए पनि यो सहमति पनि विगतका सहमति झैं बेवारिसे भयो। जसको कारण थियो एमाओवादी भित्रको विवाद। वैद्य पक्षीय नेता तथा कार्यकर्ताले आफ्नै नेतृत्वले गरेको सहमति मान्न बाध्य नभएको बताए। सोही पार्टीका महासचिव रामबहादुर थापा 'बादल'ले विराटनगर विमानस्थलमा पत्रकारसँग कुराकानी गर्दै जग्गा फिर्ता लिन आउनेलाई लखेट्ने धम्की दिए। माओवादीका बर्दिया इन्चार्ज हिमालले नेपाली काङ्ग्रेसका नेता पूर्व सांसद् विनयध्वज चन्द र उनका भाइ विनोदध्वज चन्दसहितको ४५ विगाहा जग्गा फिर्ता गरेको घोषणा गरे पनि वैद्यपक्षले फेरि कब्जा गरेको भन्दै फिर्ता गरिएको भनिएको जग्गामा ४३ वटा झण्डा गाड्यो। प्रहरीले केही झण्डा झिके पनि एमाओवादीको भातृ सङ्गठन थारूवान राज्य समिति सदस्य द्रव्य शाहले जग्गा फिर्ताको कुरा मान्य नहुने बताए।

५.४ अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिमा नेपालको प्रतिवद्धता

यस वर्ष भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, "आतङ्कवादमा लगानी गर्ने कार्य नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय महासन्धि (International Convention for the Suppression of the Financing of Terrorism, 1999), "बहुराष्ट्रिय सङ्गठित अपराध विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (United Nations Convention Against Transnational Organized Crime),अनुमोदन गऱ्यो भने जातीय भेदभाव तथा छुवाछूत (कसुर सजाय) विधेयक, २०६८ पारित गऱ्यो। तर विगत १० वर्षदेखि विभिन्न सरोकारवालाहरूको अथक प्रयासको बावजुद अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको नेपाल पक्ष राष्ट्र हुन सकेन। विस्तृत शान्ति सम्झौताले संयुक्त राष्ट्र सङ्घ मानवअधिकार उच्चायुक्तको नेपाल कार्यालयलाई सम्झौताको अनुगमन गर्ने जिम्मेवारी दिएको भए पनि सरकारले संयुक्त राष्ट्र सङ्घीय संयन्त्रको म्याद नथप्ने निर्णय गऱ्यो।

तालिका ८

तराईका जिल्लामा अपहरित सङ्ख्या

जिल्ला	जम्मा
झापा	३
मोरङ	३
सुनसरी	३
सप्तरी	१७
सिराहा	१०
धनुषा	९
महोत्तरी	१६
सर्लाही	१
रौतहट	५
बारा	१
पर्सा	१
चितवन	४
नवलपरासी	६
कपिलवस्तु	३
बाँके	३
बर्दिया	३
कैलाली	४
जम्मा	**८७**

५.५ विश्वव्यापी आवधिक समीक्षा र नेपाल

मानवअधिकार परिषद्को १० औं आवधिक समीक्षा सत्रमा ०६७ माघ ११ गते नेपालको विश्वव्यापी आवधिक समीक्षा सम्पन्न भयो। उपप्रधानमन्त्रीको नेतृत्वमा गएको प्रमण्डलले नेपालको प्रस्तुति गरेको थियो। प्रस्तुतिपछि ५३ देशका प्रतिनिधिले नेपालको मानवअधिकार अवस्थाका बारेमा विभिन्न जिज्ञासाहरू राखेका थिए। नेपालको प्रतिवेदनमा १ सय ३५ सिफारिस गरिए जसमा नेपालले ५५ भन्दा बढी स्वीकार गऱ्यो भने १५ ओटालाई अस्वीकार गऱ्यो। सिफारिसहरू अस्वीकृत भएकोमा दु:खमनाउ गर्दै ओएचसीएचआरले एक विज्ञप्ति पनि जारी गऱ्यो। अस्वीकृत सिफारिसहरूमा केही महत्वपूर्ण महासन्धि अनुमोदन गर्ने तथा तराईमा गैरन्यायिक हत्या भइरहेको भन्ने दाबीको अनुसन्धानसम्बन्धी ओएचसीएचआरको प्रतिवेदनको सम्बन्धमा थियो।

नेपालको सो प्रतिवेदन अनुमोदन हुने समयमा छलफलका क्रममा असार १४ गते प्रधानमन्त्री तथा मन्त्रिमण्डलको कार्यालयका प्रमुख सचिव माधवप्रसाद घिमिरेले धेरैजसो सिफारिस स्वीकार्य रहेको र ती

सिफारिसहरूलाई नीतिगतरूपमा कार्यान्वयनमा ल्याउने तयारी भइरहेको बताए। उनले सोही समयमा नेपालको मुख्य लक्ष्य दिगो शान्ति र न्यायपूर्ण समाज निर्माण गर्ने तथा सबै द्वन्द्व रूपान्तरणमा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता गराउनुका साथै महिला र बालिकाको अधिकारको रक्षा गर्दै शान्ति निर्माण प्रक्रिया सफल बनाउने रहेको बताएका थिए।

युपीआरले नेपाललाई संयुक्त राष्ट्रसङ्घका अन्य सदस्यसँग मानवअधिकारसम्बन्धी आफ्ना उद्देश्य तथा चुनौतीहरूबारे छलफल गर्ने अवसर प्रदान गऱ्यो। संयुक्त राष्ट्रसङ्घले जातीय विभेदको उन्मूलन गर्ने, लैङ्गिक हिंसाको समाधान गर्ने, मानवअधिकार उल्लङ्घनमा जवाफदेहिता सुनिश्चित गर्ने तथा राष्ट्रिय मानवअधिकार संस्थाहरूको सुदृढीकरणलगायत नेपालमा मानवअधिकारको संरक्षण तथा सम्वर्धनका विभिन्न पक्षहरू सम्बन्धमा सिफारिस गऱ्यो। तर, नेपालले यातनासम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, बलात् बेपत्ताविरूद्धको महासन्धि तथा शरणार्थीहरूको अवस्थासम्बन्धी महासन्धिको भविष्यमा अनुमोदन हुने सम्भावनाका विषयका भने कुनै उत्तर दिएन।

६. विरोधाभासमा न्यायालय

यस वर्ष मानवअधिकारको संरक्षण, सम्मान गर्न र मुलुकमा दण्डहीनताको अन्त्य गरी कानुनी शासनको स्थापनाका लागि न्यायपालिकाबाट निकै प्रशंसनीय पहलहरू भएको पाइयो। नागरिकता, दण्डहीनता अन्त्यका सम्बन्धमा, राज्यका निकायमा समावेशी सम्बन्धमा, छुवाछूत सम्बन्धमा, जेष्ठ नागरिकका अधिकार, शिक्षा, स्वास्थ्य र रोजगारका अधिकार सम्बन्धमा, द्वन्द्वका क्रममा भएका घटनाको निष्पक्ष छानबिन गर्ने सम्बन्धमा र मतदाता नामावली आदि विषयका सम्बन्धमा सर्वोच्च अदालतबाट उल्लेखनीय निर्णय तथा आदेशहरू जारी भए।

सर्वोच्च अदालतले संविधानसभाको म्याद बारम्बार म्याद थप नगर्न, उप्रान्त एकपटक मात्र म्याद थप गर्न आदेश दियो। अदालतले राजनीतिक हस्तक्षेप गरेको भनी सरकार र संसद्बाट उक्त निर्णय आलोचित भयो। अदालतले न्यायिक हस्तक्षेप गरेको भनी राजनीतिक दलहरूबाट तीब्र आलोचना गर्ने आधार तयार भयो। सरकार र संसद्ले अदालतको निर्णयको पुनरावलोकनका लागि निवेदन दर्ता गराउने प्रयास असफल भएपछि न्यायालय, सरकार र संसद्बीच राजनीतिक तनाव सिर्जना भएको स्पष्ट देखियो।

अघिल्ला वर्षहरू झैं यस वर्ष पनि न्यायिक क्षेत्रमा राज्यका अन्य प्रमुख दुई अङ्ग कार्यपालिका र व्यवस्थापिकाको प्रत्यक्ष तथा अप्रत्यक्ष हस्तक्षेप भएको पाइयो। अदालतबाट भएका आदेशहरू विशेषगरी सशस्त्र द्वन्द्वका समयमा भएका मानवअधिकार उल्लङ्घनका मुद्दाका सम्बन्धमा अदालतले गरेको निर्णय कार्यान्वयन नगरी घटनालाई राजनीतिक आवरण दिँदै राष्ट्राध्यक्षसमक्ष माफीका लागि सिफारिस गर्ने निर्णय सरकारले गऱ्यो। संविधान निर्माणप्रक्रियामा संविधानसभामार्फत बन्ने नयाँ संविधानमा संवैधानिक विवादको सुनुवाइ गर्नका लागि संवैधानिक अदालतको अवधारणा अगाडि सारेर राजनीतिक दलहरूबीचको सहमतिले सर्वोच्च न्यायिक निकायको क्षेत्राधिकारमा हस्तक्षेप गर्न खोजेको देखियो।

सशस्त्र द्वन्द्वका समयमा भएका घटनाका सम्बन्धमा विभिन्न तहका अदालतबाट फरकफरक प्रकारका निर्णय आउनाले, सत्य निरूपण तथा मेलमिलाप आयोग र अदालतहरूको अधिकारक्षेत्र सम्बन्धमा सबै तहका अदालतको एउटै अडान नहुनाले पीडितहरूलाई अन्यौलमा पाऱ्यो। स्पष्ट निर्णय दिएर आफू मातहतका अदालतहरूलाई मार्गनिर्देशन गर्नुको साटो सर्वोच्च अदालत स्वयम्ले पनि त्यस्ता निर्णय गरेकाले टिका टिप्पणी भयो।

७. अकर्मण्य व्यवस्थापिका

व्यवस्थापिका-संसद्ले यस वर्ष आफ्नो कार्यसञ्चालन नियमावली संशोधन गरी प्रधानमन्त्री पदको सार्थक निर्वाचन सम्पन्न गरायो। गत वर्ष यही संसद् १६ पटकसम्म प्रधानमन्त्रीको निर्वाचन सम्पन्न गराउन असफल रहेको थियो। सदन अवरोध र सरकार गठन प्रक्रियाले व्यवस्थापिका-संसद्को कामलाई

तालिका ९ **सन् २०११ मा अपहरण**



प्रभावित गर्दा जनताको बोली सदनमा मुखरित हुन पाएन।

सन् २०११ मा संविधानसभाको कार्यकाल तीन पटक थपियो। व्यवस्थापिका-संसद्को समेत दायित्व बोकेको संविधानसभाको म्याद बारम्बार थपिए पनि साना दलहरूमात्र होइन, ठूला दलहरू पनि संसद्को बैठक अवरूद्ध गर्न पछि परेनन्। यसरी संसद् अवरूद्ध हुँदा महत्वपूर्ण विधेयक पारित हुन सकेनन्। दोस्रो पटक तीन महिनाको कार्यकाल थप्दा राजनीतिक दलहरूले तीन महिनामा शान्तिप्रक्रियाका मूलभूत काम सम्पन्न गर्ने, संविधानको मस्यौदा तयार गर्ने, राष्ट्रिय सहमतिको सरकार गठन गर्नेलगायतका सहमति गरेका थिए। तर, ती सहमतिहरू यस वर्षको अन्त्यसम्म पनि कार्यान्यवन भएनन्। तेस्रोपटक म्याद थपिएपछि भने माओवादी लडाकुको पुनवर्गीकरण र राज्य पुनर्संरचना आयोगको गठन भयो। चौथो पटकको म्याद थप्नुअघि सर्वोच्च अदालतले अन्तिम पटक छ महिनाभन्दा बढी संविधानसभाको म्याद नथप्न आदेश दिएको थियो।

विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा परिकल्पित सत्य निरूपण तथा मेलमिलाप र बेपत्तासम्बन्धी आयोग गठनसम्बन्धी विधेयकहरू राजनीतिक दलहरूबीचकै असहमतिका कारण यस वर्ष पनि संसद्बाट पारित भएनन्। संसद्ले यस वर्ष तीनओटा महासन्धिहरू अनुमोदन गऱ्यो भने जातीय भेदभाव तथा छुवाछुत (कसुर सजाय) विधेयक, २०६८ पारित गऱ्यो।

व्यवस्थापिका-संसद्का विभिन्न समितिहरू विगतझैं विभिन्न क्षेत्रमा भएका अनियमितता र जनचासोका विषयलाई सम्बोधन गर्न सक्रिय रहे। संसदीय समितिहरूले विभिन्न घटनाहरूको छानबिन गरी आवश्यक कदम चाल्न सरकारी निकायहरूलाई निर्देशन दिए र अन्य घटनाहरूमा प्रतिवेदनमार्फत सुझावहरू दिए।

सार्वजनिक महत्वका विषयमा सरकारको ध्यानाकर्षण गराउन महत्वपूर्ण संसद्को शून्य समय र विशेष समय पनि यस वर्ष प्रभावकारी भएनन्। सभासद्हरूकै अवरोधका कारण सभामुखले यी समयहरूलाई बैठकको कार्यसूचीबाट हटाए। आफ्ना मर्यादाहीन आचरणका कारण केही सभासदहरू यस वर्ष पनि आलोचित भए। भ्रष्टाचार र आपराधिक गतिविधिमा समेत सभासद्हरू संलग्न भएका कारण जनतामा संसद्प्रति नै नकारात्मक सन्देश पुग्यो।

गत वर्ष प्रधानमन्त्रीको अन्त्यहीन निर्वाचनलाई निरन्तरता दिएर आलोचित भएका सभामुख सुवास नेम्वाङले यस वर्ष राजनीतिक गतिरोध, शान्तिप्रक्रिया र संविधान निर्माण प्रक्रियालाई अगाडि बढाउन प्रमुख दलहरूका शीर्ष नेताहरूबीच नियमित छलफल गरे। सभासद्हरूले समसामयिक विषयमा उठाएका प्रश्नहरूमा उनले सरकारको ध्यानाकर्षण गराए। मन्त्रिपरिषद्मा महिला सहभागिता, भूकम्पबाट भएको क्षति र राहतलगायतका विषयमा सरकारले गरेका प्रयासबारे संसद् बैठकमा जानकारी गराउन पनि उनले रूलिङ गरेका थिए।

तालिका १०

पीडकका आधारमा कुटपिट सङ्ख्या

पीडक	जम्मा
राज्यबाट	९४
अनेरास्ववियु	१
अनेरास्ववियु (क्रान्तिकारी)	११
क्षेत्री समाज	६
नेकपा (एमाले)	१३
जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी	१
किराँत जनवादी वकर्स पार्टी	३
मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्	१५
एमाओवादी	१३०
नेकपा माओवादी (मातृका)	१
नेपाली काङग्रेस	१३
राप्रपा	४
सङ्घीय लिम्बूवान राज्यपरिषद्	३
तरुण दल	७
वाइसीएल	१३
युवासङ्घ नेपाल	११
अन्य	१३०
अज्ञात	३३
जम्मा	**४५७**

८. ल्याण्डमाइन मुक्त राष्ट्रको घोषणा

सन् २०११ देखि नेपाल ल्याण्डमाइनमुक्त राष्ट्र घोषित भएको छ। एसियामै यसरी ल्याण्डमाइन मुक्त हुने नेपाल चीनपछि दोस्रो राष्ट्र हो। प्रधानमन्त्री

झलनाथ खनाल र संयुक्त राष्ट्रसङ्घका रोबर्ट पाइपरले एक औपचारिक समारोहमा ललितपुरको फूलचोकीमा माइन क्षेत्रको अन्तिम माइन ०६८ जेठ ३१ संयुक्तरूपमा विस्फोट गराएपछि नेपाल ल्याण्डमाइन मुक्त राष्ट्र बन्यो। यो अन्तिम माइन नेपाली सेनाको फूलचोकीको सञ्चार टावरको सुरक्षार्थ बिच्छ्याइएको अन्तिम तथा २ सय ५७ औँ माइन थियो। नेपाली सेनाले द्वन्द्वमा विभिन्न जिल्लामा गरी ५३ स्थानमा माइन बिच्छ्याएको थियो।

सन् २०११ म अञ्जानवश सक्रिय गराइएका विस्फोटक पदार्थ विस्फोट हुँदा जम्मा २२ ओटा घटनामा २३ जना व्यक्तिहरू घाइते भए भने १० जनाको मृत्यु भएको थियो। सशस्त्र द्वन्द्व विधिवत अन्त्य भएको पाँच वर्ष बितिसकेको अवस्थामा यो भयावह सङ्केत हो। यद्यपि अञ्जानमा हुने विस्फोटनका घटनामा केही कमी आए पनि यसको भय कायमै छ। यस समस्यालाई निराकरण गर्ने प्रमुख दायित्व भनेको राज्यको नै हो।

एक दशक लामो युद्धको अवशेषको रूपमा रहेका विगतको द्वन्द्वका क्रममा बिच्छ्याइएका 'ल्यान्ड-माइन' हटाइएको भए तापनि सोही समयदेखि बेवारिसे अवस्थामा फालिएका विस्फोटक पदार्थ र विभिन्न सशस्त्र समूहले उत्पादन गरी प्रयोग गरेका या विभिन्न कारणले बेवारिसे अवस्थामा पुगेका विस्फोटक पदार्थबाट हुन सक्ने हताहतको खतरा विद्यमान छ।

९. जनताप्रति गैरजिम्मेवार सरकारहरू

सन् २०११ मा सरकारले मानवअधिकारसँग प्रत्यक्ष र अप्रत्यक्ष सरोकार राख्ने केही विषयमा कदम चाल्यो भने केही सरकारी निर्णय मुलुकमा लोकतन्त्र रहेको आभाष नै प्रभावित हुने प्रकारका पनि भए। अवसरवञ्चित समुदायहरूका लागि केही राम्रा नीति आए भने कतिपय लामो समयदेखि प्रतीक्षा गरिएका निर्णयहरू पनि हुन सकेनन्। यस वर्ष नेपाली जनताले कामचलाउ सरकारसहित तीनओटा सरकारको शासन देखे पनि सरकारी नीति तथा व्यवहारमा खासै भिन्नता भने महसुस गर्न पाएनन्। देशमा सुरक्षाको स्थितिमा सुधार अनुभव भएन। विस्तृत शान्ति सम्झौता भएको छ वर्ष लाग्दा यस वर्षको अन्त्यतिर शान्तिप्रक्रियाका अप्ठ्यारा बिन्दूहरू लडाकु र हतियारको व्यवस्थापनमा केही प्रगति भएको देखियो तर, टुङ्गोमा भने पुग्न सकेन।

अघिल्लो वर्ष गठन भएको माधव नेपाल नेतृत्वको सरकारले राजीनामा दिएको सात महिनासम्म देशले नयाँ कार्यकारी पाउन सकेन। राजनीतिक सहमति, संविधान निर्माण र द्वन्द्वबाट छिया-छिया भएको राष्ट्रको पुनर्निर्माणमा खर्चिनुपर्ने समय प्रधानमन्त्रीको चुनाव गर्नमै खेर गयो। राष्ट्रमा २ सय १७ दिनसम्म सरकारविहीनताको स्थितिमा रह्यो। अन्ततः एकीकृत माओवादीसँग झलनाथ खनालले सात बुँदे सहमति गरेपछि उसको समर्थनमा खनालको नेतृत्वमा सरकार गठन हुनसक्यो। खनाल सरकारले आफ्नो कार्यकालमा शान्तिप्रक्रियाका लागि खासै ठोस कदम चाल्न सकेन। सात महिनामा खनाल सरकारले राजीनामा गरेपछि एकीकृत माओवादीका उपाध्यक्ष बाबुराम भट्टराईको नेतृत्वमा मधेसी मोर्चासँग चार बुँदे सहमतिपछि संयुक्त सरकार गठन भयो।

शान्ति, विकास र मानवअधिकार कामचलाउ सरकारका साथै चुनिएका दुवै सरकारका प्रतिबद्धता रहेका थिए। हतियार कन्टेनरको साँचो हस्तान्तरण, लडाकुको पुनवर्गीकरणका साथै केही नीतिगत कार्यका कारण सरकारको कार्य केही सकारात्मक रहे पनि राजनीतिक अस्थिरता, सत्ताको लागि दिइएको प्राथमिकता, लम्बिँदो शान्तिप्रक्रिया र भ्रष्टाचारले भने जनतालाई निराश नै पार्‍यो। पछिल्ला प्रधानमन्त्री आफ्नो सरकार जोगाउनमै व्यस्त भए भने इतिहासकै ठूलो मन्त्रिमण्डल बनाई नेपाली जनतालाई भार बोकाउने कार्यमात्रै गरे। उनकै कारण नेपालको न्यायपालिकाको शक्ति र स्वतन्त्रतामा नै प्रश्नचिह्न उठ्यो। दण्डहीनताको पराकाष्ठाका रूपमा सर्वोच्चले नै दोषी ठहर गरिसकेका व्यक्तिलाई माफी दिन सिफारिस भयो। पीडितलाई दिइएको अन्तरिम राहतको रकम बढाएर नै सरकारले सङ्क्रमणकालीन न्यायका लागि आफ्नो दायित्व पूरा गरेको ठान्यो। महिला तथा बालबालिकाको सुरक्षा र अधिकारका लागि केही नीति निर्माण भए पनि तिनको प्रभावकारी कार्यान्वयनप्रति

तालिका ११ **सन् २०११ मा हत्या सङ्ख्या**



निश्चिन्त हुने अवस्था रहेन। मधेशमा केही हदसम्म शान्ति भए पनि मधेशको समस्या पूर्ण रूपले समाधान भएको छैन। विवादास्पद नेताहरूलाई कानुनको परिधिबाट उन्मुक्ति प्राप्त भइरह्यो।

शान्तिप्रक्रिया आशानुरूप अघि बढ्न नसकिरहेको अवस्थामा साझा राष्ट्रिय सरकारको गठन भएमा धेरै राजनीतिक संयन्त्रहरू एकै दिशातर्फ उन्मुख हुने थिए। वास्तवमा अन्तरिम संविधानको परिकल्पनामा पनि राजनीतिक दलहरू मिलेर नै अगाडि बढ्ने भन्ने रहेको थियो। कुनै अमूक दल या दलहरूको मात्रै सरकार हुँदा कुनै निर्णय गर्न असहज हुने, सरकारबाहिरका दललाई आफूलाई उपेक्षा गरेको महसुस भई या जनतामाझ आफ्नो उपस्थिति जनाउन पनि सरकारको विरोध हुने गर्छ। सामान्यत: समयमा नियमित कामकारबाही गर्न यस्तो परिस्थितिमा सरकारलाई कुनै अप्ठ्यारो त हुँदैन राजनीतिक दलहरूले बुझ्नुपर्छ कि यो सामान्य समय होइन। सरकारका विभिन्न कदमले देशमा न्याय र विधिको शासनको उपस्थितिमा नै प्रश्न उठायो छ। दण्डहीनताले आक्रान्त मुलुकमा सङ्क्रमणकालीन न्यायका संयन्त्र स्थापना हुन नसक्दा पीडितहरू पुन: पीडित भइरहेका छन्। सरकारले आपराधिक मुद्दालाई पनि राजनीतिक भएको तर्क दिँदै मुद्दा फिर्ता गर्दै जाने हो भने विधेयकमा रहेका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिनसम्बन्धी आयोगको स्थापनाको कुनै अर्थ हुने छैन। साथै, द्वन्द्वकालीन मुद्दालाई सत्य निरूपण तथा मेलमिलाप आयोगबाटै सुल्झाउने निर्णयले पनि कुनै तुक राख्दैन। सर्वोच्चले पनि यस्ता मुद्दालाई प्रचलित कानुन अन्तर्गत नै कारबाही अघि बढाउन कुनै रोक छैन भनेको अवस्थामा सरकारको यस्तो निर्णयले न्यायपालिकाको अवहेलना मात्रै हुनेछ।

यस वर्ष सरकारले केही राम्रा नीतिहरू सार्वजनिक त गऱ्यो तर, यिनको कार्यान्वयनमा शङ्का मान्नुपर्ने ठाउँहरू प्रशस्त रहे। बारम्बारको बन्द हडतालले सर्वसाधारणको अधिकार हनन गरेको भन्दै यातायात, पेट्रोलियम पदार्थको ढुवानी, पैठारी, भण्डारण, वितरण, स्वास्थ्य सेवा, फोहरमैला सङ्कलन, ढुवानी, प्रशोधन, बिसर्जन, स्थलनिर्माण, पूर्वाधार निर्माण र सङ्कलन स्थललगायत १६ क्षेत्रमा हड्ताल गर्न बन्देज लगाउने निर्णय गरे पनि न विद्यालय बन्द हुन रोकिए न यातायात नै, न त सरकारले यस विषयमा बन्द हुनुभन्दा पहिले नै हस्तक्षेप गऱ्यो। महिलाअधिकार, बालअधिकार, दलितअधिकार, अपाङ्गका अधिकारहरू व्यवहारमा स्थापित गर्न प्रशस्त ध्यान दिनुपर्ने अवस्था देखिए।

तालिका १२ **सन् २०११ मा महिला विरुद्धको हिंसा**



१०. निष्कर्ष र सुझाव

अन्तिमपटकका लागि थप गरिएको संविधानसभाको म्याद थप गर्ने सर्वोच्च अदालतको पछिल्लो आदेश कायम रहेमा जेठ १४ गते संविधानसभाको म्याद सकिनेछ। बाँकी रहेका पाँच महिनामा संविधान बनेमा नयाँ बन्ने संविधानले नै देशको भविष्यको मार्ग निश्चित गर्नेछ। तर, कथमकदाचित् यो अवधिमा संविधान नबने त्यसपछि को विकल्पका बारेमा अझै स्पष्ट हुन सकेको छैन। सर्वोच्च अदालतको आदेशका बारे जेजस्तो टीकाटिप्पणी भएको भए पनि सभासद्हरूलाई यसले विचलित तुल्याएको छ। राजनीतिक तहमा संसद्भित्र केही सभासद्ले फैसला विरूद्ध तीखो टिप्पणी मात्र गरेनन् अदालतले आफ्नो कार्यक्षेत्र भुलेको आरोपसमेत लगाए।

सात बुँदे सहमतिमा उल्लेख गरिएका सेना समायोजनलगायतका कार्यहरू यो वर्षको अन्त्यसम्म शुरू भएनन्। सम्झौतामा उल्लेख भएका यतिका दिनसम्म पनि विभिन्न आयोगहरू गठन हुने सुरसारसम्म छैन। सत्य निरूपण तथा मेलमिलाप आयोगका लागि प्रस्तावित विधेयकमा विगतमा भएका अपराधमा संलग्नलाई मेलमिलापका नाममा माफी दिने प्रवधान राखिएको भनी चर्चा भयो। बेपत्ता छानविन आयोग गठनमा भएको ढिलाइलाई हेर्ने हो भने नेपालका राजनीतिक दलहरू बेपत्ता पारिएका मानिसहरूको अवस्था पत्ता लगाउन उदासिन छन् भन्ने अनुमान लगाउन सकिन्छ। सशस्त्र द्वन्द्वकालमा कब्जा गरिएका घर जग्गा फिर्ता गर्ने एमाओवादी प्रतिवद्धता आफ्नै पार्टीका कार्यकर्ताको असहयोगका कारण सफल हुन सकेन।

राजनीतिक अस्थिरता, सत्ताको लागि दिइएको प्राथमिकता, लम्बिँदो शान्तिप्रक्रिया र भ्रष्टाचारले भने जनतालाई निराश नै पार्‍यो। पछिल्ला प्रधानमन्त्री आफ्नो सरकार जोगाउनमै व्यस्त भए भने इतिहासकै ठूलो मन्त्रिमण्डल बनाई नेपाली जनतालाई भार बोकाउने कार्यमात्रै गरे। उनकै कारण नेपालको न्यायपालिकाको शक्ति र स्वतन्त्रतामा नै प्रश्नचिह्न उठ्यो। दण्डहीनताको पराकाष्ठाका रूपमा सर्वोच्चले नै दोषी ठहर गरिसकेका व्यक्तिलाई माफी दिन सिफारिस भयो। पीडितलाई दिइएको अन्तरिम राहतको रकम बढाएर नै सरकारले सङ्क्रमणकालीन न्यायका लागि आफ्नो दायित्व पूरा गरेको ठान्यो। महिला तथा बालबालिकाको सुरक्षा र अधिकारका लागि केही नीति निर्माण भए पनि तिनको प्रभावकारी कार्यान्वयनप्रति निश्चिन्त हुने अवस्था रहेन। मधेशमा केही हदसम्म शान्ति भए पनि मधेशको समस्या पूर्णरूपले समाधान भएको छैन। विवादास्पद नेताहरूलाई कानुनको परिधिबाट उन्मुक्ति प्राप्त भइरह्यो।

सातबुँदे सहमतिमा उल्लेख गरिएका सेना समायोजनलगायतका कार्यहरू यो वर्षको अन्त्यसम्म शुरू भएनन्। सम्झौतामा र अन्तरिम संविधानमा उल्लेख भएका सङ्क्रमणकालीन न्यायका लागि अपरिहार्य आयोगहरू गठन हुने सुरसारसम्म छैन। सत्य निरूपण तथा मेलमिलाप आयोगका लागि प्रस्तावित विधेयकमा विगतमा भएका अपराधमा संलग्नलाई मेलमिलापका नाममा माफी दिने प्रवाधान राखिएको भनी चर्चा भयो। बेपत्ता छानविन आयोग गठनमा भएको ढिलाइलाई हेर्ने हो भने नेपालका राजनीतिक दलहरूलाई वेपत्ता पारिएका व्यक्तिहरूको अवस्था पत्ता लगाउन कुनै चासो छैन भन्न सकिन्छ। सशस्त्र द्वन्द्वकालमा कब्जा गरिएका घर-जग्गा फिर्ता गर्ने एकीकृत माओवादीको प्रतिवद्धता उसकै पार्टीका कार्यकर्ताको असहयोगका कारण सफल हुन सकेन।

सत्ता र सत्ताको खेलमा नेपाली शान्तिप्रक्रिया अल्झिने हो भने जति सम्झौता गरे पनि यसले नेपाली जनताको शान्ति र संविधानको चाहनालाई पूरा गर्ने विश्वास दिलाउन सक्दैन। नयाँ संविधानले नै शान्तिप्रक्रियालाई निष्कर्षमा पुर्‍याउँछ भन्ने सोचाइ नेपालका राजनीतिक दलहरूले नराख्ने हो भने जति पटक म्याद थपे पनि संविधान बन्छ भन्ने कुरामा नेपाली जनता विश्वस्त हुन सक्दैनन्। अन्तरिम संविधानको भरमा मुलुक लामो समयसम्म चल्न सक्दैन। शान्तिप्रक्रियामा देखिएका चुनौतीलाई अवसरमा बदल्न नेपालका राजनीतिक दल तथा नेता सफल भएमात्रै संविधान निर्माण हुन सक्छ ।

सुझाव

- दण्डहीनताको स्थितिले राष्ट्रमा केही कार्य नियमसङ्गत नहुने र अपराधले न्यायलाई छायाँमा पारेजस्तो अराजकताको स्थिति सिर्जना भएको छ। सुरक्षा स्थिति सुधार गर्ने क्षमता सम्बन्धित निकायमा रहेकाले यस परिस्थितिमा सरकारले नयाँ-नयाँ योजना बनाउने र अपराधको राजनीतिकरणभन्दा सुरक्षाकर्मीको मनोबल बढाउने र उनीहरूलाई स्रोतसाधनले सम्पन्न बनाउने।

- अदालतले जतिसुकै मानवअधिकारमैत्री आदेश दिए पनि कार्यान्वयन गराउने निकाय सरकार नै हो। कागजमा न्याय प्राप्त हुने र अन्यायपूर्ण स्थिति चाहिँ नहट्ने हो भने पीडितलाई अझै पीडित बनाउने, न्यायपालिका र राज्यका अङ्गमा अविश्वास पैदा हुनेछ जुन, एक विकास र शान्तिप्रिय राज्यका लागि हितकारी हुनेछैन। यसर्थ अदालतको सम्मान गर्दै यसका आदेशहरू पालना गर्ने।
- पुनःस्थापित संसद्ले निर्देशनात्मक आदेश दिएको पाँच वर्ष बितिसक्दा पनि सरकारले रोमविधान अनुमोदन गर्नेतर्फ खासै कदम चालेको छैन। रोमविधान अनुमोदनले राष्ट्रको अन्तर्राष्ट्रिय छवि सकारात्मक हुने मात्र होइन, भविष्यका मानवअधिकार उल्लङ्घनकर्तालाई चेतावनी पनि हुने हुनाले रोमविधान अनुमोदन शीघ्र गर्नुपर्ने।
- सरकारले राष्ट्रिय मानवअधिकार आयोगले ०६६ साउन २० गतेपछि गरेको सिफारिसअनुरूप पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउने। हाल आयोगका २८ प्रतिशत सिफारिस मात्रै पूर्ण कार्यान्वयनमा भएका छन्। कुनै समय सीमा नतोकी राष्ट्रिय मानवअधिकार आयोगका सबै नै सिफारिस कार्यान्वयन हुनुपर्ने।
- संविधान निर्माणको मूल कार्यभारलाई पूरा गर्न राजनीतिक दलहरूका बीचमा रहेका असहमतिलाई कम गर्नुपर्छ। दलीय स्वार्थ भन्दा माथि शान्ति र संविधानलाई राख्नुपर्छ।
- विभिन्न समयमा गरिएका सहमतिको इमान्दारीपूर्वक कार्यान्वयन आजको आवश्यकता हो। विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका विभिन्न आयोगहरू गठनमा ढिलाइ गर्नुहुँदैन।
- महिला हिंसा विरुद्धका अपराध रोकथाम गर्न आवश्यक फौजदारी कानुन संशोधन गर्ने।
- पारिवारिक अदालत गठन गर्ने।

विजयराज गौतम
कार्यकारी निर्देशक

परिच्छेद

२

यस वर्षको उल्लेख्य

सत्तालिप्सामा विलुप्त शान्ति र संविधान

घटनाक्रम

(०६७ पुस १७ गतेदेखि ०६८ पुस १७ गतेसम्म)

पुस १९ गते

नेपाल सरकारद्वारा संयुक्त अनुगमन समन्वय समिति (जेएमसीसी) लाई एक पत्र लेखी माओवादीका हतियार र गोली गठ्ठासहितको कन्टेनर, लडाकुको परिचयपत्र र हतियार बारकोड रिड गर्ने सफ्टवेयर, हतियार तथा सेनाबारेको अध्यावधिक विवरण माग।

पुस २० गते

एकीकृत माओवादीद्वारा अनमिनलाई पत्र लेखी कन्टेनर र हतियार दिए शान्ति प्रक्रिया भङ्ग हुने भन्दै अनुगमनमा रहेका कन्टेनर र हतियार सरकारलाई नबुझाउन आग्रह।

पुस २१ गते

प्रधानमन्त्री माधवकुमार नेपाल र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच अनमिनको बहिर्गमनको विषयलाई लिएर भेटवर्ता, लडाकुको रेखदेख विशेष सिमितिमार्फत गर्नको लागि प्रधानमन्त्रीको अध्यक्ष दहालसँग आग्रह।

पुस २२ गते

सुरक्षा परिषद्मा अनमिन प्रमुख करिन लनग्रेनद्वारा माओवादी जनविद्रोह, राष्ट्रपति शासन वा सैन्य कु को त्रास रहेको प्रतिवेदन पेश।

लडाकु अनुगमनको लागि छुट्टै संयन्त्र बनाउन माओवादी र एमाले तयार।

पुस २७ गते

प्रमुख तीन दल माओवादी र नेपाली सेनाका कन्टेनरमा रहेका हतियार अनुगमन गर्न संयन्त्र बनाउन सहमत।

पुस २९ गते

राष्ट्रिय मानवअधिकार आयोगका सबै सिफारिसको १० दिनभित्र लगत तयार पार्न र त्यसपछि शीघ्र कार्यान्वयन गर्न गृहमान्त्रालय तथा सम्बन्धित निकायलाई प्रधानमन्त्री माधवकुमार नेपालद्वारा निर्देशन।

माघ ५ गते

संविधान निर्माणका क्रममा देखिएका विवादित विषयमा सहमित खोज्न संवैधानिका समितिलाई सक्रिय बनाउने २८ दलीय संयन्त्रको सहमति।

माघ १० गते

सरकारको मातहतमा आएका लडाकुको समायोजन र पुन:स्थापना मोडेलबारे राजनीतिक तहमा सहमति हुनुपर्ने विशेष समिति बैठकमा माओवादी भनाइ।

माघ १७ गते

६ महिना पछि संवैधानिक समितिको बैठक।

माघ १९ गते

वाईसीएलको आक्रमणपछि डरले जङ्गल पसेका महेन्द्रज्योति उच्च माविका १४ विद्यार्थीको १८ घण्टापछि नारेश्वर-९ स्थित घलाङ जङ्गलबाट प्रहरीद्वारा उद्दार।

माघ २३ गते

नवनिर्वाचित प्रधानमन्त्री झलनाथ खनालद्वारा पद तथा गोपनीयताको सपथ ग्रहण।

फागुन १० गते

माओवादी अध्यक्ष पुष्पकलम दाहाल र एमाले अध्यक्ष झलनाथ खनालबीच भएको गोप्य सात बुँदे सहमति एमाले केन्द्रीय समितिद्वारा अनुमोदन।

फागुन १९ गते

शान्ति प्रक्रिया टुङ्ग्याई, संविधान निर्माणमा लाग्नुपर्ने काङ्ग्रेस केन्द्रीय समितिको निर्णय।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाद्वारा जनविद्रोहमा जाने निर्णय।

फागुन २६ गते

केन्द्रीय कारागारमा खोटाचलन मुद्दा खेपिरहेका युनुस अन्सारीलाई भारतीय नागरिक जसजित सिंहद्वारा गोली प्रहार।

फागुन ३० गते

संवैधानिक अदालत राख्न संविधानसभाले गरेको सहमतिप्रति प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठद्वारा आपत्ति, संवैधानिक आदलत भए लोकतन्त्र कमजोर हुने भनाइ।

संविधानसभा संवैधानिक समितिअन्तर्गत गठित विवाद समाधान उपसमितिको कार्यवधि समाप्त, ७५ विवाद समाधान गर्ने जिम्मेवारी पाएको समितिद्वारा ४५ विवादमा सहमति कायम।

चैत १ गते

जनताको सुरक्षा गर्ने भन्दै एमाओवादीद्वारा

वाईसीएल जस्तै जनस्वयम्सेवक परिचालन ब्यूरो गठन, ब्यूरोको जिम्मेवारी स्थायी समिति सदस्य नेत्रविक्रम चन्दलाई, ब्यूरो बनाउने निर्णय माओवादी केन्द्रीय समितिले माघको पहिलो साता गरेको थियो।

चैत २ गते

निर्वाचन आयोगद्वारा फोटोसहितिको मतदाता नामावली सङ्कलन चैत १६ गतेदेखि देशव्यापी बनाउने निर्णय।

शान्ति तथा पुननिर्माणमन्त्री वर्षमान पुनद्वारा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुन:स्थापना एवं पुन:एकीकरणरको लागि राष्ट्रिय कार्ययोजना सार्वजनिक।

चैत १५ गते

विवाद समाधान उपसमितिको कार्यवधि समाप्त, माओवादीद्वारा आफ्नै नेतृत्वमा रहको उपसमितिलाई निरन्तरता दिन अस्वीकार।

चैत २१ गते

प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठद्वारा नयाँ प्रधानन्यायाधीशको नियुक्तिको लागि संवैधानिक परिषद्को बैठक बोलाउन प्रधानमन्त्रीलाई अनुरोध।

वैशाख १६ गते

माओवादी केन्द्रीय समिति बैठकबाट अध्यक्ष पुष्पकमल दाहालको जनविद्रोहमा नजाने प्रतिवदेन पारित।

वैशाख १९ गते

माओवादी र एमालेबीच १४ जेठभित्र संविधानको मस्यौदा सार्वजनिक गरी संविधानसभाको म्याद थप्ने सहमति।

एमालेद्वारा शान्ति प्रक्रिया पूरा हुने आधारसहित चक्रीय प्रणालीमार्फत माओवादीलाई पहिलो नेतृत्व दिन सक्ने गरी चक्रीय प्रणालीमा संयुक्त सरकार निर्माणको लागि प्रस्ताव।

माओवादी लडाकु रेखदेख, समायोज र पुन:स्थापनसम्बन्धी विशेष समितिको बैठकद्वारा लडाकु वर्गीकरण गर्न विज्ञहरू सम्मिलित १ सय २० जनाको जनशक्ति नियुक्त गर्ने निर्णय।

वैशाख २९ गते

सरकारद्वारा संविधानसभाको म्याद एक वर्ष थप्न संसद्मा विद्येयक दर्ता।

वैशाख ३१ गते

माओवादीद्वारा सेना, माओवादी लडाकु, सशस्त्र प्रहरी र नेपाल प्रहरी गरी २० हजारको छुट्टै मिश्रित फोर्स बनाउन काङ्ग्रेस र एमालेसँग प्रस्ताव।

जेठ १ गते

संविधानसभाको म्याद थप्नु नहुने संयुक्त मधेशी लोकतान्त्रिक मधेशी मोर्चाको भनाइ।

संविधानसभाको म्याद थपको लागि पहल गर्न प्रधानमन्त्री झलनाथ खनालद्वारा साना दलहरूसँग छलफल।

जेठ २ गते

राष्ट्रपति शासनको सम्भावना नरहेको राष्ट्रपति रामवरण यादवको भनाइ।

माओवादी उपाध्यक्ष डा. बाबुराम भट्टराईलाई आफ्नै कार्यकर्ता हयात होटलस्थित क्यासिनो ताराका बाउन्सर तथा माओवादी होटल मजदुर इकाई समिति सदस्य जनक बर्तौलाद्वारा चार पाँच दिनभित्र सिध्याउनुपर्छ भनी पार्टी कार्यालय पेरिसडाँडामा धम्की।

जेठ ५ गते

नेपाली सेनाले आफ्नो मातहतमा छुट्टै महानिर्देशनालय हुने गरी लडाकु समायोजन गर्न अघि सारेको प्रस्ताव उपयुक्त भएको माओवादी स्थायी समितिको ठहर।

राज्य पुनर्संरचना गर्दा सात ओटा प्रदेश बनाउनुपर्ने नेपाली काङ्ग्रेसको प्रस्ताव।

जेठ ९ गते

संविधानसभा र शान्ति प्रक्रियाबारे राष्ट्रसङ्घीय महासचिव वानकी मुनद्वारा प्रधानमन्त्री झलनाथ खनाललाई फोन गरी चासो प्रकट।

जेठ ११ गते

संविधानसभाको म्याद थप्ने विषयमा तीन दलबीच भएको वार्ता बिना निष्कर्ष सम्पन्न।

सरकारद्वारा विद्यालयलाई शान्ति क्षेत्र घोषणा।

जेठ १३ गते

बन्द हड्ताल गरी मानअधिकार हनन् गर्नेलाई भिसा नदिने अमेरिकी दूतावासको निर्णय।

रगतसँग साटिएका हतियार बुझाइन्न भन्ने माओवादी अध्यक्ष पुष्पकमल दाहालको भनाइ।

लडाकु समायोजन र हतियार व्यवस्थापनको

टुङ्गो लागेमात्र संविधानसभाको म्याद थप्न सकिने संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको भनाइ।

जेठ १४ गते

संविधानसभाको म्याद तीन महिनाको लागि थप।

संविधानसभाको म्याद थप्ने विषयमा तीन दलबीच पाँच बुँदे सहमति, संयुक्त मधेशी मोर्चाको विरोध।

जेठ १८ गते

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयको म्याद ६ महिना थप्न मन्त्रिपरिषद्मा प्रस्ताव।

जेठ १९ गते

एमालेद्वारा साताभित्र शान्ति प्रक्रिया पूरा हुने आधारसहित चक्रीय प्रणालीमार्फत माओवादीलाई पहिलो नेतृत्व दिन सक्ने गरी राष्ट्रिय संयुक्त सरकार निर्माणको प्रस्ताव।

जेठ २० गते

कालीदल बाहिनीबाट खटिएको सेनाले २०६१ वैशाख १७ गते बाँके कोहलपुरका युवराज गिरीलाई गिरफ्तार गरेको सम्बन्धमा परेको निवेदनमा जेनेभास्थित मानवअधिकार समितिद्वारा पूर्व प्रधानसेनापति रूक्माङ्गत कटवाल मानवअधिकार उल्लंघनका दोषी ठहर गर्दै १ सय ८० दिन भित्र घटनाको छानविन गर्न सरकारलाई आग्रह।

जेठ २१ गते

राजनीतिक सहमति नबनी राजिनामा नदिन प्रधानमन्त्री झलनाथ खनाललाई माओवादीको सुझाव।

जेठ २२ गते

एमाओवादी नेताको सुरक्षार्थ खटिएका ४८ जना माओवादी लडाकु शिविर फिर्ता।

असार १२ गते

प्रमुख तीन दलका शीर्ष नेताबीच शान्ति प्रक्रिया र संविधान निर्माणका विषयमा छलफल।

असार १३ गते

प्रमुख तीन दलबीच जेठ १४ मा भएको पाँचबुंदे सहमितको अनुगमन गर्न सभामुख सुवासचन्द्र नेम्वाङको संयोजकत्वमा १७ सदस्यीय अनुगमन समिति गठन।

असार १६ गते

जति नै सुधार गरेपनि सैनिक कानुन नागरिक कानुनसरह हुन नसक्ने नेपाली सेनाको भनाइ।

साउन १६ गते

२८ गतेभित्र शान्ति प्रक्रियाको मूलभूत काम सक्ने गरी विश्वासको वातावरण तयार नभए राजीनामा दिने प्रधानमन्त्री झलनाथ खनालको भनाइ।

साउन १८ गते

राष्ट्रपति डा. रामवरण यादवद्वारा प्रमुख तीन दलका शीर्ष नेतालाई मिलेर अघि बढ्न सुझाव।

साउन २९ गते

प्रधानमन्त्री झलनाथ खनालद्वारा राजीनामा

भदौ १२ गते

संविधानसभाको म्याद ३ महिना थप्ने निर्णय

प्रधानमन्त्री बाबुराम भट्टराईद्वारा पद तथा गोपनीयतको सपथ

भदौ १५ गते

माओवादी लडाकुका पाँचओटा शिविरमा रहेका हतियारका कन्टेनरको साँचो विशेष समितिलाई हस्तान्तरण।

भदौ २७ गते

माओवादी नेता तथा कार्यकर्तामाथि युद्धको बेला लागेका मुद्दा फिर्ता हुने महान्यायाधिवक्ता मुक्ति प्रधानको भनाइ।

कात्तिक १६ गते

शान्ति प्रक्रिया र संविधानबारे प्रमुख दलहरूबीच भएको सातबुँदे सहमतिप्रति माओवादी उपाध्यक्ष मोहन वैद्य पक्षको औपचारिक विरोध।

कात्तिक २२ गते

जन्मकैदको फैसला भएका माओवादी सभासद बालकृष्ण ढुङ्गेललाई आममाफीको लागि राष्ट्रपतिसमक्ष प्रधानमन्त्रीद्वारा सिफारिस।

कात्तिक २४ गते

ओएचसीएचआर नेपालले आममाफी र हत्याका आरोपीलाई मन्त्री नियुक्ति गरिएको प्रति चिन्ता प्रकट गर्दै दण्डहीनतालाई प्रश्रय नदिन प्रधानमन्त्रीलाई आग्रह।

कार्तिक २९ गते

माओवादी उपाध्याक्ष मोहन वैद्य र महासचिव रामबहादुर थापाद्वारा लडाकुलाई समायोजना प्रक्रिया भाग नलिन अपिल।

मङ्सिर १ गते

संविधानसभाको म्याद ६ महिना थप्न प्रमुख तीनदलको बैठकमा प्रधानमन्त्रीको प्रस्ताव।

मङ्सिर ३ गते

माओवादी लडाकुको पुन: वर्गीकरण शुरू।

मङ्सिर ४ गते

माओवादी अध्यक्ष पुष्पकमल दाहालद्वारा द्वन्द्वकालमा कब्जा गरिएका घरजग्गा फिर्ता गर्न आफ्ना कार्यकर्तालाई निर्देशन।

मङ्सिर ६ गते

प्रमुख राजनीतिक दलहरूद्वारा नौ सदस्यीय राज्य पुनर्संरचना आयोग बनाउने निर्णय।

मङ्सिर १२ गते

संविधानसभाको म्याद ६ महिना थप्न प्रमुखदलहरू सहमत।

मङ्सिर १३ गते

संविधानसभाको कार्यकाल पुन: ६ महिना थप

संविधान निर्माणको काम छिट्टै सम्पन्न गर्न संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासहित तीन प्रमुख दलबीच ६ बुँदे सहमति।

मङ्सिर २० गते

१४ जेठ २०६९ भित्र नयाँ संविधान जारी गर्ने गरी छ महिने कार्यतालिका पारित।

राज्य पुनसंरचना आयोगको संयोजकमा डा. मदन परियार नियुक्त।

मङ्सिर २१ गते

संसद्को राज्यव्यवस्था समितिका सभापति रामनाथ ढकालमाथि काठमाडौंको पुतलीसडकमा आक्रमण।

मङ्सिर २२ गते

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको म्याद नथप्ने सरकारको निर्णय।

पुस ११ गते

संविधानसभाको कार्यकाल ६ महिनाभन्दा बढी थप्न नपाइने भनी सर्वोच्चले गरेको फैसलाविरूद्ध सरकारको तर्फबाट महान्यायाधीवक्ता मुक्ति प्रधान र संविधानसभाका तर्फबाट सुवासचन्द्र नेम्वाङद्वारा सर्वोच्चमा निवेदन दर्ता।

पुस १२ गते

सर्वोच्च अदालतले संविधानसभाको म्याद थपसम्बन्धी आदेश पुनरावओलकनका लागि सरकार र संसद्ले गरेको आग्रह अस्वीकार गर्दै निवेदन दरपीठ।

१ पृष्ठभूमि

बृहत् शान्ति सम्झौता भएको पाँच वर्ष पूरा भइसके पनि नेपालको शान्तिप्रक्रिया टुङ्गोमा पुग्नुको साटो नयाँ नयाँ विवाद र भुमरीमा परेको अनुभूति नेपाली जनताले गर्न थालेका छन्। शान्ति प्रक्रियासँग सम्बन्धित महत्वपूर्ण पाटाहरू यस वर्ष पनि जस्ताको तस्तै रहे। शान्तिप्रक्रियालाई नै प्रमुख कार्यसूची बनाएर यसबीच गठन भएका सरकार र ती सरकारहरूको गठन सँगसँगै हुने गरेका विभिन्न सम्झौता र सहमतिका बुँदा गन्ने हो भने ५ सयभन्दा बढी नाघिसकेका छन्। सहमति गर्नु र ती सहमतिको पालना नगर्नु, पुनः अर्को सहमति गर्नु त्यसलाई पनि पालना नगर्नु राजनीतिक दलहरूका प्रमुख चरित्रको रूपमा विकसित हुँदै गएको पाइयो।

बृहत् शान्ति सम्झौता र अन्तरिम संविधानको भावना अनुकूल जसरी सहमतीय सरकार गठन भएर शान्तिप्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउँदै लोकतन्त्रलाई सुदृढ गर्दै जानुपर्ने थियो त्यस मार्गमा दलहरू लाग्न सकेनन्। अघिल्लो वर्ष राजीनामा दिएर पनि सात महिनासम्म कामचलाउको रूपमा रहेको माधव नेपाल नेतृत्वको सरकारले शान्तिप्रक्रियालाई गति दिन प्रयास गरेको भएपनि त्यसले पूर्णता प्राप्त गर्न सकेन। त्यसपछि उनकै दलका अध्यक्ष झलनाथ खनाल नेतृत्वको सरकार पनि शान्ति प्रक्रियामा खासै योगदान नगरी विघटन भयो भने डा.बाबुराम भट्टराईको सरकारले पनि यस वर्षको अन्त्यसम्म सहमतीय स्वरूप ग्रहण गर्न सकेन।

खनाल सरकार होस् वा भट्टराईको सरकार दुवैको अवस्थामा खासै भिन्नता देखिएन। पछिल्लो सरकारले आरम्भका दिनमा शान्तिप्रक्रियासँग सम्बन्धित केही महत्वपूर्ण कार्य आरम्भ गऱ्यो। तर, सरकारले गरेका निर्णय सत्तारूढ दलकै घटकले अस्वीकार गर्ने, अदालतबाट लागू गर्न निषेधात्मक आदेश जारी हुने, सरकारले निर्णय गर्नासाथ त्यसलाई उल्टाउनुपर्ने अवस्था सृजना हुँदै गयो। यसका साथै सरकारका घटकहरूसमेत त्यस्ता निर्णयहरूविरूद्ध सार्वजनिक अभिव्यक्ति दिँदै जान थाले। यी सबै कारणहरू शान्तिप्रक्रियाका बाधकतत्त्व हुन्। फलतः०६९ जेठ १४ गतेसम्म संविधान निर्माण कार्य असम्भव प्रतीत हुन थालेको देखियो।

यसबाहेक प्रमुख दलहरूको आन्तरिक विवाद पनि शान्तिप्रक्रियाका अवरोधका रूपमा देखिए। सरकार गठनपूर्व झलनाथ खनालले जसरी एकीकृत माओवादीसँग सम्झौता गरेका थिए, त्यसैगरी डा. बाबुराम भट्टराईले मधेशवादी दलसँग चारबुँदे सम्झौता गरे। खनाल र भट्टराई दुवैजना आ-आफ्नै पार्टीका नेताबाट आलोचित हुनु पऱ्यो। खनालले एकीकृत माओवादीसँग आलोपालो सरकारको नेतृत्व गर्ने सम्झौता गरेका थिए। उनको पालोमा एकीकृत माओवादी सरकारमा सामेल भयो तर, एकीकृत माओवादीको पालोमा एमाले सहभागी भएन। संविधानसभाको दोश्रो ठूलो दल नेपाली काङ्ग्रेस दुवै सरकारमा सामेल भएन भने मधेशवादी दलका घटकहरू प्रायः सबै सरकारमा संलग्न रहँदै आए।

सत्ता समीकरणका लागि एमाले र काङ्ग्रेसको साथ नपाएको एमाओवादीले मधेशी मोर्चासँग चारबुँदे सहमति गऱ्यो। सहमतिसँगै यो वर्षको मध्यतिर देशले डा.बाबुराम भट्टराईलाई दोस्रो प्रधानमन्त्रीका रूपमा पायो। मधेशी मोर्चासँग गरिएको चारबुँदे सहमतिमा उल्लेखित धेरैजसो विषयहरू राष्ट्रघाती भएको ठहर एमाले र काङ्ग्रेसले मात्रै होइन एमाओवादीपक्षबाट पनि भयो। यस्तो विरोध गर्ने एकीकृत माओवादी नेताहरू सरकारमा सामेल भएनन्। भट्टराई सरकारप्रति नेपाली जनताको आशा त्यतिबेला निराशामा परिणत भयो जुनबेला सरकारले नेपालको इतिहासमा सबैभन्दा ठूलो (जम्बो) सरकार गठन गऱ्यो, अनि सर्वोच्च अदालतद्वारा सर्वस्वसहित कारावासको सजाय पाएका सभासद् बालकृष्ण ढुङ्गेलको सजाय माफीका लागि राष्ट्रपतिसमक्ष सिफारिश पठाउने निर्णय गऱ्यो।

भट्टराई सरकारकै पालामा माओवादी लडाकुहरूको वर्गीकरणको काम सम्पन्न भए पनि यो वर्षको अन्त्यसम्म सम्पन्न गरिसक्ने भनिएको लडाकु समायोजन, पुनर्स्थापना र स्वेच्छिक अवकाशका काम पूरा भएनन्।

दोस्रो शान्ति सम्झौता भनिएको राजनीतिक दलहरूबीचको समझदारी र सो समझदारीमा उल्लेख गरिएका विभिन्न विषयहरूमध्ये माओवादीद्वारा कब्जा गरिएका घरजग्गा फिर्ता गर्ने विषयले माओवादी पार्टीलाई नै अप्ठ्यारो अवस्थामा पुऱ्यायो। एमाओवादीका अध्यक्ष प्रचण्ड आफैँ बर्दिया, बाँके, कैलालीलगायतका जिल्लामा गई कब्जा गरिएका घरजग्गा फिर्ता गर्ने कार्यको सुरूवात गरेको भए पनि भोलिपल्टै उनकै पार्टीका कार्यकर्ताले पत्रकार सम्मेलन गरी पार्टीले गरेको सहमति आफूहरूलाई मान्य नभएको सार्वजनिक गरेका थिए।

दुई वर्षको अवधि रहेको संविधानसभाको म्याद पटकपटक थपिरहेका दलहरूका कदमप्रति सर्वोच्च अदालतले रोक लगाएपछि राजनीतिक दल र सर्वोच्च अदालतकाबीच अधिकारक्षेत्रका सम्बन्धमा आरोप प्रत्यारोपहरू भए। यो वर्षको अन्त्यतिर सर्वोच्च अदालतले संविधानसभाको म्याद थपका बारेमा गरेको फैसलाले नेपालको राजनीतिमा तरङ्ग पैदा गऱ्यो। यसपटक थप गरिएको म्याद अन्तिम हुने र सो अवधिमा संविधान जारी गर्न नसके संविधानसभाको म्याद स्वत: सकिने वा जनमत सङ्ग्रह गर्नुपर्ने भन्ने फैसलाको धेरैजसोले स्वागत गरे भने राजनीतिक दलहरूको मिश्रित प्रतिक्रिया आयो। सर्वोच्च अदालतको फैसला पुनरावलोकनको माग गर्दै सभामुख र राजनीतिक दलहरूले दिएको निवेदन सर्वोच्चले दरपीठ गरिदियो।

संविधान निर्माण मुख्य कार्यसूची भए पनि राजनीतिक दलहरूबीचको आन्तरिक विवाद छताछुल्ल भयो। एकीकृत नेकपा माओवादीमा जनविद्रोहकी शान्ति र संविधान भन्ने विषयले वर्षभरि नै विवाद भइरह्यो। नेपाली काङ्ग्रेसमा वरिष्ठता र प्रधानमन्त्री पदका लागि भएको हानाथापका विषयले वर्षभरि नै चर्चा पाइरह्यो। यसका केन्द्रीय समितिका बैठकहरू नियमित हुन सकेनन् भने वरिष्ठ नेता शेरबहादुर देउवाले केन्द्रीय सदस्य पदबाटै राजीनामा दिए। भलै, पार्टी सभापतिले उनको राजीनामा स्वीकृत गरेनन्। नेकपा एमालेले यो वर्षको आधाभन्दा बढी समय र अघिल्लो वर्ष पनि सत्ताको बागडोर सम्हाले पनि पार्टीभित्रको विवाद सरकार गठन र विघटनका प्रक्रियासम्म पुग्यो। देशको राजनीतिको चौथो शक्तिको रूपमा रहेका मधेशवादी दलहरू टुटफुटको राजनीतिमा अल्झिए। सत्ता समीकरणको प्रयास हुनासाथ यी दलहरुमध्ये कुनै न विभाजित भइहाल्ने चरित्र यस वर्ष पनि दृष्टिगोचर भयो।

विवाद समाधान उपसमितिले संविधानसभामा रहेका धेरैजसो विवादको समाधान गरी संवैधानिक समितिमा पठाइसकेको भए पनि वर्षको अन्त्यतिर राज्यको शासकीय स्वरूप र निर्वाचन प्रणालीबारे कुरा नमिल्दा समग्र संविधान निर्माणको काम ओझेलमा पऱ्यो। यो विवादको समाधानमा दलहरू अग्रसर हुन नसक्दा अन्तिम पटक थपिएको संविधानसभाको म्याद गुज्रिने कि भन्ने आशङ्का बढ्दै गयो।

संविधानसभाका तीन ठूला दल एमाओवादी, नेपाली काङ्ग्रेस, एमाले र चौथो शक्तिको रूपमा स्थापित मधेशवादी दलहरूको स्वार्थमा रहेको भिन्नता र ती स्वार्थ पूर्तिका लागि सत्ताको उपभोग गर्ने संस्कृति नै शान्तिप्रक्रियको प्रमुख बाधकको रूपमा स्थापित हुँदै गयो। माथि उल्लेख गरिएका मूल विषयहरू नै यो वर्षको बीचमा नेपाली राजनीति, शान्तिप्रक्रिया र संविधान निर्माणका अन्तरवस्तुहरू थिए। यस आलेखमा यिनै विषयहरूको सविस्तार चर्चा गरिएको छ।

२ माओवादी लडाकुका विषयमा विसङ्गति

यो वर्षको अन्त्यतिर तीन ठूला राजनीतिक दल तथा संयुक्त मधेशी मोर्चाबीच सम्पन्न भएको सहमतिले शिविरमा रहेका माओवादी लडाकुको वर्गीकरणका लागि बाटो खुलायो। सात बुँदे सहमतिको दफा १ (ख) मा "समायोजनमा सामेल हुने माओवादी सेनाका लडाकुहरूको सङ्ख्या बढीमा ६ हजार ५ सयसम्म हुनेछ। समायोजन नेपाली सेनाअन्तर्गत महानिर्देशनालयमा हुनेछ। त्यसमा सुरक्षा निकायबाट ६५ प्रतिशत र माओवादी सेनाका लडाकुहरूबाट ३५ प्रतिशतको सङ्ख्या रहनेछ। महानिर्देशनालयको कार्य विकास-निर्माण, वन सुरक्षा, औद्योगिक सुरक्षा र विपत व्यवस्थापन हुने" उल्लेख छ। यसैगरी सहमतिको दफा १ (घ) मा "समायोजनमा सामेल हुने लडाकुहरूको दर्जा निर्धारण सुरक्षा निकायको मापदण्डअनुसार हुने" भनेर उल्लेख गरिएको छ। त्यस्तै दफा १ (ङ) मा सुरक्षा अङ्गमा समावेश हुने लडाकुलाई "ब्रिजिङ" कोर्स र तालिम सम्बन्धित सुरक्षा निकायले दिनेछ"।

तर, आफैँले सही गरेका यी बुँदाहरू मान्न एमाओवादी तयार भएन। सुरक्षा निकायको मापदण्ड नभएर माओवादीको मागअनुसार तोकेको पदमा र तोकेको सङ्ख्यामा दर्जा निर्धारण हुनुपर्ने एमाओवादीले माग गऱ्यो भने उनीहरूले समायोजन रोजेका ९ हजार भन्दा बढी लडाकुको समायोजन नेपाली सेनामा हुनुपर्ने अर्को अडान लिए। जसका कारण सातबुँदे सहमतिपछि हुने आशा गरिएका समग्र प्रक्रिया नै ओझेलमा पर्ने हो कि भन्ने खतरा बढ्दै गयो। सहमतिअनुसार माओवादी लडाकुको वर्गीकरण त सकियो तर, यो वर्षको अन्त्यसम्म अस्थायी शिविर खाली गरिसक्ने पूर्वनिर्धारित सहमति कार्यान्वयन हुन सकेन।

२:१ माओवादी लडाकुको पुनर्स्थापना

वर्षको सुरूवातमा चितवनको शक्तिखोरमा आयोजित एक समारोहमा माओवादी लडाकु समायोजन विशेष समितिका अध्यक्ष प्रधानमन्त्री माधवकुमार

७ बुँदे सहमति पत्र

१. **माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनःस्थापना**

क) शिविरमा रहेका माओवादी सेनाका लडाकुहरूको विवरण अद्यावधिक गरिने छ।

ख) समायोजनमा सामेल हुने माओवादी सेनाका लडाकुहरूको सङ्ख्या बढीमा ६५०० (छ हजार पाँचसय) सम्म हुनेछ। समायोजन नेपाली सेनाअन्तर्गत महानिर्देशनालयमा हुनेछ। त्यसमा सुरक्षा निकायबाट ६५ प्रतिशत र माओवादी सेनाका लडाकुहरूबाट ३५ प्रतिशतको संख्या रहनेछ। महानिर्देशनालयको कार्य विकास-निर्माण, वन सुरक्षा, औद्योगिक सुरक्षा र विपत् व्यवस्थापन हुनेछ।

ग) समायोजनमा सामेल हुने माओवादी सेनाका लडाकुहरूले सम्बन्धित सुरक्षा निकायको मापदण्ड व्यक्तिगत आधारमा पूरा गर्नुपर्ने छ। तर उमेर, शिक्षा र वैवाहिक स्थितिको मापदण्डमा लचकता अपनाइने छ। माओवादी सेनाका लडाकुमा भर्ना हुँदाको मितिमा तोकिएको दर्जाका लागि शिक्षामा एक तहसम्म र उमेरमा तीन वर्षसम्मको बढी उमेरमा लचकता अपनाइने छ।

घ) समायोजनमा सामेल हुनेहरूको दर्जा निर्धारण सम्बन्धित सुरक्षा निकायको मापदण्ड अनुसार हुनेछ। सुरक्षा अङ्गमा अधिकृत र अन्य दर्जामा समायोजन गर्दा सुरक्षा निकायको प्रचलित व्यवस्था र हालका अधिकृत र अन्य दर्जाका व्यक्तिहरूको वृत्ति विकासमा नकारात्मक असर नपर्ने गरी दर्जा निर्धारण गरिनेछ। लडाकुहरूको समयावधि गणना अनमिनले प्रमाणिकरण गर्दा उल्लेख गरेको प्रवेश मितिको आधारमा गरिने छ।

ङ) सुरक्षा निकायको ब्रिजिङ कोर्स र तालिम पूरा गरेपछि लडाकुहरूले सुरक्षा निकायको तोकिएको तहको जिम्मेवारी पाउनेछन्। ब्रिजिङ कोर्ष र तालिम सम्बन्धित सुरक्षा निकायले दिनेछ।

च) समायोजनको प्रक्रिया शुरु भएपछि शिविरमा रहेका सबै हतियार स्वत: नेपाल सरकारको मातहतमा आउनेछन्।

२) **माओवादी सेनाका लडाकुहरूको पुनःस्थापना**

क) पुन:स्थापनामा सामेल लडाकुहरूका लागि शिक्षा, तालिम एवं व्यवसायिक अवसरहरूको प्याकेजको विकल्प उपलब्ध गराइने छ। सो प्याकेजको स्वरुप एवं समयावधि हेरी रु. ६ देखि ९ लाखसम्मको मूल्य हुनेछ।

ख) उक्त प्याकेजको सट्टा नगद रकम लिई स्वैच्छिक अवकाशमा जानेहरूका लागि विभिन्न तहको जिम्मेवारी हेरी सबभन्दा माथिल्लो तह तथा त्यसभन्दा तल तीन तह निर्धारण गरिने छ तथा सबभन्दा माथिल्लो तहका लडाकुहरूलाई रु. ८ लाख एवं त्यसपछिका तहमा रहेकाहरूलाई क्रमश: रु.७ लाख, रु.६ लाख र रु.५ लाख दिइने छ। सो रकम दुई आर्थिक वर्षमा दुई किस्तामा उपलब्ध गराईने छ। यससम्बन्धमा दुई दिनभित्र विशेष समितिको बैठकबाट विधिवत् निर्णय गरिनेछ।

३) **समूह विभाजन**

समायोजन र पुन:स्थापनामा सामेल हुनेहरूको सम्बन्धमा विशेष समितिको बैठकबाट प्रक्रियागत विषयमा सात दिनभित्र निर्णय गरी समूह विभाजनको काम प्रारम्भ हुनेछ। समूह विभाजनको काम २०६८ साल मङ्सिर ७ गते भित्र सम्पन्न गरिनेछ।

४) **सहमति बमोजिमका आयोगहरूको गठन**

क) विस्तृत शान्ति सम्झौता बमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोग तथा वेपत्ताहरूको छानबिन आयोगसम्बन्धी विधेयक मेलमिलापको भावना अनुरुप व्यवस्थापिका संसदबाट सहमतिको आधारमा पारित गरिनेछ। यी आयोगहरू सहमतिको आधारमा एक महिना भित्र गठन गरिनेछ।

ख) विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावना अनुसार द्वन्द्वकालका मुद्दाहरू हेरिनेछ।

५) **द्वन्द्व पीडितहरूलाई राहत-सहयोग**

सशस्त्र द्वन्द्वकालमा द्वन्द्वका कारण मारिएका व्यक्तिका परिवार, अपाङ्ग र अङ्गभङ्ग भएका व्यक्तिहरू, वेपत्ता व्यक्तिका परिवार, विस्थापित व्यक्ति र परिवार एवं सम्पति नष्ट भएका परिवारलाई न्यायोचित किसिमले विना भेदभाव राहत-सहयोग उपलब्ध गराइनेछ। विस्तृत शान्ति सम्झौता पश्चात् यसरी दिइने राहत-सहयोग कसैलाई भेदभाव नगरी समानताका आधारमा उपलब्ध गराइनेछ।

६) **विगतका सहमतिहरूको कार्यान्वयन र विश्वासको वातावरण सिर्जना गर्ने**

क) सशस्त्र द्वन्द्वको क्रममा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को कब्जामा रहेका निजी तथा सार्वजनिक घर, जग्गा सम्बन्धित व्यक्ति र संस्थालाई फिर्ता गरी भोगचलन गराउन एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले संस्थागत निर्णय गरी २०६८ साल मङ्सिर ७ गते भित्र सम्बन्धित व्यक्ति र संस्थालाई उपलब्ध गराइने छ। कब्जा भएको अवधिको जग्गाको आयस्ता बापत सम्बन्धित व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति दिइने छ।

ख) विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान, २०६३ र वैज्ञानिक भूमिसुधारको मर्म र भावना अनुसार किसानहरूको अधिकार सुरक्षित गरिनेछ।

ग) एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को योङ्ग कम्युनिष्ट लिग (वाईसीएल) को अर्ध-फौजी संरचना र गतिविधिको अन्त्य गरिने छ तथा त्यसको नियन्त्रणमा रहेका सबै निजी र सार्वजनिक एवं सरकारी भवन र जग्गा २०६८ साल मङ्सिर ७ गते भित्र खाली गरी सम्बन्धित संस्था र व्यक्तिलाई फिर्ता गरिनेछ।

घ) पहिलेको सहमतिबमोजिम यातायात व्यवस्था विभागमा अभिलेख राखिएका एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को प्रयोगमा रहेका गाडीहरू २०६८ साल मङ्सिर ७ गते भित्र नियम-कानून अनुसार नियमित गरिनेछ। नियमित नभएका गाडीहरू सरकारले जफत गर्नेछ। शिविरमा रहेका गाडीहरू नेपाल सरकारको मातहतमा आउनेछन्।

ङ) कब्जा घर जग्गा फिर्ता गर्ने सहमतिको कार्यान्वयन भए नभएको अनुगमन गर्ने तथा कार्यान्वयन नभएको भए कार्यान्वयन गराउने जिम्मेवारी स्थानीय प्रशासनको हुनेछ। यसमा राजनीतिक दलहरूले सहयोग गर्नुपर्नेछ।

७) **संविधान निर्माण र राष्ट्रिय सहमतिको सरकार**

क) शान्ति प्रक्रिया र संविधान निर्माणको कामलाई सार्थक निष्कर्षमा पुऱ्याउन राजनीतिक दलहरूका बीचको सम्वादलाई निरन्तरता दिइने छ। यसका लागि उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गरिनेछ।

ख) संविधान निर्माणको कार्यलाई तीव्रता दिइने छ। संविधानसभाबाट सहमतिको आधारमा अविलम्ब विज्ञहरूको टोली बनाई राज्यको पुनःसंरचनाबारे सुझाव लिइने छ र एक महिनाभित्र नयाँ संविधानको मस्यौदा निर्माणको काम आरम्भ गरिने छ।

ग) शान्ति र संविधान निर्माण प्रक्रिया उपर्युक्त किसिमले अगाडि बढ्ने क्रमसँगै राष्ट्रिय सहमतिको सरकार निर्माण प्रक्रिया अगाडि बढाइने छ।

पुष्पकमल दाहाल प्रचण्ड	**सुशील कोइराला**	**झलनाथ खनाल**	**विजयकुमार गच्छदार**
अध्यक्ष एनेकपा माओवादी	सभापति नेपाली काङ्ग्रेस	अध्यक्ष नेकपा (एमाले)	संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको तर्फबाट

मिति-०६८ कार्तिक १५ गते

नेपाललाई एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले अनमिनद्वारा प्रमाणित १९ हजारको हाराहारीमा रहेका लडाकुहरू विशेष समितिलाई हस्तान्तरण गरे। त्यही दिनदेखि अस्थायी शिविरमा रहेका माओवादी जनसेनाको झण्डा नेपालको राष्ट्रिय झण्डाले प्रतिस्थापन गऱ्यो। बृहत् शान्ति सम्झौतालगत्तै राष्ट्रिय सेना भएका माओवादी लडाकुहरू करिब ४ वर्षसम्म माओवादीकै नियन्त्रणमा थिए। "स्वामित्व हस्तान्तरण समारोहमा माओवादी अध्यक्ष प्रचण्डले अबदेखि पार्टीको सम्बन्ध लडाकुहरूसँग समाप्त भएको घोषणा गरे भने प्रधानमन्त्री माधवकुमार नेपालले सिङ्गो राष्ट्रको तर्फबाट सो कार्यको स्वागत गरे।'[१]

लडाकु हस्तान्तरणको घोषणासँगै एमाओवादीभित्र यस विषयमा विवाद आरम्भ भयो। डा. बाबुराम भट्टराईसमेतका केही नेताले हस्तान्तरण प्रक्रियाको विरोध गरे भने मोहन वैद्यले यो प्रक्रियाको समर्थन गरे। माओवादी लडाकुको स्वामित्व हस्तान्तरण गर्ने कार्यको विरोध गर्ने माओवादी उपाध्यक्ष डा. बाबुराम भट्टराई पक्ष हाल माओवादी लडाकुको वर्गीकरण, समायोजन, पुनर्स्थापना र स्वेच्छिक अवकाशको वकालत गऱ्यो भने हिजो हस्तान्तरण कार्यको कट्टर समर्थक मोहन वैद्यले हाल जारी रहेको समायोजन, पुनर्स्थापना र स्वेच्छिक अवकाश जस्ता कुराहरूको विरोध गरे। अध्यक्ष प्रचण्ड कहिले भट्टराईको त कहिले वैद्यको पक्षपोषणमा लागीरहे।

शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउन माओवादी लडाकुको पुनर्स्थापना सबैभन्दा महत्वपूर्ण विषय हो। अस्थायी शिविरमा रहेका माओवादी लडाकुहरूको व्यवस्थापन शान्ति सम्झौताको असाध्यै पेचिलो विषयका रूपमा यो वर्ष पनि कायम रह्यो। शान्ति सम्झौतापछि माओवादी लडाकुको समायोजन र पुनर्स्थापनाको प्रश्न विशेष रूपमा उठ्दै आए पनि उनीहरूको सही व्यवस्थापन गर्न नसकिएका कारण पनि शान्तिप्रक्रियाको एउटा अङ्ग अधुरै रहन गयो।

विस्तृत शान्ति सम्झौताको बुँदा नं. ४.४ मा 'माओवादी लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापना निम्ति मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने' उल्लेख भएअनुसार अघिल्लो वर्ष माओवादी सेना समायोजन विशेष समिति गठन भयो। विशेष समितिले यस विषयलाई अझ सजिलो बनाउन प्राविधिक समिति गठन गरेको थियो।

यस वर्षको अन्त्यतिर तीन प्रमुख दल र मधेशी मोर्चाकाबीचमा भएका सम्झौताअनुसार अस्थायी शिविरमा रहेका माओवादी लडाकुको वर्गीकरण सम्पन्न भयो। सम्झौतामा ६ हजार ५ सय माओवादी लडाकुलाई नेपाली सेनाको महानिर्देशनालयअन्तर्गत गठन गर्ने सहमति भएको थियो। १९ हजारको हाराहारीमा रहेका माओवादी लडाकुमध्ये आधाजति सङ्ख्याले समायोजन रोजे ८ हजार जतिले स्वेच्छिक अवकाश र बाँकीले पुनर्स्थापना रोजे। तीन ठूला दल र मधेशी मोर्चाबीच भएको सहमतिमा ६ हजार ५ सयलाई नेपाली सेनामा समायोजन गर्ने भनिए पनि समायोजन रोजेका करिब ३ हजार बढी लडाकुलाई कसरी व्यवस्थापन गर्ने भनी कतै उल्लेख नभएका कारण समायोजनको प्रक्रिया यो वर्षको अन्त्यसम्म ठप्प भयो।

गत वर्ष अनमिनको दर्तामा नपरेका ४ हजार ८ सय लडाकुको विदाइ गरिएको भए पनि उनीहरूलाई दिने भनिएको पुनर्स्थापना प्याकेज अव्यवस्थित भएको भनी धेरैजसो लडाकुले विरोध मात्र जनाएनन्, उनीहरू सडकमै उत्रिएर सम्मानजनक स्थानको मागसमेत गरे। गत वर्ष विदा गरिएका लडाकुहरूलाई २२ हजार रूपियाँ र एकजोर लुगामात्र दिइएको थियो। संयुक्त राष्ट्रसङ्घको उपस्थितिमा भएको बिदाइ प्रक्रियामा पुनर्स्थापना प्याकेजको घोषणा गरिएको भए पनि धेरैजसो लडाकुहरू त्यो प्याकेज लिन गएनन्, गएकाले पनि त्यो सेवाबाट वञ्चित हुनु परेको सुनेको र देखेको हुनाले वर्गीकरण प्रक्रियामा एकदमै कम लडाकुले मात्रै पुनर्स्थापना प्याकेज रोजे। माओवादी सेना समायोजन प्राविधिक समितिका संयोजक बालानन्द शर्माले पटकपटक परामर्श दिँदा पनि उनीहरू यो विकल्प रोज्न तयार नभएको बताए। बालानन्द शर्माकाअनुसार अघिल्लो वर्ष वहिर्गमनमा परेका अप्रमाणित लडाकुको अवस्था, समायोजन रोजेर तालिमका क्रममा नसके पनि बाँकी दुई विकल्प-स्वेच्छिक अवकाश र पुनर्स्थापना, सुरक्षित रहने लडाकुहरूको पहिलो रोजाइ समायोजन परेको छ।[२] राजनीतिक दलबीच भएको सातबुँदे सहमतिअनुसार सचिवालयले एकदेखि ४ वर्ष समयावधिको ६ देखि ९ लाख रुपियाँसम्मको पुनर्स्थापना

---

१. दाहाल, सरोज, समायोजनमार्फत् सहमतितर्फ, *हिमाल खबरपत्रिका,* १६-२९ माघ ०६७, पृ.१४

२. 'किन रोजिएन पुनर्स्थापना ?' *कान्तिपुर। ०६८ मङ्सिर ५: पृ. १*

प्याकेज बनाएको थियो। एक वर्षको प्याकेज रोज्नेले सम्बद्ध विषयको शिक्षा, तालिमबापतको अनुमानित खर्च र मासिक १० हजार रुपियाँका दरले, खान, बस्न लाग्ने खर्चबापत दिइने १ लाख २० हजार रुपियाँसमेत कटाएर बचेको रकम दिने उल्लेख छ। करिब १५ दिन लगाएर वर्गीकरण कार्य सकेको सेना समायोजन प्राविधिक समितिले दिएको जानकारीअनुसार ९ हजार ७ सय ५ जनाले समायोजन ७ हजार ३ सय ६५ जनाले स्वेच्छिक अवकाश र छ जनाले मात्र पुनर्स्थापना रोजे। वर्गीकरणको समयमा १७ हजार १ सय ७० जना उपस्थित थिए।

शान्तिप्रक्रिया टुङ्ग्याउने विषयमा तीन दल र मधेशी मोर्चाबीच कात्तिक १५ गते भएको महत्वपूर्ण सहमतिप्रति माओवादी वैद्यपक्षले गम्भीर असमति जनायो। उसको असहमति ६ हजार ५ सय माओवादी लडाकुको समायोजन र माओवादी लडाकु अस्थायी शिविरमा रहेका हतियारको कन्टेनरको साँचो सरकारलाई बुझाउने र माओवादीको कब्जामा रहेका घर जगगा फिर्ता गर्ने विषयमा थिए। माओवादीका नेता नेत्रविक्रम चन्द विप्लवले 'कात्तिक १५ को रात विसर्जनलाई बोकेर आएको अँध्यारो रात नै हो' भने। सो पक्षले सम्झौतालाई पार्टीको योजना र विचारको कुठाराघात भएको र प्रचण्ड र बाबुराम भट्टराईले जनयुद्धकालमा सहिद बेपत्ता र घाइते परिवारलाई देखाइएको सपना उल्टाएको आरोप लगायो। यसैगरी वैद्यपक्षले माओवादी लडाकुको वर्गीकरण सुरू हुनु अघिल्लो दिन विज्ञप्ति प्रकाशन गरी वर्गीकरण प्रक्रियामा समावेश नहुन सम्पूर्ण लडाकुलाई अनुरोध गऱ्यो। तर, माओवादी लडाकुका कमाण्डरहरूले पार्टीले गरेको निर्णय शिरोधार्य भएको भन्दै वैद्यपक्षको भनाइ नमान्न आफू मातहतका लडाकुलाई निर्देशन दिए।

समायोजनमा जान चाहना राखेका लडाकुको सङ्ख्या सहमतिभन्दा गरिएको सङ्ख्या भन्दा बढी भएकाले यो विषयमा राजनीतिक दलहरूको फरक मत बाहिर आए। प्रधानमन्त्री र एमाओवादी अध्यक्ष प्रचण्डले समायोजन रोजेका सबै लडाकुलाई सेनामा समायोजन गरिने भनी अभिव्यक्ति दिए पनि अन्य दलहरू यो विषयमा सहमत भएनन्। वर्षको अन्त्यतिर माओवादी लडाकु कमाण्डरहरूले सेनामा पाउने दर्ता र पदका विषयमा गम्भीर विवाद सिर्जना भयो। उनीहरूको माग उपरथी सरहको पद पाउनुपर्ने रहेको थियो। तर,

> आज मिति २०६८ जेठ १४ का दिन हामी देहायका राजनीतिक दलहरू निम्नलिखित सहमतिमा पुगेका छौं।
>
> १. तीन महिनाभित्र शान्ति प्रक्रियाका मुलभूत काम सम्पन्न गर्ने।
> २. तीन महिनाभित्र संविधानसभाबाट संविधानको पहिलो मस्यौदा तयार पार्ने।
> ३. नेपाली सेनालाई समावेशी बनाउनेलगायतका मधेशी मोर्चासँग विगतमा भएका सहमतिहरूको प्रभावकारी कार्यान्वयन गर्ने।
> ४. संविधानसभाको समयावधि तीन महिना थप गर्ने।
> ५. राष्ट्रिय सहमतिको संयुक्त सरकार गठनका लागि प्रधानमन्त्रीले राजीनामा गरी मार्ग प्रशस्त गर्ने।
>
> **पुष्पकमल दाहाल (प्रचण्ड)**
> अध्यक्ष
> एकीकृत माओवादी
>
> **सुशील कोइराला**
> सभापति नेपाली काङ्ग्रेस
>
> **झलनाथ खनाल**
> अध्यक्ष नेकपा एमाले

यस विषयमा यो वर्षको अन्त्यसम्म कुनै प्रगति नभएपछि सेना समायोजनको विषय झन् पेचिलो बन्दै गयो।

२.२ शिविर छोडेका माओवादी लडाकुको नाममा रकम माग

वर्गीकरणमा परेका माओवादी लडाकुको विदाइ प्रक्रिया थाल्ने सुरसार हुँदै गर्दा माओवादी लडाकुका अस्थायी शिविर कमाण्डरहरूले प्राविधिक मूल्याङ्कन समेत गराएर ५ करोडभन्दा बढी रकम माग गरेको सार्वजनिक भयो। अस्थायी शिविरमा बसेका लडाकुहरूको तलब भत्ता कटाएर माओवादी नेतृत्वले लिने गरेकोमा यो पटक शान्तिमन्त्री सत्या पहाडीले मन्त्रालयबाट सदर गराएर मङ्सिर अन्तिम साता अर्थ मन्त्रालयमा पठाएकी थिइन्। शिविर खाली गर्नुपर्ने सम्भावना बढ्दै गएपछि पनि सक्दो रकम असुल्न घर-टहरा मर्मतको बहाना बनाएको सरकारी अधिकारीले

बताए।[३]

माओवादी नेतृत्वले लडाकुको नाममा निकासा भएको भरणपोषण भत्ताको केही हिस्सादेखि लिएर शिविर छोडेका २ हजार ६ सय ७१ लडाकुको नाममा डेढ अर्ब रुपियाँ लिएको एमाओवादी नेतृत्वले त्यसको बारेमा अन्य पार्टी र संसदलाई मात्रै होइन, आफ्नै लडाकुलाई समेत स्पष्ट जवाफ दिन सकेन। माओवादी लडाकुको वर्गीकरणका समयमा अनुपस्थित रहेका २ हजार ६ सय ७१ लडाकुको नाममा माओवादी नेतृत्वले तलब र भत्ता बुझ्दै आएको थियो[४]। माओवादी नेतृत्वले गरेको गैरजिम्मेवार क्रियाकलापको पोल खुलेपछि संसदको सार्वजनिक लेखा समितिले शिविरमा लडाकुको सङ्ख्या र तिनको नाममा भएको खर्च विवरण पठाउन शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पत्राचार गऱ्यो। तर, शिविरका घर-टहरा मर्मतसम्भार बापत मागिएको रकमबारे अनविज्ञता प्रकट गर्दै शक्तिखोरस्थित तेस्रो डिभिजनका सहयाक कमाण्डर उदयबहादुर चलाउनेले भने शिविरि र लडाकुको रकमबारे बाहिर आइरहेको कुरामा प्रष्ट पार्न हामीले अध्यक्ष दाहाललाई भनेका छौं र उहाँले चित्तबुझ्दो हिसाब देखाउने प्रतिबद्धता जनाउनु भएको बताए।'[५]

माओवादी लडाकुका शिविरमा बाटोघाटो, घर-टहरा, खानेपानी, सोलार, बायोग्याँस र लडाकुको स्वास्थ्योपचारका लागि शान्ति कोषबाट विभिन्न मन्त्रालयबाट तथा विभागमार्फत खर्च भएको रकम जोड्दा ०६८ कात्तिकसम्ममा माओवादी लडाकु र शिविरको लागि १० अर्ब ९ करोड ७८ लाख ३१ हजार ९९ खर्च भइसकेको छ। लडाकुको नाममा खर्च भएको यो रकम सिङ्गो शान्ति तथा पुनर्निर्माण मन्त्रालयको चालु आर्थिक वर्षको बजेट ९ अर्ब रूपियाँभन्दा बढी हो। यो खर्चमध्ये ५ अरब रूपियाँ विभिन्न आठ मुलुकले संयुक्त रूपमा स्थापना गरेका शान्तिकोषबाट र बाँकी नेपाल सरकारको ढुकुटीबाट खर्च भएको थियो।[६]

३. सत्तासङ्घर्षमा लिप्त राजनीतिक दलहरू

यस वर्ष पनि सरकार गठन र विघटनका विषयमा नै दलहरूले अधिकांश समय खर्चिए। राष्ट्रिय सहमतिका लागि आफ्नै दलका वरिष्ठ नेता माधवकुमार नेपाल सरकारको विकल्प खोज्ने एमाले अध्यक्ष झलनाथ खनाल नेतृत्वको सरकार सात महिना पूरा नहुँदै पतन भयो। उनले गरेका सहमतिका प्रयासहरू नेपाली काङ्ग्रेसले अस्वीकार गरेपछि राष्ट्रिय सहमतिको सरकार बनाउने झलनाथ खनालको प्रयास पूर्णत: असफल भएको थियो। सत्ता समीकरणका लागि एमाओवादीसँग झलनाथ खनालले गरेका सहमति राष्ट्रिय सहमतिको सरकारको बाधक रहेको काङ्ग्रेसले जनायो। यो सहमतिको एमालेवृतबाटै व्यापक आलोचना भएको थियो। सरकार र सत्ताका लागि जस्तोसुकै सहमति र सम्झौतामा पुग्ने प्रवृत्ति नेपाली राजनीतिमा झनै बढ्दै गएको पाइयो। यो प्रवृतिबाट नेकपा एमालेका झलनाथ खनाल हुन् वा एनेकपा माओवादीका डा. बाबुराम भट्टराई कोही पनि अछूतो रहेको पाइएन। खनालले लोकतान्त्रिक मान्यता विपरीत आलोपालो सरकार चलाउने, माओवादीसँग दीर्घकालीन मोर्चाबन्दीलगायत सात बुँदेमा हस्ताक्षर गरेका थिए भने डा. बाबुराम भट्टराई र मधेशी मोर्चाबीच भएको सहमतिमा १० हजार मेधशीलाई नेपाली सेनामा सामूहिक भर्ना, समावेशी विधेयक, हतियारसम्बन्धी ऐन परिमार्जन, झुटा मुद्दा खारेजलगायतका बुँदा समाविष्ट थियो।

नेपालमा लोकतन्त्रका लागि पटकपटक आन्दोलन भए। वि.स. २००७ सालमा सुरू भएको यो प्रक्रिया २०६३ सालसम्म जारी रह्यो। यसबीचमा तीनपटक नेपाली जनता लोकतन्त्रका लागि भनेर सडकमा ओर्लिए र आन्दोलनको बलमा सडकका किनारामा रहेका राजनीतिक दललाई सत्ताको बागडोरमा सुम्पिए। सत्तामा रहँदा सबै ठीक, सत्ता बाहिर हुनेबित्तिकै सबै बेठीक देख्ने प्रवृति नेपाली राजनीतिज्ञहरूमा हावी भएको छ जसले नेपाली शान्तिप्रक्रियालाई सदैव अपठ्यारोमा पाऱ्यो। शान्ति र संविधानको मूल बाटोलाई छाडेर दलहरू सत्ताप्राप्ती कै प्रयासमा व्यस्त रहे। राजनीतिक दलबीच हुने हरेक सहमति र सम्झौतामा सरकार गठनको कुरा प्राथमिकतामा पर्ने गरेको छ चाहे त्यो जेठ १४ को

---

३. दाहाल रामजी, सरोज दाहाल। 'थप लुट'। *हिमाल खबरपत्रिका।* ०६८ वैशाख १५: पृ. १४
४. पूर्ववत्
५. पूर्ववत्
६. पूर्ववत्

होस् वा कात्तिक १५ गतेको होस्। सहमतिको अघिल्लो दिनसम्म सत्ता छाड्न तयार प्रधानमन्त्री भोलिपल्टै त्यसो भनिएको होइन यसो पो हो भन्न पछि पर्दैनन्। सत्ताकेन्द्रित राजनीतिले विस्तारै सिङ्गो समाजलाई समेत प्रदुषित बनाएको भान हुन थाल्यो।

३.१ सत्ता प्राप्तिका लागि मात्र सहमति

दलीय राजनीतिभन्दा माथि उठेर संविधान निर्माण कार्य सम्पन्न गरी चालु शान्तिप्रक्रियालाई सार्थकताका साथ टुङ्ग्याउनु नेपाली राजनीतिज्ञहरूलाई समयले सुम्पिएको ऐतिहासिक जिम्मेवारी हो। तर, राजनीतिज्ञहरूमा त्यो चेतनाले छोएको अनुभव गर्न सकिएन। सुशासन भन्दा सत्ता प्यारो ठान्नु र सत्ताका लागि जस्तासुकै अप्रिय सम्झौतामा ल्याप्चे हान्नु नेपाली राजनीतिमा देखिएको कमजोरी हो। राजनीति भनेको सत्ता, सरकार र शक्तिमात्र हैन जनहित, सामाजिक न्याय र लोककल्याणकारी राज्यको स्थापना पनि हो। तर, नेपाली राजनीतिज्ञहरूले यस मर्मलाई आत्मसात गर्न सकेको देखिएन।

अङ्कगणितीय आधारमा सरकारको आगमन र बहिर्गमनका अभ्यासहरू यो वर्ष अझ उत्कर्षमा रहे। सहमतीय सरकारको रट लगाउँदै आएका एकीकृत माओवादीका उपाध्यक्ष डा. बाबुराम भट्टराईले बहुमतीय सरकारको नेतृत्व नगर्ने आफ्नो पूर्व अडानविरूद्ध सरकार गठनमा बहुमत जुटाउनकै लागि मधेशी मोर्चासँग चारबुँदै सहमति गरे। सहमतिमा प्रधानमन्त्री बनेपछि आफूलाई कहिले एकलव्य र कहिले वृहस्पति भन्दै केही प्रचारबाजीका राम्रा उदाहरणहरू प्रस्तुत गरे पनि उनले सरकार टिकाउनका लागि विगतलाई उछिन्दै एकपछि अर्का गलत अभ्यासहरू जारी राखे। आफ्नो पार्टीबाहेक केवल मधेसवादी दलहरूको मात्र समीकरणमा बनेको डा. भट्टराई सरकारको सङ्ख्याको आधारमा इतिहासकै सर्वश्रेष्ठ बन्यो। यसअघि २२ दलको समीकरणीय सरकार समेत यति ठूलो आकारको थिएन। अर्कोतर्फ सम्भवत नेपाली राजनीतिको इतिहासमा भट्टराई नै एकमात्र त्यस्ता प्रधानमन्त्री बने जो प्रधानमन्त्री नियुक्त भए लगतै त्यसको विरोधमा आफ्नै पार्टी भित्रको एक खेमाले सडकमा टायर मात्र बालेन, विदेश भ्रमणबाट फर्कंदा विमानस्थलमा कालो झण्डाले स्वागत गर्न पुग्यो। सरकार निर्माणका लागि मधेसवादी दलहरूसँग गरेको चारबुँदे सम्झौता आफ्नै पार्टीका कार्यकर्ताहरूले जलाए।

३:१:१ एमाले र एमाओवादीबीच भएको सातबुँदे सहमति

माधवकुमार नेपालको सरकारले राजीनामा दिएको सात महिनासम्म नयाँ सरकारका लागि नेपाली जनताले कुर्नुपऱ्यो। शान्ति र संविधानका लागि राष्ट्रिय सहमतिको सरकारको आवश्यकताका बारेमा नेपाली राजनीतिक दलका बीचमा मतैक्य भए पनि कसको नेतृत्वमा सरकार गठन गर्ने भन्ने विषयले यो वर्ष प्राथमिकता पायो। राष्ट्रिय सहमतिको लगातार वकालत गर्दा नथाक्ने एमाले अध्यक्ष झलनाथ खनाल आफ्नै पार्टीका वरिष्ठ नेता माधवकुमार नेपालको सरकारप्रति सकारात्मक थिएनन्। सरकार गठनअघि एमाओवादी र नेकपा एमालेका अध्यक्ष झलनाथ खनालबीच भएको सातबुँदे गोप्य सहमतिको नेपाली काङ्ग्रेस मधेशी दलहरू तथा प्रधानमन्त्रीको दल नेकपा एमालेले समेत विरोध जनाए। सातबुँदे सहमतिको तीन नम्बर बुँदामा "शान्तिप्रक्रियालाई उपलब्धिमूलक निष्कर्षमा पुऱ्याउन माओवादी सेनाका लडाकुहरूको स्वेच्छिक अवकाश, पुनर्स्थापना र समायोजन कार्यलाई सम्मानजनक रूपमा सम्पन्न गरिनेछ। सुरक्षा निकायमा समायोजन गर्ने सम्बन्धमा अहिलेसम्म भएका कामहरूलाई निरन्तरता दिँदै माओवादी लडाकुको छुट्टै वा अन्य सुरक्षा निकायको समेत संलग्नतामा छुट्टै फोर्स निर्माण गर्ने सहमति भएको थियो।"[६] सहमतिको बुँदा नम्बर छ मा 'आपसी सहमतिका आधारमा भविष्यमा सरकारको नेतृत्व आलोपालो गरी दुवै पार्टी बीच दीर्घकालीन सहकार्य र सहयात्रालाई अगाडि बढाइने' भनिएको थियो।[७] सरकार गठनका लागि दुई दलबीच भएको सहमतिको नेपाली काङ्ग्रेसको केन्द्रीय समिति बैठकले विरोध जनायो। बैठकले दुई बामपन्थी प्रधानमन्त्रीबीच भएको सहमतिले देशमा कम्युनिस्टहरूबीच ध्रुवीकरण भएको निष्कर्ष

---

६. सरकार गठन भएपछि एनेकपा माओवादी र नेकपा (एमाले)का अध्यक्षले हस्ताक्षर गरेका सातबुँदे सहमति

७. पूर्ववत्

निकाल्यो।[९] सातबुँदे सहमतिका आधारमा प्रधानमन्त्री भएका झलनाथ खनालका सात महिनामा शान्तिप्रक्रियामा कुनै उल्लेख्य काम हुन सकेन।

३.१.२ एमाओवादी र मधेशवादी दलबीच चारबुँदे सहमति

सरकार निर्माणका बेला एमाओवादी र मधेशी मोर्चाबीच भएको चारबुँदे सहमतिअनुसार नेपाली सेनामा एकमुष्ठ मधेशी युवाको प्रतिनिधित्व गराउने मुद्दा फेरि एकपटक उठ्यो। मधेशी दलहरू सत्ता बाहिर रहँदा उनीहरूले दिने आन्दोलनको धम्की र मागहरूमा नेपाली सेनामा मधेशी युवाको सामूहिक प्रवेशको मुद्दाले प्राथमिकता पाउने गरे पनि यो पटक मधेशवादी दलले सामूहिक र पार्टीगत रूपमा प्रधामन्त्री बाबुराम भट्टराई र माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई समेत यो विषय सम्बोधन गर्न पटकपटक दबाब दिनुका साथै त्यसो नगरे सरकारबाट बाहिरिने चेतावनी दिए। त्यसैको फलस्वरूप मन्त्रिपरिषद्को बैठकले नेपाली सेनामा मधेशी युवाको सामूहिक प्रवेशका लागि गृहकार्य गर्न नेपाली सेनालाई निर्देशन दियो।

मधेशी युवाको सामूहिक प्रवेशको विषयले नेपाली राजनीतिमा तरङ्ग नै ल्यायो। मधेशी युवाको सामूहिक प्रवेशको विषय उठेसँगै पूर्वाञ्चल क्षेत्रका लिम्बू, राईलगायतका समुदायले उनीहरूका पनि भिन्दै बटालियन हुनुपर्ने माग राखी बन्दको आयोजना समेत गरे भने थरूहटले थारूहरूको सामूहिक प्रवेशको माग गरी पूर्वका साथै तराईका जिल्लामा बन्दको आह्वान समेत गऱ्यो। सरकार गठन प्रक्रियामा मधेशी मोर्चा र माओवादीबीच सम्पन्न चारबुँदे सहमतिको बुँदा नम्बर ४.२ मा 'नेपालको अन्तरिम संविधान २०६३ को भाग २० मा उल्लेखित व्यवस्था र नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच भएको आठ सूत्रीय सम्झौताअनुसार नेपाली सेनाको लोकतान्त्रिक संरचना र राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्ने विषयमा प्रतिबद्ध

९. काङ्ग्रेस खनाल सरकारको प्रतिपक्षमा। ७ बुँदे सहमतिप्रति आपत्ति। कान्तिपुर। कुलचन्द्र न्यौपाने। माघ २३ गते, पृ. २

एकीकृत माओवादी-एमाले सहमति

१. राष्ट्रिय स्वाधीनता, अखण्डता र मुलुकको सार्वभौमिकताको रक्षार्थ दृढतापूर्वक उभिदै सामन्ती व्यवस्थाका सबै रूपको अन्त्य गर्दै देशमा सामाजिक-आर्थिक रूपान्तरण गरी स्वाधीन अर्थतन्त्रको निर्माण गर्दै जनताको समावेशी लोकतन्त्रलाई सुदृढ गर्ने र समाजवादउन्मुख राजनीतिक, सामाजिक व्यवस्था निर्माण गर्न अगाडि बढ्न हामी दुवै सहमत छौं।

२. गणतन्त्रलाई संस्थागत गर्ने राज्यको पुनर्संरचना गरी सङ्घीय राज्य बनाउने जनताको समावेशी लोकतन्त्रलाई सुदृढ गर्ने र सामन्तवादका सबै रूपको अन्त्य गरी राष्ट्रिय स्वाधीनतालाई सुदृढ गर्ने नयाँ संविधान निर्माण गर्न दुवै पार्टी सहमत छौं।

३. शान्ति प्रक्रियालाई उपलब्धिमूलक निष्कर्षमा पुऱ्याउन माओवादी सेनाका लडाकुहरूको स्वेच्छिक अवकाश, पुनर्स्थापना र समायोजन कार्यलाई सम्मानजनक रूपमा सम्पन्न गरिनेछ। सुरक्षा निकायमा समायोजन गर्ने सम्बन्धमा अहिलेसम्म भएका कामहरूलाई निरन्तरता दिँदै माओवादी लडाकुको छुट्टै वा अन्य सुरक्षा निकायको समेतको संलग्नतामा छुट्टै फोर्स निर्माण गर्ने सहमति भएको छ।

४. संयुक्त सरकार बनाउन दुवै पार्टी सहमत छौं। सरकार सञ्चालनमा सहयोग गर्नका लागि उच्चस्तरीय संयन्त्र बनाइने छ। त्यसको नेतृत्व दुई पार्टीका अध्यक्षले पालैपालो गर्नुहुनेछ। यस सन्दर्भमा सकेसम्म धेरै पार्टीलाई समावेश गरी नयाँ सरकार बनाइनेछ। गृह र रक्षालगायत महत्त्वपूर्ण मन्त्रालयको उचित र सम्मानजनक बाँडफाँड गरिनेछ। यसको जिम्मेवारी दुवै पार्टीले अध्यक्षले लिनुहुनेछ।

५. नयाँ सरकारको न्यूनतम साझा कार्यक्रम र आचारसंहिता बनाई लागू गरिनेछ।

६. आपसी सहमतिका आधारमा भविष्यमा सरकारको नेतृत्व आलोपालो गरी दुवै पार्टीको बीच दीर्घकालीन सहकार्य र सहयात्रालाई अगाडि बढाइनेछ।

७. प्रधानमन्त्रीको चालु निर्वाचन प्रक्रियामा एनेकपा (माओवादी) ले नेकपा (एमाले) का प्रधानमन्त्री पदका उम्मेदवारलाई मतदान गर्ने सहमति भएको छ।

पुष्पकमल दाहाल (प्रचण्ड)	**झलनाथ खनाल**
अध्यक्ष	अध्यक्ष
एकीकृत माओवादी	नेकपा एमाले

०६७ माघ २० गते

छौं'। यसका लागि नेपाली सेनामा अलग एकाइको रूपमा मधेशी समुदायको पहिचान स्थापित गर्दै १० हजार सङ्ख्याको भर्ना माग गरिएको सन्दर्भमा हाल निश्चित सङ्ख्याको भर्नाबाट समावेशीकरणको प्रक्रिया तत्काल थालिने भनिएको छ।

सरकारको यो निर्णयका बारेमा सदन र सडकमा व्यापक प्रतिक्रियाहरू आए। नेपाली सेनाका प्रधानसेनापति छत्रमानसिंह गुरूङले नेपाली सेनाका परमाधिपतिसमेत रहेका राष्ट्रपति डा. रामवरण यादवसँग भेट गरी सरकारको निर्णयप्रति विरोध जनाए भने नेपाली सेनाका प्रवक्ता रमिन्द्र क्षेत्रीको नेपाली सेना समावेशी भएको र यसमा कुनै क्षेत्र र जात विशेषको बटालियन बनाउन नसकिने धारणा सार्वजनिक भयो। सामूहिक प्रवेशको यो मुद्दा सर्वोच्च अदालतसम्म पुग्यो। सर्वोच्च अदालतको अन्तरिम आदेशले नेपाली सेनामा मधेशी युवाको सामूहिक प्रवेशको विषय थाँती रह्यो।

नेपाली सेनाले सैनिक ऐनलाई नै कानुनको दृष्टिमा सबै नागरिक समान हुने अन्तरिम संविधानको व्यवस्था र राज्यले अवलम्बन गरिसकेको समावेशी नीति अनुरूप बनाएर रिक्त दरबन्दीमा ५५ प्रतिशत खुला प्रतिस्पर्धा र ४५ प्रतिशत आरक्षणबाट भर्ना लिइरहेको छ।[१०] यो अवस्थामा सरकार टिकाउनकै लागि एउटा समुदायको मात्र भर्ती लिने निर्णय गलत थियो। सेनालाई सकेसम्म समावेशी र राष्ट्रिय चरित्रको बनाउन आरक्षित कोटामध्ये २८ प्रतिशत मधेशीलाई छुट्याइएको अवस्थामा उसले गरेको निर्णयले राष्ट्रिय सेनामा द्वेष र विभाजनका बीजारोपण गर्ने सम्भावना देखियो।

माओवादी नेतृत्वको सरकारले घोषणा गरेको तत्काल राहत कार्यक्रम ०६८ मा सेनाको लोकतान्त्रिक संरचना र राष्ट्रिय तथा समावेशी चरित्र निर्माण गर्न नेपाली सेनामा अलग एकाइको रूपमा मधेशी समुदायको पहिचान स्थापित गर्न तत्काल निश्चित सङ्ख्याबाट भर्ना प्रक्रिया थालिने उल्लेख थियो। संसारमा जहाँको पनि सैनिक नेतृत्व सेनाको सङ्ख्यालाई जहिल्यै अपुग ठान्छ भने सरकार सकेसम्म त्यसलाई कम गर्न गर्न खोज्छ। नेपालमा पनि रथीलगायत माथिल्लो तहमा दरबन्दी बढाउन सैनिक नेतृत्वले डेढ वर्षदेखि गरिरहेको लविङ सबैसामु छर्लङ्ग नै थियो। यसरी सैनिक नेतृत्वले नै नजानिँदो गरी स्पेश दिएको मौकामा माओवादी र मधेशी मोर्चाले चौका हानेका थिए।'[११]

४. पार्टी अन्तरकलहको चक्रव्यूहमा शान्ति र संविधान

फरक विचार अभिव्यक्तिको स्वतन्त्रता लोकतन्त्रको आधारभूत विशेषता हो। हरेक नागरिकलाई विचारको स्वतन्त्रता भएजस्तै एकै राजनीतिक दलभित्रका नेता कार्यकर्ताहरूमा फरक विचार हुनुलाई असामान्य मानिँदैन। फरक विचारहरूकै बीचमा पनि सहमतिको आधारमा राजनीतिक पार्टीहरू गतिमान हुन्छन्। यद्यपि विचार, वाद र दर्शनमा राजनीतिक पार्टीहरूमा अधिकतम साझा अवधारणा हुनुपर्ने हो जुन नेपालका राजनीतिक पार्टीहरूको हकमा लागू हुन सकेको छैन। राष्ट्रिय राजनीतिमा दलीय दम्भ हावी भएझैं हरेक पार्टीभित्र व्यक्तिगत दम्भ हावी भएको पाइन्छ। फलतः पार्टीभित्रको आन्तरिक कलहले शान्ति र संविधानको मुद्दालाई त ओझलमा पारेको छ नै शिशु गणतन्त्रलाई समेत असुरक्षित बनाएको छ।

पार्टीका आन्तरिक कलहले नेपालको लोकतान्त्रिक प्रक्रिया संस्थागत हुन नसकेको इतिहास साक्षी छ। नेपालका राजनीतिक दलहरूले इतिहासको गल्तीबाट भविष्यलाई सुधार्ने अभ्यास गरेको अनुभव हालसम्म गर्न पाइएन। संविधानसभाको निर्वाचनपछि संविधानसभामा प्रतिनिधित्व गर्ने दलहरू २४ बाट फुटेर बढेर २८ पुगेका छन्। यसवर्षको प्रारम्भमा गठित एमाले अध्यक्ष झलनाथ खनाल नेतृत्वको सरकार आफ्नै पार्टीको वरिष्ठ नेता माधवकुमार नेपाल नेतृत्वको सरकारलाई प्रतिस्थापन गरेर बनेको थियो। त्यस्तै झलनाथ नेतृत्वको सरकार पनि आफ्नै पार्टीको निरन्तर असहयोगको कारण बाहिरिएको थियो। एमाओवादीका उपाध्यक्ष बाबुराम भट्टराई नेतृत्वको हालको सरकार पनि बाहिरी कारणलेभन्दा आफ्नै पार्टीभित्रको असहयोगले बढी समस्या व्यहोर्दै आएको छ। समग्रमा वर्तमान नेपाली राजनीतिमा आन्तरिक कलहबाट अछुतो कुनै पनि पार्टी छैनन्। शान्ति र संविधान निर्माणको कार्यभार बोकेका राजनीतिक दलका प्रमुखहरू त्यो भन्दा बढी पार्टी एकीकरणमा व्यस्त हुनु परेको छ। अन्तरपार्टी शीर्ष नेताहरूको बैठक पनि आन्तरिक कलहलाई साम्य पार्ने विषयमा नै केन्द्रित हुने गरेका छन्। फलतः व्यक्तिवादी राजनीतिले

१०. बोहोरा, रामेश्वर। 'टऱ्यो दुर्घटना।' *हिमाल खबरपत्रिका।* ०६८ असार १५ : पृ. १७
११. पूर्ववत्

निम्त्याएको पार्टीका आन्तरिक कलह र आन्तरिक कलहले निम्त्याएको चक्रव्युहमा यतिबेला नेपालको शान्ति र संविधान निर्माण कार्य किनारा लागेको।

५. चुलिँदो विश्वासको सङ्कट

यस वर्ष राजनीतिक दलहरूबीच विश्वासको सङ्कट चुलिएको पाइयो। एमाओवादीको एक पक्षले निरन्तर सत्ता कब्जा र जनविद्रोहको रटान लगाउँदै आएपछि माओवादी इतरका दलहरूको माओवादी प्रतिको विश्वास थप सङ्कटमा पऱ्यो। एमाओवादीको भित्रको एक खेमाको शान्ति र संविधानको रटान र अर्को खेमाको सत्ता कब्जाको धम्कीलाई कतिपयले एमाओवादीको रणनीतिक चालको रूपमा पनि व्याख्या गरे। आफ्नै पार्टी नेतृत्वको सरकारले गरेको सातबुँदे सहमतिलाई सडकमा जलाउने र आफ्नै पार्टीको अध्यक्षले समेत स्थलगत भ्रमणमा गई कब्जा गरिएका जमिनहरू फिर्ता गर्ने भनी गरिएका अभिव्यक्ति विरूद्ध विज्ञप्ति जारी गरी फिर्ता गरिएको जमिनमा भोलिपल्ट नै झण्डा गाड्ने कार्यले अन्य दललाई सशङ्कित बनाउनु स्वभाविक नै थियो।

मानवअधिकार र मानवता विरोधी अपराधका आरोपितहरूलाई आममाफी, तत्कालीन जनअदालतका निर्णयहरूलाई मान्यता दिने जस्ता माओवादीका प्रयासहरूले पार्टीहरूबीच आशङ्का बढाउन मलजल गऱ्यो। वर्षभरि नै दलहरूले आआफ्नै तालमा डम्फू बजाइरहे। मधेसवादीहरूको समर्थनमा बनेको सरकारलाई मधेशकै एक दलका प्रमुख उपेन्द्र यादवले इतिहासकै भ्रष्ट सरकार भएको आरोप लगाए। काङ्ग्रेस र एमालेले पटकपटक सरकारका कतिपय निर्णयहरू विरूद्ध सडक र सदन अवरूद्ध पारे।

पार्टी भित्रका आन्तरिक कलह पनि सबैजसो पार्टीमा देखियो। नेपाली काङ्ग्रेसमा कोइराला र देउवा पक्षबीचको सङ्घर्ष, एमालेमा खनाल, ओली र नेपाल पक्षबीचको विवाद र एमाओवादीमा बैद्य, भट्टराई र दाहाल पक्षबीचको सङ्घर्ष वर्षभरि नै अखबारका शीर्ष समाचार बनिरहे। एमालेमा खनाल र ओलीले पार्टी एकीकरणका लागि गरेको प्रयासलाई नेपाल पक्षले आफूहरूलाई एक्ल्याउन लागेको अर्थमा बुझ्यो। त्यस्तै, एमाओवादीमा बैद्य र दाहाल पक्षबीचको निकटतालाई भट्टराईलाई एक्लाउने प्रयासको रूपमा बुझियो। यसरी वर्षभरि नै दलहरूमा दलभित्र र बाहिर बढेको विश्वासको सङ्कटले सर्वसाधारणमा निराशा बढाउँदै लग्यो।

६. संविधान निर्माणमा देखिएका विवाद

संविधान निर्माणमा देखिएका विभिन्न विवादित विषयमा छलफल गरी सहमतिमा पुग्न गत वर्ष पुष्पकमल दाहाल "प्रचण्ड"को अध्यक्षतामा विवाद समाधान उपसमिति गठन भएको थियो। समितिका केही बैठक उत्साहजनक थिए। स्वयम् संयोजककारूपमा दाहालले अब जनतालाई तोकिएको समयभित्र संविधान दिनुपर्छ र त्यसको लागि सबैले "लिने र दिने" सिद्धान्त अपनाई टुङ्गोमा पुग्नुपर्छ भन्ने उद्घोष बैठकभित्रै गरेका थिए[१२]। विवाद समाधान उपसमितिले राज्यको शासकीय स्वरूप, निर्वाचन प्रणाली, सङ्घीयतालगायतका केही विषयमा मात्र सहमति कायम गर्न बाँकी रहेको बेला बेलामा सार्वजनिक भयो। तर, यसलाई उनकै पार्टीका नेताहरुले नकारात्मक रूपमा लिए। यी टुङ्गिएका बुँदाहरू संवैधानिक सहमतिमा पेस हुँदा दाहालकै दलबाट सहमतिमा सरिक हुने नेतृत्व विरोधमा उत्रिएको देखियो। देशको सबैभन्दा ठूलो दलका नेताहरूले दुई ठाउँमा दुई कुरा बोल्न थालेपछि संविधान निर्माण अन्यौलमा पर्नु स्वाभाविक थियो। यो वर्षको धेरैजसो अवधि विवाद समाधानमा सक्रिय रहेको समिति वर्षको अन्त्यतिर निष्क्रिय जस्तै देखियो। आफ्नो पार्टीभित्रको दुई पक्षकाबीचको चेपुवामा परेको माओवादी नेतृत्व दूरगामी निर्णय गर्न हच्किको। मधेशवादी दलको समर्थनमा बनेको सरकारका प्रधानमन्त्री सत्तासाझेदारका मागका कारण पनि अघि बढ्न सकेनन् भने आफ्नै पार्टीभित्रका जनजाति सभासद्हरूको समूह ककसका कारण पनि एमाले र नेपाली काङ्ग्रेस अनिर्णयका बन्दी हुन पुगे।

७. संविधानसभाको म्याद थप र सहमति

नेपालको अन्तरिम संविधानमा संविधानसभाको म्याद दुई वर्षको मात्रै हुनेछ भनेर स्पष्ट उल्लेख गरिएको छ। तर, संविधानसभाको कार्यकाल करिब चार वर्ष पूरा हुनलाग्दा पनि संविधान निर्माणको विश्वसनीय आधार बन्न सकेन। संविधान निर्माणको ८० प्रतिशतभन्दा बढी काम सकियो भनेर भाषण गर्ने नेताहरूको यस वर्ष पनि संविधानसभाको बैठकमा पातलो उपस्थित रह्यो। उपस्थित भएकाहरूमा पनि

१२. लोहनी, प्रकाशचन्द्र, बेवारिसे सात बुँदा। *नागरिक दैनिक,* पृ. ६

बैठकमा आफ्ना विचार राख्नेहरू न्यून सङ्ख्यामा रहेका थिए। कतिपय अवस्थामा बैठक नै नबसी सभा स्थगित भए। यो वर्ष संविधानसभाका बैठकहरू बस्दै बसेनन् भन्दा पनि हुन्छ। संवैधानिक समितिअन्तर्गतको विवाद समाधान उपसमितिको बैठक पटकपटक बस्यो र यसले धेरैजसो विवादित विषय टुङ्गो लगाएको भनेर सञ्चारमाध्यममार्फत सार्वजनिक भए। ०६८ जेठ १४ मा सकिन लागेको संविधानसभाको म्याद थप गर्न राजनीतिक दलहरूबीच निकै चरणमा वार्ताहरू भए।

संविधानसभाको विघटन हुँदा आइपर्ने राष्ट्रिय सङ्कट र यसबाट उत्पन्न हुने खालीपनको पूर्तिका लागि संविधानसभाको म्याद थप्नुको विकल्प प्रमुख दलहरूसँग थिएन। त्यसैले कागजी सहमति गरेर म्याद थपियो। तीन महिनाको लागि थप गरिएको म्यादले गति लिन नसकेको शान्तिप्रक्रियालाई अगाडि बढाउन मद्दत पुग्ने आशा लिइएको थियो। म्याद थप गर्नुअघि करिब करिब कार्यसूचिविहीन भएको संविधानसभाको अस्तित्व जोगाउन एमाओवादीले शान्तिप्रक्रिया सम्बन्धमा केही न केही गरेर देखाउनुपर्ने बाध्यता थियो। माओवादी लडाकुका हतियार, लोकतान्त्रिक संविधान निर्माणको सुनिश्चितता जस्ता विषयमा माओवादी जिम्मेवार देखिएन जसका कारण एमाओवादी, एमाले तथा काङ्ग्रेसकाबीचका विश्वासको सङ्कट गहिरियो। एमाओवादीले शान्तिप्रक्रियाका सम्बन्धमा खासै केही नगर्ने हो भने संविधानसभाको म्याद पटकपटक थपिरहनुको अर्थ नहुने आमधारणा व्याप्त थियो। भाषणहरूमा पटकपटक शान्ति र संविधानका विषयमा प्रतिबद्धता जनाए पनि एमाओवादीले यससम्बन्धमा ठोस प्रस्ताव ल्याएन बरू उसले लडाकु र हतियारबारे पार्टीभित्रको संवेदनशीलतालाई बुझ्दिन याचना गर्‍यो।[१३]

हतियारमोह, संविधानसभा र शान्तिप्रक्रियाप्रति एमाओवादी उदासिनता निराशाजनक थिए। संविधानसभा र यसको विघटनपछि उत्पन्न हुने परिस्थितिप्रति जनमानसमा धेरै किसिमका आशङ्का थिए जसमा कतिपयको आशङ्का चाहिँ राष्ट्रपतीय शासनका बारेमा थियो।

यस विषयलाई थप मलजल पुर्‍यायो राष्ट्रपतिले राजनीतिक दलका नेताहरूसँग गरेको सामूहिक तथा व्यक्तिगत छलफलले। तर, राष्ट्रपतिको यो सक्रियता राष्ट्रिय राजनीतिको संवेदनशीलतालाई ख्याल गर्दै भएको भन्ने विषयले खासै चर्चा पाएन। शान्तिप्रक्रियाका सम्बन्धमा विगतमा आफैंले गरेका थुप्रै सहमति र सम्झौता कार्यान्वयनमा माओवादीलाई इमान्दार बनाउन अडान लिएका काङ्ग्रेस, एमालेलगायतका दलहरू संविधानसभाले आफ्नो काम गरेन भन्ने आक्रोश भए पनि यसले देशलाई द्वन्द्वमा जानबाट रोकेको छ भन्ने यथार्थ बुझेका उनीहरू शान्तिप्रक्रियाका मूलभूत मुद्दामा माओवादीलाई इमान्दार बनाउने प्रयास अबेर रातिसम्म संविधानसभा भवन र भवन बाहिर भएका द्वीपक्षीय, त्रिपक्षीय, बहुपक्षीय छलपलमा जुटेका नेताहरूको इमान्दार प्रयासका कारण संविधानसभा जोगियो।

तीन महिनाका लागि थपिएको म्याद भदौ १४ गते पूरा हुनुअघि नै संविधान संशोधन गरेर संविधानसभाको म्याद पुनः ३ महिनाका लागि थपियो। मङ्सिर १४ गते तीन महिना पुग्नुअघि मङ्सिर १० गते नै सर्वोच्च अदालतले एक पटकको लागि मात्र म्याद थप्न आदेश गर्‍यो। प्रधानन्यायधीश खिलराज रेग्मीलगायतको इजलासले प्रधानमन्त्री, मन्त्रीपरिषद् र सभामुखका नाममा आदेश जारी गर्दै अब थपिने म्यादलाई अन्तिम[१४]भनी फैसला गर्‍यो। विशेष इजलासको आदेशमा (क) संविधानको धारा ६४ ले दिएको अतिरिक्त समय पनि सकिएको र आवश्यकताको सिद्धान्तअनुसार थपिएको समयमा पनि संविधान नबनेकाले अब अन्तिम पटक मात्र म्याद थप्न सकिन्छ। (ख) संविधानसभा गठनपछि संविधान निर्माणमा हालसम्म के कस्ता उपलब्धि भए र कति बाँकी छन् निर्क्यौल गरी आवश्यकताअनुसार म्याद थप्नुस्। थप्दा अन्तरिम संविधानको धारा ६४ बमोजिम बढीमा ६ महिना पाइनेछ। (ग) थपिएको अवधिमा पनि संविधान निर्माण पूरा गर्न नसकिएमा जनमत सङ्ग्रहमा जानुस् वा अर्को संविधानसभाको निर्वाचन गराउनुस् वा संविधानबमोजिम अन्य उपयुक्त प्रबन्ध मिलाउनुस्[१५]।

---

१३. पूर्ववत्

१४. पूर्ववत्

१५. http://www.telegraphnepal.com/headline/2011-05-26/nepal-ca-term-extension-supreme-court-decree:-interpretations-galore २०६८ पुस १६ गते हेरिएको

एकपटकका लागि मात्रै म्याद थप गर्न सर्वोच्चले आदेश दिएपछि नेपाली राजनीतिमा एकप्रकारको तरङ्ग ल्यायो। यसले नेपाली राजनीतिक दल र न्यायालयबीचमा कटाक्ष नै चल्यो। न्यायालय ठूलो की संसदीय सर्वोच्चता भन्ने विषयको बहसमा नेपाली राजनीतिमा व्यापक छलफल भए। सरकार र सभामुखले सर्वोच्च अदालतको आदेश पुनरावलोकनका लागि निवेदन दिएको भए पनि सर्वोच्चले त्यो निवेदन दर्ता नगरी दरपीठ गरिदियो।

आफ्नो म्याद आफैँ थपेर अनन्तकालसम्म संविधानसभाको म्याद बढाइरहने नेपाली राजनीतिक दलको कार्यप्रति नेपाली जनता निराश हुन थालेका थिए। संसदीय व्यवस्था आवधिक निर्वाचन हुन्छ। यो संसदीय व्यवस्थाको मुख्य विशेषता हो। तर, दुईवर्से म्याद भएको संविधानसभाको म्याद पटकपटक थप्ने कार्यले निरङ्कुशता बढाउँछ तसर्थ यसको नयाँ निर्वाचन हुनुपर्छ भन्ने आमधारणाहरू पनि यसबीचमा सार्वजनिक भए।

संविधानसभाको म्याद थप्नुअघि सबै काम थपिएको मितिमा सम्पन्न गर्ने सहमति र सम्झौता हुने गर्दछ। तर, भोलिपल्टदेखि सत्ता परिवर्तनको विषयले राजनीतिक दलको प्राथमिकतामा पर्दछ। एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको संयोजकत्वमा गठन भएको विवाद समाधान उपसमितिले संवैधानिक समितिमा रहेका विभिन्न विवाद समाधान गरेको भनियो। आफ्नै पार्टीका अध्यक्षको संयोजकत्वमा रहेको समितिले गरेको निर्णय नमान्ने एमाओवादीका अन्य सभासद्ले बताए। समाधान गरिएका विवादलाई पारित गर्ने संवैधानिक समितिमा भएका छलफलमा एमाओवादी सभासद्ले विरोध जनाएपछि समाधान भएका भनिएका विवाद ज्यूँका त्यूँ रहे। राज्यको शासकीय स्वरूप, सङ्घीयता, निर्वाचन प्रणालीजस्ता विषयमा राजनीतकि दलबीच कायम रहेका मत भिन्नताले संविधानसभालाई कार्यसूचमा प्रवेश गर्न अप्ठ्यारो भयो।

८. आममाफी र मुद्दा फिर्ताको सवाल

देशमा भएका हरेक राजनीतिक परिवर्तनपछि, राजनीतिक परिवर्तनका लागि क्रियाशील मानिसहरूका विरूद्ध लागेका राजनीतिक प्रकृतिका मुद्दाहरू फिर्ता लिने चलन नेपालमा २००७ सालदेखिकै हो। पञ्चायती व्यवस्थाको अन्त्यसँगै पञ्चायती व्यवस्थाविरूद्ध सक्रिय नेता तथा कार्यकर्ताहरूको राजनीतिक प्रकृतिका मुद्दाहरू फिर्ता लिइएको थियो। यो प्रक्रियाको त्यसबेला कहीँ कतै विरोध भएन, कारण मुद्दा फिर्ता लिइएका सबै विषयहरू राजनीतिक प्रकृतिका थिए।

इन्सेकको तथ्याङ्कअनुसार सशस्त्र द्वन्द्वको दशवर्षको अवधिमा १४ हजारको हाराहारीमा मानिसहरूले ज्यान गुमाए। यो क्रममा भएका हत्या, बेपत्ता, अङ्गभङ्गका घटनामा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्नहरूका विषयमा व्यापक चर्चा परिचर्चा भएका छन्। सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने र त्यही आयोगले अपराधमा संलग्नहरूको मुद्दा राजनीतिक हो वा आपराधिक प्रकृतिका आरोप छुट्याएर माफी वा सिफारिश गर्ने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्नुपर्नेमा कानुन नै नल्याई आफू र आफ्ना पक्षकालाई मात्र आममाफी र मुद्दाफिर्ताको प्रयास एमाओवादीले गऱ्यो।

अदालतले सजायको फैसला गरिसकेका व्यक्तिहरूलाई सजायबाट उन्मुक्ति दिने सबैभन्दा सजिलो माध्यम माफी हो। संविधानले माफीको आदेश राष्ट्रपतिबाट जारी हुनुपर्ने व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा १५१ मा राष्ट्रपतिले माफी दिन सक्ने व्यवस्था छ। मुद्दा फिर्तासम्बन्धी नेपालको अन्तरिम संविधानमा स्पष्ट व्यवस्था छैन। आममाफी दिनका लागि विशेष उत्सव वा राष्ट्रिय अवसर पारेर कारागारभित्र रहेका कैदीहरूको आचरणमा आएको सुधारका आधारमा मन्त्रीपरिषद्ले निर्णय गर्ने र त्यसलाई राष्ट्रपतिले सदर गर्न सक्ने व्यवस्था र प्रचलन छ। मुद्दा फिर्ताका सम्बन्धमा संविधानमा केही उल्लेख नभए पनि विस्तृत शान्ति सम्झौता अन्तरिम संविधानको अनुसूची भएकाले यसका विषयहरू संवैधानिक हुन्छन्। सो सम्झौताको ५.२.७ मा दुवैपक्ष विभिन्न व्यक्तिलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दा मामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरून्त रिहा गर्ने ग्यारेण्टी गर्छन् भन्ने उल्लेख छ। नेपालका राजनीतिक दलहरूले विस्तृत शान्ति सम्झौताको यही बुँदालाई गलत व्याख्या गरी चोरी, हत्या, अपहरण, भ्रष्टाचार, डकैती, डाँका, ज्यानमार्ने उद्योगजस्ता गैरराजनीतिक प्रकृतिका मुद्दासमेत फिर्ता लिँदै आएको देखिन्छ। सरकारले ०६७ सालमा फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धमा मापदण्ड र कार्यविधि कानुन बनाउन कानुन मन्त्रालयका सहसचिव केदार पौडेलेको संयोजकत्वमा एक कार्यदल बनाए पनि त्यसका सिफारिशका आधारमा मुद्दा फिर्ता लिन कठिनाई पर्ने

भएकाले त्यसको कार्यान्वयन भएन।

नेपालको अन्तरिम संविधान, २०६३ का कुनै पनि व्यवस्थाले मुद्दा फिर्तासम्बन्धी व्यवस्था नगरेको भए पनि धारा १६६ को उप-धारा (३) मा "मिति २०६३ मङ्सिर ५ गते नेपाल सरकार र ने. क. पा. (माओवादी) बीच सम्पन्न 'विस्तृत शान्ति सम्झौता' र मिति २०६३ मङ्सिर २२ गते सम्पन्न 'हतियार र सेनाको व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौता' अनुसूची-४ मा राखिएको छ" भन्ने व्यवस्था भएअनुरूप संविधानको अनुसूची ४ मा राखिएको विस्तृत शान्ति सम्झौताको दफा ५.७ मा "दुबै पक्ष विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरून्त रिहा गरिने ग्यारेन्टी गर्दछन्" भन्ने उल्लेख गरिएको छ। यसरी संविधानको अनुसूचीमा राखेको कारणले त्यो व्यवस्था संविधानको अङ्गको रूपमा रहे पनि त्यो संवैधानिक/कानूनी व्यवस्था होइन राजनीतिक दस्तावेजमात्र हो भन्ने विषयमा सर्वोच्च अदालतले भनिसकेको छ[१६]।

आफ्ना कार्यकर्ताले जस्तोसुकै अपराध गरे पनि सत्तामा पुगेका बेला तिनलाई चोख्याउने प्रतिस्पर्धा नेपाली राजनीतिको कुसंस्कृतिको रूपमा विकसित हुँदै गयो। लोकतन्त्रको पुर्नस्थापना भएपछि गठन भएका सबैजसो सरकार मुद्दा फिर्ताका लागि उद्दत रहे। विषय कसका पालामा कति र कस्ता-कस्ता प्रकृतिका भन्ने मात्रै हो। पछिल्लो समय मुद्दा फिर्ताको सबाललाई धयान दिएर हेर्ने हो भने डाँका, चोरी, अपहरण, हत्यारा, भ्रष्टाचारीसमेत राजनीतिक कार्यकर्ता भएका छन्। दण्डहीनताको यस्तो संस्कृतिले विधिको शासनलाई धराशायी बनाउने खतरा बढ्यो।[१७]

डा. बाबुराम भट्टराईको सरकार गठन भएसँगै नियुक्त गरिएका महान्यायाधिवक्ता मुक्ति प्रधानले द्वन्द्वकालका सबै मुद्दा फिर्ता लिने अभिव्यक्ति दिए।[१८] उनको सो अभिव्यक्तिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विरोध भयो। प्रधानमन्त्रीलाई भेट्न गएका नागरिक समाजका प्रतिनिधिसँग प्रधानमन्त्रीले मुद्दा फिर्ताका विषयमा आफू गम्भीर रहेको बताए पनि उनले एमाओवादी सभासद् बालकृष्ण ढुङ्गेलको सजायमाफीका लागि राष्ट्रपतिसमक्ष सिफारिश गरी आफू भारत भ्रमणतर्फ लागे। राष्ट्रपतिसमक्ष भएको सिफारिशलाई उनले कार्यान्वयन गर्नुको विकल्प थिएन। तर, सर्वोच्च अदालतले सवर्स्वसहित जन्मकैद तोकेको सभासद् बालकृष्ण ढुङ्गेललाई माफी दिने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीपरिषद्लाई आदेश दियो। सर्वोच्चको आदेशले ढुङ्गेललाई माफी दिलाउन राष्ट्रपति कार्यालय पुगिसकेको सरकारको सिफारिश कार्यान्वयन रोकियो। सर्वोच्च अदालतले ०६६ सालमा सभासद् ढुङ्गेलले नै उज्जनकुमार श्रेष्ठको हत्या गरेको ठहर गरेको थियो। मुद्दाको सुरूदेखि नै जेलमा रहेका ढुङ्गेललाई पुनरावेदन राजविराजले सफाइ दिएपछि जेलमुक्त भई संविधानसभामा ओखलढुङ्गाको दुई नम्बर क्षेत्रबाट निर्वाचित भएका थिए। सर्वोच्चले सर्वस्वसहित जन्मकैदको फैसला सुनाएका ढुङ्गेल संविधानसभाका बैठकहरूमा उपस्थित हुने गरे पनि प्रहरीले उनलाई फरार अभियुक्तको सूचीमा राखेको थियो। आममाफीको सजाय कार्यान्वयन नभएपछि उनलाई प्रहरीले गिरफ्तार गर्नुपर्नेमा हालसम्म गिरफ्तार गरेको छैन। मुद्दा फिर्ताका नजिरलाई पल्टाउने हो भने गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वकालमा ५७ थान मुद्दा फिर्ता भए। यसैगरी पुष्पकमल दाहालको पालामा ३ सय ४९ थान, माधव नेपालको प्रधानमन्त्रीत्वकालमा २ सय ५५ मुद्दा फिर्ता लिइएको थियो।[१९]

९. शासकीय स्वरूप बारेको बहस

राज्यको शासकीय स्वरूप निर्धारण गर्ने यो वर्षको अन्त्यसम्म कुनै प्रगति भएन। संविधानसभामा रहेका तीन मुख्य राजनीतिक दलहरूका आआफ्नै ढाँचामा अडिग रहनाले यस विषयमा कुनै सार्थक सहमति हुन सकेन। यो वर्ष शासकीय स्वरूपका मुख्य दुईवटा विकल्पहरूको बारेमा धेरै छलफलहरू भए।

---

१६. पवनकुमार पटेलको जाहेरीले नेपाल सरकार वि. गगनदेव राय यादव ने. का. प. २०६५ अंक ९ पृ. ११०८, नि. नं. ८०१३।

१७. माधवकुमार बस्नेतद्वारा काठमाडौँमा आयोजित एक कार्यक्रममा प्रस्तुत कार्यपत्र

१८. www.inseconline.org. ०६८ पुस १३ गते हेरिएको

१९. 'सफाइको सुरसार'। *नेपाल*। ०६८ असोज १-८ : पृ. १९

पहिलो, राष्ट्रपतीय प्रणाली र दोस्रो प्रधानमन्त्रीय प्रणाली। नेपाली काङ्ग्रेसलगायतका राजनीतिक दलहरू प्रधानमन्त्रीय प्रणालीका पक्षमा उभिए। जसअन्तर्गत कार्यकारी प्रधानमन्त्री भएको संसदीय व्यवस्था उनीहरूको प्रमुख माग हो। एनेकपा माओवादीले भने राष्ट्रपतीय प्रणालीको पक्षमा वकालत गऱ्यो। यसको अर्थ जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति देशको कार्यकारी प्रमुख बन्ने र उनकै प्रत्यक्ष निर्देशन र निगरानीमा मन्त्रीपरिषद् सञ्चालन हुने भन्ने हो। यसैगरी तेस्रो ठूलो दल नेकपा एमालेले मिश्रित प्रणाली अघि सार्‍यो। एमालेको मिश्रित प्रणालीमा कार्यकारी प्रधानमन्त्री प्रत्यक्ष निर्वाचनबाट र संसदबाट राष्ट्रप्रमुख राष्ट्रपति हुने व्यवस्था छ। शासकीय स्वरूपको बारेमा विधायिकाको शासकीय स्वरूप निर्धारणमा रहेका विवादको टुङ्गो लगाउन प्रचण्डको नेतृत्वको शासकीय स्वरूप निर्धारण उपसमितिले विवाद समाधान गर्न नसकेपछि लक्ष्मणलाल कर्णको संयोजकत्वमा बनेको कार्यदलले राष्ट्रपति र प्रधानमन्त्री दुवैलाई कार्यकारी अधिकार रहने फ्रेन्च प्रणालीमा जानुपर्छ भनी प्रतिवेदन बुझाएको भए पनि यसले पनि औपचारिकता पाएन। संवैधानिक समितिअन्तर्गतको विवाद समाधान उपसमितिमा राजनीतिक दलहरूबीच प्रत्यक्ष र समानुपातिक गरी मिश्रित प्रणाली अपनाउने सहमति भयो।

राजनीतिक दलहरूले शासकीय स्वरुप निर्धारणको विषयमा आफू अनुकूलको शासकीय प्रणालीको वकालत गर्नु प्राथमिकताको विषय होइन। शासकीय स्वरूप निर्धारणलाई आफ्नो राजनीतिक दलको स्वार्थ भन्दा माथि उठ्नु आवश्यकता भएपनि नेपाली दलहरू विवादलाई कम गर्न असफल भए।

९.१ सङ्घीयताका बारेमा भएका असहमति

सात राजनीतिक दल र नेकपा माओवादीबीचको सम्झौतामार्फत बनेको नेपालको अन्तरिम संविधान २०६३ ले राजतन्त्र फाल्ने आधार त स्थापित गऱ्यो, तर यसले पनि राज्यको पुनर्संरचना गर्ने आधार भने तय गर्न सकेको थिएन। नेपालको अन्तरिम संविधान २०६३ मात्र होइन विस्तृत शान्ति सम्झौतामासमेत सङ्घीयताको बारे कहीं कतै चर्चा नै थिएन। संविधान मधेश विरोधी भएको भनी मधेशी जनअधिकार फोरमले ०६३ माघ १ गते काठमाडौँमा संविधान जलायो। संविधान जलाउने कार्यमा संलग्न फोरमका अध्यक्षलगायत नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो। काठमाडौँमा भएको गिरफ्तारीको विरोधमा सिराहको लहानमा विरोध प्रदर्शनमा उत्रिएका मधेशी जनाधिकार फोरमका कार्यकर्ता रमेशकुमार महतोको माओवादी कार्यकर्ताले प्रहार गरेको गोली लागी मृत्य भयो। लहानमा भएको यो हत्या प्रकरणपछि शुरु भएको मधेश आन्दोलनपछि सरकारले आन्दोलनकारीको माग पूरा गर्न संविधानको संशोधन गऱ्यो। संशोधित संविधानमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रका बारेमा उल्लेख गरियो। संविधान संशोधनसँगै शुरु भएको सङ्घीयताको बहस सार्थक निष्कर्षमा पुग्न सकेको छैन।

देशको समग्र पुनर्संरचना गर्ने मुख्य माध्यम सङ्घीयता हुँदाहुँदै पनि सङ्घीयताको बारेमा राजनीतिक पार्टीहरूले थप छलफल, विमर्श गर्न सकेनन्। आफूलाई सङ्घीयताको सुत्रधार मान्ने माओवादी पार्टीले खुल्ला वातावरणमा आएपछि पनि सङ्घीयताको बहसमा राजनीतिलाई केन्द्रित गर्न सकेन, अन्य राजनीतिक पार्टीहरूले यसलाई बुझ्ने र सोहीअनुसार जनतालाई आफ्नो पक्षमा पार्ने रणनीतिक काममा लाग्न सकेनन्। परिणामस्वरूप जनताले नै चाहेको सङ्घीयताको बहसमा देखा परे जातीय, क्षेत्रीय तथा भाषिक आन्दोलनका शक्तिहरू। उनीहरूले शुरूशुरूका दिनमा चलाएका सङ्घीयतासम्बन्धी बहसले देशमा ठूलै हलचल त मच्चायो तर, निकाश दिने काममा उर्जा थप्न सकेन। नेपालमा जातीय राज्यको माग अघि बढिरहेकै बेला यस्ता राज्यहरू स्थापना पश्चात सम्बन्धित जातीय राज्यमा बसोबास गर्ने अन्य जातजातिका मानिसहरूको स्थिति के हुने भन्ने बारेमा चर्चा भयो।

राज्य पुर्नसंरचनाका लागि संविधानसभाबाट विशेषज्ञ समिति बनाउनका लागि गर्न लागिएको संविधान संशोधन प्रक्रिया माओवादीका मोहन वैद्य र अन्य दलका जनजाति सभासदको सङ्गठित विरोधका कारण अवरुद्ध भयो। शान्ति प्रक्रियासम्बन्धी सात बुँदे सहमतिमा राज्य पुनसर्रचनाका विषयमा सुझाव दिन संविधानसभाबाटै विशेषज्ञ समिति बनाउने निर्णय भएको थियो। विवाद समाधान उपसमितिको बैठकले संविधानसभाबाट विशेषज्ञ समिति बनाउन संविधान संशोधनलगायत प्रक्रिया पूरा गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरेको थियो। प्रमुख दलका शीर्ष नेताहरू सम्मिलित उपसमितिको उक्त निर्णयलाई

संवैधानिक समितिको बैठकले अनुमोदन गरेको थियो।[३०]

एमाओवादीमा फरक मत राख्ने पक्षले थालेको अवरोधका कारण समय लम्बिँदै गर्दा अन्य दलका जनजाति सभासद्हरूको विरोधको स्वर पनि यसमा मिसियो। जनजाति ककसमा आबद्ध सभासद्हरूले विशेष समितिले दिने सुझाव संविधानसभाको राज्यपुनसंरचना समितिको अवधारणाविपरीत हुन सक्ने आशङ्का व्यक्त गर्दै दलका नेताहरूले गरेको सहमतिविपरीत संशोधन प्रस्तावमात्र दर्ता गराएनन्, त्यसको सम्बोधन नभए अप्रिय स्थिति आउने चेतावनी समेत दिए। सरकारले गठन गर्ने राज्य पुर्नसंरचना आयोगको विरोध गर्दै आएका ती नेताहरूले पछिल्लो समयमा भने विशेषज्ञ समिति बनाउनुभन्दा आयोगै बनाए हुने तर्क गर्न थाले। अन्ततः नेपालका तीन ठूला राजनीतिक दल तथा संयुक्त मधेशी मोर्चा राज्य पुर्नसंरचना आयोग बनाउन सहमत भए। यो वर्षको अन्त्यमा गठन भएको आयोग विवादरहित भएन। पार्टीको कोटाबाट सदस्य भएकाहरूले जनताको भावनाअनुसार काम गर्लान र त्यही अनुसारको प्रतिवेदन आउला भन्नेमा आमजनता आश्वस्त हुन सकेनन्।

९.२ जनजाति सभासद्को ककस

विभिन्न दलका १ सय ३७ जनजाति सभासद्को हस्ताक्षर सङ्कलन गरेर गठन गरिएको ककसमा करिब १ सय ७० जना सभासद् छन्।[३१] ककसलाई आदिवासी-जनजाति समुदायका सभासद्हरूको साझा मञ्च भनिए पनि संविधानसभाका २ सय १८ जनजाति सभासद्मध्ये कुलबहादुर गुरुङ, मीना पुन, सुनील प्रजापति, चन्द्रबहादुर गुरुङ (स्याङजा), लीला न्याईंच्याईंलगायत करिब ५० जना जति सभासद्ले यसको प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेनन्। ककसका वर्तमान संयोजक एमालेका पृथ्वी सुब्बा गुरुङ छन् भने यसअघि एमाओवादीका वर्षमान पुन र काङग्रेसका इन्द्रबहादुर गुरुङ थिए। ककसमा एमाओवादीका पाँच, काङग्रेस र एमालेका चार-चार र बाँकी अन्य दलका गरी २५ सदस्यीय सचिवालय छ। ककसको प्रतिबद्धतापत्रमा "विचार, राजनीति र दलगत हिसाबले फरक वा स्वतन्त्र भए पनि हामी सबै आदिवासी-जनजाति भएकाले जातीय अधिकार प्राप्तिका लागि एकै ठाउँमा उभिने प्रण गर्दछौं"[३२] भनिएको छ। एमालेको भातृ सङ्गठन नेपाल लोकतान्त्रिक आदिवासी र जनजाति महासङ्घका अध्यक्ष समेत रहेका ककस संयोजक पृथ्वी सुब्बा गुरुङले यो समूह आदिवासी-जनजातिका समुदायगत अधिकारको विषयमा वकालत गर्न बनेको बताए। गुरुङकै नेतृत्वमा जनजाति ककसले संसद्मा दलीय ह्वीपलाई चुनौती दिँदै राज्य पुनर्संरचना सम्बन्धी विवाद मिलाउन संविधानसभाबाट विज्ञ समूह गठन गर्ने प्रमुख तीन दलको प्रयास निस्फल पाऱ्यो। जनजाति सभासद्ले संसदीय अनुशासनको लक्ष्मणरेखा नाघ्दै उक्त प्रस्तावको विपक्षमा मतदान गर्ने भएपछि सरकारले विज्ञ समूह गठन गर्ने बाटो खुलाउन अघि सारेको अन्तरिम संविधानको ११औं संशोधन विधेयक फिर्ता लिनु परेको थियो। एमाओवादी उपाध्यक्ष मोहन वैद्यपक्षीय केही गैर-जनजाति सभासद्ले पार्टीको गुटगत स्वार्थका लागि जनजाति ककसको लाइनमा हस्ताक्षर गरे। संविधानको ११ औँ संशोधनको विपक्षमा ककसको तर्फबाट हस्ताक्षर गर्ने ७८ सभासद्मा रामकुमार यादव, विमला मिजार, पम्फा भुषाल, सरला रेग्मीलगायतका गैर-जनजाति सभासद् पनि थिए। सातबुँदे सहमति हुँदैखेरि राज्य पुनर्संचनाको विषयमा अनौपचारिक सहमति भइसकेको र संविधानसभाबाट विज्ञ समूह गठन गर्दा ६ सय १ जना जनप्रतिनिधि अविज्ञ भएको सन्देश जान्छ भनेर वैद्य पक्षले अन्तरिम संविधानको ११ औँ संशोधन विधेयकको विपक्षमा ककसको भरपूर उपयोग गरेको थियो। ककसका संयोजक गुरूङले माओवादीभित्रको आन्तरिक विवादले यसपटक जातीय मुद्दालाई फाइदा भएको बताए।[३३]

जातीय आधारमा सङ्घीयतामा जाने हो भने बाहुन क्षेत्रीलाई पनि प्रदेश चाहिन्छ भन्ने आवाज पनि मुखरित भयो। जनसङ्ख्याको ठूलो भाग ओगटेका बाहुन क्षेत्रीलाई अन्य जनजाति भनी वर्गीकरण गरेकोमा ती जातिका मानिसहरूका आवाज सुस्त सुस्त सुनिन थाले। बाहुन क्षेत्रीलाई आदिवासी जनजातिमा सूचिकृत गरिनुपर्ने माग ती समुदायले उठाए पनि त्यस सन्दर्भमा खासै विचारविमर्श भएन। जनसङ्ख्याको ठूलो भाग

३०. पार्टीभित्रै नेताहरू कमजोर राजेन्द्र फुयाँल, *कान्तिपुर* । ०६८ मङ्सिर १६, पृ.१
३१. दाहाल, सरोज र गाहा मगर, सन्त, *हिमाल खबर पत्रिका,* पुस १६-३०"ककस" को सकस, पृ. १८
३२. पूर्ववत्
३३. पूर्ववत्

ओगटेका समुदायको आवाजलाई कम आँक्ने हो भने यसले भविष्यमा समस्या ल्याउनसक्ने आँकलन धेरैले गरे।

१०. कब्जा गरिएका जग्गा फिर्ताको सवाल

सशस्त्र द्वन्द्व र सङ्क्रमणकालको समयमा कब्जा गरिएको जग्गा र अन्य सम्पत्तिको विषय द्वन्द्वोत्तर समाजको चुनौतीपूर्ण सालहरूमध्ये एक हो। एमाओवादी, नेपाली काङ्ग्रेस,नेकपा एमाले तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच भएको सातबुँदे सहमतिको दफा ६ (क) मा सशस्त्र द्वन्द्वको क्रममा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को कब्जामा रहेका निजी तथा सार्वजनिक घर, जग्गा सम्बन्धित व्यक्ति र संस्थालाई फिर्ता गरी भोग चलन गराउन एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले संस्थागत निर्णय गरी ०६८ मङ्सिर ७ गते भित्र सम्बन्धित व्यक्ति र संस्थालाई उपलब्ध गराइने प्रतिबद्धता व्यक्त भएको छ। कब्जा भएको अवधिको जग्गाको आयस्तावापत सम्बन्धित व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति दिइनेछ भनी उल्लेख गरिएको भएपनि यो सहमति पनि विगतका सहमति झैं बेवारिसे भयो। जसको कारण थियो एमाओवादी भित्रको विवाद। वैद्यपक्षीय नेता तथा कार्यकर्ताले आफ्नै नेतृत्वले गरेको सहमति मान्न बाध्य नभएको बताए। सोही पार्टीका महासचिव रामबहादुर थापा 'बादल'ले विराटनगर विमानस्थलमा पत्रकारसँग कुराकानी गर्दै जग्गा फिर्ता लिन आउनेलाई लखेट्ने धम्की दिए। उनले सोही क्रममा संविधानमा भूमिसुधारको व्यवस्था गरेमात्र कब्जा गरिएको घरजग्गा फिर्ता गर्न सकिने बताएका थिए।

बर्दियाको राजापुरमा माओवादीको संस्थापन पक्षले फिर्ता गरेको घोषणा गरेको जग्गा उपाध्यक्ष मोहन वैद्य पक्षले फेरि कब्जामा लियो। माओवादीका बर्दिया इन्चार्ज हिमालले नेपाली काँङ्ग्रेस पूर्व सांसद विनयध्वज चन्द र उनका भाइ विनोदध्वज चन्दसहितको ४५ विगाहा जग्गा फिर्ता गरेको घोषणा गरे पनि वैद्यपक्षले फेरि कब्जा गरेको भन्दै फिर्ता गरिएको भनिएको जग्गामा ४३ वटा झण्डा गाड्यो। प्रहरीले केही झण्डा झिके पनि थारुवान राज्य समिति सदस्य द्रव्य शाहले जग्गा फिर्ताको कुरा मान्य नहुने बताए।

निष्कर्ष र सुझाव

अन्तिमपटकका लागि थप गरिएको संविधानसभाको म्याद थप गर्ने सर्वोच्च अदालतको पछिल्लो आदेश कायम रहेमा जेठ १४ गते संविधानसभाको म्याद सकिनेछ। बाँकी रहेका पाँच महिनामा संविधान बनेमा नयाँ बन्ने संविधानले नै देशको भविष्यको मार्ग निश्चित गर्नेछ। तर, कथमकदाचित् यो अवधिमा संविधान नबने त्यसपछिको विकल्पका बारेमा अझै स्पष्ट हुन सकेको छैन। त्यसबेला नेपालका राजनीतिक दलसँग दुईवटा विकल्प रहनेछन् १. सर्वोच्च अदालतको आदेशको अवज्ञा गर्ने र संविधानसभाको म्याद थपका लागि संविधानको संशोधन गर्ने २.सर्वोच्चको आदेशअनुसार जनमत सङ्ग्रह गर्ने वा ताजा जनादेशमा जाने। सर्वोच्च अदालतको आदेशपछि नेपालको राजनीतिक वृत्तमा ठूलै हलचल ल्याएकै हो। आदेशको प्रभाव र त्यसबारे जेजस्तो टीकाटिप्पणी जे भएको भए पनि सभासद्हरूलाई यसले विचलित तुल्याएको छ। राजनीतिक तहमा संसद्भित्र केही सभासद्ले फैसला विरुद्ध तीखो टिप्पणी मात्र गरेनन् अदालतले आफ्नो कार्यक्षेत्र भुलेको आरोपसमेत लगाए।

संविधानसभाको कार्यकाल ६ महिना थप्नेबित्तिकै एकातिर संविधान निर्माण तदारुकताका साथ सम्पन्न गर्ने महत्वाकाङ्क्षी कार्यतालिका बन्यो भने अर्कातिर शान्तिप्रक्रिया अन्तर्गत केही महत्वपूर्ण कामहरू भए। संविधानसभाको सबैभन्दा ठूलो दल एनेकपा माओवादीको केन्द्रीय समिति बैठकमा भएका विवादले समग्र शान्तिप्रक्रियालाई नै प्रभाव पार्ने छाँट देखायो। संविधानसभामा बहुमत सदस्य भएको एमाओवादीमा हुने विवादले संविधान निर्माणको समग्र प्रक्रियालाई असर पुग्छ। सातबुँदे समझदारीअनुसारको शान्तिप्रक्रिया अगाडि बढाउने या नबढाउने भन्ने विषयमा माओवादी नेतृत्वले अब ठोस निर्णय गर्नुपर्ने बेला आएको छ।

सातबुँदे सहमतिमा उल्लेख गरिएका सेना समायोजनलगायतका कार्यहरू यो वर्षको अन्त्यसम्म शुरु भएनन्। सम्झौतामा उल्लेख भएका भन्दा बढी सङ्ख्यामा समायोजन रोजेका लडाकुका बारेमा के हुने भन्ने विषयमा सहमति हुनु जरुरी छ। विस्तृत शान्ति सम्झौता भएको यतिका वर्षसम्म पनि विभिन्न

आयोगहरू गठन हुने सुरसारसम्म छैन। सत्य निरूपण तथा मेलमिलाप आयोगका लागि प्रस्तावित विधेयकमा विगतमा भएका अपराधमा संलग्नलाई मेलमिलापका नाममा माफी दिने प्रवाधान राखिएको भनी चर्चा भयो। बेपत्ता छानबिन आयोग गठनमा भएको ढिलाइलाई हेर्ने हो भने नेपालका राजनीतिक दलहरू बेपत्ता पारिएका मानिसहरूको अवस्था पत्ता लगाउन उदासीन छन् भन्ने अनुमान लगाउन सकिन्छ। सशस्त्र द्वन्द्वकालमा कब्जा गरिएका घर जग्गा फिर्ता गर्ने एमाओवादी प्रतिबद्धता आफ्नै पार्टीका कार्यकर्ताको असहयोगका कारण सफल हुन सकेन।

सत्ता र सत्ताको खेलका कारण नेपाली शान्ति प्रक्रिया यथावत रहने हो भने जति सम्झौता गरे पनि यसले नेपाली जनताको शान्ति र संविधानको चाहानालाई पूरा गर्दैन। नयाँ संविधानले नै शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउँछ भन्ने सोचाइ नेपालका राजनीतिक दलहरूले नराख्ने हो भने जति पटक म्याद थपे पनि संविधान बन्छ भन्ने कुरामा नेपाली जनता विश्वस्त हुन सक्दैनन्। अन्तरिम संविधानको भरमा मुलुक लामो समयसम्म चल्न सक्दैन। शान्तिप्रक्रियामा देखिएका चुनौतीलाई अवसरमा बदल्न नेपालका राजनीतिक दल तथा नेता-सफल भएमात्रै संविधान बन्ने हो।

सुझावहरू

- संविधान निर्माणको मूल कार्यभारलाई पूरा गर्न राजनीतिक दलहरूका बीचमा रहेका असहमतिलाई कम गर्नुपर्छ।
- दलीय स्वार्थ भन्दा माथि शान्ति र संविधानलाई राख्नुपर्छ।
- विभिन्न समयमा गरिएका सहमतिको इमान्दारीपूर्वक कार्यान्वयन हुनुपर्छ।
- विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका विभिन्न आयोगहरू गठनमा ढिलाइ गर्नुहुँदैन।
- दण्डहीनताको अन्त्यका लागि कानुनको प्रभावकारी कार्यान्वयन गर्नु जरुरी छ।

परिच्छेद

३

३.१ राज्य र मानवअधिकार

न्यायपालिका

घटनाक्रम

(०६७ पुस १७ गतेदेखि ०६८ पुस १७ गतेसम्म)

पुस १८ गते

सर्वोच्च अदालतका प्रधानन्यायाधीश, न्यायाधीश र संवैधानिक निकायका प्रमुखको नियुक्तिबारेमा दलहरूबीच भएको सहमतिका विषयमा २७ दलको बैठकमा पुन विवाद।

पुस २० गते

विशेष अदालतले मधेसवाणी पत्रिकाका सम्पादक राजेश अहिराजलाई तराईको सशस्त्र समूहको सूचना छापेको भन्दै ५ सय रुपियाँ जरिवाना।

पुस २१ गते

सर्वोच्च अदालतका अस्थायी न्यायाधीशद्वय प्रकाशचन्द्र वस्ती र भरतराज उप्रेतीलाई दुई वर्षको लागि पुन: नियुक्त गर्न न्याय परिषद्द्वारा सिफारिस।

पुस २६ गते

अनुसन्धानको क्रममा थुनामा रहेका थुनुवा र बन्दीहरूले कानुन व्यवसायीसँग सहजरूपमा भेटघाट गर्न पाउने व्यवस्था मिलाउन केन्द्रीय न्याय क्षेत्र समन्वय समितिबाट सम्बन्धित निकायहरूलाई निर्देशन।

माघ ५ गते

कार्यक्षमता अभाव र भ्रष्टाचारको आरोप लागेका सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बममाथि महाअभियोग लगाउन प्रमुख तीन दल सहमत।

माघ १३ गते

आमाको नामबाट नागरिकता माग गर्दै दायर रिटमा सर्वोच्च अदालद्वारा विपक्षीको नाममा कारण देखाऊ आदेश।

माघ १९ गते

सर्वोच्च अदालतद्वारा यातायात क्षेत्रका सबैप्रकारका सिन्डिकेट र कार्टेलिङ खारेज।

माघ २४ गते

निर्वाचनमा मत हाल्नको लागि नागरिकता नै चाहिने सर्वोच्चको फैसला।

फागुन ९ गते

सर्वोच्च अदालतद्वारा राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन प्रस्तुत।

अपाङगका लागि आरक्षित पदमा लोक सेवा आयोगले सपाङग व्यक्तिको नाममा गरेको सिफारिस बदर गर्न माग गदै दायर रिटमा अन्तरिम आदेश जारी गर्ने नगर्नेबारे छलफल गर्न सर्वोच्चद्वारा लोक सेवा आयोगलाई बोलावट।

भैरवनाथ गणबाट ४९ जना व्यक्तिलाई बेपत्ता बनाइको भनी आरोपित नेपाली सेनाका अधिकृतलाई हिडडुल गर्न प्रतिबन्ध लगाउन माग गर्दै दायर रिटमा सर्वोच्चद्वारा हिँडडुलमा रोक्न नपर्ने ठहर।

फागुन ३० गते

संवैधानिक अदालत राख्न संविधानसभाले गरेको सहमतिप्रति प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठद्वारा आपत्ति, संवैधानिक आदलत भए लोकतन्त्र कमजोर हुने उनको भनाइ।

चैत २ गते

सर्वोच्च अदालतद्वारा पूर्वमन्त्री चिरञ्जीवी वाग्लेलाई भ्रष्टाचार गरेको अभियोगमा डेढ वर्ष कैद र ४ करोड ६ लाख रूपैयाँ जरिवाना र त्यति नै रकम बिगो जफत गर्ने फैसला।

संवैधानिक समिति अन्तर्गत गठित विवाद समाधान उपसमितिले संवैधानिक अदालतको विषयमा कानुनविद्सँग गरेको छलफलमा प्रधानन्यायाधीश तथा न्यायाधीशहरूले प्रस्तावित संवैधानिक अदालतको सट्टा सवोच्च अदालतभित्रै संवैधानिक इजलासको व्यवस्था गर्नु उपयुक्त हुने सुझाव।

चैत ८ गते

नयाँ संविधान जारी भएपछिको सङ्क्रमणकालमा पनि अहिलेकै राष्ट्रपति र उपराष्ट्रपति, सरकारप्रमुख र संवैधानिक निकायका पदाधिकारी बहाल रहने संवैधानिक समितिमा सहमति।

चैत १६ गते

आफूसँग हुँदै नभएको अधिकारको प्रयोग गरी करोडौं मूल्यको सरकारी जग्गा व्यक्तिको नाममा गरिदिने अख्तियारका दुई पूर्वआयुक्त ललितबहादुर लिम्बू र वेदप्रसाद शिवकोटीलाई तत्काल कारवाही गर्न सर्वोच्चद्वारा राज्य व्यवस्था समिति, संसद् र अख्तियारका नाममा आदेश जारी।

चैत २१ गते

प्रधानन्याधीश रामप्रसाद श्रेष्ठद्वारा नयाँ प्रधानन्याधीशको नियुक्तिको लागि संवैधानिक परिषद्को बैठक बोलाउन प्रधानमन्त्रीलाई अनुरोध।

चैत २३ गते

सर्वोच्चका न्यायाधीश प्रकाश वस्तीको अध्यक्षतामा बसेको बैंठकले भ्रष्टाचारका मुद्दा लम्बिएका कारण खोजतलासका लागि ६ बुँदे रणनीति तयार।

चैत २८ गते

नयाँ प्रधानन्यायाधीशको रूपमा सर्वोच्चका वरिष्ठ न्यायाधीश खिलराज रेग्मीको नाम संवैधानिक परिषद्द्वारा सिफारिश।

वैशाख ७ गते

मुद्दा पुर्पक्षको क्रममा कारागारमा रहेका थुनुवा वा कैदीहरूलाई अदालतको अनुमतिबेगर अर्को कारागारमा स्थानान्तर गर्न नपाई सर्वोच्च अदालतका न्यायाधीश दामोदरप्रसाद शर्माको अध्यक्षतामा केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको निर्णय।

वैशाख १५ गते

व्यवस्थापिका संसद् अन्तर्गतको संसदीय विशेष सुनुवाइ समितिले प्रधानन्यायाधीशका लागि सर्वोच्चका वरिष्ठ न्यायाधीश खिलराज रेग्मीको नाम अनुमोदन।

स्वीकृत नगरिएका गुणस्तरहीन पाठ्पुस्तक एवं शैक्षिकसामग्री विद्यालय हाताबाटै बिक्री वितरण गर्ने कार्य तत्काल रोक्न सर्वोच्च अदालतद्वारा सरकारको नाममा आदेश।

वैशाख २३ गते

उमेर हदका कारण प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठ सेवानिवृत्त, नयाँ प्रधानन्यायाधीशको रूपमा सर्वोच्चका वरिष्ठ न्यायाधीश खिलराज रेग्मीद्वारा पदभार ग्रहण।

जेठ १ गते

रातो पासपोर्ट दुरूपयोग गरेको अभियोगमा सभासद्द्वय गायत्री साह र विपि यादवलाई जनही १५ लाख रुपियाँ धरौटीमा रिहा गर्न विशेष अदालतको आदेश।

जेठ ४ गते

परीक्षकले दिएको अङ्कमा चित्त नबुझे उत्तरपुस्तिका देखाउन सार्वोच्चको आदेश।

जेठ ५ गते

कुमारी आमाबाट जन्मेका सन्तानलाई पनि वंशजकै आधारमा नागरिकता प्रदान सर्वोच्च अदालतको आदेश।

जेठ ११ गते

संविधानसभाको म्याद १ वर्ष थप्नु गैरकानुनी भएको भनी परेको रिटमा सर्वोच्चले संविधानसभाको म्याद ६ महिनाभन्दा बढी नथप्न अन्तिम आदेश जारी।

जेठ १६ गते

पत्रकार वीरेन्द्र साहको हत्या गर्ने दुई जनालाई जिल्ला अदालत बाराद्वारा जन्मकैदको फैसला।

हत्या अभियोग लागेका सञ्चारमन्त्री अग्नीप्रसाद सापकोटालाई हाजिर हुन सर्वोच्चद्वारा आदेश।

जेठ १७ गते

व्यापारी रामहरि श्रेष्ठको हत्यामा संलग्न भएको ठहर गर्दै माओवादी ब्रिग्रेड कमान्डर गोविन्दबहादुर बटालालाई जिल्ला अदालत चितवनद्वारा ३ वर्ष कैद सजाय।

जेठ ३१ गते

सर्वोच्च अदालतद्वारा सूचना तथा सञ्चारमन्त्री अग्नि सापकोटाउपर काभ्रे जिल्ला प्रहरी कार्यालयमा दर्ता गरिएको जाहेरी दरखास्तसहितको मिसिल झिकाउन आदेश।

असार ५ गते

सूचना तथा सञ्चारमन्त्री अग्निप्रसाद सापकोटाले पत्रकार कनकमणि दीक्षितविरुद्धदायर गरेको अदालतको अवहेलना मुद्दामा सर्वोच्च अदालते उनलाई लिखित जवाफसहित १५ दिनभित्र हाजिर हुन आदेश।

असार ६ गते

कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको हत्या अभियोगम पुनः गिरफ्तार परेका माओवादी लडाकू गोविन्दबहादुर बटालालाई थुनामुक्त गर्न सर्वोच्च अदालतको आदेश।

असार ७ गते

सूचना तथा सञ्चारमन्त्री अग्नीप्रसाद सापकोटालाई मन्त्रीको हैसियतमा काम गर्न रोक लगाउन नपर्ने सर्वोच्चको आदेश।

असार ९ गते

सदन अवरुद्ध गर्ने सभासद् विश्वेन्द्र पासवान, सदरुल मियाँ हक, बुबद्धरत्न मानन्धर र रुक्मिणी चौधरीलाई सदनको शान्ति व्यवस्था र अनुशासन उल्लङ्घन गर्ने चार सभासद सात दिनको लागि

निलम्बन गरेका विरुद्ध रिट सर्वोच्च अदालतद्वारा इन्कार

असार १२ गते

हत्या अभियोगमा सर्वस्वसहित जन्मकैद सजाय पाएका माओवादी सभासद बालकृष्ण ढुंगेल विरुद्धको फैसला कार्यान्वयन गर्न कुनै बाधा नदेखिएको सर्वोच्च अदालतको ठहर।

यौनदुव्यवहार गर्ने शिक्षक जीवछप्रसाद यादवलाई १० वर्ष कैद र ५० हजार रुपियाँ जरिवाना र पीडितलाई २५ हजार रपियाँ क्षतिपूर्ति दिन पुनरावेदन अदालत नेपालगञ्जको फैसला।

असार १५ गते

सुडान घोटला प्रकरणमा संलग्न राजनीतिक र प्रशानिक नेतृत्वलाई उन्मुक्ति दिने नहुने भन्दै परेको रिटमा सर्वोच्चद्वारा कारण देखाऊ आदेश।

साउन ४ गते

जिल्ला अदालत बर्दियाको कालिका गाविस हरिकृष्ण भुजेललाई यौनदुर्व्यवहारको अभियोगमा २५ वर्ष कैद फैसला।

साउन २६ गते

सर्वोच्च आदलतद्वारा सामुदायिक विद्यालयमा माध्यमिक तहसम्म नि:शुल्क शिक्षाको व्यवस्था गर्न सरकारलाई आदेश।

साउन ३० गते

सर्वोच्च अदालतद्वारा संविधानसभाका सभासद्द्वय केशव मैनाली र राजकुमार नाल्बो लिम्बूको ठाउँमा अन्यलाई तत्काल नियुक्त नगर्न सकारलाई आदेश।

भदौ ११ गते

संविधानसभाको थपिएको तीनमहिने कार्यकाल असंवैधानिक भन्दै दायर रिट सर्वोच्चद्वारा खारेज।

कात्तिक १७ गते

पहिलाको आदेश उल्टाउँदै श्यामसुन्दर गुप्तालाई सभासद्मा पुनस्थापना गर्न सर्वोच्च अदालतद्वारा आदेश।

मङ्सिर ७ गते

जन्मकैद सजाय पाएका माओवादी सभासद बालकृष्ण ढुंगेललाई सरकारले आममाफी दिने सरकारले राष्ट्रपति समक्ष गरेको सिफारीस कार्यान्वयन नगर्न सर्वोच्चद्वारा अन्तिरिम आदेश जारी।

मङ्सिर ९ गते

संविधानसभाको म्याद ६ महिनाभन्दा बढी नथप्न नमिल्ने सर्वोच्चको फैसला।

पुस ७ गते

सरकारले ५ वर्षअघि १ लाख ७२ हजारलाई जन्मको आधारमा नागरिकता दिनु संवैधानिक कि असंवैधानिक भन्दै सर्वोच्च अदालतद्वारा छलफलको लागि सरकारलाई बोलावट।

पुस ११ गते

संविधानसभाको कार्यकाल ६ महिनाभन्दा बढी थप्न नपाइने भनी सर्वोच्चले गरेको फैसलाविरुद्ध सरकारको तर्फबाट महान्यायाधिवक्ता मुक्ति प्रधान र संविधानसभाका तर्फबाट सुवाचन्द्र नेम्वाङले सर्वोच्च निवेदन दर्ता।

पुस १२ गते

सर्वोच्च अदालतले संविधानसभाको म्याद थपसम्बन्धी आदेश पुनरावओलकनका लागि सरकार र संसद्ले गरेको आग्रह अस्वीकार गर्दै निवेदन दरपीठ।

दैलेखको काँडाचौरस्थित भवानी बक्स गणका तत्कालीन उपसेनानी जिवेश थापासहित चारजना विरुद्ध दायर बलात्कारसम्बन्धी किटानी जाहेरी दर्ता गर्न जिल्ला प्रहरीले दैलेखले अस्वीकार गरेपछि सर्वोच्च रिट दायर गर्न गएका अधिकारमर्कीको रिट निवेदन सर्वोच्च अदालतबाट अस्वीकार।

१. पृष्ठभूमि

यस वर्ष मानवअधिकारको संरक्षण, सम्मान गर्न र मुलुकमा दण्डहीनताको अन्त्य गरी कानुनी शासनको स्थापनाका लागि न्यायपालिकाबाट निकै प्रशंसनीय पहलहरू भएको पाइयो। नागरिकता, दण्डहीनता अन्त्यका सम्बन्धमा, राज्यका निकायमा समावेशी सम्बन्धमा, छुवाछूत सम्बन्धमा, जेष्ठ नागरिकका अधिकार, शिक्षा, स्वास्थ्य र रोजगारका अधिकार सम्बन्धमा, द्वन्द्वका क्रममा भएका घटनाको निष्पक्ष छानबिन गर्ने सम्बन्धमा र मतदाता नामावली आदि विषयका सम्बन्धमा सर्वोच्च अदालतबाट उल्लेखनीय निर्णय तथा आदेशहरू जारी भयो।

सर्वोच्च अदालतले संविधानसभाको म्याद बारम्बार म्याद थप नगर्न, उप्रान्त एकपटक मात्र म्याद थप गर्न आदेश दियो। अदालतले राजनीतिक हस्तक्षेप गरेको भनी सरकार र संसद्बाट उक्त निर्णय आलोचित भयो। फरकफरक समयमा परेका एकैकिसिमका विवादमा दुई किसिमका निर्णय गर्नाले आफूले एकपटक स्थापित गरेको नजिरमा अडिग नरहेका कारण अदालत विवादमुक्त रहन सकेन। यसले गर्दा अदालतले न्यायिक हस्तक्षेप गरेको भनी राजनीतिक दलहरूबाट तीब्र आलोचना गर्ने आधार तयार भयो। सरकार र संसद्ले अदालतको निर्णयको पुनरावलोकनका लागि निवेदन दर्ता गराउने प्रयास असफल भएपछि न्यायालय, सरकार र संसद्बीच राजनीतिक तनाव सिर्जना भएको स्पष्ट देखियो।

अघिल्ला वर्षहरू झैँ यस वर्ष पनि न्यायिक क्षेत्रमा राज्यका अन्य प्रमुख दुई अङ्ग कार्यपालिका र व्यवस्थापिकाको प्रत्यक्ष तथा अप्रत्यक्ष हस्तक्षेप भएको पाइयो। अदालतबाट भएका आदेशहरू; विशेषगरी सशस्त्र द्वन्द्वका समयमा भएका मानवअधिकार उल्लङ्घनका मुद्दाका सम्बन्धमा अदालतले गरेको निर्णय कार्यान्वयन नगरी घटनालाई राजनीतिक आवरण दिँदै राष्ट्राध्यक्षसमक्ष माफिका लागि सिफारिस गर्ने निर्णय सरकारले गऱ्यो। संविधान निर्माणप्रक्रियामा संविधानसभामार्फत बन्ने नयाँ संविधानमा संवैधानिक विवादको सुनुवाइ गर्नका लागि संवैधानिक अदालतको अवधारणा अगाडि सारेर राजनीतिक दलहरूबीचको सहमतिले सर्वोच्च न्यायिक निकायको क्षेत्राधिकारमा हस्तक्षेप गर्न खोजेको देखियो।

सशस्त्र द्वन्द्वका समयमा भएका घटनाका सम्बन्धमा विभिन्न तहका अदालतबाट फरकफरक प्रकारका निर्णय आउनाले र सत्य निरूपण तथा मेलमिलाप आयोग र अदालतहरूको अधिकारक्षेत्र सम्बन्धमा सबै तहका अदालतको एउटै अडान नहुनाले घटनाका पीडितलाई अन्यौलमा पाऱ्यो। स्पष्ट निर्णय दिएर आफू मातहतका अदालतहरूलाई मार्गनिर्देशन गर्नुको साटो सर्वोच्च अदालत स्वयम्ले पनि त्यस्ता निर्णय गरेकाले टिका टिप्पणी भयो।

न्यायपालिकाको नीतिगत सुधार र न्यायालयलाई भ्रष्टाचारमुक्त बनाउन प्रधानन्यायाधीशहरूबाट राम्रा प्रयासहरूको थालनी हुँदै आएका छन्। यसै क्रममा न्यायिक इतिहासमा पहिलोपटक सर्वोच्च अदालतका न्यायाधीशलाई महाअभियोग लगाउन न्यायपरिषद्ले गरेको सिफारिसलाई राजनीतिक दलहरूले पनि सहमति जनाए तापनि महाअभियोगको प्रक्रिया भने अगाडि बढ्न सकेन। सन् २०११ मा दुईजना प्रधानन्यायाधीशले न्यायालयको नेतृत्व लिए। प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठ उमेर हदका कारण पदमुक्त भएपछि वरिष्ठता क्रममा रहेका न्यायाधीश खिलराज रेग्मीले न्यायपालिकाको नयाँ नेतृत्व सम्हाल्दै आएका छन्। पूर्वप्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठको अवकाशपछि सर्वोच्च अदालतका अन्य पाँचजना न्यायाधीशले अवकाश पाइसकेकोमा ती रिक्त पदमा यस वर्ष नियुक्ति हुन सकेन। साथै, लामो समयदेखि पुनरावेदन अदालत र जिल्ला अदालतमा रिक्त रहेका न्यायाधीशहरूको पदपूर्ति पनि यस वर्ष भएन।

२. स्वतन्त्र न्यायपालिका

न्यायिक प्रक्रियाको मेरुदण्ड स्वतन्त्रता, सक्षमता र निष्पक्षता हो। नागरिकहरूको न्यायमा सहज पहुँच तथा स्वच्छ र शीघ्र सुनुवाइले न्याय प्रणालीप्रति उनीहरूको विश्वास पलाउँछ। अदालत वा न्यायाधीशमाथि अन्य कसैको दबाब र हस्तक्षेपलाई स्वीकार गर्ने हो भने न्याय दुर्लभ बन्न पुग्दछ। कानुन र न्यायका मान्य सिद्धान्तका आधारमा नभई पहुँच र प्रभावको आधारमा न्यायिक निर्णय आउने अवस्थाले अन्ततोगत्वा न्याय प्राप्त गर्न पाउने नागरिकको हक नै कुण्ठित हुने स्थिति सिर्जना हुन्छ। नागरिकको जीवन, स्वतन्त्रता र हक अधिकारसम्बन्धी महत्वपूर्ण विषयमा निर्णय गर्ने क्षेत्राधिकार भएको यस्तो निकाय वा अधिकारीलाई अरूको हस्तक्षेप, दबाब वा प्रभावमा राख्दा न्यायिक कार्यमा विचलन आउन सक्दछ। त्यसैले न्यायिक निकाय अधिकारीको हित रक्षार्थ नभई नागरिकहरूको न्याय प्राप्त गर्ने हकको सम्मान र

सुनिश्चितताको लागि न्यायिक स्वतन्त्रताको अपरिहार्यता रहन्छ।[१] न्यायिक स्वतन्त्रताको अवधारणाको प्रत्यक्ष सम्बन्ध विधिको शासन र लोकतन्त्रसँग जोडिएको हुन्छ। व्यवहारिक लोकतान्त्रिक पद्धतिको अस्तित्व कायम राखिराख्न र कानुनको शासन कायम राख्नको लागि न्यायिक निकायलाई कार्यपालिका र व्यवस्थापिकालगायतका राज्यका अन्य निकाय वा पदाधिकारीबाट स्वतन्त्र राख्नुपर्दछ।

सामान्यतया सङ्क्रमणकालीन न्यायको नीति निर्धारण कार्यपालिका र व्यवस्थापिकाबाट हुन्छ। त्यस्ता नीति कार्यान्वयन सम्बन्धमा परेका विवादको निरूपण गर्ने सन्दर्भमा अदालतले पनि आफ्नो भूमिका प्राप्त गर्दछ। नेपालको वर्तमान अवस्था हेर्ने हो भने स्पष्ट व्यवस्थापकीय र कार्यपालिकीय नीतिको अभावमा पनि न्यायपालिकाले नेपालको सङ्क्रमणकालीन न्यायको एउटा प्रारूप दिन खोजेको देखिन्छ। अदालतबाट भएका आदेशहरूबाट नेपालको सर्वोच्च अदालतले व्यवस्थापकीय कानुनको अभावमा पनि न्यायिक सक्रियताको माध्यमबाट सशस्त्र द्वन्द्वको समयमा भएका मानवअधिकारको उल्लङ्घनलाई सम्बोधन गर्नका लागि सकारात्मक योगदान दिएको छ।[२]

नेपालको विस्तृत शान्ति सम्झौतालगायतका दस्तावेज र नेपालको अन्तरिम संविधानमा सङ्क्रमणकालीन न्यायका विषयका विभिन्न उपायहरू अवलम्बन गरिने उल्लेख भए पनि कुनै पनि निकाय स्थापना भएका छैनन्। यस्तो अवस्थामा सामान्य फौजदारी न्यायका संयन्त्रबाट पहिले भएका मानवअधिकार उल्लङ्घन भएका विषय हेर्न मिल्छ कि मिल्दैन भन्ने विषयमा कानुन कार्यान्वयन गर्ने निकायहरूमा द्विविधा रहेको अवस्थामा सर्वोच्च अदालतले उचित निर्देशन गरेको पाइन्छ। रीता गिरीको मुद्दामा द्वन्द्वकालमा भएको हत्याको घटनामा अनुसन्धान गर्ने निकायबाट कारबाही नभएको भनी पुनरावेदन अदालतमा परमादेशको आदेश माग गरिएको थियो। पुनरावेदन अदालतले विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा पहिले भएका घटनाका सम्बन्धमा कारबाही गर्न छुट्टै संयन्त्रको व्यवस्था गरिएकोले तत्काल कारबाही गर्न परमादेश जारी गर्न परेन भन्यो। तर सर्वोच्च अदालतले सत्य निरूपण तथा मेलमिलाप आयोगले हेर्ने भन्दैमा प्रचलित कानुनको प्रक्रिया अवलम्बन गर्नबाट विमुख हुन नमिल्ने भनी कारबाही चलाउन आदेश दियो। यस्तै प्रकृतिको अन्य मुद्दाहरूमा[३] सर्वोच्च अदालतले प्रचलित कानुनअनुसारको कारबाही सहजरूपमा अघि बढ्नुपर्ने आदेश दिएको थियो। तर पछिल्ला दिनहरूमा अदालतको यो प्रवृतिमा अलि परिवर्तन आएको देखियो। द्वन्द्वका अवधिमा भएका हत्यालगायतका मुद्दामा अदालतबाट कारबाही शुरु भएको अवस्थामा सो कार्य विस्तृत शान्ति सम्झौता विपरीत भएकाले रोकी पाऊँ भनी आरोपित व्यक्तिहरूको निवेदनमा सुनुवाइ गर्दा सर्वोच्च अदालतले तत्कालका लागि अन्तरिम आदेश[४] जारी गऱ्यो। यस आदेशले नियमित फौजदारी कानुनी प्रक्रिया तत्कालको लागि रोक्न भनेको छ।

सर्वोच्च अदालतले आफ्नो स्वतन्त्रताको उपयोग गरी आफूसमक्ष आएका विवादको अदालती प्रक्रियाद्वारा निराकरण गरी आफू मातहतका अदालतलाई निर्देशन दिनुपर्ने अवस्थामा त्यसो नगरी आफू मातहतका अदालतले प्रयोग गरेको आफ्नो स्वतन्त्रताको अधिकार उपयोग गर्न नदिई दिग्भ्रमित पाऱ्यो। उदाहरणका लागि ०६० भदौमा अपहरण गरी असोज ६ गते मारिएका गुरु लुइँटेलको हत्यामा आरोपित माओवादी नेता केशव राईलाई सर्वोच्च अदालतले शान्ति सम्झौता र स्थापना नै नभएको सत्य निरूपण तथा मेलमिलाप आयोगको जिम्मा लगाएर तत्काल कारबाही नगर्न ०६७ माघ १२ गते आदेश दियो। जबकी पीडित परिवारको किटानी जाहेरीका आधारमा ओखलढुङ्गा जिल्ला अदालतले राईविरूद्ध पक्राउ पूर्जी जारी गरेको थियो।

सर्वोच्च अदालतले यी मुद्दाहरूको अन्तिम

---

१. अम्बरबहादुर राउतविरुद्ध गृहमन्त्रालयसमेत, रिट नं. ०६६-WS-००४३, सर्वोच्च अदालत बुलेटिन २०६८, असोज १-१५, पूर्णाङ्क ४६१, वर्ष २०, अङ्क ११, सर्वोच्च अदालत

२. सङ्क्रमणकालीन न्यायमा सर्वोच्च अदालतका फैसलाहरूको विश्लेषण, न्यायाधीश समाज, २०६८, पृ २८

३. देवी सुनार वि. जिल्ला प्रहरी कार्यालय काभ्रेपलानचोकसमेत, सम्वत् २०६२ सालको रिट नं. ०६४१, केदार चौलागाई वि. जिल्ला प्रहरी काभ्रेपलानचोक समेत, सम्वत् २०६४ सालको रिट नं. ०३४० र कर्णबहादुर रसाइलीवि. जिल्ला प्रहरी काभ्रेपलानचोक समेत, सम्वत् २०६४ सालको रिट नं. ०३३९

४. केशव राईविरुद्ध मन्त्रिपरिषद्को कार्यालयको सचिवालय समेत २०६७ सालको रिट नं. ०५३२ र अनिता घिमिरेसमेत वि मन्त्रिपरिषदको सचिवालयसमेत २०६७ सालको रिट नं. ०५८४

किनारा हुँदाका बखतमा सबै कुरालाई मनन गरेर उपयुक्त निकायको लागि आदेश जारी गर्नेछ भनेर मान्न सकिन्छ। सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको व्यवस्था नभएको अवस्थामा प्रचलित फौजदारी कानुन सक्रिय हुने भनी जाहेरी दरखास्त दर्ता गरी कारबाही गर्न देवी सुनारलगायतका मुद्दामा दिएको आदेशभन्दा पृथक परिणाम आउने गरी केशवबहादुर राईलगायतका मुद्दामा आदेश भएको पाइन्छ। पछिल्लो मुद्दामा सशस्त्र द्वन्द्वका अवधिमा भएका अपराधका बारेमा दायर भएका मुद्दामा जिल्ला अदालतबाट जारी भएको पक्राउ पूर्जी सर्वोच्च अदालतको अन्तरिम आदेशबाट रोक लगाइयो। यसबाट सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू स्थापना नभएका अवस्थामा विगतका अपराधहरूलाई सम्बोधन गर्नका लागि प्रचलित फौजदारी कानुनले सीमित मात्रामा भए पनि सम्बोधन गर्ने सम्भावनाको पनि अन्त्य हुने होकी भन्ने द्विविधा सिर्जना भयो। यस्ता एक आपसमा नमिल्ने विरोधाभाषपूर्ण ढङ्गबाट भएका फैसलाहरूलाई सर्वोच्च अदालतबाट नै एकरूपता ल्याउन आवश्यक देखिन्छ।

अदालतबाट समान घटनामा फरक फरक निर्णय दिएकाले पीडितले न्याय नपाएको र दोषीमाथि कारबाही हुन नसक्ने भएकाले देशमा दण्डहीनता बढेको गुनासो पीडितहरूले गरे। द्वन्द्वकालमा भएका जघन्य अपराधका समान घटनामा न्यायालयले दिएको असमान[४] आदेशबाट देशमा दण्डहीनता बढ्ने सम्भावना हुन्छ। त्यसकारण अदालतले न्यायिक स्वतन्त्रताको प्रयोग गर्दा न्यायपूर्ण र तर्कसङ्गत ढङ्गबाट गर्नु आवश्यक छ। स्वतन्त्रताको प्रयोग गर्दा एकै प्रकारका मुद्दामा कसैलाई सजाय दिने र कसैलाई उन्मुक्ति दिने गरी गरिएको निर्णय न्यायसङ्गत मान्न सकिन्न।

संविधानसभाको म्याद पटकपटक थप्ने काम विरुद्ध सर्वोच्च अदालतमा दायर रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले संविधान बन्न कति समय लाग्छ भन्नेबारे पहिले नै यकिन गरेर अब एक पटकमात्र थप गर्न ०६८ मङ्सिर ९ गते आदेश दियो। थपिएको समयमा पनि संविधान नबने संविधानसभा स्वत: विघटन हुने पनि आदेशमा भनिएको छ। अब थपिएको समयमा पनि संविधान बनेन भने जनमत सङ्ग्रह गराउने हो वा अर्को संविधानसभा चुनाव गराउने वा के गर्ने हो भन्ने बारे सोच भन्दै यी सबै कुरा यकिन गरेमात्र म्याद थप्न भनेको छ। सर्वोच्च अदालतले आवश्यकताको सिद्धान्तका आधारमा म्याद थपिनु सामान्य घटना नभएको भन्दै संविधानसभाले उत्तरदायी भएर अबका दिनमा म्यादभित्र संविधान बनाउने कामप्रति प्रतिबद्ध हुनुपर्ने ०६८ भदौ १३ गते गरेको फैसलामा उल्लेख छ।

संविधानसभा म्याद थप सम्बन्धमा सर्वोच्च अदालतले छ महिनाको समयावधि तोके तापनि त्यस समयावधिभित्र संविधान निर्माण हुन नसकेको अवस्थाका लागि थुप्रै विकल्पहरू संसद्समक्ष राखिदिएर संसद्लाई मार्गप्रशस्त गरेको छ। संसद् स्वतन्त्र भएकोले जनभावनाअनुरूप संविधान निर्माण कार्यलाई रणनीतिक ढङ्गले अगाडिको बाटो पहिल्याई देशलाई संविधान दिन आवश्यक छ न कि अदालतको क्षेत्राधिकारका सम्बन्धमा अनावश्यक टिका-टिप्पणी गरेर। सर्वोच्च अदालतका नेतृत्वले पनि आफ्नो ओहदाको मर्यादा राखी अदालतमा आएका विवादका सम्बन्धमा सार्वजनिक सभामा अभिव्यक्ति दिई हिड्न हुँदैन थियो। सरकार र संसद् दुवैले संविधानसभाको म्याद थप सम्बन्धमा भएको फैसलाको पुनरावलोकनका लागि निवेदन दिने तयारी भइरहेका बेला प्रधानन्यायाधीश खिलराज रेग्मीले संविधानसभाको म्याद अन्तिम पटक छ महिना मात्र थप्न सकिने सर्वोच्च अदालतको फैसला अन्तरिम संविधानको धारा १०७ अनुरूप भएकोले म्याद थप सम्बन्धमा पुरावलोकन गर्नुपर्ने कुनै आधार नभएको भनी दिएको अभिव्यक्ति स्वतन्त्र न्यायपालिकाका लागि शोभनीय मान्न सकिन्न। त्यसैगरी संविधानसभाका सभाध्यक्ष समग्र संविधानसभाको नेतृत्व तहमा बसेका व्यक्ति भएकाले उनले पनि आफनो पदीय हैसियतमा नै अदालतलमा पुनरावलोकनका लागि निवेदन लिएर जान कतिको उचित हुन्छ भन्ने पनि प्रश्नप्रति ध्यान पुऱ्याउनु आवश्यक थियो।

अन्तरिम संविधानको नवौं संशोधनअनुसार अघिल्लो पटक गरिएको तीन महिना म्याद थपलाई आवश्यकताको सिद्धान्तअनुसार वैध भने तापनि

---

४. न्यायालयले एकै प्रकृतिका घटनामा फरक फैसला दिँदा पनि काभ्रेकी स्कुले विद्यार्थी मैना हत्याका दोषी सैनिकलाई कारबाही र ओखलढुङ्गाका शिक्षक गुरु लुइँटेल हत्याका दोषी माओवादी नेतालाई सफाइ दिने सर्वोच्चको आदेश विवादास्पद रहेको छ। द्वन्द्वकालमा हत्याबारे सर्वोच्चको आदेश सच्याउन माग। *कान्तिपुर दैनिक*। ०६७ पुस २७ गते: पृ. ३

दरपीठ आदेश

व्यवस्थापिका संसद्का सभामुख सुवासचन्द्र नेम्वाङले यस अदालतको विशेष इजलासबाट मिति २०६८।८।९ मा ०६८-WS-००१४ को उत्प्रेषणसमेत निवेदनमा भएको आदेश न्याय प्रशासन ऐन २०४८ को दफा ११ (१) (ख) बमोजिम पुनरावलोकन गरी पाऊँ भन्ने निवेदन पेस गरेको देखियो।

सो सम्बन्धमा न्याय प्रशासन ऐन २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) मा सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानुनी सिद्धान्तको प्रतिकूल निर्णय भएको देखिएमा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्नसक्ने भन्ने व्यवस्था उल्लेख भएको देखिए तापनि सोही दफाको उपदफा २ को खण्ड (ख) मा पुनरावलोकनका लागि उल्लेख भएको देखिए पनि सोही दफाको उपदफा २ को खण्ड (ख) मा पुनरावलोकनका लागि परेको निवेदनमा उठाइएका प्रश्नहरू सर्वोच्च अदालतको संयुक्त इजलासमा पनि उठाइएको र त्यसमा न्यायाधीशहरूको राय नमिली पूर्ण इजलासबाट सुनुवाइ भएकोमा सो प्रश्नहरूको निरूपण गरी निर्णय भइसकेको विषयमा यस आदालतले गरेको आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न नमिल्ने भन्ने कानुनी व्यवस्था रहेको पाइयो। सो बमोजिम दफा ११ को उपदफा २ को खण्ड (ख) को कानुनी व्यवस्थाको व्याख्या गर्दै यस अदालतको पूर्ण इजलासबाट मिति २०६५।४।१७ मा निवेदक रामकृष्ण निरौलाविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत भएको उत्प्रेषणसमेत निवेदनमा 'पूर्ण इजलासमा पेस भई पूर्ण इजलासबाट निर्णय भएको मुद्दामा बृहत् एवम् विशद रूपमा छलफल भई निर्णय हुने भएकाले पूर्ण इजलासबाट भएको निर्णय र यसबाट प्रतिपादित कानुनी सिद्धान्त न्याय प्रशासन ऐन २०४८ को दफा ११ (१) को पुनरावलोकनको विषयभित्र पर्छ भन्न मिलेन' भनी व्याख्या भएको देखिन्छ।

यसैगरी, यस अदालतको पूर्ण इजलासबाट पुनरावलोकनको निवेदन नं ०६५-RV-०११८, निवेदक गुठी संस्थान र आफनो हकमा समेत ऐ.का प्रशासक सेमन्तराज चापागाईविरुद्ध जनहित संरक्षण मञ्चको तर्फबाट अधिवक्ता प्रकाशमणि शर्मासमेत भएको उत्प्रेषण मुद्दामा मिति २०६६।३।२२ मा माथि उल्लिखित मुद्दामा प्रतिपादित सिद्धान्तसमेतको आधारमा 'पूर्ण इजलासजस्तै विशेष इजलाससमक्ष पेस गरिने विषयमा पनि विशिष्ट प्रक्रिया निर्धारण गरिएको र विशेष इजलासमक्ष पेस भएका मुद्दामा विवादित विषयका सबै पक्षमा बृहत् रूपमा छलफल भई निष्कर्षमा पुगिने हुँदा त्यस्तो विशेष प्रकृतिको इजलासबाट भएको निर्णय न्याय प्रशासन ऐन २०४८ को दफा ११ (१) ले निश्चित गरेको पुनरावलोकनको विषयभित्र समेटिने अवस्था नदेखिएकाले पुनरावलोकन गरी पाऊँ भनी परेको प्रस्तुत निवेदनमा विचार गरिरहनुपर्ने अवस्था भएन' भन्ने व्याख्या भएको देखिँदा विशेष इजलासबाट भएका अन्तिम आदेश न्याय प्रशासन ऐन २०४८ को दफा ११ अर्न्तगत पुनरावलोकन हुन नसक्ने सिद्धान्त स्थापित भएको देखिन आयो।

यी निवेदनले रिट निवेदनमा यस अदालतबाट प्रतिपादित सिद्धान्तसँग बाझिएको भनी उल्लेख गरेको ०६६ सालको रिट नं ०६६-WS-००५० निवेदक अधिवक्ता विजयराज शाक्यसमेत विरुद्ध राष्ट्रपति रामवरण यादव समेत भएको संविधानसभाको विशेष इजलासबाट मिति ०६७।७।१८ मा भएको आदेश पुनरावलोकन गरी पाँऊ भनी परेको निवेदनमाथि उल्लेखित सिद्धान्तको आधारमा मिति ०६७।१२।७ मा दरपीठ भएकोमा सो उपर दरपीठ बदर गरी पाँऊ भनी परेको ०६७-RE-०१७७ को प्रतिवेदनमा यस इजलासबाट ०६८।१।९ गते सोही सिद्धान्तसमेतका आधारमा दरपीठ आदेश सदर भइरहेको सन्दर्भमा समेत प्रस्तुत पुनरावलोकन निवेदन दर्ता गर्न नमिल्ने भएकाले मुलुकी ऐन अ.व. २७ नं तथा सर्वोच्च अदालत नियमावली २०४९ को नियम २७ (२) बमोजिम दरपीठ गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी महान्यायाधीवक्ताको कार्यालयलाई दिई नियमानुसार गर्नू।

संविधानसभाको म्यादबारे सर्वोच्च अदालतले ९ मङ्सिर २०६८ मा गरेको फैसलाविरुद्ध सरकार र संसद्का तर्फबाट पेस गरिएको पुनरावलोकन निवेदनलाई दरपीठ गर्ने सर्वोच्च अदालतका सहरजिष्ट्रार नहकुल सुवेदीको आदेश।

पटकपटक अवधि थपिरहन नहुने उल्लेख छ। आवश्यकताको सिद्धान्तका आधारमा संविधानसभाको कार्यकाल वृद्धिलाई मान्यता दिनु कुनै सामान्य वा सहज घटना होइन, यो पुनरावृत्ति गरिरहने विषय पनि होइन।' 'जनताले संविधान चाहेका छन्, संविधान निर्माण हुन नसकेका कारण चाहेका होइनन्, संविधान संशोधनजस्तो महत्वपूर्ण र आमसरोकारका विषयमा समयसीमा र प्रक्रियाका सम्बन्धमा प्रश्न उठ्ने, टिकाटिप्पणी हुने अवस्था आउन नदिनेलाई सम्बन्धित निकाय सचेत रही विधिसम्मत र विश्वसनीय ढङ्गबाट कार्य हुनु वाञ्छनीय देखिन्छ।'[६]

यसअघि म्याद थप्दा उचित आधार र कारण देखेर त्यसलाई सर्वोच्च अदालतले वैधता दिएको तर त्यसो अर्थ सँधै संविधानसभाले त्यसकै भरमा म्याद थपबाट उन्मुक्ति पाउन सक्दैन। भविष्यमा थपिने संविधानसभाको कुनै पनि म्यादमाथि सर्वोच्चले प्रश्न उठाउन सक्ने भन्ने फैसलामा स्पष्ट गरिएको छ। आवश्यकता पऱ्यो, गर्दागर्दै भ्याइएन भनेर संविधान संशोधन गर्दै संविधानसभाको म्याद थपिरहन नहुने भन्ने सर्वोच्चको आशय हो।[७] संविधान लेखनकार्य अनिश्चित हुँदै गए सङ्क्रमणकाल व्यवस्थापन हुन सक्दैन र यस्तो स्थितिको निरन्तरता भनेको व्यापक अनिर्णय र अनिश्चितकालको स्थिति हो, जुन अन्तरिम संविधानले परिकल्पना गरेका होइन। संविधानको धारा ६४[८] मा अर्न्तरनिहित सिद्धान्तको उपेक्षा गरी जतिसुकै अवधिका लागि पनि संविधान संशोधनद्वारा कार्यकाल बढाउन सकिन्छ भन्ने व्याख्या गरिएमा संविधान निर्माताको मौलिक आकाङ्क्षा र अभिव्यक्तिमा तुषारापात हुन जाने सर्वोच्चको तर्क छ।

संविधानसभाको तेस्रोपटक तीन महिनाका लागि थपिएको म्याद संविधान र सर्वोच्च अदालतले सोही प्रश्नमा गरेको व्याख्या विपरीत छ भनी परेको रिटमा ०६८ मङ्सिर ९ गते सर्वोच्च अदालतको पूर्ण इजलासको फैसलाले अनन्तकालसम्म बढाउन सकिने अवस्थामा रहेको संविधानसभाको म्यादमा अन्तिम समय तोकेको छ। नेपालको अन्तरिम संविधान ०६३ को धारा ६४ मा संविधानसभाको समयावधि सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको छ, जसलाई सर्वोच्च अदालतले गरेको तीनओटै फैसलाले समर्थन गरेको छ। संविधानसभाले संविधान बनाएपछि मात्र यसको विघटन हुनेछ भन्ने धारा २ को व्यवस्थालाई संविधानसभाको वास्तविक समयावधि मानी धारा ६४ लाई बाध्यात्मक मानिनु पर्दैन भन्ने विजयरा शाक्यको मुद्दामा तीन सदस्यीय इजलासले गरेको व्यवस्थालाई बदर गरी धारा ६४ को समायावधि बाध्यात्मक भएको व्याख्या संविधानसभाको पहिलो एक वर्ष म्याद थपविरुद्धमा परेको बालकृष्ण नेउपानेसहितको मुद्दामा ०६८ जेठ ११ मा भएको फैसलामा पनि पाइन्छ।[९]

संविधानसभा निर्वाचनपूर्व निर्मित अन्तरिम संविधानको धारा ६४ मा संविधानसभाको समयावधि तीन अवस्थामा समाप्त हुने उल्लेख छ। संविधानसभाको पहिलो बैठक बसेको मितिले दुई वर्ष वा सो अगावै संविधानसभाले प्रस्ताव पारित गरी विघटन गरेमा वा दुईबर्से कार्यकालमा सङ्कटकालीन स्थितिको घोषणाका कारण संविधान निर्माणमा बाधा उत्पन्न भएमा संविधानसभाले प्रस्ताव पारित गरी एकपटकका लागि छ महिना थप्न सक्ने व्यवस्था छ। यसरी कुनै पनि अवस्थामा संविधानसभाको समयावधि दुई वर्ष छ महिनाभन्दा बढी हुन नसक्ने स्पष्ट व्यवस्था धारा ६४ मा छ। सोही व्यवस्थालाई सर्वोच्चको पूर्ण इजलासको ०६८ जेठ ११ को फैसलाले समर्थन गरेको छ।

०६८ मङ्सिर ९ मा जारी तेस्रो फैसलामा रिट निवेदकको माग के हो र सो जारी नगर्नुपर्ने कारण के छ भन्ने अनिवार्य उल्लेख गर्नुपर्ने कारण कानुन वा सिद्धान्तबारे केही उल्लेख नगरी दशौँ संशोधन दायर गरिपाऊँ भन्ने रिटबारे माग भएको एघारौँ संशोधन गर्न अनुमति दिएको छ। रिट निवेदकले नमागेको र विपक्षीले लिखितरूपमा अनुरोधसमेत नगरेको विषयमा अन्तिम पटक भनी अदालतले समयसीमा तोक्दा त्यसको कार्यान्वयन नहुँदा हुने अदालतको फैसलाको अवज्ञाबाट

---

६. 'पटकपटक म्याद थप्न पाइँदैन : सर्वोच्च'। *नागरिक दैनिक* ०६८ भदौ १३ : पृ. १

७. भरतमणि जङ्गमविरुद्ध संविधानसभा सचिवालयसमेत भएको विशेष रिट न.. ०६६-ध-००५६' ०६८/२/११

८. संविधानको धारा ६४ मा संविधानसभाको समयावधि दुई वर्ष र सङ्कटकालका लागि आवश्यक परे छ महिनासम्म बढाउन सकिने उल्लेख छ। जेठ १४ गते संविधानसभाको समयावधि सकिएपछि फेरी तीन महिना म्याद बढाउनु असंवैधानिक भएको भन्दै रिट दायर भएको थियो।

९. रेग्मी, कुमार। 'म्याद थपमा दिग्भ्रमित न्यायाधीशहरू'। *कान्तिपुर दैनिक*। ०६८ मङ्सिर १३ गते : पृ. ६

हुन सक्ने अदालतको मानहानी हुने अवस्था सर्वोच्चको तेस्रो फैसलाले सिर्जना गरेको छ। त्यसैगरी तेस्रो फैसलामा उल्लेखित संविधानको धारा १५६ बमोजिम जनमतसङ्ग्रहबाट संविधानसभाको समयावधि तय गर्नु भन्ने असान्दर्भिक सुझाव दिएको छ। के कस्तो अवस्थामा जनमत सङ्ग्रह हुनसक्ने भन्ने व्यवस्था धारा १५७ ले गरेको जुन अदालतले पूर्णतया बेवास्ता गरेको देखिन्छ। विषयको गम्भीरतालाई हेरेर अदालतले तत्काल सुनुवाइ गरी धारा ६४ को व्याख्या गरी तेकिएभन्दा बढी समय प्राप्त हुन नसक्ने ०६८ जेठ ११ मा जारी फैसला ०६७ जेठ १४ को केही समयभित्रै दिनुपर्ने थियो। सो नभए पनि आफैले गरेको पहिलो फैसलाको व्याख्याको अक्षरश: पालना दोस्रो फैसलाबाट गराइनुपर्च्यो।[10] यसो भए तापनि अदालतले संसद्लाई संविधान निर्माणका लागि निश्चित समयवधि तोकिदिएर संविधान निर्माण नहुने अन्योलपूर्ण अवस्थाको अन्त्य गर्न केही प्रयत्न भएको छ र थपिएको कार्यकालभित्र संविधान नबने जनमत सङ्ग्रह अथवा नयाँ निर्वाचन वा अन्य उपयुक्त संवैधानिक प्रबन्ध मिलाउनसमेत सर्वोच्च अदालतले मार्ग निर्देशन गऱ्यो।

सर्वोच्च अदालतले संविधानसभा म्याद थप सम्बन्धमा प्रधानन्यायधीश खिलराज रेग्मीसहितको पाँचसदस्यीय विशेष इजलासले मङ्सिर ९ गते अन्तिम पटकका लागि संविधानसभाको म्याद थप छ महिनासम्मका लागि थप्न मिल्ने गरी गरेको फैसलाविरुद्ध सरकार र व्यवस्थापिका संसद्ले ०६८ पुस १३ गते सर्वोच्च अदालतमा पुनरावलोकनका लागि लिएर गएको बेग्ला-बेग्लै निवेदन सर्वोच्च अदालत प्रशासनले दर्ता गर्ने कानुनी आधार र अवस्था नदेखिएको भन्दै दर्ता गर्न अस्वीकार गऱ्यो। दरपीठ आदेशमा सर्वोच्चको पूर्व प्रतिपादित नजिरको प्रतिकूल हुने गरी फैसलामा व्याख्या भएको देखिएमा, फैसला गर्दाका बखत प्राप्त नभएको र फैसलामा भएको मितिले ६० दिनभित्र अकाट्य प्रमाण विपक्षीले जुटाएको अवस्थामा र फैसला गर्दा संविधानको व्याख्यामा गम्भीर त्रुटी भएको भन्ने आधार विपक्षीले पेस गरेको अवस्थामा मात्र फैसला पुनरावलोकन गर्न सकिन्छ। तर, सरकार र संसद्बाट पेस भएको पुनरावलोकन निवेदनमा यी तीनैओटा आधार नदेखिएको भनिएको छ। आदेशमा सर्वोच्चको पूर्ण इजलासबाट भएको निर्णय र त्यस्तो इजलासबाट प्रतिपादित सिद्धान्त पुनरावलोकन हुन नसक्ने पनि उल्लेख छ।

म्याद थपसम्बन्धी फैसला पुनरावेदन निवेदन दरपीठविरुद्ध सरकार र संसद्ले सर्वोच्च अदालत इजलासमा बेग्लाबेग्लै निवेदन दर्ता गर्ने भनी सर्वोच्च प्रशासनको दरपीठ आदेशको विरोध गरे। सरकार र संसद् प्रमुखको पुनरावलोकन निवेदनमा सर्वोच्च अदालतले न्यायिक आत्मसंयम र शक्ति पृथकीकरणको सिद्धान्त विपरीत फैसला गरेको जिकिर गरिएको छ। सरकारका तर्फबाट पेस भएको निवेदनमा म्याद थपसम्बन्धी सर्वोच्चको फैसला राजनीतिक विषयमा प्रवेश गरी काल्पनिक आधारमा गरिएकोले पुनरावलोकन गर्नुपर्ने उल्लेख छ।

हत्याको आरोपितलाई सञ्चार मन्त्रीबाट हटाउन माग गर्दै परेको रिटमा सर्वोच्च अदालतले कानुनको शासनको परिपालना प्रत्येक लोकतान्त्रिक राज्यको अभिष्ट भएकोले दण्डहीनता र अराजकता कानुनको शासनका लागि प्रत्युत्पादक अवस्था हो भन्दै बृहत् शान्ति सम्झौतामा व्यवस्था गरिएको सङ्क्रमणकालीन न्याय व्यवस्थाको रूपमा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन नभएसम्म हाल प्रचलित न्यायप्रणाली सक्रिय रहने कुरामा दुईमत हुन नसक्ने तर्क अघि सारेर न्यायिक सर्वोच्चताको प्रदर्शन गऱ्यो।

स्वतन्त्र न्यायपालिकाको अवधारणालाई वास्तविकतामा उर्तानका लागि आवश्यक तत्वमध्ये अत्यावश्यक तत्व यथेष्ठ आर्थिक स्रोत पनि हो। जसको अभाव न्यायक्षेत्रले हरेक वर्ष भोग्दै आएको छ। गत वर्ष सर्वोच्च अदालतले न्यायक्षेत्रलाई राष्ट्रिय बजेटमा न्यायालयका लागि अत्यधिक न्यून बजेट छुट्याउने गरिएकोले यसमा वृद्धि गर्न माग गरे तापनि यस वर्ष पनि त्यसमा यथेष्ट बृद्धि भएको देखिँदैन।

लोकतन्त्र र कानुनी राज्यको अवधारणालाई आत्मसात गरी शक्ति पृथकीकरणको सिद्धान्तलाई वर्तमान अन्तरिम संविधानले पनि अनुशरण गरे तापनि नेपालको न्यायालयमाथि सदैव कार्यपालिका र व्यवस्थापिकाको हस्तक्षेप भएको देखिन्छ, जुन यस वर्ष पनि देखा पऱ्यो।

---

[10]. पूर्ववत्

३. कार्यपालिका र न्यायालय

यस वर्ष कार्यपालिकाद्वारा बारम्बार न्यायालयमाथि हस्तक्षेप गर्नुका साथै अदालतबाट भएको निर्णयको कार्यान्वयन गर्नुको साटो अपराधीलाई सजाय भुक्तान गर्नबाट माफी दिने निर्णयसमेत सरकारबाट भयो। हत्यामा सलंग्न सभासद् बालकृष्ण ढुङ्गेल[११]लाई पक्राउ गर्न कुनै बाधा नपर्ने भनी सर्वोच्च अदालतले फैसला गरिसकेको अवस्था र ढुङ्गेललाई माफी[१२] दिन राष्ट्रपतिसमक्ष सिफारिश गर्न सरकारी निर्णय संविधान, विस्तृत शान्ति सम्झौता र नेपाल पक्ष भएको मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि विपरीत भएकोले सरकारले गरेको कामकारबाहीबाट पीडित पक्षको न्याय पाउने हकहितमा असर पर्ने सम्पूर्ण निर्णय उत्प्रेषणको आदेशले बदर गर्न माग गर्दै र ढुङ्गेलविरुद्ध अदालतले गरेको फैसला कार्यावन्वयन गराउन मृतक उज्जन श्रेष्ठका परिवारले दिएको मुद्दा[१३] विचाराधीन अवस्थामा रहेको अवस्थामै सरकारले ढुङ्गेललाई आममाफी दिन गरेको सिफारिस कार्यान्वयन नगर्न सवोच्च अदालतले दिएको आदेश मुलुकमा विधिको शासन स्थापना गर्न र दण्डहीनताको अन्त्यका लागि प्रभावकारी कदम हो। सरकारका महान्यायाधिवक्ता मुक्ति प्रधानले सशस्त्र द्वन्द्वको क्रममा माओवादी नेताहरूमाथि लगाइएका सबै मुद्दा फिर्ता लिने भन्दै सभासद् बालकृष्ण ढुङ्गेललाई पनि द्वन्द्वकै क्रममा मुद्दा लगाइएको भन्दै उनी विरुद्धको मुद्दा फिर्ता लिने अभिव्यक्ति दिएर अन्तराष्ट्रिय मानवअधिकार कानुनको मूल्य र मान्यताको अवमूल्यन गरे।[१४]

विश्व हिन्दू युवा सङ्घका तत्कालीन अध्यक्ष काशीनाथ तिवारीको हत्याको मुख्य योजनाकारको रूपमा आरोपित एकीकृत नेकपा माओवादीका सभासद् प्रभु साहका सम्बन्धमा एकीकृत माओवादी पार्टी अध्यक्ष पुष्पकमल दाहालले साहलाई दलले प्रतिरक्षा गर्ने भनी दिएको अभिव्यक्ति र सरकारका महान्यायाधिवक्ताले समेत यस मामलामा मुद्दा लगाउन खोजेमा जनअदालत पुनर्गठन गरिने अभिव्यक्ति दिएबाट एकीकृत माओवादी पार्टीले नेपालको प्रचलित न्यायप्रणाली, अपराध अनुसन्धान र अभियोजनलाई विस्थापित गर्दै लोकतन्त्र, कानुनी शासन र स्वतन्त्र न्याय प्रणालीमाथि प्रहार गरेको आशङ्का उत्पन्न भयो।

त्यसैगरी जिल्ला अदालत बाँकेले र जरिवानाको सजाय तोकेका फौजदारी अपराध, भ्रष्टाचार र ठगीलगायतका मुद्दामा जेल र जरिवाना तोकेका ३ हजारभन्दा बढी दोषीलाई पक्राउ गरी बुझाउन अदालतले गरेको आदेश प्रहरीले कार्यान्वयन[१५] गरेको पाइएन। कारबाही गर्नका लागि व्यक्तिको नाम र ठेगाना खोलेर पक्राउ गर्न आदेश गर्दा समेत प्रहरीले बेवास्ता गऱ्यो। अंश मुद्दामा नायब निरीक्षक सुदीप खड्काबाट २७ हजार ६ सय ४६ रुपियाँ असुल गर्न अदालतले ०५८ जेठ २९ मा आदेश जारी गरेको थियो। प्रहरी अधिकारीले आफ्नै उक्त आदेश कार्यान्वयन गरेन।

काशीनाथ तिवारी हत्याका आरोपित भूमिसुधार मन्त्री प्रभु साहविरुद्ध सरकारी वकिलको कार्यालयले अभियोग दर्ता गर्न सबुत प्रमाण नपुगेको भनी दर्ता गरेन। तर अदालतमा साहका पिए र अन्य अभियुक्तविरुद्ध मात्र अभियोगपत्र दर्ता गरियो। साहका पिए सियाराम कुशवाहलाई सर्वस्वसहित जन्मकैद र

---

११. उज्जन श्रेष्ठको हत्याको कसुरमा ओखलढुङ्गा जिल्ला अदालतले बालकृष्ण ढुङ्गेललाई २०६१ वैशाख २८ मा मुलुकी ऐन ज्यानसम्बन्धी महल १३(१)अनुसार सर्वस्वसहित जन्मकैद ठहर हुने गरी फैसला गरेको थियो। त्यसउपर परेको राजविराज पुनरावेदन अदालतले २०६३ असार ११ मा आंशिक उल्टाइ फैसला गरेको थियो तर पछि सर्वोच्च अदालतले सर्वस्वसहित जन्मकैद गर्ने ओखलढुङ्गा जिल्ला अदालतको फैसला सदर गरेको थियो।

१२. सर्वोच्च अदालतको फैसला कार्यान्वयन अवस्थामा रहेको बेला नेपाल सरकारले कात्तिक २२ गते माफीका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो। नेपाल अन्तरिम संविधान २०६२ को धारा १५१ को संवैधानिक व्यवस्थाअनुसार सिफारिस गरेको हो।

१३. ढुङ्गेललाई संविधानसभा र व्यवस्थापिका सदस्यको हैसियतमा काम गर्न नदिनू र पक्राउ गरी कैद भुक्तान गर्न कारागारमा पठाउन माग गर्दै मृतककी दिदी सावित्री श्रेष्ठले ढुङ्गेललाई समेत विपक्षी बनाई २०६८ जेठ ३१ मा सर्वोच्च अदालतमा रिक्त दायर गरेकी छन्।

१४. इन्सेकको विज्ञप्ति
http://www.insec.org.np/index.php?type=reports&id=3&rid=583&lang=en&tp=np

१५. पाण्डे, जे। 'प्रहरीले अदालतको आदेश मानेन'। *कान्तिपुर दैनिक*। ०६७ पुस २७ गते: पृ. ३

अर्का अभियुक्त अमन कुशवाहलाई १० वर्ष कैद सजाय माग गरिएको थियो।[१६]

विधिको शासनको मान्य सिद्धान्त र लोकतान्त्रिक मूल्य मान्यता अनुकूल देशको शासन व्यवस्था सञ्चालन गर्नुपर्ने संवैधानिक कर्तव्य तथा दायित्व बोकेको सरकार आफैले अदालतको आदेशको अवज्ञा गर्दै मुद्दा फिर्ताका लागि सिफारिश गर्नाले न्यायिक क्षेत्र कमजोर हुनजान्छ भन्नेतर्फ सरकार गम्भीर हुन सकेन। यसबाहेक न्यायालयले दिएको आदेशको कार्यान्वयन गर्न सरकारले कहिले पनि तदारुकता देखाएको पाइएन।

अपराधीलाई दण्ड सजाय दिलाई दण्डहीनताको अन्त्य गर्न, पीडित पक्षलाई उपचार प्रदान तथा हक प्रचलन गराई न्याय पाएको अनुभूति दिलाउन, कमजोर वर्गको न्यायमा पहुँच पुऱ्याउन, अदालत तथा न्यायप्रति जनआस्था वृद्धि गर्न, कानुनी राज्यको स्थापना , कानुन र फैसलालाई जीवन्तता प्रदान गरी न्यायलाई साकार बनाउन, समाजमा शान्ति र अमन चयन, कानुनी शासन कायम गर्न र अदालतप्रतिको जनआस्थामा अभिवृद्धि गराउन फैसलाको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ। यसको लागि सरकारले प्रभावकारी भूमिका निर्वाह गरेका पाइएन।

नागरिकहरूको हक अधिकार पुनर्स्थापना गर्न, समानता र सामाजिक सुधारका विषयमा अदालतले दिएका आदेशहरू बढी स्पष्ट र मार्गदर्शक भए तापनि यसको कार्यान्वयनको स्थिति ज्यादै कमजोर रहेको छ। आदेशको कार्यान्वयनका लागि सम्बन्धित सरकारी निकाय र अधिकारीहरूको सहयोग र समन्वय आवश्यक पर्दछ र यो उनीहरूको कर्तव्य पनि हो। नेपालको सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषा गरिएका गम्भीर प्रकृतिका अपराधहरू र दण्डहीनताको सन्दर्भमा थुप्रै महत्वपूर्ण व्याख्या गरी त्यसको कार्यान्वयन गर्न सरकारका नाममा आदेश जारी गरेको छ। गैरन्यायिक हत्या, बलात्कार, यातना, बलपूर्वक बेपत्ता र बलपूर्वक विस्थापनलगायतका अन्तर्राष्ट्रिय अपराधका सन्दर्भमा अदालतमा निवेदन परी अदालतद्वारा सक्रियताका साथ उदाहरणीय फैसला दिई सरकारका नाममा निर्देशनात्मक आदेशहरू जारी भएका छन्। अदालतले आफूले दिएका आदेशहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारी निकाय र अधिकारीलाई कार्यान्वयनको अनुगमन गर्न जिम्मेवारी तोक्ने, विशेषज्ञ समितिहरू गठन गर्ने र उनीहरूबाट प्रतिवेदन लिने रणनीति अपनाउन सक्छ। यसका साथै यस्ता आदेशहरू कार्यान्वयनका लागि सरकारी निकायलाई दबाब दिने काम सम्बन्धित क्षेत्रमा कार्यरत सामाजिक सङ्घसंस्था, सचेत नागरिक र सञ्चार जगतले समेत गर्न सक्छन्। अदालतबाट भएका यस्ता आदेशहरूको सरकारद्वारा कार्यान्वयन नहुनाले एकातिर पीडितले न्याय प्राप्त गर्न नसकेको अवस्था छ भने सरकारको बेवास्ताले दण्डहीनतालाई संस्थागत गरेको छ।

अदालतका आदेशहरूको कार्यान्वयन सम्बन्धमा समयसमयमा अदालत स्वयम्, व्यवस्थापिका संसद्, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग तथा संयुक्त राष्ट्रसङ्घलगायतका अन्तर्राष्ट्रिय निकायहरूले पनि सरोकार व्यक्त गर्ने गरेका छन्। संयुक्त राष्ट्रसङ्घीय यातना विरुद्धको समिति, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समिति, महिला विरुद्ध भेदभाव उन्मूलनसम्बन्धी समिति, जातीय विभेद विरुद्धको समिति, यातनासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष समाधिक्षक, बलपूर्वक बेपत्ता विरुद्ध संयुक्त राष्ट्रसङ्घीय कार्यदल तथा यसै वर्षको शुरुमा मानवअधिकार परिषद्द्वारा विश्वव्यापी आवधिक समीक्षा[१७]अर्न्तगत नेपालको मानवअधिकारको अवस्थाको समीक्षा गर्ने क्रममा अदालतहरूको आदेश कार्यान्वयन नगरिएको अवस्थामा कानुनको शासनको उपहास भई दण्डहीनताले प्रश्रय पाउने गम्भीर चासो उठाई शीघ्र कार्यान्वयन गर्न सिफारिस गरिएको छ।

ठूलो सङ्ख्यामा अदालतका निर्णयहरूको कार्यान्वयन गराउने प्रणाली लागू गर्ने उद्देश्यले सबैभन्दा बढी निर्णय कार्यान्वयन नभएका १० जिल्लाहरूमा सर्वोच्च अदालतले कार्यक्रम तर्जुमा गऱ्यो। सर्वोच्च अदालतको तथ्याङ्कअनुसार काठमाडौँ, सप्तरी, सुनसरी, पर्सा, रूपन्देही, धनुषा, बाँके, झापा, कास्की र कञ्चनपुर जिल्ला अदालतहरूमा ठूलो

१६. 'सरकारी वकिलद्वारा भूमि सुधार मन्त्रीविरुद्ध मुद्दा दायर गरिएन'। *नागरिक दैनिक।* ०६८ असोज २५: पृ. ३

१७. युपिआर कार्यदलको प्रतिवेदन, A/HRC/17/5,http://lib.ohchr.org/HRBodies/UPR/Documents/Session10/NP/Nepal-A_HRC_WG.6_10_L.3-eng.pdf

सङ्ख्यामा निर्णयहरू कार्यान्वयन नभएको अवस्था छ। सर्वोच्च अदालतको फैसला कार्यान्वयन महाशाखाले निर्णय कार्यान्वयन प्रणालीमा सुधार गर्न सुझावसहितको कार्ययोजना तयार गर्ने योजना अगाडि सारेको छ। अदालतको आदेश सबैभन्दा बढी कार्यान्वयन नभएका १० ओटा जिल्लाहरूको मुद्दासङ्ख्या निम्नानुसार छ।[१८] *(हेर्नुहोस् बक्स)*

अदालतका आदेश कार्यान्वयन नभएका जिल्ला र आदेश सङ्ख्या

जिल्ला	मुद्दा सङ्ख्या
काठमाडौँ	१२,०४६
सप्तरी	१०,३५५
सुनसरी	५,२३५
पर्सा	५,०४७
रूपन्देही	३,६९१
धनुषा	२,३१७
बाँके	१,९५३
झापा	१,८१७
कास्की	१,००५
कञ्चनपुर	९,६४०

फैसला कार्यान्वयन निर्देशनालयको तथ्याङ्कअनुसार आ.व. ०६६/६७ मा सर्वोच्च अदालतबाट जारी भएका २ सय ३५ आदेशहरूमध्ये ९७ को कार्यान्वयन भएको छ भने १ सय ३८ ओटा कार्यान्वयन हुन बाँकी रहेको छ। सार्वजनिक सरोकारको विवादमा सुनुवाइ गरी अदालतले दिएका आदेशहरूको करिब ३५ प्रतिशत मात्र कार्यान्वयन भएको छ[१९] र सर्वोच्चको आदेशको जम्मा ४१.५ आदेश मात्र कार्यान्वयन भएको छ।[२०]

सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयकोअनुसार सार्वजनिक सरोकारका मुद्दामा सर्वोच्च अदालतले १६ वर्षअघि गरेको फैसला सरकारले हालसम्म पनि कार्यान्वयन गरेको छैन। २१ मन्त्रालय र तीन सरकारी निकायले सर्वोच्चको फैसला कार्यान्वयन नगरेको निर्देशनालयले जनाएको छ। उदाहरणका लागि नौ वर्षअघि सशस्त्र द्वन्द्वका क्रममा प्रहरीद्वारा बाँके फत्तेपुर-१ स्थित झगडिया गाउँका ३३ वर्षीय पाटनदिन लोहारलाई गोली हानी मारिएको घटनाको यथाशीघ्र प्रभावकारी अनुसन्धान गरी टुङ्गोमा पुऱ्याउन पुनरावेदन अदालतले आदेश दिएको थियो। मृतककी पत्नी कृष्णावतीले ०६५ भदौ २५ गते प्रहरीमा जाहेरी दरखास्त दर्ता गर्न जाँदा प्रहरीले अस्वीकार गरेपछि पुनरावेदन अदालतकै परमादेशपछि ०६६ असार ५ गते निवेदन दर्ता गरेकी थिइन्।[२१]

नेपाल सरकार, प्रधानमन्त्री कार्यालय र अन्य सम्बन्धित मन्त्रालयहरू अदालतको आदेश कार्यान्वयनप्रति जवाफदेही नहुनाले मानवअधिकार उल्लङ्घनका दोषीहरूमाथि कारबाही हुन सकेको छैन। फैसला कार्यान्वयन अनुगमन गर्नुपर्ने जिम्मेवारी र दायित्व भएको प्रधानमन्त्री कार्यालय र यसअर्न्तगत रहेको मानवअधिकार शाखाले सो जिम्मेवारी पूरा नगर्नाले अपराधीहरूले उन्मुक्ति पाइरहेका छन्। विद्यमान कानुनले अदालतको आदेशको कार्यान्वयन आदेश पाएको मितिले तीन महिनाभित्र सम्बन्धित मन्त्रालयको सचिवले गर्नुपर्ने जिम्मेवारी तोकेको छ। तर, व्यवहारमा यसलाई लागू गरिएको उदाहरण विरलै भेटिन्छ।

अदालतमा मुद्दाको चाप बढ्दै गएको र सोहीअनुसार फैसला र सुनुवाइ अगाडि बढे पनि फैसला कार्यान्वयन प्रभावकारी नभएको अदालतल स्वयम्ले पनि स्वीकारेको छ। फैसला कार्यान्वयन गर्न छुट्टै प्रभावकारी निकाय नभएकाले फैसलाअनुसार दण्ड भुक्तान र जरिवाना असुल हुन नसकेको अवस्था छ। अदालतको तथ्याङ्कअनुसार फैसला मुद्दामध्ये हालसम्म

१८. Judgement execution: Apex Court's anti-impunity drive in 10 notorious districts, The Kathmandu Post, 2011 March 23: p.3

१९. महेन्द्रनाथ उपाध्याय, फैसला कार्यान्वयनको अवस्था चुनौती र सम्भावना अदालतको फैसला कार्यान्वयन र दण्डहीनता विषयक कार्याशालामा प्रस्तुत प्रस्तुति, ३१ असार २०६७

२०. फैसला कार्यान्वयन निर्देशनालय र न्यायक्षेत्र समन्वय समितिको संयुक्त तत्वधानमा आयोजित रणनीतिक योजना तथा आदेश र फैसला कार्यान्वयनमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा सम्मानित प्रधान न्यायाधीश श्री खिलराज रेग्मीले प्रमुख अतिथिको रूपबाट मिति २०६८/२/२० मा दिनु भएको मन्तव्य, सर्वोच्च अदालत बुलेटिन, वर्ष २०, अङ्क ५, २०६८ , पूर्णाङ्क ४५४

२१. 'अदालतको आदेशको कार्यान्वयन भएन'। *कान्तिपुर दैनिक।* ०६७ चैत १० गते: पृ. ३

१ हजार ९ सय ७ फैसला मुद्दाको भुक्तान हुने ६ करोड १८ लाख ३० हजार ९ सय ९२ जरिवाना र १ हजार ८ सय २८ वर्ष, १० महिना १८ दिन कैद सजाय भुक्तान हुन बाँकी छ।

अदालतबाट भएको फैसला कार्यान्वयन सम्बन्धमा समयसमयमा पीडित र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूले देखाएको चासो र विभिन्न समयमा भएका योजनाबद्ध अध्ययनहरूमध्ये उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८, अदालत व्यवस्थापनसम्बन्धी सुझाव प्रतिवेदन, २०५५, अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८, फैसला कार्यान्वयनसम्बन्धी समस्या र समाधानका उपायहरू विषयक अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०६४ आदिमा फैसला कार्यान्वयनको स्थिति निकै कमजोर रहेको र कार्यान्वयनका लागि प्रभावकारी संयन्त्रहरूको सिफारिस गरेको थियो। सर्वोच्च अदालत र मातहतका अदालतबाट भएको फैसला तथा अन्तिम आदेशको कार्यान्वयन तथा अनुगमन गर्ने उद्देश्यले सर्वोच्च अदालतको पूर्ण इजलाशको १ वैशाख ०६६ को निर्णयले फैसला कार्यान्वयन अनुगमन तथा निरीक्षण महाशाखा स्थापना भएको हो। फैसला कार्यान्वयनको विषय न्याय प्रशासनमा आवश्यकताअनुसार प्राथमिकतामा पर्न नसकेको यथार्थलाई आत्मसात गर्दै सर्वोच्च अदालतले दोश्रो पञ्चवर्षीय रणनीतिक योजनामा यसलाई उच्च प्राथमिकतामा राखेको छ। दोश्रो पञ्चवर्षीय रणनीतिक योजनामा फैसला कार्यान्वयन निर्देशनालय स्थापना र सुदृढीकरण गर्ने, फैसला कार्यान्वयन निकायको क्षमता बृद्धि गर्ने, असुल तहसिललाई प्रभावकारी बनाउन दण्ड, जरिवानाको लगत व्यवस्थित गर्ने, मुद्दाको जिन्सी व्यवस्थापन गर्ने, धरौटी तथा जेथा जमानतको प्रभावकारी व्यवस्थापन गर्ने, सार्वजनिक सरोकारको विषयमा जारी भएका निर्देशनात्मक आदेश कार्यान्वयनको अनुगमन गर्ने आदि रणनीतिक योजनाको उपाय सिफारिस गरिएको छ।

सर्वोच्च अदालतका आदेश पालना नगर्ने निकाय तथा आदेश सङ्ख्या

मन्त्रालयको नाम	सङ्ख्या
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३९
गृह मन्त्रालय	९
कानुन तथा न्याय मन्त्रालय	७
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय	१०
युवा तथा खेलकुद मन्त्रालय	३
वन तथा भूंरक्षण मन्त्रालय	४
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	५
भूमिसुधार तथा व्यवस्था मन्त्रालय	१०
शिक्षा मन्त्रालय	५
कृषि तथा सहकारी मन्त्रालय	२
श्रम तथा यातायात व्यवस्था मन्त्रालय	३
रक्षा मन्त्रालय	१
स्थानीय विकास मन्त्रालय	४
वातावरण मन्त्रालय	५
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१
सङ्घीय मामिला, संविधानभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय	५
अर्थ मन्त्रालय	३
उद्योग मन्त्रालय	५
उर्जा मन्त्रालय	१
सिञ्चाइ मन्त्रालय	१
अख्तियार दुरूपयोग अनुसन्धान आयोग मन्त्रालय	२
संसद सचिवालय	१
महान्याधिवक्ताको कार्यालय	५

सर्वोच्चका फैसला कार्यान्वयनका लागि १७ माघ ०६७ मा बसेको मन्त्रिपरिषद्को बैठकले सबै मन्त्रालयमा फैसला कार्यान्वयन निकाय पनि गठन गरेको छ तर, गठन भएको निकायले काम भने गरेको छैन। सर्वोच्चले सरकारका नाममा निर्देशनात्मक आदेश, परमादेश उत्प्रेषण जारी गरेका सबै फैसला कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा निर्देशनालयले पठाउने गरेको छ। ती आदेश मन्त्रालय,

व्यवस्थापिका संसद् र मन्त्रिपरिषद्ले पालना नगरेको पाइयो।

आदेश कार्यान्वयनमा प्रभावकारिताका लागि दायर गरिएका दुई रिट निवेदन (भीमसेन थापासमेत भएको ०६४ सालको रिट नं. २०२४ र टेक ताम्राकारसमेत भएको ०६० सालको रिट नं. १२१) मा अदालतबाट अन्तिम आदेशअघि निवेदनमा उठाइएका विषयका सम्बन्धमा विशेषज्ञहरूबाट विस्तृत अध्ययन गरी अध्ययन प्रतिवेदन पेस गर्न लगाइएको र अन्तिम आदेशमा समेत सोही प्रतिवेदनमा उल्लिखित कुराहरूलाई कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिएको थियो। त्यसैगरी कतिपय निर्देशनात्मक आदेशहरूमा कार्यान्वयनको जानकारी अदालतलाई गराउनू भनी श्यामकृष्ण मास्के भएको ०५९ सालको रिट नं. ११४ मा सम्बन्धित निकायहरूलाई निर्देशित गरी अदालतबाट कार्यान्वयनको प्रत्याभूति गर्न खोजिएको पाइन्छ। आदेशको कार्यान्वयन प्रभावकारी हुन नसकेको कुरामा सर्वोच्च अदालत स्वयम् पनि चिन्तित हुन थालेको र आदेश कार्यान्वयनका लागि प्रभावकारी अनुगमनमा जोड दिनुपर्ने सन्तोषकुमार महतोको ०६१ सालको रिट नं. ६० मा भएको आदेशमा भेटिन्छ।

अदातलबाट भएका फैसला तथा आदेशको प्रभावकारी कार्यान्वयन नहुँदा जनताले वास्तविक न्याय पाएको आनुभूति गर्न नसके अवस्था छ जसले गर्दा न्यायपालिका प्रतिको जनआस्थामा ह्रास आउन सक्छ। अन्ततः मुलुक विधिको शासनविहीन अवस्थामा पुग्न सक्ने खतरा उत्पन्न हुन्छ।

४. व्यवस्थापिका र न्यायालय

संवैधानिक विवादको निराकरणका लागि नयाँ बन्ने संविधानमा संवैधानिक अदालतको स्थापना गर्ने सहमतिमा यस वर्ष प्रमुख राजनीतिक दल पुगे। संवैधानिक अदालतले न्यायिक पुनरावलोकनका अतिरिक्त महत्वको पद र अधिकारसँग सम्बन्धित मुद्दा, राजनीतिक मुद्दासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा अन्तिम सुनुवाइ गर्नका लागि संवैधानिक समितिअन्तर्गतको विवाद समाधान उपसमितिले ०६७ फागुन २७ गते न्यायपालिकाको स्वरूपसँग जोडिएका विवादमा सहमति जुटाएको हो। न्यायिक पुनरावलोकन, मौलिक हक, संवैधानिक विवाद, राजनीतिक अधिकारजस्ता विषयमा अन्तिम सुनुवाइका लागि संविधानसभा संवैधानिक समितिअन्तर्गतको उपसमितिले प्रधानन्यायाधीशको अध्यक्षतामा भिन्नै संवैधानिक अदालत बनाउने सहमति कायम गरेको हो।

यस्तो सहमति हुनुभन्दा अघि एकीकृत नेकपा माओवादीले यस्ता संविधानको अन्तिम व्याख्या व्यवस्थापिकाका अन्तर्गतको न्याय समितिबाट गर्नुपर्ने धारणा राख्दै आएको थियो भने अन्य दलहरूले माओवादीको धारणाबाट स्वतन्त्र न्यायपालिकाको अस्तित्व नरहने र सर्वोच्च अदालत कमजोर हुने र राज्यको स्रोत साधन अनावश्यक रूपमा खर्च हुने तर्क अघि सारेर संवैधानिक विवाद हेर्न सर्वोच्च अदालतमै छुट्टै इजलास राख्ने प्रस्ताव गरेका थिए। समितिको छलफल लम्बिएपछि प्रधानन्यायाधीशकै नेतृत्वमा संवैधानिक अदालत बनाउने मध्यमार्गी बाटो समितिले अवलम्बन गऱ्यो।

सर्वोच्च अदालतको अधिकारक्षेत्र कटौती गरी भावी संविधानमा संवैधानिक अदालतको छुट्टै स्थापना गर्नुभन्दा गणतन्त्र, लोकतान्त्रिक पद्धति, विधिको शासन र मानवअधिकारको सुनिश्चितता र स्थायित्वका लागि सर्वोच्च अदालतलाई अझ अधिकारसम्पन्न र सुदृढ बनाउनुपर्ने तर्क न्यायपालिका क्षेत्रको रहेको छ। सर्वोच्च अदालत हुँदाहुँदै संवैधानिक अदालत गठन गरी सर्वोच्च अदालतमाथि नचाहिँदो सीमा तोकेमा स्वतन्त्र न्यायपालिकाका लागि मुलुक र जनताका लागि नै घातक हुने तर्क प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठले दिए। प्रधानन्यायाधीशकै अध्यक्षतामा गठन गरिने हो भने भिन्नै अदालत गठन गर्नुको साटो सर्वोच्च अदालतमा नै पाँचजना विज्ञ न्यायाधीश संलग्न संवैधानिक इजलास खडा गरी संवैधानिक विवादको समाधान गर्न सक्षम र पर्याप्त हुने हुनाले सर्वोच्च अदालतका न्यायाधीश तथा प्रधानन्यायाधीशहरूले प्रस्तावित संवैधानिक अदालतको सट्टा सर्वोच्च अदालतभित्रै संवैधानिक इजलासको व्यवस्था गर्ने राय दिएका थिए।

संवैधानिक अदालत गठन भएमा सर्वोच्च अदालतको अधिकारक्षेत्र कटौती भई संवैधानिक, न्यायिक पुनरावलोकन, नागरिक हक र निर्णय बदरका विवादमा समस्या उत्पन्न भई स्वतन्त्र न्यायपालिकामा प्रत्यक्ष रूपमा राजनीतिक हस्तक्षेप हुन जान्छ।[३३]

[३३]. विरही, यम। 'संवैधानिक अदालत लोकतन्त्रका लागि घातक'। *अन्नपूर्ण पोष्ट।* ०६७ चैत १ गते: पृ. १

सर्वोच्च अदालतका फैसलामा संविधान र कानुनको व्याख्यामा देखिएका विरोधाभासको अन्त्य गर्नको लागि संवैधानिक अदालतको स्थापना गर्नु आवश्यक छ भन्ने धारणा केही संवैधानिक अदालतका पक्षधरहरूको रहेको पाइन्छ। कानुन र न्यायसँग सम्बन्धित सर्वोच्च अदालतको फैसलाहरूमा देखिएको विरोधाभास जटिल समस्याको रूपमा अगाडि आएको छ। विस्तृत शान्ति सम्झौताको व्याख्या र सङ्क्रमणकालीन न्यायको सन्दर्भमा गरिएका केही फैसला विरोधाभासपूर्ण छन्। अदालतका फैसलाहरूलाई राजनीतिक प्रश्न र प्रभावका कारण पनि विरोधाभासपूर्ण बनाउने प्रयास गरिएको पाइन्छ। संवैधानिक अदालतको गठनले निर्णयमा हुने विरोधाभासलाई केही हदसम्म न्यून गर्न सकिएला तर निर्मूल गर्न सकिँदैन।[३३] संवैधानिक अदालतको प्रस्ताव गर्दा नसोचिएका अन्य प्रश्नहरू पनि छन्। अन्तरिम संविधानले नजिरको सिद्धान्तलाई स्वीकार गरेको कुरा भावी संविधानमा पनि रहला तर कुन अदालतको नजिर मान्ने, संवैधानिक अदालत र सर्वोच्च अदालतको नजिर बाझिएमा कुन अदालतको नजिर मान्ने भन्ने प्रश्न उठ्न सक्ने हुनाले यसमा स्पष्ट हुन आवश्यक छ। त्यसैगरी समानान्तर न्यायिक संरचना खडा गर्दा मातहतका अदालतको अनुगमन र निरीक्षणको अधिकारको प्रयोग कसले गर्ने भन्ने पनि स्पष्ट छैन।[३४]

संविधानमा सर्वोच्च अदालत र संवैधानिक अदालत रहने व्यवस्था भए एक अर्काको अधिकारक्षेत्रमा हस्तक्षेप हुने र शक्ति पृथकीकरणको सिद्धान्त अनुरूप राज्यका निकायहरूले कार्य सम्पादन गर्न नसकी न्याय सम्पादनमा असर पर्न जान्छ। सर्वोच्च अदालतको अधिकार कटौती गरी भावी संविधानमा संवैधानिक अदालतको छुट्टै स्थापना गर्नुभन्दा गणतन्त्र, लोकतान्त्रिक पद्धति, विधिको शासन र मानवअधिकारको सुनिश्चितता र स्थायित्वका लागि सर्वोच्च अदालतलाई अझ अधिकारसम्पन्न र सुदृढ बनाउनु पर्दछ। विधिको शासनमाथि सबै क्षेत्रबाट चुनौती आइरहेको समयमा न्यायिक क्षेत्रलाई सुदृढ गर्ने न्यायिक सुधार र विकेन्द्रीकरण गर्नेतर्फ संविधानसभाको ध्यान केन्द्रित हुनु आवश्यक थियो।

संविधानसभाले देशको सर्वोच्च न्यायिक निकायको आदेशको बेवास्ता गर्दै संविधानसभाको म्याद थप्ने काम बारम्बार गऱ्यो। म्याद थप सम्बन्धमा सर्वोच्च अदालतमा यस वर्ष दुईपटक निवेदन परी अदालतले दुईपटक आफ्नो आदेश जारी गऱ्यो। म्याद थप सम्बन्धमा भएको आदेशको र स्वयम् न्यायपालिकाको सभासद् हरूले आलोचना गरे। एकीकृत नेकपा माओवादीका सचिव तथा सभासद् चन्द्रप्रकाश गजुरेलले संविधानसभाको समय थप गर्ने विषय राजनीतिक विषय भएकाले यो विषयमा सर्वोच्च अदालत मौन बसेको भए राम्रो हुने टिप्पणी गरे। सर्वोच्चले बारम्बार यस्तो राजनीतिक विषयमा नबोल्दा राम्रो हुने थियो।[३५] संविधानसभा म्याद थप बारेको फैसलामा सर्वोच्च अदालतले आफ्नो क्षेत्राधिकार उल्लङ्घन गरेको भन्दै त्यस्तो फैसला सुनाउने न्यायाधीशहरूलाई महाभियोग लगाउने चेतावनी दिँदै अदालतले लोकतन्त्रको आधार मानिने शक्ति पृथकीकरणको सिद्धान्त अदालतले पालना नगरेको भनी अदालतको निर्णयको विरोध सभासद्ले गरे।[३६] संविधानसभाको म्याद अब एक पटक छ महिनाभन्दा थप्न नसक्ने, त्यस अवधिभित्र संविधान जारी नगरे स्वत: विघटन हुने नयाँ निर्वाचन जनमत सङ्ग्रह गर्नुपर्ने भनी सर्वोच्च अदालतले फैसला सुनाएपछि सार्वभौम संसद्को अधिकारमाथि हस्तक्षेप भएको भन्दै विरोध गरे। एकीकृत नेकपा माओवादी संसदीय दलका मुख्य सचेतक देव गुरुङले अन्तिम पटक संविधानसभाको म्याद छ महिना थप्नू भनी सर्वोच्च अदालतले गरेको फैसला संसद्को क्षेत्राधिकार विस्थापित गर्ने हिसाबमा आएको र राजनीतिक आदेश भएकोले तत्काल पुनरावलोकन गर्न सरकारले पहल गर्नुपर्ने विचार राखे। नेकपा एमालेका प्रदीप ज्ञवालीले सर्वोच्च अदालतको पछिल्ला फैसलाले संसद् र अदालतबीच द्वन्द्व

---

३३. भटराई, डा. आन्नद मोहन। 'न्यायिक सुधारको प्रश्न र संवैधानिक अदालत'। *न्यायदूत*। नेपाल बार एसोसियसन,०६७/६८ चैत वैशाख: पृ ३८ ३९

३४. ऐ ऐ. पृ ४३

३५. 'सर्वोच्चको निर्णय महत्वपूर्ण'। *गोरखापत्र*। ०६७ मङ्सिर १०: पृ. ४

३६. ढुङ्गेल, माधव। *नागरिक दैनिक*। ०६७ मङ्सिर १४: पृ. १

उत्पन्न गर्ने भन्दै सरकारले त्यसको पुनरावलोकनका लागि पहल गर्नुपर्ने अवधारणा व्यक्त गरे। सर्वोच्च अदालतको फैसला शक्ति सन्तुलनको अवस्थालाई खल्बल्याएको र शक्ति सन्तुलन खलबलिँदा मुलुकमा अराजकता उत्पन्न हुने हुनाले पनि फैसलाको पुनरावलोकन गर्नुपर्ने तर्क अघि सारे[३६] तर न्यायालयले म्याद थपको विषयमा अदालतले जनभावना र सर्वोच्चतालाई स्थापित गरेको जिकिर गर्दै रह्यो।

संविधानको संशोधन संविधानसभाका दुई-तिहाई सदस्यले निर्णय गरेमात्र हुने र बाहिरका कसैले आदेश दिँदैमा नहुने सभासद्हरूले तर्क राखेका थिए। संविधान र कानुनको निर्माण गर्ने निकाय संविधानसभाका सभामुखले पुनरावलोकनको अधिकार संसद्लाई संविधानले नै दिएको भन्दै सर्वोच्च अदालतमा सर्वोच्चको आदेश न्यायिक आत्मसंयम र शक्ति पृथकीकरणको सिद्धान्त विपरीत फैसला गरेको जिकिर गर्दै पुनरावोलकन गराउन माग गर्दै दर्ता गर्न लगिएको निवेदन पुनरावलोकनका लागि कुनै आधार नभएको भन्दै अदालतले दरपीठ गऱ्यो।

सामान्य तथा विशेष इजलासबाट न्याय निरूपण भएको फैसलामा थप आधार प्रमाण भेटिएमा वा छुटेको अवस्थामा मात्र पुनरावलोकन उपयोग हुन्छ। जुन कुरा सर्वोच्च अदालतको दरपीठ आदेशमा स्पष्ट उल्लेख गरिएको छ। जनताले महत्वपूर्ण मत दिएर पठाएका प्रतिनिधिहरूले आफ्नो मूलभूत यथार्थ र जिम्मेवारीलाई बिर्सेर एक वर्ष तीन महिना र फेरी तीन महिना म्याद थपेको अवस्थामा जनचाहनाअनुरूप अन्तिम पटक छ महिनाका लागि म्याद थप गर्न सकिने फैसला गरेर अदालतले शान्ति र संविधानको काम पूरा गर्न व्यवहारिक बाटो देखायो।

देशको सर्वोच्च कानुन संविधान निर्माण कार्यमा लागेका संविधानसभा सदस्यहरू र माओवादी कार्यकर्ता अदालतबाट दिइने ७० दिने म्यादपूर्जीको समय सकिएपछि पनि अदालतमा उपस्थित भएनन्। सङ्खुवासभा जिल्ला अदालत चैनपुरले सशस्त्र द्वन्द्वका समयमा भएको डाँका घटनाका विरुद्ध ०६० पुस २० गते अमृतबहादुर घलेको जाहेरीले माओवादीका जिल्लास्तरीय २४ जना नेता र दुईजना सभासद् पूर्णबहादुर राई र उमा विष्टलाई अदालतमा हाजिर हुन ०६८ वैशाख ९ गते म्यादपूर्जी जारी गरेको थियो। उनीहरूले अदालतको आदेश पालना गरेनन्।

५. अदालतबाट भएका केही प्रमुख निर्णयहरू

मानवअधिकारको संरक्षण र सम्मान गर्ने र मुलुकमा दण्डहीनताको अन्त्य गरी कानुनी शासनको स्थापनाका लागि न्यायिक निकायअर्न्तगत रहेको सर्वोच्च अदालत, पुनरावेदन अदालतल र जिल्ला अदालतबाट यस वर्ष केही उल्लेख्य निर्णयहरू भए जसको सङ्क्षेपमा तल चर्चा गरिएको छ।

५.१ जेष्ठ नागरिक सम्बन्धमा

कानुनमा छुट र सुविधाको प्रष्ट व्यवस्था भए पनि सरकारले प्रभावकारी कार्यान्वयन नगरिएकाले जेष्ठ नागरिकहरू संवैधानिक र कानुनी हकको सरक्षणबाट वञ्चित हुनु परिरहेको विषयमा यस वर्ष सर्वोच्च अदालतले एक आदेश जारी गऱ्यो। ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ को दफा ९(२) को व्यवस्थालाई सार्वजनिक सूचना प्रकाशित गरी यथाशीघ्र चाँडो कार्यान्वयन गर्न आवश्यक नीति, नियम र अनुगमन संयन्त्र बनाई लागू गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको नाममा ०६७ चैत २४ गते परमादेश जारी गऱ्यो।[३८]

५.२ कैदीलाई परिवारिक भेटको सुविधा उपलब्ध गराउने सम्बन्धमा

अन्तरिम संविधान २०६३ को धारा २० को उपधारा २ मा व्यवस्था भएबमोजिम प्रजनन स्वास्थ्य एवम् प्रजननसम्बन्धी हकको उपभोग गराई पाउन माग गर्दै सर्वोच्च अदालतमा दायर रिट निवेदनमा संविधानद्वारा प्रदत मौलिक हकको प्रचलन गराउन आवश्यक नीतिगत सुधार गर्न तीन सदस्यीय समिति गठन गरी समितिको अध्ययन प्रतिवेदनको आधारमा ऐन नियम संशोधनलगायत आवश्यक व्यवस्था गरी अन्तरिम संविधानको धारा २०(२) को प्रयोजनका लागि पारिवारिक भेटको सुविधा प्रदान गर्न सकिने

---

३६. 'सर्वोच्चको फैसला पुनरावलोकन गराउनुपर्छ : माओवादी नेता गुरुङ'। *नागरिक दैनिक।* ०६८ मङ्सिर १५: पृ. १

३८. रामशरण वर्मा शाखा विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, २०६७ सालको रिट नं. ०१०९

कारागारमा सुविधा उपलब्ध गराउन र साथै पारिवारिक भेटको सुविधा प्रदान गर्न अब बन्ने र बन्दै गरेका कारागार भवनमा पनि यस्तो व्यवस्था गर्नू भनी ०६७ चैत २८ गते सरकारको नाममा निर्देशनात्मक आदेशे जारी गऱ्यो।

५.३ स्वास्थ्यको अधिकार सम्बन्धमा

सम्मानपूर्वक बाँच्न पाउने हकअन्तर्गत विरामी पर्दा राज्यद्वारा सञ्चालित सरकारी अस्पतालबाट स्वास्थ्य उपचार पाउने प्रत्येक नागरिकको मौलिक हक हो। सरकारी अस्पतालबाट नागरिकलाई उपचार दिलाउने सरकारको कर्तव्य भएको भन्दै नेपालको भौगोलिक अवस्थाअनुसार समय र मौसमअनुसार विभिन्न भौगोलिक क्षेत्रमा बेलाबेलामा देखा पर्ने महामारीका लागि सरकार र अस्पताल समयम नै चनाखो भई विरामीको उपचारको लागि अस्पताल तयार अवस्थामा राखिराख्नु सरकारको दायित्व हो। जुनसुकै रोगबाट पनि नागरिकले उपचारको अभावमा जीवनको अधिकारको हकबाट वञ्चित नहुन स्वास्थ्योपचारसम्बन्धी औषधीलगायत सरकारले अन्य आवश्यक व्यवस्था गरी सम्भावित जुनसुकै प्रकारको महामारीलाई नियन्त्रण गर्न सरकार सदा तयारी अवस्थामा रहनुपर्ने संवैधानिक कर्तव्यबाट सरकारको भएकोले नागरिक जो विरामी पनि हो र सेवाग्राही उपभोक्ता पनि हो, विरामी हुँदा त्यस्तो उपभोक्ता औषधी र सेवा नपाई मर्छ भने त्यसको जिम्मा सरकारले लिनुपर्ने[२९] भनी ०६७ चैत २४ गते सर्वोच्च अदालतले सरकारका नाममा आदेश जारी गऱ्यो।

५.४ शिक्षाको अधिकार

सरकारी अनुदानप्राप्त मौलिक पूर्वाधार नभएका विद्यालयको पर्याप्त भौतिक पूर्वाधार एवम् गुणस्तरीय शिक्षाको स्तरोन्नति लागि प्रभावकारी योजना बनाई कार्यान्वयन गर्नू भनी नेपाल सरकारलाई ०६७ माघ ६ गते सर्वोच्च अदालतले निर्देशनात्मक आदेश दियो।[३०]

५.५ माध्यमिक तहसम्म शिक्षा निःशुल्क गर्न आदेश

अन्तरिम संविधानमा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरेको तर कार्यान्वयन भने नभएको भनी दायर रिटमा सर्वोच्च अदालतले ०६७ फागुन ९ गते माध्यमिक तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क गर्न सरकारलाई आदेश दियो। शिक्षा निःशुल्क नहुँदा गरिब, असहाय र उत्पीडित वर्ग संवैधानिक हक उपभोग गर्नबाट वञ्चित भएको र सरकार नागरिकप्रतिको दायित्वबाट विमुख भएको निवेदनको सुनुवाइमा अदालतले माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउनु नागरिकको संविधानप्रदत्त मौलिक हक रहेको ठहर गऱ्यो। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा नेपाल पक्षराष्ट्र भएको २० वर्ष पुग्दासम्म पनि निःशुल्क शिक्षाको प्रबन्ध हुन नसकेको तर्फ सरकारको ध्यानाकर्षण गराउँदै तत्काल माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिन आवश्यक परे कानुन बनाउनसमेत आदेश दियो। संविधानको धारा १६(२) मा सबै नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने प्रावधान राखिएको छ।

५.६ अपाङ्गता भएका व्यक्तिकोअधिकार सम्बन्धमा

सवोच्च अदालतले अपाङ्गता भएकामध्ये दृष्टिविहीन अपाङ्गहरूको छुट्टै लगत लिई खाद्य, आवास, स्वास्थ्य, शैक्षिक प्रतिष्ठान, सुरक्षा ब्रेललिपिमा पाठ्यपुस्तक, सीपमूलक तालिम, सूचना तथा सञ्चारसंहिताका एकीकृत सामाजिक सुरक्षाको प्याकेजसहितका नीति निर्माणको अतिरिक्त दृष्टिविहीन संरक्षण केन्द्रको पूर्वाधार विकास गरी दृष्टिविहीन अपाङ्गहरूका लागि कल्याणकारी व्यवस्था कार्यान्वयन गर्न आवश्यक पहल गर्नू/गराउनू र अपाङ्गहरूका लागि कल्याणकारी व्यवस्था कार्यान्वयन गर्न आवश्यक पहल गर्नू/गराउनू भनी ०६७ माघ १७ गते सरकारका नाममा आदेश जारी गऱ्यो।[३१]

५.७ पिछडिएका वर्गको सम्बन्धमा

संविधानमा सामाजिक न्यायको हकअन्तर्गत 'आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित आदिवासी जनजाति, मधेशी समुदाय उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई

---

[२९]. कमल निआलेविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत रिट नं. ०६६–WO-००६२, २०६७ असोज २१

[३०]. मीना खड्काविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत रिट नं. २०६६–WS–००२३

[३१]. दीपक भट्टराईसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत, २०६६ रिट नं. १३१०

समानुपातिक समावेशी सिद्धान्तले आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ" भनी व्यक्त भएको प्रतिबद्धतालाई सार्थक तुल्याउने गरी पिछडिएको वर्गको पहिचानका लागि उचित मापदण्ड बनाउन तत्कालै एउटा अध्ययन समिति गठन गरी सो समितिको प्रतिवेदनसमेतका आधारमा निजामती सेवा ऐनलगायतका अन्य ऐन नियमहरूमा पनि सामाजिक न्यायको अनुभूति हुने गरी समसामयिक व्यवस्था गर्नू भनी २०६७ माघ ६ गते सरकारको नाममा निर्देशनात्मक आदेश जारी गऱ्यो।[३३]

५.८ पेशा, रोजगार, उद्योग गर्ने स्वतन्त्रता सम्बन्धमा

संविधानप्रदत्त मौलिक हक तथा स्वतन्त्रताउपर मनासिब नियन्त्रणसम्म गर्न सकिने संवैधानिक व्यवस्था[३३] र संवैधानिक विधिशास्त्रको मान्यता विपरीत त्यस्तो हक वा स्वतन्त्रताको उपभोगमा अनुचित नियन्त्रण कायम गरी मौलिक हक वा स्वतन्त्रतालाई नै अर्थहीन तुल्याउने गरी भएको निर्माण व्यवसायी नियमावली, २०५६ को अनुसूची ५ को दरखास्त फारमको ५ को (क) र (ख) को व्यवस्थाले अन्तरिम संविधानको धारा १२ को उपधारा ३ को प्रतिबन्धात्मक खण्ड ५को विपरीत सोही धारा १२ को उपधारा (३) को खण्ड (च) द्वारा प्रदत्त पेशा, रोजगार, उद्योग वा व्यापार गर्न नागरिक स्वतन्त्रतामा अनुचित बन्देज लगाइएकोले बन्देज लगाउने गरी जारी त्यस्तो व्यवस्था अन्तरमि संविधानको धारा १०७(१) बमोजिम २०६७ चैत २४ गते अमान्य र बदर घोषित गऱ्यो।[३४]

५.९ मतदाता नामावली सम्बन्धमा

मतदाता नामावलीमा नागरिकता हुनेको मात्रै नाम समावेश गर्नू गैरकानुनी भन्दै त्यसविरुद्ध २०६१ पुस ८ गते दायर रिटमाथि सर्वोच्च अदालतले ०६७ माघ २४ गते निर्वाचनमा मतदान गर्न नागरिकता अनिवार्य हुनुपर्ने निर्णय दियो। नागरिकता मतदाता नियमावलीमा जग्गाधनी प्रमाणपूर्जा अथवा सरकारी कार्यान्वयन, स्थानीय निकाय, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी परिचयपत्र भएकालाई पनि नामावलीमा समावेश गर्नु भन्ने व्यवस्था भएकाले नागरिकता नचाहिने रिट निवेदकको जिकिर थियो। नेपालका संवैधानिक सर्वोच्चता भएको र संविधानमा मत हाल्नका लागि नागरिकता हुनुपर्ने स्पष्ट व्यवस्था भएकाले अरू कुनै पनि पूर्जाका आधारमा राजनीतिक अधिकार प्राप्त हुन नसक्ने निर्णय सर्वोच्चले गऱ्यो। सर्वोच्चले नागरिकता निमायवलीका केही बुँदा संविधानसँग बाझिएकाले त्यो लागू हुन नसक्ने भन्दै सरकारलाई नेपाल पक्षराष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि कानुनसरह लागू गर्न पनि भनेको छ।[३५]

५.१० आमाको नामबाट नागरिकता सम्बन्धमा

नागरिकताको प्रमाणपत्र संविधान र कानुनले नागरिक हुन योग्यता पुगेको व्यक्तिलाई मात्र प्रदान गरिने हुनाले संविधान र कानुनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जतिसुकै लामोअवधि बसोबास गरेको भए पनि नागरिक बन्न नसक्ने तर उमेर पुगेको नागरिकको बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने भनी ०६७ फागुन १५ मा सर्वोच्च अदालतले फैसला गऱ्यो।[३६] पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारी कार्यालयमा आमाको नामबाट नागरिकता लिन चाहनेलाई बाबुको सोधखोज नगरी नागरिकता दिन परिपत्र गर्नू भन्ने आदेशमा उल्लेख छ। बाबुको पत्तो नभएकाले र विवाह नगरेकाले सविना दमाईलाई नागरिकता दिन प्रशासनले अस्वीकार गरेकोमा अन्तरिम संविधानमा बाबु र आमामध्ये जसबाट पनि नागरिकता लिन सकिने संवैधानिक हक प्राप्तिका लागि माघ १० गते सर्वोच्चमा रिट निवेदन दायर गरिएको थियो। फैसलामा नागरिकताका लागि

---

३३. प्रवीणता वस्तीसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, रिट नं २०६६-WS-००३१

३३. सार्वजनिक स्वास्थ्य र नैतिकताको रक्षाको लागि तथा कुनै पेशा, रोजगार उद्योग वा व्यापार गर्न कुनै शर्त वा योग्यता तोक्ने गरी कानुन बनाउन सक्ने अधिकार अन्तरिम संविधानको धारा १२ को उपधारा (२) को प्रतिबन्धात्मक खण्ड (५) ले राज्यलाई प्रदान गरेको छ।

३४. शिवचन्द्र पौडेलविरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसमेत, रिट नं. २०६६-WS-००३३

३५. सरोजराज प्याकुरेलसमेत विरोद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत रिट नं. २०६७-WS-००१७, २०६७ माघ २४ गते

३६. सविना दमाईसमेत नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, रिट नं. २०६७-WS-०७०३

बाबु खोज्ने प्रचलन कुरीति हो र यो उन्मूलन गर्न चेतनामूलक शैक्षिक अभियान थाल्न पनि आदेशमा भनिएको छ।

५.११ माफीका लागि सिफारिस सम्बन्धमा

हत्या अभियोगमा सर्वस्वसहित जन्मकैद सजाय पाएका माओवादी सभासद् बालकृष्ण ढुङ्गेललाई सरकारले सजाय माफी दिन राष्ट्रपतिसमक्ष गरेको सिफारिश कार्यान्वयन नगर्न सर्वोच्च अदालतले ०६८ मङ्सिर ७ गते अन्तरिम आदेश जारी गऱ्यो। सुविधा सन्तुलनको दृष्टिकोणले माफी दिने सिफारिश जेजस्तो छ, त्यसलाई त्यसै अवस्थामा राख्नू, कार्यान्वयन नगर्नू/नगराउनू भनी राष्ट्रपति रामवरण यादव र सरकारका नाममा आदेश जारी गऱ्यो। फैसलाबमोजिम कार्यान्वयन गर्ने दायित्व बोकेका निकायहरूले सोबमोजिम गर्नुको सट्टा सो फैसलाको उपेक्षा गरी फैसला कार्यान्वयनसम्बन्धी निवेदन विचाराधीन रहेको अवस्थामा नै माफी दिन गरेको निर्णय र सिफारिस गर्दा न्यायिक पद्धतिको कार्यान्वयनमा असुविधाजनक अवस्था सिर्जना हुने आदेशमा उल्लेख छ।

सरकारले ढुङ्गेललाई सजाय माफी दिने क्रममा सर्वोच्च अदालतको फैसला एवम् अन्य पक्षहरू बुझ्नेलगायतको कार्य नगरेको र संविधानमा समावेश विस्तृत शान्ति सम्झौताको बुँदा ५:२:७ बमोजिमका अवस्था उल्लेख नगरेको समेत आदेशमा उल्लेख छ। सर्वोच्च अदालतको आदेशमा राजनीतिक आधारमा सभासद् ढुङ्गेलमाथि अभियोग लगाइएको भन्ने आधार स्पष्ट रूपमा नदेखिएको उल्लेख छ।

५.१२ भारतसँगको सम्झौता कार्यान्वयन गर्ने सम्बन्धमा

प्रधानमन्त्री बाबुराम भटराईले भारत भ्रमणका क्रममा गरेको नेपाल भारत लगानी प्रवर्धन तथा संरक्षण (विप्पा) सम्झौता तत्कालका लागि कार्यान्वयन नगर्न सर्वोच्च अदालतले ०६८ मङ्सिर १२ गते अन्तरिम आदेश जारी गऱ्यो। संविधानको धारा १५६.२ अनुसार संसद्को साधारण बहुमत पारित नभएसम्म कार्यान्वयन आउन नसक्ने भन्दै सम्झौतामा उल्लेखित कुटनीतिक सूचना आदानप्रदान नगर्न आदेशमा भनेको छ। सम्झौताको धारा १६ मा कानुनी शर्तहरू पूरा भएको सुनिश्चित गर्दै कुटनीतिक सूचनाहरू आदानप्रदान गर्नुपर्ने भन्ने व्यवस्था भएकाले संविधानको धारा १५६अनुसारको प्रक्रिया अवलम्बन नगरेसम्म वा यो रिट निवेदनको अन्तिम निर्णय नभएसम्म विप्पा सम्झौता कार्यान्वयन नगर्न र कुटनीतिक सूचनाहरू आदानप्रदान गर्न सरकारलाई निर्देशन दिएको छ। नेपाल-भारत लगानी प्रवर्धन तथा संरक्षण सम्झौता अन्तरिम संविधान र नेपाल सन्धि ऐन २०४७ विपरीत भएकाले उक्त सम्झौता प्रारम्भदेखि नै बदर हुनुपर्ने माग राख्दै कात्तिक १३ गते सर्वोच्चमा निवेदन परेको थियो।

५.१३ सैनिक ऐनमा सुधार गर्न आदेश

अन्तरिम संविधानले दिएको समानता, स्वतन्त्रता तथा न्यायलगायतका मौलिक हकसँग सैनिक ऐन मेल नखाएको भन्दै सर्वोच्च अदालतले २०६८ असार १६ गते सैनिक ऐनका कतिपय प्रावधानले सेनालाई सामान्य नागरिकसरह न्याय प्रत्याभूति नगराएको ठहर गर्दै सैनिक ऐन पुनरावलोकन गर्न सरकारलाई आदेश दियो। सरकारलाई न्याय, कानुन र सुरक्षा क्षेत्रको प्रतिनिधित्व भएको कार्यदल गठन गरी सैनिक ऐन पुनरावलोकन गर्ने र संस्थागत सुधार गर्न दिएको आदेशमा पुनरावलोकन गर्न गठन गरेको कार्यदलले कानुनी विशेषता, सैनिक सेवाका अधिकृत तथा कर्मचारी, सरकारका सुरक्षासंयन्त्र, नागरिक समाज तथा मानवअधिकारकर्मीसँग परामर्शपछि आवश्यक सुधारको सुझाव दिनुपर्ने उल्लेख छ। देशमा भइरहेको आधुनिकीरण, लोकतान्त्रिकरण र देशले स्वीकार गरेका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दायित्वहरूका सन्दर्भमा सैनिक ऐनमा सुधार ल्याउनु कानुनी राज्य र मानवअधिकारको संरक्षणको हिसाबले पनि जरुरी रहेको आदेशमा उल्लेख छ।

५.१४ हत्या अभियोग लागेका एआइजी रानामाथिको अनुसन्धान जारी राख्न सर्वोच्चको आदेश

सर्वोच्च अदालतले जनकपुरको कटैयामा चौरीबाट पाँच जना नागरिकलाई गिरफ्तार गरी बेपत्ता

पारी हत्या गरेको आरोप[३७] लागेका एआइजी कुबेरसिंह रानामाथिको अनुसन्धान जारी राख्न २०६८ असार २९ गते सरकारलाई आदेश दियो। हत्याको अभियोग लागेका रानाको बढुवा रोक्का माग गर्दै परेको रिटमा सुनुवाइ गर्दै सर्वोच्चले घटनाका सम्बन्धमा अनुसन्धान शीघ्र अघि बढाउन र अनुसन्धानसम्बन्धमा हरेक महिना अदालत र राष्ट्रिय मानवअधिकार आयोगलाई जानकारी गराउन आदेश गरेको छ। ज्यानसम्बन्धी अभियोग प्रमाणित भइनसकेकाले बढुवा रोक्नु न्यायसङ्गत नभएको भन्दै उक्त घटनाको प्रमाण नष्ट हुन नदिने व्यवस्था मिलाउन पनि सरकारलाई आदेश दिएको छ।

५.१५ विद्यालयबाट पुस्तक बिक्री तत्काल रोक्न आदेश

स्वीकृत पाठ्यक्रमभन्दा बाहिरका गुणस्तरहीन पाठ्यपुस्तक एवम् शैक्षिकसामग्री विद्यालय हाताबाटै बिक्री वितरण गर्ने कार्य तत्काल रोक्न सर्वोच्च अदालतले नेपाल सरकारलाई ०६८ वैशाख १५ गते आदेश दिएको छ। सरकारले निर्धारण गरेको मापदण्डअनुरूप भर्ना र मासिक शुल्क लागू नहुँदा सबैले सर्वसुलभ शिक्षा लिन पाउने संवैधानिक हकमा आघात पुगेको भन्दै तत्काल नियन्त्रण र अनुगमन गर्न र विद्यालय हाताबाटै गुणस्तरहीन पाठ्यपुस्तक एवम् शैक्षिकसामग्री बिक्री वितरण भइरहेको भन्दै ०६८ वैशाख ६ गते सर्वोच्चमा परेको रिटको सुनुवाइमा पाठ्यपुस्तक बिक्री-वितरण, विद्यालय हाताभित्र अस्वीकृत पाठ्यपुस्तक एवम् शैक्षिकसामग्री बिक्री वितरण र शुल्क निर्धारण समितिले निर्धारण गरेको शुल्कभन्दा बढी शुल्क लिने कार्य तत्काल रोक्न भनिएको छ।

५.१६ अस्पताल खोल्न आदेश

सर्वोच्च अदालतले अत्यावश्यक सेवाहरूको सूचीमा पर्ने अस्पताललाई कुनै पनि हालतमा बन्द नगर्नू भन्दै वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा लागेको तालचा २४ घण्टाभित्र खोल्न सरकार, स्थानीय प्रशासन र अस्पतालका पदाधिकारीका नाममा ०६८ वैशाख २० गते अन्तरिम आदेश जारी गऱ्यो। अस्पताल बन्द गरेर अन्तरिम संविधान र अन्य थुप्रै ऐन नियमले संरक्षण गरेको जीवन रक्षाको अधिकार उल्लङ्घन गरेको भन्दै दायर रिटमा अस्पतालमा र स्वास्थ्यसंस्थाहरूमा सरकार तथा सञ्चालक समितिले पदाधिकारी नियुक्ति गर्ने हुनाले बन्द हड्ताल हुन थालेकाले त्यसलाई रोक्न र सञ्चालक नियुक्तिका लागि आवश्यक योग्यता र मापदण्ड तयार पार्न पनि भनिएको थियो।

५.१७ भैरवनाथ गणका अधिकृतहरूलाई हिँडडुल गर्न रोक्ने सम्बन्धमा

भैरवनाथ गणबाट ४९ जना व्यक्तिलाई बेपत्ता बनाएका भनी आरोप लागेका नेपाली सेनाका अधिकृतहरूलाई अहिल्यै नै हिँडडुलमा रोक लगाउनु नपर्ने निर्णय सर्वोच्च अदालतले गऱ्यो। ४९ जना बेपत्ता पार्ने कार्यमा तत्कालीन प्रधानसेनापति प्यारजङ्ग थापा, हालका अधिकृतहरू राजु बस्नेत, दिलीप रायमाझी, विवेक विष्ट, इन्दीवर राणालगायतको संलग्नता रहेको र रायमाझी आयोगले समेत ४९ जना बेपत्ता बनाउने कार्यमा संलग्न रहेको जनाउँदै उनीहरूको पासपोर्ट रोक्का राख्न आदेशको मागसहित सर्वोच्च अदालतमा रिट निवेदन परेको थियो। रायमाझी आयोगको प्रतिवेदनअनुसार उनीहरूलाई कारवाही गर्ने अधिकार सरकारको भएको भन्दै उनीहरूलाई बिनाआधार हिँडडुलमा रोक गर्न आदेश जारी गर्न नमिल्ने निर्णय अदालतले गऱ्यो।

५.१८ गैरन्यायिक हत्याका आरोपित अग्नि सापकोटालाई सञ्चार मन्त्री नियुक्त गरिएको सम्बन्धमा

गैरन्यायिक हत्याको आरोपका[३८]सम्बन्धमा

३७. राना तत्कालीन अवस्थामा धनुषा एसपी रहेको बेला २०६० असोज २१ गते जनकपुरको कटैयाचौरीबाट पाँच जना नागरिकलाई गिरफ्तार गरी बेपत्ता पारी हत्या गरेको आरोप छ।

३८. यसमा जाहेरवाला पूर्णिमाया लामाले आफ्ना पति अर्जुन लामालाई मिति २०६२/१/१६ देखि बेपत्ता बनाई २०६२ साल असारको दोस्रो हप्तामा हत्या गरेको भनी प्रत्यर्थी अग्नि सापकोटासमेत विरुद्ध मिति २०६४।३।२१ मा दिएको जाहेरी दर्खास्त प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले दर्ता नगरी मिति २०६४।३।२४ को पत्रद्वारा दरपीठ भएको भनी जानकारी दिएको र सो दरपीठविरुद्ध नीज पूर्णीमायाले दिएको रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०६४।११।२७ मा "जाहेरी दर्खास्त दर्ता गरी कानूनबमोजिम अरु कारबही गर्नु" समेत भनी परमादेश समेत जारी भई जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले मिति २०६५।४।२७ मा निजको

प्रहरीद्वारा कारबाही जारी रहेको र पक्राउ पूर्जीसमेत जारी भएको अवस्थामा गैरन्यायिक हत्या गरेको भनी मानवअधिकारको गम्भीर उल्लङ्घनको आरोप लागेका अग्नि सापकोटालाई प्रधानमन्त्री झलनाथ खनालद्वारा देशको सूचना तथा सञ्चार मन्त्री जस्तो पदमा नियुक्त गरिएबाट अन्तर्राष्ट्रिय कानुन प्रतिकूल मन्त्री पदको शपथ तथा पदभार ग्रहण गरेपश्चात् निजबाट भए गरेका कार्य बदर गरी उक्त मुद्दाको अनुसन्धानमा प्रमाण लोप गर्ने, पदीय दुरूपयोग गरी कर्मचारीउपर अनुचित प्रभाव पार्ने, आफू अनुकूल निर्णय गराउनसक्ने र पीडितले न्याय पाउने हकबाट वञ्चित हुनुपर्ने सम्भावना भएकोले यो विवादको टुङ्गो नलागेसम्म मन्त्रीका हैसियतले कुनै काम नगर्नू नगराउनूसमेत भनी अन्तरिम आदेशसहितको उत्प्रेषणको आदेश जारी गर्न माग गदै परेको रिटमा[३९] सर्वोच्च अदालतले नेपालको राष्ट्रिय कानुनले कसैउपर कुनै आरोप लगाई जाहेरी दरखास्त परेको अवस्थामा मात्र पनि सार्वजनिक पद धारण गर्न निज अयोग्य हुने वा कुनै पदमा नियुक्तिका लागि अयोग्य हुने भन्ने व्यवस्था गरेको नदेखिँदा सार्वजनिक पदअनुसार कामकाज गर्न निषेध गर्नु कानुनसङ्गत नहुने सर्वोच्च अदालतले ठहर गरेको थियो। कानुनको शासनको सर्वोपरिता, मानवअधिकारको आधारभूत मूल्य र मान्यता, दण्डहीनता र पीडितलाई न्याय प्रदान गर्ने अवधारणाप्रति अदालत उदासीन रहन नसक्ने भएकोले पूर्णीमाया लामाको जाहेरी दरखास्तबाट दर्ता भएको कर्तव्य ज्यान मुद्दामा प्रचलित कानुनबमोजिम अनुसन्धान जारी राखी यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म प्रत्येक १५ दिनमा अनुसन्धान गर्दा कुन प्रभाव, दबाव र असहयोग भएमा सो समेतको विवरण महान्यायाधिवक्ताको कार्यालयमार्फत यस अदालतमा प्रस्तुत गर्न, निवेदनलाई पेशीमा अग्राधिकार दिई प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकसमेतका विपक्षीहरूका नाममा ०६८ असार ७ आदेश जारी गरिएको छ।

५.१९ गैरन्यायिक हत्या सम्बन्धमा

तराईका केही जिल्लाहरूमा भइरहेको हत्या र हिंसाका घटनाहरूलाई सम्बोधन गर्न सरकारले लागू गरेका विशेष सुरक्षायोजनाको कार्यान्वयनको क्रममा सुरक्षाकर्मीबाट मुठभेडको नाममा भएका गैरन्यायिक हत्याका आरोपहरूको निष्पक्ष अनुसन्धान गरी दोषीउपर प्रचलित कानुनबमोजिम अभियोजन गर्न तथा पीडितका परिवार सदस्यहरूलाई हानिपूरण दिलाउन परमादेशको आदेश माग गर्दै २०६८ वैशाख २२ गते निवेदन पऱ्यो। रिट निवेदनमा गैरन्यायिक हत्याका सम्बन्धमा छानबिन तथा अनुसन्धान गर्न हाल विद्यमान संरचना नेपाल प्रहरीको स्थानीय कार्यालय अनिच्छित, असक्षम र पूर्वाग्रही भएकोले त्यसबाट यस्ता विशेष प्रकृतिका घटनाहरूको अनुसन्धान गरी अभियोजन सम्भव र प्रभावकारी नभएकाले यस विषयमा अनुसन्धान गर्ने प्रयोजनका लागि छुट्टै निकाय वा संरचना खडा गर्न, राष्ट्रिय मानवअधिकार आयोगले यस सम्बन्धमा गरेका निर्णय र सिफारिसहरू तत्काल कार्यान्वयन गर्न र नेपाल सरकारद्वारा सञ्चालित विशेष सुरक्षायोजना वा अन्य अवस्थामा हुने कानुन कार्यान्वयनको क्रममा हुने अत्यधिक वा आपराधिक बलको प्रयोग रोक्न तथा त्यस्ता कार्यमा संलग्न सुरक्षाकर्मीलाई जवाफदेही बनाउन उक्त विशेष सुरक्षा योजना तथा बल प्रयोगसम्बन्धी सरकारी नीतिको पुनरावलोकन गरी सो सुरक्षा योजनाको वा नीतिको दुरूपयोग रोक्न अनुगमन गर्ने प्रभावकारी संयन्त्र स्थापना गर्न आदेशको समेत माग गरिएको थियो।

५.२० शिक्षिकालाई समान तलब

बालविकास केन्द्रमा पढाउने देशभर रहेका २८ हजार ७ सय ६२ शिक्षिकालाई दिनको पाँचओटा कक्षा लिँदा जम्मा १ हजार ८ सयदेखि २ हजार रुपियाँसम्म मात्रै पारिश्रमिक दिइएको भन्दै न्यूनतम ६ हजार २ सय रुपियाँ तलब तोकिनुपर्ने माग गर्दै दायर भएको रिटमा सर्वोच्च अदालतले रिटलाई अग्राधिकार दिई सरकारसँग ०६८ कात्तिक ९ गते कारण माग गऱ्यो।

श्रम तथा यातायात मन्त्रालयले ०६७ चैतदेखि लागू हुने गरी न्यूनतम पारिश्रमिक मासिक ३ हजार ५ सय ५० र महङ्गी भत्ता २ हजार ६ सय ५० गरी जम्मा ६ हजार २ सय भएकोमा आफूहरूलाई सरकारले तोकेको न्यूनतम तलबसमेत नदिएकोले पारिश्रमिक र

जाहेरी दर्खास्त दर्ता गरे पनि प्रभावकारी ढंगमा अनुसन्धान तहकिकात गर्न सकेको छैन।

[३९]. सुशील प्याकुरेल समेत विरुद्ध प्रधानमन्त्री झलनाथ खनाल समेत, सम्वत् २०६८ सालको रिट नं.-१०९४

भत्ता दिलाई पाउन माग गर्दै रिट निवेदन दायर भएको थियो।[80]

५.२१ उपकुलपतिमा पुरुषमात्रै नियुक्त गरिएको सम्बन्धमा

नेपालमा सातैओटा विश्वविद्यालयमा उपकुलपति नियुक्ति गर्न सरकारी निर्णय समावेशी सिद्धान्तविरोधी भएको भन्दै बदर गर्न माग गरी परेको रिट निवेदनमा सर्वोच्च अदालतले ०६८ असोज११ गते सरकारसँग उपकुलपति पदमा पुरुषमात्रै नियुक्त गर्नुको कारण माग गऱ्यो। उपकुलपति नियुक्तिमा पुरुषमात्रै नियुक्त हुनु महिलाविरुद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि र विश्वविद्यालय ऐनसमेतको प्रतिकूल भएकोले सरकारको निर्णय बदर गर्न माग गर्नुका साथै महिला प्राध्यापकलाई समावेश गरी विश्वविद्यालयलगायत सरकारबाट गरिने अन्य नियुक्तिमा समेत समावेश गराउन, असमान कानुन संशोधन गर्न सरकारका नाममा आदेश जारी गर्न पनि रिट निवेदनमा माग गरिएको थियो। सरकारले साउन २३ गते सातओटै विश्वविद्यालयमा उपकुलपति नियुक्ति गर्ने निर्णय गरेको थियो।

५.२२ सरकारी सुविधा सम्बन्धमा

सरकारी कोषमा व्ययभार हुने गरी पूर्व प्र.म., उप-प्र.म. र गृहमन्त्रीलगायतलाई सवारी साधन, इन्धन, मर्मत खर्चलगायतका सुविधाहरू प्रदान गर्ने गरी भएको ०६१ मङ्सिर २१ गते र अन्य त्यसपूर्व र त्यसपछि भएका निर्णय तथा काम कारबाहीहरू अदालतले गैरकानुनी ठहर गऱ्यो। राज्यकोषबाट यस्ता सुविधा लिने दिने कार्य तत्काल रोकी पाउँन माग गर्दै परेको रिट निवेदनमा सर्वोच्च अदालतले महङ्गा सवारीसाधनहरू प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री, पूर्व उप-प्रधानमन्त्रीलगायत सरकारमा रहेका व्यक्तिहरूको निकट रहेका अन्य व्यक्तिहरूको प्रयोगमा दिने नेपाल सरकारको कार्य गैरजिम्मेवारीपूर्ण मात्र नभई सुशासन ऐन, २०६४ को दफा २४(ख) लगायत कानुनका शासन र लोकतान्त्रिक मूल्य मान्यताको विपरीत भएको पनि ठहर गरेको थियो। परियोजनाको आवश्यकताअनुरूप मात्र खरिद गर्नु गराउनु र परियोजनाको सेवामा प्रत्यक्षरूपमा पूरा समय काम गर्ने व्यक्तिबाहेक अन्य कुनै व्यक्ति वा पदाधिकारीले प्रयोग गर्न तत्काल रोक लगाउनू भनी नेपाल सरकारको नाममा २२ मङ्सिर ०६८ मा निर्देशनात्मक आदेश जारी गऱ्यो।[81]

नेपाल सरकारको सेवामा रही अवकाश पाएका नेपाल प्रहरीलगायत सम्पूर्ण सुरक्षा सेवा, निजामती सेवा, न्याय सेवालगायत अन्य सरकारी सेवामा रही अवकाश प्राप्त व्यक्तिहरूलाई प्रचलित कानुनअनुसार दिइने निवृत्तिभरणलगायतका सुविधा अपुग वा अपर्याप्त हुने अवस्था विद्यमान भएको भए यस सम्बन्धमा विस्तृत अध्ययन गरी सेवासँग सम्बन्धित कानुनहरू संशोधन गरी निवृत्तिभरण लगायतका सुविधा बढाउनुपर्ने भए आवश्यक कानुन बनाउन पहल गर्न र सरकारको नियमित सेवामा नरहे पनि राष्ट्रको विकास, राष्ट्रियताको उत्थान तथा मर्यादा कायम राख्न र नेपालमा कानुनको शासन र लोकतन्त्रको सुदृढीकरणको लागि सेवा तथा योगदान पुऱ्याएका व्यक्तिहरूलाई केही समय वा आजीवन कस्तो कति समय उपयुक्त हुन्छ सो समयसम्म सरकारी कोषबाट सम्मानस्वरूप आर्थिक सुविधा दिने बारेमा आवश्यक अध्ययन गरी उपयुक्त कानुन बनाउन पनि नेपाल सरकारको ध्यानाकर्षण गरिएको छ। अदालतको निर्देशनको पालना भए नभएको कुराको अनुगमन गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई समेत सर्वोच्च अदालतले निर्देशन दियो।

५.२३ महिलाले पुरुषलाई बलात्कार गर्न नसक्ने ठहर

पुरूष पनि महिलाद्वारा बलात्कृत हुन सम्भव हुने दावीसहित ०६५ असार महिनामा सर्वोच्च अदालतमा परेको रिट निवेदनमा ०६७ फागुन २ गते सर्वोच्च अदालतले महिलाबाट अपवादमा मात्र पुरुष हिंसाका घटना हुनसक्ने ठहर गरी विद्यमान कानुनअनुरूप नै त्यस्ता समस्या समाधान गर्न सकिने निष्कर्ष निकाल्यो। सर्वोच्चले महिलाद्वारा अपवादमा मात्र हुने यौनहिंसालाई बलात्कारका रूपमा परिभाषित गर्न नहुने ठहर गऱ्यो।

---

80. 'शिक्षिकालाई समान तलब रिटमा कारण देखाऊ'। *नागरिक दैनिक।* ०६८ कात्तिक ७ : पृ. २

81. अधिवक्ता रामचन्द्र पौडेलविरुद्ध व्यवस्थापिका संसद्को सचिवालय, सिंहदरबर काठमाडौँ समेत, ०६७–WO–०८१२,

५.२४ संविधानसभा म्याद थप सम्बन्धमा

संविधान सभा गठन भएपश्चात् संविधान निर्माणका सम्बन्धमा हालसम्म के कति उपलब्धिहरू हासिल भएका छन् र कति कार्यहरू बाँकी छन् ? ती कार्यहरू पूरा गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६४ को प्रतिबन्धात्मक वाक्यांशले निश्चित गरेको अवधि ननाघ्ने गरी अन्तिम पटकको लागि संविधानसभाले वास्तविकरूपमा जे जति समय आवश्यक पर्छ , यकिन गरी सोही अवधिभित्रै संविधान निर्माणको कार्य सम्पन्न गर्न र त्यसरी निश्चित गरिएको अवधिमा पनि संविधान निर्माणको कार्यलाई पूर्णता प्रदान गर्न नसकिने भएमा तत्पश्चात् वर्तमान संविधानसभाको कार्यकाल स्वत: समाप्त हुने हुँदा सो अवधिभित्रै संविधानको धारा १५७ बमोजिम जनमत सङ्ग्रह वा धारा ६३ बमोजिम अर्को संविधानसभाको निर्वाचन वा संविधानबमोजिम अन्य उपयुक्त प्रबन्ध मिलाउन चाहिने आवश्यक काम कारबाही गर्न गराउन विपक्षी संविधानसभाका अध्यक्ष तथा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा ०६८ मङ्सिर ९ गते आदेश जारी गऱ्यो।[४२]

५.२५ सेनामा मधेसीको सामूहिक भर्ना रोक्ने सम्बन्धमा

सेनामा ३ हजार मधेसी युवाहरूलाई भर्ना गर्ने सरकारको निर्णय[४३] संविधान र विद्यमान कानुनभन्दा फरक भएको र सरकारले कानुन नै नबनाई भर्ना प्रक्रिया अघि बढाएकोले तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले १० पुस २०६८ मा सरकारलाई अन्तरिम आदेश जारी गऱ्यो। मन्त्रिपरिषद्को निर्णयले कुनै जात विशेषलाई सेनामा सामूहिक प्रवेश गराउँदा अन्य जातजातिको संविधानप्रदत्त समान अधिकारको हक कुण्ठित हुने जिकिर गर्दै सरकारको निर्णयको खारेजीको माग गर्दै परेको रिटमा सर्वोच्च अदालतले सरकारको निर्णय नेपाली सेनामा समानता र समावेशीका आधारमा भर्ना पाउने अन्तरिम संविधानको धारा १४४ (४) अनुकूल नभएको जनायो।

५.२६ म्यादभित्रै जाहेरी निवेदन दिन आदेश

दैलेखको नारायण नगरपालिकामा द्वन्द्वकालमा सेनाबाट भएको बलात्कारसम्बन्धी घटनाको अनुसन्धान प्रक्रिया अगाडि बढाउन परमादेश माग गर्दै सर्वोच्च अदालतमा दर्ता गर्न लगिएको रिट निवेदन सर्वोच्च अदालतले मुलुकी ऐन २०२० को करणीको महलमा व्यवस्था गरिएबमोजिम घटना भएको मितिले ३५ दिनभित्र जाहेरी दिने व्यवस्था भएकोले म्याद नाघी आएकोले अदालतले ०६८ पुस १२ गते दरपिठ[४४] गऱ्यो। दैलेख भवानी बक्स गणका तत्कालीन उपसेनानी जीवेस थापासहित चारजनाले ०६१ मङ्सिर ८ गते दैलेख नारायण नगरपालिकाकी स्थानीय ४० वर्षीय महिलालाई माओवादीलाई सघाएको आरोपमा सेनाले यताना दिएको र बलात्कार गरेको रिट निवेदनमा उल्लेख थियो।

६. नीतिगत सुधार

न्यापालिकाभित्र हुने गरेका अनियमितता, ढिलासुस्ती र न्यायालयका पदाधिकारीहरूको आचरण सुधार गर्नुका साथै सहज र प्रभावकारी न्याय दिलाउनका लागि यस वर्ष केही पहल भए। अनुसन्धानको क्रममा थुनामा रहेका थुनुवा र बन्दीहरूले कानुनव्यवसायीसँग भेटघाट गर्न पाउने व्यवस्था मिलाउन केन्द्रीय न्यायक्षेत्र समन्वय समितिले ०६७ पुस २६ गते सम्बन्धित निकायहरूलाई निर्देशन दिने निर्णय गऱ्यो।

कार्यक्षमता अभाव र भ्रष्टाचारको आरोप लागेका सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बममाथि महाअभियोग लगाउने सम्बन्धमा गत वर्षदेखि अल्झिएर बसेको मुद्दामा संसद्को दुईतिहाइभन्दा बढी सदस्य रहेका प्रमुख तीन दल एनेकपा माओवादी, नेपाली काङ्ग्रेस र नेकपा एमालेबीच यस वर्ष सहमति भयो। तर पनि महाअभियोगको प्रक्रिया भने अगाडि बढेन। न्यायपरिषद्ले २८ मङ्सिरमा भ्रष्टाचार अभियोगमा

---

४२. भरतमणी जङ्गमसमेत विरुद्ध राष्ट्रपतिको कार्यालय, महाराजगञ्ज, काठमाडौँ, रिट नं. ०६८-ध्क-००१४

४३. मन्त्रिपरिषद्ले ०६८ पुष ६ गते बसेको बैठकले राष्ट्रिय सेनालाई समावेशी मधेसका युवा, महिला, जनजाति, दलित र मुस्लिम गरी ३ हजार सङ्ख्यामा भर्तीप्रक्रिया अघि बढाउने नीतिपत्र पारित गरेको थियो।

४४. सर्वोच्च अदालतले बलात्कार लगायत यौनजन्य हिंसाका मुद्दामा हदम्यादको विवादलाई निराकरण गर्न ३५ दिन हदम्याद अपर्याप्त भएको निष्कर्ष निकाल्दै २०६३ सालमा अन्तराष्टिय मापदण्ड तथा अपराधको गम्भिरतालाई सम्बोघन हुने गरि कानुन संशोधन गर्न संसद्लाई आदेश दिएकोमा हादसम्म सो आदेशको कार्यान्वयन भएको छैन्।

न्यायाधीश बमलाई महाअभियोग लगाई कारबाही गर्न संसद् सचिवायलसमक्ष सिफारिस गरेको थियो।[४५] त्यसैगरी न्यायपरिषद्द्वारा गठित छानबिन समितिले पुनरावेदन अदालत पोखराका न्यायाधीश ओम सुवेदीलाई न्यायपरिषद् ऐनको दफा ४ अनुसार खराब आचरण भएको भनी कारबाहीका लागि सिफारिस गऱ्यो।

अदालतबाट मुद्दा फर्स्यौंट गर्ने सम्बन्धमा पनि अघिल्लो आर्थिक वर्षभन्दा यस वर्ष केही सुधार भएको छ। सर्वोच्च अदालतले आर्थिक वर्ष ०६६/६७ मा ५५.८४५ प्रतिशत मुद्दा फर्स्यौंट गऱ्यो। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनअनुसार अदालत तथा न्यायाधीकरणबाट जिम्मा सरेर आएका र नयाँ दर्ता भएका ६ हजार ३ सय ९७ मुद्दासमेत १ लाख २५ हजार तीन सय ८० मुद्दा थिए। त्यसमध्ये ७० हजार १७ (५५.८४५) मुद्दा फर्स्यौंट भयो जुन आर्थिक वर्ष ०६५/६६ को तुलनामा ७.३३५ बढी हो।[४६] यस वर्ष पुनरावेदन अदालत बुटवलले १ हजार ५१ मुद्दा फर्स्यौंट गऱ्यो। अदालतले ८० प्रतिशत मुद्दा फर्स्यौंट गर्ने लक्ष्य राखेकोमा ८३ प्रतिशत मुद्दाको किनारा लगाउन सफल भयो। वर्षमा करिब १ हजार १ सय मुद्दा दर्ता हुने पुनरावेदन अदालतमा एक वर्ष नाघेको मुद्दा जम्मा एउटा मात्र बाँकी रहेको अदालतले जनायो। यही क्रममा अदालतहरूमा शीघ्र र समयमा नै मुद्दा किनारा लागेमा जनआस्था वृद्धि भई अदालतले नागरिकको विश्वास र सम्मान प्राप्त गर्छ।

नियमित कार्यालय समयमा अदालत उपस्थित हुन नसक्ने सेवाग्राहीलाई वैकल्पिक व्यवस्था मिलाई सुविधा प्रदान गर्न, न्यायमा जनताको सहज पहुँच बढाउन र अदालतमा बढ्दो कार्यबोझ सुविधाजनक ढङ्गले व्यवस्थापन गर्न सर्वोच्च अदालतले काठमाडौं जिल्ला अदालतमा सन्ध्याकालीन अदालत (रात्री अदालत) स्थापना गर्ने योजना सार्वजनिक गऱ्यो। कार्यालय समय (१०-५)पछि बेलुकी ५:३० बजेदेखि राति ८ बजेसम्म सञ्चालन गरिने उक्त अदालत विद्यमान जिल्ला अदालतभन्दा छुट्टै नभएर जिल्ला अदालतबाट प्रदान गरिने सेवाकै विस्तार भएकाले सन्ध्याकालीन अदालतको नाम दिइएको हो। आगामी साउन महिनादेखि काठमाडौं जिल्ला अदालतमा उक्त अदालत स्थापना गरिने र यसको सफलतापछि मुद्दाको बढी चाप भएका ठूला सहर विराटनगर, राजबिराज, जनकपुर, वीरगञ्ज, भैरहवा र नेपालगञ्जमा पनि दोस्रो तथा तेस्रो चरणमा यस्ता अदालतको विस्तार गरिने सर्वोच्चको योजना रहेको छ।[४७]

सर्वोच्च अदालतको अधिकार क्षेत्र विकेन्द्रीकृत गरी तल्ला अदालतलाई रिट अधिकार क्षेत्र प्रदान गर्नका लागि सर्वोच्च अदालतको पूर्ण बैठकले ०६८ वैशाख १४ गते सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत निमायवली संशोधन गऱ्यो। संसद्द्वारा न्याय प्रशासन ऐनमा भएको संशोधन अनुरूप ऐन कार्यान्वयनका लागि संशोधन गरिएको नियमावली अनुरूप उप्रान्त यदि कुनै सरकारी अधिकारी वा सुरक्षा निकायका अधिकारीले गैरसंवैधानिक क्रियाकलाप गरेमा वा कसैलाई गैरन्यायिक थुनामा राखिएमा वा मौलिक अधिकारहरूको हनन गरेमा कुनै रिट निवेदन दर्ता गर्न १ सय रुपियाँ तिरी वा बन्दीप्रत्यक्षीकरणको रिट बिनाकुनै शुल्क जुनसुकै अदालतमा निवेदन गर्न सकिने व्यवस्था गरिएको छ।संशोधनअनुसार जिल्ला अदालतले निषेधाज्ञा र बन्दीप्रत्यक्षीकरणको रिट निवेदन लिई सुनुवाइ गर्न सक्छ भने पुनरावेदन अदालतले सर्वोच्च अदालतअन्तर्गत भएका सबै रिट अधिकार क्षेत्र प्रयोग गर्न सक्छ। सर्वसाधारणलाई न्यायमा सहज पहुँच दिनका लागि तल्लो तहको अदालतको अधिकारक्षेत्र विस्तार गर्न सरकारलाई सर्वोच्च अदालतअन्तर्गत गठन भएको आयोग प्रतिवेदनमा सिफारिश भएअनुरूप यस्तो व्यवस्था गरिएको छ।

आवश्यक कानुनी संयन्त्र नहुँदा उपभोक्ताहरू ठगिँदै आएकाले त्यसलाई सम्बोधन गर्न वाणिज्य तथा आपूर्ति र कानुन मन्त्रालयबीच भएको सहमति अनुसार १४ वटै अञ्चलमा उपभोक्ता अदालत गठन गर्ने गरी उपभोक्ता संरक्षण ऐन संशोधन गर्ने र २५ हजार

४५. अन्तरिम संविधानमा कार्यक्षमता अभाव, खराब आचरण देखिएमा वा पदीय कर्तव्यमा इमान्दारीतासाथ जिम्मेवारी पालना नगरेको भन्नेलगायत आधारमा संसद्को एक चौथाइ सदस्यले हस्ताक्षर गरी व्यवस्थापिका संसद् र त्यसमा संसद्को दुई तिहाइ मत परे सम्बन्धित व्यक्ति पदमुक्त हुने व्यवस्था छ। महाअभियोग कार्यविधि नियमित गर्ने ऐन २०५९ मा समेत महाअभियोग प्रस्ताव र कार्यविधिबारे उल्लेख छ।

४६. सर्वोच्च अदालतल वार्षिक प्रतिवेदन २०६७, सर्वोच्च अदालत

४७. 'काठमाडौं जिल्ला अदालमा साउनदेखि सन्ध्याकालीन सेवा'। *अन्नपूर्ण पोष्ट।* ०६८ भदौ २१ गते : पृ. १

रुपियाँभन्दा बढी जरीवाना गर्नु पर्ने गम्भीर प्रकृतिका मुद्दा उपभोक्ता अदालतमा चलाउने प्रावधान समावेश गर्ने निणर्य सरकारले गऱ्यो। बाल न्यायलाई प्रभावकारी र सुनिश्चित बनाउन मध्यपश्चिमाञ्चल क्षेत्रको बर्दिया जिल्लामा बाल इजलास र बाल अदालत स्थापना गरियो।

जिल्ला अदालतअर्न्तगत रहने उक्त इजलासमा १८ वर्ष मुनिका बालबालिकामाथि भएको कसुरको सुनुवाइ गर्ने र पीडित बालबालिकालाई बालमैत्री वातावरणमा न्याय प्रदान गरिने उद्देश्य रहेको छ। यस्तो बाल इजलास र अदालत मुलुकको ७५ वटै जिल्लामा स्थापना गर्ने कार्ययोजना अदालतको रहेको छ।

७. निष्कर्ष

राष्ट्रका नागरिकहरूको अधिकार उल्लङ्घन भएको अवस्थामा उपचार प्राप्तिका लागि राज्यको अन्तिम निकाय र राष्ट्रिय संयन्त्रको रूपमा न्यायपालिका रहेको हुन्छ। अदालत विवादहरूको टुङ्गो लगाउने राज्यको निकाय मात्र नभई नागरिकहरूको मानवअधिकार, मौलिक हक, कानुनी अधिकारहरूको संरक्षण गर्दै पूर्ण न्याय प्रदान गर्ने निकाय पनि हो। मुलुकमा कानुनी राज्यको स्थापना र सरकारलाई जनताप्रति उत्तरदायी बनाउन अदालतको भूमिका रहन्छ। तसर्थ मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा अदालतको भूमिका महत्त्वपूर्ण रहन्छ। अदालतको अभावमा मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन हुन सक्दैन। मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि अदालत सदैव क्रियाशील हुनु आवश्यक छ।

मानवअधिकारको सर्वोपरिताको संरक्षण गर्नु सर्वोच्च अदालतलगायत राज्यको हरेक निकायको परम कर्तव्य हो। खासगरी मुलुकमा मानवअधिकारको सम्बर्द्धन र संरक्षण गर्ने, कानुनको शासनको सर्वोच्चता कायम गराउने समेतका संवैधानिक जिम्मेवारी पाएको सर्वोच्च अदालत यस कर्तव्य पालनको निमित्त कहिल्यै पनि अन्यमनस्क रहन सक्दैन।यस वर्ष मानवअधिकार सम्बर्धन र संरक्षण गर्ने क्रममा सवोच्च अदालतबाट महत्वपूर्ण आदेशहरु भए। यस्तै नेपालको अन्तरिम संविधानको व्याखा गर्ने क्रममा केही फैसला भए जो कार्यकारी र संविधानसभाका लागि आलोचनाको विषय बन्न पुग्यो।

न्यायालयलाई आवश्यक सहयोग गरी यसका आदेशहरूको कार्यान्वयन गरी सहयोग गर्नु, न्यायालयको स्वतन्त्रता र निश्पक्षता स्थापित गर्ने राज्यका अन्य दुई अङ्गको दायित्व यी अङ्गहरूले निरन्तररूपमा गर्नु आवश्यक हुन्छ। कानुनीको शासनको मर्यादा राखी तदनुरूप आचरण प्रदर्शित गर्नु राज्यका अन्य प्रमुख निकायहरू साथै आमनागरिकहरूको पनि कर्तव्य हो। यो कर्तव्यलाई राष्ट्रिय तथा सामाजिक जीवनमा परिचित नागरिकले अझ बढी जिम्मेवारीका साथ बहन गनुपर्ने हुन्छ। अदालतका आदेशहरूको शीघ्र र प्रभावकारी कार्यान्वयन गरी न्याय सम्पादनमा न्यायपालिकालाई कार्यपालिकाले जसरी सघाउनु पर्ने हो त्यसको विपरीत सरकारकै मातहतका अङ्गले पनि तिनको परिपालना गरेनन्। यो अत्यन्त चिन्ताको विषय हो। यसले विधिको शासनलाई हानि पुऱ्याउने मात्र होइन, कालान्तरमा कार्यपालिकालाई समेत असफल तुल्याउँछ भन्नेतर्फ सरकार गम्भीर हुनु आवश्यक छ।न्यायालयले पनि आफ्नो आदेश जारी गर्दा व्यवहारिक आदेश जारी गर्नु आवश्यक छ, जसले गर्दा कार्यान्वयन नहुने अवस्थामा कमी आई अदालतप्रतिको विश्वास कायम रहन सकोस्।

अदालतल न्यायको केन्द्रविन्दु हो र त्यहाँबाट निष्पक्ष र समान न्याय प्रदान गरिन्छ भन्ने हरेक नागरिकको अपेक्षा रहेको हुन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्य सिद्धान्त र मापदण्डका आधारमा अदालतले सदैव सबैलाई समान र निष्पक्ष न्याय प्रदान गर्नुपर्दछ। राजनीतिक आस्था र विचारधाराको आडमा भन्दा स्वच्छ न्यायिक विवेक प्रयोग गरी न्याय सम्पादनका लागि अदालत सदैव क्रियाशिल रहनु पर्दछ।

मुद्दा मामिलालाई अनावश्यक रूपमा नलम्बाई, छिटो छरितो र स्पष्ट न्यायिक निर्णय दिई नागरिकको अधिकारको रक्षा गर्ने न्यायालयको दायित्वलाई न्यायपालिकालगायत राज्यका सबै निकायले नजरअन्दाज गर्न हुँदैन। न्याय क्षेत्रमा हुन सक्ने राजनीतिक हस्तक्षेपलाई न्यूनिकरण गरी अविलम्व सक्षम र निश्पक्ष व्यक्तिको चयन गरी रिक्त रहेको

न्यायाधीशहरूको पदमा नियुक्ति गरी शीघ्र र प्रभावकारी न्याय सम्पादन गर्ने वातावरण मिलाउनु पर्दछ।

अदालतसमक्ष फरकफरक समयमा आएका उस्तै प्रकृतिका मुद्दामा अदालतबाट भिन्न भिन्न व्याख्या गरिनाले र स्वयम् सर्वोच्च अदालतले नै औपचारिक न्यायप्रणाली र सङ्क्रमणकालीन न्यायप्रणाली जस्ता अनौपचारिक न्याय संयन्त्रबीचको भिन्नता स्वतन्त्र रूपमा छुट्याउन नसक्नु अदालतको विडम्बना हो। त्यसकारण यस्ता एक आपसमा नमिल्ने विरोधाभाषपूर्ण ढङ्गबाट भएका फैसलाहरूलाई सर्वोच्च अदालतबाट नै एकरूपता ल्याई मातहतका न्यायिक निकाय र कार्यान्वयन गर्ने निकायहरूलाई स्पष्ट निर्देशन दिनुका साथै मुद्दाका पक्षहरूलाई स्पष्ट र प्रभावकारी न्याय प्रदान गरी विधिको शासनको पक्षमा सदैव स्वतन्त्र रूपमा अडिग रहन आवश्यक देखिन्छ।

३.२ राज्य र मानवअधिकार

कार्यपालिका

परिच्छेद

३

घटनाक्रम

(०६७ पुस १७ गतेदेखि ०६८ पुस १७ गतेसम्म)

०६७ पुस २० गते

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुन:स्थापनासम्बन्धी विशेष समितिको म्याद समाप्त। ०६७ पुस ३० गतेदेखि ०६८ वैशाख मसान्तसम्म थप सहमति।

०६७ पुस २० गते

सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि संशोधन गर्ने र मन्त्रिपरिषद्को आगामी बैठकमा छलफल गर्ने।

०६७ पुस २९ गते

युपीआरसम्बन्धी प्रतिवेदनलाई संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा प्रस्तुत गर्न जाने प्रतिनिधिमण्डल पठाउने।

०६७ माघ २७ गते

वर्तमान शान्ति प्रक्रियालाई निश्कर्षमा पुऱ्याउन र संविधान लेखन कार्य समयमै सम्पन्न गर्न राष्ट्रिय सहमति, सहकार्य र एकताको अपरिहार्यतामा जोड दिई यसका निम्ति सबै राजनीतिक दलहरूलाई सरकारमा सहभागी भई ऐतिहासिक कार्यभार पूरा गर्ने कार्यमा एकजुट हुन आह्वान गर्ने।

०६७ फागुन १७ गते

अदालतको आदेश, निर्णय वा फैसला कार्यान्वयन संयन्त्र गठन गर्ने।

०६७ फागुन ३० गते

केन्द्रीय कारागारमा भएको घटनाका सम्बन्धमा जाँचबुझ आयोग गठन गर्ने।

०६७ चैत २ गते

स्थानीय शान्ति समितिको कार्यावधि (म्याद) थप गर्ने।

शान्ति प्रक्रियामा अनमिनले प्रयोग गरी आएका सवारीसाधन एवं सरसामग्रीहरू विशेष समिति मातहतमा रहने गरी नेपाल सरकारलाई हस्तान्तरण गर्न स्वीकृति दिने।

०६७ चैत ९ गते

स्थानीय शान्ति समितिको अस्थायी दरबन्दीको म्याद थप गर्ने।

०६७ चैत १६ गते

नेपाल अपाङ्ग समाज केन्द्र, काठमाडौंलाई एम्बुलेन्स हस्तान्तरण गर्ने।

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापनसम्बन्धी विशेष समितिअन्तगर्तको सचिवालयको दरबन्दी, भत्ता एवं सेवा कार्य सम्बन्धमा अर्थ सचिव र शान्ति तथा पुननिर्माण सचिवले टुङ्गो लगाउने।

मुलुकका विभिन्न भागहरूमा श्रृङ्खलाबद्ध रूपमा गराइएका बम विस्फोटका घटनाप्रति घोर भर्त्सना गर्दै त्यस्ता आततायी घटनामा संलग्न दोषीहरूलाई न्यायको कठघरामा ल्याउने प्रतिबद्धता व्यक्त। साथै, त्यस्ता दु:खदायी घटनामा परी दिवङ्गत भएका व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै मानवीय क्षति सहनु परेका परिवारजनहरूलाई राहत उपलब्ध गराउने र घाइतेहरूको उचित उपचारमा सहयोग पुऱ्याउँदै शीघ्र स्वास्थ्य लाभको कामना।

०६७ चैत २३ गते

राष्ट्रिय मानवअधिकार आयोग र फिनल्याण्डको विदेश मन्त्रालयबीच हुने सम्झौताको मस्यौदा स्वीकृत गर्ने र उक्त सम्झौता गर्न राष्ट्रिय मानवअधिकार आयोगलाई सहमति दिने।

नेपालको स्थिरता तथा शान्ति निर्माण सहयोग कार्यक्रम कार्यान्वयन गर्न युरोपियन युनियनबाट प्राप्त हुने अनुदान सहायता स्वीकार गर्ने।

फौजदारी कानुन सुधार उच्चस्तरीय कार्यदल गठन गर्ने।

०६८ वैशाख ९ गते

राष्ट्रिय मानवअधिकार आयोगबाट ०६६ साउन २० गतेपछि गरेको सिफारिस अनुरुप पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउने।

नेपालको शान्ति सहयोगकार्यक्रम तेस्रो चरणको लागि डेनमार्क सरकारबाट हुने अनुदान सहायता स्वीकार गर्ने।

नवराज चौलागाईंको खोजी गर्न छानविन समिति गठन गर्ने।

मुक्त कमैया पुनर्स्थापना समस्या समाधान आयोग, गठन आदेश, ०६७ लाई यथावत कायम गरी सो को म्याद ०६८ असार मसान्तसम्म थप गर्ने।

राष्ट्रिय भूमिअधिकार मञ्चले उठएको माग पूरा गर्ने।

०६८ वैशाख १४ गते

राहत तथा पुन:स्थापना एकाइको कार्यविधि थप गर्ने।

०६८ वैशाख २१ गते

नेपालको अन्तरिम संविधान (नवौं संशोधन) २०६८ संविधानसभासमक्ष कानुन न्याय मन्त्रीले पेश गर्ने।

संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिसम्बन्धी स्थायी मञ्चको बैठकमा भाग लिन एक प्रतिनिधिमण्डल पठाउने।

०६८ वैशाख ३० गते

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाललाई आर्थिक सहायता उपलब्ध गराउने।

राहत तथा पुन:स्थापना एकाइमा असार मसान्तसम्मका लागि अस्थायी दरबन्दी सिर्जना गर्ने।

शान्ति तथा पुन:निर्माण मन्त्रीको संयोजकत्वम मन्त्री घनश्याम भुसाल र कृषि तथा सहकारी मन्त्री रहेको शान्ति वार्ता टोली गठन गर्ने।

०६८ जेठ ११ गते

जेनेभामा सम्पन्न हुन गइरहेको मानवअधिकार परिषद्को १७ सत्रौं १७ मा भाग लिन मुख्य सचिवको नेतृत्वमा एक प्रतिनिधिमण्डल मनोनयन गर्ने।

अधिवक्ता विष्णुकुमार शाहसमेतलाई नेपाल कानुन आयोगको सदस्य पदमा नियुक्त गर्ने।

०६८ जेठ १३ गते

गणतन्त्र दिवस, ०६८ को उपलक्ष्यमा ३ सय ३२ जना कैदीहरूको बाँकी कैद माफी मिनाहा दिने।

गणतन्त्र दिवस, ०६८ को उपलक्ष्यमा गर्भपतन मात्रको अभियोग लागेका महिला कैदीहरूहलाई बाँकी कैद माफी मिनाहा दिने।

०६८ जेठ १८ गते

सुरक्षा निकायहरूको स्थिति सुदृढीकरण गर्न गोपालमान श्रेष्ठ, पूर्व सशस्त्र प्रहरी नायव महानिरीक्षकको संयोजकत्वमा सुरक्षा क्षेत्र सुधार कार्यदल गठन गर्ने।

जेठ २१ गतेलाई जातीय विभेद तथा छुवाछूत उन्मुलन राष्ट्रिय दिवस घोषणा गर्ने।

ओएचसिएचआर नेपालको कार्याविधि ०८ डिसेम्बर २०११ सम्म थप गर्ने।

मुक्त कमैया पुन:स्थापना समस्या समाधान आयोग गठन आदेश २०६८ संशोधन गर्ने।

नेपाल सरकारद्वारा गठित शान्ति वार्ता टोली र क्षत्री राष्ट्रिय आन्दोलन समितिका प्रतिनिधिहरूबीच भएको ६ बुँदे सहमति अनुमोदन गर्ने।

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुन:स्थापनसम्बन्धी विशेष समिति अन्तर्गतका सचिवालयका पदाधिकारी, कर्मचारीहरूको भत्ता पारिश्रमिक तोक्ने।

माओवादी सेनाका लडाकुहरूको रेखदेख समायोजन र पुनर्स्थापनासम्बन्धी विशेष समितिअन्तर्गतको सचिवालयमा स्वीकृत अस्थायी दरबन्दी परिमार्जन गर्ने।

जेठ १४ गते राजनीतिक दलहरूबीच भएको पाँच बुँदे सहमति कार्यान्वयन गर्न सरकार दृढ रहँदै प्रधानमन्त्री झलनाथ खनालबाट ०६८ जेठ १७ गते राष्ट्रका नाममा भएको सम्बोधनालाई समर्थन गर्ने। दलीय सहमतिबमोजिम राष्ट्रिय सहमतिको सरकार निर्माणको वातावरण सहज बनाउन सम्पूर्ण राजनीतिक दल बुद्धिजिवी, नागरि समाजलगायत सबैलाई आह्वान।

०६८ जेठ २१ गते

एकीकृत जनस्वास्थ्य अभियान कार्यक्रम सञ्चालन गर्ने।

एकीकृत नेकपा माओवादीका नन्दकिशोर पुन पासाडलाई विशेष समितिका सदस्यहरूले पाएसरह सुविधा दिने गरी विशेष समिति अन्तर्गतको शान्ति अनुगमन समितिको सचिवालयमा राखी सचिवालयलाई नियमिति प्रतिवेदन गर्ने व्यवस्था गर्ने।

महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत भई मुद्दाको बहसमा संलग्न कर्मचारीहरूलाई साठी प्रतिशत, पुनरावेदन सरकारी वकिल कार्यालयमा कार्यरत भई मुद्दाको बहसमा संलग्न कर्मचारीहरूलाई पचास प्रतिशत र जिल्ला सरकारी वकिल कार्यालयमा कार्यरत भई मुद्दाको बहसमा संलग्न कर्मचारीहरूर्लाई चालीस प्रतिशत बहस प्रोत्साहन भत्ता ०६८ असार मसान्तसम्मका लागि उपलब्ध गराउने।

०६८ जेठ २७ गते

विशेष समितिअन्तर्गतको सचिवालय मातहत कार्यालय स्थापना तथा अस्थायी दरबन्दी थप गर्ने।

०६८ असार १ गते

राष्ट्रियस्तरका ट्रेड युनियनलाई सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने।

०६८ असार ५ गते

बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००० तथा आतङ्कवादमा लागी गर्ने कार्य नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९९९ मा नेपाल पक्ष बन्ने सम्बन्धमा व्यवस्थापिका संसदको स्वीकृतिका लागि व्यवस्थापिका संसदमा प्रस्ताव पेश भएकोमा यी दुवै महासन्धिहरू एक अर्कासँग घनिष्ठ रूपले सम्बन्धित भएकाले यी दुवै महासन्धिहरूमा प्रस्ताव प्रस्तुत गर्न तथा तत्तसम्बन्धमा उठेका प्रश्नहरूको जवाफ दिने लगायतका काम कारबाही गर्न उपप्रधानमन्त्री एवं अर्थमन्त्री भरतमोहन अधिकारीलाई तोक्ने।

माओवादी सेनाका लडाकुहरूको रेखदेख , समायोजन र पुन:स्थापनाका लागि नेपाल सरकारबाट गठित माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोन र पुन:स्थापनासम्बन्धी विशेष समितिको म्याद समाप्त भएको मितिदेखि ०६८ साउन मसान्तसम्म म्याद थप गर्ने।

०६८ असार ८ गते

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५२ बमोजिम सम्वत् २०६८ असार १९ गते दिन १४:०० बजे नेपाल सरकारको नीति कार्यक्रम प्रस्तुत गरी सम्बोधन गर्न प्रधानमन्त्रीले राष्ट्रपतिलाई अनुरोध गर्ने।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ अन्तर्गतको तेस्रो आवधिक प्रतिवेदन स्वीकृत गर्ने।

०६८ असार १५ गते

गरिवी निवारण बजेट संरक्षण (Poverty Reduction Budget Support-PRBS) सम्बन्धी MOU समझादरीपत्रमा हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने।

०६८ असार १९ गते

आर्थिक वर्ष २०६८। ०६९ को लागि नेपाल सरकारको वार्षिक नीति कार्यक्रम स्वीकृत गर्ने।

०६८ असार २२ गते

नेपाल सरकारले पेश गरेको सिडको चौथो र पाँचौं संयुक्त आवधिक प्रतिवेदनमाथि हुने कन्सट्रक्टिभ डायलग मा मन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डलले भाग लिने।

नेपाल सरकारद्वारा गठित शान्ति वार्ताटेली र किराँत जनवादी वर्कस पार्टीका प्रतिनिधिबीच भएको सहमति अनुमोदन गर्ने।

०६८ भदौं २२ गते

भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनका लागि नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा निर्देशक समिति र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा कार्यदल गठन गर्ने।

संयुक्त राष्ट्रसङ्घीय महासभाको ६६ औं नियमित अधिवेशन तथा अन्य साइड इभेन्टसम्बन्धी बैठकमा भाग लिन प्रधानमन्त्रीको नेतृत्वमा प्रतिनिधि मण्डल गठन गर्ने।

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुन:स्थापनसम्बन्धी विशेष समितिको सचिवालय र अन्तर्गतका लागि अस्थायी दरबन्दी सिर्जना गर्ने।

०६८ भदौं ३० गते

मुक्त कमैया पुन:स्थापन समस्या समाधान आयोग (गठन) (आठौं सशोधन) आदेश २०६८ स्वीकृत गर्ने।

राहत तथा पुन:स्थापना इकाई तथा नागरिक राहत तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि २०६६ को म्याद थप गर्ने।

०६८ असोज १ गते

द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन कार्यदलको कार्यादेश सूचना तथा सञ्चारमन्त्री, उर्जामन्त्री र अर्थ एवं शान्ति तथा पुन:निर्माणमन्त्रीहरूले छलफल एवं परिमार्जन गरी पेश गर्ने।

सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका सार्वजनिक तथा निजी घरजग्गा सम्पति फिर्तासम्बन्धी उच्चस्तरीय कार्यदल र जिल्ला कार्यान्वयन समिति गठन तथा कार्यादेश सूचना तथा सञ्चारमन्त्री, उर्जामन्त्री र अर्थ एवं शान्ति तथा पुन:निर्माणमन्त्रीहरूले छलफल एवं परिमार्जन गरी पेश गर्ने।

नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन) कार्यविधि २०६८ मृतकका हकदारलाई अर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका २०६८ र वेपत्ता परिएका व्यक्तिका

हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका २०६८ सूचना तथा सञ्चारमन्त्री, उर्जामन्त्री र अर्थ एवं शान्ति तथा पुन:निर्माणमन्त्रीहरूले छलफल एवं परिमार्ज गरी पेश गर्ने।

०६८ असोज १० गते

सम्पति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना, ९२०६८-२०७३० स्वीकृत गर्ने।

इस्लामिक सङ्घ नेपालका महासचिव फैजान अहमद फलाहीको हत्या सम्बन्धमा छानविन समिति गठन गर्ने।

बालबालिकासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी पेश गर्ने।

राहत तथा पुन:स्थापन एकाइमा अस्थायी दरबन्दी सिर्जना गर्ने।

०६८ असोज १५ गते

माओवादी सेनाका लडाकुहरूको मासिक भत्ता वृद्धि गर्ने।

०६८ असोज ३० गते

नेपाल स्वास्थ्य सेवा (चौथो संशोधन) ऐन, २०६८ को विधेयक व्यवस्थापिका संसद्को अधिवेशनमा प्रस्तुत गर्न स्वीकृति दिने।

०६८ कात्तिक ८ गते

बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका २०६५ बमोजिम राहत उपलब्ध गराउने।

०६८ कात्तिक १७ गते

राष्ट्रिय महिला आयोगको अध्यक्षमा चाँद तार कुमारीलाई नियुक्त गर्ने।

०६८ कात्तिक १८ गते

नेपालका अन्तरिम संविधान (एघारौं स.शोधन), २०६८ व्यवस्थापिका संसदसमक्ष कानुन तथा न्यायमन्त्रीले पेश गर्ने।

United Nations Convention Against Transnational Organized Crime र International Convention for the Suppression of the Financing of Terrorisam, 1997 लाई राजपत्रमा प्रकाशन गर्ने।

सार्कको १७ औं शिखर सम्मेलनका अवसरमा SAARC Agreement on Multilateral Arrangement for Recognition of Conformity Assessment समेत चार सम्झौताहरूमा नेपालले हस्ताक्षर गर्ने।

०६८ कात्तिक २२ गते

दण्ड सजाय माफी दिने (बालकृष्ण ढुङ्गेललाई) सम्माननीय राष्ट्रपति समक्ष सिफारिस गर्ने।

०६८ कात्तिक २९ गते

शिविरमा रहेका माओवादी सेनाका लडाकुहरूको विवरण अद्यावधिक, समायोजन तथा पुनर्स्थापनाका लागि खटिने विशेष समिति सचिवालयका पदाधिकारी, सर्भेटोलीमा खटिने कर्मचारीलाई खाना तथा खाजाको व्यवस्था गर्ने।

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुन:स्थापनासम्बन्धी विशेष समितिअन्तर्गत सचिवालयका सदस्यहरूको पारिश्रमिक ०६८ साउन १ गतेदेखि लागू हुने गरी मासिक ३१ हजार रुपियाँ कायम गर्ने।

०६८ मङ्सिर १ गते

सरकारद्वारा गठित शान्ति वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन समूह) बीच भएको पाँच बुँदे सहमति अनुमोदन गर्ने।

०६८ मङ्सिर २ गते

नेपालको अन्तरिम संविधान (एघारौं संशोधन, २०६८) उर्जा मन्त्रीले व्यवस्थापिका संसदसमक्ष पेश गर्ने।

०६८ मङ्सिर २ गते संविधानसभा व्यवस्थापिका संसदस्थित प्रधानमन्त्रीको कार्यकक्षमा बसेको प्रमुख राजनीतिक दलहरूकाबीच भएको दुई बुँदे राजनीतिक सहमतिलाई कार्यान्वयन गर्ने।

कानुन तथा न्याय मन्त्रीद्वारा व्यवस्थापिका संसदमा दर्ता गराइएको नेपालको अन्तरिम संविधान (एघारौं संशोधन, २०६८) कानुन तथा न्यायमन्त्रीको सट्टा उर्जा मन्त्रीले फिर्ता लिने।

०६८ मङ्सिर ६ गते

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिको विचार (बाँकेका युवराज गिरीका सम्बन्धमा) कार्यान्वयन गर्ने।

माओवादी सेनाका घाइते, अपाङ्ग

लडाकुहरूको तथ्याङ्क सङ्कलनार्थ कार्यदल गठन गर्ने।

सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय राज्य पुन:संरचना सुझाव उच्चस्तरीय आयोग गठन गर्ने।

०६८ मङ्सिर १२ गते

शान्ति तथा पुन:निर्माणमन्त्री र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य समूह) बीच भएको पाँच बुँदे सहमति अनुमोदन गर्ने।

शान्ति तथा पुन:निर्माणमन्त्री सत्य पहाडीको संयोजकत्वमा विनाविभागीय मन्त्री र गृह राज्यमन्त्री सदस्य भएको वार्ता समिति गठन गर्ने।

०६८ मङ्सिर १६ गते

फैजान अहमदको हत्या सम्बन्धमा गठित जाँचबुझ आयोगको म्याद एक महिना थप गर्ने।

बझाङका १२ वादी परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने।

शान्ति तथा पुननिर्माणमन्त्री र ब्राह्मण, खस क्षेत्री, ठकुरी, दशनामी र दलित सम्मिलित सङ्घर्ष समितिबीच भएको तीन बुँदे सहमति अनुमोदन गर्ने।

नेपाल सरकारद्वारा गठित तत्कालीन शान्ति वार्ता टोली र पूर्व जनमुक्ति सेना, नेपाल तथा संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (अजाद) का प्रतिनिधिहरूबीच भएको क्रमश: तीन र ६ बुँदे सहमति अनुमोदन गर्ने।

०६८ मङ्सिर २० गते

सुकुमबासी समस्या समाधान आयोग, २०६८ स्वीकृत गर्ने र सो आयोगको अध्यक्षमा भक्तिप्रसाद शर्मा लामिछानेलाई तोक्ने।

०६८ मङ्सिर ६ को मन्त्रिपपरिषद् बैठकको निर्णयबाट गठित राज्य पुन:संरचना सुझाव उच्चस्तरीय आयोगको संयोजकत्वमा काठमाडौं स्यूचाटार निवासी डा. मदनप्रसाद परियारलाई तोक्ने।

०६८ मङ्सिर २६ गते

नेपाल सरकारको तर्फबाट सरकारी वार्ता समिति र फैजान अहमद सङ्घर्ष समितिका प्रतिनिधिबीच भएको ६ बुँदे सहमति अनुमोदन गरी कार्यान्वयन गर्ने विषय मन्त्रिपरिषद्, राजनीतिक समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने।

०६८ पुस २ गते

सर्वोच्च अदालतका पूर्वन्यायाधीश मोहनप्रकाश सिटौंलाको अध्यक्षतामा जाँचबुझ आयोग गठन (चितवन कारागारमा भएको घटना सम्बन्धमा) गर्ने।

०६८ पुस ५ गते

केही सार्वजनिक सेवालाई समावेशी बनाउनको लागि केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक व्यवस्थापिका संसदसमक्ष पेश गर्ने मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

राष्ट्रिय आवास नीति, २०६८ मन्त्रिपरिषद् सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

प्रत्रानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सूचना प्रविधि परिषद् गठन गर्ने।

०६८ पुस १२ गते

कारागारको भौतिक र व्यवस्थापकीय पक्षको सुधार कार्यदल गठन (माननीय देवी खड्को संयोजकत्वमा) गर्ने।

मनवीरे सुनारको परिवारलाई १० लाख रुपियाँ आर्थिक सहायता उपलब्ध गराउने।

बाँके जिल्ला कोहलपुर गाविस अन्तर्गत बसोबास गरेका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको जग्गा दर्तासम्बन्धी समिति गठन आदेश।

२०६८ मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने।

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुन:स्थापनसम्बन्धी विशेष समितिको सचिवालय र अन्तर्गतका लागि अस्थायी दरबन्दी सिर्जना गर्ने।

मुलुकमा विद्यमान छुवाछूत प्रथालाई अन्त्य गर्न गराउनको लागि राज्यले अभियानकै रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले केन्द्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संयोजन गर्ने गरी केन्द्रीय निर्देशन समिति र जिल्लामा जिल्लास्तरीय कार्यान्वयन समिति बनाई कार्ययोजना समेत तयार गरी अभियानकै रूपमा कार्यान्वयन गर्ने व्यवस्था प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिलाउने।

पिछडिएको समुदाय उत्थान विकास समितिका हालका पदाधिकारीहरूलाई पदमुक्त गरी अजयशङ्कर नायकको उपाध्यक्षतामा नयाँ पदाधिकारीहरू मनोनयन गर्ने।

१. भूमिका

सन् २०११ मा सरकारले मानवअधिकारसँग प्रत्यक्ष र अप्रत्यक्ष सरोकार राख्ने केही विषयमा कदम चाल्यो भने केही सरकारी निर्णय मुलुकमा लोकतन्त्र रहेको आभाष नै प्रभावित हुने प्रकारका पनि भए। अवसरवञ्चित समुदायहरूका लागि केही राम्रा नीति आए भने कतिपय लामो समयदेखि प्रतीक्षा गरिएका निर्णयहरू पनि हुन सकेनन्। यस वर्ष नेपाली जनताले कामचलाउ सरकारसहित तीनओटा सरकारको शासन देखे पनि सरकारी नीति तथा व्यवहारमा खासै भिन्नता भने महसुस गर्न पाएनन्। देशमा सुरक्षाको स्थितिमा सुधार अनुभव भएन। वर्षको शुरुवातमा रहेको सरकारको हैसियत कामचलाउ थियो। त्यसपछि बहुमतीय आधारमा गठित सरकार छ महिनामै परिवर्तन भयो र तेस्रो सरकार सत्तामा आयो। विस्तृत शान्ति सम्झौता भएको छ वर्ष लाग्दा यस वर्षको अन्त्यतिर शान्तिप्रक्रियाका अप्ठ्यारा बिन्दूहरू लडाकु र हतियारको व्यवस्थापनमा केही प्रगति भएको देखियो तर टुङ्गोमा भने पुग्न सकेन।

अघिल्लो वर्ष गठन भएको माधव नेपाल नेतृत्वको सरकारले राजीनामा दिएको सात महिनासम्म देशले नयाँ कार्यकारी पाउन सकेन। राजनीतिक सहमति, संविधान निर्माण र द्वन्द्वबाट छिया-छिया भएको राष्ट्रको पुनर्निर्माणमा खर्चिनुपर्ने समय प्रधानमन्त्रीको चुनाव गर्नमै खेर गयो। राष्ट्र २ सय १७ दिनसम्म सरकारविहीनताको स्थितिमा रह्यो। अन्ततः एकीकृत माओवादीसँग झलनाथ खनालले सात बुँदे सहमति गरेपछि उसको समर्थनमा खनालको नेतृत्वमा सरकार गठन हुनसक्यो। यस सरकारले आफ्नो कार्यकालमा शान्तिप्रक्रियाका लागि खासै ठोस कदम चाल्न सकेन। छ महिनामा खनाल सरकारले राजीनामा गरेपछि एकीकृत माओवादीका उपाध्यक्ष बाबुराम भट्टराईको नेतृत्वमा मधेसी मोर्चासँग चार बुँदे सहमतिपछि संयुक्त सरकार गठन भयो।[१] यिनै पृष्ठभूमिमा यस परिच्छेदमा सन् २०११ मा सरकारले मानवअधिकारका क्षेत्रमा गरेका क्रियाकलापको अध्ययन गर्ने प्रयास गरिएको छ।

२. सरकारका स्वरूप

सरकार निमार्णको केही समयपछि खनाल सरकारले वर्तमान शान्ति प्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउन र संविधानलेखन कार्य समयमै सम्पन्न गर्न राष्ट्रिय सहमति, सहकार्य र एकताको अपरिहार्यतामा जोड दिई यसका निम्ति सबै राजनीतिक दलहरूलाई सरकारमा सहभागी हुन अनुरोध पनि गऱ्यो। तर सत्तामा सहभागी दलबीच नै मन्त्रालयको भागबण्डा नमिलेर पटकपटक विस्तार गर्नुपरेको सरकारमा संविधानसभाको दोस्रो ठूलो दल नेपाली काङ्ग्रेस सहभागी हुन इच्छुक रहेन। अघिल्लो वर्ष राजीनामा दिने माधव नेपालको नेतृत्वको सरकारमा एकीकृत माओवादी सामेल भएको थिएन तर यसलाई संसद्मा सहभागी नेपाली काङ्ग्रेसलगायत २२ दलको समर्थन प्राप्त रहेको थियो। खनालको सरकारलाई एकीकृत माओवादीको मात्र सहयोग प्राप्त भएको थियो। उनको सरकार पतन हुनुमा खासै ठूलो सैद्धान्तिक या राजनीतिक मतभेद थिएन। तथापि राजीनामाको जानकारी दिँदै उनले राष्ट्रिय सहमतिको सरकार निमार्णका लागि मार्ग प्रशस्त गरेको दावी गरे।

बाबुराम भट्टराईले सरकार बनाउने क्रममा मधेशी दलहरूको संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग गरेको चार बुँदे सहमतिले देशमा प्रतिकूल परिस्थिति ल्याउने भनी उनकै पार्टीका केही नेता, नेकपा एमाले र नेकालगायत अन्य राजनीतिक दलहरूले विरोध गरे। एकीकृत माओवादीकै मोहन वैद्य किरणलगायतका नेताले यस गठबन्धनलाई राष्ट्रविरोधी भन्ने सङ्ज्ञा दिए। यसलाई भट्टराई र मधेशवादी दलहरू दुवै भारतपरस्त रहेको भन्ने उनिहरूको ठम्याइ रहेको छ।[२] चार बुँदे सहमतिमा उल्लेख गरिएका एकीकृत माओवादी र मधेशी, जनजाति, थरूहट, दलित तथा पिछडावर्ग आन्दोलनका क्रममा आपराधिक मुद्दा

१. माधव नेपालको सरकारले ०६७ असार मा राजीनामा गरेपछि भएको प्रधानमन्त्रीको चुनाव १७ औं चरणमा पनि परिणामविहीन नै रह्यो। ०६८ माघ २० गते एकीकृत माओवादीको समर्थनमा झलनाथ खनालको नेतृत्वमा सरकार गठन भयो तर यस सरकारले ०६८ साउन २९ गते राजीनामा गऱ्यो। राजनीतिक दलहरू बीचको वार्तापछि संयुक्त मधेशी मोर्चाको समर्थनमा ०६८ भदौ ११ गते एकीकृत माओवादीका उपाध्यक्ष बाबुराम भट्टराईको नेतृत्वमा नयाँ सरकार गठन भयो।

२. शान्तिप्रक्रियाबारे समीक्षा, इन्टरनेशनल क्राइसिस ग्रुप, एसिया ब्रिफिङ नं. १३१, काठमाडौँ/ब्रसेल्स, मङ्सिर २७, २०६८

खेपिरहेका व्यक्तिहरूको मुद्दा फिर्ता लिइने र आममाफी दिइने बुँदा धेरै नै आपत्तिजनक मानियो। बाबुराम भट्टराईले सरकार बनाउनका लागि मधेशी दलसँग गरेको सहमतिलाई नकारात्मक रूपमा नै राष्ट्रिय र अन्तर्राष्ट्रिय विश्लेषणहरू[3] सार्वजनिक भए। यस वर्षका तीनओटा सरकारमा रहेका दलहरूको समीकरणले राजनीतिमा कोही स्थायी मित्र या शत्रु नहुने भनाइलाई प्रमाणित त गऱ्यो नै, नेपाली दलहरूको मुख्य ध्यान कहाँ रहेको छ भन्नेतर्फ पनि इङ्गित गऱ्यो। माधव नेपालको सरकारमा मधेशवादी दलहरू र नेपाली काङ्ग्रेस सामेल रहेको थयो। प्रधानसेनापति मुद्दामा राष्ट्रपतिसँगको विवादपछि सरकारबाट राजीनामा दिने एकीकृत माओवादीले सत्तामा नजाने बताउँदै संविधानसभाको सबैभन्दा ठूलो राजनीतिक दल भए पनि सरकारमा सामेल भएन। यसैगरी, खनाल सरकारमा देशको सबैभन्दा पुरानो दल नेकाले सहभागी नहुने फैसला गऱ्यो भने पछिल्लो पटक चाहिँ संविधानसभाका मुख्य दुई दल एमाले र नेका नै प्रतिपक्षीका रूपमा रहे, जसका कारण सम्भावना हुँदाहुँदै पनि जनमतको ठूलो हिस्साको प्रतिनिधित्व सरकारमा भएन।

सरकार गठन हुनेबित्तिकै भट्टराईले मितव्ययिताको उदाहरण भन्दै महँगो विदेशी गाडीको प्रयोग नगरी नेपालमै निर्मित मुस्ताङ म्याक्स चढ्ने बताए। उनको यस निर्णयले संविधानसभाको चुनावपछिको पहिलो निर्वाचित सरकारका अर्थमन्त्रीका रूपमा सफल कहलिएका र प्रधानमन्त्रीका रूपमा धेरैबाट श्रेष्ठ सिद्ध हुने चर्चामा आएका भट्टराईको लोकप्रियता बढेको देखियो। तर, चाँडै नै उनको सरकार जनविरोधी र मानवअधिकार सिद्धान्तविपरीतका कार्यमा संलग्न भएका कारण पनि पूर्ववर्ती सरकारकै श्रेणीमा दरिन पुग्यो। मितव्ययिताको नारा बोकेर आएका प्रधानमन्त्री भट्टराईले हालसम्मकै सबैभन्दा ठूलो मन्त्रिमण्डल गठन गरी बदनामी कमाए जबकि भट्टराईको एक पहिचान ०४६ सालको आन्दोलनपछिका सरकारको तामझाम र अनावश्यक खर्चको उग्र विरोधीका रूपमा रहेको थियो।[4] तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको मन्त्रिमण्डललाई जम्बो भनेर सम्बोधन गर्ने भट्टराईले आफ्ना मन्त्रीहरूको सङ्ख्या देउवाको भन्दा बढी नै पुऱ्याए। विभिन्न जनमुखी कार्यक्रमको घोषणा गरे पनि सरकार टिकाउनका लागि जस्तोसुकै खेदजनक निर्णय गर्न पनि बाबुरामको सरकार हच्किएको देखिएन। आफ्नै मन्त्रिमण्डलका सदस्यलाई चिन्न नसक्ने स्वीकारोक्ति स्वयम् प्रधानमन्त्रीबाटै आयो।

यस सरकारका प्राय कार्यहरू सत्ताकेन्द्रित नै रहे। सरकारी निकायहरूबीच नियन्त्रण, शक्ति सन्तुलन र सुशासनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, महालेखा परीक्षक आदि कार्यालयहरू भने प्रमुखविहीन रहे। नागरिक समाज तथा सम्बन्धित अधिकारीले पदपूर्तितर्फ सरकार ध्यानाकर्षण गराइरहे।[5] सरकारको आर्थिक अनुशासन कायम राख्न मद्दत गर्ने महत्वपूर्ण कार्यालय महालेखा परीक्षकको कार्यालय चार वर्षभन्दा बढी समयदेखि प्रमुखविहीन छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुखले अवकाश प्राप्त गरेको चार वर्ष भइसकेको छ भने निर्वाचन आयोग र लोकसेवा आयोग प्रमुखविहीन भएको वर्षौं भयो। यी सबैमा पदपूर्ति गर्ने कार्यमा राष्ट्रिय स्वार्थभन्दा दलगत स्वार्थलाई प्राथमिकता दिइएपछि अवरोध आयो। सरकारको तत्काल राहत कार्यक्रममा पनि यसप्रकारका पदपूर्ति गर्न कदम चालिने भनिए पनि वर्षको अन्त्यसम्म यसतर्फ कुनै प्रगति हुन सकेन। स्पष्ट रूपमा राजनीतिक नियुक्ती हुने भएकाले महान्यायधिवक्ताको छनौट गर्न सरकारलाई गाह्रो हुँदैन तर, सबै दलको चित्त बुझाउन पर्ने भएकाले पनि अन्य निकायमा प्रमुखको नियुक्ति हुन नसक्नुको एउटा कारण भएको आँकलन गर्न सकिन्छ।

---

३. इन्टरनेशनल क्राइसिस ग्रुपले आफ्नो २०११ को प्रतिवेदनमा मधेशी दलहरूको भूमिका पछिल्ला दुई वर्षमा संयुक्त सरकारमा पुरकका रूपमा रहने र आफ्नो कुरा मनाउनका लागि दिल्लीकै भर पर्ने बताएको छ। मधेश आन्दोलनको मागहरू ती दलको अवसरवादी नीतिले छाँयामा परेको भएपनि संविधानसभामा बलियो उपस्थितिका कारण निर्णयमा आफ्नो प्रभाव भने पार्न सक्ने उक्त प्रतिवेदनमा उल्लेख छ।

४. 'लोअरिङ द बार, सम्पादकीय', http://www.ekantipur.com/the-kathmandu-post/2011/11/10/editorial/lowering-the-bar/228077.html, कात्तिक २९ गते हेरिएको

५. "गभर्मेन्ट अर्जड टु अपोइन्ट अफिसलस्", http://www.ekantipur.com/2011/03/14/top-story/government-urged-to-appoint-officials/330883.html, ०६७ चैत २ गते हेरिएको

३. सत्ता र सहमति

लोकतन्त्रको प्राप्तिपछि राजनीतिक दलबाट जनताको एउटा अपेक्षा राजनीतिक दलहरू आफ्ना दलगत स्वार्थभन्दा राष्ट्रिय स्वार्थलाई प्राथमिकता दिई शान्ति र संविधानका लागि खटिनेछन् भन्ने रहेको थियो। यो अपेक्षा पाँच वर्षपछि आइपुग्दा निराशामा बदलिइसकेको छ। राजनीतिक दलबीचको विवाद र सत्तामोहका कारण जनताका लागि राजनीति वितृष्णाको विषय बन्न थालेको छ। सत्तामा जानका लागि सिद्धान्तको भन्दा सहमतिको आधार मुख्य बन्ने गरेको छ।

यस वर्ष विभिन्न राजनीतिक दलहरूबीच कम्तीमा छओटा मुख्य सहमतिहरूमा हस्ताक्षर भए। यसमा एमाले र एकीकृत माओवादीबीचको ०६८ माघ २० गतेको सातबुँदे सहमति, मधेशी जनअधिकार फोरम, एकीकृत माओवादी र एमालेबीचको चैत १३ गतेको चारबुँदे सहमति, एकीकृत माओवादी, नेपाली काङ्ग्रेस र एमालेबीचको ०६८ जेठ १५ गते पाँच बुँदे सहमति, एकीकृत माओवादी र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीचको ०६८ भदौ ११ गते चारबुँदे सहमति, एकीकृत माओवादी, नेपाली काङ्ग्रेस, एमाले र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीचको कात्तिक १५ गतेको र एकीकृत माओवादी, नेपाली काङ्ग्रेस, एमाले र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीचको ०६८ मङ्सिर १३ गतेको सात बुँदे सहमति रहेका छन्। नेपालमा राजनीतिक अस्थिरताका कारण यिनै अवसरवादी र असम्भव प्रकारका सहमति नै हुन्।[६] यसरी नै ०६२ पुस २ गते एकीकृत माओवादी र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले आफ्नो सहमति कायम राख्न सहमति गऱ्यो। *(हेर्नुहोस यसै पुस्तकको परिच्छेद: यस वर्षको उल्लेख्य)*

सहमति कार्यान्वयन गर्नका लागि मधेशी दलहरूको माग पूरा गर्दै सरकारले नेपाली सेनामा मधेशी युवा भर्ती गर्ने घोषणा गऱ्यो। यस घोषणाको चौतर्फी विरोध भयो। सर्वोच्च अदालतमा यस निर्णयविरुद्ध परेको रिटको फैसलाले सरकारलाई यस घोषणा कार्यान्वयन गर्न रोक लगायो। *(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद- न्यायपालिका)* यी सहमतिका बुँदाहरू हेरियो भने यिनमा तात्विक भिन्नता पाइँदैन। उही पक्षहरूबीच, उही मुद्दामा सहमति हुन्छ। तर यस्ता सहमतिहरू न शब्दश: कार्यान्वयन हुन्छन् न त यसले देशको राष्ट्रिय र अन्तराष्ट्रिय नीति नियममा ठोस देन दिन सक्छन्।

४. सुरक्षा स्थिति

अन्तरिम संविधानको सार्वजनिकीकरणसँगै शुरु भएको मधेश आन्दोलनमा पछि आएर मधेश स्वायत्तता, मधेशमुक्ति, एक मधेश एक प्रदेशको पक्ष र विपक्ष आदि विषयमा विभिन्न राजनीतिक र गैरराजनीतिक समूहहरू सक्रिय हुन थालेपछि दोस्रो जनआन्दोलनदेखि पाँच वर्षसम्म पनि नेपाली जनताले शान्ति सुरक्षाको अनुभूति गर्न पाएनन्। तथापि सन् २०११ मा आएर भने तराईका सशस्त्र समूहहरू केही शिथिल देखिए। इन्सेकको अनुगमनमा पनि सशस्त्र समूहको गतिविधिमा कमी आएको देखियो। सरकारले पनि आफ्नो राहत कार्यक्रममा तराई र पूर्वी पहाडी जिल्लाको सुरक्षा व्यवस्थामा तत्काल सुधारका लागि जनउत्तरदायी सुरक्षा कार्यक्रम सञ्चालन गरिने र सीमावर्ती क्षेत्रको सुरक्षा सुदृढ गर्न सीमा सुरक्षा चौकी थप गरिने जनायो। तथापि गृहमन्त्रीले नै प्रहरीको सरुवा, बढुवामा हस्तक्षेप गरेको र यस कार्यमा भ्रष्टाचारमा मुछिएको आरोपहरूका[७] कारण ती कार्यक्रम सफल हुन नसकेको देखियो। मुलुकमा भएका धेरैजसो हिंसात्मक घटनाका दोषीहरूको प्रहरीले पहिचान समेत गर्न सकेको छैन। अज्ञात समूहबाट घटना भएको र त्यसको अनुसन्धान भइरहेको जनाउनुमै सुरक्षा निकाय सीमित रहेको पाइयो।

यस वर्ष सरकारले सशस्त्र द्वन्द्वमा संलग्न विभिन्न समूहहरूसँग शान्ति वार्ता गऱ्यो। यसै क्रममा ०६८ असार १७ गते किराँत जनवादी वर्कर्स् पार्टीसँग शान्ति वार्ता भयो। वार्ता र सम्वादको माध्यमबाट सबै राजनीतिक माग र मुद्दाहरूलाई सम्बोधन एवम् समाधान गर्न नेपाल सरकार र किराँत जनवादी वर्कर्स पार्टी सहमत भएको र बन्दी अवस्थामा रहेका किराँत जनवादी वर्कर्स पार्टीका वार्ता टोलीका चार जना

६. इन्टिच्युट फर कनफ्लिक्ट म्यानेजमेन्ट, नेपाल: स्टबलिङ अन। http://www.satp.org/satporgtp/countries/nepal/index.html, ०६८ पुस १३ गते हेरिएको

७. एसएसी आक्स् होम मिनिस्टर टु क्यारिफाइ क्राइटेरिया फर प्रमोसन, ट्रान्सफर अफ पुलिस अफिसरस्। http://www.nepalnews.com/home/index.php/news/2/14541-sac-asks-home-minister-to-clarify-criteria-for-promotion-transfer-of-police-officers.html ०६८ कात्तिक २० गते हेरिएको

सदस्यहरूलाई अर्को वार्तामा सहभागी गराउन सरकारले आवश्यक प्रक्रिया पूरा गरी रिहा गर्ने सहमति भयो।

यसैगरी, ०६८ साउन २८ गते संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) र नेपाल सरकारबीच मोर्चाले सशस्त्र गतिविधि त्यागी शान्तिपूर्ण राजनीति गर्ने, नेपाल सरकारको तर्फबाट पनि मोर्चाका नेता तथा कार्यकर्ताहरूलाई राजनीतिकरूपमा व्यवहार गर्ने, मोर्चासँग रहेका सम्पूर्ण हातहतियारसम्बन्धी विवरण सार्वजनीकरण एवम् नेपाल सरकारलाई हस्तान्तरण गर्ने, मोर्चाका नेता तथा कार्यकर्ताहरूलाई लागेका मुद्दा र थुनुवा तथा बन्दीहरूको रिहाइसम्बन्धी प्रक्रिया नेपाल सरकारले अविलम्ब प्रारम्भ गर्ने सहमति भयो। यही सहमति अनुरूप यो समूहले ०६८ पुस १६ गते वीरगञ्जमा सरकारी वार्ता टोलीलाई आठ थान साना हतियार बुझायो। मोर्चाका संयोजक प्रल्हाद गिरी 'पवन' ले शान्ति र संविधानका लागि शान्तिपूर्ण वार्तामा आएको बताए। ०६८ भदौ २ गते संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) समूह, ०६८ मङ्सिर ८ गते संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य समूह) र ०६८ पुस ५ गते संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले पनि सोही प्रकृतिका सहमतिमा हस्ताक्षर गरे। यसअघि, ०६७ जेठको पहिलो सातामा पनि अखिल तराई मुक्ति मोर्चा विवेक समूहले सरकारलाई हतियार बुझाएको थियो।

सन्जुहाङ पालुङ्वाको नेतृत्वमा रहेको सङ्घीय लिम्बूवान राज्यपरिषद्सँग ०६८ कात्तिक ३० गते वार्ता गर्दै आन्दोलनमा घाइतेको उपचार गर्न र पहिलेका सम्झौता कार्यान्वयन गर्न सरकार सहमत भयो। यस समूहले आफूलाई सरकारले वार्ताका लागि बोलाउन दबाब दिन आन्दोलन पनि गरेको थियो। तर राज्य पुनसंरचना आयोगमा आफ्नो प्रतिनिधित्व नभएको भन्दै यस समूहले आमहड्ताल लगायतको कार्यक्रम सार्वजनिक गऱ्यो। ०६४ चैत ६ गते सरकारसँग भएको सहमतिको तेस्रो बुँदामा यस प्रकारको आयोग निर्माण गरिँदा लिम्बूवान राज्यपरिषदका प्रतिनिधिलाई पनि सामेल गराइने उल्लेख थियो।

यसबाहेक शान्ति तथा पुनर्निर्माण मन्त्रालय र क्षत्री राष्ट्रिय आन्दोलन समितिसँग ०६८ जेठ ८ गते वार्ता भयो। वार्ताका क्रममा राज्यको पुर्नसंरचना गर्दा राष्ट्रिय अखण्डता र जातीय सद्भावलाई सुदृढ पार्ने गरी भौगोलिक निकटता, प्रशासनिक अनुकूलता, स्रोत र साधनको उपलब्धता, आर्थिक सम्भाव्यता र भाषिक तथा सांस्कृतिक समानताको आधारमा समेत गर्न सिफारिस गर्ने र राज्यका तर्फबाट प्रदान गरिने विभिन्न आरक्षण सुविधाहरूमा सामाजिक आर्थिक हैसियत (वर्ग) लाई समेत प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरिएको थियो। सरकारले ०६८ मङ्सिर ९ गते ब्राम्हण, खस क्षेत्री, दशनामी, ठकुरी र दलित सम्मिलित सङ्घर्ष समितिसँग समितिले राखेका न्यायोचित एवम् तत्काल गर्न सक्ने मागहरू एक महिनाभित्र परिवर्तनको आभाष हुने गरी सम्बोधन गर्ने सहमति पनि गऱ्यो।

०६८ भदौ २ गते माओवादीको पूर्व जनमुक्ति सेना, नेपालसँगको वार्तामा अयोग्य भनिने सम्बोधन हटाइनुपर्ने, सम्मानजनक दीर्घकालीन व्यवस्थापनका लागि एकमुष्ठ आर्थिक प्याकेजबाट हल गरिनु पर्ने, संयुक्त राष्ट्रसङ्घ शान्ति कोष मार्फत पूर्व जनमुक्ति सेनाका नाममा भएको खर्चको सत्य तथ्य सार्वजनिक गरिनुपर्ने र विभिन्न बहानामा पक्राउ परेका सम्पूर्ण पूर्वा जनमुक्ति सेनाहरूको अविलम्ब बिनाशर्त रिहाइ गराइनु पर्ने मागलाई यथोचित सम्बोधन गर्न सकारात्मक पहल गर्ने सरकारले सहमति जनायो।

शान्ति मन्त्रालयका अधिकारीका अनुसार हाल कुनै पनि समूहलाई वार्ताका लागि आह्वान गरिरहन पर्दैन। उनीहरूका अनुसार अधिकारका नाममा हिंसात्मक गतिविधिमा लागेका समूहहरू माग पूरा गराउनेभन्दा पनि सरकारले मुद्दा नलगाओस् भनेर आफ्नो सुरक्षाका लागि वार्तामा बस्ने चाहना राख्दछन्।[८] सन् २०११ मा सशस्त्र समूहबाट हुने हत्या, अपहरण, चन्दा मागमा केही कमी आयो। *(हेर्नुहोस् यसै पुस्तकको सारांश)* विगतमा १ सय ८ ओटा सशस्त्र समूह सक्रिय रहेकामा हाल आएर २६ ओटा मात्रै रहेको गृहमन्त्रालयले ०६८ असार २ गते जानकारी गरायो। सरकारले हरेक समूहसँग वार्ता गर्दै एउटा सहमतिको बुँदाका रूपमा जेलमा रहेका र मुद्दा विचाराधीन रहेका कार्यकर्तालाई रिहा गर्ने कार्य गरिरहेको छ। ती कार्यकर्ता रिहाइपछि कस्तो प्रकारको गतिविधिमा लागेका छन्, ती समूहका अन्य कार्यकर्ता कुन प्रकारको गतिविधिमा संलग्न छन् भनी हेर्ने संयन्त्रका बारेमा कतै

८. "हतियारको हार". गाहा मगर, सन्त। *हिमाल पाक्षिक* http://himalkhabar.com/news.php?id=4611, ०६८ पुस २ गते हेरिएको

उल्लेख भएको पाइएको छैन। जोसँग पनि सहमति गरिहाल्ने तर सहमतिको पालना गर्न सम्भव छ छैन भनेर चिन्तन नगर्ने पूर्ववर्ति सरकारलाई यस वर्ष पनि पछ्याइयो।

५. सामाजिक न्यायका लागि व्यवस्था

सामाजिक सुरक्षाको व्यवस्थाले सामाजिक, आर्थिक, शारीरिक र मानसिक रूपमा कमजोर नागरिकको सम्मानपूर्वक बाँच्ने अधिकारको प्रत्याभूति दिन्छ। राज्यमाथि आफ्नो आर्थिक र सामाजिक सिमितताभित्र रही वृद्ध, अपाङ्गलगायत अन्य कमजोर समूहरूका लागि आर्थिक तथा सामाजिक सुरक्षाका नीति अपनाउने दायित्व पनि छ। नेपालको संविधानले नागरिकहरूका लागि सामाजिक सुरक्षाको प्रत्याभूति दिएको छ। नेपालमा विभिन्न शीर्षकमा यस्ता समूहहरूका लागि आर्थिक सहयोगको केही प्रावधान रहेका छन्।

सरकारले ०६८/०६९ को बजेटमा सामाजिक सुरक्षा भत्ता पाउने एकल महिलाको उमेरको हद हटाई विधवा भएकै दिनदेखि भत्ता पाउने, सुकुमबासी, कमैया, हलिया, हरूवाचरुवा, कमलरी, बादी, गन्धर्व र बाँधा मजदुरबाट मुक्त परिवारको आय आर्जन, रोजगारी, शिक्षा र बसोवासको विशेष कार्यक्रम सञ्चालन गर्ने, कमलरीहरूको शिक्षा, सीपमूलक तालिम र पुनर्स्थापनाको लागि विशेष व्यवस्था, आगामी आर्थिक वर्षभित्र पुनर्स्थापना हुन बाँकी मुक्तकमैया परिवारको पुनर्स्थापनाको कार्य सम्पन्न हुने तथा मुक्त हलिया, हरूवाचरुवाको तथ्याङ्क सङ्कलन गरी पुनर्स्थापनाको लागि अध्ययन गरिने तथा अपाङ्गहरूका लागि पठनपाठनको सुलभ व्यवस्था गर्नुका साथै सार्वजनिक र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गर्न बजेटमा विशेष व्यवस्था मिलायो। गत वर्षको बजेटमा पनि यस्ता लोकप्रिय प्रावधान राखिए तापनि कार्यान्वयनको अवस्थामा भने सन्तोषजनक प्रगति भएको पाइएन।

यसैगरी, कर्णाली अञ्चलका सबै र अन्य क्षेत्रका पाँच वर्षमुनिका दलित बालबालिकालाई मासिक २ सय रुपियाँ दरले दिइदै आएको बाल संरक्षण अनुदानलाई मानव विकासका दृष्टिले पछि परेका अन्य जिल्लाहरूमा पनि क्रमिकरूपमा विस्तार गरिने तथा जेष्ठ नागरिकहरूलाई वृद्ध अवस्थामा गाँस, बास र कपासको व्यवस्था गर्दै जाने नीति अवलम्बन गरिने बताइयो। यस क्रममा मोतीदेवी स्मृति जेष्ठ नागरिक आवास गृहको निर्माण गर्न सहयोग उपलब्ध गराइने छ। देवघाट, केलादीघाट र रिडीघाटमा रहेका वृद्धाश्रमहरूलाई जेष्ठनागरिक ग्राममा रूपान्तरण गरिने सरकारले जनायो।

सरकारले नागरिकता वितरणसम्बन्धीमा लैङ्गिक विभेद हटाउने प्रतिबद्धता यस वर्ष पनि पूरा गर्ने सकेन। भट्टराई सरकारले आफ्नो तत्काल राहत कार्यक्रममा पनि यो समस्या निराकरण गर्ने बताएको थियो। सर्वोच्च अदालतको निर्देशनपछि दोलखाकी सविना दमाईंले आमाको नाममा नागरिकता त पाइन् तर यही प्रकृतिमा मुद्दामा आमाको नाममा या आफ्नो तेस्रो लिङ्गीको पहिचानको आधारमा पनि अहिले पनि प्राय प्रमुख जिल्ला अधिकारी नागरिकता जारी गर्न मान्दैनन्। नेपालले २००४ मा संयुक्त राष्ट्रसङ्घले जारी गरेको मानवअधिकार लैङ्गिक पहिचानसम्बन्धी अवधारणाको समर्थन गर्दै यौनिक र लैङ्गिक अल्पसङ्ख्यकका अधिकारलाई मान्यता दिँदै उनीहरूविरुद्धका सबै विभेदकारी नीति र कानुन हटाउने कार्य शुरु गरेको नेपाल सरकारले जनाएको छ।[९] प्रधानमन्त्री र गृहमन्त्रीले नै पनि तेस्रो लिङ्गी उल्लेख गरी नागरिकताको प्रमाणपत्र दिने घोषणा गरे पनि हालसम्म यसतर्फ कुनै प्रगति भएको छैन।

६. अन्तराष्ट्रिय संयन्त्र र सरकार

६.१ विश्वव्यापी आवधिक समीक्षा

मानवअधिकार परिषद्को १० औं आवधिक समीक्षा सत्रमा ०६७ माघ ११ गते नेपालको विश्वव्यापी आवधिक समीक्षा सम्पन्न भयो। उपप्रधानमन्त्री सुजाता कोइरालाको नेतृत्वमा गएको प्रमण्डलले उक्त प्रस्तुति राखेको थियो। प्रस्तुतिपछि ५३ देशका प्रतिनिधिले नेपालको मानवअधिकार स्थितिको सम्बन्धमा विभिन्न जिज्ञासाहरू राखेका थिए। नेपालको प्रतिवेदनमा १ सय ३५ सिफारिस गरिए जसमा नेपालले ५५ भन्दा बढी स्वीकार गऱ्यो भने १५ ओटालाई अस्वीकार गऱ्यो। सिफारिसहरू अस्वीकृत भएकोमा दुःखमनाउ गर्दै

९. आर्थिक, समाजिक तथा सांस्कृतिक अभिसन्धि समितिमा नेपालले पेश गरेको तेस्रो आवधिक प्रतिवेदन

ओएचसीएचआरले एक विज्ञप्ति पनि जारी गऱ्यो।[१०] अस्वीकृत सिफारिसहरूमा केही महत्वपूर्ण महासन्धि अनुमोदन गर्ने तथा तराईमा गैरन्यायिक हत्या भइरहेको भन्ने दाबीको अनुसन्धानसम्बन्धी ओएचसीएचआरको प्रतिवेदनको सम्बन्धमा थियो।

नेपालको सो प्रतिवेदन अनुमोदन हुने समयमा छलफलका क्रममा असार १४ गते प्रधानमन्त्री तथा मन्त्रिमण्डलको कार्यालयका प्रमुख सचिव माधवप्रसाद घिमिरेले धेरैजसो सिफारिस स्वीकार्य रहेको र ती सिफारिसहरूलाई नीतिगतरूपमा कार्यान्वयनमा ल्याउने तयारी भइरहेको बताए। उनले सोही समयमा नेपालको मुख्य लक्ष्य दिगो शान्ति र न्यायपूर्ण समाज निर्माण गर्ने तथा सबै द्वन्द्व रूपान्तरणमा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता गराउनुका साथै महिला र बालिकाको अधिकारको रक्षा गर्दै शान्ति निर्माण प्रक्रिया सफल बनाउने रहेको बताए।[११]

युपीआरले नेपाललाई संयुक्त राष्ट्रसङ्घका अन्य सदस्यसँग मानवअधिकारसम्बन्धी आफ्ना उद्देश्य तथा चुनौतीहरूबारे छलफल गर्ने अवसर प्रदान गरेको छ। संयुक्त राष्ट्रसङ्घले जातीय विभेदको उन्मूलन गर्ने, लैङ्गिक हिंसाको समाधान गर्ने, मानवअधिकार उल्लङ्घनमा जवाफदेहिता सुनिश्चित गर्ने तथा राष्ट्रिय मानवअधिकार संस्थाहरूको सुदृढीकरणलगायत नेपालमा मानवअधिकारको संरक्षण तथा सम्वर्धनका विभिन्न पक्षहरू सम्बन्धमा सिफारिस गऱ्यो।[१२] तर नेपालले यातनासम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, बलात् बेपत्ताविरुद्धको महासन्धि तथा शरणार्थीहरूको अवस्थासम्बन्धी महासन्धिको भविष्यमा अनुमोदन हुने सम्भावनाका विषयका भने कुनै उत्तर दिएन। यसबाहेक नेपालमा व्याप्त दण्डहीनताका विभिन्न सरोकारलाई नेपालमा संस्थागत यातना नदिइने दाबी गर्दै टाऱ्यो।[१३] तर हिरासतमा यातना दिएको आरोप प्रहरीलाई लागिरहने गरेको छ। प्रहरीको यातनाका कारण घाइते भएका बाँकेका २१ वर्षीय निजामुद्दिन शेखको घटना[१४]लाई सरकारको यस दाबीलाई असत्य ठहऱ्याउन पर्याप्त छ। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरण: बाँके)*

६.२ अनमिनको बिदाइ

संयुक्त राष्ट्रसङ्घ सुरक्षापरिषद्को प्रस्ताव नं. १७४० अनुसार अनमिनको ०६३ माघ ९ गते स्थापना भएको थियो। स्थापनासँगै यसले शान्तिप्रक्रियाको शुरुवाती तरल अवस्थामा विभिन्न राजनीतिक दलहरूबीच मध्यस्थता गऱ्यो भने माओवादी लडाकुको प्रमाणीकरण र उनीहरूलाई शिविरमा राख्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो। संयुक्त राष्ट्रसङ्घीय मिसन माओवादीसँग नजिक रहेको आरोप समयसमयमा लागिरहनु एउटा दुर्भाग्य नै रह्यो। यसका प्रतिवेदनमा एकीकृत माओवादीलाई समर्थन गरिएको भन्ने अन्य राजनीतिक दलहरूको गुनासो रहँदै आएको थियो। जनवरी १४ मा अनमिन जाने निश्चित भइसकेको अवस्था पनि सरकारले नै अनमिन रहुञ्जेल देशमा शान्तिप्रक्रिया अगाडि बढ्न नसक्ने दाबी गऱ्यो। सञ्चारमन्त्रीले नै पनि अनमिन रहेसम्म माओवादीले आफ्ना हतियार सरकारलाई नबुझाउने र संविधान पनि नबन्ने भनी दाबी गरेका थिए।[१५] नेपालको मामिलामा

---

१०. ओएचसीएचआर नेपाल। प्रेस विज्ञप्ति। http://www.ohchr.org/en/resources/Documents/Nepali/pressreleases/Year%202011/January/2011_02_07_PR_OHCHR_welcomes_Govt_UPR_N.pdf

११. ओएचसीएचआर नेपाल। http://www.ohchr.org/en/NewsEvents/Pages/DisplayNews.aspx¿NewsID=11119&LangID=E

१२. ओएचसीएचआर नेपाल। http://nepal.ohchr.org/en/resources/Documents/Nepali/pressreleases/Year%202011/January/2011_02_07_PR_OHCHR_welcomes_Govt_UPR_N.pdf

१३. थापा, तेजश्री, ह्युमन राइटस् फ्यान्टसी इन नेपाल। http://epaper.ekantipur.com/ktpost/showtext.aspx?boxid=5839312&parentid=10211&issuedate=1722011

१४. यातनाविरुद्ध विश्व संस्थाको अन्तर्राष्ट्रिय सचिवालय (ओएमसीटी) द्वारा ०६८ भदौ १९ गते जारी अर्जेन्ट एक्सन अपिल

१५. अनमिन्स डिपार्चर फर पीस, टाइम्ली स्टाच्युट। http://202.166.193.40/2011/01/05/capital/unmins-departure-for-peace-timely-statute/327571/ ०६८ जेठ ११ गते हेरिएको

स्थापनाकालदेखि नै दुई पक्षबीच पुलको काम गर्ने अनमिन बिदा हुने बेलामा भने सरकारसँग सम्बन्ध बिग्रेको अवस्थामै बिदा भयो।

६.३ ओएचसीएचआरको बिदाइ निश्चित

नेपाल सरकारले मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको म्याद नबढाउने निर्णय गऱ्यो। प्रधानमन्त्री बाबुराम भट्टराई स्वयम्ले नै संयुक्त राष्ट्रसङ्घका महासचिव बान की मुनलाई मङ्सिर २२ गते टेलिफोन वार्तामार्फत सो कुराको जानकारी दिँदै उक्त कार्यालयले छ महिनाभित्रमा नेपाल छाड्नुपर्ने जानकारी दिए। यही निर्णयसँगै उच्चायुक्तको नेपालस्थित कार्यालय निष्क्रिय अवस्थामा रह्यो। आफू सत्ताबाहिर रहँदा कार्यालयको म्याद बढाउन तर्क गर्ने एकीकृत माओवादीका उपाध्यक्षको नेतृत्वको सरकारले भने यस संस्थालाई बिदाइ गर्ने निर्णय गऱ्यो। सरकारको यो निर्णय संयुक्त राष्ट्रसङ्घ र मानवअधिकारसँग सरोकार राख्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाको अनुरोधको विरुद्धमा थियो।

नेपालको मानवअधिकारको अवस्था अन्त्यन्त चिन्ताजनक रहेको बेलामा नेपाल प्रवेश पाएको ओएचसीएचआरले ०६२/६३ को जनआन्दोलन, यसको सफलतासँगैको युद्धविरामको अवस्था र विस्तृत शान्ति सम्झौताको अवस्थासम्मको तरल अवस्थामा ठूलो योगदान पुऱ्याएको कुरामा दुई मत हुन सक्दैन। साथै यसपछिको सङ्क्रमणकालीन अवस्थामा पनि ओएचसीएचआर नेपालमा मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि कार्यरत रह्यो। विस्तृत शान्ति सम्झौताको पाँच वर्ष पुग्दा पनि सङ्क्रमणकालीन न्यायका संयन्त्र स्थापना हुन नसकेको, युद्धकालीन गम्भीर अपराधका दोषीहरू खुला रूपले हिँडिरहेको, साथै गैरराजनीतिक मुद्दामा सजाय पाएका व्यक्तिलाई माफीको पहल गरिएको अवस्थामा अन्तराष्ट्रिय मानवअधिकार संयन्त्रलाई बिदाइ गर्ने सरकारको निर्णय राष्ट्रिय अन्तर्राष्ट्रिय मानवअधिकार समुदायको लागि चिन्ताको विषय बन्न पुग्यो।[१६]

ओएचसीएचआरको उपस्थिति र भूमिकाका सम्बन्धमा ०६६ देखि नै मतभिन्नता देखिँदै आएको थियो। सरकारले सोही समयदेखि यस कार्यालयको म्याद छ महिनाका लागि मात्र बढाउँदै आएको थियो। नेपाल सरकारको तर्क राष्ट्रिय मानवअधिकार आयोगको क्षमता विकास भइसकेकाले राष्ट्रसङ्घीय निकायलाई आयोगले प्रतिस्थापन गर्न सक्षम रहेको भन्ने रहेको थियो। तथापि अन्तिम समयसम्म पनि आयोग ओएचसीएचआरको उपस्थितिको औचित्य समाप्त भइनसकेको र आफ्नो क्षमता अभिवृद्धिका लागि यसको आवश्यकता रहेको बताउँदै आएको थियो।

अन्तर्राष्ट्रिय मानवअधिकार संस्था ह्युमन राइटस् वाच र आईसीजेले विस्तृत शान्ति सम्झौतामा व्यक्त मानवअधिकारसम्बन्धी प्रतिबद्धता पूरा गर्न पनि ओएचसीएचआरको उपस्थिति अनिवार्य रहेको बताएका थिए।[१७] द्वन्द्वकालीन घटनाको सत्यतथ्य पत्ता लगाउने र पीडितलाई न्याय दिलाउनेतर्फ राजनीतिक दलहरूको चाहना नहुनु र साथै शान्ति सम्झौतापछि आफ्नो बदलिएको अवस्थाले द्वन्द्वकालीन ज्यादतीलाई गौण बनाएको उनीहरूले ठानेकाले[१८] पनि सरकारले ओएचसीएचआरलाई निष्कृय गराएको हुन सक्ने तर्क गरिए। नेपालमा ओएचसीएचआरको एक कार्यादेश सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको स्थापनालगायत शान्ति सम्झौताका मानवअधिकारका पक्षहरू कार्यान्वयन भएनभएको अनुगमन गर्ने पनि रहेको थियो। शान्तिप्रक्रियाको यस महत्वपूर्ण क्षणमा सरकारले विज्ञको सहयोग लिनुको साटो यस संस्थालाई नै बिदा

---

१६. एजेण्डा १९ द्वारा ०६८ मङ्सिर २८ गते जारी प्रेस विज्ञप्ति, नेपाल: गभर्मेन्ट एक्सपेल्स युएन ह्युमन राइटस् वाचडग, http://www.article19.org/resources.php/resource/2899/en/nepal:-government-expels-un-human-rights-watchdog?utm_source=ARTICLE+19+Mailing+List&utm_campa, ०६८ पुस १२ गते २८ गते

१७. नेपाल: एक्स्टेन्ड म्यान्डेट अफ युएन ह्युमन राइटस् अफिस। ह्युमन राइटस् वाचद्वारा ०६८ मङ्सिर १९ गते जारी प्रेस विज्ञप्ति, http://www.hrw.org/news/2011/12/05/nepal-extend-mandate-un-human-rights-office, ०६८ मङ्सिर २५ गते हेरिएको

१८. थापा, तेजश्री। नेपाल: द पावर अफ मनी, http://www.hrw.org/news/2011/12/12/nepal-power-money, ०६८ पुस ३० गते हेरिएको

गर्ने तारतम्यले द्वन्द्वकालीन र द्वन्द्वोत्तर मानवअधिकार उल्लङ्घनकर्तालाई ठूलो राहत दिएको हुनुपर्ने ह्युमन राईटस् वाचको भनाइ छ।

७. सङ्क्रमणकालीन न्याय

भट्टराईले सरकार सम्हालेपछि एक महिनाभित्र नै सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता आयोग र राज्य पुन:संरचना आयोग निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। तर, चार महिनाभन्दा बढी भइसक्दा पनि सन् २०११ को अन्त्यसम्ममा यी आयोग स्थापना गर्ने कुनै सुरसार देखिएन। सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता आयोगसम्बन्धी विधेयक व्यवस्थापिका संसद्मा छलफलकै क्रममा रह्यो। सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यादेशभित्र रहेको भनिए तापनि सरकार तिनको गठनपूर्व नै आफैँ आरोपितहरूको मुद्दा फिर्ता लिनेमात्र होइन, सर्वोच्च अदालतले नै दोषी ठहर गरिसकेका व्यक्तिलाई समेत माफी दिलाउन उद्यत रह्यो।

तरुण दलका चितवन जिल्ला अध्यक्ष शिव पौडेलको मृत्युपछि *(हेर्नुहोस् जिल्लागत विवरण चितवन, जेल र बन्दीहरू) तरुण दलका कार्यकर्ताले* नेपाल बन्द गरे। साथै उनलाई सहिद घोषणा, परिवारलाई १० लाख रुपियाँ र उनीसँगै एकै हत्याको आरोपमा जेलमा रहेका अन्य कार्यकर्ताविरुद्धको मुद्दा फिर्ता लिने माग राखिएको थियो। सरकारले सहिद घोषणा नगरेर सहिद शब्दको सम्मान दर्शायो तर, मुद्दा फिर्ता गर्ने सम्बन्धमा विचार गर्ने धारणा व्यक्त गऱ्यो। सरकारले न्यायपालिकालाई एक निर्बल र असफल निकायका रूपमा पुऱ्याउने त होइन भन्ने आशङ्का उब्जायो। अदालतले जतिसुकै राम्रो निर्णय गरे पनि यसको कार्यान्वयन गर्ने गराउने जिम्मा सरकार र यसका मातहतका निकायकै हो भन्ने विषयमा पनि सरकारको ध्यान गएको देखिएन।

नेपाल सरकारले विश्वव्यापी आवधिक समीक्षाका क्रममा नेपालको न्यायपालिका स्वतन्त्र रहेको दाबी गरे तापनि अदालतका आदेशको अवहेलना गर्न सरकार, नेपाली सेना, प्रहरी, एकीकृत माओवादी र अन्य राजनीतिक दल पछि परेनन्। खनाल सरकारले फागुन १७ गते अदालतको आदेश, निर्णय वा फैसला कार्यान्वयन संयन्त्र गठन गर्ने निर्णय गरे पनि यसमा खासै प्रगति भएको छैन। सरकारले चैत २३ गते फौजदारी कानुन सुधार उच्चस्तरीय कार्यदल गठन गर्ने निर्णय पनि गऱ्यो। लामो समयदेखि यसतर्फ सुधारका लागि सम्बन्धित वृत्तहरूबाट माग पनि आइरहेको थियो। सुधारपछि देशका कानुनमा समय साक्षेपित व्यवस्था हुने आशा गर्नुपर्ने हुन्छ। *(हेर्नुहोस्, यसै पुस्तकको न्यायपालिका)*

सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापनाको सम्बन्धमा सिद्धान्तत: पीडितसँग छलफल गरेर नै आयोगको कार्यक्षेत्र तोक्नुपर्ने बताइन्छ। तथापि, सरकारले व्यवस्थापिका संसद्मा पेश गरेको विधेयकमा राज्य र सरकारले माफी दिन सकिने उल्लेख छ। यसले पीडितलाई अझै पीडित बनाउने कार्य मात्रै गरेको देखिएको छ। यही पीडितप्रतिको उपेक्षालाई निरन्तरता दिँदै पदभार ग्रहण गरेलगत्तै प्रधानमन्त्री भट्टराईले मानवअधिकार उल्लङ्घनमा संलग्न माओवादी र नेपाली सेनाका व्यक्तिहरूलाई माफी दिन तयार रहेको बताए। एकीकृत माओवादी र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीचको सहमतिमा माओवादी र मोर्चाका राजनीतिक दलहरूसँग सम्बद्ध कार्यकर्ताविरुद्धका आपराधिक मुद्दाहरू पनि फिर्ता लिने निर्णय भएको थियो। सहमतिले उल्लेख गरिएको आफमाफी शब्दले गम्भीर अपराध र मानवअधिकार उल्लङ्घनलाई पनि समेट्छ। एकीकृत माओवादीद्वारा ०६८ भदौ ८ गते जारी सरकार, शान्तिप्रक्रिया र संविधानका विषयमा प्रतिबद्धता र प्रस्तावमा यही प्रकारको प्रस्ताव पेश गरिएको थियो।

विभिन्न राजनीतिक दल र मानवअधिकार समुदायबाट व्यापक आलोचना भएपछि भट्टराईले राजनीतिक मुद्दाहरू मात्र फिर्ता लिइने त बताए तर, कस्तो मुद्दालाई राजनीतिक भनिने भन्नेबारे केही प्रष्ट पारेनन्। यही घोषणाका आधारमा उनको सरकारले सर्वोच्च अदालतलेसमेत हत्यारा ठहऱ्याइसकेको ओखलढुङ्गाबाट निर्वाचित एकीकृत माओवादीका सभासद बालकृष्ण ढुङ्गेललाई आफमाफी दिने निर्णय गरी यसको कार्यान्वयनका लागि राष्ट्रपतिमा सिफारिस पनि गऱ्यो।

झलनाथ खनालको सरकारमा गृहमन्त्री रहेका कृष्णबहादुर महराले पनि यसरी मुद्दा फिर्ता लिनेतर्फ कदम चालेका थिए। उक्त सरकारमै सञ्चारमन्त्री रहेका अग्नि सापकोटाविरुद्ध काभ्रेका अर्जुन लामाको अपहरण र हत्याको आरोपमा प्रहरीमा रहेको मुद्दा नै हटाउने कदम सरकारले चाल्दै थियो। सापकोटालाई मन्त्री पदबाट हटाउनुपर्ने माग गर्दै मानवअधिकारकर्मीहरूद्वारा पनि सर्वोच्च अदालतमा उत्प्रेषणका लागि रिट दायर गरिएको थियो जसमा

अदालतले मन्त्रीजस्तो पदमा रहेको व्यक्तिले प्रहरीले अनुसन्धानमा सहयोग पुऱ्याउने अपेक्षा गर्दै नैतिक दबाब दिएको थियो। साथै, प्रहरीलाई पनि आवधिकरूपमा उक्त मुद्दा अनुसन्धानको स्थितिको अदालतमा पेश गर्न आदेश गरिएको थियो। तर, प्रहरीले सो आदेश कार्यान्वयन भने गरेन। वास्तवमा शान्ति सम्झौताको पाँच वर्ष पुगिसक्दा एक जनालाई पनि द्वन्द्वकालीन समयमा भएका मानवअधिकार उल्लङ्घनका घटनाका लागि जिम्मेवार नठहऱ्याइनाले भविष्यमा यस्ता घटना नदोहोरिएला भन्न सकिन्न।

सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता आयोगसम्बन्धी विधेयकहरू व्यवस्थापिका संसद्मा विचाराधीन नै रहेका छन्। यिनमा भएका प्रावधानहरूले यी आयोगलाई मुद्दा चलाउने गर्ने अधिकार दिएको छैन जसका कारण द्वन्द्वकालीन मुद्दा आयोगले नै चलाउने भन्ने सरकारी तर्क अर्थहीन हुन जानेछ र आखिरमा हालकै अवस्थाका न्यायप्रणालीमा ती मुद्दा हेरिनुपर्ने[१९] तर्क रहेको छ। देशमा शान्तिप्रक्रियाको सफलता र संविधान लेखन कार्य पूरा गर्नका लागि राजनीतिक दलहरूबीच सहमति हुन अत्यन्त आवश्यक छ।

नागरिकहरूलाई न्यायको अनुभूति नदिँदा र उनीहरूको आधारभूत अधिकारको सम्मान नगरिदासम्म शान्तिप्रक्रिया पूर्ण हुनै सक्दैन। जथाभावीरूपमा मुद्दा फिर्ता लिदा अन्तर्राष्ट्रिय मान्यताहरूको पनि उल्लङ्घन भइरहेको छ। हत्याजस्तो गम्भीर मानवअधिकार उल्लङ्घनको मुद्दा फिर्ता लिनु भनेको संयुक्त राष्ट्रसङ्घद्वारा २००५ मा जारी दण्डहीनतालाई रोक्ने कार्यमार्फत् मानवअधिकारको संरक्षण र सम्वर्धनका लागि सुधारिएका सिद्धान्तको २४ औँ सिद्धान्तमा उल्लेखित अन्तर्राष्ट्रिय कानुन अनुसारका गम्भीर अपराध गरेका व्यक्ति सजायको भागीदार नभएको अवस्थामा क्षमादान नपाउने व्यवस्थाको विरुद्ध हुनेछ।

सरकारले भने दश वर्षको युद्धका क्रममा भएका मानवअधिकार उल्लङ्घनका पीडकविरुद्ध कुनै कदम नचालीकन पैसाले नै पीडित परिवारका न्याय दिएको भान दिन खोज्यो। कुनै व्यक्तिले द्वन्द्वपीडितहरूलाई न्यायको अनुभूति नभएको तर्क उठाएमा सरकारले यस वर्ष पहिले वितरित अन्तरिम राहतमा रकम थप गरेको देखाउने कार्य गऱ्यो। पहिलेको सरकारले द्वन्द्वमा मृत्यु भएका र बेपत्ता पारिएका व्यक्तिलाई १ लाख रुपियाँ वितरण गरेकोमा यस वर्ष ती पीडितहरूले ३ लाख रुपियाँ पाउने घोषणा गरी कार्यान्वयन पनि गऱ्यो। कतिपय परिवारलाई सो रकमले केही आर्थिक राहत त मिल्ला तर ज्यानको मूल्य केही लाख रुपियाँ मात्र हुन सक्दैन। तर, हानिपूरण भनेकै पीडितपरिवारलाई आर्थिक राहत प्रदान गर्नु हो भन्ने बुझाइमा सरकार रहेका देखियो। साथै कुनै परिवारलाई अन्याय भएको छ भने पीडितलाई पैसा आफूसँग लिऊ, अन्यायकर्तालाई माफी देऊ भन्नु घोर असंवेदनशीलता हो। यसरी माफ गर्न भन्नु मानवअधिकार हननका ती घटनामा स्वयम् सामेल भए बराबर नै हो। आर्थिक राहतभन्दा पीडकलाई सजाय भएको हेरेर पीडित परिवारले चित्त बुझाउनु नै वास्तविक रूपमा हानिपूरण हो जुन प्राप्त गर्न सरकारी रवैयाका कारण पीडित परिवारले धेरै समय कुर्नुपर्ने देखिन्छ।

८. शान्तिप्रक्रियामा भएका केही आशाजनक कदम

८.१ कन्टेनरको साँचो हस्तान्तरण

तीन महिनाको लागि आएको भनिएको भट्टराई सरकारले सत्तामा आउनेबित्तिकै भदौ १५ र १६ मा माओवादी शिविरहरूमा रहेका हतियारका कन्टेनरको साँचो विशेष समितिलाई हस्तान्तरण गऱ्यो। अनमिनले प्रमाणीकरण गरेका ३ हजार ४ सय ७५ थान हतियार विभिन्न सात मुख्य शिविरमा रहेका कन्टेनरमा राखिएका थिए। माओवादीले हतियार सरकारलाई नबुझाई यसको नियन्त्रण आफैँ गरिरहेका कारण अन्य दलले माओवादीलाई विश्वास गर्न सकेका थिएनन्। खनाल मन्त्रिमण्डलका रक्षामन्त्रीले पनि माओवादीले हतियारको नियन्त्रण सरकारलाई नसुम्पेसम्म सेना समायोजनको कुरा उठाउन पनि नसकिने बताएका थिए। शान्तिप्रक्रियाको अप्ठ्यारो गाँठो मानिएको हतियार नियन्त्रणको मुद्दामा विशेष समितिलाई संलग्न गराएर भट्टराई सरकार केही हदसम्म सुल्झाउन सफल भयो। ०६८ कात्तिक १५ गतेको सम्झौताले माओवादीलाई पनि आफ्ना सेनाको विषयमा टुङ्गो लगाउन सहयोग गऱ्यो। आन्तरिकरूपमा केही

१९. एसियन लिगल रिर्सोस सेन्टर। प्रेस विज्ञप्ति। http://www.alrc.net/doc/mainfile.php/hrc18/684/, ०६८ मङ्सिर १६ गते जारी

माओवादी नेताले यस कदमको विरोध मात्र गरेनन्, देशभर मशाल जुलुसलगायतका विरोध प्रदर्शन समेत गरे। माओवादी नेतृत्वको सरकारले शान्तिप्रक्रियातर्फको औचित्यपूर्ण कदम चाल्दा आफ्नै पार्टीका माथिल्ला तहका नेताबाट आलोचित हुनुपरेपछि यस पार्टीको आन्तरिक विवादले शान्तिप्रक्रियालाई भाँजो हाल्न सक्ने चिन्ता उत्पन्न गरायो।

८.२ माओवादी लडाकुको पुनर्वर्गीकरण

द्वैध सुरक्षा व्यवस्था हटाउँदै एकीकृत माओवादीका नेताहरूले ०६८ भदौ १० गते सुरक्षाका लागि राखेका पूर्वलडाकुहरूलाई शिविरमा फिर्ता पठाए। यस कार्यका लागि १ सय १२ जना लडाकुहरू खटिएका थिए। शान्तिप्रक्रिया एक प्रकारको रोकिएको अवस्थामा यस कदमले एकीकृत माओवादी शान्तिप्रक्रियाप्रति सकारात्मक रहेको सन्देश दियो।

तर, माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुन:स्थापनासम्बन्धी विशेष समितिको म्याद थप गर्नेबाहेक यस विषयमा उल्लेखनीय प्रगति हुन सकेको थिएन। विस्तृत शान्ति सम्झौतापछिको महत्वपूर्ण मानिएका प्रमुख तीन राजनीतिक दल र मधेशी मोर्चाबीचको सात बुँदे सहमति भने व्यवहारमै लागू भयेा। यस सहमति अनुरूप सरकारले विशेष समितिमार्फत लडाकुहरूका लागि पुनर्वर्गीकरण शुरु गऱ्यो। समायोजनमा लैजाने लडाकुको सङ्ख्यामा शुरु नै थाँती राखिँदै आए पनि ६ हजार ५ सय जनालाई नेपाली सेनामा समायोजन गर्न सकिने 'मोडल' बनेपछि पुनर्वर्गीकरण प्रक्रिया शुरु भयो। लडाकुहरूलाई नेपाली सेनामा जाने, स्वेच्छिक अवकाश र पुन:स्थापनामा जाने तीनओटा बाटो उपलब्ध भए। सेना समायोजन विशेष समितिले गरेको पुन:वर्गीकरणका क्रममा सोचेभन्दा धेरै जनाले सेना समायोजन या स्वेच्छिक अवकाश नै रोजेको देखियो। ९ हजार ६ सय ९० जना माओवादी लडाकुले नेपाली सेनामा प्रवेश गर्न चाहे, ७ हजार २ सय ८६ जनाले अवकाश लिने भए भने पुन:स्थापना रोज्ने छ जना मात्र भए।

सहमतिअनुसार समायोजनमा गएका माओवादी लडाकुसहितको एक नयाँ निर्देशनालय बनाई उनीहरूलाई विकास निर्माण, औद्योगिक तथा वनजङ्गल सुरक्षा र प्राकृतिक प्रकोपका समयमा उद्धार कार्यमा संलग्न गराइनेछ। निर्देशनालयमा माओवादी लडाकु ३५ प्रतिशत हुनेछन् भने बाँकी अन्य सुरक्षा निकायबाट पदपूर्ति गरिनेछ। यति भएपनि लडाकु व्यवस्थापन सहजरूपमा हुने कुरामा शङ्का नै रहेको छ। सात बुँदे समझदारीमा समायोजन गरिने सेनाको सङ्ख्या ६ हजार ५ सय हुने भनिए पनि ज्यादातर लडाकु सेनामा नै जान चाहेका र पुन:स्थापनाको विकल्पलाई अपमानजनक ठहर्‍याए। हालकै सेनाको सङ्ख्या घटाउनुपर्ने भनी कुरा उठेको सन्दर्भमा लडाकुलाई शान्तिपूर्ण जीवन यापनका लागि प्रोत्साहित गर्न नसक्दा नेपाली जनतामा थप भार पर्ने देखिएको छ। सेनामा समायोजन हुन चाहने माओवादी लडाकुले नेपाली सेनाको छनौट प्रक्रियाका शर्त पूरा गर्नुपर्ने र पछि पनि आवश्यक तालिम लिनुपर्ने भनिएको छ। यस अवस्थामा आकाङ्क्षाअनुसारको पद र जिम्मेवारी नपाउने हुँदा माओवादी लडाकुको असन्तोष प्रकट भयो।

राजनीतिक सिद्धान्तमा आस्थावान् लडाकुलाई गैरराजनीतिक संस्थामा प्रवेश दिन नहुने आवाज उठ्दै गरे पनि नेपाली सेनामा प्रवेश गरेपछि संस्थागत अनुशासनमै रहने भने स्वेच्छिक अवकाशमा जाने लडाकुहरू पनि विधिको शासनसम्मत नागरिक जीवन बिताउने छन् भनी आशा गर्नुपर्ने हुन्छ। हुन त पूर्वलडाकुहरू विभिन्न प्रकारका आपराधिक क्रियाकलापमा संलग्न रहेको प्रमाण पनि नभेटिएका भने होइनन्। विभिन्न स्थानमा उनीहरूले शिविरबाट निस्किएर स्थानीयमाथि कुटपिट गरेका घटना यस वर्ष पनि सार्वजनिक भए। एकीकृत माओवादीकै प्रभावशाली नेता शालिकराम जमरकट्टेलमाथि काठमाडौँमा भएको साङ्घातिक आक्रमणमा पनि पूर्वलडाकु र हाल सक्रिय नै रहेका माओवादी कार्यकर्ताको संलग्नता रहेको भन्दै उनीहरूलाई प्रहरीले सार्वजनिक गऱ्यो। यसअघि पनि काठमाडौँ गोठाटारका सुरेन्द्र लम्साललाई महानगरीय प्रहरी अपराध महाशाखा र काठमाडौँ परिसरको विशेष टोलीले इचङ्गुनारायणबाट उद्धार गरेको थियो। यसमा संलग्न रहेको भन्दै जनमुक्ति सेना छैठौँ डिभिजन सुर्खेत र चितवनका पूर्वलडाकुलाई गिरफ्तार पनि गरेको थियो। *(हेनुहोस् यसै पुस्तकको जिल्लागत विवरण: इलाम, काठमाण्डौ, चितवन, सुर्खेत)* तर धेरैजसो घटनामा भयका कारण माओवादी लडाकुविरुद्ध उजुरी नै गरिदैन, गरिए पनि कारबाही भएको पाइएन।

८.३ कब्जामा रहेका सम्पत्ति फिर्ता गर्ने घोषणा

द्वन्द्वकालमा कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने माग अन्य राजनीतिक दलको रहँदै आएको छ। विगतका घोषणालाई भट्टराई सरकारले मूर्त रूप दिन खोजे पनि एकीकृत माओवादीकै आन्तरिक कलहका कारण नै यो

सम्भव हुन सकेन। नयाँ सरकार बन्नेबित्तिकै सरकारले कब्जामा रहेका सम्पत्तिको लगत बनाउन मातहतका जिल्ला कार्यालयलाई निर्देशन दियो। यसै अभियानमा केही जिल्लामा प्रशासनले कब्जा जग्गा फिर्ता भएको घोषणा भए पनि एकीकृत माओवादीकै केही नेता तथा कार्यकर्ताले पुन:कब्जा जमाउने र कतिपय स्थानमा त मालपोत कार्यालयमै गई कागजात कब्जामा लिने कार्य गरे। *(हेर्नुहोस्, यसै पुस्तकको जिल्लागत विवरण: कैलाली, सम्पत्ति कब्जा)* विभिन्न अवसरमा उनीहरूले जजसको जग्गा कब्जा भएको हो उनीहरूलाई अन्याय भएको स्वीकार गरे पनि सो जग्गा कमाइरहेका व्यक्तिहरू पनि भूमिहीन नै भएकाले पहिलेका जग्गाधनीलाई सरकारले नै जग्गा उपलब्ध गराउनुपर्ने माग राख्दै आएका छन्। माओवादी नेताहरूले जग्गा फिर्ता गर्ने प्रधानमन्त्रीको निर्णय औपचारिक पार्टी निर्णय नभएको बताए।[३०] जेजस्तो भए पनि सरकार प्रमुखका हिसाबले गरिएको जग्गा फिर्ताको घोषणा कार्यान्वयन गराउने जिम्मा भने प्रधानमन्त्रीकै हो। जग्गा फिर्तालगायतका मुद्दामा पार्टीको अर्का उपाध्यक्ष मोहन वैद्यले विरोध गरिरहँदा शान्तिप्रक्रियाको महत्वपूर्ण कदम नै अवरुद्ध हुन पुग्यो। यस्ता मुद्दाको टुङ्गो चाँडै नलागेमा शान्तिप्रक्रियासँग सम्बन्धित अन्य पक्षजस्तै सेना समायोजन तथा पुन:स्थापनमा पनि बाधा उत्पन्न हुने अवस्था सिर्जना भयो।

८.४ राज्य पुनर्संरचना आयोग

लामो समयको विवादपछि मङ्सिर ५ गते सरकारले राज्य पुनर्संरचना आयोगको गठन गऱ्यो। सो समयमा आयोगका संयोजकको चयन हुन नसके पनि मङ्सिर २० गते डा. मदन परियारलाई आयोगको संयोजक नियुक्त गरियो। आयोगले दुई महिनाभित्र पहिचान र क्षमताका आधारमा राज्य पुन:संरचनाको खाकाको सुझाव दिनुपर्नेछ। मधेशी दलहरूले यसले संविधानसभाको राज्य पुन:संरचना तथा राज्य अधिकार वितरण समितिको अधिकारक्षेत्रमा प्रभाव पार्ने भन्दै आयोग गठनको विरोध गरेका थिए। यसैगरी, आदिवासी जनजाति सभासद्हरूको क-कसले विज्ञहरूको समिति बनाउने सरकारी प्रस्तावको पनि यही तर्कका आधारमा विरोध गर्दै संविधान संशोधन प्रस्तावको विरोध गऱ्यो जसका कारण मङ्सिर २ गते सरकारले संसद्मा पेश गरिसकेको संविधान संशोधनको प्रस्ताव फिर्ता लिनु परेको थियो।

९. भ्रष्ट्राचार र सुशासन

भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिमा नेपालले फागुन १२ गते हस्ताक्षर गरेर भ्रष्टाचार नियन्त्रणमा कटिबद्ध रहेको देखाउन चाह्यो तथापि सोही सरकारका अर्थमन्त्रीले भ्याट छली गर्ने समूहको बचाउ गरेको भन्दै तत्कालीन अर्थसचिव रामेश्वर खनालले राजीनामा गरेपछि सो छवि पूर्णत: धुमिल हुन पुग्यो। मन्त्रीको दबाबका कारण नै खनालले राजीनामा गरेको सञ्चार माध्यममार्फत सार्वजनिक भयो भने वर्षको अन्त्यतिर यही मुद्दामा शुरुदेखि नै संलग्न कर्मचारीलाई सरकारले अन्यत्र सरुवा गऱ्यो। भ्रष्टाचारसम्बन्धी मुद्दा अनुसन्धान गर्ने संवैधानिक निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा यस वर्ष पनि सरकारले प्रमुख आयुक्त नियुक्त गर्न सकेन। यसै वर्ष देशको सबैभन्दा ठूलो भ्रष्टाचार काण्ड भनिएको सुडान घोटाला सार्वजनिक भयो। जसमा, उच्चपदस्थ प्रहरी अधिकृत तथा पूर्व गृहमन्त्रीहरू पनि संलग्न रहेको आरोप लगाइयो। विश्वका राष्ट्रहरूमा भ्रष्टाचारको अवस्था अनुगमन गर्ने अन्तर्राष्ट्रिय संस्था ट्रान्स्परेन्सी इन्टरनेशनलको सन् २०१० को प्रतिवेदनमा नेपालको स्थिति धेरै नै नराम्रो देखियो। प्रतिवेदनमा नेपाल गत वर्षभन्दा आठ स्थान तल मात्र पुगेन, दक्षिण एसियाली राष्ट्रमा युद्ध र अशान्तिको चपेटामा होमिएको अफगानिस्थानभन्दा मात्र माथि रह्यो।

नेपालको इतिहासमै सबैभन्दा बढी मन्त्री सङ्ख्या बनाउँदा आलोचित भएपछि ४९ जना मन्त्री ६ सय १ सभासद्को सानो प्रतिशत रहेको भन्ने हास्यास्पद तर्क गरेर प्रधानमन्त्रीले सांसद्को सङ्ख्या २ सय ५ बाट बढाएर ६ सय १ पुऱ्याउनुको मूल उद्देश्य नै बिर्सन पुगेको देखियो। नेपाली जनताको यथासक्य बढी प्रतिनिधित्व गराउनका लागि बढाइएको सङ्ख्याको प्रतिशतको दुहाई दिँदै नेपाली जनतालाई उनीहरूले तिरेको करको रकमले या उनीहरूको नाममा आएको सहयोगको रकमले पालन गराउन बाध्य पारियो।

अनमिनले सञ्चालन गरेको दोस्रो चरणको प्रमाणीकरण प्रक्रियामा १९ हजार ६ सय २ लडाकु दर्ता गरेको थियो। तर, प्रमाणित लडाकुमध्ये २ हजार

३०. ल्याण्ड रिर्टन बट सिज्ड एगेन, http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=38858#,०६८ मङ्सिर १२ गते हेरिएको

६ सय ७१ जना यस प्रक्रियामा उपस्थित नभएपछि भने पार्टी नेतृत्वले ती लडाकुको नाममा पनि आउने तलब लिएको र पार्टीलाई हिसाब नबुझाई भ्रष्टाचार गरेको कुरा उठ्यो। गैरमाओवादी पार्टीहरूले सँधै नै प्रमाणीकरण भएका लडाकुहरूको सङ्ख्याभन्दा कम लडाकु शिविरमा रहेको र उनीहरूको तलब अन्तै प्रयोग भएको भन्दै आएका थिए। अनुपस्थित लडाकुको तलब रकम पनि बुझिएको पाइएपछि ती पार्टीहरूले र माओवादीकै पनि केही नेताले यससम्बन्धमा एकीकृत माओवादी नेतृत्व पङ्क्तिसँग उत्तर माग गरे। संसदको सार्वजनिक समितिले पनि शिविरका लडाकु सङ्ख्या र तिनको नाममा भएको खर्चको विवरण पठाउन शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पत्राचार गऱ्यो। यस विषयमा आफ्ना नेतृत्व पङ्क्तिलाई जनतालाई चित्त बुझ्दो जबाफ दिन भन्नुभन्दा स्वयम् प्रधानमन्त्रीले नै यस विषयमा अब खोजीनीति नगर्न अनुरोध गर्दै यसो भएमा शान्तिप्रक्रिया नै बिग्रने[३१] बताए। बजेट विनियोजन भइसकेका योजनाको कार्यावन्यनका लागि हस्ताक्षर गराउन जाँदा सिचाइमन्त्री महेन्द्र यादवले कर्मचारीसँग कमिशन मागेको सार्वजनिक भएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नै हस्तक्षेप गर्नुपरेको थियो।[३२]

सरकारले देशकै कृषि, उद्योग र विकास निर्माणका क्षेत्रमा उल्लेख्य रोजगारी सिर्जना गर्नाका लागि युवा स्वरोजगार कार्यक्रमलाई राष्ट्रिय अभियानका रूपमा सञ्चालन गर्ने बजेटमा उल्लेख गरेको छ। तथापि, यस कार्यक्रम अन्तर्गतको रकम सरकारले जथाभावी वितरण गरेको आरोपमा युवा सङ्गठनले विरोध गरेपछि यो कार्यक्रम रोकिन गयो। भ्रष्टाचार केन्द्रीय तहदेखि स्थानीय तहसम्म फस्टाउँदै गएको प्रशस्त उदाहरणहरू यस वर्ष सार्वजनिक भए।

देशका अन्य संयन्त्रहरूमा समेत संस्थागतरूपमा भ्रष्टाचार हुने गरेको पाइयो। यसको उदाहरण निर्वाचित स्थानीय निकायको अनुपस्थितिका कारण जिल्लामा गठित सर्वदलीय संयन्त्रहरू पनि हुन्। मन्त्रिपरिषद्को बैठकले ०६६ असार २५ गते स्थानीय निकाय सञ्चालनका लागि यस प्रकारको सर्वदलीय संयन्त्र गठन गर्ने फैसला गरेको थियो। यद्यपि यस प्रकारको निकाय गठनका लागि कुनै पनि प्रकारको ऐन नियम बनेको छैन। यी संयन्त्रमा राजनीतिक दलका प्रतिनिधिहरू रहने भएकाले सदस्यहरूबीच सहमति भएमा कुनै पनि निर्णय सजिलै गर्न सकिने अवस्था छ। हिमाल खबरपत्रिका पाक्षिकले गरेको एक सर्वेक्षणले आफ्नो विषयमा महत्वपूर्ण निर्णय गर्ने जिम्मेवारी पाएको यस संयन्त्रका बारेमा अनविज्ञता प्रकट गरे।[३३] ०५९ असारमा अघिल्लो स्थानीय सरकारको म्याद समाप्त भए पनि माओवादी द्वन्द्वका कारण निर्वाचन हुन नसकेपछि नै गाविस सचिवलाई दिइएको थियो। तर, माओवादी दबाब र अन्य सशस्त्र समूहबाट असुरक्षा भएको कारण देखाउँदै सदरमुकाममा आएका सचिवहरू हाल गाउँ जान रुचाउँदैनन्। एक दशकसम्म निर्वाचित स्थानीय निकाय नहुँदा सर्वसाधारणको मानसपटलबाट समेत यस्तो निकायको अस्तित्व हराइसकेको हुन सक्छ। स्थानीय सरकारका काम कारबाहीको जिम्मा केही राजनीतिक नेतालाई दिँदा भ्रष्टाचार मौलाएको ठहर नेपाल अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरी यस प्रकारको संयन्त्रलाई खारेज गर्न र समावेशी तथा गैरराजनीतिक तटस्थ व्यक्तिहरूको उपभोक्ता समितिमार्फत नै स्थानीय निकाय सञ्चालन गर्न स्थानीय विकास मन्त्रालयलाई निर्देशन दियो।

नागरिकको दैनिक जीवनमा अत्यन्त प्रभाव पार्ने कार्यसम्पादनका लागि यस प्रकारको निर्णय लिने अवस्थामा आएको छ। सरकारले गर्नुपर्ने कार्य सर्वसाधारणले यसरी गर्दा जनताले सर्वदलीय संयन्त्रलाई नचिनेजस्तै सरकारको उपस्थितिको अनुभूति गर्न नपाई गैरसरकारी क्षेत्रले देश चलाइरहेको भान पर्न सक्छ। शान्तिप्रक्रिया शुरु भएदेखि नै प्रतिबद्धता जनाउँदै आइएको स्थानीय निकायको चुनाव गराउन राजनीतिक दलहरूले कुनै चासो नदेखाउनु दुर्भाग्यपूर्ण छ।

---

३१. दाहाल, रामजी। कसरी लुकाउने लुट ?, *हिमाल खबरपत्रिका,* http://himalkhabar.com/news.php?id=4650 ०६८ पुस १५ गते हेरिएको

३२. सर्वदलीय संयन्त्र खारेज गर्न अख्तियारको निर्देशन, http://onlinekhabar.com/2011/12/112710.html, ०६८ पुस ९ गते हेरिएको

३३. नेपाल, किरण, रामजी दाहाल, 'जनता चिन्दैनन् सर्वदलीय संयन्त्र', *हिमाल पाक्षिक,* ०६८ मङ्सिर २७ गते हेरिएको

१०. दण्डहीनताको निरन्तरता

यस वर्षका तीन सरकारका समीकरण वा व्यक्तिमा केही भिन्नता रहे पनि एउटा साझा कार्य रह्यो, सबै सरकारले राजनीतिक मुद्दाको नाम दिँदै विभिन्न दलका कार्यकर्ताहरूविरुद्धको मुद्दा फिर्ता लिन चाहे। कृष्णबहादुर महराले गृहमन्त्री हुँदा सञ्चारमन्त्री अग्निप्रसाद सापकोटालगायत अन्य विरुद्धको हत्याको मुद्दा फिर्ता लिन तयारी गरेको खुलासा गरे। उनको समयमा माओवादी नेता तथा कार्यकर्ताविरुद्धको करिब ३ सय मुद्दाको लगत तयार गर्न गृहमन्त्रालयमा निर्देशन दिइएको र गैरराजनीतिक मुद्दा फिर्ता लिन नहुने तर्क गर्ने कर्मचारीलाई दण्डित गरिएको जानकारीमा आयो।[३४] प्रधानमन्त्री भट्टराईले मालदिभ्समा हुन लागेको १७ औँ सार्क सम्मेलनका लागि प्रस्थान गर्नुअघि राष्ट्रपतिसमक्ष सभासद् बालकृष्ण ढुङ्गेललाई आममाफी सिफारिस गरे। ढुङ्गेललाई अदालती आदेशबमोजिम कैदको सम्बन्धमा अपराधै नभएको या अपराधको प्रकृति फरक रहेको दाबी गर्दै उनलाई आफमाफी दिलाउने प्रयास द्वन्द्वोत्तर सरकारका लागि अन्यन्तै खतरनाक नजिरका रूपमा स्थापित हुने देखिन्छ।[३५] पटकपटकको प्रयासपछि आफू बाहिर जाने समयमा यसरी सिफारिस गरेर जानुले यस घटनाको ठूलो विरोध हुने कुरा उनले बुझेको देखिन्छ। यसै विषयमा बोल्दै महान्याधिवक्ता मुक्ति प्रधानले यसरी आमआफी नदिइए जनअदालतको पुनर्गठन हुन सक्ने अत्यन्त गैरजिम्मेवार अभिव्यक्ति दिए। नियम र कानुनका रक्षकका रूपमा उभिनु पर्ने व्यक्तिले यस प्रकारको मत व्यक्त गर्नु खेदको विषय हो।[३६]

भट्टराई सरकार बन्नुपूर्व बहुमतीय सरकार निर्माण गर्ने क्रममा एकीकृत माओवादीले प्रस्ताव गरेको पाँचबुँदे अवधारणाको आधारमा एकीकृत माओवादी र संयुक्त मधेशी मोर्चाबीच भएको चारबुँदे सहमतिले विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानको भावना र प्रतिबद्धता विपरीत दण्डहीनतालाई प्रश्रय दिने, राज्य पुनःसंरचना जस्तो सम्वेदनशील विषयमा कतिपय ठूला र साना प्रतिपक्षी दलहरूका भावना र अडान विपरीत अघि बढ्न खोजिएको अशुभ सन्देश दिएको भनी आलोचना भयो।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले पनि एक पत्र लेखी सरकारलाई ढुङ्गेलको जस्तो गैरराजनीतिक मुद्दामा माफीको सिफारिस नगर्न अनुरोध गरे। पत्रमा उनले एकीकृत माओवादी र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीचको चार बुँदे सहमतिमा उल्लेखित सशस्त्र द्वन्द्व र अन्य क्रियाकलापसँग सम्बन्धित र अदालतमा विचाराधीन रहेका मुद्दाहरू फिर्ता गर्ने निर्णय राज्यको मानवअधिकारप्रतिको प्रतिबद्धतासँग मेल नखाने प्रकारको रहेको[३७] मत व्यक्त गरेका थिए। सरकारको उक्त माफीको निर्णयलगत्तै यसविरुद्ध ढुङ्गेलले हत्या गरेका उज्जनकुमार श्रेष्ठकी दिदीले सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनमा अदालतले यो निर्णय कार्यान्वयन नगराउन अन्तरिम आदेश जारी गऱ्यो। प्रधानमन्त्री भट्टराईले अदालतले बोलिसकेकाले राष्ट्रपति बोल्नुपरेन भनी फैसलामा टिप्पणी गरे। यसलाई हेर्दा स्वयम् प्रधानमन्त्री पनि अदालतलाई निर्णयको भार बोकाएर आफू उम्कन खोजे जस्तो देखियो। *(हेनुहोस् यसै पुस्तकको परिच्छेद न्यायपालिका)*

आफ्नो पार्टीले गराएको बन्दको विरोध गरेका कारण हत्या गरिएका वीरगञ्जका काशीनाथ तिवारीको हत्याका आरोपित प्रभु साह मन्त्री मात्र बनाइएनन्, उनका पार्टी अध्यक्षले उनको बचाऊ गरिने निर्णय भएको[३८] सार्वजनिक भयो। हत्याका अन्य अभियुक्त जसमा मोटरसाइकल चलाउने पेशेवर अपराधी र

---

३४. इम्प्युनिटी वाचः केसज एगेन्टस् माओइस्ट विइङ फास्ट विदड्रन, http://www.ekantipur.com/2011/05/18/top-story/impunity-watch-cases-against-maoists-being-fast-withdrawn/334165.html, ०६८ पुस ६ गते हेरिएको

३५. http://us.ekantipur.com/2011/11/11/development/lowering-the-bar/343605.html

३६. इन्सेकद्वारा ०६८ असोज २७ गते जारी विज्ञप्ति, http://www.insec.org.np/index.php?type=reports&id=3&lang=en, ०६८ असोज २७ गते हेरिएको

३७. राष्ट्रिय मानव अधिकार आयोग, http://nhrcnepal.org/pressreleasedetail.php?id=100

३८. अनौपचारिक क्षेत्र सेवा केन्द्र, http://www.insec.org.np/index.php?type=reports&id=3&rid=581&lang=en&tp=np, क्षेत्र

हत्याको योजनामा सामेल साहको निजी सहायकविरुद्ध भने मुद्दा दर्ता भयो। यही घटनामा मृतकका परिवारलाई ८ लाख रुपियाँ दिई मुद्दा फिर्ता लिन दबाब दिने पर्साका पूर्व प्रमुख जिल्ला अधिकारीसमेत रहेका नेपाल सरकारका सहसचिवलाई भने कुनै प्रकारको कारवाही गरिएको जानकारीमा आएन। न्यायको आधारभूत सिद्धान्तको खुल्लमखुल्ला उल्लङ्घन भइरहँदा नेपाली जनतालाई सरकारको अभिभावकत्व कायमै रहेको महसुस गर्ने कुनै आधार रहेन।

११. मानवअधिकार प्रवर्धन र संरक्षण गर्न सरकारका प्रयास

सरसर्ती हेर्दा निराशजनक देखिए पनि सरकारले मानवअधिकार प्रर्वधनमा केही सकारात्मक कदम चालेको पाइयो। यिनमा वर्षौंदेखि माग भइरहेको न्यूनतम पारिश्रमिक निर्धारण, सामाजिक सुरक्षा कोषको स्थापनासम्बन्धी व्यवस्था, कृषि अनुसन्धान क्षेत्रमा लगानी वृद्धि, द्वन्द्वप्रभावित बालबालिकाको पुन:स्थापना, रोजगारीमा महिला सहभागिता वृद्धि गर्ने नीति, जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ लागू र अल्पसङ्ख्यकका लागि बजेटको व्यवस्था आदि छन्।

११.१ न्यूनतम पारिश्रमिक निर्धारण

नेपाल सरकारले श्रम ऐन, २०४८ को दफा २१ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी चिया बगानबाहेकका औद्योगिक प्रतिष्ठानमा कार्यरत कर्मचारी तथा कामदारहरूको न्यूनतम पारिश्रमिक निर्धारण गर्नका लागि नौ सदस्यीय न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन गऱ्यो। उक्त समितिले ०६८ जेठ ९ गते राजपत्रमा प्रकाशन गरी कामदारहरूको न्यूनतम पारिश्रमिक तोक्यो। यसका अनुसार कुनै कामदारको न्यूनतम मासिक पारिश्रमिक रु ३ हजार ५ सय ५० र ज्यालादारी कामदारको दैनिक ज्याला रु २ सय ३१ तोकियो। यसरी नै, प्रत्येक कामदारले रु २ हजार ६ सय ५० महँगी भत्ता पनि पाउने भयो। यो व्यवस्था ०६८ चैत १ गतेदेखि नै लागू हुने पनि जनाइएको छ। यसैगरी, सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ पनि लागू भयो जसअनुसार प्रत्येक कार्यालयमा एक सामाजिक सुरक्षा कोषको पनि स्थापना गरिएको छ। यसमा संस्थाले कामदारको जम्मा तलबको २० प्रतिशत र कामदारले ११ प्रतिशत जम्मा गर्नुपर्नेछ। बजेटमा श्रम बजारको माग अनुसार छोटो अवधिको, रोजगार र स्वरोजगारमुखी व्यवसायिक तालिम सञ्चालन गरिने तथा किसान, मजदुर, हलियालगायत श्रममा आश्रित वर्गको विकासका लागि प्राविधिक शिक्षा, तालिम र प्रशिक्षणको व्यवस्था मिलाउन रु १५ करोड रुपियाँ बजेट विनियोजन गरिएको छ।

११.२ खाद्यान्न सुरक्षा

नियमित, स्थायी र निर्वाधरूपमा गुणस्तरीय र पर्याप्त खाद्य प्रत्यक्षरूपमा या किनेर उपभोग गर्नु पाउनु नै पर्याप्त खाद्यको अधिकार हो। नेपालको संविधानमा पनि खाद्य सम्प्रभुतालाई मौलिक अधिकारका रूपमा राखिएको छ। नेपालमा विगत दुई दशकदेखि खाद्यान्नमा आत्मनिर्भरताबाट परनिर्भरताको स्थिति छ। प्रतिकूल मौसम, वर्षा, युवाहरूमा बढ्दो विदेशिने क्रम आदि उत्पादनमा प्रभाव पारेको छ। खाद्यान्न कमी तथा सङ्कटका समाचारहरू, चामल लिन जिल्लाबासीहरूको लामो ताँतीका फोटाहरू नयाँ लाग्न छाडे।

कृषिमा आश्रित जनसङ्ख्या ६६ प्रतिशत रहे पनि कृषि क्षेत्रमा वर्षदेखि गरिएको उपेक्षाका कारण उत्पादित खाद्यान्नले माग पूरा गर्न सकेको छैन। सरकारी नीतिमै पनि खाद्यान्नभन्दा नगदे बालीलाई प्रश्रय दिइने कारण पनि खाद्यान्न उत्पादन घट्दो छ। देशका ७५ मध्ये ४३ जिल्लामा खाद्यान्नको कमी रहेको छ भने २३ जिल्लामा सधैंजसो खाद्यान्नको कमी हुने गरेको छ।[३९] जसमा १० तराईका जिल्ला पनि खाद्यान्नमा आत्मनिर्भर हुन छोडेका छन्। शहरी जनसङ्ख्या १९ प्रतिशत रहेको र यसको सङ्ख्या बढ्दै जाँदा यस जनसङ्ख्याको आवश्यकता पूरा गर्ने दबाब ग्रामीण क्षेत्रमै पर्नेछ। नेपालमा अर्थोपार्जनमा सक्षम १५ देखि ६४ वर्षबीचको जनसङ्ख्या ६१.१ प्रतिशत छ। तर यीमध्ये ठूलो सङ्ख्यामा युवाहरू विदेशिए। सरकारले पनि बढीभन्दा बढी विप्रेषण भित्र्याउने लक्ष्य लिँदै

३९. फिड द फ्युचर इनिसिएटिभ, http://nepal.usaid.gov/our-work/program-area/economic-growth-education-a-food-security/379-feed-the-future-presidential-initiative.html, ०६८ पुस ६ गते हेरिएको

विभिन्न कार्य गर्दै आएको छ। विप्रेषणले हाललाई अर्थतन्त्रलाई सहयोग पुऱ्याए पनि दूरगामीरूपमा यसले देशको विकास भने गर्न नसक्ने पक्षमा सरकारको ध्यान गएको देखिएन।

नेपाल सरकारले कृषि क्षेत्रको लागि ०६८/०६९ को लागि २९.७३ अर्ब बजेट छुट्यायो। सरकारले गाविसको बजेटमा कम्तीमा १५ प्रतिशत रकम कृषिसँग सम्बन्धित क्रियाकलापमा खर्च गर्न प्रावधान राख्ने घोषणा बजेटमा गऱ्यो। यसै वर्ष आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार कार्यान्वयनको अनुगमन गर्ने समितिमा नेपालले पेश गरेको प्रतिवेदनका अनुसार खाद्यान्नको उपलब्धता, पहुँच, सदुपयोग र खाद्य स्थिरताको चार पक्षमा सरकारी नीति रहेको छ। यी नीतिको उद्देश्य देशमा मुख्य खाद्यान्नमा आत्मनिर्भतरता बढाउने, पोषणको अवस्था सुधार गर्ने, खाद्यान्नको गुणस्तर बढाउने र भोकमरी, खडेरी, बाढी र आगलागीबाट हुनसक्ने खाद्य असुरक्षालाई प्रबन्धन गर्न क्षमता बढाउने र असुरक्षित समूहहरूको खाद्य पदार्थमा पहुँच बढाउनु रहेका छन्।

यसैबीच, ०६८ भदौ २७ गते अमेरिकी सहयोग नियोगले एक प्रेस विज्ञप्ति जारी गर्दै चितवन, नवलपरासी र काभ्रे जिल्लाका २० हजार कृषकलाई यसले कृषि तथा सहकारी मन्त्रालय र कृषि उद्योग मोन्सान्तोसँगको सहमति बमोजिम हाइब्रिड मकैको बीउ उपलब्ध गराउने जानकारी दियो। नेपालको खाद्य सम्प्रभुतामा आक्रमण हुने भन्दै यस सूचनाको सडक र सञ्चार माध्यममा निकै विरोध भयो। अन्तत: नियोगले यस विषयमा वार्ता हुँदै गरेको बतायो भने सरकारी अधिकारीहरूले यस सहमतिको विषयमा केही जानकारी नभएको र यस्तो कुनै सहमति नभएको जनाए। बढ्दो जनसङ्ख्या, घट्दो उत्पादनका कारण सरकारले खाद्यान्नको उत्पादन बढाउनेतर्फ कदम चाल्नुपर्ने त देखिन्छ तर, कृषकहरूलाई कुनै उद्योगमा पूर्णरूपमा परनिर्भर गराउने, प्राकृतिक र पराम्परागत बीउ बीजन पनि दुषित बनाउने गर्ने कार्य गर्नमा सरकार संलग्न हुनुहँदैन।

११.३ बालबालिकाका लागि व्यवस्था

नेपालमा बालबालिकाको अवस्था सन्तोषजनक छैन। यहाँ, विश्व स्वास्थ्य सङ्गठनले हरेक १० जना बालबालिकामा चार जनाको तौल कम रहेको र आधा जतिको उमेरको अनुपातमा उचाइ कम रहेको बताएको छ। युनिसेफले कुपोषणलाई मूक महामारी बताएको छ। अन्तर्राष्ट्रिय मानवअधिकार संस्था ह्युमन राइटस् वाचले बालबालिकाको अपहरण र फिरौती एक गम्भीर सुरक्षा चुनौती रहेको बतायो।[30] हाल पनि विभिन्न सशस्त्र र अज्ञात समूहबाट बालबालिकाको अपहरण हुने र फिरौती नदिएको कतिपय अवस्थामा हत्या समेत भयो। *(हेर्नुहोस् जिल्लागत विवरण सप्तरी)* प्राथमिक विद्यालय जाने उमेरका विद्यालय भर्ना भएका ९३.५ बालबालिकामा १.१ प्रतिशत विद्यार्थी अपाङ्ग रहेका छन्।

अपाङ्ग बालबालिकालाई आवश्यक सुविधा उपलब्ध गराउन नसक्दा विद्यालय छोड्ने सम्भावना धेरै हुन्छ। सरकारी तथ्याङ्क अनुसार करिब ३४ हजार विद्यालयमा करिब ६२ लाख बालबालिका अध्ययनरत छन् भने करिब ४९ लाख विद्यार्थी प्राथमिक तहमा रहेको प्राथमिक तहमा भर्ना भएकामध्ये १२ प्रतिशतमात्रै माध्यमिक तहको अन्तिम परीक्षामा सामेल हुने स्थिति छ। राष्ट्रिय नीतिहरू किताबमा राम्रा भए पनि सरकारले यी बालबालिकाका लागि समावेशी र विद्यालयमा उपयुक्त वातावरण निर्माण गर्न सकेको छैन। बालबालिकासम्बन्धी समस्याको सूचीमा हाल आएर द्वन्द्वपीडित बालबालिका, पूर्व लडाकु रहिसकेका बालबालिकाको पुन:स्थापना आदि पनि थपिए।

११.३.१ द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि व्यवस्था

शान्ति तथा पुनर्निर्माण मन्त्रालयले ०६७ पुस १४ गते मन्त्रिपरिषद्ले स्वीकृत गरेको सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुन:स्थापना एवम् पुन:एकीकरणका लागि राष्ट्रिय कार्ययोजना ०६७ चैत १ गते सार्वजनिक गऱ्यो। नेपाल सरकारबाट स्वीकृत प्रस्तुत राष्ट्रिय कार्ययोजनाले द्वन्द्वको कारणबाट विस्थापित, अपाङ्ग, टुहुरा, शिविरमा जन्मिएका, विस्फोटक पदार्थबाट वा अन्य कुनै कारणले घाइते वा अङ्गभङ्ग भएका आफ्नो अध्ययन कार्य टुटेका, सशस्त्र फौज वा समूहबाट यौनशोषणमा परेका वा यौन शोषणका कारणबाट जन्मिएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन, स्वास्थ्य, शिक्षा, मनोविमर्श परामर्श,

30. स्टोलन फ्युचर्स, ह्युमन राइटस् वाच, http://www.hrw.org/reports/2011/08/24/futures-stolen-0, कात्तिक २५ गते हेरिएको

सीपमूलक तालीम र रोजगारी संरक्षण जस्ता पुन:स्थापन एवम् पुन:एकीकरण कार्यलाई प्रत्याभूत गरेको छ।[३१]

यस कार्यदलमा आबद्ध संस्थाहरूले हालसम्म ५८ जिल्लाहरूमा करिब ८ हजार ३ सय सशस्त्र फौज तथा सशस्त्र समूहमा आबद्ध एवम् जोखिममा परेका बालबालिकालाई पुन:एकीकरण सहयोग प्रदान गरेका छन्।[३२] केन्द्रीय बालकल्याण समितिले ०६६ भदौ महिनामा प्रकाशित गरेको नेपालका बालबालिकाको स्थिति प्रतिवेदन–२०६६ मा उल्लिखित ५३ जिल्लाबाट प्राप्त विवरण अनुसार सशस्त्र द्वन्द्वबाट पीडित बालबालिकाको सङ्ख्या १९ हजार ९ सय ८० देखिएको छ। यीमध्ये करिब ५० प्रतिशत (९ हजार ६ सय ९१) परिवारसहित विस्थापित भए भने करिब २० प्रतिशत (३ हजार ९ सय ३०) बालबालिकाले आमा वा बाबु गुमाए। उक्त विवरण अनुसार १ हजार ६ सय ५७ जनाले बाबुआमा दुवै गुमाएका छन् भने ६ सय ७१ जना अपाङ्ग भएका देखिन्छन्। बाबु वा आमा बेपत्ता भएका बालबालिकाको सङ्ख्या ६ सय ७१ र दुवैजना बेपत्ता भएका बालबालिकाको सङ्ख्या १ सय ४९ जना देखिएको छ। ९६ जनाबालबालिकाका आमा-बाबु अपाङ्ग भएका छन्। करिब १४ प्रतिशत द्वन्द्व-प्रभावित बालबालिकाको अवस्था खुलेको छैन।

११.३.२ *विद्यालय शान्ति क्षेत्र घोषित*

नेपाल सरकारले जेठ ११ गते विद्यालयलाई शान्ति क्षेत्र घोषणा गऱ्यो। सरकारले सबै विद्यालय र कलेजका बसको रङ्ग पनि एउटै बनाउने, रङ्गको छनौट शिक्षा मन्त्रालयले गर्ने र यिनलाई एम्बुलेन्सलाई जस्तै व्यवहार गर्नुपर्ने बतायो। साथै सोही बैठकमा सामुदायिक विद्यालयका छात्राहरूलाई ध्यानमा राख्दै शौचालय निर्माण गर्ने, सार्वजनिक यातायातमा विद्यार्थीका लागि सिट कोटा छुट्याउने पनि बतायो। द्वन्द्वकालमा युद्धरत् पक्षले विद्यालयलाई विभिन्न प्रयोजनका लागि प्रयोग गरी बालबालिकाको शिक्षाको अधिकारमा प्रभाव पारेको भन्दै बालबालिकाको क्षेत्रमा कार्यरत् गैरसरकारी संस्थाहरूले लामो समयदेखि नै विद्यालयलाई शान्ति क्षेत्रको रूपमा घोषणा गर्न सरकारसँग लामो समयदेखि माग गर्दै आइरहेका थिए। द्वन्द्वका समय र लोकतन्त्र प्राप्तिपछिको तरल अवस्थामा पनि विभिन्न राजनीतिक दलहरूबाट आह्वान गरिएका बन्द हडताल, तालाबन्दी र बालबालिकालाई राजनीतिक कार्यक्रममा सहभागी गराउनाले उनीहरूको शिक्षाको अधिकार हनन हुँदै आएको थियो। विस्तृत शान्ति सम्झौताले पनि महिला र बालबालिकाविरुद्ध कुनै हिंसात्मक कार्य र यौनशोषण गर्न बन्देज लगाएको छ। तथापि शिक्षामन्त्रीले विद्यालयहरूलाई शान्ति क्षेत्र भनी घोषणा गरेकै भोलिपल्ट अस्थायी शिक्षकहरूले काठमाडौं उपत्यकामा शिक्षण संस्था ठप्प बनाएका थिए।

सरकारी घोषणा भए पनि विद्यालय पूर्णरूपमा शान्ति क्षेत्र हुन सकेको पाइएन। राजनीतिक दलहरूको यस घोषणामा जनाएको प्रतिबद्धता शब्दमै कायम छ भने विद्यालयमा भ्रष्टाचार पनि गम्भीर विषय बन्न पुगेको छ। दलित छात्रछात्राका नाममा आउने सरकारी भत्ताको अपचलन भएको पाइयो। साथै सामुदायिक विद्यालयमा रकमको चलखेलका कारण व्यवस्थापन समितिको चुनाव पनि हिंसात्मक हुने गरेको छ। यस्ता चुनावका उम्मेदवार र तिनका समर्थकले हतियारकै प्रयोग गर्ने गरेका छन् भने कतिपय अवस्थामा यही विषयलाई लिएर व्यक्ति हत्या पनि भयो। *(हेर्नुहोस्, यसै पुस्तकको जिल्लागत विवरण: सिरहा)*

११.३.३ बजेटमा बालबालिकाका लागि व्यवस्था

बजेट वक्तव्यमा सहस्राब्दी विकासको 'सबैका लागि शिक्षा' को लक्ष्य पूरा गर्नु नेपालको प्राथमिकताको विषय रहेको जनाउँदै नेपाल सरकारले आर्थिक वर्ष ०६८/०६९ का लागि रु ६३ अर्ब, ९१ करोड ८८ लाख ३९ हजार विनियोजन गरिएको छ। अघिल्लो वर्ष यस क्षेत्रमा रु ५७ अर्ब व्यवस्था गरिएको थियो। आधारभूत शिक्षालाई क्रमश: अनिवार्य बनाइने, सामुदायिक विद्यालयमा सबै दलित विद्यार्थी र छात्रालाई कक्षा १२ सम्म नि:शुल्क गरिने, विद्यालयको भौतिक पूर्वाधारको निर्माण र सुधार गरिने, सामुदायिक विद्यालयमा १० सम्म र लक्ष्यित वर्गका विद्यार्थीलाई कक्षा १२ सम्म अध्ययनरत सबै बालबालिकालाई पाठ्यपुस्तक नि:शुल्क उपलब्ध गराइने यस बजेटमा उल्लेख गरियो। सामुदायिक विद्यालयका कक्षा ८

३१. सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुन:स्थापना एवं पुन:एकीकरणका लागि राष्ट्रिय कार्ययोजना, युनिसेफ नेपाल, २०६७

३२. पूर्ववत्

सम्मका सबै छात्रा, सबै दलित, अपाङ्गता भएका सबै बालबालिका र लक्ष्यित समूहका सबै बालबालिकालाई छात्रवृत्ति प्रदान गर्न र लोपोन्मुख जातिका बालबालिकाका लागि गुणस्तरीय शिक्षा प्रत्याभूत गर्न कक्षा ८ देखि १२ सम्मको शिक्षामा निजी क्षेत्रका विद्यालयले प्रदान गर्न १० प्रतिशत छात्रवृत्तिअन्तर्गत यस्ता विद्यार्थीलाई आवाससहितको पूर्ण व्यवस्था बजेटमा उल्लेख गऱ्यो। विश्वका उत्कृष्ठ विद्यालयमा पहुँच बढाउन अभिभावक, स्थानीय समुदाय र गैरआवासीय नेपालीसँग सहकार्य गरी आगामी तीन वर्षभित्र निरक्षरता उन्मूलन गर्ने घोषणा बजेटमा गरिएको छ। तर, यथार्थ फरक रह्यो। सरकारले समयमै पाठ्यपुस्तक जिल्लामा पुऱ्याउन नसक्दा कतिपय जिल्लामा विद्यार्थीहरूले पाठ्यपुस्तकै नदेखी परीक्षा दिनुपर्नेसम्मको अवस्था आयो। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरण: अछाम)*

११.४ महिला हिंसाविरुद्धको कार्यक्रमको निरन्तरता

सरकारले यस वर्ष पनि लैङ्गिक हिंसाविरुद्धको राष्ट्रिय कार्ययोजना सन् २०१० लाई निरन्तरता दिएको छ। यस कार्ययोजनाले महिला, पुरुष, केटी एवम् केटाहरूले आफ्नो सम्भावना पूर्ण रूपमा उपभोग गर्नसक्ने गरी सम्मानित जीवन जिउने लैङ्गिक हिंसा मुक्त नेपालको स्थापना गर्ने लक्ष्य लिएको छ। यसैगरी यसले लैङ्गिक हिंसाबाट प्रभावितहरूको न्यायमा पहुँच सुनिश्चित गर्ने, तिनीहरूलाई संरक्षण प्रदान गर्ने, स्वास्थ्य क्षेत्र सुदृढ गर्ने, जनचेतना जगाउने, लैङ्गिक तथा यौनजन्य हिंसामा शून्य सहनशीलता प्रवर्द्धन गर्ने, महिला र केटीहरूको आर्थिक र सामाजिक सशक्तीकरण गर्ने जस्ता उद्देश्यहरू लिएको छ। यस कार्ययोजनाले महिला तथाबालिका विरुद्ध हुने लैङ्गिक हिंसाका सम्बन्धमा छुट्टै तथ्याङ्क प्रणालीको व्यवस्था गर्ने, यससम्बन्धी विषय हेर्ने छुट्टै प्रहरी सेलको व्यवस्था गर्ने, जोखिममापरेका महिला तथा बालिकाहरूको पहिचान गरी आवश्यकता अनुसार स्वास्थ्य तथा कानुनी सेवाको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरू अगाडि साऱ्यो।

सरकारले आफ्ना नीतिहरूलाई मानवअधिकारको पक्ष रहेको दावी गर्दै आएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले लैङ्गिक हिंसाका पीडितलाई एकैद्वारबाट सहयोग पुऱ्याउने उद्देश्यले केन्द्रको स्थापना क्रमैसँग प्रत्येक जिल्ला अस्पतालमा गर्नका लागि निर्देशिका तयार गरिसकेको छ। गणतन्त्र दिवस, ०६८ को उपलक्ष्यमा गर्भपतन मात्रको अभियोग लागेका महिला कैदीहरूहलाई बाँकी कैद माफी मिनाहा दिने निर्णय महत्वपूर्ण महिलामैत्री निर्णय हो। सरकारले वैवाहिक बलात्कार तथा कार्यालयमा हुने यौन दुर्व्यवहारविरुद्ध ऐन तर्जुमा कार्य शुरु गरे पनि यी छलफलकै क्रममा रहे। घरेलु हिंसाविरुद्धको ऐन २०६६ जारी भएपनि स्वयम् प्रहरीहरू पनि यो ऐन प्रयोग गर्न रुचाउँदैनन् बरु सार्वजनिक अपराध ऐनमा मुद्दा दर्ता गर्न सजिलो हुने तर्क उनीहरूको छ। सार्वजनिक अपराध जिल्ला प्रशासन कार्यालयमा जाने र छिटो मुद्दाको फैसला हुने हुन्छ भने घरेलु ऐनअन्तर्गत मुद्दा दायर भएमा प्रहरी, अदालत जता पनि मुद्दा दायर हुन्छ तर यस्ता मुद्दाको फैसला हुन समय लाग्ने हुन्छ। आफ्नो सजिलोका लागि यी दुई ऐनले व्यवस्था गरेका फरक प्रकृतिका अपराध र सजायतर्फ भने उनीहरूको ध्यान नगएको देखिएको छ। साथै, घरेलु हिंसाका घटनामा प्रहरी मेलमिलाप गराउन इच्छुक देखिन्छन् जबकि गम्भीर हिंसाका दोषीलाई सजाय दिलाउनु तिनको मुख्य कर्तव्य हुन्छ।

नेपाल सरकारद्वारा यसै वर्ष आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार समितिलाई पेश गरेको तेस्रो आवधिक प्रतिवेदनमा नेपालले सीमान्तकृत समूहहरूलाई समावेश गरेर मानवअधिकार सम्बन्धमा छुट्टै नीतिहरू लागू गरेको, त्रिवर्षीय योजनाले मानवअधिकारलाई प्रश्रय दिएको दावी गरेको छ। सरकारले आफ्ना विकासका योजनाहरूमा मानवअधिकार कार्यक्रमहरू समावेश गरेर मानवअधिकारको समूहगत स्वामित्व निर्माण गरेको दावी संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार समितिलाई बुझाएको प्रतिवेदनमा उल्लेख गरेको छ।

यही वर्ष महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धिको कार्यान्वयन अनुगमन गर्ने समितिले नेपालको आवधिक प्रतिवेदनको अध्ययनपछि नेपाल सरकारलाई केही सिफारिस पेश गरेको छ। नेपालले ०४८ वैशाख ९ मा यस महासन्धि अनुमोदन गरेपछिको चौथो र पाँचौ संयुक्त प्रतिवेदनमा आफ्नो प्रतिक्रिया दिदै समितिले बलात्कार र अन्य यौन हिंसाका सम्बन्धमा महिलाको अदालतमा प्रभावकारी पहुँच बनाउन पनि यौन हिंसाका उजुरी दायर गर्दा हुने शर्तहरू हटाउन सिफारिसमा गरेको छ। समितिले महिला शिक्षकको सङ्ख्या बढाउन पनि सिफारिस गरेको छ। यससम्बन्धमा आर्थिक वर्ष ०६८/०६९ को

बजेटमा शिक्षण पेशामा लैङ्गिक समानता कायम गर्न खाली भएका दरबन्दीमा उपलब्ध भएसम्म महिला शिक्षिका नियुक्त गर्ने लक्ष्य लिएको छ।

विप्रेषणले धानेको नेपालको अर्थतन्त्रमा महिलाको योगदान पनि उल्लेख्यरूपमा रहेको छ तथापि धेरै जसो महिला अवैधानिकरूपमा विदेशमा गएका छन्। घरेलु कामदार र हेरचाह गर्ने कामदारका रूपमा विदेशिने क्रम धेरै छ। अवैधानिकरूपमा, भारतको बाटो गरी जाने हुनाले महिला विदेशमा शारीरिक, मानसिक शोषणमा पर्न सक्ने र यस प्रकारको स्थितिमा उनलाई सहयोग गर्न सकिने सम्भावना कम हुने गरेका छन्। नेपालको वैदेशिक रोजगार ऐनले वैधरूपमा जाने कामदारलाई केही सुरक्षा प्रदान गरेको भए पनि अवैधानिकरूपमा जाने त्यसमा पनि महिलाहरूलाई राष्ट्रले उपेक्षा गरेको देखिएको छ। वास्तवमा नेपाली महिलालाई वैदेशिक रोजगारमा रोक नभएपनि अल्प जानकारीका कारण त्यस्ता महिलाले उच्च ब्याजदरमा ऋण लिने र दलालले गलत जानकारी दिनेलगायत विदेशमा श्रम कानुनको घेराबाट बाहिर हुन गई समस्या भोगिरहेका छन्। उल्लेख्य सङ्ख्यामा कामदार भएका देशमा श्रम सहचारी राख्ने व्यवस्था गर्न सरकार असफल रह्यो।[33] साथै, ऐनले माग नगरे पनि विदेश प्रस्थान गर्नका लागि परिवारका पति, पिता या नजिकको कुनै नातेदारको सहमति पत्र ल्याउनुपर्ने विभेदकारी अभ्यास जारी छ।[38] यही अवस्थालाई मध्यनजर गर्दै महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धिको कार्यान्वयन अनुगमन गर्ने समितिले देशमा नै महिलाको लागि रोजगारको अवसर सिर्जना गर्नका साथै कुनै पनि महिला सुरक्षितरूपमा विदेश जान र त्यहाँ गई काम गर्न सक्ने वातावरण बनाउन, पीडित महिलालाई सहयोग गर्न र अवैधरूपमा विदेश पठाउने दलालहरूविरुद्ध कडा कारबाही गर्न सरकारलाई सिफारिस गऱ्यो।

११.५ जातीय भेदभावविरुद्ध ऐन लागू

सरकारले जेठ २१ गतेलाई जातीय विभेद तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस घोषणा गऱ्यो। यसैगरी, यस वर्ष जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ व्यवस्थापिका संसदबाट पारित भई राष्ट्रपतिले ०६८ जेठ १८ गते प्रमाणीकरण गरेपछि कार्यान्वयनमा आयो। ऐनमा कुनै पनि व्यक्तिले प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा छुवाछूत तथा भेदभाव गर्न नहुने व्यवस्था रहेको छ।

यस ऐनमा कसूरदार ठहरिएको व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद वा १ हजार रुपियाँदेखि २५ हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ। जातीय भेदभाव वा छुवाछूत गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनुका साथै सार्वजनिक पद धारण गरेको व्यक्तिले कसूर गरेमा ती व्यक्तिलाई सो ५० प्रतिशत थप सजाय हुने व्यवस्था छ।

नेपालमा सामान्यतया अदालतले कसुर ठहऱ्याई क्षतिपूर्ति गराउँदा सो रकम राजस्वका रूपमा दाखिला हुन्छ। यसरी कुनै व्यक्ति पीडित भएपछि पीडकबाट तिराइने रकम सरकारी राजस्वमा परिणत हुनु पीडितलाई आम्दानीको स्रोत बनाए बराबरै हो। यस ऐनले भने कोही व्यक्ति यस ऐनबमोजिम कसुरदार ठहरिएमा त्यसरी ठहर गर्दा अदालतले कसुरदारबाट पीडितलाई २५ हजार रूपियाँदेखि १ लाख रूपियाँसम्म क्षतिपूर्ति गराइदिन सक्ने व्यवस्था पनि अत्यन्त सकारात्मक छ।

जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ नेपालभर मात्र नभई नेपाल बाहिर बसी नेपाली नागरिकविरुद्ध यस ऐनबमोजिमको कसुर गर्ने नेपाली नागरिकलाई समेत लागू हुने, यस ऐनअन्तर्गतको मुद्दामा सरकार वादी हुने र यसमा संक्षिप्त कार्यविधि अपनाउनु पर्ने तथा यस ऐनअन्तर्गत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानूनबमोजिम समेत कसुर हुने भएत्यस्तो कसुरमा प्रचलित कानुन बमोजिम मुद्दा चलाई कारबाही गर्न बाधा नपर्ने मानिनाले सरकारले दलितविरुद्धको भेदभावलाई गम्भीरतापूर्वक लिएको देखिन्छ।

११.६ तल्ला अदालतको अधिकार थप

हरेक व्यक्तिलाई निश्पक्ष सुनुवाइको अधिकार रहेको छ। कुनै व्यक्ति कुनै अभियोगमा गिरफ्तार हुन्छ

33. ह्युमन राइटस् वाचको सारांश प्रतिवेदन, जनवरी २०१२, पृ ४
38. एमनेष्टी इन्टरनेशनलमार्फत काभ ला'ओभेड र पौरखीले महिला विभेदविरुद्धको समितिको ४९ औं सत्रमा पेश गरेको जानकारी

भने उसको मुद्दाको सुनुवाइ तथा फैसला यथाशीघ्र हुनुपर्छ, खुला इजलासमा हुनुपर्छ, स्वतन्त्र र निश्पक्षरूपमा हुनुपर्छ साथै फैसलामा दोषी नभनेसम्म अभियुक्त निर्दोषै रहेको मानिनुपर्छ। यस अधिकारको सम्मान गर्नु प्रहरी प्रशासन र अदालतको कर्तव्य पनि हो। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मावनअधिकार दस्तावेजमा पनि यस अधिकारलाई ठूलो महत्व दिइएको छ।

न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐनमार्फत सरकारले नागरिक अधिकार ऐन, २०१२ को दफा १६ उपदफा १ अनुसार गिरफ्तार भएको वा थुनिएको व्यक्ति आफैंले वा अरु कसैमार्फत् बन्दी प्रत्यक्षीकरणको आदेशको निमित्त सम्बन्धित पुनरावेदन अदालत वा जिल्ला अदालतमा उजुरी दिनसक्ने, दफा १७ को उपदफा १ मा यस ऐनद्वारा प्रदत्त आफ्नो कुनै अधिकारमा कसैले आघात गर्ने शङ्का लागेमा सम्बन्धित पुनरावेदन अदालत वा जिल्ला अदालतमा उजुरी दिन सक्ने र न्याय प्रशासन ऐन, २०४८ को नयाँ दफा ७ मा जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानुनप्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको लागि आवश्यकताअनुसार बन्दीप्रत्यक्षीकरण वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार हुने साथै पुनरावेदन अदालतमा परमादेशसँगै उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा पनि थपिएको छ।

नेपालको परिप्रेक्ष्यमा हेर्दा सामान्य मुद्दाको फैसला हुन पनि वर्षौं लाग्नु नौलो कुरा होइन। सर्वोच्च अदालतले आर्थिक वर्ष ०६६/६७ मा करिब ५६ प्रतिशत मुद्दा फर्स्यौट गऱ्यो। मुद्दाको टुङ्गो लगाउने अन्तिम निकाय भएका कारण सर्वोच्च अदालतमा वर्षेनी ठूलो सङ्ख्यामा मुद्दा थपिएको हुन्छ जसका कारण दुवै पक्ष लामो समयसम्म अदालत धाइरहनुपर्दा उनीहरूलाई न्याय धेरै नै महँगो पर्न जान्छ। यस अर्थमा सरकारले यस वर्ष सर्वोच्च अदालतको रिट सुनुवाइसम्बन्धी अधिकार तल्ला तहमा प्रत्यायोजन गराउँदा नागरिकहरूलाई पनि सुविधा हुने तथा सर्वोच्च अदालतको पनि कार्यभार कम हुन गई व्यक्तिको शीघ्र तथा निष्पक्ष न्याय प्राप्त गर्ने अधिकारको संरक्षण हुने आधार तयार भयो।

१२. नयाँ मतदाता नामावली सङ्कलन

कुनै पनि नागरिकका लागि लोकतान्त्रिक सरकारको नीति निर्माण प्रक्रियालाई प्रभावित पार्ने मुख्य उपाय मतदान नै हो। कुनै व्यक्तिलाई कुनै पदमा चुन्न या कुनै विषयमा आफ्नो मत जाहेर गर्न मतदान गरिन्छ। अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूमा मतदानको अधिकारलाई अत्यन्त महत्वपूर्ण मानिएको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धिको धारा २५ ले व्यक्तिको मताधिकार र निष्पक्ष चुनावको प्रत्याभूति दिएको छ साथै यो अधिकारले राज्यले नागरिकप्रतिको दायित्व पूरा गर्ने (धारा २), अभिव्यक्तिको स्वतन्त्रता (धारा १९), संगठित हुने अधिकार (धारा २१) को प्रत्याभूति पनि गरेको छ।

निश्पक्ष र स्वतन्त्र निर्वाचन नागरिकको महत्वपूर्ण अधिकार भएपनि विगतमा नेपालमा भएका विभिन्न तहका मतदानमा केही अनियमितता हुने गरेको तथ्य लुकेको छैन। संविधानसभाकै चुनावमा पनि गैरनेपाली नागरिकले मतदान गरेको तथ्य भेटिएको थियो। संविधानसभाको चुनावको क्रममा भूमिहीन, मुक्त कमैयालगायतले मतदाता नामावलीका नाम दर्ता गराउन नपाएको, नागरिकता वितरण र मतदाता नामावली सङ्कलनसँगै हुँदा तराईमा यसले प्रभाव पारेको र केही भारतीय नागरिकले पनि नेपाली नागरिकता लिई मतदान गरेका आरोप पनि आएका थिए।[३५]

छिमेकी राष्ट्रहरू बङ्गलादेश, पाकिस्तान र भारतमा देखिएका अनुभवबाट पाठ लिँदै वास्तविक मतदाताहरूको सूची अद्यावधिक गर्न निर्वाचन आयोगले फोटो र औंलाको छापसहितको मतदाता परिचयपत्रको अवधारणा लागू गर्ने निर्णय गरी कार्य शुरु गऱ्यो जसबाट केही हदसम्म भए पनि अनियमितता नियन्त्रण हुने विश्वास लिन सकिन्छ। निर्वाचन आयोगले क्रमशः ५८ नगरपालिका रहेका ४३ जिल्लाका गाविस, हिमाली १९ जिल्लाबाहेक ५६ जिल्लाका सबै गाविसहरू र अन्त्यमा १९ हिमाली जिल्लाका सबै गाविसहरूमा ०६८ असार भित्रमा मतदाता नामावली सङ्कलन गर्ने निर्णय गऱ्यो। तथापि देशका तराईका जिल्लाहरू र पूर्वी पहाडी जिल्लाहरूका विभिन्न स्थानमा नामावली सङ्कलन टोलीले अवरोधको सामना गर्नुपऱ्यो।

३५. दि कार्टर सेन्टर, अभ्जर्भिङ द २००८ नेपाल कन्स्टिच्युएन्ट एसेम्बली इलेक्सन अप्रिल २००८, http://www.cartercenter.org/resources/pdfs/news/peace_publications/election_reports/FinalReportNepal2008.pdf, ०६८ मङ्सिर १० मा हेरिएको

आयोगले नाम दर्ता गराउन नागरिकताको प्रमाणपत्र आवश्यक बनाएकोप्रति मधेशवादी दलहरूको आपत्ति थियो। विशेषत: मधेशवादी दलहरूको तराईमा धेरै व्यक्तिसँग नागरिकताको प्रमाणपत्र नभएकाले अन्य काजगातलाई पनि मान्यता दिइनुपर्छ भन्ने तर्क रहेको थियो।

विवाद सर्वोच्च अदालतसम्म पुगेपछि अदालतले मतदाता नामावलीमा नाम दर्ता गराउन नागरिकताको प्रमाणपत्र नै चाहिने र नागरिकताको प्रमाणपत्र नभएका नेपाली नागरिकका लागि यसको सहज उपलब्धताको व्यवस्था गर्ने भनेपछि चाहिँ यही आधारमा कार्य अघि बढ्यो। नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन सरकारले विषेश व्यवस्था नगरे पनि ०६८ असार मसान्तसम्ममा नाम दर्ता गर्ने नेपाली नागरिकहरूको सङ्ख्या ८८,२२,२५१ पुगेको निर्वाचन आयोगले जनायो। शुरुमा सोलुखुम्बु, रूपन्देही, दाङ र डडेलधुराका सात गाविसमा फोटोसहितको मतदाता नामावली सङ्कलन र दर्ता गरिएको थियो।[३६] निर्वाचन आयोगका कामु अध्यक्ष नीलकण्ठ उप्रेतीका अनुसार मतदाता नामावलीमा ५२ प्रतिशत महिला रहेका थिए भने १ सय तेस्रो लिङ्गीले नाम दर्ता गराए।[३७] मतदाताका रूपमा रहेका ठूलो सङ्ख्यामा युवाहरू देशबाहिर रहेकाले उनीहरू यस नामावलीमा छुट्ने आशङ्का रहे पनि निर्वाचन आयोग नै नामावली नियमितरूपमा अद्यावधिक गरिने हुनाले आफ्नो सुविधा र समय अनुसार कसैले पनि नाम दर्ता गराउन सक्ने बताइएको छ।

१३. स्वास्थ्यको अधिकार: सरकारी उदासीनताको नमुना

यस वर्ष सरकारले स्वास्थ्य क्षेत्रका लागि २४.९३ बजेट छुट्याएको छ जुन नेपालमा बजेटको जम्मा ६ प्रतिशत जति मात्रै स्वास्थ्य क्षेत्रका लागि छुट्याइएको छ। काठमाडौँमा हरेक एक लाख जनसङ्ख्याका लागि ९८ जना डाक्टर रहेका छन्। तर, नेपालमा एक लाख जनसङ्ख्याकै लागि जम्मा २.५ जना डाक्टर रहेका छन्।[३८] केही जिल्लामा डाक्टरको उपस्थिति दरबन्दीभन्दा आधा नै कम छ भने विभिन्न प्रकारका स्वास्थ्यकर्मी पनि दरबन्दी अनुसार पूरा छैनन्। एक तथ्याङ्क अनुसार सन् २०११ मा अनुमानित नेपालमा प्रति १० हजार जन्ममा ४४.५४ को मृत्यु हुने गरेको छ भने यही स्रोतको २००८ को तथ्याङ्क अनुसार प्रति १ लाखमा ३८० महिलाको बच्चा जन्माउने क्रममा मृत्यु हुन्छ। नेपालमा जम्मा १३ प्रतिशत महिलाले तालिम प्राप्त अधिकारीबाट सुत्केरी गराउँछन्। तर, सबैभन्दा गरीब जनसङ्ख्याको भने ३ प्रतिशतले मात्रै यस्तो सुविधा उपभोग गर्दछन्। *(हेर्नुहोस् जिल्लागत विवरण: बाजुरा)*

नेपालमा नागरिकको मृत्युको प्रमुख कारणमध्ये मानिएको सडक दुर्घटनाका घाइतेलाई उपचार पुऱ्याउने उदेश्यले वीर अस्पतालमा निर्माण गरिएको ट्रमा सेन्टर निर्माण पूरा भएको तीन वर्ष भइसक्दा पनि हालसम्म सञ्चालन नआउनुको कारण बुझ्न सकिएको छैन। सरकारले खोपसम्बन्धी कार्यक्रमलाई एकीकृत गर्न, खोपसम्बन्धी अन्तर्राष्ट्रिय सहयोग व्यवस्थित रूपले परिचालन गर्न र खोप सेवालाई अझ प्रभावकारी बनाउने आवश्यक कानुनी व्यवस्थाका लागि आगामी वर्ष खोप विधेयक तर्जुमा गर्ने बताए पनि यसको कार्यावन्यन समय हुन्छ नै भन्न भने विश्वासनीय आधार देखिएन।

१४. कारागारको दुरावस्था

कारागारलाई कुनै यातनागृह या सजाय यापन गर्ने स्थानभन्दा पनि सुधारगृहका रूप दिई कैद भुक्तान गरिसकेपछि समाजमा सामान्य जीवन यापन गराउन सक्ने मान्यतामा सञ्चालन हुनुपर्ने भनी विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार दस्ताबेजको मान्यता छ। ती दस्ताबेजमा कैदीबन्दीलाई कैद अवस्थाका कारण प्रभावित हुने अधिकारबाहेक अन्य व्यक्तिसरहकै अधिकार दिइएको छ। उनीहरू अन्य सामान्य व्यक्ति जस्तै सम्मानपूर्वक जीवन बाँच्न पाउने, यातनाबाट मुक्ति, शिक्षा, स्वास्थ्य, सुरक्षा र आफ्ना अधिकार

---

३६. राष्ट्रिय निर्वाचन आयोगको प्रेस विज्ञप्ति (२०६८ साउन १०), http://www.election.gov.np/NP/detail_news.php?id=50,२०६८ मङ्सिर १० मा हेरिएको

३७. 'नेपाल इलेक्सन कमिशन एमङ वेस्ट फाइभ' http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=35239, मङ्सिर २३ गते हेरिएको

३८. http://www.nsi.edu.np/nsi/page.php?page=nepal_health_situation

उल्लङ्घनको उपचार पाउनेलगायत अधिकारका हकदार छन्। यसैगरी, १९९२ मा राष्ट्रसङ्घीय मानवअधिकार समितिले बन्दीहरूलाई यातना नदिने र उनीमाथि कुनै प्रकार प्रयोग नगर्ने मात्र नभई उनीहरूको विषेश ध्यान राख्नु राज्यको कर्तव्य हुन भएको जनाएको छ।

नेपालकै कारागार ऐन र नियमावलीले पनि कैदीबन्दीहरूलाई मानवोचित व्यवहार गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ। उनीहरूका लागि खाना तथा पानी, सरसफाइ, स्वस्थ मनोरञ्जन र आवश्यक स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने उल्लेख छ। तथापि, इन्सेकले नियमित रूपमा गर्ने कारागार अनुगमनको क्रममा क्षमताभन्दा बढी कैदीबन्दी, जीर्ण भवन, पानी, शौचालयको कमी सामान्य समस्याका रूपमा रहेका हुन्छन् भने कतिपय अवस्था कैदीबन्दीले उचित उपचारका लागि रकम कम भएको गुनासो कतिपय कारागार प्रशासकबाट पनि आउने गरेको छ। कहिलेकाहिं यसैकारण, उपचार नपाई ज्यान गुमाउनेको सङ्ख्या कम छैन। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरण मोरङ्ग)*

कारागार ऐन, २०१९ को दफा ६ मा थुनुवा र कैदीलाई छुट्टाछुट्टै राख्नुपर्ने, दफा १६ मा तीन वर्षसम्म कैद सजाय हुने ठहरिएका कसुरदारले चाहेमा त्यस्तो व्यक्तिलाई सामुदायिक सेवामा पठाउने निर्णय गर्नसक्ने व्यवस्था भए पनि यस्तो व्यवस्था व्यवहारमा आएको छैन। कारागारकै अभावमा सरकारले नेपालगञ्जमा खुल्ला कारागार स्थापना गर्ने अवधारणा ल्याए पनि कार्यान्वयन हुन सकेको छैन।

कारागारलाई सुधारगृहका रूपमा सञ्चालन गर्न माग गर्दै दायर गरिएको रिटमा ०५८ जेठ ९ गते सर्वोच्च अदालतले राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रावधान अनुसार कारागारका बन्दी कैदीले पाउनुपर्ने न्यूनतम मानवोचित व्यवहार गर्नुपर्ने सरकारको दायित्व भएकाले जेल र कैदीबन्दीहरूको अवस्था सुधार गर्न निर्देशनात्मक आदेश दिएको थियो तर, यस समस्या यो वर्ष पनि जस्ताको त्यस्तै रह्यो।

कारागारको जीवनपछि कैदीहरूले सामान्य जीवनयापन गर्ने अवसर पाउनुपर्छ। उनीहरूमा सकारात्मक सोचको विकास गर्नु र सीप विकास समेत गराई अर्थोपार्जनको व्यवस्था गर्न आवश्यक हुन्छ। नेपालका कारागारभित्रै विभिन्न अपराध हुने गरेको समेत सार्वजनिक भयो। चितवन जिल्ला कारागारमा हत्याको आरोपमा पूर्पक्षमा रहेका नेपाल तरुण दलका जिल्ला अध्यक्ष शिव पौडेलमाथि साङ्घातिक हमला भयो। केही दिनको उपचारपछि पौडेलको मृत्यु भयो। नेशनल टेलिभिजनका मालिक युनिस अन्सारीमाथि ०६७ फागुन २६ गते जेलमै गोली प्रहार भयो। अन्सारीलाई जेलबाहिर खतरा रहेकाले उनका बाबु पूर्वसांसद् सलिम अन्सारीको अनुरोधमा जेलमै राखिएको थियो। गोली प्रहार गर्ने व्यक्ति भारतीय पेसेवर अपराधी रहेको, तीन घेराको सुरक्षाबाट पनि हतियार लैजान सफल भएकाले जेलको सुरक्षा कुन रूपमा भइरहेको छ भन्ने प्रश्न स्वभाविक रूपमा उठ्यो।

चैत १६ गते युनिस अन्सारीमाथि भएको आक्रमणको छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा तीन सदस्यीय आयोग गठन गरियो। आयोगले जेठ २६ गते आफ्नो प्रतिवेदन बुझायो। प्रतिवेदनमा वास्तविक योजनाकार र उद्देश्यलाई तोक्ने आधार नभएको भन्दै जेलमा आधुनिक सुरक्षा उपकरण राख्नुपर्ने, जेलको सुरक्षा प्रणालीको पुनरावलोकन गर्नपर्ने र जेलको संरचनामा सुधार गर्नुपर्ने सुझाव दिएको थियो।

यस्तै, प्रतिवेदनमा नियमितरूपमा आउने सुझावलाई मनन गर्दै होला, ०६७ पुस १२ गते सरकारले कारगारहरूको व्यवस्थापन र भौतिक सुधार गर्न तथा कैदीहरूको सजाय माफी मिनाहासम्बन्धी नीति पुनरावलोकन गर्न आवश्यक अध्ययन गरी सरकारलाई सिफारिस गर्न एकीकृत माओवादी सभासद् देवी खड्काको अध्यक्षतामा कार्यदल गठन गऱ्यो। कार्यदललाई केन्द्रीय कारागारको स्थानान्तरण, देशभरका कारागारको भौतिक सुधार, कैदीहरूलाई दिइने माफी मिनाहासम्बन्धी नीतिको पुनरावलोकन गर्न भनिएको छ। कैदी/बन्दीहरूलाई कानुनअनुसार दिइने सजाय माफी पछिल्लो समय अवरुद्ध हुँदा केही कारागारको समस्या देखिएको थियो। कार्यदललाई सिदाको पुनरावलोकन तथा खुला कारागार व्यवस्था लागू गर्न सरकारले चाल्नुपर्ने कदमसमेत सिफारिस गर्ने जिम्मेवादी दिइएको छ। कार्यदललाई दुई महिनाको म्याद दिइएको छ। विगतमा पनि जेल सुधारसम्बन्धमा अदालत तथा आयोगहरूले धेरै नै सुझाव दिएका थिए ती सुझाव लागू भएको पाइएन।

१५. राष्ट्रिय मानवअधिकार संस्थाहरू

१५.१ राष्ट्रिय मानवअधिकार आयोग

अन्तरिम संविधानले राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक निकायको मान्यता दिए पनि यो

पूर्ण रूपमा स्वायत्त हुन सकेको छैन। राजधानीमा ०६८ वैशाख ७ गते आयोजित एक कार्यक्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले स्वतन्त्र भएर आयोगले कामकारबाही गर्न र राज्यलाई निर्भिक रूपले आफ्ना कुरा राख्न आयोग स्वतन्त्र र स्वायत्त हुनुपर्ने बताए भने सोही कार्यक्रममा सभामुख सुवासचन्द्र नेम्वाङले मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्ड, पेरिस सिद्धान्त अनुरूप स्वतन्त्र र स्वायत्त आयोग बनाउनुको विकल्प नरहेको जनाए। विश्वव्यापी आवधिक समीक्षाका क्रममा पनि आयोगलाई शक्तिशाली बनाउने, आयोगका सिफारिस कार्यान्वयन गरिनुपर्ने र यसका लागि पर्याप्त स्रोतसाधन, स्वतन्त्रता र स्वायत्तता दिइनु पर्ने सुझाव आएको थियो।[३९] गत वर्षदेखि कायम रहेको आयोगका कर्मचारीसम्बन्धी विवाद यस वर्ष पनि सुल्झिन सकेन।

यस वर्षदेखि आयोगले सशस्त्र द्वन्द्वसँग गाँसिएका मानवअधिकारको संरक्षण र सम्वर्द्धनसम्बन्धी कार्यका अलावा महिला, बालबालिका, दलित, जेष्ठ नागरिक तथा अपाङ्ग व्यक्तिहरूको हक-हितसँग गाँसिएका विषयवस्तुहरूमा पनि आफ्नो प्राथमिकता प्रदान गर्न थालेको जानकारी दियो। आयोगको तथ्याङ्कअनुसार मानवअधिकारसँग सम्बन्धित विषयमा आर्थिक वर्ष ०६७-०६८ जम्मा ३ सय ४५ उजुरीहरू परेको थियो। उजुरीका प्रमुख विषयहरूमा हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, गैरन्यायिक थुना रहेका छन्। त्यसैगरी सम्पत्ति कब्जा, आन्तरिक विस्थापन, भेदभाव जबरजस्ती चन्दा, आर्थिक सामाजिक अधिकार उपभोगमा अवरोध, महिला तथा बालअधिकार, दलित तथा आदिवासी जनजातिका अधिकार उल्लङ्घनलगायतका विषय रहेका थिए।

आयोगको आर्थिक वर्ष ०६७-०६८ उपलब्ध अभिलेखअनुसार यसले मानवअधिकार संरक्षण र सम्वर्द्धनको सन्दर्भमा १ सय ७९ पटक अनुगमन र ३ सय ११ ओटा अनुसन्धान गरेको थियो। त्यसैगरी १ सय ४६ ओटा उजुरीउपर सिफारिस गर्नुको साथै ५ सय ७९ उजुरी टुङ्गयाइएको, सात वटा खारेज र १३ वटालाई तामेलीमा राखिएको थियो। आयोगमा ०६८ जेठ १२ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट प्राप्त जानकारी अनुसार सिफारिसको कार्यान्वयनको अवस्था हालसम्म पूर्ण कार्यान्वयन १२१ (२८%), आंशिक कार्यान्वयन २३६ (५५%) र कार्यान्वयन नभएको ७९ (१७%) रहेको आयोगले जनायो।

१५.२ राष्ट्रिय दलित आयोग

राष्ट्रिय दलित आयोगलाई अधिकार सम्पन्न आयोगको रूपमा विकास गर्नको लागि राष्ट्रिय दलित अधिकार आयोगको स्थापना गर्न बनेको विधेयक-२०६६ को समसामयिक संशोधन सहित पुन व्यवस्थापिका संसदमा पेश गरिएको छ। हाल उक्त विधेयक विधायन समितिमा छलफलमा रहेको छ।

यस वर्ष सरकारले समितिलाई १७ औं १८ औं र १९ औं तीनओटा जातीय विभेदविरुद्धको महासन्धि अनुगमन समितिलाई महासन्धि कार्यान्वयनको एकीकृत प्रतिवेदन बुझाउने तयारी रहेको छ। आयोगले ०६८/०६९ मा दलितविरुद्ध हुने भेदभावविरुद्ध चेतनामूलका कार्य गर्न, विभिन्न क्षेत्रमा दलितको सहभागी वृद्धि गराउन कार्यक्रम सञ्चालन गर्ने, दलित मैत्री ऐन, नियम र कानूनहरूको व्यापक प्रचार एवम् प्रसार कार्यक्रम सञ्चालन गर्ने र घुम्ती न्यायिक सेवा कार्यक्रम तथा दलित समुदायका लागि संवैधानिक कानूनी सचेतना, मानवअधिकार तथा मानवीय कानुन प्रशिक्षण एवम् कानुनी सहायता कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गरेको छ। यही आर्थिक वर्षमा डोम, मुसहर, वादी तथा गन्धर्व जातिको सामाजिक, आर्थिक, राजनीतिक तथा शैक्षिक अवस्थाको अध्ययनका लागि कार्यदल गठन गरिए।

आर्थिक वर्ष ०६७/६८ मा देशका विभिन्न जिल्लाहरूमा दलित समुदायमाथि अन्याय, अत्यचार, जातीय भेदभाव तथा छुवाछूत र दलित मानवअधिकार उल्लङ्घनका घटनाहरूका उजुरीहरू आयोगमा परे। जातीय भेदभाव तथा छुवाछूतसँग सबन्धित १४ ओटा, बलात्कारसम्बन्धी चारओटा, अन्तरजातीय विवाहसम्बन्धी १७ ओटा, कुटपिटसम्बन्धी १३ ओटा, महिला हिंसासम्बन्धी १२ ओटा उजुरीहरू दर्ता भए। दर्ता भएका उजुरी/निवेदनहरूमा आयोगले नै कारबाही गर्न सक्ने निवेदनहरूउपर कारबाही गर्ने गरेको र आयोगको क्षेत्राधिकार बाहिरका विषयहरूमा सम्बन्धित निकायलाई लेखी पठाउँदै आएको छ।

३९. राष्ट्रिय मानवअधिकार आयोगलाई स्वतन्त्र र स्वायत्त बनाइनुपर्नेमा जोड, http://www.inseconline.org/index.php?type=news&id=32749&lang=np, ०६८ वैशाख ९ गते हेरिएको

१५.३ राष्ट्रिय महिला आयोग

आयोगले महिला अधिकारको वर्तमान अवस्था र समस्याको पहिचानको लागि महिला आत्महत्या, दाइजो प्रथा, महिला र स्वास्थ्यलगायतका विभिन्न विषयमा अध्ययन गरेको छ। साथै महिलाविरुद्ध हुने भेदभाव उन्मुलनसम्बन्धी समिति, मानवअधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षा बैठकमा सहभागिता जनाउनुका साथै संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदबाट पारित १३२५ र १८२० कार्यान्वयन समितिमा रही अनुगमन समेत गर्ने गरेको छ।

आर्थिक वर्ष ०६७/६८ राष्ट्रिय महिला आयोगमा घरेलु हिंसाका १ सय ७८ र महिला हिंसाका १ सय १२ निवेदन दर्ता भए। आयोगमा दर्ता भएका निवेदनहरूमा आयोगको तर्फबाट पक्षहरूको सहमतिमा मिलापत्र, सम्बन्धित निकायमा सिफारिस, कानुनी सहायता तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको आयोगले इन्सेकलाई जानकारी गरायो। यसैगरी आयोगले विभिन्न पत्रिकामा प्रकाशित महिला हिंसाका घटनाका सम्बन्धमा गरेको अध्ययन अनुसार यस वर्ष यौनजन्य हिंसा १ सय २५, मानव बेचबिखन १ सय ५, हत्या १ सय ४, घरेलु हिंसा ७३, सामाजिक कुरितिका नाममा ८८ ओटा महिला हिंसाका घटना भएको देखिन्छ। साथै बोक्सीको आरोपमा यातना दिई गाउँ निकाला गरिएको, सामूहिक बलात्कार, कार्यस्थल तथा शैक्षिक संस्थामा यौनदुर्व्यवहार, आत्महत्यालगायतका महिला हिंसाको जाँचबुझ तथा स्थलगत निरीक्षण गर्दै पीडितलाई न्याय र आरोपित पक्षलाई कानुनी कारबाहीको माग गरेको आयोगले जनायो।

१६. निष्कर्ष

शान्ति, विकास र मानवअधिकार कामचलाउ सरकारका साथै चुनिएका दुवै सरकारका प्रतिबद्धता रहेका थिए। हतियार कन्टेनरको साँचो हस्तान्तरण, लडाकुको पुनवर्गीकरणका साथै केही नीतिगत कार्यका कारण सरकारको कार्य केही सकारात्मक रहे पनि राजनीतिक अस्थिरता, सत्ताको लागि दिइएको प्राथमिकता, लम्बिँदो शान्तिप्रक्रिया र भ्रष्टाचारले भने जनतालाई निराश नै पाऱ्यो। पछिल्ला प्रधानमन्त्री आफ्नो सरकार जोगाउनमै व्यस्त भए भने इतिहासकै ठूलो मन्त्रिमण्डल बनाई नेपाली जनतालाई भार बोकाउने कार्यमात्रै गरे। उनकै कारण नेपालको न्यायपालिकाको शक्ति र स्वतन्त्रतामा नै प्रश्नचिह्न उठ्यो। दण्डहीनताको पराकाष्ठाका रूपमा सर्वोच्चले नै दोषी ठहर गरिसकेका व्यक्तिलाई माफी दिन सिफारिस भयो। पीडितलाई दिइएको अन्तरिम राहतको रकम बढाएर नै सरकारले सङ्क्रमणकालीन न्यायका लागि आफ्नो दायित्व पूरा गरेको ठान्यो। महिला तथा बालबालिकाको सुरक्षा र अधिकारका लागि केही नीति निर्माण भए पनि तिनको प्रभावकारी कार्यान्वयनप्रति निश्चिन्त हुने अवस्था रहेन। मधेशमा केही हदसम्म शान्ति भए पनि मधेशको समस्या पूर्ण रूपले समाधान भएको छैन। विवादास्पद नेताहरूलाई कानुनको परिधिबाट उन्मुक्ति प्राप्त भइरह्यो।

शान्तिप्रक्रिया आशानुरूप अघि बढ्न नसकिरहेको अवस्थामा साझा राष्ट्रिय सरकारको गठन भएमा धेरै राजनीतिक संयन्त्रहरू एकै दिशातर्फ उन्मुख हुने थिए। वास्तवमा अन्तरिम संविधानको परिकल्पनामा पनि राजनीतिक दलहरू मिलेर नै अगाडि बढ्ने भन्ने रहेको थियो। कुनै अमूक दल या दलहरूको मात्रै सरकार हुँदा कुनै निर्णय गर्न असहज हुने, सरकारबाहिरका दललाई आफूलाई उपेक्षा गरेको महसुस भई या जनतामाझ आफ्नो उपस्थिति जनाउन पनि सरकारको विरोध हुन्छ। सामान्यत: समयमा नियमित कामकारबाही गर्न यस्तो परिस्थितिमा सरकारलाई कुनै अप्ठ्यारो त हुँदैन राजनीतिक दलहरूले बुझ्नुपर्छ कि यो सामान्य समय होइन। एक दशकको आन्तरिक द्वन्द्वपछि शान्ति खोज्दै गरेको राष्ट्र हो। यही कारणले पनि नेपालमा राष्ट्रिय सहमतिको सरकारको आवश्यकता छ।

सरकारका विभिन्न कदमले देशमा न्याय र विधिको शासनको उपस्थितिमा नै प्रश्न उठाएको छ। दण्डहीनताले आक्रान्त मुलुकमा सङ्क्रमणकालीन न्यायका संयन्त्र स्थापना हुन नसक्दा पीडितहरू पुन: पीडित भइरहेका छन्। सरकारले आपराधिक मुद्दालाई पनि राजनीतिक भएको तर्क दिँदै मुद्दा फिर्ता गर्दै जाने हो भने विधेयकमा रहेका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबीनसम्बन्धी आयोगको स्थापनाको कुनै अर्थ हुनेछैन। साथै, द्वन्द्वकालीन मुद्दालाई सत्य निरूपण तथा मेलमिलाप आयोगबाटै सुल्झाउने निर्णयले पनि कुनै तुक राख्दैन। सर्वोच्चले पनि यस्ता मुद्दालाई प्रचलित कानुन अन्तर्गत नै कारबाही अघि बढाउन कुनै रोक छैन भनेको अवस्थामा सरकारको यस्तो निर्णयले न्यायपालिकाको अवहेलना मात्रै हुनेछ।

यस वर्ष सरकारले केही राम्रा नीतिहरू सार्वजनिक त गरेको छ तर, यिनको कार्यान्वयनमा शङ्का मान्नुपर्ने ठाउँ प्रशस्त छन्। बारम्बारको बन्द हडतालले सर्वसाधारणको अधिकार हनन गरेको भन्दै यातायात, पेट्रोलियम पदार्थको ढुवानी, पैठारी, भण्डारण, वितरण, स्वास्थ्य सेवा, फोहरमैला सङ्कलन, ढुवानी, प्रशोधन, बिसर्जन, स्थल निर्माण, पूर्वाधार निर्माण र सङ्कलन स्थललगायत १६ क्षेत्रमा हड्ताल गर्न बन्देज लगाउने निर्णय गरे पनि न विद्यालय बन्द हुन रोकिए न यातायात नै न त सरकारले यस विषयमा बन्द हुनुभन्दा पहिले नै हस्तक्षेप गऱ्यो। महिला अधिकार, बालअधिकार, दलितअधिकार, अपाङ्गका अधिकारहरू व्यवहारमा स्थापित गर्न प्रशस्त ध्यान दिनुपर्ने अवस्था देखिए।

सुझाव

- दण्डहीनताको स्थितिले राष्ट्रमा केही कार्य नियमसङ्गत नहुने र अपराधले न्यायलाई छायाँमा पारेजस्तो अराजकताको स्थिति सिर्जना भएको छ। सुरक्षा स्थिति सुधार गर्ने क्षमता सम्बन्धित निकायमा रहेकाले यस परिस्थितिमा सरकारले नयाँ नयाँ योजना बनाउने र अपराधको राजनीतिकरणभन्दा सुरक्षाकर्मीको मनोबल बढाउने र उनीहरूलाई स्रोतसाधनले सम्पन्न बनाउने।
- अदालतले जतिसुकै मानवअधिकारमैत्री आदेश दिए पनि कार्यान्वयन गराउने निकाय सरकार नै हो। कागजमा न्याय प्राप्त हुने र अन्यायपूर्ण स्थिति चाहिँ नहट्ने हो भने पीडितलाई अझै पीडित बनाउने, न्यायपालिका र राज्यका अङ्गमा अविश्वास पैदा हुनेछ जुन, एक विकास र शान्तिप्रिय राज्यका लागि हितकारी हुनेछैन। यसर्थ अदालतको सम्मान गर्दै यसका आदेशहरू पालना गर्नेतर्फ ध्यान दिने।
- पुनःस्थापित संसद्ले निर्देशनात्मक आदेश दिएको पाँच वर्ष बितिसक्दा पनि सरकारले रोमविधान अनुमोदन गर्ने तर्फ खासै कदम चालेको छैन। रोम विधान अनुमोदनले राष्ट्रको अन्तराष्ट्रिय छवि सकारात्मक हुने मात्र होइन, भविष्यका मानवअधिकार उल्लङ्घनकर्तालाई चेतावनी पनि हुने हुनाले रोम विधान अनुमोदन शीघ्र गर्नुपर्ने।
- सरकारले राष्ट्रिय मानवअधिकार आयोगले ०६६ साउन २० गतेपछि गरेको सिफारिस अनुरूप पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउने निर्णय लियो। हाल आयोगका २८ प्रतिशत सिफारिस मात्रै पूर्ण कार्यान्वयनमा भएका छन्। कुनै समय सीमा नतोकी राष्ट्रिय मानवअधिकार आयोगका सबै नै सिफारिस कार्यान्वयन हुनुपर्ने।
- शान्तिप्रक्रियाको महत्वपूर्ण पक्षका रूपमा रहेको सेना व्यवस्थापन कार्य अघि बढे पनि एकीकृत माओवादीमै र लडाकुहरूमा पनि केही असन्तोष छाएको छ। तिनीहरूका साथै बहिर्गमित लडाकुहरूको विषयमा ठोस कदम नउठाइएमा यसले भविष्यमा समस्या उब्जाइरहने भएकाले उनीहरूका गुनासा सुल्झाउने।
- स्थानीय स्तरमा निर्वाचित जनप्रतिनिधि नहुँदा नागरिकका दैनिक जीवनमा धेरै समस्या आएका छन्। स्थानीय निर्वाचनले तल्लो तहमा पनि सरकारको उपस्थिति महसुस गराउने र सामाजिक सुरक्षाअन्तर्गतका सेवा सुविधा उपलब्ध गराउन सरकारलाई सहज हुनेछ हुनाले नागरिकलाई राहत दिन, भ्रष्टाचार नियन्त्रण गर्न पनि चुनावको तयारी थाल्नुपर्ने।

३.३ राज्य र मानवअधिकार

न्यवस्थापिका

परिच्छेद

३

घटनाक्रम

(०६७ पुस १७ गतेदेखि ०६८ पुस १७ गतेसम्म)

०६७ पुस २९ गते

माननीय नारायणकाजी श्रेष्ठद्वारा प्रस्तुत् "संविधानसभा व्यवस्थापिका-संसदको कार्यसञ्चालन नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

०६७ माघ ११ गते

संविधानसभा व्यवस्थापिका-संसदको कार्यसञ्चालन नियमावली संशोधन मस्यौदा समितिका सभापति एकराज भण्डारीले "संविधानसभा व्यवस्थापिका-संसदको कार्यसञ्चालन नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्ताव बहुमतबाट पारित।

०६७ माघ १३ गते

सभामुखद्वारा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) एवं संविधानसभा व्यवस्थापिका-संसदको कार्यसञ्चालन नियमावली, २०६५ को नियम ७ को उपनियम (२) बमोजिम प्रधानमन्त्री पदको निर्वाचन ०६७ माघ २० गते बिहीबारका लागि तोकेको व्यहोरा जानकारी।

०६७ माघ २० गते

सभामुखद्वारा प्रधानमन्त्री पदको निर्वाचन दर्ताक्रम अनुसार क्रमश: मा.सदस्य झलनाथ खनाल, मा.सदस्य रामचन्द्र पौडेल, मा.सदस्य पुष्पकमल दाहाल र मा.सदस्य विजयकुमार गच्छदारलाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको सूचनाहरू प्राप्त हुन आएको व्यहोरा जानकारी।

सभामुखद्वारा माननीय सदस्य झलनाथ खनाल नेपालको प्रधानमन्त्री पदमा निर्वाचित भएको घोषणा।

०६७ फागुन २ गते

एनेकपा माओवादीका कार्यकर्ताबाट कब्जा गरिएका व्यक्तिगत सम्पत्ति हालसम्म पनि फिर्ता नगरी कायम राखेको र बर्दियामा ३ सय बिगाहा जमिन कब्जा गरी झण्डा गाडेको सम्बन्धमा सरकारले सदनलाई जानकारी गराउनु पर्ने रामशरण महतको माग।

०६७ फागुन ३ गते

उपप्रधानमन्त्री तथा अर्थमन्त्री भरतमोहन अधिकारीले "विनियोजन विधेयक, २०६७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्ताव बहुमतले पारित भएको घोषणा।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री भरतमोहन अधिकारीले "आर्थिक विधेयक, २०६७ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री भरतमोहन अधिकारीले "ऋण तथा जमानत (अठारौं संशोधन) विधेयक, २०६७ लाई पारित गरियोस्" भनी प्रस्तुत भएको प्रस्ताव सर्वसम्मतिले पारित।

०६७ फागुन ८ गते

अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिका सभापति पद्मलाल विश्वकर्माबाट "अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिको कार्यक्षेत्र पुनरावलोकन प्रतिवेदन, २०६७" सदन समक्ष पेश।

मन्त्री विष्णुप्रसाद पौडेलद्वारा "भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (United Nations Convention Against Corruption) माथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत्।

०६७ फागुन १२ गते

मन्त्री विष्णुप्रसाद पौडेलले "भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (United Nations Convention Against Corruption) लाई अनुमोदन गरियोस्" भनी राख्नुभएको प्रस्ताव सर्वसम्मतिले अनुमोदन।

०६७ फागुन २५ गते

विपक्षी दलका नेता रामचन्द्र पौडेलद्वारा शान्ति प्रक्रिया, सेना समायोजन र राज्य पुनर्संरचना आयोग गठन हुनुपर्ने जस्ता मागहरू बिगतदेखि वर्तमानसम्म प्राथमिकतासाथ राख्दै आएको, आफ्नो दलले सरकारमा रहँदा पनि यसतर्फ निकै जोड दिएको जानकारी गराउँदै सङ्घीयतालाई सफल, व्यवहारिक र सर्वस्वीकार्य बनाउन कति प्रदेश निर्माण गर्ने सो सम्बन्धमा विशेषज्ञहरूद्वारा सीमाङ्कन गरी सङ्घीयतालाई सुनिश्चित बनाउनका लागि राज्य पुनर्संरचना आयोग गठन गर्नुपर्नेतर्फ सरकारको ध्यानाकर्षण।

०६७ फागुन २७ गते

सभामुखद्वारा केन्द्रीय कारागारमा सरकारको सुरक्षामा रहेका थुनुवामाथि भएको गोली प्रहारको विषयमा सदस्यहरूले गम्भीरतापूर्वक सरकारको ध्यानाकर्षण गराउनु भएकोले सो सम्बन्धमा आगामी

बस्ने व्यवस्थापिका-संसदको बैठकमा जानकारी दिन सरकारलाई निर्देश।

०६७ फागुन २९ गते

प्रधानमन्त्री झलनाथ खनालद्वारा केन्द्रीय कारागारमा सरकारको सुरक्षामा रहेका थुनुवा बन्दीमाथि भएको गोली प्रहारको विषय र अन्य समसामयिक सार्वजनिक महत्वको विषयहरूमा जानकारी दिनु हुँदै सङ्क्रमणकालीन अवस्थामा नागरिकको सुरक्षा गर्न कठिन रहेको भएतापनि आमनागरिकको सुरक्षासँग सिङ्गो मुलुकको सुरक्षा जोडिएकोले नागरिकको सुरक्षाप्रति यो सरकारले जिम्मेवारी पूर्वक लिएको जानकारी प्रदान।

०६७ चैत ३ गते

सभासद् लक्ष्मणप्रसाद घिमिरेले भरतपुर क्यान्सर अस्पतालका तत्कालीन निर्देशक डा. भक्तमान श्रेष्ठ पक्षधरले नवनियुक्त निर्देशकलाई काम गर्न नदिई उल्टै उनी पक्षधर माथि हातपात र गुण्डागर्दी गर्दै कानुनी राज्यको उपहास गरेकोले सरकारबाट जवाफ माग।

उपप्रधानमन्त्री एवं सूचना तथा सञ्चार मन्त्री कृष्णबहादुर महराले भरतपुर क्यान्सर अस्पताल सञ्चालनमा केही विवाद भएकोले सरकार यस विषयमा गम्भीर भएको जानकारी।

०६७ चैत ९ गते

सभासद् कमला पन्तले विधिसम्मत रूपमा संचालक समितिको निर्णयबाट नियुक्त हुनुभएका भरतपुर क्यान्सर अस्पतालका नवनियुक्त निर्देशकलाई तत्कालीन निर्देशक डा. भक्तमान श्रेष्ठ पक्षधरले हाजिर गर्न नदिएको, यस सम्बन्धमा आफूले अघिल्लो बैठकमा पनि कुरा उठाएकोतर्फ इङ्गित गर्नुहुँदै सरकारबाट यसको स्पष्ट जवाफ आउनु पर्ने भनी सरकारको ध्यानाकर्षण।

सभामुखद्वारा भरतपुर क्यान्सर अस्पतालका सम्बन्धमा पहिले पनि सदनमा कुरा उठाइएको तर्फ सरकारको ध्यानाकर्षण गराउनु हुँदै यस सम्बन्धमा बारम्बार सदनमा कुरा उठेकोले आगामी बैठकमा जानकारी दिन सरकारलाई निर्देशन।

०६७ चैत १६ गते

माननीय लक्ष्मणप्रसाद घिमिरेले वी पी कोइराला मेमोरियल भरतपुर क्यान्सर अस्पतालको निर्देशकको विवाद सम्बन्धी विषय, अर्थ मन्त्रालयका सचिवको राजीनामा प्रकरणको विषयमा उठेका विवादको विषय र तराईका विभिन्न स्थानमा सार्वजनिक सवारी साधनहरूमाथि भएका श्रृङ्खलाबद्ध बम विष्फोटका घटनाका सम्बन्धमा प्रधानमन्त्रीले सदनमा उपस्थित भई स्पष्ट नगरिएसम्म सदन अगाडि बढन सक्दैन भनेपछि कांग्रेसका मा.सदस्यहरू आ-आफ्नो स्थानमा उठि नै रहेकाले सभामुखद्वारा बैठकमा प्रतिपक्षमा रहनुभएका मा. सदस्यहरू उठिरहँदा बैठकको कारवाही अगाडि बढाउन उचित नहुने व्यहोरा जानकारी गराउनु हुदै दैनिक कार्यसूचीमा रहेका कार्यक्रमहरू सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउँदै बैठक स्थगित। बैठक ०६७ चैत १८ गते शुक्रवार दिनको ३:३० बजेसम्मको लागि स्थगित।

०६७ चैत २८ गते

माननीय रामशरण महतद्वारा देशमा शान्ति सुरक्षाको स्थिति खस्कँदै गएको, चितवनको जुटपानी क्षेत्रमा युवाहरूले मैत्रीपूर्ण फुटबल खेल खेल्नको लागि परम्परादेखि प्रयोग गर्दै आइरहेको खेलमैदान सफाई गर्ने क्रममा शक्तिखोर शिविरका लडाकुहरूले विशेष समितिको निर्देशिकामा रहेको आचारसंहिता विपरित अवरोध खडा गरी आक्रमण गरेकोले उक्त कार्यको निन्दा गर्दै यसमा सरकारको स्पष्ट धारणा माग।

०६८ वैशाख ४ गते

माननीय विश्वेन्द्र पासवान र माननीय रूक्मिणी चौधरीद्वार आफूहरूको माग बमोजिम दैनिक कार्यसूचीमा केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्वन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक समावेश नगरिएकोमा आपत्ति।

०६८ वैशाख ६ गते

माननीय रूकमिणी चौधरीले आफूहरूले सात दिनको समय दिएर केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्वन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक सदन समक्ष छलफलमा ल्याउन माग गरेको तर, चौध दिन बित्दा पनि छलफलमा नल्याइएको भनी विरोध जनाएपछि दलित जनजाति पार्टीका सदस्य विश्वेन्द्र पासवान, नेपा: राष्ट्रिय पार्टीका सदस्य बुद्धरत्न मानन्धर र स्वतन्त्र सदस्य सदरूल मिया हकद्वारा सभामुख आशन अगाडि नाराबाजी। बैठक स्थगित।

०६८ वैशाख ९ गते

संसदको चालु अधिवेशन ०६८ वैशाख ९ गते

शुक्रबारका दिनदेखि अन्त गरिएको सूचनामार्फत जानकारी।

०६८ वैशाख १९ गते

सभासद् रूकमिणी चौधरीले आफूहरूले सात दिनको समय दिएर केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक सदन समक्ष छलफलमा ल्याउन माग गरेको तर, चौध दिन बित्दा पनि छलफलमा नल्याइएको भनी विरोध जनाएपछि दलित जनजाति पार्टीका सदस्य विश्वेन्द्र पासवान, नेपा: राष्ट्रिय पार्टीका सदस्य बुद्धरत्न मानन्धर र स्वतन्त्र सदस्य सदरूल मिया हकद्वारा सभामुख आशन अगाडि नाराबाजी।

०६८ वैशाख २५ गते

सभासद् रूकमिणी चौधरीले आफूहरूले सात दिनको समय दिएर केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक सदन समक्ष छलफलमा ल्याउन माग गरेको तर, चौध दिन बित्दा पनि छलफलमा नल्याइएको भनी विरोध जनाएपछि दलित जनजाति पार्टीका सदस्य विश्वेन्द्र पासवान, नेपा: राष्ट्रिय पार्टीका सदस्य बुद्धरत्न मानन्धर र स्वतन्त्र सदस्य सदरूल मिया हकद्वारा सभामुख आशन अगाडि नाराबाजी। बैठक ०६८ वैशाख २८ गतेसम्मको लागि स्थगित।

०६८ वैशाख २८ गते

सभासद् रूकमिणी चौधरीले आफूहरूले सात दिनको समय दिएर केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक सदन समक्ष छलफलमा ल्याउन माग गरेको तर, चौध दिन बित्दा पनि छलफलमा नल्याइएको भनी विरोध जनाएपछि दलित जनजाति पार्टीका सदस्य विश्वेन्द्र पासवान, नेपा: राष्ट्रिय पार्टीका सदस्य बुद्धरत्न मानन्धर र स्वतन्त्र सदस्य सदरूल मिया हकद्वारा सभामुख आशन अगाडि नाराबाजी

०६८ जेठ १ गते

सभासद् रूकमिणी चौधरीले आफूहरूले सात दिनको समय दिएर केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक सदन समक्ष छलफलमा ल्याउन माग गरेको तर, चौध दिन बित्दा पनि छलफलमा नल्याइएको भनी विरोध जनाएपछि दलित जनजाति पार्टीका सदस्य विश्वेन्द्र पासवान, नेपा: राष्ट्रिय पार्टीका सदस्य बुद्धरत्न मानन्धर र स्वतन्त्र सदस्य सदरूल मिया हकद्वारा सभामुख आशन अगाडि नाराबाजी।

०६८ जेठ १४ गते

कानुन तथा न्यायमन्त्री श्री प्रभु साहले "नेपालको अन्तरिम संविधान (नवौँ संशोधन), २०६८ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावमा मत बहुमतबाट पारित भएको घोषणा।

सभामुखले सभासद् लक्ष्मणप्रसाद घिमिरेद्वारा सभासमक्ष राख्नुभएको तीन दलबीच भएको ५ बुँदे सहमतिसर्वसम्मतिले अनुमोदन।

०६८ जेठ ३० गते

सभासद् विश्वेन्द्र पासवानले दलित, मुस्लिम, पिछडा वर्ग, आदिवासी जनजाति लगायतका तर्फबाट हामीले राखेका मागहरू सरकार एवं तीन ठूला दलले वेवास्ता गरेकोतर्फ पुन: ध्यानाकर्षण गराउँदै सम्बन्धित पक्षले उक्त मागहरू सम्बोधन गर्न अरू चार दिनको समय माग गरेकोले असार ४ गतेपछि पनि आफूहरूको माग पूरा नभए व्यवस्थापिका-संसदको बैठक कुनै हालतमा चल्न नदिनेतर्फ सदन र सरकारको ध्यानाकर्षण।

०६८ असार ५ गते

संविधानसभा भवनमा शान्ति, सुव्यवस्था र अनुशासन भङ्ग गर्ने काममा सङ्लग्न रहेको भन्दै विश्वेन्द्र पासवान,रूकमिणी चौधरी, बुद्धरत्न मानन्धर रसदरूल मिया हकलाई सभामुखद्वारा ७ दिनका लागि निलम्बन गरेको घोषणा।

०६८ असार १९ गते

प्रधानमन्त्री झलनाथ खनालले आ.व. २०६८/६९ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम राष्ट्रपति समक्ष प्रस्तुत।

राष्ट्रपति डा. रामवरण यादवद्वारा आ.व. २०६८/६९ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत।

०६८ असार ३१ गते

उपप्रधानमन्त्री तथा अर्थमन्त्री भरतमोहन अधिकारीद्वारा "आर्थिक विधेयक, २०६८" सदन समक्ष प्रस्तुत्।

०६८ असार ३२ गते

उपप्रधानमन्त्री तथा अर्थमन्त्री भरतमोहन अधिकारीद्वारा "विनियोजन विधेयक, २०६८" प्रस्तुत।

०६८ साउन ८ गते

महिला, बालबालिका र समाजकल्याण समितिका सभापति सन्ध्या देवीले "मुक्त कमैया, कमलरीको समस्या र अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन, २०६८", "वादी समुदायका महिलाहरूको समस्या र अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन, २०६८", "हलियाहरूको समस्या र अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन, २०६८" र "नर्सिङ तथा सामान्य चिकित्सा विषयक कार्यक्रम सञ्चालन गर्ने कलेज/संस्थाहरू खोल्ने मापदण्ड सम्बन्धी अध्ययन अनुगमन प्रतिवेदन, २०६८" सदनमा प्रस्तुत।

०६८ साउन ९ गते

०६८ जेठ १४ गते तीन दल बीच भएको पाँच बुँदे सहमति कार्यान्वयन नभएको भनी नेपाली काङ्ग्रेसका सदस्यहरूद्वारा व्यवस्थापिका-संसदको बैठक चल्न नसक्ने भनेपछि दैनिक कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा सभामुखद्वारा जानकारी। बैठक ०६८ साउन १० गतेसम्मको लागि स्थगित।

०६८ साउन १० गते

०६८ जेठ १४ गते तीन दल बीच भएको पाँच बुँदे सहमति कार्यान्वयन नभएको भनी नेपाली काङ्ग्रेसका सदस्यहरूद्वारा व्यवस्थापिका-संसदको बैठक चल्न नसक्ने भनेपछि दैनिक कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा सभामुखद्वारा जानकारी। बैठक ०६८ साउन ११ गतेसम्मको लागि स्थगित।

०६८ साउन ११ गते

०६८ जेठ १४ गते तीन दल बीच भएको पाँच बुँदे सहमति कार्यान्वयन नभएको भनी नेपाली काङ्ग्रेसका सदस्यहरूद्वारा व्यवस्थापिका-संसदको बैठक चल्न नसक्ने भनेपछि दैनिक कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा सभामुखद्वारा जानकारी। बैठक ०६८ साउन १२ गतेसम्मको लागि स्थगित।

०६८ साउन १२ गते

०६८ जेठ १४ गते तीन दल बीच भएको पाँच बुँदे सहमति कार्यान्वयन नभएको भनी नेपाली काङ्ग्रेसका सदस्यहरूद्वारा व्यवस्थापिका-संसदको बैठक चल्न नसक्ने भनेपछि दैनिक कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा सभामुखद्वारा जानकारी। बैठक ०६८ साउन १५ गतेसम्मको लागि स्थगित।

०६८ साउन १५ गते

०६८ जेठ १४ गते तीन दलबीच भएको पाँच बुँदे सहमति कार्यान्वयन नभएको भनी नेपाली काङ्ग्रेसका सदस्यहरूद्वारा व्यवस्थापिका-संसदको बैठक चल्न नसक्ने भनेपछि दैनिक कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा सभामुखद्वारा जानकारी । बैठक ०६८ साउन १७ गतेसम्मको लागि स्थगित।

०६८ साउन १७ गते

०६८ जेठ १४ गते तीन दल बीच भएको पाँच बुँदे सहमति कार्यान्वयन नभएको भनी नेपाली काङ्ग्रेसका सदस्यहरूद्वारा व्यवस्थापिका-संसदको बैठक चल्न नसक्ने भनेपछि दैनिक कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा सभामुखद्वारा जानकारी। बैठक ०६८ साउन २२ गतेसम्मको लागि स्थगित।

०६८ साउन २२ गते

०६८ जेठ १४ गते तीन दल बीच भएको पाँच बुँदे सहमति कार्यान्वयन नभएको भनी नेपाली काङ्ग्रेसका सदस्यहरूद्वारा व्यवस्थापिका-संसदको बैठक चल्न नसक्ने भनेपछि दैनिक कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा सभामुखद्वारा जानकारी। बैठक ०६८ साउन २३ गते सम्मको लागि स्थगित।

०६८ साउन २३ गते

०६८ जेठ १४ गते तीन दल बीच भएको पाँच बुँदे सहमति कार्यान्वयन नभएको भनी नेपाली काङ्ग्रेसका सदस्यहरूद्वारा व्यवस्थापिका-संसदको बैठक चल्न नसक्ने भनेपछि दैनिक कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा सभामुखद्वारा जानकारी। बैठक ०६८ साउन २५ गतेसम्मका लागि स्थगित।

०६८ साउन २५ गते

उपप्रधानमन्त्री एवं अर्थ मन्त्री भरतमोहन अधिकारीले प्रधानमन्त्रीको तर्फबाट सार्वजनिक महत्वको विषयमा वक्तव्य।

०६८ साउन ३० गते

प्रधानमन्त्री झलनाथ खनालले प्रधानमन्त्री पदबाट राजीनामा दिनु पर्नाको कारण र आफ्नो कार्यकालमा भएका काम कारवाहीको बारेमा सार्वजनिक महत्वको विषयमा सदनलाई जानकारी।

सभामुखद्वारा राष्ट्रपतिको कार्यालयबाट प्राप्त ०६८ साउन २९ को पत्र अनुसार राष्ट्रपति डा. रामवरण यादव समक्ष प्रधानमन्त्री झलनाथ खनालले आज नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (७) को खण्ड (क) बमोजिम प्रधानमन्त्री पदबाट लिखित राजीनामा दिनु भएकोले सोही धाराको उपधारा (९) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गरिरहने व्यहोरा जानकारी।

०६८ भदौ ११ गते

सभामुखद्वारा प्रधानमन्त्रीको निर्वाचन दर्ताक्रम अनुसार क्रमश: व्यवसथापिका सदस्य बाबुराम भट्टराई र रामचन्द्र पौडेललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको सूचनाहरू प्राप्त हुन आएको जानकारी।

सभामुखद्वारा सभासद् बाबुराम भट्टराई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) एवं संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) (संशोधन सहित) नियमावली, २०६५ को नियम ७ को उपनियम (६) बमोजिम व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्या ५ सय ९४ को बहुमतले नेपालको प्रधानमन्त्री पदमा निर्वाचित भएका घोषणा।

०६८ भदौ १२ गते

"नेपालको अन्तरिम संविधान (दशौं संशोधन), २०६८ लाई पारित गरियोस्" भन्ने प्रस्ताव दुई तिहाई भन्दा बढी मतले पारित भएको घोषणा।

०६८ भदौ २८ गते

सभासद् प्रकाशमान सिंहद्वारा माओवादी युद्धकालका राजनीतिक प्रकृतिका मुद्दाहरू फिर्ता लिने भन्ने नेपाल सरकारका महान्यायाधिवक्ताको भनाइप्रति गम्भीर ध्यानाकर्षण।

०६८ असोज २६ गते

सभासद् रामचन्द्र पौडेलले विश्व हिन्दु युवा सङ्घका तत्कालीन अध्यक्ष काशीनाथ तिवारीको हत्याको मुख्य योजनाकार वर्तमान सरकारका भूमिसुधार तथा व्यवस्थामन्त्री प्रभु साह नै रहेको कुरा प्रहरी अनुसन्धानबाट प्रमाणित भइसकेको र मन्त्री साह विरूद्ध मुद्दा दायर नगरी जिल्ला सरकारी वकिलको कार्यालयले मन्त्री साहलाई उन्मुक्ति दिन खोजेकोले मन्त्री साहलाई तत्काल पदमुक्त गरी अदालतमा हाजिर गराउन माग।

०६८ असोज २९ गते

सभासद् भीमबहादुर रावल, माननीय मोहम्मद अफताब आलम र माननीय कमला पन्तले राज्य सञ्चालनको विधि र सामान्य कानुनी मर्यादा उल्लङ्घन गर्ने मन्त्रीहरूको अस्वभाविक र गैरकानुनी भाषा र व्यवहारको प्रतिपक्षी दलहरू विरोध नगरी बस्न मिल्दैन भनेपछि सदनमा उपस्थित प्रतिपक्षमा रहेका सबै दलका माननीय सदस्यहरू आ-आफ्नो आशन अगाडि उभिएका कारण सभामुखद्वारा कार्यसूचीमा निर्धारित सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी। बैठक ०६८ असोज ३० गते सोमवारसम्मको लागि स्थगित।

०६८ असोज ३० गते

माननीय लक्ष्मणप्रसाद घिमिरे, माननीय रमेश लेखक र माननीय रघुवीर महासेठले सरकारबाट सर्वोच्चले सर्वस्व सहित जन्मकैदको फैसला गरिएका सांसदको मुद्दालाई आममाफीमा परिणत गर्न लागेको, राष्ट्रियताप्रति प्रहार गर्ने रक्षामन्त्रीको राजीनामा हालसम्म नआएको अवस्थामा प्रतिपक्षी दलहरूले आफ्नो भूमिका निर्वाह नगरी बस्न मिल्दैन भनेपछि सदनमा उपस्थित प्रतिपक्षमा रहेका सबै दलका माननीय सदस्यहरू आ-आफ्नो आशन अगाडि उभिएका कारण सभामुखद्वारा कार्यसूचीमा निर्धारित सम्पूर्ण कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा जानकारी। बैठक ०६८ कात्तिक १ गते मंगलबार दिनको १:०० बजेसम्मको लागि स्थगित।

०६८ कात्तिक १ गते

सभासद् लक्ष्मणप्रसाद घिमिरे, माननीय रमेश लेखक र माननीय रघुवीर महासेठले सरकारबाट सर्वोच्चले सर्वस्व सहित जन्मकैदको फैसला गरिएका सांसदको मुद्दालाई आममाफीमा परिणत गर्न लागेको, राष्ट्रियताप्रति प्रहार गर्ने रक्षामन्त्रीको राजिनामा हालसम्म नआएको अवस्थामा प्रतिपक्षी दलहरूले आफ्नो भूमिका निर्वाह नगरी बस्न मिल्दैन भनेपछि

सदनमा उपस्थित प्रतिपक्षमा रहेका सबै दलका माननीय सदस्यहरू आ-आफ्नो आशन अगाडि उभिएका कारण सभामुखद्वारा कार्यसूचीमा निर्धारित सम्पूर्ण कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा जानकारी। बैठक ०६८ कात्तिक १ गते मंगलबार दिनको १:०० बजेसम्मको लागि स्थगित।

०६८ कात्तिक २ गते

प्रधानमन्त्री बाबुराम भट्टराईले मुलुक सङ्क्रमणकालमा रहेको अवस्थामा केही दिनदेखि संसद अवरूद्ध भैरहेकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ (८) बमोजिम रक्षामन्त्री शरतसिंह भण्डारी र भूमिसुधार तथा व्यवस्था मन्त्री प्रभु साहलाई सम्बन्धित दलको सिफारिशमा मन्त्री पदबाट हटाइएको विषयमा सदनलाई जानकारी।

०६८ कात्तिक २५ गते

सभासद् सदस्यहरूले अदालत द्वारा दोषी प्रमाणित व्यक्तिलाई आममाफीको सिफारिश गर्ने मन्त्रिपरिषद्को निर्णय र ठूलो आकारमा बनेको मन्त्रीमण्डलको आलोचना।

सभामुखद्वारा ०६८ कात्तिक २५ गतेको बैठकमा मा. कानुन तथा न्याय मन्त्री वृजेशकुमार गुप्ताले "नेपालको अन्तरिम संविधान (एघारौं संशोधन), २०६८ माथि विचार गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत।

०६८ मङ्सिर २ गते

प्रधानमन्त्री डा. बाबुराम भट्टराईद्वारा राजनीतिक दलबीच भएको दुई बुँदे सहमति र सम्झौता कारकारको तर्फबाट कार्यान्यवन गर्ने प्रतिवद्धता व्यक्त। राजनीतिक दलबीच तल उल्लेखित निम्न दुइ बुँदे सहमति-

१) विशेषज्ञ समिति गठन गर्न पेश भएको संशोधन विधेयक फिर्ता लिने र सहमतिको आधारमा सरकारले तीन दिनभित्र राज्यको पुनसंरचना गर्न आयोग गठन गर्नेछ र त्यसले दुई महिनाभित्र सुझाव पेश गर्नेछ।

२) आयोगले अन्तरिम संविधानको धारा १३८ को व्यवस्था, राज्यको पुनसंरचना र राज्यशक्तिको बाँडफाँड समितिका सबै मत र विचारहरू सहितको प्रतिवेदनको अपेक्षा, संविधानसभामा छलफल हुंदा प्रस्तुत भएका विचार लगायत समग्र पक्षलाई ध्यान दिई पहिचान र सामर्थ्यलाई आधार मानि आफ्नो सुझाव प्रतिवेदन पेश गर्नेछ।

०६८ मङ्सिर ८ गते

सदस्यहरूद्वारा राज्य पुर्नसंरचना आयोग बनाउँदा संविधानसभामा प्रतिनिधित्व गर्ने साना दलहरूलाई बेवास्ता गरेको, आयोगमा दलितका तर्फबाट प्रतिनिधित्व नगराइएको, दलिय भागवण्डाबाट आयोगमा पदाधिकारी छनौट गर्दा निष्पक्ष सुझाव आउन नसक्ने सम्बन्धमा र राजधानीमा अपहरण पछि हत्या गर्ने क्रम पुन: दोहोरिएकोमा सरकारको ध्यानाकर्षण।

ऊर्जा मन्त्री पोष्टबहादुर बोगटीद्वारा "नेपालको अन्तरिम संविधान (एघारौं संशोधन), २०६८" प्रस्तुत्।

०६८ मङ्सिर १३ गते

"नेपालको अन्तरिम संविधान (एघारौं संशोधन), २०६८ लाई पारित गरियोस्" भन्ने प्रस्ताव दुई तिहाई भन्दा बढी मतले पारित भएको घोषणा।

०६८ पुस १ गते

सभासद् लक्की शेर्पाले सोलुखुम्बु जिल्लाका शिक्षक विपिन वास्तोलाको रहस्यमय हत्यालाई आत्महत्या भनी प्रचारबाजी गरि राजनीतिक ढाकछोप गर्ने प्रयास गरिएको सम्बन्धमा सरकारको ध्यानाकर्षण।

सभासद् विश्वेन्द्र पासवान, माननीय शम्भु हजरा दुसाध र माननीय पुरनसिंह दयालले व्यवस्थापिका-संसदले छुवाछुत र भेदभाव विरूद्धको विधेयक पारित गरी छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको भएतापनि ठूला जातिका मानिसहरूले दलितहरूमाथि अत्याचार, दमन र हिंसाजन्य क्रियाकलाप जारी राखेको, कालिकोट जिल्लामा उच्च जातिको भान्सा छोएकै निहुँमा मनबीरे सुनवारको पाशविक हत्या गरिएको, दलित हत्याको सम्बन्धमा किटानी जाहेरी हुँदा पनि प्रशासनले कारवाही नगरेको लगायत विविध विषयहरूमा सदन र सरकारको ध्यानाकर्षण।

विधायन समितिका सभापति यशोदा गुरूङ (सुवेदी) द्वारा"राष्ट्रिय मानवअधिकार आयोगसम्बन्धी विधायन समितिको प्रतिवेदन, २०६८" सदन समक्ष पेश।

०६८ पुस १४ गते

प्रधानमन्त्री डा. बाबुराम भट्टराईद्वारा कालीकोट जिल्लामा भएको दलित हत्याका सम्बन्धमा सार्वजनिक महत्वको विषयमा वक्तव्य प्रस्तुत।

१ पृष्ठभूमि

व्यवस्थापिका-संसद्ले यस वर्ष आफ्नो कार्यसञ्चालन नियमावली संशोधन गरी प्रधानमन्त्री पदको सार्थक निर्वाचन सम्पन्न गरायो। गत वर्ष यही संसद् १६ पटकसम्म प्रधानमन्त्रीको निर्वाचन सम्पन्न गराउन असफल रहेको थियो। सदन अवरोध र सरकार गठन प्रक्रियाले व्यवस्थापिका-संसद्को कामलाई प्रभावित गर्दा जनताको बोली सदनमा मुखरित हुन पाएन। झलनाथ खनाल र डा. बाबुराम भट्टराई व्यवस्थापिका-संसद्बाट यस वर्ष प्रधानमन्त्रीको पदमा निर्वाचित भए। दुवैजनाको नेतृत्वमा गठित सरकारको पालामा राजनीतिक दलहरूबीच सत्ता सङ्घर्ष र असहमतिका कारण यो वर्ष शान्तिप्रक्रिया र संविधान लेखनमा सन्तोषजनक प्रगति भएन।

सन् २०११ मा संविधानसभाको कार्यकाल तीन पटक थपियो। व्यवस्थापिका-संसद्को समेत दायित्व बोकेको संविधानसभाको म्याद बारम्बार थपिए पनि साना दलहरूमात्र होइन, ठूला दलहरू पनि संसद्को बैठक अवरुद्ध गर्न पछि परेनन्। यसरी संसद् अवरुद्ध हुँदा महत्वपूर्ण विधेयक पारित हुन सकेनन्। दोस्रो पटक तीन महिनाको कार्यकाल थप्दा राजनीतिक दलहरूले तीन महिनामा शान्तिप्रक्रियाका मूलभूत काम सम्पन्न गर्ने, संविधानको मस्यौदा तयार गर्ने, राष्ट्रिय सहमतिको सरकार गठन गर्नेलगायतका सहमति गरेका थिए। तर, ती सहमतिहरू यस वर्षको अन्त्यसम्म पनि कार्यान्यवन भएनन्। तेस्रोपटक म्याद थपिएपछि भने माओवादी लडाकुको पुनवर्गीकरण र राज्य पुनर्संरचना आयोगको गठन भयो। चौथो पटकको म्याद थप्नुअघि सर्वोच्च अदालतले अन्तिम पटक छ महिनाभन्दा बढी संविधानसभाको म्याद नथप्न आदेश दिएको थियो।

विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा परिकल्पित सत्य निरूपण तथा मेलमिलाप र बेपत्तासम्बन्धी आयोग गठनसम्बन्धी विधेयकहरू राजनीतिक दलहरूबीचकै असहमतिका कारण यस वर्ष पनि संसद्बाट पारित भएनन्। संसद्ले यस वर्ष तीनओटा महासन्धिहरू अनुमोदन गऱ्यो भने जातीय भेदभाव तथा छुवाछुत (कसुर सजाय) विधेयक, २०६८ पारित गऱ्यो।

व्यवस्थापिका-संसद्का विभिन्न समितिहरू विगतझैं विभिन्न क्षेत्रमा भएका अनियमितता र जनचासोका विषयलाई सम्बोधन गर्न सक्रिय रहे। संसदीय समितिहरूले विभिन्न घटनाहरूको छानबिन गरी आवश्यक कदम चाल्न सरकारी निकायहरूलाई निर्देशन दिए र अन्य घटनाहरूमा प्रतिवेदनमार्फत सुझावहरू दिए।

सार्वजनिक महत्वका विषयमा सरकारको ध्यानाकर्षण गराउन महत्वपूर्ण संसद्को शून्य समय र विशेष समय पनि यस वर्ष प्रभावकारी भएनन्। सभासद्हरूकै अवरोधका कारण सभामुखले यी समयहरूलाई बैठकको कार्यसूचीबाट हटाए। आफ्ना मर्यादाहीन आचरणका कारण केही सभासदहरू यस वर्ष पनि आलोचित भए। भ्रष्ट्राचार र आपराधिक गतिविधिमा समेत सभासद्हरू संलग्न भएका कारण जनतामा संसद्प्रति नै नकारात्मक सन्देश पुग्यो।

संविधानसभाको निर्वाचनपछि पहिलो पटक समयमै आर्थिक वर्ष २०६८/६९ को बजेट संसद्मा प्रस्तुत भयो। अर्थमन्त्री भरतमोहन अधिकारीले असार ३१ गते संसद्मा पेश गरेको बजेट सरकार निर्माण लगायत विभिन्न कारणले दुई महिनापछि मात्र पारित सक्यो।

गत वर्ष प्रधानमन्त्रीको अन्त्यहीन निर्वाचनलाई निरन्तरता दिएर आलोचित भएका सभामुख सुवास नेम्वाङले यस वर्ष राजनीतिक गतिरोध, शान्तिप्रक्रिया र संविधान निर्माण प्रक्रियालाई अगाडि बढाउन प्रमुख दलहरूका शीर्ष नेताहरूबीच नियमित छलफल गरे। सभासद्हरूले समसामयिक विषयमा उठाएका प्रश्नहरूमा उनले सरकारको ध्यानाकर्षण गराए। मन्त्रिपरिषद्मा महिला सहभागिता, भूकम्पबाट भएको क्षति र राहतलगायतका विषयमा सरकारले गरेका प्रयासबारे संसद् बैठकमा जानकारी गराउन पनि उनले रुलिङ गरे।

२. व्यवस्थापिका-संसद्को म्याद बारम्बार थप

विधिवत अन्त्य हुनुपर्ने अवस्थाको अन्तिम घडीमा संविधानसभाको म्याद यस वर्ष तीन पटक थपियो। प्रमुख दलबीच ०६८ जेठ १५ गते बिहान करिब ४ बजे पाँचबुँदे सहमति भएपछि संविधानसभाको म्याद तीन महिनाको लागि दोस्रोपटक थपिएको थियो। उक्त सम्झौतामा एकीकृत माओवादीका तर्फबाट माओवादी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), काङ्ग्रेसका तर्फबाट सभापति सुशील कोइराला र एमालेका तर्फबाट प्रधानमन्त्री झलनाथ खनालले हस्ताक्षर गरेका थिए। प्रमुख दलहरूले आफ्ना अडानलाई प्रतिष्ठाको विषय बनाएपछि संविधानसभा झण्डै दुर्घटनामा परेको थियो। गत वर्ष थपिएको एक

वर्षको अवधिमा संविधानलाई पूर्णता दिन नसकेपछि पुनः म्याद थप गर्नुपर्ने परिस्थिति सिर्जना भएको थियो। प्रमुख दलहरूले गत वर्ष म्याद थप गर्दा भएको शान्तिप्रक्रिया पूरा गर्ने सहमति कार्यान्वयन नहुँदा यस वर्ष म्याद थप गर्ने विषयमा विवाद भयो। माओवादी र एमालेले संविधानसभाको म्याद छ महिना थप्न चाहे पनि शान्तिप्रक्रिया पूरा हुने भरपर्दो आधार नभई संविधानले टुङ्गो नपाउने भन्दै काङ्ग्रेसले अडान राखेपछि शान्तिप्रक्रियाको प्रगतिको अवधिका रूपमा हेर्न तीन महिना म्याद थपिएको थियो। मध्यरातमा अन्तरिम संविधानमा नवौँ संशोधनलाई व्यवस्थापिका-संसद्मा पारित गरी संविधानसभाको म्याद तीन महिना थपिएको थियो। संविधान संशोधनमा प्रस्तावमा मतदान हुँदा ५ सय ८ मत पक्षमा र ४ मत विपक्षमा पऱ्यो। संविधान संशोधन विधेयकमाथि राप्रपा नेपालले राखेको विरोधको सूचनाको प्रस्तावलाई बहुमतले अस्वीकृत गरेपछि 'सूचनाका लागि ७२ घण्टासम्म पर्खनुपर्ने' कार्यव्यवस्था नियमावलीको प्रावधान निलम्बन गरी विधेयक पारित गरिएको थियो।

शान्तिप्रक्रियाको मूलभूत काम पूरा गरी नयाँ संविधानको पहिलो मस्यौदा प्रस्तुत गर्ने बेलामा दलहरूको निर्णयबमोजिम संविधानसभाको कार्यकाल भदौ १२ गते तेस्रो पटक तीन महिनाका लागि थपियो। अघिल्लोपटक जेठ १५ गते तीन महिनाका लागि म्याद थप गर्दा भएको पाँच बुँदे सहमतिअनुसार शान्तिप्रक्रिया र संविधान निर्माणमा सहमति जुटाउन नसकेका दलहरूले आवश्यकताको सिद्धान्तअनुसार संविधानसभाको कार्यकाल विस्तार गरेको बताए। अन्तरिम संविधानमा १० औँ संशोधन गरी मङ्सिर १४ गतेसम्मको लागि संविधानसभाको बैठकले आफ्नो कार्यकाल विस्तार गरेको थियो। मतदानका बेला म्याद थपका पक्षमा ५ सय ३७ र विपक्षमा ४ मत परे। राप्रपा नेपालले मात्र विपक्षमा मतदान गऱ्यो। संविधान संशोधन विधेयकमा संशोधनका लागि ७२ घण्टा समय दिनुपर्ने संसद्को नियमावली सर्वसम्मत रूपमा निलम्बन गरेपछि एकै दिन तीन बैठक गरी संविधानसभाको म्याद थपिएको थियो।

तेस्रो पटकको म्याद थपपछि माओवादी लडाकुको पुनवर्गीकरण र राज्य पुनर्संरचना आयोगको गठनबाहेक शान्तिप्रक्रिया र संविधान निर्माणमा प्रगति हुन सकेन। कात्तिक १५ गते भएको प्रमुख तीन दल र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच भएको सहमतिपछि शान्तिप्रक्रिया अघि बढेकोले त्यसलाई टुङ्गोमा पुऱ्याउनका लागि संविधानसभाको म्याद थप गर्ने प्रमुख तीन राजनीतिक दलहरूबीच सहमति भयो। माधव नेपाल र झलनाथ खनाल नेतृत्वको सरकारका पालामा संविधानसभाको म्याद थपका लागि सरकार परिवर्तनको सर्त राखिए पनि पछिल्लोपटक भने सबै दल म्याद थपका लागि सहमत भएका थिए। सोही अनुरूप सरकारले संविधानसभाको ६ महिना म्याद थप्न मङ्सिर ८ गते संसद्मा संविधान संशोधन प्रस्ताव दर्ता गऱ्यो। राप्रपा नेपालले दर्ता गरेको विरोध सूचना बहुमतले अस्वीकृत गर्दै संसद्ले विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पारित गऱ्यो। संविधान संशोधनको विधेयक दर्ता गरे पनि कति समय थप्ने भन्नेमा विवाद भएको दलहरूबीच सर्वोच्च अदालतको आदेशपछि विकल्प सीमित हुन पुगेको थियो। संशोधनका लागि सभासद्हरूलाई दिइएको ७२ घण्टाको समयमा विधेयकमाथि संशोधन दर्ता भएन। मङ्सिर १३ गते संविधानसभाले आफ्नो कार्यकाल छ महिना थप्यो। चौथो पटक म्याद थपेपछि संविधानसभाको कार्यकाल ०६९ जेठ १४ सम्म विस्तार भयो। कार्यकाल थपसम्बन्धी संविधान संशोधन प्रस्तावमा मतदान हुँदा ५ सय ५ पक्षमा र राप्रपा नेपालका तीन सभासद् विपक्षमा उभिए। संविधानसभाको निर्धारित दुईवर्से कार्यकाल सकिएपछि यसभन्दा अघि पहिलो पटक एक वर्ष र त्यसपछि दुईपटक तीन/तीन महिना म्याद थपिएको थियो। संविधानसभाको पटक पटकको म्याद थप गर्दा पनि शान्तिप्रक्रिया र संविधान निर्माणमा ठोस प्रगति हुन नसक्दा आफैले चुनेर पठाएका सभासद् र दलहरूप्रति जनतामा असन्तुष्टि बढेको प्रतिक्रिया सार्वजनिक भए।

२.१ म्याद थपलाई संवैधानिक चुनौती

संविधानसभाको थपिएको एकवर्से कार्यकाल गैरसंवैधानिक भएको दाबीसाथ परेको रिटमा जेठ ११ गते सुनुवाइ गर्दै सर्वोच्च अदालतले संविधानसभाको म्याद छ महिनाभन्दा बढी नथप्न आदेश दियो। प्रधानन्यायाधीश खिलराज रेग्मी, न्यायाधीशहरू दामोदरप्रसाद शर्मा, रामकुमारप्रसाद साह, ताहिरअलि अन्सारी र कल्याण श्रेष्ठको पूर्ण इजलासले 'अधिकतम प्रयास गर्दागर्दै' पनि संविधान बनाउन नसके आवश्यकताको सिद्धान्तअनुसार संविधानसभाको म्याद केवल छ महिनासम्म बढाउन सकिने आदेश दिएको थियो। थपिएको अवधिको ११ महिना २८ दिन बितिसकेकाले त्यसबारे अरु विचार गरिरहनु नपरेको

भन्दै संविधानसभा विघटनको मागसम्बन्धी रिट सर्वोच्चले खारेज गरिदियो। सर्वोच्चकै अर्का न्यायाधीश बलराम केसी सम्मिलित तीन सदस्यीय विशेष इजलासले अर्को रिटमा गरेको 'संविधानसभाको म्याद अर्को संविधान नबनुञ्जेलका लागि' भन्ने आशयको फैसलालाई 'ओभर रुल' गऱ्यो।

संविधानसभाको जेठ १४ गते दोस्रोपटक थपिएको अवधि असंवैधानिक भन्दै जेठ २२ गते सर्वोच्च अदालतमा रिट दायर भयो। प्रधानन्यायाधीश खिलराज रेग्मी सम्मिलित पाँच सदस्यीय इजलासले भदौ ११ गते अन्तिम सुनुवाइ गर्दै दोस्रो रिटलाई पनि खारेज गरिदियो। सर्वोच्चले जेठ १४ गते थपिएको संविधानसभाको अवधिलाई 'आवश्यकताको सिद्धान्तअनुसार ठिक' भन्दै त्यसलाई वैधानिकता प्रदान गऱ्यो। अन्तरिम संविधानको दसौँ संशोधनबाट भदौ १२ गते संविधानसभाको थपिएको कार्यकालविरुद्ध दायर रिटमा मङ्सिर ९ गते सुनुवाइ गर्दै सर्वोच्च अदालतले अब एकपटक थपिएको म्यादभित्र नयाँ संविधान नबनाए संविधानसभा स्वत: विघटन हुने आदेश जारी गऱ्यो। प्रधानन्यायाधीश खिलराज रेग्मी सम्मिलित पाँच सदस्यीय विशेष इजलासले अब थपिने समयमा पनि संविधान नबनी संविधानसभा विघटन भए नयाँ निर्वाचनमा जान वा अन्तरिम संविधानको धारा १५७ अनुसार जनमतसङ्ग्रहमा जान आदेश दियो।

संविधानको धारा ६४ ले दिएको छ महिनाको अतिरिक्त समय पनि सकिएको र आवश्यकताको सिद्धान्तअनुसार थपिएको समयमा पनि संविधान नबनेकाले अब अन्तिम पटकमात्रै थप्न सकिने सर्वोच्चले ठहर गरेको थियो। अन्तिम पटक पनि अन्तरिम संविधानको धारा ६४ ले तोकेको समय ननाघ्ने गरी थप्नुपर्ने आदेशमा उल्लेख थियो। तीन पटक म्याद थपिसकेका दलहरू चौथो पटक तीन महिना वा छ महिना थप्ने भनेर विवाद गरिरहेका बेला सर्वोच्च अदालतको यस्तो आदेश आएपछि मङ्सिर १३ गते संविधानसभाको कार्यकाल छ महिनाको लागि थपियो।

सर्वोच्चको फैसलाप्रति संसद्मा बोल्दै सभासद्हरूले शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तविपरीत अदालत क्षेत्राधिकार बाहिर गएको आरोप लगाए। सो आदेशउपर न्यायिक पुनरावलोकन गर्न सरकारका तर्फबाट प्रधानमन्त्री बाबुराम भट्टराई र संसद्का तर्फबाट सुवास नेम्वाङले पुस १२ गते अलग-अलग निवेदन प्रस्तुत गरे। दुवै निवेदनलाई सर्वोच्च अदालतले दर्ता गर्न अस्वीकार गऱ्यो। निवेदन दरपीठ हुँदा सर्वोच्चबाट संसद्को मानहानि र हस्तक्षेप भएको भन्दै संसद् र राजनीतिक दलहरूले आपत्ति जनाए।

३. निरर्थक निर्वाचनको अन्त्य

प्रधानमन्त्री पदका लागि १६ औँ पटकको निरर्थक निर्वाचनपश्चात् ०६७ पुस २८ गते पुन: निर्वाचन गर्ने तय भएपनि काङ्ग्रेस नेता शेरबहादुर देउवाले काङ्ग्रेस संसदीय दलका नेता रामचन्द्र पौडेल प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव संविधानसभा (व्यवस्थापिका-संसद्को कार्यसञ्चालन) नियमावली, २०६५ को नियम २२ बमोजिम फिर्ता लिए। यसरी, प्रधानमन्त्री निर्वाचनको निरर्थक प्रक्रिया अन्त्य गरी नियमावलीमा संशोधन गरी नयाँ प्रक्रियाबाट प्रधानमन्त्रीको निर्वाचन गर्ने सहमति भयो। विभिन्न दलका सांसद्हरू तटस्थ भएपछि रामचन्द्र पौडेल एक मात्र उम्मेदवार रहेको निर्वाचन असफल साबित भएको थियो। सर्वोच्च अदालतले तटस्थ बस्न नपाउने भन्ने आदेश दिएपछि पक्ष वा विपक्षमा बहुमत पुग्ने निश्चित भएको थियो।

प्रधानमन्त्रीको निर्वाचन परिणाममुखी बनाउनका लागि प्रधानमन्त्री निर्वाचन प्रक्रियामा केही नयाँ व्यवस्थासहित संविधानसभा (व्यवस्थापिका-संसद्को कार्यसञ्चालन) नियमावली माघ ११ गते बहुमतबाट संशोधन भयो। एक मात्र उम्मेदवार भए पनि सदनको बहुमत ल्याउनैपर्ने, दुई वा सोभन्दा बढी उम्मेदवारीका सूचना दर्ता भएमा सबैलाई एकैपटक निर्णयार्थ प्रस्तुत गरिने, सांसद्हरूले कुनै एक प्रस्तावको पक्षमा मतदान गर्नैपर्ने नयाँ व्यवस्था नियमावलीमा गरिएको थियो। दुई वा सोभन्दा बढी उम्मेदवार भएर कसैले पनि बहुमत ल्याउन नसकेमा दोस्रोपटक सबै प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने र दोस्रोपटक पनि कसैले पनि बहुमत ल्याउन नसकेमा तीमध्ये बढी मत ल्याउने दुई उम्मेदवारी प्रस्तावलाई मात्र तेस्रोपटक मतविभाजनमा लगिने व्यवस्था नियमावलीमा थियो। त्यसमा पनि कसैले बहुमत ल्याउन नसके निर्वाचन प्रक्रिया अन्त्य गरिने व्यवस्था गरिएकोले अनन्त कालसम्म निरर्थक निर्वाचन गर्ने प्रक्रियालाई यस नियमावलीले अन्त्य गरिदियो।

केही साना दलहरूले संशोधनको विरोध गरे पनि राजनीतिक सहमतिमा प्रधानमन्त्रीको चयन गर्न नसक्ने दलहरूलाई नियमावलीले प्रधानमन्त्री निर्वाचन प्रक्रियाबाट छान्ने मार्ग प्रशस्त गरिदियो। संशोधित नियमावली बमोजिम ०६७ माघ २० गते भएको

प्रधानमन्त्री निर्वाचन प्रक्रियामा सहभागी जम्मा ५ सय ५७ सांसद्हरूमध्ये प्रधानमन्त्रीका उम्मेदवार झलनाथ खनालको पक्षमा ३ सय ६८ मत, रामचन्द्र पौडेलको पक्षमा १ सय २२ मत र विजयकुमार गच्छदारको पक्षमा ६७ मत परेपछि बहुमतका आधारमा खनाल प्रधानमन्त्री पदमा निर्वाचित भएका थिए। सात महिना देशलाई कामचलाउ सरकारको जिम्मा लगाएका दलहरूले अन्ततः प्रधानमन्त्रीको सफल निर्वाचन सम्पन्न गरे।

आफ्नो छ महिने कार्यकालमा शान्तिप्रक्रिया र संविधाननिर्माणमा ठोस प्रगति हुन नसकेपछि प्रधानमन्त्री झलनाथ खनालले ०६८ साउन २९ गते पदबाट राजिनामा दिए। राजीनामा गरेको भोलिपल्ट संसद्मा माओवादी र काङ्ग्रेसका कारण शान्तिप्रक्रिया अघि बढ्न नसकेको खनालले आरोप लगाए। जेठ १४ गते संविधानसभाको म्याद थप गर्ने बेलामा प्रधानमन्त्री खनालले राजीनामा दिने सहमतिमा हस्ताक्षर गरेका थिए। खनालको राजीनामापछि राष्ट्रपति रामवरण यादवले संविधानबमोजिम एक साताभित्र सहमतीय प्रक्रियाबाट सरकार बनाउन संविधानसभामा प्रतिनिधित्व गरेका दलहरूलाई साउन ३० गते आह्वान गरे। राष्ट्रपतिले दिएको सात दिनमा प्रमुख राजनीतिक दलहरूले सहमतिको सरकार बनाउन नसकेपछि दलहरूको आग्रहमा सहमतिको सरकार बनाउन राष्ट्रपतिले थप तीन दिन भदौ ७ गतेसम्म म्याद दिए।

थपिएको समयमा पनि राष्ट्रिय सहमतिको सरकार गठन प्रयास असफल भएपछि राष्ट्रपति यादवले संविधानको धारा ३८ (२) अनुसार बहुमतीय सरकार गठनको प्रक्रिया सुरु गर्न संसद्लाई सन्देश पठाए। सोहीबमोजिम संसद् सचिवालयले ०६८ भदौ ११ गते प्रधानमन्त्री पदका लागि निर्वाचन तोक्यो। सभामुख नेम्वाङले प्रधानमन्त्रीको निर्वाचन हुने बैठकमा अनुपस्थित नहुन र तटस्थ नबस्न सभासदलाई रुलिङ गरे।

एकीकृत माओवादीका उम्मेदवार डा. बाबुराम भट्टराई ३ सय ४० सभासद्को मत प्राप्त गरी प्रधानमन्त्रीमा निर्वाचित भए। उनका प्रतिद्वन्द्वी काङ्ग्रेस उम्मेदवार रामचन्द्र पौडेलले २ सय ३५ मत प्राप्त गरे। लोकतान्त्रिक मधेशी मोर्चामा आबद्ध फोरम (लोकतान्त्रिक), फोरम (गणतान्त्रिक), तमलोपा, तमलोपा नेपाल र सद्भावना पार्टीसँग निर्वाचनको दिन बिहान माओवादीले चारबुँदे सहमति गरेपछि भट्टराईको जित सुनिश्चित भएको थियो। सहमतिमा शान्तिप्रक्रिया र संविधान निर्माणको काम टुङ्गोमा पुऱ्याउने र मधेसका माग सम्बोधन गर्ने उल्लेख थियो। *(हेर्नुहोस्, यसै पुस्तकको परिच्छेद यस वर्षको उल्लेख्य)*

४.संविधाननिर्माणको सुस्त प्रक्रिया

शान्तिप्रक्रियाले गति लिन नसक्दा संविधान निर्माण प्रक्रियामा प्रतिकूल असर पऱ्यो। व्यवस्थापिका-संसद्को हैसियतमा केही काम भए पनि अर्को प्रमुख कार्य नयाँ संविधानको मस्यौदा तयार गर्नेमा संविधानसभाको भूमिका निराशाजनक रह्यो। लडाकु समायोजनको काम छ महिनामा र संविधान निर्माण दुई वर्षमा सक्ने विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानको मर्मविपरीत माओवादीले शान्ति र संविधान निर्माण प्रक्रिया सँगसँगै अघि बढाउने अडान लिएपछि दलहरूबीच असहमतिले दुवै प्रक्रियामा आशाअनुरूप प्रगति भएन। सहमति भएका विषयहरूमासमेत दलहरूबीचका किचलो भएपछि संविधान निर्माण कार्यतालिकामा कयौं पटक संशोधन गर्नुपऱ्यो। प्रमुख दलका शीर्ष नेताहरू संवैधानिक समिति र त्यसअन्तर्गतको विवाद समाधान उपसमितिको बैठकमा उपस्थित नहुँदा संविधान निर्माण प्रक्रिया अवरुद्ध भयो। थपिएको पहिलो कार्यकालको आठ महिनापछि मात्र संविधानसभाले सातओटा विषयगत समितिको प्रतिवेदन माघ १२ गते संवैधानिक समितिमा पठायो।

सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त, व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण, राज्यको शासकीय स्वरूप निर्धारण, न्यायप्रणालीसम्बन्धी, राष्ट्रिय हितको संरक्षण र संवैधानिक समितिको प्रतिवेदन संवैधानिक समितिमा पठाइको थियो। प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति, संवैधानिक निकायको संरचना निर्धारण समिति र अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार निर्धारण समितिको प्रतिवेदन अघिल्लो वर्ष संवैधानिक समितिमा पठाइसकिएको थियो भने राज्य पुनर्संरचना अयोग गठन गर्नेबारे दलहरू टुङ्गोमा नपुगेकाले राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँडसम्बन्धी प्रतिवेदन समितिमा पठाइएन। संविधानसभाको दोस्रो पटक थपिएको कार्यकाल सकिन लागेपछि मात्र दलहरूले विवादित विषयहरूमा छलफल सुरु गरे। संविधान निर्माणका मुख्य विवादित विषयहरू राज्य पुर्नसंरचना, शासकीय स्वरूप, निर्वाचन प्रणालीमा

सहमतिका लागि दलहरूले अन्तिम समयमा मात्र प्रयास गरी संविधानसभाको थपिएको महत्वूर्ण समय निरर्थक तुल्याए।

४.१ राज्य पुर्नसंरचना पेचिलो विषय

दलहरूबीच कात्तिक १५ गते गते भएको सात बुँदे सहमतिमा संविधान निर्माणका लागि राज्य पुर्नसंरचनाको जिम्मेवारी आयोगको साटो विशेषज्ञ समितिलाई दिने निर्णय भएको थियो। त्यसका लागि अन्तरिम संविधानको ११ औँ संशोधन विधेयक मन्त्रिपरिषद्ले संसद् सचिवालयमा कात्तिक १८ गते दर्ता गरायो। अन्तरिम संविधानको धारा १३८ मा सरकारले गठन गर्ने राज्य पुर्नसंरचना आयोगको सिफारिस समेतका आधारमा संविधानसभाले अन्तिम निर्णय गर्ने उल्लेख छ। आयोग गठनमा भएको ढिलाइ र पछिल्लो समयमा आएर आयोग गठन गर्न नहुने मधेसी दलहरूका अडानका कारण यससम्बन्धी कुनै प्रगति भएको थिएन।

प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको सरकार गठन हुनुअघि माओवादी र मधेसी मोर्चाबीच भएको चारबुँदे सहमतिमा पनि राज्य पुर्नसंरचनाका लागि संविधानसभाबाटै विशेषज्ञ समिति बनाउने उल्लेख थियो। संविधानसभाको राज्य पुर्नसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनलाई प्रभावित गर्ने गरी विशेषज्ञ समूह बनाउने लागिएको भनी जनजाति सभासद समूह (ककस) का तर्फबाट ७८ जना सभासद् र एकीकृत माओवादी तथा अन्य साना दलका २६ जना सभासद्ले व्यक्तिगत र सामूहिक रूपमा विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गराएपछि विशेषज्ञ समूह बनाउने प्रक्रिया अवरुद्ध भयो।

संविधानसभाको राज्य पुनर्संचरना समितिले यसअघि नै पहिचान र सामर्थ्यका आधारमा प्रदेशको बाँडफाँड गर्ने सिद्धान्तसहित १४ प्रदेशको खाका तयार गरेको थियो। विशेषज्ञ समितिमा सहमति बन्न नसकेपछि चार प्रमुख दलको निर्णयअनुरूप सरकारले आठ सदस्यीय राज्य पुर्नसंरचना आयोग मङ्सिर ७ गते गठन गऱ्यो। तीन दल र मधेसी मोर्चाको सिफारिसमा दुई/दुई सदस्य राखिएको आयोगको अध्यक्षमा भने सहमति हुन सकेन। संविधानसभाको राज्य पुर्नसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदन र अवधारणालाई समेत अध्ययन गरी दुई महिनाभित्र सरकारलाई प्रतिवेदन बुझाउने कार्यादेश दिइयो।

दलहरूबीचको विवाद र बेवास्ताका कारण संविधानसभाको निर्वाचन भएको साढे तीन वर्षसम्म आयोग गठन हुनसकेको थिएन। अन्तरिम संविधानमा राज्य पुर्नसंरचनाका लागि आयोग गठन गर्ने भन्ने उल्लेख भए पनि राजनीतिक सहमति गरी विशेषज्ञ समूह बनाउने सहमति गरेका दलहरू विभिन्न नाटकीय घटनाक्रमहरूपश्चात् पुन: आयोग बनाउने निर्णय गर्न पुगे। आयोग गठन भएको दुई सातापछि मात्र सरकारले डा. मदन परियारलाई आयोगको संयोजकमा नियुक्त गऱ्यो। लामो समयसम्म दलहरूबीच असहमतिका कारण नै गठन नभएको आयोगमा स्वतन्त्र विज्ञहरूभन्दा पनि दलीय भागबण्डाका आधारमा सदस्यहरू नियुक्त गरिएपछि आफ्ना दलका राजनीतिक कार्यसूचीलाई नै प्राथमिकता दिने प्रयास हुनसक्ने भएकाले सो आयोगलाई सर्वसम्मत प्रतिवेदन बुझाउन सहज देखिदैन।

४.२ प्रायनिष्कृय विवाद समाधान उपसमिति

संविधानसभाका विभिन्न विषयगत समितिहरूमा प्रतिवेदनमा रहेका विवाद समाधानका लागि संवैधानिक समितिअन्तर्गत विवाद समाधान उपसमिति गठन गरिएको थियो। प्रमुख दलका शीर्ष नेताहरू सम्मिलित उपसमितिले यस वर्ष सक्रिय रूपमा काम गरेन। माओवादी अध्यक्ष पुष्पकमल दाहाल संयोजक रहेको उपसमितिको बैठक निरन्तर रूपमा स्थगित भयो। यसले नयाँ संविधानका विवादित विषयहरू समाधान नगर्दा संविधानसभाको कार्यतालिकासमेत प्रभावित भइरहयो।

यस वर्ष थपिएको संविधानसभाको दोस्रो र तेस्रो कार्यकालमा निष्क्रिय रहेको उपसमितिले चौथो पटकको म्याद थपपछि भने सक्रियता देखायो। मङ्सिर २७ पछि बसेको उपसमितिको बैठकले मतदाताको उमेर, निर्वाचन प्रणालीमा, जग्गा र सम्पत्तिको हदबन्दी, आमनरसंहार, मानवताविरुद्धको अपराध, मानवअधिकार उल्लङ्घन, युद्ध अपराधका मुद्दामा भूतप्रभावी कानुन बनाएर दोषीलाई कारवाही गर्न सक्ने बाटो खुल्ला राख्ने, संविधानको प्रस्तावनामा 'जनयुद्ध' को साटो 'सशस्त्र युद्ध' उल्लेख गर्नेलगायतका विषयमा सहमति जुटाएको थियो। तर, एकीकृत माओवादीकै केही नेताहरूले सहमति भइसकेका र सहमतिनजिक पुगेका विषयहरूमा आपत्ति जनाएपछि संविधान लेखन प्रक्रियामा पुन: अवरोध भयो। उनीहरूको विरोधका कारण उपसमितिको बैठक लगातार निष्कर्षविहीन बन्यो।

एकीकृत माओवादीभित्रको विवादकाबीच प्रमुख दलका शीर्ष नेताहरूले उपसमितिमा पहिल्यै भएका सहमतिहरूप्रति पुस १३ गते पुनः अनुमोदन गऱ्यो। संविधानसभाको पछिल्लो कार्यतालिकाअनुसार आफ्नो समय सीमाको अन्तिम दिन पुस १५ गते उपसमितिले राज्य पुनर्संरचनाबाहेकका सबै विवादित विषयमा सहमति गऱ्यो। उपसमितिअन्तर्गत गठन गरिएको कार्यदलले दिएको सुझावअनुसार मिश्रित शासकीय स्वरूपलाई उपसमितिले अनुमोदन गऱ्यो। उपसमितिको निर्णय संवैधानिक समिति हुँदै संविधानसभाको पूर्ण बैठकमा पारित भएपछि त्यसकै आधारमा नयाँ संविधानको पहिलो मस्यौदा तयार पारिने भएकोले यस वर्षको अन्त्यसम्म पनि नयाँ संविधानको मस्यौदा तयार हुन सकेन।

५. संसदीय समितिहरूको सक्रियता

व्यवस्थापिका-संसद्अन्तर्गत विभिन्न समितिहरूले विभिन्न घटनाहरू र समसामयिक विषयहरूमा मन्त्रीपरिषद्का सदस्य तथा सरकारी निकायका अधिकारीहरूसँग जानकारी लिने र निर्देशन दिने कार्य गरे।

राज्यव्यवस्था समितिले केन्द्रीय कारागार सुन्धारामा फागुन २६ गते भएको गोलीकाण्डबारे गृहसचिव, सुरक्षा निकायका प्रमुख अङ्ग तथा प्रशासनिक निकायका प्रमुखहरूसँग सुरक्षा संवेदनशीलताका विषयमा छलफल गरी सम्बन्धित निकायलाई उचित व्यवस्था गर्न फागुन २९ गते निर्देशन गऱ्यो। समितिले अपराधजन्य घटनालाई तत्काल नियन्त्रणमा ल्याउन अपनाउनुपर्ने रणनीति कार्यनीतिको तर्जुमा १५ दिनभित्र तयार गरी समितिमा पेश गर्न गृहमन्त्रालयलाई निर्देशन दियो। यसैगरी, सुरक्षामा कुनै किसिमको लापरवाही नहुने गरी सुरक्षाको प्रभावकारी प्रक्रिया अपनाई कुख्यात अपराधीलाई आवश्यकताअनुसार कडा निगरानीसहित अन्य कैदी तथा बन्दीहरूलाई अलग राख्ने सम्बन्धमा सम्बन्धित सबै पदाधिकारीलाई सचेत र सजग तुल्याउन गृह मन्त्रालयलाई निर्देशन दियो।

विराटनगरका पत्रकार खिलानाथ ढकालमाथि आक्रमण गर्ने कार्यमा संलग्न एमाले भातृ सङ्गठन युवा सङ्घ नेपालका परशुराम बस्नेतलगायतलाई तत्काल कारबाही गर्न संसद्को मानवअधिकार तथा अन्तर्राष्ट्रिय समितिले सरकारलाई जेठ २० गते निर्देशन दियो। समितिले ढकालको उपचार खर्च व्यहोर्न र मानवअधिकार हनन् गर्ने कसैलाई पनि नछोड्नसमेत सरकारलाई निर्देशन दियो।

अपराधको राजनीतिकरण र राजनीतिमा अपराधीकरण वतर्मान समयमा चिन्ताको विषय बनेको छ। आफ्ना कार्यकर्ताहरूलाई दण्डोन्मुक्ति गराउने अपचलनका कारण दण्डहीनता बढ्दै गएको वर्तमान अवस्थामा मानवअधिकार समितिको सो कदमलाई प्रशंसनीय मान्नु पर्दछ।

सो समितिले चैत २४ गते सीमा सुरक्षा र मानवअधिकारका विषयमा प्रधानमन्त्री झलनाथ खनालसँग जानकारी लियो। नेपाल सरकारले आ. व. २०६७/२०६८ देखि लागू हने गरी त्रिवर्षीय मानवअधिकार आयोग कार्ययोजनाअन्तर्गत गृहमन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल एवं कारागार व्यवस्थापन विभागअन्तर्गतका बेग्लाबेग्लै निकायगत कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको प्रधानमन्त्री खनालले समितिलाई बताए। यसैगरी, राष्ट्रिय मानवअधिकार आयोगबाट सिफारिसमा भई मन्त्रिपरिषद्बाट निर्णय भएका १ सय ८७ जनामध्ये हालसम्म १ सय ४ जनालाई १ करोड २६ लाख ४० हजार रुपियाँ क्षतिपूर्ति स्वरूप उपलब्ध गराइ सकिएको, ७८ जनाको निर्णय प्रक्रिया पूरा भई १ करोड ४७ लाख ७५ हजार रुपियाँ अर्थमन्त्रालयबाट निकाशाको क्रममा रहेको र १० जनाको हकमा मन्त्रिपरिषद्मा निर्णयको क्रममा रहेको उल्लेख गरेका थिए।

राजदूत, संवैधानिक निकायका पदाधिकारी र सर्वोच्च अदालतका न्यायाधीशले संसद्को सुनुवाइ विशेष समितिमा एकजनामात्र सभासद्को समर्थन जुटाए पनि हुने व्यवस्था भदौ ५ गतेदेखि अन्त्य भयो। संसद्को नियमावलीमा भएको संशोधनअनुसार प्रस्तावित उम्मेदवारको नाम दुईतिहाइले अस्वीकार गरेमा सिफारिस गर्ने निकायले सुनुवाइका लागि अर्को व्यक्ति पठाउनुपर्नेछ। यसअघि समितिले प्रस्तावित व्यक्तिलाई सर्वसम्मत रूपमा अस्वीकार गरेको अवस्थामा बाहेक नियुक्तिका लागि बाधा नपर्ने अवस्था थियो। यसअघि समितिका एकमात्र सभासद्ले पनि समर्थन गरे पनि प्रस्ताव सर्वसम्मत भएको नमानिने व्यवस्थाका कारण सुनुवाइ औपचारिकतामा मात्र सीमित रहेको थियो। सार्वजनिक पदाधिकारीहरूलाई उत्तरदायी र नियुक्ति प्रक्रिया पारदर्शी बनाउन संसदीय सुनुवाइको व्यवस्था भएको हो। नियमावली संशोधनपछि संसदीय सुनुवाइको निर्णयले महत्व पाउने अवस्था सिर्जना भयो।

गृहमन्त्रालयले कात्तिक १७ गते सशस्त्र

प्रहरीबाट तीन र नेपाल प्रहरीबाट दुई डिआईजीलाई एआईजी पदमा गरेको बढुवासम्बन्धमा संसद्को राज्यव्यवस्था समितिले उपप्रधान तथा गृहमन्त्री विजयकुमार गच्छदारलाई त्यससम्बन्धी सम्पूर्ण विवरण एक साताभित्र उपलब्ध गराउन कात्तिक २७ गते निर्देशन दियो। दुवै निकायमा अनियमितता गरी वरिष्ठता मिचेर बढुवा भएकाले छानबिन हुनुपर्ने माग सभासदहरूले गरेपछि समितिले बढुवा भएको र वरिष्ठतामा अगाडि रहेका तथा बढुवा हुन योग्य सबै अधिकृतको सेवा प्रवेशदेखि अहिलेसम्मको कार्यक्षमता, पुरस्कार, दण्ड, तालिम, योग्यतासम्बन्धी सम्पूर्ण विवरण उपलब्ध गराउन निर्देशन दिएको थियो।

संसदीय समितिहरूले यस वर्ष मानवअधिकारसँग प्रत्यक्ष एवम् अप्रत्यक्ष सरोकार राख्ने विषयहरूप्रति विशेष चासो राख्दै सरकारलाई निर्देशन गर्ने काम गरे।

६. अनुत्तरदायी सभासद्

गहन जिम्मेवारी बोकेका जनप्रतिनिधिहरू यस वर्ष भ्रष्टाचारमा समेत संलग्न भएका समाचारहरू प्रकाशित भए। कूटनीतिक राहदनी दुरूपयोग गरेको प्रमाणसहित प्रहरीले जनता दलकी सभासद गायत्री साह र मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) का विश्वनाथप्रसाद यादवलाई संसद् भवनबाट बाहिरिँदै गर्दा वैशाख ६ गते गिरफ्तार गऱ्यो। उनीहरूको कुटनीतिक राहदानी प्रयोग गरेका दुई व्यक्ति अबुधाबीमा गिरफ्तार भएपछि प्रहरीले सोबारे अनुसन्धान शुरु गरेको थियो। यादवको राहदानी प्रयोगकर्ताले १ करोड ६० लाख नेपाली रुपियाँ तिरेर कूटनीतिक राहदानी लिएको बयान दिएका थिए। सभासद्विरुद्ध प्रहरीले राहदानी ऐनअन्तर्गत काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा दुवैलाई धरौटीमा रिहा गर्न अदालतले वैशाख २३ गते आदेश दियो। सो आदेशलगत्तै दुवैलाई प्रहरीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा बुझायो।

कुटनीतिक राहदानी लिने, दिने क्रममा सरकारी कागजात किर्ते गरिनुका साथै पैसासमेत लेनदेन भएको बयानमा खुलेकोले दुवै सभासद्लाई विशेष अदालतबाट म्याद गरी भ्रष्टाचार र अनुचित कार्य गरेको अभियोगमा अनुसन्धान गर्न हिरासतमा राख्नुपरेको आयोगले जनायो। साह र यादव विशेष अदालतको आदेशमा १५/१५ लाख रुपियाँ धरौटी बुझाएर रिहा भएका थिए। एमाले सभासद् नारदमुनी रानालाई कुटनीतिक राहदानी दुरूपयोग गरेको आरोपमा प्रहरीले असार २० गते पक्राउ गऱ्यो। जिल्ला अदालतको आदेशमा धरौटी बुझाएर सोही दिन रिहाभएलगत्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पक्राउ गर्ने डरले उनी फरार भए। मधेसी जनअधिकार फोरमका शिवपुजन राय यादवलाई पनि प्रहरीले सोही आरोपमा खोजी गऱ्यो।

सभासद्हरू आफ्नो कर्तव्यप्रति गम्भीर नहुँदा संसद्को नियमित बैठकको कारबाही समेत प्रभावित बन्यो। शिक्षा मन्त्री गङ्गालाल तुलाधरले "अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीको विधानलाई अनुमोदन गरियोस्" भनी फागुन २९ गते व्यवस्थापिका-संसद्मा प्रस्ताव पेश गर्दा गणपुरक सङ्ख्या नपुगेकोले उक्त दिनको बैठक स्थगित भयो। सभामुख सुवासचन्द्र नेम्वाङले सभासद्हरूको गणपूरक सङ्ख्यासमेत नपुगेर संसद् बैठक स्थगित गर्नुपर्ने लज्जास्पद अवस्था आएको भन्दै दलहरूको ध्यानाकर्षण गराए। उनले प्रमुख दलका मुख्य सचेतकलाई आफ्नो कार्यकक्षमा डाकेर सदनप्रति सभासद्को बेवास्ताप्रति आपत्ति जनाएका थिए। यसैगरी, "लगानी बोर्ड विधेयक, २०६५" प्रस्ताव व्यवस्थापिका-संसद्मा चैत २१ गते पेश हुँदा एक चौथाई कोरम नपुगेकोले बैठक स्थगित भएको थियो। सभामुखले "अपराधसंहिता, २०६७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई जेठ ३० गते निर्णयार्थ प्रस्तुत गर्दा व्यवस्थापिका-संसद्को बैठकमा गणपुरक सङ्ख्या नपुग भएकोले सो बैठक स्थगित भयो।

जनताले आफ्नो प्रतिनिधित्व गराउँदै चुनेर पठाएका प्रतिनिधिहरू आफ्नो कर्तव्यप्रति च्यूत हुनु सभामुखले भनेजस्तै लज्जास्पद अवस्था हो। दलहरूले आफ्ना प्रतिनिधिहरूलाई संसद्को मर्यादाभित्र रहेर कर्तव्यप्रति उन्मुख गराउनु आवश्यक देखियो।

गत वर्ष संविधानसभाको दुईवर्से कार्यकालमा भत्ताबापत बुझेको रकम फिर्ता गर्ने दलित जनजाति पार्टीका विश्वेन्द्र पासवानले चैत १८ गते दलित, जनजाति र मुस्लिमका विषयमा संवैधानिक समिति गम्भीर नभएको भन्दै व्यवस्थापिका-संसद् सचिवालय भवनको चौथो तलामा चलिरहेको संवैधानिक समितिको बैठकबाट कुर्सी फाले। सभासद् पासवान र स्वतन्त्र सभासद् सदरुल मियाँ हकले चैत १७ गते संवैधानिक समितिको बैठक अवरुद्ध गरी राज्य पुर्नसंरचना समितिको मस्यौदासमेत च्यातेका थिए। आफ्ना मागहरूका सम्बन्धमा प्रधानमन्त्रीले व्यक्त गरेको लिखित प्रतिबद्धता अमूर्त रहेको र आफ्ना अधिकारको

कटौती कायम नै रहेको भन्दै असार ५ गतेको बैठकमा सभासद्हरू विश्वेन्द्र पासवान, रुक्मिणी चौधरी, बुद्धरत्न मानन्धर र सदरुल मिया हक सभामुख आसनको वेल अगाडि गएर विभिन्न किसिमका नाराहरू लगाए। स्थानीय विकास मन्त्री उर्मिला अर्याललाई बोल्नका लागि सभामुखले समय दिँदा उल्लिखित सदस्यहरूले मन्त्रीलाई रोस्ट्रमतर्फ आउन नदिई रोकेपछि संविधानसभा नियमावली, २०६५ को नियम ४६ बमोजिम संविधानसभा भवनमा शान्ति, सुव्यवस्था र अनुशासन भङ्ग गर्ने काममा संलग्न चारैजना सभासदहरूलाई सभाभवनबाहिर पठाउन मर्यादापालकहरूलाई आदेश दिए। साथै, सभामुख नेम्वाङले चारैजनालाई सात दिनका लागि निलम्बन गरे।

संसद् बैठक स्थगित भएपछि बोल्न नपाएको भन्दै मधेसी जनधिकार फोरम (लोकतान्त्रिक) का सभासद् सञ्जयकुमार साहले पुस ७ गते सभाभवनको तीनओटा माइक तोडफोड गरे। उनको त्यस्तो कार्यलाई अमर्यादित, अनुशासन भङ्ग हुने र बैठककक्षभित्र ध्वंसात्मक प्रवृत्ति ठहर गर्दै सभामुख नेम्वाङले १० दिनका लागि निलम्बन गरे र साहको तलबबाट क्षतिको रकम भराउनसमेत आदेश दिए।

संसद्को मर्यादा विपरीतका कार्यमा संलग्न सभासद्हरूलाई कारबाहीको दायरामा ल्याएका कारण भावी दिनमा यस्ता दुष्प्रयास निरुत्साहित हुनेमा शङ्का छैन। तर, आम जीवनमा पनि सभासद्हरूले नैतिकता बिर्सिएका उदाहरण विभिन्न सञ्चारमाध्यमबाट सार्वजनिक भए। एलएलसी परीक्षामा आफ्नो जाँच छोरीलाई दिन लगाउने एमालेकी सभासद् किरनकुमारी राय सर्लाहीमा गिरफ्तार भइन्। कपिलवस्तुमा एकीकृत माओवादी सभासद् ईन्द्रमती यादव बिजुली चोर्दाचोर्दै गिरफ्तार भइन्। एमालेका सभासद् रामचन्द्र झा क्याबिन रेष्टुराँमा रक्सीले लठ्ठ भेटिए। गत वर्ष आत्महत्याको प्रयास गरेकी नेकपा मालेकी सभासद् शारदा नेपालीले नेपालगञ्जको पुष्पलाल चोकमा रक्सी खाएर वितण्डा मच्चाइन्। सभासद्का यस्ता व्यवहारबाट राजनीतिक दल, संविधानसभा र संसद्कै बदनामी भयो। सर्वोच्च अदालतले हत्या अभियोगमा सर्वस्वसहित जन्मकैद तोकेका माओवादी सभासद बालकृष्ण ढुङ्गेल खुल्लमखुल्ला संसद्का बैठकहरूमा सहभागी भए।

संविधान निर्माणमा निष्क्रिय भए पनि संविधानसभाका सदस्यहरूले भत्ता लिनका लागि भने थप सक्रियता देखाए। बैठकै नभएको र अनुपस्थित रहेको दिनको समेत भत्ताबापत १३ करोड ३२ लाख रुपियाँ भुक्तानी लिए। संविधानसभाका १सय ९ वटासहित ४ सय २० दिन बैठक बसेको र त्यसमा सबै सभासद उपस्थित मान्दा पनि बैठक भत्ताबापत ५ करोड ४० लाख रूपैयाँ मात्र खर्च हुनुपर्नेमा सांसद सुविधासम्बन्धी गलत नियमावलीका कारण झण्डै ८ करोड रुपियाँ बढी खर्च भयो।[१] आफूलाई सुम्पिएको दायित्व पूरा नगर्दा लिएको सुविधासमेत फिर्ता गर्ने नैतिकता देखाउनु पर्नेमा सभासद्हरूको यस्तो भत्तामोहको आलोचना भयो।

७. सदनमा विधेयक

जातीय भेदभाव तथा छुवाछुत (कसुर सजाय) विधेयक, २०६८, व्यवस्थापिका-संसद्ले जेठ १० गते सर्वसम्मतिबाट पारित गऱ्यो। सदियौंदेखि नेपालमा प्रचलित छुवाछुत तथा जातीय विभेद जस्तो गम्भीर अपराधलाई सम्बोधन गर्ने सदनको यो प्रयासको मानवअधिकारकर्मी संस्थाहरूले स्वागत गरे। सार्वजनिक क्षेत्रमा जातीय विभेद तथा छुवाछुत निषेध, विभेदका लागि जिम्मेवार सार्वजनिक अधिकारीलाई सजाय, पीडकबाट पीडितलाई क्षतिपूर्ति भराइने तथा जातीय विभेदका लागि प्रोत्साहन गर्ने कार्यलाई अपराध ठहर गर्ने प्रावधान समावेश भएको यस ऐनको प्रभावकारी कार्यान्यवन भएको अवस्थामा नेपालमा जातीय विभेद र छुवाछुतका आधारमा व्याप्त दण्डहीनता अन्त्य गर्न महत्वपूर्ण माध्यम हुनेछ।

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि फागुन १२ गते संसद्बाट अनुमोदन भयो। यस महासन्धिको अनुमोदनपछि नेपाललाई भ्रष्टाचारविरुद्धको आफ्ना राष्ट्रिय प्रयासलाई वृहत् अन्तर्राष्ट्रिय सहयोगसहित सशक्त बनाउने तथा रोकथाममूलक एवम् दण्डात्मक कदमहरूको महत्व स्वीकार गर्ने सफल विश्वव्यापी प्रयासहरूको लहरमा आफ्ना रणनीतिहरू उभ्याउने अपूर्व अवसार प्राप्त भएको छ।[२] "आतङ्कवादमा लगानी गर्ने कार्य नियन्त्रण

१. "बैठक ४२० दिन, भत्ता १११० दिन"।*कान्तिपुर* ०६८ असार १: पृ. १

२. पाइपर,रबर्ट। "भ्रष्टाचारविरूद्ध अग्रगामी कदम" *कान्तिपुर* ०६७ फागुन २० : पेज ७

गर्ने अन्तर्राष्ट्रिय महासन्धि" संशोधनसहित र "बहुराष्ट्रिय सङ्ठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि आरक्षणसहित संसद्बाट असार १० गते अनुमोदन भयो।

आर्थिक विधेयक, २०६७, विनियोजन विधेयक, २०६७, राष्ट्र ऋण उठाउने विधेयक, २०६७ तथा ऋण तथा जमानत (अठारौं संशोधन), विधेयक, २०६७, न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०६७, सूर्तिजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) विधेयक, २०६७, मेलमिलाप सम्बन्धी विधेयक, २०६७, फोहोरमैला व्यवस्थापन विधेयक, २०६८ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (पहिलो संशोधन) विधेयक, २०६८ संसद्मा यस वर्ष पारित भयो।

स्थानीय विकास मन्त्री उर्मिला अर्यालले "राष्ट्रिय दलित अधिकार आयोग विधेयक, २०६६ लाई दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस्" भनी राखेका प्रस्तावलाई सभामुखले निर्णयार्थ सभामा वैशाख २८ गते प्रस्तुत गर्दा सर्वसम्मतिले स्वीकृत भयो। यस वर्षको अन्त्यसम्म पनि विधायन समितिले सो विधेयक संसद्बाट नपठाउँदा राष्ट्रिय दलित अधिकार आयोग गठन हुन सकेन। सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी समितिले सन् २००४ मा नेपाललाई आफ्नो म्याण्डेट पूरा गर्न राष्ट्रिय दलित आयोगसम्बन्धी विधेयक पारित गर्ने लगायत गरेका सिफारिसहरू अझै कार्यान्यवन भएका छैनन्।[3]

अपराध संहिता, २०६७, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयक, २०६७, देवानी कार्यविधि संहिता, २०६७, केही नेपाल कानुनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने विधेयक, २०६७, फौजदारी कार्यविधि संहिता, २०६७ राजर्षिजनक विश्वविद्यालय विधेयक, २०६७ सदनमा प्रस्तुत भए। राष्ट्रपति डा. रामवरण यादवले असार १९ गते व्यवस्थापिका-संसद्को चालु अधिवेशनमा आर्थिक वर्ष २०६८/०६९ का लागि प्रस्तुत गरेको नेपाल सरकारको नीति तथा कार्यक्रम संसद्ले असार २३ गते बहुमतबाट पारित गऱ्यो।

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्तासम्बन्धी विधेयकहरू यस वर्ष पनि पारित भएनन्। यी विधेयकहरूमा आममाफी दिने प्रावधानहरू राख्ने वा नराख्नेसम्बन्धी दलहरूबीच विवाद कायमै रह्यो। विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय मानवअधिकारवादी संस्थाहरूले यी विधेयकहरूमा बलात्कार, बलपूर्वक बेपत्ता, यातना र गैरन्यायिक हत्याजस्ता गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा आममाफी दिने व्यवस्था नराख्न दलहरूलाई आग्रह गऱ्यो। यस्ता घटनाहरूका पीडकहरूलाई आममाफी दिए नेपालले आफ्नो अन्तर्राष्ट्रिय दायित्वहरूको उल्लङ्घन मात्र नभई नेपाली जनतालाई थप पृथक तुल्याउने र कानुनी शासनलाई कमजोर बनाई शान्तिप्रक्रिया धरापमा पर्ने सम्भावना सिर्जना हुने आशङ्का उत्पन्न भयो।[4]

पुनःस्थापित प्रतिनिधिसभाले ०६३ साउन ९ गते सरकारलाई अन्तराष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न दिएको निर्देशन यस वर्ष पनि कार्यान्वयन भएन।

८. संसद् अवरोध

प्रतिपक्षी र अन्य दलका सांसदहरूले यस वर्ष विभिन्न बहानामा संसद्को काम कारबाही अगाडि बढ्न दिएनन्। अर्थसचिव रामेश्वर खनाललाई राजीनामा दिन बाध्य पारिएको भन्दै प्रधानमन्त्रीले संसद्मा स्पष्ट जवाफ नदिएसम्म बैठक अघि बढ्न नदिने प्रतिपक्षी काङ्ग्रेसको अडानपछि चैत १६ गते व्यवस्थापिका-संसद्को नियमित कारबाही अघि बढ्न सकेन। सभासद्हरू समय लिएर बोल्ने क्रम सकिएपछि सभामुख नेम्वाङले बैठक अघि बढाउन खोज्दा काङ्ग्रेस सभासद्हरू उठेर नियमित कारबाही अघि नबढाउन आग्रह गरेका थिए। बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका निर्देशकको विवादसम्बन्धी विषय तथा अर्थमन्त्री राजीनामाको विषयमा प्रधानमन्त्रीले सदनमा जवाफ दिनुपर्ने भन्दै चैत १८ गते पनि काङ्ग्रेसले संसद् बैठक अवरुद्ध गऱ्यो।

दलित जनजाति पार्टीका सभासद् विश्वेन्द्र पासवान, संयुक्त लोकतान्त्रिक राष्ट्रिय मञ्चकी सभासद् रूक्मिणी चौधरी, नेपाः राष्ट्रिय पार्टीका सभासद् बुद्धरत्न मानन्धर र स्वतन्त्र सदस्य सदरुल मिया हकले

---

3. ह्यूमन राइट्स वाच। वर्ल्ड रिपोर्ट २०१२, इभेन्ट्स अफ २०११। न्यू योर्कः सेभेन स्टोरिज प्रेस, २०१२
4. द एसियन ह्युमन राइट्स कमिसन। "नेपालः ट्रान्जिसनल जसटिस इन्सटिच्यूसन्स सुड नट कन्डोट एम्नेष्टी" ०६८ कात्तिक २९

आफूहरूले सात दिनको समय दिएर केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक सदनसमक्ष छलफलमा ल्याउन माग गरेकामा १४ दिन बितिसक्दा पनि छलफलमा नल्याइएको, दलित, मुस्लिम, आदिवासी-जनजाति, पिछडा वर्ग, थारू समुदाय लगायतको तर्फबाट गरिएका सम्झौताहरू लागू नभएकोले उक्त मागहरू पूरा नहुञ्जेल बैठकको कारबाही अगाडि बढ्न भनी नाराहरू लगाएपछि वैशाख ६ गतेको सदन अवरुद्ध भयो। सोही मागमा ती सभासद्हरूले वैशाख ९ गते पनि सदनको कारबाही प्रभावित पारे।

व्यवस्थापिका-संसद्को १० औँ अधिवेशनको पहिलो बैठक ०६८ वैशाख १९ गते सुरु हुनासाथ सभासद्हरू रुक्मिणी चौधरी, विश्वेन्द्र पासवान, बुद्धरत्न मानन्धर र सदरुल मिया हक सभामुख आसन अगाडि आई विभिन्न नाराहरू लगाए। उल्लिखित सभासद्हरूले वैशाख २५ गतेको बैठकमा पनि सभामुख आसन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाएपछि दलित आयोग सम्बन्धी विधेयक पारित गर्ने कार्यसूची पनि प्रभावित भयो। वैशाख २८ गते र जेठ १ गतेको बैठकमा चार सभासद्हरूलाई संयुक्त लोकतान्त्रिक राष्ट्रिय पार्टीका राजकुमार लिम्बू (नाल्वो) ले पनि संसद्मा नारा लगाउन साथ दिए। नारा लगाउने सभासद्हरूले उठाएको विषयलाई व्यवस्थापिका-संसद्मा छलफल गराउने र सरकारको ध्यानाकर्षण गराउने भन्दा पनि विरोधको क्रम नरोकिएपछि सभामुखले नाराकै बीच संसद्को कारबाही अगाडि बढाए।

प्रमुख दलका शीर्ष नेताहरूले सभासद्हरूले उठाएका माग १५ दिनभित्र पूरा गर्ने वचन दिएपछि जेठ ९ गतेको बैठकमा उनीहरूले विरोधका कार्यक्रम बन्द गरे। सो विरोध फिर्ता भए पनि शान्तिप्रक्रियालाई टुङ्गोमा पुऱ्याउनु पर्ने लगायतका माग राखी काङ्ग्रेस, फोरम (लोकतान्त्रिक), तमलोपा, तमलोपा (नेपाल), जनमोर्चा नेपाल, राप्रपा, राप्रपा (नेपाल) लगायतका प्रतिपक्षमा रहेका सभासदहरूले जेठ ९, १०, ११, १२ गते संसद् अवरुद्ध गरेपछि सदनको दैनिक कार्यसूचीको व्यवस्थापनका कार्यक्रमहरू प्रभावित भयो।

काङ्ग्रेसले प्रधानमन्त्री झलनाथ खनालको राजीनामा माग गर्दै साउन ९ गतेदेखि लगातार संसद् अवरुद्ध गऱ्यो। प्रमुख तीन दलबीच संविधानसभाको कार्यकाल तीन महिनाका लागि दोस्रोपटक विस्तार गर्नुअघि भएको पाँचबुँदे सहमति कार्यान्वयन नभएको भन्दै सदन अवरुद्ध गऱ्यो। काङ्ग्रेसले बैठक अवरुद्ध गरेपछि आर्थिक वर्ष ०६७/०६८ को विनियोजन विधेयकउपर संसद्मा छलफल हुन सकेन। साउन १५ गतेको संसद् अवरुद्ध हुँदा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन संसद्मा प्रस्तुत हुन पाएन। काङ्ग्रेससहितका प्रतिपक्षी दलको मागअनुसार अर्थमन्त्रीले सदनमा बजेट भाषणअघि नै त्यससँग सम्बन्धित महत्वपूर्ण तथ्यहरू सार्वजनिक भएको विषयमा छानबिन गर्न बनेको समितिले दुई साताको छानबिनपछि साउन १५ गते बिहान सभामुख नेम्वाङलाई आफ्नो प्रतिवेदन बुझाएको थियो। प्रधानमन्त्री खनालले साउन ३० गते राजिनामा गरेपछि संसद्मा सम्बोधन गरेपछि काङ्ग्रेसले संसद्को अवरोध गर्न बन्द गरेको थियो।

हत्या अभियोगमा आरोपित भूमिसुधार तथा व्यवस्थामन्त्री प्रभु साह र राष्ट्रिय अखण्डताबारे विवादास्पद अभिव्यक्ति दिएका रक्षामन्त्री शरतसिंह भण्डारीको बर्खास्तगी माग गर्दै प्रतिपक्षी दलहरूले असोज २६ गते सदन अवरुद्ध गरे। दशैँ विदापछि पहिलोपटक बसेको संसद् बैठक नियमित कार्यसूचीमा प्रवेश गर्नुअगावै काङ्ग्रेस-एमालेसहितका प्रतिपक्षी दलका सभासद्हरू आ-आफ्नो स्थानमा उभिएर विरोध जनाएपछि संसद् स्थगन भएको थियो। असोज २९, ३०, कात्तिक १ गतेको सदन पनि अवरुद्ध गरेपछि प्रधानमन्त्री बाबुराम भट्टराईले कात्तिक २ गते सदनमा उपस्थित भई दुवै मन्त्रीलाई पदमुक्त गरिएको जानकारी दिए। संसद्लाई सम्बोधन गर्दै प्रधानमन्त्रीले बृहत् शान्ति सम्झौताविपरीत कसैको पनि मुद्दा फिर्ता नलिने प्रतिबद्धता जनाए। सरकारले माओवादी सभासद् बालकृष्ण ढुङ्गेलको मुद्दा फिर्ता लिने तयारी गरेको भन्दै प्रतिपक्षीले प्रधानमन्त्रीको जवाफ मागेका थिए। व्यक्ति हत्याको अभियोगमा सर्वोच्च अदालतले ढुङ्गेललाई सर्वस्वसहित जन्मकैद फैसला गरे पनि कार्यान्वयन हुन सकेको छैन।

कालीकोटमा जातीय विभेदका कारण हत्या गरिएका मनवीर सुनारका हत्यारालाई कारबाही नभएको भन्दै दलित सभासद्ले पुस ७ गतेको संसद् बैठक अवरुद्ध गरे। घटनामा संलग्नलाई कारबाही गर्न सरकार उदासीन भएको आरोप लगाउँदै सत्तारुढ र प्रतिपक्षी दलका सभासदले सरकारको जवाफ नआएसम्म सदन चल्न नदिने अडान राखे। संसद्को अघिल्लो बैठकमा सभासदहरूले ध्यानाकर्षण गराएपछि सभामुख सुवास नेम्वाङले सरकारलाई जवाफ दिन रुलिङ गरे पनि सरकारका तर्फबाट गृहमन्त्री सदनमा

उपस्थित भएनन्। प्रधानमन्त्री बाबुराम भट्टराईले पुस १४ गते संसद्लाई सम्बोधन गर्दै मनवीर हत्यामा संलग्नलाई कारवाही गर्ने प्रतिबद्धता जनाएपछि दलित सभासद्ले सदनको कारबाही बढ्न दिएका थिए। घटनाले छुवाछूतको उग्ररूपको प्रतिनिधित्व गर्ने उल्लेख गर्दै उक्त जघन्य अपराधमा सलंग्न सबैलाई कानुनबमोजिम अधिकतम सजाय दिलाउने प्रतिबद्धता जनाए। सरकार, दलित सभासद मञ्च र संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिबीच पुस १४ गते नै भएको सम्झौतामा मृतक परिवारलाई १० लाख रुपियाँ दिनेलगायत निर्णय सरकारले गरेपछि आन्दोलनकारीले विरोधका कार्यक्रम फिर्ता लिएका थिए।

९. निष्कर्ष

शान्ति र संविधानलेखन प्रक्रियामा दलहरूबीच असहमतिका कारण यस वर्ष पनि व्यवस्थापिका-संसद्को भूमिका प्रभावकारी हुन सकेन। दुवै प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनभन्दा पनि आफ्ना दलीय कार्यसूचीलाई प्राथमिकता दिँदा व्यवस्थापिका-संसद्को गतिविधिसमेत प्रभावित भयो। संविधानसभाको बारम्बार म्याद थप गर्नुपर्ने अवस्था आउँदा समेत दलहरू गम्भीर भएनन्। शान्ति र संविधानलेखन प्रक्रियामा भएको प्रगतिबारे समीक्षा नगरी संविधानसभाले आफ्नो म्याद थपिरह्यो। यस्तो कदमलाई आफैले आफ्नो कार्यकाल अनन्तकालसम्म लम्ब्याउने संविधानसभाको षड्यन्त्रका रूपमा आलोचना भयो।

विधायिकी कामकारबाहीलाई नियमित रूपमा अगाडि लानुपर्नेमा शान्ति र संविधान लेखन प्रक्रियामा रहेका असहमतिलाई लिएर दलहरूले संसद्को बैठक अवरुद्ध गरे। देश र जनतासँग सम्बन्धित विषयहरूमा सरकारलाई जनप्रतिनिधिमूलक संस्था व्यवस्थापिका-संसद्मार्फत जवाफदेही बनाउने संसारभर लोकतान्त्रिक व्यवस्थामा प्रचलन छ। प्रतिपक्षी दलहरूले जनताको सम्पूर्ण समस्या समाधान गर्ने थलोको रूपमा व्यवस्थापिका-संसद्लाई प्रयोग गर्नुपर्छ, न कि आफ्ना माग पूरा गर्न। संवैधानिक समिति र त्यसअन्तर्गतको विवाद समाधान उपसमितिको बैठक अवरुद्ध हुँदा नयाँ संविधानका विवादित विषयहरूमा छलफल भएन।

सर्वोच्च अदालतले संविधानसभाको चौथो पटक थपिएको म्यादलाई अन्तिमपटक भन्ने आदेश दियो। संविधानसभाको निर्वाचनपछि साढे तीन वर्षसम्म पनि नयाँ संविधानको मस्यौदा तयार नगरेको संविधानसभालाई आफ्नो जिम्मेवारीप्रति न्यायापलिकाले सतर्क गरायो। आफ्नो अधिकार क्षेत्रमाथि अदालतले हस्तक्षेप गरेको भन्ने संसद्ले दाबी गरे पनि संविधान र कानुनको अन्तिम व्याख्या गर्ने स्वतन्त्र न्यायपालिकाले नै हो। संविधानसभाको पटक-पटकको म्याद थप गर्दा पनि आफ्नो जिम्मेवारी पूरा गर्न नसक्ने राजनीतिक दल र नेताहरूको क्रियाकलापको व्यापक आलोचना भयो। यसले लोकतन्त्रका पक्षपातीहरूलाई निराश बनायो। निर्धारित समयमा संविधान नबनेमा मुलुक भयावह स्थितिमा धकेलिन सक्ने सम्भावनालाई मध्यनजर गरी सभासद्हरूले आफूलाई दिइएको जिम्मेवारीमा इमान्दारीका साथ वहन गर्नु जरुरी छ।

देशलाई सङ्क्रमणकालबाट उचित निकास दिई अग्रगामी दिशामा डोऱ्याउने अभिभारा पाएका सभासद्हरूको गैरजिम्मेवार क्रियाकलापहरूले संसद्को गरिमामा नै आँच पुऱ्यायो। भ्रष्टाचार, सदनको माइक तोडफोड गर्ने, कुर्सी फ्याक्ने, मन्त्रीलाई सदनमा बोल्नका लागि अवरोध गर्ने जस्ता अराजक गतिविधिमा केही सभासद संलग्न भए। आफ्ना सभासद्का क्रियाकलापहरूप्रति दलहरूले समयमै कारबाही नबढाए जनतामा त्यस्ता दलहरूप्रति नकारात्मक दृष्टिकोण विकास हुन सक्छ।

संविधानसभाको सबैभन्दा ठूलो दल एकीकृत माओवादी पार्टीको आन्तरिक द्वन्द्व व्यवस्थापिका-संसद्मा प्रदर्शित भयो। व्यवस्थापिका-संसद्को बैठकमा माओवादीको मोहन वैद्यलगायतले आफ्नै पार्टीको नेतृत्वको सरकारको आलोचना गऱ्यो। माओवादी र मधेसी मोर्चाबीचको चारबुँदे सहमति, शान्ति प्रक्रियाबारे सरकारले गरेका निर्णय, मन्त्रिपरिषद् असमावेशी भएको भन्दै माओवादीका केही नेताले सरकारको विरोध गरे। विवाद समाधान उपसमितिमा संविधानका विवादित विषयमा गरेको सहमतिलाई पनि माओवादीकै नेताहरूले विरोध गर्दा संविधानलेखन प्रक्रिया पछाडि धकेलियो। आफ्नो पार्टीमा रहेको असमझदारीलाई माओवादीले मिलाएर देशलाई सङ्क्रमणकालीन अवस्थाबाट निकास दिने नेतृत्व लिनु अपरिहार्य छ।

बेपत्तासम्बन्धी र सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक पारित नहुँदा सङ्क्रमणकालीन संयन्त्रहरू गठन हुन सकेनन्। यी आयोगहरू गठन नहुँदा द्वन्द्वपीडितहरूले न्याय पाएका छैनन्। द्वन्द्वपीडितहरूलाई न्याय सुनिश्चित गर्नेतर्फ यी विधेयकहरू सकारात्मक कदम भए पनि यसका केही व्यवस्थाहरू अन्तर्राष्ट्रिय कानुन विपरीत छन्। संयुक्त

राष्ट्रसङ्घको मानवअधिकार परिषद्मा माघ ११ गते सम्पन्न नेपालको विश्वव्यापी आवधिक समीक्षामा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्तासम्बन्धी आयोग यथाशीघ्र गठन गर्ने नेपालले प्रतिबद्धता व्यक्त गरेको थियो। यी आयोगहरू अन्तराष्ट्रिय मापदण्डअनुरूप र राजनीतिक हस्तक्षेपबाट मुक्त हुने गरी स्थापना गर्ने तथा गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा माफी नदिने प्रतिबद्धतालाई कार्यान्यवनका लागि सोही अनुसार विधेयकहरूलाई तत्काल संसद्बाट पारित गरिनुपर्छ। पाँच वर्षअघि व्यवस्थापिकाले सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न दिएको निर्देशन पनि तत्काल कार्यान्वयन गरिनुपर्छ।

सदियौँदेखि जातीय विभेद र छुवाछुतको चरम पीडा भोगेका दलितहरूलाई न्यायमा पहुँच दिलाउनतर्फ जातीय भेदभाव तथा छुवाछुत (कसुर सजाय) विधेयक, २०६८ महत्वपूर्ण कदम हो। नयाँ ऐनको प्रभावकारी कार्यान्वयनको सरकारले सुनिश्चितता गर्नुपर्नेछ। यस ऐनको प्रचार प्रसार गरी जनचेतना जगाउन र कानुन कार्यान्वयन निकायहरूलाई यसबारे तालिम दिन आवश्यक छ।

संसदीय समितिहरूको सक्रियता सह्रानीय छ। यद्यपि सरकारले यसका सिफारिस तथा निर्देशनहरूलाई पालना नगरेका अवस्थामा आफ्ना सिफारिसहरूको पूर्ण पालना गराउनका लागि यी समितिहरूले थप दबाब दिन आवश्यक छ। शान्तिप्रक्रिया र संविधान निर्माणमा सभामुखले दलहरूको ध्यानाकर्षण गरे पनि राजनीतिक सहमतिको अभावमा प्रभावहीन भए। यस वर्ष सभामुखले देखाएको सक्रियतालाई निरन्तरता दिई शान्तिप्रक्रिया र संविधान निर्माणलाई निष्कर्षमा पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने छ। व्यवस्थापिका-संसद्को बैठक अवरुद्ध गरेर भन्दा खोलेर आफ्ना मागहरू पूरा गराउन दल र सभासद्हरू लाग्नुपर्छ। जनआकाङ्क्षाअनुरूप निर्धारित समयभित्रै व्यवस्थापिका-संसद्बाट नयाँ संविधान जारी गरेमात्र संविधानसभाको बारम्बारको कार्यकाल विस्तारलाई जनताले अनुमोदन गर्नेछन् र आफ्नो प्रतिनिधित्व सही भएको अनुभव गर्न पाउने छन्।

परिच्छेद

४

सन् २०११ मा नेपालमा महिला विरूद्धको हिंसा

१. **पृष्ठभूमि**

महिला र पुरूषबीच रहेको असमान शक्तिसबन्धका कारणले महिलामाथि हिंसा हुने गर्दछ। यो लैङ्गिक विभेदको कारण र प्रतिफल दुवै हो। पितृसत्तात्मक मूल्य र मान्यतामा आधारित, असन्तुलित सामाजिक संरचना, पुरुषप्रधानता र महिलाको सहायक भूमिका महिलामथि हुने हिंसा का स्रोत हुन्।

पुरुषले महिलामाथि आफ्नो श्रेष्ठता सिद्ध गर्ने सजिलो माध्यमको रूपमा महिला हिंसालाई अपनाएको हुन्छ। महिला विरूद्धको हिंसा लैङ्गिक भेदभावकै एक रूप हो, जसले महिलाको अधिकार उपभोग गर्ने क्षमता तथा स्वतन्त्रतामा बाधा पुऱ्याउँछ। परिणामत: यसले कुनै पनि मुलुकको विकासमा प्रत्यक्ष प्रतिकूल प्रभाव पार्दछ।

'हिंसा सम्मानको विपरीतार्थक शब्द हो। हिंसा अपहेलनाको पराकाष्टा हो। हिंसा यातनाको एक स्वरूप हो। हिंसा अपराध हो, जो कुनै पनि बहानामा क्षम्य हुँदैन। हिंसाका विभिन्न स्वरूपहरू हुन सक्दछन्।'[१] तसर्थ सभ्य समाज र मानवअधिकारमैत्री राज्य निर्माण गर्न इच्छुक समुदाय सदैव महिला हिंसाका विरुद्धमा रहँदै आएका छन्। महिला हिंसालाई सांस्कृतिक र परम्परागत आधारमा सहज स्वीकारिएका कारण पीडितका स्वरहरू दमित हुन पुग्छन्। शारीरिक, मानसिक, आर्थिक असुरक्षाको भय र पारिवारिक र सामाजिक प्रतिष्ठा आदि कारणले पीडितहरू हिंसा सहेर बस्ने गरेका हुन्छन्।

संसारकै गरिब मुलुकमध्येको एक नेपालका "६० देखि ७० प्रतिशत महिलाले आफ्नो जीवनमा हिंसाको अनुभव गर्ने र पाँचमा एक जना पुरूषका लागि यो स्वीकार्य छ। हिंसाको अनुभव गर्नेमध्ये १० प्रतिशत पीडितहरू मात्रै राज्यको सम्पर्कमा आउँछन् र प्राय: महिलाले यसबारेमा कोहीसँग पनि सल्लाह गर्दैनन्"[२] एसियाका लागि डीएफआईडीकी क्षेत्रीय सामाजिक विकास परामर्शदाता सिन्डी बर्मनको उपरोक्त भनाइबाट नेपाली महिलाहरूको चिन्ताजनक अवस्था स्वत: अुनमान गर्न सकिन्छ।

अझ सक्रमणकालमा रहेको नेपालमा विद्यमान विधिको शासनको कमजोरी, दण्डहीनता, आदि महिला विरुद्धको हिंसामा वृद्धि गराउने कारण हुन्। द्वन्द्वको क्रममा भएका हिंसात्मक क्रियाकलाप नियालिरहेका मानिसलाई जोकसै विरुद्ध हिंसात्मक हुनु सामान्य लाग्न सक्छ। महिलामाथि हिंसा त झनै सजिलो विषय हो, किन भने परम्परादेखि महिलामाथिको हिंसालाई सामाजिक प्रचलनको रूपमा अंगाल्ने समुदायका मानिसलाई हिस्रक रूपमा प्रस्तुत हुन कुनै प्रकारको हिचकिचाहट हुँदैन। विशेष गरी घरेलु हिंसा र बेचबिखनजस्ता कार्यहरू द्वन्द्वकालमा भन्दा द्वन्द्वोत्तरकालमा वृद्धि हुन सक्छन्। उदाहरूणका लागि द्वन्द्वपछिको समयमा घरेलु हिंसामा वृद्धिका कारण लैङ्गिक हिंसा र साना हतियार, समाजमा द्वन्द्वप्रतिको संवेदनहीनता हुन सक्छ।[३]

सयुंक्त राष्ट्रसङ्घको महासभाको परिभाषामा "सामाजिक लिङ्गका आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई शारीरिक, मानसिक, समाजिक हिंसा र यौनिक रूपमा आघात पुग्दछ। डर धाक, धम्की, ओहोदा र हैसियतको प्रयोग गरी त्यस किसिमको आघात पुऱ्याउने काम गरिन्छ वा बलपूर्वक महिलाको स्वतन्त्रता हनन् गर्दै व्यक्तिगत र सामाजिक जीवनमा प्रभावित गर्दछ भने त्यस्ता सबै कार्यलाई महिलाविरूद्धको हिंसा" भनिएको छ।

उपरोक्त परिभाषाअनुरूप नेपालमा भइरहेका महिला विरूद्धका हिंसाअन्तर्गतका केही पाटाहरूको यस आलेखमा विश्लेषण गर्ने प्रयास भएको छ। सांस्कृतिक, आर्थिक हिंसाका अतिरिक्त नेपाली महिलाहरू यौनिक हिंसा, ओसारपसार, वेश्यावृति र संरचनागत हिंसा बोक्सीको आरोप, छाउपडी प्रथा, घरेलु हिंसा

---

१. Art 2, UN Declaration on violence against women 1993, UN General Assembly Resolution 48/104 of 20 December 1993, Accessed in http://www.un.org/documents/ga/res/48/a48r104.htm

२. http://www.stabilisationunit.gov.uk/newsroom/589-elimination-of-violence-against-women.html

३. International Center for Transitional Justice, *Gender and Transitional Justice in Africa: Progress and Prospects* (2008), http://www.ictj.org/static/Gender/0810

तालिका नं. १ घरेलु विवादका क्रममा मारिएका महिलाको सङ्ख्या

जिल्ला	जम्मा
बाँके	१
बर्दिया	१
भोजपुर	१
चितवन	१
दाङ	१
धादिङ	१
धनकुटा	१
धनुषा	५
दोलखा	१
जाजरकोट	३
झापा	३
कालीकोट	१
कञ्चनपुर	१
कास्की	५
काभ्रे	४
ललितपुर	१
महोत्तरी	१
मकवानपुर	१
मोरङ	३
नवलपरासी	३
नुवाकोट	३
ओखलढुङ्गा	१
प्यूठान	१
रुकुम	१
सल्यान	१
सर्लाही	३
सिन्धुली	३
सिराहा	१
सोलखुम्बु	१
सुनसरी	१
सुर्खेत	१
तेह्रथुम	३
जम्मा	**५४**

लगायतबाट पीडित भएको पाइयो। सन् २०११ मा कमसेकम १ हजार २७ जना महिला हिंसाबाट पीडित भए। तीमध्ये १८ वर्षमुनिका ३ सय ७९ जना थिए।

२. सन् २०११ मा महिला हिंसा : तथ्य र तथ्याङ्क

यस वर्ष इन्सेकका जिल्ला प्रतिनिधिहरूले महिला हिंसा अनुगमनका क्रममा ६ सय ४८ जना महिला पीडित भएको पाए। यसबाहेक १८ वर्षमुनिका ३ सय ७९ जना बालिका पनि यस्ता हिंसाबाट पीडित भएका थिए। त्यस्ता हिंसात्मक घटनामा सबैभन्दा बढी क्रमशः घरेलु हिंसा, बहुविवाह, बलात्कार, बोक्सीको आरोप, यौनदुर्व्यवहार, महिला बेचबिखन, बलात्कारको प्रयास, महिला भएकै कारण यातना, बेचबिखनको प्रयास र जारी रहेको पाइयो। जातजातिका आधारमा हेर्ने हो भने पीडितहरूमध्ये जनजाति महिला सबैभन्दा बढी पीडित भएको. पाइयो। आर्थिक अवस्थाका आधारमा हेर्ने हो भने आर्थिक अवस्था भएका महिलाहरू नै पीडित भएको पाइयो।

२.१ घरेलु हिंसा

"एकै घरपरिवारका व्यक्ति वा व्यक्तिहरू वा अन्तरवैयक्तिक सम्बन्धका व्यक्तिहरूबाट हुने शारीरिक कुटपिट, अपहरूण, धम्की, धोखा, आफ्नो अनुचित दबाब वा कब्जामा राख्ने, मौखिक दुरूपयोग, बलपूर्वक वा गैरकानुनी प्रवेश, आगो लगाउनु, सम्पत्ति नष्ट गर्नु, यौनजन्य हिंसा, वैवाहिक बलात्कार, दाइजोसँग सम्बन्धित हिंसा, महिलाको योनी भगाङ्कुर छेदन, घरेलु कामदारउपरको हिंसा र त्यस्ता कार्यको उद्योग वा प्रयास लगायतका लिङ्गमा आधारित सबैप्रकारका महिला विरूद्धका हिंसा घरेलु हिंसा हुन्"।[४]

नेपालको घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने वा भावनात्मक चोट पुऱ्याउने

४. Dr Arajoo Deuba, *Domestic Violence & Human Rights*, -ed.),Hiramani Ghimire, कामाद CAMAD, A Journal of Administration, Management & Development, Vol. 2, No.1, April, 1999, pp 1-2.

अन्य कुनै कार्यलाई समेत जनाउँछ।[५]

सन् २०११ मा इन्सेकले अनुगमन गरेका महिला हिंसाका ६ सय ४८ जना पीडितमध्ये ४२ प्रतिशत अर्थात २ सय ७२ जना महिला घरेलु हिंसाबाट पीडित भएको पाइयो। नेपालका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि बेलायतको अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (डिएफआइडी) को सहयोगमा न्यू इराले यसै वर्ष गरेको सर्वेक्षणअनुसार नेपालका ३३ प्रतिशत महिला कुनै न कुनै रूपमा कहीं न कहीं घरेलु हिंसाबाट प्रताडित हुने गरेका छन्।

गरीबी, अशिक्षा, तनाव, द्वन्द्व, आयमा असमानता, अत्यधिक मदिराको प्रयोग आदिले पनि घरेलु हिंसालाई मलजल गर्छ भनिन्छ। तर यी धेरै कारणमध्येको एक हुन सक्छन्। किनकि शिक्षित, धनी, शहरी परिवारमा, मदिरा सेवन नगर्नेबाट पनि घरेलु हिंसा भएका प्रशस्त उदाहरूणहरू पाइन्छन्।

२.१.१ दाइजोजनित हिंसा

नेपाली महिलामाथि हुने घरेलु हिंसा र उत्पीडनमा दाइजोले (तिलक प्रथासमेत) भयाभव रूप लिन थालेको पाइयो। दाइजो चाहे त्यो स्वेच्छाले दिइएको होस् वा बाध्यतावश यो "शब्द पितृसत्तात्मक व्यवस्थामा रहेको महिलाप्रतिको विभेदसँग एकै अर्थ राख्छ। संवेदनहीन र सामान्य प्रभावका कारण दाइजो हिंसाका कारण हुने मृत्युलगायत अन्य हिंसात्मक कार्य महिलाको श्रमको न्यून मूल्य र विवाहको उच्च मूल्य भई माइतीपक्षका लागि एक दायित्व र घरका लागि एक सम्पत्ति बनाउने प्रवृत्ति हो। छोटकरीमा भन्दा यो शब्द महिलाका लागि तल्लो स्थानको मानक हो।"[६]

स्वेच्छाले उपहारको रूपमा दाइजो दिने सामान्य प्रचलन पूर्व, पश्चिम, गरीब, धनी सबै मुलुकमा रहेको पाइन्छ। तर, आर्थिक लाभका दृष्टिले विवाह र दाइजोको उपयोग गर्ने चलन भने दक्षिण एसियाका भारत बङ्गलादेश, पाकिस्तान, नेपाल, श्रीलङ्कामा पाइन्छ। भारतमा सन् २०१० मा ८ हजार जनाभन्दा बढी महिलाहरू दाइजोकै कारण मारिएको र ९० हजारभन्दा बढी दाइजोजन्य हिंसाबाट आक्रमित भएको भारतको नेशनल क्राइम रेकर्ड ब्यूरो NCRB को तथ्याङ्कमा उल्लेख छ।[७] भारतसँग सीमा जोडिएका र परम्परागत सम्बन्धका कारण नेपालको तराईमा दाइजोको प्रचलन बढी नै हुने गरेको मान्न सकिन्छ। तराईमा "श्रीमान र उनको घरपक्षले मागेजति रकम

चित्र नं. १



५. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा २(क)

६. स्मृति बसु , इम्पेरियल ओरिजिन अफ डौरी, http://www.hvk.org/articles/0403/241.html

७. http://pib.nic.in/newsite/PrintRelease.aspx¿relid=78178

या सरसामान दिन नसक्दा धेरै महिला हिंसाको शिकार भएका तथा कतिले जीवन गुमाएका छन्।[८] दाइजोजन्य हिंसा मधेशमा मात्रै सीमित छैन। यसको फैलावट उकालो लाग्दै छ। "अपितु पहाडी क्षेत्रमा त्यसको सङ्ख्या कम छ।[९] यस वर्ष दाइजोजनित हिंसा अघिल्ला वर्षहरूभन्दा बढेको पाइयो।

दाइजोका लागि सबै जातजाति र क्षेत्रमा यस्ता हिंसा भएको थियो। यस वर्ष यस्ता घटनामा १३ जना महिलाले आफ्नै परिवारजनबाट मारिनु पऱ्यो। हत्याका धेरैजसो घटनामा मृतकका पतिको संलग्नता रहेको थियो। रौतहट जिल्लामा मात्र यस वर्ष दाइजोका कारण आठ जनाको हत्या भयो।

तीमध्ये एक घटनाका आरोपितलाई प्रहरीले मुद्दा चलायो जो धरौटीमा रिहा भए। पाँचओटा घटनाका आरोपितलाई प्रहरीले यो वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेन। बाँकी दुईओटा घटनामा प्रहरीले जाहेरी नपरेको भनी घटनाको अनुसन्धान नै गरेन। हत्या सरकारवादी मुद्दा हुने र यसमा कसैको जाहेरी नचाहिने भए पनि प्रहरीले अनुसन्धान गुर्नपर्ने आवश्यकता देखेन।

यस बाहेक रौतहटमा घरेलु हिंसाका अन्य १८ ओटा घटना प्रहरी कार्यालयमा दर्ता भएकोमा १८ ओटै घटनामा प्रहरीले मेलमिलाप गरायो। यसैगरी खान बस्न नदिई घरबाट निकाला गरेको सात ओटा उजुरीमा छ ओटा घटनामा मेलमिलाप भएको थियो। यस्तै प्रकृतिका अन्य पाँचओटा घटनामध्ये सप्तरीमा भएका चार जनाको हत्याका घटनामा दुईओटा घटनाका आरोपितलाई गिरफ्तार गरी अनुसन्धान प्रक्रिया अघि बढायो भने दुईओटा घटनाका पीडकलाई कुनै कारवाही भएन। दाइजोकै कारण सर्लाहीमा एक महिलाको ज्यान गरेको थियो भने स्याङ्जाकी एक महिलाले आत्महत्या गरेकी थिइन्। *(हेर्नुहोस्, यसै पुस्तकको जिल्लागत विवरण: स्याङ्जा,रौतहट, सप्तरी)*

२.१.२ घरेलु विवादका क्रममा हत्या

यस वर्ष घरेलु विवादका क्रममा मुखमुखै लागेको, भनेको नमानेको , मादक पदार्थ खाएकोमा विरोध गरेको, अर्को सम्बन्धको विरोध गरेको जस्ता आरोपमा ५४ जना महिलाको परिवारजनबाटै हत्या भयो। यस्ता विवादमा मारिनेमा १८ जनजाति, १० जना

चित्र नं. २



८. "देव, श्रवणकुमार "कुप्रथा दाइजोको" http://www.himalkhabar.com/news.php?id=220

९. झा, हरिवंश, नेपाल ल्फर्टस विथ डोरी, www.hinduismtoday.com/modules/smartsection/item.php?itemid=4226

दलित, १० जना क्षेत्री र ७ जना बाहुन थिए भने बाँकी अन्य जातजातिका रहेका थिए।

महोत्तरी जिल्ला, बनौटा गाविस-४ की २० वर्षीय बेबी झालाई पति अरूण झा भनिने २५ वर्षीय अरविन्द झाले घरमै खुकुर प्रहार गरी टुक्रा टुक्रा पारी हात, खुट्टा र टाउको एउटा बोरामा र शरीर अर्को बोरामा राखेर जनकपुर नपा-८ स्थित मध्यसागर पोखरीमा फाले। सो घटनाको पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्।

३. सामाजिक हिंसा

३.१ कथित बोक्सीको आरोपमा महिला हिंसा

कथित बोक्सीको आरोपमा प्रताडित गर्ने कुप्रचलन विकसित र आधुनिक मानिने मुलुकलगायत गरीब अफ्रिकी तथा एशियाली मुलुक विद्यमान छ। परम्परागत रूपमा आफूले देखि जानी आएको लैङ्गिक विभेदका कारण महिलालाई बोक्सी भएको आरोप लगाउने गरिन्छ।

मुलुकी ऐन अदलको '१० ख' अनुसार बोक्सीको आरोपमा कुटपिट र दुर्व्यवहार गर्नेलाई ३ महिनादेखि २ वर्षसम्म कैद वा ५ हजारदेखि २५ हजार रूपियाँसम्म जरिवाना गर्ने व्यवस्था छ। तर, अधिकांश घटनामा पीडक पक्षलाई यस ऐनबमोजिम हदसम्मको कारवाही भएको पाइएन। अपराध अनुसन्धान गर्ने निकायसमेत यस्ता घटनाका दोषीलाई बिना कुनै कारवाही मेलमिलापका नाममा उन्मुक्ति दिएर जिम्मेवारी मुक्त हुन खोज्ने वा सकभर कारवाही प्रक्रिया नै अगाडि बढाउन अनिच्छुक देखिए।

कपिलवस्तु जिल्लाको चनई गाविस-९ मदवाकी ४५ वर्षीया एक महिलालाई कथित बोक्सीको आरोपमा ०६८ साउन २ गते राति घरमा सुतेको बेला उनका छिमेकीहरूले काम छ भनी आफ्नो घरमा लगेर उनीहरू र उनका परिवारका अन्य सदस्यहरूले २०/२५ जना गाउँलेको अगाडि कुटपिट गरे। पीडितलाई दुई घण्टासम्म कपाल लुछ्ने, चप्पल, जुत्ताले हानी गम्भीर घाइते बनाई गाउँलेले सामाजिक बहिस्कार गर्ने घोषणासमेत गरेका थिए। उक्त घटना प्रकाशमा ल्याए गाउँबाटै निकाल्ने धम्कीपछि गाउँमै मिलापत्र गर्न बाध्य पारे पनि स्थानीय पारालिगल कमिटीले ०६८ साउन ३ गते प्रहरीमा उजुरी गरेको थियो। इलाका प्रहरी कार्यालय चन्द्रौटाले साउन ५ गते दुवै पक्षलाई

चित्र नं. ३ दाइजोका कारण हत्या



बोलाई घाइतेलाई उपचार गराउने र घटना अगाडि नबढाउने गरी मेलमिलाप गरायो। मेलमिलाप गरेपछि पीडितको उपचारमा लागेको खर्च दिनुको साटो पीडितलाई तिरस्कृत गरियो।

यस्ता घटनाका विरूद्ध कारवाही अगाडि बढाउन स्थानीय बासिन्दाले असहयोग गरेको आरोप प्रहरीको हुने गर्छ भने पीडितहरूले भने प्रहरीले गाउँको घटना हो गाउँमै मिलाउनू भनी जाहेरी निवेदन समेत दर्ता गर्न नमानेको बताए। राजनीतिक दलका स्थानीय कार्यकर्ता र समाजका प्रतिष्ठित भनाउँदाहरूले समेत गाउँको कुरा गाउँमै मिलाउने भनी पीडित पक्षलाई दिइने गरेका दबाबका कारण पनि पीडितहरूले न्याय नपाएको अवस्था छ। यसरी गरिएको मेलमिलापबाट पीडक पक्षले उन्मुक्ति पाउने अवस्था त एकातिर छ भने यसले समाजलाई अझ यस्ता काम गर्न प्रोत्साहित गर्न सक्छ भन्ने कुराप्रति कसैको ध्यान केन्द्रित भएको पाइँदैन।

३.२ छाउपडी प्रथा

महिलाहरूको विशिष्ट जैविक संरचनाका कारण निश्चित उमेरमा प्राकृतिक रूपमा हुने मासिक धर्म भएको बेलामा मध्यपश्चिममाञ्चल र सुदूरपश्चिमाञ्चलका केही जिल्लाहरूमा छाउपडी गोठमा बस्नुपर्ने हुन्छ। त्यसबेला महिलाहरू सार्वजनिक स्थान धारो, चौतारो, विद्यालय, मन्दिर आदिमा निषेध गरिने चलन छ। त्यस्तो अवस्थामा पोषिलो आहार खानुपर्नेमा पोषणयुक्त खाना समेत नहुने मान्यता स्थापित भएको छ। सुत्केरी अवस्थामा ११ दिनसम्म यसैगरी बस्नुपर्ने हुन्छ। त्यस अवधिमा घरभित्रका काम नगरे तापनि उनीहरूले घरबाहिरका काम भने गर्नुपर्ने

हुन्छ। यस्ता प्रचलनले गर्दा महिलाहरूको स्वास्थ्यमा असर पुऱ्याउने गर्दछ। यस भेदभावपूर्ण व्यवस्थाको अन्त्य गर्न सर्वोच्च अदालतले ०६२ वैशाख १९ गते सरकारका नाममा आदेश गरेको थियो। यस प्रथाबाट बालिकाहरूको शैक्षिक स्तरमा नकारात्मक असर पर्ने, मानसिक स्वास्थ्यमा प्रतिकूल असर पर्ने, विभिन्न आपराधिक कार्यबाट आक्रमित हुने, कमजोर र बिरामी अवस्थाका महिलाले औषधोपचार नपाएर अकाल मृत्यु हुने जस्ता घटना हुने गरेका छन्। पश्चिम दैलेखका तीन गाविसका महिलाले छाउपडी गोठ भत्काउन थालेका छन्। महिनावारी भएको बेला घरमा बसेपछि देवीदेवता रिसाएर बिरामी बनाउने भन्ने सोच भएका गाउँका महिला भने आजभोलि भने छाउपडी गोठ भत्काई महिनावारी भएको बेला घरमा बस्ने अभियान आरम्भ गर्नु अनुकरणीय कदम हो।

आधुनिक समाजको कलङ्कको रूपमास्थापित भएको सुदूरपश्चिमाञ्चल क्षेत्रमा विद्यमान रहेको छाउपडी र देउकी प्रथाका बारेमा स्थलगत अध्ययन गरिरहेको सभासद्हरूको टोलीले यस वर्ष अछाम जिल्लामा सरोकारवालासँग अन्तरक्रिया सम्पन्न गऱ्यो। छाउपडी प्रथा र यसबाट महिला तथा बालबालिकामा पर्ने प्रभावका बारेमा टोलीले सरोकारवालासँग छलफल गरेको थियो। जनप्रतिनिधिको यो टोलीको अध्ययनको परिणाम भविष्यले बताउने छ।

४. यौनिक हिंसाः बलात्कार, बलात्कार प्रयास तथा यौनदुर्व्यवहार

नेपालमा विद्यमान महिला विरुद्ध हुने विभिन्न किसिमका हिंसामध्ये यौनिक हिंसा एक गम्भीर हिंसा हो जसले एउटा व्यक्तिको अधिकार हनन् गरी पीडितको स्वास्थ्य, सम्मान, सुरक्षा र शारीरिक पूर्णतालाई विक्षत बनाएको हुन्छ। यस वर्ष बलात्कारपछि ११ जना महिलाको हत्या भयो। तीमध्ये आठ जनाको उमेर १८ वर्ष भन्दा कम थियो।

सन् २०११ मा भएका बलात्कारका घटनामा १८ वर्षमुनिका २ सय १७ जना र त्यसभन्दा माथिका १ सय ११ जना गरी जम्मा ३ सय २८ जना महिला पीडित भए। यसैगरी यही वर्ष अभिलेखित यौनदुर्व्यवहारका घटनामा पनि १८ वर्षमुनिका ९२ र त्यसभन्दा माथिका ३१ जना गरी १ सय २३ जना पीडित भए। यसैगरी २९ जना महिला बलात्कार प्रयासबाट पीडित भए। कैलाली जिल्ला गदरिया गाविसकी १५ वर्षीया बालिकालाई उनी पढ्ने विद्यालयका शिक्षकले गाउँदेखि टाढाको एक होटलमा पुऱ्याई बलात्कारपछि हत्या गरे। यस्तै नवलपरासी जिल्लाको माकर गाविसकी एक बालिकालाई आफ्नो प्रेम प्रस्ताव अस्वीकार गरेको आरोपमा पाँचजना युवाको समूहले बालिकाकै घरको छतमा सामूहिक बलात्कार पछि छुरा प्रहार गरी हत्या गरे।

यस्ता घटनामा जाहेरी नपर्ने वा लेनदेनको आधारमा मेलमिलाप हुने गरेको पाइएको छ। उजुरी गरेकै कारण पीडितको ज्यूज्यानमाथि खतरा उत्पन्न हुने गरेको पनि पाइयो। ताप्लेजुङ फुङ्लिङ गाविस- ८ की २७ वर्षीया एक युवतीलाई ०६८ मङ्सिर २३ गते बिहान सोही गाविस- ८ एक युवकले घरमै गएर खुकुरी प्रहार गरी घाइते बनाए। कारण थियो, पीडितले आफूलाई सामूहिक बलात्कार गरेको भनी प्रहरीमा जाहेरी दिएकी थिइन्। आरोपित तीन जनामध्ये एक जनालाई प्रहरीले गिरफ्तार पनि गऱ्यो। बाँकी रहेका दुई आरोपितले पीडितको ज्यानै जाने गरी खुकुरी प्रहार गरेका थिए। पीडित सुरक्षाका कारण गाउँ छाडेर अन्यत्र गएर बसेकी छन्।

५. महिला विरूद्ध हिंसा : कमजोर उपचार प्रणाली

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मा महिला भएकै कारण कुनै पनि किसिमको भेदभाव गरिने छैन भनी उल्लेख भएको छ। महिलाविरूद्ध हुने सबै किसिमको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९ ले लिङ्गका आधारमा महिला वर्गले सदियौंदेखि विभिन्न शोषण र अन्यायको शिकार भइरहेको कुरा हृदयङ्गम गरी लिङ्गको आधारमा हुने यस किसिमको व्यवहार अन्त्य गरिनु पर्दछ र सारभूत समानता र औपचारिक समानता दुईटा मान्यतालाई नै व्यवहारिक जीवनमा अनुवाद गरिनु पर्दछ भन्ने मान्यता राख्दछ। यस सन्धिलाई नेपालले अनुमोदन गरिसकेको छ। नेपालको अन्तरिम संविधान, ०६३ ले हरेक नागरिकको न्याय पाउने हक, निष्पक्ष पुर्पक्ष र कानुन व्यवसायीद्वारा प्रतिनिधित्व हुन पाउने अधिकार सुनिश्चित गरेको छ। यद्यपि नेपालको फौजदारी न्यायप्रणाली, अनुसन्धान र अभियोजनका कमीकमजोरीका कारण लैङ्गिक हिंसाका पीडितहरूले न्याय पाउन सकेको पाइँदैन। महिला विरुद्धको हिंसामा संलग्न दोषीहरूले यस वर्ष पनि दण्डोन्मुक्ति पाए। अनुसन्धान र अभियोजन गर्न जिम्मेवार सरकारी अधिकारीहरू आफैँ सामाजिक र पारिवारिक सद्भाव कायम राख्नका लागि पीडकपक्ष र पीडित पक्षलाई मेलमिलाप गराउन उद्यत रहेको

तालिका नं. २ सन् २०११ मा पीडित महिला सङ्ख्या तथा घटना (१८ वर्ष माथि उमेर समूह)

अर्थिक स्तर	मध्यम वर्गीय	निम्न मध्यम वर्गीय	निम्न वर्गीय	नखुलेको	जम्मा
बेचबिखनको प्रयास		३			३
बोक्सीको आरोपमा	१	३०	४	१६	५१
बलात्कार	३०	५९	६	३६	१११
बलात्कारको प्रयास	५	१७	३	५	३९
बहुविवाह	१५	६६	१०	३३	११४
महिला बेचबिखन	३	३१	१	६	३०
महिला भएका कारण यातना		४		१	५
जारी			१	१	३
पारिवारिक हिंसा	३८	१५०	१३	७३	३७३
यौन दुर्व्यवहार	४	१९	१	७	३१
जम्मा	**८५**	**३६९**	**३७**	**१५७**	**६४८**

पाइयो। *(हेर्नुहोस्, यसै पुस्तकको जिल्लागत विवरणअन्तर्गत महिला अधिकार)।*

महिलासँग सम्बन्धित मुद्दामा "प्रहरी प्रतिवेदनको अभावमा चिकित्सकले जाँच गर्न इन्कार गर्ने, चिकित्सकको प्रतिवेदनको अभावमा प्रहरीले प्रारम्भिक सूचना प्रतिवेदन दर्ता गर्न इन्कार गर्ने, पीडित र पीडित परिवारलाई उजुरी फिर्ता लिन दबाब तथा उजुरी गरेबापत डर र धम्की दिने, विभिन्न राजनीतिक पार्टीहरूले मुद्दा दर्ता नगर्न प्रहरीहरूलाई दबाब दिनेलगायतका कारणले गर्दा लैङ्गिक हिंसाका पीडितहरूले झन पीडा भोग्नु परेको छ। एक त लैङ्गिक हिंसाका कारणले गर्दा पीडित, त्यसमाथि पनि फौजदारी न्यायप्रणालीको कमजोरीले गर्दा उनीहरूलाई झनै पीडित बनाउने कार्य गरिरहेको छ। अदालतका कर्मचारी, प्रहरी र सरकारी वकिल मिलेर अभियुक्तले सफाइ पाउने वा उसलाई थोरै सजाय हुने वातावरण बनाएका थुप्रै उदाहरण" यस वर्ष पनि पाइयो।[१०]

६. महिला हिंसा र अन्तर्राष्ट्रिय दस्तावेज

नेपालमा झण्डै डेढ दशकदेखि महिला हिंसा विरुद्धका स्वरहरू मुखरित हुन थालेका पाइन्छ। यस अवधिमा अन्तर्राष्ट्रिय सम्बन्ध, सूचना प्रविधिको विकास, चेतना अभिवृद्धि जसलाई बढाउन अधिकारकर्मीहरूको उल्लेख्य योगदान छ, यी विविध परिवेशमा महिला समानताको पक्षमा र महिला हिंसा विरुद्ध नेपालमा केही प्रगति हुनसक्यो। यससन्दर्भमा थुप्रै अन्तर्राष्ट्रिय दस्ताबेज र मान्यताहरू विकसित भएका छन् जसलाई नेपालले अनुमोदन पनि गरेको छ। तीमध्येकै महत्वपूर्ण महिला हिंसा विरूद्धको घोषणापत्र सन् १९९३ ले महिला विरूद्धको हिंसाको परिभाषा विस्तृत रूपमा गरेको छ। घोषणापत्रको धारा २ ले महिला विरूद्ध हिंसा अर्न्तगतका विषयको कुरा गर्दछ। जसमा परिवारभित्र हुने शारीरिक, यौनजन्य र मनोवैज्ञानिक हिंसा सामान्य समुदायमा हुने शारीरिक, यौनजन्य र मनोवैज्ञानिक हिंसा र राज्यद्वारा हुने हिंसा गरी तीन प्रकारका हिंसाहरू पर्दछन्। घोषणापत्रले समग्रमा महिलाहरूको नागरिक, राजनीतिक, आर्थिक,सामाजिक र सांस्कृतिक अधिकारहरूको पहिचान गर्दै सुरक्षा र सुनिश्चितताको कुरा गर्दछ। त्यसैगरी राज्यले महिलाहरूको यी सब हक, अधिकारहरू संरक्षण गरी उचित लगनका साथ उपलब्ध गराउनु पर्ने दायित्वको कुरा पनि समावेश गरेको छ। यो घोषणापत्रले कुनै कानुनी बाध्यात्मक दायित्व सिर्जना गर्दैन, यद्यपि संयुक्त राष्ट्रसङ्को सदस्य राष्ट्र भएको नाताले यसमा निहित दायित्वहरूको परिपालना गर्नुपर्ने नैतिक दायित्व नेपालमा रहन्छ।

१०. महिला विरुद्धको हिंसा बलात्कारसम्बन्धी एक अध्ययन। नेपाल मानवअधिकार वर्षपुस्तक २०११, इन्सेक, २०६७

तालिका नं. ३ **सन् २०११ मा पीडित महिलाको सङ्ख्या उमेर समूहका आधारमा**

उमेर	१८ देखि ३०	३१ देखि ४५	४६ देखि ६०	६५ माथी	नखुलेका	जम्मा
बेचबिखनको प्रयास	३					३
बोक्सीको आरोपमा	६	३३	११	१३		५१
बलात्कार	६५	३१	१३	३		१११
बलात्कारको प्रयास	१८	७	३	१		३९
बहुविवाह	८३	३८	१		३	११४
महिला बेचबिखन	३८	३				३०
महिला भएका कारण यातना	३	३				५
जारी	३					३
पारिवारिक हिंसा	१६९	८७	१५	१		३७३
यौन दुर्व्यवहार	३७	४				३१
जम्मा	४०४	१८३	४३	१७	३	६४८

बेइजिङको महिलासम्बन्धी विश्व सम्मेलन सन् १९९५ ले "महिलाहरूको र बालिकाहरूको मानवअधिकारलाई सबै मानवअधिकारहरू र स्वतन्त्रताबाट अविच्छेद्य, सङ्गठित र अविभाज्य' भनी पहिचान गरेको छ। यसले महिलाको सशक्तीकरण र समानतामा विभिन्न कारणहरू जस्तै जात, उमेर, भाषा, संस्कृति, अशक्तता आदि पारिवारिक समस्याहरू विस्थापनको अवस्थाहरू प्राकृतिक प्रकोप, महिला हिंसा इत्यादि जस्ता अप्ठ्यारोपनको पहिचान गर्दै सबै महिलाहरूको विषेशत: पिछडिएका महिलाहरूको अवस्थामा सुधार गर्नुपर्ने कुरामा जोड दिएको छ।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि सन् १९७९ ले महिला विरूद्ध हुने भेदभावको परिभाषा गर्दै त्यस्ता भेदभाव उन्मूलन गर्न जोड दिन्छ। यसै महासन्धिको धारा २ अनुसार "सन्धिको पक्ष राष्ट्र महिला विरूद्ध हुने सबै भेदभावको भर्त्सना गर्दछन् र महिला विरूद्ध गरिने सबै भेदभावलाई उन्मूलन गर्ने नीति अविलम्ब अपनाउन मन्जुर गर्दछन्"। यसै सन्धिको समितिले पेश गरेको सामान्य सिफारिस नं. १९ ले महिलाविरूद्धको हिंसालाई मानवअधिकारको उल्लङ्घनको रूपमा लिँदै लिङ्गमा आधारित हिंसा भेदभावको एउटा स्वरूप हो, जसले महिलालाई पुरुषसरह समानताको आधारमा अधिकार र स्वतन्त्रताको उपभोग गर्नबाट अवरोध पुऱ्याउँछ भन्ने कुरा उल्लेख गरेको छ। यो महासन्धिको पक्ष राष्ट्र भएको हैसियतले महिला हिंसारहित वातावरण सिर्जना गर्न उपयुक्त तरिकाहरू र साथसाथै विशेष तरिकाहरू अवलम्बन गर्नुपर्ने दायित्व रहन्छ। सन्धि ऐन १९९१ अनुसार नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी लिखतहरू राष्ट्रिय कानुनसरह बाध्यात्मक हुन्छन् र अन्तर्राष्ट्रिय कानुनहरू राष्ट्रिय कानुनसँग बाझिएको हकमा अन्तर्राष्ट्रिय लिखत लागू हुन्छन्। यो प्रावधानले महिला विरूद्धको हिंसा निर्मूल गर्न महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका प्रावधानहरूलाई राष्ट्रियकरण गर्न वैधता प्रदान गरेको छ।

महिला विरूद्धको हिंसा अन्त्य गर्न कानुनहरूको निर्माणले मात्रै समस्याको हल हुन सक्दैन, जसको लागि राज्यहरूले उचित लगनशीलताका साथ कार्य गर्नु पर्दछ भन्ने एउटा अन्तर्राष्ट्रिय समझदारी नै छ। अझ, अन्तर्राष्ट्रिय लिखितहरूले पक्ष राज्यहरूले मानवअधिकारको सुरक्षा, प्रवर्धन र परिपूर्णताको निमित्त उचित लगनशीलताकासाथ आफ्नो दायित्वको पालना गर्नु पर्दछ। महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अर्न्तराष्ट्रिय महासन्धिको समितिको सामान्य सिफारिस नं. १९ ले पनि राज्यले महिला हिंसा निर्मूल र अन्त्य गर्न आफ्नो दायित्वहरू उचित लगनशीलताकाका साथ निर्वाह गर्नुपर्ने कुरा उल्लेख गर्दछ। महिला हिंसा विरूद्धको घोषणपत्र सन् १९९३ मा

पनि महिला विरूद्धका हिंसाहरूलाई चाहे राज्य वा गैरराज्य पक्ष जोसुकैले पनि गरेको भए तापनि त्यसलाई रोक्न, अनुसन्धान र कारवाही गर्न राज्यहरूले उचित लगनशील कदम चाल्नु पर्ने कुरा उल्लेख छ। त्यतिमात्रै नभएर यदि राज्यले महिला विरूद्धको हिंसा अन्त्य गर्न कानुन जारी नगरेमा राज्यलाई पीडक सरह नै दोषी मान्न सकिन्छ।

७. महिला हिंसा र राष्ट्रिय कानुन

संवैधानिक दृष्टिले २०४६ सालको जनआन्दोलनपछि मात्र महिला अधिकारका विषयमा राज्य संवेदनशील भएको पाइन्छ। यस अघिको नेपालको संविधान २०१९ देखि नै शोषणरहित समाजको निर्माण गर्ने लगायत व्यक्तिगत प्रतिष्ठालाई उच्च राख्न नागरिकको मौलिक हकहरूको व्यवस्था गरिएको थियो। राजनीतिक अधिकार समेत प्रतिबन्धित रहेको त्यस कालखण्डमा झन महिला अधिकार संरक्षणप्रति महत्व दर्शाउनु अकल्पनीय थियो।

नेपालको अन्तरिम संविधान २०६३ ले नागरिकको मौलिक हक तथा राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरूमा व्यापकता अपनाइएको छ। नेपालको अन्तरिम संविधान २०६३ ले स्वतन्त्रताको हकअन्तर्गत प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ। संविधानको धारा २० को महिलाको हक शीर्षकमा कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य "कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ" भनी महिला विरुद्धको हिंसालाई रोकथाम गर्ने कानुनी उपायको अवलम्वन गर्नुपर्ने व्यवस्था गरेको छ।

महिला विरुद्धको हिंसासम्बन्धी कानुन एकत्रित कानुनी प्रावधान छैन। महिला विरुद्धको हिंसाको परिधि व्यापक हुने भएकाले एउटै ऐन तथा कानुनी व्यवस्थामा नियमन गर्न सम्भव पनि हुँदैन। यससँग सम्बन्धित प्रावधान विभिन्न ऐनहरूमा समाविष्ट छन्।

महिला हिंसासम्बन्धी कानुन मुख्यत: मुलुकी ऐनमा व्यवस्थित गरको पाइन्छ। मुलुकी ऐन २०२० मा संशोधन गरेर महिला हिंसाका धेरै स्वरूपहरूको सम्बोधन गर्न खोजिएको छ। बहुविवाह, सम्बन्ध विच्छेद आदिका लागि लोग्ने स्वास्नीको महल, अंशवण्डाको महलमा जीवनयापन र सम्पत्तिको अधिकारको बारेमा, कुटपिटको महलमा शारीरिक हिंसा, जबरजस्ती करणीमा बलात्कारसँग, आशयकरणीमा बलात्कार प्रयास र यौन दुर्व्यवारका विषय समाहित छन्। यसबाहेक घरेलु हिंसा (सजाय तथा कसुर) ऐन २०६४ र यसैको नियमावली (२०६७) महिला हिंसा विरुद्धका प्रमुख कानुनी प्रावधानहरू हुन्। यी कानुनहरू व्यवहारत: कसरी कुन हदसम्म प्रचलनमा छ , यिनका सकारात्मक र नकारात्मक प्रभावको वस्तुगत अध्ययन गरी परिमार्जन गरिनु उत्तिकै आवश्यक छ।

८. निष्कर्ष र सुझाव

आर्थिकरूपमा सम्पन्न, शिक्षित र सहरी महिलाहरू भन्दा आर्थिक रूपले कमजोर, अशिक्षित र ग्रामीण महिलाहरू हिंसाबाट बढी पीडित हुने गरेको इन्सेकको अनुगमनको निष्कर्ष छ। कानुनी प्रावधानले मात्र महिला हिंसा रोकथाम हुन सक्दैन, त्यसलाई कुनै हदसम्म नियन्त्रण र निरुत्साहन गर्नु अर्कै प्रश्न हो । आर्थिक एवम् शैक्षिक तवरले वञ्चितीमा राखिएका महिलाहरूलाई सबै क्षेत्रमा सबल बनाउन सकेमात्र महिला हिंसा रोकथाम हुन सक्छ। यसको अर्थ यसको आपराधिक पाटोलाई बिर्सनु भने होइन। यस्ता दोषीहरूलाई सजाय गर्न अभियोजन, अनुसन्धान र सजाय गर्ने सयन्त्रको अझै विकास हुनु जरुरी छ। महिला विरुद्धको हिंसा रोकथामका लागि निम्नलिखित सुझाव प्रस्तुत छ।

८.१ न्यायिक सन्दर्भमा

- पारिवारिक अदालतको गठन।
- घरेलु हिंसाका प्रकृति अनुरूप सजायको प्रावधान
- बलात्कार, बलात्कार दुस्प्रयास, यौन दुर्व्यवहारका घटनाको उजुरीको हदम्याद बढाउनु पर्ने। यस्ता अपराधलाई गाउँस्तरमा मिलाउने सरकारका राष्ट्रसेवकलगायत अन्यलाई कानुनी कारवाहीको प्रावधान राखी कानुनको तर्जुमा गर्ने।
- बोक्सीका आरोपमा गरिएका प्रताडना र दुर्व्यवहारबाट भएको मानसिक, सामाजिक, पारिवारिक पीडाबोधको कुनै हर्जाना हुन सक्दैन। पीडकबाट प्राप्त जरिवाना यसर्थ हानिपूरण स्वरूप पीडितलाई उपलब्ध गराउने।
- जरिवानाको रकमा पनि बृद्धि गरिनुपर्ने।
- महिला हिंसाका पीडक पक्षसँग जरिवाना स्वरूप लिएको राजस्वको आधा पीडितलाई हानिपूरण बापत प्रदान गर्ने।

- हिंसा पीडित महिलालाई संरक्षण गर्न ल्याइएको संरक्षण गृहलाई ७५ ओटै जिल्लामा व्यवस्थित गर्नुपर्ने।

८.२ आर्थिक, सामाजिक, शैक्षिक सुधारका लागि

- सरकारी वा गैरसरकारी क्षैत्रमा काम गरी आयआर्जन गर्ने महिलाहरूलाई आयकर छुट, महिलाहरूकै स्वामित्व रहेका उद्योग, व्यवसाय आदिमा पुरुषको तुलनामा कर सहुलियत प्रदान गर्ने।
- सरकारी स्वामित्वमा रहेका वित्तीय संस्थाहरूबाट प्रदान गरिने महिला उद्यमीहरूका लागि तुलनात्मक रूपमा ब्याज दर कम तोक्ने।
- दलित, जनजाति, मधेशी महिलालाई प्राथमिकता दिने गरी शैक्षिक क्षेत्रमा भर्ना र छात्रवृत्तिमा कमसेकम ३३ प्रतिशत आरक्षणको व्यवस्था गर्ने।
- हिंसा पीडित महिलालाई स्वआर्जन, आयआर्जन तथा रोजगारको व्यवस्था राज्यले गर्नुपर्ने।
- उच्च शिक्षा हासिल गर्न चाहने महिलाहरूलाई बिनाधितो किस्ताबन्दीमा शैक्षिक ऋण उपलब्ध गराउने।
- प्रधानमन्त्री कार्यालय अन्तर्गत रहेको महिला हिंसासम्बन्धी कार्यालयलाई महिला हिंसासम्बन्धी अध्ययन अनुसन्धन गर्ने निकायका रूपमा परिचालन गर्ने।
- महिला हिंस बढी हुने क्षेत्रको पहिचान गरी विशेष घुम्ती कार्यालय सञ्चालन गर्ने।

८.३ सामाजिक हिंसा न्यूनीकरणका लागि

- छाउपडी प्रथा भएका जिल्लाको पहिचान गरी त्यस क्षेत्रमा छाउपडी प्रथामुक्त गाविस तथा वडाका लागि केन्द्र तथा जिल्ला विकास समितिबाट बजेट वृद्धि वा अन्य सामुदायिक पुरस्कारको व्यवस्था गर्ने।
- कथित बोक्सी प्रथा विरुद्ध जनचेतना वृद्धि गर्न जनसुलभ सञ्चार माध्यमको उपयोग गरी चेतना विस्तार गर्ने।
- राष्ट्रिय महिला अधिकार आयोगलाई अधिकार सम्पन्न बनाई महिला हिंसाका मुद्दाको पुनरावलोकन गर्ने अधिकार दिनुपर्ने।

परिच्छेद

५

पीडितद्वारा अन्जानवश सक्रिय गराइँदा हुने विस्फोटन : एक विश्लेषण

पृष्ठभूमि

विगत वर्षहरू झैं पीडित आफैले सक्रिय गराउँदा भएका विस्फोटनका घटनाहरूबाट हताहत हुने क्रम सन् २०११ मा पनि जारी रह्यो। दशवर्से सशस्त्र द्वन्द्वका बेला छाडिएका विस्फोटक पदार्थहरूबाट उत्पन्न भएका समस्याको समाधान भैनसकेको अवस्थामा तराई-मधेस तथा पूर्वी पहाडमा बढ्दो विस्फोटक पदार्थको प्रयोगले यस समस्यालाई थप जटिल बनायो। यस चुनौतीलाई सम्बोधन गर्नका लागि प्रभावकारी कदम चालिएन। तथापि, विस्तृत शान्ति सम्झौताअनुरूप नेपाली सेनाले द्वन्द्वकालमा सरकारी कार्यालय, टावर तथा ब्यारेक वरपर बिछ्याएका सम्पूर्ण ल्याण्डमाइनलाई यस वर्ष नष्ट गऱ्यो।

ल्याण्डमाइनलाई अन्य हतियारभन्दा अतिघातक एवम् अमानवीय मानिन्छ। प्रायश: यो हतियारबाट पीडित हुने व्यक्ति भनेका लडाइमा लागेका सैनिकहरूभन्दा सर्वसाधारण नै हुन्छन्। माइन राख्दै आफू वरिपरिको क्षेत्रलाई सुरक्षित बनाए पनि ती पुन:प्रयोगका लागि उठाउन नसकिने हुनाले सोही स्थानमा छाडेर जाने र पछि त्यस क्षेत्रतिर आउने सर्वसाधारण त्यसबाट असुरक्षित रहिरन्छन्। नेपालमा माइनको प्रयोग तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले "जनयुद्ध" आरम्भ गरेपछि तत्कालीन शाही नेपाली सेनाले गरेको थियो। माओवादीले टेलिफोन, विद्युत्का टावरहरूमा आक्रमण गर्न थालेपछि तिनको सुरक्षार्थ सेनाले माइनको प्रयोग थालेको हो। ०६८ जेठ ३१ गते एक औपचारिक समारोहमा माइन क्षेत्रको अन्तिम माइन विस्फोट गराएपछि नेपाल माइनमुक्त क्षेत्र घोषित भयो।

नेपालमा माइनको समस्या अब निराकरण भएजस्तो लागे पनि युद्धकालमा प्रयोग गरिएका घरेलु विस्फोटक पदार्थको खतरा भने रहिरहेको छ। सशस्त्र द्वन्द्वकालमा माओवादीले घरेलु विस्फोटक पदार्थ निर्माण गरी प्रभावकारी हतियारको रूपमा प्रयोग त गऱ्यो तर माइन जस्तै सर्वसाधारणलाई वर्षौंसम्म पनि युद्धको सम्झना गराइराख्ने गरी घरेलु विस्फोटक पदार्थको प्रयोग पनि फैलायो। प्रहरी र सशस्त्र प्रहरीले पनि आफ्ना कार्यालयको सुरक्षाका लागि घरेलु विस्फोटक पदार्थ प्रयोग गरेका थिए।

पाँच वर्षअघि (नोभेम्बर २१, २००६) नेपाल सरकार र तत्कालीन नेकपा माओवादी (हाल एकीकृत नेकपा माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्झौताको बुँदा ५.१.४ मा दुवैं पक्षले युद्धको समयमा प्रयोग गरेका धराप तथा बारुदी सुरुङहरूको रेखाङ्कन र भण्डारणबारे ३० दिनभित्र एक अर्कालाई जानकारी दिने र ६० दिनभित्र निष्कृय र निर्मूल गर्न एकअर्कालाई सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। अञ्जानवश हुने विस्फोटनको समस्यालाई न्यूनीकरण गर्दै युद्धावशेषबाट कुनै प्रकारको क्षति नहोस् भन्ने उद्देश्यका साथ भएको उक्त सहमतिमा यस विषयलाई विशेष महत्व दिइएको थियो।

सहमतिकै क्रममा पनि ६० दिनभित्र माइन नष्ट गर्न नसकिने भए पनि यसको उल्लेख हुनु पनि सकारात्मक पक्ष मानियो। सेनाले विभिन्न दाताहरूको आर्थिक र प्राविधिक सहयोगमा माइन हटाउने, स्थानीय जनतालाई खतराका बारेमा सचेत गराउने काम गऱ्यो। तर सहमतिकै अर्को पक्ष माओवादीले भने आफूहरूसँग कति विस्फोटक पदार्थ छन्, कस्तो अवस्थामा छन्, कहाँ छन्, कति छन् भन्ने खासै जानकारी उपलब्ध गराएन। माओवादी लडाकु शिविरमा हतियारका कन्टेनरमा विस्फोटक पदार्थ राखिए र ती केही महिनामै नष्ट पनि गरिए। तर घर, खेत र जङ्गलमा राखिएका, खसेका र बिर्सिएका घरेलु विस्फोटक पदार्थ भने कालान्तरमा निदोर्ष आमजनताका लागि पीडादायी भइरहे।

सशस्त्र द्वन्द्वकालमा घरेलु विस्फोटक पदार्थ पहाडी क्षेत्रमा धेरै प्रयोग भएको थियो। पछिल्लो समयमा भने घरेलु विस्फोटक तराईका सशस्त्र समूहहरूले पनि यसको उत्पादन र प्रयोग गर्न थालेपछि यस क्षेत्रमा पनि मृत्यु हुने र घाइते हुने व्यक्तिहरूको सङ्ख्यामा वृद्धि भयो। इन्सेकको तथ्याङ्कले पीडितद्वारा सक्रिय गराउँदा भएको विस्फोटबाट हुने हताहतको सङ्ख्या घट्दै गए पनि विस्फोटनको सङ्ख्या करिब उस्तै रहेको देखाएको छ। सङ्क्रमणकालको समयमा यिनले देशको शान्ति सुरक्षाको स्थितिलाई खल्बल्याउन सक्ने अवस्था अझै विद्यमान छ। आममानसमा त्रासको वातावरण बनाइरहने परिस्थितिमा अञ्जानवश सक्रिय गराइएका पदार्थ र यसले नेपालमा सन् २०११ मा पारेको असर र प्रभावको बारेमा यस आलेमा चर्चा गरिएको छ।

१. अञ्जानवश सक्रिय गराइँदा हुने विस्फोटन

पीडितद्वारा अञ्जानवश सक्रिया गराइँदा हुने विस्फोटन (Victim-activated Explosion-VAE) भन्नाले घरेलु विस्फोटक पदार्थ (Improvised Explosive Devices-IED), नपड्किएका तथा

चित्र : १ २००६ देखि २०११ सम्ममा पीडितद्वारा अञ्जानवश विस्फोटक पदार्थ सक्रिय गराउँदा भएको हताहत सङ्ख्या



बेवारिसे अवस्थामा फालिएका तथा छाडिएका विस्फोटक पदार्थ (Unexploded/Abandoned Ordinance- UXO/AO), मानवघातक माइन (Anti personal-AP Mines) त्यसबाट सृजित हताहतलाई बुझाउँदछ। साथै जनावर वा प्राकृतिक (चट्याङ, ताप, पहिरो आदि) कारणले भएका विस्फोटनमा परी हताहत भएका गैरसैनिक नागरिकहरू तथा विस्फोटक पदार्थ सक्रिय बनाउनेको सामिप रहेका कारण हताहत भएका वा विस्फोटक पदार्थको उत्पादन, ओसारपसार वा भण्डारणका बेलामा नजिकै रहेका कारणबाट हताहत भएका गैरसैनिक नागरिकहरू तथा युद्धरत पक्षद्वारा जबरजस्ती विस्फोटक पदार्थ निष्क्रिय गराउन वा हटाउन लाग्दा भएका विस्फोटनबाट हताहत भएका सर्वसाधारणहरू बुझाउँदछ।

विस्तृत् शान्ति सम्झौतापछि नोभेम्बर २१, २००६ देखि डिसेम्बर २०११ सम्ममा जम्मा १ सय ५० ओटा अञ्जानवश सक्रिय भएका विस्फोटनको घटनामा ३ सय २६ जना हताहत भएको इन्सेकको अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियार आवेक्षण प्रणालीमा अभिलेख भएको छ। माओवादीद्वारा विभिन्न जिल्लामा खेत, जङ्गल, घर, बाटो लगायतका ठाँउहरूमा छाडिएका घरेलु विस्फोटक पदार्थहरू धेरैजसो हताहतका कारण हुन्।[१]

२. पीडितको सङ्ख्या घट्दो क्रममा

सन् २०११ मा २२ ओटा घटनामा पीडितले विस्फोटक पदार्थ सक्रिय गराए जसमा ३३ जना हताहत भए। यीमध्ये १० जनाको मृत्यु र २३ जना घाइते भए। सन् २०१० मा अञ्जानवश सक्रिय हुन गई भएको विस्फोटनका २२ ओटा घटनामा ४१ जना हताहत भएका थिए। सन् २००९ मा २४ ओटा घटनामा जम्मा ७० जना २००८ मा ३८ ओटा विस्फोटनको घटनामा ७३ जना हताहत भए। २००७ मा जम्मा ४२ ओटा त्यस्ता घटनामा १ सय ४ जना हताहत भएका थिए। छुट्टै तथ्याङ्क राख्न थालेको पहिलो वर्ष सन् २००६ मा जम्मा ९८ ओटा विस्फोटनको घटनामा १ सय ६९ जना हताहत भए।

यसरी, इन्सेकको तथ्याङ्कले अञ्जानवश सक्रिय हुन गई भएको विस्फोटनको घटनामा क्रमश: कमी हुँदै गएको देखाउँछ। द्वन्द्वकालमा युद्धरत पक्षहरूका लडाकुको कार्यस्थल बदलिसकेको अवस्थामा उनीहरूले तत्कालीन अवस्थामा विस्फोटक पदार्थ कहाँ कहाँ छाडेका थिए त्यसको पत्ता लाग्न नसक्ने भएकोले भय र चुनौती भने यद्यपि विद्यमान छन्। *(हेर्नुहोस्, चित्र १)*

१. लामा, नीर। "माइनफिल्ड फ्रि नेपाल एण्ड द फ्यूचर च्यालेन्जेज" इन्फर्मल पूर्णाङ्क ३१, अङ्क २, अप्रिल-जून २०११ : पेज ४०-४३

चित्र : २ **जिल्लागत आधारमा विस्फोटनका घटना र हताहतको सङ्ख्या** (२०११ मा)



३. युद्धका अवशेषका कारण ज्यान गुमाउने पीडित

सन् २००६ मा अञ्जानमा हुने विस्फोटनबाट ३९ जना मारिएका थिए। विस्तृत शान्ति सम्झौतापछि दुईओटा छुट्टाछुट्टै भएका घटनाहरूमा मारिएका दुई जनामध्ये एउटा घटना रामेछाप जिल्लामा बेवारिसे अवस्थामा भेटिएको विस्फोटक पदार्थ घरमा ल्याई त्यसमा भएको तारलाई दाँतले टोकेर तान्ने क्रममा भएको थियो। अर्को घटना मोरङ जिल्लामा जमिनमा गाडिएको विस्फोटक पदार्थमा टेक्दा भएको थियो।

सन् २००७ मा विस्फोटनमा परी मारिएका १३ जनामध्ये पाल्पा जिल्लामा गाउँलेले भेटेको विस्फोटक पदार्थलाई निष्क्रिय पार्ने क्रममा विस्फोटन हुँदा नौजना सर्वसाधरणको मृत्यु भएको थियो। यसैगरी डोटी जिल्लामा एक बालकको आफ्नै घरमा विस्फोटक पदार्थ खेलाउँदै गर्दा मृत्यु भएको थियो भने नुवाकोटमा दुई जना जङ्गलमा च्याउ खोज्ने सिलसिलामा भेटेको विस्फोटक पदार्थ उत्सुकतावश चलाउने क्रममा विस्फोटनमा परी मारिएका थिए। त्यस्तै कालीकोटमा एक जनाले विस्फोटक पदार्थ खेलाउँदै गर्दा विस्फोटनमा परी ज्यान गुमाएका थिए।

सन् २००८ मा १६ जना मारिए। जाजरकोटमा माओवादीद्वारा घरमा राखिएको बम विस्फोटन भएर दुई जनाको मृत्यु भएको थियो भने रोल्पा जिल्लामा एक जना महिला घाँस काट्ने क्रममा सैनिक क्याम्प परिसरमा बिच्छाइएको माइनमा टेक्दा विस्फोटन भई मरेकी थिइन्। सर्लाही जिल्लामा एक बालक आफ्नै घरमा सकेट बम खेलाउने क्रममा विस्फोटनमा परी मारिएलगत्तै उनको घरबाट प्रहरीले नपड्केको अवस्थामा रहेको एउटा सकेट बम पनि बरामद गरेको थियो।

सन् २००९ मा अञ्जानमा हुने विस्फोटनमा परी मारिएका १६ जनामध्ये माइन बिच्छाइएको र खतराको चिह्न लेखिएको रोल्पा र दाङका दुई छुट्टाछुट्टै सैनिक क्याम्पमा प्रवेश गर्दा विस्फोटनमा परी एक-एक जना मारिएका थिए भने कैलाली जिल्लामा दुई जना बालिका अर्को व्यक्तिले चलाउँदै गरेको बम हेर्ने क्रममा विस्फोटन भई मारिएका थिए। उक्त घटनामा तीन जनाको मृत्यु भएको थियो। डडेलधुरामा एक जना व्यक्ति आफ्नै घरमा सुतिरहेका अवस्थामा आफ्नै घरनजिक राखिएको बम अचानक विस्फोट हुँदा मारिए। त्यस्तै पर्सा जिल्लामा खेतमा भेटिएको टिफिन बम चलाउँदा विस्फोटनमा परेर एक जनाको मृत्यु भएको थियो। चितवनमा बेवारिसे अवस्थामा सशस्त्र क्याम्पनजिकै भेटिएको माइन घरमा ल्याई ८ वर्षीय बालकले खेलाउने क्रममा विस्फोटन हुँदा तीन जनाको मृत्यु भएको थियो। गुल्मी जिल्लाको जडगलमा विस्फोटनमा परी दुई जना, सर्लाही, प्यूठान, बैतडी जिल्लामा घरमा भएको विस्फोटनमा परी एक-एक जनाको मृत्यु भएको थियो भने बझाङ जिल्लामा

चित्र : ३ **स्थानका आधारमा घटना सङ्ख्या र हताहत** (२०११)



विद्यालय परिसरमा एक जना बालकको विस्फोटनमा परि मृत्यु भएको थिए।

सन् २०१० मा पीडितद्वारा सक्रिय गराइने विस्फोटनबाट कसैको मृत्यु भएन।

सन् २०११ मा सल्यान जिल्लामा तारबार गरिएको सुरक्षा क्षेत्रमा घाँस काट्न पस्न खोज्दा एक महिलाको माइन विस्फोटनका कारण मृत्यु भयो। हुम्ला जिल्लामा गाउँको चौरमा भेट्टाएको विस्फोटक पदार्थ चलाउँदा दुई जनाको मृत्यु भयो।

यसैगरी, घरमै सकेट बम विस्फोटनमा परी डोल्पामा दुई जनाको मृत्यु भयो। अछाममा दुई बालबालिकाले खोलाको बगरमा पाएको एउटा सकेट बम खेल्दा बम विस्फोट हुन गई एक बालकको मृत्यु भएको थियो। यसैगरी, रोल्पामा खोलाकै बगरमा पाइएको बम खेलाउँदा एक जना बालकको मृत्यु भयो। मोरङमा जङ्गलनजिकै काम गरिरहेको बेलामा छोडिएको बमको तार काटिन पुगी सो बम सक्रिय हुनपुग्दा एक व्यक्तिको मृत्यु भयो। बाँके जिल्लामा बम बनाउँदै गर्दा एक जनाको मृत्यु भयो भने अन्य दुईजना घाइते भए। संखुवासभामा आफैले बोकेको बम विस्फोट हुँदा एक जनाको मृत्यु भएको थियो।

४.विस्फोटनमा घाइते र मृत्यु हुनेको विवरण

४.१. भौगोलिक आधारमा

भौगोलिक विभाजनको आधारमा हेर्दा भने पहाडी क्षेत्रमा सबैभन्दा बढी ४३ जनाको अञ्जानमा हुने विस्फोटनमा परी मृत्यु भएको थियो भने तराई-मधेश र हिमाली क्षेत्रमा क्रमश: ३० र ८ जनाले ज्यान गुमाउनु परेको थियो। सन् २००६ मा मात्रै ३९ जना अञ्जानमा हुने विस्फोटन परी मारिएकामध्ये तराई-मधेश र पहाडमा १८-१८ जनाको मृत्यु भएको थियो। सन् २००७ मा जम्मा मारिएका १३ जनामा सबै पहाडी जिल्लाका थिए। पाल्पामा नौ जना, नुवाकोटमा दुई जना, डोटीमा एक जना, कालीकोटमा एक जना व्यक्ति पीडितद्वारा अञ्जानवश सक्रिय गराइएका विस्फोटका विस्फोटकबाट मारिएका थिए।

यसैगरी, सन् २००८ मा पहाडी क्षेत्र र तराई-मधेशमा क्रमश: तीन र एक जनाको मृत्यु भएको थियो। सन् २००९ मारिएका १६ जनामध्ये नौ जना तराईका जिल्लाहरूमा र बाँकी सात जना पहाडी जिल्लाका थिए। दशवर्से सशस्त्र द्वन्द्वबाट आक्रान्त पहाडीक्षेत्रमा अञ्जानवश सक्रिय गराइएका विस्फोटनको घटनामा नागरिक मारिने क्रम शान्ति सम्झौतापछिका प्रारम्भिक वर्षहरूमा बढी देखिएको थियो। तर सन् २००९ पछि तराईमा बढी देखिनुले तराई क्षेत्रमा विभिन्न सशस्त्र समूहका नाममा प्रयोग गर्ने क्रममा नपड्किएका तथा बेवारिसे अवस्थामा छाडिएका विस्फोटक पदार्थका कारण भएका हुन् भन्न सकिने अवस्था देखिएको छ। सन् २०१० मा १३ वटा विस्फोटनका घटना तराई-मधेशमा, पाँचओटा पहाडमा र चारओटा हिमाली क्षेत्रका जिल्लाहरूमा भएको थियो। त्यसैगरी सन् २०११ मा २२ वटा अञ्जानमा हुने विस्फोटनको घटनामा नौओटा तराई-मधेशमा, ९ वटा पहाडमा र चारओटा हिमाली क्षेत्रका जिल्लाहरूमा भएको थियो।

सन् २०११ मा जम्मा १६ ओटा जिल्लामा अञ्जानवश सक्रिय गराउँदा विस्फोट भएको थियो। यीमध्ये तराई-मधेशका सातओटा जिल्ला-पर्सा, सुनसरी,

चित्र : ४ विस्फोटक पदार्थका प्रकार र हताहत (२०११ मा)



मोरङ, बारा, महोत्तरी, बाँके र मकवानपुरमा जम्मा नौ ओटा विस्फोटनको घटना र १४ जना हताहत भएको इन्सेकको *अञ्जानवश भएका विस्फोटन, साना तथा घातक हातहतियार आवेक्षण प्रणाली*मा अभिलेख गरिएको छ। सबैभन्दा बढी विस्फोटनका घटना तीनओटा रोल्पा जिल्लामा भएको थियो यसमा चारजना हताहत भएका थिए। त्यस्तै, छ ओटा पहाडी जिल्लाहरू अछाम, दैलेख, धनुषा, कालीकोट, रोल्पा, सल्यानमा भएका नौ ओटा घटनामा १२ जना हताहत भएका थिए भने हिमाली तीन जिल्ला (सङ्खुवासभा, डोल्पा र हुम्ला) मा जम्मा चारओटा घटनामा सात जना हताहत भएका थिए। *(हेर्नुहोस्, चित्र सङ्ख्या २)*

४.२ अञ्जानवश पीडितद्वारा सक्रिय गराइएका विस्फोटनको विभिन्न समूहमा प्रभाव

पाँच वर्षको समय (सन् २००६ देखि २०११) मा जम्मा मारिएका ८२ जनामध्ये ५६ जना पुरुष र २६ जना महिलाको अञ्जानमा हुने विस्फोटनमा परी मृत्यु भएको थियो। यीमध्ये ३८ जना विद्यार्थी, ३० जना किसान तथा पाँचजना मजदुरहरू थिए। त्यसैगरी तीन र छ जना क्रमशः रोजगार र बेरोजगार थिए। शैक्षिकस्तरको आधारमा हेर्ने हो भने ५६ जना साक्षर थिए भने २६ निरक्षर थिए। उमेर समूहको आधारमा सबैभन्दा बढी ४५ जना ०-१८ वर्ष समूहका बालबालिकाहरू मारिएका थिए भने २२ जना १९-३९ वर्ष समूह र ४०-५९ वर्ष समूहका १५ जना मारिएका थिए। आर्थिक अवस्थाको आधारमा विश्लेषण गर्ने हो भने अति गरिब वर्गका ३७ जनाको अञ्जानमा हुने विस्फोटनमा परेर मृत्यु भएको थियो। त्यस्तै गरिब वर्गका ३६ जना र मध्यम वर्गका आठ जनाको मृत्यु भएको थियो। यस तथ्याङ्कले के देखाउँदछ भने अञ्जानमा हुने विस्फोटनका घटनाबाट गरिब वर्गका बढी पीडित हुने गर्छन्। यस्तो हुनुको कारण ती समुदायको शिक्षाको पहुँचको कमी र बालबालिकाहरू पनि विद्यालय जानेभन्दा वनजङ्गलमा धेरै जानुपर्ने, अभिभावकले बालबालिकाको गतिविधि निरीक्षण गर्न समय नहुने आदि कारणले यस समुदायका व्यक्तिहरू ज्यादा प्रभावित भएको हुनसक्ने धेरै सम्भावना छ।

४.३ जिल्लागत आधारमा हताहत

इन्सेकको 'अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियार आवेक्षण प्रणालीमा' प्राप्त सूचनाअनुसार सन् २०११ मा भएका २२ ओटा घटनामध्ये पाँचओटा घटना घरमा भएका थिए जहाँ ११ जना व्यक्तिहरू हताहत भए। डोल्पामा घरमै सकेट बम विस्फोटनमा परी दुई जनाको मृत्यु भयो भने एक जना घाइते भए। घरनजिकै विस्फोटक वस्तु फेला पारेर अन्जानमा त्यसलाई खेलाउँदा कालीकोट जिल्लामा एक बालक घाइते भए। त्यसैगरी सुनसरीमा घरको भण्डारमा राखेको विस्फोटक पदार्थ अचानक आफैँ विस्फोट हुँदा तीन जना घाइते भए। बारामा एक बालकले आफ्नो बाबुको पसल अगाडि भेट्टाएको विस्फोटक वस्तु खेलौना ठानेर घर ल्याई खेलाउँदा विस्फोट भई उनी घाइते भए। घरमा बम बनाउने क्रममा उक्त बम विस्फोट भई एक जनाको मृत्यु भएको थियो भने दुई जना घाइते भए।

त्यस्तै मानवीय बसोबास र जनघनत्व बढी भएका स्थानमा तुलनात्मकरूपमा बढी घटना भएको अभिलेखले देखाउँछ। बेवारिसे अवस्थामा फालिएका विस्फोटक पदार्थ घरमा ल्याएर त्यसको पहिचान गर्न खोज्दा वा त्यसलाई खेलाउन खोज्दा यस्ता घटना भएका हुन्। खासगरी घरमा भएका विस्फोटनबाट बालबालिका बढी हताहत भएका पाइयो। बालसुलभ कौतुहलताका कारण उनीहरूले आफूले भेटेका नौला वस्तु सङ्ग्रह गर्ने र त्यसलाई प्रयोग गर्न खोज्ने प्राकृतिक अभ्यासका कारण उनीहरू बढी सङ्ख्यामा पीडित हुने गर्दछन्। बम बनाउने क्रममा पनि तीन जना प्रभावित भए। बाँकेको नेपालगञ्जमा यही क्रममा एक जनाको मृत्यु भयो भने दुई जना घाइते भएका थिए।

सन् २०११ मा जङ्गलमा भएका चारओटा विस्फोटनका घटनामा चार जना हताहत भएका थिए भने घरमा भएको पाँचओटा विस्फोटनको घटनामा ११ जना हताहत भएका थिए। त्यस्तै खेतबारी तथा खोलाको

चित्र : ५ विस्फोटनका कारण र हताहतको सङ्ख्या (२०११ मा)



बगरमा भएका विस्फोटनका चार चार ओटा घटनामा क्रमशः तीन र दुई जना हताहत भएका थिए। *(हेर्नुहोस् चित्र ३)*

सशस्त्र समूहले समुदायमा भय सृजना गराउनका लागि जनघनत्व बढी भएका ठाउँ वा मानवीय आवागमन बढी हुने स्थानमा विस्फोटक पदार्थको प्रयोग गर्ने वा बेवारिसे अवस्थामा राखिदिने सामान्य प्रचलन रहँदै आएको छ।

४.४ बालबालिका बढी पीडित

सन् २०११ मा भएका विस्फोटनका २२ घटनामा हताहत भएका मध्ये २५ जना पुरुष थिए भने महिलाको सङ्ख्या आठ थियो। यसमध्ये १८ वर्षमुनिका बालबालिकाहरूको सङ्ख्या १६ जना रहेको छ। सन् २००९ र २००८ मा क्रमशः ५४ प्रतिशत (३९ जना) र ६४ प्रतिशत (७२ जना) बालबालिका अञ्जानमा हुने विस्फोटनका कारण हताहत भएका थिए। बालबालिका स्वभावले कुनै नयाँ वस्तु फेला पारेमा कौतुहलतावस हेर्ने तथा खेलाउनाले गर्दा अञ्जानमा हुने विस्फोटनको जोखिमा बढी परेको पाइन्छ। त्यसैगरी १९ देखि ५९ वर्ष समूहमा १७ जना हताहत भएका थिए। *(हेर्नुहोस् तालिका १)*

४.५ विस्फोटक पदार्थका प्रकृति र विस्फोटनका कारण

अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियार आवेक्षण प्रणाली अनुसार सन् २०११ मा जम्मा ३३ जना हताहत भएकामध्ये ३१ जना आइईडीका कारण र दुई जना माइन विस्फोटनमा परेका थिए। ३१ हताहतिमध्ये सकेट बम विस्फोटन भएर सबैभन्दा बढी १६ जना घाइते भएका थिए। त्यसैगरी पहिचान हुन नसकेका बेवारिसे बम विस्फोटनबाट आठ जना हताहत भएका थिए। *(हेर्नुहोस् चित्र ४)*

अञ्जानमा हुने विस्फोटनका २२ घटनामा जम्मा ३३ जना हताहत भए। यीमध्ये सबैभन्दा बढी २२ जना हताहत बेवारिसे अवस्थामा भेटिएका विस्फोटक पदार्थ खेलाउनाले वा उत्सुकतावश चलाउनाले भएको पाइयो। यसैगरी विस्फोटक पर्दाथलाई टेकेका कारण विस्फोट भई चार जना घाइते भएका थिए भने विस्फोटन पदार्थ बनाउने क्रममा तीन जना हताहत भएका थिए।भेटिएका शङ्कास्पद वस्तु फाल्ने क्रममा एक जना हताहत भएका थिए भने अर्का एक जनाको बारेमा विस्फोटनको कारण खुल्न सकेन। *(हेर्नुहोस्, चित्र ५)*

५. हट्न नसकेको खतरा

दश वर्ष लामो सशस्त्र युद्धमा द्वन्द्वरत दुवै विद्रोही र राज्य पक्षले प्रयोग गर्दा नपड्किएका वा

तालिका : १ बालबालिका पीडित सङ्ख्या उमेरका आधारमा

उमेर समूह	हताहत
०-४	०
५-१८	१६
१९-५९	१७
६०+	०
जम्मा	३३

चित्र : ६ **माइन/आइइडीबाट हताहत भएका व्यक्तिको सङ्ख्या (सन् २००६-२०११ मा)**



बेवारिसे अवस्थामा छाडेका खतरनाक विस्फोटक पदार्थबाट सन् २०११ मा ३३ जना पीडित भएको इन्सेकको अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियार आवेक्षण प्रणालीमा अभिलेख गरिएको छ। शान्ति सम्झौता भएको पाँच वर्ष बितिसक्दा पनि युद्धका अवशेषको रूपमा रहेका बेवारिसे अवस्थामा फालिएका विस्फोटक पदार्थको भय कायमै छ। यस्ता विस्फोटक पदार्थहरू बाटाघाटा, खेतबारी, वनजङ्गल आदि जस्ता स्थानहरू, जहाँ मानिसहरू आफ्नो दैनिक जीवनयापनको सिलसिलामा आवतजावत गर्दछन्, त्यहाँ बेवारिसे अवस्थामा पाउन सकिन्छ। यस्तो अवस्थामा पाइने बेवारिसे विस्फोटक पदार्थबाट को हताहत हुने हो तथा खेल्ने क्रममा कुन केटाकेटी घाइते हुन पुग्ने हुन्, विस्फोटनको भयले अहिले पनि गाउँघरका स्थानीय बासिन्दाहरू त्रसित छन्।

द्वन्द्वोत्तर कालमा युद्धको अवशेषको रूपमा रहेका माइन तथा विस्फोटन नभएका घरेलु विस्फोटक पदार्थ अझै पनि बेवारिसे अवस्थामा भेटिनु तथा देशमा मुख्य गरेर तराईमा सशस्त्र समूहले यसको प्रयोग व्यापकरूपमा प्रयोग गरिरहेको वर्तमान सन्दर्भमा यसको भय र चुनौती कम भएको भन्ने अवस्था छैन। बरु बढी भन्दा बढी सावधानी अपनाउनु पर्ने अवस्था छ, जसबाट भविष्यमा यसबाट क्षति हुन नसकोस्।

६. ल्याण्डमाइन मुक्त राष्ट्रको घोषणा

सन् २०११ देखि नेपाल ल्याण्डमाइनमुक्त राष्ट्र घोषित भएको छ। एसियामै यसरी ल्याण्डमाइन मुक्त हुने नेपाल चीनपछि दोस्रो राष्ट्र हो। प्रधानमन्त्री झलनाथ खनाल र संयुक्त राष्ट्रसङ्घका रोबर्ट पाइपरले एक औपचारिक समारोहमा ललितपुरको फूलचोकीमा माइन क्षेत्रको अन्तिम माइन ०६८ जेठ ३१ संयुक्तरूपमा विस्फोट गराएपछि नेपाल ल्याण्डमाइन मुक्त राष्ट्र बन्यो। यो अन्तिम माइन नेपाली सेनाको फूलचोकीको सञ्चार टावरको सुरक्षार्थ बिच्छ्याइएको अन्तिम तथा २ सय ५७ औँ माइन थियो। नेपाली सेनाले द्वन्द्वमा विभिन्न जिल्लामा गरी ५३ स्थानमा माइन बिच्छ्याएको थियो।

नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन) तथा अनमिन फिर्ता भएपछि नेपाली सेना र सशस्त्र प्रहरीको सक्रियतामा विभिन्न स्थानमा रहेका घरेलु विस्फोटक पदार्थ तथा माइन नष्ट गर्ने कार्य सम्पन्न भएको थियो। इन्टरनेशनल क्याम्पेन टु ब्यान्ड ल्याण्डमाइनका अनुसार सन् २००८ मा नेपालमा करिब ३.२५ वर्ग कि. मि. क्षेत्रमा माइन तथा युद्धका अवशेषहरू रहेको अनुमान गरिएको थियो। जम्मा ५३ स्थानमा बिच्छाइएका माइनमध्ये सन् २००८ मा पाँच स्थानमा मात्र हटाइएको थियो। त्यस्तै नेपाली सेनाले सन् २००९ मा १२ ओटा स्थानबाट माइन क्षेत्रहरू हटाइएको थियो भने सन् २०१० मा बाँकी रहेका १८ स्थानहरूबाट माइन क्षेत्र हटाइयो भने बाँकी क्षेत्रमा २०११ मा ल्याण्डमाइन हटाइयो। नेपाली सेनाले द्वन्द्वकालमा आइइडी बिच्छ्याइएका २ सय ७३ ओटा क्षेत्र (Improvised Exposive Device field) मध्ये सन् २०११ सम्ममा २ सय ६७ क्षेत्र नष्ट गरेको छ।

भोजपुर जिल्लाको दुई ओटा क्षेत्र तथा रुकुम, धनकुटा, खोटाङ, डोल्पा जिल्लाहरूको एक-एक आइइडी क्षेत्र नष्ट गर्न बाँकी रहेको र सन् २०१२ अप्रिल १२ सम्ममा ती क्षेत्रहरू नष्ट गरिसक्ने नेपाली सेनाले प्रतिबद्धता जनाएको छ।[२]

नेपाली सेनामा नेपालमा ल्याण्डमाइन उत्पादन नहुने दाबी गर्दै आए पनि नेपाल उत्पादकको सूचीमा रहिरहेकोमा २०१० देखि भने यस सूचीबाट नेपालको नाम हटेको थियो। नेपाली सेनाले युद्धको अन्तपछि आफूहरूसँग करिब ३,००० माइन भण्डारणमा रहेको बताएको थियो।[३] प्रस्तावित फौजदारी संहितामा माइनको प्रयोग गर्ने कार्यलाई अपराध किटान गरिएको छ। यससँग सम्बन्धित प्रावधानमा सार्वजनिक स्थानमा हुने ल्याण्डमाइनको प्रयोगलाई अपराध मानिनेछ र यस अपराधमा दोषी पाइएका व्यक्तिलाई १० वर्ष कैद र रु १ लाख रुपियाँ जरिवाना हुनेछ भने पीडितले क्षतिपूर्ति प्राप्त गर्नेछ। यसरी प्रयोगलाई अपराध किटान गरे पनि नेपालले यसको उत्पादन तथा प्रयोगको रोकसम्बन्धी ओटावा महासन्धिमा हस्ताक्षर गरी विश्वमा माइनविरुद्धको कार्यक्रममा प्रतिबद्धता जनाएको भने छैन।

४ निष्कर्ष

सन् २०११ म अञ्जानवश सक्रिय गराइएका विस्फोटक पदार्थ विस्फोट हुँदा जम्मा २२ ओटा घटनामा २३ जना व्यक्तिहरू घाइते भए भने १० जनाको मृत्यु भएको थियो। सशस्त्र द्वन्द्व विधिवत अन्त्य भएको पाँच वर्ष बितिसकेको अवस्थामा यो भयावह सङ्केत हो। यद्यपि अञ्जानमा हुने विस्फोटनका घटनामा केही कमी आएपनि यसको भय कायमै छ। यस समस्यालाई निराकरण गर्ने प्रमुख दायित्व भनेको राज्यको नै हो।

एक दशक लामो युद्धको अवशेषको रूपमा रहेका विगतको द्वन्द्वका क्रममा बिच्छ्याइएका ल्यान्ड माइन हटाइएको भए तापनि सोही समयदेखि बेवारिसे अवस्थामा फालिएका विस्फोटक पदार्थ र विभिन्न सशस्त्र समूहले उत्पादन गरी प्रयोग गरेका या विभिन्न कारणले बेवारिसे अवस्थामा पुगेका विस्फोटक पदार्थबाट हुन सक्ने हताहतको खतरा विद्यमान छ।

५. सुझाव

- विस्फोटक पदार्थसम्बन्धी महासन्धि (परम्परागत हतियार सम्बन्धी महासन्धि र ओटावा सन्धि) अनुमोदन गर्ने।
- तत्कालीन माओवादीद्वारा युद्धको समयमा कब्जामा लिइएका घर तथा स्थानहरू तथा त्यस्ता भण्डारण गरिएका विस्फोटन पर्दाथका बारेमा एकीकृत नेकपा माओवादीले सरकारलाई यथार्थ जानकारी दिने र यसलाई नष्ट गर्ने कार्यमा सहयोग गर्ने।
- विभिन्न समूहहरू यसको उत्पादन र प्रयोगमा लागेको देखिएकाले विस्फोटक पदार्थको उत्पादनको नियन्त्रणका लागि विशेष कदम चालिनुपर्ने
- गैरसरकारी सङ्घसंस्थाको सहयोग लिँदै माइन जोखिम न्यूनीकरण शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- अञ्जानमा विस्फोटनमा परी हताहत भएकाहरूलाई सहायता प्रदान गर्ने।
- तराई तथा पूर्वी पहाडी जिल्लाहरूमा सुरक्षाको अवस्थामा सुधार ल्याउन विशेष पहल गर्ने
- तराईका जिल्लाहरूमा क्रियाशील सशस्त्र राजनीतिक समूहलाई कानुनी दायरामा ल्याउने।
- अवैध हातहातियार तथा विस्फोटनको पदार्थको प्रयोग तथा ओसारपसार नियन्त्रण गर्न समयानुकूल कानुन लागु गरी दण्डप्रणाली मजबुत बनाउने।
- विस्फोटक पदार्थ तथा अवैध हातहतियारको ओसारप्रसार तथा प्रयोगका विरुद्धमा जनचेतना अभिवृद्धि गर्ने।

---

२ ०६८ कात्तिक १६ गते शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरबारमा माइन एक्सन जोइन्ट वर्किङ ग्रुपको बैठकमा नेपाली सेनाद्वारा दिइएको जानकारी

३ http://www.the-.org/custom/index.php/region_profiles/print_profile/334

अनुसूची

१

सन् २०११ र मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्षपुस्तकमा सन् २०११ भरिका अर्थात् ०६७ पुस १७ देखि ०६८ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- परिच्छेदहरूमा उद्धरण तथा सन्दर्भ लिँदा सन् २०११ को अवधिसम्म प्रकाशित सामग्रीहरूबाट मात्र लिइएको छ।
- हामीले पुष्टि गर्न नसकेको घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तिनलाई तथ्याङ्कमा समावेश गरिएको छैन।
- सङ्कलन गरिएकामध्ये प्रतिनिधिमूलक घटना मात्रै वर्षपुस्तकमा उल्लेख गरिएका छन्। वर्षभरि सङ्कलन गरिएका सबै घटना समावेश गर्न सम्भव नभएको जनाउँदछौं।
- मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने उद्देश्य वर्षपुस्तकले राखेको छ। पुस्तकमा उल्लिखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौं।
- वर्षपुस्तकका निम्ति घटना सङ्कलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर, विविध कारणले जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना सङ्कलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौं। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको सङ्कलन भने गरेका छौं।
- पत्रपत्रिका पनि वर्षपुस्तकका सूचना स्रोत हुन्। तर पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला छओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- विभिन्न सशस्त्र समूह, अज्ञात समूह, राजनीतिक दलहरूबाट भएका घटना गैरराज्यपक्ष अन्तर्गत राखिएको छ। त्यसको विस्तृत विवरण अनुसूची २ मा उपलब्ध छ। सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।
- विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षकअन्तर्गत समावेश गरेका छौं।
- जिल्लाको तथ्याङ्कमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट सङ्कलित तथ्याङ्क नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- मानवअधिकार वर्षपुस्तकमा समेटिएका घटनाको अनुगमनलाई (विगतको अनुगमन) शीर्षकमा समेट्ने प्रयास गरेका छौं। गत वर्षको वर्षपुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरू पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षकअन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- विभिन्न समूहबाट भएका ज्यादतीको तथ्याङ्क अन्य शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।
- अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार अन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

तथ्याङ्कका अन्य स्रोत

क. केन्द्रीय तथ्याङ्क विभागको संक्षिप्त प्रतिवेदन २०११

ख. युनाइटेड नेसन्स डेभ्लप्मेन्ट प्रोग्राम; *नेपाल ह्युम्यान डेभ्लप्मेन्ट रिपोर्ट २००४ : इम्पावरमेन्ट एण्ड पोभर्टी रिडक्सन*; काठमाडौं, २००४

ग. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

घ. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

ङ. १९९२ देखि २०११ सम्मका इन्सेक मानवअधिकार वर्षपुस्तकहरू

च. इन्टेन्सिभ रिसर्च एण्ड स्टडी सेन्टर; *डिस्ट्रिक्ट प्रोफाइल अफ नेपाल २०१०*

छ. वर्षपुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

ज. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला स्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्। ग्रामीण स्वास्थ्य कार्यकर्ता र मासिकालाई संयुक्त रूपमा स्वास्थ्य कार्यकर्ताको रूपमा उल्लेख गरिएको छ।

पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० सङ्खुवासभा

१.११ सप्तरी

१.१२ सिराहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुङ्गा

१.१६ सोलुखुम्बु

१.१ झापा

जनसङ्ख्या : ८,१०,६३६
पुरूष : ३,८५,२८४
महिला : ४,२५,३५२
साक्षरता प्रतिशत : ७६
महिला साक्षरता प्रतिशत : ६५
क्षेत्रफल (वर्ग कि. मि.) : १,६०६
गाविस/नपा सङ्ख्या : ४७/३
सरकारी/निजी विद्यालय : ६०७/१७५
क्याम्पस/उच्च मा.वि. : १४/६६
मानव विकास सूचकाङ्कः ०.४९४
प्रतिपरिवार सरदर सङ्ख्याः ४.३१

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते
माओवादी लडाकुबाट

इलाका प्रहरी कार्यालय बिर्तामोडका घुमुवा प्रहरी हवल्दार ३५ वर्षीय अम्बिका पोखरेललाई इलाम जिल्ला नाम्सालिङ-७ का २४ वर्षीय भेषबहादुर दर्जी शान्तिपुर-३ का अमर राई, मोरङ मधुमल्ला- ९ का दधिराम रिजाल र धनकुटा मुगा गाविस-३ का मनोज रसाईलीले ०६८ वैशाख १८ गते साँझ बिर्तामोड चोकमा गोली हानी घाइते बनाए। आरोपितहरूमध्ये रसाईली र राईलाई प्रहरीले वैशाख २१ गते गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकोमा जिल्ला अदालतको आदेशमा ०६८ जेठ १८ गतेदेखि झापा कारागारमा थुनामा रहेका छन् भने अन्य दुईजना फरार छन्। आरोपितहरू मध्ये गोली हान्ने दर्जी माओवादी सेनाको चुलाचुलीस्थित प्रथम डिभिजनका छापामार हुन् भने अन्य दुई जना पूर्व लडाकु हुन्। पीडितको प्रारम्भिक उपचार भारतको सिलीगुढी र काठमाडौंको शिक्षण अस्पतालमा भएकोमा हाल दक्षिण भारतको कोडिमटरमा उपचार भइरहेको छ। उनको दायाँ हात चल्दैन। उनको दायाँ कुममा एक गोली लागेको थियो। गिरफ्तारी भएका माओवादी लडाकुले बिर्तामोडका व्यापारीहरूसँग धम्क्याएर चन्दा माग्न आएको र सो क्रममा प्रहरीले गिरफ्तार गर्न आएपछि भाग्नको लागि गोली हानेको जनाए।

जेल र बन्दीहरू

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय २३ जना र कैद नतोकिएका २ सय ६८ जना कैदी र थुनुवा गरी जम्मा ५ सय ९१ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक पाँच जना र बालिका चार जना गरी जम्मा नौ जना नाबालक रहेका छन्। यस जिल्ला कारागारको २०१८-२०१९ सालमा निर्माण भएको हो। कारागारको भौतिक अवस्था अत्यन्तै जीर्ण रहेको छ। छतको पानी कोठाहरू भित्रै छिर्ने गरेको, शौचालायको सङ्ख्या एकदमै कम हुँदा सास्ती व्यहोर्नु परेको, २४ सै घण्टा कारागारमा बस्नु पर्ने जेलरको लागि क्वाटर नभएको, बन्दीको औषधोपचारको लागि समस्या भएको जेलर खगेन्द्र गिरीले बताए। कारागारका चौकीदार अमित राईले अत्यन्तै जीर्ण अवस्थाको कारागारमा क्षमताभन्दा तेब्बर कैदी बन्दीहरू बस्नुपर्दा यातनागृहको रूपमा रहेको कारागारलाई राज्यले सुधारगृहजस्तो बनाउनु पर्ने बताए।

धम्की/कुटपिट
मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान
राज्यपरिषद्बाट

दुवागढी गाविस- ४ चारआलीकी ४० वर्षीया सुधा राजवंशीलाई बन्दको समयमा बस चढेर उर्लाबारीबाट दमकतर्फ आउँदै गर्दा दमक नपा- १६ को चियाबगानमा ०६७ माघ २६ गते मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताहरूले ढुङ्गाले टाउकोमा हानेर गम्भीर घाइते बनाए। पीडितको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचार भयो। घटनामा संलग्न कसैलाई पनि प्रहरीले गिरफ्तार गर्न सकेन।

सङ्घीय लिम्बूवान राज्यपरिषद्बाट

अनारमनी गाविस-४ निवासी एमाले कार्यकर्ता तथा व्यापारी ४५ वर्षीय भीष्मराज खरेलले चन्दा नदिएको आरोपमा ०६८ असार ६ गते उनलाई सङ्घीय

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१	३	४
बालअधिकार			१३	२	१५
अमानवीय व्यवहार				२	२
अपहरण			२		२
महिलाअधिकार			१०		१०
गिरफ्तारी/यातना	१	१			
कुटपिट			२	५	७
हत्या			५	९	१४
जम्मा	**१**	**१**	**३३**	**३१**	**५४**

लिम्बूवान राज्यपरिषद्का कार्यकर्ता अनूप लिम्बूले घरैमा गएर कुटपिट गरे। आरोपितलाई ईलाका प्रहरी कार्यालय बिर्तामोडले सोही दिन घट्नास्थलबाटै गिरफ्तार गरी सार्वजनिक मुद्दा दर्ता गरायो। आरोपित ०६८ असार १३ गते ५ सय रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार २ सय ६६ मध्ये ८ सय ६२ फैसला भए भने ४ सय ४ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८ सय २ मध्ये ४ सय ४१ फैसला भए भने ३ सय ६१ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १२ र देवानी मुद्दा ७ सय ६८ रहे।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ३४ हजार ३ सय ७६ मध्ये छात्र ७० हजार ६ सय ८३ र छात्रा ६३ हजार ६ सय ९३ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १२ हजार ३ सय ५१ र छात्र १ हजार ४ सय ३५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ७ सय १० र पुरुष १ हजार ६ सय १५ गरी जम्मा २ हजार ३ सय २५ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ५७ र पुरुष ३ सय ६८ गरी जम्मा ४ सय २५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला २० र पुरुष ३ सय ६६ गरी जम्मा ३ सय ८६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक १६ हजार ३ सय ७२ र बालिका १५ हजार ३९ गरी जम्मा ३१ हजार ४ सय ११ रहेका छन् जसमध्ये दलित बालक १ हजार ९ सय ६४ र बालिका १ हजार ९ सय ५५ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

अपहरण

अनारमनी गाविस-३ बिर्तामोडकी ८ वर्षीया बालिकालाई बाहुनडाँगी गाविस-९ का २८ वर्षीय मोतीराम न्यौपानेले बालिका आफ्नै घरमा खेलिरहेको बेला ०६८ साउन ११ गते साँझ अपहरण गरी भारततर्फ लैजाँदै गर्दा स्थानीय बासिन्दाहरूले देखेर समातेर प्रहरीमा बुझाए। पीडित परिवारले भोलिपल्ट प्रहरीमा जाहेरी दिएकोमा ०६८ भदौ ५ गतेदेखि आरोपित जिल्ला अदालत झापाको आदेशमा पुर्पक्षको लागि झापा कारागारमा थुनामा रहेका छन्।

अनारमनी गाविस-६ की ५ वर्षीया एक बालिकालाई शान्तिनगर गाविस-६ स्थायी घर भई अनारमनी गाविस ६ को एक होटलमा काम गर्ने २५ वर्षीया पूजा गदालले ०६८ साउन २१ गते बाटोमा खेलिरहेको बेला अपहरण गरिन्। बालिकालाई सोही दिन दिउँसो बिर्तामोड बसपार्कको एक होटलबाट भारत लैजाँदै गर्दा स्थानीयले उद्धार गरे भने आरोपितलाई समातेर प्रहरीमा बुझाए। प्रहरीले आरोपितलाई गिरफ्तार गरी जीऊ मास्ने बेच्ने मुद्दा दर्ता गरी कारबाही अघि बढाएकोमा ०६८ भदौ १३ गते जिल्ला अदालत झापाले दिएको आदेशबमोजिम आरोपित झापा कारागारमा पुर्पक्षको लागि थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गरामनी गाविस- ९ की १२ वर्षीया बालिकालाई सोही स्थानका १८ वर्षीय ममताज आलमले ०६८ वैशाख २३ गते आफ्नै घरमा बलात्कार गरेको भनी पीडित परिवारले प्रहरीमा ०६८ वैशाख २४ गते उजुरी गरेपछि आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६८ जेठ २५ गतेको आदेशअनुसार पुर्पक्षको लागि थुनामा छन्।

अनारमनी गाविस-४ की १२ वर्षीया बालिकालाई सोही गाविसका विष्णु चौधरीले ०६८

वैशाख ३० गते आफ्नै घरमा बलात्कार गरेको आरोपमा ०६८ जेठ १ गते चौधरीलाई प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। जिल्ला अदालत झापाले ०६८ जेठ २५ गते ५५ हजार रुपियाँ धरौटी राख्न लगाई तारेखमा राखी कारबाही अघि बढाउने आदेश दिएबमोजिम आरोपित सोही दिन धरौटी राखेर रिहा भए।

शनिश्चरे गाविस-६ की १२ वर्षीया बालिकालाई सोही स्थानका ३९ वर्षीय हेम भण्डारीले ०६८ जेठ २५ गते पीडितकै घरमा बलात्कार प्रयास गरेको आरोपमा पीडित परिवारले भण्डारीविरूद्ध प्रहरीमा उजुरी दिएपछि उनलाई प्रहरीले भोलिपल्ट गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकोमा जिल्ला अदालतको ०६८ असार २० गतेको आदेशअनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्।

अनारमनी गाविस-३ की ८ वर्षीया बालिकालाई सुरूङ्गा गाविस-२ मा रहेको मामाघर गएका बेला सोही स्थानका ४० वर्षीय पशुपति ओलीले ०६८ साउन १ गते बलात्कार प्रयास गरेको भनी पीडित परिवारले ओली विरूद्ध प्रहरीमा उजुरी दिएकोमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। आरोपित ०६८ भदौ ५ गतेदेखि जिल्ला अदालत झापाको आदेशअनुसार पुर्पक्षको लागि थुनामा छन्।

माओवादी लडाकुहरूद्वारा गोली हानिएका इलाका प्रहरी कार्यालय बिर्तामोडका घुमुवा प्रहरी हवल्दार अम्बिका पोखरेल

सुरुङ्गा गाविस- ५ की ७ वर्षीया बालिकालाई सोही गाविस-८ का ५१ वर्षीय जयप्रसाद सिलवाललेे ०६८ साउन ५ गते सुरूङ्गा गाविस-५ स्थित सार्वजनिक शौचालयमा बलात्कार प्रयास गरेको आरोपमा पीडित परिवारले आरोपित विरूद्ध प्रहरीमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। आरोपित जिल्ला अदालत झापाको आदेशअनुसार ०६८ साउन २२ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

अनारमनी गाविस - ५ की १४ वर्षीया बालिकालाई सोही स्थानका १८ वर्षीय अनिल राजवंशीले ०६८ असोज १६ गते राति बलात्कार गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकोमा आरोपित ०६८ कात्तिक २२ गते जिल्ला अदालत झापाको आदेशअनुसार पुर्पक्षको लागि थुनामा छन्।

गरामनी गाविस-४ की १३ वर्षीया बालिकालाई सोही स्थानका २६ वर्षीय नवीन गुरागाईंले ०६८ असोज १९ गते पीडितको घरमै बलात्कार गरेको आरोपमा प्रहरीले कारबाही आरम्भ गऱ्यो। बलात्कारपछि कसैलाई भनेमा ज्यान मार्ने धम्की दिएकोमा पुन ०६८ असोज २५ गते घरनजिकै बलात्कार गर्न लाग्दा बालिका चिच्याएपछि स्थानीय बासिन्दाहरूले थाहापाई प्रहरीमा खबर गरे। प्रहरीले गुरागाईलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपित ०६८ कात्तिक १९ गते जिल्ला अदालत झापाको आदेशअनुसार झापा कारागारमा थुनामा रहेका छन्। पीडितको ०६८ असोज २६ गते मेची अञ्चल अस्पताल भद्रपुरमा स्वास्थ्यपरीक्षण भएको थियो।

पाठामारी गाविस-६ की १२ वर्षीया बालिकालाई ०६८ कात्तिक २३ गते सोही ठाउँका ४० वर्षीय अर्जुन रिषिदेवले आफ्नै घरमा बलात्कार गरेको आरोपमा ०६८ कात्तिक २५ गते प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकोमा ०६८ मङ्सिर १५ गते जिल्ला अदालत झापाको आदेशबमोजिम पुर्पक्षको लागि आरोपित झापा कारागारमा थुनामा रहेका छन्। पीडित बालिकाको ०६८ कात्तिक २७ गते मेची अञ्चल अस्पताल भद्रपुरमा स्वास्थ्यपरीक्षण तथा उपचार भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार ओसारपसार

सरूङ्गा गाविस-९ की २५ वर्षीया एक महिलालाई दमक नपा- १४ की ३९ वर्षीया सोनिया श्रेष्ठ, श्याम श्रेष्ठ र सुवास राईले राम्रो काम लगाइदिने भनी ०६८ वैशाख २९ गते भारतको मुम्बईमा पुऱ्याई बिक्री गरे। परिवार र छिमेकीहरूले घटनाको बारेमा थाह पाई ०६८ असार २६ गते मुम्बईबाट पीडितको उद्धार गरेर ल्याए। आरोपितहरूमध्ये सोनिया श्रेष्ठलाई प्रहरीले ०६८ साउन ३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत झापाको आदेशअनुसार ०६८ साउन ३० गतेदेखि सोनिया पुर्पक्षको लागि थुनामा रहेकी छिन् भने अन्य दुईजना आरोपितहरू फरार रहेका छन्।

दुर्व्यवहार

राजगढ गाविस-२ की ३५ वर्षीया मीना मर्दीले बोक्सी लगाएर स्थानीय एक बालिकालाई मारेको आरोपमा उनलाई ०६८ जेठ १० गते सोही ठाउँका पल्टन मर्दी , वाडडु मर्दी, ढेना मर्दी , डामबेस्रा-३ का देवान मर्दी र दारिया मर्दीले पीडितकै घरमा गई कुटपिट गरी घाइते बनाए। पीडित परिवारले ०६८ जेठ १२ गते प्रहरीमा जाहेरी दिएपछि आरोपितहरूमध्ये पल्टन मर्दीलाई प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो भने अन्य फरार रहेका छन्। पल्टनलाई जिल्ला अदालत झापाले ०६८ असार ५ गते १० हजार रुपियाँ धरौटी राख्न लगाई कारबाही अघि बढाउने आदेश दिएबमोजिम १० हजार रुपियाँ धरौटी राखेर रिहा भएका छन् भने अन्यको खोजी भइरहेको प्रहरीले जनायो।

सतासीधाम गाविस-८ माईधारस्थित लक्ष्मीनारायाण मन्दिरमा बस्ने ८५ वर्षीया जमुनादेवी गौतमलाई सोही ठाउँका ७८ वर्षीय टेकबहादुर बुढाथोकीले ०६८ भदौ १५ गते बोक्सीको आरोपमा कुटपिट गरे। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकोमा ०६८ भदौ २३ गते जिल्ला अदालत झापाको आदेशमा सादा तारेखमा रिहा भए।

आफ्नै पतिद्वारा मट्टितेल खन्याएर आगो लगाइएकी ज्योति हरिजन

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गौरीगञ्ज गाविस-८ की २५ वर्षीया एक युवतीलाई भद्रपुर नपा-५ स्थित जीना सुब्बा मगरको घरमा मगरकै सहयोगमा ०६८ जेठ २२ गते गरामनी गाविस-३ का २७ वर्षीय विशाल कार्कीले बलात्कार गरेको आरोपमा कार्की र सहयोगी मगरलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत झापाको आदेशबमोजिम दुवै जना ०६८ असार १७ गतेदेखि झापा कारागारमा थुनामा रहेका छन्। पीडितको ०६८ जेठ २३ गते मेची अञ्चल अस्पताल भद्रपुरमा स्वास्थ्यपरीक्षण भएको थियो।

घैलाडुब्बा गाविस-४ की ३७ वर्षीया एक महिलालाई सोही ठाउँका ४७ वर्षीय भागीरथ घिमिरेले ०६८ असार ३ गते साँझ घरनजिकैको मकैबारीमा बलात्कार गरेको आरोपमा घिमिरेलाई प्रहरीले भोलिपल्ट गिरफ्तार गऱ्यो। जिल्ला अदालत झापाको आदेशबमोजिम ०६८ असार ३२ गते आरोपित पुर्पक्षको लागि थुनामा छन्। पीडितको ०६८ असार ५ गते मेची अञ्चल अस्पताल भद्रपुरमा स्वास्थ्यपरीक्षण भएको थियो।

गरामनी गाविस-९ की ३५ वर्षीया महिलालाई सोही ठाउँका ३७ वर्षीय दीपेन्द्र ठटालले ०६८ भदौ २२ गते दिउँसो आफ्नो घरमा कामको सिलसिलामा आएको समयमा बलात्कार गरेको आरोपमा पीडित परिवारले भोलिपल्ट प्रहरीमा उजुरी गरेपछि प्रहरीले ठटाललाई गिरफ्तार गऱ्यो। ०६८ असोज ९ गते जिल्ला अदालत झापाको आदेशबमोविजम आरोपित पुर्पक्षको लागि झापा कारागारमा थुनामा रहेका छन्। घटना भएको भोलिपल्ट पीडितको मेची अञ्चल अस्पतालमा स्वास्थ्यपरीक्षण भएको थियो।

महारानीझोडा गाविस-३ की २३ वर्षीया महिलालाई कोहबरा गाविस-१ का ५० वर्षीय राजन राईले ०६८ भदौ २८ गते राति पीडितकै घरमा बलात्कार गरेको आरोपमा राईलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत झापाको आदेशमा ०६८ असोज ९ गते आरोपित पुर्पक्षको लागि झापा कारागारमा थुनामा रहेका छन्। पीडितको ०६८ भदौ २९ गते मेची अञ्चल अस्पतालमा स्वास्थ्यपरीक्षण भएको थियो।

चारपाने गाविस-३ की ३५ वर्षीया महिलालाई ०६८ असोज ६ गते साँझ बलात्कार गरेको आरोपमा सोही स्थानका ४० वर्षीय योगेन्द्र पराजुलीलाई प्रहरी सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत झापाले दिएको आदेशअनुसार आरोपित ०६८ कात्तिक ३ गतेदेखि झापा कारागारमा थुनामा रहेका छन्। पीडितको स्वास्थ्यपरीक्षण मेची अञ्चल अस्पताल भद्रपुरमा भएको थियो।

घैलाडुब्बा गाविस-७ की ३५ वर्षीया महिलालाई सोही स्थानका २० वर्षीय नवीन रसाईलीले ०६८ कात्तिक ११ गते दिउँसो बलात्कार प्रयास गरेको आरोपमा पीडितका परिवारका सदस्यले ०६८ कात्तिक १६ गते प्रहरीमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत झापाले दिएको आदेशबमोजिम आरोपित ०६८ मङ्सिर ८ गतेदेखि झापा कारागारमा थुनामा रहेका छन्। पीडितको ०६८ कात्तिक १७ गते मेची अञ्चल अस्पतालमा स्वास्थ्यपरीक्षण भएको थियो।

घरेलु हिंसा

चकचकी गाविस- २ की २० वर्षीया ज्योति हरिजनलाई ०६८ असार २० गते साँझ उनका पति २३ वर्षीय साजन हरिजनले छोरी जन्माएको आरोपमा शरीरमा मट्टीतेल खन्याएर आगो लगाएको थाहा पाई छिमेकीले तत्काल पीडितको उद्धार गरेका थिए। पीडितको वीपी कोईराला स्वास्थ्यविज्ञान प्रतिष्ठान धरानमा उपचार भयो। पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकोमा ०६८ साउन १७ गतेदेखि जिल्ला अदालत झापाको आदेशमा चन्द्रगढी कारागारमा थुनामा छन्।

परिवारजनबाट हत्या

अनारमनी गाविस-१ की २० वर्षीया शारदा चौधरीलाई ०६७ माघ २३ गते बिहान पति २० वर्षीय अर्जुन चौधरी र देवर १६ वर्षीय करण चौधरीले घरायसी विवादमा घाँटी थिचेर हत्या गरेको आरोपमा चौधरीद्वयलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत झापाले पुर्पक्षको लागि थुनामा राखी कारबाही अघि बढाउने आदेश दिएबमोजिम चौधरी दाजुभाई ०६७ फागुन २२ गतेदेखि जिल्ला कारागारमा थुनामा छन्।

शनिश्चरे गाविस-३ की २९ वर्षीया कल्पना गौतमलाई ०६७ फागुन १५ गते उनका पति ३५ वर्षीय चन्द्रप्रसाद गौतमले आफ्नै घरमा मट्टितेल खन्याएर आगो लगाएको र सोही कारणले वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारको क्रममा ०६७ फागुन २० गते मृत्यु भएको आरोपमा प्रहरीले गौतमलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालत झापाले आरोपितलाई पुर्पक्षका लागि थुना राखी कारबाही अघि बढाउने आदेश दिएबमोजिम ०६७ चैत १७ गतेदेखि गौतम झापा कारागारमा थुनामा रहेका छन्। पीडितको लासको पोस्टमार्टम वीपी कोइराला स्वास्थ्यविज्ञान प्रतिष्ठान धरानमा भएको थियो।

डाँगीवारी गाविस-१ की ५० वर्षीया रनमाया दर्जीलाई ०६८ कात्तिक १६ गते बिहान उनका पति धनबहादुर दर्जीले चकचकी गाविस गई फर्कदै गर्दा बाटोमा एक घरमा चिया खाएपछि गिलास नधोएको निहुँमा रडले टाउकोमा हानेर घटनास्थलमा नै हत्या गरे। घटनापछि पीडितको लासको सोही दिन मेची अञ्चल अस्पताल भद्रपुरमा पोस्टमार्टम गरी परिवारले दाहसंस्कार गरे। दर्जीलाई प्रहरीले घटनास्थलबाटै सोही दिन गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकोमा ०६८ मङ्सिर १२ गतेदेखि जिल्ला अदालतको आदेशमा झापा कारागारमा थुनामा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

मञ्च सम्बद्ध लिम्बूवान राज्यपरिषदबाट

चारपाने गाविस-१ का उपेन्द्र लुइँटेलको टाटा इण्डिका कार ०६७ माघ २७ गते आफ्नो सङ्गठनले गरेको बन्दको अवज्ञा गरेको आरोपमा महेन्द्र राजमार्गको लक्ष्मीपुर सडकखण्डमा मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताहरूले तोडफोड गरी क्षति पुऱ्याए।

विगतको अनुगमन

डाँगीवारी गाविस-५ की २२ वर्षीया र २३ वर्षीया दुई युवतीलाई वैदेशिक रोजगारीमा पठाइदिने बहानामा दलालमार्फत भारत हुँदै कुवेत पुऱ्याई ०६७ असोज १५ गते बेचबिखन गरेको आरोपमा सोही स्थानकी ३५ वर्षीया भैरवा श्रेष्ठ र पार्वती राजवंशीलाई प्रहरीले ०६७ माघ २१ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत झापाले ०६७ चैत २६ गते पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएअनुसार हाल आरोपित दुवै जना झापा कारागारमा थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	३८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२४	२२	२
स्टाफ नर्स	२५	२१	४
ल्याब असिस्टेन्ट	११	११	
अहेब	६७	६७	
अनमी	३६	३६	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	१४	
स्वास्थ्य कार्यकर्ता	७८	७८	

१.२ इलाम

जनसङ्ख्या : २,९५,८२४
पुरूष : १,४४,१२५
महिला : १,५१,६९९
साक्षरता प्रतिशत : ८०
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : १,७०३
गाविस/नपा सङ्ख्या : ४८/१
सरकारी/निजी विद्यालय : ४५३/३८
क्याम्पस/उच्च मा.वि. : २/२७
मानव विकास सूचकाङ्कः ०.५२१
प्रतिपरिवार सरदर सङ्ख्याः ४.४५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
धम्की/कुटपिट
वाईसीएलबाट

इलाम नपा-२ निवासी एकीकृत माओवादी इलाम नगर सचिव २६ वर्षीय जीवन शर्मालाई ०६८ भदौ २७ गते वाईसीएल जिल्ला सदस्य २५ वर्षीय दीपेन राईले २ लाख रुपियाँ नगद माग्दै नदिएमा भौतिक कारबाही गर्ने धम्की दिए। एकीकृत माओवादी वैद्य पक्षका भनिएका शर्मालाई दाहाल पक्ष भनिएका राईले इलाममा सोही दिन भएको वैद्य पक्षको भेलालाई बिथोल्न खर्च भएको भन्दै रकम माग गरेको पीडित शर्माले बताए। घटनामा संलग्न दोषीलाई कारबाही र जीवनरक्षाको माग गर्दै सोही दिन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएको पीडित शर्माले बताए। घटनाबारे कुनै छानबिन भने भएन।

माओवादी लडाकुबाट

चुलाचुली गाविस-१ कमलका स्थानीय बासिन्दाहरूलाई ०६८ जेठ २ गते राति माओवादी जनसेना मुख्यालय डिभिजन १ बाट हतियारसहित आएका लडाकुहरूले कुटपिट गरे। शिविरभित्रका लडाकु र उक्त गाउँकी एक युतवीका बीचमा सम्पन्न भएको विवाहमा जन्ती गएका एक युवाले स्थानीय महिलालाई जिस्काएको निहुँमा सोही दिन भएको सामान्य विवाद चर्किदै जाँदा उक्त घटना भएको थियो। हतियारसहित करिब १ सय जनाको सङ्ख्यामा आएका लडाकुहरूले केही स्थानीय बासिन्दालाई कुटपिट गरी छवी लिम्बू, मानबहादुर फागो, बीरहाङ लिम्बू, दीपेन्द्र तुम्बापो र विशाल सुनुवारलाई अपहरण गरी शिविरभित्र पुऱ्याएकोमा उनीहरू ०६८ जेठ ३ गते दिउँसो अपहरणमुक्त भएका थिए। आक्रमणबाट स्थानीय ३४ वर्षीय सुमन थाम्सुहाङ, २४ वर्षीय डिगबहादुर लिम्बू र २२ वर्षीय पिङ्सो फागो घाइते भए। उनीहरूको टाउको, हातखुट्टामा चोट लागेको थियो। उनीहरूमध्ये गम्भीर घाइते भएका सुमन र डिगबहादुरको विराटनगरस्थित न्यूरो अस्पताल र धरानस्थित वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। घाइतेहरूलाई उपचार खर्च २२ हजार रुपियाँ लडाकुहरूले दिने सहमतिपछि ०६८ जेठ १३ गते दुवै पक्षबीच मिल्ने सहमति भएको थियो।

दानावारी गाविस–९ का ३८ वर्षीय राम राई, छत्र राई, १८ वर्षीय सन्देश राई, १९ वर्षीय प्रकाश राई र २० वर्षीय श्याम राईलाई ०६८ जेठ २ गते माओवादी जनसेनाको दानावारी शिविरका लडाकुहरूले फुटबल खेलमा आपसी विवाद हुँदा कुटपिट गरी घाइते बनाए। दानावारी गाविस-३ शुक्रबारेमा सञ्चालन गरिएको फुटबल खेलका क्रममा लडाकु र स्थानीय युवाबीच विवाद भएको थियो। घाइतेहरूमध्ये राम र सन्देशको भारतको सिलीगुडीमा उपचार भयो। अन्य तीन जनाको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान
राज्यपरिषद्बाट

एकतप्पा गाविस-९ निवासी स्थानीय जनकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक ५६ वर्षीय हरिप्रसाद पोखरेल, शिक्षक रवीन्द्रनाथ शर्मा, अभ्यासशिक्षणका शिक्षक एकतप्पा गाविस-६ का २५ वर्षीय सूर्य लिम्बू र कक्षा १० का विद्यार्थी एकतप्पा-८ का १९ वर्षीय केशरसिंह लिम्बूलाई ०६७ फागुन ४ गते मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताहरू स्थानीय दिलु लिम्बू र रामकुमार लिम्बूले विद्यालय हाताभित्र प्रवेश गरी कुटपिट गरे। कुटपिटबाट घाइते भएका शिक्षक सूर्य लिम्बूको स्वास्थ्य

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			३		३
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१			
अपहरण				६	६
महिलाअधिकार			३		३
जातीय विभेद				३	३
कुटपिट			१	१७	१८
धम्की				४	४
हत्या			१		१
जम्मा	**१**	**१**	**७**	**३९**	**३६**

चौकीमा उपचार भयो। सुरक्षाको कारण देखाउँदै विद्यालको पठनपाठन बन्द भयो। स्थानीय शान्ति समितिको पहलमा ०६७ फागुन १० गतेबाट उक्त विद्यालयमा पठन पाठन सुचारू भयो। आरोपित लिम्बूद्वय जिल्ला अदालतको आदेशमा चैत ६ गते पाँचथर कारागार चलान गरिए।

अज्ञात समूहबाट

पुवामझुवा गाविस-६ निवासी सङ्घीय लिम्बूवान राज्यपरिषद्का सदस्य २८ वर्षीय लक्ष्मण राईलाई ०६८ भदौ ११ गते अज्ञात समूहले मरणासन्न हुने गरी कुटपिट गऱ्यो। परिषद्को जनदबाब ऱ्यालीमा सहभागी भई फर्किने क्रममा चमैता गाविसस्थित फलाँटेमा कुटपिट गरिएको परिषद्का जिल्ला अध्यक्ष डम्बर लोरिन्देनले बताए। कुटपिटबाट गम्भीर घाइते राईको जिल्ला अस्पताल इलाममा उपचार भयो। पीडितले दिएको उजुरीको आधारमा घटनामा संलग्नहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ३ मध्ये १ सय ५८ फैसला भए भने ४५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ७८ मध्ये १ सय १७ फैसला भए भने ६१ फैसला हुन बाँकी रहे।

पुनरावेदन अदालत

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ २ सय २८ मध्ये ७१ फैसला भए भने १ सय ५७ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ४७ मध्ये ४४ फैसला भए भने १ सय ३ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ९६ छ जसमध्ये ८८ सफल भए भने छ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या पाँच पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ९९ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २० मध्ये सात सफल र एक असफल रह्यो भने १२ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा १६ मध्ये तीन सफल एक असफल रह्यो भने बलात्कार उद्योगसम्बन्धी मुद्दा दुईमध्ये एक असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा तीनमध्ये दुई सफल र एक असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा सातमध्ये पाँच सफल रह्यो भने दुई फैसला हुन बाँकी रह्यो। छुवाछूतसम्बन्धी मुद्दा दुईमध्ये एक असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख २४ हजार ८ सय ३८ मध्ये छात्र ५२ हजार ७ सय २२ र छात्रा ५८ हजार ९ सय ९६ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार ८ सय २० र छात्र २ हजार ५ सय ७५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय ८८ र पुरुष १ हजार ९ गरी जम्मा १ हजार ३ सय ९७ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ५ सय ९० र पुरुष ६ सय ६४ गरी जम्मा १ हजार २ सय ५४ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला सात र पुरुष ४ सय ६० गरी जम्मा ४ सय ६७ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक २ हजार ३ सय

६५ र बालिका २ हजार १ सय ९५ गरी जम्मा ४ हजार ५ सय ६० रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

कुटपिट

इलाम नपा-२ स्थित समता निकेतन विद्यालयका छात्रा १० वर्षीया प्रतिमा राईलाई ०६८ भदौ २१ गते शिक्षक २३ वर्षीय निर्देश राईले कुटपिट गरे। कुटपिटबाट घाइते भएकी छात्रा राईलाई गणितको कक्षाकार्य दिएपछि नजानेको भन्दै कुटपिट गरेको छात्रा राईले बताईन्। सुलुबुङ गाविस-१ घर भई हाल इलाम नपा-२ धोबीधारामा बस्दै आएकी छात्रा राईलाई दुवै खुट्टामा नीलडाम हुने गरी कुटपिट गरिएको थियो। उनको ०६८ भदौ २२ गते जिल्ला अस्पताल इलाममा उपचार भयो। घटनाका बारेमा दुवै पक्षबीच ०६८ भदौ २५ गते मिल्ने सहमति भएको विद्यालय स्रोतले जानकारी दियो।

बलात्कारपछि हत्या

सुलुबुङ गाविस-६ लुरिङटारका ९ वर्षीया रेजिना गहतराजलाई बलात्कारपछि हत्या गरेको आरोपमा स्थानीय २६ वर्षीय युवाराज लुम्रे मगर र १४ वर्षीय एक बालकलाई ०६८ असोज १२ गते प्रहरीले गिरफ्तार गऱ्यो। घरमा आउँदै गरेको काकालाई लिन बीच बाटोसम्म जान्छु भनेर ०६८ असोज ११ गते दिउँसो २ बजे घरबाट हिँडेकी रेजिना रातको आठ बजे काका आईपुग्दासमेत नआएपछि खोजी गरिएको रेजिनाका बुबा ३७ वर्षीय गोविन्द गहतराजले बताए। बिहानैदेखि खोजी गर्दा हिटीधारा भन्नेस्थानमा रेजिनाको लास हत्या गरेर प्लास्टिकमा बेरेर फालेको अवस्थामा भेटिएको थियो। घटनामा संलग्न भएको आशङ्कामा प्रहरीले मगरद्वयलाई गिरफ्तार गऱ्यो। घटनामा संलग्नलाई कारबाहीको माग गर्दै पीडितको बुबा गोविन्द गहतराजले ०६८ असोज १३ गते जिल्ला प्रहरी कार्यालय इलाममा किटानी जाहेरी दिए। गिरफ्तार गरिएको बालक ०६८ असोज १६ गते रिहा भए भने युवराजलाई पुर्पक्षको लागि ०६८ कात्तिक १३ गते पाँचथर कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय इलामका लीला गुरूङले जानकारी दिए।

बलात्कार/बलात्कार प्रयास/दुर्व्यवहार

मङ्गलबारे गाविस-१ का ५ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा ०६८ असोज १३ गते ३८ वर्षीय सन्तोष सुन्दासलाई प्रहरीले गिरफ्तार गऱ्यो। झापाको बाहुनडाँगी गाविस-८ घर भई हाल मङ्गलबारे बजारमा टेलरिङ्ग पेशा गरी बस्ने सुन्दासले १३ गते आफ्नै पसलमा बोलाएर बलात्कार गरेको प्रहरीले जानकारी दियो। इलाका प्रहरी कार्यालय मङ्गलबारेले सुन्दासलाई गिरफ्तार गरी अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय इलाम पठायो। पीडित बालिकाको ०६८ असोज १४ गते जिल्ला अस्पताल इलाममा उपचार भयो। आरोपित सुन्दास ०६८ कात्तिक ७ गते सुनसरी कारागारमा चलान भए।

महमाई गाविस-८ का ७ वर्षीया बालिकालाई ०६७ चैत ११ गते राति सोही स्थानका ६५ वर्षीय बलबीर लिम्बूले बलात्कार गरेको आरोपमा बलबीरलाई ०६७ चैत १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ वैशाख ५ गतेको आदेशअनुसार आरोपित पाँचथर कारागार चलान भएको जिल्ला प्रहरी कार्यालय इलामले जनायो।

अपहरण

साङरूम्बा गाविस-३ का ९ वर्षीय सुशील मगरलाई ०६८ असोज १८ गते साँझ भारतीय नागरिकले गोदक गाविस-३ स्थित ठूलो बुबा अङ्गबहादुर मगरको घरमा गएका बेला अपहरण गरे। घटनापछि ५ लाख रुपियाँ दिएमात्र बालकलाई मुक्त गर्ने भन्दै फिरौती मागेपछि प्रहरीलाई खबर गरेको सुशीलका बाबु चन्द्र मगरले बताए। घटनामा संलग्न भारतको सिक्किम घर भएका अजय राईलाई इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको टोलीले राति ४ बजेतिर नजिकैको घट्टा भञ्ज्याङबाट उद्धार गर्दै अपरहरणकारीलाईसमेत गिरफ्तार गऱ्यो। भारत सिक्किमका विकास बस्नेत क्षेत्रीले घरायसी कामका लागि कोही बालक खोजेर ल्याए ३ हजार रूपैयाँ दिने बताएकाले बालक लैजान लागेको राईले बताए। प्रहरी नायब उपरीक्षक विष्णु केसीका अनुसार पीडित मगरलाई अभिभावकको जिम्मा लगाइएको र आरोपित राई जिल्ला अदालतको आदेशानुसार पुर्पक्षका लागि ०६८ कात्तिक १३ गते झुम्का कारागार सुनसरीमा चलान भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सिद्धिथुम्का गाविस-५ का ५४ वर्षीया

महिलालाई बलात्कार गरेको आरोपमा ०६८ वैशाख १८ गते प्रेमवाला राईलाई प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६८ जेठ १० गतेदेखि पुर्पक्षका लागि सुनसरी कारागारमा चलान गरिए।

बाँझो गाविस-२ की ३९ वर्षीया महिलालाई ०६८ वैशाख १९ गते बलात्कार गरेको आरोपमा प्रहरीले स्थानीय २३ वर्षीय गोविन्द लिम्बूलाई गिरफ्तार गऱ्यो। महिलालाई एक्लै भएको मौका पारी मादक पदार्थ सेवन गरी गोविन्दले बलात्कार गरेको स्थानीय बासिन्दाले बताए। आरोपित लिम्बू जिल्ला अदालतको आदेशमा ०६८ जेठ १७ गते सुनसरी कारागार चलान भए।

सबै प्रकारका जातीय विभेद

गोदक गाविस-१ का १३ वर्षीय सुन्दर धमलालाई साथीहरूसँग छिमेकीको विहेभोजमा गएको अवस्थामा दलित भएर घरभित्र पसेको आरोपमा ०६७ फागुन ८ गते गोदक गाविस-१ का ४० वर्षीय धनबहादुर बानियाँले दुर्व्यवहार गरे। स्थानीय साथीहरू मनकुमार राई, निरकुमार बानियाँ र ज्ञानेन्द्र खपाङ्गीसँगै विहेभोज खाइरहेका उनलाई घरधनी बानियाँले “कामीको छोरा किन मेरो घरभित्र पसिस्” भन्दै बाहिर निकालेको पीडितले बताए। सोही घटनालाई लिएर पीडितका बुबा धनबहादुर धमलाले दोषीलाई कारबाही गरीपाऊँ भनी ०६७ फागुन १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनामा संलग्न बानियाँले सुन्दरलाई घरबाहिर निकालेको स्वीकार गरे।



दलित भएर घरभित्र पसेको भन्दै कुटपिट तथा दुर्व्यवहार गरिएका सुन्दर धमला

नामसालिङ गाविस-४ का २७ वर्षीय विवश विश्वकर्मालाई घरभित्र पसेको भन्दै ०६८ वैशाख २१ गते नामसालिङ गाविस-२ का २३ वर्षीय प्रदीप घलेसहितको समूहले कुटपिट गऱ्यो। घरायसी कामका लागि गाडी भन्न गएका विश्वकर्मालाई घलेको घरमा छिर्नासाथ कुटपिट गरिएको थियो। पीडितले ०६८ वैशाख २५ गते जिल्ला प्रहरी कार्यालय इलाममा उजुरी दिए। प्रहरीले कुनै कानुनी प्रक्रिया अगाडि नबढाएपछि दुवै पक्षबीच ०६८ जेठ ३ गते मेलमिलाप भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उचित वातावरणमा काम गर्न पाउने अधिकार

स्थानीय बासिन्दाबाट

पञ्चकन्या गाविस-८ माघे निवासी ३२ वर्षीय एक्सप्रेस दैनिकका कार्यकारी सम्पादक तोयानाथ भट्टराईलाई इलाम सदरमुकामबाट प्रकाशित हुने इलाम पत्रिकामा गलत समाचार प्रकाशन गरेको भन्दै ०६७ माघ ५ गते कन्याम गाविस-४ तारगाउँका बासिन्दाले मार्ने धम्की दिए। उक्त दैनिकमा ०६७ माघ ३ गते तारगाउँमा गरिएको विद्युतीकरणमा ठेकेदारले ठगी गरेको समाचार भ्रामक र असत्य भएको भन्दै तारगाउँका कमल पौडेललगायतले फोन गरी मार्ने धम्की दिएको पीडित भट्टराईले बताए। इलाम एक्सप्रेस दैनिकले ०६७ माघ ३ गते तारगाउँमा विद्युतीकरण गर्न विद्युत प्राधिकरण र प्राविधिक खगेन्द्र अधिकारीको मिलेमतोमा उपभोक्तासँग रकम असुलेको समाचार प्रकाशन गरेको थियो। सोही विषयलाई लिएर तारगाउँ विद्युत उपभोक्ता समितिले ०६७ माघ ५ गते नै समाचारको खण्डन गरेको थियो।

अन्यबाट

इलाम नपा-२ निवासी महेन्द्ररत्न बहुमुखी क्याम्पसका निमित्त क्याम्पसप्रमुख ३७ वर्षीय राजेन्द्र कुँवरलाई ०६७ चैत ६ गते नेविसङ्घ र अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले कार्यकक्षमै दुई दिन बन्धक बनाए। कुँवरलाई उक्त क्याम्पस विरूद्ध अख्तियारमा विचाराधीन १७ जना शिक्षक नियुक्तिको फैसलालाई नपर्खी नियुक्ति दिएको भन्दै कार्यकक्षमा वार्ता गर्दागर्दै अनेरास्ववियुका कार्यर्ताहरूले बन्दी बनाएका थिए। सोही विषयलाई लिएर त्रिभुवन विश्वविद्यालय रेक्टरको कार्यालयबाट अख्तियारको फैसला नआएसम्म काम कारबाही अगाडि नबढाउनू भन्ने पत्र आएपछि क्याम्पस प्रशासन र विद्यार्थीबीच तीन बुँदे सहमति भई ०६७ चैत ८ गते कुँवर मुक्त भएका थिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	४		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	३२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	५	१
स्टाफ नर्स	८	८	
ल्याब असिस्टेन्ट	७	६	१
अहेब	५४	५४	
अनमी	२१	२०	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	१३	
स्वास्थ्य कार्यकर्ता	८६	६५	२१

१.३ पाँचथर

जनसङ्ख्या : १,९८,३६२
पुरूष : ९३,८८४
महिला : १,०४,४७८
साक्षरता प्रतिशत : ६३
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : १,२४१
गाविस/नपा सङ्ख्या : ४१/०
सरकारी/निजी विद्यालय : ३९०/१३
क्याम्पस/उच्च मा.वि. : १/२२
मानव विकास सूचकाङ्कः ०.४८४
प्रतिपरिवार सरदर सङ्ख्याः ४.४३

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ८४ र कैद नतोकिएका ४७ कैदी र थुनुवा गरी जम्मा १ सय ३१ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष १ सय १६ जना र महिला १५ जना रहेका छन्। साथै आश्रित बालक एक जना र बालिका एक जना गरी जम्मा दुई जना रहेका छन्।

धम्की/कुटपिट

राज्यपक्षबाट

इलाम जिल्ला चमैता गाविस-६ घर भई हाल पाँचथर राँके बजारमा बसोबास गर्दै आएका गाडीचालक रूपक भनिने २१ वर्षीय धनबहादुर राईलाई साँचोको विषयमा विवाद हुँदा ०६८ असोज १९ गते जिल्ला प्रहरी कार्यालय पाँचथरको गस्ती टोलीले कुटपिट गऱ्यो। पीडितको भारतको सिलगुडीस्थित प्यारामाउण्ट अस्पतालमा उपचार भयो। प्रहरीको नियन्त्रणमै ०६८ असोज १९ गते साँझ मरणासन्न हुने गरी कुटपिट गरेपछि परिवारलाई जानकारी नै नदिई उपचारका लागि प्रहरीले नै ०६८ असोज २० गते भारतको सिलगुडी पुऱ्याएका थिए। इलाका प्रहरी चौकी राँकेका असई नन्द गुरुङ र जिल्ला प्रहरी कार्यालय पाँचथरबाट राजमार्ग गस्तीमा खटेको असई ध्रुव अधिकारीले प्रहरीको भ्यान चालक टिका लगाउन बिदामा गएकाले १२ घण्टाका लागि गाडी चलाइदिन अनुरोध गर्दै ०६८ असोज १८ गते लिएर गएको पीडितकी पत्नी रीना विश्वकर्माले बताइन्। उपचारमा लागेको सम्पूर्ण खर्च प्रहरीले नै व्यहोरे पनि कुटपिटमा आफ्नो संलग्नता नभएको प्रहरीले जनायो। पीडितकी आमा मुकुनीमायाका अनुसार रूपक वैदेशिक रोजगारीमा जाने तयारीमा थिए। दर्शैं मानेर जाने तयारीमा रहेको उनको उडान ०६८ असोज २६ गते थियो। घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न पाँचथरस्थित मानवअधिकारवादी सङ्घसंस्थाले दबाब दिएका थिए। पीडितले असई ध्रुव अधिकारीको नाममा ०६८ कात्तिक २२ गते जाहेरी दिए तापनि हालसम्म जिल्ला प्रहरी कार्यालयले दर्ता गरेको छैन। घटनालगतै घटनामा संलग्न अधिकारीहरूमाथि अनुसन्धान गरी कारबाही गर्ने पाँचथरका प्रमुख जिल्ला अधिकारी बाबुराम खतिवडाले बताए पनि हालसम्म कुनै प्रक्रिया अगाडि बढाइएको छैन।

एकीकृत माओवादीबाट

लिम्बा गाविस- १ निवासी जनज्योति निमावि लिम्बाका प्रधानाध्यापक तथा एमाले इलाका नं. ११ का सचिव ३२ वर्षीय जितबहादुर थापालाई शिक्षक भएर राजनीति गरेको र आफ्नो छोरा गान्धीलाई बलात्कार घटनामा दोषी ठहराउन मुख्य भूमिका निर्वाह गरेको भन्दै ०६८ कात्तिक १४ गते एकीकृत माओवादीका सोही इलाका इन्चार्ज ५० वर्षीय ज्ञानेन्द्र थापाले विद्यालय जाँदै गर्दा ढुङ्गामुढा गर्नुका साथै पाँच दिनभित्र ज्यान लिने धम्की दिए। घटना सम्बन्धमा सोही दिन प्रहरी चौकी लिम्बामा उजुरी दिए। आरोपितले ०६८ मङ्सिर ३ गते माफ मागेपछि दुवै पक्ष बीच मेलमिलाप भयो।

अज्ञात समूहबाट

फिदिम गाविस-४ निवासी प्रगति प्राथमिक विद्यालय याङनामका प्रधानाध्यापक ४७ वर्षीय खलवीर कुरुङ्बाङलाई ०६८ साउन ९ गते राति अज्ञात समूहले फोन गरी मार्ने धम्की दियो। पीडितले ०६८ साउन १० गते जिल्ला प्रहरी कार्यालयमा दोषीको पहिचान गरी कारबाहीको माग गदै निवेदन दर्ता गराए पनि हालसम्म दोषीको पहिचान हुन सकेको छैन।



प्रहरीद्वारा कुटपिट गरिएका रूपक भनिने धनबहादुर राई

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय २८ मध्ये १ सय २७ फैसला भए भने १ सय १ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ९९ मध्ये १ सय ११ फैसला भए भने ८८ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक र देवानी मुद्दा एक रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ७५ मध्ये ३९ फैसला भए भने १ ससय ३६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ३० मध्ये २२ फैसला भए भने १ सय ८ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा एक रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय १ छ जसमध्ये ६७ सफल भए भने ३३ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या ३३ पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म एक मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १० मध्ये सात सफल र तीन असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा तीनमध्ये दुई सफल र एक असफल रह्यो भने बलात्कार उद्योगसम्बन्धी मुद्दा दुईमध्ये दुई सफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा चारमध्ये तीन सफल र एक असफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७६ हजार ६ सय ३२ मध्ये छात्र ३७ हजार ९४ र छात्रा ३९ हजार ५ सय ३८ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार ७ सय ३४ र छात्र २ हजार ४ सय ८१ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा १ हजार २ सय ७८ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा ३ सय ५१ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा २ सय ३२ शिक्षक रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

याङनाम गाविस-४ की एक १० वर्षीया बालिकालाई ०६८ वैशाख २ गते सोही ठाउँका १९ वर्षीय प्रकाश एक्तेन (लिम्बू) ले बलात्कार गरेको आरोप पीडित पक्षले लगाए। पीडित बालिकाको वीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो। आरोपितलाई ०६८ वैशाख ३ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालत पाँचथरको आदेशबमोजिम ०६८ वैशाख २९ गते पुर्पक्षका लागि कारागार चलान भए।

चोकमागू गाविस-४ की एक १६ वर्षीया बालिकालाई ०६८ असार ४ गते राति आफ्नै घरमा सोही गाविस- २ का ३१ वर्षीय दीपक तुम्बापोले

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			९		९
अपहरण			१	१	३
महिलाअधिकार			१७		१७
कुटपिट	१	१			
धम्की				३	३
हत्या				१	१
जम्मा	**१**	**१**	**३७**	**५**	**३३**

बलात्कार गर्ने प्रयास गरेको पीडित पक्षले आरोप लगायो। आरोपितलाई ०६८ असार ७ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित ०६८ साउन १ गते जिल्ला अदालतको अदेशमा पाँचथर कारागार चलान भए।

ओसारपसार

लुम्फाबुङ गाविस-८ की एक १७ वर्षीया बालिका, सोही गाविस- १ की १६ वर्षीया बालिका र नवमीडाँडा गाविस- ९ की एक १६ वर्षीया बालिकालाई विभिन्न मितिमा मलेसिया, कुवेत लगायतको देशमा भिसा लगाई दिने आश्वासन दिई भारतको विभिन्न ठाउँ पुऱ्याई बेचेको भन्दै पीडितहरूका आफन्तहरूले दिएको उजुरीको आधारमा लुम्फाबुङ गाविस गाविस- १ की ५० वर्षीया मनमाया लावती र सिवा गाविस- ५ की ५० वर्षीया विन्दुकुमारी कुगेनाम्बा (लिम्बू) लाई प्रहरीले ०६८ असार २१ गते गिरफ्तार गऱ्यो। मुख्य एजेण्ट पाँचथर फाक्तेप गाविस- १ का नरवीर नेम्बाङमार्फत ती महिलाहरू परिचालित रहेको स्थानीय बासिन्दाहरूले बताए। पीडित बालिकाहरू भारतको सिलगुडीबाट भागेर परिवार तथा प्रहरीको सम्पर्कमा आए। दुई जना भारतको मुम्बाई पुऱ्याई सकिएको तर उनीहरू कोठीमा बेचिए वा अवैध भीसामा ठगहरूले अन्य देश पठाए भन्ने हालसम्म थाहा हुन नसकेको जिल्ला प्रहरी कार्यलय पाँचथरले जनाएको छ। गिरफ्तार गरिएको दुवै आरोपित ०७८ साउन १३ गते जिल्ला अदालतको आदेशमा साधारण तारेखमा छुटेपछि जिल्ला न्यायिवक्ताको कार्यालय पाँचथरले ०६८ साउन २९ गते पुनरावेदनमा अपिल गरेको छ। फरार रहेको मुख्य एजेण्ट फाक्तेप गाविस-१ का नरवीर नेम्बाङलाई ०६८ कार्तिक २४ गते प्रहरीले गिरफ्तार गरी ०६८ कार्तिक २७ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि पाँचथर कारागार चलान गऱ्यो।

फिदिममा मजदुरी गरी बस्ने झापाका एक १६ वर्षीया किशोरीलाई वैदेशिक रोजगारीका लागि लैजान थालिएको गोप्य सूचनाको आधारमा फिदिम गाविस-१ की २१ वर्षीया दिलमाया लिम्बू र काठमाडौँ महानगरपालिका-४ की २१ वर्षीया विना श्रेष्ठलाई उर्लाबारी प्रहरीले ०६८ असार २२ गते गिरफ्तार गरी २३ गते जिल्ला प्रहरी कार्यालय पाँचथरलाई बुझायो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार काफ्लेको एकल इजलासले ०६८ साउन १३ गते साधारण तारेखमा रिहा गर्ने आदेश दिए पनि जिल्ला न्यायाधिवक्ताको कार्यालय पाँचथरले ०६८ साउन २९ गते पुनरावेदनमा अपिल गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

नाँगिन गाविस-९ की ६८ वर्षीया एक वृद्धालाई ०६८ वैशाख २ गते दिउँसो स्थानीय भोटेखोल्सीमा सोही गाविस-१ का ३८ वर्षीय आइतराज एक्तेनले बलात्कारको प्रयास गरेको आरोप पीडितपक्षले लगायो। आरोपितलाई प्रहरीले ०६८ वैशाख ४ गते गिरफ्तार गऱ्यो। अदालतको आदेशमा आरोपित ०६८ वैशाख ३० गते पुर्पक्षका लागि पाँचथर कारागार चलान भए।

घरेलु हिंसा

एकतीन गाविस- ४ की २४ वर्षीया निर्मला रावतलाई ०६८ असोज १५ गते सोही ठाउँका २४ वर्षीय मानदेव खत्रीले विवाह गरेलगत्तै परिवारको दबाबमा ०६८ कात्तिक ४ गते झापाको बिर्तामोड जाने बहाना बनाएर फरार भए। आफूलाई विवाह गरी फरार भएको भनी ०६८ कात्तिक २५ गते जिल्ला प्रहरी कार्यालय पाँचथरमा पीडितले उजुरी दिइन्। पीडित निर्मला हाल माइतीमा बस्दै आइकी छन्। आरोपित यो वर्षको अन्त्यसम्म फरार छन्।

परिवारजनबाट कुटपिट

इम्बुङ गाविस-९ की ३४ वर्षीया कविता तामाङलाई ०६८ मङ्सिर १ गते साँझ उनका पति ३७ वर्षीय दिक्पाल तामाङले घरमै बसिरहेको अवस्थामा मादक पदार्थ सेवन गरी कुटपिट गरे। तामाङले पत्नीलाई कुटपिट गरी ५ वर्षीय छोरा पवनको बाँया हातको कान्छी औंला समेत काटिदिएका थिए। कुटपिटपछि घाँटी निमोठेर हत्या गर्न लाग्दा आफूहरू पुगेर बचाएको छिमेकी धनबहादुर तामाङ र कौसिला तामाङले बताए। कुटपिटका कारण कविताको घाँटी र

गालामा गम्भीर चोट लागेको थियो। घाइते आमा छोराको पाँचथर जिल्ला अस्पतालमा उपचार भयो। पीडितले ०६८ मङ्सिर ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि आरोपित फरार रहेकाले हालसम्म गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनायो।

फिदिम गाविस-८ की २३ वर्षीया नन्दकुमारी राईलाई ०६८ मङ्सिर ३ गते ३६ वर्षीय पति सन्तोष राईले मरणासन्न हुने गरी कुटपिट गरेको भन्दै ०६८ मङ्सिर ५ गते जिल्ला प्रहरी कार्यालय पाँचथरमा निवेदन दिइन्। उनीहरूको एक ६ वर्षीया छोरी र ३ वर्षीय छोरा रहेका छन्। कुटपिटका कारण अनुहार तथा शरीरका अन्य भागमा नीलडाम परेको थियो। पीडितको पाँचथर जिल्ला अस्पतालमा उपचार भयो। सन्तोषलाई ०६८ मङ्सिर ६ गते प्रहरीले गिरफ्तार गऱ्यो। छोरा-छोरीलाई दुवैजनाले हेरचार गर्ने गरी छुट्टा-छुट्टै बस्ने सर्तमा ०६८ मङ्सिर ८ गते मिलापत्र गरे तापनि उनी अहिले आफन्तको शरणमा बसेकी छन्।

आफ्नै पतिको कुटपिटबाट घाइते भएकी नन्दकुमारी राई

अमरपुर गाविस-६ की ३० वर्षीया दिलु हेम्ब्यालाई ०६८ मङ्सिर १७ गते पीडितका बढा ससुरा ५८ वर्षीय कृष्णप्रसाद हेम्ब्याले कुटपिट गर्नुका साथै घरनिकाला गरे। पीडितले कुटपिटका साथै घरमा तालाबन्दी गरिदिएको भन्दै ०६८ मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालय पाँचथरमा निवेदन दिइन्। कुटपिटका कारण हेम्ब्याको दायाँ अनुहार, छाती र पिँडौलामा नीलडामका साथै चोट लागेको थियो। सासूससुरा पहिला नै बितेको र पति २९ वर्षीय धनबहादुर हेम्ब्याले समेत ८ वर्ष अघि छाडेर बेपत्ता भएपछि दिलु ८ वर्षीया छोरीसँग बस्दै आएकी छिन्। पीडितको पाँचथर अस्पतालमा उपचार भयो। आरोपितलाई ०६८ मङ्सिर २१ गते प्रहरीले गिरफ्तार गऱ्यो। क्षतिपूर्ति दिने सर्तमा मङ्सिर २२ गते दुवै पक्षबीच मेलमिलाप भयो।



देवरको कुटपिटबाट घाइते भएकी खोमादेवी अर्याल

लुम्फाबुङ गाविस-५ की ३० वर्षीया खोमादेवी अर्याललाई ०६८ मङ्सिर १५ गते उनका देवर २९ वर्षीय लीलानाथ अर्यालले कुटपिट गरी घाइते बनाए। पीडितको जिल्ला अस्पतालमा उपचार भयो । पति धर्मानन्द अर्याल वैदेशिक रोजगारमा गएकाले दुई छोरासहित बस्दै आएकी खोमादेवीलाई घरमा कोही नभएको मौका पारी देवरले आक्रमण गरेका थिए। सामान्य विवादको कारण गते ०६७ फाल्गुन ९ गते पनि पीडितलाई उनका देवरले मरणासन्न हुने गरी कुटपिट गरेका थिए। सो घटना पारालिगल गाउँ समिति लुम्फाबुङले उपचार खर्च व्यहोर्ने हेरचार गर्ने, पुनः यस्तो घटना नदोहोऱ्याउने सर्तमा ०६८ मङ्सिर २३ गते मेलमिलाप गरायो।

रानीटार गाविस- २ की २२ वर्षीया रीता राईलाई ०६८ मङ्सिर २१ गते उनका पति २३ वर्षीय जीवन राईले कुटपिट गरी घरनिकाला गरे। पीडितले ०६८ मङ्सिर २२ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। विवाह गरेदेखि नै आफूमाथि पटक-पटक कुटपिट तथा अमानवीय व्यवहार हुँदै आएको पनि पीडितले बताइन्। कुटपिटबाट पीडितको पाखुरा र अनुहारमा चोट लागेको थियो। विवाह दर्ता गरी मिलेर बस्ने सर्तमा ०६८ मङ्सिर २५ गते दुवैपक्ष बीच मेलमिलाप भयो।

परिवारजनबाट घर निकाला

चिलिदिन गाविस-६ की २७ वर्षीया देविका खड्कालाई ०६८ साउन ३ गते उनका ससुरा ५० वर्षीय बलभद्र खड्का र ४५ वर्षीया सासू भुवनकुमारी खड्काले घरनिकाला गरे। पीडितले दिएको उजुरीको आधारमा आरोपित दुवैजनालाई प्रहरीले ०६८ साउन २३ गते घरैबाट गिरफ्तार गरेकोमा साउन २४ गते रिहा भए। घटनामा संलग्न पीडितका पति र सौता शोभा खड्का भने हालसम्म फरार छन्। पतिलाई बहुविवाहको मुद्दा लगाउने खोजेको आरोपमा सासू र ससुराले ०६८ साउन ३ गते पीडितलाई घरनिकाला गरेका थिए। पीडितका पति ३१ वर्षीय राजकुमार खड्काले ०६८ वैशाखमा बहुविवाह गरेपछि न्यायको लागि समाजसँग सहयोग माग्दा सासू ससुराले घरनिकाला गरेको पीडितले बताइन्।

नांगिन गाविस-२ की २०

वर्षीया सावित्रा न्यौपानेले आफूलाई सासू, ससुरा र पतिले घरनिकाला गरेको भन्दै ०६८ असोज १० गते जिल्ला प्रहरी कार्यालय पाँचथरमा उजुरी दिइन्। फिदिम गाविस-१ स्थित माइतीबाट ०६८ भदौ १९ गते घर गएपछि सासू सावित्रा कार्की र ससुरा इन्द्र कार्कीले पति २३ वर्षीय मानबहादुर कार्कीलाई भदौ २० गते घरबाट भगाई ०६८ असोज ७ गते आफूलाई घरनिकाला गरेको उजुरीमा उल्लेख गरेकी छिन्। सासूले अब गल्ती नदोहोऱ्याउने बताएपछि ०६८ असोज १० गते मिलापत्र भएको थियो। उनले पुन: दुर्व्यवहार भएको भन्दै ०६८ मङ्सिर २६ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएपछि पुन: सासू ससुराले आइन्दा गल्ती नदोहोऱ्याने सर्तमा ०६८ मङ्सिर २९ गते मिलापत्र गरे।

बहुविवाह

रानिटार गाविस- २ का ३० वर्षीय सुवासचन्द्र राईले बहुविवाह गरेको भन्दै उनकी जेठी पत्नी ३० वर्षीया शर्मिला राईले ०६८ मङ्सिर ७ गते जिल्ला प्रहरी कार्यालय पाँचथरमा उजुरी दिइन्। वैदेशिक रोजगारका लागि कुवेत गएका सुवासचन्द्रले दुई वर्ष अघि वैदेशिक रोजगारीमै रहेका मोरङकी २९ वर्षीया धुव्रकुमारी लिम्बूसँग दोस्रो विवाह गरेका थिए। विदेशमै विवाह गरेको हल्ला आए पनि आफूलाई विश्वास नलागेको र फोनमा पनि पतिले हल्ला मात्र हो भन्दै आएको तर, गत कात्तिक २६ गते राई परम्पराअनुसार घरमै भित्र्याए। पीडित ३ वर्षीय छोरा सावनसहित सदरमुकाम फिदिमस्थित अल्पकालीन सेवा केन्द्रमा बस्दै आएकी छन्। आरोपितहरूलाई हालसम्म फेला पार्न नसकिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

थर्पू गाविस- ८ की २८ वर्षीया कमला काम्बाङले आफूमाथि सौता हालेको भन्दै २८ वर्षीय पति कुलराज काम्बाङविरुद्ध ०६८ मङ्सिर २६ गते जिल्ला प्रहरी कार्यालय पाँचथरमा उजुरी दिइन्। बटुक दल गण २ नम्बर बाहिनी धनकुटा हिलेस्थित नेपाली सेनामा कार्यरत काम्बाङलाई ०६८ पुस २ गते प्रहरीले गिरफ्तार गऱ्यो। घरमा जेठी पत्नी हुँदाहुँदै आरोपितले फलैंचा गाविस-७ की सुनीता वेघासँग ०६८ भदौमा विवाह गरेका थिए। ०६८ पुस ६ गते घर जग्गा र तलब बराबर बाँड्ने सर्तमा मेलमिलाप भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२		
उपस्वास्थ्यचौकी	१५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	४	१
स्टाफ नर्स	६	६	
ल्याब असिस्टेन्ट	२	२	
अहेब	२६	२६	
अनमी	२५	१८	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२०	१७	३
स्वास्थ्य कार्यकर्ता	६०	४८	१२

१.४ ताप्लेजुङ

जनसङ्ख्या : १,२८,५४७
पुरूष : ६१,४४२
महिला : ६७,१०५
साक्षरता प्रतिशत : ५८
महिला साक्षरता प्रतिशत : ४५
क्षेत्रफल (वर्ग कि. मि.) : ३,६४६
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ३११/१४
क्याम्पस/उच्च मा.वि. : १/२२
मानव विकास सूचकाङ्कः ०.४६७
प्रतिपरिवार सरदर सङ्ख्याः ४.६३

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको ४३ र कैद नतोकिएको ५० कैदी र थुनुवा गरी जम्मा ९३ जना पुरुष बन्दीहरू रहेका छन्। कारागारका बन्दीहरूले ०६८ साउन ९ गते बिहान खानेपानीको अभाव भएको भन्दै खाना खाने थाल फालेर विरोध प्रर्दशन गरेका थिए। कारागाारको क्षमताभन्दा बढी बन्दी राख्न थालेपछि खानेपानी र बस्ने ठाउँको अपुग भएको हो। कारागार शाखाका प्रमुख मेदनी सापकोटाका अनुसार क्षमताभन्दा बढी बन्दीहरू राख्न थालेपछि यस्तो समस्या आएको हो। समस्याका बारेमा केन्द्रीय कारागार व्यवस्थापन विभागमा जानकारी गराए पनि सुनुवाइ नभएको सापकोटाले बताए।

धम्की/कुटपिट

राज्यपक्षबाट

फुङलिङ गाविस-५ का २५ वर्षीय योगेन विश्वकर्मालाई ०६८ साउन ९ गते बिहान फुङलिङ गाविस- ५ सृजनाटोलस्थित आफ्नै घरमा बसेको अवस्थामा मादक पदार्थ सेवन गरी हल्ला गरेको आशङ्कामा सशस्त्र प्रहरीले घरबाट बाहिर निकालेर बुट र लाठीले ढाड र खुट्टामा हिर्काए। पीडितको जिल्ला अस्पताल ताप्लेजुङमा उपचार भएको थियो। स्थानीय दलित सञ्जालले घटनाको विरोध गरेपछि कञ्चनजङ्घा गुल्मका गुल्मपति आनन्द नेम्वाङले आफ्नो पक्षबाट कमजोरी भएको स्वीकार गर्दै आइन्दा यस्तो गल्ती नगर्ने प्रतिवद्धता व्यक्त गरे।

एकीकृत माओवादीबाट

खेजेनिम गाविस-७ का ४१ वर्षीय रामचन्द्र पराजुलीलाई ०६७ फागुन २१ गते बिहान सोही गाविस- ७ निवासी एकीकृत माओवादी कार्यकर्ताहरू हरिसुन्दर लिम्बूलगायत सात जनाको समूहले टाउको र शरीरका विभिन्न भागमा ढुङ्गा र लाठीले मरणासन्न हुने गरी कुटपिट गरी अलैँची बारीमा फाल्यो। पीडितलाई आफन्तले बोकेर जिल्ला अस्पतालमा उपचार गराए। पीडितले आरोपितहरू विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि कारबाही भएन।

वाईसीएलबाट

फुङलिङ गाविस-४ निवासी उद्योग वाणिज्य महासङ्घ ताप्लेजुङका अध्यक्ष ५१ वर्षीय सन्तोष खतिवडा र स्थानीय व्यापारी टिका ओझालाई ०६७ चैत १५ गते सोही गाविस- ३ निवासी वाईसीएल कार्यकर्ताहरू दीपेन लिम्बू र चन्द्र थेवेको समूहले फुङलिङ गाविस-६ वीरेन्द्रचोकमा कुटपिट गऱ्यो। उद्योग वाणिज्य महासङ्घका महासचिव इन्द्र गुरुङका अनुसार व्यापारी भीम गुरुङसहित १० जना व्यापारीसँग जबरजस्ती चन्दा उठाएको विषयमा जिल्ला प्रहरी कार्यालयमा छलफल गरी फर्किँदै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालयको ढोकाअघिल्तिर बसेका वाईसीएल कार्यकर्ताहरूले आक्रमण गरेका थिए। आक्रमणबाट घाइते भएका खतिवडाको स्थानीय अस्पतालमा उपचार नभएपछि तत्काल नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौँ लगी मोडेल अस्पतालमा उपचार गरिएको थियो। प्रहरीले ०६८ चैत्र १६ गते आरोपितहरूमध्ये दीपेन लिम्बू र विश्व लिम्बूलाई गिरफ्तार गरी सार्वजानिक मुद्दा चलाएको थियो। पीडकहरू १ महिनापछि धरौटीमा रिहा भएका थिए। एकीकृत माओवादी जिल्ला इन्चार्ज सुमनले घटनामा पार्टीको संलग्नता नरहेको बताए।

युवा सङ्घ नेपालबाट

ढुङ्गेसाँघु गाविस-४ मा रहेको प्रहरी चौकीमा रहेका प्रहरीमाथि स्थानीय युवासङ्घका कार्यकर्ताले ०६७ चैत ३ गते साँझ आक्रमण गरी प्रहरी जवान सञ्जय लिम्बूसहित चारजना प्रहरीलाई घाइते बनाए। करिब ५० जनाको सङ्ख्यामा आएका युवासङ्घका कार्यकर्ताले प्रहरी चौकीबाट चार थान हतियार पनि लुटेका थिए भने दुई दिन पछि प्रहरीले हतियार फिर्ता गराएको थियो। फाकुम्बा गाविसमा सञ्चालित भलिबल प्रतियोगितामा स्थानीय वाईसीएल कार्यकर्तासँग भएको विवाद मिलाउने क्रममा युवासङ्घका कार्यकर्ताले वाईसीएल कार्यकर्ताहरूलाई लखेटी प्रहरी चौकी आक्रमण गरेका थिए। प्रहरीले घटनामा संलग्न रहेको आशङ्कामा ०६८ चैत २१ गणेश श्रेष्ठसहित १२ जना स्थानीय युवाहरूलाई गिरफ्तार गरेकोमा केही दिनपछि रिहा गऱ्यो।

नेकपा (एमाले) बाट

फाकुम्वा गाविस-९ निवासी एकीकृत माओवादी गाउँ कमिटी सचिव ३२ वर्षीय किरण लिम्बूलाई ०६८ साउन ९ गते बेलुका घरमै बसिरहेको अवस्थामा सोही गाविस- ४ निवासी एमाले कार्यकर्ता

प्रकाश वनेम, विष्णु वनेम, तारा वनेमलगायत सातजनाको समूहले खुकुरी प्रहार गरी सख्त घाइते बनायो। घाँटी र बायाँ कुममा गम्भीर चोट लागेका किरणलाई हेलिकप्टरबाट उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पुऱ्याइएको थियो। आरोपितहरूलाई अहिलेसम्म कारबाही भएको छैन।

नेपाली काङ्ग्रेसबाट

खोक्लिङ गाविस-८ निवासी एमालेका कार्यकर्ता ३० वर्षीय विष्णुप्रसाद थुलुङलाई ०६८ साउन ९ गते सोही गाविस- ७ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू दुर्गा कार्की, सोम लिम्बूको समूहले खुकुरी प्रहार गरी सख्त घाइते बनायो। पीडितको जिल्ला अस्पताल ताप्लेजुङमा उपचार नभएपछि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो। सोही विषयलाई लिएर फरार रहेका दुर्गा कार्कीलाई एमाले कार्यकर्ता तारा साँवाको समूहले ०६८ कात्तिक २३ गते गोली प्रहार गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ७९ मध्ये १ सय ७ फैसला भए भने ७२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ९ मध्ये १ सय ४९ फैसला भए भने ६० फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ३१ मध्ये १५ फैसला भए भने १ सय १६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९६ मध्ये २० फैसला भए भने ७६ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा पाँच फैसला हुन बाँकी रहयो। सरकारी वकिल सङ्ख्या पाँच रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

चाँगे गाविस-१ का २५ वर्षीय दादोजी तामाङले महँगो दरमा मासु बेचेको आरोपमा ०६८ असोज १ गते बेलुका सोही गाविस- ३ मा रहेको इलाका प्रहरी कार्यालयबाट आएको गस्ती टोलीले गिरफ्तार गरी चौकीमा लगी प्रहरी घोप्टो पारी लाठीले कुटी सोही दिन रिहा गऱ्यो। यातना दिने प्रहरीलाई कारबाही गरी पाउँ भनी ०६८ असोज ३ गते जिल्ला प्रशासन कार्यालयमा पीडितले निवेदन दिए। प्रमुख जिल्ला अधिकारी देवराज ढकालले आरोपितलाई कानुन अनुसार कारबाही गर्ने बताए। पीडित तामाङको जिल्ला अस्पताल ताप्लेजुङमा उपचार भएको थियो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५१ हजार २ सय ५८ मध्ये छात्र २४ हजार ७ सय २७ र छात्रा २६ हजार ५ सय ३१ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला २ सय ९४ र पुरुष ६ सय ४३ गरी जम्मा ९ सय ३७ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला ११ र पुरुष १ सय ९० गरी जम्मा २ सय १ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला पाँच र पुरुष १ सय १३ गरी जम्मा १ सय १८ शिक्षक रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन। यसैगरी बालविकास केन्द्रहरू २ सय ४८ सञ्चालनमा रहेका छन्।

०६८ असोज १ गते गएको भुकम्पले भत्किएका धेरै विद्यालयहरू अहिलेसम्म पनि वन्न नसक्दा बालबालिकाहरू पढ्न पाउने अधिकारबाट वञ्चित भएका छन्। भुकम्पबाट २ सय २४ विद्यालयका ३ सया ५२ वटा कोठा पूर्णरूपले भत्केका छन् भने ५ सय ६४ वटा कोठाहरूमा समान्य क्षति भएको छ भने १ सय भन्दा बढी शौचालय ट्वाईलेट भत्केको जिल्ला शिक्षा कार्यालयले बताएको छ। भुकम्प प्रतिराधक भनेर बनाइएका भवनहरू समेत कम गुणस्तरका भएकाले भत्किएका छन्। शैक्षिक सत्र बित्न लाग्दा पनि सरकारी स्कूलका पाठ्यक्रमअनुसार सब पुस्तक आइनपुगेकाले बालबबालिकाहरूले बिनापुस्तक परीक्षा दिनपर्ने अवस्था आएको शिक्षक युनियनका अध्यक्ष छत्रपति प्याकुरेलले बताए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

चाँगे गाविस- ६ की १४ वर्षीया एक

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट			
	पुरुष	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
बालअधिकार			१			१
महिलाअधिकार			६			६
गिरफ्तारी/यातना	१	१				
कुटपिट	१	१	१	५	३	९
धम्की				३		३
हत्या				१		१
जम्मा	**३**	**३**	**८**	**८**	**३**	**१९**

बालिकालाई सोही गाविस- ७ का बलबहादुर गुरुङ र लावाहाङ लिम्बूले ०६७ चैत ८ गते हाम्पाङ गाविस- १ को जङ्गलमा जबरजस्ती बलात्कार गरेको आरोपमा ०६७ चैत १० गते पीडित पक्षले जाहेरी दियो। पीडितका अनुसार आफ्नो घर फर्कदै गरेका अवस्थामा बलबहादुर र लावाहाङले बटो छेकी जङ्गलमा लगेर जबरजस्ती सामूहिक बलात्कार गरेर भागेको पीडितको भनाइ छ। प्रहरीले ०६७ चैत्र १५ गते बलबहादुर लावाहाङलाई गिरफ्तार गरेकोमा उनी अदालतको आदेशबमोजिम कारागार चलान भए।

बन्द/हड्ताल

फुङ्लिङ् गाविस- ७ स्थित भानु उच्च माविलगायत जिल्लाका सम्पूर्ण विद्यालयहरू ०६७ चैत ६ गते सङ्घीय लिम्बूवान राज्यपरिषद् मञ्च आवद्धले हत्या गरिएका आफ्ना कार्यकर्ता मनिल तामाङलाई सहिद घोषणाको माग गर्दै जिल्लाका सम्पूर्ण शिक्षण संस्थाहरू बन्द गरे। मञ्चआबद्ध लिम्बूवान र सरकारबीच पीडितलाई राहत दिने सहमति भएपछि ०६७ चैत ९ गते विद्यालय खुलेको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

फुङ्लिङ गाविस- ८ की २७ वर्षीया एक युवतीलाई ०६८ मङ्सिर २३ गते बिहान सोही गाविस- ८ का सुमन लिम्बू र खाम्लुङ गाविस-१ का महेन्द्र सामेखामले जबरजस्ती करणी अन्तरगत मुद्दा लगाएको भनी उनको घरमा आएर खुकुरी प्रहार गरी घाइते बनाए। प्रहरी निरीक्षक कविन्द्र कार्कीका अनुसार पीडितले आफूलाई सामूहिक बलात्कार गरेको भनी फुङ्लिङ गाविस- ८ का सुमन लिम्बू, विवेक लिम्बू र खाम्लुङ गाविस- १ का महेन्द्र सामेखामका विरुद्ध जाहेरी गरेपछि प्रहरीले ०६८ मङ्सिर २१ गते विवेक लिम्बूलाई गिरफ्तार गरेको थियो। भोलिपल्ट बिहान अन्य दुईजनाले घरमै आएर पीडितमाथि खुकुरी प्रहार गरी सख्त घाइते बनाएका थिए। लिम्बूलाई जिल्ला अस्पतालमा उपचार नहुने भएपछि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो। प्रहरी निरीक्षक कविन्द्र कार्कीका अनुसार आरोपितहरूमध्ये विवेक मादेनलाई गिरफ्तार गरी अन्य दुईजनालाई समेत जवरजस्ती करणी अन्तरगत मुद्दा चलाउने तयारी भइरहेको बताए।

घरेलु हिंसा

परिवारजनबाट कुटपिट

लिङ्खिम गाविस- ३ की ५५ वर्षीया धनमाया लिम्बूलाई ०६८ असार १३ गते बिहान उनका पति हर्कमान लिम्बूले घरायसी विवादमा बारीमा मकै गोड्न गएका अवस्थामा खुकुरी प्रहार गरी घाइते बनाए। छिमेकीहरूले धनमायालाई जिल्ला अस्पताल पुऱ्याई उपचार गराए। पीडकलाई गाउँलेहरूले समाती प्रहरीको जिम्मा लगाए। पीडित धनमायालाई विगतमा दुई पटक मार्ने प्रयास गरेको छोरी मनमायाले बताइन्। प्रहरीले आरोपित हर्कमानलाई ज्यानमार्ने उद्योग अन्तरगत मुद्दा चलायो।

थुकिमा गाविस- ७ की ३५ वर्षीया चतुररानी लिम्बूलाई उनका पति जयबहादुर केदेम र जेठी पत्नीले शारीरिक तथा मानसिक यातना दिई ०६८ असार ११ गतेदेखि घर निकाला गरेको भन्दै पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरिन्। पीडित लिम्बूका अनुसार पति, सौता र सौताका छोराले ढोका थुनेर उनलाई पटक पटक शारीरिक तथा मानसिक यातना दिएका थिए। पीडित लिम्बूले ०६८ असार १२ गते आफ्नो अंश छुट्याई बस्न पाउँ भनी जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्।

ढुङ्गेसाँघु गाविस- ६ की २४ वर्षीया मन्जना नेपालीलाई ०६८ असोज ५ गते पति कुमार नेपालीले पटक-पटक कुटपिट र मानसिक यातना दिई ०६८ मङ्सिर ३ गते घरनिकाला गरे। मन्जना नेपालीले ०६८ मङ्सिर ७ गते अंशसहित सम्बन्धविच्छेद गरी पाऊँ भनी जिल्ला अदालतमा मुद्दा दर्ता गरेकी छन्। मुद्दा फैसला भएको छैन।

दुर्व्यवहार

चाँगे गाविस-३ की ७० वर्षीय मनमाया

लिम्बूलाई कथित बोक्सीको आरोपमा ०६७ वैशाख १६ गते सोही ठाउँका २२ वर्षीय रोशन लिम्बू सहित पाँच जनाको समूहले कुटपिट गऱ्यो। पीडित मनमाया घरमा बसिरहेको अवस्थामा बिरालो लखेट्दै आएका युवाहरूले "तँ बोक्सी" भन्दै लाठी र हातले कुटपिट गरेका थिए। पाँच जनाको सङ्ख्यामा आएका उनीहरूले गाउँमा यस्ता बोक्सीहरू राख्नु हुँदैन भन्दै मरणासन्न हुनेगरी कुटपिट गरेको पीडितले बताइन्। पीडितलाई आफन्तले जिल्ला अस्पताल ल्याई उपचार गराए। प्रहरी नायव उपरीक्षक वद्रीविक्रम थापाका अनुसार घटनामा संलग्न रोशन लिम्बू सहित चार जनालाई गिरफ्तार गरेकोमा ०६७ जेठ १४ गते २५ हजार रुपियाँ धरौटी राखी उनीहरू तारेखमा रिहा भए।

कथित बोक्सीको आरोपमा कुटपिट गरिएकी मनमाया लिम्बू

पतिद्वारा खुकुरी प्रहार गरी घाइते बनाइएकी धनमाया लिम्बू

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यो वर्ष सङ्घीय लिम्बूवान राज्यपरिषद्, सङ्घीय लिम्बूवान राज्यपरिषद् मञ्च आबद्ध, तरुणदल, विभिन्न पार्टीहरूसँग आबद्ध विद्यार्थी सङ्गठनहरू, क्रान्तिकारी शिक्षक सङ्गठन, स्थानीय निकायका कर्मचारी र यातायात व्यवसायीहरूले गरी १७ पटक बन्दको आह्वान गरेका थिए। बन्दकर्ताहरूले बन्द अवज्ञा गर्नेलाई जस्तोसुकै कारबाही गर्ने धम्की दिएका थिए।

विगतको अनुगमन

ईखाबु गाविस- ९ का ६० श्रीप्रसाद लिम्बूले ०६७ पुस २८ गते द्वन्द्वका बेला बेपत्ता भएका ३३ वर्षीय छोरा शेभाकर लिम्बूको खोजीका लागि पहल गरिदिन स्थानीय शान्ति समितिमा निवेदन दिए। लिम्बूका अनुसार ०६० पुस २९ गते दिउँसो ईखाबू गाविस-९ स्थित विपुधाप प्राविमा भलिबल खेलिरहेको अवस्थामा ईन्द्र दल गुल्म फुङलिङ गाविस- ३ बाट गएको सुरक्षाफौजले छोरा शोभाकरलाई नियन्त्रणमा लिई भारी बोकाएर लगेका थिए। उक्त दिनदेखि हालसम्म छोरा घर नफर्किएको उनको भनाइ छ। द्वन्द्वका बेला खोजी गर्न पनि डरले गर्दा खोजी गर्न सकिएन भन्दै खोजिका लागि अपिल गरेको बताए।

थेचम्बू गाविस- ६ का ३७ वर्षीय रामकुमारी लिम्बू थापाले द्वन्द्वका बेला माओवादीले हत्या गरिएका आफ्ना पति जगत थापाको नाममा आएको राहत रकम ७ लाख रुपियाँमध्ये ६७ हजार रुपियाँ तत्कालीन जिल्ला प्रहरी कार्यालयका असई राजकुमार श्रेष्ठले पछि दिन्छु भनेर खाएको भन्दै उक्त रकम फिर्ता गराइपाउन ०६७ फागुन १० गते जिल्ला प्रशासन कार्यलयमा उजुरी गरिन्। पीडितका अनुसार राजकुमार श्रेष्ठले बुझ्न बाँकी रहेको रकम नानीहरू हुर्केपछि लानु भनेर रोकेको रामकुमारीले बताइन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला जनस्वाथ्यमा कार्यालय ताप्लेजुङमा गर्भवती महिलालले खाने ४ लाख आइरन चक्की मध्ये ७० प्रतिशत ढुसी परेर ड्यामेज भएर आएको थियो। जिल्लाको जनसङ्ख्या ध्यानमा राखी बनाइएको १५ शैय्याको जिल्ला अस्पताले बिरामीको चापलाई धान्न नसकेपछि चिसो भुईमा सुताएर उपचार गर्नुपर्ने अवस्था रहेको जिल्ला जनस्वाथ्य कार्यालयका सुब्बा डिल्ली सुब्बाले बताए।

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	४३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	३	१
स्टाफ नर्स	५	४	१
ल्याब असिस्टेन्ट	३	३	
अहेब	५७	४५	१२
अनमी	१६	१२	४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	८	५
स्वास्थ्य कार्यकर्ता	९३	६५	२८

१.५ मोरङ

जनसङ्ख्या :	९,६४,७०९
पुरूष :	४,६६,८०३
महिला :	४,९७,९०६
साक्षरता प्रतिशत :	६९
महिला साक्षरता प्रतिशत :	५५
क्षेत्रफल (वर्ग कि. मि.) :	१,८५५
गाविस/नपा सङ्ख्या :	६५/१
सरकारी/निजी विद्यालय :	६९०/९३
क्याम्पस/उच्च मा.वि. :	१५/७०
मानव विकास सूचकाङ्कः	०.५३१
प्रतिपरिवार सरदर सङ्ख्याः	४.३७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञातबाट

सुनसरी जिल्ला धरान नपा-१४ का १७ वर्षीय जगत श्रेष्ठको ०६७ माघ १ गते विराटनगर उमनपा-७ सरौचियास्थित एउटा पोखरीमा अज्ञात समूहले हत्या गरी फालेको अवस्थामा लास फेला पऱ्यो। पीडत ०६७ पुस २९ गते धरान नपा-१४ कै २५ वर्षीय दिनेश अधिकारी, २३ वर्षीय जोन लिम्बू र धरान नपा-१५ का २३ वर्षीय नेत्रबहादुर कार्कीसँग भारतको जोगबनी बजार घुम्न गएका थिए। पीडितबाहेक घुम्न गएका तीनजना सोही दिन घर फर्किएका थिए। उनीहरूलाई माघ ३ गते प्रहरीले सोधपुछ गरेको थियो। उनीहरूले सो घटनामा आफूहरूको संलग्नता नभएको बताएका थिए। पीडित पुस २९ गतेदेखि नै बेपत्ता भएका थिए। पीडितको लासको पोस्टमार्टम विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा ०६७ माघ १ गते भयो।

केराबारी गाविस-९ निवासी सोही ठाउँको दुर्गा प्राबि कक्षा-३ मा अध्ययनरत नौ वर्षीया बन्दना राईलाई ०६८ पुस १२ गते अज्ञात व्यक्तिले कुटपिट गरी हत्यापश्चात् भलुवानजिकको जङ्गलमा फालिदिए। पीडित ०६८ पुस ११ गते साँझ ४.०० बजे घङ्गरुबाट भलुवा हिँडेकी थिइन्। पीडित घर नफर्किएपछि पीडितका आफन्तले खोजी गर्नेक्रममा पुस १२ गते लास फेला पारेका थिए। लासको कोसी अञ्चल अस्पतालमा ०६८ पुस १२ गते नै पोस्मार्टम भयो। पीडितको टाउकोमा नीलडाम फेला परेको इलाका प्रहरी कार्यालय बेलबारीका इन्स्पेक्टर सञ्जयसिंह थापाले बताए।

जेल र बन्दीहरू

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २ सय ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३ सय ४९ र कैद नतोकिएका २ सय ६२ कैदी र थुनुवा गरी जम्मा ६ सय ११ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ५ सय ५३ जना र महिला ५८ जना रहेका छन्। साथै आश्रित बालक दुई जना र बालिका छ जना गरी जम्मा आठ जना रहेका छन्। जेलर सुनील निरौलालका अनुसार बन्दीहरूको लागि कारागार भवन अति जीर्ण, साँघुरो र हावा आवतजावत नहुने अस्वस्थ्यकर रहेको छ। यस कारागारमा महिला र पुरुष गरी छुट्टाछुट्टै दुईओटा बन्दीगृह छन्। दुवै बन्दीगृहमा पानीको व्यवस्था भए पनि पर्याप्त शौचालय र नियमित विद्युत आपूर्तिको व्यवस्था नहुँदा बन्दीहरू कष्टकर जीवन बिताउन बाध्य छन्। बन्दीहरूका लागि पत्रपत्रिका र टेलिभिजनको व्यवस्था छ। सीपमूलक कामका लागि बन्दीहरूले मुडा बुन्ने कार्य गर्दछन्। कारागारका चौकीदार वीरेन्द्र महतोका अनुसार कारागार व्यवस्था विभागले बन्दी सङ्ख्याको आधारमा

युवासङ्घ नेपालका कार्यकर्ताबाट कुटपिट गरिएका पत्रकार खिलानाथ ढकाल

स्वास्थ्य उपचारसम्बन्धी बजेट उपलब्ध नगराउँदा विरामी तथा रोगी बन्दीहरूको अकालमै मृत्यु हुने गरेको छ।

उर्लाबारी गाविस-१ निवासी विराटनगर उमनपा-११ स्थित कारागार शाखा मोरङका बन्दी ४० वर्षीय पदमबहादुर विकको उपचार अभावमा ०६७ पुस ३० गते स्थानीय कोसी अञ्चल अस्पतालमा भर्ना गरेको तीन दिनपछि मृत्यु भयो। पीडित ०६७ भदौदेखि बलात्कारसम्बन्धी मुद्दामा थुनामा परेका थिए। थुनामा बस्नुअघि पीडितले आफू कुटपिटबाट विरामी भएकोले उपचार गरी पाउँ भनी जेलर खगेन्द्र गिरीलाई अनुरोध गरेका थिए। पीडितको अनुरोध सुनुवाई भएन। पीडित अण्डकोस दुःखेर सिकिस्त भएपछिमात्र चार महिनामा अस्पताल भर्ना गरिएको कारागारका बन्दीहरूको भनाइ छ। जेलर गिरीले रकम अभावका कारण पीडितको तत्काल उपचार गर्न नसकिएको बताए।

शनिश्चरे गाविस-१ स्थित भुटानी शरणार्थी शिविर निवासी कारागार शाखा मोरङका बन्दी ५५ वर्षीय नरपति खरेलको ०६७ माघ २१ गते उपचार अभावमा मृत्यु भयो। वर्ष दिनअघि बलात्कार घटनामा पुर्पक्षका लागि थुनामा परेका पीडित मानसिक रोगी थिए। बजेट अभावका कारण पीडितलाई सामान्यबाहेक राम्रो उपचार गर्न नसकेको कारागारका जेलर खगेन्द्र गिरीले बताए। कारागारका अन्य बन्दीले पनि सरकारले स्वास्थ्य उपचारका लागि पर्याप्त बजेट नदिएको कारण उपचार नपाएर धेरै व्यक्तिहरूको मृत्यु भएको बताए।

सुनसरी जिल्ला पाँचकन्या गाविस-५ निवासी ५४ वर्षीया भक्तकुमारी याख्या ०६८ वैशाख २९ गते विराटनगर उमनपा-११ हाटखोलास्थित कारागार शाखा मोरङमा शौचालयभित्र मृत अवस्थामा फेला परिन्। उनी सारीको पासो लगाएर झुण्डिएको अवस्थामा फेला परेको जेलर सुनील निरौलाले बताए। पीडित ०६८ वैशाख ६ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएकी थिइन्।

सुनसरी जिल्ला इटहरी नपा-२ निवासी विराटनगर-११ हाटखोलास्थित कारागार शाखा मोरङमा बलात्कारसम्बन्धी मुद्दामा ०६४ देखि बन्दी अवस्थामा रहेका ३६ वर्षीय सिंहबहादुर राईको उपचार अभावमा मुटुसम्बन्धी रोगबाट ०६८ कार्तिक ८ गते कोसी अञ्चल अस्पतालमा मृत्यु भयो। घटनाबारे कारागारका जेलर सुनिल निरौलाले कारागार व्यवस्थापन विभागले बन्दीहरूको उपचारका लागि समयमै प्रयाप्त बजेट निकासा नगरेका कारण उपचार गर्न समस्या हुँदा बन्दीहरूको अकालमै मृत्यु हुने गरेको बताए। कारागारका चौकीदार वीरेन्द्र महतोले बन्दी सङ्ख्या धेरै हुनु र बन्दीगृह साँघुरो हुनुले बन्दीहरूलाई विभिन्न रोगले भेट्ने गरेको बताए।

बेपत्ता/अपहरण

सङ्घीय लिम्बूवान परिषदबाट

बयरवन गाविस-४ निवासी एकीकृत माओवादीका कार्यकर्ता एवं स्थानीय भलुवा पैनी निर्माण समितिका सचिव ३० वर्षीय राजेन्द्र दाहाललाई ०६८ वैशाख १८ गते चन्दा नदिएको आरोपमा सङ्घीय लिम्बूवान परिषद्का कार्यकर्ताहरू सोही गाविस-५ का २५ वर्षीय विक्रम लिम्बू, २६ वर्षीय बलबहादुर लिम्बू, २९ वर्षीय सन्तोष लिम्बू, २२ वर्षीय गणेश गुरुङ र १९ वर्षीय उदेश लिम्बूले सोही गाविसको जय चोकबाट ०६८ वैशाख २८ गते अपहरण गरी बेपत्ता बनाए। पीडित ०६८ वैशाख ३० गते बाहुनी गाविसबाट एमाओवादीको जनसुरक्षा ब्यूरोको सहयोगमा मुक्त भए। पीडित अपहरण हुनुअघि आरोपितले सोही गाविस-७ का नेपाली काङ्ग्रेसका कार्यकर्ता एवं सोही ठाउँको भलुवा पैनी निर्माण उपभोक्ता समितिका अध्यक्ष ३० वर्षीय योगेन्द्र ढकाललाई चन्दा नदिएको आरोपमा कुटपिट गरी घाइते बनाएका थिए। घाइतेलाई उपचारका लागि विराटनगर लानेक्रममा लिम्बूवानका कार्यकर्ताहरूले राजेन्द्रलाई एम्बुलेन्स रोकेर बयरवनकै जयचोकबाट अपहरण गरी बेपत्ता बनाएका थिए। योगेन्द्रको स्थानीयको सहयोगमा विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितपक्षले ०६८ वैशाख २९ गते इलाका प्रहरी कार्यालय बेलबारीमा अपहरण तथा ज्यान मार्ने उद्योगअन्तर्गत उजुरी दिए। प्रहरीले ०६८ वैशाख ३० गते आरोपित सबैलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशबाट आरोपितमध्ये सन्तोष १० हजार रुपियाँ धरौटीमा र अरु सबै सादा तारेखमा ०६८ जेठ १९ गते रिहा भए। लिम्बूवान कार्यकर्ताले कुलो निर्माणका लागि गाविसबाट आएको रकमको १५ प्रतिशत चन्दा दिनुपर्ने पीडितद्वयसँग माग राखेका थिए।

धम्की/कुटपिट

राज्यपक्षबाट

उर्लाबारी गाविस-२ का २५ वर्षीय अशोक लिम्बू, सोही गाविस-४ का २३ वर्षीय पवन थापा र २२ वर्षीय सनम लिम्बूलाई ०६८ वैशाख २७ गते

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१	२
बालअधिकार				२४		२४
अमानवीय व्यवहार					१	१
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार					१	१
अपहरण					२	२
महिलाअधिकार				१६		१६
भेला/सङ्गठित हुने अधिकार	७	४	११			
जेलमा मृत्यु		४	४			
जातीय विभेद				१	१	२
कुटपिट		६	६	१	१२	१३
धम्की					१	१
हत्या				५	७	१२
जम्मा	**७**	**१४**	**२१**	**४८**	**२६**	**७४**

साँझ उर्लाबारी गाविस-३ स्थित पानीटङ्कीनजिकको चौतारोमा गर्मी छल्न र हावा खान बसेको अवस्थामा इलाका प्रहरी कार्यालय उर्लाबारीका इन्स्पेक्टर श्याम सारु मगरको नेतृत्वको गस्ती टोलीले घर जान आदेश गर्दा नमानेको आरोपमा लाठी र बुटले शरीरमा प्रहार गरी गम्भीर घाइते बनायो। पीडितहरूको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो। वैशाख २८ गते पीडितका आफन्तले इप्रका उर्लाबारीका इन्स्पेक्टर मगरसँग कुटपिट गर्नुको कारण माग गरे। इन्स्पेक्टर मगरले गल्ती स्वीकार गर्दै घटना पुनः नहोरिने प्रतिबद्धता जनाए। सो प्रतिबद्धतापछि पीडित पक्षले उजुरी दिएन।

युवा सङ्घ नेपालबाट

विराटनगर उमनपा-११ निवासी सुनसरी जिल्ला, झुम्कास्थित क्षेत्रीय कारागारका बन्दी ३५ वर्षीय अभिषेक गिरीलाई ०६८ जेठ १८ गते उनीमाथि लागेको हत्या आरोपित मुद्दाको सुनुवाईका लागि जिल्ला अदालत परिसरमा ल्याउनासाथ युवा सङ्घ नेपालका कार्यकर्ताहरूको समूहले उनी चढेर आएको को१च ३३०३ नम्बरको मारुती भेनभित्रै बोतल, ढुङ्गा, लाठी प्रहार गरेर घाइते बनायो। पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। प्रहरीले लाठीचार्ज र एघार राउण्ड हवाइ फायर गऱ्यो। सो घटनामा प्रहरीसहित कम्तीमा दशजना घाइते भए। घटनास्थलबाट प्रहरीले विराटनगर उमनपा-१५ निवासी युवा सङ्घ नेपालका जिल्ला सदस्य २८ वर्षीय मुकेश बुढाथोकी र विराटनगर उमनपा-१८ निवासी अनेरास्ववियु क्रान्तिकारीका जिल्ला उपाध्यक्ष २६ वर्षीय देवानन्द यादवलाई गिरफ्तार गऱ्यो। टाउकोलगायत शरीरका विभिन्न भागमा गहिरो चोट लागेका कारण उनीहरूको सोही दिनदेखि विराटगनर-३ स्थित विराट नर्सिङहोममा ०६८ असार २५ गतेसम्म उपचार भयो। उनीहरू जिल्ला अदालतको आदेशमा ०६८ असार २९ गतेदेखि ०६८ मङ्सिर ३० गतेसम्म कारागार शाखा मोरङ शाखामा पुर्पक्षका लागि थुनामा राख्यो। उनीहरू दुवैजना पुनरावेदन अदालत विराटनगरको आदेशमा ०६८ पुस १ गते सादा तारेखमा रिहा भए। पीडितकी पत्नी अनीषा गिरीले उनीहरूलगायत ४० जना व्यक्तिमाथि ०६८ जेठ २४ गते ज्यानमार्ने उद्योगको मुद्दा दर्ता गरिन्। अन्य आरोपितहरू फरार छन्। पीडित विराटनगर उमनपा -१८ का करण यादवको हत्या आरोपमा दुई वर्षदेखि थुनामा रहेका छन्।

विराटनगर उमनपा- १३ निवासी नागरिक दैनिक पत्रिकाका विराटनगरस्थित सम्वाददाता २३ वर्षीय खीलानाथ ढकाललाई ०६८ जेठ २२ गते राति विराटनगर उमनपा-१५ निवासी युवा सङ्घका नगरअध्यक्ष ३५ वर्षीय रोहित कोइराला र सोही ठाउँका सङ्घका कार्यकर्ता ३७ वर्षीय मनोज राईले राति ९.०० बजे फोन गरी बोलाएर समाचार लेखेको आरोपमा कुटपिट गरी गम्भीर घाइते बनाए। पीडितको विराटनगर-१३ स्थित न्यूरो अस्पताल र विराटनगर-५ स्थित नोबेल मेडिकल कलेजमा उपचार भयो। पीडित नाकको सल्यक्रियापछि नोबेल मेडिकल कलेजबाट ०६८ असार ७ गते डिस्चार्ज भए। उनको नाक, आँखा र शरीरका विभिन्न भागमा चोट लागेको थियो। आरोपितमध्ये सङ्घका नगरअध्यक्ष कोइरालालाई सोही राति १२.०० बजे घरबाट र राईलाई ०६८ जेठ ३० गते विराटनगर-१६ स्थित मोरङ क्याम्पसअगाडिबाट प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरू दुवै जिल्ला अदालतको आदेशमा अपहरण तथा ज्यान मार्ने

उद्योगअन्तर्गतको मुद्दामा ०६८ असार २२ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्। नेपाल पत्रकार महासङ्घ मोरङ शाखाका अध्यक्ष विक्रम निरौलाले ०६८ जेठ २३ गते जिल्ला प्रहरी कार्यालयमा आरोपितहरू कोइराला, राई र विराटनगर-१५ निवासी युवासङ्घका जिल्ला उपाध्यक्ष पर्शुराम बस्नेतविरुद्ध मुद्दा दर्ता गरेका थिए। सङ्घका उपाध्यक्ष बस्नेत फरार छन्। महासङ्घले बस्नेतलाई गिरफ्तार गर्न जिल्लामा महिना दिनसम्म विभिन्न अनसन, जुलुश, धर्नाजस्ता दबाबमूलक कार्यक्रम गरेको थियो। आरोपित कोइराला र राईले पीडितलाई राति १०.०० बजे कुरा गर्नु छ भनी विराटनगर उमनपा- १४ स्थित ट्राफिक चोकबाट मोटरसाइकलमा हालेर उनीहरूकै घरतर्फ लगेको आरोप छ। घर पुग्नुअघि बाटोबाटै सङ्घका नगरअध्यक्ष कोइराला मोटरसाइकलबाट ओर्लिएर आफ्नो घर गएका र पीडितलाई आरोपित मनोजले मोटरसाइकलमा राखेर विराटनगर उमनपा -१५ स्थित जेनियल होटलपछाडि अँध्यारो ठाउँमा पुऱ्याएर मोटरसाइकल रोकी मोबाइल खोसी कुटपिट गर्न सुरु गरेका थिए। उनी फुत्किएर बसपार्कनजिक शिक्षा कार्यालय पुग्दा त्यहाँ बसेको मनोजको समूहले समातेर पुनः कुटपिट गरेको थियो। पीडित त्यहाँबाट पनि उम्किएर वडा प्रहरी कार्यालय विराटनगर पुगेका थिए। पीडितले ०६८ जेठ १८ गते जिल्ला अदालतमा युवा सङ्घ र युथफोर्सका कार्यकर्ताद्वारा बन्दी अभिषेक गिरीमाथि आक्रमण भएको भनी समाचार नागरिक दैनिकमा प्रकाशित गरेका थिए। सोही समाचारको विषयलाई लिएर उनीमाथि कुटपिट भएको पत्रकार महासङ्घ मोरङको भनाइ छ। इन्सेक, फरेन, एड्भोकेसी फोरम, बार एसोसिएसनलगायतका अधिकारवादी सङ्घसंस्थाहरूले ०६८ जेठ २३ गते विज्ञप्ति जारी गरी दोषीलाई कारवाही गर्न र पीडितलाई न्याय उपलब्ध गराउन सरकारसँग माग गरेका थिए। आफ्नो सङ्गठनलाई अनाहकमा मुछिएको भनी युवा सङ्घ नेपालले पत्रकार सम्मेलनमार्फत आपत्ति जनाएको थियो।

माओवादी लडाकुबाट

केराबारी गाविस-७ आलेडाँगीस्थित निवासी एमाले कार्यकर्ता ६३ वर्षीय नरबहादुर राई र युवा सङ्घ क्षेत्रीय समितिका सदस्य ३८ वर्षीय मेघबहादुर राई, एमाले कार्यकर्ताहरू सोही ठाउँका १८ वर्षीय नवीन आलेमगर, २० वर्षीय मिलन राई, सोही गाविस-८ का २० वर्षीय विजय भुजेललगायतलाई ०६८ वैशाख १२ गते राति याङ्शीला गाविसस्थित एमाओवादीको सहायक शिविरका प्लाटुन कमाण्डर सविन भनिने २४ वर्षीय तेन्जिङ सेर्पा नेतृत्वको २०/ २५ जना लडाकुहरू संलग्न समूहले पुरानो रिसइबीका कारण घरघरमा गई धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनायो। घाइतेमध्ये मेघबहादुरको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान र विराटनगरस्थित न्यूरो अस्पतालमा उपचार भयो। नरबहादुर, नवीन, विजय र मिलनको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो। मेघबहादुरको टाउकोमा धारिलो हतियारको गहिरो चोट र देब्रे हातको कान्छी औंला छिनेको थियो। नरबहादुरको टाउकोमा, नवीनको आँखा र अनुहारमा, मिलन र विजयको शरीरका विभिन्न भागमा चोट लागेको थियो। दुई दर्जनको सङ्ख्यामा आएका लडाकुहरूले पुरानो रिसइबीका कारण एमाले कार्यकर्तामाथि आक्रमण गरेका थिए। पीडितहरूले इलाका प्रहरी कार्यालय केराबारीमा वैशाख १३ गते उजुरी दिए। उजुरीपछि पनि कारबाही गरिएन। सो घटनाको इन्सेक, फरेन, ओरेक, जिल्ला बार मानवअधिकार जनसरोकार समितिलगायतले ०६८ वैशाख १५ गते अनुगमन गरेका थिए। ती संस्थाहरूले वैशाख १५ गते नै विराटनगरमा प्रतिवेदन सार्वजनिक गर्दै लडाकुहरूले ज्यादती गरेकोले आरोपितहरूलाई कारबाही गर्न र पीडितलाई राहत तथा क्षतिपूर्ति दिन माग गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

टङ्कीसिनुवारी गाविस-२ स्थित सूर्य नेपाल प्रालिमा ०६८ असार १ गते बन्धक बनाइएका ३७ जना कर्मचारीको उद्दार गर्ने क्रममा प्रहरी र मजदुरबीच झडप हुँदा १५ जना घाइते भए। झडपका क्रममा मजदुरहरूले ढुङ्गा तथा इँटा प्रहार गरे भने प्रहरीले अश्रुग्याँस र लाठीचार्ज गऱ्यो। भडपमा घाइते हुने मजदुरहरूमा टङ्कीसिनुवारी गाविस-३ का ३५ वर्षीय दीपक चौधरी सोही गाविस-४ का ३२ वर्षीय सुमोद कामती, सोही गाविस-२ की ३७ वर्षीया रेणुका भट्टराई, सोही गाविस-४ की ३४ वर्षीया चौधरी, सोही गाविस-५ की ३५ वर्षीया बबिता विष्ट, सोही गाविस-५ की ४० वर्षीया सरीता बास्तोला, सोही गाविसकी गीता देगा, मनमाया गिरी, सैना कोइराला, भक्ति आचार्यलगायतका रहेका छन्। त्यसैगरी जिल्ला प्रहरी कार्यालयकी असई सङ्गीता बोगटी, हवलदार चन्द्र

लावती, सई कैलाश चौधरी, हवलदार नारायण भुजेल, प्रहरी जवानहरू छेकबहादुर खड्का, हेमन्त राजवंशी, सुनीता राई, कमला थापा, सुस्मिता लामा, महेश मण्डल, सञ्जय यादवलगायतका रहेका छन्। पीडितहरूको विराटनगरस्थित कोसी अञ्चल अस्पताल र नोबेल अस्पतालमा उपचार भयो। अरु उद्योगले दिए सोसरह विदाको रकम दिनुपर्ने एक सूत्रीय माग राखी मजदुरहरू आन्दोलनरत थिए। आन्दोलनकै क्रममा उनीहरूले उद्योगकी सहायक व्यवस्थापक अमृता केसीसहित ३७ जना कर्मचारीलाई ०६८ जेठ ३१ गतेदेखि बन्धक बनाएका थिए। बन्धक कर्मचारीहरूलाई मुक्त गर्न र मजदुरका माग सम्बोधन गर्ने विषयमा इन्सेक क्षेत्रीय संयोजक सोमराज थापा र राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधिहरूले उद्योग परिसरमा मजदुर र कर्मचारी दुवैसँग वार्ता गरेर सहमति गराएका थिए। अचानक प्रमुख जिल्ला अधिकारी सुरेश अधिकारीको निर्देशनमा जिल्ला प्रहरी कार्यालयका यामनाथ अधिकारीको नेतृत्वमा आएको प्रहरी टोलीले लाठी चार्ज र अश्रुग्याँस प्रहार गरेको थियो। बल प्रयोग गर्न उद्योगका निर्देशक एके झाले प्रजिअ अधिकारीलाई अनुमति दिएका थिए। सो घटनापछि निर्देशक झाले असुरक्षा भएको भन्दै उद्योग बन्द गराएका थिए। उनले हड्तालमा संलग्न मजदुहरूलाई निष्कासन गरेर मात्र उद्योग सञ्चालन गर्ने बताए। हाल सो उद्योग बन्द छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ हजार ४ सय ६० मध्ये ८ सय ५२ फैसला भए भने ६ सय ८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ६ सय ७६ मध्ये ८ सय ४४ फैसला भए भने ८ सय ३२ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा सात र देवानी मुद्दा १२ रहे।

पुनरावेदन अदालत

०६८ साउनदेखि पुस १६ सम्म

आठ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ ५ सय ४२ मध्ये १ सय १७ फैसला भए भने ४ सय २५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ४७ मध्ये १ सय ३० फैसला भए भने ४ सय १७ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा दुई रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ९ सय ७६ छ जसमध्ये ५ सय १६ सफल भए भने ७७ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या ७५ पुनरावेदन परेको छ। दुई वर्ष नाघेको मुद्दा सङ्ख्या १ सय ८ सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ३ सय ८३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी ४९ मुद्दा फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २ लाख १९ हजार ४ सय ८६ मध्ये छात्र १ लाख ६ हजार २६ र छात्रा १ लाख १३ हजार ४ सय ६० प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २१ हजार ५ सय २ र छात्र २१ हजार ६ सय ८९ रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ८ हजार ९ सय ६५ र बालिका ९ हजार ३२ गरी जम्मा १७ हजार ९ सय ९७ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार/बलात्कारको प्रयास/दुर्व्यवहार

टकुवा गाविस-७ की ७ वर्षीया बालिकालाई ०६७ माघ २७ गते अमरदह गाविस-७ का १२ वर्षीय एक बालकले टकुवा गाविसस्थित जानकरी प्राबि परिसरमा खेलिरहेको अवस्थामा कोठाभित्र लगी बलात्कार गरेको अरोपमा पीडितपक्षले ०६८ माघ २९ गते इलाका प्रहरी कार्यालयमा रङ्गेलीमा उजुरी दियो। पीडितको रङ्गेली अस्पतालमा स्वास्थ्यपरीक्षण भएको थियो। आरोपितलाई प्रहरीले ०६७ फागुन ४ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६७ फागुन ११ गते सादा तारेखमा रिहा भए।

कसेनी गाविस-३ की पाँच वर्षीया बालिकालाई ०६७ फागुन २ गते सोही ठाउँका ४० वर्षीया हिरूवा भनिने हीरा ठाकुरले पीडितको घरैमा गई बलात्कार गरेको आरोपमा ठाकुरलाई प्रहरीले ०६७ फागुन ३

गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित ०६७ फागुन २९ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार भयो।

इन्द्रपुर गाविस-३ की १२ वर्षीया बालिकालाई ०६७ फागुन ४ गते शनिश्चरे गाविस-१ का २७ वर्षीय वसन्त तामाङले पीडितको घरमा नै गई बलात्कार गरेको आरोपमा तामाङलाई प्रहरीले ०६७ फागुन ५ गते गिरफ्तार गऱ्यो। पीडितको विारटनगरस्थित कोसी अञ्चल अस्पतालमा सोही दिन उपचार एवं स्वास्थ्यपरीक्षण भयो। जिल्ला अदालतको आदेशमा आरोपित ०६७ फागुन २७ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

विराटनगर उमनपा-१९ का पाँचदेखि १२ वर्षसम्म उमेर समूहका पाँच बालिकालाई लामो समदेखि यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले सोही ठाउँका ५४ वर्षीय सुन्तान मियालाई ०६७ चैत २० गते गिरफ्तार गऱ्यो। पीडित बालिकाहरूको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्यपरीक्षण एवं उपचार भयो। आरोपित जिल्ला अदालतको आदेशमा ०६८ वैशाख १२ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

उदयपुर जिल्ला बाँसबोटेकी १६ वर्षीया बालिकालाई अपहरण गरी ०६८ जेठ १२ गते शनिश्चरे गाविस-१ स्थित जङ्गलमा पथरी गाविस-१ का २५ वर्षीय प्रकाश राई र सोही ठाउँका २६ वर्षीय धनबहादुर राईले सामूहिक बलात्कार गरेको आरोपमा प्रकाशलाई प्रहरीले घटना भएकै दिन टाँडी गाविसबाट आफन्तको घरमा लुकेको अवस्थाबाट गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित जिल्ला अदालतको आदेशमा ०६८ असार ९ गतेदेखि पुर्पक्षको लागि कारागार शाखा मोरङमा थुनामा छन्। आरोपितमध्ये धनबहादुर फरार छन्। पीडित एसएलसी दिएर पथरीमा रहेका दाजुलाई भेट्न आएकी थिइन्।

शनिश्चरे गाविस-१ स्थित भुटानी शरणार्थी शिविरकी १४ वर्षीया बालिकालाई ०६८ जेठ २९ गते सोही शिविरकी ३५ वर्षीया धनमाया नेउपानेले ललाइफकाई भारतको दार्जिलिङ पुऱ्याएर यौनधन्दामा संलग्न गराएको आरोपमा पीडित पक्षले ०६८ जेठ ३० गते इलाका प्रहरी कार्यालय उर्लाबारीमा उजुरी दियो। पीडितलाई प्रहरीले उद्दार गरी ०६८ असार १ गते आफन्तको जिम्मा लगायो। आरोपितलाई प्रहरीले ०६८ जेठ ३१ गते शिविरबाटै गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा बेचविखन तथा जीउमास्ने अपराध ऐनअन्तगर्तत ०६८ असार २७ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

उर्लाबारी गाविस-१ की १४ वर्षीया बालिकालाई ०६८ असार ३ गते जाँते गाविस-२ का २७ वर्षीय सन्तोष ढकालले बलात्कार गरेको आरोपमा पीडितपक्षले सोही दिन इलाका प्रहरी कार्यालय पथरीमा उजुरी दियो। पीडितको उर्लाबारी गाविस-६ स्थित प्राथमिक स्वास्थ्यकेन्द्रमा घटना भएकै दिन स्वास्थ्यपरीक्षण भएको थियो। पीडितका दाजुलाई भेट्ने निहुँले आरोपितले पीडित घरमा एक्लै भएको अवस्थामा बलात्कार गरेका आरोप प्रहरीले लगायो। उजुरीपछि फरार आरोपितलाई प्रहरीले ०६८ असार ४ गते उनकै घरबाट गिरफ्तार गरेको थियो। आरोपित जिल्ला अदालतको आदेशमा कारागार शाखा मोरङमा ०६८ असार २७ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएका छन्।

शनिश्चरे गाविस-१ की सात वर्षीया बालिकालाई ०६८ असार ४ गते सोही ठाउँ निवासी कक्षा-१० मा अध्ययनरत १५ वर्षीय अभिषेक ठटाल नेपालीले पीडितको घरैमा गई बलात्कार गरेको आरोपमा बालिकाकी आमाले इलाका प्रहरी कार्यालय उर्लाबारीमा ०६८ असार ९ गते उजुरी दिइन्। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्यपरीक्षण एवम् उपचार भयो। आरोपितलाई प्रहरीले पीडितले उजुरी दिएकै दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित ०६८ साउन २ गते सादा तारेखमा रिहा भए।

रङ्गेली गाविस-२ निवासी सोही ठाउँको सम्ग्लोटी बोर्डिङ स्कुलमा कक्षा-२ मा अध्ययनरत १३ वर्षीया बालिकालाई ०६८ असार ८ गते सोही स्कुका शिक्षक २२ वर्षीय मुकेशकुमार साहले पीडित धारामा पानी पिउन निस्केको समयमा विद्यालयको शौचालय पछाडि लगेर बलात्कार गरेको आरोपमा पीडितका आफन्तले इलाका प्रहरी कार्यालय रंगेलीमा ०६८ असार १३ गते उजुरी दिए। पीडितको रंगेली अस्पतालमा ०६८ असार १२ गते स्वास्थ्यपरीक्षण भयो। स्वास्थ्यपरीक्षणपछि पीडितको पेटमा पाँच महिनाको गर्भ रहेको चिकित्सकले परिवारका सदस्यलाई जानकारी गराए। प्रहरीले आरोपितलाई असार १३ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा

०६८ साउन ४ गतेदेखि कारागार शाखा मोरङमा थुनामा छन्।

उर्लाबारी गाविस-६ स्थित कमलनारायण मल्लिकको घरमा घरेलु श्रमिकको रूपमा बसेकी आठ वर्षीया बालिकालाई ०६८ साउन ३ गते साँझ सोही ठाउँका २३ वर्षीय विकल मिश्रले नजिकको बाँसघारीमा पुऱ्याई बलात्कार गरेको आरोपमा मिश्रलाई प्रहरीले ०६८ साउन ४ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको उर्लाबारी गाविस-६ स्थित मङ्गलबारे प्राथमिक स्वास्थ्यकेन्द्रमा स्वाथ्यपरीक्षण तथा उपचार भयो। आरोपित जिल्ला अदालतको आदेशमा ०६८ साउन ३० गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

विराटनगर उमनपा-४ की १३ वर्षीया बालिकालाई ०६८ साउन २४ गते राजघाट गाविस-९ दुर्गापरीका ४५ वर्षीय ज्ञानेन्द्र खनालले बलात्कार गरेको आरोपमा खनाललाई प्रहरीले ०६८ भदौ १ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्यपरीक्षण तथा उपचार भएको थियो। पीडितकी आमाले ०६८ साउन ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। जिल्ला अदालतको आदेशमा आरोपित ०६८ भदौ १९ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

सुन्दरपुर गाविस-६ की पाँच वर्षीया बालिकालाई ०६८ भदौ ४ गते सोही गाविस-६ का २२ वर्षीय बालकृष्ण खड्काले बलात्कार गरको आरोपमा प्रहरीले खड्कालाई ०६ भदौ ५ गते गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्यपरीक्षण भएको थियो। पीडित पक्षले इलाका प्रहरी कार्यालय बेलबारीमा ०६८ भदौ ५ गते उजुरी दिएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०५८ भदौ २० गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

मधुमल्ला गाविस-७ पिपलडाँगीकी १४ वर्षीया बालिकालाई ०६८ कात्तिक १५ गते सोही ठाउँका ४३ वर्षीय लक्ष्मी श्रेष्ठले पीडितको घरमा सुतिरहेको अवस्थामा बलात्कार गरेको आरोपमा श्रेष्ठलाई ०६८ कात्तिक १६ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित ०६८ मङ्सिर ८ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षको लागि थुनामा छन्।

कटहरी गाविस-२ की कक्षा ११ मा अध्ययनरत १७ वर्षीया बालिकालाई ०६८ मङ्सिर २२ र २३ गते सोही गाविस-२ निवासी विराटनगर उमनपा-१० हाटखोलास्थित शान्ति रेष्टुरेण्टका सञ्चालक २७ वर्षीय कामेश्वर मण्डल र सोही गाविस-२ निवासी सोही रेष्टुरेण्टमा वेटर पदमा कार्यरत २२ वर्षीया कविता रायले नाच सिकाउने प्रलोभनमा पारी बन्धक बनाएर जबरजस्ती यौनकार्यमा संलग्न गराएको आरोपमा पीडित पक्षले ०६८ मङ्सिर प्रहरीमा उजुरी दियो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितद्वयलाई प्रहरीले ०६८ मङ्सिर २३ गते गिरफ्तार गऱ्यो। उनीहरूमाथि मानव बेचबिखन तथा ओसार पसार ऐनअन्तर्गतको मुद्दामा अनुसन्धान यो वर्षको अन्त्यसम्म पनि प्रहरीले अनुसन्धान जारी राखेको छ।

बेलबारी गाविस-४ लालभित्तीकी ६ वर्षीया बालिकालाई ०६८ कात्तिक २ गते बिहान सोही ठाउँका ५२ वर्षीय जयबहादुर पन्धाक लिम्बूले पीडितकै घरमा बलात्कार गरेको अरोपमा पीडितका अभिभावकले इलाका प्रहरी कार्यालय बेलबारीमा ०६८ कात्तिक २ गते उजुरी दिए। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण एवम् उपचार भयो। आरोपित यो वर्षको अन्त्यसम्म फरार छन्।

मझारे गाविस-७ की १८ वर्षीया बालिकालाई ०६७ माघ २ गते सोही ठाउँकी ३० वर्षीया विन्ध्यादेवी साहले भारतको कटिहार लगेर बेचबिखन गरेको आरोपमा पीडितका आफन्तले ०६७ फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित साहलाई प्रहरीले त्यसै दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित ०६७ फागन १६ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

बलात्कारपश्चात् हत्या

रङ्गेली गाविस-६ मधुवनीकी आठ वर्षीया प्रियङ्काकुमारी मण्डललाई ०६८ साउन २ गते साँझ सोही ठाउँका २४ वर्षीय सञ्जय मण्डलले उनकै घरमा टेलिभिजन हेरिरहेको अवस्थामा बलात्कार गरी हत्या गरेको आरोपमा मण्डललाई प्रहरीले ०६८ साउन २ गते गिरफ्तार गऱ्यो। हत्यापछि पीडितको लास आरोपितका छिमेकी तथा काका रामप्रसाद मण्डलको खेतमा खाल्डोमा फालिएको अवस्थामा प्रहरीले फेला पाऱ्यो। पीडितको लासको पोस्टमार्टम रङ्गेली अस्पतालमा भयो। जिल्ला अदालतको आदेशमा आरोपित ०६८ साउन २९ गतेदेखि कारागार शाखा मोरङमा थुनामा छन्।

ओसारपसार

शनिश्चरे गाविस -५ निवासी सोही ठाउँको बुद्ध मावि कक्षा-७ मा अध्ययनरत तीनजना बालिकालाई ०६८ भदौ २२ गते शनिश्चरे -४ की ३४ वर्षीया गोमा ढकाल, सोही ठाउँकी ४५ वर्षीया रीता लुइँटेल र उर्लाबारी-६ की २६ वर्षीया गीता गुरुङले ललाइफकाइ भारत लानेक्रममा पीडितमध्ये एकजना मङ्गलबारेबाटै भागिन्। अन्य दुईजना पीडित हालसम्म बेपत्ता छन्। आरोपितत्रयलाई प्रहरीले ०६८ कात्तिक २५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपितहरू ०६८ असोज १० गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सिजुवा गाविस-८ की २५ वर्षीया महिलालाई ०६८ असार ७ गते साँझ पतिसँग बजारबाट घर फर्कदै गर्दा गोविन्दपुर गाविस-१ का १९ वर्षीय डिप्लुङ राई, सोही गाविस-७ का २० वर्षीय सरोज पौडेल, २१ वर्षीय हेमु लिम्बू र २२ वर्षीय गोपाल बस्नेतले पतिलाई लाठी कुटपिट गरी पत्नीलाई सनपाटबारीमा लगेर सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले कारबाही अघि बढायो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडितका पतिले ०६८ असार ८ गते इलाका प्रहरी कार्यालय सिजुवामा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले घटना भएकै राति गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपितहरू ०६८ साउन ३ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा राखिएका छन्।

लेटाङ गाविस-५ की ४५ वर्षीया महिलालाई ०६७ फागुन २९ गते वयरवन गाविस-९ स्थित चारकोसे झाडीमा सुनसरी जिल्ला इटहरी नपा-४ का १६ वर्षीय सुनील मोक्तान, सोही नपा-१ का २१ वर्षीय आशिष भन्ने प्रेम राई र लेटाङ गाविस-१ का २१ वर्षीय दीपक तिम्सिनाले सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले आरोपितहरूलाई ०६७ चैत २० गते गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्यपरीक्षण भएको थियो। पत्नी पतिसँग हिँडिरहेका समयमा आरोपितले पीडितका पतिलाई टाउकोमा दाउरा प्रहार गरी पीडितलाई जङ्गलमा लगी सामूहिक बलात्कार गरेको इलाका प्रहरी कार्यालय लेटाङले जानकारी गरायो। बलात्कारका क्रममा पीडितका साथमा भएका सुनका गरगहनासमेत आरोपितले लुटेर लगेका थिए। लुटेका सुनका गरगहना बिक्री गर्दै गरेको समयमा लेटाङ बजारबाट प्रहरीले आरोपितहरुलाई गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपितत्रय ०६८ वैशाख ५ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा राखिएका छन्।

शनिश्चरे गाविस-८ की अपाङ्गता भएकी ३० वर्षीया महिलालाई ०६७ चैत १९ गते सोही गाविस-९ का २९ वर्षीय जीनबहादुर चौहानले पीडितको घरदेखि ५० मिटर टाढा लगी बलात्कार गरेको आरोपमा चौहानलाई प्रहरीले चैत १९ गते नै आरोपितको घरबाटै गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चलअस्पतालमा घटना भएकै दिन स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६८ वैशाख ९ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

सुनसरी जिल्ला धरान नपा-५ की ३२ वर्षीय महिलालाई ०६७ माघ २५ गते विराटनगर उमनपा-३ स्थित विराट नर्सिङ होमका चिकित्सक ४० वर्षीय सुदीप सिंहले स्वास्थ्यपरीक्षण गर्ने क्रममा बलात्कार गर्ने प्रयास गरेको आरोपमा पीडितले ०६७ माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई अस्पताल प्रशासनले माघ २६ गते नै निष्काशन गऱ्यो। जिल्ला प्रहरी कार्यालयले आरोपित र पीडितबीच माघ २९ गते मेलमिलाप गरायो।

मृगौलिया गाविस-४ की ४१ वर्षीया महिलालाई ०६७ माघ १६ गते बारीमा घाँस काट्न गएको समयमा सोही ठाउँका ४५ वर्षीय खेम खवास र ४७ वर्षीय सेवा खवासले बलात्कार गरेको आरोपमा आरोपितद्वयले प्रहरीले ०६७ माघ १६ गते नै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्यपरीक्षण घटना भएकै दिन विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा भयो। जिल्ला अदालतको आदेशमा आरोपितहरू ०६७ फागुन १३ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षको लागि थुनामा छन्।

शनिश्चरे गाविस-७ की ३५ वर्षीया महिलालाई ०६८ असार ३१ गते सोही ठाउँका ४० वर्षीय पर्वत बस्नेतले बलात्कार गरेको आरोपमा बस्नेतलाई प्रहरीले ०६८ असार ३१ गते गिरफ्तार गऱ्यो। पीडितको उर्लाबारी गाविस-६ स्थित मङ्गलबारे प्राथमिक स्वास्थ्यकेन्द्रमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित जिल्ला अदालतको आदेशबमोजिम ०६८ साउन १८ गतेदेखि कारागार शाखा मोरङमा थुनामा छन्।

इन्द्रपुर गाविस-९ की ३८ वर्षीया महिलालाई ०६८ साउन २५ गते राति ८.३० बजे सोही गाविस-३ का ४० वर्षीय तीर्थ अधिकारीले पीडितकै घरैमा गई बलात्कार गरेको आरोपमा अधिकारीलाई ०६८ साउन २६ गते इलाका प्रहरी कार्यालय बेलबारीले गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्यपरीक्षण भयो। पीडितले ०६८ साउन २६ गते इलाका प्रहरी कार्यालय बेलबारीमा उजुरी दिइन्। आरोपित जिल्ला अदालतको आदेशबमोजिम ०६८ भदौ १५ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

दाइजो नदिएको कारण

सिसवनी बडहरा गाविस-७ की २० वर्षीया मनमती झाँगडसँग ०६७ फागुन २० गते ०६७ फागुन २० गते सुनसरी जिल्ला सत्तेरझोडा गाविस-३ का १९ वर्षीय मनोज उरावँले एक लाख रुपैयाँ दोइजो नदिएको आरोपमा तय भइसकेको विवाह रद्द गरे। पीडितले ०६७ फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई पीडितले उजुरी दिएकै दिन गिरफ्तार गऱ्यो। सो उजुरीमा आरोपितले विवाहपूर्व नै ३० हजार रुपियाँ दाइजो भन्दै लिएको र विवाहको दिन पुन: थप १ लाख रुपियाँ माग गरेको उल्लेख गरिएको छ। जिल्ला अदालतको आदेशमा आरोपित सामाजिक व्यवहार सुधार ऐनअन्तर्गतको मुद्दामा ५५ हजार रुपियाँ राख्न नसकी ०६७ चैत १६ गतेदेखि कारागार शाखा मोरङमा थुनामा छन्। आरोपितले पीडितलाई विवाहपूर्व नै ललाइफकाइ आफ्नो नियन्त्रणमा लिई दुई दिनसम्म शारीरिक सम्बन्ध राखेको आरोपमा प्रहरीले बलात्कारसम्बन्धी मुद्दा दर्ता गराएर मुलतबीमा राखेको छ।

परिवारजनबाट हत्या र कुटपिट

विराटनगर उमनपा-६ की २६ वर्षीया मञ्जु रामलाई ०६७ पुस २४ गते पीडितका ससुरा ५७ वर्षीय भोला राम,पीडितका देवर २२ वर्षीय कान्छु राय, २४ वर्षीय बिमल रायले घरायसी विवादमा कुटपिट गरी घाइते बनाए। आरोपितमध्ये देवर कान्छुलाई प्रहरीले ०६७ पुस २७ गते गिरफ्तार गऱ्यो। उनी माघ २२ गते सादा तारेखमा रिहा भए। अन्य आरोपितहरू फरार छन्।

सिसवनी जहदा गाविस-२ की ५४ वर्षीया रामशीलादेवी मुखियालाई ०६७ माघ ७ गते उनका पति ५५ वर्षीय किचनलाल मुखियाले घरायसी विवादका कारण राति सुतेको समयमा टाउकोमा धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाए। पीडितको उपचार गर्न विराटनगरस्थित कोसी अञ्चल अस्पताल ल्याउने क्रममा बाटोमै मृत्यु भएको थियो। पीडितलाई धारिलो हतियार प्रहारपछि आरोपितले पनि सोही हतियार प्रहार गरेर आत्महत्या गर्ने प्रयास गरेका थिए। उनलाई विराटनगरस्थित कोसी अञ्चल र नोवेल मेडिकल कलेजमा उपचार भयो। जिल्ला अदालतको आदेशबमोजिम आरोपित ०६७ फागुन ५ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

विराटनगर उमनपा-१६ की २१ वर्षीया दीपा खनाललाई ०६७ फागुन १ गते पीडितका पति २५ वर्षीय दिलीप खनालले शारीरक र मानसिक यातना दिएको आरोप भयो। पीडितले फागुन १ गते नै जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योगअन्तर्ग उजुरी दिइन्। प्रहरीले आरोपितलाई ०६७ फागुन ३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा पीडित ३५ हजार धरौटी राख्न नसकेर ०६७ फागुन २३ गतेदेखि कारागार शाखा मोरङमा थुनामा छन्।

बेलबारी गाविस-४ सिंहदेवी डाँडाकी ४२ वर्षीया बिमला पौडेललाई ०६८ भदौ ६ गते राति पीडितका पति मृगौलिया गाविस-८ का ५१ वर्षीय सोमनाथ भन्ने कृष्ण पौडेल र सोही ठाउँका ३१ वर्षीय राजु चौधरीले घरायसी विवादका कारण धारिलो हतियार प्रहानर गरी पीडितको घरैमा हत्या गरेको आरोपमा मृतकका भाइ रोहित भट्टराईले ०६८ भदौ ६ गते इलाका प्रहरी कार्यालय बेलबारीमा उजुरी दिए। प्रहरीले आरोपित कृष्णलाई ०६८ भदौ ६ गते र राजुलाई भदौ ७ गते गिरफ्तार गऱ्यो। आरोपितद्वय जिल्ला अदालतको आदेशमा ०६८ भदौ ३० गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

हात्तीमुढा गाविस-३ की ३५ वर्षीय सेमा सरदारलाई ०६८ मङ्सिर २२ गते छोराछोरी नजन्माएको आरोपमा पति ३३ वर्षीय रिक्सा चालक अशोक सरदारले कुटपिट गरी घरनिकाला गरे। पीडितलाई घर निकाला गरेकै दिन आरोपितले थलाहा गाविस - ३ की एक जना युवतीसँग दोस्रो विवाह गरे। दोस्रो विवाह गरेलगत्तै आरोपितले हात्तीमुडा गाविसको आफ्नो घर भत्काएर थलाहा गाविस नै लगे। पीडितले घटना थाहा पाए लगत्तै माइती घरबाट हात्तीमुडा फर्किन्। पीडितले ०६८ पुस ५ गते न्याय माग्दै गाविस

कार्यालय हात्तीमुडामा उजुरी दिइन्। यो वर्षको अन्त्यसम्म आरोपितलाई कारबाही भएन।

बहुविवाह

डाँगीहाट गाविस-५ का ३२ वर्षीय प्रकाश विष्टले घरमा २९ वर्षीया पत्नी रीता विष्ट र दुई छोराछोरी हुँदाहुँदै ०६८ वैशाख २८ गते पथरी गाविस-५ की २४ वर्षीया सुस्मिता कार्कीसँग दोस्रो विवाह गरे। विवाहकै दिने पत्नी रीताले इलाका प्रहरी कार्यालय पथरीमा उजुरी दिइन्। उजुरी दिएकै दिन इप्रका पथरीले प्रकाशलाई पथरी गाविस-५ स्थित विवाह मण्डपबाटै सुस्मितासहित गिरफ्तार गऱ्यो। इप्रका उर्लाबारीले आफ्नो कार्यक्षेत्रमा नपरेको भन्दै ०६८ वैशाख २९ गते इप्रका बेलबारीमा बुझायो। इप्रका बेलबारीले जेठी पत्नीलाई खाइजीविका उपलब्ध गराइ दिने, छोराछोरी पढाइ दिने कागज गराएर वैशाख ३० गते आरोपितद्वय प्रकाश र सुस्मितालाई रिहा गऱ्यो।

लेटाङ गाविस-१ की ४२ वर्षीया सुनिता तामाङका पति सोही ठाउँका ४१ वर्षीय सञ्जय तामाङले ०६८ असार १४ गते बहुविवाह गरेको भनी पीडितले ०६८ साउन ८ गते इलाका प्रहरी कार्यालय लेटाङमा उजुरी दिइन्। आरोपित र कान्छी पत्नी सुनसरी जिल्ला इटहरी नपा-२ की २६ वर्षीया बालकुमारी तामाङ फरार छन्।

सबै प्रकारका जातीय विभेद

भोजपुर जिल्ला रानीवास गाविस-१ का २८ वर्षीय मनोज विक र सोही गाविस-२ की २० वर्षीया शकुन्तला भण्डारीलाई ०६७ चैत ७ गते जिल्ला प्रहरी कार्यालयले अन्तजातीय विवाह गरेको आरोपमा काठमाडौँबाट गिरफ्तार गऱ्यो। पीडितहरूलाई चैत ८ गते प्रहरीले विराटनगर ल्याएर जिल्ला प्रहरी कार्यालयमा राख्यो। सोही दिन पीडित भण्डारीलाई प्रहरीले जबरजस्ती आमाको जिम्मा लगायो। विकलाई हिरासतमा राखेकोमा दलितसम्बन्धी सङ्घसंस्थाले विरोध जनाउँदै रिहा गर्न प्रमुख जिल्ला अधिकारी सुरेश अधिकारलाई दबाब दिए। पीडित सोही दिन रिहा भए। पीडितले पुनरावेदन अदालत विराटनगरमा जिल्ला प्रहरी कार्यालय र शकुन्तालाका मामा डिल्ली डाँगीविरुद्ध ०६७ चैत १५ गते उजुरी दिए। सो अदालतले शकुन्तलालाई सात दिनभित्र उपस्थित गराउन जिल्ला प्रहरी कार्यालयलाई ०६७ चैत १८ गते आदेश दियो। सो आदेशपछि प्रहरीले शकुन्तलालई अदालतसमक्ष उपस्थित गरायो। अदालतले विक र भण्डारीबीच कानुनी विवाह गराई दिन जिल्ला प्रहरी कार्यालयलाई पुनः आदेश गऱ्यो। सो आदेशपछि पीडितद्वयको ०६८ जेठ ३० गते जिल्ला अदालतमा कानुनी विवाह भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, सम्पति कब्जा

अज्ञात समूहबाट

बेलबारी गाविस-३ स्थित मालपोत शाखा कार्यालय बेलबारीको भवनमा ०६८ चैत २८ गते अज्ञात समूहले कुकर बम विस्फोट गरायो। विस्फोटनबाट कार्यालयको भवन चर्किएर सामान्य क्षति पुग्यो। त्यसैगरी ०६८ वैशाख ४ गते विराटनगर उमनपा-१३ स्थित राधेश्याम बजाजको कोसी मार्केटमा चन्दा नदिएको आरोपमा जनतान्त्रिक तराई मुक्ति टाइगर्सले विस्फोटको तयारी अवस्थामा कुकुर बम राख्यो। सो बम इटहरीस्थित सेनाको पूर्वी पृतना मुख्यालयको टोलीले निष्क्रिय पाऱ्यो।

युवा सङ्घ नेपालबाट

विराटनगर उमनपा-१३ का अशोक मिश्र र विराटनगर उमनपा-८ का केएल दुगडको क्रमशः को ५ च ४६८७ नम्बरको जिप विराटनगरस्थित केसलिया रोडमा र बा५च ७५६७ नम्बरको मारुती भ्यान विराटनगर-१५ स्थित जनपथटोलमा ०६८ असार ३ गते बन्द अवज्ञा गरेको आरोपमा युवा सङ्घ नेपालका कार्यकर्ताहरूले आगजनी गरी क्षति पुऱ्याए। पीडितद्वयले प्रहरीमा सोही दिन उजुरी दिए। आरोपित व्यक्तिको नाम किटान नगरेको कारण जनाएर प्रहरीले कारबाही गरेन। त्यस्तै रङ्गेली गाविस-१ का सिकचली मण्डलको को१त६४९६ नम्बरको ट्याक्टर रङ्गेली बसपार्कमा राखेको अवस्थामा ढुङ्गामुढा गरी तोडफोड गरेर क्षति पुऱ्याए। सो घटनामा संलग्न भएको आरोपमा रङ्गेली गाविस-१ निवासी युवा सङ्घ नेपाल गाउँ इकाइ अध्यक्ष शिवकुमार मण्डललाई प्रहरीले घटना भएकै दिन गिरफ्तार गऱ्यो। सो ट्याक्टर बनाई दिने कागज गरी आरोपितलाई इलाका प्रहरी कार्यालय रङ्गेलीले सोही दिन उनलाई रिहा गऱ्यो।

ब्राह्मण समाज नेपाल, खस क्षेत्री एकता समाज, लिम्बूवान राज्य परिषदबाट

लाली गुराँस वचत तथा ऋण सहकारी संस्था लिमिटेड बेलबारीको को१च ३६५८ नम्बरको एम्बुलेन्स कोसी राजमार्गअन्तर्गत विराटनगरको पस्ने खार्जी ढाटमा ०६८ जेठ १३ गते बन्द अवज्ञा गरेको आरोपमा ब्राह्मण समाज नेपाल, खस क्षेत्री एकता समाज र लिम्बूवान परिषद्का कार्यकर्ताहरूले ढुङ्गामुढा गरी क्षति पुऱ्याए। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले कसैलाई पनि कारबाही गरेन। ती संस्थाहरूले नयाँ बन्ने संविधानमा आफूहरूका माग सम्बोधन गर्नुपर्ने माग राखी बन्द आह्वान गरेका थिए।

सङ्घीय भोलेन्टियर्सबाट

उर्लाबारी गाविस-२ का ४७ वर्षीय बुद्धिप्रसाद भट्टराईको घरमा ०६७ फागुन १० गते सङ्घीय लोकतान्त्रिक पार्टीको भ्रातृ सङ्गठन सङ्घीय भोलेन्टियर्सका कमाण्डर भनिने तेन्धङको नेतृत्वमा झापा जिल्ला गौरादह गाविस-८ का राजकुमार दाहालले लिएको ६५ हजार रुपियाँ नतिरेको आरोपमा तालाबन्दी गरे। पीडितले ०६७ फागुन ११ गते इलाका कार्यालय उर्लाबारीमा उजुरी दिए। प्रहरीले पीडितले उजुरी दिएकै दिन भोलन्टियर्सका कार्यकर्ताले पीडितको घरमा लगाएको ताला फोडेर घरको छानामा गाडेको झण्डा प्रहरीले झिक्यो।

मञ्च सम्बद्ध लिम्बूवान राज्यपरिषदबाट

पथरी गाविस-१ निवासी एमाले क्षेत्रीय समिति सदस्य ३७ वर्षीय अशोक राईको को४प ५१५३ नम्बरको मोटरसाइकल ०६७ माघ २७ गते महेन्द्र राजमार्गको कानेपोखरी पथरी सडकखण्डमा बन्द अवज्ञा गरेको आरोपमा मञ्च सम्वद्ध लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताहरूले आगजनी गरी क्षति पुऱ्याए। पीडितले सोही दिन इलाका प्रहरी कार्यालय पथरीमा उजुरी दिए। उजुरीपछि इलाका प्रहरी कार्यालय पथरीले किटानी जाहेरी नपरेकोले कारबाही गर्न नसकिएको बतायो। लिम्बूवान राज्य परिषदले आन्दोलनमा घुसपैठ भएको भन्दै बन्दमा आगजनी र तोडफोड गर्ने मनसाय नभएको जानकारी सार्वजनिक गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला जनस्वाथ्य कार्यालयका प्रमुख नवराज सुब्बाका अनुसार, कोसी अञ्चल अस्पतला र जिल्ला अस्पताल रङ्गेली गरी जिल्लामा दुईओटा सरकारी अस्पताल छन्।

मोरङ अस्पताल

अस्पताल	२		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	४९		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१०	७	३
स्टाफ नर्स	११	९	२
ल्याब असिस्टेन्ट	८	८	
अहेब	९८	८६	१२
अनमी	७३	७३	
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	२	२	
हेल्थ असिस्टेन्ट	१	१	

कोसी अञ्चल अस्पताल

पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	७८	५३	२५
स्टाफ नर्स	७८	७७	१
ल्याब असिस्टेन्ट	५	५	
अहेब	२५	२५	
अनमी	४९	४९	
हेल्थ असिस्टेन्ट	१	१	

१.६ सुनसरी

जनसङ्ख्या : ७,५१,१२५
पुरूष : ३,६५,९२७
महिला : ३,८५,१९८
साक्षरता प्रतिशत : ७४
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : १,२५७
गाविस/नपा सङ्ख्या : ४९/३
सरकारी/निजी विद्यालय : ५०७/५३
क्याम्पस/उच्च मा.वि. : ११/३९
मानव विकास सूचकाङ्कः ०.५००
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५१

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

देवानगञ्ज गाविस- ८ निवासी काङ्ग्रेस कार्यकर्ता ४० वर्षीय सानु यादवको ०६८ साउन १३ गते धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा मृत्यु भयो। यादवलाई भारतीय बजार फूलकाहाबाट कपास ल्याउँदै गर्दा इलाका प्रहरी कार्यालय देवानगञ्जले नियन्त्रणमा लिएपछि स्थानीयबासिन्दाले प्रहरी चौकी अगाडि प्रदर्शन गरेका थिए। सो प्रदर्शनलाई नियन्त्रण लिन प्रहरीले लाठी तथा गोली प्रहार गर्दा यादवसहित ३१ जना घाइते भएका थिए। मृतकको लास ०६८ साउन १४ गते सोही प्रतिष्ठानमा पोस्टमार्टम गरी प्रहरीले परिवारको जिम्मा लगायो भने स्थानीय बासिन्दाले लासलाई सदरमुकाम इनरूवामा प्रदर्शन गराई स्थानीय सुनसरी खोलामा पारिवारिक रीतिअनुसार दाहसंस्कार गरे। सोही घटनामा प्रहरीको लाठीचार्जबाट देवानगञ्ज गाविस - ८ का खटर अन्सारी, सोही गाविस - ३ का ४५ वर्षीय जयकृष्ण मेहता, ६५ वर्षीय फुलकुनदेवी मेहता, मीरादेवी मेहता, वीरेन्द्र मेहता, मिथिलेस कर्ण, ब्रम्हदेव मेहतालाई ढाड, हात, खुट्टामा चोट लागेको थियो। घटनामा संलग्न भएका प्रहरीलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

खम्बूवान मुक्ति मोर्चा संयुक्तबाट

जिल्ला प्रहरी कार्यालय सुनसरीका एसपी ५४ वर्षीय राजु मानन्धर, इटहरी नपा-४ का २४ वर्षीय टेकराज गिरी, १३ वर्षीय प्रवीण भुजेल, सोही नपा-३ का २४ वर्षीय सुरेन्द्र पोखरेल र मोरङ जिल्ला मृगौलीया गाविस -६ सलकपुरका ४४ वर्षीय रीतबहादुर थापा खम्बूवान मुक्ति मोर्चा संयुक्तले ०६८ मङ्सिर १७ गते इटहरी नपा -१ स्थित मुख्य चोकमा राखेको प्रसर कुकर बम निष्कृय बनाउन तयारी भइरहेको बेला विस्फोट हुँदा छर्रा लागेर घाइते भए। घाइतेमध्ये एसपी मानन्धर र थापाको उपचार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो भने गिरीलाई थप उपचारका लागि भारतको सिलिगुडी रेफर गरिएको प्रहरीले जनायो। नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय गराउने क्रममा भिडलाई हटाइरहेको अवस्थामा बम विस्फोट भएको थियो। खम्बूवान मुक्ति मोर्चा (संयुक्त) का प्रवक्ता आकार खम्बूले पत्रकारलाई फोन गरेर घटना आफूहरूले गराएको दाबी गरेका थिए।

आफ्नै बम विस्फोटनबाट

बबिया गाविस - ३ का २२ वर्षीय श्यामकुमार मेहता, १८ वर्षीय नारायण मेहता र श्रीपुर गाविस - ३ का २५ वर्षीय सागिर मियाँले बबिया गाविस- ३ स्थित रामेश्वर मेहताको घरमा भण्डारण गरेको सकेटबम ०६८ साउन १८ गते विस्फोट हुँदा हातखुट्टा, अनुहार टाउकोमा चोट लागेर घाइते भए। उनीहरूलाई प्रहरीले त्यसै दिन गिरफ्तार गऱ्यो। उनीहरूमध्ये श्याम धरौटीमा रिहा भए भने नारायण र सागिर जिल्ला अदालत सुनसरीको आदेशमा ०६८ भदौ २० गते कारागार चलान भए। घाइतेहरूको विराटनगरस्थित न्यूरो अस्पतालमा सामान्य उपचार गरी उपचार कोसी अञ्चल अस्पतालमा प्रहरीको निगरानीमा थप उपचार भयो। घटनास्थलमा रहेको एउटा सकेट बम नेपाली सेनाको डिस्पोजल टोलीले

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
घाइते					१३		१३
बालअधिकार				९			९
अमानवीय व्यवहार					१		१
अपहरण				१	१		३
महिलाअधिकार				६			६
भेला/सङ्गठित हुने अधिकार	१	६६	६७			१	१
जातीय विभेद					१		१
गिरफ्तारी/यातना	१		१				
कुटपिट	६		६	१	३		३
धम्की					४		४
हत्या	१		१	३	५		८
जम्मा	**९**	**६६**	**६५**	**३०**	**३६**	**१**	**४८**

निष्कृय गरेको प्रहरीले जनायो।

जेल र बन्दीहरू

भादगाउँ सिनुवारी गाविस-५ झुम्कास्थित क्षेत्रीय कारागारको बन्दी क्षमता ५ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३ सय ७० र कैद नतोकिएका २ सय ८९ कैदी र थुनुवा गरी जम्मा ६ सय ५९ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष बन्दीहरू मात्र रहेका छन्।

कारागारको भौतिक संरचनाको अवस्था कैदी बन्दीहरूलाई बस्नका लागि ३५ वटा कोठा रहेको छ भने नुहाउन तथा लुगा धुनका लागि पानी पर्याप्त रहेको छ। कारागारमा पढ्नका लागि दैनिक तथा साप्ताहिक पत्रिका आइरहेको छ भने प्राय:जसो कोठाहरूमा टिभी रहेको छ। त्यसैगरी खेल्ने सामग्रीहरूमा ब्याडमिन्टन, भलिबल, क्रिकेट क्यारेमबोर्ड उपलब्ध रहेको जेलर कालीप्रसाद पराजुलीले जानकारी दिए। त्यसैगरी सुरक्षाको अवस्थालाई हेर्दा इन्स्पेक्टर ईश्वरकुमार बस्नेतको नेतृत्वका ५० जना सुरक्षाकर्मीहरू पालैपालो सुरक्षा दिइरहेको जेलर पराजुलीले बताए। कारागारमा बिरामी हुँदा प्राथमिक उपचारका लागि अहेब यमप्रसाद गौतमले गर्दै आएका छन्। कैदीबन्दीहरू जेलभित्रै मुढा, टोपी बुन्ने, सैलुन चलाउने, फर्निचर चलाउने, क्यान्टिन चलाउने, फोटोफ्रेम बनाउनेजस्ता काम गरिरहेको चौकीदार अलिअसुफ अन्सारीले बताए। चौकीदार अन्सारीका अनुसार कैदी बन्दीको आफन्तसँग कुराकानी गर्नका लागि तीन सेट टेलिफोन उपलब्ध गराइएको छ। शौचालयमा १६ वटा मात्र भएकोले दिसापिसाब गर्न पालो बस्नुपर्ने, त्यसैगरी एउटै कोठामा १८ जनासम्म बस्दा फोहोर हुने, सुत्न र बस्न अप्ठ्यारो हुने, खाना खानका लागि छुट्टै घरको व्यवस्था नभएकोले सुत्ने कोठामै खानुपर्नेजस्ता समस्या रहेको सिटी कमाण्डर तारा नेपालले बताए। आफूहरू सरकारले दिएको ७ सय ग्राम चामल र ४५ रुपियाँ पाइरहेको नेपालले बताए। महिलाहरूको कारागार निर्माणाधीन अवस्थामा छ भने कारागारभित्र बालबालिकाहरू छैनन्।

धम्की/कुटपिट

राज्यपक्षबाट

घुस्की गाविस - ८ का ३६ वर्षीय राजेन्द्र मण्डल, सोही ठाउँका ३३ वर्षीय श्यामदेव मण्डल, १२ वर्षीय सञ्जयकुमार मण्डल, १४ वर्षीय चञ्चल मण्डल, २३ वर्षीय उपेन्द्र मण्डल तथा ४५ वर्षीय देवनारायण मण्डललगायतलाई ०६८ वैशाख १९ गते प्रहरीले बसन्तपुर गाविस-९मा चेकजाँचको बाहानामा कुटपिट गरी घाइते बनाए। वसन्तपुर बेस क्याम्पका असई राजेन्द्रप्रसाद खतिवडा र हवल्दार रजक मियाँले बिनाकारणबाट टिकोटालो सकेर घर फर्कने क्रममा आफूहरूलाई कुटपिट गरी घाइते बनाएको पीडितहरूले बताए। घाइतेहरूको जिल्ला अस्पताल इनरूवामा उपचार भयो।

प्रहरीको गोलीबाट घाइते भई उपचारको क्रममा मृत्यु भएका सानु यादव

अज्ञात समूहबाट

मोरङ जिल्ला विराटनगर उमनपा-१५ निवासी मकालु टेलिभिजनका समाचारवाचक २२ वर्षीया पवित्रा पाण्डे र खोटाङ जिल्ला बतासे गाविस -५ घर भई इटहरी नपा -५ निवासी सोही टिभीका क्यामेरापर्सन २० वर्षीय बासु पौडेललाई अज्ञात समूहले ०६८ वैशाख ९ गते जिल्ला रिपोर्टसहरूको भेलामा सहभागी भई मोटरसाइकलमा कार्यालय फर्कने क्रममा सोही नपा-५ स्थित खाद्यगोदाम नजिक आक्रमण गरी घाइते बनायो। घाइतेको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचार भयो। घटनामा संलग्नहरूको खोजी भइरहेको इन्स्पेक्टर श्यामल सुब्बाले बताए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा एमालेका केन्द्रीय अध्यक्ष ६१ वर्षीय झलनाथ खनाललाई भरौल गाविस -१ का ४९ वर्षीय देवीप्रसाद रेग्मीले ०६७ माघ ६ गते इटहरी नगरपालिका परिसरमा एमाले पार्टी प्रवेश गर्ने कार्यकर्ताहरूलाई टिका ग्रहण गर्न लाइनमा लागेर नजिक पुगेपछि गालामा झापड हानेर दुर्व्यवहार गरे। आरोपितलाई प्रहरीले सोही दिन नियन्त्रणमा लिएकोमा आफूबाट गल्ती भएको भन्दै ०६७ माघ १० गते प्रहरी समक्ष बयान दिएपछि उनलाई १ हजार रुपियाँ धरौटी लिएर रिहा गरेको सुनसरीका एसपी भुपालकुमार भण्डारीले बताए।

राष्ट्रिय जनमोर्चा नेपालले सञ्चालन गरेको सङ्घीयता विरूद्ध जनअभियान अन्तर्गत ०६७ पुस २४ गते इटहरी चोकमा कोणसभा गर्ने क्रममा लिम्बूवान कार्यकर्ताहरूले कार्यक्रममा हस्तक्षेप गरी माइक खोस्नुका साथै झण्डा च्यातिदिए। जनमोर्चाका कार्यकर्ताहरूमाथि मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान परिषद्का कार्यकर्ताले कार्यक्रम बिथोल्दै हातपात समेत गर्न सुरू गरेका थिए। इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएका प्रहरीले लिम्बूवान कार्यकर्तालाई नियन्त्रणमा लिई केही बेरपछि रिहा गरे।

बक्लौरी गाविस -३ स्थित कुमरखत सामुदायिक वन उपभोक्ता समितिका सदस्य ५३ वर्षीय कोपिलमणि चौलागाई, रामधुनी पूर्वोतर सामुदायिक वन उपभोक्ता समितिका ३५ वर्षीय ललिता राई, ५२ वर्षीय गजेन्द्र कटुवाल, हरियाली सामुदायिक वन धरानका ५० वर्षीय सेतुमान तामाङसहित ३६ जना वन उपभोक्ता समितिका सदस्यहरू ०६८ वैशाख ५ गते इनरूवा नपा-५ स्थित जिल्ला वन कार्यालयमा सामुदायिक वनको अधिकार, स्थानीय उपभोक्ता समितिमा निहित हुनु पर्ने माग राखी धर्ना तथा घेराउ गर्न जाँदा सशस्त्र तथा जनपथ प्रहरीसँग भएको दोहोरो झडपमा परी घाइते भए। घटनामा वन उपभोक्ता महासङ्घका अध्यक्ष गणेश गुरागाईं, उपभोक्ताहरू चन्द्र थापा, दिनेश चौधरी, रूद्र बस्नेत, टेकबहादुर तामाङ, प्रदीप काफ्ले, होम गौतम, वंशीधर खड्का, राम भुजेल, मखु नेपाली, गणेश खड्का, छविलाल आचार्य, दिनेश राणा, चुडामणि निरौला र नेपाल प्रहरीका उमेश बजगाई, अनिल तामाङ, सन्तोष तामाङ, राजेश ठाकुर, सीताराम यादव, महेशकुमार रोक्का र भीम चौलागाईंलगायत घाइते भए। घाइतेहरूको जिल्ला अस्पताल इनरूवा, स्थानीय क्लिनिक तथा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ हजार ६ सय ४९ मध्ये ९ सय २० फैसला भए भने ७ सय २९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ९ सय २ मध्ये १ हजार २ फैसला भए भने ९ सय फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ११ र देवानी मुद्दा ११ रहे।

स्थानीय उपभोक्ता समिति र प्रहरीबीच झडप हुँदा घाइते भएका प्रहरी जवान अनिल तामाङ र प्रहरी हवल्दार उमेश बजगाई

०६८ साउनदेखि पुस १६ सम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ हजार १ सय ४७ मध्ये २ सय ५७ फैसला भए भने ८ सय ९० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ३ सय १२ मध्ये २ सय ३२ फैसला भए भने १ हजार ८० फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १८ र देवानी मुद्दा ३२ रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ हजार १ सय ४३ छ जसमध्ये ४ सय ४९ सफल भए भने १ सय २३ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या १ सय २३ पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ५ सय ७१ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ६० मध्ये १९ सफल र १३ असफल रह्यो भने २८ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा ६४ मध्ये २३ सफल १३ असफल रह्यो भने २८ फैसला हुन बाँकी रह्यो। बलात्कार उद्योगसम्बन्धी मुद्दा २१ मध्ये पाँच सफल र छ असफल रह्यो। भने १० फैसला हुन बँकी रह्यो्। अपहरणसम्बन्धी मुद्दा १३ मध्ये एक सफल र तीन असफल रह्यो भने नौ फैसला हुन बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा १८ मध्ये छ सफल र चार असफल रह्यो भने आठ फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ३२ हजार ४ सय ६० मध्ये छात्र ६३ हजार ६ सय ७९ र छात्रा ६८ हजार ७ सय ७७ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १३ हजार ८ सय ५८ र छात्र १३ हजार ६ सय ५० रहेका छन्। विद्यालय जाने उमेरका ९ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको जिशिकाले जनाएको छ। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा १ हजार १ सय ९२ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा ४ सय ४२ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा २ सय ९३ शिक्षक रहेका छन्।



स्थानीय उपभोक्ता समिति र प्रहरी बीच झडप हुँदा घाइते भएका कोमलमणि चौलागाईं

बालविकास केन्द्रहरूमा बालक ७ हजार ५ सय २५ र बालिका ८ हजार ५३ गरी जम्मा १५ हजार ५ सय ७८ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

अपहरण

प्रकाशपुर गाविस -८ का ८ वर्षीय केडिसन कटुवाललाई इटहरी नपा -३ का १८ वर्षीय अञ्जन विष्ट र उनका साथीले ०६८ साउन २९ गते विद्यालय गएको अवस्थामा अपहरण गरे। बालकलाई सोही दिन इटहरी प्रहरीले झापा जिल्ला लैजाँदै गर्दा अपहरण मुक्त गऱ्यो। घटनामा संलग्न भएको आरोपमा विष्टलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालत सुनसरीको आदेशअनुसार ०६८ भदौ २३ गतेदेखि कारागार चलान भए।

ओसारपसार

धरान नपा-१ शिखर टोलकी १४ वर्षीया एक बालिकालाई सोही ठाउँकी ३६ वर्षीया राधा राई र पाँचथर जिल्ला घर भई झापा बेलडाँगी बस्दै आएकी २३ वर्षीया यशोदा गिरी र ३० वर्षीय ईश्वर श्रेष्ठले ०६८ वैशाख १३ गते काम लगाई दिन्छु भनी ललाई फकाई भारतको मुम्बई पुऱ्याए। उनलाई भारतीय मानवअधिकारकर्मी र प्रहरीको सक्रियतामा ०६८ वैशाख २० गते उद्धार गरी परिवारलाई बुझाएको प्रहरीले जनायो। पीडित परिवारले इलाका प्रहरी कार्यालय धरानमा ०६८ वैशाख २१ गते किटानी जाहेरी दिए भने जाहेरीको आधारमा आरोपितहरूलाई इलाका प्रहरी कार्यालयले धरान नपा -१ बाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६८ जेठ १६ गतेदेखि आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मधेली गाविस - २ की एक बालिकालाई ०६८ जेठ २५ गते सोही गाविस ९ का २६ वर्षीय श्रवणकुमार

चौधरीले घुम्न लैजाने भन्दै साइकलमा बसाई औरावनी गाविस- ९ भमरीस्थित एक विद्यालयमा लगी बलात्कार गरेको आरोपमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालत सुनसरीको ०६८ असार २२ गतेको आदेशअनुसार कारागार चलान भए।

विष्णुपादुका गाविस -६ की १४ वर्षीया एक बालिकालाई ०६८ असार ६ गते सोही ठाउँका ४१ वर्षीय तेजबहादुर तामाङले घरमा एक्लै भएको अवस्थामा बलात्कार गरेको आरोपमा पीडितको परिवारले इलाका प्रहरी कार्यालय धरानमा उजुरीको दिएकोमा घटनापछि आरोपित फरार रहेको इन्स्पेक्टर केशव भट्टराईले बताए।

इटहरी नपा-५ जनता बस्तीकी १५ वर्षीया एक बालिकालाई ०६८ असोज २३ गते सोही ठाउँका ४६ वर्षीय हरि गौतमले घरमा एक्लै सुतिरहेको अवस्थामा बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय इटहरीमा ०६८ असोज २४ गते पीडितले उजुरी दिएपछि आरोपितलाई गिरफ्तार गरेको इन्स्पेक्टर महेन्द्र श्रेष्ठले बताए। जिल्ला अदालत सुनसरीको ०६८ कात्तिक १७ गतेको आदेशअनुसार आरोपित पुर्पक्षका लागि कारागार चलान भए।

मध्यहर्षाही गाविस-९ की १६ वर्षीया एक बालिकालाई ०६८ कात्तिक १४ गते सोही ठाउँका २३ वर्षीय राजकुमार मेहता र २२ वर्षीय सियाराम मेहतालेधान काटेर आमासँगै घर फर्कने क्रममा सोही गाविस-५ बाट नियन्त्रणमा लिई बलात्कार गरेको आरोपमा पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६८ कात्तिक १६ गते उजुरीको दियो। प्रहरीले आरोपितमध्ये राजकुमारलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो भने अर्का आरोपित वर्षको अन्त्यसम्म फरार रहे। मेहतालाई जिल्ला अदालत सुनसरीको ०६८ मङ्सिर ७ गतेको आदेशअनुसार कारागार चलान गरियो।

महेन्द्रनगर गाविस-१ की १५ वर्षीया एक बालिकालाई सोही गाविस - २ का ४५ वर्षीय गणेश अधिकारीले घरेलु कामदारको रूपमा राखी पटकपटक यौनदुर्व्यवहार गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा ०६८ वैशाख १९ गते उजुरी दर्ता गरेको इन्स्पेक्टर राजेन्द्र थापाले बताए। आरोपितलाई उनकी दिदी इनु अधिकारीले संरक्षण गरेको भन्दै स्थानीयबासिन्दाले ०६८ वैशाख २२ गते उनको घरमा आगजनी गरी क्षति पुऱ्याए। आगजनीको घटनामा संलग्न रहेको भन्दै अस्मीत गुरूङ, हरि खत्री, राजीव कार्की लगायतलाई नियन्त्रणमा लिई प्रहरीले कारबाही प्रक्रिया अगाडि बढायो। घटनाका मुख्य आरोपित गणेश वर्षको अन्त्यसम्म फरार रहेकाले कुनै कारबाही भएन।

बलात्कारपश्चात् हत्या

भोक्राहा गाविस - ९ चिरौलीचौककी १७ वर्षीया अजमूल खातुनलाई ०६७ फागुन २१ गते घरबाट घाँस काटन गएको अवस्थामा अज्ञात व्यक्तिले बलात्कार पछि हत्या गरे। मृतकको लास फागुन २२ गते घर देखि १ किलोमिटर पूर्व गहूँ खेतमा फेला परेको प्रहरीले जनायो। घरबाट विहान ११ बजे घाँस काटन निस्किएकी तर राति अबेरसम्म नफर्किएपछि छिमेकी तथा आफन्तजनहरूले खोज्दै जानेक्रममा उनको लास खाल्डो खनी गाडेको अवस्थामा फेला परेको थियो। मृतकको पोस्टमार्टम जिल्ला अस्पताल इनरूवामा सोही दिन गराई परिवारको जिम्मा लगाएको प्रहरीले जनायो। घटनामा संलग्न रहेकाहरूको खोजी भइरहेको इन्स्पेक्टर राजेन्द्र पराजुलीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

भादगाउँ सिनुवारी गाविस - ५ की ३५ वर्षीया पूर्णीदेवी चौधरीलाई ०६८ जेठ २९ गते सोही ठाउँका ३५ वर्षीय रामचन्द्र सिंह, ३२ वर्षीय इन्द्र सुब्बा र ३३ वर्षीय दीपक पौदारले बोक्सी लागेर विरामी भएको भन्दै पुन्यू तताएर दुवै गालामा डामी घाइते बनाए। उनको उपचार स्थानीय उपस्वास्थ्य चौकीमा भयो भने थप उपचार मोरङ जिल्लाको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा भयो। घटनामा संलग्न रहेको तीनै



प्रहरीको लाठी प्रहारबाट घाइते भएका क्रमशः जयकृष्ण मेहता, खटर अन्सारी र रामनाथ भगत

जनालाई इलाका प्रहरी कार्यालय पकलीले ०६८ असार १ गते गिरफ्तार गरी मुद्दा दायर गरेकोमा जिल्ला अदालत सुनसरीले ०६८ असार २० गते सादा तारेखमा रिहा गर्ने आदेश दियो।

भोक्राहा गाविस - ३ की २६ वर्षीया सम्खुदेवी उराँवलाई ०६८ मंसिर ७ गते जेठाजु सशस्त्र प्रहरी हवल्दार ३१ वर्षीय विन्द्रा भनिने दुखनलाल उराँवले बोक्सीको आरोप लगाउँदै घरमै सुतिरहेको अवस्थामा टाउकोमा खुकुरी प्रहार गरी घाइते बनाए। आरोपितलाई प्रहरीले मङ्सिर ११ गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको एसपी राजु मानन्धरले जनाए। पीडितको उपचार विराटनगर स्थित न्यूरो अस्पतालमा भयो। बोक्सी मन्त्र लगाएर आफ्नी आमा र दाजुलाई मारेको भन्दै राति साढे ११ बजे भाइबुहारी सम्खुदेवीलाई आरोपितले टाउकोमा खुकुरी प्रहार गरी घाइते बनाएका थिए। पीडितकी जेठा ससुरा सुकालाल उराँवले जिल्ला प्रहरी कार्यालय इनरूवामा उजुरी दिए पछि घटना सार्वजनिक भएको थियो। सशस्त्र प्रहरीको कञ्चनजङ्घा गुल्ममा कार्यरत हवल्दार दुखनलाल बुवा बिरामी भएकोले गत मङ्सिर ६ गते विदा लिई घर आएका थिए। आरोपितलाई जिल्ला अदालत सुनसरीले ०६८ पुस ११ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मोरङ जिल्ला केचना गाविस - १ निवासी २० वर्षीया एक युवतीलाई पकली गाविस -४ का २८ वर्षीय शङ्कर साह, सोही गाविस -३ का २७ वर्षीय महदिन अन्सारी र २३ वर्षीय मोहम्द अलाउदिनले ०६८ वैशाख ९ गते पकली तथा हाँसपोसा गाविसको विभिन्न स्थानमा पुऱ्याई बलात्कार गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय पकलीमा ०६८ वैशाख १२ गते उजुरी दियो। उजुरीको आधारमा सोही दिन आरोपितहरूलाई इटहरी नपा-५ जनतावस्तीबाट प्रहरीले गिरफतार गऱ्यो। आरोपितहरू जिल्ला अदालत सुनसरीको आदेशमा जनही ५० हजार रूपियाँका दरले धरौटी राखी ०६८ जेठ ८ गते रिहा भए।

खनार गाविस -५ की १९ वर्षीया एक महिलालाई दुहवी गाविस - ५ का १९ वर्षीय मो. वकिल मियाँ र मोरङ जिल्ला हात्तिमुडा गाविस ७ का मो.इब्राइम मियाँले घरमा काम गरिरहेको अवस्थामा ०६८ कात्तिक १० गते सामूहिक बलात्कार गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय इटहरीमा ०६८ कात्तिक ११ गते उजुरी दिएपछि आरोपितहरूलाई गिरफ्तार गरेको इन्स्पेक्टर महेन्द्र श्रेष्ठले बताए। पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्यपरीक्षण गराएको प्रहरीले जनायो। जिल्ला अदालत सुनसरीको ०६८ मङ्सिर ५ गतेको आदेशअनुसार आरोपितद्वय पुर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

परिवारजनबाट घरनिकाला

इटहरी नपा -४ की २५ वर्षीया यमुना ढकाललाई पति ३२ वर्षीय लक्ष्मीकृष्ण ढकाल, सासू ५२ वर्षीया छत्रमाया ढाकाल र ससुरा ६० वर्षीय हरिप्रसाद ढकालले ०६८ कात्तिक १५ गते राम्रो बच्चा जन्माउन नसकेको भन्दै घर निकाला गरे। विवाह भएको दुई महिनापछि नै पतिले विभिन्न किसिमका शारीरिक तथा मानसिक यातना दिँदै आएको पीडितले बताइन्। मानसिक यातना तथा पीडाका कारण एउटा बच्चा ५ महिनामा र अर्को बच्चा तीन महिनामा खेर गएको थियो। उक्त घटनापछि पतिसहित सासू-ससुराले गालीगलौज गर्ने गरेकाले यसवर्षको दशैंको नवमीका दिन माइत गएको र छठको दिन घर आउँदा पतिले 'जहाँबाट आइस त्यहीं जा' भन्दै ढोका बन्द गरी घर पस्न दिएनन्। पीडितले न्याय माग्दै इलाका प्रहरी कार्यालय इटहरीमा ०६८ कात्तिक १८ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म आरोपितलाई कुनै कारवाही भएन।

परिवारजनबाट हत्या

खनार गाविस - ४ की ४२ वर्षीया भागोदेवी सरदारलाई उनका पति ४५ वर्षीय रामचन्द्र सरदारले

प्रेसर कुकुर बम डिस्पोज गराउने तयारी भइरहेको अवस्थामा विस्फोट भई छर्रा लागेर घाइते भएका जिल्ला प्रहरी कार्यालयका सुनसरीका एसपी राजु मानन्धर, टेकराज गिरी र रीतबहादुर थापा

०६७ माघ ६ गते घरमा खाना खाई रहेको अवस्थामा घाँटीमा खुकुरी प्रहार गरी हत्या गरे। मृतकको पोष्टमार्टम धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरी परिवारको जिम्मा लगाएको प्रहरीले जनायो। घटनापछि फरार रहेका आरोपितको खोजी कार्य भईरहेको इलाका प्रहरी कार्यालय इटहरीका इन्स्पेक्टर श्यामल सुब्बाले जानकारी दिए।

मधेशा गाविस - ९ की २६ वर्षीया टिका पौडेल र उनका छोरी ३ वर्षीया अयुषा पौडेललाई पति ३० वर्षीय उमेश पौडेल तथा कान्छी पत्नी सन्तु सुब्बाले ०६७ फागुन १८ गते घरायसी विवादका विषयलाई लिएर छोरीको घाँटी थिचेर तथा पत्नीलाई झुण्डयाएर हत्या गरे। मृतकको पोष्टमार्टम धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरी प्रहरीले परिवारको जिम्मा लगाएको थियो। घटनामा संलग्न आरोपितद्वयलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत सुनसरीको आदेशमा ०६७ चैत्त १३ गतेदेखि आरोपित दुवै पुर्पक्षको लागि कारागार चलान भए।

सबै प्रकारका जातीय विभेद

धरान नपा-३ चिनियाँचोकका १४ वर्षीय रमेश मरिकलाई सोही नपा -१६ की ३५ वर्षीया कौशल राईले ०६८ असोज २१ गते आफूले खाइरहेको नास्ता तल्लो जातकोले छोएको भन्दै अपशब्द प्रयोग गरी दुर्व्यवहार गरे। पीडित परिवारले इलाका प्रहरी कार्यालय धरानमा ०६८ असोज २३ गते दिएको उजुरीको आधारमा प्रहरीले आरोपितलाई गिरफ्तार गरी २४ घण्टा हिरासतमा राख्यो। सार्वजनिक रूपमा माफी मागी पीडितलाई क्षतिपूर्ति स्वरूप ५ हजार रूपियाँ तिरेपछि घटना ०६८ असोज २६ गते मिलापत्र भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

मोरङ जिल्ला बेलवारी गाविस-८ निवासी एभीन्युज टेलिभिजनका क्यामेरापर्सन ३४ वर्षीय दीपक कार्की र इटहरी नपा -१ निवासी सोही टिभीका सम्वाददाता २२ वर्षीय मनोज भुजेललाई सोही नपा - १ स्थित चिल्ड्रेन डे केयर होमकी सञ्चालक मीना शेर्पा र शिक्षक अश्विन खनालले ०६७ वैशाख ५ गते शुल्कवृद्धिको विरोध गर्दै अभिभावकले विद्यालय घेराउ गरेको समाचार सङ्कलन गर्न गएको अवस्थामा चप्पल प्रहार गर्दै गालीगलौज गरी दुर्व्यवहार गरे। पीडितहरूले इलाका प्रहरी कार्यालय इटहरीमा दिएको उजुरीको आधारमा सोही दिन आरोपितद्वयलाई प्रहरीले गिरफतार गऱ्यो। आरोपित दुवैजना जिल्ला प्रशासन कार्यालयको आदेशमा ०६८ वैशाख १६ गते जनही १० हजार रुपियाँ जरिवाना तिरेर रिहा भए।

सप्तरी जिल्ला बवनगमाकट्टी गाविस -३ तोपा घर भई इनरूवा नपा -७ निवासी कान्तिपुर दैनिकका सम्वाददाता ३४ वर्षीय अवधेशकुमार झालाई सप्तरी जिल्ला राजविराज नपा-३ का ३० वर्षीय निलेशकुमार चौधरीले ०६८ असोज २६ गते घर मै बसिरहेको अवस्थामा मोबाइलबाट फोन गरी मार्ने धम्की दिए। पीडितले घटना सम्बन्धमा सोही दिन जिल्ला प्रहरी कार्यालय सुनसरीमा जानकारी गराएको एसपी राजु मानन्धरले जनाए। प्रहरीले आरोपितलाई ०६८ असोज २८ गते सप्तरी जिल्लाको राजबिराजबाट गिरफ्तार गरी सुनसरी प्रहरीलाई बुझायो। जिल्ला अदालत सुनसरीको ०६८ कात्तिक २३ गतेको आदेशअनुसार ८० हजार रुपियाँ धरौटी राखेर आरोपित रिहा भए।

धनुषा जिल्ला जनकपुर नपा -१ निवासी वन अधिकृत ५५ वर्षीय रामवृक्ष ठाकुरलाई तीनजनाको समूहमा आएका माओवादी कार्यकर्ताले ०६७ फागुन गते काठ तस्कर तथा वन फडानीमा संलग्न रहेको आरोपमा इनरूवा नपा-५ मा मोसो दलेर दुर्व्यवहार गऱ्यो। दुर्व्यवहारमा संलग्न रहेको माओवादी कार्यकर्ता दावा लामालाई प्रहरीले नियन्त्रणमा लिएको इन्स्पेक्टर देवी बरालले बताए। जिल्ला प्रशासन कार्यालय सुनसरीले ०६७ फागुन २५ गते ५ हजार रुपियाँ धरौटी लिएर आरोपितलाई रिहा गर्ने आदेश दियो। आफूसँग मोटो रकम चन्दा माग गरेकोमा रकम दिन नसक्ने बताएपछि त्यस्तो दुर्व्यवहार गरिएको पीडित ठाकुरले बताए।

माओवादी कार्यकर्तादारा मोसो दली दुर्व्यवहार गरिएका वन अधिकृत रामवृक्ष ठाकुर

धम्की, संरचना, सम्पति क्षति, सम्पति कब्जा एकीकृत माओवादीबाट

हाँसपोशा गाविस-७ मझौरास्थित गुठीको १ बिगाहा ९ कट्ठा जग्गा एकीकृत माओवादीका कार्यकर्ताले ०६८ असार २७ गते झण्डा गाडेर

कब्जा गरी धान रोपे। धरान नपा-१४ स्थित नरसिंह भगवानको स्वामित्वमा रहेको उक्त गुठीको जग्गा एकीकृत माओवादीले कब्जा गरी घान रोपेको गुठीका अध्यक्ष शङ्करप्रसार आचार्यले जानकारी दिए। मन्दिरका पूजारी तिरूदास चौधरीले सो जग्गा फिर्ता गर्न माग गर्दै गाविस कार्यालय हासपोसामा उजुरी दिए। एमाओवादीका जिल्ला इन्चार्ज मुकेशले सो जग्गा पार्टीको लागि कब्जा गरेको होइन बरू स्थानीय गरीब जनताका लागि धान रोपेको जनाए।

अज्ञात समूहबाट

धरान नपा -४ छाताचोकस्थित नेपाल समाचार पत्र दैनिकको कार्यालयमा समाचार नछापेको विषयलाई लिएर ०६८ जेठ २४ गते सोही नपा-१६ का ३१ वर्षीय भुवन याख्खा र २२ वर्षीय बसन्त राईले तोडफोड गरी क्षति पुऱ्याए। कार्यालयका सटर फोडी तोडफोड गर्दा ५० हजार रूपैयाँ बराबरको क्षति भएको सो दैनिकका सम्वाददाता महेश श्रेष्ठले जानकारी दिए। घटनामा संलग्न रहेको भन्दै इलाका प्रहरी कार्यालय धरानले सोही दिन दुवै जनालाई गिरफतार गरकोमा जिल्ला प्रशासन कार्यालय सुनसरीको आदेशमा ०६८ असार १६ गते जनही १० हजार रूपियाँ धरौटीमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	७		
उपस्वास्थ्यचौकी	४०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१०	४	६
स्टाफ नर्स	९	६	३
ल्याब असिस्टेन्ट	८	८	
अहेब	१८	१८	
अनमी	२९	२९	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१५	
स्वास्थ्य कार्यकर्ता	९२	८९	३

१.७ धनकुटा

जनसङ्ख्या : १,६४,१३३
पुरूष : ७६,९८०
महिला : ८७,१५३
साक्षरता प्रतिशत : ७२
महिला साक्षरता प्रतिशत : ५२
क्षेत्रफल (वर्ग कि. मि.) : ८९१
गाविस/नपा सङ्ख्या : ३५/१
सरकारी/निजी विद्यालय : ३३२/१२
क्याम्पस/उच्च मा.वि. : १/३०
मानव विकास सूचकाङ्कः ०.५०७
प्रतिपरिवार सरदर सङ्ख्याः ४.३०

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३ सय ३७ र कैद नतोकिएका १३ कैदी र थुनुवा गरी जम्मा ५० जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ४७ जना र महिला चार जना रहेका छन्। साथै आश्रित बालक एक जना रहेका छन्।

कारागारमा महिला र पुरुषहरूको लागि छुट्टाछुट्टै भवनहरू नभए पनि हाल महिलाहरूलाई माथिल्लो तलामा र पुरुषहरूलाई तल्लो तलामा राखिएको छ। साँघुरो कोठा र ओसिलो रहेको जिल्ला कारागार जीर्ण अवस्थामा रहेको छ। पढ्न चाहने कैदी बन्दीहरूलाई पढ्ने व्यवस्था मिलाइएको भए पनि पर्याप्त पाठ्यपुस्तकको अभाव रहेको कैदी रोशन बोहराले गुनासो गरे। यसै वर्ष इन्सेक धनकुटाले कैदीहरूको मागलाई मध्यनजर गर्दै कक्षा ९ र १० को एक-एक सेट पुस्तक हस्तान्तरण गऱ्यो। कारागारमा रहेका कैदी बन्दीहरूले सामूहिक रूपमा रकम सङ्कलन गरेर टिभी किनेको भए पनि बिग्रिएर त्यसै

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			५	१	६
महिलाअधिकार			३		३
कुटपिट	१	१	१	२	३
धम्की			२	४	६
हत्या			१	२	३
जम्मा	**१**	**१**	**१२**	**९**	**२१**

थन्किएको छ भने जिल्ला विकास समितिले टिभी खरिद गरिदिने आश्वासन दिएको कारागार प्रमुख नरेन्द्र आचार्यले बताए। कैदी बन्दीहरूलाई आवश्यकता अनुसार औषधी उपचारको व्यवस्था गरिएको छ। साथै जिल्ला प्रहरी कार्यालय धनकुटाको नजिकै २ सय ५० जना क्षमता भएको महिला कारागार भवन निमार्णाधीन अवस्थामा रहेको कारागार शाखाले जनाएको छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

धनकुटा नपा-६ का ४० वर्षीय सुन्दरबाबु श्रेष्ठलाई ०६८ जेठ १० गते जिल्ला प्रहरी कार्यालय धनकुटाका सई राजु निरौलाको निर्देशनमा प्रहरीले बुट र मुड्कीले कुटपिट गऱ्यो। बेलहारा गाविस-१ उत्तरपानीका विजय विश्वकर्मा र विमला विश्वकर्माको घरायसी झगडा मिलाउन भनी जिल्ला प्रहरी कार्यालय पुगेका नेपाल राष्ट्रिय अभिभावक सङ्घका जिल्ला अध्यक्ष सुन्दरबाबु श्रेष्ठलाई बोल्ने क्रममा टेबल ठोकेको भन्दै सई निरौलाको निर्देशनमा प्रहरी कार्यालयको मुद्दा फाँटका प्रहरी जवान रमेश थापा, असई गणेश श्रेष्ठलगायतका प्रहरीहरूले कुटपिट गरेको पीडितले बताए। घटनामा लुगा कपडा च्यातिनुका साथै ढाडमा नीलडाम हुने गरी २० जना प्रहरीहरूको समूहले कुटपिट गरेको पीडित श्रेष्ठले पत्रकार सम्मेलनमा सार्वजनिक गरे। जिल्ला प्रहरी कार्यालय धनकुटाका इन्सपेक्टर अनिल पौडेलले भने दुवै पक्षबीच छलफल भएर झगडा मिल्ने क्रममा पुगेको अवस्थामा श्रेष्ठले कार्यालयभित्र नै टेबलमाथि हात ठोक्दै प्रहरी विरूद्ध नाराबाजी गरेपछि उत्पन्न असहज परिस्थितिलाई नियन्त्रणमा लिन खोज्दा प्रहरीमाथि नै हातपात भएपछि सामान्य कुटपिट गरिएको बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ४९ मध्ये १ सय १५ फैसला भए भने ३४ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय २४ मध्ये ७७ फैसला भए भने ४७ फैसला हुन बाँकी रहे।

पुनरावेदन अदालत

०६८ साउनदेखि पुस १६ सम्म

तीन जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ १ सय २३ मध्ये ४६ फैसला भए भने ७७ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५१ मध्ये १२ फैसला भए भने ३९ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ५९ छ जसमध्ये २८ सफल भए भने ३१ असफल भएको छ। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा नौमध्ये छ सफल र तीन असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा आठमध्ये तीन सफल र पाँच असफल रह्यो। सरकारी वकिल सङ्ख्या तीन रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ४७ हजार ७ सय २७ मध्ये छात्र २३ हजार ३ सय १८ र छात्रा २४ हजार ४ सय ९ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए।

बालविकास केन्द्रहरूमा बालक ३ हजार ५ सय ६४ र बालिका ३ हजार ४ सय ६१ गरी जम्मा ७ हजार २५ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बन्द हड्ताल

यसवर्ष जिल्लामा विभिन्न राजनीतिक दल, विद्यार्थी सङ्घसङ्गठन, जातीय सङ्घसंस्था, यातायात मजदुर सङ्घसंगठनहरूले ३३ दिन बन्द हड्ताल गरे। पटक-पटक हुने बन्द हड्तालका कारण बालबालिकाहरूको पढाइ प्रत्यक्ष प्रभावित बन्यो।

घरेलु हिंसा

वेलहारा गाविस-४ की ७ वर्षीया बालिकालाई ०६७ चैत ८ गते सौतेनी आमा माइतीमाया राईले खाना चोरेर खाएको भन्दै तीघ्रा, मुख र घाँटीमा आगोले पोलेर घाइते बनाइन्। बालिकाका बुबा वैदेशिक रोजगारीका लागि कुवेत गएको र आमाको तीन वर्ष अघि नै मृत्यु भएकोले बालिका सौतेनी आमासँग बस्दै आएकी थिइन्। बच्चालाई दुर्व्यवहार गरेको थाहा पाएपछि नमुना बाल क्लब सञ्जाल बेलहाराले ०६७ चैत ११ गते गाविसमा उजुरी दियो। गाविसमा ०६७ चैत १२ गते भएको सर्वपक्षीय छलफलमा बच्चालाई उसको बुबा विदेशबाट नआउञ्जेलसम्म काकाको घरमा राख्ने सहमति भएको नमुना बाल क्लब सञ्जाल बेलहाराका संयोजक गोविन्द दाहालले बताए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

धनकुटा नपा-२ स्याउलेकी १० वर्षीय बालिकालाई सोही ठाउँका ४२ वर्षीय कमल राईले चार पटक बलात्कार गरेको आरोपमा पीडितपक्षले प्रहरीमा ०६८ असार १९ गते जाहेरी दिएपछि प्रहरीले राईलाई गिरफ्तार गऱ्यो। अदालतको आदेशमा आरोपित ०६८ असार २४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

परेवादिन गाविस-८ की ४१ वर्षीया एक महिलालाई ०६८ जेठ १७ गते सोही ठाउँका ४० वर्षीय मिङ्मा शेर्पाले बजारबाट घर आउँदै गर्दा बाटोमा बलात्कार प्रयास गरेको आरोपमा पीडितले ०६८ जेठ २० गते जिल्ला प्रहरी कार्यालय धनकुटामा उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०६८ असार १३ गते उनको घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा शेर्पा पुर्पक्षको लागि ०६८ असार १४ गतेदेखि जिल्ला कारागारमा थुनामा छन्।

घरेलु हिंसा

धनकुटा नपा-७ जिरोप्वाइन्टकी ४८ वर्षीय कलीदेवी भुजेललाई ०६८ असार ७ गते उनका पति ५५ वर्षीय देवेन्द्र भुजेलले पारिवारिक विषयमा निर्घात कुटपिट गरे। कुटपिटबाट कलीमायाको एउटा दाँत झर्नुको साथै अनुहारमा चोटपटक लाग्यो। पीडित महिलाले ०६८ असार ८ गते पतिलाई कारबाही गरी सम्बन्धविच्छेद गरी पाऊँ भनी जिल्ला प्रहरी कार्यालय धनकुटामा उजुरी दिइन्। यसअघि पनि पतिले पटक पटक कुटपिट गरी छओटा दाँत झारिदिएको पीडितले बताइन्।

परिवारजनबाट हत्या

महाभारत गाविस-४ की ४३ वर्षीया देवीमाया लिम्बूलाई ०६८ वैशाख ३१ गते उनका पति ५२ वर्षीय टङ्कबहादुर लिम्बूले लाठी प्रहार गरी हत्या गरे। आरोपित लिम्बूलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६८ जेठ २२ गतेदेखि कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

धनकुटा नपा-१ का ३१ वर्षीय ओड्दा तामाङको को १ ज २८५० माइक्रोबसमा ०६७ माघ २२ गते मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताले परिषद्ले आह्वान गरेको अनिश्चितकालीन धनकुटा बन्दको अवज्ञा गरेको भन्दै माइक्रोबसमा

पतिद्वारा हत्या गरिएकी देवीमाया लिम्बू

आगजनी गरे। पीडित तामाङले लिम्बूवानका सात जना कार्यकर्ता विरूद्ध ०६७ माघ २५ गते जिल्ला प्रहरी कार्यालय धनकुटामा किटानी जाहेरी दिएकोमा जिल्ला प्रशासन कार्यालयले ०६८ असार २० गते जनही २ सय ५० रुपैयाँका दरले जरिवाना गर्ने गरी फैसला गरेको जिल्ला प्रशासन कार्यालय धनकुटाका मुद्दा शाखा अधिकृत खगेन्द्र सुवेदीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक कोसी अञ्चल आयुर्वेदिक औषधालय र एक प्राईभेट धनकुटा मोडेल हस्पिटल रिसर्च सेन्टर पनि रहेको छ। अत्यन्तै जीर्ण अवस्थामा रहेको कोसी अञ्चल आयुर्वेदिक औषधालयमा छ जना कर्मचारीको दरबन्दी भए पनि वरिष्ठ कविराज अधिकृत, कविराज, एक जना वैद्य र लेखापाल कार्यरत रहेका छन् भने सहलेखपाल र अर्का वैद्यको दरबन्दी रिक्त रहेको छ। सोही आयुर्वेदिक औषधालयको शाखाको रूपमा रहेको छिन्ताङ आयुर्वेदिक औषधालयमा चार जना कर्मचारी कार्यरत भए पनि हाल एक जना कार्यालय सहायकको पद रिक्त रहेको छ।

अस्पताल	१		
स्वास्थ्यचौकी	१३		
उपस्वास्थ्यचौकी	२४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	६	
स्टाफ नर्स	१	१	
ल्याब असिस्टेन्ट	६	५	१
अहेब	४१	३९	२
अनमी	५	५	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	१५	१
स्वास्थ्य कार्यकर्ता	६१	५२	९

१.८ तेह्थुम

जनसङ्ख्या : १,०१,७०९
पुरूष : ४७,३५७
महिला : ५४,३५२
साक्षरता प्रतिशत : ६४
महिला साक्षरता प्रतिशत : ४३
क्षेत्रफल (वर्ग कि. मि.) : ६७९
गाविस/नपा सङ्ख्या : ३२/०
सरकारी/निजी विद्यालय : ३७६/८
क्याम्पस/उच्च मा.वि. : २/२४
मानव विकास सूचकाङ्कः ०.५२३
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५४

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २९ र कैद नतोकिएका १७ कैदी र थुनुवा गरी जम्मा ४६ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ४२ र महिला चार जना रहेका छन्। यस कारागारमा महिला र पुरुषका लागि एकै भवनभित्र छुट्टाछुट्टै कोठा रहेका छन्। जेलमा खानेपानी र जीर्ण अवस्थाका चर्पीहरू छन्। जेलको भवन ज्यादै पुरानो भई बन्दीहरू बस्ने भवनमा पानी चुहिने, भित्ता र भुईको प्लास्टर भत्किएको अवस्था रहेको कारण सुत्ने काठको फलेकहरू मक्किएर चिसो भुईमा सुत्नुपर्ने अवस्था रहेको छ। जेलको अग्लो पर्खाल भत्किने अवस्थामा पुगेको छ। महिला र पुरुष बन्दीका लागि भलिबल, चेस, क्यारामबोर्ड र लुँडोजस्ता खेल सामग्रीको व्यवस्था छ भने पुरुष बन्दीहरूका लागि टिभीको व्यवस्था छ भने महिला बन्दीहरूका लागि त्यो व्यवस्था छैन।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
बालअधिकार			४	२	६
महिलाअधिकार			६		६
भेला/सङ्गठित हुने अधिकार				३	३
जातीय विभेद			१	३	४
गिरफ्तारी/यातना	३	३			
कुटपिट				९	९
धम्की				३	३
हत्या			३	१	३
जम्मा	**३**	**३**	**१३**	**२०**	**३३**

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

सिम्ले गाविस-७ का १३ वर्षीय शरणकुमार राईलाई ०६८ असोज १७ गते राति जल्जले गाविस - ८ निवासी एकीकृत माओवादीका कार्यकर्ता १९ वर्षीय रामबहादुर नेपाली सहित छ जनाको समूहले स्थानीय गाउँमा भएको वैवाहिक समारोहमा भनाभन हुँदा धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनायो। पीडितको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो। उपचारमा लाग्ने सम्पूर्ण खर्च व्यहोर्ने सर्तमा दुवै पक्षबीच मेलमिलाप भएको थियो।

नेपाली काङ्ग्रेसबाट

सिम्ल गाविस उपस्वास्थ्य चौकीका अहेब ३८ वर्षीय राजकुमार मेहतालाई ०६८ मङ्सिर ३ गते सोही गाविस-१ का नेपाली काङ्ग्रेसका गाउँ इकाई सभापति ३५ वर्षीय सुजनकुमार लिम्बूसहितको समूहले राति गाउँमा उपचार गर्न नआएको भनी स्वास्थ्य चौकीमा आएर कुटपिट गऱ्यो। आरोपित लिम्बूलाई प्रहरीले मङ्सिर ४ गते गिरफ्तार गरे पनि राजनीतिक दबावका कारण बिना कारबाही सोही दिन रिहा गऱ्यो। घटनापछि उपचारका लागि बाहिर गएका मेहता स्वास्थ्य चौकी फर्किएका छैनन्।

मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्बाट

जलजले गाविस -१ का अनेरास्ववियु जिल्ला कमिटीका सदस्य २३ वर्षीय ईन्द्रबहादुर नेपाली र सोही गाविस- ६ का अनेरास्ववियुका कार्यकर्ता २० वर्षीय मनोज रिमाललाई ०६७ पुस १७ गते दिउँसो मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताहरू ३० वर्षीय विनोद लिम्बू, २३ वर्षीय सत्यप्रकाश लिम्बूसहितको एक समूहले विद्यालयमा ताला लगाएको भनी कुटपिट गऱ्यो। शङ्कर उच्चमाविका प्रधानाध्यापक भूपेन्द्र बुढाथोकीसहित पाँचजना शिक्षकले विद्यालयमा अनियमितता गरेको आरोपमा विद्यार्थीले विद्यालय तालाबन्दी गरेका थिए। कुटपिटबाट घाइते भएका पीडितहरूको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। आरोपितहरूलाई कारबाहीको माग गर्दै पीडितहरूले लागि जिल्ला प्रशासनमा उजुरी दिएको भए पनि कुनै कारबाही भएन।

ईशिबु गाविस -४ का १८ वर्षीय सुमनकुमार लिम्बूलाई ०६७ पौष १८ गते सोही ठाउँका मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ता १९ वर्षीय मिलनकुमार लिम्बूले स्थानीय गाउँमा लेनदेनको विषयमा भनाभन हुँदा कुटपिट गरी घाइते बनाए। घाइते पीडितको जिल्ला स्वास्थ्य कार्यालयमा पुस १९ गतेदेखि माघ ७ गतेसम्म उपचार भयो। पीडितले स्थानीय प्रशासनमा उजुरी दिएको भए पनि आरोपित फरार भएकाले कुनै कारबाही भएन।

झापा जिल्ला घर भई तेह्रथुम आठराई सडक खण्डमा कार्यरत २५ वर्षीय वीरबहादुर राईलाई ०६७ माघ १८ गते जल्जले गाविस-४ निवासी मञ्च सम्बद्ध सङ्घीय लिम्बूवानका कार्यकर्ता २७ वर्षीय चक्रबहादुर लिम्बूले राजनीतिक विषयमा भनाभन भएको निहुँमा खुकुरी प्रहार गरी घाइते बनाए। घाइते राईलाई लिम्बूवानका कार्यकर्ताले उपचारको लागि जिल्ला सदरमुकाम ल्याउन रोक लगाए। पीडितको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो।

जल्जले गाविस-३ का ४० वर्षीय शिक्षक भेगेन्द्रबहादुर लिम्बूलाई ०६८ कात्तिक १७ गते सोही गाविस-४ का मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का जल्जलेगाउँका स्थानीय कार्यकर्ताहरू २२ वर्षीय रामबहादुर लिम्बू , २० वर्षीय दिलबहादुर लिम्बू र २४ वर्षीय मनकुमार लिम्बूले स्थानीय गाउँलेको विवाहमा भएको भनाभनको विषयलाई लिएर लाठी प्रहार गरी घाइते बनाए। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। कुटपिटमा संलग्न लिम्बूवानका कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरी पीडितको उपचारमा लागेको ५० हजार रुपियाँ खर्च भुक्तानी गराई कात्तिक २२ गते रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १३ मध्ये चार फैसला भए भने नौ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३६ मध्ये १९ फैसला भए भने १७ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ५३ छ जसमध्ये मुद्दा २१ फैसला भए। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ३२ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा दुईमध्ये दुई सफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा एकमध्ये एक सफल रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा एकमध्ये एक सफल रह्यो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

ओयाक्जुङ गाविस-९ का २२ वर्षीय नरबहादुर लिम्बू , सोही गाविसका बृखबहादुर लिम्बू र २१ वर्षीय पीङ्गल राईलाई ०६८ वैशाख २४ गते अस्थायी प्रहरी चौकी आक्रमण गर्न खोजेको आरोपमा असइ मदन भण्डारीले चौकीमा लगेर यातना दिए। पीडितहरूको सामान्य उपचार स्थानीय प्रहरी चौकीमा भयो। स्थानीय बासिन्दाले प्रहरी असई मदन भण्डारीलाई कारबाही गर्न माग गर्दै जिल्ला प्रहरी कार्यालयमा डेलिगेसन गए। घटनापछि असई मदन भण्डारीको सरुवा भयो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३९ हजारमध्ये छात्र १८ हजार र छात्रा २१ हजार प्रावि तहदेखि माबि तहमा भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला १ सय ३२ र पुरुष ७ सय २३ गरी जम्मा ८ सय ५५ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला १४ र पुरुष २ य १९ गरी जम्मा २ सय ३३ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला छ र पुरुष १ सय ६३ गरी जम्मा १ सय ६९ शिक्षक रहेका छन्।

हत्या

सुङनामा गाविस-९ बस्ने ६ वर्षीय सन्दीप भनिने बुद्धिमान कामीलाई सोही गाविसका १८ वर्षीय मदन कटुवालले ०६७ फागुन १९ गते टाउको झुण्ड्याएर लछार पछार गर्दा उनको मृत्यु भयो। घटनापछि आरोपित फरार भएकाले कानुनी कारबाही हुन सकेन।

दुर्व्यवहार

पीप्ले गाविस-९ का ११ वर्षीय बालकलाई ०६८ असार २३ गते सोहीठाउँका १८ वर्षीय युवक सुजनकुमार तामाङले यौनदुर्व्यवहार गरी घाइते बनाएको आरोपमा प्रहरीले आरोपितलाई असार २४ गते गिरफ्तार गरी अदालतको आदेशबमोजिम असार २९ गते पुर्पक्षका लागि कारागार चलान गऱ्यो।

वसन्तपुर गाविस-६ रातोपाटीकी १७ वर्षीया बालिकालाई ०६८ मङ्सिर २८ गते मोहोराहाङ गाविस-६ का २३ वर्षीय सन्दीप राईले यौनदुर्व्यवहार गरेको आरोपमा पीडित बालिकाको परिवारले मङ्सिर २९ गते ईलाका प्रहरी चौकीमा उजुरी दिइन्। घटनापछि आरोपित फरार भएकाले कानुनी कारबाही हुन सकेन।

ओसारपसार

वसन्तपुर गाविस-९ मुसाङखेलकी १३ वर्षीया बालिकालाई ०६८ जेठ ४ गते खाम्लालुङ गाविसकी २८ वर्षीया सरीता सुनारले फकाएर बेच्न लैजाँदै गर्दा प्रहरीले धरान नगरपालिकाबाट बालिकाको उद्धार गऱ्यो। उद्धार गरिएकी बालिकालाई प्रहरीले जेठ ८ गते परिवारको जिम्मा लगायो। सोही दिन गिरफ्तार भएकी आरोपित महिलालाई जेठ २० गते प्रहरीले रिहा गऱ्यो।

जल्जले गाविस-७ की दुई बालिकालाई ०६८ वैशाख २६ गते भारतको बिहार घर बताउने अन्दाजी ३३ वर्षीय मोतीलाल नाम भएका भारतीय नागरिकले विवाह गर्ने प्रलोभन देखाएर भारततर्फ लैजाँदै गर्दा झापा जिल्ला प्रहरीले महिलाहरूलाई उद्धार गऱ्यो। भारतीय सीमानाबाट फरार भएका आरोपित सिरक बनाउने काम गर्न भनी जल्जले गाविसमा दुई वर्षदेखि बसोबास गर्दै आएका थिए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

दुर्व्यवहार

पीप्ले गाविस-५ की ३० वर्षीया महिलालाई ०६८ साउन ४ गते म्याङलुङ गाविस -५ का ३५ वर्षीय दिलबहादुर भण्डारीले यौनदुर्व्यवहार गरेको आरोपमा पीडित महिलाले साउन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीमा उजुरी परेको थाहा पाएपछि आरोपित फरार भए।

नेपाली काङ्ग्रेसका कार्यकर्ताबाट कुटपिट गरिएका पत्रकार सन्तोष लिम्बू

घरेलु हिंसा

परिवारजनबाट हत्या

म्याङलुङ गाविस-८ निवासी हाल जल्जले उपस्वास्थ्य चौकीका पीयन ४८ वर्षीय तीलमाया दाहाललाई ०६७ माघ १७ गते पति ४८ वर्षीय नीरबहादुर दाहालले ओयाक्जुङ गाविस-२ असुवा खोलाको नजिकैको बेशीमा कुटपिट गरी हत्या गरे। मृतक जिल्ला अस्पतालबाट स्वास्थ्य सामग्री लिएर जल्जले जाँदै थिइन्। आरोपितलाई प्रहरीले माघ १८ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको माघ २८ गतेको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा छन्।

ईशिबु गाविस-६ का ४८ वर्षीया धनमाया तामाङलाई ०६८ कात्तिक २२ गते उनका पति ५० वर्षीय प्रेमबहादुर तामाङ र उनकी कान्छी पत्नी ईन्द्रमाया तामाङले भनाभनको निहुँमा खुकुरी प्रहार गरी हत्या गरेर फरार भए।

परिवारजनबाट कुटपिट

मोहोराहाङ गाविस- ४ की ३७ वर्षीया रामकुमारी सिवालाई ०६७ फागुन ५ गते उनका देवर देवकुमार सिवाले भनाभन गरेको आरोपमा खुकुरी प्रहार गरी घाइते बनाए। पीडित महिलाको उपचार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो। आरोपितलाई प्रहरीले फागुन ६ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा फागुन २७ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

सबै प्रकारका जातीय विभेद

आङ्दिम गाविस-३ की २७ वर्षीया दीपा सुनारलाई ०६७ माघ १३ गते उनका परिवारका सदस्य रेवन्त बस्नेतले घरबाट निकाला गर्ने भनी कुटपिट गरे। पीडितको पाँच वर्षअघि मिलनकुमार बस्नेतसँग अन्तरजातीय विवाह भएको थियो। पीडितले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेपछि जिल्ला प्रहरी कार्यालयमा सामान्य छलफलपछि मिलापत्र भयो।

पीप्ले गाविस-८ बस्ने ३४ वर्षीय कुमार शङ्कर र सोही ठाउँका ३७ वर्षीय रूद्रबहादुर विक र २७ वर्षीय धनबहादुर विश्वकर्मालाई ०६८ वैशाख २६ गते साब्ला गाविस-७ बस्ने हेमचन्द्र लिम्बू र जितेन्द्र लिम्बूले विवाहको खानेकुरामा छुवाछुत गरिदिएको भनी कुटपीट गरी घाइते बनाए। आरोपितलाई प्रहरीले वैशाख २७ गिरफ्तार गरेकोमा पीडितको उपचार खर्च व्यहोर्ने सर्तमा मेलमिलाप भयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	३		
उपस्वास्थ्यचौकी	२४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	१	२
स्टाफ नर्स	४	२	२
ल्याब असिस्टेन्ट	१	१	
अहेब	३३	३०	३
अनमी	१		१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	१४	९

१.९ भोजपुर

जनसङ्ख्या : १,८३,९१८
पुरूष : ८६,६६३
महिला : ९७,२५५
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४४
क्षेत्रफल (वर्ग कि. मि.) : १,५०७
गाविस/नपा सङ्ख्या : ६३/०
सरकारी/निजी विद्यालय : ३९४/६
क्याम्पस/उच्च मा.वि. : १/१७
मानव विकास सूचकाङ्कः ०.४७२
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

स्थानीय बासिन्दाबाट

उदयपुर जिल्ला बेलटार गाविस-४ निवासी किराँत जनवादी वर्कस पार्टीका केन्द्रीय अध्यक्ष विवश विद्रोही भनिने दिनेश राईको भोजपुरको पाँचा गाविस-४ का स्थानीयबासीसँग ०६७ चैत २ गते झडपमा मृत्यु भयो। पटक पटक रकम माग गर्दै मार्ने धम्की दिएपछि स्थानीयबासीले प्रतिकार गर्दा भएको झडप भएको थियो। पाँचा गाविस-४ निवासी कार्कीछाप प्राविका व्यवस्थापन समिति अध्यक्ष मानबहादुर विष्टलाई कुटपिट गर्दै मार्ने प्रयास गरेपछि सो घटनाको प्रतिकारमा उत्रेका स्थानीयबासी र वर्कस कार्यकर्ताबीच झडप भएको थियो। स्थानीयबासीसँगको झडपपछि भाग्ने क्रममा दिनेश पाँचा गाविस-४ सेतो गङ्गडेस्थित दूधकोसी नदीमा हाम फाल्दा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय भोजपुरका डिएसपी नरबहादुर केसीले बताए। मृतक राईको लास पाँचा गाविस-४ स्थित दूधकोसी नदीमा ०६८ चैत ४ गते फेला परेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनायो। किराँत जनवादी वर्कस पार्टीले भने अध्यक्ष दिनेश राईको अवस्था सार्वजनिक गर्न माग गर्दै आएको छ।

जेल र बन्दीहरू

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता महिला २० जना र पुरुष ५ जना गरी जम्मा २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५३ र कैद नतोकिएको ३३ जना कैदी र थुनुवा गरी जम्मा ८६ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका पुरुष ४७ जना र महिला छ जना रहेका छन् भने कैद नतोकिएको पुरुष ३० जना र महिला तीन जना रहेका छन्। साथै आश्रित बालक दुई जना र बालिका एक जना गरी जम्मा तीन जना रहेका छन्। क्षमताभन्दा बढी कैदीहरू राखिँदा शौचालय जान एक घण्टा लाइन बस्नुपर्ने बाध्यता रहेको र पुरुष कैदीहरूको सङ्ख्या क्षमताभन्दा बढी भएकाले सुत्न पालो गर्नुपरेको कैदीहरूले बताए। कैदीहरू भुईं, भान्सा कोठा र त्रिपाल मुनि सुत्ने गरेका छन्। कारागार भवन विस्तारपछि महिला कैदीहरूलाई नयाँ स्थानमा सारिएको जेलर छत्र श्रेष्ठले बताए। जिल्ला कारागार कार्यालयमा एक जना अहेवको दरबन्दी रहे पनि सो दरबन्दीमा हालसम्म सरकारले कर्मचारी पठाएको छैन। कैदी बन्दी विरामी हुँदा जिल्ला अस्पतालमा लगेर उपचार गर्ने व्यवस्था मिलाइको, नियमित मर्मतको अभावमा कारागारका शौचालय र अन्य भौतिक पूर्वाधार जीर्ण बनेको जेलर श्रेष्ठले बताए।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

सङ्खुवासभा जिल्ला मादी गाविस-४ निवासी मध्यपहाडी लोकमार्ग निर्माणमा संलग्न कुन्सालिङ कम्पनीका ओभरसियर शेखर दाहालले चन्दा नदिएको आरोपमा ०६७ फागुन १६ गते बिहान उनलाई एकीकृत माओवादी कार्यकर्ताहरूले भोजपुर जिल्ला छिनामखु गाविसबाट अपहरण गरे। दाहाललाई जीवन कार्कीको बा२ज ४६ नम्बरको भ्यानमा हालेर लगेपछि सडक निर्माण रोक्न र अपहरण सार्वजनिक नगर्न चेतावनी दिएर माओवादी कार्यकर्ताले नागी गाविसस्थित जङ्गलमा राखेर ०६७ फागुन १७ गते बिहान मुक्त गरे। अपहरणमा संलग्न खावा गाविस निवासी एकीकृत माओवादीका जिल्ला सदस्य बोमबहादुर विष्ट, प्याउली गाविसका काङ्ग्रेससम्बद्ध कार्यकर्ता जीवन कार्की र

मोरङ जिल्ला गछिया गाविसका आशिष सोनामलाई प्रहरीले फागुन १७ गते सिद्धेश्वर गाविसबाट गिरफ्तार गऱ्यो। एकीकृत माओवादीका जिल्ला नेतृत्व र पीडितपक्षले घटनालाई कानुनी प्रक्रियामा नलाने बताएपछि जिल्ला प्रहरी कार्यालयले तीनैजनालाई ०६७ फागुन २४ गते साधारण तारेखमा रिहा गऱ्यो। कुन्सालिङ कन्ट्रक्सनका दावा शेर्पा र लाक्पा शेर्पाले मुद्दा हालेर थप समस्यामा पर्न नचाहेको जनाउँदै आफूहरू मिल्ने बताएपछि प्रहरीले दुवै पक्षबीच मेलमिलाप गराएको थियो।

धम्की/कुटपिट

राज्यपक्षबाट

तिवारीभञ्ज्याङ गाविस-१ निवासी जिल्ला शिक्षा कार्यालय भोजपुरका विद्यालय निरीक्षक धर्मप्रसाद तिवारीलाई ०६८ असार ११ गते दिउँसो इलाका प्रहरी कार्यालय तिवारीभञ्ज्याङका दुईजना प्रहरीले कुटपिट गरे। विद्यालय निरीक्षकहरूको गोष्ठीमा भाग लिन बसबाट काठमाडौं जाँदै गरेका तिवारीलाई यातायात व्यवसायीसँग भाडाको विषयमा विवाद गरेको भन्दै प्रहरी हवल्दार जोगेन्द्र यादव र प्रहरी जवान रामचन्द्र पण्डितले मुक्काले कुटपिट गरेका थिए। श्यामसिला गाविसबाट धनकुटाको लेगुवा लाने भन्दै यातायात व्यवसायीले भाडा असुलेर तिवारीभञ्ज्याङ पुऱ्याई बाँकी भाडा दिन अस्वीकार गरेपछि विद्यालय निरीक्षक तिवारीसहितका यात्रुले भाडा फिर्ता मागेका थिए। यातायात व्यवसायीले भाडा फिर्ता दिन अस्वीकार गरेपछि विवादका क्रममा सादा पोशाकका दुवै प्रहरीले तिवारीलाई कुटपिट गरेको प्रत्यक्षदर्शी जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक सेवन्त गौतमले बताए। कुटपिटबाट तिवारीको अनुहारमा सामान्य चोट लाग्यो। जिल्ला प्रहरी कार्यालय भोजपुरका डिएसपी नरबहादुर केसीले कुटपिटमा संलग्न दुवैमाथि जिल्लामा झिकाएर कारबाही गरिएको बताए। पीडकमाथि कारबाही माग गर्दै पीडितले ०६८ असार २१ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। पीडितको जाहेरीपछि आरोपितमध्ये हवल्दार जोगेन्द्र यादवको बढुवा रोक्का र सिपाही पण्डितको ग्रेड रोक्काको सिफारिस गरिएको डिएसपी केसीले बताए।

स्थानीयबासिन्दासँगको झडपपछि भाग्ने क्रममा मृत्यु भएका दिनेश राई

किराँत जनवादी वर्कर्स पार्टीबाट

पाँचा गाविस-४ निवासी कार्कीछाप प्राथमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मानबहादुर विष्टलाई खयरको काठ अवैधरूपमा बेचेको र मागेजति चन्दा नदिएको आरोपमा ०६७ चैत २ गते बेलुका किराँत जनवादी वर्कस पार्टीका केन्द्रीय अध्यक्ष विवश विद्रोही भन्ने दिनेश राई र केन्द्रीय सदस्य हर्कराज राईले पेस्तोलको कुन्दा, लात्ती र मुक्काले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट विष्टको शरीरका विभिन्न भाग र खुट्टामा गहिरो चोट लागेको थियो। घाइते विष्टको उदयपुरस्थित बेल्टार प्राथमिक स्वास्थ्यकेन्द्रमा उपचार भयो।

गाविस सचिव हकहित संरक्षण केन्द्र भोजपुरका अध्यक्ष रेवती ढुङ्गानालाई किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले ०६७ चैत ७ गते फोन गरेर चैत २३ गतेसम्ममा राजीनामा नदिएमा मार्ने धम्की दिए। धम्की दिने वर्कस कार्यकर्ताको खोजी भइरहेको बताए पनि प्रहरीले कसैलाई गिरफ्तार गरेन।

लेखर्क र गोगने गाउँ विकास समितिका सचिव लेखराज तिमल्सिनालाई ०६७ चैत ११ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले फोन गरेर १६ दिनभित्रमा गाविस सचिव पदबाट राजीनामा दिएर तत्काल गाविस कार्यालय खाली गर्न धम्की दिए। वर्कसको धम्कीपछि तिमल्सिना सदरमुकाममा विस्थापित भए। वर्कसको एक समूहले ०६७ फागुन २७ गते पत्र पठाएर प्रत्येक गाविसबाट १ लाख ५० हजार रुपियाँ बुझाउन भनेको थियो। गाविस सचिवहरूले ज्यानको सुरक्षा माग गर्दै ०६७ फागुन २९ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाए। सचिव तिमल्सिना ०६७ चैत २२ गते गाउँ फर्किए।

अन्यबाट

भोजपुर क्याम्पसका उपप्राध्यापक महेन्द्र राईलाई सो क्याम्पसका निमित्त प्रमुख भुलानाथ राई र त्रिवि प्राध्यपक सङ्घ भोजपुर क्याम्पस इकाई समितिका सभापति प्रकाश राईले ०६८ पुस १० गते राति गम्भीर घाइते हुने गरी कुटपिट गरे। निमित्त क्याम्पस प्रमुख भुलानाथ राई र त्रिविवि प्राध्यापक सङ्घ भोजपुर क्याम्पस इकाई समितिका सभापति प्रकाश राईले पीडितकै कोठामा लाठी र

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			४		४
अपहरण				१	१
महिलाअधिकार			५		५
कुटपिट	१	१		३	३
धम्की				२	२
हत्या			१	३	४
जम्मा	**१**	**१**	**१०**	**९**	**१९**

मुक्काले कुटपिट गरेपछि टाउकोमा चोट लागेका पीडितलाई उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगियो। निमित्त क्याम्पस प्रमुखको संलग्नतामा कुटपिट भएको जनाउँदै भोजपुर क्याम्पसका प्रगतिशील प्राध्यापकहरूको समूहले ०६८ पुस १२ गते विज्ञप्ति निकालेर दोषीमाथि कारबाही गर्न माग गऱ्यो। प्रगतिशील प्राध्यापक सङ्घ भोजपुर क्याम्पस एकाइको साधारणसभा गराउन माग राख्दै सङ्घबाट दिएको राजीनामा फिर्ता नलिएको भन्दै कुटपिट गरेको पीडित राईले बताए। पीडितले दोषीमाथि कारबाही माग गर्दै ०६८ पुस १२ गते जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय भोजपुरमा ०६८ पुस १२ गते लिखित निवेदन दिए। निमित्त क्याम्पस प्रमुख भुलानाथ राईले भने आफूले कसैलाई कुटपिट नगरेको जनाउँदै घटनामा आफ्नो संलग्नता प्रमाणित भएमा कानुनी सजाय भोग्ने बताए। पीडित पीडक दुवै पक्षले ०६८ पुस १६ गते संयुक्त विज्ञप्ति जारी गरी आफूहरूबीच मेलमिलाप भएको सार्वजनिक गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १८ मध्ये सात फैसला भए भने ११ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १४ मध्ये चार फैसला भए भने १० फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा पाँच र देवानी मुद्दा दुई रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २४ मध्ये पाँच फैसला भए भने १९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६६ मध्ये ४० फैसला भए भने २६ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ८१ छ जसमध्ये ३६ सफल भए भने १५ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या १३ पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ३० मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १८ मध्ये नौ सफल र दुई असफल रह्यो भने सात फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा सातमध्ये पाँच सफल र एक असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा तीनमध्ये तीन सफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६० हजार ३ सय १७ मध्ये छात्र २९ हजार ६ सय १४ र छात्रा ३० हजार ७ सय ३ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ६ सय ६० र छात्र ३ हजार ४ सय १६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला २ सय ९९ र पुरुष ८ सय ३ गरी जम्मा १ हजार १ सय २ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला १८ र पुरुष १ सय ९३ गरी जम्मा २ सय ११ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माविं तहमा महिला ३ र पुरुष १ सय ५१ गरी जम्मा १ सय ५४ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक २ हजार २ सय ८९ र बालिका २ हजार ५ सय ५ गरी जम्मा ४ हजार ७ सय ९४ रहेका छन् जसमध्ये दलित बालक ३ सय ८९ र बालिका ४ सय १ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

हत्या

तिम्मा गाविस-१ का ४ वर्षीय बालक अजम्बर राईको ०६८ मङ्सिर ५ गते राति सोही ठाउँका प्रेमबहादुर गुरुङले कुटपिट गरी हत्या गरे। बालक बोल्न र हिँड्न नसक्ने भएकोले गाउँमै उपचार गरेर निको पार्ने भन्दै प्रेमबहादुरले खुट्टामा समातेर घिसारी शारीरिक यातना दिने क्रममा बालकको मृत्यु भएको

थियो। जन्मजात अपाङ्ग बालकको परिवारले स्वास्थ्य संस्थामा उपचार गर्दा ठीक नभएपछि धामीको भर पर्दा ज्यान गएको प्रहरीले जनायो। मृतकको जिल्ला अस्पताल भोजपुरमा ०६८ मङ्सिर ७ गते पोष्टमार्टम गर्दा टाउकोको पछाडिको भागमा १० सेन्टिमिटर लामो चोट देखिएको जिल्ला अस्पताल भोजपुरले जनायो। पीडकलाई ०६८ मङ्सिर ६ गते प्रहरीले गाउँबाटै गिरफ्तार गऱ्यो। उनी विरुद्ध जिल्ला सरकारी वकिल कार्यालयले जिल्ला अदालत भोजपुरमा कर्तव्य ज्यान मुद्दा दर्ता गरेकोमा अदालतको ०६८ पुस ९ गतेको आदेशमा पुपर्क्षका लागि जिल्ला कारागार कार्यालय चलान गरियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

कुदाककाउले गाविस-८ की १२ वर्षीया एक बालिकालाई ०६८ असार ६ गते सोही ठाउँका ६५ वर्षीय नराहाङ राईले गाउँमै जबरजस्ती नियन्त्रणमा लिएर बलात्कार गरेको आरोपमा राईलाई प्रहरीले घटनास्थलबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको सङ्खुवासभाको खाँदबारी अस्पतालमा उपचार भयो। आरोपित विरुद्ध पीडित पक्षले ०६८ असार ९ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा जाहेरी दियो। भोजपुर जिल्ला अदालतले ०६८ साउन ४ गते राईलाई कारागार चलान गर्ने आदेश दिएको थियो। जिल्ला अदालत भोजपुरले ०६८ पुस ७ गते अभियुक्त राईलाई ५ वर्ष कैद सजाय दिने फैसला गऱ्यो।

होम्ताङ गाविस-४ की १३ वर्षीया एक बालिकालाई सोही स्थानका २४ वर्षीय चन्द्रबहादुर तामाङले ०६८ साउन १४ गते पीडितको घरनजिकै बलात्कार गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालय भोजपुरमा ०६८ साउन २७ गते किटानी जाहेरी दिइन्। पीडितलाई मार्ने धम्की दिँदै गाईगोठमा आरोपितले बलात्कार गरेका थिए। घटनालगत्तै स्थानीय बासिन्दाले पीडितको उद्धार गरी उपचारका लागि प्राथमिक स्वास्थ्यकेन्द्र घोडेटार लगेका थिए। आरोपितलाई स्थानीयबासीले नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय घोडेटारमा बुझाएका थिए। जिल्ला अदालतले ०६८ भदौ १९ गते दिएको आदेशबमोजिम आरोपितलाई जिल्ला कारागार कार्यालयमा चलान गरियो।

बासिखोरा गाविस-१ की १७ वर्षीया एक किशोरीलाई ०६८ भदौ १७ गते राति बासिखोरा गाविस-१ का २० वर्षीय बहादुर राई, २० वर्षीय मुस्ताङ राई र १८ वर्षीय सिताराम राईले सामूहिक बलात्कार गरेको आरोपमा भदौ २५ गते प्रहरीले गिरफ्तार गऱ्यो। घटना थाहापाएलगत्तै प्रहरी चौकी मानेभञ्ज्याङका प्रहरी हवल्दार राजेश्वर सिंहको कमाण्डमा गएको प्रहरी टोलीले पीडितको उद्धार गरेको थियो। पीडितको जिल्ला अस्पताल भोजपुरमा उपचार भएको थियो। पीडित किशोरीले तीनैजना विरुद्ध ०६८ भदौ २८ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा किटानी जाहेरी दिइन्। अदालतको आदेशबमोजिम आरोपितहरू कारागारमा पुर्पक्षका लागि थुनामा राखिएका छन्।

किरात जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूबाट कुटपिट गरिएका मानबहादुर बिष्ट

निमित्त क्याम्पस प्रमुख र क्याम्पस इकाइ समितिका सभापतिबाट कुटपिट गरिएका सोही क्याम्पसका उपप्राध्यापक महेन्द्र राई

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार
बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

आम्तेक गाविस-५ की २० वर्षीया एक युवतीलाई ०६८ असार २ गते सोही ठाउँका २६ वर्षीय पर्वत राईले घरनजिकैको खेतमा रहेको डिहिमा बसिरहेको अवस्थामा बलात्कार गरेको आरोप पीडित पक्षले लगायो। बलात्कारका क्रममा पीडित प्रतिकार गरी भागेकी थिइन्। पीडितको स्थानीयस्तरमा उपचार र भोजपुर अस्पतालमा स्वास्थ्य परीक्षणपछि हाल गाउँमै रहेकी छन्। आरोपित विरुद्ध ०६८ असार ५ गते पीडितले जिल्ला प्रहरी कार्यालय भोजपुरमा किटानी जाहेर दिइन्। राईविरुद्ध जिल्ला सरकारी वकील कार्यालयले ०६८ साउन ४ गते मुद्दा चलाए पनि राई हालसम्म फरार रहेकाले गिरफ्तार भएका छैनन्।

घरेलु हिंसा

परिवारजनबाट कुटपिट

भोजपुर गाविस-९ काफ्लेकी ३१ वर्षीया मैया बुढाथोकीले देवर र देउरानीले गालीगलौज गर्दै कुटपिट गरेको जनाउँदै ०६७ माघ १३ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा उजुरी दिइन्। पीडितले घरैमा रहेको समयमा ०६७ माघ १३ गते बिहान आरोपितहरूले कुटपिट गरी लुगा च्यातेर दुर्व्यवहार गरेको जनाउँदै प्रहरीमा उजुरी दिएकी थिइन्। कुटपिटबाट मैयाको हात, टाउको र अनुहारमा चोट लागेको थियो। पीडितको भोजपुर अस्पतालमा उपचार गरियो। आरोपितहरूलाई प्रहरीले ०६७ माघ १३ गते घरैबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राख्यो। दुवैजनालाई पुन: गल्ती नगर्ने शर्तमा प्रहरीले ०६७ माघ १५ गते रिहा गऱ्यो।

भैंसीपड्खा गाविस-९ की ३१ वर्षीया देवी तामाङलाई उनका पति कुमार र सौता विमलाले ०६८ साउन १५ गते राति घरैमा कुटपिट गरी गम्भीर घाइते बनाए। विमलासँग वहुविवाह गरेपछि पटक पटक कुटपिट गर्दै आएका दुवैले पीडितलाई लाठी र मुक्काले कुटपिट गरेका थिए। कुटपिटबाट पीडितको टाउको, ढाड, छाती र शरीरका अन्य संवेदनशील अङ्गमा गहिरो चोट लागेको थियो। कुटपिटपछि स्थानीयबासीले पीडितको उद्धार गरी भोजपुर अस्पतालमा उपचार गराए। आरोपितहरूलाई जिल्ला प्रहरी कार्यालय भोजपुरको टोलीले ०६८ साउन १८ गते घरैबाट गिरफ्तार गऱ्यो। आरोपितहरूविरुद्ध पीडितकी सासू डोलमाया तामाङले ०६८ साउन १८ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा किटानी जाहेरी दिइन्। आरोपितहरूविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयले ०६८ भदौ ११ गते ज्यान मार्ने उद्योगमा मुद्दा दायर गरेकोमा अदालतको सोही दिनको आदेशले दुवैजना पुपर्क्षका लागि जिल्ला कारागार कार्यालय भोजपुरमा थुनामा छन्।



प्रहरीद्वारा कुटपिट गरिएका धर्मप्रसाद तिवारी

बहुविवाह

खाटम्मा गाविस-४ की कैलाश राईले ०६८ साउन १० गते पति उत्तम राईले बहुविवाह गरेको भन्दै उनकी पत्नी जिल्ला प्रहरी कार्यालय भोजपुरमा उजुरी दिइन्। पीडितले उजुरीमा पति उत्तमले सोही

पति र सौताबाट कुटपिट गरिएकी देवी तामाङ

स्थानकी सृजना तामाङसँग बहुविवाह गरेको उल्लेख गरेकी थिइन्। उजुरीपछि पीडकविरुद्ध जिल्ला अदालत भोजपुरमा बहुविवाह महलमा मुद्दा दायर गरेकोमा अदालतले ०६८ भदौ २ गते उत्तमसँग १४ हजार रुपियाँ धरौटी लिएर रिहा गर्ने आदेश दियो। अर्की अभियुक्त सृजना भने हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

खम्बूवान राष्ट्रिय मोर्चा (संयुक्त) बाट

भोजपुर सदरमुकामस्थित मालपोत कार्यालयमा खम्बूवान राष्ट्रिय मोर्चा (संयुक्त) ले ०६८ असोज ११ गते बिहान बम विस्फोटन गरायो। भोजपुर गाविस-३ डाँडागाउँस्थित सो कार्यालयको मूल ढोकामा खरामोले सुतली बम विस्फोट गराएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनायो। बम विस्फोटनबाट सो कार्यालयको दुईवटा झ्याल र बत्तीमा क्षति पुगेको थियो। प्रहरीले सुतली बम पड्केको बताए पनि घटनास्थलमा प्रेशरकुकरका टुक्रा फेला परेका थिए। विस्फोटस्थलमा खम्बूवान राष्ट्रिय मोर्चा संयुक्तको पर्चा भेटिएको थियो। विस्फोटनको जिम्मेवारी सो पार्टीका स्थानीय नेता दीपचन्द्र खम्बूले लिए।

किराँत जनवादी वर्कस पार्टीबाट

ठूलोदुम्मा गाविसको कार्यालय भवन र अतिरिक्त हुलाक कार्यालयमा ०६७ चैत १४ गते राति किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले आगजानी गरे। आगजनीबाट कार्यालयका कागजपत्र, फर्निचर सबै

किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूद्वारा आगजनी गरिएको ठूलोदुम्मा गाविस कार्यालय

जल्नुका साथै भवन जल्दा करिब ६ लाख रुपियाँ बराबरको क्षति पुग्यो। आगजानीमा संलग्न वर्कसका कार्यकर्ताको खोजी गरेपनि प्रहरीले कसैलाई गिरफ्तार गर्न सकेन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा रहेका सरकारी स्वास्थ्य संस्थामा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी नहुँदा ग्रामीण क्षेत्रका नागरिक अहिले पनि आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित छन्। जिल्लामा सुविधासम्पन्न अस्पतालको अभावमा गम्भीर किसिमका बिरामीलाई उपचारका लागि विराटनगर र काठमाडौं लानुपर्ने बाध्यता अझै पनि विद्यमान छ। सरकारले स्वास्थ्य संस्थामा प्रसुतिलाई प्रोत्साहित गर्न भत्ता दिने व्यवस्था गरे पनि भौगोलिक

अस्पताल	१		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	५१		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	६	
स्टाफ नर्स	७	७	
ल्याब असिस्टेन्ट	४	३	१
अहेब	६८	५९	९
अनमी	२०	१८	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१३	२
स्वास्थ्य कार्यकर्ता	१०२	५९	४३

विकटताले अझै पनि गर्भवती आमा र बच्चाले ज्यान गुमाइरहेका छन्। सुरक्षित प्रसुतिका लागि जिल्ला अस्पताल भोजपुरसँगै निर्माण गरिएको प्रसुतिगृह भवन स्वास्थ्यकर्मीको अभावमा अझै सञ्चालनमा आएको छैन। करिब ६० लाख रुपियाँको लागतमा बनेको प्रसुतिगृह सञ्चालनका लागि स्वास्थ्यकर्मी माग गरे पनि सरकारले उपलब्ध गराउन नसकेको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख डा. नरेन्द्र झाले बताए।

विगतको अनुगमन

बोखिम गाविस-५ पोखरीकी युवती ज्ञानु प्रधानको हत्या अभियोगमा कारागारमा रहेका तीन जना सैनिक जवान जिल्ला अदालतले सफाइ दिएपछि रिहा भएका छन्। जिल्ला अदालत भोजपुरले नेपाली सेनामा कार्यरत तीनजना सैनिकलाई ०६७ चैत १८ गते थुनामा राख्ने आदेश दिएको थियो। अदालतले ०६७ साउन १८ गते राति ज्ञानुको हत्यामा संलग्न भएको अभियोगमा गिरफ्तार कालीध्वज गणमा कार्यरत प्यूठ हरिबहादुर कार्की तथा हवल्दारद्वय नेत्रनारायण श्रेष्ठ र रमेश भन्ने बलबहादुर खत्रीलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो। हत्या अभियोगमा गिरफ्तार अर्का प्यूठ चन्द्रबहादुर खत्रीलाई भने अदालतले रिहा गर्न आदेश दिएको थियो। अदालतको आदेशपछि तीनैजना सैनिकलाई ०६७ चैत १८ गते जिल्ला कारागार कार्यालयमा चलान गरिएको थियो। ज्ञानुलाई ०६७ साउन गते १८ राति बञ्चरोले काटेर हत्या गरिएको थियो। टाउको, कञ्चट र घाँटीमा प्रहार गरिएको अवस्थामा ज्ञानुको लाश घरैमा ०६७ साउन १९ गते बिहान छिमेकीले फेला पारेका थिए। सेनाको स्थानीय नेतृत्वले युवती हत्यामा सेनाको संलग्नतालाई अस्वीकार गर्दै आएका थियो। पीडितका पति अमृत प्रधानले पत्नीको हत्यामा कालिध्वज गणका दुईजना सैनिकहरू संलग्न भएको किटानी जाहेरी ०६७ माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा दर्ता गरेका थिए।

नागी गाविस-५ निवासी एमालेका तत्कालीन भोजपुर जिल्ला सदस्य तथा सङ्गठन विभाग प्रमुख रामसिंह राईमाथि कुटपिटमा संलग्न एकीकृत माओवादीका कार्यकर्तालाई भोजपुर जिल्ला अदालतले ०६८ असार २८ गते ५ वर्ष कैद गर्ने फैसला गऱ्यो। अदालतका न्यायाधीश कोषकुमार नेम्वाङको एकल इजलाशको फैसलामा घटनाका मुख्य अभियुक्त पुष्प चौलागाईंसहित छ जनालाई जनही ५/५ वर्षको सजाय गर्ने फैसला गरेको थियो। संविधानसभाको चुनावमा

पार्टी पराजित भएपछि हारको समीक्षा गर्न कुलुङ गाविसमा पुगेका राईलाई माओवादीका जिल्ला सदस्य तथा एक नम्बर एरिया सेक्रेटरी पुष्प चौलागाईंको नेतृत्वमा रहेको १२ जनाभन्दा बढी कार्यकर्ताले ०६५ वैशाख १७ गते वीरेन्द्र उच्च माबि नजिकै मरणासन्न हुने गरी कुटपिट गरेका थिए। जिल्ला सरकारी वकिलको कार्यालयले दायर गरेको ज्यान मार्ने उद्योग मुद्दाको अन्तिम सुनुवाइ पछि अदालतले कुटपिटमा संलग्न पुष्प चौलागाईं, धर्म भन्ने जगतबहादुर राई, कमल विश्वकर्मा, पुष्पकी पत्नी सुशीला चौलागाईं, शिवशङ्कर घले, दौलत राई र इन्द्र लामिछानेलाई जनही ५/५ वर्षको सजायँ सुनायो। यसअघि भएको थुनछेकको बहसमा सोही अदालतका तत्कालीन न्यायाधीश श्यामप्रसाद लावतीले ०६५ असार २२ गते घटनाको पर्याप्त सबुतप्रमाण फेला नपरेको जनाउँदै घटनापछि गिरफ्तार भएका पुष्प र जगतबहादुरलाई जनही ४५ हजार रुपियाँ धरौटी राखेर रिहा गर्ने आदेश दिएका थिए। रामसिं राईमाथि माओवादी कार्यकर्ताले कुटपिट गरेको मुद्दा जिल्ला अदालतमा चलिरहेको अवस्थामा तत्कालीन मन्त्रीपरिषद्को ०६५ कातिक ११ गतेको बैठकले फिर्ता लिने निर्णय गरे पनि सर्वोच्च अदालतले कार्यान्वयन नगर्ने जनाएपछि मुद्दा अघि बढेको थियो। जिल्ला अदालतको फैसलाविरुद्ध पुष्प चौलागाईसमेतले पुनरावेदन अदालत धनकुटामा पुनरावेदन गरेका छन्।

१.१० सङ्खुवासभा

जनसङ्ख्या : १,५९,६४९
पुरूष : ७५,९७३
महिला : ८३,६७६
साक्षरता प्रतिशत : ६२
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : ३४८०
गाविस/नपा सङ्ख्या : ३३/१
सरकारी/निजी विद्यालय : ४००/१०
क्याम्पस/उच्च मा.वि. : १/२०
मानव विकास सूचकाङ्क :०.४८१
प्रतिपरिवार सरदर सङ्ख्याः ४.३३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

आफ्नै बम विस्फोटनबाट

जलजला गाविस-५ का २६ वर्षीय दीलकुमार खड्काको ०६८ पुस ११ बिहान चैनपुर गाविस-४ मा रहेको मादी होटेलमा बम विस्फोट हुँदा मृत्यु भयो। खाना खान बिहान होटल पसेका खड्काको आफूले बोकेको पाइप बम विस्फोटन हुँदा घटनास्थलमै मृत्यु भएको थियो। क्षेत्रीय प्रहरी कार्यालयका अनुसार खुम्बूवान मुक्ति मोर्चा संयुक्तको सङखुवासभा इन्चार्ज समेत रहेका खड्काको अनुरोध उपनाम रहेको थियो। मृतकको लास ०६८ पुस १२ गते प्राथमिक स्वास्थ्य केन्द्र चैनपुरमा पोस्टमार्टेम गरी परिवारलाई जिम्मा लगाइयो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी

क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ६० र कैद नतोकिएका २५ जना कैदी र थुनुवा गरी जम्मा ८५ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक तीन जना रहेका छन्। जेलर टङ्क डाँगीका अनुसार कैदी बन्दीलाई बस्न, खान र सुत्ने समस्या भएका कारणले थप भवन यसै वर्षमा निर्माण सक्ने लक्ष्य लिएको छ। कैदी गोविन्द श्रेष्ठका अनुसार भौतिक संरचना अभावका कारण बस्न, खान र सुत्न पालोपालो गर्नुपर्ने अवस्था छ। बढी भीड भएकाले दुर्गन्धका कारण बिरामी बढी हुने गरेका छन्। कारागारमा एक जना अहेबको दरबन्दी भए पनि हाल रिक्त रहेको छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

खाँदबारी नपा- १२ की स्थानीय बागेश्वरी मावि कक्षा ८ मा अध्ययनरत बालिका १५ वर्षीया कुमारी मगरलाई ०६७ फागुन ४ गते सोही गाउँका एकीकृत माओवादीका स्थानीय नेता डिल्ली श्रेष्ठले कदमको लाठी र हातले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट रगत छादनुका साथै बेहोस भएर ढलेकी बालिकाको स्थानीय बासिन्दाले खाँदबारी अस्पतालमा उपचार गराए। माओवादी नेतासमेत रहेका श्रेष्ठको घरमा बसेकी एक युवतीलाई अर्कै युवकसँग विवाह गर्न लगाएको आरोपमा श्रेष्ठले बालिकालाई कुटपिट गरेका थिए। कुटपिटमा संलग्न श्रेष्ठलाई प्रहरीले फागुन ६ गते गिरफ्तार गरी पीडितलाई जानकारी नै नदिइकन बालिकाका आफन्तसँग मिलापत्र गराई रिहा गरे।

अज्ञात समूहबाट

स्यावून गाविस- २ निवासी एकीकृत माओवादी कार्यकर्ता २८ वर्षीय प्रवीण राईलाई ०६७ फागुन ३ गते गाउँबाट आफ्नो घर फर्कने क्रममा अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी घाइते बनायो। पीडितको उपस्वास्थ्य चौकी वानामा उपचार भयो। प्रहरीले अझैसम्म आरोपितको पहिचान गर्न सकेको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ६६ मध्ये १ सय १३ फैसला भए भने ५३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय मध्ये १ सय ३७ फैसला भए भने ६२ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ८४ मध्ये ३९ सफल र सात असफल रहयो। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या पाँच पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ३९ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ४६ हजार ६ सय ६३ मध्ये छात्र २२ हजार ८ सय ४७ र छात्रा २३ हजार ८ सय १६ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय ३२ र पुरुष ८ सय ४५ गरी जम्मा १ हजार १ सय ७७ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला २९ र पुरुष २ सय ३० गरी जम्मा २ सय ५९ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ११ र पुरुष १ सय ८९ गरी जम्मा २ सय शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक २ हजार ९ सय ३५ र बालिका ३ हजार ४२ गरी जम्मा ५ हजार ९ सय ७७ रहेका छन्।

विद्यालयमा तालाबन्दी

सित्तलपाटी गाविसमा रहेको जनता उच्च माध्यमिक विद्यालयमा अनेरास्वबियुले गरेको तालाबन्दीका कारण ०६७ फागुन ४ गते पठनपाठन ठप्प भयो। विद्यालयले उच्च माविको मासिक शुल्क बिना जानकारी बृद्धि गराएर विद्यार्थीलाई समस्यामा पारेको भन्दै अनेरास्वबियुले तालाबन्दी गरेको थियो। तालाबन्दीका कारण ५ सय विद्यार्थीको पठन पाठन प्रभावित भयो। मासिक शुल्क नबढाउने सर्तमा फागुन ६ गते विद्यालयामा लगाइएको तालाबन्दी खुल्यो।

बलात्ककारपछि हत्या

याफु गाविस- ७ छोयाङकी १३ वर्षीया मेनुका राईलाई ०६७ चैत ११ गते उनका बाबु राम राईले नजिकैको जङ्गलमा लगेर बलात्कार पछि धारिलो हतियार प्रहार गरी हत्या गरे। बालिकाको लास चैत

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
बालअधिकार			३	३	५
अमानवीय व्यवहार				१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार			१		१
महिलाअधिकार			११		११
जातीय विभेद				१	१
गिरफ्तारी/यातना	१	१			
कुटपिट	१	१	१	३	३
हत्या			३	३	४
जम्मा	**३**	**३**	**१८**	**९**	**३७**

१४ गते नजिकैको जङ्गलमा फेला परेको थियो। प्रहरीले राईलाई गिरफ्तार गरेपछि राईले आफूले बलात्कारपछि खुकुरी प्रहार गरी छोरीको हत्या गरेको स्वीकार गरेको डिएसपी शेखर कोइरालाले बताए। लासको पोस्टमार्टम खाँदबारी अस्पतालमा भयो। आरोपित राई पुर्पक्षका लागि ०६८ वैशाख १३ गतेदेखि जिल्ला कारागार खाँदबारीमा थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

खाँदबारी नपा-१२ की १२ वर्षीया एक बालिकालाई ०६८ कात्तिक २ गते तेह्रथुम जिल्ला घर भई सोही ठाउँका २४ वर्षीय भगीकुमार दर्जीले बलात्कार गरेको आरोप पीडित पक्षले लगायो। पीडित बालिकाको स्वास्थ्यपरीक्षण मनकामना पोलिक्लिनिक तुम्लिङटारमा भएको थियो। आरोपितलाई जिल्ला अदालत सङ्खुवासभाको आदेशबमोजिम पुर्पक्षका लागि ०६८ कात्तिक २८ गते कारागार चलान गरियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

खाँदबारी नपा- ३ की ३५ वर्षीया एक महिलालाई ०६८ वैशाख २३ गते बिहान मकवानपुर जिल्ला हेटौंडा नपा- ६ घर भई सङ्खुवासभा सशस्त्र प्रहरी बल बेस क्याम्प मानेभन्ज्याङमा कार्यरत सशस्त्र प्रहरीका असई मनोज चौलागाईंले बलात्कार गरेको आरोप पीडितपक्षले लगायो। पीडित महिलाको खाँदबारी अस्पतालमा उपचार भएको थियो। छिमेकीको घरमा भएको विवाहमा पुगेर आफ्नो घर फर्किएपछि बिवाहघरदेखि नै सशस्त्र प्रहरीका असई चौलागाईले पिछा गरेर आएको र आफ्नै घरभित्र नै बलात्कार गरेको पीडितले बताइन्। असई चौलागाईलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलाएको सङ्खुवासभाका डिएसपी शेखर कोइरालाले बताए। चौलागाईलाई जिल्ला अदालत चैनपुरले ३ वर्ष जेल सजाय सुनाएपछि उनलाई जिल्ला कारागार खाँदबारीमा कैदमा राखिएको छ।

भोजपुर जिल्ला खाटम्बा गाविस- ५ की २१ वर्षीया एक भिक्षुणी युवतीमाथि ०६८ असार ११ गते यातायात मजदुरले सङ्खुवासभा जिल्ला खराङ गाविस- ८ मा बलात्कार गरे। धरानबाट सभाखोलासम्म आएको ना २ ख १३९५ नम्बरको बसमा काम गर्ने तेह्रथुम जिल्ला सुङ्नाम गाविस- ५ घर भएर धरान नपा- ८ बगैंचा टोलमा बस्दै आएका २१ वर्षीय राजु लिम्बू, गाडीका कण्डक्टर सङ्खुवासभा जिल्ला मादीराम्वेनी गाविस- ५ घर भई सुनसरी जिल्ला कालाबन्जार गाविस-५ का २५ वर्षीय भुवन गुरुङ, गाडीका सहचालकहरू धरान नपा- १५ का १६ वर्षीय अभिसेक मगर, धनकुटा जिल्ला पाख्रिबास गाविस- ७ का १७ वर्षीय सोभित मगर, को १ ख २७२८ नम्बरको गाडीका सहचालक १८ वर्षीय द्रोणबहादुर राईले सामूहिक बलात्कार गरेको अनुसन्धानको क्रममा देखिएको प्रहरीले बतायो। बलात्कारपछि अचेत अवस्थामा फेला परेकी पीडितको भारतको सिलिगुडीमा उपचार भएको थियो। आरोपितहरूलाई प्रहरीले गिरफ्तार गरेर जबरजस्तीकरणी मुद्दा चलायो।

घरेलु हिंसा

परिवारजनबाट कुटपिट

याफू गाविस - २ की २८ वर्षीया शान्ताकुमारी राईलाई ०६७ पुस १९ गते उनकी सासू मैतमायाले पारिवारिक विवादका कारण कुटपिट गरेर घाइते बनाइन्। घाइतेको उपचार खाँदबारी अस्पतालमा भयो। आरोपितलाई प्रहरीले गिरफ्तार गरेर आगामी दिनमा बुहारीमाथि केही पनि नगर्ने सर्तमा पुस २१ गते रिहा गऱ्यो।

खाँदबारी नपा- १० की २२ वर्षीया अप्सरा राईलाई ०६७ माघ १ गते उनका पति २२ वर्षीय विकास राईले कुटपिट गरे। पत्नी अप्सरालाई हात खुट्टा बाँधेर कुटपिट गर्नुका साथै चरम यातना दिँदै आएका थिए। कुटपिटका कारण शरीरका संवेदनशील

अङ्गमा समेत गहिरो चोट लागेपछि अप्सराको उपचार जिल्ला अस्पताल खाँदबारीमा भयो। मादक पदार्थ सेवन गरी पतिले अप्सरालाई कुटपिट गरेको इन्सपेक्टर महेन्द्रराज कार्कीले बताए। प्रहरीले विकासलाई ०६७ माघ २७ गते गिरफ्तार गरी अबका दिनमा पत्नीलाई यातना नदिने सर्तमा रिहा गऱ्यो।

स्यावुन गाविस- ९ की ३० वर्षीया कल्पना श्रेष्ठलाई स्वस्थानी ब्रत लिएको भन्दै ०६७ माघ ९ गते राति उनका पति ४५ वर्षीय विष्णु श्रेष्ठले आगो खन्याएर घाइते बनाए। माघ ५ गतेदेखि स्वस्थानी ब्रत लिएर बसेकी उनलाई पतिले कुटपिट गरेका थिए। स्वस्थानी ब्रत लिएर घर भाँड्न खोजेको भन्दै पतिले उनीमाथि आगो खन्याएको डिएसपी शेखर कोइरालाले बताए। घाइतेको खाँदबारी अस्पतालमा उपचार भएको थियो। आरोपितलाई प्रहरीले माघ १० गते गिरफ्तार गरी सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाए पनि प्रहरी र गाउँलेको निर्णयले कागज गरी रिहा भए।

दिदिङ गाविस- १ की ४३ वर्षीय जयकला राईलाई घरायसी विवादका कारण ०६८ जेठ ७ गते उनका पति ४५ वर्षीय भक्तबहादुर राईले खुकुरी प्रहार गरेर गम्भीर घाइते बनाए। घाइतेको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो। आरोपितलाई प्रहरीले गिरफ्तार गरेर घरेलु हिंसा ऐन अन्तर्गत मुद्दा चलायो। अरोपित राईलाई जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि ०६८ जेठ १३ गते जिल्ला कारागार चलान गरिएको छ।

सबै प्रकारका जातीय विभेद

धुपु गाविस- ४ का ५५ वर्षीय तिलककुमार गदाललाई विवाह भोजमा पकाएको खानेकुरा छोएको आरोपमा ०६८ जेठ १ गते साँझ स्यावुन गाविस- ५ कुसुवाका मनबहादुर लिम्बूसमेत दुई जनाले मरणासन्न हुने गरी कुटपिट गरे। धुपुबाट स्याबुन गएको र स्याबुनमा भएको विवाहमा पकाएको खानेकुरा छोएको भन्दै उनलाई मुक्का र लात्ता प्रहार गरी कुटपिट गरी घाइते बनाएका थिए। गदालको जिल्ला अस्पताल खाँदबारीमा उपचार गरिएको दलित समन्वय समिति धुपुका सचिव बाबुराम विकले बताए। प्रहरीका अनुसार कुटपिटमा संलग्नलाई ०६८ जेठ ६ गते गिरफ्तार गरी दलित समन्वय समिति धुपुको रोहबरमा मेलमिलाप भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

नेपाल तरूण दलबाट

खाँदबारी नपा कार्यालयमा ०६८ वैशाख १४ गते खाँदबारी नपा- १ निवासी तरुण दलका जिल्ला सदस्य प्रनिस राईले तोडफोड गरे। नगरपालिकाका कर्मचारीले आफ्नो काम नगरेको भन्दै राईले नपा कार्यालयका कुर्सी र टेबल तोडफोड गरेका थिए। उनलाई प्रहरीले गिरफ्तार गरेर सार्वजनिक अपराध ऐन अन्गर्तको मुद्दा चलायो। प्रहरीले राईलाई गिरफ्तार गरेको भन्दै तरुण दलले वैशाख २० गते नपा कार्यालयमा तालाबन्दी गऱ्यो भने जिल्ला हड्तालको आह्वान समेत गऱ्यो। प्रशासन र तरुण दलबीच राईलाई कानुनी प्रक्रिया पुऱ्याएर रिहा गरिने तथा सेवाग्राहीको काम नगर्ने कर्मचारीमाथि अनुसन्धान थालिने सहमति भएपछि तरुण दलले नपाको ताला वैशाख २५ गते खुल्ला गऱ्यो। आरोपित राईलाई कुनै कारबाही भएन।

सङ्घीय लिम्बूवान राज्यपरिषदबाट

सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताले ०६८ जेठ ९ गते धुपु गाविस- ३ मा फोटो सहितको मतदाता नामावली सङ्कलन गर्न गएका निर्वाचन आयोगका कर्मचारीसँग भएका तीन ओटा ल्यापटप तोडफोड गरे। प्रहरी र कर्मचारीलाई नियन्त्रणमा लिँदै लिम्बूवान कार्यकर्ताले ल्यापटप फुटाएर मतदाता नामावली सङ्कलन कार्य विथोले। प्रहरीले कसैलाई पनि गिरफ्तार गर्न सकेन। पटक पटकको चेतावनी दिँदा समेत नमानेका कारण आफूहरू नामावली सङ्कलन कार्य विथोल्न बाध्य हुनु परेको परिषद्का जिल्ला अध्यक्ष इन्द्रमान लिङथेपले बताए। निर्वाचन आयोगसँगको सहमतिमा पुनः परिषद्ले जेठ १५ गतेबाट कुनै पनि स्थानमा मतदाता नामावली सङ्कलन कार्यमा अवरोध नगर्ने जनायो।

नेकपा माओवादी (मातृका यादव) बाट

सामुदायिक भवन निर्माणका लागि काटिएको सखुवाको काठ ०६८ वैशाख २३ गते धुपु गाविस-४ बाट नेकपा माओवादी (मातृका यादव)ले कब्जा गऱ्यो। वनमा अनियमित तरिकाबाट काठ काटिएको आरोप लगाउँदै माओवादीले १ सय ६० क्यूफिट काठ कब्जामा लिएको तित्रे सामुदायिक वनका अध्यक्ष दुर्गा अधिकारीले बताए। स्थानीय बासिन्दा र सामुदायिक वनको

दवावपछि माओवादीले सो काठ वैशाख २४ गते नै सामुदायिक वनलाई फिर्ता गऱ्यो।

एकीकृत माओवादीबाट

एकीकृत माओवादीले जिल्लाको खाँदबारी-११ पिप्लेमा ०६८ पुस १४ गते जग्गा कब्जा गरेको घोषणा गऱ्यो। माओवादीले नारायण अधिकारीको ५० रोपनी जग्गामा झण्डा गाडेर कब्जाको घोषणा गरेको थियो। अखिल नेपाल किसान महासङ्घ(क्रान्तिकारी) का अध्यक्ष छत्रबहादुर कटुवालको नेतृत्वमा गएको टोलीले जग्गामा झण्डा गाडेर कब्जा गरेको घोषणा गरेको थियो। विगत २४ वर्ष अघिबाट कमाई गरी रहेका मोही हेमन्त राईको परिवारलाई हटाउन खोजेको भन्दै जग्गा कब्जा गरेको एकीकृत माओवादीका इन्चार्ज राजेन्द्र किराँतीले बताए। माओवादीले हालसम्म जिल्लामा ६८ जनाको जग्गा कब्जा गरिसकेका छन्। ०६७ सालदेखि जग्गाको धान माओवादीले कब्जा गरेको भन्दै जग्गावाला नारायण अधिकारी स्थानीय समाज, अधिकारकर्मी र प्रशासनलाई धान उठाउन सहयोग मागेर ०६८ पुस ५ गते प्रहरीकै सुरक्षा सहयोगमा धान उठाइएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	२०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	२	३
स्टाफ नर्स	६	५	१
ल्याब असिस्टेन्ट	३	३	
अहेब	४७	४२	५
अनमी	२७	२०	७
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२१	१४	७
स्वास्थ्य कार्यकर्ता	५१	२९	२२

१.११ सप्तरी

जनसङ्ख्या : ६,४६,२५०
पुरूष : ३,१६,८८८
महिला : ३,२९,३६२
साक्षरता प्रतिशत : ५९
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,३६३
गाविस/नपा सङ्ख्या : ११४/१
सरकारी/निजी विद्यालय : ३४६/१०
क्याम्पस/उच्च मा.वि. : २/२८
मानव विकास सूचकाङ्क : ०.४५३
प्रतिपरिवार सरदर सङ्ख्या : ४.९८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यपक्षबाट

शम्भुनाथ गाविस-७ का ५२ वर्षीय रामवहादुर चौधरीको ०६८ असार ३२ गते शम्भुनाथ गाविस-८ स्थित सडकमा प्रहरी जवान परवेज महतोले चलाएको गोली लागी घटनास्थलमा मृत्यु भयो। एमालेका नेता एवम् पूर्वसांसद् जगदीशप्रसाद साहका अङ्गरक्षक प्रहरी जवान परवेज महतोसँग स्थानीय युवाको वादबिवाद हुँदा उनले चलाएको गोली लागि चौधरीको मृत्यु भएको थियो। घटनापछि स्थानीय युवाहरूले प्रहरी जवान महतोलाई कुटपिट गरी घाइते बनाए। उनको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरिएको थियो। आफूलाई आक्रमण गरेर अङ्गरक्षकलाई समेत कुटपिट गरेपछि घटना भएको पूर्वसांसद् साहले बताए। प्रहरीले ०६८ साउन १ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा मुद्दा दर्ता गरी साउन ३२ गते जिल्ला न्यायाधिवक्ताको कार्यालयमार्फत अदालतमा अभियोगपत्रसहित कर्तव्यज्यान अन्तरगत

मुद्दा दायर गरेको थियो। जिल्ला अदालतको ०६८ भदौ ८ गते को आदेश बमोजिम पुर्पक्षका लागि प्रहरी जवान महतो राजबिराज कारागारमा थुनामा छन्। जवानसँगै ०६८ साउन १ गतेदेखि प्रहरी हिरासतमा रहेका पूर्वसांसद् साह भने १ लाख ५० हजार रुपियाँ धरौटी राखेर ०६८ भदौ ८ गते तारेखमा रिहा भए। प्रहरी जवान महतोसँग विवाद गर्ने शम्भुनाथ-८ का सरोजकुमार चौधरी, बलराम चौधरी र आशाराम चौधरीको हकमा अदालती बन्दोबस्तको ९४ नं. बमोजिम अदालतले गिरफ्तार गर्न आदेश जारी गरेको छ। उनीहरू फरार छन्।

अज्ञात समूहबाट

गोवरगाढा गाविस-३ का कृषक ४५ वर्षीय सहदेव कुर्मीको ०६८ जेठ १५ गते अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। जेठ ६ गतेदेखि बेपत्ता भएका पीडितको लास जेठ १५ गते कोसी पलारमा बालुवामा गाडेको अवस्थामा फेला परेको थियो। उनको लाससगरमाथा अञ्चल अस्पतालमा पोस्टमार्टम गरी प्रहरीले परिवारलाई बुझायो। प्रहरीले घटनाको अनुसन्धान भइरहेको बतायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

कल्याणपुर गाविस - २ का होटल व्यवसायी ३९ वर्षीय शिवजी साह ०६७ पुस ३० गते राति हतियारधारी समूहले चलाएको गोली लागि घाइते भए। कल्याणपुर गाविस- २ स्थित सेरू अग्रवालको इलेक्ट्रोनिक्स पसलमा लुटपाट गर्न खोज्ने हतियारधारी समूहको गाउँलेले प्रतिकार गरेपछि साह हतियारधारीले चलाएको गोली लागि घाइते भएका थिए। पसलमा लुटपाट गरेर अग्रवाललाई अपहरण गर्न खोजेपछि अग्रवालको गुहार सुनेर जम्मा भएका गाउँलेमाथि हतियारधारीले गोली चलाएर भागेको व्यापारी अग्रवालले बताए। पीडितको दाहिने पाखुरामा गोली लागेको थियो। पीडितको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो।

राजविराज नगरपालिका - ३ का ४२ वर्षीय परमेश्वर पासी ०६७ चैत ६ गते अज्ञात हतियारधारी समूहले प्रहार गरेको गोली लागी घाइते भए। घरमा सुतिरहेका पासीलाई उठाएर हतियारधारीले गोली प्रहार गरेको थियो। पीडितको दायाँ खुट्टामा गोली लागेको थियो। पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडितले ०६७ चैत ७ गते नगरप्रहरीमा उजुरी दिए। प्रहरीले अनुसन्धान भइरहेको जनायो।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको ७८ र कैद नतोकिएको ८२ जना कैदी र थुनुवा गरी जम्मा १ सय ६० जना बन्दीहरू रहेका छन्। जसमा पुरुष १ सय ५७ जना र महिला तीन जना रहेका छन्। यस कारागारमा अनौपचारिक शिक्षा, पुस्तकालय, पत्रपत्रिका, सीपमूलक सामग्रीको बजार व्यवस्था आदि माग बन्दीहरूको रहेको छ भने जेलमा नयाँ भवन निर्माण गर्नुपर्ने, घेरावेराको व्यवस्था हुनुपर्ने, सुरक्षा बल थप गर्नुपर्ने, थुनुवा र कैदीलाई राख्न फरक ब्लकको व्यवस्था हुनुपर्ने, जेलरको लागि क्वाटरको व्यवस्था हुनुपर्ने, कारागारको जग्गा वर्षौंदेखि अतिक्रमणमा परेकोले त्यसको निर्क्योल गर्नुपर्ने, आधुनिक सूचना प्रविधिहरूबाट बन्दीको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्ने जेलर अमृत पोखरेलले बताए।

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						४	४
बालअधिकार					३		३
अमानवीय व्यवहार						१	१
अपहरण					५	१३	१८
महिलाअधिकार					५		५
भेला/सङ्गठित हुने अधिकार	१	३	१९	३३			
कुटपिट	१	३		४	१	८	९
धम्की		१		१			
हत्या		१		१	६	३	९
जम्मा	३	८	१९	३९	३०	३८	४८

बेपत्ता/अपहरण
अखिल तराई मुक्ति मोर्चाबाट

सुनसरी इनरूवा नपा-९ का ४८ वर्षीय रामप्रसाद साहलाई ०६८ साउन ४ गते पूर्वपश्चिम सडकखण्डको भारदह गाविस-१ बाट अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरे। सुनसरीबाट भुस बोकेर आउँदै गरेको ना १ ख २९९१ नम्बरको मिनीट्रकका चालक सुनसरी इनरूवा नपा-९ का रामप्रसाद साह र सहचालक कृष्णहरि ऋषिदेवलाई ट्रक रोकी मोर्चाका कार्यकर्ताले अपहरण गरेका थिए। ऋषिदेवलाई केही पर लगी छोडे पनि साहलाई भने कोसीडुवानतर्फ लिएर गएका थिए। मोर्चाका सुनसरी इन्चार्ज इन्द्रजीतले सप्तरीका सञ्चारकर्मीलाई टेलिफोन गरी अपहरणको जिम्मेवारी लिएका थिए। साहलाई प्रहरीले भारतीय प्रहरीको सहयोगमा साउन १५ गते साँझ भारतको भीमनगरबाट मुक्त गरायो।

अज्ञात समूहद्वारा अपहरण गरिएका अनिल ठाकुर

अज्ञात समूहबाट

सुनसरी जिल्ला हर्साही गाविस-३ घर भई सप्तरी जिल्ला भारदह गाविस-१ मा अस्थायी रूपमा भेडाबाखाको बथान राखेर बसेका ३५ वर्षीय मधु पाललाई ०६७ पुस २२ गते अज्ञात समूहले अपहरण गऱ्यो। पाँच जनाको सङ्ख्यामा हतियारसहित आएको समूहले भारदह गाविस- १ को कङ्कालिनी मन्दिरछेउमा झुप्रो बनाई अस्थायी बसोबास गर्दै आएका पाललाई सुतेकै अवस्थामा अपहरण गरेको थियो। पीडितलाई भारतीय प्रहरीको सहयोगमा नेपाल प्रहरीले भारतको भीमनगरबाट पुस २६ गते मुक्त गरायो।

डाँढा गाविस- ८ का कृषक ३० वर्षीय सन्तोषकुमार मुखियालाई ०६७ फागुन १६ गते अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। घरमै सुतिरहेका बेला फागुन १६ गते राति २.०० बजे १५ जनाको एक समूहले छोरालाई कुटपिट गर्दै लगेको पीडितका बाबु अमतिलाल मुखियाले बताए। छोराको अपहरण भएको बारे ०६७ फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि हालसम्म पत्ता नलागेको पीडितका बाबुले बताए। प्रहरीले भने खोजी भइरहेको बतायो। उनको अवस्था अझै अज्ञात छ।

बनौली गाविस-९ निवासी राजबिराजस्थित जगदम्बा टेक्निकल इन्स्टिच्यूट अध्ययनरत २० वर्षीय बासुदेव रामलाई ०६८ असोज ८ गते अज्ञात समूहले अपहरण गऱ्यो। इन्स्टिच्यूटबाट विदा भएर जाँदै गरेका रामलाई अज्ञात समूहले साँझ बाटोबाटै अपहरण गरेको पीडितका बुबा राधेकृष्ण रामले बताए। अपहरण कसले गरेको खुल्न सकेन। समूह बताउन नचाहने अविनास भन्ने एक व्यक्तिले पीडितकै मोबाईलबाट फोन गरी अपहरणको जिम्मा लिएको र मुक्त गर्न ५ लाख रुपियाँ फिरौती माग गरेको अभिभावक रामले बताए। रामलाई प्रहरी सक्रियतामा असोज ११ गते सप्तरीको जण्डौल गाविस-९ जङ्गलबाट मुक्त गराएको जिल्ला प्रहरी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा प्रहरीले जनायो।

राजबिराज नगरपालिका-६ का २० वर्षीय अस्मित देवकोटालाई ०६८ कात्तिक १७ गते अज्ञात समूहले राजबिराजबाट अपहरण गऱ्यो। घरबाट बजार हिँडेका देवकोटा साँझ घर नफर्केको उनकी आमा एकल महिला समूह सप्तरीकी सचिव अनीता देवकोटाले बताईन्। अपहरणकारीले उनलाई मुक्त गर्न मोबाइलबाट फोन गरी ५० लाख रुपियाँ फिरौती माग गरेको देवकोटाले बताईन्। प्रहरीले उनको खोजी भइरहेको बतायो।



प्रहरीद्वारा नियन्त्रणमा लिई दुर्व्यवहार गरिएका दिवाकर साह

धम्की/कुटपिट
राज्यपक्षबाट

सिराहाका पत्रकार देवनारायण साहलाई ०६८ जेठ १२ गते समाचार सङ्कलनको क्रममा सिस्वाबेल्ही प्रहरी चौकीका सहायक निरीक्षक जीतबहादुर निरौलाले कुटपिट गरी दुर्व्यवहार गरे। समाचार सङ्कलन गर्न गएका साहले सशस्त्र समूहका कार्यकर्ता गिरफ्तार भएको विषयमा प्रहरीलाई सोधपुछ गर्दा निरौलाले दुर्व्यवहार गरी छ घण्टा चौकीमा थुनेको पीडित साहले बताए। प्रेस युनियन सप्तरीले

विज्ञप्ति प्रकाशित गरी युनियन आवद्ध पत्रकारलाई प्रहरीले दुर्व्यवहार गरी ६ घण्टा बन्धक बनाएको भन्दै घटनाको भर्त्सना गरेको थियो।

कल्याणपुर गाविस-३ निवासी समाद एफएमका सम्वाददाता ३७ वर्षीय मोहमद अयूब राईनलाई ०६८ साउन ४ गते नगरपालिकाको केन्द्रका विषयमा कल्याणपुरवासीले गरेको धर्ना कार्यक्रममा प्रहरीले लाठीचार्ज गरेको घटनाको फोटो खिच्न खोज्दा प्रहरीले कुटपिट गरी दुर्व्यवहार गऱ्यो।

राजविराज नपा-३ निवासी न्युज टुडे दैनिकका कार्टुनिस्ट २० वर्षीय दिवाकर साहलाई ०६८ असोज २६ गते सप्तरी एसपी गणेशबहादुर थापाले गिरफ्तार गरी आफ्नै कार्यकक्षमा तीन घण्टा थुनेर दुर्व्यवहार गरे। नेपाल पत्रकार महासङ्घ, प्रेस चौतारीलगायतका सङ्घसंस्थाले कार्टुनिस्ट पत्रकार साहमाथिको दुर्व्यवहारको भर्त्सना गर्दै कारवाहीको माग गरे। घटनाका सम्बन्धमा सप्तरी प्रहरी प्रमुखले क्षमायाचना गरे।

कमलपुर-३ का १३ वर्षीय उमेश साहलाई ०६८ वैशाख ७ गते बिनाअनुमति कोसी आरक्षमा प्रवेश गरेको आरोपमा कोसी टप्पु वन्यजन्तु आरक्षको सुरक्षाका लागि खटिएका पिप्रापूर्व गाविसस्थित इन्द्रदल गुल्मबाट गस्तीमा गएको नेपाली सेनाको टोलीले बन्दुकको कुन्दा, लाठी र मुडकीले कुटपिट गऱ्यो। सेनाको कुटपिटबाट साहका तीनवटा दाँत भाँचिएको थियो। उनलाई उपचारका लागि फत्तेपुरस्थित सामुदायिक अस्पतालमा भर्ना गरिए पनि उपचार हुन नसकेपछि स्थानीय डेन्टल क्लिनिकमा उपचार गरिएको थियो। सेनाले कुटपिट गरी भाँचिएको दाँत कामै नलाग्ने भएकाले कृतिम दाँत लगाउनुपर्ने दन्त चिकित्सकले बताए। बालकलाई कुटपिट भएको खबर पाएर गएका पीडितका आफन्त विलेक्षण यादव, जगदीश साह, बच्चालाल यादव, बुद्धिलाल यादवलाई समेत सेनाले कुटपिट गरी घाइते बनाएको पीडितले बताए। घाइतेहरूको फत्तेपुरस्थित सामुदायिक अपस्तालमा उपचार भयो। कमजोरी भएको स्वीकार्दै अनुमतिबिना प्रवेश गरेकोले घटना भएको नेपाली सेनाका सहसेनानी रमेश अधिकारीले बताए।

अज्ञात समूहद्वारा अपहरण गरिएका पुनित चौधरी

नेकपा माओवादी (मातृका) बाट

तिलाठी गाविस-५ का ३२ वर्षीय मिथिलेश मिश्र ०६८ जेठ १० गते नेकपा माओवादी मातृका समूहका कार्यकर्ताले प्रहार गरेको ढुङ्गा लागेर घाइते भए। काठमाडौँबाट आउँदै गरेका पीडित चढेको रात्री बसले बन्दको अवज्ञा गरेको भन्दै माओवादीका कार्यकर्ताले बिसनपुर चौकमा ढुङ्गा प्रहार गरेका थिए। बन्दकर्ताले हानेको ढुङ्गा लागेर गम्भीर घाइते पीडितको सगरमाथा अञ्चल अस्पताल राजबिराजमा उपचार भयो। बन्दको अवज्ञा गरेर सवारी साधन चलाएको भन्दै बन्दकर्ताले सवारी साधन तोडफोड गरेका थिए। घटनापछि प्रहरी र बन्दकर्ताबीच झडप भएको थियो। प्रहरीले लाठीचार्ज गरी सडकको अवरोध खुलाएको थियो।

अज्ञात समूहबाट

विषहरीया गाविस-५ निवासी स्थानीय महावीर मावि बिसहरियाका शिक्षक ४२ वर्षीय शैलेन्द्रकुमार चौधरीलाई ०६८ साउन १३ गते अपरिचित समूहले चन्दा नदिएको आरोपमा कुटपिट गऱ्यो। घटनाका सम्बन्धमा शिक्षक युनियनलगायतका संस्थाले विज्ञप्ति प्रकाशित गरी विरोध जनाउदै दोषीलाई कारवाहीको माग गरे। प्रहरीले घटनामा संलग्नको खोजी भइरहेको बतायो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कल्याणपुर गाविस-३ का ३४ वर्षीय रामेश्वर यादव, ४० वर्षीय जाकीर अन्सारी तथा उनकी पत्नी ३८ वर्षीय जमिला अन्सारी ०६८ साउन ७ गते नगरपालिकाको केन्द्रका विषयमा कल्याणपुरवासीले गरेको धर्ना कार्यक्रममा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। उनको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भयो। नेपाल सरकारले कल्याणपुरलगायतका आठ गाविसलाई ०६८/०६९ को बजेटमार्फत नगरपालिका घोषणा गरी मोहनपुरलाई केन्द्र तोकेको विरोध गर्दै कल्याणपुरलाई केन्द्र तोक्न माग गर्दै सडक अवरोधको कार्यक्रम सहित आन्दोलनमा उत्रिएका थिए। आन्दोलनकारीले सडक अवरोध

गरेकाले सडक खुलाउन भन्दै प्रहरीले लाठीचार्ज गरेको थियो।

नेपाल सद्भावना पार्टी (तिवारी समूह) का केन्द्रीय अध्यक्ष विकास तिवारी, महासचिव कुमरनाथ मिश्र,जिल्ला अध्यक्ष बद्रीनारायण यादव, कार्यकर्ताहरू दानालाल मण्डल, रञ्जीत झा, नारायण पण्डितलगायतलाई ०६८ वैशाख २३ गते सडक अवरोध गरेको आरोपमा प्रहरीले भारदहबाट गिरफ्तार गऱ्यो। राजविराज भारदह सडकखण्ड जीर्ण भएको धेरै समय भैसक्दा पनि पुनः निर्माण नगरेको विरोधमा सडक जाम गर्न पुगेका नेता कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको थियो। प्रहरीले उनीहरूलाई केही सार्वजनिक ऐनअन्तरगत मुद्दा लगाएको थियो। आन्दोलनकारीले शान्तिपूर्ण आन्दोलन गर्दा गिरफ्तार गरेको भन्दै प्रहरी हिरासतमा भोकहडताल गरे। तीन दिनपछि उनीहरू जनही ५ सय रुपियाँ धरौटीमा रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

पाँच जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ हजार ६ सय ५० मध्ये ८ सय ६० फैसला भए भने ७ सय ९० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ हजार ३ सय ६७ मध्ये २ हजार १ सय ९९ फैसला भए भने २ हजार १ सय ६८ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ३० र देवानी मुद्दा ३ सय ३२ रहे।

पुनरावेदन अदालत

०६८ साउनदेखि पुस १६ सम्म

पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय २ मध्ये ८३ फैसला भए भने ३ सय १९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ७२ मध्ये १ सय २७ फैसला भए भने ४ सय ४५ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई र देवानी मुद्दा १२ रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म कर्तव्य ज्यानसम्बन्धी मुद्दा ५६ मध्ये आठ सफल र २४ असफल रह्यो भने २४ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा २५ मध्ये दुई सफल र आठ असफल रह्यो भने १५ फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा ४० मध्ये चार सफल र आठ असफल रह्यो भने २८ फैसला हुन बाँकी रह्यो। बोक्सीको आरोपहसम्बन्धी मुद्दा पाँचमध्ये दुई सफल र एक असफल रह्यो भने दुई फैसला हुन बाँकी रहेको सरकारी वकिलकार्यालयले जनायो।

नेपाली सेनाद्वारा बन्दुकको कुन्दा, लाठी र मुड्कीले कुटपिट गरिएका उमेश साह

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेर २ लाख ४९ हजार ५ सय ७५ मध्ये छात्र १ लाख २२ हजार ४ सय २१ र छात्रा १ लाख २७ हजार १ सय ५४ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला र पुरुष गरी जम्मा १ हजार ३ सय ७ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा महिला र पुरुष गरी जम्मा २ सय ६८ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला र पुरुष गरी जम्मा २ सय ३४ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ९ हजार ८५ र बालिका ५ हजार ७ सय ९७ गरी जम्मा १४ हजार ८ सय ८२ रहेका छन् जसमध्ये दलित बालक ७ सय ४८ र बालिका ७ सय ६७ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

अपहरण

राजविराज नपा- ७ निवासी मोडेल इङ्लिश बोर्डिङ स्कुल राजविराजमा कक्षा ७ मा अध्ययनरत १३ वर्षीय सुनील चौधरीलाई ०६७ माघ ९ गते अज्ञात समूहले अपहरण गऱ्यो। साथीसँग खेल्न गएको छोरा घर नफर्केपछि नाम नबताउने समूहका एक सदस्यले फोन गरेर फिरौती माग गऱ्यो। परिवारसँग अपहरणकारी समूहले ३० लाख रुपियाँ फिरौती मागेको थियो। चौधरीलाई प्रहरीले फागुन ९ गते भारतीय प्रहरीको सहयोगमा भारतको सीमावर्ती गाउँबाट

मुक्त गराएको उनका अभिभावकले बताए।

धरमपुर गाविस-५ निवासी स्थानीय महेन्द्र जनता उच्चमावि बलुवा सीतापुरमा कक्षा ९ मा अध्ययनरत १५ वर्षीय अनील ठाकुरलाई ०६८ वैशाख १ गते अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। पीडितलाई अपहरण गरेको थाहा पाउनेबित्तिकै ठूलो सङ्ख्यामा भेला भएका गाउँलेहरूले अपहरणकारीलाई लखेटर घरदेखि ५ सय मिटर टाढा खेतबाट ठाकुरलाई मुक्त गराएका थिए। पीडितले अपहरणकारीको हुलियासहित ०६८ वैशाख १ गते प्रहरीमा उजुरी गरे पनि प्रहरीले भने कुनै कारबाही नगरेको पीडितले बताए।

बरही बीरपुर गाविस-५ का १५ वर्षीय सञ्जीवकुमार साहलाई ०६७ पुस २१ गते अज्ञात समूहले घरनजिकैको पोखरीको डिलबाट अपहरण गऱ्यो। उनलाई कसले किन अपहरण गरेको खुल्न सकेन। परिवारजनले अपहरितहरूको रिहाइ र खोजीका लागि पहल गरिदिन सम्बन्धित सबै पक्षसँग आग्रह गरे। प्रहरीले भने अपहरितको खोजी भइरहेको बतायो। उनको अवस्था अझै अज्ञात छ।

बनौली गाविस-७ घर भई राजविराज नपा-५ मा डेरा गरी बस्ने छोरा ६ वर्षीय आयुस साहलाई ०६७ फागुन ९ गते अज्ञात समूहले राजविराजबाट अपहरण गऱ्यो। स्थानीय गौतम शिशुसदनमा नर्सरीमा अध्ययनरत साहलाई स्कूलबाट घर फर्कदै गर्दा दुई जनाको सङ्ख्यामा मोटरसाइकल चढेर आएका नचिनेका मानिसले राजविराज नपा-१ स्थित पत्रकारमहासङ्घको कार्यालयअगाडिबाट दिउँसो अपहरण गरेको पीडितका अभिभावकले बताए। साहलाई भारतीय प्रहरीको सहयोगमा चैत ७ गते प्रहरीले भारतको अररियाबाट मुक्त गरायो। अपहरणकारीको पहिचान हुन सकेन।

कल्याणपुर गाविस-२ निवासी राजविराज नगरपालिका-६ डेरा गरी बस्ने १० वर्षीय दीपक साहलाई ०६८ कात्तिक २० गते अज्ञात समूहले अपहरण गऱ्यो। राजबिराजस्थित रोज बोर्डिङ स्कुलमा कक्षा ३ मा अध्ययनरत साह डेराबाट ट्युसन पढ्न भनेर गएको समयमा अपहरणमा परेको पीडितका बुबा जीवछ साहले बताए। उनी दुई दिनपछि फिरौती बुझाएर भारतीय सीमावर्ती गाउँबाट मुक्त भए।

बलात्कार प्रयासपछि हत्या

ठेलिया गाविस- ५ की १७ वर्षीया निशा सत्यालको ०६८ कातिक १४ गते अज्ञात समूहले बलात्कार प्रयासपछि हत्या गरिएको हुनसक्ने प्रहरीले जनायो। उनको लास रूखमा झुण्याइएको अवस्थामा स्थानीय खोत्तरदेवी सामुदायिक वनमा फेला परेको थियो। घरनजिकैको जङ्गलमा बाखा चराउन गएकी बालिकाको शरीरमा घाउचोट रहेको र संवेदनशील अङ्गमा कपडासमेत नरहेको अवस्थामा उनको लास पाइएको प्रहरीले बतायो। इलाका प्रहरी कार्यालय कञ्चनपुरले शङ्कास्पद स्थानीय केही व्यक्तिहरूलाई निगरानीमा राखी अनुसन्धान अगाडि बढाइएको जनाएको छ। पीडितको लास राजबिराजस्थित सगरमाथा अञ्चल अस्पतालमा पोस्टमार्टमपश्चात् परिवारको जिम्मा लगाइएको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनायो।

अपहरणपछि हत्या

जमुनी मधेपुरा गाविस- ५ का किशोर मण्डलका छोरा ९ वर्षीय पवनकुमार मण्डललाई ०६८ असोज २१ गते अज्ञात समूहले अपहरण गरी हत्या गऱ्यो। अपहरित मण्डलको लास असोज २४ गते घोडदह नदीमा क्षतविक्षत अवस्थामा फेला परेको थियो। हत्या कसले गरेको खुल्न नसके पनि फिरौती नपाएपछि बालकको हत्या गरिएको पीडित परिवारले जनायो। घरछेउमै खेलिरहेको अवस्थामा मण्डललाई अज्ञात समूहले अपहरण गरेको थियो। बालक अपहरणपछि नाम र समूह बताउन नचाहने अपहरणकारीले पीडितका बुबा किशोरलाई मोबाइलवाट फोन गरी ५ लाख रुपियाँ रुपियाँ फिरौती माग गरेका थिए। मृतक बालकको लासको गरमाथा अञ्चल अस्पताल पोस्टमार्टम गरी प्रहरीले परिवारलाई बुझायो। जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी युवनारायण बैद्यले घटनाको अनुसन्धान भइरहेको बताए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

कमलपुर गाविस- २ की १२ वर्षीया बालिकालाई ०६८ जेठ ७ गते एकीकृत माओवादीका सप्तरी जिल्ला कमिटी सदस्य कमलपुर गाविस-२ का जगदीश यादवले राति घरमा कोही नभएको मौका छोपी बन्दुक देखाएर बलात्कार गरेको पीडितले बताइन्। यादवले ५ सय रुपियाँ दिएर प्रलोभन देखाई यौनसम्पर्क गर्न खोज्दा पीडितले नमानेपछि बन्दुक देखाएर बलात्कार गरेको उनले बताइन्। घटनाका सम्बन्धमा पीडितले ०६८ जेठ १४ इलाका प्रहरी कार्यालय कञ्चनपुरमा उजुरी गरेपछि प्रहरीले

आरोपितलाई ०६८ जेठ १६ गते गिरफ्तार गऱ्यो। अदालतको आदेशबमोजिम आरोपित जेठ १९ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

मलपुर गाविस-७ की १३ वर्षीया एक बालिकालाई सोही ठाउँका १८ वर्षीय बसन्त पैकराले बलात्कार गरी गर्भवती बनाएको ०६८ साउन १२ गते पीडतले बताइन्। पैकराले ७ महिनाअघि बाख्रा चराउन गएको समयमा बलात्कार गरी कसैलाई भने मार्ने धम्की दिएकाले आफूले अभिभावकलाई समेत नबताएको राजबिराजमा आयोजित पत्रकार सम्मेलनमा उनले बताइन्। बलात्कारकै कारण गर्भ रहेको सात महिनापछि अभिभावकले थाहा पाएपछि घटना सार्वजनिक भएको थियो। गर्भ रहेको थाहा पाएपछि आरोपित फरार भएको पीडितका बुबा परशुराम खड्गाले बताए। घटनाका सम्बन्धमा प्रहरीमा ०६७ साउन १२ गते उजुरी गरे पनि कारबाही अघि नबढाएको पीडितपक्षले गुनासो गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

दाइजोका कारण हत्या

छिन्नमस्ता गाविस-९ की २२ वर्षीया विभादेवी मण्डललाई ०६७ चैत ३० गते दाइजो नल्याएको आरोपमा पति २८ वर्षीय पुरन मण्डल, ३५ वर्षीय जेठाजु कमलेश मण्डल र ५५ वर्षीय सासू फूलोदेवी मण्डलले कुटपिट गरी हत्या गरेको भनी पीडितका बुबा छिन्नमस्ता-२ का रामदेव मण्डलले इलाका प्रहरी कार्यालय छिन्नमस्तामा ०६८ वैशाख २ गते उजुरी दिए। प्रहरीले तीनै जना आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितका बुबा रामदेवकाअनुसार विभाको १५ महिनाअघि छिन्नमस्नता गाविस-९ का पुरनसँग सामाजिक परम्पराअनुसार विवाह भएको थियो। सो विवाहका लागि पुरनले मोटरसाइकल, १ लाख १ हजार रुपियाँ नगद र टेलिभिजन माग गरेका थिए। विवाहकै समयमा मोटरसाइकल दिए पनि नगद र टेलीभिजन नदिएको भन्दै परिवारका सदस्यले शारीरिक तथा मानसिक यातना दिँदै आएको उनले बताए। लासको प्रहरीले सगरमाथा अञ्चल अस्पताल राजबिराजमा पोस्टमार्टम गरी परिवारलाई बुझायो।

बनौली गाविस-९ लालपुर की २४ वर्षीया आशादेवी मण्डललाई ०६८ असोज ८ गते सासू कुसमी देवीले दाइजो कम ल्याएको भन्दै औषधीमा विष मिसाई खुवाउँदा आशादेवीको मृत्यु भयो। पीडितका बुबा झौलीका अनुसार कुसमीदेवी र उनको परिवारले विगत एक वर्षदेखि दाइजो माग्दै मानसिक यातना दिँदै आएका थिए। दाइजो कम ल्याएकै निहुँमा विष खुवाई हत्या गरेको उनले बताए। उनले ०६८ असोज ९ गते इलाका प्रहरी कर्यालय कल्याणपुरमा किटानी जाहेरी दिएको प्रहरी निरीक्षक पदम थपलियाले बताए। प्रहरीले असोज १० गते कुसमीदेबीलाई बुहारीको हत्या आरोपमा गिरफ्तार गऱ्यो। आशादेवीको लास सगरमाथा अञ्चल अस्पतालमा पोस्टमार्टम गरी परिवारको जिम्मा लगाइएको प्रहरीले बतायो। पीडकलाई अदालतबाट म्याद थप गराई अनुसन्धान भइरहको प्रहरी निरीक्षक थपलियाले जानकारी गराए।

भारदह गाविस-४ की २८ वर्षीया रीतादेवी मिश्रको ०६८ असार ८ गते हत्या गरी फालेको अवस्थामा लास फेला पऱ्यो। झाको दाइजोको कारण पति नृपित मिश्राले हत्या गरेको माइतीपक्षले आरोप लगायो। माइतीपक्षकै उजुरीका आधारमा प्रहरीले पति नृपित मिश्रलाई गिरफ्तार गऱ्यो। परिवारका सदस्यले घरमै लडी घाइते भएपछि उपचार गराउन धरान लैजाँदै गर्दा उनको बाटोमै मृत्यु भएको बताए। पीडितको गर्धन भाँचिएको र शरीरभरी नीलडाम रहेकोले अवस्थामा लास फेला परेको थियो। प्रहरीले अनुसन्धान भइरहेको बतायो।

फर्सेठ गाविस-४ की २७ वर्षीया रीतादेवी यादवलाई ०६८ असोज ८ गते पति धीरेन्द्र यादवलगायत परिवारका सदस्यले हत्या गरेको माइतीपक्षले आरोप लगायो। यादवका दाजु हरेराम यादवले असोज ९ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा लिखित जाहेरी दिएर बहिनीलाई पति धीरेन्द्र यादव, जेठाजु वीरेन्द्र यादव र जेठानी झनकवतीदेवी यादवले विष खुवाएर हत्या गरेको जनाए। यादवले दिएको जाहेरीमा पति र उनको परिवारले दाइजो कम ल्याएको भन्दै बारम्बार पीडितलाई कुटपिट गर्ने गरेको, पटक पटक १ लाख रुपियाँ बढी दाइजो ल्याउन मानसिक यातना दिने गरेको भन्दै विष खवाएर हत्या गरेको उल्लेख छ। घटनाका सम्बन्धमा प्रहरीले अनुसन्धान भइरहेको र कसैलाई गिरफ्तार गर्न नसकेको बतायो।

दुर्व्यवहार

मोहनपुर गाविस - की ६५ वर्षीय बदामदेवी भगतले बोक्सी लगाएको आरोपमा ०६८ वैशाख ८ गते उनलाई छिमेकी लालु साह सोनारलगायतका गाउँलेले कुटपिट गरे। पीडक लालु साहकी छोरी १७

वर्षीय खुशबुलाई बोक्सी लगाएको आरोपमा साहलगायतका गाउँलेले उनलाई कुटपिट गरेको पीडितले बताइन्। जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि पीडकलाई कारबाही नगरेको पीडितले बताइन्।

महदेवा गाविस-३ निवासी ४५ वर्षीया सियादेवी मण्डललाई ०६८ कात्तिक २१ गते बोक्सीको आरोपमा ३० वर्षीय श्यामदेव मण्डल र उनकी पत्नी २५ वर्षीया रूक्मणीदेवी मण्डले कुटपिट गरी घाइते बनाए। रूक्मणीको पेट दुखेपछि बोक्सी लगाइदिएको भन्दै घरमै आएर आफूलाई दाउराको चिर्पट र लातमुक्काले कुटपिट गरेको पीडितले बताइन्। कुटपिटबाट घाइते उनको राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा उपचार भएको थियो।

कोमधेपुरा गाविस-२ की २५ वर्षीया सजनीदेवी मण्डललाई नागरिकता बनाई दिन भनी अनुरोध गर्दा ०६८ असार १७ गते ससुरा किशन मण्डलले दुर्व्यवहार गरे। पति विनोद मण्डलको रोजगारीको सिलसिलामा भारतको दिल्लीमा चार वर्षअघि हत्या भएपछि नागरिकता बनाइदिन भन्दा आनाकानी गर्दै आएका ससुराले कुनै हालतमा नागरिकता नबनाइदिने भन्दै दुर्व्यवहार गरेको पीडितले बताइन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६८ असार १८ गते उजुरी गरेपछि प्रहरीले किशनलाई गिरफ्तार गरी नागरिकता बनाइदिने सर्तमा रिहा गरेको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१४		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	१०३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१५	६	९
स्टाफ नर्स	२३	१७	६
ल्याब असिस्टेन्ट	८	६	२
अहेब	१३३	१३३	
अनमी	८५	७६	९
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१५	
स्वास्थ्य कार्यकर्ता	११५	८३	३२

१.१२ सिराहा

जनसङ्ख्या : ६,४३,११६
पुरूष : ३,१३,२९२
महिला : ३,२९,८४४
साक्षरता प्रतिशत : ४९
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,१८८
गाविस/नपा सङ्ख्या : १०६/२
सरकारी/निजी विद्यालय : ४०८/३१
क्याम्पस/उच्च मा.वि. : ३/२६
मानव विकास सूचकाङ्कः ०.४२७
प्रतिपरिवार सरदर सङ्ख्याः ५.०९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

लक्ष्मीपुर प्र.म. गाविसका २५ वर्षीय सन्तोष यादवको ०६७ चैत २५ गते विष्णुपुरमा लागेको मेला हेर्न गएको अवस्थामा अज्ञात समूहले हत्या गऱ्यो। मृतको लासको पोस्टमार्टम जिल्ला अस्पतालमा ०६८ चैत २६ गते भएको थियो।

रामपुर वितर्ा गाविस-५ निवासी एकीकृत माओवादीका जिल्ला सदस्य ४७ वर्षीय विन्देश्वर महतोलाई ०६८ वैशाख २३ गते राति अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। व्यक्तिगत रिसइवीका कारण हत्या भएको हुन आशङ्का गर्दै हत्याराको खोजी गरिरहेको इलाका प्रहरी कार्यालय मिरचैयाका इन्स्पेक्टर बासुदेव खतिवडाले बताए।

भजनाहा लक्ष्मीपुर गाविस- ४ का ३० वर्षीय मेदी यादवलाई ०६८ मङ्सिर २८ गते राति अज्ञात समूहले धारिलो हतियार प्रहार गरी घाँटी रेटी हत्या गऱ्यो। सिरहा नपा- ९ स्थित सडकको किनारमा हत्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					३	३
बालअधिकार				३	१	४
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार				१	१	३
अपहरण				१	९	१०
महिलाअधिकार				९		९
भेला/सङ्गठित हुने अधिकार	८	५	१३			
जातीय विभेद					१	१
गिरफ्तारी/यातना	३		३			
कुटपिट				४	५	९
धम्की					३	३
हत्या				६	११	१७
जम्मा	**१०**	**५**	**१५**	**३४**	**३३**	**५७**

गरी लास बेवारिसे अवस्थामा भेटिएको थियो। जिल्ला प्रहरी कार्यालय सिराहाका एसपी राजेश्वरलाल कर्णले घटना अनुसन्धानकै क्रममा रहेको बताए।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ७६ र कैद नतोकिएका ९३ जना कैदी र थुनुवा गरी जम्मा १ सय ६९ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष १ सय ६१ जना र महिला छ जना रहेका छन्। कारागारभित्र एक जनाको मृत्यु भएको छ।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

असनपुर गाविस-४ निवासी शिवम् मनिट्रान्सफर तथा विशाल ईटा भट्टा सञ्चालक २० वर्षीय सरोज साहलाई ०६७ माघ ६ गते साँझ आफ्ना दाजु विनोद साहसँग मोटरसाइकलबाट गोलबजार स्थित मनिट्रान्सफर बन्द गरी घर जाने क्रममा निपनियाँ चौकबाट ६/७ जनाको हतियारधारी अज्ञात समूहले हतियार देखाई अपहरण गऱ्यो। दुवै दाजुभाई मोटरसाइकलमा घरतर्फ गइरहेको अवस्थामा निपनियाँ चौकमा हतियारधारीहरूले बाटो छेकेर मोटरसाइकलबाट लडाई भाइलाई अर्को मोटरसाइकलमा राखेर लगेका थिए। अपहरणकारीहरूले साथमा रहेको ६ लाख रुपियाँ समेत लुटेर लगेको उनले बताए। सरोजलाई ०६७ माघ १७ गते नेपाल भारत सीमा वरियारपटीबाट अपहरणकारीले रकम लिई मुक्त गरे। फिरौतीको रकमबारे परिवारले जनाएनन्।

लाहान नपा- १ का ६५ वर्षीय हरेराम दासलाई ०६७ माघ १८ गते राति चार-पाँच जनाको समूहले लाहानस्थित घरबाट अपहरण गऱ्यो। अपहरित दासलाई भारततर्फ लैजाने क्रममा ०६७ माघ १९ गते सप्तरी जिल्लाको पातो गाविसबाट प्रहरीले अपहरणमुक्त गराएको इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर लालध्वज सुवेदीले बताए। अपहरणकारीलाई हालसम्म गिरफ्तार गर्न नसकेको प्रहरीले बतायो।

सिसवनी गाविस- ८ वर्छवा घर भई महेन्द्र मोरङ क्याम्पस विराटनगरमा वीएड दोस्रो वर्षमा अध्ययनरत २३ वर्षीय देवदत्त चौधरीको ०६८ वैशाख १२ गते भोटियाटोलबाट अज्ञात समूहले अपहरण गऱ्यो। पीडित ६ महिनापछि लाहानको रमेशचोकबाट मुक्त भए।

महेशपुर गाविस-५ निवासी जिल्ला कृषि विकास कार्यालय सिरहामा जेटिए पदमा कार्यरत कर्मचारी ४५ वर्षीय हरिशचन्द्र पण्डितलाई आठ-दशजनाको अज्ञात समूहले ०६८ असार १४ गते बिहान आफ्नै घरमा सुतिरहेको अवस्थामा लछारपछार गर्दै अपहरण गऱ्यो। घटनाप्रति मानवअधिकार सञ्जाल केन्द्र सिरहा, इन्सेक, समग्र जनउत्थान केन्द्र लाहान, दलित जनकल्याण युवा क्लव लाहान, मानवअधिकार र विकास केन्द्र फुलवरीया, एड्भोकेसी फोरम सिराहा, समग्र विकास केन्द्र लाहानलगायतले ०६८ असार १८ गते प्रेस विज्ञप्ति जारी गरी अपहरितको विनासर्त मुक्तिका लागि आग्रह गरे। इलाका प्रहरी कार्यालय मिरचैयाका बासुदेव खतिवडाका अनुसार अपहरित पण्डित फूलवरीया गाविस- ६ मझाउबाट अपहरणकारीहरूको कब्जाबाट ०६८ असार १९ गते भागेका थिए।

सखुवाननकारकट्टी गाविस- १ खैरवोनाका २३ वर्षीय अरुणकुमार यादवलाई ०६८ असोज २२ गते अज्ञात व्यक्तिहरूले खैरवोना चोकबाट अपहरण गरे। अपहरितलाई सप्तरीको मलहनिया गाविस- ४ बाट

०६८ कात्तिक १ गते स्थानीय बासिन्दा र प्रहरीको सहयोगमा मुक्त गराइएको वडा प्रहरी कार्यालयका इन्सपेक्टर बैद्यनाथ यादवले बताए।

फूलकाहाकट्टी गाविस- ४ निवासी श्री प्रथामिक विद्यालय फूलकाहाकट्टी गाविस- ३ का प्रधानध्यापक ५५ वर्षीय वीरेन्द्रप्रसाद मरवैता यादवलाई ०६८ कात्तिक ७ गते सिमरा चोकबाट चिया खाएर फर्किरहेको अवस्थामा अज्ञात समूहले अपहरण गऱ्यो। राति अबेरसम्म घर नआएपछि खोजतलास गर्ने क्रममा बाटोमा उनले लगाएको चप्पल र साइकल भेटिएपछि उनी अपहरण भएको छोरा अरविन्द मोरवैता यादवले बताए। अपहरित ०६८ कात्तिक ९ गते भारतको लौकहीबाट मुक्त भए।

अज्ञात समूहद्वारा अपहरण गरिएका सरोज साह

महेशपुर पतारी गाविसस्थित स्वरूप मुखिया प्राथमिक विद्यालयका प्रधानाध्यापक महेन्द्र मुखियालाई ०६८ वैशाख २४ अज्ञात समूहले अपहरण गऱ्यो। आफूलाई कुटपिट गर्ने धम्की दिँदै तथा आँखामा पट्टि बाँधेर राखेको अपहरित मुखियाले बताए। उनलाई अज्ञात समूहको अपहरणबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन) समूहका कार्यकर्ताहरूले ०६८ जेठ ३१ आफ्नो नियन्त्रणमा लिए। जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन) समूहका कार्यकर्ताहरूले ०६८ असार ५ गते सिरहाबजारस्थित नेपाल पत्रकार माहासङ्घ शाखा अघिल्तिरबाट अपहरण मुक्त गरे।

धम्की/कुटपिट

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह)बाट

औरही गाविस-४ निवासी पत्रकार सन्तोषकुमार यादवलाई ०६८ साउन २१ गते सशस्त्र समूहले फेसबुक म्यासेज मार्फत भौतिक कारबाही गर्ने धम्की दियो। जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह) का केन्द्रीय सदस्य भाष्कर मुक्तिले फेसबुक म्यासेजमा जय मुक्तिलाई गिरफ्तार गर्न प्रहरीलाई सहयोग गरेको आरोपमा यादवलाई भौतिक कारबाही गर्ने धम्की दिएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ५६ मध्ये १ सय २५ फैसला भए भने १ सय ३१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सहजार ४ सय ११ मध्ये २ सय ६ फैसला भए भने १ हजार २ सय ५ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा १२ रहे।

पुनरावेदन अदालत

०६८ साउनदेखि पुस १६ सम्म

तीन जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ५८ मध्ये सात फैसला भए भने ५१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ६९ मध्ये ६३ फैसला भए भने ५ सय ६ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ४१ छ जसमध्ये ५७ सफल भए भने २७ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या ८४ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या ४४ रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १ सय ५७ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

लालपुर गाविस- ४ का घर भई असनपुर गाविस- ७ गोलबजारमा सङ्गम स्टाफ होटल सञ्चालन गर्दै आएका ३२ वर्षीय अनिरुध साहलाई बहुविवाहको आरोपमा ०६८ मङ्सिर २८ गते राति इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरीले होटलबाट गिरफ्तार गरी थुनामा राखी कुटपिट गऱ्यो। प्रहरीको कुटपिटबाट अनुरुधको दायाँ तिघ्रामा चोटका कारण हिँडडुलमा समेत समस्या भएको थियो। साहका अनुसार सइ रुद्र श्रेष्ठले थुनाकक्षमा लगाएको जुता निकालेर, पिठ्यूँमा नीलडाम, कानबाट रगत आउने गरी कुटपिट गर्दा बायाँ आँखामा र गिजामा समेत चोटपटक लागेको उनले बताए। घाइतेको उपचार गोलबजारस्थित भूमिजा हस्पिटलमा भएको थियो। उनी मङ्सिर २९ गते रिहा भए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ५२ हजार २ सय १० मध्ये छात्र ७५ हजार १ सय २४ र छात्रा ७७ हजार ८६ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

अपहरण

कविलासी गाविस-३ निवासी असनपुर गाविस-७ गोलबजारस्थित श्रृजना अङ्ग्रेजी आवासीय माविमा कक्षा २ मा अध्ययनरत छात्र १० वर्षीय जीवन यादवलाई ०६७ पुस १६ गते साँझ नाम नखुलेका दुईजनाले विद्यालयमा आई जीवनसँग काम भएको र आफू गाउँले भएको बताउदै अपहरण गरे। पीडितपक्षले फिरौती दिएपछि अपहरित ०६७ पुस २३ चन्द्रउदयपुर गाविसबाट मुक्त भए।

मलहनिया गमहरिया- १ का रामप्रयाग यादवका ५ वर्षीय शिवशङ्कर यादवलाई ०६८ मङ्सिर २३ गते अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। घरमा कपाल मुण्डनको भोज भइरहेको समयमा बालकलाई अज्ञात समूहले अपहरण गरेको थियो। अपहरितका पिताले प्रहरीमा सोही राति जानकारी गराएका थिए। अपहरित बालक सिरहा नपा मैसोथाबाट पुस ३ गते मुक्त भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सोठियाइन गाविस- ८ का ११ वर्षीया बालिकालाई ०६८ भदौ ३० गते सोही ठाउँका १८ वर्षीय पप्पुकुमार यादवले १ सय रुपियाँ दिने प्रलोभन देखाई बलात्कार गर्ने प्रयास गरेको आरोप पीडित पक्षले लगायो। आरोपितलाई ०६८ भदौ ३१ गते गिरफ्तार गरे। पप्पु यादवलाई गिरफ्तार गरी मुलुकी ऐन जवरजस्तीकरणी महल अन्तरगत अनुसन्धान भइरहेको इन्सपेक्टर लालध्वज सुवेदीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

अयोध्यानगर गाविस- ९ की २२ वर्षीया एक विवाहित महिलालाई ०६८ मङ्सिर ६ गते खेतमा मल बोकेर आउँदै गरेको अवस्थामा अयोध्यानगर गाविस-९ का २३ वर्षीय सञ्जय यादवले बलात्कार गरेको आरोप लगाउँदै पीडितले ०६८ मङ्सिर ७ गते इलाका प्रहरी कार्यालय गोलबजारमा उजुरी दिए। आरोपित फरार रहेका छन्। इलाका प्रहरी कार्यालय गोलबजारका सई रुद्र श्रेष्ठले आरोपितको खोजी कार्य भइरहेको बताए।

घरेलु हिंसा

परिवारजनबाट हत्या

बडहरामाल गाविस- ३ की ५५ वर्षीया जगतीदेवी साहलाई उनकै बुहारी बिन्दी साहलगायत केही व्यक्तिहरूको संलग्नतामा ०६७ चैत ५ गते हत्या गरेको आरोपमा इलाका प्रहरी कार्यालय मिरचैयाले बडहरामाल गाविस- ३ का सन्तोष साह, इन्दु साह, सञ्जीव साह, ज्ञानी यादव र गौतम यादवलाई ०६७ चैत १० गते गिरफ्तार गऱ्यो। मृतकको छोरा विदेशमा रहेको अवस्थामा इन्दु र सन्तोषबीच विगत केही समयदेखि प्रेम सम्बन्ध रहेको र सो कुराको जानकारी इन्दुको सासूले समेत पाएपछि सो कुरा सार्वजानिक हुने डरले उनको हत्या गरेको अभियुक्तहरूले बयानमा भनेको प्रहरीले बतायो।

कल्याणपुर जब्दी गाविस- ४ का २८ वर्षीया रीतादेवी मण्डलको ०६८ साउन ६ गते उनका पति नथुनी मण्डलले हत्या गरे। इलाका प्रहरी कार्यालय सिरहाका एस.पी. विकास श्रेष्ठले हत्याको आरोपमा नथुनी मण्डललाई ०६८ भदौ ३० गते गिरफ्तार गरी ०६८ असोज १ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको बताए। परिवारिक झै-झगडाका कारण घाँटी थिचेर रीतादेवीको उनकै पतिले हत्या गरेका एस.पी. श्रेष्ठले बताए।

परिवारजनबाट कुटपिट

ढोडना गाविस-५ की २६ वर्षीया रीना सदालाई ०६८ वैशाख २२ गते राति मदिरा सेवन गरी घर आएका उनका पति लरु सदाले बिनाकारण निर्घात कुटपिट गरे। कुटपिटबाट उनको शरीरमा गम्भीर चोट लागेर बेहोस भएकी रीनालाई गाउँलेले लाहान अस्पतालमा उपचार गराए। इलाका प्रहरी कार्यालय लहानमा वैशाख २३ गते कारबाहीको लागि निवेदन दिएपछि पीडकलाई सातदिनसम्म थुनामा राखिएको थियो। त्यसपछि गाउँलेको छलफलमा पुनः त्यस्तो गल्ती नगर्ने जनाएपछि घटनाको मिलापत्र गराइयो।

दुर्व्यवहार

गोविन्दपुर गाविस-८ स्थित डाँडाटोल निवासी

कृष्णमाया सार्कीलाई ०६८ जेठ २२ गते उनका जेठाजु गोपाल सार्कीले कथित बोक्सीको आरोप लगाई कुटपिट गरे। पीडित कृष्णमायाका अनुसार घरमा बच्चा विरामी भएको र बिरामी हुनुमा आफू बोक्सी भएको भन्ने लगाउँदै आफूलाई कुटपिट गरेको बताइन्। कुटपिटबाट घाइते भएकी कृष्णमायाले जेठ २२ गते बस्तिपुर गाविसस्थित प्रहरी चौकीमा निवेदन दिइन्। घटनापछि ०६८ जेठ ३० गते बसेको पञ्चायतीमा गोपाल सार्कीले आफूबाट गल्ती भएको स्वीकार गर्दै आइन्दा गल्ती नगर्ने लिखित प्रतिबद्धता जनाई बुहारीसँग माफी मागेर मेलमिलाप गराइयो।

बस्तीपुर गाविस- ८ की ५० वर्षीया राजोदेवी रामलाई कथित बोक्सीको आरोपमा ०६८ असार ९ गते सोही ठाउँका विवेक राम र उनका परिवारले कुटपिट गरे। पीडित राजोदेवीका अनुसार छिमेकमा रहेका विवेकका केटाकेटीले खाना नखाएपछि आफूलाई बोक्सी भएको र मन्त्र लगाइदिएको आरोप लगाउँदै कुटपिट गरेको बताइन्। पीडितले असार ११ गते वडा प्रहरी कार्यालय लहानमा पीडकमाथि कारबाहीको माग गर्दै निवेदन दिइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

बर्छवा गाविस- ५ का ७० घर मजदुरहरूले ज्याला बढाउन माग गर्दै काम काज रोकेपछि कृषक रामभरोसी यादव, राजेश यादव र लालो यादव लगायतका चार जनाको समूहले ०६८ भदौ १८ गते वर्छवा गाविस- ५ का १८ वर्षीया रीता सदा र २८ वर्षीय विन्दी सदालाई काम गर्न जान नमानेपछि गाउँमा नै कुटपिट गऱ्यो। मजदुरहरूले काम गरेबापत दिनको ६ किलो धान र ४ किलो चामलमा माग गर्दै आएको पीडित मजदुर तेजनारायण सदाले बताए। पीडकहरुलाई कारबाही भएन।

संरचना, सम्पति क्षति, सम्पति कब्जा, आगजनी अज्ञात समूहबाट

रामनगर मिर्चैयास्थित ह्वाइटहाउस अङ्ग्रेजी आवासीय विद्यालयको परिसरमा राखिएको विद्यालयको दुईवटा बसमा ०६७ माघ ३ गते राति अज्ञात समूहले आगजनी गऱ्यो। आगजनीबाट एक बस पूर्णरूपले क्षति भएको र अर्को आंशिक क्षति भएको इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर बासुदेव खतिवडाले बताए। विद्यालय प्रसाशनसँग जनतान्त्रिक तराई मुक्ति मोर्चा(ज्वाला सिंह) समूहले चन्दा माग गरेको थियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह)बाट

सगरमाथा यातायात व्यवस्था कार्यालय लाहानमा ०६७ वैशाख ४ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह) का कार्यकर्ताले बम विस्फोट गराए। विस्फोटनबाट कार्यालयको दर्ता फाँट र बाहिरी छतमा क्षति पुगेको वडा प्रहरी कार्यालय लाहानका इन्सपेक्टर लालध्वज सुवेदीले बताए। राजन समूहका कार्यवाहक अध्यक्ष मनोज मुक्तिले सञ्चार माध्यममा जानकारी गराउँदै आफ्ने समूहले घटना गराएको जनाए।

नेकपा माओवादी (मातृका)बाट

नेकपा माओवादी (मातृका समूह) ले २८ बुँदे माग राख्दै ०६७ जेठ १० आह्वान गरेको नेपाल बन्दको अवज्ञा गरिएको भन्दै सिरहामा १३ वटा गाडीमा तोडफोड गऱ्यो। सिरहाका एसपी विकास श्रेष्ठले सातवटा सवारीसाधनमा तोडफोड गरिएको बताए। उनका अनुसार चारवटा बस दुईवटा पिकअप भ्यान र एउटा ट्रकको सिसा फुटाएका थिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	९३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	१	५
स्टाफ नर्स	८	८	
ल्याब असिस्टेन्ट	७	६	१
अहेब	१२५	११६	९
अनमी	१०८	७४	३४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१८	१७	१
स्वास्थ्य कार्यकर्ता	२०१	५५	४६

विगतको अनुगमन

जनता नमुना उच्चमाध्यमिक विद्यालय गोलबजारमा दलित विद्यार्थीहरू जमदह गाविस-४ का

सन्तोष सदा, कारिचन सदा र अयोधी सदा, असनपुर गाविस-८ का शिवशरण सदा, सर्मिला सदा र हनुमाननगर कुर्वाका जगदीश सदाले बाँकी मासिक शुल्क तिर्न नसकेपछि आर्थिक अभावका कारण प्रमाणपत्र पाएनन्। विद्यालबाट प्रमाणपत्र निकान्न नसकेपछि डिप्लोमा तहको पढाइ र अन्य रोजगारकोको अवसरबाट वञ्चित हुनु परेको उनीहरूले बताए। ०६५ सालमा एसएलसी उत्तीर्ण गरेका विद्यार्थीहरूलाई व्यवस्थापन समितिले सहयोग गर्ने आश्वासन दिए पनि हालसम्म पूरा गरेको छैन।

१.१३ उदयपुर

जनसङ्ख्या : ३,२१,९६२
पुरूष : १,५१,६४९
महिला : १,७०,३१३
साक्षरता प्रतिशत : ६७
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : २,०६३
गाविस/नपा सङ्ख्या : ४४/१
सरकारी/निजी विद्यालय : ४३१/३४
क्याम्पस/उच्च मा.वि. : ३/३२
मानव विकास सूचकाङ्कः ०.४८८
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५५

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४५ र कैद नतोकिएका ६० जना कैदी र थुनुवा गरी जम्मा १ सय ५ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएकोमा पुरुष कैदी मात्र रहेका छन् भने कैद नतोकिएकोमा पुरुष ५७ जना र महिला तीन जना रहेका छन्। उदयपुरमा महिला बन्दीगृह नभए पनि आन्तरिक व्यवस्थापन गरी कार्यालय सञ्चालन हुँदै आएको दुईवटा कोठालाई महिला बन्दीगृहको रूपमा प्रयोग गरिएको छ। केही वर्षयता क्षमताभन्दा बढी कैदी बन्दी राखिएकाले अन्य सेवा सुविधामा असर परेको भन्दै कैदी बन्दीले नयाँ कारागार निर्माण गर्नुपर्ने माग राखेका छन्। बन्दीगृह पुरानो भएको र ०६८ असोज १ को भुकम्पबाट क्षति भई पानी चुहिन थालेको छ। कम्पाउण्ड नभएका कारण सुरक्षाको दृष्टिले असहज भएको चौकीदार दीपेन लिम्बूले बताए। कारागारमा जिविसको सहयोगमा पत्रपत्रिका उपलब्ध गराइएको छ भने शौचालय पाँचओटा र खानेपानीको धारा दुईओटा रहेका छन्। क्षमताभन्दा बढी कैदी बन्दीहरू रहेकाले खानी पानीको ट्याङ्की अपुग भएको कैदीहरूले बताए।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

बाराहा गाविस–५ निवासी एमाले जिल्ला कमिटी सदस्य ४२ वर्षीय डिकबहादुर राउतलाई गाविसको योजना छनौटमा विवाद गरेको आरोपमा ०६७ माघ ५ गते एकीकृत माओवादीका कार्यकर्ताहरू जीवन निरौला, भवीन्द्र राई, धनबहादुर परियार, टङ्कबहादुर मगर, झनक विक, कटक विक, नेत्रबहादुर विक, भक्तबहादुर मगर, कर्णबहादुर राई, होमबहादुर राई सहित ११ जनाको एक समूहले गाविसको कार्यालयबाट घर फर्कने क्रममा बाराहा गाविसको धुलेडाँडाबाट अपरहण गरी तीन घण्टापछि ताम्लिछा गाविस –६ सिकारी भञ्ज्याङबाट मुक्त गऱ्यो। अपहरणपछि पाता फर्काएर कुटपिट गर्दै लाँदै गर्दा पीडितलाई छुटाउन आएका गाउँलेको समूहलाई देखेर आरोपितहरू भागेपछि पीडितलाई गाउँलेले उद्धार गरेका थिए। कुटपिटका कारण शरीरका विभिन्न भागमा नीलडाम रहेका राउत विस्थापित भई पाँच दिनसम्म सदरमुकाम गाईघाट बसे। एमालेले उक्त घटनालाई लिएर ०६७ माघ १३ गते ११ जनालाई अपहरण तथा शरीरबन्धक बनाएको भन्दै मुद्दा दर्ता गरेकोमा स्थानीय शान्ति समितिको पहलमा ०६७ फागुन ४ गते घटनास्थल पुगेर राजनीतिक दल, मानवअधिकारकर्मी, प्रहरी र प्रशासनको टोलीले मेलमिलाप गराए पनि मुद्दा जिल्ला अदालत उदयपुरमा विचाराधीन अवस्थामा छ।

लाफागाउँ गाविस-१ पाकानाका ४४ वर्षीय डिकबहादुर थापा, ३० वर्षीय पर्शुराम थापा, १७ वर्षीय केशर राई, २२ वर्षीय कर्णबहादुर राई, ५२ वर्षीय

हस्तबहादुर राई, २९ वर्षीय टिकमान परियार, ३० वर्षीया चुनुकला राई, २४ वर्षीय कमल राई, ३० वर्षीय कुमार राई, १७ वर्षीय ईश्वर राई, १६ वर्षीय सानी परियार, ४० वर्षीय कृष्णकुमार राई, २७ वर्षीय युवकुमार परियार, नहलबहादुर राई, एककुमार राईलाई ०६७ माघ ११ गते एकीकृत माओवादीका किराँत राज्य समिति सदस्य केदार राई, चन्द्रकुमार कार्की र चिरन्जीवी कार्कीको नेतृत्वमा रहेको माओवादी कार्यकर्ताहरूको समूहले अपहरण गऱ्यो। उनीहरूलाई माघ १२ गते राति सोही गाविस- ४ स्थित सो समूहले विद्यालयनजिकबाट अपहरण मुक्त गऱ्यो। आ-आफ्नै घरघरबाट अपहरण गरिएका पीडितहरू एमाले र काङ्ग्रेस समर्थक हुन्। पीडितहरूले सदरमुकाम गाईघाटमा माघ १५ गते पत्रकार सम्मेलन गरी घटना सार्वजनिक गर्दै दोषीलाई कारबाहीको माग गरे। स्थानीय शान्ति समितिको मध्यस्थतामा घटनाका तिनै पक्षलाई राखी ०६७ फागुन २ गते मेलमिलाप गराइयो।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

बाराहा गाविस-५ निवासी माध्यमिक विद्यालय बाराका शिक्षकहरू ४१ वर्षीय छत्रबहादुर राउत र ३३ वर्षीय पर्वत कार्कीलाई ०६७ माघ ५ गते एकीकृत माओवादी कार्यकर्ताहरू जीवन निरौला, भवीन्द्र राई, धनबहादुर परियार, टङ्कबहादुर मगर, झनक विक, कटक विक, नेत्रबहादुर विक, भक्तबहादुर मगर, कर्णबहादुर राई, होमबहादुर राईलगायतले आफ्नो नियन्त्रणमा रहेका एमाले कार्यकर्तालाई छुटाउन खोजेको आरोपमा सोही गाविसको धुलेडाँडामा कुटपिट गरे। कुटपिटबाट घाइते भएकाहरूको स्थानीय स्वास्थ्य संस्थामा उपचार भएको थियो। माओवादीका जिल्ला सहइन्चार्ज मीनकुमार राउतले आफ्ना कार्यकर्ताहरूले प्रतिकार गरेको भन्दै दुवैतर्फका व्यक्तिहरू दोषी रहेको दाबी गरे। स्थानीय शान्ति समितिको सक्रियतामा ०६७ फागुन ४गते दुवै पक्षबीच घटनास्थलमै छलफल गराई मेलमिलाप गराइएको थियो।

सिरिसे गाविसका सचिव ५३ वर्षीय माधव पौडेल गाविसमा नबस्दा सर्वसाधारण जनताको काममा बाधा पुगेको भन्दै ०६८ मङ्सिर २५ गते सोही गाविसका एकीकृत माओवादी सिरिसे गाविस सेक्रेटरी कुलबहादुर श्रेष्ठको समूहले गाविसको कार्यकक्षमै थुनेर दुर्व्यवहार गर्दै धम्की दियो। घटनापछि पीडित २९ गते सदरमुकाम गाईघाट आएर सुरक्षाको माग गर्दै ०६८ पुस १ गते जिल्ला प्रशासन कार्यालय उदयपुरमा निवेदन दिएकोमा इलाका प्रहरी कार्यालय कटारीले आरोपितलाई गिरफ्तार गरी ०६८ पुस ३ गते दुवै पक्षलाई राखेर छलफल गराई कागज गराएर मिलापत्र गराई रिहा गऱ्यो। निजामती कर्मचारी सम्बद्ध चारओटा सङ्गठन र गाविस सचिव हकहित केन्द्रले ०६८ पुस २ गते विज्ञप्ती जारी गर्दै घटनाको विरोध जनाएको थियो।

किराँत जनवादी वर्कर्स पार्टीबाट

चौदण्डी गाविस–९ निवासी बुबाजोरघाटका ३८ वर्षीय सीताराम कोइरालालाई ०६७ चैत २६ गते राति किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले भोजपुर र उदयपुरको सीमानामा पर्ने बुबाजोर घाटमा कुटपिट गरे। वर्कसका १६ जनाको नकाबधारी समूहले आफूहरूको अनुमतिबेगर नदीबाट ठेकेदारको काठ तारिदिएको आरोपमा पीडितलाई कुपपिट गरेको थियो। ठेकेदार खोज्दै गएका वर्कस कार्यकर्ताले किन काठ तारेको भन्दै कुटपिट गरेको पीडितले बताए। कुटपिटबाट सामान्य घाइते भएका पीडितले स्थानीय स्वास्थ्य क्लिनिकमा उपचार गराए। वर्कसले ठेकदारहरूसँग चन्दा लिँदै आएको थियो।

खम्बूवान संयुक्त मोर्चाबाट

त्रियुगा नपा-२ का ३९ वर्षीय महेश रेग्मीले उदयपुरको तपेश्वरी गाविस-९ आमवासीमा सञ्चालन गरेको महावीर उग्रिकेट नामको क्रसर उद्योगमा ०६८ असार २८ गते बिहानको राति खम्बूवान संयुक्त मोर्चाले राखेको शक्तिशाली प्रेसर कुकर बम सोही दिन बिहान नेपाली सेनाको भवानी दल गण गाईघाटको डिस्पोजल टोलीले निस्कृय बनायो। उद्योग बन्द गर्न फोन गरी पटक-पटक धम्की दिएको र खम्बूवानहरूसँग अनुमति नलिई उद्योग सञ्चालन गरेको भन्दै चेतावनी स्वरूप उक्त बम राखेको घटनास्थलमा छाडिएको पर्चामा उल्लेख थियो। प्रहरीले उक्त घटनामा संलग्न अभियुक्तहरूलाई सुनसरीबाट गिरफ्तार गरेएको उदयपुरका डिएसपी नरेन्द्र उप्रेतीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय १० मध्ये २

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१		१
बालअधिकार	६		६
अपहरण	३	१३	१६
महिलाअधिकार	१३		१३
कुटपिट	१	३	४
धम्की		३	३
हत्या	३	३	६
जम्मा	**२७**	**२२**	**४९**

सय ४८ फैसला भए भने १ सय ६२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ७५ मध्ये १ सय ८३ फैसला भए भने १ सय ९२ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १९ मध्ये १२ सफल र एक असफल रहयो।

तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म छ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख १ हजार २ सय ७४ मध्ये छात्र ५२ हजार २ सय ९५ र छात्रा ४८ हजार ९ सय ७९ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ सय ९९ र पुरुष ७ सय ३२ गरी जम्मा ९ सय ३१ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ४ र पुरुष १ सय ७८ गरी जम्मा १ सय ८२ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १ र पुरुष १ सय २८ गरी जम्मा १ सय २९ शिक्षक रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

सुन्दरपुर गाविस–२ सिबाई माध्यमिक विद्यालयले परीक्षा शुल्क नबुझाएको आरोपमा १ सय २६ जनाको परीक्षाको नतिजा रोकेपछि अन्तरिम संविधान विपरीत बाल अधिकार हनन् गरेको भन्दै इन्सेक, हुरेण्डेक, वकालत मञ्च, शान्ति समाज केन्द्र, गैसस महासङ्घ, मानवअधिकार एलाएन्स, उदयपुर बार इकाई, नेस्पेक, सेतो गुराँस, ओरेक र बालअधिकार चेतना समूह र दलित नेटवर्कले ०६७ चैत २७ गते पुनरावेदन अदालत राजविराज, शिक्षा मन्त्रालय र त्यसका मातहत निकाय विरुद्ध अन्तरिम आदेशको माग गर्दै रिट दायर गरे। रिटमाथि छलफल गर्दै पुनरावेदन अदालतले विद्यालयलाई कारणसहित उपस्थित हुन आदेश गऱ्यो। अदालतले सो मुद्दामा विद्यालय, जिल्ला शिक्षा कार्यालयलाई तत्काल विद्यार्थीको परीक्षाफल प्रकाशित गर्न र आगामी दिनमा यस्तो कार्य नगर्न नगराउन निर्णय सुनायो। वादी पक्षले चैत २२ गते विद्यालय पुगेर घटनाबारे जानकारी लिई २३ गते विज्ञप्ति जारी गर्दै घटनाको विरोध जनाएका थिए। विद्यालयले भने चैत १७ गते कक्षा एकदेखि नौसम्मको परीक्षाफल प्रकाशन गरेको थियो।

बलात्कार, बलात्कार प्रयास, दुर्व्यवहार

खोटाङ जिल्लाको पौवासेरा गाविस देवीस्थानका १७ वर्षीया र १४ वर्षीया दुई बालिकालाई ०६७ माघ ९ गते बिहान बसका मजदुर खोटाङ जिल्ला चिसापानी घरभएका ३२ वर्षीय प्रदीप भुजेल, उदयपुरको हडिया गाविसका डेबिट चौधरी, बेल्टार गाविस– २ का १९ वर्षीय रवीन परियार, बेल्टार गाविस –१ का १८ वर्षीय दीपक परियारले सामूहिक बलात्कार गरेको आरोपमा पीडितपक्षले माघ ९ गते इलाका प्रहरी कार्यालय बेल्टारमा जाहेरी दिए। आरोपितहरूले दुवै बालिकालाई रातभर नियन्त्रणमा लिएर बेल्टार गाविस–२ स्थित बसपार्कमा पार्किङ गरी राखेको बसभित्र लगेर पालै पालो बलात्कार गरेर भोलिपल्ट बिहान उनीहरूलाई बसमै छोडेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मनोज यादवले बताए। प्रहरीले आरोपितहरू प्रदीप भुजेल, डेबिट चौधरी र दीपकलाई माघ १० गते गिरफ्तार गऱ्यो भने रवीन परियारको खोजी भइरहेको जनायो। जिल्ला अदालतको ०६७ फागुन ८ गतेको आदेशअनुसार आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।

ताम्लिछा गाविस -५ की १२ वर्षीया एक बालिकालाई ०६८ असोज १४ गते प्रतापसिंहको घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका ५२ वर्षीय प्रतापसिंह राईले बलात्कार गरेको आरोप लगाउँदै पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६८ असोज २३ गते जाहरी दियो। प्रहरीले आरोपितलाई असोज २४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ कात्तिक ६ गतेको आदेशअनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार ओसारपसार

आँपटार गाविस-९ चिसापानीकी ३० वर्षीया महिलालाई ०६८ वैशाख १ गते खोटाङ जिल्ला मात्तिम गाविस- २ को ४५ वर्षीय कुमार भनिने हस्तबहादुर भट्टराईले त्रियुगा नपा- २ गाईघाट बजारबाट वैदेशिक रोजगारीमा लगाइदिने भन्दै कुवेतमा बेचेको आरोपमा पीडितका आफन्तले ०६८ साउन १५ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिए। महिला मानवअधिकारकर्मीहरूको पहलपछि प्रहरीले ०६८ साउन १६ गते आरोपितलाई गिरफ्तार गरी साउन १७ गते मुद्दा दायर गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा वैशाख ८ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

लाफागाउँ गाविस-४ की ५१ वर्षीया महिलालाई ०६८ असोज १ गते सोही ठाउँका २० वर्षीय पृथ्वीबहादुर तामाङले सोही ठाउँको डिरेम्पा भन्ने जङ्गलमा बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६८ असोज ४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। प्रहरीले पीडितको जिल्ला अस्पताल गाईघाटमा स्वास्थ्यपरीक्षण गरायो। आरोपितलाई प्रहरीले गिरफ्तार गर्न नसके पनि घटनाको अनुसन्धान सकेर ०६८ असोज २७ गते जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा पेश गऱ्यो। जिल्ला अदालतको सोही दिनको आदेशले आरोपितका नाममा वारेण्ट जारी भयो। आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेका छन्।

लाफागाउँ गाविस- ९ की २४ वर्षीय एक महिलालाई ०६८ कात्तिक २८ गते सोही गाविस-४ का २२ वर्षीय भेषराज कार्कीले सोही गाविस- ९ स्थित बाटोमा साँझको समयमा जबरजस्ती बलात्कार गर्न खोजेको आरोपमा पीडितले ०६८ मङ्सिर २ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। प्रहरीले आरोपितलाई ०६८ मङ्सिर ४ गते गिरफ्तार गरी मुलुकी ऐनको जबरजस्ती करणीसम्बन्धी उद्योग गरेको भन्दै मुद्दा दर्ता गऱ्यो। अनुसन्धान पश्चात् ०६८ मङ्सिर १४ गते जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालत उदयपुरमा पेश गरेकोमा अदालतको सोही दिनको आदेशले २५ हजार रूपियाँ धरौटी राखी सामान्य तारेखमा आरोपितलाई रिहा गऱ्यो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

बेल्टार गाविस- ९ माडिबासकी ६१ वर्षीया जमुनीमाया मगरलाई ०६८ कात्तिक १७ गते बिरामी हुने र पटकपटक उपचार गर्दा समस्या भएको भन्दै आफ्नै पति ६८ वर्षीय दीर्घसिंह पुलामी मगरले घरैमा धारिलो हतियारले प्रहार गरी हत्या गरे। पीडितका छोरा चोकबहादुरले कात्तिक १८ गते इलाका प्रहरी कार्यालय बेल्टारमा जाहेरी दिए। प्रहरीले कात्तिक १९ गते घरनजिकैको जङ्गलबाट दीर्घसिंहलाई गिरफ्तार गऱ्यो। लासको जिल्ला अस्पताल गाईघाटमा पोष्टमार्टम गरेपछि आफन्तको जिम्मा लगाइयो। आरोपित जिल्ला अदालतको ०६८ मङ्सिर ५ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

कुटपिट

बलम्ता गाविस-४ की ४५ वर्षीया ज्ञानुलक्ष्मी राईलाई ०६७ फागुन १४ गते ताम्लिछा गाविस -२ का आफ्नै ज्वाईं २८ वर्षीय मन्दीप राईले खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए। सासूलाई आक्रमण गरेपछि पीडकले ससुराली घरमा आगो लगाएको जिल्ला प्रहरी कार्यालय उदयपुरका डिएसपी मनोज यादवले बताए। पीडितपक्षले ०६७ फागुन १७ गते ज्यानमार्ने उद्योग गरेको भन्दै जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दियो। खुकुरी प्रहारबाट पीडितको टाउकोमा गहिरो चोट लागेकी राईको स्थानीय उपस्वास्थ्य चौकीमा उपचार गराएको आफन्तले बताए। आगलागीबाट घर पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीले जनायो। आरोपित फरार छन्।

बेल्टार गाविस-१ की ४५ वर्षीया मैया राईलाई ०६८ वैशाख १६ गते आफ्नै छोरा २२ वर्षीय अशोक राईले घरायसी विवादका कारण बञ्चरो प्रहार गरी घाइते बनाए। टाउको, हात र कञ्चटमा चोट लागेकी पीडितले प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारमा उपचार गराई थप उपचार बिराटनगरमा गराइन्। पीडितले ०६८ वैशाख १७ गते इलाका प्रहरी कार्यालय बेल्टारमा जाहेरी दिइन्। आरोपित ०६८ जेठ १६ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

दुर्व्यवहार

तपेश्वरी गाविस-९ कालिखोलाकी ६० वर्षीया मनमाया नेपाली सार्कीलाई कथित बोक्सीको आरोपमा ०६८ जेठ २२ गते सोही ठाउँकी ३५ वर्षीया ममता

राउतले कुटपिट गरिन्। घटनापछि पीडितका आफन्तले जेठ २८ गते प्रहरीमा जाहेरी दिए। प्रहरीले ममतालाई २९ गते गिरफ्तार गरी अनुसन्धान सकेर ०६८ असार १४ गते अदालतमा पेश गरेकोमा न्यायाधीश यज्ञप्रसाद भट्टको आदेशले सोही दिन १० हजार रुपियाँ धरौटी राखेर रिहा भइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, सम्पति कब्जा किराँत जनवादी वर्कस पार्टीबाट

सिद्धिपुर गाविसको कार्यालयमा रहेको उच्च ज्योति महिला वचत तथा ऋण सहकारी संस्थाको फर्निचर र कागजपत्रमा ०६७ फागुन १८ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले आगजनी गरे। छ जनाको सङ्ख्यामा आएका वर्कसका कार्यकर्ताले गाविसको कार्यालयमा रहेको उक्त संस्था र गाविस भवनमै रहेको जिविस अर्न्तगतको *गरीबसँग विश्वेश्वर* कार्यक्रमको एउटा दराज र कागजातमासमेत आगजनी गरेको प्रहरीले जनायो। घटनामा १ लाख ५० हजार रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनायो। घटनास्थलमा वकर्सको पर्चा भेटिएको जिल्ला प्रहरी कार्यालयले जनायो। आगजनी गर्नेको खोजी कार्य भइरहेको प्रहरीले बताएपनि यो वर्षको अन्त्यसम्म कसैलाई गिरफ्तार गर्न सकेको छैन।

मैनामैनी गाविस भवनमा रहेको फर्निचर, कागजपत्रलगायतका भौतिक सामग्री ०६७ फागुन १३ गते दिउँसो किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले आगजनी गरे। सोही गाविस-२ मुलगाउँमा रहेको गाविसको कार्यालयमा करिब ६ जनाको सङ्ख्यामा आएका वर्कसका कार्यकर्ता प्रवेश गरी दराज कुर्सी र कागज पत्र बाहिर निकालेर आगजनी गरेको जिल्ला प्रहरी कार्यालय उदयपुरका डीएसपी मनोज यादवले बताए। घटनामा १ लाख रुपियाँ बराबरको क्षति भएको गाविसका मुखिया बीरबहादुर राईले बताए। घटनास्थलमा वर्कसले पर्चा टाँसेर गाविसका सम्पूर्ण कर्मचारीलाई १५ दिन भित्र राजिनामा गर्न धम्की दिए पनि कर्मचारीहरूले राजीनामा गरेनन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	३५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	९	६	३
स्टाफ नर्स	१३	१२	१
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	६८	५९	९
अनमी	५४	५४	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		
हेल्थ असिस्टेन्ट	१		
स्वास्थ्य कार्यकर्ता	४४	३३	११

१.१४ खोटाङ



जनसङ्ख्या : २,०९,१३०
पुरूष : ९८,८६०
महिला : १,१०,२७०
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : १,५९१
गाविस/नपा सङ्ख्या : ७६/०
सरकारी/निजी विद्यालय : ४८२/७
क्याम्पस/उच्च मा.वि. : १/२१
मानव विकास सूचकाङ्कः ०.४४२
प्रतिपरिवार सरदर सङ्ख्याः ४.९०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

धम्की/कुटपिट

राज्यपक्षबाट

दोर्पाचिउँरीडाँडा गाविस-१ का २१ वर्षीय मनकुमार राईलाई स्थानीय समूहहरूबीच ०६८ वैशाख १ गते भएको झगडामा दिक्तेलका सरोज आचार्यलाई कुटपिट गरेको आरोपमा ०६८ वैशाख २६ गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी निरीक्षक अर्जुन केसीले निर्घात कुटपिट गरे। राईलाई जेठ ४ गते धरौटीमा रिहा गरिएको थियो। पीडित राईले आफू संलग्न नभएको झगडामा गिरफ्तार गरी प्रहरीले निर्घात कुटपिट गरी जबरजस्ती पछि दोषी बनाएको बताए। प्रहरीले कतै लिखित उजुरी दिए मार्ने धम्की दिएकाले उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ७० मध्ये ५३ फैसला भए भने १७ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५९ मध्ये ३९ फैसला भए भने २० फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ३७ मध्ये १४ फैसला भए भने २३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५० मध्ये ३२ फैसला भए भने १८ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३० छ जसमध्ये १७ सफल भए भने छ असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म सात मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा छ मध्ये चार सफल र दुई असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा पाँच मध्ये चार सफल एक असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा दुईमध्ये एक सफल र एक असफल रह्यो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१		१
महिलाअधिकार			१२		१२
जातीय विभेद			१		१
कुटपिट	१	१			
धम्की				१	१
हत्या			१		१
जम्मा	**१**	**१**	**१५**	**१**	**१६**

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७५ हजार १ सय १३ मध्ये छात्र ३४ हजार ९ सय ७६ र छात्रा ४० हजार १ सय ३७ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा १ हजार ४ सय ६६ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा ४ सय ६० शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा २ सय ६९ शिक्षक रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बन्द हड्ताल

खम्बुवान राष्ट्रिय मोर्चाले ०६८ जेठ १३ र १४ गते बन्द गरेपछि खोटाङ जिल्लाभरका ४८ हजार बालबालिकाको पढाइमा अवरोध पुग्यो। जनसंविधानको सुनिश्चितताको माग राख्दै मोर्चाले जिल्लाका निजी तथा सामुदायिक विद्यालय बन्द गराएको थियो। मोर्चाका केन्द्रीय सदस्य विश्वास खम्बूको नेतृत्वमा उनका कार्यकर्ताले विद्यालय बन्द गराएका थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

माित्तम गाविस-३ की १४ वर्षीया बालिकालाई ०६८ कात्तिक २४ गते सोही गाविस-९ का १८ वर्षीय ओमराज परियारले विवाह गर्छु भनी हटौंडा पुऱ्याएर बलात्कार गरेको भनी पीडितले ०६८ मङ्सिर २ गते प्रहरी कार्यालयम उजुरी दिइन्। आरोपित परियारलाई प्रहरीले ०६८ कात्तिक २९ गते गिरफ्तार गरी हिरासतमा राख्यो। पीडकलाई ०६८ मङ्सिर १५ गते पुर्पक्षका लागि जिल्ला अदालत खोटाङले ०६८ मङ्सिर ६ गते जेल चलान गरेको छ।

परिवारजनबाट हत्या

बाकाचोल गाविस-४ की ४ वर्षीया विपना थापाको ०६८ कात्तिक १६ गते बाबु सुमन थापाले पत्नी तिहार मनाउन माइती गएका बेला हत्या गरे। स्थानीयवासीले हत्यापछि फालिएको लास फेला

पारेपछि प्रहरीलाई खबर गरेका थिए। पीडितपक्षले ०६८ कात्तिक १२ गते प्रहरीमा जाहेरी दर्ता गरेका थिए। हत्या लगत्तै फरार पीडक थापालाई प्रहरीले नियन्त्रणमा लिन सकेको छैन।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

बाराहापोखरी गाविस-१ निवासी ३७ वर्षीया रञ्जना श्रेष्ठलाई ०६८ जेठ २६ गते पति ४० वर्षीय भुवन श्रेष्ठ (विवेक) ले घरनिकाला गरे। घर छाड भन्दै आफूलाई कुटपिट गरेको रञ्जनाले बताइन्। घरनिकाला भएपछि पीडित सिम्पानी गाविस-७ स्थित माइतीघरमा विस्थापित भइन। पीडितले अन्यायमा परेको भन्दै ०६८ असार २८ गते राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीय कार्यालय दिक्तेलमा उजुरी दिइन्।

बलात्कार/बलात्कारको प्रयास/दुर्व्यवहार

डाडागाउँ गाविस-६ की १८ वर्षीया एक युवतीलाई सोही गाविस-६ का २५ वर्षीय युवराज गुरुङले ०६७ माघ १२ गते बलात्कार गरेको आरोप लगाउँदै पीडितले ०६७ माघ १७ गते जिल्ला प्रहरी कार्यालय खोटाङमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई ०६७ माघ १३ गते गिरफ्तार गरी जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत खोटाङले ०६७ फागुन १५ गते गुरुङलाई पूर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि आरोपितलाई क्षेत्रीय कारागार सुनसरी पठायो।

सबै प्रकारका जातीय विभेद

फेदी गाविस-३ की २३ वर्षीय अविसा राई र पाथेका गाविस-७ निवासी २७ वर्षीय राजकुमार सेवाले अन्तरजातीय प्रेम विवाह गरेको भनी ०६७ माघ ९ गते अविसाका दाइ पुरभक्त सेर्वा राई र आमाको बहिनी सिढाकुमारी राईले पतिसँग छुटाए। धरान नपा-१४ मा अस्थायी बसोबास गर्ने अविसाको डेढ वर्षीय छोरा रहेका छन्। अविसालाई पतिबाट छुटाई विवाह नगरेको भन्दै जिल्ला प्रशासन कार्यालय खोटाङबाट ०६७ माघ १४ गते नागरिकता निकालेर मलेसिया पुऱ्याएको जनाउँदै पति राजकुमारले ०६८ भदौ १६ गते जिल्ला प्रशासन र प्रहरी कार्यालयमा निवेदन दिए। प्रशासनले अविसालाई सम्पर्क गर्ने प्रयास दुताबासमार्फत गरिरहेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, सम्पति कब्जा किरात जनवादी वर्कस पार्टीबाट

काहुले गाविस-८ स्थित हुम्मापोखरीमा रहेको नेपाल टेलिकमको सीडीएमए रिपिटर टावरमा ०६७ फागुन ११ गते किरात जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले आगजानी गरे। आगजानीमा परी नेपाल टेलिकमको सीडीएमए ५ सय वीटीएस उपकरण र टावर जलेर नष्ट भयो। वर्कस कार्यकर्ताले घटनास्थल नजिकै छोडेको पर्चामा सरकारले आफ्ना नेता तथा कार्यकर्ता बन्दी बनाई राखेको र रिहाई नगरेका कारण नेपाल टेलिकमको रिपिटर टावरमा आगजानी गरेको उल्लेख गरेका थिए। आगजानीबाट २ लाख रुपियाँ बराबरको क्षति भएको थियो।

एकीकृत माओवादीबाट

कुभिण्डे गाविस-४ स्थित एमालेको नाममा रहेको आठ आना जग्गा ०६७ फागुन १५ गते एकीकृत माओवादीले कब्जा गऱ्यो। ०५६ सालमा एमालेले खरिद गरेको कित्ता नम्बर २२८ को जग्गा माओवादीका जिल्ला सदस्य रामबहादुर राईको निर्देशनमा उनकै कार्यकर्ता सञ्जीव राईले कब्जा गरी घर बनाएको एमालेले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	६५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	४	
स्टाफ नर्स	६	५	१
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	७९	७५	४
अनमी	१६	१६	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	१३	
ग्रामीण स्वास्थ्य कार्यकर्ता	१४१	८२	५९

१.१५ ओखलढुङ्गा

जनसङ्ख्या : १,४८,३२०
पुरूष : ६८,८९३
महिला : ७९,४२७
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,०७४
गाविस/नपा सङ्ख्या : ५६/०
सरकारी/निजी विद्यालय : ३५०/५
क्याम्पस/उच्च मा.वि. : २/१५
मानव विकास सूचकाङ्कः ०.४८१
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५२

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४१ र कैद नतोकिएका २८ जना कैदी र थुनुवा गरी जम्मा ६९ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ४४ जना र महिला २५ जना रहेका छन्। साथै आश्रित बालक एक जना र बालिका तीन जना गरी जम्मा चार जना रहेका छन्। २० वर्ष अघि निर्माण गरिएको कारागारमा क्षमताभन्दा बढी बन्दी रहेकाले उनीहरूको बसोबास कष्टकर भएको छ। कारागारमा खानेपानीको समस्या, पुरुषतर्फको कोठामा पालैपालो सुत्नुपर्ने अवस्था, भवन जीर्ण भएकाले भूकम्प आउँदा भत्किने डर रहेको जेलर भट्टराईले बताए। साथै जीर्ण संरचना मर्मत गर्न सम्बन्धित निकायले ध्यान नदिएको पनि उनको भनाइ छ। कारागारमा दुई ओटा बुर्जा, महिला र पुरुष गरी दुई ओटा बन्दीगृह, एउटा भान्छाघर र दुई ओटा शौचालय छन्। बन्दीहरूका लागि एउटा टिभी र गोरखापत्र दैनिक पत्रिका उपलब्ध छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

ओखलढुङ्गा गाविस-६ का २९ वर्षीय रोशन शाक्य र सोही ठाउँका ३० वर्षीय योगेश्वर राजभण्डारीले होहल्ला गरेको भन्दै ०६८ साल असोज १९ गते राति ८ बजे सिद्धिचरण पार्कमा बसिरहेको समयमा सशस्त्र प्रहरी वेशक्याम्प ओखलढुङ्गाका इन्स्पेक्टर कृष्ण खत्रीको नेतृत्वमा रहेको सुरक्षाकर्मीको टोलीले उनलाई कुटपिट गऱ्यो। आरापितले माफी मागेपछि दुवै पक्षबीच मेलमिलाप भयो।

राष्ट्रिय जनशक्ति पार्टीबाट

कालिका गाविस-६ का चोपिन्द्रबहादुर तामाङलाई सोही गाविस-८ निवासी ४५ वर्षीय राष्ट्रिय जनशक्ति प्रजातन्त्र पार्टीका जिल्ला सचिव जगतप्रसाद लुईंटेलले २०६८ मङ्सिर २३ गते गाविस परिषद्मा आफ्नो विरोध गरेको भन्दै प्रहरी लगाएर जेल हाल्ने धम्की दिए। पीडितले त्रासका कारण कतै लिखित उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय २९ मध्ये १ सय ४९ फैसला भए भने ८० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ९१ मध्ये १ सय ४ फैसला भए भने ८७ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक र देवानी मुद्दा चार रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ५२ छ जसमध्ये १३ सफल भए भने नौ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या पाँच पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ३० मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १५ मध्ये पाँच सफल र तीन असफल रह्यो भने दुई फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा तीनमध्ये एक सफल रह्यो भने सात फैसला हुन बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा एकमध्ये एक सफल रह्यो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			४		४
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार				१	१
महिलाअधिकार			५		५
कुटपिट	३	३	१		१
धम्की				१	१
हत्या			३	१	३
जम्मा	**३**	**३**	**१३**	**३**	**१५**

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ४७ हजार ९ सय ३५ मध्ये छात्र १८ हजार ९ सय २ र छात्रा २९ हजार ३३ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ४ सय ४८ र पुरुष ६ सय २४ गरी जम्मा १ हजार ७२ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला २७ र पुरुष २ सय ३२ गरी जम्मा २ सय ५९ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला ७ र पुरुष १ सय ७४ गरी जम्मा १ सय ८१ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक १ हजार ९ सय ३६ र बालिका १ हजार ९ सय २२ गरी जम्मा ३ हजार ८ सय ५८ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सल्लेरी गाविस-६ की ६ वर्षीया बालिकालाई ०६७ चैत २० गते सोही ठाँउ बस्ने १८ वर्षीय अजय तामाङले पीडितको घरमा नै बलात्कार गरको आरोपमा पीडितकी आमाले प्रहरीमा त्यसै दिन जाहेरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशबमोजिम ०६८ वैशाख २५ गतेदेखि थुनामा छन्।

श्रीचौर गाविस-७ की १३ वर्षीया बालिकालाई सोही ठाँउका २१ वर्षीय कुसाङ भनिने सुशील शेर्पाले २०६७ माघ २५ गते दिउँसो घरनजिकैको बलडाँडा जङ्गलमा पुऱ्याई बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६७ माघ २७ गते जाहेरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालत ओखलढुङ्गाको आदेशमा आरोपित ०६७ फागुन २५ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

सिंहदेवी गाविस -८ की १५ वर्षीया एक बालिकालाई सोही ठाउँका २९ वर्षीय भीमबहादुर खड्काले ०६८ असार २५ गते राति पीडितको घरमा बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६८ असार ३० गते जाहेरी दियो। प्रहरीले सोही दिन आरोपितलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ साउन २३ को आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

सिराहा जिल्ला सिरहा नगरपालिका-३ घर भई खाद्य संस्थान कार्यालयमा कार्यरत ४५ वर्षीय शम्भुप्रसाद रेग्मीले सोही कार्यालयकी सहयोगी २५ वर्षीया एक महिलालाई २०६८ असार १० गते दिउँसो कार्यालयमा दुर्व्यवहार गरेको आरोपमा पीडितले जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गामा असार ११ गते उजुरी गरिन्। रेग्मीले पटक पटक आफूलाई हातपात र दुर्व्यवहार गर्न खोजेको पीडितले बताइन्। प्रमुख जिल्ला अधिकारी सागरमणि पराजुलीको सिफारिस अनुरूप आरोपित सरुवा भए।

फेदीगुठ गाविस-१ की ७२ वर्षीया कृष्णकुमारी कार्कीलाई सोही ठाउँका २९ वर्षीय राजु कार्की र उनका बाबु बिष्णुबहादुर कार्की समेतले बोक्सीको आरोपमा ०६८ असोज १९ गते पीडितकै घरमा दिउँसो ढ्याङ्ग्रो सहित काम्दै आएर भाला देखाई अभक्ष खुवाउन खोज्दै दुर्व्यवहार गरे। घटनापछि पीडितले आरापितहरू विरुद्ध प्रहरी चौकी कोषहाटमा उजुरी दिए पनि कारवाही भएन। प्रहरीले उजुरीको सुनुवाइ नगरेपछि कानुन व्यवसायीको सहयोगमा पीडितले जिल्ला अदालत ओखलढुङ्गामा ०६८ असोज २६ गते मुद्दा दर्ता गराएकी छन्।

घरेलु हिंसा

उवुँ गाविस-८ की ३१ वर्षीया देशमाया राईले आफ्नो छोरालाई कुटपिट गरेको आरोपमा ०६७ चैत २९ गते राति उनका जेठाजु ५१ वर्षीय मानबहादुर राईले देशमायाको घाँटी थिचेर हत्या गरे। आरोपित

जिल्ला अदालतको आदेशमा ०६८ जेठ ६ गतेदेखि पुपर्क्षका लागि जिल्ला कारगार ओखलढुङ्गामा थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	४५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	२	२
स्टाफ नर्स	३	२	१
ल्याब असिस्टेन्ट	१	१	
अहेब	५८	४५	१३
अनमी	१५	१३	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	९	४
स्वास्थ्य कार्यकर्ता	१००	७०	३०

१.१६ सोलुखुम्बु

जनसङ्ख्या : १,०६,७७२
पुरूष : ५१,८८५
महिला : ५४,८८७
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ३,३१२
गाविस/नपा सङ्ख्या : ३४/०
सरकारी/निजी विद्यालय : २८७/१
क्याम्पस/उच्च मा.वि. : २/१४
मानव विकास सूचकाङ्कः ०.४७९
प्रतिपरिवार सरदर सङ्ख्याः ४.२१

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५० र कैद नतोकिएका छ जना कैदी र थुनुवा गरी जम्मा ५६ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका पुरुष ५० जना र महिला छ जना रहेका छन्। कैद नतोकिएकामा पुरुष मात्र रहेका छन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सल्लेरी गाविस-५ सल्लेरीमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका कार्यकर्ता र प्रहरीबीच झडप हुँदा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष ४६ वर्षीय कुमारराज श्रेष्ठ र अनेरास्ववियु जनजागृति उच्च माध्यमिक एकाइ सदस्य १९ वर्षीय पेम्बा शेर्पा घाइते भए। टाउकोमा गहिरो चोट लागेका घाइतेद्वयको उपस्वास्थ्य चौकी सल्लेरीमा उपचार भयो। हिमगङ्गा उच्चमाध्यमिक विद्यालयमा कार्यरत शिक्षक विपिन वास्तोलाको हत्याको किटानी जाहेरी प्रहरीले नलिएपछि

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट	
	पुरुष	जम्मा	महिला	जम्मा
बालअधिकार			३	३
महिलाअधिकार			३	३
भेला/संगठित हुने अधिकार	३	३		
हत्या			३	३
जम्मा	**३**	**३**	**६**	**६**

आन्दोलनमा उत्रिएको सङ्गठन र प्रहरीबीच जिल्ला प्रशासन कार्यालय सल्लेरीको गेटमा झडप भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८८ मध्ये ७५ फैसला भए भने १३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४२ मध्ये ३० फैसला भए भने १२ फैसला हुन बाँकी रहे।

पुनरावेदन अदालत

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ आठमध्ये आठ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ चारमध्ये चार फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा चारमध्ये दुई सफल र दुई असफल रह्यो। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३७ हजार ४ सय ६६ मध्ये छात्र १९ हजार १ सय ४३ र छात्रा १८ हजार ३ सय २३ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

भकाञ्जे गाविस-७ की ८ वर्षीया बालिकालाई ०६८ असार १ गते राति रामेछाप जिल्ला प्रिती गाविस-१ का ४५ वर्षीय टेण्डु शेर्पाले भकाञ्जे-७ पीडितकै घरको भान्साकोठामा बलात्कार गरेको आरोपमा पीडितका बुबाले ०६८ असार ३ गते प्रहरीमा उजुरी गरे। बालिका बारम्बार रोइरहने र मानिस देख्ने बित्तिकै कराउँदै भाग्ने गरेपछि बुबाले सोधपुछ गर्दा बलात्कार गरेको थाहा भएपछि प्रहरीमा उजुरी दिएका थिए। आरोपित हाल फरार रहेका छन्। आरोपितको खोजतलास भैरहेको जिल्ला प्रहरी कार्यालय अपराध अनुसन्धान शाखा सोलुखुम्बूका इञ्चार्ज असई टिकाराम घर्तीमगरले बताए।

मुक्ली गाविस-७ की ५ वर्षीया बालिकालाई ०६८ असोज २९ गते दिउँसो साँढे १ बजे सोही ठाउँका १७ वर्षीय होम विश्वकर्माले पीडितकै घरमा बलात्कार गरेको आरोपमा पीडितका बुबाले ०६८ असोज ३० गते प्रहरीमा उजुरी गरे। नेले प्रहरी चौकीबाट गएका प्रहरीले आरोपितलाई ०६८ कात्तिक १ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुमा बुझायो। जिल्ला अदालत सोलुखुम्बुको आदेशमा ०६८ कात्तिक २२ गतेदेखि आरोपीलाई पुर्पक्षका लागि कारागार चलान भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा

परिवारजनबाट हत्या

केरुङ गाविस-९ गुम्बाटोलकी ५६ वर्षीया पत्नी रिञ्जी भुजेलको हत्या गरेको आरोपमा प्रहरीले पति ६० वर्षीय दानुरी भुजेललाई ०६८ साउन १० गते घरनजिकैको जङ्गलबाट गिरफ्तार गऱ्यो। आरोपितले ०६९ साउन ८ गते पीडितलाई टाउकोमा दाउरा प्रहार गरी हत्या गरेपछि लाश घरभित्रै राखेर आगो लगाइदिएका थिए। आरोपित ०६८ भदौ १ गतदेखि पुर्पक्षका लागि थुनामा छन्।

गार्मा गाविस-९ की १९ वर्षीया डोमा तामाङलाई सासू भक्तिमाया र पति छिरिङले ०६८ साउन २७ गते बिरामी भएको अवस्थामा कुटपिट गरी गम्भीर घाइते बनाए। पीडितले न्यायका लागि पहल गरिदिन माग गर्दै घरेलु हिंसा प्रभावितका लागि सेवा केन्द्र सल्लेरीमा ०६८ साउन २९ गते निवेदन दिइन्।

बिरामी भएर धामीझाँक्रीकोमा झारफुक गर्न जान लाग्दा एक्कासि सासू र पतिले लछारपछार गर्दै पीडितलाई कुटपिट गरेका थिए। पीडितको सोलु अस्पताल फाप्लुमा उपचार भएको थियो।

परिवारजनबाट कुटपिट

बेनी गाविस-१ का ३४ वर्षीय पूर्णबहादुर श्रेष्ठले पत्नी २९ वर्षीया दुर्गामाया श्रेष्ठलाई विवाहपश्चात् विदेश जान्छु भनी विदेशिएको र विदेशबाट फर्किएपछि काठमाडौंमै ट्याक्सी चलाएर बसेको भनी न्यायका लागि पहल गरिदिन अनुरोध गर्दै पीडितले महिला तथा बालबालिका कार्यालय सल्लेरीमा ०६८ असोज ३ गते निवेदन दिइन्। पीडितलाई काठमाडौंमा बोलाई कोठामा नलगिकन गेष्ट हाउसमा लगी अरोपितले कुटपिट तथा गालीगलौज गरेको पीडितले बताइन्। अहिले आरोपितको हुलिया र फोटो प्रहरीलाई दिई खोजतलास भइरहेको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	४		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	२३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	४	१
स्टाफ नर्स	६	६	
ल्याब असिस्टेन्ट	४	४	
अहेब	३८	३७	१
अनमी	१६	१५	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	१२	२
स्वास्थ्य कार्यकर्ता	५७	२६	३१

मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौँ
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा

जनसङ्ख्या : ७,६८,४०४
पुरूष : ३,८३,७११
महिला : ३,८४,६९३
साक्षरता प्रतिशत : ५८
महिला साक्षरता प्रतिशत : ३२
क्षेत्रफल (वर्ग कि. मि.) : १,१८०
गाविस/नपा सङ्ख्या : १०१/१
सरकारी/निजी विद्यालय : ४२२/९
क्याम्पस/उच्च मा.वि. : ७/४७
मानव विकास सूचकाङ्कः ०.४४९
प्रतिपरिवार सरदर सङ्ख्याः ५.१८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

जनकपुर नपा-१५ का १८ वर्षीय शम्भु पासवानको ०६७ पुस २९ गते प्रहरीको कुटाईबाट बहुहर्वा प्रहरी चौकीमा मृत्यु भयो। पासवानलाई लागूऔषध सेवन गरेको आरोपमा प्रहरीले नियन्त्रणमा लिएर चौकीमा लगेको थियो। पासवानको संवेदनशील अङ्गमा खुट्टाले हानेपछि चौकीमै उनको मृत्यु भएको स्थानीय बासिन्दाले बताए। प्रहरी जवान प्रेमशङ्कर ठाकुर र श्याम सिंहले मृतकलाई मोटरसाइकलमा राखेर अस्पताल पुऱ्याएको प्रत्यक्षदर्शीले बताए। उपचारको क्रममा पासवानको मृत्यु भएको प्रहरीले बताए पनि उपचारमा संलग्न डाक्टरले मृत्यु भइसकेपछि अस्पताल ल्याएको बताए। बिनाकसुर पासवानलाई मारेको भन्दै स्थानीय बासिन्दाले पुस ३० गते आन्दोलन गरेपछि जिल्ला प्रहरी कार्यालयले जाहेरी दर्ता गर्ने सर्तमा मृतकको जनकपुर अञ्चल अस्पतालमा पुस ३० गते पोस्टमार्टम गरी माघ १ गते दाहसंस्कार गरिएको थियो। असई सन्तोष झा, प्रहरी जवान प्रेमशङ्कर र श्याम विरुद्ध पीडित परिवारले माघ १ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गरे पनि यस वर्षको अन्त्यसम्म आरोपितहरूलाई कुनै कारबाही भएन।

महोत्तरी जिल्लाको बनौली गाविस-८ निवासी रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुरका पूर्व स्ववियु उपसभापति २७ वर्षीय दीपेन्द्र झाको ०६७ माघ १३ गते प्रहरीले महुवा र भोइलकोबीच सडकमा गोली हानी हत्या गऱ्यो। बिहान ४ बजे मोटरसाइकलमा पूर्वतर्फ गइरहेका प्रहरीलाई लक्षित गरी फायरिङ गरेपछि जबाफी कारबाहीमा उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडितको कञ्चट, आँखा र दुवै तिघ्रा गरी चार ठाउँमा गोली लागेको मृतकका आफन्तले बताए। झालाई माघ १२ गते राति जनकपुरबाट गिरफ्तार गरी नियन्त्रणमा लिई बिहान हत्या गरेको परिवारले दावी गर्दै आएको छ। दीपेन्द्रको लासलाई माघ १३ गते जनकपुरमा नगरपरिक्रमा गराई क्याम्पसका विद्यार्थी तथा परिवारजनहरूले जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएपछि घटनाको छानबिन समिति गठन गर्ने सहमति भयो। जनकपुर अञ्चल अस्पतालमा माघ १३ गते पोस्टमार्टमपश्चात् सोही दिन परिवारजनले महोत्तरी जिल्लाको बनौलीमा अन्तिम संस्कार गरेका थिए। घटनाको छानबिन गर्न सहायक सिडिओ खड्कराज शर्माको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएकोमा यस वर्षको अन्त्यसम्म समितिको प्रतिवेदन सार्वजनिक भएको छैन।

मुखियापट्टी मुसहरनिया गाविस-२ का ४२ वर्षीय फूलधारी मुखियाको ०६८ असोज २० गते बिहान ३ बजे मुखियापट्टी गाविसस्थित प्रहरी चौकीका प्रहरीले नियन्त्रणमा लिएको अवस्थामा मृत्यु भयो। मुखियालाई असोज १९ गते राति ११ बजे गाउँभन्दा दुई किलोमिटर पश्चिममा मधवापुर मठिहानी मेला हेर्न गएको समयमा प्रहरीले नियन्त्रणमा लिई कुटपिट गरी तुल्सीयाही जवदीस्थित विग्ही नदीको पुलमा राखेको स्थानीय प्रत्यक्षदर्शीले बताए। जिल्ला प्रहरी कार्यालयले भने सुरक्षाको लागि सेन्ट्री ड्युटीमा रहेका प्रहरी जवान २५ वर्षीय उपेन्द्र यादवलाई मुखियाले टाउकोमा छुरा प्रहार गरेपछि नियन्त्रणमा लिई बिहान ३ बजे उनलाई जिल्ला प्रहरी कार्यालय जनकपुरतर्फ ल्याउने क्रममा अत्यधिक रगत बगेर मृत्यु भएको प्रहरीले जनायो। जिल्ला प्रहरी

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१			१		४	४
बालअधिकार					४	१	५
अपहरण						९	९
महिलाअधिकार					३८		३८
भेला/सङ्गठित हुने अधिकार		१	११	१२			
गिरफ्तारी/यातना		४		४			
कुटपिट		३		३	१		१
धम्की						३	३
हत्या		३		३	९	११	२०
जम्मा	**१**	**१०**	**११**	**३३**	**५३**	**३६**	**८९**

कार्यालयले डिएसपी टेकबहादुर गुरुङको संयोजकत्वमा तीन सदस्य छानबिन समिति गठन गऱ्यो। समितिले गरेको अनुसन्धानमा असई जयनारायण यादवको लापरवाही रहेको अनुसन्धान देखिएको डिएसपी गुरुङले बताए। मृतकको जनकपुर अञ्चल अस्पतालमा असोज २१ गते पोस्टमार्टम गरी सोही दिन दाहसंस्कार भयो। पोस्टमार्टम रिपोर्टमा मुखियाको गोली प्रहारबाट अत्यधिक रगत बगेर मृत्यु भएको उल्लेख छ।

अखिल तराई मुक्ति मोर्चाबाट

जनकपुर नपा-१२ निवासी एमाले कार्यकर्ता ३६ वर्षीय माथवर मुखियाको ०६८ साउन २३ गते अज्ञात समूहले उनकै घरअघिल्तिर गोली हानी हत्या गऱ्यो। टोलमा रहेको राजदेवी मन्दिरबाट घर फर्कने क्रममा छातीमा एक गोली लागेका मुखियालाई उपचारको लागि जनकपुर अञ्चल अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो। सोही दिन जनकपुर अञ्चल अस्पतालमा पोस्टमार्टम पश्चात् अन्तिम संस्कारको लागि प्रहरीले परिवारजनलाई लास बुझायो। गोली प्रहारमा संलग्न सर्लाही जिल्ला मलङ्गवा नपा-१० निवासी अखिल तराई मुक्ति मोर्चा (गोइत)का कार्यकर्ता २५ वर्षीय मुकेश पण्डितलाई स्थानीय बासिन्दाहरूको सहयोगमा प्रहरीले सोही दिन घटनास्थलबाट गिरफ्तार गऱ्यो। घटनामा संलग्न जनकपुर नपा-१२ निवासी २३ वर्षीय धर्मनाथ खत्वे र अन्दुपट्टी कटरैत गाविस-८ घरभई विन्ही गाविस-२ का ३४ वर्षीय श्रीचन मुखियालाईसमेत प्रहरीले गिरफ्तार गऱ्यो। तीनैजना अदालतको आदेशमा ०६८ भदौ २३ गतेदेखि पुर्पक्षको लागि थुनामा छन्।

एमालेबाट

झटियाही गाविस-७ निवासी मधेसी जनअधिकार फोरम गणतान्त्रिकका कार्यकर्ता ४५ वर्षीय रामएकवाल मण्डलको ०६८ साउन ६ गते झटियाही गाविस-४ मा एमाले कार्यकर्ताहरूले गोली हानी हत्या गरे। छातीमा गोली लागेका मण्डललाई उपचारको लागि जनकपुरतर्फ ल्याउँदै गर्दा बाटोमा मृत्यु भएको थियो। झटियाहीस्थित मिथिला तिलक नन्दकुमारी कार्की माध्यमिक विद्यालयमा व्यवस्थापन समितिको निर्वाचनका लागि बोलाइएको भेलामा दुई पक्षबीच विवाद बढ्दै गएपछि एमाले कार्यकर्ता सुशील साहको समूहले गोली चलाउँदा मण्डलको छातीमा लागी मृत्यु भएको प्रहरी कार्यालयले जनायो। मतृकको जनकपुर अञ्चल अस्पतालमा पोस्टमार्टम पश्चात् साउन ७ गते परिवारले सद्गत गरे। घटनामा संलग्न भएको आरोपमा मखनाहा गाविस-९ का २३ वर्षीय सुनिलकुमार यादवलाई प्रहरीले गिरफ्तार गऱ्यो। उनलाई अदालतको आदेशमा ०६८ भदौ २ गते पुर्पक्षको लागि जेल चलान गरियो। मुख्य आरोपित सुशील साह यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरी कार्यालयले जनायो।

अज्ञात समूहबाट

यज्ञभूमि गाविस-४ निवासी एकीकृत माओवादी कार्यकर्ता ४५ वर्षीय पल्टु महतोको ०६७ माघ २३ गते अज्ञात समूहले उनकै घरमा गोली प्रहार गरी हत्या गऱ्यो। एकीकृत माओवादीको गाँउ इकाई कमिटी सदस्य रहेका महतो गाईगोठमा सुतेको बेला मध्यरातमा गोली हानेर हत्या गरेको अवस्थामा उनको लासलाई कम्मल ओढाई राखिएको प्रहरीले जनायो। राति गोलीको अवाज सुने पनि कोही कतै नरहेकाले शङ्का गर्न नसकेको पीडितपक्षले बतायो। खेती र घरमा किराना पसल थापेर जीवनयापन गर्दै आइरहेका महतोको हत्याको कारण खुल्न सकेन। जनकपुर अञ्चल अस्पतालमा माघ २४ गते पोस्टमार्टम पश्चात् आफन्तले मृतकको दाहसंस्कार गरे। पीडितपक्षले

जिल्ला प्रहरी कार्यालयमा माघ २६ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडकको पहिचान भएको छैन।

एकराही गाविस-४ का ३४ वर्षीय डोमा महराको ०६८ असार २९ गते अज्ञात समूहले हठ्ठीपुर गाविस-३ मा हत्या गऱ्यो। हठ्ठीपुर गाविस-६ स्थित नहरको कलभर्टमा मृत अवस्थामा महराको लास फेला परेको प्रहरी कार्यालयले जनायो। घरबाट यदुकुहा जान्छु भनी निस्केका महरा दुई दिनसम्म घर नफर्केपछि खोजतलास गर्दा असार ३० गते मृतअवस्थामा फेला परेको परिवारजनले बताए। जनकपुर अञ्चल अस्पतालमा असार ३१ गते पोस्टमार्टमपश्चात् परिवारजनले दाहसंस्कार गरे। पीडितपक्षले ०६८ साउन १३ गते जिल्ला प्रहरीमा जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म पीडकको पहिचान भएको छैन।

सप्तरी जिल्ला रम्पुरा मलहनिया गाविस-५ का ३० वर्षीय राजाराम यादवको ०६८ मङ्सिर १३ गते अज्ञात समूहले हत्या गरेको अवस्थामा ढल्केवर गाविस-३ मा लास फेला पऱ्यो। जनकपुर अञ्चल अस्पतालमा मङ्सिर १४ गते पोस्टमार्टमपछि मृतकको लास परिवारजनलाई बुझाइयो। मृतकका आफन्तले मङ्सिर १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्।

प्रहरीद्वारा गिरफ्तार गरी कुटपिट गरिएका रञ्जितकुमार अधिकारी यादव

जनकपुर नपा-९ का २२ वर्षीय विजयकुमार राउतलाई ०६८ असोज १७ गते अज्ञात समूहले धारिलो हतियार प्रयोग गरी विन्ही गाविस-२ मा हत्या गऱ्यो। जनकपुरको जिरोमाइलस्थित बसपार्कमा ०६८ असोज १८ गते बिहान मृतकको लास फेला पारेको प्रहरी कार्यालयले जनायो। सोही दिन जनकपुर अञ्चल अस्पतालमा पोष्टमार्टमपश्चात् परिवारजनले मृतकको दाहसंस्कार गरे। राउत जनकपुरको मदर टेरेसा बोर्डिङ्ग स्कूलको बसमा सहचालकको रूपमा काम गर्दै आएका थिए। पीडितपक्षले असोज २२ गते जिल्ला प्रहरीमा जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
बेवारिसे विस्फोटक पदार्थबाट

लक्कड गाविस-२ का २० वर्षीय दिनेश यादव ०६८ वैशाख ३१ गतेसोही गाविसको अगजेवा चौरीमा भैंसी चराउन गएको बेला बेवारिसे विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भए। विस्फोटनबाट दुवै खुट्टा जलेको घाइतेको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। पानको बट्टामा राखेको विस्फोटक पदार्थ सशस्त्र द्वन्द्वका क्रममा छाडिएको हुन सक्ने डिएसपी जगदीश पोखरेलले बताए।

अज्ञात समूहबाट

बफै गाविस-६ निवासी ३३ वर्षीय सूर्यदेव दासलाई ०६८ भदौ २० गते अज्ञात समूहले सोही गाविसमा गोली हानी सख्त घाइते बनायो। दायाँ छातीमा गोली लागेका दासको जनकपुरमा उपचार सम्भव नभएपछि थप उपचारका लागि वीपी कोइराला मेमोरियल प्रतिष्ठान धरान लगिएको इन्सपेक्टर हरि खतिवडाले बताए। घटनाको जिम्मा कुनै समूहले लिएन। घटना संलग्नहरूको खोजी भइरहेको इन्सपेक्टर खतिवडाले जनाए।

बेपत्ता/अपहरण
अज्ञात समूहबाट

कुर्था गाविस-९ का २२ वर्षीय रामदेव साहलाई ०६७ फागुन २५ गते जनकपुरको पेठिया बजारबाट तरकारी किनेर घर फर्कने क्रममा कुर्थानजिक रहेको नर्सरीमा लुकेर बसेका ५/६ जनाको अज्ञात समूहले आँखामा पट्टी बाँधी अपहरण गऱ्यो। हतियारधारी समूहले साहलाई अपहरण गरी महोत्तरी जिल्लाको खुट्टा पिपरा गाविस-४ मा राखेको विशेष सूचनाको आधार प्रहरीले छापा मारी साहलाई फागुन २६ गते अपहरण मुक्त गराएको डिएसपी जगदीश पोखरेलले बताए। अपहरित साहलाई खुट्टा पिपरा गाविस-४ का मुस्लिम कवाडीको छोरा छोटे कवाडी भनिने मैनुद्दीन कवाडीको घरमा लगेर बन्धक बनाई राखिएको थियो। पीडितपक्षले जिल्ला प्रहरीमा ०६७ फागुन २८ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्।

जनकपुर नपा-१६ का २० वर्षीय भूमन मण्डल र सोही नपा-१६ का २० वर्षीय रवि सिंहलाई

०६८ भदौ १७ गते अज्ञात समूहले जनकपुर नपा-१६ रेल्वे लाइनबाट अपहरण गऱ्यो। पीडितहरू दुवै जनाले आफ्नो आँखा र मुख बाँधेकोले कुन ठाँउमा राखिएको थाहा नभएको बताए। अपहरितहरूलाई मुक्त गर्न परिवारसँग २० लाख भारतीय रुपियाँ माग्ने गरेको पीडितहरूका परिवारजनले बताए। अपहरित दुवैजना ०६८ असोज १ गते बिहान ३ बजे सप्तरीको कुशहाबाट प्रहरीको सहयोगमा मुक्त भए। भयका कारण पीडितपक्षले कही जाहेरी दर्ता गराएनन्।

धम्की/कुटपिट

राज्यपक्षबाट

महेन्द्रनगर गाविस-१ निवासी दूधमती प्रावि महेन्द्रनगरका प्रधानाध्यापक ४५ वर्षीय सूर्यनाथ यादवलाई ०६७ पुस २६ गते जिल्ला शिक्षा अधिकारी सदानन्द झाका सुरक्षागार्ड ३० वर्षीय शिवकुमार न्यौपानेले शिक्षा अधिकारी झाको कार्यकक्षमै कुटपिट गरी सख्त घाइते बनाए। घाइते यादवको जनकपुर अञ्चल अस्पतालमा उपचार सम्भव नभएपछि काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचार भएको थियो। भिड नियन्त्रण गर्न खोज्दा सुरक्षागार्डसँग प्रअ यादवको झडप भएको शिक्षा अधिकारी झाले बताए। घटनाको छानबिन गरी दोषीलाई कारबाही गरिने डिएसपी जगदीश पोखरेलले बताए पनि पीडकलाई कुनै कारबाही भएन।

रघुनाथपुर गाविस-५ निवासी पत्रकार २५ वर्षीय सुरेशकुमार यादवलाई ०६८ जेठ १२ गते राति मुजेलिया प्रहरी चौकी इन्चार्ज सई ४० वर्षीय शशी ठाकुरले जनकपुरको वंशीचोकमा कुटपिट गरे। जिल्लाका तत्कालीन एसपी दिनेश अमात्यको आदेशमा ठाकुरले प्रहरी भ्यानमा हाली साथमा भएको मोबाइलसमेत खोसेर कुरा गर्न नदिएको यादवले बताए। मोबाइल माग्दा गाली गरी खुट्टाले पेटमा हिर्काएको पीडितले बताए। प्रहरीको माथिल्लो निकायबाट फोन आएपछि तीन बजे राति यादवलाई रिहा गरिएको सीमाञ्चल दैनिकका सम्पादक उपेन्द्र भगत नागवंशीले बताए। दोषी प्रहरीलाई कारबाही माग गर्दै पत्रकारहरू जेठ १९ गतेदेखि चार दिनसम्म जिल्ला प्रशासन कार्यालयमा धर्ना बसे। धर्नामा बस्ने क्रममा जेठ २२ उपेन्द्र भगत नागवंशीलाई प्रहरीले लाठीचार्ज गर्दा उनको टाउकोमा चोट लागेको थियो। सोही दिनदेखि आमरण अनसनमा बसेका पत्रकार सुरेश यादव र सन्तोष सिंहले छानबिन समिति गठन, दोषी प्रहरीलाई निलम्बनको सिफारिस, प्रहरी प्रमुखलाई कारबाही र पत्रकारहरूलाई सुरक्षाको ग्यारेन्टी गर्ने प्रमुख जिल्ला अधिकारी डा. कम्लेश्वर सिन्हाले सहमति गरेपछि अनसन तोडेका थिए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जनकपुर नपा-१५ का १७ वर्षीय शम्भु पासवानलाई प्रहरीले हत्या गरेको आरोपमा स्थानीय र प्रहरीबीच वहुहर्वा प्रहरी चौकीमा ०६७ पुस ३० गते झडप हुँदा बहुहर्वा गाविस-६ का ५० वर्षीय कुशेश्वर साह सोही गाविस-३ का ५५ वर्षीय सुट्टा मण्डल, रामभरोस मण्डल, १७ वर्षीय कृष्णा राउत, १२ वर्षीय सलाम अन्सारी इमान नदाफ, रामशागर मण्डल लगायत १२ जना र प्रहरी जवान सिन्धुली नपा-६ निवासी २० वर्षीय सुशील योञ्जन घाइते भए। घाइतेमध्ये प्रहरी जवान योञ्जनको जनकपुर अञ्चल अस्पतालमा र अन्यको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। प्रहरीले आन्दोलनकारीहरूलाई घरघरमा लखेटी कुटपिट गरेको घाइते कुशेश्वर साहले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

चार जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ९ सय ६७ मध्ये ३ सय ९३ फैसला भए भने ५ सय ७४ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ हजार ३ सय ८९ मध्ये १ हजार ६ सय ६६ फैसला भए भने १ हजार ७ सय २३ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ३ र देवानी मुद्दा २ सय ५१ रहे।

०६८ साउनदेखि पुस १६ सम्म

चार जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय २७ मध्ये ४५ फैसला भए भने १ सय ८२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७ सय ३८ मध्ये १ सय ४३ फैसला भए भने ५ ससय ९३ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ५० र देवानी मुद्दा ३ सय ९६ रहे।

पुनरावेदन अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

आठ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ७ सय ६७ मध्ये ४ सय ३३ फैसला भए भने ३ सय ३४ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार १ सय ६५ मध्ये ६ सय ६३ फैसला भए भने ५ सय २ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १२ र देवानी मुद्दा १७ रहे।

०६८ साउनदेखि पुस १६ सम्म

आठ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय ६७ मध्ये ३२ फैसला भए भने ४ सय ३५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७ सय ४१ मध्ये ६५ फैसला भए भने ६ सय ७६ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा सात र देवानी मुद्दा ११ रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ७४ छ जसमध्ये ३९ सफल भए भने २२ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या १२ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या ३६ रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १ सय १३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ५५ मध्ये पाँच सफल र १३ असफल रह्यो भने ३७ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा १४ मध्ये चार सफल र तीन असफल रह्यो भने सात फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा २५ मध्ये एक सफल र पाँच असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या १ सय ३२ छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या ४३ रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दा ०६८ पुस १६ सम्म फैसला भए/नभएको यस वर्षको अन्त्यसम्म जानकारी प्राप्त भएन।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

महोत्तरी जिल्ला, दाम्ही मडै गाविस-६ निवासी माओवादी (मातृका) का जिल्ला सदस्य २५ वर्षीय रञ्जीतकुमार अधिकारी यादव र धनुषा यज्ञभूमि गाविस-५ निवासी अर्का जिल्ला सदस्य २८ वर्षीय गुलाव यादवलाई ०६८ कात्तिक २८ गते सादा पोसाकमा रहेका दुई जना प्रहरीले जनकपुरस्थित जनकचोकबाट बिनापूर्जी गिरफ्तार गऱ्यो। गाडीमा हालेर जनकपुरको क्याम्पसदेखि दक्षिण लगिरहेका बेला पीडितलाई बन्द गाडीमा प्रहरीले कुटपिट गर्दा चिच्याएपछि स्थानीय बासिन्दाले गाडी रोकेका थिए। गाडी फर्काएर जिल्ला प्रहरी लगिएका पीडितहरूमध्ये गुलाव यादवलाई सोही राति रिहा गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। अधिकारीलाई प्रहरीले थुनाभित्र कुटपिट गरी यातना दिएको पीडितपक्षले बतायो। प्रहरी यातनाका कारण उनको शरीरभरि नीलडाम थियो। पीडित परिवारले ०६८ कात्तिक ३० गते पुरावेदन अदालतमा बन्दी प्रत्यक्षीकरणसम्बन्धी मुद्दा दर्ता गराए। पुनरावेदन अदालतको आदेशमा ०६८ मङ्सिर ४ गते पीडितको जनकपुर अञ्चल अस्पतालमा घाउजाँच र उपचार भएको थियो। पीडित अधिकारीमाथि महोत्तरी जिल्ला अदालतमा अपहरण तथा हातहतियार खरखजनासम्बन्धी मुद्दा रहेकोले पीडितलाई जिल्ला प्रशासन महोत्तरीमा पठाएको प्रहरीले बतायो। रञ्जीतकुमार पुस ७ गते महोत्तरी जिल्ला अदालतको आदेशअनुसार रिहा भए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३ लाख ६१ हजार ५ सय ९४ मध्ये छात्र १ लाख ८४ हजार ५ सय ६५ र छात्रा १ लाख ७७ हजार २९ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४८ हजार ४६ र छात्र ५१ हजार ८ सय ८ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा जम्मा १ हजार ३ सय ३१ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा जम्मा २ सय ३९ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा जम्मा २ सय ७८ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ८ हजार ६ सय ५१ र बालिका ८ हजार ९ सय ९ गरी जम्मा १७ हजार छ सय ६० रहेका छन्। यस जिल्ला शिक्षा

कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

अपहरण

महोत्तरी, भ्रमरपुरा गाविस-३ का ३ वर्षीय छोटु भन्ने ऋतिक ठाकुरलाई ०६८ असोज २१ गते महोत्तरी, लोहारपट्टी-९ का १८ वर्षीय नुरमोहम्मद नदाफले बालकको मामा घर धनुषा बिन्धी-८ बाट अपहरण गरे। अपहरणकारीले बच्चालाई धनुषाको विभिन्न ठाउँमा लुकाईछिपाई राख्दै राति राति बालककी आमा रञ्जना चौधरीलाई फोन गरी ५० लाख रुपियाँ फिरौती माग्ने गरेका थिए। बालककी आमाले त्यति मोटो रकम दिन नमानेपछि १० लाख रुपियाँमा कुरा मिलाई जनकपुरबाटै मुक्त गर्ने बालकको आमालाई अपहरणकारीले बताएका थिए। प्रहरीले ०६८ असोज २५ गते जनकपुरको कवर्ड हलबाट बालकलाई अपहरण मुक्त गरायो। गस्तीमा जाँदै गरेको प्रहरीको टोलीलाई देखेपछि अपहरणकारी डराएर भाग्न खोज्दा प्रहरीले शङ्काको आधारमा अपहरणकारीलाई गिरफ्तार गरेर बालकलाई मुक्त गराएको थियो। अपहरणकारीले बालकको आमाकै हातबाट फिरौती लिने भनी जनकपुर नपा-८ स्थित आँखा अस्पतालको पछाडि बोलाएको तर, पैसा लिन नपाउँदै अपहरणकारी गिरफ्तार भएका थिए। प्रहरीले अपहरणकारीलाई गिरफ्तार गरेपछि घटनाको अनुसन्धानको क्रममा अपहरणको योजना पीडित बालकको मामाको छोरी १८ वर्षीय रुबी भन्ने कल्पना चौधरीले नै बनाएकी रहस्य खुल्यो। प्रहरीले सोही दिन अपहरणको योजनाकार चौधरीलाई गिरफ्तार गरेपछि आफ्नो प्रेमी नदाफलाई पढाउनको लागि बालकको अपहरण गरेको चौधरीले प्रहरीद्वारा आयोजित पत्रकार सम्मेलनमा स्वीकार गरिन्। अपहरणकारी दुवैजना जनकपुरको एउटा निजी क्याम्पसमासँगै पढ्ने गरेको र दुवैजनाबीच विगत एक वर्षदेखि प्रेम सम्बन्ध रहेको उनीहरूले स्वीकारे। नदाफको आर्थिक स्थिति कमजोर रहेकोले पढाइ छाडेर विदेश जाने तरखरमा रहेको हुँदा प्रेमिका चौधरीले आफ्नै फुफूको छोरोको अपहरण गरेर फिरौती लिएर छाड्ने योजना बनाएकी थिइन्। ०६८ असोज २५ प्रहरीले दुवै आरोपितलाई गिरफ्तार गऱ्यो। उनीहरूलाई अदालतको आदेशले ०६८ कात्तिक २४ गते पुर्पक्षको लागि कारागार चलान भए।

महेन्द्रनगर नपा-९ का ४ वर्षीय नितिशकुमार यादवलाई ०६७ माघ ६ गते तारापट्टी सिरसिया-२ का ३५ वर्षीय श्यामकुमार यादवले घर अगाडिबाट व्यक्तिगत लेनदेको विषयमा अपहरण गरे। बालकलाई ०६७ माघ ८ गते महेन्द्रनगरबाट अपहरणमुक्त गरेको प्रहरीले जनायो। पीडितपक्षले ०६७ चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म अपहरणकारी गिरफ्तार भएनन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

नगराईन गाविस-९ की १४ वर्षीया बालिकालाई ०६८ जेठ २८ गते जनकपुर नपा १२ का ६१ वर्षीय रामचन्द्र साहले सो गाविस-९ मा बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६८ असार ३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो। प्रहरीले ०६८ असार ५ गते आरोपितलाई गिरफ्तार गऱ्यो। आरोपित अदालतको आदेशले ०६८ असार ३० गते पुर्पक्षको लागि कारागार चलान भए।

नक्टाझिझ गाविस-१ की १२ वर्षीया बालिकालाई ०६८ असार २३ गते महेन्द्रनगर नपा-१ का २५ वर्षीय लक्ष्मी यादवले नक्टाझिझ-१ स्थित खोलाडिलमा बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६८ असार २४ गते जिल्ला प्रहरीमा जाहेरी गरे। प्रहरीले सोही दिन यादवलाई गिरफ्तार गऱ्यो। बालिकाको जनकपुर अञ्चल अस्पतालमा उपचार भएको थियो।। आरोपित अदालतको आदेशले ०६८ साउन १८ गते पुर्पक्षको लागि कारागार चलान भए।

सोनिगामा गाविस-९ की १३ वर्षीया बालिकालाई ०६८ भदौ १० गते सोही गाविस-९ का २० वर्षीय अकरम मिया मन्सुरीले सोनिगामा-९ स्थित धान खेतमा बलात्कार गरेको आरोपमा ०६८ भदौ १३ गते पीडितले जिल्ला प्रहरीमा उजुरी दर्ता गराइन्। यस वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्।

उमाप्रेमपुर गाविस-४ की १३ वर्षीया बालिकालाई ०६८ साउन ५ गते सोही गाविस-४ का २० वर्षीय खुसीलाल दासलगायतको एकसमूहले उखुखेतमा बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६८ साउन ८ गते जिल्ला प्रहरीमा जाहेरी दर्ता गराइन्। पीडकहरू फरार रहेको प्रहरी कार्यालयले जनायो।

हत्या

सोनिगामा गाविस-५ का ९ महिने बच्चा सोनुकुमार यादवलाई ०६८ असार ९ गते जिल्ला महोतरी सिङ्ग्याही गाविस-६ हाल महेन्द्रनगर नपा-१

का ३० वर्षीय शत्रुधन यादवले राति घरबाट उठाएर महेन्द्रनगर नपा-५ मा हत्या गऱ्यो। पारिवारिक रिसइवीका कारण हत्या गरेको पीडितपक्षको भनाइ छ। जनकपुर अञ्चल अस्पतालमा ०६८ असार ९ गते पोस्टमार्टम गरी परिवारजनले लास बुझी सद्गत गरे। ०६८ असार १० गते जिल्ला प्रहरीमा जाहेरी दर्ता गराएलगत्तै प्रहरीले आरोपितलाई गिरफ्तार गऱ्यो। उनलाई अदालतको आदेशले ०६८ साउन ५ गते पुर्पक्षका लागि जेल चलान गरियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

हंसपुर कठपुल्ला गाविस-६ की १९ वर्षीया एक महिलालाई ०६८ वैशाख २९ गते सोही गाविस-२ का ५५ वर्षीय विपता कापर केवट र बघचौरा गाविस-९ का ५२ वर्षीय रेवीया यादवले घरमै बलात्कार प्रयास गरेको आरोपमा उनीहरूलाई कारवाही भयो। घरमा कोही नभएको मौका छोपेर ताडी खाने बहानामा घरमा पसी लछारपछार गरिरहेका बेला पीडितका ससुरा कराएको सुनेर आफूहरूले आरोपितहरूलाई लखेटेको स्थानीय बासिन्दाले बताए। प्रहरीले विपतालाई सोही दिन गिरफ्तार गऱ्यो। अर्का आरोपित रेवीयालाई ०६८ वैशाख ३० गते गिरफ्तार गरी सार्वजानिक मुद्दा चलाएको डीएसपी जगदीश पोखरेले बताए।

घरेलु हिंसा

परिवारजनबाट हत्या

यज्ञभूमि गाविस-५ की १८ वर्षीया रञ्जीता मण्डलको ०६८ वैशाख २६ गते उनका पति २० वर्षीय रामदुलार मण्डल र जेठानी २८ वर्षीया सीतादेवी मण्डल, भतही गाविस-७ का स्वरूप मण्डलले घरमै घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले मृतकका पति रामदुलार र जेठानी सीतादेवी मण्डललाई ०६८ वैशाख २९ गते गिरफ्तार गऱ्यो। रञ्जिताको हत्या गरी राति नै घरबाट करिब पाँच सय मिटर दक्षिण तरकारी खेतमा पुरिएको थियो। छिमेकी लक्ष्मण मण्डलको खेतबाट ०६८ वैशाख २७ गते रञ्जीताका लास उत्खनन् गरिएको थियो। मृतकले लगाएको सारीको केही भाग बाहिर देखिएको आधारमा लास गाडिएको ठाउँ फेला परेको स्थानीय पवन मण्डलले बताए। अर्का आरोपित स्वरूप मण्डल फरार छन्। जनकपुर अञ्चल अस्पतालमा ०६८ वैशाख २८ गते पोस्टमार्टम गरी लास परिवारजनलाई बुझाइयो। गिरफ्तार भएका आरोपितद्वय अदालतको आदेशबमोजिम ०६८ जेठ २७ गते पुर्पक्षका लागि कारागार चलान भए।

हरिहरपुर गाविस-७ की १९ वर्षीया सुदामादेवी महतोलाई ०६८ जेठ १० गते पति २१ वर्षीय राम एकवाल महतोले घरमै खुकुरी प्रहार गरी हत्या गरे। उनको दाहिने हात दुई टुक्रा पारिएको थियो भने टाउकाको विभिन्न आठ ठाउँमा खुकुरी प्रहार गरिएको थियो। उनीहरूको दुई महिना पहिले विवाह भएको थियो। पीडितको लास जनकपुर अञ्चल अस्पतालमा पोस्टमार्टम गरी ०६८ जेठ १३ परिवारजनलाई बुझाइयो। फरार रहेका पीडितका पति रामएकवाल महतोले ०६८ जेठ १३ आत्महत्या गरेको प्रहरी कार्यालयले जनायो।

महोत्तरी बनौटा गाविस-४ की २० वर्षीय बेबी झालाई ०६७ चैत २३ गते पति २५ वर्षीय अरुण भनिने अरविन्द झाले घरमै खुकुर प्रहार गरी हत्या गरको प्रहरीले जनायो। टुक्रा टुक्रामा पारिएकी बेबीको हात, खुट्टा र टाउको एउटा बोरामा र शरीर एउटा पहँलो बोरामा राखेर जनकपुर नपा-८ स्थित मध्यसागर पोखरीमा फालेको अवस्था फेला परेको प्रहरी निरीक्षक हरि खतिवडाले बताए। बेवारिसे लासलाई जनकपुर अञ्चल अस्पतालमा ०६७ चैत २३ गते पोस्टमार्टम गरी लास बुझ्न परिवारजन सम्पर्कमा नआएपछि ०६७ चैत २६ गते दाहसंस्कार गरेको प्रहरी निरीक्षक सन्तोष खड्काले बताए। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६८ वैशाख २१ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्।

चक्कर गाविस-४ की २७ वर्षीया कुरेशा खातुनको ०६८ जेठ १८ गते उनका ससुरा ५५ वर्षीय बिल्टु नदाफ, देवर २५ वर्षीय रहम तुल्ला नदाफ र सोही गाविसको इवराहिम नदाफले घरमै घाँटी थिचेर हत्या गरे। पारिवारिक कारणले पति घरमा नभएको मौका छोपी उनीहरूले खातुनको हत्या गरेको प्रहरीले बतायो। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६८ जेठ २० गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म आरोपितहरू गिरफ्तार भएनन्।

दुर्व्यवहार

गोदार गाविस-७ की ६५ वर्षीया कुशमा खातुनलाई ०६८ असोज २५ गते स्थानीय बासिन्दाले बोक्सीको आरोपमा कुटपिट गरी अभक्ष खुवाएर

गाउँनिकाला गरे। गोदार गाविस-७ की ७० वर्षीया रोजनी खातुनलाई बोक्सी मन्त्र लगाएर मारेको आरोपमा स्थानीय बासिन्दाले मुण्डन गरी अभक्ष खुवाई गाउँबाट निकाला गरेको स्थानीय बासिन्दाले बताए। पीडित कुशमाको अवस्था अज्ञात रहेको छ। घटनामा संलग्न दोषीहरूको बारेमा पीडित परिवारले केही बताउन नचाहेको प्रहरीले जनायो।

बहुविवाह

कनकपट्टि गाविस-२ की २२ वर्षीया लक्ष्मीदेवी यादवका पति २५ वर्षीय शिवकुमार यादवले ०६७ माघ ४ गते दोस्रो विवाह गरे। कान्छी दुलही घर भित्रिएपछि लक्ष्मीलाई सासू ४५ वर्षीया सुमिन्द्रा यादव , जेठाजु ३० वर्षीय शुभनरायण यादव ,ससुरा बिन्देश्वर यादव र जेठानी २५ वर्षीया कोशिला यादवले कुटपिट गरी घरबाट निकाले। पाँच वर्ष पहिले अन्तरजातीय विवाह गरेका शिवले पहिलो पत्नीले छोरा पाएको बेला कमाउने बहानामा छल गरी विदेश गएका थिए। पति उताबाट आएपछि दोस्रो विवाह गरेकाले आफूलाई राख्न आग्रह गरे पनि उल्टै कुटपिट गरी घरबाट निकालेको पीडित लक्ष्मीले बताइन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६७ माघ ४ गते निवेदन दिए पनि आरोपितलाई कारबाही भएन।

रघुनाथपुर गाविस-९ की १६ वर्षीया नासिमा खातुनका पति २० वर्षीय अली मोहमदले भारतीय नागरिक १८ वर्षीया मुनजिला खातुनसँग ०६७ फागुन १३ गते दोस्रो विवाह गरे। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६७ फागुन ३० गते बहुविवाहको मुद्दा दर्ता गरेलगतै सोही दिन प्रहरीले खातुनको पतिलाई गिरफ्तार गऱ्यो। उनलाई अदालतको आदेशमा ०६७ चैत २५ गते धरौटी राखेर तारेखमा रिहा भए।

लोहना गाविस-२ की २५ वषीया साहजाहान खातुनका पति ३२ वर्षीय रिजवान सेखले लोहना-२ की २५ वर्षीया दल्ती खातुनसँग ०६८ वैशाख २ गते दोस्रो विवाह गरे। दोस्रो विवाह गरी खान लाउन नदिई कुटपिट गरी घरबाट निकाले। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६८ जेठ २० बहुविवाहको मुद्दा दर्ता गराएको प्रहरीले बतायो। प्रहरीले ०६८ जेठ २१ गते पीडकलाई गिरफ्तार गऱ्यो। उनलाई अदालतको आदेशले ०६८ असार १५ गते २५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

अन्दुपट्टी कटरैत गाविस-३ की २० वर्षीया अनीतादेवी यादवका पति २५ वर्षीय सञ्जीवकुमार यादवले सुगामधुकरही-७ की २० वर्षीया ललिता यादवसँग ०६८ जेठ २६ गते दोस्रो विवाह गरे। दोस्रो विवाह गरी विभिन्न बहानामा कुटपिट गरी मानसिक यातना दिई घरबाट समेत निकाले। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६८ असार ३ गते बहुविवाहको मुद्दा दर्ता गराइन्। प्रहरीले ०६८ असार ५ गते पीडक गिरफ्तार गरेकोमा सोही महिनाको अन्त्यमा रिहा भए।

उमाप्रेमपुर गाविस-७ की २२ वर्षीया सुवेदा खातुनका पति ३४ वर्षीय गुलजार नदाफले ठाढीझिझा-३ की २२ वर्षीया नुरेजा खातुनसँग ०६८ साउन १ गते दोश्रो विवाह गरे। पहिलेदेखि खान लाउन नदिई विभिन्न बहानामा कुटपिट समेत गरेको पीडितपक्षको भनाइ छ। पीडित खातुनले जिल्ला प्रहरी कार्यालयमा ०६८ साउन १ गते जाहेरी दर्ता गराइन्। साउन २५ गते नदाफलाई प्रहरीले गिरफ्तार गऱ्यो। उनी अदालतको आदेशबमोजिम ०६८ भदौ १५ गते ४० हजार रुपियाँ धरौटीमा रिहा भए।

नगराइन गाविस-७ की २२ वर्षीय अनीताकुमारी ठाकुरका पति २६ वर्षीय रामध्यान ठाकुरले सोही गाविस-७ की १६ वर्षीया सङ्गीताकुमारी ठाकुरसँग ०६८ असार २७ गते दोस्रो विवाह गरे। पीडितपक्षले जिल्ला प्रहरीमा ०६८ कात्तिक २१ गते बहुविवाहको मुद्दा दिए पनि यस वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्।

रघुनाथपुर गाविस-५ की ३२ वर्षीया सुनीतादेवी गुप्ताका पति ३४ वर्षीय अरुण गुप्ताले २० वर्षीया अनीतादेवी गुप्तासँग ०६८ जेठ २५ गते दोश्रो विवाह गरे। विभिन्न बहानामा कुटपिट गरी खान लाउन नदिई घरबाट समेत निकालेको पीडितका आफन्तले बताए। पीडितपक्षले जिल्ला प्रहरीमा ०६८ असार १६ गते बहुविवाहको मुद्दा दर्ता गरायो। त्यसै दिन गिरफ्तार गरिएका अरुण गुप्ता जिल्ला अदालतको आदेशबमोजिम ०६८ साउन ३ गते धरौटीमा रिहा भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

जनकपुर नपा-४ स्थित जलउत्पन्न प्रकोप कार्यालयदेखि पश्चिम र वन कार्यालयदेखि पूर्वसरकारी कार्यालयलाई लक्षित गरी ०६८ असोज २५ अज्ञात समूहले सकेट बम विस्फोट गरायो। एउटा बम विस्फोट भएपछि खोजतलास गर्दा अर्को पनि फेला परेको जिल्ला प्रहरी कार्यालयले जनायो। नेपाली सेनाको टोलीले सो

बम डिस्पोज गरेको थियो। घटनास्थलमा जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी सैन्य कमाण्डर भगतसिंह लेखेको एउटा पर्चा फेला परेको प्रहरी कार्यालयले जनायो। अर्को बममा पनि टाइम सेट गरिएकाले केही छिनमा विस्फोट हुने निश्चित थियो। बम विस्फोटनबाट कुनै किसिमको भौतिक तथा मानवीय क्षति भएन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	८८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	४	१
स्टाफ नर्स	५		५
ल्याब असिस्टेन्ट	८	७	१
अहेब	११६	११६	
अनमी	२४	२०	४
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	१६	
स्वास्थ्य कार्यकर्ता	१९०	१८२	८

२.२ महोत्तरी

जनसङ्ख्या : ६,४६,४०५
पुरूष : ३,२०,८८६
महिला : ३,२५,५१९
साक्षरता प्रतिशत : ४२
महिला साक्षरता प्रतिशत : २८
क्षेत्रफल (वर्ग कि. मि.) : १,००२
गाविस/नपा सङ्ख्या : ७६/१
सरकारी/निजी विद्यालय : ३३३/२४
क्याम्पस/उच्च मा.वि. : १/२९
मानव विकास सूचकाङ्कः ०.४०७
प्रतिपरिवार सरदर सङ्ख्याः ५.२९

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार गोली/विस्फोटक पदार्थद्वारा घाइते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) बाट

सहसौला गाविस-३ का २२ वर्षीय विजय मण्डललाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले ०६८ साउन ८ गते गोली हानी घाइते बनाए। बाँया तिघ्रामा एक गोली लागेर घाइते भएका मण्डलको बर्दिवासस्थित होप अस्पतालमा उपचार भयो। पीडक गिरफ्तार भएनन्।

जेल र बन्दीहरू

'ख' श्रेणीको जलेश्वर कारागारको बन्दी क्षमता १ सय ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ६२ र कैद नतोकिएका २ सय १९ कैदी र थुनुवा गरी जम्मा ३ सय ८१ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ३ सय ४४ जना र महिला ३७ जना रहेका छन्। साथै आश्रित बालक पाँच जना र बालिका तीन जना गरी जम्मा आठ जना रहेका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		६	६
बालअधिकार	६		६
अपहरण	१	१५	१६
महिलाअधिकार	१५		१५
हत्या	३	९	११
जम्मा	**२४**	**३०**	**५४**

जलेश्वर कारागारमा क्षमताभन्दा बढी बन्दी राखिएको छ। वि.सं. १९९३ मा निर्मित यस कारागार जीर्ण भएकाले वर्षामा पानी चुहिने र छतको लिउन भत्किएर कुनै पनि बेला दुर्घटना हुने स्थितिमा रहेको छ। बन्दीको चाप अत्याधिक भएकाले कारागारभित्र हिँडडुल गर्न असुविधा रहेको चौकीदार विकरु मिजारले बताए। कारगारभित्र पुरुषतर्फ पाँचओटा चापाकल, १० ओटा धारा र १० शौचालय रहेका छन् भने महिलातर्फ दुईओटा चापाकल, तीनओटा धारा र दुईओटा शौचालय रहेका छन्।

यस कारागारमा पुरुष कक्षतर्फ एक पुस्तकालय, पाँच ओटा टेलिभिजन र व्यक्तिपिच्छे रेडियो रहेको चौकिदार मिजारको भनाइ छ। महिलातर्फ एकओटा २१ इञ्चको टेलिभिजन रहेको छ। यस कारागारमा केही दैनिक तथा साप्ताहिक पत्रिका उपलब्ध गराइन्छ। कैदीहरू बढी भए पनि औषधोपचार खर्च उही पुरानै १ सय ३५ जनाको मात्र आउने गरेकाले औषधोपचारमा समस्या भएको जेलर शोमेन्द्र ठाकुरले बताए। धनुषा र महोत्तरीका लागि एउटै कारागार भएकाले पनि यसमा चाप बढेको हो।

बेपत्ता/अपहरण

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) बाट

सोनौल गाविस-५ का ४० वर्षीय शिवशरण मण्डललाई ०६८ मङ्सिर २३ गते जनतान्त्रिक तराई मुक्ति पार्टीका (ज्वालासिंह)का कार्यकर्ताले अपहरण गरी २ लाख रुपियाँ फिरौती लिएर ०६८ मङ्सिर २४ गते भारत सीतामढी जिल्ला बला थाना क्षेत्रबाट मुक्त गरे। अपहरणकारी ज्वाला सिंहका कार्यकर्ता भएको र कतै उजुरी नगर्न भनेका कारण पीडितले कतै जाहेरी दिएनन्।

अज्ञात समूहबाट

हाथीलेट गाविस-६ की ३० वर्षीया मनमाया योञ्जन, माईस्थान गाविस-३ का ३५ वर्षीय पदम बलमपाकी, सर्लाही जिल्ला जब्दी गाविसका २७ वर्षीय शम्भू पौडेललाई ०६८ साउन ४ गते अज्ञात समूहले हाथिलेट गाविस-७ स्थित सागरनाथ वन विकास परियोजनको जङ्गलबाट अपहरण गरी साउन ५ गते मुक्त गऱ्यो। पीडितहरूले आफूहरूलाई काठ तस्करले अपहरण गरी एक रात राखेर भोलिपल्ट मुक्त गरेको बताए।

सोनमा गाविस-३ का २३ वर्षीय हाफिज नदाफ र भारत सीतामढी जिल्ला विष्णुपुर गाविस-१० का २७ वर्षीय इर्साद नदाफलाई ०६८ असोज १ गते अज्ञात समूहले रघुनाथपुर गाविस-९ को सडकपारबाट अपहरण गऱ्यो। पीडित ४ लाख रुपियाँ फिरौती दिएर भारत, सीतामढी जिल्ला मझौरा गाउँबाट ०६८ असोज ४ गते मुक्त भए।

निगौल गाविस-३ का ३५ वर्षीय राजकिशोर चौधरीलाई ०६८ कात्तिक ५ गते अज्ञात समूहले खोपी गाविस-३ स्थित दिदीको घरबाट फकँदै गर्दा अपहरण गऱ्यो। पीडितले अपहरणकारीलाई ५९ हजार रुपियाँ फिरौती बुझाएर निगौल गाविसको चौरीबाट कात्तिक ६ गते मुक्त भए।

बर्दिवास गाविस-५ का २० वर्षीय कृष्णकुमार महतोलाई ०६८ मङ्सिर २२ गते अज्ञात समूहले जलेश्वर-जनकपुर सडकखण्डको बर्दिवास गाविस-१ बाट अपहरण गरी ३ लाख रुपियाँ फिरौती लिएर ०६८ पुस १ गते भारतको मधुवनी जिल्ला पिपरौन गाउँबाट मुक्त गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ५ सय ८८ मध्ये २ सय २३ फैसला भए भने ३ सय ६५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ४ सय ३३ मध्ये १ हजार २ सय ८९ फैसला भए भने १ हजार १ सय ४४ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३० र देवानी मुद्दा ५१ रहे।

०६८ साउनदेखि पुस १६ सम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४ सय ७० मध्ये ७१

फैसला भए भने ३ सय ९९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ६ सय ५६ मध्ये ३ सय ९४ फैसला भए भने १ हजार २ सय ६२ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३३ र देवानी मुद्दा १ सय ९२ रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६६ छ जसमध्ये नौ सफल भए भने १४ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या छ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या सात रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ४३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ३५ मध्ये आठ सफल र तीन असफल रहयो भने २४ फैसला हुन बाँकी रहयो। बलात्कारसम्बन्धी मुद्दा १२ मध्ये एक सफल र एक असफल रहयो भने १० फैसला हुन बाँकी रहयो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्र ८९ हजार ८ सय २० जना र छात्रा ८१ हजार ७ सय ४५ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्र २८ हजार ३ सय ९७ जना र छात्रा २६ हजार ३ सय ५२ जना रहेका छन्। विद्यालय जाने उमेरका १५.७ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको जिशिकाले जनाएको छ। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ५ सय २१ जना र पुरुष ५ सय ३७ गरी जम्मा १ हजार ५८ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला १ सय ६ जना र पुरुष १ सय १५ जाना गरी जम्मा २ सय २१ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ४० जना र पुरुष १ सय ६७ जना गरी जम्मा २ सय ७ जना शिक्षक रहेका छन्।

बालविकास केन्दमा बालक १ हजार ८ सय ७० जना र बालिका १ हजार ६ सय ९० जना गरी जम्मा ३ हजार ५ सय ६० रहेका छन् जसमध्ये दलित बालक २ सय १० र बालिका १ सय ४० छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

परिवारजनबाट हत्या

बलवा गाविस-३ की १६ वर्षीया विभाकुमारी चौधरीलाई गाउँकै केटासँग प्रेम गरेको आरोपमा ०६८ साउन २६ गते उनकै पिता सोही ठाउँका रामएकवाल चौधरीले झुण्डयाएर हत्या गरेको आरोपमा रामएकबाललाई गिरफ्तार गरे पनि सरकारी वकिलको कार्यालयले प्रमाणको अभाव भन्दै रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

परिवारजनबाट हत्या

इटहर्वाकट्टी गाविस-७ की ४५ वर्षीया जिवछीदेवी ठाकुरलाई उनकै भतिजा सोही ठाउँका ३५ वर्षीय फूलो भन्ने फूलबाबु ठाकुरले आफ्नी पत्नीलाई पोइल पठाएको आरोपमा ०६८ असोज २२ गते घाँटी रेटी हत्या गरे। पीडितका आफन्तले असोज २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि पीडक फरार भएकाले कारबाही भएन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	६७		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१०	६	४
स्टाफ नर्स	१४	८	६
ल्याब असिस्टेन्ट	६	६	
अहेब	९१	८६	५
अनमी	२७	२२	५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	११	५
स्वास्थ्य कार्यकर्ता	१४२	१३६	६

२.३ सर्लाही

जनसङ्ख्या : ७,६८,६४९
पुरूष : ३,८८,८७२
महिला : ३,७९,७७७
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,२५९
गाविस/नपा सङ्ख्या : ९९/१
सरकारी/निजी विद्यालय : ४४३/२४
क्याम्पस/उच्च मा.वि. : ३/३४
मानव विकास सूचकाङ्कः ०.४०८
प्रतिपरिवार सरदर सङ्ख्याः ५.४९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

बेल्वाजब्दी गाविस-९ की ५५ वर्षीया मरनीदेवी महतोको ०६८ मङ्सिर १३ गते अज्ञात समूहले हत्या गरी घरभन्दा १ किमि दक्षिणमा लास फालिदिए। छ दिन अघिदेखि घरबाट हराएकी मरनीको लास फेला परेपछि उनका पतिलगायत परिवारका सदस्य फरार रहेका छन्।

सिमरा गाविस-३ की ६५ वर्षीय सुकेश्वरीदेवी महतोको ०६८ असोज ५ गते अर्काको घरमा काम गरी आफ्नो घरतर्फ फर्कदै गर्दा सिमरा गाविस-५ स्थित बाटोमा अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। निधारमा गोली लागी घटनास्थलमा मृत्यु भएकी पीडितका छोरा र बुहारीलाई ०६८ असोज ६ गते प्रहरीले गिरफ्तार गरी दुई दिनपछि रिहा गऱ्यो। यस वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको प्रहरीले बतायो।

शङ्करपुर गाविस-७ का २८ वर्षीय विजय रायको ०६८ कात्तिक १९ गते मोटरसाइकलबाट घर जाँदै गर्दा औरही गाविसको ढ्याङ्ग्राखोला नजिकैबाट अज्ञात समूहले अपहरण गरेकोमा उनलाई ०६८ कात्तिक २७ गते भारतसँग जोडिएको सिमावर्ती त्रिभुवननगर गाविस-४ स्थित पीडितको ढाडमा एक गोली हानिएको र घाँटी थिचिएको अवस्थामा लास फेला परेको प्रहरीले बतायो। पीडकहरूलाई गिरफ्तार गराउन रायले प्रशासनको सहयोग लिएकाले उनको हत्या गरिएको घटनास्थलमा फेला परेको पत्रमा उल्लेख थियो। पीडकपक्षले पीडितसँग फिरौती रकम माग गरेको परिवारिक स्रोतले जानकारी गरायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

सुदामा गाविस-७ का मजदुर ३५ वर्षीय चुनचुन भण्डारीलाई ०६८ असोज ७ गते महिनाथपुर गाविस-९ स्थित मनुस्मारा खोलानजिक पुलको सुरक्षाको लागि बसेको अवस्थामा अज्ञात समूहले दाहिने तिघ्रामा गोली हानी सख्त घाइते बनायो। पीडितको बरहथवा उपस्वास्थ्य चौकीमा प्राथमिक उपचार गरेपछि नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा थप उपचार भएको थियो।

हजरिया गाविस- १ का खाद्यान्न व्यापारी ३० वर्षीय अन्तोष दासलाई ०६८ पुस ११ गते बरहथवा गाविस- ४ स्थित सडकमा हिँडदै गर्दा अज्ञात समूहले छाती र पाखुरामा गोली हानी सख्त घाइते बनायो। पीडितको नेशनल कलेज वीरगञ्जमा उपचार भयो।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५८ र कैद नतोकिएका १ सय ५ कैदी र थुनुवा गरी जम्मा १ सय ६३ जना बन्दीहरू रहेका छन्। कारागारमा पानी, शौचालय, विद्युत, पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद सामग्री र लुगा सिउने मेसिनको व्यवस्था रहेको छ। कारागारका भान्से रामपुकार मण्डलसँग राम्रो चामल खान पाउनुपर्छ भन्ने विषयमा ०६८ भदौ २४ गते आपसी भनाभन भई झगडा हुँदा सख्त घाइते भएका नवीन लामाको शिक्षण अस्पताल काठमाडौंमा उपचार भयो भने विनोद लामा उपचारपश्चात् वीरगञ्ज कारागारमा रहेका छन्।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

अत्रौली गाविस-३ पटौनाका ४० वर्षीय भक्तबहादुर थापालाई ०६७ फागुन २७ गते साँझ घरनजिकै मन्दिरमा बसिरहेको अवस्थामा दुईजनाको अज्ञात समूहले अपहरण गरी फागुन २९ गते मुक्त गऱ्यो। अपहरणको भोलिपल्ट पीडितका भाइ मकरबहादुर थापाले इलाका प्रहरी कार्यालय हरिवनमा निवेदन दिए। घटना कसले, किन गरेको हो भन्ने जानकारी हुन सकेन।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

उखुको मूल्य वृद्धि गर्नुपर्ने माग राख्दै ०६७ पुस १८ गते पूर्वपश्चिम राजमर्गको हरिवन चोकमा उखु किसान सङ्घर्ष समितिले गरेको आमसभामा प्रहरी र उखु किसानबीच दोहोरो झडप भयो। प्रहरी डिएसपी युवनारायण वैद्यसहित २५ जना प्रहरी किसानले प्रहार गरेको ढुङ्गा र लाठीबाट घाइते भएका थिए भने प्रहरीको लाठी तथा रबरको गोलीबाट किसानहरू टङ्कप्रसाद लुइँटेल, होमबहादुर मैनाली, माधवप्रसाद उप्रेती, दुर्गाबहादुर चौहान, गोकर्ण बतौला, समिर घिमिरे, विनोद महत, वृजलाल महतोलगायत घाइते भए। भिडलाई तितरवितर पार्न प्रहरीले दर्जनौँ सेल अश्रुग्याँस प्रयोग गरेको थियो। आक्रोसित किसानहरूले नजिकै रहेको ट्राफिक प्रहरीको बिटमा आगजनी गरेका थिए। घटनाको भोलिपल्ट स्थानीय प्रशासनले बाग्मतीको कर्मैयादेखि सासापुरको पुलसम्म कर्फ्यू जारी गरेको थियो। सोही घटनामा घाइते प्रहरीको बारेमा सूचना लिई इलाका प्रहरी कार्यालयबाट फर्कंदै गर्दा एक समूहले समाचार सङ्कलनको क्रममा रहेका सर्लाही रेडियोका अध्यक्ष तथा पत्रकार चुडामणि वाग्ले र पत्रकार कृष्णकुमार एस्मालीलाई दुर्व्यवहार गर्दै कुटपिट गरे। घाइतेहरूको स्थानीय नमुना अस्पताल हरिवनमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ८ सय १४ मध्ये ४ सय १२ फैसला भए भने ४ सय २ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ८ सय ३८ मध्ये ९ सय १ फैसला भए भने ९ सय ३७ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ११ र देवानी मुद्दा ३४ रहे।

०६८ साउनदेखि पुस १६ सम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६१ मध्ये २२ फैसला भए भने ३९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय ४१ मध्ये ४७ फैसला भए भने ३ सय ९४ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४ सय ७० छ जसमध्ये ५४ सफल भए भने २ सय ५५ असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १ सय ६१ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २० मध्ये छ सफल र १४ असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा २३ मध्ये आठ सफल र १५ असफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा पाँचमध्ये एक सफल र एक असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा २७ मध्ये ११ सफल र १६ असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा तीनमध्ये तीन असफल रह्यो। बोक्सीको आरोपसम्बन्धी मुद्दा छमध्ये छ असफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्र १ लाख ९८ हजार ९ सय ७९ जना र छात्रा १ लाख ९७ हजार ८ सय ५४ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २७ हजार ६ सय २४ र छात्र २९ हजार ६१ रहेका छन्। विद्यालय जाने उमेरका १३.७ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको जिशिकाले जनाएको छ। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा १ हजार २ सय २१ जना शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा २ सय ८७ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा १ सय ७४ शिक्षक रहेका छन्।

बालविकास केन्द्र ४ सय ४६ ओटा रहेकोमा बालक २९ हजार १ सय ६३ र बालिका २६ हजार ७ सय ५३ गरी जम्मा ५५ हजार ९ सय १६ जना रहेका छन् जसमध्ये दलित बालक ९ हजार १ सय ६६ जना

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३
बालअधिकार			३		३
अपहरण				१	१
महिलाअधिकार			४		४
भेला/सङ्गठित हुने अधिकार	३	३			
हत्या			८	४	१३
जम्मा	**३**	**३**	**१५**	**८**	**३३**

र बालिका ९ हजार २ सय ९२ जना छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

हजरिया गाविस-४ की ६ वर्षीया एक बालिकालाई ०६७ चैत २८ गते सोही गाविस-६ का २१ वर्षीय मुकेश पण्डितले घरनजिकै मकैबारीमा बलात्कार गरेको आरोपमा पण्डितलाई स्थानीय गाउँलेले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय बरहथवामा बुझाए। पीडितको स्थानीय स्वास्थ्यकेन्द्रमा उपचार भयो। जिल्ला अदालतको ०६८ वैशाख २५ गतेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि कारागारमा रहेका छन्।

नेत्रगञ्ज गाविस-९ की ८ वर्षीया एक बालिकालाई ०६८ जेठ ६ गते घाँस काट्न नजिकैको वनमा गएको अवस्थामा सोही ठाउँका १९ वर्षीय विरु लामाले बलात्कार गरेको आरोपमा भोलिपल्ट प्रहरीले लामालाई प्रहरीले गिरफ्तार गऱ्यो। घाइते बालिकाको मलङ्गवास्थित जिल्ला अस्पतालमा परीक्षण र उपचार भयो। लामाविरुद्ध बालिकाको परिवारले जेठ ७ गते किटानी उजुरी दिएपछि प्रहरीले लामालाई गिरफ्तार गरेको थियो। जिल्ला अदालतको ०६८ जेठ २५ गतेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि कारागारमा छन्।

राजघाट गाविस-७ की १० वर्षीया एक बालिकालाई सोही ठाउँका ३५ वर्षीय दिनेश राईले ०६८ असार ३२ गते बलात्कार गरेको आरोपमा साउन २ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ साउन २७ गतेको आदेशबमोजिम आरोपित राइ पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

नेत्रगञ्ज गाविस-२ की ४० वर्षीया एक महिलालाई ०६७ चैत १६ गते सोही ठाउँका २८ वर्षीय जयप्रकाश पासवानले बलात्कार गरेको आरोपमा प्रहरीले चैत १७ गते पासवानलाई गिरफ्तार गऱ्यो। पासवान जिल्ला अदालतको ०६८ वैशाख १३ गते आदेशबमोजिम पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

ईश्वरपुर गाविस-३ की १८ वर्षीया एक महिलालाई सोही ठाउँका ४८ वर्षीय रहुशेष मियाले ०६७ माघ २९ गते घरभित्र तरकारी काट्दै गर्दा बलात्कार गरेको अरोपमा पीडितले ०६७ फागुन १ गते उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०६७ फागुन ३ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६७ फागुन ३० गतेको आदेशबमोजिम पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

घुर्कौली गाविस-१ का १९ वर्षीय एक महिलालाई सोही ठाउँका २५ वर्षीय इब्राहिम साह फकिरले ०६८ वैशाख ३ गते घरमा कोही नभएको मौका छोपी बलात्कार गरेको आरोपमा प्रहरीले फकिरका विरुद्ध कारबाही चलायो। पीडितले वैशाख ४ गते ईलाका प्रहरी कार्यालय हरिपुरमा उजुरी दिइन्। फकिर जिल्ला अदालतको ०६८ वैशाख २२ गतेको आदेशबमोजिम पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

घरेलु हिंसा

दाइजोका कारण हत्या

पिडारी गाविस-१ की १९ वर्षीया रामकुमारी साहलाई ०६८ वैशाख २६ गते सासू ४६ वर्षीया सीता साहलगायत अन्य सदस्यहरूले दाइजो कम ल्याएको आरोपमा विष सेवन गराई बेहोस भएपछि घाँटी थिचेर हत्या गरे। प्रहरीले सीतालाई गिरफ्तार गरी सोधपुछ गर्दा पहिला विष सेवन गराइएको र पछि बेहोस भएपछि घाँटी थिचेर हत्या गरेको स्वीकारेको इलाका प्रहरी कार्यालय हरिपुरका इन्सपेक्टर नरेशराज सुवेदीले बताए। घटनामा संलग्न अन्य आरोपितहरू यसवर्षको अन्त्यसम्म फरार छन्। जिल्ला अदालतको ०६८ जेठ १८ गतेको आदेशबमोजित सीता साह पुर्पक्षको लागि

जिल्ला कारागार कार्यालय महोत्तरीमा थुनामा छिन्।

परिवारजनबाट हत्या

हजरिया गाविस-६ की ५५ वर्षीया रमोतरीदेवी महतोलाई ०६७ माघ ११ गते उनकै छोरा ३२ वर्षीय रामपुकार महतोले खाना पकाइरहेको अवस्थामा छातीमा गोली हानी हत्या गरे। पीडक यस वर्षको अन्त्यसम्म फरार छन्। आमाले पटक पटक घरको जायजेथा सबै छोरीलाई दिन्छु भनेकाले सम्पति गुम्ने रिसमा आवेगमा आई हत्या गरेको हुनसक्ने स्थानीय बासिन्दाले बताए।

बसन्तपुर गाविस-९ की ५५ वर्षीया फूलेश्वरीदेवी साहलाई ०६८ साउन १६ गते घरायसी झगडाका कारण बुहारी २० वर्षीया सहेलीदेवी साहले लुगा धुने मुङ्ग्रो प्रहार गरी हत्या गरिन्। फूलेश्वरीदेवीको प्रहरीले खोजतलास गर्दा साउन १८ गते लास घरपछाडि गाडिएको अवस्थामा फेला पारेको थियो। सहेलीलाई सोही दिन प्रहरीले गिरफ्तार गरी आवश्यक अनुसन्धान गर्दा सहेलीदेवीले घटना स्वीकारेको प्रहरीले बतायो। जिल्ला अदालतको ०६८ साउन ३२ गतेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि जिल्ला कारागार कार्यालय महोत्तरीमा थुनामा छिन्।

दुर्व्यवहार

हरिवन गाविस-३ दनुवारीटोलकी ४४ वर्षीया देवलीकुमारी दनुवारलाई बोक्सीको आरोपमा ०६८ जेठ २० गते राति सोही ठाउँका २४ वर्षीय शितल धामी, ३१ वर्षीय लक्ष्मीकान्त दनुवार, ५० वर्षीय अनुपलाल धामी ४५ वर्षीय वौवा धामी, २६ वर्षीय प्रवीण चौधरी, ४६ वर्षीय टैटा धामीले घरमा गई घरबाट निकाली कुटपिट गरी अभक्ष खुवाए। पीडक छ जनालाई प्रहरीले भोलिपल्टै गिरफ्तार गऱ्यो। उनीहरूविरुद्ध आफूलाई बोक्सीको आरोप लगाई कुटपिट तथा दुर्व्यवहार गरेको भनी पीडित महिलाले जेठ २२ गते ईलाका प्रहरी कार्यालय हरिपुरमा जाहेरी दिइन्। जिल्ला अदालतले असार १६ गते पीडकहरूमध्ये शितल र लक्ष्मीकान्तलाई जनही २५ हजार रुपियाँ र टैटा, अनुपलाल, वौवा र प्रवीणलाई जनही २० हजार रुपियाँका दरले धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	७८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	९	७	२
स्टाफ नर्स	१०	१	९
ल्याब असिस्टेन्ट	८	६	२
अहेब	२१७	१९८	१९
अनमी	११९	८८	३१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२४	१६	८
स्वास्थ्य कार्यकर्ता	९९	८६	१३

२.४ सिन्धुली

जनसङ्ख्या : २,९४,६२१
पुरूष : १,४१,५७३
महिला : १,५३,०४८
साक्षरता प्रतिशत : ६१
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : २,४९१
गाविस/नपा सङ्ख्या : ५३/१
सरकारी/निजी विद्यालय : ५५६/१५
क्याम्पस/उच्च मा.वि. : ३/४६
मानव विकास सूचकाङ्कः ०.४६९
प्रतिपरिवार सरदर सङ्ख्याः ५.०६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते
एकीकृत माओवादीबाट

झाँगाझोली रातमाटा गाविस-९ लखनपुरका ४२ वर्षीय श्याम जर्गा मगरलाई ०६७ चैत ९ गते पुरानो झाँगाझोली गाविस-४ मुल्कोटमा सङ्खुवासभा घर बताउने माओवादी मजदुर सङ्गठनका केन्द्रीय सदस्य ३० वर्षीय सुपत राईले आपसी विवादमा गोली हानी घाइते बनाए। जर्गामगर निर्माणाधीन वीपी राजमार्गमा सेफ्टीको रूपमा काम गर्ने वाईसीएल कार्यकर्ता हुन्। घाइते जर्गामगरको उपचार काठमाडौँस्थित वीएण्डबी अस्पतालमा भयो। अदालतले कुटपिट तथा अङ्गभङ्ग मुद्दामा जर्गा मगरलाई दुई वर्ष आठ दिन कैद तोके पनि उनी फरार रहेका थिए। उनलाई उपचारकै क्रममा काठमाडौँबाट प्रहरीले गिरफ्तार गरी सिन्धुली कारागार थुनामा राखेको छ। घटनास्थलबाटै गोली प्रहार गरी भागेका आरोपित राईलाई कुनै कारबाही भएन।

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५४ र कैद नतोकिएका ३६ कैदी र थुनुवा गरी जम्मा ९० जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ८० जना र महिला १० जना रहेका छन्। साथै, आश्रित बालिका एक जना रहेका छन्।

सिन्धुली कारागारको भवन जीर्ण अवस्थामा छ। छत फुटेको कारण सबै कोठामा पानी चुहिन्छ। क्षमताभन्दा बढी बन्दी राखिएको कारण सुत्ने ठाँउको अभाव, खानेपानी र शौचालय जाँदा लाइनमा बस्नुपर्ने समस्या रहेको बन्दीहरू बताउँछन्। महिला बन्दीतर्फ कोठा साँघुरो भएकोले सुत्न समस्या रहेको छ। दुई जनासम्म अट्ने ठाँउमा एक आश्रित र १० जना बन्दी राखिएको छ। कारागारभित्र खानेपानी पर्याप्त उपलब्ध छैन। बन्दीहरूले आफ्नै प्रयासमा बाँसबाट बन्ने समानहरू मुढा, नाङ्लो, चाल्नु, मोबाइल चुरी स्टैण्ड, घडीफ्रेम लगायतका सामान बनाउने गरेका छन्। समयमा कच्चापदार्थ उपलब्ध नहुने तर, उत्पादित सामग्रीहरूको बजार खपत भने राम्रो रहेको बन्दीहरू बताँउछन्।

बन्दीहरूको चाप अत्यधिक भएको र आउने क्रम जारी रहेकाले बस्न समस्या रहेको कारागार प्रमुख कुलनाथ पोखरेलले बताए। हाल बन्दीहरूलाई दाउराको अति समस्या रहेको र यो समस्या जिल्ला वन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा अवगत गराउँदा समेत सुनुवाइ नभएकोले कठिनाइ उत्पन्न भएको जेलर पोखरेलले बताए।

धम्की/कुटपिट
राज्यपक्षबाट

कमलामाई नपा-६ रातमाटाका २५ वर्षीय सुनिल भन्ने कुलबहादुर श्रेष्ठ र सोही नपा-६ स्टलबजारका २२ वर्षीय विवेक तामाङलाई ०६८ कात्तिक ६ गते सशस्त्र प्रहरीले कमलामाई नपा-६ स्टलबजारमा कुटपिट गऱ्यो। मोटरसाइकल चेकजाँच गर्ने क्रममा मोटरसाइकलमा आएका दुई स्थानीय युवा र सशस्त्र प्रहरीबीच विवाद भएको थियो। विवाद लम्बिदै जाँदा स्थानीय बासिन्दाहरूको सङ्ख्या धेरै भएपछि सशस्त्र प्रहरी हिँडेको र पछि क्याम्पबाट थप सशस्त्र प्रहरी आएर अन्धाधुन्ध लाठीचार्ज गरेको प्रत्यक्षदर्शी उद्योग वाणिज्य सङ्घका महासचिव अर्जुन श्रेष्ठले बताए। घाइतेको उपचार खर्च व्यहोर्नुपर्ने, घटनामा संलग्न प्रहरीलाई जनतासामु सार्वजनिक गरी कारवाही गर्नुपर्ने, सशस्त्र प्रहरी क्याम्प जिल्ला सदरमुकाम बाहिर राख्नुपर्ने लगायतका माग राखी पीडितपक्षले कात्तिक ७ गते बिहान सिन्धुली जिल्ला बन्दको घोषणा गरे। घटनामा संलग्न प्रहरीलाई माफ माग्न लगाई विभागीय कारबाही गरिने, आगामी दिनमा यस्ता घटना दोहोरिन नदिने प्रमुख जिल्ला अधिकारी वेणीमाधव ज्ञवालीले प्रतिबद्धता जनाएपछि मात्र घटना साम्य भएको थियो। पीडित सुनिल भन्ने कुलबहादुर श्रेष्ठको उपचार भरतपुर अस्पतालमा भयो।

वाईसीएलबाट

पुरानो झाँगाझोली गाविस-४ रामटारका युथफोर्स कार्यकर्ता मीनकुमार श्रेष्ठलाई ०६७ पुस २८ गते दिउँसो खोलामा नुहाउन गएको बेला काभ्रे जिल्लाको बनेपातिरबाट दुईवटा मोटरसाइकलमा आएका चार जनाको अज्ञात समूहले कुटपिट गऱ्यो। केही दिन पहिले निर्माणाधीन वीपी राजमार्गमा कामदार भर्ना गर्ने विषयमा स्थानीय ठेकेदार कम्पनी र माओवादीसँग श्रेष्ठको विवाद भएको थियो। सोही कारण काभ्रेबाट अपरिचित मान्छे ल्याई आफूलाई कुटपिट गरिएको र त्यसमा वाईसीएलको संलग्नता रहेको पीडितले बताए। पीडितको उपचार धुलिखेल अस्पतालमा भयो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३
बालअधिकार			८		८
महिलाअधिकार			१०		१०
गिरफ्तारी/यातना	१५	१५			
कुटपिट	३	३		४	४
हत्या			५	६	११
जम्मा	**१८**	**१८**	**२३**	**१३**	**३६**

एमालेबाट

भीमेश्वर गाविस-८ का एकीकृत माओवादी कार्यकर्ता २४ वर्षीय प्रदीप भनिने डुनीराज नेपालीलाई ०६७ पुस २९ गते जिल्ला सदरमुकामबाट पुरानो झाँगाझोली गाविसतर्फ जाँदै गर्दा पुरानो झाँगाझोली गाविस-४ मुल्कोटमा धुलिखेलबाट २०/२५ जनाको सङ्ख्यामा आएका एमाले कार्यकर्ताहरूको एक समूहले कुटपिट गऱ्यो। अघिल्लो दिन युथफोर्स कार्यकर्ता मीनकुमार श्रेष्ठमाथि कुटपिट भएको थियो। उक्त घटनाको प्रतिकार गर्न मीनकुमार श्रेष्ठसहित एमालेका जिल्ला कमिटी सदस्य रामकृष्ण श्रेष्ठको नेतृत्वमा आएको उक्त समूहले प्रदीपमाथि आक्रमण गरेको पीडितपक्षले जनायो। पीडितको उपचार काठमाडौमा भयो। एक अर्काविरुद्ध उजुरी नगर्ने सहमतिपछि मेलमिलाप भयो।

गैरकानुनी गिरफ्तारी

भद्रकाली गाविस-८ निवासी सङ्घीय लोकतान्त्रिक राष्ट्रिय पार्टीका तीन नम्बर क्षेत्रीय इन्चार्ज २८ वर्षीय विजय मोक्तान, सोही गाविस-४ का २३ वर्षीयसह इन्चार्ज देवकिशोर दोङ, सोही पार्टीका सदस्यहरू भद्रकाली गाविस-१ का २० वर्षीय रविन श्रेष्ठ, अरुणठाकुर गाविस-५ का २१ वर्षीय निरज तामाङ, र सोही ठाँउका २३ वर्षीय साङे छेडक लामालाई ०६८ कात्तिक २३ गते चिठी पठाउँदै चन्दा उठाएको आरोपमा प्रहरीले कमलामाई नपा-४ मधुटारबाट गिरफ्तार गऱ्यो। आफूहरूलाई विनाकारण बिना पूर्जी गिरफ्तार गरी झुठा मुद्दा लगाएर मानवअधिकारको हनन् गरेको पीडितहरूले जनाए। विभिन्न स्थानमा चिठी पठाएर चन्दा उठाउँदै गर्दा गिरफ्तार गरेको प्रहरीले जनायो। आरोपितहरूलाई सार्वजनिक अपराध ऐनअन्तरगत मुद्दा लगाई जिल्ला प्रशासन कार्यालय सिन्धुलीले कात्तिक २८ गते जनही २ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ३८ मध्ये ८२ फैसला भए भने ५६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय २० मध्ये ८६ फैसला भए भने ३४ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक र देवानी मुद्दा एक रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ८६ मध्ये २६ फैसला भए भने ६० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६४ मध्ये १९ फैसला भए भने ४५ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ७४ छ जसमध्ये २३ सफल भए भने दुई असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या दुई पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ४९ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा नौमध्ये दुई सफल रह्यो भने सात फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा सातमध्ये तीन सफल र एक असफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या २४ छ जसमध्ये तीन सफल भए भने एक असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १६ सम्म २० मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा पाँचमध्ये दुई सफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सर्लाही जिल्ला नारायणखोला गाविस-३ का सङ्घीय लोकतान्त्रिक राष्ट्रिय पार्टीका केन्द्रीय कोषाध्यक्ष ४० वर्षीय पञ्चराम लो, कमलामाई नपा-४ का सो पार्टीका नगर कमिटी अध्यक्ष ४६ वर्षीय धनलाल स्याङ्बा, भद्रकाली गाविस-८ का सो पार्टीका ३ नम्बर क्षेत्रीय इन्चार्ज २८ वर्षीय विजय मोक्तान, सोही गाविस-४ का २३ वर्षीय सो पार्टीका ३ नम्बर क्षेत्रीय सह इन्चार्ज देवकिशोर दोङ, सोही गाविस-९ का १९ वर्षीय विजय योञ्जन, सोही गाविस-५ का १७ वर्षीय पृथ्वी बम्जन, सोही गाविस-१ का २० वर्षीय रविन श्रेष्ठ, सोही गाविस-४ का १९ वर्षीय राजु दोङ तामाङ, अरुणठाकुर गाविस-५ का २१ वर्षीय निरज तामाङ, र जिनाखु गाविस-३ का १९ वर्षीय सन्देश तामाङलाई ०६८ मङ्सिर १३ गते प्रहरीले कमलामाई नपा-४ मधुटारबाट गिरफ्तार गऱ्यो। प्रहरीले मध्यरातमा पक्राउ पूर्जीसमेत नदिएर घर तथा होटलमा छापा मारी शङ्काको भरमा गिरफ्तार गरी यातना दिएको पीडितहरूले बताए। गिरफ्तार गरिएका मध्ये रविन श्रेष्ठलाई डीएसपी लोकेन्द्र श्रेष्ठले आफ्नै कार्यकक्षमा बोलाएर घोप्टो पारी लाठीले कुटेको पीडितले बताए। उनीहरूलाई जिल्ला सरकारी वकिलको कार्यालयमा ०६८ मङ्सिर ११ गते राति बम राखेको आशङ्कामा सोधपुछको लागि ल्याइएको र आवश्यक सोधपुछ गरी रिहा गरिएको प्रहरीले जनायो। गिरफ्तार गरिएकामध्ये पञ्चराम लो, धनलाल स्याङ्बा, विजय योञ्जन, पृथ्वी बम्जन, राजु दोङ र सन्देश तामाङ मङ्सिर १४ गते बेलुका र बाँकीलाई मङ्सिर १५ गते साँझ रिहा भएका थिए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख १४ हजार २ सय ९० मध्ये छात्र ५६ हजार २ सय ३ र छात्रा ५८ हजार ८७ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ९ हजार २ सय २२ र छात्र ८ हजार ८ सय ७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ सय ६० र पुरुष ७ सय ८८ गरी जम्मा ९ सय ४८ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला १० र पुरुष १ सय ४५ गरी जम्मा १ सय ५५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला पाँच र पुरुष १ सय ४० गरी जम्मा १ सय ४५ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ५ हजार २ सय ७१ र बालिका ५ हजार ४६ गरी जम्मा १० हजार ३ सय १७ रहेका छन् जसमध्ये दलित बालक ७ सय ८३ र बालिका ८ सय ६० छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

झाँगाझोली रातमाटा गाविस-२ की १३ वर्षीया एक बालिकालाई ०६७ पुस २६ गते सोही ठाँउका ३१ वर्षीय मनोज अछामीले घरनजिकै खेलिरहेको बेला घरभित्र बोलाएर बलात्कार गरेको आरोपमा प्रहरीले पुस २७ गते आछामीलाई गिरफ्तार गऱ्यो। आमा-बाबु काम गर्न गएका बेला फकाएर घरको माथिल्लो तल्लामा लगी बलात्कार गरेको र बलात्कारपछि आरोपितले कसैलाई नभन्नू भनी एक सयको नोट दिएर गएको पीडित पक्षले जनायो। आरोपितलाई सिन्धुली जिल्ला अदालतले ०६७ माघ २५ गते पुर्पक्षको लागि थुनामा राख्न आदेश दिएको थियो। जिल्ला अदालतले ०६८ वैशाख २७ गते ११ वर्षको कैद फैसला गरेपछि आरोपित सिन्धुली कारागारमा बन्दी जीवन बिताइरहेका छन्।

जिनाखु गाविस-६ की ९ वर्षीया एक बालिकालाई ०६७ फागुन ५ गते सोही ठाँउका २२ वर्षीय रामबहादुर पुलामीले घरमा कोही नभएका बेला पैसा, खानेकुराहरू दिनेलगायतका विभिन्न प्रलोभनहरू देखाई बलात्कार गरेको पीडितपक्षले जनायो। पीडितको जिल्ला अस्पताल सिन्धुलीमा स्वास्थ्यपरीक्षण भएको थियो। पीडितका आफन्तले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा आरोपित विरुद्ध उजुरी दर्ता गरे। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

महादेवस्थान गाविस-५ की १४ वर्षीया एक बालिकालाई ०६८ असोज २३ गते सोही ठाँउका ३५ वर्षीय रामबहादुर घलानले डरत्रास देखाई बलात्कार गरेको आरोपमा प्रहरीले असोज २५ गते घलानलाई गिरफ्तार गऱ्यो। बालिकालाई डर त्रासमा पारी फकाएर सोही ठाँउमा रहेको कटहरघारीमा लगेर बलात्कार गरेको पीडित पक्षले जनायो। पीडितले असोज २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको जिल्ला अस्पताल सिन्धुलीमा स्वास्थ्यपरीक्षण भएको थियो। आरोपित सिन्धुली जिल्ला अदालतको

आदेशबोजिम ०६८ कात्तिक २२ गतेबाट पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा छन्।

रानीबास गाविस-७ की १३ वर्षीया एक बालिकालाई ०६८ कात्तिक ११ गते सोही ठाँउका २५ वर्षीय देवबहादुर विकले देउसी खेलेर घर फर्किंदा कोदोबारीमा लगी बलात्कार गर्ने प्रयास गरेको आरोपमा प्रहरीले कात्तिक १३ गते विकलाई गिरफ्तार गऱ्यो। राति पिसाब गर्न घरबाहिर निस्केको बेला बालिकालाई घरदेखि केही पर कोदोबारीमा लगी बलात्कार गर्ने प्रयास गरेको पीडितपक्षले जनायो। पीडितको जिल्ला अस्पताल सिन्धुलीमा स्वास्थ्य परीक्षण भयो। आरोपित सिन्धुली जिल्ला अदालतको आदेशबमोजिम ०६८ मङ्सिर ५ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

ओसारपसार

कमलामाई नपा-१२ घरभई हत्पते गाविस-८ स्थित सानीआमाको घरमा बस्ने १५ वर्षीया एक बालिकालाई ०६८ भदौ १९ गते लदाभीर गाविस-९ का २२ वर्षीय भोजराज भन्ने बोधनाथ लुईंटेलले विवाह गर्ने प्रलोभन देखाई हत्पते गाविस-९ स्थित विद्यालयबाट फकाएर भारततर्फ लैजाँदै गर्दा केआई नेपाल नामक संस्थाको सहयोगमा सुनौलीबाट भदौ २३ गते प्रहरीले उद्दार गऱ्यो। आरोपितले काठमाडौँमा विवाह गर्ने भनी भगाएर लगेका र आफूले अस्वीकार गर्दा पनि जबरजस्ती दिल्लीतर्फ लगेको बालिकाले बताइन्। आरोपितलाई बालिकासँग सम्पर्क गराई कुरा मिलाउन सोही विद्यालयका पियन हत्पते गाविस-८ का २६ वर्षीय अर्जुन भन्ने लोकनाथ पहाडीले सहयोग गरेको प्रहरीले जनायो। आरोपितहरूविरुद्ध पीडितले भदौ २५ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गरेकोमा उनीहरू असोज ९ गतेदेखि सिन्धुली जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मभ्रुवा गाविस-८ की १८ वर्षीया रेणुका गोलेको ०६७ पुस १७ गते सोही गाविस-७ का १८ वर्षीय सोभित गोलेले मभ्रुवा गाविस-७ स्थित जङ्गलमा घाँस दाउरा काट्न गएको बेला बलात्कार गरी हत्या गरेको आरोपमा प्रहरीले सोभितलाई गिरफ्तार गऱ्यो। लासको पोस्टमार्टम जिल्ला अस्पताल सिन्धुलीमा भयो। आरोपितलाई ०६७ माघ १२ गतेबाट अदालतको आदेशमा पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा राखियो।

महादेवस्थान गाविस-८ कि ५२ वर्षीया तीलमाया श्रेष्ठको ०६८ भदौ २७ गते दिउँसो सोही ठाँउका ५० वर्षीय राजन माझीले कपिलाकोट गाविस-६ स्थित खोलाको बगरमा गोठालो गएको बेला काँसघारीमा लगी बलात्कार गरी हत्या गरेको आरोपमा प्रहरीले माझीलाई गिरफ्तार गऱ्यो। लासको पोस्टमार्टम भदौ २८ गते जिल्ला अस्पताल सिन्धुलीमा भएको थियो। पीडितपक्षले भदौ २९ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशबमोजिम ०६८ असोज ३० गतेदेखि पुर्पक्षको लागि थुनामा छन्।

घरेलु हिंसा

धम्की/कुटपिट

डाडीगुराँसे गाविस-१ की ४० वर्षीया पूर्णमाया नेपालीलाई ०६८ वैशाख १५ गते र त्यसअघि पटकपटक पति भरत नेपालीले कुटपिट गर्ने, मार्ने धम्की दिने गरेकोले घर छाडिन्। पति र सौताको कुटपिटका कारण १४ दिनसम्म घरबाहिर जङ्गलमा बसेर ज्यान बचाएको पीडितले बताइन्। पीडितले वैशाख १५ गते सामुदायिक सेवा केन्द्रमा उजुरी गरेकोमा छलफलका लागि बोलाउँदा पीडकपक्ष नआएको कारण मुद्दा अगाडि नबढेको सो केन्द्रले जनायो।

दुर्व्यवहार

रानीचुरी गाविस-४ किर्ने खोलाकी ३५ वर्षीया मधुकुमारी घिसिङ र सोही ठाँउकी ४० वर्षीया सोममाया घिसिङलाई ०६७ चैत ३० गते सोही ठाँउका ५० वर्षीय हस्तबहादुर तामाङ, ३८ वर्षीय डिलबहादुर थिङ, ३८ वर्षीय चनकबहादुर थिङले बोक्सीको आरोपमा सिस्नो लगाएर अभक्ष खुवाए। धामी चनकबहादुर थिङको आदेशमा दुवैले पालैपालो सिस्नोपानीले कुट्दै हस्तबहादुर थिङले मुखमा अभक्ष कोच्याएको पीडित सोममायाले बताइन्। पीडितहरूले ०६८ वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरे। पीडकहरू हस्तबहादुर तामाङ, डिलबहादुर थिङ र चनकबहादुर थिङलाई प्रहरीले गिरफ्तार गरी अदालतमा पेश गऱ्यो। जिल्ला अदालतले ०६८ वैशाख २५ गते जनही १५ हजार रुपियाँ धरौटी लिएर पीडकहरूलाई तारेखमा रिहा गऱ्यो। अदालतले ०६८

मङ्सिर १२ गते मुद्दाको फैसला गर्दै हस्तबहादुर र चनकबहादुरलाई जनही तीन महिना कैद र १५ हजार रुपियाँ जरिवाना तथा डिलबहादुर र सेतीमायालाई जनही ५ हजार रुपियाँ जरिवाना तोके पनि यस वर्षको अन्त्यसम्म सबै पीडकहरू गिरफ्तार भएका छैनन्।

टाडी गाविस-९ कि ६० वर्षीया खिनाकुमारी धमला, सोही ठाँउकी ९५ वर्षीया रुक्मणी कार्की र ५० वर्षीया टेकमाया बस्नेतलाई बोक्सीको आरोपमा ०६८ असोज ७ गते खोटाङ जिल्ला भिदुङ गाविस-५ की धामी काम गर्ने पार्वती पोखरेलले घरघरमा गएर समातेर ल्याई कुटपिट तथा दुर्व्यवहार गरिन्। टाडी गाविस-९ कि ३२ वर्षीया गङ्गामाया कार्कीलाई काम्ने रोग लागेपछि खोटाङबाट धामी पोखरेललाई बोलाएर ल्याइएको थियो। दुई पक्षबीच झडप हुने अवस्थामा प्रहरीले हस्तक्षेप गऱ्यो। दूधौली प्रहरी चौकीमा असोज ८ गते दुवै पक्षबीच छलफल गराई मेलमिलाप गराएको प्रहरी चौकी दूधौलीका असई राजेन्द्र साहले बताए।

परिवारजनबाट हत्या

लाम्पानटार गाविस-६ की २७ वर्षीया कल्पना पुलामीलाई पति ३८ वर्षीय चङ्खे पुलामीले कुटपिट गरेपछि मृत्यु भएको भनी असोज २७ गते प्रहरीले गिरफ्तार गऱ्यो। पुलामीले ०६८ असोज १९ गतेदेखि असोज २३ गतेसम्म कुटपिट गर्दा पीडित महिलाको गर्भपतन भई बिरामी भएकी र उनीलाई उपचारको लागि असोज २४ गते जिल्ला अस्पतालमा भर्ना गरिएकोमा असोज २७ गते उपचारको क्रममा मृत्यु भएको पीडित पक्षले जनायो। पीडित पक्षले असोज २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेकोमा आरोपितलाई जिल्ला अदालतको आदेशमा ०६८ कात्तिक २४ गतेबाट पुर्पक्षको लागि सिन्धुली कारागारमा थुनामा राखियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

उचित वातवारणमा काम गर्न पाउने अधिकार

सर्लाही जिल्ला भक्तिपुर गाविस-७ घर भई हरिहरपुरगढी गाविस-८ स्थित श्री मावि कर्मीडाँडामा कार्यरत शिक्षक ४० वर्षीय गोविन्दप्रसाद आचार्यलाई ०६८ कात्तिक २२ गते आफ्नै कार्यकक्षमा बसेको बेला हरिहरपुरगढी गाविस-८ का नेपाली काङ्ग्रेसका कार्यकर्ता २६ वर्षीय विक्रम घलान र सोही गाविस-७ का एकीकृत माओवादी कार्यकर्ता रमेश भनिने कार्साङ घलानको नेतृत्वमा आएको सात जनाको एक समूहले आफूहरूको सहमतिबिना विद्यालयमा शिक्षक भर्ना गरेको भनी कुटपिट गऱ्यो। लामो समयदेखि विद्यालयमा शिक्षक भर्नाको विषयमा विवाद हुँदै आएकोमा चन्द्रनिगाहपुरकी शोभा भुजेललाई नियुक्त गर्ने सहमति बनेपछि नियुक्तिको प्रक्रिया अगाडि बढाएको विषयमा नेपाली काङ्ग्रेस र माओवादीका प्रतिनिधिबीच विवाद भएको थियो। पीडितले कात्तिक २८ गते जिल्ला प्रहरी कार्यालय तथा जिल्ला शिक्षा कार्यालयमा उजुरी दिए। जिल्ला शिक्षा कार्यालयमा पटक पटक छलफलको प्रयास भए पनि सम्बन्धित दलहरूले पीडकहरूलाई नल्याएको कारण सहमति हुन नसकेपछि मङ्सिर २६ गते जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधसम्बन्धी मुद्दा दर्ता गरिएको नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष टोमप्रसाद काफ्लेले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१७		
उपस्वास्थ्यचौकी	३५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	६	
स्टाफ नर्स	१	१	
ल्याब असिस्टेन्ट	२	२	
अहेब	११५	८०	३५
अनमी	७१	५६	१५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	१४	९

विगतको अनुगमन

कमलामाई नपा-६ कि १४ वर्षीया एक महिलालाई कमलामाई नपा-६ माइतीघर भई भारतको सिक्किम चामबारी-२ बस्ने ५३ वर्षीया फूलमाया तामाङले जागिर लगाइदिने प्रलोभनमा घरबाट ०५८ माघ २१ गते फकाएर लगी भारतको बम्बईमा पुऱ्याएर बिक्री गरेको आरोपमा प्रहरीले ०६८ जेठ २३ गते गिरफ्तार गऱ्यो। १० वर्षसम्म आफ्नी छोरीको कुनै खबर नआएपछि आमा सुन्दरी तामाङले आफ्नी छोरीलाई फूलमाया तामाङले बिक्री गरेको भनी ०६८

जेठ २३ गते प्रहरी कार्यालयमा उजुरी दर्ता गरेको प्रहरीले जनायो। फूलमाया माइती आएको मौकामा सुन्दरी तामाङले प्रहरीलाई खबर गरेपछि प्रहरीले फूलमायालाई गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६८ असार १६ गतेदेखि पुर्पक्षको लागि थुनामा छन्।

२.५ रामेछाप

जनसङ्ख्या : २,०५,३१२
पुरूष : ९४,९२५
महिला : १,१०,३८७
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,५४६
गाविस/नपा सङ्ख्या : ५५/०
सरकारी/निजी विद्यालय : ४७८/१५
क्याम्पस/उच्च मा.वि. : २/२८
मानव विकास सूचकाङ्कः ०.४३४
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५६

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ५९ र कैद नतोकिएका २३ कैदी र थुनुवा गरी जम्मा १ सय ८२ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष १ सय ७५ जना र महिला सात जना रहेका छन्। यस कारागारमा मृत्यु हुनेको सङ्ख्या एक छ।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

ओखेनी गाविस-४ का ६० वर्षीय भुवनध्वज बस्नेत तथा उनका छोरीहरू २५ वर्षीय ललिता बस्नेत, १९ वर्षीय कुन्ता बस्नेत, १५ वर्षीय मेनुका बस्नेत र ललिताका जुम्ल्याहा छोराहरू ३ वर्षीय सक्षम र सार्थकलाई ०६८ वैशाख ४ गते साँझ सामान्य घरायसी झगडाको विषयलाई लिएर एकीकृत माओवादी कार्यकर्ताहरूले घरबाट अपहरण गरे। माओवादीका गाउँ इञ्चार्ज २६ वर्षीय मोतीबहादुर तामाङको नेतृत्वमा गएको टोलीले भुवनध्वजको काकाको छोरा जयबहादुर बस्नेतसँग भएको सामान्य घरायसी झगडालाई लिएर उनीहरूलाई अपहरण गरेको थियो। माओवादीहरूले अपहरणपछि भुवनध्वजलाई कुटपिट गरी मध्यरातमा रामेछापस्थित प्रहरी चौकीमा बुझाउन लगेका भए पनि कुटपिटबाट घाइते भएका बस्नेतलाई प्रहरीले बुझ्न अस्वीकार गरेपछि उनीहरूले पीडितलाई रामेछाप बजारमा नै छाडेर हिँडेका थिए। यसैगरी घरबाट नियन्त्रणमा लिएका उनका छोरी र नातिहरूलाई माओवादीले बीचबाटोको जङ्गलमा ल्याई छाडिदिएका थिए। काङ्ग्रेस समर्थक उनीहरूलाई माओवादीले अपहरण गरेपछि ०६८ वैशाख ५ गते नेपाली काङ्ग्रेस रामेछाप क्षेत्र नं १ ले एक विज्ञप्ति प्रकाशन गरी उनीहरूको अवस्था सार्वजनिक गर्न स्थानीय प्रशासनसमक्ष माग गरेको थियो। अपहरणमा परेका छ जनालाई ०६८ वैशाख ५ गते साँझ प्रहरीले सार्वजनिक गरेको थियो। जिल्ला प्रहरी कार्यालय रामेछापमा ल्याइपुऱ्याइएका पीडितहरु र घटनाका आरोपित मोतीबहादुर तामाङलाई समेत प्रहरीले ५ गते साँझ मानवअधिकारकर्मी र पत्रकारहरू बोलाई सार्वजनिक गऱ्यो। सामान्य घरायसी झगडाले राजनीतिक रूप लिएको रामेछापका डीएसपी प्रेमबहादुर कार्कीले बताए।

दोरम्बा गाविस-३ का १८ वर्षीय योगेश साङ्गे योञ्जनलाई ०६८ जेठ ११ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले मन्थली गाविस-४ बाट नियन्त्रणमा लिई अनुसन्धानको लागि भन्दै मन्थलीस्थित माओवादीको जिल्ला पार्टी कार्यालयमा लगे। काठमाडौँबाट मन्थली आएका उनलाई मन्थली आइपुग्ने बित्तिकै माओवादीका कार्यकर्ताहरूले नियन्त्रणमा लिएर माओवादीको पार्टी कार्यालयमा पुऱ्याएका थिए। घटनाको जानकारी पाएपछि स्थानीय बासिन्दाले त्यसको विरोध जनाएका थिए। स्थानीय

बासिन्दाहरुको दबाबपछि माओवादीले उनलाई सोही दिन जिल्ला प्रहरी कार्यालय रामेछापमा बुझाएका थिए। प्रहरीले उनलाई भोलिपल्ट रिहा गऱ्यो।

धम्की/कुटपिट

राज्यपक्षबाट

नागदह गाविस-९ का २३ वर्षीय दिनेश मोक्तानलाई ०६८ असार १५ गते स्थानीय धनवीर तामाङलाई कुटपिट गरेको आरोपमा इलाका प्रहरी कार्यालय धोबीका प्रहरीले नियन्त्रणमा लिई लात्ताले कुटपिट गरी घाइते बनाए। नियन्त्रणमा लिने क्रममा उनी भाग्न खोजेपछि प्रहरीले पिटेको प्रहरी निरीक्षक टङ्क भट्टराईले बताए। पीडितको ०६८ असार १६ गते देवीटारस्थित ललित स्मृति अस्पतालमा उपचार भयो। उनको दिसामा रगत आउने समस्या देखिएको थियो। पीडक प्रहरीमाथि कुनै कारबाही भएन। पीडितको उपचार खर्च प्रहरीले व्यहोरेको थियो।

कठजोर गाविस-९ का २० वर्षीय अरुण श्रेष्ठलाई ०६७ पुस १७ गते मन्थली गाविस-४ देवकोटा चोकमा जिल्ला प्रहरी कार्यालय रामेछापबाट ड्यूटीमा खटिएका प्रहरीले बिनाकारण कुटपिट गरी घाइते बनाए। मन्थलीस्थित तामाकोसी इङ्ग्लिश बोर्डिङ स्कूलका शिक्षक श्रेष्ठ साँझपख मन्थली बजारमा घुम्न निस्किएका बेला प्रहरीले देवकोटा चोकमा अवैध रूपमा केही मोटरसाइकलहरू चलाएको आशङ्कामा नियन्त्रणमा लिने क्रममा प्रहरीले श्रेष्ठलाई पनि बिनाकारण लाठीले कुटपिट गरेको थियो। कुटपिटबाट दुई दिनसम्म थला परेका पीडितले-तामाकोसी सहकारी अस्पतालमा ०६७ पुस १८ गते उपचार गराएका थिए।

कुभुकास्थली गाविस-१ निवासी नेपाली काङ्ग्रेसका गाउँ पार्टी सदस्य ४० वर्षीय वीरबहादुर सुनुवारलाई ०६७ पुस २४ गते कुभुकास्थली गाविसको गाउँपरिषद् भइरहेको स्थानबाट प्रहरी हवल्दार विनोद चौधरीको टोलीले कुटपिट गर्दै गिरफ्तार गऱ्यो। गाउँपरिषद् चलिरहेको समयमा सुनुवारले विगतमा कार्यान्वयन भएका योजनाको समीक्षापछि मात्र परिषद् अघि बढाउनुपर्ने धारणा राखेपछि प्रहरीले कुटपिट गरेको पीडितले बताए। प्रहरीले भने मादकपदार्थ सेवन गरेर कार्यक्रम भाँड्न खोजेकोले नियन्त्रणमा लिएको बतायो। सोही कारणले सो दिन हुने गाउँपरिषद् स्थगित भएको थियो।

माओवादी (क्रान्तिकारी पत्रकारकार सङ्घ)बाट

बाम्ती गाविसका सचिव ३५ वर्षीय विनोद भट्टराईलाई ०६८ जेठ १२ गते पत्रिकामा विज्ञापन प्रकाशन गरेको रकम नदिएको भनी स्थानीय पुष्पवृष्टि साप्ताहिकमा आबद्ध क्रान्तिकारी पत्रकार सङ्घका सदस्य खिम्ती गाविस-८ का ३३ वर्षीय वेदबहादुर श्रेष्ठले हातपात गरेको आरोप लगाउँदै पीडितले जिल्ला प्रशान कार्यालयमा निवेदन दर्ता गरे। भट्टराईलाई उनकै कोठामा गई श्रेष्ठले लछारपछार गरेको पीडितले बताए। घटनापछि ०६८ जेठ १६ गते पीडित, पीडक, गाविस सचिव हकहित संरक्षण मञ्चका प्रतिनिधिहरू, प्रमुख जिल्ला अधिकारी तथा सभासद् तारानारायण श्रेष्ठसमेतको उपस्थितिमा बैठक बसी विवाद मिलाइयो। पीडितलाई आफूले हातपात नगरेको श्रेष्ठले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ८८ मध्ये २७ फैसला भए भने ६१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय १६ मध्ये ३९ फैसला भए भने ७७ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २६ छ जसमध्ये नौ सफल भए भने एक असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १६ मुद्दा फैसला हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा एकमध्ये एक सफल रहयो। बहुविवाहसम्बन्धी मुद्दा एकमध्ये एक सफल रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या नौ छ जसमध्ये एक सफल भए भने एक असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १६ सम्म सात मुद्दा फैसला हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	१		१	१
बालअधिकार			६		६
अपहरण			३	४	७
महिलाअधिकार			१०		१०
जेलमा मृत्यु	१	१			
जातीय विभेद			१	३	३
गिरफ्तारी/यातना	१	१			
कुटपिट	३	३	१	१	३
हत्या				१	१
जम्मा	**५**	**५**	**३१**	**९**	**३०**

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्र ३६ हजार ४ सय ५ जना र छात्रा ३९ हजार ७ सय ५५ जना गरी जम्मा ७४ हजार १ सय ६० जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ९ सय ७९ जना र छात्र ३ हजार ७ सय ४९ जना रहेका छन्। विद्यालय जाने उमेरका ३.२ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको जिशिकाले जनाएको छ। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय ८४ र पुरुष ८ सय ७८ जना गरी जम्मा १ हजार २ सय ६२ जना शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ४३ र पुरुष ३ सय २ गरी जम्मा ३ सय ४५ जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १६ जना र पुरुष २ सय ९ गरी जम्मा २ सय २५ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरू ३ सय ३१ ओटा रहेकोमा बालक ३ हजार २ सय ६३ र बालिका ३ हजार ५ सय २३ जना गरी जम्मा ६ हजार ७ सय ८६ जना रहेका छन् जसमध्ये दलित बालक ४ सय १९ र बालिका ४ सय ७९ जना छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

सालु गाविस-१ की ३६ वर्षीया इन्दिरा काफ्ले, ७ वर्षीया छोरी गीता काफ्ले र ४ वर्षीय छोरा ऋषि काफ्लेलाई ०६७ माघ २१ गते रति उनका पति ४० वर्षीय गोविन्द काफ्लेले घरभित्र थुनेर घरमा आगो लगाइदिए। मादक पदार्थ सेवन गरी घरमा आएका उनले पत्नीसँग अर्को घरको साँचो माग्दा नदिएपछि पति पत्नीबीच सामान्य भनाभनमा उनले सलाई कोरेर आगो लगाई भागेका थिए। आगो लगाएर उनी भागेपछि इन्दिराले छोराछोरीलाई निकालेर सबैजनाको ज्यान जोगाएकी थिइन्। पीडकलाई गाउँलेले नियन्त्रणमा लिएर ०६७ माघ २२ गते प्रहरीमा बुझाए। जिल्ला अदालत अदालत रामेछापको २०६८ चैत १५ को आदेशअनुसार २ हजार रुपियाँ धरौटी माग भएकोमा सो रकम जम्मा नगरेकाले पीडक कारागारमा चलान गरिए। यो वर्षको अन्त्यसम्म पनि पीडक रामेछाप कारागारमा छन्।

तिल्पुङ गाविस-६ आरुबोटेकी २५ वर्षीय लक्ष्मी विकलाई ०६८ वैशाख ३ गते उनकी सासू ६० वर्षीय मनमायाँ विकले सामान्य घरायसी विवादमा हँसिया प्रहार गरी घाइते बनाइन्। हँसिया र वञ्चरो लिएर आक्रमण गर्न आएकी मनमायाँले हँसियाले गर्धनमा हान्न लाग्दा हातले गर्धन छेक्ने क्रममा लक्ष्मीको दाहिने हातमा गहिरो चोट लागेको थियो। पीडितको स्थानीय स्वास्थ्यचौकीमा उपचार सम्भव नभएपछि ०६८ वैशाख ५ गते मन्थलीस्थित रामेछाप सामुदायिक अस्पतालमा उपचार भएको थियो। यसअघि पनि उनलाई सासूले बारम्बार कुटपिट गरी रहने गरेको पीडितले बताइन्। पीडित पक्षले कतै उजुरी गरेनन्।

परिवारजनबाट कुटपिट

सुनारपानी गाविस-८ की ३२ वर्षीया सुशीला रोक्कालाई ०६८ असार २७ गते उनका जेठाजु ३६ वर्षीय डोरबहादुर सार्की र राते सार्कीले कुटपिट गरी घाइते बनाए। यसअघि पनि पारिवारिक विषयलाई लिएर गालीगलौज तथा अपशब्द प्रयोग गर्ने डोरबहादुरले सो दिन पनि रक्सी सेवन गरी कुटपिट गरेका थिए। पिटाइको कारण उनको अनुहारमा चोट लागेको थियो। पीडितलाई सोही दिन एम्बुलेन्सबाट मन्थली ल्याई मन्थली सामुदायिक अस्पतालमा उपचार गरियो। पीडितले कतै उजुरी गरिनन्।

कठजोर गाविस-५ की आठ महिनाकी गर्भवती ३० वर्षीया रीना बुढाथोकीलाई जग्गाको साँध मिचेको आरोपमा ०६८ साउन १५ गते साँझ उनका देवर २१ वर्षीय माइलो बुढाथोकीले घुँडाले थिचेर लात्ती मुड्कीले

कुटपिट गरी घाइते बनाए। कुटपिटका कारण विरामी परेपछि पीडितलाई सोही राति गाउँलेहरूले मन्थलीस्थित सामुदायिक अस्पतालमा उपचार गराए। आरोपितलाई ०६८ साउन १७ गते प्रहरीले घरबाट गिरफ्तार गरी कागज गराई रिहा गऱ्यो।

नागदह गाविस-९ की ३५ वर्षीया फूलमायाँ तामाङलाई ०६८ कात्तिक २८ गते उनका पति माने तामाङले कुटपिट गरी घाँटी भाँचिदिए। उनले कुटपिट गरेपछि पीडितकी छोरी बुनू तामाङले प्रहरी कार्यालय धाबीमा सोही दिन खबर गरेकीमा प्रहरीले मानेलाई कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय मन्थलीमा पठायो। प्रहरीले माने तामाङलाई कागज गराई रिहा गऱ्यो। पीडित महिलालाई उपचारको लागि छोरीले ०६८ कात्तिक २९ गते मन्थली ल्याएकोमा मन्थलीमा उपचार सम्भव नहुने बताएपछि आर्थिक अभावको कारण पीडितलाई घरमा नै लगेर राखेका छन्।

बहुविवाह

देउराली गाविस-की २६ वर्षीया देवी खत्रीका पति ३५ वर्षीय मोहनबहादुर खत्रीले ०६७ फागनु २२ गते झापा जिल्ला दमक-४ की ३२ वर्षीया कमला राईसँग दोस्रो विवाह गरे। पीडित महिलाले जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरीका आधारमा ०६७ चैत ७ गते देउराली गाविसमा आएको अवस्थामा पीडक दुवैजनालाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडकहरू दुवै जनालाई जिल्ला अदालत रामेछापको ०६७ चैत १६ गते निर्णयअनुसार रामेछाप कारागारमा थुनामा छन्।

दुर्व्यवहार

डडुवा गाविस-३ की ४० वर्षीया तुलीमायाँ थामीलाई ०६८ वैशाख २८ गते कथित बोक्सीको आरोपमा गाउँलाई दु:ख दिएको भनी सोही ठाउँका ३५ वर्षीय पञ्चे थामीलगायतले कुटपिट गरी घाइते बनाए। पीडितका पतिको एक वर्ष अघि मृत्यु भएको थियो। पीडित महिलाले प्रहरी चौकी फूलासीमा उजुरी गरेकीमा प्रहरीले ०६८ जेठ ३ गते आरोपितले पीडितलाई उपचार खर्च वापत ३ हजार रुपियाँ भराई कागज गरेर रिहा गऱ्यो।

कठजोर गाविस-९ की २६ वर्षीया बालकुमारी श्रेष्ठलाई ०६८ साउन ५ गते सोही स्थानकी ३२ वर्षीया भुनाकुमारी श्रेष्ठलाई भैँसीले दूध नदिएपछि कथित बोक्सीको आरोप लगाउँदै कुटपिट गरिन्। घटनापछि ०६८ साउन ६ गते स्थानीय समुदायको छलफलमा समेत उनले पीडित कथित बोक्सी भएको भन्दै जहाँ लगे पनि 'बोक्सी' भन्न नछाड्ने बताएकी थिइन्। त्यसपछि पुन: साउन ८ गते पीडितका माइती आएर गाउँलेहरू जम्मा गराई छलफल गराउँदा पीडकले आफूबाट गल्ती भएको स्वीकार गरेपछि कागज गराएर छाडेका थिए। फेरि गल्ती दोहोरिए स्थानीय आमा समूहले गरेको सजाय भोग्न तयार भएको पीडितले बताइन्।

सबै प्रकारका जातीय विभेद

बिजुलीकोट गाविसको झटेश्वर मन्दिरमा ०६८ भदौ १४ गते बिहान दलित समुदायका मानिसहरूले पूजा गर्न खोज्दा स्थानीय गैरदलित समुदायका महिलाहरूले रोक्ने प्रयास गरे। उनीहरूको रोक्ने प्रयासको बाबजुद पूर्णबहादुर विकको नेतृत्वमा गएको करिब ५० जनाको सङ्ख्यामा रहेको दलित समुदायको टोलीले मन्दिरमा प्रवेश गरी पूजाआजा गरेको थियो। मन्दिरमा दलित समुदायका मानिसहरू आउने सूचना थाहा पाएपछि गैरदलित समुदायका मानिसहरू पूजा सकेर मन्दिरमा ताल्चा लगाएर हिँडेका थिए। दलित समुदायका मानिसहरूले मन्दिरमा लगाएको ताला काटेर सामूहिक प्रवेश गरी पूजा गरेका थिए। उनीहरूले करिब ५ फिट अग्लो त्रिशुल पनि मन्दिरभित्र चढाए। त्रिशुल चढाउन खोज्दा गैरदलित समुदायका महिलाहरूले रोक्ने प्रयास गरेका थिए। दलितहरूले हरितालिका तिजको दिन मन्दिरमा पूजा गरेका थिए।

मझुवा गाविस-२ का २० वर्षीय नवराज मोक्तान र उनकी पत्नी १९ वर्षीया किमसली मानन्धरले अन्तरजातीय विवाह गरेको कारण केटीपक्षले ०६८ कात्तिक १ गते जबर्जस्ती सम्बन्धविच्छेदको कागज गराई ज्यान लिने धम्की दिएको भन्दै जिल्ला प्रशासन कार्यालय रामेछापमा जीवनरक्षाको साथै जबरजस्ती गराएको कागज बदर गरी पाऊँ भनी ०६८ कात्तिक ६ गते किमसलीका काका चक्रबहादुर मानन्धरलगायतका विरुद्ध उजुरी दिए। अन्तरजातीय विवाहको कारण केटी पक्षले दुईजनालाई छुटाएर अर्को केटासँग विवाह गराइदिन लागेको नवराजले बताए। किमसली मानन्धरले आफू गर्भवती भएको बताइन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१७		
उपस्वास्थ्यचौकी	३५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	३	
स्टाफ नर्स	५	५	
ल्याब असिस्टेन्ट	३	३	
अहेब	५८	५१	७
अनमी	१९	१७	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	१३	३
स्वास्थ्य कार्यकर्ता	९६	७३	२३

२.६ दोलखा

जनसङ्ख्या : १,८८,१८६
पुरूष : ८८,१६३
महिला : १,००,०२३
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : २,१९१
गाविस/नपा सङ्ख्या : ५१/१
सरकारी/निजी विद्यालय : ४२१/१२
क्याम्पस/उच्च मा.वि. : ३/३६
मानव विकास सूचकाङ्कः ०.४५०
प्रतिपरिवार सरदर सङ्ख्याः ३.८९

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३३ र कैद नतोकिएका २० कैदी र थुनुवा गरी जम्मा ५३ जना बन्दीहरू रहेका छन्। कारागारमा पुस्तकालय, टेलिभिजन चारओटा, कान्तिपुर र नागरिक दैनिक पत्रिकाको व्यवस्था पनि रहेको छ। शौचालय दुई र नुहाउने कोठा एउटा रहेको छ। क्षमताभन्दा बढी कैदी/बन्दी राखिएकोले सुत्न बस्न समस्या रहेको कारागारका बन्दीहरूले बताए। हाल कागरागारमा महिला बन्दी नभए पनि १५ जना महिला बन्दीहरूको नयाँ भवन निर्माण भइरहेको र तत्कालै पुरानो भवन भत्काएर नयाँ कारागार भवन बनाउने प्रक्रिया पूरा भइसकेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

दुई जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ९० मध्ये ९४ फैसला भए भने ९६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय १६ मध्ये १ सय ५८ फैसला भए भने १ सय ५८ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३९ छ जसमध्ये १२ सफल भए भने दुई असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म २५ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा पाँचमध्ये तीन सफल र एक असफल रहयो भने एक फैसला हुन बाँकी रहयो। बलात्कारसम्बन्धी मुद्दा तीनमध्ये एक सफल रहयो भने दुई फैसला हुन बाँकी रहयो। बलात्कार उद्योगसम्बन्धी मुद्दा चारमध्ये एक सफल रहयो भने तीन फैसला हुन बाँकी रहयो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५७ हजार ४१ मध्ये छात्र २४ हजार ९ सय ५९ र छात्रा ३२ हजार ८२ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४ हजार ५९ र छात्र ३

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		१	१
बालअधिकार	६		६
महिलाअधिकार	४		४
कुटपिट	१		१
हत्या	१	४	५
जम्मा	**१२**	**५**	**१७**

हजार ५ सय ४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला २ सय ८ र पुरुष ७ सय ८५ गरी जम्मा ९ सय ९३ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला पाँच र पुरुष १ सय ४१ गरी जम्मा १ सय ४६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला एक र पुरुष १ सय ३१ गरी जम्मा १ सय ३१ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ३ हजार ४ सय ७९ र बालिका ३ हजार ३ सय १९ गरी जम्मा ६ हजार ७ सय ९८ रहेका छन् जसमध्ये दलित बालक ४ सय ८ र बालिका ४ सय २४ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

कुटपिट

सुनखानी गाविस-३ की १३ वर्षीया सुस्मिता शिवाकोटीलाई ०६७ चैत ४ गते सोही वडाको ताम्रकौशिका निमाविका प्रधानाध्यापक भरतसिंह शिवाकोटीले विद्यालय हातामा कुटपिट गरे। ताम्रकौशिका निमावि भवन निर्माणका लागि कक्षा दुई देखिका छात्रछात्राहरूलाई तामाकोशीबाट बालुवा बोक्न लगाएकोमा पीडित छात्राले बालुवा ल्याउन ढिला गरेको भन्दै दाहिने आँखामा नीलडाम हुने गरी कुटपिट गरेका थिए। पीडितका बुबा ध्रुव शिवाकोटीले जिल्ला प्रहरी कार्यालय दोलखामा ०६७ चैत ५ गते उजुरी दिएकोमा जिल्ला प्रहरी कार्यालयले पीडक प्रधानाध्यापक भरतसिंह शिवाकोटीलाई सोही दिन ७ हजार रुपियाँ पीडितपक्षलाई दिन लगाई मेलमिलाप गरायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

भीमेश्वर नपा-११ की १३ वर्षीया एक बालिकालाई ०६८ वैशाख १४ गते सोही ठाउँका २० वर्षीय शुकराज सुवेदीले बाटोमा हिँडिरहेको अवस्थामा लछारपछार गरी बलात्कारको प्रयास गरेको आरोपमा पीडितले ०६८ वैशाख १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। जिल्ला अदालत दोलखाको निर्णयबमोजिम आरोपितलाई २ वर्ष ६ महिना कैद फैसला भएअनुसार आरोपित थुनामा छन्।

जुङ्गु गाविस-७ की ११ वर्षीया एक बालिकालाई ०६८ वैशाख १८ गते साँझ सोही ठाउँका ३८ वर्षीय गणेश जिरेलले सोही ठाउँको दार्खा जङ्गलमा बलात्कारको प्रयास गरेको आरोपमा पीडितको परिवारले ०६८ वैशाख २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितको घरमा खसीको मासु लिन गएकी बालिकालाई 'म पनि तिम्रो घरतिर सँगै जान्छु' भनी पैसा दिई ललाईफकाई बलात्कारको प्रयास गरेको जानकारी पीडितका परिवारले दिए। आरोपित फरार छन्।

रामेछाप जिल्ला खिम्ती गाविस-१ की १५ वर्षीया एक बालिकालाई ०६८ जेठ २० गते सिन्धुपाल्चोक जिल्ला बराम्ची गाविस-२ निवासी जीप चालक ३० वर्षीय टिकाराम घिमिरेले दोलखाको तामाकोशी बजार घुम्न जाऊँ भनी सोही गाडीमा तामाकोसी बजारको होटलमा बलात्कारको प्रयास गरेको आरोपमा पीडितका परिवारले कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा ०६८ जेठ २२ गते उजुरी दिए। आरोपित फरार छन्।

शैलुङ्गेश्वर गाविस-७ की १४ वर्षीया एक बालिकालाई विद्यालयबाट घर फर्कंदा बाटोमा ०६८ भदौ ९ गते सोही ठाउँका १९ वर्षीय लोकेन्द्र खड्काले बलात्कार गरेको आरोपमा पीडितका परिवारले कारबाहीका लागि ०६८ भदौ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला अदालत दोलखाको ०६८ भदौ ३० गतेको निर्णयले आरोपित पुर्पक्षका लागि थुनामा छन्।

काटाकुटी गाविस-२ निवासी कक्षा चारमा अध्ययनरत १२ वर्षीया एक बालिकालाई ०६८ भदौ २० गते सोही ठाउँका ७३ वर्षीय पदमबहादुर घिसिङले पीडितकै घरमा बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६८ असोज ४ गते जिल्ला प्रहरी कार्यालय दोलखामा उजुरी दियो। आरोपित जिल्ला अदालत दोलखाको ०६८ असोज १० गतेको निर्णयअनुसार पुर्पक्षका लागि थुनामा छन्।

भीमेश्वर नपा-१० की छ वर्षीया एक बालिकालाई ०६८ मङ्सिर १६ गते भारत बेतिया

जिल्ला कठिया धनियाँ पञ्चायत निवासी माछा व्यापारी ५९ वर्षीय हसमदिन मियाँले पीडितकै घरमा बलात्कारको प्रयास गरेको आरोपमा पीडितको परिवारले सोही दिन जिल्ला प्रहरी कार्यालय चरिकोटमा उजुरी दिएकोमा आरोपित हाल प्रहरी हिरासतमा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

जिरी गाविस-५ की २९ वर्षीया एक महिलालाई जिरी गाविस-५ को घुम्तीपरी भन्ने जङ्गलमा बाखा हेर्न गएको अवस्थामा ०६८ भदौ १० गते रामेछाप जिल्ला रस्नालु गाविस-२ का २८ वर्षीय गणेश शेर्पाले बलात्कार गरेको आरोपमा पीडितले जिल्ला अस्पताल जिरीमा ०६८ भदौ ११ गते मेडिकल परीक्षण गराई कारबाहीका लागि ०६८ भदौ १३ गते ईलाका प्रहरी कार्यालय जिरीमा उजुरी दिइन्। पुन: पीडितले ०६८ भदौ २१ गते जिल्ला प्रहरी कार्यालय दोलखामा पनि उजुरी दर्ता गरिन्। आरोपित हालसम्म फरार रहेका छन्। पीडित महिलाले देब्रे हात तथा गोडा कमजोर भई अपाङ्गता परिचयपत्र समेत लिएकी छन्।

भीमेश्वर नपा-११ की १८ वर्षीया एक महिलालाई ०६८ मङ्सिर ७ गते भीमेश्वर नपा-१३ का २० वर्षीय भोला खत्रीले भिमेश्वर नपा-११ को कालीमाटी, महाङ्काल सडक जङ्गलमा बलात्कार प्रयास गरेको आरोपमा पीडितले कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय दोलखामा मङ्सिर ९ गते उजुरी दिएकोमा जिल्ला अदालत दोलखाको मङ्सिर १४ गतेको निर्णयअनुसार २७ हजार रुपियाँ धरौटी राखी आरोपित तारेखमा रिहा भए।

घरेलु हिंसा

बहुविवाह

शैलुङ्गेश्वर गाविस-२ का २७ वर्षीय ध्रुव विकले ०६८ असार ३ गते २४ वर्षीया कालिका विकलाई दोस्रो पत्नी बनाई घर लगे। पहिलो पत्नी २७ वर्षीया कालिका विकले बहुविवाहमा कारबाही गरिदिन ०६८ असार २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा पीडक जिल्ला अदालत दोलखाको निर्णयले ५ हजार रुपियाँ धरौटी राखेर रिहा भए।

भीमेश्वर नपा-८ का ५८ वर्षीय प्रेमबहादुर कार्कीले ०६८ जेठ २५ गते मैयाँ श्रेष्ठलाई दोस्रो पत्नी बनाई घरमा लगे। पहिलो पत्नी ३९ वर्षीया कमला कार्कीले असार २७ गते जिल्ला प्रहरी कार्यालय दोलखामा उजुरी दिएकोमा जिल्ला अदालत दोलखाको कात्तिक २४ गतेको निर्णयले आरोपित १० हजार रुपियाँ धरौटी राखेर रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१९		
उपस्वास्थ्यचौकी	३३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	२	
स्टाफ नर्स	२	१	१
ल्याब असिस्टेन्ट	३	३	
अहेब	१२८	१०६	२२
अनमी	७६	५७	१९
खोप सुपरभाइजर	२	१	१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	८	१५

२.७ रौतहट

जनसङ्ख्या : ६,९६,२२१
पुरूष : ३,५४,९०९
महिला : ३,४१,३१२
साक्षरता प्रतिशत : ४०
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१२६
गाविस/नपा सङ्ख्या : ९६/१
सरकारी/निजी विद्यालय : ३८३/२०
क्याम्पस/उच्च मा.वि. : ३/३१
मानव विकास सूचकाङ्कः ०.४०९
प्रतिपरिवार सरदर सङ्ख्याः ६.३३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

अज्ञात समूहबाट

सरूअठा गाविस-९ निवासी एमाओवादी भोजपुरा राज्य समिति सदस्य ४० वर्षीया रूकसाना खातुनलाई ०६७ माघ ७ गते साँझ अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। सर्लाही जिल्लाबाट आफ्नो घरतर्फ आइरहेकी खातुनलाई साँझ स्थानीय झाँझ नदीको किनारमा लुकेर बसेका ३-४ जनाको सङ्ख्यामा रहेका व्यक्तिहरूले गोली हानी हत्या गरेका थिए। हत्याको आरोपमा प्रहरीले सरूअठा गाविस-९ का सेख बाजुललाई गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको आदेशले उनी पुर्पक्षको लागि थुनामा छन्।

सिन्धुली जिल्ला लदाभीर गाविस- १ निवासी सशस्त्र प्रहरी बेसक्याम्प चन्द्रनिगाहपुरमा कार्यरत २८ वर्षीय प्रहरी जवान राजन बस्नेतको लास ०६८ असार १४ गते राति चन्द्रनिगाहपुर गाविस-२ स्थित जनज्योति बहुमुखी क्याम्पसको पर्खालको झाडीमा भेटियो। चन्द्रनिगाहपुर गाविस-२ स्थित जङ्गलटोलमा राजमार्ग सुरक्षार्थ राखिएको बेसक्याम्पमा कार्यरत जवान बस्नेत ०६८ असार १३ गते साँझ ५ बजेको समयमा क्याम्पबाट बाहिर गएकोमा सो समयदेखि उनी फर्किएर नआएकोमा असार १४ गते साँझ उनको लास फेला परेको थियो। घटनामा संलग्न रहेकाहरूलाई प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

प्रेमपुर गोनाही गाविस-१ घर भई हाल गौर नपा-८ मा डेरा गरी बस्दै आएका कुस्ती खेलका पूर्व अन्तर्राष्ट्रिय खेलाडी ४८ वर्षीय उपेन्द्रदास बैरागी यादवलाई ०६८ असार २३ गते राति अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। गौर नपा-८ स्थित कर्मचारी मिलन केन्द्रको सानो सडकबाट आफ्नो डेरातर्फ गईरहेका बैरागीलाई राति ८ बजेको समयमा अज्ञात व्यक्तिले एक गोली प्रहार गरेका थिए। गोली लागेर घाइते भएका बैरागीलाई जिल्ला अस्पताल गौरमा उपचारको लागि लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो। मृतकको शव गौर अस्पतालमा असार २४ गते पोष्टमार्टम गरेपछि आफन्तले बुझेर सद्गत गरेका थिए। मृतककी पत्नी रामकुमारीदेवी यादवले ०६८ असार ३० गते दिएको जाहेरी दर्खास्तअनुसार घटनामा संलग्न रहेको आरोपमा प्रहरीले प्रेमपुर गोनाही गाविस-२ का ५० वर्षीय जगरनाथ राय यादव र सोही गाविस- ४ का ४३ वर्षीय सर्फलाल महतोलाई ०६८ असार ३२ गते गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६८ साउन २६ गतेको आदेशबमोजिम उनीहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बिसुनपुर्वा मानपुर गाविस-७ का ३० वर्षीय बिनोद मुखिया बिनको सव ०६८ असार ३१ गते साँझ प्रहरीले फेला पाऱ्यो। सरमुजवा गाविस-९ स्थित नहरमा उनको शव घाँटीमा रूमाल बाँधिएको, दुवै खुट्टा बेल्टले बाँधिएको र टाउकोमा धारिलो हतियारको चोट लागेको अवस्थामा प्रहरीले फेला पारेको थियो। मृतक बिनको जिल्ला अस्पताल गौरमा पोष्टमार्टम गरी साउन १ गते परिवारलाई बुझाइयो। घटनामा संलग्न रहेकाहरूलाई प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

गोली/बम/विस्फोटक पदार्थबाट घाइते

जनतान्त्रिक तराई मधेश पार्टीबाट

टेङ्ग्राहा गाविस-३ का १२ वर्षीय राजन साह ०६७ पुस २८ गते राति उनकै घरमा जनतान्त्रिक तराई मधेश पार्टीले पाइप बम बिस्फोटन गराउँदा

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				४	१७	२१
बालअधिकार				६	३	९
अमानवीय व्यवहार				२		२
अपहरण				१	४	५
महिलाअधिकार				८		८
भेला/सङ्गठित हुने अधिकार	१		१			
जातीय विभेद				१		१
गिरफ्तारी/यातना		४	४			
कुटपिट		१	१			
धम्की					१	१
हत्या				९	६	१५
जम्मा	**१**	**५**	**६**	**३१**	**३१**	**६२**

घाइते भए। विस्फोटनबाट साहको दाहिने हातमा चोटपटक लागेको थियो। उनको स्थानीय क्लिनिकमा उपचार भयो। घटनामा संलग्न रहेकाहरूलाई प्रहरीले यो वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेन।

अज्ञात समूहबाट

सर्लाही जिल्ला राजघाट गाविस-१ का २२ वर्षीय चित्रबहादुर किडरिङ मगरलाई ०६७ फागुन १२ गते राति अज्ञात समूहले विश्रामपुर गाविस-८ स्थित बलेरी जङ्गलमा गोली हानी घाइते बनायो। घाइतेको नारायणी उपक्षेत्रीय अस्पताल बीरगञ्जमा उपचार भयो। घटनामा संलग्न कसैलाई पनि प्रहरीले यो वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेन।

लक्ष्मीनिया गाविस-२ का १९ वर्षीय बृजकिशोर बैठा ०६८ असार २ गते राति बम विस्फोटनमा परी घाइते भए। प्रेमपुर गोनाही गाविस-८ का कुसहर महतोको छोरीको विवाहमा भिडियो क्यामरा र फोटो खिच्न आएका बैठा राति १० बजेको समयमा खाना खान लागेको अवस्थामा अज्ञात व्यक्तिले सुतली बम विस्फोटन गराउँदा उनी घाइते भएको प्रहरीले जनायो। घाइते बैठाको दाहिने तिघ्राको पाँच ठाउँमा बमको छर्रा लागी चोट लागेको थियो। उनको गरूडास्थित अनामिका अस्पतालमा उपचार भयो। घटनामा संलग्न रहेकाहरूलाई प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

डुमरिया(म.) गाविस-२ का २९ वर्षीय श्रीराम कार्कीलाई ०६८ मङ्सिर ४ गते राति अज्ञात समूहले खुकुरी प्रहार गरी घाइते बनाए। चन्द्रनिगाहपुर बजारबाट राति ९ बजेको समयमा मोटरसाइकलमा आफ्नो घरतर्फ गइरहेका कार्कीलाई सन्तपुर(म.) गाविस-४ स्थित घोडीदेवी मन्दिरको छेउमा लुकेर बसेका ४-५ जनाको समूहमा रहेका व्यक्तिले मोटरसाइकल रोकी शरीरका विभिन्न भागमा खुकुरी प्रहार गर घाइते बनाई फरार भएका थिए। खुकुरी प्रहारबाट पीडितको ढाड, दुवै पाखुरामा चोटपटक लागेको थियो। पीडितको स्थानीय चन्द्रनिगाहपुर अस्पतालमा उपचारपछि काठमाडौँमा थप उपचार भयो। घटनामा संलग्न रहेकाहरूलाई पहिचान गरी प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

तराई मधेश जनतान्त्रिक मुक्ति मोर्चाबाट

करूनिया गाविस-३ का ३० वर्षीय सेख इन्जाहुल, औरैया गाविस-७ का ३० वर्षीय दुर्गाप्रसाद यादव, करूनिया गाविस-६ का २५ वर्षीय सेख कलिमुल्लाह, करूनिया गाविस-८ का ३२ वर्षीय नन्दुलाल साह, पिपरिया(दो.) गाविस-५ का २८ वर्षीय विजय साह, समनपुर गाविस-५का २६ वर्षीय नाजीर हुसैन, सिम्राभवानीपुर गाविस-७ का ३० वर्षीय ३०

अज्ञात समूहद्वारा हत्या गरिएका उपेन्द्र दास बैरागी (यादव)

वर्षीय महमद इस्लाम, सर्लाही जिल्ला मानपुर गाविसका ६० वर्षीय बिसुनदेव राय यादव, सोही ठाउँकी उनकै श्रीमती ५५ वर्षीया मानवतीदेवी यादव,रौतहट मुडवलवा गाविस-२ का अमिचन ठाकुर, लक्ष्मीपुर वेलविछवा गाविस-२ का ५० वर्षीय दरोगा मुखिया, जुडिवेला गाविस-३ की ४५ वर्षीया सुनैनादेवी र गौर नपा-९ का २१ वर्षीय सुनिल केसरीसमेत १३ जना व्यक्तिहरू ०६७ चैत ११ गते दिउँसो सार्वजनिक यातायातको बसमा बम विस्फोटन हुँदा घाइते भए। रौतहट जिल्लाको सदरमुकाम गौरबाट चन्द्रनिगाहपुरतर्फ गइरहेको बा.२.ख.५७२१ नम्बरको यात्रुबाहक बसमा सकेट बम विस्फोट हुँदा उनीहरू घाइते भएका थिए। घाइतेहरूमध्ये सेख इञ्जाहुलको बाँया खुट्टाको गोली गाँठो भन्दा मुनिको भाग पूरै जलेको, दुर्गाप्रसाद यादवको बाँया खुट्टा र पिठ्यूँमा बमको छर्रा लागी घाइते भएको, सेख कलिमुल्लाहको कम्मरभन्दा मुनिको भाग पूरै जलेको, नन्दुलाल साहको दुवै खुट्टाको पिँडुला भन्दा तलको भाग पूरै जलेको, विजय साहको बाँया हातको बीचको भाग जलेको, नाजीर हुसैनको दुवै खुट्टाको घुँडाभन्दा मुनि पिँडुला भन्दा माथि पूरै जलेको र महमद इस्लामको बाँया खुट्टा भाँचिएको प्रहरीले जनायो। अन्य घाइतेहरूलाई बमको छर्रा तथा आगोले पोलेर सामान्य चोटपटक लागेको थियो। घाइतेहरू गौर अस्पतालमा उपचारपछि घर फर्किए। स्थानीय सञ्चारकर्मीलाई टेलिफोन गरी भूमिगत तराई टाइगर र अर्को भूमिगत सङ्गठन तराई मधेश जनतान्त्रिक मुक्ति मोर्चाले विस्फोटनको जिम्मा लिएका थिए।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ७५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३९ र कैद नतोकिएका ६४ कैदी र थुनुवा गरी जम्मा १ सय ३ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालिका एक जना रहेको छ। रौतहट कारागार वि.सं १९७५ मा निर्माण भएको हो। कारागारमा खेलकुदका सामानहरूमा भलिबल,चेस,क्यारमबोर्ड उपलब्ध छन् भने पुरूष बन्दीगृह तर्फ चारवटा र महिला बन्दीगृहमा दुईवटा शौचालय रहेको छ। पुरूष बन्दी गृहतर्फ शौचालयको सङ्ख्या कम रहेकाले कठिनाइ हुने गरेको बन्दीहरूले बताएका छन्। कारागारमा क्षमताभन्दा बढी कैदी तथा थुनुवाहरू रहने गरेकाले सुत्न कठिनाइ हुनेगरेको बन्दीहरूले गुनासो गरे। अहिले ७५ जना क्षमताको अर्को बन्दीगृह निर्माण भइरहेको छ। नयाँ भवन सुविधा सम्पन्न भएकाले यो भवन उपयोगमा आएपछि बन्दीलाई राख्न सजिलो हुने गौर कारागारका जेलर बजैर आलमले बताएका छन्।

अज्ञात समूहद्वारा हत्या गरिएका राजन बस्नेत

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

राजदेवी गाविस-६ का १९ वर्षीया मुन्ना भन्ने अनिश साह तेलीलाई ०६८ वैशाख १८ गते साँझ अज्ञात समूहले अपहरण गऱ्यो। बालकको खोजीमा संलग्न प्रहरीहरूले ०६८ वैशाख १९ गते साँझ पीडित बालकलाई अपहरणकारीले भारततर्फ लैजान लागेको अवस्थामा जिल्लाकै ब्रम्हपुरी गाविस-५ स्थित बाग्मती नदीको किनारबाट सकुशल मुक्त गराएको थियो। घटनामा संलग्न कसैलाई पनि प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

गैरकानूनी गिरफ्तारी

चन्द्रनिगाहपुर गाविस-७ का १६ वर्षीय महेश राईलाई ०६८ असार २८ गतेदेखि प्रहरीले गैरकानूनीरूपमा हिरासतमा राख्यो। सिन्धुली जिल्ला लदाभीर गाविस-१ निवासी सशस्त्र प्रहरी बेसक्याम्प चन्द्रनिगाहपुरमा कार्यरत २८ वर्षीय प्रहरी जवान राजन बस्नेतको ०६८ असार १३ गते राति अज्ञात समूहले टाउकोमा धारिलो हतियार प्रयोग गरी हत्या गरेको आरोपमा अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले राईलाई असार २८ गते दिउँसो गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय रौतहटमा बुझाएकोमा उनलाई कुनै पनि मुद्दामा म्याद थप पनि नगरेको र रिहा पनि नगरेको पीडित राईका बाबु सूर्यबहादुर राईले बताए। जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी घनश्याम अर्यालले राईसँग

अनुसन्धानको सिलसिलामा केही कुरा बुझ्नु परेकाले गिरफ्तार गरिएको र राईलाई ०६८ असार ३२ गते हाजिरी जमानीमा रिहा गरेको बताए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

डुमरिया(म.) गाविस-६ पडरिया टोलकी ४५ वर्षीया मायादेवी पण्डितलाई ०६७ माघ ५ गते साँझ प्रहरीले कुटपिट गरी घाइते बनायो। सो टोलमा रहेको विद्युत ट्रन्सफरमर एक महिना अघिदेखि बिग्रिएकोमा मर्मतको लागि पटक पटक अनुरोध गर्दा पनि प्राधिकरणले वास्ता नगरेकाले स्थानीय वासिन्दाहरूले गौर चन्द्रनिगाहपुर सडकखण्ड अवरूद्ध गरिरहेको अवस्थामा सडक खुलाउन गएका प्रहरी र स्थानीय वासिन्दाबीच झडप हुँदा प्रहरीको लाठी प्रहारबाट उनी घाइते भएकी थिइन्। झडपमा स्थानीय वासिन्दाको ढुङ्गाप्रहाबाट इलाका प्रहरी कार्यालय गरूडाका इन्सपेक्टर जनक शाही, इलाका प्रहरी कार्यालय डुमरियाका सई नागेश्वर यादव र इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका असई जगतलाल योन्जन घाइते भएका थिए। घाइतेहरूको प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुरमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार
जिल्ला अदालत
०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

चार जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ८ सय ९१ मध्ये ५ सय ३२ फैसला भए भने ३ सय ५९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ६ सय ४९ मध्ये १ हजार ५ सय ३७ फैसला भए भने १ हजार १ सय १२ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४ सय २८ छ जसमध्ये २२ सफल भए भने २६ असफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ३ सय ८० मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

सार्वजनिक यातायातको बसमा बम विस्फोटन हुँदा घाइते भएका नाजीर हुसैन

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २८ मध्ये दुई सफल र पाँच असफल रहयो भने २१ फैसला हुन बाँकी रहयो। बलात्कारसम्बन्धी मुद्दा १२ मध्ये दुई असफल रहयो भने १० फैसला हुन बाँकी रहयो। अपहरणसम्बन्धी मुद्दा सातमध्ये दुई असफल रहयो भने पाँच फैसला हुन बाँकी रहयो। बहुविवाहसम्बन्धी मुद्दा चारमध्ये एक असफल रहयो भने तीन फैसला हुन बाँकी रहयो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

चन्द्रनिगाहपुर गाविस-१ का ४२ वर्षीय श्यामबहादुर माझीलाई जिल्ला वन कार्यालय रौतहटको हिरासतमा यातना दिइयो। वैशाख २३ गते बिहान ३ बजेको समयमा घरबाट दिसा गर्न घर नजिकैको जङ्गलमा गएको अवस्थामा जिल्ला वन कार्यालय रौतहटबाट सहायक वन अधिकृत नागेन्द्र सिंहको नेतृत्वमा गएको वन गस्ती टोलीले माझीलाई गिरफ्तार गरेर ल्याएपछि वन कार्यालयको हिरासतमा अधिकृत स्वयम्ले वाँसको लाठीले कुटपिट गरी वनमा हानी नोक्सानी पुऱ्याएको बयान गर्न लगाएको पीडित माझीले बताए। पीडितले हिरासतबाटै घाउ जाँच केस फारम गर्न निवेदन दिएकोमा वन कार्यालयले गल्ती स्वीकार गरी पीडितलाई वैशाख २४ गते गौर अस्पतालमा उपचार गराई मुद्दा नचलाउने शर्तमा सोही दिन रिहा गरेको थियो।

गरूडा गाविस-६ का १६ वर्षीया राहुल साह सोनारलाई ०६८ साउन ४ गते प्रहरीले चोरी गरेको आरोपमा बिनापूर्जी गिरफ्तार गरी इलाका प्रहरी कार्यालय गरूडामा ल्याई शारीरिक तथा मानसिक यातना दिई असार ५ गते रिहा गऱ्यो। पीडितलाई सोही गाविस-६ का सन्तोष चौधरी कलवारको पसलमा नगद रकम चोरी गरेको आरोपमा गिरफ्तार गरी आरोप स्वीकार गराउन प्रहरीले रबरको पाइप, लाठी तथा लात मुक्काले कुटपिट गरी ५ गते साँझ उनको आमा मीरादेवी साहको जिम्मा लगाएको थियो। प्रहरीको कुटाइबाट पीडितको शरीरमा चोटपटक लाग्नुका साथै

समय समयमा बेहोस हुने गरेकाले साउन ८ गते पीडितका परिवार तथा स्थानीय बासिन्दाले गरूडा बजार बन्द गराएपछि प्रहरीले पीडितलाई वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा उपचार गर्न पठायो। प्रहरीले पीडितको उपचार खर्च आफैंले ब्यहोरेको थियो। हिरासतमा यातना दिन संलग्न रहेको भन्दै इलाका प्रहरी कार्यालय गरूडाका सई प्रमोदकुमार यादवलाई जिल्ला प्रहरी कार्यालय रौतहटमा सरूवा गरियो भने घटनाको सम्बन्धमा छानबिन गर्न इन्सपेक्टर राजु थापाको नेतृत्वमा टोली गठन गरिएको एसपी घनश्याम अर्यालले बताए। हिरासतमा यातना दिएको घटनाको राष्ट्रिय मानवअधिकार आयोगले समेत छानबिन गरेको थियो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्र ३६ हजार ४ सय ५ जना र छात्रा ३९ हजार ७ सय ५५ जना गरी जम्मा ७४ हजार १ सय ६० जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ९ सय ७९ जना र छात्र ३ हजार ७ सय ४९ जना रहेका छन्। विद्यालय जाने उमेरका ३.२ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको जिशिकाले जनाएको छ। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय ८४ र पुरुष ८ सय ७८ जना गरी जम्मा १ हजार २ सय ६२ जना शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ४३ र पुरुष ३ सय २ गरी जम्मा ३ सय ४५ जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १६ जना र पुरुष २ सय ९ गरी जम्मा २ सय २५ शिक्षक रहेका छन्।

बालविकास केन्द्र ३ सय ३१ ओटा रहेकोमा बालक ३ हजार २ सय ६३ र बालिका ३ हजार ५ सय २३ जना गरी जम्मा ६ हजार ७ सय ८६ जना रहेका छन् जसमध्ये दलित बालक ४ सय १९ र बालिका ४ सय ७९ जना छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

दाइजोका कारण हत्या गरिएकी कीरणदेवी साह

अपहरण

बैरीया गाविस-७ की १० वर्षीया बालिका नाजमिन बेगमलाई ०६८ साउन २७ गते सोही ठाउँका ३० वर्षीय मसी देवान र सोही ठाउँका २६ वर्षीय सेख रोहुल्लाहले अपहरण गरे। पीडित बालिका २७ गते बिहानको समयमा दिसा गर्न भनी आफ्नो घरबाट दक्षिणतर्फ गएकोमा पीडकहरूले उनलाई सोही ठाउँबाट अपरहण गरी बेपत्ता बनाएको पीडित बालिकाका बाबु सेख अबुजैरले बताए। उनले पीडकहरूविरूद्ध जिल्ला प्रहरी कार्यालय रौतहटमा ०६८ भदौ ५ गते अपहरण मुद्दाको जाहेरी दर्ता गरे। प्रहरीले दुवैजना पीडकलाई त्यसै दिन गिरफ्तार गरी बिक्री गर्ने उद्देश्यले अपहरण गरी भारतमा लागी बेचबिखन गरेको अनुसन्धानबाट खुलेको भन्दै मानव बेचबिखन ऐनअर्न्तगत मुद्दा दायर गरेकोमा रौतहट जिल्ला अदालतको ०६८ असोज १ गतेको आदेशले दुवैजना पुर्पक्षको लागि थुनामा रहेका छन्।

धनुषा जिल्ला कुम्लहर गाविस-४ का ५ वर्षीय नीतिश यादवलाई ०६७ माघ १५ गते अज्ञात समूहले उनकै घरबाट अपहरण गरी रौतहट ल्याएको सूचनाको आधारमा प्रहरीले खोजतलास गर्दा बसतपुर गाविसस्थित बागमती नदीको किनारबाट सोही दिन उद्दार गरी परिवारलाई बुझायो। अपहरणकारीहरू भाग्न सफल भएको प्रहरीले जनायो।

गौर नपा-१ का १५ वर्षीय क्यामुल हकलाई ०६७ फागुन २० गते साँझ अज्ञात समूहले गौर नपा-५ स्थित राइस मिलको चौरबाट अपहरण गऱ्यो। पीडित बालकलाई बेहोस बनाई कारमा राखी चन्द्रनिगाहपुर भन्दा पश्चिमतर्फ लैजाँदै गरेको अवस्थामा चन्द्रनिगाहपुर भन्दा दुई किमी पश्चिम जङ्गलमा अपहरणकारीहरूको कार बिग्रेर बनाउन लाग्दा बालकको होस खुलपछि बालक भागेर जङ्गलमा गई प्रहरीलाई खबर गरेकाले प्रहरीले उनलाई जङ्गलबाट उद्दार गरेको थियो। अपहरणमा संलग्न कसैलाई पनि प्रहरीले गिरफ्तार गर्न सकेन।

ओसारपसार

कास्की जिल्ला सिउन्जुरे गाविस-८ की १५ वर्षीया एक बालिकालाई भारत विहार राज्य बैरगनिया बस्ने २६ वर्षीय राजकुमार साह, सोही ठाउँका अरूणकुमार पटेल र बबी साहले ०६७ माघ ११ गते भारतमा बेचबिखन गर्ने उद्देश्यले पोखराबाट कारमा चढाएर रौतहट जिल्लाको सदरमुकाम गौरमा ल्याए। पीडितलाई गौरबाट भारतको बैरगनियातर्फ लैजाँदै गरेको अवस्थामा प्रहरीले नेपाल भारत सीमामा चेकजाँच गर्दा बेचबिखन गर्न लैजान लागेको थाहा भएकाले राजकुमार साहलाई प्रहरीले सोही दिन गिरफ्तार गरी मानव बेचबिखन मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको आदेशले उनी पुर्पक्षको लागि थुनामा रहेका छन् भने अन्य पीडकहरूलाई यो वर्षको अन्तसम्म प्रहरीले गिरफ्तार गर्न सकेन।

सन्तपुर(म.) गाविस-७ की १७ वर्षीया एक बालिकालाई पर्सा जिल्ला वीरगञ्ज उपनपा भिस्वा निवासी चाची नामकी एक महिलाले ०६७ चैत १८ गते बेचबिखन गर्ने उद्देश्यले भारतको पञ्जाव पुऱ्याइन्। पीडित महिला वीरगञ्जमा रिक्सा मजदुरी गर्ने आफ्नै पतिसँगै बस्ने क्रममा छिमेकी चाची नामकी महिलाले ललाईफकाई अपरिचित केटाको साथ लगाई भारतको पञ्जाब पठाएकी थिइन्। पीडित भारतकै महिला समूहको मद्दतबाट पञ्जाबबाट भागेर ०६८ वैशाख ५ गते वीरगञ्ज आइपुगेकी र आफनो पतिलाई सबै घटना सुनाएपछि उनले इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा चाची भन्ने व्यक्तिलाई कारबाही गरी पाउँ निवेदन दिएकोमा सो कार्यालयबाट जिल्ला प्रहरी कार्यालय पर्सालाई कारबाहीका लागि निवेदन पठाए पनि यो वर्षको अन्तसम्म आरोपितहरू गिरफ्तार भएनन्।

कुटपिट

पिपरिया दोस्तिया गाविस-२ का १३ वर्षीय सन्देशकुमार यादवलाई जिल्ला वन कार्यालय रौतहटले ०६७ वैशाख १९ गते गिरफ्तार गरी वन मुद्दा लगाई हिरासतमा राख्यो। वन हिरासतमा कुटपिट गरेको पीडितले बताए। पीडित नाबालकको तर्फबाट जन्मदर्ता प्रमाणपत्र पेश गर्दा समेत वन कार्यालयले १६ वर्षको भनी बयान गराई मुद्दा चलाई हिरासतमा राखेको पीडित नाबालकका काका भोला राय यादवले बताए। पीडित बालकलाई वन ऐनअर्न्तगतको मुद्दामा ८ सय रूपियाँ धरौटीमा वैशाख २४ गते वन कार्यालयले रिहा गऱ्यो।

जुडीबेला गाविस-४ का ९ वर्षीय एक बालकलाई सोही ठाउँका २० वर्षीय कृष्णनन्दन महतो नुनियाले ०६८ वैशाख २९ गते साँझ जवरजस्ती अप्राकृतिक मैथुन गरेको आरोपमा पीडित पक्षले ०६८ वैशाख ३० गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा उजुरी गऱ्यो। पीडितलाई नुनियाले जङ्गलमा लगेर सुँगाको बच्चा दिन्छु भन्दै घरबाट फकाएर ल्याई जुडिबेला गाविस-९ स्थित जङ्गलकोबीचमा रहेको बाग्मती सिँचाई आयोजनाको नहरको डिलमा ल्याएर मुख थुनेर जबरजस्ती अप्राकृतिक मैथुन(करणी) गरेको पीडितले बताए। पीडित बालकले आफ्नो घरमा आई सो कुरा बताएपछि पीडितका अभिभावकले इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा उजुरी गरेपछि पीडक नुनियालाई सोही राति प्रहरीले गिरफ्तार गरेको थियो। पीडित बालकको ०६८ वैशाख ३० गते जिल्ला अस्पताल गौरमा स्वास्थ्य परीक्षण गर्दा मैथुन (करणी) गरेको पुष्टि भएकाले पीडकलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ९(क) अर्न्तगत मुद्दा चलाइएकोमा हाल उनी रौतहट जिल्ला अदालतको आदेशले थुनामा रहेका छन्।

हत्या

गरूडाबैरिया गाविस-३ का अच्छेलाल साहका छोरा १३ वर्षीय सुनिलकुमार साहलाई ०६८ जेठ १३ गते राति अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। गरूडाबैरिया गाविस-३ का राजाराम साहकी छोरी पुनम साहको विवाह समारोहमा राति अज्ञात व्यक्तिले चलाएको गोली बालकको छातीमा लागेको थियो। छातीमा गोली लागी घाइते भएका साहलाई उपचारको लागि काठमाडौँतर्फ लैजाँदै गर्दा राति ११ बजे बाटोमा उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय गरूडाले जनायो। घटनामा संलग्न रहेकाहरूको खोजबिन जारी रहेको प्रहरीले जनायो।

घरेलु हिंसाका कारण हत्या गरिएकी दुलरियादेवी साह

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

लक्ष्मीनिया गाविस-९ की ८ वर्षीया बालिकालाई ०६८ भदौ ६ गते सोही ठाउँका ४५ वर्षीय धनबहादुर विश्वकर्माले बलात्कार गरेको अरोपमा पीडितपक्षले ०६८ भदौ ८ गते इलाका प्रहरी कार्यालय सन्तपुर दोस्तीयामा जाहेरी गरे। पीडित बालिकालाई सो दिन बेलुकी ४ बजेको समयमा आरोपित आफ्नो भाइ जीवन विश्वकर्माको घरमा ललाईफकाई बोलाएर बलात्कार गरेको र उनी फरार रहेको पीडितका बाबुले बताए। पीडित बालिकाको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो भने आरोपित विरूद्ध इलाका प्रहरी कार्यालय सन्तपुर दोस्तियामा कारबाही लागि निवेदन दिए पनि प्रहरीले यो वर्षको अन्तसम्म आरोपितलाई गिरफ्तार गर्न सकेन।

रमौलीबैरीया गाविस-६ की १४ वर्षीया एक बालिकालाई ०६८ असार २१ गते साँझ सोही गाविस-४ का २४ वर्षीया रघुनाथ ठाकुर लोहारले बलात्कार गरेको र सोही गाविस-७ की २५ वर्षीया गोरकी भन्ने कैलदेवी बिनले पीडित बालिकालाई ०६८ असार २१ गते साँझ आफ्नो घरमा बोलाई सोही गाविस-४ का २४ वर्षीया रघुनाथ ठाकुर लोहारलाई बलात्कार गर्न लगाएको आरोपमा पीडित वालिकाको बाबुले इलाका प्रहरी कार्यालय गरूडामा पीडकहरू उपर ०६८ असार २५ गते किटानी जाहेरी दिए। प्रहरीले आरोपितमध्येका गोरकी भन्ने कैलदेवी बिनलाई असार २५ गते गिरफ्तार गरी मुलुकी ऐन जबरजस्तीकरणी महलको ४ नं को कसुरमा मुद्दा चलाई रौतहट जिल्ला अदालतमा पेश गरेकोमा सो अदालतका माननीय न्यायाधीश ऋषिप्रसाद अधिकारीको इजलासबाट ०६८ साउन १८ गते आरोपित कैलदेवीलाई पुर्पक्षको लागि थुनामा पठाउने आदेश भएपछि उनी गौर कारागारमा थुनामा रहेकी छिन्। अर्का आरोपित रघुनाथ ठाकुरलाई प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन। पीडितको जिल्ला अस्पताल गौरमा स्वास्थ्य परीक्षण भएको थियो।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पौराई गाविस-३ मङ्गलपुरकी ४० वर्षीया एक महिलालाई ०६८ वैशाख २५ गते राति सोही ठाउँका ३५ वर्षीय अर्चन सहनीले बलात्कार गरेको आरोपमा सहनीविरूद्ध पीडित पक्षले ०६८ वैशाख २७ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा जाहेरी दिए। राति १० बजेको समयमा पीडित महिला गाउँनजिकै रहेको नहरमा दिशा गरेर फर्कने क्रममा बाटोमा ढुकेर बसेका सहनीले जबरजस्ती मुख थुनेर काँधमा बोकी नजिकै रहेको बारीमा ल्याएर बलत्कार गरेको पीडितले बताइन्। महिलाले गाउँमा हल्ला गरी घटनाको जानकारी गराएपछि स्थानीय बासिन्दा र प्रहरी चौकी बाग्मतीका प्रहरी मिली खोजतलास गर्दा गाउँकै एक घरमा लुकेर बसेको अवस्थामा सोही राति अरोपितलाई गिरफ्तार गरी जबरजस्ती करणी ऐनअर्न्तगत मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको आदेशबमोजिम आरोपित रू ५० हजार रूपियाँ धरौटी राखी तारेखमा रिहा भए। पीडितको प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुरमा ०६८ वैशाख २६ गते स्वास्थ्य परीक्षण गर्दा बलात्कार भएको प्रमाणित भएको थियो।

दिपही गाविस-४ की ५१ वर्षीया एकल महिलालाई ०६८ वैशाख ३० गते राति सोही गाविस-५ का २५ वर्षीय नारायणहरि राय यादव, सोही गाविस-८ का ३५ वर्षीय गम्भीरा राय यादव, सोही गाविस-५ का ३५ वर्षीय नागेन्द्र राय यादव, सोही गाविस-३ का ३० वर्षीय होसनारायण राय यादव र सोही गाविस-८ का रामकिसोर राय यादवले सामूहिक बलात्कार गरेको आरोपमा पीडितका छोराले ०६८ जेठ ११ गते इलाका प्रहरी कार्यालय गरूडामा जाहेरी दर्ता गराए। पीडितको दिपही गाविस-४ स्थित बजारमा रहेको काठको घुम्तीमा सुतिरहेको अवस्थामा राति ११ बजेको समयमा आरोपितहरू जबरजस्ती घुम्तीभित्र प्रवेश गरी आलोपालो सबैले बलात्कार गरेका थिए। उनको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो। जाहेरी दर्खास्त दर्ता भएपछि आरोपित मध्येका हरिनारायण राय यादव ०६८ जेठ १३ गते प्रहरी समक्ष आफैं उपस्थित भएका थिए। आरोपितहरू उपर प्रहरीले जबरजस्तीकरणी ऐनअर्न्तगत मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको आदेशले हरिनारायण राय यादव पुर्पक्षको लागि थुनामा रहेका छन् भने अन्य आरोपितहरूलाई यो वर्षको अन्तसम्म प्रहरीले गिरफ्तार गर्न सकेन।

जिल्ला वन कार्यालयको हिरासतमा राखिएका सन्देशकुमार यादव

भारत बिहार राज्य मोतिहारी जिल्ला चैनपुर थाना सिंगरहियाकी १८ वर्षीया महिलालाई ०६८ भदौ २९ गते राति चन्द्रनिगाहपुर गाविस-१ घर भई हाल गौर नपा-३ का ६० वर्षीय मतार मन्सुरीले बलात्कार गरेको आरोपमा

पीडित पक्षले ०६८ असोज १ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिए। पीडित महिलाको विवाह भएको ३ वर्ष भए पनि बालबच्चा नभएको र पीडकले झारफुक गर्ने गरेकाले झारफुक गर्न आएकी पीडितलाई पीडकले बच्चा जन्माउने बनाईदिन्छु भन्दै राति १२ बजेको समयमा गौर नपा-८ स्थित एकान्त स्थानमा लगी लठ्याउने औषधी खुवाइ निदाएको अवस्थामा बलात्कार गरेको पीडितले बताइन्। पीडक मतार मनसुरीलाई प्रहरीले असोज १ गते गिरफ्तार गरी जबरजस्तीकरणी अर्न्तगत मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६८ असोज ४ गतेको आदेशले पीडक साधारण तारेखमा रिहा भए। पीडितको जिल्ला अस्पताल गौरमा स्वास्थ्य परीक्षण भएको थियो।

दुर्व्यवहार

चन्द्रनिगाहपुर गाविस-४ की ६५ वर्षीया माइलीमाया गोलेलाई ०६७ माघ ४ गते सोही ठाउँकी २० वर्षीया माया स्याङ्तान, रङ्गपुर गाविस-५ का २४ वर्षीय बिनोद लामा, सोही ठाउँका राजु लामा, कान्छा स्याङ्तान, राम लामा, कान्छा लामा, बारा जिल्ला रतनपुरी गाविस-८ लाल गाउँका राजन जोशी, मकवानपुर जिल्ला धियाँल गाविस-२ का खन्तरे स्याङ्तान समेतले बोक्सीको आरोपमा अभक्ष खुवाई कुटपिट गरे। पीडकमध्येकी माया स्याङ्तानको ६ महिनाको छोरीलाई बोक्सी मन्त्र लगाई बिरामी बनाएको भन्दै पीडकहरूले पीडितलाई उनको घरमा गई कुटपिट गर्नुका साथै अभक्ष खुवाएका थिए। पीडकहरू मध्ये माया स्याङ्तान र कान्छा लामालाई प्रहरीले माघ ५ गते गिरफ्तार गरी मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६७ फागुन ३ गतेको आदेशले पीडकहरू रू १५ हजार रूपियाँ धरौटी राखी तारेखमा रिहा भए भने अन्य आरोपितहरूलाई यो वर्षको अन्तसम्म प्रहरीले गिरफ्तार गरेन।

चन्द्रनिगाहपुर गाविस-२ की ३३ वर्षीय बालकुमारी थिङलाई ०६८ जेठ ३ गते सोही ठाउँकी ३० वर्षीया रीता लामा र सोही ठाउँकी ४५ वर्षीया विष्णुमाया गोले समेतले बोक्सीको आरोप लगाई कुटपिट गरे। पीडक मध्येकी विष्णुमाया गोलेको छोरीको मानसिक सन्तुलन ठिक नभएको र विष्णुमाया आफैँ धामी भएको भन्दै पीडितले नै छोरीलाई बोक्सी मन्त्र लगाई पागल बनाएको भन्दै पीडितलाई कुटपिट गर्नुका साथै गाली बेइज्जती समेत गरेको पीडितले बताइन्। पीडित थिङले इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा पीडकहरूविरूद्ध कारबाहीका लागि जेठ ४ गते उजुरी गरेकोमा प्रहरीले पीडकहरूलाई जेठ ५ गते गिरफ्तार गरी आइन्दा यस्तो कार्य नगर्ने शर्तमा दुवैपक्षलाई मिलापत्र गराई सोही दिन रिहा गऱ्यो।

घरेलु हिंसा

दाइजोको कारण हत्या

इनरवारी गाविस-७ की २० वर्षीया अनीतादेवी साहलाई उनका पति ३२ वर्षीय सुखल साह, ससुरा ६२ वर्षीय जियालाल साह र सासु ५५ वर्षीया राजपुर तुलसीवाली भनिने नाम थाहा नभएकी समेतले ०६७ पुस २० गते राति दाइजोको कारण हत्या गरेको प्रहरीले जनायो। पीडितको लाससमेत जलाएर नष्ट पारिएको थियो। घटनाको पीडितका आफन्तले कुनै उजुरी नगरेकाले उनीहरूलाई प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

गौर नगरपालिका-१० सबगढा टोलकी १८ वर्षीया सङ्गीतादेवी साहलाई ०६८ जेठ १४ गते राति उनका पति रामप्रवेश साह, ससुरा सहदेव साह र नाम नखुलेकी उनकै सासु समेतले दाइजोको कारणले विष खुवाई हत्या गरी लास जलाएर नष्ट पारे। सर्लाही जिल्ला अचलगढ गाविस नरहरगञ्ज बस्ने महेन्द्र साहकी १८ वर्षीया छोरी सङ्गीताको गत वर्ष गौर नपा १० सबगढा टोलका रामप्रवेश साहसँग मागी विवाह भएको थियो। बुहारीको हत्यापश्चात् घरका सबैजना फरार रहे भने लास जलाई बेपत्ता बनाउन सहयोग पुऱ्याउने गौर नपा-१० सबगढा टोलका २६ वर्षीय प्रभु साह, गौर नपा-१२ का ४४ वर्षीय सुदांस साह, माधोपुर गाविस-६ का २५ वर्षीय रामबहादुर साह र गौर नपा-१० का ५५ वर्षीय जोधा साहलाई प्रहरीले गिरफ्तार गरे पनि उनीहरू निर्दोष रहेको भन्दै रिहा गरेको थियो। पीडितका आफन्तले जाहेरी नदिएका कारण घटनामा संलग्न रहेकाहरूलाई यो वर्षको अन्तसम्म प्रहरीले गिरफ्तार नगरेको प्रहरीले जनायो।

सोनरनिया गाविस-५ की २८ वर्षीया सुगन्धीदेवी यादवलाई उनकै देवर २७ वर्षीय सुनिलकुमार यादव र ससुरा ४८ वर्षीय शम्भु राय यादव मिलेर हत्या गरी लास गाडेको अवस्थामा ०६८ असार १९ गते बेलुका प्रहरीले फेला पाऱ्यो। प्रहरी र गाउँलेहरू पीडितको घरमा पुग्दा महिलासहित परिवारका सदस्यहरू कोही पनि फेला नपारेपछि खोजतलास गर्दा उनको शव छिमेकी मर्यादपुर गाविस-५ स्थित बकैया नदीको किनारामा रहेको सिसौघारीमा

गाडेको अवस्थामा फेला परेको थियो। मृतक महिलाको लास असार १९ गते नै प्रहरीले उत्खनन् गरी जिल्ला अस्पताल गौरमा पोष्टमार्टम गरी माइतीपक्षलाई बुझायो। दाइजोको कारण हत्या भएको भन्दै पीडित महिलाका बाबु रामचन्द्र राय यादवले ०६८ असार २६ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा देवर र सासूविरुद्ध घटनामा संलग्न रहेको आरोपमा किटानी जाहेरी दिए पनि प्रहरीले यो वर्षको अन्तसम्म पीडकहरूलाई गिरफ्तार गर्न सकेन।

जोकाहा गाविस-७ सानो घिउरा टोलकी २१ वर्षीया सिलादेवी राउतलाई ०६८ भदौ २८ गते राति उनकै पति शिवजी राउत कुर्मी, ससुरा किसोरी राउत कुर्मी, सासू गायत्रीदेवी राउत समेतले हत्या गरी लास समेत जलाएर नष्ट पारे। जिल्लाकै सितलपुर बैरगनिया गाविस माइती भएकी पीडितको तीन वर्ष अघि पीडक शिवजी राउतसँग मागी विवाह भएकोमा दाइजोको विषयमा मानसिक यातना दिँदै आएका थिए। सिलादेवीलाई परिवारका सदस्यहरू मिली हत्या गरी नजिकै रहेको नेपाल भारत सीमामा लगेर राति नै लास समेत जलाएर नष्ट पारेका थिए। घटनामा संलग्न रहेकामध्ये पीडितको सासू गायत्रीदेवी राउतलाई गाउँघरमा लुकेर बसेको अवस्थामा भदौ २९ गते गिरफ्तार गरी अनुसन्धान गर्दा घटनामा उनको संलग्नता नरहेको भन्दै असोज १ गते प्रहरीले उनलाई रिहा गऱ्यो भने अन्य पीडकहरूलाई प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

डुमरिया मटिऔन गाविस-४ बालचनपुर गाउँकी २७ वर्षीया दुलरियादेवी साहलाई ०६८ कात्तिक २६ गते राति उनकै पति ३० वर्षीय पनिलाल साह, ससुरा ६० वर्षीय रामचन्द्र साह, सासू ५५ वर्षीया सियावतीदेवी साहले घाँटीमा डोरीले बाँधेर हत्या गरी बाँसघारीमा लास लुकाएको अवस्थामा २७ गते बिहान प्रहरीले फेला पाऱ्यो। घटनापछि मृतकको सासू सियावती साहलाई प्रहरीले अर्कै गाउँमा लुक्न जाँदै गरेको अवस्थामा कात्तिक २७ गते बिहान नियन्त्रणमा लिई कर्तव्य ज्यान मुद्दामा अनुसन्धान गरिरहेकोमा जिल्ला सरकारी वकिल कार्यालय रौतहटको ०६८ मंसिर २२ गतेको आदेशले उनलाई हाजिरी जमानीमा रिहा गऱ्यो भने मृतकका पति पनिलाल साह र ससुरा रामचन्द्र साहलाई यो वर्षको अन्तसम्म प्रहरीले गिरफ्तार गर्न सकेन। मृतक महिलाका बाबु रौतहट बिसनपूर्वा मानपुर गाविस- ५ का मोतीलाल साहले दाइजोको कारण हत्या गरेको आरोपमा पीडकहरू विरूद्ध इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा ०६८ मङ्सिर ४ गते जाहेरी दर्खास्त दिएका थिए।

देवाही गाविस- ५ की २० वर्षीया मन्द्रिकादेवी पटेलको पारिवारिक विवादका कारण ०६८ कात्तिक २८ गते राति हत्या गरी परिवारले लास जलाएर नष्ट पारे। भारत बिहार राज्य, घोडासहन थाना पुरनियाकी मन्द्रीकादेवीसँग पाँच वर्ष अघि देवाही गाविस- ५ का २३ वर्षीय रघुनन्दन पटेलसँग विवाह भए पनि कुनै बालबच्चा नभएको, दाइजो कम ल्याएको र घरमा सधैँ झै-झगडा हुने गरेकाले सोही कारणले हत्या भएको हुनसक्ने आशङ्कामा मृतकका बाबु अमरसिंह कुर्मीले इलाका प्रहरी कार्यालय गरूडामा जाहेरी दर्खास्त दिए। प्रहरीले मृतकका पति रघुनन्दन पटेल र ससुरा ४५ वर्षीय अमिन्दरप्रसाद राउतलाई २९ गते बिहान नियन्त्रणमा लिई कर्तव्य ज्यान मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६८ मङ्सिर २६ गतेको आदेशले उनीहरू साधारण तारेखमा रिहा भए।

गौर नगरपालिका-१३ की २३ वर्षीया रोक्साना खातुनलाई ०६८ मङ्सिर ७ गते बिहान पति २७ वर्षीय सेख अबुलैस, ससुरा ५५ वर्षीय सेख बिकाउ समेतले कुटपिट गरी अशक्त बनाएकोमा उनको मङ्सिर १२ गते उपचारको क्रममा काठमाडौँमा मृत्यु भयो। पीडित खातुनलाई परिवारका सदस्यहरूले दाइजो कम ल्याएको आरोपमा बारम्बार कुटपिट गरी दुःख दिएकोमा उनले अंश पाउनको लागि रौतहट जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा सोही रिसले पीडितलाई पति र ससुरा मिलेर कुटपिट गरेका थिए। पीडकहरू उपर मृतकका बाबु गौर नपा-१३ का सेख इलियासले ०६८ मङ्सिर १३ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा कर्तव्य ज्यान मुद्दाको जाहेरी दिएपछि प्रहरीले सेख बिकाउलाई ०६८ मङ्सिर १६ गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको छ।

चन्द्रनिगाहपुर गाविस-५ की २२ वर्षीया किरणदेवी साह (गुप्ता) ०६८ साउन १ गते घरको सिलिङ् पङ्खामा झुण्ड्याएको अवस्थामा भेटिए। चन्द्रनिगाहपुर गाविस-१ स्थित राजमार्गमा फलफूलको व्यापार गर्दै आएका गुड्डु गुप्ता र चन्द्रनिगाहपुर गाविस-७ का शिवपुजन साहको छोरी किरणदेवी साहको ०६८ जेठ १५ गते सामाजिक परम्परा अनुसार मागी विवाह भएको थियो। विवाहको समयमा रू १ लाख नगदसहित सरसामानहरू दाइजो दिएको र ४० हजार रूपियाँ पछि दिने शर्त भए पनि घरपरिवारका सदस्यले दाइजो कम भएको भन्दै ती महिलालाई दिनहुँ

शारीरिक तथा मानसिक यातना दिँदै आएको पीडित महिलाको दाजु बद्री साहले बताए। घटनामा संलग्न रहेको भन्दै प्रहरीले मृतक महिलाको पति गुड्डु गुप्ता, सासु उर्मिलादेवी गुप्ता, नन्द बेबी साह र मामा ससुरा बिनोद गुप्तालाई साउन १ गते गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाइएकोमा रौतहट जिल्ला अदालतको ०६८ पुस ३ गतेको फैसलाअनुसार आरोपित सबैले सफाइ पाएपछि उनीहरू सोही दिन कारागारबाट रिहा भए।

कुटपिट/यातना

सन्तपुर(म.) गाविस-७ बेतौनाकी ४० वर्षीया पतियादेवी पासवानलाई ०६८ असार ४ गते दिउँसो पति ४२ वर्षीय इन्दल हजरा पासवानले कुटपिट गरी फलामको पन्यू तताएर शरीरको विभिन्न भागमा डामेर घाइते बनाए। पीडित पासवानलाई पीडकले यस अघि पनि खान लाउन नदिई पटकपटक कुटपिट गरी यातना दिँदै आएकोमा प्रहरीसमक्ष उजुर गरे पनि कुनै कारबाही नभएको पीडितले बताइन्। यातना दिने पासवानलाई ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले असार ४ गते गिरफ्तार गरी पीडितको प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुरमा उपचार गरायो। पीडितले आफ्ना पतिविरूद्ध कुनै मुद्दा नचलाउने भनेकाले दुवै पक्षलाई राखी आइन्दा कुनै पनि यातना नदिने र पीडितलाई मासिक ४० किलो चामल, २० किलो गहुँ र नगद १ हजार ८ सय रुपियाँ दिने शर्तमा ०६८ असार ८ गते मेलमिलाप गराई गिरफ्तार पासवानलाई प्रहरीले रिहा गऱ्यो।

सखुअवा धमौरा गाविस-१ की ४० वर्षीया अनीतादेवी पासवानलाई उनकै पति ४३ वर्षीय श्रीचन पासवानले ०६८ साउन ३ गते साँझ छुरा प्रहार गरी घाइते बनाए। पति पत्नीबीच सधैँ घरायसी विवादका कारण झै झगडा हुने गरेको र सो साँझ ७ बजेको समयमा उनीहरूबीच घरायसी कारणले झगडा हुँदा हातमा रहेको छुराले पत्नी अनीतादेवीलाई प्रहार गर्दा उनी घाइते भएकी थिइन्। छुरा प्रहारबाट अनीतादेवीको बायाँ कोखामा लागी पेटको आन्द्रासमेत निस्किएकाले नारायणी उप-क्षेत्रीय अस्पताल बीरगञ्जमा उपचार हुन नसकेपछि भारतको रक्सौलस्थित डङ्कन अस्पतालमा थप उपचार भयो। छुरा प्रहार गर्ने श्रीचन पासवानलाई साउन ३ गते राति प्रहरीले गिरफ्तार गरे पनि पीडितको तर्फबाट कुनै उजुरी नपरेकाले पीडकलाई साउन १० गते प्रहरीले रिहा गऱ्यो।

सरूअठा गाविस-८ का ४२ वर्षीय नरेन्द्रकुमार सिंह र उनकै पत्नी ४० वर्षीया आशादेवी सिंहलाई ०६८ असोज ३० गते राति सोही ठाउँका ३८ वर्षीय सत्येन्द्रकुमार सिंहले ढोकामा लगाउने काठको गजवारले टाउकोमा हानी घाइते बनाए। पीडित र पीडकहरूबीच अंशसम्बन्धी विवाद हुँदै आएकोमा सो दिन पनि विवाद हुँदा पहिला नरेन्द्र सिंहलाई टाउकोमा प्रहार गरी घाइते बनाएकोमा छुट्टयाउन गएकी उनको पत्नीलाई समेत पीडकले टाउकोमा प्रहार गरी घाइते बनाएका थिए। दुवैजनाको टाउकोमा चोटपटक लागेकाले गौरस्थित जिल्ला अस्पतालमा उपचार हुन नसकी बीरगञ्ज लगिएकोमा त्यहाँ समेत उपचार नभएकाले भारतको पटनामा दुवैजनाको उपचार भयो। पीडकलाई जिल्ला प्रहरी कार्यालय रौतहटले असोज ३० गते राति नै गिरफ्तार गरेपनि पीडितहरूको तर्फबाट कुनै उजुरी नपरेको भन्दै पीडकलाई कात्तिक २ गते प्रहरीले रिहा गऱ्यो। पीडितहरू पीडकको दाजु भाउजु नाताका हुन्।

बहुविवाह

गम्हरिया बिर्ता गाविस-४ का २४ वर्षीय सेख नविआलमले ०६७ चैत ३० गते करूनिया गाविस-९ की १५ वर्षीया तसलिमा खातुनसँग बहुबिवाह गरे। पीडक आलमले २१ वर्षीया अजमेरी खातुनसँग ०६५ सालमा सामाजिक परम्परा अनुसार विवाह गरेकोमा पुन: तसलिमा खातुनसँग दोश्रो विवाह गरेकाले पीडित अजमेरी खातुनले पीडक नवि आलम, उनका बाबु सेख इस्लाम, सौता तसलिमा खातुनका विरूद्धमा ०६८ वैशाख ७ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा बहुविवाह मुद्दाको जाहेरी दर्खास्त दर्ता गराए पनि प्रहरीले यो वर्षको अन्त्यसम्म पीडकहरूलाई गिरफ्तार गर्न सकेन।

सबै प्रकारका जातीय विभेद

रौतहट जिल्लाको विश्रामपुर गाविस-७ को बेनौली गाउँमा रहेको बरम बाबाको मन्दिरमा ०६८ असोज १८ गते दशैँको नवमीको दिन पूजा गर्न गएका स्थानीय दलित समुदायका मानिसहरूको पूजासामग्री गैरदलित समुदायका व्यक्तिहरूले खाल्डो खनेर पुरिदिनुका साथै मन्दिरमा पूजा गर्न गएका महिलालाई समेत दुर्व्यवहार गरे। दुर्गापूजाको नवमीका दिन दलित समुदायले सो बरम बाबाको मन्दिरमा खीर, मिठाई, दूधलगायतका सामान लगेर पूजा गर्न लाग्दा सोही

वडाका कथित उपल्लो साह जातिका व्यक्तिहरूले पूजाका सामानहरू फालेर मन्दिर परिसरमै खाल्डो खनेर पुरिदिनुका साथै मन्दिर भित्र पूजा गर्न गएकी दलित महिला पतसीयादेवी पासवानलाई स्थानीय हितलाल साहले मन्दिरबाट जबरजस्ती बाहिर निकाली मन्दिरमा ताल्चा लगाएका थिए। पतसियादेवीसँगै पूजा गर्न गएका दलित समुदायका लोचन पासवान, नेवालाल पासवान, राजाराम पासवान, जयलाल पासवान, बच्चेलाल पासवानलगायतले लगेका पूजाका सामानहरू खोसेर फालिदिएका थिए। दलितले लगेको शाकाहारी सामानहरू फालेर साह जातिका व्यक्तिहरूले सो मन्दिरमा बोकाको बली दिएको स्थानीय सुरेन्द्र पासवानले बताए। दलित समुदायका व्यक्तिहरूको सामनहरू फ्याँकेर मन्दिरमा प्रवेश गर्न नदिनेहरूमा साह जातिका हितलाल साह, बिनोद साह, राजेन्द्र साह, प्रमोद साह, मिश्रीलाल साह लगायतका व्यक्तिहरू रहेको दलितहरूले बताए।

दलित समुदायका व्यक्तिहरूले उक्त मन्दिरमा परम्परादेखि नै पूजा गर्दै आइरहेकोमा यसपटक पूजा गर्न रोक लगाइएको दलितहरूले बताए। आफूमाथि अन्याय गरेको भन्दै दलितहरूले स्थानीय विश्रामपुर प्रहरी चौकीमा कारबाहीका लागि निवेदन दिए पनि प्रहरीले कुनै सुनवाइ नगरेकाले उनीहरूले मानवअधिकारकर्मी तथा पत्रकारहरूलाई घट्नास्थलमा बोलाई घटनाको बारेमा जानकारी गराएका थिए। इलाका प्रहरी कार्यालय गरूडामा असोज २१ गते भएको छलफलमा कथित उपल्लो जातिका मानिसहरूले अब आइन्दा उक्त मन्दिरमा दलितहरूको प्रवेशमा रोक नलगाई निर्वाध रूपमा पूजाआजा गर्न दिने र उक्त घटनामा लिखित रूपमा माफी मागेपछि दलितहरूले कारबाहीको लागि दिएको निवेदन फिर्ता लिएको मधेशी दलित नेटवर्कका केन्द्रीय सचिव रामविनय पासवानले बताए।

स्वास्थ्य सेवाको अधिकार

अस्पताल	१		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	८५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	७	३	४
स्टाफ नर्स	८	१	७
ल्याब असिस्टेन्ट	७	६	१
अहेब	१११	१११	
अनमी	२२	१५	७
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	१३	

२.८ बारा

जनसङ्ख्या : ७,०१,०३७
पुरूष : ३,५८,१४४
महिला : ३,४२,८९३
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१९०
गाविस/नपा सङ्ख्या : ८९/१
सरकारी/निजी विद्यालय : ३८३/६८
क्याम्पस/उच्च मा.वि. : २/२९
मानव विकास सूचकाङ्कः ०.३०९
प्रतिपरिवार सरदर सङ्ख्याः ६.११

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या/गोली
राज्यपक्षबाट

कवही गाविस-९ निवासी जनतान्त्रिक तराई मधेस मुक्ति पार्टी बाराका इन्चार्ज २५ वर्षीय अजय भनिने जयमङ्गल यादवको ०६८ असोज २ गते बिहान बडकीफूलवरिया गाविस-८ सनफूलुवामा प्रहरीले चलाएको गोली लागेर मृत्यु भयो। प्रहरी चौकीका हवल्दार रहेश राउत कुर्मीलाई गोली प्रहार गरी भाग्न लाग्दा उनलाई स्थानीय बासिन्दाले नियन्त्रणमा लिई प्रहरीलाई बुझाउँदा पुनः भाग्ने क्रममा प्रहरीले चलाएको गोली लागी उनको मृत्यु भएको प्रहरीले जनायो। सोही दिन जिल्ला अस्पताल कलैयामा लासको पोस्टमार्टम भयो। मृतकका परिवारका सदस्यले असोज ३ गते लास बुझी सोही दिन आफ्नै गाउँमा सद्गत गरे।

मधेश जागरण तराई मुक्ति मोर्चाबाट

बरियारपुर गाविस-१ निवासी ईलाका हुलाक कार्यालय बरियारपुरमा कार्यरत ४५ वर्षीय धिरजा महतोको ०६८ जेठ २७ गते राति आफ्नै घरनजिक सडकमा मधेश जागरण तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले गोली हानी हत्या गरे। छिमेकीको विवाहमा सहभागी भई फर्कने क्रममा मोर्चाका कार्यकर्ताहरूले चलाएको गोली लागी उनको घटनास्थलमै भृत्यु भएको थियो। पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा हत्यामा संलग्नलाई कारबाहीको लागि जाहेरी दर्ता गरे पनि घटनामा संलग्न कसैलाई पनि प्रहरीले गिरफ्तार गर्न सकेको छैन। स्थानीय सञ्चारमाध्यमहरूलाई फोन गरी मोर्चाले घटनाको जिम्मेवारी लिएको थियो।

सुरक्षाकर्मीद्वारा गोली प्रहार गरी हत्या गरिएका अजय भनिने जयमङ्गल यादव

अखिल तराई मुक्ति मोर्चाबाट

कलैया नपा-१० बरेवा निवासी मालपोत कार्यालय बाराका नायबसुब्बा ५५ वर्षीय माधव थापाको ०६८ फागुन १० गते राति आफ्नै घरमा टेलिभिजन हेरेर बसिरहेको अवस्थामा अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले गोली हानी हत्या गरे। गोली लागी घाइते भएका थापालाई उपचारका लागि नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज लैजाँदै गर्दा अत्यधिक रक्तश्रावको कारण मृत्यु भएको चिकित्सकले बताए। हत्याको आरोपमा प्रहरीले नुरहसन मियाँ ठकुराई, रियाज मियाँ, सलाउदिन मियाँ, अब्बास आलम, सन्तोष यादव, प्रल्लाद साहलाई गिरफ्तार गरी बारा जिल्ला अदालतको आदेशले वीरगञ्ज कारागार पुर्पक्षको लागि थुनामा पठायो। घटनामा संलग्न रहेका पीडकहहरू राजेश रौनियार, राकेश पाण्डे, सुल्तान मियाँ, ताहुर अन्सारी (सानु), अफरोज आलम फरार रहेको प्रहरीले जनायो। स्थानीय सञ्चारमाध्यमहरूलाई फोन गरी मोर्चाले घटनाको जिम्मेवारी स्वीकारेको थियो।

भगवानपुर गाविस-८ निवासी जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत सई ३८ वर्षीय सिकेन्द्र यादवको ०६८ माघ २५ गते घर जानेक्रममा पिपरावितर्ा गाविसको गण्डक नहरको बाटोमा तराई मुक्ति मोर्चाका कार्यकर्ताले गोली हानी हत्या गरे। हत्याको कारण खुल्न सकेन। घटनामा संलग्नको खोजी भइरहेको प्रहरीले जनायो। स्थानीय सञ्चारमाध्यमहरूलाई फोन गरी मोर्चाले घटनाको जिम्मेवारी लिएको थियो।

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

महोत्तरी जिल्ला पर्सा पतौली गाविस-५ घर भई प्रहरी चौकी वडकीफूलबरियामा कार्यरत प्रहरी हवलदार ३० वर्षीय रहेश राउत कुर्मीलाई ०६८ असोज २ गते बिहान बडकीफूलवरिया गाविस ८ सनफूलुवामा कवही गाविस- ९ निवासी जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका बारा इन्चार्ज २५ वर्षीय अजय भनिने जयमङ्गल यादवले टाउकोमा प्रहार गरेको गोली लागी घाइते भए। गोली लागी गम्भीर घाइते भएका कुर्मीको सोही दिन दिउँसो काठमाडौंमा उपचारको क्रममा मृत्यु भएको थियो। सोही घटनामा स्थानीय बासिन्दाले समातेका मझरिया गाविसका ३० वर्षीय मिश्रीलाल यादव बारा जिल्ला अदालतको ०६८ असोज २७ गतेको

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
अमानवीय व्यवहार			१		१
अपहरण				१	१
महिलाअधिकार			३		३
हत्या	१	१	३	९	१३
जम्मा	**१**	**१**	**६**	**११**	**१७**

आदेशले सोही दिनदेखि पुर्पक्षको लागि थुनामा छन्।

अज्ञात समूहबाट

पिपरपाती जब्दी गाविस-१ रमपुरवा टोल निवासी नेपाल राष्ट्रिय प्रावि रमपुर्वाका शिक्षक ३३ वर्षीय मेवालाल मण्डलको काठमाडौंस्थित नर्भिक अस्पतालमा उपचारको क्रममा ०६७ चैत १३ गते मृत्यु भयो। उनलाई ०६७ चैत ७ गते राति अज्ञात हतियारधारी सशस्त्र समूहले उनकै घरमा बसिरहेको अवस्थामा गोली प्रहार गरी गम्भीर घाइते बनाएको थियो।

गोली/बम/ विस्फोटक पदार्थद्वारा घाइते

अन्यबाट

भलुहिभरवलिया गाविस-७ निवासी १५ वर्षीय वृजेश दास ०६७ माघ ९ गते बिहान सकेट बम विस्फोट हुँदा घाइते भए। भलुही चौकस्थित आफ्नो बुबा भन्टु दासको रक्सी पसल अगाडि फेला परेको पुरानो सकेट बम घर ल्याइएकोमा फलाम भनी बेच्ने उद्देश्यले फोड्न खोज्दा विस्फोट भएपछि वृजेशको निधार र हत्केलामा चोट लागेको थियो। पीडितको स्थानीय औषधीपसल र जिल्ला अस्पताल कलैयामा उपचार भयो।

अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताद्वारा हत्या गरिएका माधव थापा

सकेटबम विस्फोटनमा परी घाइते भएका वृजेश दास

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६ सय ५१ मध्ये ४ सय १२ फैसला भए भने २ सय ३९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ९ सय ६३ मध्ये १ हजार २ सय ३१ फैसला भए भने ७ सय ३२ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३ सय ३९ छ जसमध्ये १ सय ५४ सफल भए भने ३८ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या ३८ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या एक रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १ सय ४७ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। मुतल्वी रहेको मुद्दा सङ्ख्या सात छ।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्र १ लाख ६ हजार २ सय ९७ जना र छात्रा ९९ हजार २ सय ४४ जना प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २६ हजार ३ सय ३ जना र छात्र २७ हजार ७ सय ९३ जना रहेका छन्। विद्यालय जाने उमेरका ११.८ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको जिशिकाले जनाएको छ। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला १ सय ५१ जना र पुरुष ७ सय ६७ जना गरी जम्मा ९ सय १८ जना शिक्षक कार्यरत रहेका छन्। निमाविं तहमा तहमा महिला ३ जना र पुरुष १ सय ८६ जना गरी जम्मा १ सय ८९

जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला ३ जना र पुरुष १ हजार २ सय ३१ जना गरी जम्मा १ हजार २ सय ३४ जना शिक्षक रहेका छन्। यस जिल्लामा महिला १ सय २३ जना र पुरुष ३ सय ४२ जना गरी जम्मा ४ सय ६५ जना अस्थायी शिक्षक कार्यरत रहेका छन।

बालविकास केन्द्र ४ सय ३२ ओटामा बालक ६ हजार १ सय ९७ जना र बालिका ५ हजार ६ सय ६७ जना गरी जम्मा ११ हजार ८ सय ६४ जना रहेका छन् जसमध्ये दलित बालक १ हजार ३ सय ८८ जना र बालिका १ हजार ५ सय ३१ छन्। यसैगरी जनजाति बालक १ हजार ४ सय ३० र बालिका १ हजार ६ सय १९ जना छन्। यस जिल्लामा मदरसा २९ ओटा सञ्चालनमा रहेका छन्। बालक यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

हत्या

दक्षिणभिट्कैया गाविस-८ निवासी ७ वर्षीय श्रीकान्त यादवको ०६७ फागुन ८ गते राति सोही स्थानको एक पोखरीमा हत्या गरेको अवस्थामा लास फेला पऱ्यो। टाउको, घाँटी र आँखामा चोट रहेकोले यादवको हत्या गरी फालेको हुन सक्ने प्रहरीले जनायो। घटनामा संलग्नलाई गिरफ्तार गर्न नसकिए पनि पीडकको खोजी भइरहेको प्रहरीले जनायो। पीडितका आफन्त तथा गाउँलेले लासको पोष्टमार्टम गर्न प्रहरीलाई गाउँबाट अस्पताल लान दिएनन् भने परिवारले प्रहरीमा जाहेरी पनि दिएनन्।

भगवानपुर गाविस-९ निवासी सयाराम यादवकी छोरी १ वर्षीया बालिका राधिकाकुमारी यादवको लास ०६८ फागुन ३० गते घाँटी थिचेर हत्या गरिएको अवस्थामा घर नजिकै फेला पऱ्यो। प्रहरीले बालिकालाई हत्या गरेको आरोपमा सोही ठाउँका २१ वर्षीया रेणुदेवी कहारलाई गिरफ्तार गरी जिल्ला अदालत बाराको ०६८ वैशाख ९ गतेको आदेशले पुर्पक्षका लागि थुनामा राख्न वीरगञ्ज कारागार चलान गऱ्यो।

फेटा गाविस-७ निवासी ४ वर्षीया सोयब अख्तर अन्सारीको घाँटी थिची अनुहारमा तेजाब हाली हत्या गरेको अवस्थामा ०६८ वैशाख २० गते घर पछाडि लास फेला पऱ्यो। अन्सारीलाई वैशाख १८ गते नै हत्या गरी फालेको प्रहरीले जनायो। हत्याको आरोपमा पर्सा जिल्ला वीरगञ्ज उमनपा-१६ का ४० वर्षीय रिजमानुल्लाह देवानलाई प्रहरीले गिरफ्तार

मधेस जागरण तराई मुक्ति मोर्चाका कार्यकर्ताद्वारा हत्या गरिएका धिरजा महतो

गरेकोमा जिल्ला अदालत बाराको ०६८ जेठ ३१ गतेको आदेशले पुर्पक्षको लागि वीरगञ्ज कारागार चलान गऱ्यो।

भोडहा गाविस-२ घरभई भतौडा गाविस-१ ब्रम्हपुरीस्थित मामाघरमा बस्दै आएका ६ वर्षीय विशाल यादवको ०६७ माघ २७ गते उनकै मामा २८ वर्षीय लालबाबु राउत यादवले घाँटी थिचेर हत्या गरे। जिल्ला अदालत बाराको ०६७ चैत ८ गतेको आदेशले आरोपित यादवदेखि सोही दिन पुर्पक्षको लागि वीरगञ्ज कारागारमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

कचोर्वा गाविस-२ की ५० वर्षीया महिलालाई सोही स्थान बस्ने ६० वर्षीय खैरुल राउत, ४० वर्षीय श्रीराम राउत, ३७ वर्षीय भोला राय यादव, ३७ वर्षीया सीतापति देवी, ३३ वर्षीया बिजुली देवी र ३० वर्षीया रीनादेवी यादवले कथिन बोक्सीको आरोपमा ०६८ साउन १४ गते कुटपिट गरे। जिल्ला प्रहरी कार्यालयमा पीडितले साउन १५ गते जाहेरी दिए। जिल्ला अदालत बाराको ०६८ असोज ४ गतेको आदेशले आरोपितहरूमध्ये खैरुल राउत, श्रीराम राउत र भोला राय यादव, सीतापति देवी, बिजुली देवीलाई जनही ४३ हजार रुपियाँ धरौटीमा राखी तारेखमा रिहा भएको र रीनादेवीको खोजी भइरहेको प्रहरीले जनायो।

उचिडी गाविस- ८ निवासी ५५ वर्षीया एक महिलालाई सोही ठाउँका ५० वर्षीय राजु अन्सारी, ६० वर्षीय फरमुद अन्सारी, ३५ वर्षीय इसुफ अन्सारी, ४० वर्षीय रफिक अन्सारी र २५ वर्षीय अलाउद्दीन अन्सारीले ०६८ साउन १९ गते कथित बोक्सीको

आरोप लगाई कुटपिट गरे। जिल्ला प्रहरी कार्यालयमा पीडितले साउन २० गते जाहेरी दिए। जिल्ला अदालत बाराको ०६८ कात्तिक १८ गतेको आदेशले आरोपितहरू जनही ५ हजार रुपियाँ धरौटी राखेर तारेखमा रिहा भए।

अमृतगञ्ज गाविस-१ गोलागञ्ज निवासी ४० वर्षीया एक महिलालाई सोही स्थान बस्ने २३ वर्षीय मोहरम्म मियाँ, २७ वर्षीय सफी आलम, ५० वर्षीय मण्डु नैयमुदीन मिया, २२ वर्षीय ममताज मिया वडई, ४५ वर्षीय हरूणी मिया, ३५ वर्षीय आलम मिया र ४५ जमीला खातुनले ०६८ वैशाख ५ गते कथित बोक्सीको आरोप लगाई कुटपिट गरे। पीडित परिवारले ०६८ वैशाख १५ गते प्रहरीमा जाहेरी दिए। जिल्ला अदालत बाराको ०६८ जेठ १८ गतेको आदेशले जलीमा खातुन १५ हजार र बाँकी अन्यहरू २० हजार रुपियाँ धरौटी राखेर तारेखमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	११		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	३	
स्टाफ नर्स	१५	१५	
ल्याब असिस्टेन्ट	६	४	२
अहेब	१२०	१२०	
अनमी	१२०	१२०	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	

२.९ पर्सा

जनसङ्ख्या : ६,०१,७०१
पुरूष : ३,१३,२७०
महिला : २,८८,४३१
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,३५३
गाविस/नपा सङ्ख्या : ८२/१
सरकारी/निजी विद्यालय : ३७९/२६
क्याम्पस/उच्च मा.वि. : ७/१७
मानव विकास सूचकाङ्कः ०.४४८
प्रतिपरिवार सरदर सङ्ख्याः ५.५५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञात समूहबाट

गम्हरीया गाविस-३ का ६५ वर्षीय शहीद देवानको ०६८ असार १३ गते राति आफ्नै घरमा सुतिरहेको बेला अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। टाउकोमा गोली लागेका देवानको घटनास्थलमै मृत्यु भएको थियो। घटनास्थल पुगेका प्रहरीले अनुसन्धानका लागि सोही गाविस-४ का राजेन्द्र साहलाई गिरफ्तार गरी जिल्ला अदालतको साउन ११ गतेको आदेशले सोही दिन पुर्पक्षका लागि वीरगञ्ज कारागारमा थुनामा पठायो। असार १४ गते नारायणी उपक्षेत्रीय अस्पतालमा लासको पोस्टमार्टम गरी सोही दिन मृतकका आफन्तले गाउँमै सद्गत गरे।

वीरगञ्ज उमनपा-१८ निवासी विवेक बडिबिल्डर्समा कार्यरत हरिनारायण साहको ०६८ मङ्सिर २३ गते राति काम सकाएर घर जाने क्रममा वीरगञ्ज उपमहानगरपालिका हिमालय इस्टिच्यूट नजिक अज्ञात समूहले प्रहार गरेको गोली लागी मृत्यु

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	४	४	३	३	५
बालअधिकार			३		३
अपहरण				१	१
महिलाअधिकार			१		१
धम्की	३	३		३	३
हत्या	१	१	१	४	५
जम्मा	**८**	**८**	**८**	**९**	**१६**

भयो। पीडितका आफन्त तथा स्थानीय बासिन्दाहरूले साहलाई प्रहरीले नियन्त्रणमा लिई हत्या गरेको आरोप लगाई मङ्सिर २४ गते दिनभरि सडक जाम गर्नुका साथै अस्पताल अगाडि विरोध प्रदर्शन गरेका थिए। नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा पोस्टमार्टमपछि २४ गते नै परिवारले लास बुझी सद्गत गरेका थिए। घटनास्थलमा सबैभन्दा पहिले पुगेका प्रहरीले स्थानीय गाउँलेहरूलाई तत्काल घटनास्थल नजिक जान प्रतिबन्ध लगाउनुको साथै अज्ञात समूहको गोली प्रहारबाट प्रहरीकै मृत्यु भएको भन्ने हल्ला फिँजाएका थिए भने मृतकको शव उठाउन कानुनी प्रक्रिया अनुरूप मुचुल्का उठाउनु पर्ने कार्य समेत नगरी तत्काल नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज पुऱ्याउनु जस्ता गतिविधिले प्रहरीले नै हत्या गरेको स्थानीय बासिन्दाहरू र परिवारजनको आरोप छ। प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यपक्षबाट

मसिहानी गाविस-६ का २८ वर्षीय धुप चमार र सोही वडाका ३२ वर्षीय शिवचन्द्र चमार ०६७ माघ ११ गते जगरनथपुर गाविसको दक्षिणपट्टी राति गाँजा तस्कर र प्रहरीबीच गोली चल्दा घाइते भए। खुट्टामा गोलीको छर्रा लागी घाइते भएका दुवैको गाउँमै प्राथमिक उपचार गरी भोलिपल्ट नारायणी उपक्षेत्रीय अस्पतालमा थप उपचार गरिएको थियो।

भारत बेतीया जिल्ला निवासी ३२ वर्षीय प्रमोद साह ०६७ चैत ३ गते अपराह्न प्रहरीको गोलीबाट घाइते भए। भारत मुज्जफरपुर निवासी धनञ्जय यादवको अपहरण घटनामा फिरौती रकम दिन अपहरित व्यक्तिको तर्फबाट गाविस सेढवा- ६ पुगेका सादा पोसाकका प्रहरीले फिरौती रकम बुझ्न आएका साहलाई गोली प्रहार गरेका थिए। उनीसँगै रहेका एक अर्का व्यक्तिले गोली चलाउँदा गाविस सेढवा गाविस-६ का ३५ वर्षीय अग्निदेवको घुँडामा गोली लागेको थियो। गोली चलाउने अर्का व्यक्ति भने फरार भएका थिए। घटनामा घाइते भएका दुवै जनाको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। अपहरणकारी प्रमोद साहलाई थुनामा राखी अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनायो।

अज्ञात समूहबाट

वीरगञ्ज उमनपा–१४ की १५ वर्षीया पूजा साह र १२ वर्षीया नीशा साह ०६७ माघ ८ गते बिहान सोही वडाको रानीघाटस्थित शङ्कर काठमिलमा सकेट बम विस्फोट हुँदा घाइते भए। घाइते दुबैको तिघ्रामा बमको छर्रा लागेको थियो। काठ मिलमा दाउरा किन्न गएका बेला अज्ञात समूहले मिलको गेटमा सकेट बम फालेकोमा विस्फोटन भई ती दुई बालिका घइते भएका थिए। घाइते दुवैले नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराई सोही दिन घर फर्किए। विस्फोट गराउनेको खोजी भइरहेको प्रहरीले जनाए पनि हालसम्म कसैलाई गिरफ्तार गर्न सकेको छैन।

वीरगञ्ज उमनपा-१३ की २६ वर्षीय सुनीता देवीलाई ०६८ जेठ ४ गते अज्ञात सशस्त्र समूहले आफ्नै घर अगाडि गोली प्रहार गरी घाइते बनायो। ढाडमा गोली लागी घाइते भएकी सुनीताको उपचार नारायणी उपक्षेत्रीय अस्पतालमा हुन नसकेपछि थप उपचारको लागि काठमाडौँ लगिएको थियो। चन्दा माग गर्दै आएको एक भूमिगत समूहले चन्दा नदिएको कारण गोली प्रहार गरिएको हुनसक्ने पीडितका पति किरण गुप्ताले बताए। केही दिन अघिदेखि सशस्त्र समूहको नाममा चन्दा माग्दै आएको तर, चन्दा दिन नमानेपछि गोली प्रहार गरेको हुनसक्ने पीडितका पतिले बताए। घटनामा संलग्नहरूको खोजी भइरहेको प्रहरीले जनाए पनि कसैलाई गिरफ्तार गर्न सकेको छैन।

वीरगञ्ज उमनपा-९ निवासी मधेसी टाईगर्सका कार्यकर्ता ४५ वर्षीय आशनारायण साहलाई ०६८ जेठ १८ गते राति वीरगञ्ज बस पार्कबाट घर गइरहेको बेला बाइपास रोडमा अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। गोलीको छर्रा उनको दाहिने घुँडाको तल्लो भागमा लागेकोमा सोही दिन नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरिएको थियो। घाइते बसपार्कमा बसको टिकट काट्ने काम गर्दै आएका

थिए। प्रहरीले पीडकको खोजी भइरहेको बताए पनि कसैलाई पनि गिरफ्तार गर्न सकेको छैन।

तराई मुक्ति मोर्चाबाट

अमरपट्टी गाविस-३ इटिह्याही टोलका ३० वर्षीय पप्पु चौरसिया ०६८ असार २९ गते बिहान वीरगञ्ज पकाहा सडकखण्डको अमरपट्टी गाविस-२ इटिह्याही टोल नजिकै सडकमुनी राखेको प्रेसर कुकर बम विस्फोट हुँदा गम्भीर घाइते भए। घाइते चौरसियाको शरीरको विभिन्न भागमा बमका छर्रा लागेको थियो। उनको उपचार वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा भयो। ग्राभेल सडक भएकोले आफूले केही नदेखेको र अचानक विस्फोट भएको पीडितले बताए। घटनास्थलबाट सशस्त्र बेसक्याम्प इटिह्याही पोष्ट सय मिटरको दूरीमा रहेकोले प्रहरीलाई लक्षित गरी बम राखिएको हुनसक्ने प्रहरीले जनायो। घटनास्थल भन्दा पर अर्को पनि प्रेसर कुकर बम फेला परेको थियो। तराई मुक्ति मोर्चाका पर्सा इन्चार्ज पृथ्वीसिंहले सञ्चारकर्मीलाई फोन गरी घटनाको जिम्मा लिए।

धम्की/कुटपिट

अज्ञात समूहबाट

वीरगञ्ज उमनपा–१५ निवासी मेची महाकाली मिडिया सोसाईटी पर्साका अध्यक्ष ४२ वर्षीय श्रीराम रायमाझी र जनप्रतिविम्ब दैनिकका सम्पादक वीरगञ्ज उमनपा–१५ का ३२ वर्षीय सञ्जय साहलाई ०६७ माघ १० गते राति अज्ञात व्यक्तिले भारतीय मोबाइलबाट फोन गरी समाचर प्रकाशन गरेको निहुँमा ज्यान मार्ने धम्की दिए। प्रहरीले भारतीय प्रहरीको सहयोगमा अनुसन्धान भइरहेको तथा अपराधीलाई गिरफ्तार गरी कानुनी दायरामा ल्याउने जनाए पनि हालसम्म कसैलाई गिरफ्तार गर्न सकेको छैन।

जेल र बन्दीहरू

'क' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ७ सय ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५ सय ८७ र कैद नतोकिएका ५ सय १० कैदी र थुनुवा गरी जम्मा १ हजार ९७ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ५ सय ५३ जना र महिला ३४ जना रहेका छन्। साथै, आश्रित बालक छ जना रहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६ सय ५१ मध्ये ४ सय १२ फैसला भए भने २ सय ३९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ९ सय ६३ मध्ये १ हजार २ सय ३१ फैसला भए भने ७ सय ३२ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३ सय ४९ छ जसमध्ये १ सय ३८ सफल भए भने ५६ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या ५६ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या दुई रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १ सय ५५ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। मुतल्वी रहेको मुद्दा सङ्ख्या तीन र तामेली रहेको मुद्दा सङ्ख्या दुई छ।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्र छात्रा जम्मा १ लाख ४२ हजार ७ सय ९ जना प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। विद्यालय जाने उमेरका ९.२ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको जिशिकाले जनाएको छ। सरकारी र सामुदायिक विद्यालय गरी महिला ६ सय ४० जना र पुरुष २ हजार ३ सय ५८ जना गरी जम्मा २ हजार ९ सय ९८ जना शिक्षक कार्यरत रहेका छन्। यसका साथै मदरसा ४१ ओटा सञ्चालनमा रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	२८		
उपस्वास्थ्यचौकी	५१		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	७	३	४
स्टाफ नर्स	९	७	२
ल्याब असिस्टेन्ट	६	५	१
अहेब	११९	७५	४४
अनमी	४०	१४	२६
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३४	१४	२०

२.१० चितवन



जनसङ्ख्या : ५,६६,६६१
पुरूष : २,७२,२८९
महिला : २,९४,३७२
साक्षरता प्रतिशत : ९१
महिला साक्षरता प्रतिशत : ६५
क्षेत्रफल (वर्ग कि. मि.) : २,२१८
गाविस/नपा सङ्ख्या : ३६/२
सरकारी/निजी विद्यालय : ५११/११७
क्याम्पस/उच्च मा.वि. : ६/५२
मानव विकास सूचकाङ्कः ०.५१८
प्रतिपरिवार सरदर सङ्ख्याः ४.२७

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय १० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ७२ र कैद नतोकिएका १ सय ८८ कैदी र थुनुवा गरी जम्मा ३ सय ६० जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ३ सय १९ जना र महिला ४१ जना रहेका छन्। साथै, आश्रित बालक एक जना र बालिका एक जना गरी जम्मा दुई जना रहेका छन्।

कारागारको कार्यालय शाखालाई यस वर्ष नयाँ भवन निर्माण गरी स्थानान्तरण गरिएको छ। कारागारको पछाडिपट्टि ग्राउण्डमा दुई वटा भवन निर्माणधीन अवस्थामा रहेका छन्। त्यसैगरी खानेपानी, सरसफाई र अन्य सुविधातर्फ पुरुषहरूको लागि तीन ओटा चापाकल, १५ वटा धारा (सरकारी धाराको माध्यमबाट पानी प्रवाह), छ वटा ट्वाइलेट रहेको र महिलाहरूको लागि एक चापाकल, एक धारा (सरकारी धाराको माध्यमबाट पानी प्रवाह), दुईवटा शौचालय रहेको कारागार निमित्त प्रमुख रामबाबु श्रेष्ठले बताए। उनले कारागारभित्रका व्यक्तिहरूलाई मनोरञ्जनका लागि पुरुषहरूपट्टि छ ओटा टिभी, महिलापट्टि तीन ओटा टिभी गरी जम्मा नौ ओटा टिभी रहेको, खेलकुद ग्राउण्ड, एउटा पुस्तकालय उपलब्ध छ। क्षमताभन्दा बढी बन्दी भएकाले नियन्त्रणदेखि लिएर दैनिक कार्यहरूमा पनि असजिलो भएको श्रेष्ठले बताए।

कर्तव्य ज्यान मुद्दामा पुर्पक्षको लागि चितवन जिल्ला कारागारमा थुनामा रहेका तरुण दल चितवनका अध्यक्ष भरतपुर नपा-१० बस्ने ३५ वर्षीय शिवप्रसाद पौडेललाई उक्त कारागारको 'क' ब्लकमा रहेका थुनुवाको समूहले ०६८ मङ्सिर २० गते आक्रमण गर्दा गम्भीर घाइते भएकोमा उनको उपचारको क्रममा ०६८ पुस २ गते न्यूरो अस्पताल काठमाडौंमा मृत्यु भयो। फलामको रड, चापाकलको हृयान्डल, रोटी पकाउने तावा, पनिउ, काठको फ्याक, बाँसलगायतले टाउकोमा प्रहार गरिएका पौडेललाई भरतपुर मेडिकल कलेजमा एक साताको उपचारपछि थप उपचारका लागि मङ्सिर २८ गते काठमाडौंको न्यूरो अस्पताल लगिएको थियो। सोही घटनामा पार्वतीपुर गाविस-२ का हरि गुरुङ, भरतपुर नपा- १० का गोपी भनिने मदन परियार, रत्ननगर नपा-६ का प्रदीप भट्ट र बिदुर नपा-४ नुवाकोटका बद्रीप्रसाद ढुङ्गाना समेत घाइते भएका थिए। बद्रीप्रसाद ढुङ्गानालाई सामान्य उपचारपश्चात् कारागार नै फिर्ता लगिएको र अन्य

तीन घाइतेहरूको भरतपुर मेडिकल कलेजमा उपचारपश्चात् ०६८ पुस १३ गते केन्द्रीय कारागार काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक गोविन्द अधिकारीले बताए। घटनामा गोरखा जिल्ला फुजेल गाविस-२ का २१ वर्षीय सुनिल गुरुङ, शारदानगर गाविस-८ का २३ वर्षीय अमिर गुरुङ, पिप्ले गाविस-२ का चन्द्रबहादुर थापामगर, भरतपुर नपा-१२ का २७ वर्षीय सुनिल केसी, ३० वर्षीय फणिन्द्र श्रेष्ठ, २९ वर्षीय सुरज श्रेष्ठ, सोही नपा-१० का ३० वर्षीय शरण गुरुङ, शारदानगर गाविस-८ का भीमकुमार पाखिन, सोही गाविस-२ का अमृत लामा, ठोरी गाविस-४ का ३० वर्षीय डिलबहादुर लामा, चैनपुर गाविस-४ का १७ वर्षीय सुनेन्द्र राई, वीरगञ्ज नपा-६ का दिपक शाह, नवलपरासी गैडाकोट गाविस-घर भई भरतपुर नपा-१२ बस्ने २६ वर्षीय प्रकाश तामाङ संलग्न रहेको प्रहरीले जनायो। सरकारले मृतक पौडेलको परिवारलाई क्षतिपूर्ति स्वरूप १० लाख रुपियाँ दिने निर्णय गर्दै मन्त्रिपरिषद्को बैठकले घटनाको सत्यतथ्य पत्ता लगाउन पुस २ गते साँझ नै पूर्वन्यायाधीश मोहन सिटौलाको संयोजकत्वमा सह न्यायाधिवक्ता कृष्णप्रसाद पौडेल र डीआईजी विज्ञानराज शर्मा सदस्य रहने गरी न्यायिक छानबिन आयोग गठन गऱ्यो। प्रतिवेदन पेस गर्न आयोगलाई एक महिनाको म्याद दिइएको थियो।

धम्की/कुटपिट

राज्यपक्षबाट

खैरहनी गाविस-२ बैरहनीका २९ वर्षीय विनोद चौधरी ०६८ असार २९ गते खैरहनी गाविस-२ बैरहनी चोकको प्रदर्शनमा आत्मरक्षाको लागि भन्दै प्रहरीले चलाएको गोली दाहिने तिघ्रामा लागी घाइते भए। पीडितको सोही दिन भरतपुर मेडिकल कलेजमा उपचार भयो। खैरहनी गाविसमा ०६८ जेठ २३ गते गाडी दुर्घटनामा मृत्यु भएका खैरहनी गाविस-२ का ३५ वर्षीय सुकरा महतो, वीरेन्द्रनगर गाविस-५ का १६ वर्षीय बिपीन गुरुङ, सोही गाविस-७ की १९ वर्षीया आरती देवकोटा, कठार गाविस-३ का ५५ वर्षीय कालीबहादुर प्रजा, भण्डारा गाविस-३ का ५३ वर्षीय एकराज मैनाली त्यस्तै घाइतेहरू कठार गाविस-८ का ५१ वर्षीय भरतराज पाठक, भण्डारा गाविस-१ का ४२ वर्षीय जगनाथ खरेल, रुकुम खारा गाविस-५ का ४२ वर्षीय जङ्गबहादुर खड्का र नाम नखुलेकी उनकी पत्नीको लागि क्षतिपूर्ति माग गर्दै मृतक र घाइतेका आफन्तले प्रदर्शनलगायत यातायात बन्द गरेका थिए। यातायात खुलाउन गएको प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा गोली चलेको इलाका प्रहरी कार्यालय खैरहनीका इन्चार्ज लक्ष्मणसिंह ठकुरीले जनाए। पीडित चौधरीको उपचारको खर्च सरकारले व्यहोरेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी उपरीक्षक रविन्द्रराज शर्माले बताए।

वाईसीएलबाट

बघौडा गाविस-३ बसन्तपुर निवासी नेपाल तरुण दल बघौडा गाविसका कोषाध्यक्ष ३० वर्षीय नगवन्त शाह र उनकी आमा ५० वर्षीया तारादेवी शाहलाई ०६७ पुस २३ गते बेलुका सातआठ जनाको नकाब लगाएर आएको वाईसीएल कार्यकर्ताको एक समूहले कुटपिट गऱ्यो। स्थानीय सिनेमा हलमा काम गर्ने एक माओवादी कार्यकर्तालाई अघिल्लो साँझ कुटपिट गरेको आरोपमा आफूहरूलाई कुटपिट गरेको पीडितले बताए। घाइते नवागन्तुकको टाउकोमा गम्भीर चोट लागेको र देब्रे फिलामा रगत जमेको थियो भने

जिल्ला कारागार चितवनमा भएको झडपमा परी घाइते भएका बायाँबाट क्रमशः गोपी भनिने मदन परियार, हरि गुरुङ र प्रदीप भट्ट तथा मृत्यु भएका शिव पौडेल

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	१	३	६	९
बालअधिकार			१८		१८
अपहरण				४	४
महिलाअधिकार			८		८
कुटपिट	३	३		४	४
हत्या			३	५	८
जम्मा	**४**	**४**	**३१**	**१९**	**५०**

तारादेवीको टाउको र हातमा सामान्य चोट लागेको थियो। उनीहरूको भरतपुर मेडिकल कलेजमा उपचार भयो। शाहले घटनामा वाईसीएल बघौडा इन्चार्ज मुक्ति काफ्ले संलग्न रहेको बताए पनि माओवादीका वाईसीएल जिल्ला अध्यक्ष शसक्तशरण गोलेलगायत चितवन जिल्ला वाईसीएल कमिटीले आरोप झुटा भएको जनायो।

अन्यबाट

खैरहनी गाविस-४ निवासी अधिवक्ता कमल पाठकलाई ०६८ भदौ २१ गते बिहान घरबाट भरतपुरतर्फ जानेक्रममा पूर्व पश्चिम राजमार्गको टिकौली जङ्गलबीच खण्डमा मोटरसाईकलमा आएका अज्ञात समूहले खुकुरी प्रहार गरी घाइते बनायो। खुकुरी प्रहारबाट उनको दुवै हातमा चोट लागेको थियो। घाइते पाठकको भरतपुर मेडिकल कलेज शिक्षण अस्पतालमा प्रारम्भिक उपचारपछि ललितपुरस्थित बी एण्ड बी अस्पतालमा थप उपचार भयो। घटनामा संलग्न भएको भन्दै पाठकको परिवारले भरतपुर नपा-१० का ३५ वर्षीय शिवप्रसाद पौडेल, सोही नपा-७ का १७ वर्षीय आशिष बस्नेत, रत्ननगर नपा-६ का २० वर्षीय प्रदीप भट्ट, काठमाडौं मनपा- स्वयम्भू हलचोकका २२ वर्षीय राजिव गुरुङ, काठमाडौं मनपा- ३ चक्रपथका २३ वर्षीय क्याऱ्याक भन्ने प्रकाश थापा, नुवाकोट जिल्ला विदुर नपा- त्रिशुली घर भई हाल काठमाडौं गोगँबु बस्ने अन्दाजी २३ वर्षीय सूर्य पुन र नचिनेका अन्य तीन जनाविरुद्ध ०६८ भदौ २५ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। अभियुक्तहरू मध्ये प्रदीप भट्ट र आशिष बस्नेतलाई घटना भएको दिन चितवन प्रहरीले टिकौली जङ्गलको बीसहजारी ताल छेउबाट, शिवप्रसाद पौडेललाई भदौ १० गते भरतपुर नपा-४ पोखरा बसपार्क भरतपुर नपा-४ पोखरा बसपार्क बस्दै आएका २८ वर्षीय सञ्जय लामाको हत्यामा संलग्न भएको आरोपमा भदौ २३ गते काठमाडौंको कुलेश्वरबाट गिरफ्तार गऱ्यो। उनीहरू विरुद्ध असोज २६ गते चितवन जिल्ला अदालतमा मुद्दा दायर गरिएको थियो। त्यस्तै चितवन प्रहरीले नै पोखरा घर भई स्वयम्भू चक्रपथ बाहिर बस्ने अन्दाजी २३ वर्षका सञ्जीव शाहलाई ०६८ मङ्सिर १५ गते काठमाडौंबाट गिरफ्तार गऱ्यो। आरोपितहरूमध्ये शिवप्रसाद पौडेल सञ्जय लामाको हत्या अभियोगमा चितवन जिल्ला अदालतको ०६८ असोज ५ गतेको आदेशमा पुर्पक्षको लागि कारागार चलान भए भने त्यस्तैगरी प्रदीप भट्ट र आशिष बस्नेत ०६८ असोज २६ गतेको आदेशमा र सञ्जीव शाह ०६८ मङ्सिर १९ गतेको आदेशमा पुर्पक्षको लागि कारागार चलान भए। अन्य अभियुक्तहरू भने हालसम्म पनि फरार रहेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी निरीक्षक लेमप्रताप सेनले जनाए। पीडित कमल पाठकका अनुसार सो घटनाको योजनाकार शिव पौडेललगायतका व्यक्तिहरू रहेका र प्रदीप भट्टले खुकुरी प्रहार गरेका थिए। घटना हुनुभन्दा दुई/तीन महिना अघिदेखि फोनबाट पटक/पटक सिध्याई दिने धम्की आउने गरेको पीडितले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाल पत्रकार महासङ्घका पूर्वकेन्दीय सदस्य विष्णु छिमेकी, नेपाल पत्रकार महासङ्घ चितवनका उपाध्यक्ष रमेशकुमार पौडेल, कार्यसमिति सदस्यहरू बिनोदबाबु रिजाल, अमृता गुरुङ, पत्रकारहरू केपीकिरण शर्मा, दीपेन्द्र अधिकारी, महेश पाण्डे, एकल सिलवाल, दीपेन्द्र बडुवाल, हरिप्रसाद पोखरेल, अमृता पोखरेल र सन्तोष देवकोटालाई हात्ती प्रशिक्षणसम्बन्धी समाचार सङ्कलनका लागि चितवनको बछौली गाविस-२ सौराहमा गएको अवस्थामा ०६८ भदौ १ गते होटल व्यवसायी बछौली गाविस-२ सौराहका जीवा चौधरी र विक्रम चौधरीलगायतले आक्रमण गरी कुटपिट गरे। कुटपिटबाट पत्रकार एकल सिलवाल र दीपेन्द्र बडुवाल घाइते भए। आक्रमण भएपछि पत्रकारहरू इलाका प्रहरी कार्यालय रत्ननगर प्रहरीको स्कर्टिङमा राति भरतपुर फर्किए। घाइते एकल सिलवाल र दीपेन्द्र बडुवालको भरतपुर मेडिकल कलेजमा उपचार भयो। कुटपिटमा संलग्न दुवैलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। घटनाका पीडितहरूले ०६८

भदौ २ गते जिल्ला प्रहरी कार्यालय चितवनमा केही सार्वजनिक अपराध ऐन २०२७ को दफा २ ख, ग र छ अन्तर्गत किटानी जाहेरी दिए। घटनामा व्यवसायीका तर्फबाट गल्ती भएको स्वीकादै क्षेत्रीय होटल सङ्घ सौराहाले विज्ञप्ति निकाली घटनाप्रति दु:ख व्यक्त गऱ्यो। कुटपिटमा संलग्न जीवा चौधरी र विक्रम चौधरी भदौ ८ गते तीन हजार रुपियाँ धरौटी राखी रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ८ सय ८० मध्ये ६ सय ४ फैसला भए भने २ सय ७६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७ सय ३२ मध्ये ४ सय ८ फैसला भए भने ३ य २४ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक रहे।

०६८ साउनदेखि पुस १६ सम्म

दुई जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६ सय ५७ मध्ये २ सय ८६ फैसला भए भने ३ सय ७१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ६५ मध्ये १ सय ८७ फैसला भए भने ३ सय ७८ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा तीन र देवानी मुद्दा तीन रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ७१ छ जसमध्ये ९७ सफल भए भने २१ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या २१ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या एक रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ५३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १४ मध्ये तीन सफल र पाँच असफल रह्यो भने छ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा २३ मध्ये सात सफल र तीन असफल रह्यो भने १३ फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा दुईमध्ये दुई असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा एकमध्ये एक सफल रह्यो।

वर्ष नाघेका फौजदारी मुद्दा तीन र देवानी मुद्दा तीन रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १५ सम्म दायर मुद्दाको सङ्ख्या १ सय १२ छ जसमध्ये आठ सफल भए भने १३ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या १३ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या एक रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १५ सम्म ९१ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बलात्कारसम्बन्धी मुद्दा १८ मध्ये पाँच असफल रह्यो भने १३ फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा सातमध्ये एक सफल र एक असफल रह्यो। भने पाँच फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ९१ हजार ९ सय १५ मध्ये छात्र ४२ हजार ८ सय ७६ र छात्रा ४९ हजार ३९ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ६ सय १६ र छात्र ३ हजार ३ सय ३० रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा जम्मा १ हजार ८ सय ९० शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा जम्मा ५ सय ३८ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा जम्मा ३ सय ८३ शिक्षक दरबन्दी रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ४ हजार २ सय २७ र बालिका ४ हजार ३ सय ९८ गरी जम्मा ८ हजार ६ सय २५ रहेका छन् जसमध्ये दलित बालक ५ सय ७१ र बालिका ५ सय ६१ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

कुटपिटबाट घाइते भएका कमल पाठक

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

रत्ननगर नपा-७ की चार वर्षीया बालिकालाई ०६७ माघ २६ गते

रत्ननगर नपा-८ बस्ने २० वर्षीय अशोक श्रेष्ठले बालिकाको आफ्नै डेरा घरमा दिउँसो साँढे चार बजेको समयमा बलात्कार गर्ने प्रयास गरेको आरोपमा प्रहरीले श्रेष्ठलाई ०६७ माघ २६ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६७ माघ २६ गतेको आदेशले पुर्पक्षको लागि थुनामा रहेका छन्।

जगतपुर गाविस-१ बस्ने १२ वर्षीया बालिकालाई ०६७ माघ २८ गते सोही ठाउँका ३१ वर्षीय लालबहादुर गुरुङले सोही गाविसको खेतबारीमा लगी बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६७ माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०६७ माघ २८ गते नै गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६७ फागुन ३० गतेको आदेशबमोजिम आरोपित पुर्पक्षको लागि थुनामा रहेका छन्।

पिठुवा गाविस-३ घर भई भरतपुर नपा-१४ तारीखेतस्थित राष्ट्रिय निम्नमाध्यमिक विद्यालयको छात्रावासमा रहेकी कान नसुन्ने अवस्थाकी १७ वर्षीया बालिकालाई ०६७ फागुन २५ गते राति सोही विद्यालयका शिक्षक शिवनगर गाविस-७ का ४५ वर्षीय देवराज पण्डितले भरतपुर नपा ८ बस्ने शान्ति चौधरीको सहयोगमा सोही विद्यालयको छात्रावासमा बलात्कार गरेको भनी पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा ०६७ फागुन २८ गते किटानी जाहेरी दियो। घटनापश्चात् पीडित डराएको र त्रसित अवस्थामा रहेकोले चितवन मेडिकल कलेज भरतपुरमा एक दिन भर्ना गरी उपचार गरिएको पीडितकी आमाले बताइन्। आरोपित दुवै जनालाई उजुरी दिएकै दिन प्रहरीले गिरफ्तार गऱ्यो। अनुसन्धानपश्चात् अदालतमा पेश हुँदा चितवन जिल्ला अदालतको ०६७ चैत २५ गतेको आदेशबमोजिम आरोपित दुवै जना चितवन जिल्ला कारागारमा थुनामा रहेका छन्।

रत्ननगर नपा-८ की १३ वर्षीया बालिकालाई ०६७ फागुन २६ गते सोही ठाउँका २२ वर्षीय जीतेन्द्र सहनीले बलत्कार गरेको भनी पीडित परिवारले प्रहरीमा उजुरी दियो। सहनीले बालिकालाई मोटरसाइकलमा राखी खैरहनी गाविस-८ मा लगी बलात्कार गरेको उजुरीमा उल्लेख छ। आरोपित सहनीलाई प्रहरीले ०६७ चैत ४ गते गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६८ चैत २८ गतेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

शक्तिखोर गाविस-७ बस्ने सुस्त मनस्थिति भएकी १२ वर्षीया बालिकालाई २०६७ चैत ३ गते सोही गाविस-बस्ने २० वर्षीय सोमलाल चेपाङले साही स्थानमा जबरजस्तीकरणी गरेको आरोपमा ०६७ चैत ४ गते पीडित परिवारले जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिए। आरोपित सोमलाललाई प्रहरीले ०६७ चैत ४ गते गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६८ चैत २८ गतेको आदेशले सहनी पुर्पक्षका लागि हाल थुनामा रहेका छन्।

पिप्ले गाविस-९ की १२ वर्षीया बालिकालाई २०६८ वैशाख २२ गते सोही गाविसका ५३ वर्षीय जङ्गबहादुर परियारले सोही स्थानमा बलात्कार गरेको भनी पीडित पक्षले जिल्ला प्रहरी कार्यालय भरतपुरमा उजुरी दियो। पीडित परियारलाई प्रहरीले ०६८ वैशाख २८ गते गिरफ्तार गऱ्यो। आरोपित चितवन जिल्ला अदालतको ०६८ जेठ १० गतेको आदेशले पुर्पक्षको लागि थुनामा रहेका छन्।

पिप्ले गाविस-७ की पाँच वर्षीया बालिकालाई ०६८ वैशाख ३० गते सोही गाविसका ४५ वर्षीय सानु उप्रेतीले सोही गाविसमा बलात्कार गरेको भनी पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला प्रहरी कार्यालय चितवनको प्रहरी टोलीले आरोपित उप्रेतीलाई ०६८ जेठ ४ गते गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६८ जेठ २४ गतेको आदेशमा आरोपित उप्रेती पुर्पक्षको लागि थुनामा रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनायो।

मेघौली गाविस-४ की छ वर्षीया बालिकालाई ०६८ जेठ ३० गते सोही ठाउँका ५३ वर्षीय बाबुराम तिवारीले बलात्कार गरेको भनी ०६८ असार ६ गते पीडित परिवारले जिल्ला प्रहरी कार्यालय भरतपुरका उजुरी दियो। जिल्ला प्रहरी कार्यालय चितवनको प्रहरी टोलीले आरोपित तिवारीलाई ०६८ असार ७ गते गिरफ्तार गरेको थियो। चितवन जिल्ला अदालतको ०६८ असार ३० गतेको आदेशमा आरोपित तिवारी पुर्पक्षको लागि थुनामा रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनायो।

मेघौली गाविस-४ की १० वर्षीया बालिकालाई ०६८ असार ३१ गते साँझ सोही स्थानका ६६ वर्षीय गोवर्धन दरैले बलात्कार गरको भनी पीडितपक्षले ०६८ साउन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीको टोलीले आरोपित दरैलाई ०६८ साउन ४ गते गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६८ साउन २५ गतेको आदेशले आरोपित दरै पुर्पक्षको लागि थुनामा रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनायो।

गुञ्जनगर गाविस-६ की सात वर्षीया बालिकालाई २०६८ साउन १ गते सोही स्थान बस्ने १४ वर्षीय बुद्धिबहादुर तामाङले सोही गाविसको गोब्रनी भन्ने ठाँउमा साँझ सात बजेको समयमा बलात्कार गरेको भनी पीडित परिवारले साउन ४ गते उजुरी दिए। जिल्ला प्रहरी कार्यालय चितवनको प्रहरी टोलीले आरोपित तामाङलाई साउन ४ गते गिरफ्तार गऱ्यो। अनुसन्धानपश्चात अदालत पेश हुँदा चितवन जिल्ला अदालतको ०६८ साउन २६ गतेको आदेशले आरोपित तामाङ साधारण तारेखमा छुटे।

कुमरोज गाविस-६ की आठ वर्षीया बालिकालाई २०६८ साउन १९ गते सोही गाविसको जनकपुर भन्ने ठाउँमा बस्ने १८ वर्षीय सुमन परियारले बलात्कार गरेको भनी ०६८ साउन २० गते जिल्ला प्रहरी कार्यालयमा परिवारले उजुरी दिए। घटनापश्चात बालिका त्रसित अवस्थामा रहेको परिवारले बताए। बालिकाको भरतपुर अस्पतालमा उपचार भयो। जिल्ला प्रहरी कार्यालय चितवनको प्रहरी टोलीले आरोपित परियारलाई ०६८ साउन २० गते गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६८ भदौ ६ गतेको आदेशले आरोपित परियार पुर्पक्षका लागि थुनामा रहेका छन्।

भण्डारा गाविस-१ की १४ वर्षीया बालिकालाई २०६८ साउन २८ गते सोही ठाउँका ३३ वर्षीय केशव परियारले बछ्यौली गाविस-२ सौराहाको एक होटलमा बलात्कार गरेको आरोप लगाइन्। आरोपित परियारले बालिकालाई 'मसँग विवाह गरिनस् भने म तेरो बाबुलाई पोल पारी दिन्छु' भन्ने डर धम्की दिई बालिकालाई घरबाट लिएर गई जबरजस्ती गरेको भनी पीडित परिवारले ०६८ साउन ३२ गते उजुरी दियो। प्रहरीले आरोपित परियारलाई ०६८ साउन ३२ गते गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६८ भदौ २० गतेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

पिप्ले गाविस-९ की चार वर्षीया बालिकालाई २०६८ भदौ ५ गते सोही स्थानका २३ वर्षीय कान्छा परियारले सोही गाविसस्थित घेघरी खोल्सामा लगी बलात्कार गरेको भनी पीडित परिवारले ०६८ भदौ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०६८ भदौ ६ गते गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६८ भदौ २७ गतेको आदेशबमोजिम परियार पुर्पक्षका लागि थुनामा रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनायो।

रत्ननगर नपा-३ की ९ वर्षीया बालिकालाई ०६८ भदौ ८ गते रत्ननगर नपा-१ की २१ वर्षीय सद्दाम भन्ने सादा हुसेनले रत्ननगर नपा-३ मा दिउँसो बलात्कार गरेको भनी ०६८ भदौ ९ गते पीडित परिवारले जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दियो। बालिकाको भरतपुर अस्पतालमा भर्ना गरी उपचार भएको थियो। आरोपित हुसेनलाई प्रहरीले ०६८ भदौ १२ गते गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६८ भदौ ३० गतेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मेघौली गाविस-६ की ५५ वर्षीया एक महिलालाई ०६७ चैत ५ गते दिव्यनगर गाविस-५ का २७ वर्षीय नीमबहादुर महतोले दिव्यनगर गाविस-५ स्थित नारायणी नदी किनारमा बलात्कार गरेको भनी पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित महतोलाई प्रहरी टोलीले ०६८ चैत १२ गते गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६८ वैशाख ८ गतेको आदेशबमोजिम महतो पुर्पक्षका लागि थुनामा रहेका छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

पार्वतीपुर-८ की २० वर्षीया पुष्पा रामदामलाई ०६८ जेठ २३ गते राति ११ ३० बजे ससुरा ५० वर्षीय कृष्ण रामदाम, सासू ५० वर्षीया तुलसी रामदाम, अमाजु २६ की सुमित्रा रसैली र पति २४ को लक्ष्मण रामदामले बिष खुवाएर हत्या गरेको माइतीपक्षले आरोप लगायो। पुष्पालाई सोही दिन राति एम्बुलेन्समा भरतपुर अस्पताल लगिएको थियो। पुष्पाको ०६८ जेठ २४ गते बिहान ४ बजे मृत्यु भयो। पुष्पालाई पहिलेदेखि नै काम राम्रो नगर्ने भनी घरपरिवारले हेला गर्ने गरेको माइती पक्षले बतायो। पुष्पाको भाइ महेश विकले ०६८ जेठ २६ गते पुष्पाको घरपरिवार विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले पुष्पाका सासू, पति र अमाजूलाई जेठ २३ गते र ससुरालाई असार १९ गते गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको असार १९ गतेको आदेशबमोजिम पति लक्ष्मण रामदाम पुर्पक्षका लागि थुनामा रहेका छन् भने अरु सामान्य तारेखमा रिहा भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	५		
उपस्वास्थ्यचौकी	३१		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	४	
स्टाफ नर्स	४	४	
ल्याब असिस्टेन्ट	७	७	
अहेब	४९	४७	२
अनमी	४९	४८	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	११	११	
स्वास्थ्य कार्यकर्ता	४१	३०	११

२.११ मकवानपुर

जनसङ्ख्या : ४,२७,४९४
पुरूष : २,१०,५६४
महिला : २,१६,९३०
साक्षरता प्रतिशत : ७७
महिला साक्षरता प्रतिशत : ६२
क्षेत्रफल (वर्ग कि. मि.) : २,४२६
गाविस/नपा सङ्ख्या : ४३/१
सरकारी/निजी विद्यालय : ५८६/४४
क्याम्पस/उच्च मा.वि. : ५/२३
मानव विकास सूचकाङ्कः ०.४७०
प्रतिपरिवार सरदर सङ्ख्याः ४.७७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञात समूहबाट

हाँडीखोला गाविस-७ की ६२ वर्षीया ठूलीमाया थिङलाई ०६७ फागुन ४ गते राति घरमा सुतिरहेको अवस्थामा अज्ञात समूहले गोली प्रहार गरेर हत्या गऱ्यो। यो वर्षको अन्त्यसम्म पनि पीडकहरूको पहिचान हुन सकेको छैन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
अज्ञात समूहबाट

सरीखेत गाविस-६ का ५० वर्षीय झलकमान चेपाङलाई ०६८ वैशाख १० गते राति घरमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिले गोली हानेर घाइते बनायो। देब्रे खुट्टाको तिघ्रामा गोली लागेर घाइते भएका चेपाङको सोही दिन चितवनस्थित मेडिकल कलेजमा उपचार गरिएको थियो।

बेवारिसे विस्फोटक पदार्थबाट

फाखेल गाविस-६ का ३४ वर्षीय चीनबहादुर तामाङ ०६८ कात्तिक २८ गते स्थानीय सिम्पानी जङ्गलमा घाँस काट्न जाँदा बेवारिस विस्फोटक पदार्थ विस्फोटन हुँदा घाइते भए। विस्फोटनबाट तामाङको दाहिने तिघ्रा र औँलामा चोट लागेको थियो। सोही दिन उनको उपचार काठमाडौंस्थित वीर अस्पतालमा भएको थियो। पीडितको उपचार खर्च नेपाली सेनाले व्यहोऱ्यो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ७५ र कैद नतोकिएका १ सय ३ कैदी र थुनुवा गरी जम्मा २ सय ७८ जना पुरुष बन्दीहरू रहेका छन्।

मकवानपुर जिल्लाको पुरानो सदरमुकाम भीमफेदीमा 'घ' र 'ख' श्रेणी गरी दुई जेल छन्। जसमा 'घ' श्रेणीको जेल अत्यन्त जीर्ण भएको र 'ख' श्रेणीको निर्माणाधीन जेलमा महिला वार्ड मात्र बनेको कारण सो वार्डमा पुरुष बन्दीहरू ०६८ भदौ १४ गतेदेखि राखिएका छन्। कारागार विभागले पुरुष वार्ड पनि निर्माण गर्न थालेको छ। महिला वार्ड र पुरुष वार्डमा गरेर १ हजार २ सय बन्दी अटाउने क्षमता रहेको जेलर चिरञ्जीवी थापाले बताए। कैदी तोकिएका र कैद

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		३	३
बालअधिकार	१३		१३
महिलाअधिकार	८		८
हत्या	३	५	८
जम्मा	**३३**	**८**	**३०**

नतोकिएका गरी २ सय ७८ जना पुरुष बन्दीहरू छन्। यहाँका महिला बन्दीलाई वीरगञ्जमा पठाउने गरिएको छ। जेलमा पानी, बिजुली र शौचालयको व्यवस्था हुनुको साथै टेलिभिजन, पत्रपत्रिका, टेलिफोन र रेडियोको पनि सुविधा रहेको बन्दी हरिशचन्द साहले बताए। खेल्नका लागि भलिबल, चेस, लुँडो र क्यारमबोर्ड पनि व्यवस्था छ। यस जेलका बन्दीहरूले बाँसको मुढा बनाएर आयआर्जन गर्ने गरेका छन्।

भीमफेदीस्थित क्षेत्रीय कारागारका कैदी ३० वर्षीय सुलोक लामा, ३४ वर्षीय विजय अधिकारी, २९ वर्षीय गङ्गा थिङलगायत १० जनालाई सोही जेलका बन्दी टासी लामाको समूहले ०६८ मङ्सिर १४ गते निर्घात कुटपिट गरेर घाइते बनायो। घाइतेहरूको हेटौँडा र भरतपुर अस्पतालमा उपचार भएको थियो। उपचारपश्चात् क्षेत्रीय कारागारमा उनीहरूलाई पुन: लैजाँदा झडप हुने सम्भावित खतरालाई देखेर जेल प्रशासनले उनीहरूसहित थप ४० जना बन्दीलाई पुरानो 'घ' श्रेणिको कारागारमा राखेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ३ सय १४ मध्ये १ सय १८ फैसला भए भने १ सय ९६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय २३ मध्ये १ सय ९३ फैसला भए भने २ सय ३० फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक रहे।

पुनरावेदन अदालत

०६८ साउनदेखि पुस १६ सम्म

आठ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय ७१ मध्ये १ सय १३ फैसला भए भने ३ सय ५८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ९४ मध्ये ३ सय ८० फैसला भए भने १ हजार १४ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय १५ छ जसमा ३६ फैसला भएको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ७९ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा छमध्ये चार सफल र एक असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा १८ मध्ये ११ सफल रह्यो भने सात फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा सातमध्ये पाँच सफल रह्यो भने दुई फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ३१ हजार ८ सय ७० मध्ये छात्र ६३ हजार ७ सय ७३ र छात्रा ५९ हजार ३ सय २६ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ८ हजार २ सय ६२ र छात्र ७ हजार ३ सय १८ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ३ सय ५४ र पुरुष १ हजार १ सय ५३ गरी जम्मा १ हजार ५ सय ७ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला १४ र पुरुष १सय ७१ गरी जम्मा १ सय ८५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला छ र पुरुष १ सय ४० गरी जम्मा १ सय ४६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ८ हजार २ सय ४७ र बालिका ७ हजार ८ सय ४४ गरी जम्मा १६ हजार ९१ रहेका छन् जसमध्ये दलित बालक २ हजार १ सय २ र बालिका १ हजार १ सय ३१ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

पढ्नबाट वञ्चित

मकवानपुरका पढ्ने उमेरका करिब ६ प्रतिशत बालबालिकाले अझै पनि स्कुल देखेका छैनन्। गरिबी, अशिक्षा र स्कुल पहुँचमा नभएकाले जिल्लाका करिब ४ हजारभन्दा बढी बालबालिका पढ्ने अवसरबाट वञ्चित रहँदै आएका हुन्। जिल्ला शिक्षा

कार्यालयकाअनुसार ५ वर्षदेखि ९ वर्ष उमेरसम्मका मकवानपुरमा ६८ हजार ३ सय ७४ बालबालिका रहेका छन् तीमध्ये ६४ हजार २ सय ७२ बालबालिकाले मात्र पढ्ने अवसर पाएका छन्। ४ हजार १ सय २ बालबालिकाले पढ्ने अवसरबाट वञ्चित रहँदै आएका छन्। अशिक्षा, गरिबी र स्कूलमा पहुँच नभएकाले ती ४ हजारभन्दा बढी बालबालिकाहरू पढ्ने अवसरबाट वञ्चित रहेको शिक्षा कार्यालयका अधिकृत युवराज दाहालले बताए। मुख्यगरी खाद्य सुरक्षा अभावले गर्दा जिल्लाका शतप्रतिशत बालबालिकालाई स्कूल प्रवेश गराउन नसकेको उनको भनाइ छ। स्कुलमा मात्र होइन प्रारम्भिक बालविकास केन्द्रमा (ईसीडी)मा पनि जिल्लाका करिब ३५ प्रतिशत बालबालिका आएका छैनन्। ३ देखि ४ वर्षसम्मका जिल्लामा करिब २५ हजार ६ सय ६७ बालवालिका छन्। तीमध्ये १६ हजार ८ सय ९१ बालबालिकामात्र प्रारम्भिक बाल विकास केन्द्रमा आउने गर्छन्। करिब ९ हजार ३४ बालबालिकाहरू अझै पनि बाल विकास केन्द्रमा समेटिन सकेका छैनन्। प्रारम्भिक बालविकास केन्द्र स्कुल प्रवेश गर्ने मुहान हो' शिक्षा कार्यालयका उपसचिव हिम शर्माले भने– विद्यालय बाहिर रहेका ६ प्रतिशत बालबालिकालाई स्कूलमा प्रवेश गराउन विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको उनले जानकारी गराए। मकवानपुरका ६ प्रतिशत बालबालिका विद्यालय नआएका मात्र होइन, एक कक्षामा भर्ना भएका विद्यार्थीमध्ये २१ प्रतिशत विद्यार्थीले एक वर्षभित्रमा स्कुल छाड्ने गर्छन्। एक कक्षामा भर्ना भएका विद्यार्थीमध्ये २३ प्रतिशतमात्र १० कक्षामा पुग्छन्। ७७ प्रतिशत ड्रपआउट हुन्छन् उपसचिव शर्माले भने। मकवानपुरमा सामुदायिक र संस्थागत गरेर ५ सय ८९ वटा विद्यालयहरू छन्। ५ सय १३ वटा प्रारम्भिक बालविकास केन्द्रहरू छन्। मकवानपुरका कूल जनसङ्ख्यामध्ये ६३ दशमलव ५ प्रतिशत जनसङ्ख्या साक्षर छन्। महिला ५३ दशमलव ७ प्रतिशत साक्षर छन् भने पुरुष ७२ दशमलव ४ साक्षर छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सुकौरा गाविस-८ की ६ वर्षीया बालिकालाई ०६७ माघ ९ गते राति सोही ठाउँका १९ वर्षीय मानबहादुर मोक्तानले बलात्कार गरेको आरोपमा आरोपित मोक्तान जिल्ला अदालत मकवानपुरको ०६७ फागुन ४ गतेको आदेशअनुसार पुर्पक्षका लागि वीरगञ्ज कारागारमा छन्।

भैंसे गाविस-७ की १३ वर्षीया बालिकालाई ०६७ माघ २३ गते सोही स्थानमा व्यापार गरेर बसेका ४० वर्षीय प्रताप श्रेष्ठले बलात्कार गरेको आरोपमा श्रेष्ठ ०६७ फागुन २८ गतेको जिल्ला अदालत मकवानपुरको आदेशमा पुर्पक्षका लागि भीमफेदी कारागारमा छन्।

हाँडीखोला गाविस-८ की १६ वर्षीया गर्भवती बालिकालाई ०६८ मङ्सिर २५ गते हाडीखोला गाविस-८ का बाला राई र चन्द्रबहादुर राईलगायत सात जनाले बलात्कार गरेको आरोपमा पीडितपक्षले प्रहरीमा जाहेरी दियो। पीडितले प्रहरीमा दिएको उजुरीमा आरोपितहरूले एक तोलाको सुनको गहना र १७ हजार रुपियाँ पनि लुटेर लगेको उल्लेख छ। आरोपितहरू फरार छन्।

बसामाडी गाविस-५ की १२ वर्षीया बालिकालाई ०६७ फागुन १५ गते सोही ठाउँका २८ वर्षीय हरिबहादुर दनुवारले बलात्कार गरेको आरोपमा दनुवार ०६७ चैत १८ गतेदेखि जिल्ला अदालतको आदेशअनुसार पुर्पक्षका लागि भीमफेदी कारागारमा छन्।

गिरफ्तार

छतीवन गाविस-९ की कक्षा आठमा अध्ययनरत् १५ वर्षीया बालिकासँग ०६८ मङ्सिर १७ गते सोही ठाउँका ३० वर्षीय सुरेन्द्र राउतले विवाह गरे। पीडितकी आमाको उजुरीको आधारमा राउतलाई प्रहरीले ०६८ मङ्सिर १९ गते गिरफ्तार गऱ्यो। आरोपितले यसअघि चार जनासँग विवाह गरिसकेका थिए।

ओसारपसार

हटिया गाविस-१ की १७ वर्षीया बालिकालाई ०६७ फागुन २ गते विवाह गरिदिन्छु भनेर बिक्री गर्ने सोही ठाउँका ३९ वर्षीय कृष्ण लामिछाने र खरिद गर्ने बारा करैयाका २९ वर्षीय विशेष सिंह राजपुतलाई प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितद्वय जिल्ला अदालत मकवानपुरको ०६७ चैत ११ गतेको आदेशअनुसार पुर्पक्षका लागि भीमफेदी कारागारमा छन्।

हेटौँडा नगरपालिका-१ का तीन किशोरीलाई चितवन घुम्न जाने भनेर झुक्याएर भारततर्फ लैजान लागेको अवस्थामा ०६८ साउन १६ गते माइती नेपाल हेटौँडाका कार्यकर्ताले रत्न नगरपालिका-२ का २८ वर्षीय कमल राई र हाँडीखोला गाविस-३ का ४३ वर्षीय रामजी परियारलाई समातेर प्रहरीसमक्ष बुझाए।

आरोपीद्वय जिल्ला अदालत मकवानपुरको ०६८ भदौ ३० को आदेशअनुसार पुर्पक्षका लागि भीमफेदी कारागारमा छन्।

हेटौँडा नगरपालिका-२ की १५ वर्षीया बालिकलाई सोही ठाउँका २२ वर्षीय रहमान अन्सारी मियाले ०६८ भदौ २९ गते विवाह गर्छु भनेर झुक्याएर भारततर्फ लगिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गऱ्यो। पीडक मिया अदालतको ०६८ असोज २५ गतेको आदेशअनुसार पुर्पक्षका लागि भीमफेदी कारागारमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

चुरियामाई गाविस-१ की २७ वर्षीय महिलालाई बिक्री गरेको आरोपमा ०६७ चैत २५ गते सोही ठाउँकी २७ वर्षीया कमला मोक्तान र २८ वर्षीया सुनीता मोक्तानले बहराईन लगेर बिक्री गरेको भनी उजुरी दिएको आधारमा कमला मोक्तानलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पुनरावेदन अदालत हेटौँडाको आदेशअनुसार कमला मोक्तान तारेखमा रिहा भइन् भने सुनीता यस वर्षको अन्त्यसम्म फरार थिइन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बसामाडी गाविस-३ लेवटकी २२ वर्षीया महिलालाई ०६८ असार ३२ गते सोही ठाउँका २८ वर्षीय लक्ष्मण बस्नेतले बलात्कार गरेको आरोपमा प्रहरीले बस्नेतलाई गिरफ्तार गऱ्यो। ०६८ साउन ३० गतेको जिल्ला अदालतको आदेशअनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्।

चुरियामाई गाविस-२ की ५५ वर्षीया एकल महिलालाई ०६८ कात्तिक २६ गते सोही गाविस-१ का माइक्रोबस चालक ३१ वर्षीय सूर्यबहादुर थोकरसहित चार जनाले बलात्कार गरेको आरोपमा पीडितले ०६८ कात्तिक २८ गते प्रहरीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले कात्तिक २९ गते गिरफ्तार गऱ्यो। माइक्रोबसबाट हेटौँडातर्फ जान बसमा बसेकी महिलालाई जङ्गलतर्फ लगेर थोकरसहित चार जनाले बलात्कार गरेका थिए। आरोपितहरूमध्ये थोकर ०६८ मङ्सिर २२ गतेको जिल्ला अदालतको आदेशअनुसार पुर्पक्षका लागि थुनामा छन् भने अन्य तीन जना फरार छन्।

बसामाडी गाविस-८ की ३२ वर्षीया महिलालाई ०६८ पुस १ गते सोही स्थानका ५४ वर्षीय लालबहादुर थिङले बलात्कार प्रयास गरेको आरोपमा थिङलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान आरम्भ गऱ्यो। पीडित पक्षले ०६८ पुस २ गते प्रहरीमा उजुरी दिएको थियो।

घरेलु हिंसा

छतीवन गाविस-९ की ३० वर्षीया ठूलीकान्छी बलको ०६८ असोज २७ गते पति सेतमान बलको योजनामा घाँटीमा धारिलो हतियार प्रहार गरी हत्या भयो। हत्यामा संलग्न रहेका पति ३२ वर्षीय सेतेमान बल, २१ वर्षीय गणेश धावा लामा, २२ वर्षीय चेतबहादुरलाई प्रहरीले गिरफ्तार गरी अदालतको आदेशमा भीमफेदी कारागारमा थुनामा छन्।

बहुविवाह

हेटौँडा नगरपालिका-४ की २४ वर्षीया रोशिना खानका पति २६ वर्षीय रोशन खानले ०६७ चैत १६ गते बहुविवाह गरेकाले प्रहरीले उनलाई गिरफ्तार गरी अदालतको आदेशअनुसार भीमफेदी कारागारमा राखिएका छन्।

दुर्व्यवहार

मकवानपुर गढी गाविस-३ की ३५ वर्षीया साइलीमाया ब्लोनलाई ०६७ माघ १५ गते सोही ठाउँका २८ वर्षीया दुर्गामाया ब्लोन र ३१ वर्षीया रामबहादुर ब्लोनले कथित बोक्सीको आरोप लगाएर अभक्ष खुवाउनुको साथै कुटपिटसमेत गरे। पीडितले आरोपितद्वयका विरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेकी छिन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

हेटौँडा औद्योगिक क्षेत्रस्थित एभरेष्ट भिनाएल कम्पनी प्रालिका सञ्चालक विकास कोठारीले ०६८ वैशाख १ गतेदेखि विनाकारण एक्कासि उद्योग बन्द गरेर फरार भएपछि करिब तीन सय मजदुरहरू विचल्लीमा परे।

भूमिहीन तथा सुकुमबासी समस्या

प्राकृतिक प्रकोपका कारण मकवानपुर जिल्लामा वर्षेनी ३ सयभन्दा बढी परिवार सुकुमबासी बन्ने गरेका छन्। तीन वर्षअघि सरकारले गरेको एक सर्वेक्षणअनुसार जिल्लाको ९४ प्रतिशत भूभाग जोखिममा रहेकाले बर्सेनी आउने बाढीपहिरोबाट थप परिवार विस्थापित हुने क्रम छ। ८ वर्षअघि सुकुमबासी आयोगले २ हजार ८ सय परिवार सुकुमबासी रहेको

जनाएको थियो। त्यो सङ्ख्या अहिले बढेर करिब साढे पाँच हजार रहेको अनुमान गरिएको छ। ०५९ र ०६० मा आएको भीषण बाढी पहिरोले ८ सय परिवार घरबारविहीन भएका थिए। उक्त परिवारका करिब ५ हजार मानिस सुकुमबासी बनेका थिए। अहिलेसम्म पनि उनीहरूको अवस्थामा केही परिवर्तन आउन सकेको छैन। मकवानपुरका परम्परागत रूपमा बस्दै आएका र बाढी पहिरोबाट घरबारविहीन सुकुमवासी सङ्ख्या करिब १२ हजारको हाराहारीमा रहेको छ। ती सुकुमबासीहरू अहिले मनहरी गाविस-३ रमनटारको जङ्गल फाँडेर बसेका छन्। त्यसअघि उनीहरू मनहरी खोलाको उकास जमिनमा छाप्रो बनाएर बसेका थिए। उक्त जमिनबाट वन्यजन्तु आरक्षले उठाएपछि उनीहरू बाध्य भएर रमनटारको जङ्गल फाँडेर छाप्रो बनाएर बसिरहेका छन्। त्यहाँबाट पनि उठ्न उनीहरूलाई वन कार्यालयले दबाब दिइरहेको छ। यसैगरी विगत सात वर्षदेखि हेटौँडा नगपालिका-११ स्थित राप्ती बगरमा छाप्रो हालेर करिब २ सय ७५ परिवार सुकुमबासीहरू छाप्रो हालेर बसिरहेका छन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	२४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	११	२	९
स्टाफ नर्स	१४	८	६
ल्याब असिस्टेन्ट	६	४	२
अहेब	९५	४८	४७
अनमी	५२	५१	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	१४	९

२.१२ ललितपुर

जनसङ्ख्या : ४,६६,७८४
पुरूष : २,३७,११४
महिला : २,२९,६७०
साक्षरता प्रतिशत : ९०
महिला साक्षरता प्रतिशत : ६५
क्षेत्रफल (वर्ग कि. मि.) : ३८५
गाविस/नपा सङ्ख्या : ४१/१
सरकारी/निजी विद्यालय : ४७७/३१४
क्याम्पस/उच्च मा.वि. : २७/८५
मानव विकास सूचकाङ्कः ०.५८८
प्रतिपरिवार सरदर सङ्ख्याः ४.०८

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय ७५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय ९३ र कैद नतोकिएका २ सय १० कैदी र थुनुवा गरी जम्मा ५ सय ३ जना पुरुष बन्दीहरू रहेका छन्। कैद तोकिएका २ सय ९३ मध्ये १९ जना विदेशी नागरिक रहेका छन् भने कैद नतोकिएका २ सय १० मध्ये १६ जना विदेशी नागरिक रहेका छन्। कारागारमा डीआरसी र सीआरसी गरी दुई ब्लक रहेको छ। डीआरसी ब्लकमा ३ सय ३६ जना नेपाली र १७ जना विदेशी गरी २ सय ५३ जना कैदी तथा बन्दी रहेका छन्। त्यसैगरी सीआरसी ब्लकमा नेपाली २ सय ३२ र विदेशी १८ जना कैदी तथा बन्दी रहेका छन्। यस कारागारमा नाबालक र महिला कैदी तथा बन्दी रहेका छैनन्। वर्षैभरि क्षमताभन्दा बढी कैदी तथा बन्दी राख्नुपर्ने हुँदा बस्न र सुत्नको लागि समस्या रहेको कारागार प्रमुख खड्गराज शर्मा बताउँछन्। खेलकुद सामाग्री, विद्युत, पत्रपत्रिका, रेडियो, टीभी, पुस्तकालयको व्यवस्था रहेको छ। पानीको समस्या

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						३	३
बालअधिकार					७		७
अपहरण						४	४
महिलाअधिकार					७		७
भेला/सङ्गठित हुने अधिकार	६	७	६३	७५			
गिरफ्तारी/यातना		४		४			
कुटपिट						३	३
हत्या					४	३	७
जम्मा	**६**	**११**	**६३**	**७९**	**१८**	**१३**	**३०**

रहेको यस कारागारका बन्दी तथा कैदीलाई २० ओटा शौचालयको व्यवस्था गरिएको छ। बन्दीहरूले कारागार भित्र आयमुलक काम गर्ने गरेका छन्। कारागारमा कैदी तथा बन्दीको उपचारको लागि एक जना सिनियर हेल्थ अस्टिेन्टको दरबन्दी रहेको छ।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

एकीकृत माओवादी निकट अखिल नेपाल ट्रेड युनियन महासङ्घका उप-महासचिव ४६ वर्षीय लालध्वज नेम्वाङलाई ०६७ फागनु १७ गते दिउँसो सोही महासङ्घका कार्यकर्ताले ललितपुर उमनपा-१५ पाटन औद्योगिक क्षेत्रबाट अपहरण गरी सोही औद्योगिक क्षेत्रमा रहेको मजदुर कल्याण भवनमा पाँच घण्टा बन्धक बनाई कुटपिट गरे। अपहरणको क्रममा नेम्वाङको बा. १ प. ११०७ नम्बरको मोटरसाईकलसमेत उनीहरूले तोडफोड गरेका थिए। एमाओवादी उपाध्यक्ष डा. बाबुराम भट्टराई निकटका नेम्वाङलाई समानान्तर सङ्गठन खोलेको आरोपमा अध्यक्ष पुष्पकलम दाहाल निकटका शालिकराम जमरकट्टेल समर्थित कार्यकर्ताले अपहरण गरेका थिए। बन्धक बनाइएका नेम्वाङलाई एमाओवादी उपाध्यक्ष मोहन वैद्य निकटका महासङ्घका उपाध्यक्ष बद्री बजागाईंको समूहको दबावमा सोही दिन मुक्त गरिएको थियो। पीडकहरूलाई कारवाही भएन।

अज्ञात समूहबाट

सिरहा महेशपुर गाविस-६ का १९ वर्षीय रवि कर्णलाई ०६८ मङ्सिर ११ गते ललितपुर उमनपा-१५ लगनखेलबाट अज्ञात समूहले अपहरण गऱ्यो। लगनखेलस्थित डेराबाट विद्यालय गई साथीको जन्मदिनको पार्टीमा जाने क्रममा उनलाई अज्ञात समूहले अपहरण गरेको थियो। अपहरणको तीन दिनपछि फोनबाट छोरा चाहिने भए पैसा लिएर आऊ हैन भन्ने हत्या गरिदिने धम्की दिएको अपहरितका पिता जामुनलाल कर्णले बताए। अपहरित कर्ण पाँच दिनपछि ०६८ मङ्सिर १६ गते सिरहा जिल्लाको मिर्चैयाबाट अपहरणमुक्त भए। अपहरित कर्णले डर त्रासको कारण केही पनि बोल्न भन्न नचाहेको आफन्त गजेन्द्र कर्णले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

खोटाङ जिल्ला सिम्पानी गाविस घर भई ललितपुरमा बस्दै आएका एमाओवादी निकट अखिल नेपाल ट्रेड युनियन महासङ्घ ललितपुरका अध्यक्ष २० वर्षीय दिनेश थापालाई ०६७ फागुन ४ गते सोही सङ्गठनका राजन तिमल्सिनालगायतको समूहले इमाडोल गाविसबाट अपहरण गरी खन्ना गारमेन्टमा पुऱ्याई कुटपिट गऱ्यो। थापालाई सङ्गठनमा विद्रोह गरी समानान्तर सङ्गठन खोलेको आरोपमा कुटपिट गरिएको थियो। कुटपिटबाट घाइते भएका थापाको पाटन अस्पतालमा उपचार भयो। उजुरी दिन गएका पीडितलाई प्रहरीले पार्टीभित्रको झगडा आफैं मिलाउनुस् भन्दै फर्काइदियो।

ललितपुर उमनपा-१७ सुन्धारा धलाछेँ निवासी श्री टेक्सटायलका सञ्चालक ५५ वर्षीय शैलेन्द्रलाल प्रधानलाई जागरण भेलामा मजदुर लैजान नदिएको भन्दै ०६७ चैत ४ गते एमाओवादीको भातृ सङ्गठन अखिल नेपाल ट्रेड युनियन महासङ्घका कार्यकर्ताले ललितपुर

उमनपा-१५ पाटन औद्योगिक क्षेत्रभित्र कुटपिट गरे। पीडितको टेक्सटायलसमेत तोडफोड गरेका थिए।

क्षेत्री समाजबाट

चापागाउँ गाविस-६ निवासी अभियान दैनिकका फोटोपत्रकार २८ वर्षीय अशोक दुलाललाई बन्दको फोटो छाप्नलाई खिचेको भन्दै २०६८ जेठ ८ गते क्षेत्री समाजका कार्यकर्ताले ललितपुर उमनपा-१५ सातदोबाटोमा कुटपिट गरे। पीडितले उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ३ सय ८४ मध्ये ९३ फैसला भए भने २ सय ९१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय १२ मध्ये १ सय ६ फैसला भए भने १ सय ६ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ६ र देवानी मुद्दा ३५ रहे।

पुनरावेदन अदालत

०६८ साउनदेखि पुस १६ सम्म

अठार जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ २ हजार ६ सय ७२ मध्ये ७ सय १३ फैसला भए भने १ हजार ९ सय ५९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ हजार ४ सय ७८ मध्ये ८ सय ८४ फैसला भए भने २ हजार ५ सय ९४ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ४ सय ४० र देवानी मुद्दा ३ सय ६३ रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ७८ छ जसमध्ये ३७ सफल भए भने १४ असफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म २७ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १९ मध्ये आठ सफल र चार असफल रह्यो भने सात फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा २८ मध्ये १४ सफल र आठ असफल रह्यो भने छ फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा १३ मध्ये पाँच सफल र दुई असफल रह्यो भने छ फैसला हुन बाँकी रह्यो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

लेले गाविस-६ का १५ वर्षीय निरोज थापा, सोही गाविस-९ का १५ वर्षीय सुरेश नेपाली, सोही ठाउँका १४ वर्षीय साजन नेपाली र सुनाकोठी गाविस-५ का १५ वर्षीय मिलन महर्जनलाई चोरीको आरोपमा २०६८ असार २५ गते प्रहरी कार्यालय टिकाभैरवले गिरफ्तार गरी कुटपिट गऱ्यो। गिरफ्तार सबैलाई प्रहरीले सोही दिन महानगरीय प्रहरी वृत्त चापागाउँमा पठायो। वृत्तको हिरासतमा प्रहरीले नीलडाम हुने गरी शरीरका विभिन्न भागमा कुटपिट गरी यातना दियो। प्रहरीले सुरेश र साजनलाई असार २८ गते र निरज र मिलनलाई प्रहरीले असार ३० गते रिहा गऱ्यो। पीडितका परिवारले सिभिक्टको सहयोगमा उपचार गराए। उनीहरूले घटनाको उजुरी दिएनन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३८ हजार ८ सय ३६ मध्ये छात्र १८ हजार ८ सय २८ र छात्रा २० हजार ८ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार ५ सय ५० र छात्र १ हजार ३ सय २ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा जम्मा १ हजार १ सय ४७ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा जम्मा ३ सय ८८ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला जम्मा ३ सय ३० शिक्षकको दरबन्दी रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक २ हजार २ सय ४४ र बालिका २ हजार २ सय ७५ गरी जम्मा ४ हजार ५ सय १९ रहेका छन् जसमध्ये दलित बालक १८६ र बालिका १ सय ४५ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मकवानपुर जिल्ला छत्तिवन गाविस-१ घर भई हाल इमाडोल-६ बस्ने १६ वर्षीया बालिकालाई ०६७ चैत ६ गते साँझ काभ्रे जिल्ला पनौती नपा-५ घर भई इमाडोल-६ बस्ने २२ वर्षीय प्रवीण आलेमगरले बलात्कार गरेको आरोपमा उनको परिवारले महानगरीय प्रहरी परिसर जावलाखेलमा ०६७ चैत ७ गते उजुरी दियो। उजुरीको आधारमा प्रहरीले

आलेमगरलाई ०६७ चैत ७ गते गिरफ्तार गरी अनुसन्धान गऱ्यो। आरोपित ०६७ चैत २७ गते जिल्ला अदालत ललितपुरको आदेशमा पुर्पक्षको लागि कारागार चलान भए।

सोलुखुम्बू जिल्ला नेमार गाविस-८ घर भई ललितपुर नपा-२० नटोल बस्ने १७ वर्षीया एक बालिकालाई ०६८ जेठ ४ गते राति सिन्धुली जिल्ला पुरानो झाँगाझोली गाविस-२ का १९ वर्षीय सुरेश खड्का र सुनसरी जिल्ला धरान नपा-१४ का १८ वर्षीय शरण खड्काले बलात्कार गर्ने प्रयास गरेको आरोपमा पीडितले महानगरीय प्रहरी परिसर जावलाखेलमा ०६८ जेठ ५ गते निवेदन दिइन्। उजुरीको आधारमा प्रहरीले आरोपितद्वयलाई जेठ ६ गते गिरफ्तार गऱ्यो। आरोपित दुवै जेठ २७ गते पुर्पक्षको लागि जिल्ला अदालतको आदेशमा कारागार चलान भए।

विशङ्खुनारायण गाविस-६ की १५ वर्षीया बालिकालाई ०६८ साउन ५ गते भक्तपुर जिल्ला छालिङ गाविस-४ घर भई राजदल गण लगनखेलमा दरबन्दी भई लामाटार गाविस-६ लाकुरी भञ्ज्याङ सुरक्षापोष्टमा कार्यरत २५ वर्षीय किरण थापाले ललाई फकाई विभिन्न ठाउँमा राखी बलात्कार गरेको आरोपमा पीडितका बुबाले महानगरीय प्रहरी परिसर जावलाखेलमा ०६८ साउन १६ गते जाहेरी दिए। जाहेरीको आधारमा प्रहरीले थापालाई साउन २६ गते गिरफ्तार गरी अनुसन्धान थाल्यो। आरोपित जिल्ला अदालत ललितपुरको आदेशमा ०६८ भदौ १९ गतेदेखि पुर्पक्षका लागि करागार चलान भए।

लेले गाविस-१ घर भई ललितपुर उमनपा-६ कनिवहाल बस्ने ११ वर्षीया एक बालिकालाई ०६८ कात्तिक ६ गते चितवन जिल्ला भरतपुर नपा-२२ बस्ने विश्वराम विश्वकर्माले ललितपुर उमनपा-६ प्रयागपोखरीस्थित म:म पसलको ट्वाइलेटमा लगी बलात्कार गरेको आरोपमा पीडितपक्षले महानगरीय प्रहरी परिसर जावलाखेलमा उजुरी दियो। उजुरीको आधारमा प्रहरीले गिरफ्तार गरेका आरोपित जिल्ला अदालतको आदेशमा ०६८ कात्तिक २७ गते पुर्पक्षका लागि कारागार चलान भए।

नुवाकोट जिल्ला मदानपुर गाविस-९ घर भई ललितपुर उमनपा-१७ ग्वार्को बस्ने ९ वर्षीया बालिकालाई ०६८ कात्तिक २१ गते सर्लाही जिल्ला हरिऔन गाविस-२ का ४० वर्षीय कालुमान लामाले बलात्कार गरेको आरोपमा पीडितपक्षले महानगरीय प्रहरी परिसर जावलाखेलमा मङ्सिर २२ गते उजुरी दियो। प्रहरीले आरोपित लामालाई मङ्सिर २२ गते गिरफ्तार गऱ्यो। गिरफ्तार लामा ०६८ मङ्सिर १९ गते जिल्ला अदालत पाटनको आदेशमा पुर्पक्षको लागि कारागार चलान भए।

झरूवारासी गाविस-९ की ७ वर्षीया एक बालिकालाई ०६८ पुस ५ गते साँझ चापागाउँ गाविस-२, शेराफाँटका ५० वर्षीय रामप्रसाद देशारले पीडितको घरनजिकै रहेको च्याउ खेती गरिएको झुप्रोमा फकाएर लगी बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले महानगरीय प्रहरी वृत्त चापागाउँमा ०६८ पुस ६ गते उजुरी दियो। उजुरीको आधारमा प्रहरीले देशारलाई पुस ६ गते गिरफ्तार गरी अनुसन्धान थाल्यो। पीडित बालिकाको पुस ६ गते पाटन अस्पतालमा स्वास्थ्यपरीक्षण भएको थियो।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बुङ्मती गाविस-४ की ३२ वर्षीया एक महिलालाई सोही ठाउँका ३१ वर्षीय दीपेन्द्र श्रेष्ठले ०६७ फागुन १० गते दिउँसो उनकै घरमा बलात्कार गरेको आरोपमा पीडितले महानगरीय प्रहरी परिसर जावलाखेलमा जाहेरी दिइन्। जाहेरीको आधारमा प्रहरीले श्रेष्ठलाई ०६७ फागनु ११ गते गिरफ्तार गरी अनुसन्धान गऱ्यो। जिल्ला अदालत पाटनको आदेशबमोजिम श्रेष्ठ ०६७ चैत ३ गते पुर्पक्षको लागि नख्खु कारागारमा थुनामा छन्।

चन्दनपुर गाविस-२ गैरीगाउँकी ३० वर्षीया एक महिलालाई ०६८ वैशाख ५ गते सोही गाविस-१ का ६० वर्षीय गङ्गाप्रसाद तिमल्सिनाले बलात्कार गरेको आरोपमा चन्दनपुर गाविस-१ मा पीडितको परिवारले प्रहरी कार्यालय चन्दपुर प्रहरी कार्यालयमा ०६८ वैशाख २१ गते निवेदन दिए। आरोपितलाई ०६८ वैशाख २८ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २१ गते पाटन अस्पतालमा प्रहरीले गरायो। आरोपित जिल्ला अदालत पाटनको ०६८ जेठ २४ गतेको आदेशबमोजिम पुर्पक्षका लागि कारागार चलान भए।

रामेछाप जिल्ला दिमीपोखरी गाविस-४ घर भई ललितपुर उमनपा-१५ चापागाउँ दोबाटो बस्दै आएकी २२ वर्षीया एक महिलालाई ०६८ असार १२ गते गुल्मी जिल्ला घर भई ललितपुर उमनपा-१५ चापागाउँ दोबाटो बस्ने २४ वर्षीय लप्सन केसीले

बलात्कार गरेको आरोपमा पीडितले महानगरीय प्रहरी परिसर जावलाखेलमा असार १३ गते उजुरी दिइन्। उजुरीको आधारमा प्रहरीले आरोपितलाई असार १३ गते गिरफ्तार गऱ्यो। पीडितले पाटन अस्पतालमा असार १३ गते उपचार गराइन्। जिल्ला अदालत पाटनले आरोपितलाई पुर्पक्षका लागि ०६८ साउन ५ गते कारागार पठाउने आदेश गऱ्यो।

क्षेत्री समाजको कार्यकर्ताहरूबाट कुटपिट गरिएका पत्रकार अशोक दुलाल

घरेलु हिंसा

परिवारजनबाट हत्या

गोरखा जिल्ला बुङ्कोट गाविस आङ्ग्रीडाँडा घर भई ललितपुर उमनपा-१५ सातदोबाटोस्थित विलाशचोक डेरा गरी बस्ने ३७ वर्षीया लक्ष्मी गुरूङलाई घरायसी विवादको कारण ०६८ असोज ९ गते बिहान पति हस्तबहादुर गुरूङले कोठामै घाँटी थिचेर हत्या गरे। लासको सोही दिन पाटन अस्पतालमा पोर्स्टमार्टम भयो। प्रहरीले पीडकलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपितलाई जिल्ला अदालत ललितपुरको ०६८ असोज २९ गते आदेश अनुसार पुर्पक्षका लागि थुनामा छन्।

बहुविवाह

उदयपुर जिल्ला बेलटार गाविस-१ घर भई ललितपुर उमनपा-१३ कुसुन्ती बस्ने ३० वर्षीया राधा ताम्राकारका पति ३६ वर्षीय सागर ताम्राकारले सोही जिल्ला हटिया गाविस-५ की १९ वर्षीया तुलसा थापासँग दोस्रो विवाह गरेको आरोपमा जेठी पत्नीले महानगरीय प्रहरी परिसर जावलाखेलमा ०६७ फागुन ७ गते बहुविवाहको जाहेरी दिइन्। जाहेरीको आधारमा प्रहरीले दुवै जनालाई ०६७ फागुन ८ गते गिरफ्तार गरी बहुविवाहको मुद्दा चलायो। जिल्ला अदालत पाटनले ०६७ फागुन २६ गते सागरलाई कारागार पठाउने र तुलसालाई रिहा गर्ने आदेश दियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

विद्यार्थीबाट

चापागाउँ गाविस-८, उदयखर्कस्थित उदयखर्क माविमा ०६७ फागुन ९ गते टेस्ट परीक्षामा सबै विद्यार्थीलाई पास नगराएको भन्दै विद्यार्थीहरूले तोडफोड गरे। तोडफोडबाट विद्यालयको हाताभित्र रहेको पुस्तकालयको झ्यालका सिसाहरू फुटे।

स्थानीय बासिन्दाबाट

ललितपुर-१० कुपण्डोलकी २१ वर्षीया रोजी महर्जनको हत्यालाई लिएर पाटनका बासिन्दाले ०६८ साउन २७ गते बन्द तथा प्रदर्शनले पुल्चोक दमकल मोडमा बा. १ ज. मा ५८७७ नम्बरको माइक्रोबस, पाटनढोकामा बा. १ क. ३३९३ नम्बरको दुध बोक्ने गाडी, ग्वार्कोमा बा. ३६ प. ४९४१, पुल्चोकमा बा.३२प. ८४७४, लगनखेलमा बा.२८प. ९७६७, नख्खुमा बा.४२प. २०५६, ज्ञनोदय मोडमा बा.१७प. ३५९८, कुपण्डोलमा बा.३६प. ३०५१ नम्बरको मोटरसाइकल, जावलाखेलमा बा.१ज. ९०३६ नम्बरको माइक्रोबसमा तोडफोड गरे।

नेपाली काङ्ग्रेसबाट

नयाँ पत्रिका दैनिकको बा. ८ च. ३७१९ नम्बरको पिकअप भ्यानको सीसा ०६८ पुस ४ गते नेपाली काङ्ग्रसेका कार्यकर्ताले बन्दको अवज्ञा गरी चलाएको भन्दै तोडफोड गरे। काङ्ग्रेसले तरुण दल चितवनका अध्यक्ष शिव पौडेको हत्याको विरोधमा बन्द आयोजना गरेको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	११		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	२९		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	५	१
स्टाफ नर्स	४	४	
ल्याब असिस्टेन्ट	३	३	
अहेब	४५	४२	३
अनमी	२३	२३	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	१२	२
स्वास्थ्य कार्यकर्ता	७०	६६	४

२.१३ काभ्रे

जनसङ्ख्या : ३,८९,९५९
पुरूष : १,८६,५४४
महिला : २,०३,४१५
साक्षरता प्रतिशत : ७४
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : १,३९६
गाविस/नपा सङ्ख्या : ८७/३
सरकारी/निजी विद्यालय : ६८९/७१
क्याम्पस/उच्च मा.वि. : ७/७२
मानव विकास सूचकाङ्कः ०.५४३
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते
अज्ञात समूहबाट

सिन्धुपाल्चोक जिल्ला ठोकर्पा गाविस-२ घर भई पनौती नपा-२ धनेश्वरमा होटल व्यवसाय गर्दै आएकी ४५ वर्षीया इन्दिरा आचार्य ०६७ पुस २८ गते अपरिचित व्यक्तिको गोली प्रहारबाट घाइते भइन्। पीडितको सोही दिन शिर मेमोरियल अस्पताल बनेपामा उपचार भयो। बनेपा-पनौती सडकस्थित होटेलमा चुरोट किन्न भनी छिरेका एक युवकले गोली चलाउँदा आचार्यको बायाँ कुमको पछाडिबाट गोली छिरेर अगाडिबाट निस्किएको थियो। होटलको एउटा कुनामा बसेर खाना खाँदै गरेकी आचार्यले गोली प्रहार गर्ने व्यक्ति भागेपछि मात्र आफूलाई गोली लागेको थाहा पाएको बताइन्। मुखमा मास्क लगाएर आएकोले गोली प्रहार गर्नेलाई राम्ररी चिन्न नसकिएको पीडितले बताइन्। यस वर्षको अन्त्यसम्म पीडकको पहिचान हुन सकेको छैन।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ६१ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ७४ र कैद नतोकिएका ५७ कैदी र थुनुवा गरी जम्मा १ सय ३१ जना पुरुष बन्दीहरू रहेका छन्। यस कारागारमा भएको मृत्यु सङ्ख्या एक रहेको छ। यस कारागारमा महिला र बालबालिका राख्ने व्यवस्था छैन। कारागारलाई तीन भागमा विभाजन गरी बीचको भागमा गम्भीर स्थितिका मानसिक रोगीहरूलाई राखिने गरिन्छ। यस्ता मानसिक रोगीहरू अहिले ३३ जना छन्। कारागारमा चर्पीको मर्मत-सम्भार, भवनको जीर्णोद्धार र क्षमता बढाउनुपर्ने आवश्यकता छ।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

देवभूमिबालुवा गाविस-८ धुर्पुरा निवासी एकीकृत माओवादी जिल्ला सदस्य २६ वर्षीय अविरल भनिने सीताराम दाहाललाई माओवादी लडाकुका चार वटा शिविरका हतियार भण्डारण गरिएका कन्टेनरको साँचो ०६८ भदौ १५ गते विशेष समितिलाई बुझाइएको विरोधमा कार्यक्रमहरू तय गर्नेक्रममा एकीकृत माओवादीका ४ नम्बर क्षेत्रीय इन्चार्ज दीपेश भनिने नारायण बानियाँ र जिल्ला सदस्य विकास श्रेष्ठको नेतृत्वमा आएका करिब २ सय जनाको समूहले ०६८ भदौ १६ गते पाँचखाल गाविस-९ तीनपिप्लेमा कुटपिट गरी घाइते बनायो। घाइतेको सोही दिन काठमाडौँमा उपचार भयो। शिविरहरूमा राखिएका हतियार कन्टेनरको साँचो विशेष समितिलाई बुझाएको विरोधमा एकीकृत नेकपा माओवादी (वैद्य समूह) समर्थित सामना साँस्कृतिक परिवारद्वारा ०६८ भदौ १७ गते पाँचखालमा राखिएको जनसङ्गीत अभियान कार्यक्रमका विषयमा छलफल गर्न एकीकृत माओवादीका सभासद् तेजबहादुर मिजारसहितको समूह ०६८ भदौ १६ गते पाँचखाल पुगेका थिए।

अज्ञात समूहबाट

सर्स्युंखर्क गाविस-४ निवासी नमोबुद्ध सामुदायिक रेडियोका जनसम्पर्क अधिकृत २६ वर्षीय हिरामान लामालाई ०६७ फागुन १५ गते राति अज्ञात व्यक्तिहरूले अज्ञात नम्बरबाट मोबाइलमा फोन गरी रेडियोमा सञ्चालित 'जनतासँग रेडियो नमोबुद्ध' कार्यक्रम बन्द गर्न धम्की आएको पीडितले बताए। उक्त दिन धुलिखेलस्थित जिल्ला विकास समितिको

सभाकक्षमा शान्ति समितिको प्रभावकारिताका विषयमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको थियो।

अन्यबाट

ढुङ्खर्क गाविस-१ दमार निवासी आवेग साप्ताहिकका कार्यकारी सम्पादक २५ वर्षीय विकास आचार्यलाई नगरपालिकाको ढल प्रशोधनका विषयमा समाचार प्रकाशन/प्रशारण गरेको आरोपमा ०६८ असार १३ गते बनेपा नपाका तत्कालीन कार्यकारी अधिकृत आशमान तामाङलगायतले दुर्व्यवहार गरेको भनी सञ्चारसम्बन्धी संस्थाहरूले प्रेस विज्ञप्तिमार्फत आपत्ति जनाए। एबीसी टेलिभिजनका काभ्रे संवाददाता समेत रहेका आचार्यले टेलिभिजनको बिग अप्रेसन न्यूजमा चौकोटमा निर्माण कार्य सम्पन्न भयो भनिएको ढल प्रशोधन केन्द्रको अवस्थाका विषयमा समाचार प्रशारण गरेका थिए। जिल्लाबाट प्रकाशित हुने आवेग साप्ताहिकको दुई ओटा अङ्कमा पनि उक्त विषयमा समाचार छापिएको थियो।

अज्ञात समूहद्वारा गोली प्रहार गरी घाइते बनाइएकी इन्दिरा आचार्य

नयाँगाउँ गाविस-९ निवासी एमालेका जिल्ला सचिव टोकबहादुर लामा, फलामेटार गाविस-१ निवासी ३४ वर्षीय एकीकृत नेकपा माओवादी सहायक इन्चार्ज इन्द्रबहादुर थिङ, नासिका साँगा निवासी नेमकिपाका राजेन्द्र श्रेष्ठ, शिखरआम्बोटे गाविस-३ निवासी राप्रपाका टुल्कु लामा, महादेबस्थान गाविस निवासी नेपाली काङ्ग्रेसका अच्युत पौडेल, सङ्खुवासभा खाँदवारी घर भई जिविस काभ्रेका तत्कालीन योजना अधिकृत मोहन अधिकारी, सहायक इन्जिनियर दिनेश प्रधान, जीपका चालक सूर्यबहादुर तामाङ, उपभोक्ता समितिका सदस्य ज्ञानमान लामा र सुजन तामाङ सम्मिलित टोलीलाई ०६७ चैत १ गतेदेखि अवरुद्ध कटुञ्जे-बुढाखानी सडक खुलाउने उद्देश्य लिएर ०६७ चैत १६ गते कटुञ्जेवेशी गएको अवस्थामा स्थानीय बासिन्दाले जीपको हावा खुस्काएर गाडी बाहिर निकाली लाठी र लात्ती प्रहार गरेर कुटपिट गरे। घाइतेहरूको सोही दिन स्थानीय अस्पतालमा उपचार भयो। अवरुद्ध सडक ०६७ चैत ३० गते बसेको सर्वपक्षीय भेलापछि खुल्यो।

महादेवस्थान गाविस-४ घर भई चण्डेनी मण्डन गाविसका सचिव ५० वर्षीय विष्णुबहादुर विष्ट र चण्डेनीमण्डन गाविस-१ घरभएका ४० वर्षीय सोही गाविसका प्राविधिक सहायक राजु नेपाललाई चण्डेनीमण्डन गाविस-६ स्थित उमा सह-शिक्षालयमा मतदाता नामावली सङ्कलनको काम सकेर फर्किदै गर्दा ०६७ फागुन १० गते स्थानीयले मतदाता नामावली सङ्कलनको काम नसकिदै फर्किएको भनी कुटपिट गरी घाइते बनाए। घाइतेहरूको सोही दिन राति धुलिखेल अस्पतालमा उपचार भयो। घटनामा संलग्न चण्डेनी गाविस-६ निवासी चिनबहादुर तामाङ र सोही ठाँउका विरस तामाङलाई ०६७ फागुन २५ गते प्रहरीले गिरफ्तार गरी केही सार्वजनिक अपराधअर्न्तगत मुद्दा चलाएकोमा ०६८ भदौ १५ गते १ हजार रुपियाँ धरौटी राखी रिहा भए। घटनामा संलग्न अन्य १० जना भने फरार भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६ सय ४६ मध्ये २ सय ५९ फैसला भए भने ३ सय ८७ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७ सय २१ मध्ये २ सय ५९ फैसला भए भने ४ सय ६२ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३२ र देवानी मुद्दा ७० रहे।

०६८ साउनदेखि पुस १६ सम्म

दुई जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ५ सय १४ मध्ये ७३ फैसला भए भने ४ सय ४१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ८० मध्ये ९३ फैसला भए भने ४ सय ८७ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ४९ र देवानी मुद्दा ८४ रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ३२ छ जसमध्ये ८८ सफल भए भने १८ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या १८ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या ३४ रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १ सय २६ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			३		३
बालअधिकार			६		६
अपहरण			१	१	३
महिलाअधिकार			४		४
भेला/सङ्गठित हुने अधिकार	१	१			
कुटपिट				४	४
धम्की				३	३
हत्या			७	६	१३
जम्मा	**१**	**१**	**३०**	**१३**	**३३**

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २५ मध्ये पाँच सफल र पाँच असफल रह्यो भने १५ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा १४ मध्ये चार सफल र तीन असफल रह्यो भने सात फैसला हुन बाँकी रह्यो। बोक्सीको आरोपसम्बन्धी मुद्दा एकमध्ये एक सफल रह्यो। अपहरणसम्बन्धी मुद्दा पाँचमध्ये दुई सफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा पाँचमध्ये दुई सफल र दुई असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख २९ हजार ३ सय ७५ मध्ये छात्र ६३ हजार २ सय ८७ र छात्रा ६६ हजार ८८ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ हजार ५ सय २९ र पुरुष २ हजार ७२ गरी जम्मा ३ हजार ६ सय १ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ३ सय २९ र पुरुष ७ सय ६८ गरी जम्मा १ हजार ९७ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १ सय १८ र पुरुष ८ सय ३९ गरी जम्मा ९ सय ५७ शिक्षक रहेका छन्।

हत्या

महादेवस्थान गाविस-१ डाँडागाउँकी १० वर्षीया हिरामाया राई (दनुवार)लाई छिमेकीको घरमा पुगेको अवस्थामा पटुकीले कसेर ०६७ फागुन २१ गते राति कुटपिट गरी हत्या गरेको आरोपमा सोही ठाउँका ४७ वर्षीया कान्छी राई र उनकै छोरी १८ वर्षीया मन्जु राईलाई प्रहरीले गिरफ्तार गऱ्यो। मृतकका बाबु रत्नबहादुरको राई दनुवारको किटानी जाहेरीका आधारमा ०६७ चैत १ गते आरोपितहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा ०६७ चैत १८ गते काभ्रे जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ। मृतक बालिका चण्डेनी माबि जैशीथोकको कक्षा १ मा अध्ययनरत थिइन्।

परिवारजनबाट हत्या

सिरहा जिल्ला विष्णुपुरकट्टी गाविस-७ घर भई उग्रतारा जनागाल गाविस-१ मा डेरा गरी बस्दै आएकी ३५ वर्षीया शान्तिदेवी यादवले ०६८ मङ्सिर २० गते सामान्य घरविवादका कारण छोरीहरू १३ वर्षीया प्रियङ्का यादव र ९ वर्षीया अस्मिता यादवलाई खानामा सेलफस नामक विषादी राखी खुवाएर हत्या गरिन्। बालबच्चाको राम्ररी स्याहारसुसार गर्न नसकिएको पीडामा आफूले पनि विष खाएर मर्ने प्रयास गरेको भएपनि आफू भने बाँचेको शान्तिदेवीले बताइन्। पति लालबाबु यादवसँगै जनागालमा रहेको मायोज कारखानामा काम गर्ने शान्तिदेवीलाई बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार गरी प्रहरी हिरासतमा लिइएको छ। मृतकहरू बनेपास्थित समता शिक्षा निकेतनमा अध्ययनरत् थिए।

अपहरण

बनेपा नपा-४ नयाँबस्तीका १४ वर्षीय सुदीप हुमागाई ट्यूसन पढ्न बनेपाबजारतिर आइरहेको अवस्थामा ०६७ फागुन ७ गते साँझ रामेछाप जिल्ला खाडाँदेवी गाविस-२ का २१ वर्षीय ज्वाला भनिने रविलाल तामाङ र सोही ठाउँका १९ वर्षीय साइला भनिने यमबहादुर योञ्जन, काभ्रे, गोकुले गाविस-७ का २४ वर्षीय नेवाङ योञ्जन र सोही ठाउँका १७ वर्षीय विकास योञ्जनले अपहरण गरेकोमा ०६७ फागुन ११ गते साँझ मुक्त गरे। पीडकहरूलाई ०६७ फागुन १२ गते प्रहरीले गिरफ्तार गरी मानव अपहरण तथा शरीर बन्धक मुद्दा चलायो। काभ्रे जिल्ला अदालतको आदेशमा ०६७ चैत ८ गते गिरफ्तारी भएका सबैलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। पीडित काठमाडौं

विश्वविद्यालय उच्च मावि‍मा १० कक्षामा अध्ययनरत् थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सापिङ गावि‍स-९ की १३ वर्षीया एक बालिकालाई काठमाडौँबाट दाजुहरूले सामान पठाएकाले टारसम्म सामान लिन जाउँ भनी झुक्याएर भुम्लुटार गावि‍स-९ का २० वर्षीय सञ्जय तामाङ स्याङतानले ०६७ पुस १७ गते बलात्कार गरेको आरोपमा स्थानीयहरूको सहयोगमा पीडितका आफन्तले ०६७ पुस २० गते जिल्ला प्रहरी कार्यालय काभ्रेमा जाहेरी दिए। जिल्ला सरकारी न्यायाधीवक्ताको कार्यालयले ०६७ माघ ११ गते जिल्ला अदालतमा अभियोग पत्र दर्ता गरेकोमा सोही दिन अदालतले बलात्कार गर्न सहयोग गरेको आरोपमा पीडकको मामा २८ वर्षीय कुमार भनिने रत्नबहादुर लामासहित दुवैलाई पुर्पक्षका लागि थुनामा पठायो।

मकवानपुर जिल्ला रातमाटे गावि‍स-६ घर भई बनेपामा डेरा गरी बस्ने १२ वर्षीया एक बालिकालाई ०६७ चैत ११ गते भक्तपुर नपा-१० घर भई बनेपा नपा-११ बुडोलमा डेरा गरी बस्ने ६० वर्षीय हरिकृष्ण श्रेष्ठले बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६७ चैत २० गते प्रहरीमा दिएको उजुरीको आधारमा आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित ०६८ वैशाख १५ गते जिल्ला अदालतको आदेशअनुसार पुर्पक्षका लागि थुनामा छन्।

बनखु गावि‍स-८ की १२ वर्षीया बालिकालाई ०६७ चैत १४ गते दिउँसो बनखु गावि‍स-८ का ३२ वर्षीय धनबहादुर श्रेष्ठले बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६७ चैत २१ गते प्रहरीमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०६८ असार १२ गते गिरफ्तार गऱ्यो। आरोपितलाई जिल्ला अदालतको आदेशमा असार १२ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

महादेवस्थान गावि‍स-९ की ११ वर्षीया बालिकालाई ०६८ वैशाख २६ गते तिर्खा लागेर पानी खान गएको अवस्थामा सिन्धुपाल्चोक जिल्ला बाह्रबीसे गावि‍समा घर भई सोही ठाउँ बस्ने ६६ वर्षीय रुद्रबहादुर मिजारले बलात्कार गरेको आरोपमा पीडित परिवारले प्रहरीमा उजुरी दियो। प्रहरीले ०६८ असार ६ गते मिजारलाई गिरफ्तार गऱ्यो। पीडितको ०६८ वैशाख २९ गते काठमाडौँस्थित प्रसुति गृहमा स्वास्थ्य जाँच गरिएको थियो। अदालतको ०६८ वैशाख ३० गतेको आदेशमा आरोपित हाल पुर्पक्षका लागि थुनामा छन्।

अपहरण गरिएका सुदीप हुमागाईं

महाङ्कालचौर गावि‍स-२ की ९ वर्षीया बालिकालाई ०६८ साउन ५ गते विहान सोही ठाउँका २० वर्षीय सुदाश वाइवाले पानी थाप्न पँधेरोमा गएको अवस्थामा काँधमा हाली मकै‍बारीमा लगेर बलात्कारको प्रयास गरेको आरोपमा पीडितको बाबुले ०६८ साउन ९ गते प्रहरीमा उजुरी दिए। आरोपितलाई ०६८ साउन १६ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशअनुसार ०६८ भदौ ४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

धुलिखेल नपा-१ पकुचाकी ४० वर्षीया बोल्न नसक्ने महिलालाई ०६८ साउन २८ गते धुलिखेल नपा-५ का ४३ वर्षीय रामेश्वर श्रेष्ठले आफ्नै कामना लजमा लगेर बलात्कार गरेको आरोपमा ०६८ साउन ३० गते पीडितका परिवारले प्रहरीमा उजुरी दियो। आरोपित श्रेष्ठलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडतको स्वास्थ्य परीक्षण ०६८ भदौ ५ गते प्रसुति गृह थापाथलीमा भएको थियो। जिल्ला अदालत काभ्रेको ०६८ भदौ २१ गतेको आदेशअनुसार आरोपित पुर्पक्षका लागि धुलिखेल कागारमा थुनामा छन्।

सरमथली गावि‍स-२ सल्थनीडाँडाकी १८ वर्षीया एक महिलालाई ०६८ वैशाख ५ गते राति सोही ठाउँका २६ वर्षीय राजु तामाङले बलात्कार गरेको आरोपमा पीडितले प्रहरीमा ०६८ वैशाख ६ गते उजुरी गरिन्। आरोपित तामाङलाई ०६८ वैशाख १९ गते जिल्ला अदालत काभ्रेले पक्राउ पूर्जी जारी गरेको छ।

घरेलु हिंसा

भुम्लुसल्ले गावि‍स-२ की ८७ वर्षीया कान्छीमाया तामाङलाई सर्धैं करकर गर्ने गरेको भनी ०६८ असोज ५ गते उनकी बुहारी ५४ वर्षीया देवीमाया तामाङले मुखमा मुक्का र लाठी प्रहार गरेका कारण ०६८ असोज ७ गते घरमा नै मृत्यु भयो। पीडकको पति रामबहादुर तामाङले ०६८ असोज ९ गते दिएको जाहेरीका आधारमा प्रहरीले

देवीमायालाई गिरफ्तार गऱ्यो। जिल्ला अदालत काभ्रेको ०६८ कात्तिक ३ गतेको आदेशअनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्।

बहुविवाह

टुकुचा नाला गाविस-८ माइतीघरमा रहेकी ३० वर्षीया मैया महतले आफू हुँदाहुँदै पनौती नपा-१ चौकोटका ३० वर्षीय पति राजन महतले २० वर्षीया स्वस्थानी खत्रीसँग दोस्रो विवाह गरेको भनी ०६८ असोज १५ गते इलाका प्रहरी कार्यालय बनेपामा मुद्दा दर्ता गरिन्। जिल्ला अदालतको ०६८ कात्तिक २४ गते आदेशअनुसार ४० हजार रुपियाँ धरौटी राखी उनी रिहा भए।

कात्तिकेदेराली गाविस-४ की २४ वर्षीया सङ्गीता खत्री गिरीले पति कृष्णराज गिरीले आफू हुँदाहुँदै २५ वर्षीया अर्पना खकुरेलसँग दोस्रो विवाह गरेको भनी ०६८ साउन ६ गते प्रहरीमा उजुरी गरिन्। प्रहरीले सोही दिन कृष्णराजलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ साउन २९ गतेको आदेशअनुसार १५ हजार रुपियाँ धरौटी राखी उनी रिहा भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

जिल्लाको होक्से, पाँचखाल, बालुवा र साठीघर भगवतीलगायतका गाविसबाट ९७ जनाले भारतका विभिन्न अस्पतालमा गई मृगौला बेच्ने गरेको पाइएको छ। होक्से गाविस-१ का रामकुमार ठकुरीका परिवारका सात जनाले मृगौला बेचेको बताए। गरीब परिवारलाई धेरै पैसा दिने प्रलोभन दिएर दलालहरूले मृगौला झिकी रित्तो हात फर्काएको पनि पाइएको छ। आर्थिक विपन्नताका कारण मृगौला बेचे पनि यस क्षेत्रका गरीबहरूको जीवनमा सुधार आएको छैन।

ताम्सालिङ बन्दका क्रममा बन्दकर्ताले जलाएको कन्टेनर भ्यान

संरचना, सम्पति क्षति

ताम्सालिङ नेपाल राष्ट्रिय दलबाट

ताम्सालिङ नेपाल राष्ट्रिय दलले स्वायत्त ताम्सालिङ राज्यको माग गर्दै आह्वान गरेको बन्दको अवज्ञा गरेको भन्दै काठमाडौँबाट तातोपानीतर्फ गइरहेको वा.१ख. ९२२६ नम्बरको मिनी कन्टेनरका चालक सुरेन्द्र बलामी र सहचालक सूर्यमान बलामीलाई ०६८ भदौ ११ गते विहान गाडीबाट निकालेर १०/१२ जनाको सङ्ख्यामा आएका कार्यकर्ताले बनेपा नपा-११ बुडोलमा कन्टेनर जलाए। आगजनीबाट बसको अघिल्लो भाग जलेर नष्ट भयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१४		
उपस्वास्थ्यचौकी	८०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	७	६	१
स्टाफ नर्स	१०	९	१
ल्याब असिस्टेन्ट	४	३	१
अहेब	१८८	१४३	४५
अनमी	१०७	९२	१५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२४	१५	९

मेथिनकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयामा स्तरोन्नती गरी अस्पताल बनाइएको छ। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार सन् २०११ मा काभ्रे जिल्लाका १ सय ३८ जना विपन्न नागरिकलाई सरकारले तोकेका अस्पतालमा नि:शुल्क उपचारका लागि सिफारिस गरियो। सशस्त्र द्वन्द्वकाक्रममा क्षति भएका घर्तीछाप र सल्ले उपस्वास्थ्य चौकी पुननिर्माण भएको छ। यस जिल्लाका ३२ ओटा स्वास्थ्य संस्थामा २४ घन्टा नि:शुल्क प्रसुति सेवा प्रदान गरिएको छ। तर, स्वास्थ्य कार्यालयले दिने सेवाका विषयमा जनचेतनाको आवश्यकता देखिन्छ।

विगतको अनुगमन

ओसारपसार

बनेपा नपा-३ तीनधाराकी १९ वर्षीया महिलालाई काममा लगाईदिने प्रलोभनमा भारतको मोदिनीपुरमा लगी बिक्री गर्ने मकवानपुर हर्नामडी गाविस-८ घर भई धुलिखेल नपा-५ मा डेरा गरी बस्ने २४ वर्षीय केशव श्रेष्ठलाई ०६७ चैत २२ गते काभ्रे जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखियो। पीडितलाई ०६४ वैशाख २१ गते फकाएर कोलकत्तास्थित मोदिनीपुरको एक वेश्यालयमा ५० हजार रुपियाँमा बिक्री गरिएको पीडितको भनाइ छ। वेश्यालयको पछाडिको ढोकाबाट भागेर नेपाली महावाणिज्यदूत कार्यालय पुगेकी उनलाई जिल्ला प्रशासन कार्यालय वीरगञ्जले बुझेर ०६४ असार २४ गते माइती नेपाललाई बुझायो। पीडितको उजुरीको आधारमा ०६७ फागुन २८ गते श्रेष्ठलाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला सरकारी वकिलको कार्यालयले ०६७ चैत २२ गते अदालतमा अभियोग दर्ता गराएपछि हाल पुर्पक्षका लागि धुलिखेल कारागारमा राखिएको छ। पीडित परिवारले आफ्नो छोरी बेचिएको भनी ०६४ साउन ७ गते प्रहरीमा जाहेरी दिएको थियो।

२.१४ भक्तपुर

जनसङ्ख्या :	३,०३,०२७
पुरूष :	१,५४,००६
महिला :	१,४९,०२१
साक्षरता प्रतिशत :	८९
महिला साक्षरता प्रतिशत :	५७
क्षेत्रफल (वर्ग कि. मि.) :	११९
गाविस/नपा सङ्ख्या :	१६/२
सरकारी/निजी विद्यालय :	३३८/१३३
क्याम्पस/उच्च मा.वि. :	१०/३५
मानव विकास सूचकाङ्कः	०.५९५
प्रतिपरिवार सरदर सङ्ख्याः	४.१५

जेल र बन्दीहरू

भक्तपुर जिल्लाको मध्यपुर थिमी नपा-१७ सानोथिमीमा रहेको युसेप नेपालको सहयोगमा निर्मित बाल सुधारगृहमा देशभर अपराधमा संलग्न भएका भनी अदालतले पुर्पक्षमा थुनामा राख्न आदेश दिएका १ सय १० जना बालबालिका रहेका छन्। उक्त बाल सुधारगृहको (क) भवनमा ७७ जना र (ख) भवनमा ३३ जना बालबालिका बन्दी राखिएको छ। जसमा कैद तोकिएका ८१ र कैद नतोकिएका २९ जनामा चार जना बालिका रहेको बाल सुधार गृहले जनायो।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

कटुन्जे गाविस-८ सूर्यविनायकमा घर भई भक्तपुर नपा-४ कमलविनायक डेरा बस्ने तमू राज्य मुक्ति मोर्चाको केन्द्रीय सदस्य तथा एकीकृत माओवादी भक्तपुर जिल्ला कमिटी सदस्य २४ वर्षीय देवराज गुरुङ, चितवन जिल्ला घर भई भक्तपुर डेरा बस्ने अखिल नेपाल ट्रेड युनियन महासङ्घ भक्तपुर जिल्ला कार्यालय सचिव तथा एमाओवादी भक्तपुर जिल्ला कमिटी सदस्य ३० वर्षीय राजकुमार तिमल्सिना, भक्तपुर जिल्लाका अखिल नेपाल अटो मेकानिक्स मजदुर सङ्घका सदस्य २५ वर्षीय सुन्दर श्रेष्ठलाई ०६७ चैत १४ गते अखिल नेपाल ट्रेड युनियन महासङ्घ आबद्ध मजदुर सिपाडोल गाविस-४ निवासी ४० वर्षीय सानुकान्छा मगरलगायतका ४०/५० जना एकीकृत माओवादी पार्टी सदस्य तथा मजदुर सङ्गठनका सदस्यहरूले कुटपिट गरे। घाइतेहरूको भक्तपुर नपा-१७ सल्लाघारीस्थित डा. युवामुरा अस्पताल र काठमाडौंको सिनामङ्गलस्थित केएमसी अस्पतालमा उपचार भयो। कुटपिटमा संलग्न १२ जनालाई एकीकृत माओवादी पार्टीले कारबाही गरेको माओवादी भक्तपुर जिल्ला सह-इन्चार्ज देवेन्द्र श्रेष्ठले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय १६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय ६९ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

दुई जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय २८ मध्ये १ सय ३ फैसला भए भने ३ सय २५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८ सय ७१ मध्ये २ सय २४ फैसला भए भने ६ सय ४७ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ५० छ जसमध्ये १ सय ९९ सफल भए भने २८ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या २८ पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म २३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १५ मध्ये सात सफल र छ असफल रह्यो भने दुई फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा १२ मध्ये तीन सफल रह्यो भने नौ फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा चारमध्ये एक सफल र तीन असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा तीनमध्ये तीन असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा दुईमध्ये दुई सफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २४ हजार १ सय ७२ मध्ये छात्र १० हजार ९ सय ९५ र छात्रा १३ हजार १ सय ७७ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार २ सय ६० र छात्र १ हजार ७१ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय ४८ र पुरुष ५ सय २५ गरी जम्मा ८ सय ७३ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ५२ र पुरुष १ सय ५४ गरी जम्मा २ सय ६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला २२ र पुरुष १ सय ५५ गरी जम्मा १ सय ७७ शिक्षक रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सिन्धुपाल्चोक जिल्ला बरामचीं गाविस-८ घरभई भक्तपुर नपा-४ कमलविनायक डेरा बस्ने १७ वर्षीया एक बालिकालाई चोरीको आरोपमा प्रहरी हिरासतमा रहेको अवस्थामा महानगरीय प्रहरी परिसर भक्तपुरका डिएसपी भेषराज श्रेष्ठले ०६८ साउन २२ गते राति सोधपुछ गर्नु छ भनी आफ्नै कार्यकक्षमा बोलाएर यौनदुर्व्यवहार गरेको पीडितले आरोप लगाइन्। चोरीको आरोप लागेकी पीडितलाई डिएसपी श्रेष्ठले राति केरकार छ भनी आफनो कार्यकक्षमा लगेर यौनदुर्व्यवहार गरेका थिए।

प्रहरी प्रधान कार्यालयले प्रहरी हिरासतमा रहेकी युवतीमाथि यौनदुर्व्यवहार गरेको आरोपमा डीएसपी भेषराज श्रेष्ठलाई महानगरीय प्रहरी आयुक्तको कार्यालय काठमाडौँ सरुवा गरी घटनाको छानबिनको लागि एसएसपी माधव नेपालको अध्यक्षमा समिति गठन गऱ्यो। प्रहरीको छानबिन समिति, महिला आयोग, संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको प्रतिनिधिलगायतले घटनाको अनुगमन गरेका थिए। बागेश्वरी गाविस-२ खरिपाटीस्थित कालीका दूधडेरीमा तीन जनाको समूहले ०६८ साउन ४ गते राति चोरी गरेको आरोपमा पीडित युवती र उनका सहयोगी गिरफ्तार परेका थिए। गिरफ्तार उनीहरूलाई ०६८ साउन १६ गते गतेदेखि अदालतबाट म्याद थप गराई कारबाहीको लागि प्रहरी हिरासतमा राखिएको थियो। चोरीको आरोप लागेकी पीडित ०६८ साउन २६ गते जिल्ला अदालत भक्तपुरको आदेशमा धरौटीमा रिहा भइन्। पीडितले डिएसपीविरुद्ध कतै पनि जाहेरी दिइनन्।

कटुञ्जे गाविस-६ निवासी १४ वर्षीया बालिकालाई ०६७ चैत ५ गते काभ्रेपलाञ्चोक जिल्लाको भूमेडाँडा गाविस-६ का २१ वर्षीय विजय सुनार, सोही ठाउँका १९ वर्षीय रामहरि सुनार, २२ वर्षीय सजीव विकले भक्तपुर नपा-१५ इन्द्रेणीमा सामूहिक बलात्कार गरेको अरोपमा आरोपित तीनैजनालाई ०६७ चैत १३ गते महानगरीय प्रहरी परिसर भक्तपुरले गिरफ्तार गरी मुद्दा चलायो। आरोपित सबैलाई ०६७ चैत ३० गते जिल्ला अदालत भक्तपुरले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

कटुन्जे गाविस-६ पाण्डुबजार डेरा गरी बस्ने १६ वर्षीया बालिकालाई ०६८ साउन १० गते भोजपुर जिल्ला भोजपुर गाविस-३ घर भई भक्तपुर नपा-१५ डेरा गरी बस्ने ३५ वर्षीय मनोज राईले आफ्नो कोठामा लगेर बलात्कार गरेको अरोपमा महानगरीय प्रहरी परिसर भक्तपुरले ०६८ साउन १८ गते मनोज राई र सहयोगी भूमिका निर्वाह गर्ने अन्य दुई जना आरोपितलाई गिरफ्तार गऱ्यो। पीडित बालिकालाई

बलात्कार गरेको जाहेरी पीडितका आफन्तले ०६८ साउन ११ गते महानगरी प्रहरी परिसर भक्तपुरमा दिएका थिए। आरोपितहरू मनोज राई र बलात्कारको घटनाका सहयोगी भोजपुर जिल्लाको भोजपुर गाविस-४ घर भई भनपा-१५ डेरा गरी बस्ने १९ वर्षीया शान्ति तामाङ बल र सोही ठाउँका ३६ वर्षीय सौजन बललाई ०६८ साउन १६ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत भक्तपुरको आदेशबमोजिम ०६८ भदौ ७ गते आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।

काभ्रेपलाञ्चोक जिल्ला सिपाली चिलाउने गाविस-५ घर भई भनपा -१७ सल्लाघारी डेरा गरी बस्ने १७ वर्षीया बालिकालाई ०६८ साउन ३० गते काभ्रेपलाञ्चोक जिल्लाको बुढाखानी गाविस-१ घर भई भक्तपुर नपा-१७ सल्लाघारी डेरामा बस्ने २१ वर्षीय कुमार लामाले बलात्कार गरेको आरोपमा पीडितका बाबु कामीसिंह तामाङले ०६८ साउन ३१ गते महानगरीय प्रहरी परिसर भक्तपुरमा जाहेरी दिए। पीडितको स्वास्थ्य परीक्षण काठमाडौस्थित प्रसुती गृह थापाथलीमा भएको थियो। आरोपी तामाङलाई ०६८ साउन ३१ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपी तामाङलाई ०६८ भदौ २४ गते जिल्ला अदालत भक्तपुरले पुर्पक्षका लागि थुनामा राखी कारबाही चलाउने आदेश दियो।

ललितपुर जिल्ला लामाटार गाविस-५ घर भई काठमाडौं बसुन्धारा डेरा गरी बस्ने १९ वर्षीया महिलालाई ०६८ साउन १८ गते गाती गाविस-५ घर भई भक्तपुर डेरा गरी बस्ने मिनीबस चालक सुवास तामाङ र पेम्बा तामाङले बलात्कार गरेको आरोपमा सुवास तामाङलाई ०६८ साउन २० गते महानगरीय प्रहरी परिसर भक्तपुरले गिरफ्तार गऱ्यो भने अर्का आरोपी पेम्बा तामाङ यो वर्षको अन्त्यसम्म फरार छन्। बा.१ ख ३८९७ नंको मिनीबसमा मध्यपुर थिमी नपा-७ बहाखा बजारबाट पीडित महिला भक्तपुर जाने क्रममा चालक र सहचालकहरूले भक्तपुरको कटुञ्जे गाविस-८ मा लगेर बलात्कार गरेको आरोपमा पीडितले कारबाहीको लागि ०६८ साउन २० गते महानगरीय प्रहरी परिसर भक्तपुरमा जाहेरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण प्रसुती गृह थापाथलीमा भएको थियो। आरोपी सुवास तामाङ ०६८ भदौ १४ गते जिल्ला अदालत भक्तपुरको आदेशले पुर्पक्षका लागि काठमाडौंस्थित कारागारमा थुनामा छन्।

घटनाको प्रकार	गैरराज्यबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	७		७
महिलाअधिकार	३		३
जातीय विभेद	१	१	२
कुटपिट	१	३	४
धम्की	१		१
हत्या		२	२
जम्मा	**१३**	**६**	**१९**

सबै प्रकारका जातीय विभेद

चितपोल गाविस-९ बस्ने सागर परियार र सोही ठाउँकी सङ्गीता थापालाई अर्न्तजातीय विवाह गरेको आरोपमा स्थानीय बासिन्दाले गाउँमा जोन रोक लगाएको अन्तरजातीय विवाह संरक्षण समाज नेपालले ०६७ माघ १२ गते पत्रकार सम्मेलनको आयोजना गरी जनायो। सागर र सङ्गीताबीच ०६६ भदौमा अन्तरजातीय विवाह भई ०६७ पुस २८ गते सम्बन्धित गाविसमा विधिवत रूपमा विवाह दर्ता गरेका थिए। सङ्गीताले दलित परिवारमा अन्तरजातीय विवाह गरेको आरोपमा माइतीपक्षका सुमन थापा र सविन थापाले सागरका परिवारलाई दुर्व्यवहार गर्दै भौतिक आक्रमण समेत गरेको समाजद्वारा माघ १२ गते जारी विज्ञप्तिमा उल्लेख छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	७		
उपस्वास्थ्यचौकी	१२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१०	७	३
स्टाफ नर्स	२३	१९	४
ल्याब असिस्टेन्ट	२	२	
अहेब	२९	२८	१
अनमी	२१	२१	
हेल्थ असिस्टेन्ट	१२	१२	
स्वास्थ्य कार्यकर्ता	३३	३३	

२.१५ काठमाडौँ

जनसङ्ख्या	१७,४०,९७७
पुरूष	९,०९,७८६
महिला	८,३१,१९१
साक्षरता प्रतिशत	७८
महिला साक्षरता प्रतिशत	६०
क्षेत्रफल (वर्ग कि. मि.)	३९५
गाविस/नपा सङ्ख्या	५७/२
सरकारी/निजी विद्यालय	९४५/१,०७५
क्याम्पस/उच्च मा.वि.	१२१/२५१
मानव विकास सूचकाङ्कः	०.६०३
प्रतिपरिवार सरदर सङ्ख्याः	३.७१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

सुनसरी जिल्ला भोक्राहा गाविस-२ घरभई काठमाडौं मनपा-२९ नयाँबजार खुशीबू टाउन प्लानिङ्ग बस्ने इस्लामिक सङ्घका महासचिव ४२ वर्षीय फैजान अहमदको ०६८ असोज ९ गते दिउँसो जामे मस्जिदमा प्रार्थना सकेर कार्यालयतर्फ फर्कदै गर्दा घण्टाघरस्थित त्रिचन्द्र कलेज अगाडि अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। छाती, टाउको, हात र खुट्टामा गोली लागेर घाइते भएका अहमदलाई उपचारका लागि वीर अस्पताल लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो। दुई जनाको सङ्ख्यामा रहेका अज्ञात व्यक्तिले गोली प्रहार गरी भागेको स्थानीय प्रत्यक्षदर्शीको भनाइअनुसार प्रहरीले उनीहरूको स्केच तयार पारे पनि हत्याराहरूलाई गिरफ्तार गर्न सकेको छैन। घटनाको अनुसन्धानका लागि सरकारले जाँचबुझ समिति गठन गरे पनि पीडित परिवार र मुस्लिम समुदायले विरोध गरेपछि सरकारले ०६८ असोज २६ गते सर्वोच्च अदालतका पूर्व न्यायाधीश राजेन्द्रकुमार भण्डारीको संयोजकत्वमा तीन सदस्य उच्चस्तरीय छानबिन आयोग गठन गऱ्यो। आयोगमा नायब महान्यायाधिवक्ता प्रेमराज कार्की र प्रहरी अतिरिक्त महानिरीक्षक नरेश गुरुङ सदस्य रहेका थिए। आयोगले यो वर्षको अन्त्यसम्म प्रतिवेदन बुझाएन। पीडित परिवारलाई सरकारले १० लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गरायो।

गोली/विस्फोटक पदार्थबाट घाइते

अज्ञात समूहबाट

नेपालस्थित पाकिस्तानी दूतावासको भीसा शाखामा कार्यरत ३७ वर्षीय मोहबुब आशिकलाई ०६८ वैशाख १ गते काठमाडौंको बसुन्धरास्थित पुलनजिकै अज्ञात समूहले गोली हानी घाइते बनायो। मोटरसाइकलमा गइरहेको आशिकलाई पिछा गर्दै आएका दुई अपरिचित व्यक्तिले उनलाई गोली प्रहार गरेर भागेका थिए। पेट र दाहिने हातमा गोली लागेर घाइते भएका पीडितको महराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचार भएको थियो। गोली हान्ने व्यक्तिहरू घाइते आशिककै मोटरसाइकल चढेर भागे पनि महराजगञ्जस्थित कान्ति बाल अस्पतालनजिकै उक्त मोटरसाइकल छाडेर भागेको प्रहरीले जनायो।

रौतहट जिल्ला विश्रामपुर गाविसका ३० वर्षीय सुरेन्द्र साह कानूलाई ०६७ माघ ५ गते बिहान मूलपानी गाविसको भवननजिकै समान बेचिरहेको बेला रातो रङ्गको मोटरसाइकलमा मास्क लगाएर आएका दुई जनाको अज्ञात समूहले कटुवा पेस्तोलले गोली हानी घाइते बनायो। दाहिने कुहिनामा गोली लागेर घाइते भएका कानूको नेपाल मेडिकल कलेज जोरपाटीमा उपचार भएको थियो। घटनामा संलग्नको खोजी जारी रहेको प्रहरीले जनाए पनि यो वर्षको अन्त्यसम्म कसैलाई गिरफ्तार गर्न सकेन।

गुल्मी जिल्ला दोहली गाविस-३ घरभई काठमाडौं मनपा-२९ सामाखुशी टाउनप्लानिङ्ग निवासी एमाले केन्द्रीय सदस्य तथा पूर्व उर्जामन्त्री ४४ वर्षीय गोकर्ण विष्टलाई ०६७ चैत २८ गते साँझ मोबाइलमा कुरा गर्दै घरबाट बाहिर निस्किएका बेला चार जनाको सङ्ख्यामा आएको अज्ञात समूहले खुकुरी प्रहार गरी घाइते बनायो। खुकुरी प्रहारबाट विष्टको बायाँ हत्केला काटिएको थियो भने टाउकोमा गम्भीर चोट लागेको थियो। खुकुरी प्रहारबाट काटिएको उनको बायाँ हत्केला मनमोहन मेमोरियल अस्पतालका

चिकित्सकले शल्यक्रिया गरेर जोडेका थिए। उर्जामन्त्रीमा घोषित भएको केही घण्टापछि उनलाई अज्ञात समूहले खुकुरी प्रहार गरेको थियो।

जेल र बन्दीहरू

'क' श्रेणीको केन्द्रीय कारागार सुन्धाराको बन्दी क्षमता १ हजार २ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ८ सय ८५ र कैद नतोकिएका १ हजार १ सय ७ कैदी र थुनुवा गरी जम्मा १ हजार ९ सय ९२ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष १ हजार ७ सय ८ र महिला २ सय ८४ रहेका छन्। साथै, आश्रित बालक नौ जना रहेका छन्। यस कारागारमा भएको मृत्यु सङ्ख्या दुई रहेको छ। त्यसैगरी, 'ख' श्रेणीको चारखाल कारागारको बन्दी क्षमता १ सय ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय ७७ र कैद नतोकिएका ३ सय ६० कैदी र थुनुवा गरी जम्मा ६ सय ३७ जना पुरुष बन्दीहरू रहेका छन्। यस कारागारमा भएको मृत्यु सङ्ख्या एक रहेको छ।

कारागारप्रमुख कृष्णप्रसाद सिग्देलकाअनुसार कारागरको क्षमताभन्दा बढी बन्दी तथा कैदी भएका कारण सुत्ने, खाने, खाने पानी, ट्वाइलेट, सरसफाइ, बिजुलीबत्ति जस्ता विषयमा असुविधा भएको, पुरानो र जीर्ण अवस्थाको कारागार भएकाले कैदी बन्दीहरूलाई धेरै असजिलो भएको, धेरै सङ्ख्या भएका कारण विरामीको सङ्ख्या बढ्न सक्ने सम्भावना रहेको, कारागारको भौतिक संरचना मर्मतसम्भारका लागि बजेट कम विनियोजन हुने गरेको र समाधानका लागि विभिन्न आयोगमार्फत समस्या राखिए पनि सुनुवाइ भएको छैन।

चितवन जिल्ला पिप्ले गाविस-७ का ५० वर्षीय गणेशबहादुर तामाङले ०६८ असार २६ गते बिहान ६:३० बजे सुन्धारास्थित केन्द्रीय कारागारमा पोते बुन्ने धागोले घाँटीमा कसेर आत्महत्या गरे। गैँडाको खाग तस्करीमा संलग्न रहेको आरोपमा चितवन राष्ट्रिय निकुञ्जको थुनुवापूर्जी अनुसार ०६८ वैशाख २० गते केन्द्रीय कारागारमा ल्याइएका तामाङ शौचालय गएको बेला आत्महत्या गरेको जेलर तीर्थ भट्टराईले बताए। तामाङको फोक्सोमा क्यान्सर भएको र शारीरिक रूपले कमजोर रहेकोले उपचारका लागि चितवनबाट काठमाडौँ जेल सरुवा गरिएको थियो।

बारा जिल्ला रामपुर गाविस निवासी, काठमाडौंको सुन्धारास्थित केन्द्रीय कारागारमा रहेका नेशनल टेलिभिजनका कार्यकारी अध्यक्ष २६ वर्षीय युनिश अन्सारीलाई ०६७ फागुन २६ गते बिहान भारतीय नागरिक जसजित सिंह भनिने मञ्जीत सिंहले गोली हानी घाइते बनाए। केन्द्रीय कारागारमा नक्कली भारतीय रूपैयाँ कारोबारमा संलग्न रहेको आरोपमा जेलमा राखिएका अन्सारीलाई भेट्न आएका भारतीय नागरिक सिंहले गोली हानेका थिए। पिठ्यूँमा गोली लागेर घाइते भएका अन्सारीको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचार भयो। घटनामा संलग्न सिंहलाई हतियारसहित गिरफ्तार गरी ज्यान मार्ने उद्योग मुद्दा चलाएको प्रहरीले जनायो।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

इलाम जिल्ला कन्याम गाविस-८ निवासी एकीकृत माओवादी निकट अखिल नेपाल ट्रेड युनियन महासङ्घ केन्द्रीय सदस्य तथा लिम्बूवान राज्य समिति इन्चार्ज ३० वर्षीय चन्द्र सापकोटालाई ०६७ माघ २५ गते साँझ काठमाडौ मनपा-३५ काटेश्वरबाट चार जनाको सङ्ख्यामा आएका व्यक्तिहरूले अपहरण गरी ७ लाख रुपियाँ फिरौती लिएर घटनाको बारेमा कसैलाई जानकारी नदिने सर्तमा ०६७ फागुन २२ गते अपहरणमुक्त गरेको पीडित परिवारले जनायो। एकीकृत माओवादीको युवा परिचालन ब्यूरो अन्तर्गतको केन्द्रीय प्रशिक्षण कार्यक्रममा सहभागी हुन काठमाडौं आएका सापकोटालाई अज्ञात समूहले अपहरण गरेको थियो।

इचङ्गुनारायण गाविस-४ का ३८ वर्षीय सुदर्शन फुयाँल ०६७ फागुन १२ गते नुवाकोट र धादिङ जिल्लाको सीमानामा पर्ने चित्लाङ गाविसका चित्लाङ फेदीबाट एकीकृत माओवादी निकट भातृसङ्गठन वाईसीएलको पलहमा अपहरण मुक्त भए। अपहरित फुयाँललाई वाईसीएल कार्यकर्ताहरूले फागुन १४ गते नुवाकोट जिल्ला प्रशासन कार्यालयलाई जिम्मा लगाएका थिए। तीन-चार जनाको सङ्ख्यामा रहेका अज्ञात समूहले फूयाँललाई ०६७ फागुन २ गते सीतापाइलाबाट अपहरण गरी बेपत्ता बनाएको थियो।

धम्की/कुटपिट

राज्यपक्षबाट

धादिङ जिल्ला नीलकण्ठ गाविस-५ निवासी काङ्ग्रेस निकट विद्यार्थी सङ्गठन नेपाल विद्यार्थी

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	७	१०		१७	३	१८	३०
बालअधिकार					१		१
अमानवीय व्यवहार						१	१
अपहरण						७	७
महिलाअधिकार					५		५
भेला/सङ्गठित हुने अधिकार	३४	५५	३४	११३			
जेलमा मृत्यु		३		३			
गिरफ्तारी/यातना	१	३		४			
हिरासत वा थुनामा मृत्यु		१		१			
कुटपिट	१			१	१	६	७
धम्की						१	१
हत्या						११	११
जम्मा	**४३**	**७२**	**३४**	**१३९**	**९**	**४४**	**५३**

सङ्घका केन्द्रीय सदस्य उर्मिला थपलियालाई ०६८ पुस ३ गते नेवि सङ्घद्वारा घोषित मसाल जुलुसमा सहभागी भई निवासतिर फर्कने क्रममा प्रहरीले शङ्करदेव क्याम्पस अगाडि कुटपिट गरी घाइते बनायो। प्रहरीको लाठी प्रहारबाट टाउकोमा चोट लागेकी थपलियाको क्यापिटल अस्पतालमा उपचारपछि थप उपचार त्रिविवि शिक्षण अस्पताल महराजगञ्जमा भएको थियो।

एमाले निकट युवा सङ्घका अध्यक्ष महेश बस्नेतको रिहाइको माग गर्दै पुतलीसडकस्थित शङ्करदेव क्याम्पस आगडि विद्यार्थीहरूले ०६८ असार २ गते विरोध प्रर्दशन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दै क्याम्पसभित्रै प्रवेश गरी लाठी प्रहार गर्दा १२ जना भन्दा बढी विद्यार्थी र क्याम्पसका कर्मचारी घाइते भए। प्रहरीको लाठी प्रहारबाट काठमाडौं मनपा-१३ ताहाचल घरभई शङ्करदेव क्याम्पसका लेखापाल ४२ वर्षीय सुहाना राजवंशी, लालितपुर जावलाखेल घरभई क्याम्पसका सहप्रशासक कार्यरत ५८ वर्षीया मीरा केसी, काठमाडौं मनपा-३० असन घरभई क्याम्सका हेडअसिस्टेन्ट ३१ वर्षीय अर्जुन श्रेष्ठ, काभ्रे निवासी क्याम्पसका चौकीदार ५५ वर्षीय माधव खरेल घाइते भए। यसैगरी सोलुखुम्बू बोली गविस-१ घर भई भक्तपुर लोकन्थली बस्ने क्याम्सका स्वबियु सभापति ३१ वर्षीय शुभराम बस्नेत, सोही क्याम्पसमा अध्ययनरत जुम्लाका २३ वर्षीय रवीन्द्र न्यौपाने, भक्तपुर बालकोटका २२ वर्षीय महेन्द्र कँडेल, स्याङ्जाकी १८ वर्षीया सरीता पाठक, धनगढी घर भई काठमाडौं बालुवाटार बस्ने २३ वर्षीय मुकुन्द भट्ट, कपिलववस्तुका २१ वर्षीय खगेन्द्र पौडेल, भोजपुरका २८ वर्षीय पुष्पबहादुर बस्नेत, गुल्मीका २१ वर्षीय क्षितीज भण्डारी, चितवनका १९ वर्षीया कश्मीरा कार्की, काठमाडौं तीनथाना गाविस-१ का २४ वर्षीय विवेक पाण्डे, म्हेपी रानीवारीका १९ वर्षीय लक्ष्मी दुवाडी, रूपन्देहीका २२ वर्षीय शिव सापकोटा, पर्वतका २० वर्षीय राजेन्द्र सुवेदीलगायत घाइते भएका थिए। घाइतेहरूको मोडल अस्पतालमा उपचार भयो। विरोध प्रर्दशन गरिरहेका विद्यार्थीहरूले ढुङ्गामुढा गर्दै पुतलीसडकस्थित शङ्करदेव क्याम्पस अघिल्तिर बा १ झ ५४७१ नम्बरको सरकारी कारमा आगजनी गरेपछि हस्तक्षेप गर्नुपरेको प्रहरीले जनायो। युवा सङ्घका अध्यक्ष बस्नेतलाई असार २ गते बिहान विराटनगरका पत्रकारलाई कुटपिट गर्ने पर्शुराम बस्नेतलाई लुकाएर राखेको भन्दै प्रहरीले इटहरीबाट गिरफ्तार गरेको थियो।

ललितपुर उमनपा-६ लगनखेल घर भई प्रर्दशनीमार्गस्थित नगरप्रहरी नेपाल पुलिस क्लबमा कार्यरत इन्स्पेक्टर ३२ वर्षीय मिलन बस्नेतको ०६८ वैशाख २७ गते पुतलीसडकस्थित शङ्करदेव क्याम्पस अगाडि नेविसङ्घका विद्यार्थीले प्रहार गरेको ढुङ्गा लागेर बायाँ हात भाचियो। नेविसङ्घका कार्यकर्ता वीरेन्द्र गिरीलाई झुटा मुद्दा लगाएको भन्दै उनको रिहाईको माग गर्दै विरोध प्रर्दशन गर्ने क्रममा विद्यार्थी र प्रहरीबीच झडप भएको थियो।

एकीकृत माओवादीबाट

एकीकृत नेकपा माओवादीको भातृसङ्गठन अखिल नेपाल ट्रेड युनियन महासङ्घको काठमाडौंस्थित क्यासिनो अन्नपूर्ण इकाईका कोषाध्यक्ष ज्ञानमान डङ्गोललाई ०६८ वैशाख २६ गते राति सल्यान घर भई ललितपुर लुभू-२ मा घर बनाई बसेका अखिल नेपाल होटल तथा रेस्टुरेन्ट मजदुर सङ्घ अन्ना क्यासिनो एकाइ अध्यक्ष कल्दीप राईले मरणासन्न हुनेगरी कुटपिट गरी घाइते बनाए। घाइते डङ्गोलको उपचार प्रर्दशनीमार्गस्थित काठमाडौं मोडल अस्पतालमा भएको थियो। सङ्गठनको नीतिविपरीतको कार्यमा लागेको भन्दै एमाओवादी पार्टी सचिव रामबहादुर थापाले मजदुर नेता राईलाई एक वर्षसम्मका लागि सङ्गठनको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको सर्कुलर कार्यान्वयन गर्नुपर्ने अडान लिएपछि डङ्गोलमाथि कुटपिट भएको थियो। माओवादी अध्यक्ष प्रचण्ड पक्षधर मजदुरले पार्टीका उपाध्यक्ष बाबुराम भट्टराई पक्षधर मजदुर नेता डङ्गोललाई कुटपिट गरी घाइते बनाएको थियो। कुटपिट घटनामा संलग्न राईलाई प्रहरीले गिरफ्तार गरेकोमा काठमाडौं जिल्ला अदालतको ०६८ जेठ ९ गते आदेशमा ११ हजार रुपियाँ धरौटी राखेर तारेखमा उनी रिहा भए।

गोरखा जिल्ला खोप्लाङ गाविस-४ घरभई ललितपुर सानेपा बस्ने एकीकृत माओवादीका उपाध्यक्ष ५४ वर्षीय डा. बाबुराम भट्टराईलाई ०६८ जेठ २ गते काठमाडौं मनपा-३५ कोटेश्वर पेरिसडाँडास्थित केन्द्रीय कार्यालयमा आफ्नै पार्टीका कार्यकर्ता जनक बर्तौलाले ज्यान मार्ने धम्की दिए। अखिल नेपाल ट्रेड युनियन महासङ्घका पूर्वअध्यक्ष शालिकराम जमरकट्टेलसँगै रहेका बर्तौलाले पार्टी कार्यालयको छतमा गएर केही दिनमै पार्टी उपाध्यक्ष डा. भट्टराईलाई मार्ने धम्की दिएका थिए। पार्टीका उपाध्यक्ष भट्टराईलाई ज्यान मार्ने धम्की दिने बर्तौलालाई जेठ ७ गते बसेको स्थायी समितिको बैठकले तीन महिनाका लागि पार्टीबाट निलम्बन गर्दै जिम्मेवारीबाट मुक्त गरेको थियो।

धादिङ जिल्ला किरानचोक गाविस-९ बिर्तागाउँ घर भई काठमाडौं मनपा-११ बबरमहल बस्ने एकीकृत माओवादीका मजदुर नेता तथा संविधानसभा सदस्य ३९ वर्षीय शालिकराम जमरकट्टेललाई ०६८ भदौ १० गते साँझ काठमाडौंको बबरमहलमा अखिल नेपाल ट्रेड युनियन महासङ्घका निवर्तमान सचिव तारानिधि पन्त रमेशको योजनामा धारिलो हतियार प्रहार भएको प्रहरीले जनायो। पीडितको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचार भयो। घटनामा संलग्न रहेको आरोपमा राम पुडासैनी, इन्द्रबहादुर शाही ठकुरी, सुदीप कार्की र कमल बुढाथोकीलाई ०६८ कात्तिक १० गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक गऱ्यो। महासङ्घले ०६८ कात्तिक २३ गते विज्ञप्ति जारी गरी घटनाको योजनाकार पन्तलाई मजदुर सङ्गठनबाट निष्कासन गरिएको जनायो।

अज्ञात समूहद्वारा गोली हानी हत्या गरिएका फैजान अहमद

अनेरास्ववियु (क्रान्तिकारी) बाट

भक्तपुर जिल्ला गठ्ठाघर निवासी रत्नराज्य क्याम्पसका प्रमुख ५८ वर्षीय गोपालचन्द्र पोखरेललाई ०६८ साउन ३२ गते दिउँसो ३ बजे एकीकृत माओवादी निकट विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीका कार्यकर्ताले स्ववियु चुनावका क्रममा विद्यार्थी भर्ना गरिएको कागजात लुकाएको आरोपमा कार्यालयमा दुर्व्यवहार गरे। विद्यार्थीको मागअनुसार भर्ना विषयमा छानबिन गर्न विश्वविद्यालयले विद्यार्थी तथा खेलकुद शाखाप्रमुख गङ्गाबहादुर थापाको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो। उक्त छानबिन समितिको प्रतिनिधि टोलीले साउन ३२ गते क्याम्पसमा अभिलेख खोज्दा नभेटिएपछि प्रमाण लुकाएको भन्दै क्रान्तिकारीका विद्यार्थीले क्याम्पस प्रमुख पोखरेलेलाई मोसो लगाई दुर्व्यवहार गरेका थिए।

अज्ञात समूहबाट

पर्सा वीरगञ्ज नपा-१८ घरभई काठमाडौं मनपा-३४ नयाँ बानेश्वर डेरा गरी बस्ने संविधानसभा सदस्य तथा संविधानसभाअन्तर्गत राज्यको शासकीय स्वरूप निर्धारण समितिका सभापति ४६ वर्षीय शम्भु हजारा पासवानलाई ०६८ मङ्सिर २६ गते राति १०:३० बजे घर नजिकै घुम्न गएको बेला चार जनाको समूहमा रहेका अज्ञात व्यक्तिले रड प्रहार गरी घाइते बनाए। उनको मीनभवनस्थित निजामती अस्पतालमा उपचार भयो। घटनामा संलग्नको खोजी कार्य जारी रहेको

महानगरीय प्रहरीवृत नयाँ वानेश्वरले जानकारी गराए पनि हालसम्म कोही गिरफ्तार भएका छैनन्। पासवान नेपाली काङ्ग्रेस पार्टीका तर्फबाट समानुपातिक निर्वाचान प्रणालीबाट सभासद् भएका हुन्।

बाँके जिल्ला रुकेना गाविस-८ घरभई काठमाडौं मनपा-१६ नयाँबानेश्वर बस्ने एमाले निकट विद्यार्थी सङ्गठन अनेरास्ववियुका केन्द्रीय सचिवालय सदस्य तथा अस्कल क्याम्पसका स्ववियु सभापति २८ वर्षीय कमल बस्नेतलाई ०६८ भदौ १७ गते साँझ ६ बजे बागबजारमा चार जनाको सङ्ख्यामा मोटरसाइकलमा आएका अज्ञात व्यक्तिले ढाडमा खुकुरी प्रहार गरी घाइते बनाए। पीडितको काठमाडौं मोडल अस्पतालमा उपचार भयो। घाइते बस्नेतले घटनामा संलग्नलाई कारबाहीको माग गर्दै भदौ ६ गते महानगरीय प्रहरी प्रभाग सिंहदरबारमा उजुरी दिए। घटनामा संलग्नको खोजी भइरहेको प्रहरीले जनाए पनि कसैलाई गिरफ्तार गरिएको छैन।

अन्यबाट

रोल्पा जिल्ला घरभई काठमाडौं मनपा-३५ कोटेश्वर बस्ने संविधानसभा सदस्य ४९ वर्षीय झक्कुप्रसाद सुवेदीलाई ०६८ वैशाख १९ गते गोर्खा जिल्ला गाईखुर गाविस-८ घर भई काठमाडौं मनपा-१० नयाँवानेश्वरस्थित कफी सपका सञ्चालक ५६ वर्षीय प्रेमराज देवकोटाले पसलमा बोलाई समयमा संविधान किन जारी नगरेको भन्दै दुई झापड हाने। सभासद् सुवेदीलाई झापड हानेको आरोपमा देवकोटालाई प्रहरीले गिरफ्तार गरी महानगरीय प्रहरीवृत नयाँवानेश्वरको हिरासतमा राख्यो। जिल्ला प्रशासन कार्यालय काठमाडौंको ०६८ जेठ ४ गतेको निर्णयअनुसार ७ हजार रुपियाँ धरौटी राखेर उनी रिहा भए। सशस्त्र द्वन्द्वका समयमा माओवादीले आफूलाई दु:ख दिएका कारण शिक्षकको जागिर छाडेर परिवारसहित काठमाडौं आएको देवकोटाले बताए।

गैरकानुनी गिरफ्तारी

सप्तरी जिल्ला शम्भुनाथ गाविस-१ का २४ वर्षीय राजलाल मण्डललाई दलित जनजाति पार्टीका अध्यक्ष तथा संविधानसभा सदस्य विश्वेन्द्र पासवानकी छोरी भगाएर लगेको आरोपमा ०६८ साउन ४ गते प्रहरीले पोखराबाट गिरफ्तार गऱ्यो। मण्डलले ०६८ असार १९ गते सभासद् पासवनकी छोरी विद्या पासवानलाई काठमाडौंबाट भगाएर लगेका थिए। सभासद् पासवानकी छोरीलाई भगाउन सहयोग गरेको भन्दै उनका काका ४८ वर्षीय बिन्दी मण्डललाई काठमाडौंको गोंगबुबाट र दिदी २८ वर्षीया ललिता मण्डललाई सप्तरीबाट प्रहरीले गिरफ्तार गरी महानगरीय प्रहरी परिसर हनुमानढोकामा राखी सार्वजनिक मुद्दा चलाएको थियो। उनीहरूको रिहाइको माग गर्दै साउन ८ गते सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण रिट दायर भएपछि साउन १५ गते जिल्ला प्रशासन कार्यालयमा ३ हजार रुपियाँ धरौटी राख्न लगाई रिहा गरिएको थियो। दायर रिटमा सर्वोच्च अदालतले सुनुवाइ गर्दै साउन ९ गते गिरफ्तारीमा परेका तीनै जनालाई अदालतमा रिहा गर्न आदेश दियो। सभासद् पासवानले आफ्नो छोरी विद्यालाई मण्डल परिवारको मिलोमतोमा काठमाडौंबाट अपहरण गरेर लगेको उजुरी दिएपछि घटनाको अनुसन्धानका लागि उनीहरूलाई गिरफ्तार गरी काठमाडौं ल्याइएको हनुमानढोकाका डिएसपी आभुषण तिमिल्सिनाले बताएका थिए। सभासद् पासवानले ०६८ साउन ४ गते पोखरास्थित एक होटलबाट राजलाल र विद्यालाई नियन्त्रणमा लिई राजलाललाई प्रहरीमा बुझाएका थिए भने छोरीलाई आफूसँगै घर लिएर गएका थिए। तर, उनकी छोरी पुन: साउन ५ गते बिहानै घरबाट भागेर केटाको घरमा गई पत्रकार सम्मेलन गरी आफूले राजलालसँग अन्तरजातीय विवाह गरेको जानकारी गराइन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मैतीदेवी घरभई महराजगञ्ज प्रहरी गणमा कार्यरत प्रहरी जवान २० वर्षीय भरत बानियाँ र गोठाटार घरभई सोही प्रहरी कार्यालयमा कार्यरत प्रहरी

प्रहरीद्वारा कुटपिट गरी घाइते बनाइएकी उर्मिला थपलिया

जवान २२ वर्षीया हरिमाया रञ्जितकार ०६८ जेठ १२ गते नयाँवानेश्वरस्थित संविधानसभा भवन अगाडि राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका कार्यकर्ताहरूले ढुङ्गा प्रहार गर्दा घाइते भए। यसैगरी प्रहरीको लाठी चार्जबाट प्रर्दशनकारी तर्फ विराटनगरकी २७ वर्षीया सीमा रिजाल घाइते भएकी थिइन्। उनीहरूको नयाँवानेश्वरस्थित नागरिक अस्पतालमा उपचार भयो। राप्रपा नेपालले संविधासभा विघटन गरी ताजा जनादेशको माग गर्दै नयाँबानेश्वरस्थित बीच सडकमै धर्ना दिने क्रममा निषेधित क्षेत्रमा प्रवेश गर्न खोजेपछि प्रहरीले हस्तक्षेप गरेको थियो।

गोरखा जिल्ला मीरकोट गाविस-५ घरभई काठमाडौं मनपा-१० नयाँवानेश्वर बस्ने मिसन नयाँ नेपालका राष्ट्रिय संयोजक ३२ वर्षीय कविन्द्र बुर्लाकोटीलाई ०६८ जेठ १३ गते निषेधित क्षेत्र नयाँ वानेश्वरस्थित संविधानसभा भवन अगाडि शान्ति प्रक्रिया र संविधान निर्माण कार्य तत्काल पूरा गर्न माग गर्दै विरोध प्रर्दशन गर्ने क्रममा प्रहरीले गिरफ्तार गरी महानगरीय प्रहरी बृत्त नयाँ बानेश्वरमा राखी सोही दिन साँझ रिहा गऱ्यो। प्रहरीले गिरफ्तार गर्ने क्रममा लाठीचार्ज गर्दा बझाङ जिल्ला सुनकोडा गाविस-८ निवासी मिसन नयाँ नेपालका राष्ट्रिय सहसंयोजक ३१ वर्षीय लोकराज अवस्थी र काठमाडौं स्यूचाटार-४ निवासी जागृत बाल तथा युवा सरोकार नेपालका अध्यक्ष २९ वर्षीय तिलोत्तम पौडेल घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

चौध जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६ हजार ३ सय ५२ मध्ये ३ हजार ३ सय ८६ फैसला भए भने २ हजार ९ सय ६६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६ हजार २ सय १६ मध्ये २ हजार ९ सय २२ फैसला भए भने ३ हजार २ सय ९४ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ९ र देवानी मुद्दा २ सय ५६ रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ८० मध्ये १२ सफल र २० असफल रहयो भने ४८ फैसला हुन बाँकी रहयो। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या २० पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या ११ रहे। सरकारी वकिल सङ्ख्या नौ रहेको छ।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३ लाख ७ हजार १ सय ८ मध्ये छात्र १ लाख हजार ५९ हजार १ सय ८७ र छात्रा १ लाख ४७ हजार ९ सय २० प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ हजार १ सय ८६ र पुरुष ८ सय ७३ गरी जम्मा २ सहजार ५९ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ३ सय ५८ र पुरुष ४ सय ३७ गरी जम्मा ७ सय ९५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १ सय ९१ र पुरुष ५ सय ३४ गरी जम्मा ७ सय २५ शिक्षक रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

धनुषा जिल्ला जनकपुर नपा-७ घर भई सीतापाइला गाविस-१ बाफल बस्ने ११ वर्षीय शुभम् साहको अपहरणपछि हत्या गरेको घटनामा संलग्न रहेको आरोपमा धनुषा जिल्ला जनकपुर देउरीपर्वत-२ का २६ वर्षीय सन्तोष पण्डित, महोत्तरी जिल्ला निगौल-७ का २३ वर्षीय भोला भनिने देवेन्द्र ठाकुर, महोत्तरी जिल्ला भरतपुर का २४ वर्षीय रामजी ठाकुर, सर्लाही जिल्ला हरिपुरका १८ वर्षीय धमेन्द्र ठाकुर, महोत्तरी जिल्ला श्रिपुर का २० वर्षीय लालबाबु ठाकुर, मकवानपुर जिल्ला चित्लाङ्गका १८ वर्षीय दीपक बलामी, तनहुँ जिल्ला श्यामघा-३ का २० वर्षीय आशिष दुरालाई प्रहरीले जनकपुर र काठमाडौंलगायतका स्थानबाट गिरफ्तार गरी मङ्सिर ७ गते सार्वजनिक गऱ्यो। अपहरणकारीले मङ्सिर ४ गते बालकलाई काठमाडौं मनपा-२९ सामाखुशी कपुरधारास्थित धमेन्द्र ठाकुरको कोठामा हत्या गरी लासलाई सुटकेशमा प्याक गरी सोही दिन ६:३० बजे धरान जाने सुपर सीता गाडीको कलङ्कीस्थित काउन्टरमा छाडेकोमा प्रहरीले मङ्सिर ७ गते बालकको लास सोही स्थानबाट फेला पारेको थियो। बालकको हत्यापछि पनि मङ्सिर ६ गतेसम्म अपहरणकारीहरूले कहिले ५० कहिले ४० र अन्तमा २५ लाख रुपियाँ फिरौती माग गरी रकम बुझाउन परिवारलाई जनकपुर बोलाएको थियो। बाफलस्थित हारती शिक्षा मन्दिरमा कक्षा तीनमा अध्ययनरत बालक

साह मङ्सिर २ गते बिहान ९:०० बजे स्कुल जान भनी हिँडेको बेला बाटैबाट उनीहरूले अपहरण गरी सोही दिन साँझ बालकका बुबा रामभगत साहलाई फोन गरी शुभम् आफूसँग रहेको बताएका थिए। छोरा अपहरणमा परेको जानकारी पाएपछि रामभगत साहले मङ्सिर ३ गते महानगरीय प्रहरी अपराध महाशाखा हनुमानढोकामा निवेदन दिएका थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

काठमाडौंको बज्रयोगिनी गाविस-७ मा रहेको बन्दी सहायता नेपालमा बस्दै आएकी १५ वर्षीया बालिकालाई बलात्कार प्रयास गरेको आरोपमा झापा जिल्ला घर भई बालगृहका सिफ्ट इन्चार्जका रूपमा कार्यरत ३२ वर्षीय सागर थापा मगरलाई ०६८ साउन ३ गते प्रहरीले गिरफ्तार गरी मुद्दा चलायो। आरोपित मगरले ०६८ असार ३० गते राति बालिकालाई बलात्कार प्रयास गरेका थिए। उक्त संस्थामा ३० बालिकासहित ५० जना बालबालिका बस्दै आएका छन्।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

रामेछाप घर भई भक्तपुर ठिमी नपा-१५ बस्ने २० वर्षीया युवतीलाई ०६७ फागुन २३ गते स्वयम्भुस्थित जङ्गलमा लगेर बलात्कार गरेको आरोपमा सुनसरी जिल्ला इटहरी-८ निवासी नेपाली सेनाको गण सुनसरीमा कार्यरत २८ वर्षीय उत्तमकुमार खड्काउपर फागुन २४ गते मुद्दा दायर भयो। पीडित महिलाले फागुन २४ गते खड्कालाई कारबाहीको माग गर्दै प्रहरीवृत बालाजुमा किटानी जाहेरी दिएकी थिइन्। घटनाका आरोपित खड्कालाई फागुन २५ गते काठमाडौं जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो। ल्होसार पूजाको लागि ध्वजा किन्न स्वयम्भू गएकी पीडितलाई खड्काले जङ्गलमा लगी बलात्कार गरेका थिए। छाउनी आर्मी अस्पतालमा उपचारार्थ भर्ना भएकी आमालाई भेट्न कोटेश्वरमा टेम्पो चढेको बेला पीडित युवतीसँग खड्काको चिनजान भएको थियो।

काठमाडौं मनपा-१६ बालाजु घरभई मनमोहन मेमोरियल कलेजमा अध्ययनरत एक १८ वर्षीया युवतीलाई सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले ०६८ मङ्सिर १३ गते काठमाडौं मनपा-१६ बालाजु बाइपासका २८ वर्षीय केदारप्रसाद फुयाँल र धापासी-३ का २८ वर्षीय राजन श्रेष्ठलाई गिरफ्तार गरी मुद्दा चलायो। राजनले ०६८ मङ्सिर १२ गते ती युवतीलाई घुमाउन लैजाने भन्दै मोटरसाइकलमा राखी ठमेलस्थित सेती दोभान गेस्टहाउसमा पुऱ्याई बलात्कार गरी आफ्ना साथी केदारलाई समेत बोलाएर सामूहिक बलात्कार गरेका थिए। पीडित परिवारले ०६८ मङ्सिर१३ गते प्रहरी कार्यालय सोह्रखुट्टेमा दुवै जना विरुद्ध किटानी जाहेरी दिएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

युवा सङ्घ नेपालबाट

युवा सङ्घका अध्यक्ष महेश बस्नेतको रिहाइको माग गर्दै प्रर्दशन गरिरहेका विद्यार्थीहरूले ०६८ असार २ गते पुतलीसडकस्थित शङ्करदेव क्याम्पस अगाडि बा १ झ ५४७१ नम्बरको सरकारी कारमा आगजनी गरे भने घण्टाघरस्थित त्रिचन्द्र कलेज अगाडि बा १ ञ १८३३ नम्बरको विद्युत प्राधिकरणको गाडिमा आगजनी गरेका थिए।

आफ्ना कार्यकर्ता शिव पौडेलको हत्याको विरोधमा काङ्ग्रेसका कार्यकर्ताहरूले ०६८ पुस ४ गते आह्वान गरेको नेपाल बन्दको अवज्ञा गरेको भन्दै तिलगङ्गास्थित बाग्मतीपुलमा बा ९ च ३७२० नम्बरको निजी कारमा आजगनी गर्नुका साथै पुतलीसडकस्थित वा २६ प १३२० नम्बरको मोटरसाइकल तोडफोड गरे। यसैगरी प्रर्दशनकारीहरूले गौशालामा वा १ ज १६३ नम्बरको भाडाको ट्याक्सीमा आगजनी गरका थिए। समाचार प्रकाशन गरेको विषयलाई लिएर बा ३५ प ७०७५, बा ३२ प ६९५५ नम्बर सहितका चार ओटा मोटरसाइकलमा आएको एक समूहले कमलपोखरीस्थित राष्ट्रिय नयाँ पत्रिकाको कार्यालयमा ०६८ भदौ १८ गते बिहान तोडफोड गऱ्यो। ग्याङ फाइटको समाचार किन छापेको भन्दै कार्यालयभित्र छिरेको समूहले एक्कासि कार्यालयको झ्याल, कुर्सी, टेबल, तीनओटा कम्प्युटर र टेलिफोन सेट तोडफोड गरेको नयाँ पत्रिकाका समाचार प्रमुख उमेश चौहानले जानकारी दिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१०		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	४३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१२	१०	२
स्टाफ नर्स	१४	१४	
ल्याब असिस्टेन्ट	९	८	१
अहेब	७७	७६	१
अनमी	३९	३८	१
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१५	
स्वास्थ्य कार्यकर्ता	११७	११७	

२.१६ धादिङ

जनसङ्ख्या : ३,३६,२५०
पुरूष : १,५७,९२८
महिला : १,७८,३२२
साक्षरता प्रतिशत : ५२
महिला साक्षरता प्रतिशत : ३७
क्षेत्रफल (वर्ग कि. मि.) : १,९२६
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ६०२/२०
क्याम्पस/उच्च मा.वि. : १/३८
मानव विकास सूचकाङ्कः ०.४१०
प्रतिपरिवार सरदर सङ्ख्याः ४.३४

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता पुरुष २५ र महिला पाँच गरी जम्मा ३० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ७३ र कैद नतोकिएका ४२ कैदी र थुनुवा गरी जम्मा १ सय १५ जना बन्दीहरू रहेका छन्। यस कारागार २०३२ सालमा निर्माण भएको हो।

भवनको गाह्रो लड्ने अवस्थामा छ भने छानो धेरै पुरानो भएकोले पटक पटक मर्मत गर्नुपर्ने अवस्थामा रहेको जिल्ला कारागार शाखाका जेलर मदन श्रेष्ठले जानकारी दिए। साँघुरो स्थानमा बन्दीहरू कोचाकोच गरेर बस्नुपर्ने र रातको समयमा सुत्ने स्थान नहुँदा पालो पालो गरेर सुत्नुपर्ने अवस्था भएपछि कारागारको अफिस कोठामा समेत बन्दीहरू सुत्ने गरेको बन्दी चौकीदार प्रकाशबाबु सिंखडाले जानकारी दिए।

धम्की/कुटपिट

राज्यपक्षबाट

मुरलीभञ्ज्याङ गाविस-३ घर भई ट्रकका चालक ४० वर्षीय दुर्गाप्रसाद काप्री र ज्यामरूङ गाविस-२ निवासी २५ वर्षीय मदन थापा ०६८ भदौ २० गते इलाका प्रहरी कार्यालय खानीखोलाका प्रहरीले गिरफ्तार गरी कुटपिट गर्दा घाइते भए। कबाडी सामान लिएर काठमाडौँतर्फ जान लागेका बेला ट्रकका साहु ज्यामरूङ गाविस-२ निवासी ३८ शिव धमलासँग वाईसीएलले माग गरेको पाँच लाख रुपियाँका बारेमा प्रहरीलाई खबर नगरेको आरोपमा पीडितद्वयलाई प्रहरीले गिरफ्तार गरेको थियो। कुटपिटबाट घाइते दुवैको नौबीसे स्वास्थ्य केन्द्रमा उपचार भयो। धमलालाई केही समय नियन्त्रणमा लिई छाडेपछि वाईसीएलले प्रहरीलाई खबर नगर्न धम्की दिएकाले प्रहरीलाई सूचना दिन नसकेको पीडितहरूले बताए।

एकीकृत माओवादीबाट

मुलपानी गाविस-२ निवासी एमाले जिल्ला कमिटी सदस्य उमेश थापा, गाउँ पार्टी कमिटी अध्यक्ष, फूलखर्क गाविस-२ निवासी ५६ वर्षीय बलबहादुर अधिकारी, सचिव रामचन्द्र अधिकारी, युवा सङ्घ नेपालका जिल्ला कमिटी सदस्य फूलखर्क गाविस-५ निवासी ३२ वर्षीय बलराम श्रेष्ठ, खड्गबहादुर घलेलाई ०६७ माघ १३ गते एकीकृत माओवादीका कार्यकर्ताको समूहले फूलखर्क गाउँपरिषद् बैठक सुरू हुने अवस्थामा

आक्रमण गरी दुर्व्यवहार गऱ्यो। एकीकृत माओवादी कार्यकर्ता र वाईसीएल कार्यकर्ताले गाउँपरिषद्को निर्णय एकलौटी गर्न जम्मा भएको र त्यसो गर्न नपाएपछि एमाले कार्यकर्तामाथि दुर्व्यवहार गरिएको युवा सङ्घ नेपाल धादिङका अध्यक्ष अर्जुन श्रेष्ठले ०६७ माघ १४ गते प्रेस विज्ञप्ति प्रकाशन गरी सार्वजनिक गरे। कारबाही नहुने भएकोले प्रहरी कार्यालयमा जाहेरी नदिएको पीडितले बताए।

वाईसीएलबाट

केवलपुर गाविस-९ स्थित स्थानीय मन्दिरमा लाग्ने जात्रामा गएर फर्कंदै गरेका युवा सङ्घका छ जना कार्यकर्तालाई ०६८ कात्तिक २९ गते वाईसीएल कार्यकर्ता रामकृष्ण आर्चाय र रामप्रसाद पुडासैनीको नेतृत्वमा रहेको समूहले खुकुरी प्रहार गरी घाइते बनायो। केवलपुर गाविस-९ का १८ वर्षीय राजु भुजेल, २० वर्षीय अनिल भुजेल, ३१ वर्षीय सानुकाजी भुजेल, २७ वर्षीय प्रकाश भुजेल नौबीसे गाविस-१ का २६ वर्षीय राजन श्रेष्ठ, जीवनपुर गाविस-९ का २६ वर्षीय विष्णु मानन्धरलाई बाटो छेकेर आँखामा विषालु पदार्थ छर्किएर खुकुरी प्रहार गरी घाइते बनाएका थिए। घाइतेहरू सबैको स्थानीय स्वास्थ्य केन्द्रहरूमा उपचारपछि काठमाडौँस्थित मनमोहन मेमोरियल अस्पतालमा उपचार भयो।

थाक्रे गाविस-४ स्थित खनायोखर्क घर भई सातघुम्ती थकम सडक उपभोक्ताहरू २७ वर्षीय राजकुमार थापा ,२४ वर्षीय राजु थापा र २५ वर्षीय रोजन थापालाई एकीकृत माओवादीले सिफारिस गरेका व्यक्तिलाई उपभोक्ता समितिको अध्यक्ष नबनाएको आरोपमा ०६८ मङ्सिर २४ गते राति एकीकृत माओवादी गाउँ कमिटीका सचिव नवराज चापागाईंको नेतृत्वमा आएको वाईसीएल कार्यकर्ताहरूको समूहले आक्रमण गरी घाइते बनायो। गाउँमा कच्ची सडक निर्माणका लागि गठन गरिएको उपभोक्ता समिति माओवादीलाई चित्त नबुझेपछि सोही विवादलाई लिएर वाईसीएल कार्यकर्ताले खुकुरी तथा चिरपटले आक्रमण गरेका थिए। घाइतेमध्ये टाउको, हातलगायत शरीरमा गहिरो चोट लागेका राजकुमार र राजु थापाको काठमाडौँस्थित शिक्षण अस्पतालमा उपचार भयो। सडक निर्माणका लागि गठन गरिएको उपभोक्ता समितिमा माओवादीले अध्यक्षको दावी गर्दै समिति पुनर्गठनको माग गरेर जिल्ला विकास समितिमा उजुरीसमेत गरेपछि योजना सम्झौता हुन नसकी रोकिएको थियो आक्रमणकारी यस वर्षको अन्त्यसम्म पनि फरार रहेको इलाका प्रहरी कार्यालय खानीखोलाले जनायो।

तिप्लिङ गाविस-७ का काङ्ग्रेस कार्यकर्ता २९ वर्षीय योगबहादुर तामाङलाई एकीकृत माओवादीले भनेअनुसार गाउँपरिषद्मा सहभागी नभएको आरोपमा सोही स्थानका एकीकृत माओवादी कार्यकर्ता चचिराम तामाङको नेतृत्वमा आएको समूहले ०६८ पुस १६ गते आक्रमण गरी घाइते बनायो। कुटपिटबाट सामान्य घाइते भएका तामाङको तिप्लिङ स्वास्थ्य केन्द्रमा उपचार भयो। जिल्ला प्रहरी कार्यालयमा आरोपितले उजुरी गरे।

वाईसीएल र युवासङ्घ नेपालबाट

पर्वत जिल्ला वाकी गाविस-४ घरभई कुम्पुर गाविस-६ आदमटारमा कृषि फार्म सञ्चालन गर्दै आएका २२ वर्षीय प्रेम भुषाललाई कुम्पुर गाविस-६ आदमटार निवासी २७ वर्षीय रविन शर्मा, २० वर्षीय सुदीप खतिवडालाई वाईसीएल जिल्ला सदस्य रमेश अधिकारी र युवासङ्घ नेपाल जिल्ला सदस्य दीपक खतिवडा लगायतको समूहले कुम्पुर गाविस-६ आदमटारमा ०६७ पुस २८ गते कुटपिट गऱ्यो। पीडितहरूको आदमघाट स्वास्थ्य केन्द्रमा उपचार भयो। गाउँमा गरिएको कामबारे आरोपितहरूलाई नसोधिएको र सल्लाह नगरिएका आरोपमा पीडितहरूलाई आक्रमण गरिएको थियो।

नेपाली काङ्ग्रेसबाट

मुरलीभञ्ज्याङ गाविस-३ निवासी एकीकृत नेकपा माओवादी कार्यकर्ता ४२ वर्षीय बद्री सुवेदीलाई सोही ठाउँका काङ्ग्रेस कार्यकर्ताहरूले ०६८ पुस १५ गते सोही गाविस-४ मुरलीभञ्ज्याङमा भएको गाउँपरिषद् उद्घाटन गर्न लाग्दा आक्रमण गरे। गाउँपरिषद्मा काङ्ग्रेसले एकलौटी गर्न लागेको कुरा उठाएपछि सोही स्थानका रामशरण थपलियाको नेतृत्वमा रहेको समूहले आक्रमण गरेको थियो। घटनापछि गाउँपरिषद् स्थगित भयो। घाइतेको स्थानीय औषधि पसलमा उपचार भएको पीडितले बताए। एकीकृत माओवादीले पुस १५ गते प्रेस विज्ञप्ति प्रकाशन गरी घटनामा संलग्नहरूलाई कारबाहीको माग गऱ्यो।

राप्रपाबाट

सेर्तुङ गाविस-१ बोराङस्थित मुक्तावदेवी माविका प्रधानाध्यापक ३६ वर्षीय नवराज डीसी, पूर्वप्रधानाध्यापक ४० वर्षीय कृष्णप्रसाद भट्टराई र शिक्षक ३२ वर्षीय अर्जुन अर्याललाई ०६८ पुस १६ गते राप्रपाका केन्द्रीय सदस्य तथा पूर्व गृहमन्त्री बुद्धिमान तामाङ्को नेतृत्वको राप्रपा कार्यकर्ताको समूहले सोही स्थानमा कुटपिट गरे। विद्यालयमा कार्यक्रम गर्न नदिएको र गृहमन्त्री भइसकेका बुद्धिमान तामाङलाई स्वागत नगरेको भन्दै आफूहरूलाई आक्रमण गरिएको पीडितहरूले बताए। आक्रमणबाट घाइते भएका शिक्षकहरूको मेडिकल कलेज सिनामङ्गलमा उपचार गरायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ८२ मध्ये १ सय ४८ फैसला भए भने १ सय ३४ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ४९ मध्ये १ सय ४६ फैसला भए भने १ सय ३ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा पाँच र देवानी मुद्दा दुई रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय २२ मध्ये ९७ फैसला भए भने १ सय २५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ७० मध्ये ४१ फैसला भए भने १ सय २९ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १० र देवानी मुद्दा पाँच रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ८६ छ जसमध्ये ७५ सफल भए भने १६ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या १६ पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १ सय ९५ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २९ मध्ये पाँच सफल र आठ असफल रह्यो भने १६ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा १३ मध्ये दुई सफल रह्यो भने तीन असफल रह्यो भने आठ फैसला हुन बाँकी रह्यो। बलात्कार उद्योगसम्बन्धी मुद्दा चारमध्ये दुई सफल र दुई असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा नौमध्ये चार सफल र एक असफल रह्यो भने चार फैसला हुन बाँकी रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या २ सय ५५ छ जसमध्ये २६ सफल भए भने पाँच असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या पाँच पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १६ सम्म २ सय २४ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।



प्रहरीद्वारा गिरफ्तार पछि कुटपिट गरी यातना दिइएका दुर्गाप्रसाद काप्री

एकीकृत माओवादीका कार्यकर्ताद्वारा आक्रमण गरी घाइते बनाइएका कुमार थापा

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २० मध्ये दुई असफल रह्यो भने १८ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा ११ मध्ये एक सफल रह्यो भने १० फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख २१ हजार १५ मध्ये छात्र ५८ हजार ५ सय ८१ र छात्रा ६२ हजार ४ सय ३४ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ९ हजार १ सय ९४ र छात्र ८ हजार २ सय २ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला १ हजार ४ सय ५१ र पुरुष १ हजार ७ सय ३५ गरी जम्मा तीन हजार १ सय ८६ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला १ सय ७१ र पुरुष ५ सय ५५ गरी जम्मा ७ सय २६ शिक्षक कार्यरत रहेका छन्।

यसैगरी मावि तहमा महिला ५२ र पुरुष ४ सय ३ गरी जम्मा ४ सय ५५ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ७ हजार ३ सय १८ र बालिका ६ हजार ५ सय ३५ गरी जम्मा १३ हजार ८ सय ५३ रहेका छन् जसमध्ये दलित बालक ९ सय ७४ र बालिका १ हजार ७३ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

भूमेस्थान गाविस-६ की १४ वर्षीया बालिकालाई ०६७ माघ २ गते भारत मोतीहरीका ४३ वर्षीय विनोद गुप्ता र रौतहट जिल्ला घर भई धादिङ जिल्ला थाक्रे गाविस-३ महादेवबेसीमा पसल गरी बस्ने शेख अल्यासले प्रलोभनमा पारेर यौनदुर्व्यवहार गरी अश्लील फोटो बनाएपछि बालिकाले घर छाडिन्। आरोपितहरूले यसअघि पनि पटकपटक यौनदुर्व्यवहार गरी नाङ्गो तस्वीर खिचेर अश्लील फोटो बनाएका भन्दै पीडित बालिकाले जिल्ला प्रहरी कार्यालयमा ०६७ फागुन ६ गते जाहेरी दर्ता गराइन्। प्रहरीले आरोपितहरूलाई फागुन १० गते गिरफ्तार गरी मुद्दा चलायो। दुईजना मध्येका अल्यासलाई मतियारको रूपमा मुद्दा चलाएकोमा जिल्ला अदालतले २० हजार रूपियाँ धरौटी राखेर चैत ८ गते रिहा गऱ्यो। मुद्दाका मुख्य आरोपित गुप्तालाई भने जिल्ला अदालतले ०६८ चैत ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। आरोपितहरूको धम्कीका कारण घटनापछि बालिका विस्थापित भई काठमाडौँस्थित दिदीको घरमा बस्दै आएकी छिन्।

वाईसीएल र युवासङ्घका कार्यकर्ताद्वारा कुटपिट गरिएका प्रेम भूषाल

राप्रपाका कार्यकर्ताहरूद्वारा आक्रमण गरी घाइते बनाइएका अर्जुन अर्याल

ओसारपसार

सल्यानकोट गाविस-७ कि १६ वर्षीया नानू रानालाई ०६८ असोज ३ गते गोरखा जिल्ला तान्द्राङ गाविस-२ निवासी ३८ वर्षीय गोपाल विश्वकर्मा र सल्यानकोट गाविस-८ निवासी २२ वर्षीय कमल विश्वकर्माले ललाईफकाई विवाह गर्न भनी बेचबिखनको प्रयास गरे। घरबाट बोलाएर सल्यानटारस्थित होटलमा राख्दा बिक्री गर्न लागेको थाहा पाई पीडितले परिवारलाई खबर गरेपछि उनको उद्दार गरिएको थियो। आरोपितहरू दुवैलाई प्रहरीले असोज ४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ असोज ६ गतेको आदेशबमोजिम दुवैजना जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

नौबीसे गाविस-४ कनाकोटकी १६ वर्षीया एक बालिकालाई काभ्रे जिल्ला अनेकोट गाविस-९ का २३ वर्षीय कृष्णबहादुर तामाङले ०६८ असार १२ गते नौबीसे गाविस-४ सिक्रेखोलाबाट बिक्री गर्ने उद्देश्यले गाडीमा हालेर लगे। पटक पटक फोन गरेर बोलाउँदै विवाह गर्ने पक्का गरेर काठमाडौँतर्फ लगेपछि आरोपितले अर्की एक महिलालाई बिक्री गरेको र उसँग बालिका जान नमानेपछि कलङ्कीबाट स्थानीय रामराजा पाण्डेले उद्दार गरेका थिए। घटनापछि इलाका प्रहरी कार्यालय खानीखोलामा पीडितपक्षको तर्फबाट नौबीसे बाल संरक्षण समितिले ०६८ असार २४ गते जाहेरी दिए। जाहेरीको आधारमा कात्तिक १५ गते आरोपितलाई काभ्रेस्थित घरबाट प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ मङ्सिर ८ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। पीडित स्थानीय बाल संरक्षण समितिमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

दुर्व्यवहार

मुरलीभञ्ज्याङ गाविस-७ निवासी २६ वर्षीया अम्बिका विक, उनका दाजु ३८ वर्षीय ईश्वरमान विक र आमा ६२ वर्षीया सुकमाया विकलाई गाउँकी कथित बोक्सीलाई सहयोग गरेको आरोपमा ०६७ माघ १९ गते छिमेकीहरूले कुटपिट गरी गम्भीर घाइते बनाए। घरमा खाना खाएर बसेको बेला छिमेकीहरू धनमान विक, कमला विक, विमला विक, लगायतको एक समूहले कुटपिट गरेको थियो। कुटपिटका क्रममा अम्बिकाको टाउकोको सबै कपाल उखेलिएको थियो। उनको १५ दिनसम्म जिल्ला अस्पतालमा उपचार भयो। आरोपितहरूलाई कारबाही गर्न माग गर्दै पीडित तीन जनाले जिल्ला प्रहरी कार्यालय धादिङमा माघ २२ गते उजुरी

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१४	१४
बालअधिकार			७		७
महिलाअधिकार			३०		३०
गिरफ्तारी/यातना	३	३			
कुटपिट			१	१७	१८
हत्या			१	६	७
जम्मा	**३**	**३**	**३९**	**३७**	**६६**

दर्ता गरे। मुरलीभञ्ज्याङ गाविस-७ की कुल्पी विकलाई ०६७ पुस १ गते बोक्सीको आरोपमा कुटपिट गरिएको थियो। उक्त घटनामा कुल्पी विकलाई सहयोग गरेको आरोपमा पीडितहरूलाई कुटपिट गरिएको थियो। यस वर्षको अन्त्यसम्म आरोपितहरूलाई कारवाही भएका छैन।

सल्यानकोट गाविस-१ तल्लोकास्टे की ५६ वर्षीया एकमाया अधिकारीलाई ०६८ वैशाख ७ गते सोही ठाउँका अमृत खड्का, सल्यानकोट गाविस-१ का ३३ वर्षीय केहरसिंह खड्का, सोही ठाउँका ३० वर्षीया शान्ति खड्का, आगिनचोक गाविस-६ निवासी जलेश्वरी प्राविका शिक्षक ३६ वर्षीय भीमसेन अधिकारीलगायतले बोक्सीको आरोपमा निर्घात कुटपिट गरी कपाल मुण्डन गरे। छिमेकीको घरमा राति अबिर र खरानीले रेखा लगाएको भन्दै पीडितलाई मोसो र जुत्ताको माला लगाई चारपाटा मुडेर जबर्जस्ती अभक्ष खुवाएर गाउँनिकाला गरे। पीडित अधिकारीलाई आरोपितहरूले डोरीले हातखुट्टा बाँधी ढुङ्गै ढुङ्गा भएको बाटोबाट घिसार्दै अमृतको घरको थाममा रातभरि बाँधेर राखेका थिए। घटनापछि पीडित एक महिना विस्थापित भई माइतीघरमा बसिन्। पीडित एकमायाले ईलाका प्रहरी कार्यालय खहरेमा वैशाख ८ गते उजुरी दिइन्। प्रहरी घटनास्थलमा गएपछि पीडितले स्थानीय तहमा न्याय नपाउने भन्दै धादिङवेसी नै जान भनेकोले पीडित अधिकारी हिड्न सक्ने भएपछि सदरमुकाम आएर वैशाख २१ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराइन्। जिल्ला प्रहरी कार्यालय धादिङले आरोपितहरूलाई वैशाख २२ गते गिरफ्तार गरी सदरमुकाम ल्यायो। आरोपितहरूले २ हजार ५ सय रुपियाँमा दिएर मिलापत्र गर्न दबाव दिएपनि पीडितले मिलापत्र गर्न मानिनन्। प्रहरीले आरोपितहरूलाई बिना सर्त छोडेको पीडित एकमायाले बताइन्।

घरेलु हिंसा

घरनिकाला

मुरलीभज्याङ गाविस-३ रामकोटकी २९ वर्षीया अनुपा श्रेष्ठलाई महिनावारी हुँदा धेरै रगत गएकोले उपचार गराउँदा गर्भपतन गराएको आरोप लगाउँदै परिवारका सदस्यले ०६८ जेठ ३ गते घरनिकाला गरे। पति विदेश गएको बेला अवैध गर्भ बोकेकोले गर्भपतन गराएको भन्दै घरनिकाला गरी बच्चासमेत खोसेर लगेको पीडितले बताइन्। महिनावारी भएको बेलामा धेरै रगत बगेर बेहोस भएपछि छिमेकीहरूले बोकेर जिल्ला अस्पताल पुऱ्याई उपचार गराएका थिए। उपचार गराउँदासमेत रगत रोकिन धेरै दिन लागेकाले परिवारका सदस्यहरूले चार महिनाको बच्चा फालेको भन्दै घरनिकाला गरे। अनुपाका अनुसार उनको पाठेघरमा पहिलादेखि नै समस्या भएकोले बेलाबेलामा सेतो पानी बग्ने गरेको थियो। अनुपाका पति शिवकुमार श्रेष्ठले विदेश जानुभन्दा पहिला दोस्रो विवाह गरेर दुवै जना विदेश गएको र आफूलाई नहेरेको बताइन्। पीडितले महिला मानवअधिकार रक्षकहरूको सहयोगमा ०६८ जेठ १७ गते जिल्ला प्रहरी कार्यालयमा आरोपितहरूविरूद्ध जाहेरी दर्ता गराइन्। यस वर्षको अन्त्यसम्म आरोपितहरूलाई कारबाही भएन।

बूढाथुम गाविस-५ का ४३ वर्षीया विष्णु श्रेष्ठलाई परपुरूषसँग लागेको आरोपमा पति नानीरामसहितको परिवारले ०६८ भदौ १२ गते घरनिकाला गरे। प्रहरीले आरोपितहरूको जाहेरीको आधारमा ०६८ भदौ १९ गते पीडित महिलालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा चार दिनसम्म हिरासतमा राख्यो। पीडितलाई न्याय दिनुको साटो गिरफ्तार गरेर आफूमाथि अन्याय गरेको पीडितले बताइन्। अधिकारकर्मीहरूले भदौ १९ गते संयुक्त प्रेस विज्ञप्ति प्रकाशन गरी गाँउलेले पीडितलाई गाउँनिकालाको घोषणा गरेको र प्रहरीले गिरफ्तार गरी हिरासतमा लिएकोले दुवै कार्य मानवअधिकार विरोधी भएको जनाए। घटनापछि पीडित विस्थापित भइन्। आफूलाई गाँउनिकाला गरिएको र बहुविवाह गर्ने पतिलाई कारबाही गर्न पीडितले जिल्ला प्रहरी कार्यालयमा माग गरिन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि उनकै विरूद्ध पहिले जाहेरी परी उनी हिरासतमा परेको भन्दै उनले दिएको जाहेरी प्रहरीले दर्ता गरेन।

परिवारजनबाट कुटपिट

नीलकण्ठ गाविस-५ पविता रिजाललाई परपुरूषसँग बोलेको आरोपमा ०६७ चैत ६ गते पति ३६ वर्षीय युवराज रिजालले कुटपिट गरी घाइते बनाए। घाइतेको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि आरोपितलाई कारबाही भएन। उनका तीन बच्चा अहिले घरबाट विस्थापित भई जिल्ला सदररमुकाम धादिङबेसीमा मजदुरी गरी बसेका छन्।

साङ्कोष गाविस-७ बटुवाकी २८ वर्षीया विष्णुमाया गुरूङ ०६७ माघ २२ गते पति विदेश गएका बेला परपुरूषसँग लागेको आरोपमा परिवारका जेठाजु जुल्फे गुरूङ, जेठानी डल्ली गुरूङले कुटपिट गर्दा गम्भीर घाइते भइन्। कुटपिटबाट बेहोस भएका पीडितको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि उनको थप उपचार वीर अस्पताल काठमाडौँमा भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा माघ २८ गते जाहेरी दिए पनि आरोपितहरूलाई कारबाही भएन।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार गरिएकी एकमाया अधिकारी

कटुञ्जे गाविस-७ कोइरालेटोलकी २९ वर्षीया सुन्तला विकलाई आफ्नो पतिलाई रिझाउन नसकेको आरोपमा ०६८ असोज २४ गते उनकी सासू कृष्णमाया विकले कुटपिट गरी घरनिकाला गरिन्। पीडितका पति केही समयअघि दोश्रो विवाह गरी रसुवाको कालिकास्थानमा बसेको र आफ्नो पतिलाई रिझाएर बस्न नसकेको भन्दै सासूले पटकपटक कुटपिट गर्ने गरेकी थिइन्। अन्तिम पटक असोज २४ गते कुटपिट गरी घरनिकाला गरेपछि विस्थापित भएकी सुन्तला मार्पाक गाविस-९ देउरालीस्थित माइतीघरमा बस्दै आएकी छिन्। उनले सासूलाई कारबाही र आफूलाई अंश दिलाइदिन माग गर्दै जिल्ला प्रहरी कार्यालय असोज २६ गते जाहेरी दर्ता गराइन्। प्रहरीले पति नभेटेको भन्दै दुवै पक्षलाई झिकाएर छलफल गराउन नसकेको जनायो।

परिवारजनको कुटपिटबाट घाइते भएकी सुभद्रा श्रेष्ठ

नीलकण्ठ गाविस-५ धादिङवेशीकी ३० वर्षीया सुभद्रा श्रेष्ठलाई घरको सामान चलाएको आरोपमा पति ३६ वर्षीय टिका श्रेष्ठले ०६८ मङ्सिर ४ गते साँझ कुटपिट गरी घाइते बनाए। कुटपिटका कारण शरीरका विभिन्न भागमा चोट र नीलडाम भएकी सुभद्रालाई सोही राति घर दुई बच्चासहित घरनिकाला गरे। टिकाले ०६७ माघमा दोश्रो विवाह गरेपछि सुभद्रालाई कुटपिट गर्ने गरेका थिए। घाइते अवस्थाकी सुभद्रालाई इन्सेकसहित महिला मानवअधिकार रक्षक सञ्जालको सहयोगमा जिल्ला अस्पतालमा उपचार गराइयो। घटनापछि विस्थापित भएकी सुभद्राले जिल्ला प्रहरी कार्यालयमा मङ्सिर ६ गते दिएको जाहेरीको आधारमा अंशवण्डा गर्ने सहमति भएको भए पनि वर्षको अन्त्यसम्म अंशवण्डा भएको छैन।

बहुविवाह

नौबीसे गाविस-३ की २९ वर्षीया रमा चापागाईका पति ३२ वर्षीय तारा चापागाईले ०६७ फागुन ५ गते दमक नपा-१ निवासी ३२ वर्षीया भावना सुब्बासँग दोश्रो विवाह गरेको भन्दै इलाका प्रहरी कार्यालय खानीखोलामा जाहेरी दर्ता गरिन्। प्रहरीले फागुन ७ गते तारालाई गिरफ्तार गऱ्यो। तारालाई प्रहरीले फागुन १६ गते जिल्ला अदालतमा पेश गरी पुर्पक्षका लागि थुनामा पठायो।

ओसारपसार

जोगीमारा गाविस-२ मन्थलीकी १८ वर्षीया सुशीला चेपाङलाई बर्दिया जिल्ला धधबार गाविस-६ खैरेनी गाउँ निवासी २५ वर्षीय जनक चौधरीले ०६८ असोज २५ गते विवाह गर्छु भनी बेपत्ता पारे। छोरी हराएको र बेचिएको आशङ्कामा पीडितका पिता चन्द्रबहादुर चेपाङले कात्तिक १७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिँदै अधिकारकर्मीहरूलाई छोरीको खोजी गरिदिन आग्रह गरे। गाँउमा सिँचाई कुलोको काम गर्न आएका चौधरीले चेपाङलाई घरबाट लिएर गएको र जोगीमारा फिर्ता पठाएको भनेपनि घर नआएपछि छोरी बेपत्ता भएको उनका पितालाई जानकारी दिए। प्रहरीले बर्दिया जिल्लामा प्रहरीमार्फत खोजी गर्ने बतायो। यस वर्षको अन्त्यसम्म पीडितको अवस्था अज्ञात छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२५		
उपस्वास्थ्यचौकी	२४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	२	२
स्टाफ नर्स	६	६	
ल्याब असिस्टेन्ट	५	३	२
अहेब	५६	५५	१
अनमी	२६	२४	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२१	१३	८
स्वास्थ्य कार्यकर्ता	१०९	६६	४३

२.१७ सिन्धुपाल्चोक

जनसङ्ख्या : २,८९,४४५
पुरूष : १,३९,६०२
महिला : १,४९,८५३
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३२
क्षेत्रफल (वर्ग कि. मि.) : २,५४२
गाविस/नपा सङ्ख्या : ७९/०
सरकारी/निजी विद्यालय : ५६४/२८
क्याम्पस/उच्च मा.वि. : ४/३७
मानव विकास सूचकाङ्कः ०.४१४
प्रतिपरिवार सरदर सङ्ख्याः ४.१६

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २३ र कैद नतोकिएका ४५ कैदी र थुनुवा गरी जम्मा ६८ जना बन्दीहरू रहेका छन्। जेलको क्षमताभन्दा धेरै बन्दी राखिएकोले बन्दीहरूलाई विभिन्न रोगका लक्षण देखा परेको जेलका नाइके टोपीलाल श्रेष्ठ बताउँछन्। पुरुष बन्दीगृह निर्माणाधीन अवस्थामा रहेको जेलर रमेश घिमिरले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

धुस्कुन गाविस- ४ निवासी क्राइम टुडेका जिल्ला सम्वाददाता २३ वर्षीय प्रकाश शर्मालाई ०६७ पुस १७ गते एकीकृत माओवादीका केन्द्रीय सदस्य तथा सिन्धुपाल्चोक जिल्ला क्षेत्र नं. २ बाट संविधानसभामा निर्वाचित सभासद् अग्नीप्रसाद सापकोटा र उनका निजी सचिव विगुल भनिने बिदुर भारतीले 'सापकोटा परिवारको भण्डाफोर' शीर्षकमा समाचार लेखेको आरोपमा मार्ने धम्की दिएको भन्दै शर्माले ०६७ पुस २० गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराए। पीडितले पुस २० गते प्रेस विज्ञप्ति जारी गरी स्वतन्त्र प्रेसको सम्मान गर्न र प्रेसप्रतिको दादागिरी बन्द गर्न चेतावनी दिँदै पत्रकारलाई धम्की दिने प्रवृत्तिको विरोध गरे। धम्कीविरुद्धको उजुरीमा जिल्ला प्रशासन कार्यालयबाट कुनै छानबिन भएन।

भोताङ गाविस- १ छिम्दी निवासी राप्रपा कार्यकर्ता ४८ वर्षीय पेम्वा लामालाई ०६८ कात्तिक १५ गते राति सोही ठाँउका एकीकृत माओवादी कार्यकर्ता राजु तामाङ र मङ्गले तामाङले खुकुरी हानी घाइते बनाए। पीडितको त्रिवि शिक्षण अस्पताल काठमाडौँमा उपचार भयो। पीडितले कात्तिक १६ गते प्रहरी चौकी मानेखर्कमा उजुरी गरेका थिए। आरोपितहरूलाई कारबाही भएन।

फुल्पीङडाँडाँ गाविस-५ निवासी राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष ४८ वर्षीय कृष्ण सुवेदीलाई ०६८ मङ्सिर १० गते बेलुका सोही गाविस-२ का एकीकृत माओवादी कार्यकर्ता २१ वर्षीय राजेन्द्र तामाङको समूहले काम गरेको पैसा नदिएको आरोपमा कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वास्थ्यचौकीमा उपचार भयो भने आरोपितहरूमध्ये राजेन्द्र तामाङलाई ०६८ मङ्सिर ११ गते प्रहरीले गिरफ्तार गऱ्यो।

आरोपितलाई जिल्ला प्रशासन कार्यालयले ०६८ मङ्सिर २२ गते धरौटीमा रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ५९ मध्ये १ सय ८७ फैसला भए भने ७२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय २८ मध्ये १ सय ५५ फैसला भए भने ७३ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६९ छ जसमध्ये २८ सफल भए भने पाँच असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या दुई पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या नौ रहे। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ३६ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा चारमध्ये एक सफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा तीनमध्ये दुई सफल र एक असफल रह्यो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सेलाङ गाविस- ७ का १४ वर्षीय दिनेश सिल्वाल र सोही ठाँउका १५ वर्षीय सुजन सिल्वाललाई ०६८ वैशाख २० गते जिल्ला प्रहरी कार्यालयका मुद्दा शाखाका सई जगदीश खड्काले प्रहरी हिरासतमा राखेको बेला आरोप स्वीकार नगरेको भन्दै कुटपिट गरे। पीडितले जिल्ला अदालतको आदेशमा वैशाख २७ गते जिल्ला अस्पतालमा घाउ जाँच गराए। पीडितपक्षले यातनाविरुद्ध जिल्ला अदालतमा उजुरी दिन खोज्दा जिल्ला प्रहरी कार्यालयका डीएसपी स्थानेश्वर रेग्मी र इन्स्पेक्टर एकनारायण कोइरालाले इन्सेक जिल्ला प्रतिनिधि र जिल्ला बालअधिकार अधिकृतको रोहबरमा यातना दिने जगदीश खड्कालाई कारबाही गर्ने शर्तमा पीडितसँग माफी माग्दै आइन्दा यस्तो घटना नहुने प्रतिबद्धता गरेपछि पीडित पक्षले उजुरी दर्ता गरेनन्।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			३	३	५
बालअधिकार			६	६	१२
अपहरण				१	१
महिलाअधिकार			१८		१८
जातीय विभेद			१		१
गिरफ्तारी/यातना	३	३			
कुटपिट			३	३	५
धम्की			१	३	४
हत्या			३	५	८
जम्मा	**३**	**३**	**३३**	**३०**	**५३**

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ३ हजार ४ सय १७ मध्ये छात्र ५० हजार ९६ र छात्रा ५३ हजार ३ सय २१ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ हजार ४ सय १२ र छात्र ५ हजार ६७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ सय ६९ र पुरुष १ हजार छ सय ४६ गरी जम्मा १ हजार ७ सय १५ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा पुरुष १ सय २० शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला दुई र पुरुष १ सय ३९ गरी जम्मा १ सय ४१ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ३ हजार ८ सय ६२ र बालिका ४ हजार १ सय ५१ गरी जम्मा ८ हजार १३ रहेका छन् जसमध्ये दलित बालक ४ सय ६४ र बालिका ४ सय ६२ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

हत्या

साँगाचोक गाविस-५ की पाँच महिनाकी अन्जना गिरीको ०६८ पुस ६ गते बेलुका आफ्नै आमा १९ वर्षीया गोपनी गिरीले मुखमा कपडा कोचेर हत्या गरिन्। लासको पुस ७ गते चौतारा अस्पतालमा पोष्टमार्टम भया। पीडकलाई पुस ७ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयले हिसारतमा राखेको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

माङ्खा गाविस- ७ की ८ वर्षीया बालिकालाई ०६७ माघ ५ गते सोही ठाँउका ७० वर्षीय कालीप्रसाद पराजुलीले विद्यालयबाट घर फर्कने क्रममा बीचबाटोमा पर्ने बारीको कुनामा लगेर जबरजस्ती बलात्कार गरेको आरोपमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको बाह्रबीसे प्राथमिक उपचार केन्द्रमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको ०६७ माघ १३ गतेको आदेशअनुसार आरोपित यस वर्षको अन्त्यसम्म पुर्पक्षकालागि थुनामा छन्।

ठूलोसिरुवारी गाविस-६ हर्रे घर भई साँगाचोक गाविस-४ स्थित श्री जनजागृति उमाविमा कार्यरत प्राबि शिक्षक ३२ वर्षीय नारायणबहादुर श्रेष्ठले विभिन्न मितिमा छ जना बालकहरूलाई एक्ला एक्लै आफू बस्ने डेरामा बोलाएर अप्राकृतिक यौनव्यवहार गरेको आरोपमा श्रेष्ठलाई ०६८ कात्तिक २४ गते साँगाचोक भन्ज्याङका स्थानीयहरूले नियन्त्रणमा लिई बजार परिक्रमा गराएपछि प्रहरीलाई जिम्मा लगाए। जिल्ला अदालतको आदेशअनुसार आरोपित २०६८ मङ्सिर २७ गतदेखि पुर्पक्षकालागि जिल्ला कारागारमा थुनामा छन्।

कुटपिट

चौतारा गाविस-४ निवासी सोही गाविस- ७ स्थित श्री प्राविमा कक्षा ३ मा अध्ययनरत सात वर्षीया रीतिमा तामाङलाई ०६८ भदौ १८ गते सानोसिरुवारी गाविस-१ निवासी सोही विद्यालयका शिक्षक २१ वर्षीय राजेश श्रेष्ठले गृहकार्य नगरेको आरोपमा लाठीले कुटपिट गरे। स्थानीय अभिभावकहरूले घटनाको विरोधमा विद्यालय घेराउ गरेपछि विद्यालय व्यवस्थापन समितिले ०६८ भदौ १९ गते आरोपित शिक्षकलाई विद्यालयबाट निष्काशन गऱ्यो।

युथफोर्स र नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूद्वारा कुटपिट गरिएका राजु तामाङ



प्रहरी हिरासतमा यातना दिइएका सुजन र दिनेश सिल्वाल

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार ओसारपसार

स्याउले गाविस- २ का २१ वर्षीय सन्तोष कार्कीलाई ०६८ जेठ १६ गते सोही ठाँउका दुई महिलालाई बिक्री गर्न खोजेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित कार्कीले १७ र १८ वर्षीया दुई युवतीलाई जागिर लगाईदिन्छु भन्दै फकाएर जेठ १३ गते पोखरा लैजान लाग्दा थानकोट प्रहरी चेकपोष्टबाट पीडितहरू भागेका थिए। आफूलाई फकाएर बेचविखन गर्न खोजेको थानकोट पुगेपछि थाहा भएपछि भागेर आउन सफल भएको भन्दै पीडितहरूले ०६८ जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराएका थिए। आरोपित जिल्ला अदालतको आदेशमा ०६८ असार १० गतेदेखि पुर्पक्षकालागि थुनामा छन्।

घरेलु हिंसा

धम्की/कुटपिट/घरनिकाला

ठूलोसिरुवारी गाविस- २ की ३१ वर्षीया मनकुमारी विकलाई ०६७ पुस २५ गते पति २६ वर्षीय रामबहादुर विकले बढी भएको खाना नखाएको आरोपमा कुटपिट गरी घरनिकाला गरे। पीडितको चौतारा अस्पतालमा उपचार भयो। पीडित पक्षबाट उनका भाई राजेन्द्र विकले पुस २७ गते साँगाचोक प्रहरी चौकीमा उजुरी गरे पनि आरोपितलाई कारबाही भएन।

कुञ्चोक गाविस- ६ की २७ वर्षीया गीता तिरुवालाई ०६८ साउन ९ गते पति तारा तिरुवाले मदिरा सेवन गरी कुटपिट गरी घरनिकाला गरे। पीडितले बनेपास्थित माइतीघरमा बसेर उपचार गराइन्। पीडितले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजरी दिए पनि पीडकलाई कारबाही भएन।

कुञ्चोक गाविस-६ की ४८ वर्षीया पार्वती तिरुवालाई ०६८ मङ्सिर १ गते बेलुका सोही ठाँउका देवर ४० वर्षीय तारा विकले घरमा बसिरहेको बेला मादक पदार्थ सेवन गरी मार्ने धम्की दिई कुटपिट गरे। पीडितको चौतारा अस्पतालमा उपचार भयो। अरोपितलाई प्रहरीले सोही दिन

गिरफ्तार गरेकोमा स्थानीय राजनीतिक दलहरूको जिम्मामा ०६८ मङ्सिर ४ गते रिहा गऱ्यो।

बहुविवाह

ठूलोसिरुवारी गाविस- ३ की २२ वर्षीया शर्मिला गिरीले पति २१ वर्षीय विनोद गिरीविरुद्ध ०६८ असार ३२ गते कुविण्डे गाविस-१ की २० वर्षीया सुजाता सार्कीसँग बहुविवाह गरेको आरोपमा साउन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पीडकलाई कारबाही भएन।

गोल्चे गाविस-२ नम्फाका ३२ वर्षीय अमृतबहादुर राउतले ०६८ जेठ १८ गते काभ्रे जिल्ला कुन्तावेसीकी २९ वर्षीया शारदा हमालसँग बहुविवाह गरे। अमृतकी जेठी पत्नी २७ वर्षीया सुस्मिता रावतले ०६८ असोज २७ गते उनीविरुद्ध बहुविवाह उजुरी दिइन्। आरोपितलाई ०६८ असोज २९ गते प्रहरीले गिरफ्तार गरेकोमा ०६८ कात्तिक २२ गते बाबुको जिम्मामा रिहा गऱ्यो।

धुस्कुन गाविस- १ ढुङ्गेपाटीका २३ वर्षीय दीपक न्यौपानेले ०६८ असोज २५ गते टेकानपुर गाविस-८ की रोजिना बोहोरासँग दोस्रो विवाह गरेको आरोपमा उनकी पहिली पत्नी २३ वर्षीया पत्नी नवीना न्यौपानेले ०६८ कात्तिक ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। दीपक जिल्ला अदालतको २०६८ मङ्सिर २२ गते आदेशमा ५० हजार धरौटीमा रिहा भए भने रोजिना सामान्य तारेखमा रिहा भइन्।

दुर्व्यवहार

स्याउले गाविस- २ स्थित कातर्जेकी ५८ वर्षीया मथुरा श्रेष्ठलाई ०६७ माघ १३ गते राति नवलपुर गाविस-३ का आफूलाई धामी भन्ने मदनकुमार श्रेष्ठको सहयोगमा स्याउले गाविस- २ का ललितबहादुर श्रेष्ठ र उनकी पत्नी गङ्गामाया श्रेष्ठले बोक्सीको आरोपमा कुटपिट गरे। ललितबहादुरले मदनकुमारलाई झिकाई घरमै गएर मथुरालाई डाकेर ल्याई चण्डी र स्वस्थानी ब्रतको पुस्तक छुवाएर जबरजस्ती बोक्सी हुँ भन्न लगाएका थिए। मथुराले अस्वीकार गरेपछि उनीहरूले लाठी र भाटाले पिट्दै गाउँ डुलाएका थिए। पीडितले माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि आरोपितलाई कारवाही भएन।

पाङताङ गाविस- २ की ३५ वर्षीया सुकलक्ष्मी श्रेष्ठलाई ०६७ माघ १६ गते सोही ठाँउका पूर्णलाल श्रेष्ठले बोक्सीको आरोपमा कुटपिट गरे। पीडितले माघ १६ गते प्रहरी चौकी कात्तिकमा उजुरी दिइन्। यस वर्षको अन्त्यसम्म पीडक फरार छन्।

सबै प्रकारका जातीय विभेद

ठूलोसिरुवारी गाविस-३ की २० वर्षीया सुजाता सार्कीलाई ०६८ साउन ५ गते बिहान ससुरा टिकाबहादुर गिरीले दलित भएको आरोपमा घरनिकाला गरे। पीडितलाई ०६८ असार ३२ गते पीडकका छोरा विनोद गिरीले प्रेमविवाह गरी घर भित्र्याएका थिए। पाँच दिनपछि उनी दलित समुदायको भन्ने थाहा पाएपछि गिरीले घरबाट निकालेका थिए। घटनापछि पीडित कुविण्डे गाविसस्थित माइती घरमा फर्किइन्।

अपहरणमा परेका सुरज शाह

पारिवारिक हिंसामा परेकी पार्वती तिरुवा

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

ठूलोसिरुवारी गाविस- २ का क्रिश्चियन धर्मावलम्बी ६५ वर्षीय एकबहादुर सार्कीको मृत्युपछि आफन्तहरूले सोही गाविस-४ स्थित महिला सामुदायिक वनमा सद्गदत् गरेकोमा ०६८ मङ्सिर १ गते हिन्दु र क्रिश्चियन धर्मावलम्बीहरूबीच समाधिस्थलको विषयमा विवाद भयो। आफ्नो धर्मका मानिसहरूको मृत्यु हुँदा सोही वनमा समाधिस्थल पाउनुपर्ने क्रिश्चियन धर्मालम्बीहरूको भनाइ र आफ्नो घर आँगननजिक लास गाड्न नपाइने हिन्दू धर्मालम्वीहरूको भनाइले विवाद भएको थियो। विवाद साम्य बनाउन ०६८ मङ्सिर ३ गते स्थानीय राजनीतिक दल, गाविस सचिव र दुवै धर्मका प्रतिनिधिहरूबीच छलफल गरी क्रिश्चियन धर्मावलम्बीलाई समाधिस्थलको खोजी गरिने र गाँउनजिकको जङ्गलमा आइन्दा लास गाड्न नपाइने, राखिएको लाश झिक्नु

नपर्ने सहमतिमा जिल्ला प्रहरी कार्यालयका प्रतिनिधिको रोहबरमा मिलापत्र भयो।

संरचना, सम्पति क्षति
आदिवासी जनजाति महासङ्घ नेपालबाट

आदिवासी जनजाति महासङ्घ नेपालले आह्वान गरेको नेपाल बन्दको क्रममा ०६८ वैशाख ३० गते दिउँसो बन्दको अवज्ञा गरेको भन्दै चौतारा गाविस- ८ स्थित चौतारा बजारमा बन्दकर्ताहरूले वा २ ख ६४६२ नम्बरको मालबाहक ट्रक तोडफोड गरी क्षति पुऱ्याए। तोडफोडपछि बन्दकर्ताहरू र बन्द खुलाउने समूहबीच झडप भएपनि कुनै क्षति भएन।

विगतको अनुगमन

चौतारा गाविस- ९ निवासी मानेश्वारा बस्दै आएकी १९ वर्षीया महिलालाई ०६५ माघ १४ गते बिक्री गरी भारत पुऱ्याएको आरोपमा दुवाचौर गाविस- ६ का ७६ वर्षीय ईश्वर घले, सोही ठाँउका २८ वर्षीय रामशरण घले र पीडितका बुवा दुवाचौर गाविस- ९ का लोकबहादुर घलेलाई ०६७ माघ १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित भारतबाट फर्केर आएपछि पीडकहरूविरुद्ध ०६७ माघ १० गते जिल्ला प्रहरी कार्यालयमामा किटानी उजुरी गरेकी दिइन्। पीडकहरू जिल्ला अदालतको ०६७ फागुन ९ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

फटकसिला गाविस- २ की १८ वर्षीया महिलालाई काका नाता पर्ने ५५ वर्षीया रामचन्द्र मिजार, सोही ठाँउका सुभाष सार्की र राजु तामाङले भारतको कलकत्ता पुऱ्याई बिक्री गरेको आरोपमा शक्ति समूहको सहयोगमा ०६७ साउन २१ नेपाल फर्कन सफल भएपछि पीडितको तर्फबाट उनका दाजुले ०६७ चैत २९ गते इलाका प्रहरी कार्यालय मेलम्चीमा किटानी उजुरी दिए। आरोपितलाई प्रहरीले बाबुले बिवाह गरिदिन लागेको अघिल्लो दिन काकाले फकाएर ०६६ मङ्सिर २७ गते पीडितलाई काठमाडौं पुऱ्याएका थिए। यस वर्षको अन्त्यसम्म आरोपितहरू ०६८ जेठ १ गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	६५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	३	
स्टाफ नर्स	७	४	३
ल्याब असिस्टेन्ट	४	१	३
अहेब	८३	६७	६
अनमी	२०	१९	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	११	५
स्वास्थ्य कार्यकर्ता	१४४	१०५	३९

२.१८ नुवाकोट

जनसङ्ख्या : २,७८,७६१
पुरूष : १,३४,०७१
महिला : १,४४,६९०
साक्षरता प्रतिशत : ५९
महिला साक्षरता प्रतिशत : ४५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१२१
गाविस/नपा सङ्ख्या : ६१/१
सरकारी/निजी विद्यालय : ५०१/५३
क्याम्पस/उच्च मा.वि. : २/३४
मानव विकास सूचकाङ्कः ०.४६३
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५०

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ९० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४१ र कैद नतोकिएका ७७ कैदी र थुनुवा गरी जम्मा १ सय १८ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ९७ जना र महिला २१ जना रहेका छन्। साथै, आश्रित बालक एक जना र बालिका एक जना गरी जम्मा दुई जना रहेका छन्। कारागारमा पानी, बिजुली र टेलिफोन सुविधा रहेको जेलर खगेन्द्र घिमिरेले बताए। बन्दीहरूको भनाइअनुसार कारागारमा थप शौचालयको आवश्यकता छ।

धम्की/कुटपिट

नेपाली काङ्ग्रेसबाट

समुन्द्रटार गाविस-६ निवासी एकीकृत नेकपा माओवादी १३ नं. इलाका इन्चार्ज यमलाल तामाङ र घ्याङफेदी गाविसका दोर्जे तामाङ, शिखरबेशी गाविस-६ का रामशरण पण्डित, रमण पण्डित, राजकुमार श्रेष्ठ र कल्याण ढुङ्गाना ०६८ वैशाख ११ गते नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूको कुटपिटबाट घाइते भए। घ्याङफेदी गाविस-६ स्थित इन्द्रेणी प्राविमा निर्माणाधीन शौचालयको विषयमा विवाद हुँदा काङ्ग्रेस घ्याङफेदी गाउँ एकाइ सदस्य सुनबहादुर तामाङ र स्थानीय शान्ति समितिका अध्यक्ष सेल दोर्जे तामाङ र नरेश तामाङको नेतृत्वमा आएका बीस-पच्चीस जनाको समूहले उनीहरूलाई कुटपिट गरी घाइते बनाएको थियो। घाइतेमध्ये यमलाल र दोर्जेको जिल्ला अस्पताल त्रिशुली र अन्यको स्थानीय उप-स्वास्थ्य चौकीमा उपचार भयो। सो घटनामा कसैले उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६५ मध्ये ३३ फैसला भए भने ३२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ३५ मध्ये ११ फैसला भए भने १ सय २४ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ५६ मध्ये ८२ फैसला भए भने ७४ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६३ मध्ये सात फैसला भए भने ५६ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय २९ छ जसमध्ये २६ सफल भए भने छ असफल भएको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या तीन रहे। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ९७ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १६ मध्ये दुई सफल रह्यो भने १४ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा छमध्ये एक असफल रह्यो भने पाँच फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा एकमध्ये एक असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा तीनमध्ये एक असफल रह्यो भने दुई फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ८३ हजार ४ सय ५३ मध्ये छात्र ३९ हजार ७ सय २२ र छात्रा ४३ हजार ७ सय ३१ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ३ सय ९६ र छात्र ६ हजार ६ सय ९४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ४ सय ११ र पुरुष १ हजार ७८ गरी जम्मा १ हजार ४ सय ८९ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ६५ र पुरुष २ सय ९१ गरी जम्मा ३ सय ५६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १३ र पुरुष २ सय ५५ गरी जम्मा २ सय ६८ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक १ हजार १ सय

घटनाको प्रकार	गरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		३	३
बालअधिकार	१		१
महिलाअधिकार	७		७
कुटपिट		३	३
हत्या	४	६	१०
जम्मा	**१३**	**११**	**२३**

७८ र बालिका १ हजार १ सय १८ गरी जम्मा २ हजार २ सय ९६ रहेका छन् जसमध्ये दलित बालक ५ सय ८६ र बालिका ५ सय ६८ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार ओसारपसार

कल्याणपुर गाविस-२ का तीन जना युवतीलाई ०६७ माघ २ गते देउराली गाविस-८ की ३७ वर्षीया फूलमाया तामाङले बेचबिखनका लागि लगिरहेको अवस्थामा प्रहरीले विदुर नपा-११ त्रिशुली बजारबाट उद्दार गऱ्यो। आरोपितलाई जिल्ला प्रहरी कार्यालय नुवाकोटले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०६८ फागनु ९ गतेको आदेशअनुसार पुर्पक्षका लागि उनी जिल्ला कारागारमा थुनामा छिन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गोरस्याङ गाविस-८ की २१ वर्षीया महिलालाई ०६८ असोज २८ गते बिहान घाँस काट्न गएका बेला २७ वर्षीय मीनकुमार लामाले बलात्कार गरेको आरोपमा ०६८ मङ्सिर १ गते पीडितले जिल्ला प्रहरीमा जाहेरी दिइन्। घटनाका आरोपित फरार छन्।

थप्रेक गाविस-७ की ४८ वर्षीया महिलालाई ०६८ कात्तिक २९ गते सोही ठाउँका ४० वर्षीय सूर्यबहादुर तामाङ्ले नजिकैको वनमा बलात्कार गरेको आरोप पीडितले लगाइन्। पीडितको निवेदनअनुसार आरोपितलाई ०६८ मङ्सिर १ गते प्रहरीले गिरतार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशअनुसार ०६८ मङ्सिर १९ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

घरेलु हिंसा

हत्या

रातमाटे गाविस-२ की ४० वर्षीया जानुका लामिछानेको ०६८ असार २ गते राति नौ बजे उनकै घरमा सोही ठाउँका ३१ वर्षीय विष्णुप्रसाद लामिछानेले घाँटी रेटेर हत्या गरे। घटनामा उनका पति ४२ वर्षीय अर्जुन लामिछानेसहित सोही ठाउँका ३५ वर्षीय बच्चु भनिने ताराचन्द्र लामिछाने, ५४ वर्षीय जीवनाथ लामिछाने, ३५ वर्षीय रामेश्वर लामिछाने र २८ वर्षीय रमेश लामिछाने पनि संलग्न रहेको भन्दै मृतकका माइती पक्षले असार ३ गते जिल्ला प्रहरी कार्यालय नुवाकोटमा जाहेरी दिए। आरोपितहरूलाई ०६८ असार ५ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित छ जना जिल्ला अदालतको ०६८ असार २३ गतेको आदेशअनुसार जिल्ला कारागार नुवाकोटमा थुनामा छन्।

परिवारजनबाट हत्या

सूर्यमती गाविस-४ की २१ वर्षीया लक्ष्मी राई ०६८ असोज ८ गते घरमा मृत अवस्थामा फेला परिन्। उनले आत्महत्या गरेको भने पनि उनलाई उनका पति २५ वर्षीय केशव राई र सौता २६ वर्षीया सीता राईको मिलोमतोमा हत्या गरेको आरोपमा प्रहरीले दुवैजनालाई ०६८ असोज ९ गते गिरफ्तार गऱ्यो। आरोपितहरू जिल्ला अदालतको आदेशअनुसार ०६८ असोज २८ गतदेखि पुर्पक्षका जिल्ला कारागारमा थुनामा छन्।

दुर्व्यवहार

चारघरे गाविस-८ की ४५ वर्षीया तुलसा कार्कीलाई हलो जोतेको आरोपमा ०६८ साउन ६ गते सोही गाविसका ४१ वर्षीय महेन्द्र तामाङ र ६२ वर्षीय कृष्णप्रसाद अर्यालले सामाजिक बहिस्कारको नाममा दुर्व्यवहार गरेको पीडितले बताइन्। प्रहरीले ०६८ भदौ ४ गते आरोपितहरूलाई गिरफ्तार गऱ्यो। उनीहरू ०६८ भदौ १३ गते जिल्ला प्रशासन कार्यालय नुवाकोटको आदेशअनुसार जनही ५ सय रुपियाँ धरौटी राखेर रिहा भए।

बहुविवाह

कविलास गाविस-१ का २३ वर्षीय शङ्कर थापाले ०६८ मङ्सिर १० गते महाकाली गाविसकी २० वर्षीया पार्वती घिमिरे थापासँग दोस्रो विवाह गरेको भनी जेठी पत्नी सुशीला थापाले मङ्सिर २१ गते जिल्ला प्रहरीमा जाहेरी दिइन्। आरोपितहरूलाई ०६८ मङ्सिर २१ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदातलको पुस १ गतेको आदेशअनसार पुर्पक्षका लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	५३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	४	२
स्टाफ नर्स	७	४	३
ल्याब असिस्टेन्ट	६	६	
अहेब	७२	६९	३
अनमी	२१	१६	५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१७	१२	५
स्वास्थ्य कार्यकर्ता	११९	९३	२६

२.१९ रसुवा

जनसङ्ख्या : ४३,७९८
पुरूष : २१,७७५
महिला : २२,०२३
साक्षरता प्रतिशत : ४७
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,५४४
गाविस/नपा सङ्ख्या : १८/०
सरकारी/निजी विद्यालय : १११/३
क्याम्पस/उच्च मा.वि. : १/४
मानव विकास सूचकाङ्कः ०.३९४
प्रतिपरिवार सरदर सङ्ख्याः ४.४१

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २७ र कैद नतोकिएका चार कैदी र थुनुवा गरी जम्मा ३१ जना पुरुष बन्दीहरू रहेका छन्। जिल्ला कारागार शाखा रसुवाको भवन जीर्ण भएको छ। यस वर्षको अन्त्यसम्म यस कारागारमा महिला बन्दी रहेका छैनन्। जिल्ला सदरमुकाममा रहेको यस कारागारमा रेडियो, टिभी हेर्न र पत्र-पत्रिका पढ्ने सुविधा छ। कारागारमा बन्दी तथा थुनुवाहरूलाई सीपमूलक तालिम प्रदान गरिएको भए तापनि त्यहाँ उत्पादित सामानको बजार अभावको समस्या रहेको बन्दीहरूले गुनासो गरेका छन्। दिउँसो घाम ताप्ने तथा आफन्त भेट्ने बाहिरी भागमा गत वर्ष कोठा निर्माण गरेपछि बन्दी भेटघाटका लागि सजिलो भएको छ। उपयुक्त भवनको अभावमा सब बन्दीहरू कोचिएर बस्नु परेको बन्दीहरूको गुनासो छ। ३१ जना बन्दीहरू तीनओटा कोठामा कोचिएर सुत्नुपर्ने बाध्यता रहेको जेलर विष्णुप्रसाद रिमालले बताए। गत वर्ष दुईजना आश्रित बालक रहेकोमा यस वर्ष प्रायोजक भेटिएपछि अध्ययनका लागि राजधानी गएका छन्।

बेपत्ता /अपहरण
एकीकृत माओवादीबाट

गत्लाङ गाविस-४ निवासी नेपाल तरूण दलका कार्यकर्ता कामीसाङबो तामाङ, गत्लाङ गाविस-६ का पासाङदोर्जे तामाङ र मीङमार तामाङलाई आफ्नै घरमा सुतिरहेको अवस्थामा ०६७ माघ ३ गते राति जबरजस्ती ढोका खोलेर एमाओवादी कार्यकताको एक समूहले अपहरण गरी कुटपिट गऱ्यो। उनीहरूलाई आँखामा पट्टी बाँधेर जङ्गलतर्फ लगेर कुटपिट गरी अचेत अवस्थामा छाडेर एमाओवादी कार्यकर्ता भागेका थिए। भोलिपल्ट बिहान सो ठाउँको नेपाल राष्ट्रिय माविनजिकैको खोलामा अचेत अवस्थामा भेटिएका घाइतेहरूको जिल्ला अस्पतालमा उपचार पछि थप उपचारको लागि राजधानीस्थित त्रिवि शिक्षण अस्पताल लगियो। पीडितहरूले उजुरी गरेनन्।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

गोल्जुङ गाविस-७ निवासी नेपाल तरूण दल जिल्ला कार्यसमितिका सदस्य ३५ वर्षीय हिसी तामाङलाई ०६७ माघ ५ गते दिउँसो एमाओवादी

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१	१	३
बालअधिकार			४		४
अपहरण				३	३
महिलाअधिकार			९		९
कुटपिट	१	१			
धम्की			१		१
जम्मा	**१**	**१**	**१५**	**४**	**१९**

कार्यकर्ताले धैबुङ गाविस-२ बेतिनीमा छुरा प्रहार गरी घाइते बनाए। राजधानीबाट मोटरसाईकलमा जिल्ला सदरमुकामतर्फ जानलागेका तामाङलाई मोटरसाईकल रोकेर एमाओवादी कार्यकर्ता दावा तामाङले छुरा प्रहार गरेका थिए। उनलाई जिल्ला अस्पतालमा उपचार गरी थप उपचारका लागि राजधानीस्थित त्रिवि शिक्षण अस्पताल लगियो। पीडितले घटनाको भोलिपल्ट प्रहरीमा जाहेरी दिए पनि पीडकलाई प्रहरी कारबाही नभएको भन्दै घटनाविरूद्ध नेपाल तरूण दलले ०६६ माघ ६ गते बन्द आयोजना गऱ्यो। घटनाका पीडक पक्षलाई कुनै कारबाही भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १३ मध्ये छ फैसला भए भने सात फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ पाँचमध्ये एक फैसला भए भने चार फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ पाँच फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ दुई फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १३ छ जसमध्ये आठ सफल भए भने एक असफल भएको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या एक रहे। यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म चार मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा चारमध्ये दुई सफल र एक असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा तीनमध्ये एक सफल रह्यो भने दुई फैसला हुन बाँकी रह्यो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

टिमुरे गाविस-१ का कर्मग्याल्बो तामाङलाई ०६७ माघ ८ गते राति टिमुरे प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक (असई) रामबहादुर कार्कीले कुटपिट गरे। उत्तरी क्षेत्र चीनको सीमावर्ती टिमुरे गाविसको एक पसलमा जग्गाको किनबेचको विषयमा विवाद भएपछि तामाङलगायत चारजनालाई प्रहरीले गिरफ्तार गरी चौकीमा लगेर असई कार्की र हवल्दार कपिल बानियाँले कुटपिट गरेका थिए। प्रहरीको कुटपिटबाट घाइते तामाङको जिल्ला अस्पतालमा उपचार भएको थियो। उनको आँखा र अनुहारमा चोट लागेको थियो। प्रहरीले बिनाकारण स्थानीय अजय तामाङ र सन्त तामाङलाई गिरफ्तार गरेको भन्दै सो दिन जिल्ला प्रहरी कार्यालयमा टिमुरे गाविसवासीले रिहा गर्न र पीडकलाई कारबाही गर्न दबाब दिए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १२ हजार ७ सय ७४ मध्ये छात्र ६ हजार १ सय ८७ र छात्रा ६ हजार ५ सय ८७ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २८ र छात्र २५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ७५ र पुरुष २ सय ७७ गरी जम्मा ३ सय ५२ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला चार र पुरुष ४९ गरी जम्मा ५३ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला दुई र पुरुष ३६ गरी जम्मा ३८ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ९ सय ३६ र बालिका १ हजार १७ गरी जम्मा १ हजार ९ सय ५३ रहेका छन् जसमध्ये दलित बालक ४५ र बालिका ४९ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गत्लाङ गाविस-१ की ५५ वर्षीया महिलालाई

सोही गाविस-२ का चेरसिंह तामाङले ०६८ मङ्सिर १५ गते राति ११ बजे पीडित आफ्नै घरमा सुतिरहेको बेला बलात्कार गरेको आरोपमा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि प्रहरीले ०६८ मङ्सिर २० गते तामाङलाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ। पीडितको जिल्ला अस्पताल धुन्चेमा उपचार भएको थियो।

भूमिहीन तथा सुकुमबासी समस्या, अशक्त भत्ता आदि

भूमिहीन

रसुवा जिल्लामा क्रियाशील संस्था भूमिअधिकार मञ्चले दिएको तथ्याङ्कअनुसार जिल्लामा बिर्ताका १ हजारभन्दा बढी पीडित छन्। भने गुठीपीडित ५ सय र भूमिहीन सुकुमबासी ३ सय परिवार रहेका छन्। उनीहरू आफ्नो भूस्वामित्व कायम गर्नका लागि सङ्गठित भएर आन्दोलन गर्दै आएका छन्। यस वर्ष धैबुङ, लहरेपौवा र भोर्ले गाविसका बिर्तापीडित किसान १ सय ५० घर परिवारले भूमिमा स्वामित्व (जग्गाधनी प्रमाणपूर्जा) पाएका छन्। त्यसैगरी हाकु गाविसका ५ सय घर परिवारका गुठीपीडितले भने हालसम्म आफूले श्रम गर्दै आएको जमीनको स्वामित्व पाएका छैनन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	६		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	३	
स्टाफ नर्स	३	२	१
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	२२	१२	१०
अनमी	१४	११	३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	११	११	
स्वास्थ्य कार्यकर्ता	२७	१४	१३

पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ
३.४ स्याङ्जा
३.५ कास्की
३.६ मनाङ
३.७ नवलपरासी
३.८ रुपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१६ मुस्ताङ

३.१ तनहुँ



जनसङ्ख्या : ३,३०,५८१
पुरूष : १,४७,४११
महिला : १,८३,१७०
साक्षरता प्रतिशत : ७२
महिला साक्षरता प्रतिशत : ६३
क्षेत्रफल (वर्ग कि. मि.) : १,५४६
गाविस/नपा सङ्ख्या : ४६/१
सरकारी/निजी विद्यालय : ६३२/८४
क्याम्पस/उच्च मा.वि. : ४/४४
मानव विकास सूचकाङ्कः ०.५२४
प्रतिपरिवार सरदर सङ्ख्याः ४.०३

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५९ र कैद नतोकिएका ७१ कैदी र थुनुवा गरी जम्मा १ सय ३० जना पुरुष बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक पाँच जना रहेका छन्। क्षमताभन्दा पाँच गुणा बढी बन्दीहरू हुँदा बन्दीहरूलाई बस्न निकै असुविधा भएको छ। कारागारमा नियमितरूपमा स्वास्थ्य परीक्षण, पत्रपत्रिका, रेडियो, टिभी, चेस, क्यारेमबोर्डलगायतका सुविधा रहेका छन्।

धम्की/कुटपिट

राज्यपक्षबाट

व्यास नपा-२ का २० वर्षीय दीपेश सुनार र सोही ठाउँका ४० वर्षीय सुकराम रहपाललाई ०६७ फागुन ४ गते प्रहरीले व्यास नपा-१० तरकारी लाईनमा कुटपिट गऱ्यो। ट्यूसन पढेर फर्कदै गरेका सुनारलाई प्रहरीले बिनाकारण कुटपिट गर्न थालेपछि छुट्याउन गएका सुकरामलाई पनि प्रहरी हवल्दार धनसिंह गुरुङको नेतृत्वका प्रहरीले कुटपिट गरेको थियो। कुटपिटबाट घाइते दुवैको दमौली अस्पतालमा उपचार भयो। घटनाको विरोधमा व्यवसायीहरूले ०६७ फागुन ५ गते दमौली बजार बन्द गरी जिल्ला प्रहरी कार्यालय घेराउ गरे। प्रहरी कार्यालयमा सोही दिन भएको सरोकारवालाहरूको वार्तापछि कुटपिटमा संलग्न प्रहरी हवल्दार गुरुङलाई विभागीय कारवाही गर्ने सहमति भयो। गुरुङलाई विभागीय कारवाहीको लागि सिफारिस गरेको प्रहरीले बताए पनि यस वर्षको अन्त्यसम्म कुनै कारवाही भएको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय ७ मध्ये २ सय ६८ फैसला भए भने १ सय ३९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ९८ मध्ये २ सय ५९ फैसला भए भने १ सय ३९ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४७ मध्ये सात फैसला भए भने ४० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९६ मध्ये ६९ फैसला भए भने २७ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १९ छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १९ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या २० छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १६ सम्म २० मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ९५

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१		१
बालअधिकार			१३		१३
महिलाअधिकार			३		३
जातीय विभेद			३		३
कुटपिट	३	३		३	३
हत्या			१	३	३
जम्मा	**३**	**३**	**१८**	**४**	**३३**

हजार ६ सय ८३ मध्ये छात्र ४६ हजार ८ सय ५० र छात्रा ४८ हजार ८ सय ३३ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा/छात्र १९ हजार २ रहेका छन्। विद्यालय जाने उमेरका ५ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको जिशिकाले जनाएको छ। सरकारी र सामुदायिक विद्यालय गरी प्राविदेखि माविसम्म २ हजार ९ सय ३३ शिक्षक कार्यरत रहेका छन्। जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

फिरफिरे गाविस-४ का २२ वर्षीय अशोक उचै ठकुरीले सोही ठाउँकी १२ वर्षीया एक बालिकासँग ०६७ माघ ४ गते जबरजस्ती बालविवाह गरे। बालिकाको संरक्षक कोही नभएको र फुपूको घरमा बस्दै आएको भन्दै ठकुरीले विवाह गरेका थिए। सो बालविवाह बदर गर्न माग गर्दै जिल्ला बालमञ्चले जिल्ला बालकल्याण समितिमा माघ १० गते निवेदन दिएकोमा जिल्ला बालकल्याण समितिले सो बालविवाह बदर गर्दै ०६७ चैत ११ गते बालिकालाई बालगृहमा पठायो।

मिर्लुङ् गाविस-५ कवाजितकी १० वर्षीया बालिकालाई ०६८ जेठ २ गते सोही ठाउँका १९ वर्षीय विजय अधिकारीले घरनजिकैको खोल्सामा पानी लिन जाँदा ललाईफकाई बलात्कार प्रयास गरेको भन्दै पीडितका परिवारले इलाका प्रहरी कार्यालय मिर्लुङमा उजुरी दियो। पीडित बालिकाको जेठ ४ गते दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडित परिवारको उजुरीपछि प्रहरीले जेठ ४ गते गाउँलेको सहयोगमा विजयलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतले आरोपितलाई जेठ ३० गतेदेखि पुर्पक्षको लागि जिल्ला कारागारमा थुनामा पठाउने आदेश गऱ्यो।

प्यूठान जिल्ला घर भई दुलेगौडा गाविस-८ दुलेगौंडा बजारमा सञ्चालित डिजी क्याफे रेष्टुरेण्ट एण्ड बारमा घरेलु कामदारको रूपमा कार्यरत १३ वर्षीया बालिकालाई सोही रेस्टुरेण्टका सञ्चालक २३ वर्षीय विनोद श्रेष्ठले ०६८ जेठ ५, ६ र ७ गते तीन दिनसम्म लगातार बलात्कार गरेको आरोपमा बालिकाका आफन्तले जेठ १५ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिए। पीडित बालिका भागेर जेठ ८ गते पोखरा दिदीको घरमा गएपछि घटना सार्वजानिक भएको थियो। बालिकाको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा जेठ १५ गते स्वास्थ्यपरीक्षण भयो। प्रहरीले आरोपित श्रेष्ठलाई जेठ १७ गते गिरफ्तार गरी इलाका प्रहरी कार्यालय बेलचौतारा तनहुँमा पठायो। उनी जिल्ला अदालतको आदेशबाट असार १० गतेदेखि पुर्पक्षको लागि थुनामा छन्।

व्यास नपा-१ गल्बुवेशीकी ११ वर्षीया बालिकालाई ०६८ मङ्सिर २९ गते सोही ठाउँका ३५ वर्षीय रामबहादुर गुरुङले बालिकाको घरमा नै बलात्कार गरेको भन्दै पीडित परिवारले ०६८ पुस ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। दमौली अस्पतालमा पुस ५ गते स्वास्थ्यपरीक्षण भएकी बालिकाको बलात्कार भएको प्रतिवेदन अस्पतालले दियो। यसअघि पनि गुरुङले पटक-पटक बलात्कार गरेको बालिकाले प्रहरीलाई बताइन्। प्रहरीले ०६८ पुस ५ गते नै आरोपितलाई गिरफ्तार गरेकोमा यस वर्षको अन्त्यसम्म उनी जिल्ला प्रहरी कार्यालयमा थुनामा छन्।

ओसारपसार

खैरेनीटार गाविस-९ का १५ वर्षीया र १७ वर्षीया दुई बालिकालाई ०६८ असार १३ गते सोही ठाउँ घर भएकी मैना विक, भानुमती गाविस-२ का बाबुराम विक, सोही ठाउँका मेखबहादुर विक र राइपुर गाविस-३ की सुमिना आलेले रोजगारीका लागि कतार लैजाने आश्वासन दिई भारततर्फ लग्दै गर्दा भैरहवा प्रहरी र माइती नेपालका कर्मचारीले ०६८ असार १५ गते नेपाल भारत सीमाबाट उद्धार गरे। प्रहरीले नै पीडितहरूलाई घर फर्कायो। बालिकाहरूले आफूहरूलाई बेच्न लगेको भन्दै चारैजना विरुद्ध कारबाहीको माग गर्दै असार २१ गते ईलाका प्रहरी कार्यालय बेलचौतारामा उजुरी दिए। प्रहरीले आरोपित मैना विकलाई असार २३ गते र बाबुराम, मेखबहादुर र सुमिनालाई असार २५ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले उनीहरूलाई ०६८ साउन १८ गते पुर्पक्षको लागि थुनामा पठाउने आदेश गऱ्यो। जसमध्ये मैना र सुमिना कास्की कारागार र बाबुराम र मेखबहादुर जिल्ला कारागारमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार ओसारपसार

भानु गाविस-६ भन्सारकी १९ वर्षीया एक युवतीलाई सासू ५४ वर्षीया सूर्यकुमारी दाहाल, काठमाडौँकी सुशीला भन्ने मञ्जु बुढाथोकी, नुवाकोट जिल्ला सिक्रेट गाविस-८ का सञ्जय तामाङ र सर्लाही घर भएका टङ्क थापाले बेचबिखनका लागि काठमाडौं लैजादै गर्दा प्रहरीले ०६८ भदौ २७ गते उद्धार गऱ्यो। छोरी हराएको भन्दै पीडितका बाबुले खोजतलासको लागि इलाका प्रहरी कार्यालय भानुमा भदौ २१ गते निवेदन दिएपछि सूर्यकुमारीको मोबाईलमा सम्पर्क भएकी मञ्जुको मोबाईलको लोकेशनको आधारमा काठमाडौँ प्रहरीले सञ्जयको घरबाट रेखाको उद्धार गरेको थियो। पीडितका पति रोजगारको क्रममा साउदी अरबमा रहेका छन्। मञ्जुले गेटवे कलेज बुढानीलकण्ठका सुरक्षागार्ड टङ्क थापासँग मिली सञ्जयसँग रेखाको विवाहसमेत गराइसकेको पीडितले बताइन्। प्रहरीले सूर्यकुमारीलाई भदौ २४ गते र मञ्जु र टङ्क थापालाई भदौ २८ गते काठमाडौँबाट गिरफ्तार गऱ्यो भने सञ्जय यस वर्षको अन्त्यसम्म फरार छन्। पीडितका बाबुले चारैजनालाई कानुनी कारबाहीको माग गर्दै भदौ २९ गते जिप्रका तनहुँमा जाहेरी दिए। प्रहरीले आरोपितहरूविरुद्ध मानव बेचबिखन तथा ओसार पसार 'नियन्त्रण' ऐन २०४८ अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको आदेशबमोजिम आरोपितहरू असोज २९ गतेदेखि पुर्पक्षको लागि थुनामा छन्।

सार्वजानिक धारामा पानीको गाग्री छोएको भन्दै कुटपिट गरिएकी माया विक

सबै प्रकारका जातीय विभेद

साभुङभगवतीपुर गाविस-५ कोटसाभुङकी २८ वर्षीया सावित्री विकलाई ०६८ असार १५ गाग्रीको पानी छोएको भन्दै गाली बेइज्जती गरेको आरोपमा सोही ठाउँका ५० वर्षीया धनमाया श्रेष्ठ, तिलकुमारी पोखेल र पुननारायण श्रेष्ठलाई प्रहरीले ०६८ साउन ३२ गते गिरफ्तार गऱ्यो। पीडित स्थानीय राजपुर प्राविकी अस्थायी शिक्षिक हुन्। आरोपितहरूले गाँउनिकालाको धम्की दिएपछि पीडितले साउन ३२ गते प्रहरी कार्यालयमा निवेदन दिएकोमा आरोपितहरूलाई गिरफ्तार गरी जातीय भेदभाव तथा छुवाछूत कसुर र सजाय ऐन २०६८ अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले ०६८ भदौ १२ गते तीनैजनालाई २-२ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गर्न आदेश दिएकोमा सो आदेशमाथि जिल्ला अदालतले पुनर्विचार गरी ०६८ मङ्सिर १८ गते सबैलाई ८-८ हजार रुपियाँ धरौटी थप गर्ने आदेश दियो।

घाँसीकुवा गाविस-१ नाहलाकी २७ वर्षीया माया विश्वकर्मालाई ०६८ पुस १० गते सोही ठाउँका ४५ वर्षीय अचितकुमार श्रेष्ठ र उनका छोरीहरू १८ वर्षीया अराधाना श्रेष्ठ र १३ वर्षीया पूजा श्रेष्ठले 'गाग्रीको पानी छोएको' भन्दै सार्वजनिक धारामा कुटपिट गरे। कुटपिटबाट घाइते भएकी विकको दमौलीस्थित रत्नहरि मेमोरियल हस्पिटलमा उपचार भयो। पीडितले पुस १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले आरोपितहरू अचितकुमार, उनकी छोरी पूजा र अनुराधालाई सोही दिन गिरफ्तार गरी थुनामा राखेको छ। आरोपितहरू यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयमा थुनामा रहेका छन्। प्रहरीले जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ अन्तर्गत मुद्दा दायर गर्ने जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	३१		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	४	१
स्टाफ नर्स	४	४	
ल्याब असिस्टेन्ट	५	४	१
अहेब	५०	४४	६
अनमी	२०	१८	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१३	२
स्वास्थ्य कार्यकर्ता	६३	५०	१३

विगतको अनुगमन

तत्कालीन शाही नेपाली सेनाले सशस्त्र द्वन्द्वको क्रममा ०६० माघ ७ गते काठमाडौँबाट गिरफ्तार गरी केही दिन हिरासतमा राखेपछि बेपत्ता भएका व्यास नपा-१ गल्वुवेशीका २७ वर्षीय दिलीपचन्द्र हड्खले ८ वर्षपछि ०६८ मङ्सिर २२ गते घर फर्किए। सेनाले गिरफ्तार गरेर रिहा गरेपछि भारतको बनारसको गाउँको एक होटलमा काम गरेर बसेको दिलीपले बताए।

३.२ गोरखा

जनसङ्ख्या : २,६९,३८८
पुरूष : १,२०,५४१
महिला : १,४८,८४७
साक्षरता प्रतिशत : ६१
महिला साक्षरता प्रतिशत : ४१
क्षेत्रफल (वर्ग कि. मि.) : ३,६१०
गाविस/नपा सङ्ख्या : ६६/१
सरकारी/निजी विद्यालय : ५२८/२४
क्याम्पस/उच्च मा.वि. : २/३८
मानव विकास सूचकाङ्कः ०.४५४
प्रतिपरिवार सरदर सङ्ख्याः ४.०१

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ६६ र कैद नतोकिएका १७ कैदी र थुनुवा गरी जम्मा ८३ जना बन्दीहरू रहेका छन्। जसमा महिला छ जना र पुरुष ७७ जना रहेका छन्। जेलका बन्दीहरूलाई पुस्तकालय, खेलकुद सामग्री, पत्रपत्रिका र टिभीसमेत उपलब्ध रहेको छ। बन्दीहरूको स्वास्थ्य परीक्षणसमेत हुँदै आएको छ। कारागार भवन पुरानो भइसकेको र कारागारमा खानेपानीको अभाव रहेको जेलर खेमराज ढकालले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

मुच्चोक गाविस-६ का स्थानीय चतुरमाला उच्च माविका शिक्षकहरू ४३ वर्षीय कृष्णप्रसाद अधिकारी, ४८ वर्षीय रघुनाथ अधिकारी, काङ्ग्रेसका क्षेत्रीय प्रतिनिधिहरू ५५ वर्षीय भरतमणि अधिकारी, ४५ वर्षीय सुवासचन्द्र अधिकारी, स्थानीय ताराचन्द्र माविका शिक्षिका २३ वर्षीया मायादेवी दवाडी र मुच्चोक गाविस-१ बस्ने चतुरमाला उच्च माविकै शिक्षक ४२ वर्षीय कालिकाप्रसाद अधिकारीलाई काङ्ग्रेसले आयोजना गरेको जनसभामा जानेक्रममा ०६८ जेठ ७ गते एकीकृत माओवादीका कार्यकर्ता र समर्थक शिक्षकहरूले मुच्चोक गाविस-७ मा कुटपिट गरे। काङ्ग्रेसले जनजागरण अभियानअन्तर्गत गोरखाको हंसपुर गाविसस्थित भच्चेकमा आयोजना गरेको जनसभामा जाने क्रममा एकीकृत माओवादीका कार्यकर्ताले बाटोमा अवरोध गरी कुटपिट गरेका थिए। कुटपिटपछि शिक्षकहरू असुरक्षाको कारण देखाउँदै जेठ ९ गते काठमाडौँ गए। स्थानीयस्तरमा राजनीतिक दल तथा प्रशासनबीच घटनाबारे छलफल भई सहमति गर्ने जनाइएपछि शिक्षकहरू जेठ १९ गते जिल्ला सदरमुकाम फर्किए। काङ्ग्रेस, एकीकृत माओवादी, एमाले, पीडित शिक्षकहरू र स्थानीय प्रशासनबीच जिल्ला प्रहरी कार्यालयमा छलफल भई सहमति भएपछि ०६८ जेठ २० गते शिक्षकहरू आफ्नो कार्यक्षेत्रमा फर्किएका थिए।

अश्राङ गाविस-६ निवासी नवजागृति चण्डी उच्च माविका शिक्षक तथा अभिभावक सङ्घका अध्यक्ष ३८ वर्षीय टेकराज पाण्डे, शिक्षकद्वय अश्राङ गाविस-४ का ३८ वर्षीय निमप्रसाद भट्ट र अश्राङ गाविस-१ का ४० वर्षीय मोहम्मद इशाक मियाँलाई ०६८ असार २ गते एकीकृत माओवादी कार्यकर्ताले अश्राङ गाविस-६ स्थित विद्यालय परिसरमा कुटपिट गरे। कुटपिटबाट शिक्षक अभिभावक सङ्घका अध्यक्ष पाण्डेको टाउकोमा, शिक्षकहरू भट्टको देब्रे खुट्टामा र मियाँको शरीरमा चोट लागेकोमा उनीहरूको गोरखा जिल्ला अस्पतालमा उपचार भयो। विद्यालयमा स्वागत व्यानर राखेको विषयमा नेविसङ्घ र अनेरास्ववियु क्रान्तिकारीबीच उत्पन्न विवाद मिलाउन बसेको शिक्षक, अभिभावक र विद्यार्थीहरूको संयुक्त बैठक सकेर घर फर्कने क्रममा बस चढेर आएका

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	५		५
महिलाअधिकार	१		१
कुटपिट	१	१४	१५
जम्मा	**७**	**१४**	**२१**

एकीकृत माओवादी कार्यकर्ताहरूले उनीहरूलाई कुटपिट गरेका थिए। पीडितहरूले जिल्ला प्रहरी कार्यालय गोरखामा ०६८ असार ३ गते उजुरी दिएकोमा कुटपिटमा संलग्नहरूलाई कानुनी कारवाही भएन।

अनेरास्ववियु क्रान्तिकारीबाट

गोरखा नपा-१ स्थित महेन्द्रज्योति उच्च माविमा कक्षा १० मा अध्ययनरत् १७ वर्षीय प्रवीण गुरुङ र १६ वर्षीय समन सिरमललाई सोही विद्यालयका विद्यालय व्यवस्थापन समिति र गणित शिक्षक भाइकाजी श्रेष्ठबीच भएको विवादलाई लिएर अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ताले ०६७ माघ १८ गते कुटपिट गरे। शिक्षक श्रेष्ठले विद्यालयमा नियमित हाजिर नहुने र विद्यालयबाहिर विद्यार्थीलाई ट्यूसन पढाउने गरेको भन्दै व्यवस्थापन पक्षसँग विवाद हुँदा समाधानका लागि बैठक बसेका बेला अनेरास्ववियु क्रान्तिकारी कार्यकर्ताले शिक्षक श्रेष्ठलाई समर्थन गरेको भन्दै विद्यार्थीहरूलाई कुटपिट गरेका थिए। व्यवस्थापन समितिले शिक्षक श्रेष्ठलाई कारवाहीका लागि जिल्ला शिक्षा कार्यालयमा सिफारिस गरेपछि विवाद चर्किएको थियो। सोही विवादका कारण माघ १७ गतेदेखि माघ २० गतेसम्म विद्यालय बन्द हुँदा टेस्ट परीक्षा स्थगन भएको थियो। उक्त घटनापछि सोही विद्यालयमा अध्ययनरत् १४ जना विद्यार्थी त्रासले विद्यालय छाडेर भागेकामा ०६७ माघ १९ गते नारेश्वर गाविस-८ स्थित घलाङ जङ्गलबाट प्रहरीले उद्धार गरी अभिभावकको जिम्मा लगायो।

अश्राङ गाविस-६ ठाँटीस्थित नवजागृति चण्डी उच्च माविमा कक्षा ९ मा अध्ययनरत् अश्राङ गाविस-२ का १६ वर्षीय सन्तोषजङ्ग थापा, कक्षा ८ मा अध्ययनरत् अश्राङ गाविस-५ का १४ वर्षीय अशोक सिंखडा र अश्राङ गाविस-२ का १५ वर्षीय राहुल कुँवर र नवजागृति चण्डी उच्च माविका शिक्षक अभिभावक सङ्घका अध्यक्ष एवम् नेपाली काङ्ग्रेसका क्षेत्रीय सदस्य अश्राङ गाविस-६ का ३८ वर्षीय टेकराज पाण्डे ०६८ भदौ २७ गते अनेरास्ववियु क्रान्तिकारी विद्यालय एकाइका अध्यक्ष रवीन आलेको नेतृत्वमा आएको समूहको आक्रमणबाट घाइते भए। अनेरास्ववियु क्रान्तिकारी र नेविसङ्घबीच ०६८ भदौ २६ गते भएको विवादलाई लिएर थापा, सिंखडा र कुँवरलाई विद्यालयमा परीक्षा दिन जाँदै गर्दा अनेरास्ववियु क्रान्तिकारी कार्यकर्ताले कुटपिट गर्दा उनीहरूले परीक्षा दिन पाएनन् भने पाण्डेलाई घरनजिकै ढुङ्गाले हानेका थिए। टाउकोमा चोट लागेको पाण्डेको काठमाडौँमा र अन्य तीनजनाको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

गोरखाबाट प्रकाशित दरौँदी दैनिक पत्रिकाको केही प्रति ०६७ माघ १८ गते गोरखा नपा-१ स्थित महेन्द्रज्योति उच्च माविको मूल गेटमा अनेरास्ववियु क्रान्तिकारी कार्यकर्ताहरूले जलाए। महेन्द्रज्योति उच्च माविबारे दरौँदी दैनिकमा प्रकाशित "व्यवस्थापन समिति र शिक्षकको झगडाले विद्यालय बन्द" शीर्षकको समाचारप्रति विरोध जनाउँदै अनेरास्ववियु क्रान्तिकारी कार्यकर्ताहरूले पत्रिका जलाएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ३९ मध्ये ९३ फैसला भए भने ४६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय १५ मध्ये ५८ फैसला भए भने ५७ फैसला हुन बाँकी रहे।

एकीकृत माओवादीका कार्यकर्ताहरूद्वारा कुटपिट गरिएका कृष्णप्रसाद अधिकारी, भरतमणि अधिकारी, रघुनाथ अधिकारी र कालिकाप्रसाद अधिकारी

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ९१ मध्ये २८ फैसला भए भने ६३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७९ मध्ये २० फैसला भए भने ५९ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ५० छ जसमध्ये २३ सफल भए भने पाँच असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या १५ पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म २२ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २९ मध्ये १४ सफल र चार असफल रह्यो भने १५ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा १७ मध्ये आठ सफल र एक असफल रह्यो भने आठ फैसला हुने बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा तीनमध्ये एक सफल रह्यो भने दुई फैसला हुन बाँकी रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या १० छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दा सङ्ख्या १० फैसला हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ८६ हजार ३ सय ८९ मध्ये छात्र ४१ हजार ८ सय ६४ र छात्रा ४४ हजार ५ सय २५ *प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४ सय ७ र छात्र ८ हजार ५३ रहेका छन्। विद्यालय जाने उमेरका ५.५ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको जिशिकाले जनाएको छ। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ४ सय १६ र पुरुष १ सय १३ गरी जम्मा १ हजार ५ सय ५४ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ३९ र पुरुष २ सय ३७ गरी जम्मा २ सय ७६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ४ र पुरुष २ सय ३४ गरी जम्मा २ सय ३८ शिक्षक रहेका छन्।*

बालविकास केन्द्रहरूमा बालक ८ हजार ८ सय ५९ र बालिका ७ हजार ९ सय ५२ गरी जम्मा १६ हजार ८ सय ११ यति रहेका छन् जसमध्ये दलित बालक ९ सय ९८ र बालिका ९ सय २८ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गोरखा नपा-१० की १२ वर्षीया सुस्तमनस्थिति भएकी बालिकालाई ०६७ फागुन ६ गते बलात्कार गरेको आरोपमा सोही ठाउँका ५७ वर्षीय लालप्रसाद श्रेष्ठलाई प्रहरीले गिरफ्तार गऱ्यो। श्रेष्ठको पसलमा सामान किन्न गएको बेला बालिकालाई नजिकैको लामिडाँडा जङ्गलमा लगी बलात्कार गरेको भनी पीडितका परिवारले ०६७ फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले श्रेष्ठलाई ०६७ फागुन ८ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले उनलाई ०६७ चैत १ पुर्पक्षका लागि गोरखा कारागारमा थुनामा पठायो।

नारेश्वर गाविस-७ की ४ वर्षीया बालिकालाई ०६७ फागुन १५ गते बलात्कार गरेको आरोपमा सोही ठाउँका उनकै हजुरबुबा नाता पर्ने ५८ वर्षीय वृद्धलाई प्रहरीले गिरफ्तार गऱ्यो। बालिकालाई घरमै बोलाएर बलात्कार गरेको भनी बालिकाको अभिभावकले दिएको निवेदनको आधारमा प्रहरीले आरोपितलाई ०६७ फागुन १७ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतले आरोपितलाई ०६७ चैत १७ गते पुर्पक्षका लागि गोरखा कारागारमा थुनामा पठायो।

घ्याल्चोक गाविस-५ की १४ वर्षीया बालिकालाई ०६८ साउन २० गते घरमा बलात्कार गरेको आरोपमा पीडितका ५१ वर्षीय बुबालाई प्रहरीले गिरफ्तार गऱ्यो। बालिकाकी आमाले ०६८ साउन २४ गते दिएको निवेदनको आधारमा प्रहरीले आरोपितलाई गिरफ्तार गरेकोमा जिल्ला अदालतले उनलाई ०६८ भदौ १६ गते पुर्पक्षका लागि गोरखा कारागारमा थुनामा पठायो।

गोरखा नपा-११ की १३ वर्षीया बालिकालाई ०६८ साउन २९ गते बलात्कार गरेको आरोपमा सोही ठाउँका २८ वर्षीय कुमार विकलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितकी आमाले प्रहरीलाई साउन ३० गते दिएको उजुरीको आधारमा प्रहरीले विकलाई सोही दिन गिरफ्तार गर्‌यो। जिल्ला अदालतले आरोपितलाई ०६८ भदौ २० पुर्पक्षका लागि गोरखा कारागारमा थुनामा पठायो।

नाम्जुङ गाविस-६ की १० वर्षीया बालिकालाई

०६८ भदौ १६ गते बलात्कार गरेको आरोपमा सोही ठाउँका २४ वर्षीय सुनिल विकलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितका बाबुले भदौ १८ गते दिएको उजुरीको आधारमा प्रहरीले विकलाई सोही दिन गिरफ्तार गरेको थियो। जिल्ला अदालतले आरोपितलाई ०६८ असोज ५ देखि पुर्पक्षका लागि गोरखा कारागारमा थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

फुजेल गाविस-२ का ८७ वर्षीया वृद्धालाई ०६८ कात्तिक १८ गते पीडितकै घरमै बलात्कार गरेको आरोपमा सोही ठाउँका ६५ वर्षीय पुन्टे श्रेष्ठलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितका छोराले जिल्ला प्रहरी कार्यालयमा ०६८ कात्तिक २० दिएको उजुरीको आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरेको थियो। आरोपित ०६८ मङ्सिर ८ देखि पुर्पक्षका लागि गोरखा कारागारमा थुनामा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

तरुण दल चितवनका अध्यक्ष शिव पौडेलको हत्याको विरोधमा आह्वान गरिएको नेपाल बन्दको अवज्ञा गरेको भन्दै ०६८ पुस ४ गते काङ्ग्रेस कार्यकर्ताहरूले गोरखाबजारमा प्रहरी चढेको ११ किलो छेपेटार भालुस्वारा वारपाक सडक आयोजनाको ग१झ ३७२ नम्बरको जीप, ना१ख २९९३ नम्बरको मालवाहक ट्रक, मालपोत कार्यालय र जिल्ला शिक्षा कार्यालयमा तोडफोड गरे। काङ्ग्रेस कार्यकर्ताहरूले जीप र ट्रकको सिसा फुटाउनुका साथै मालपोत कार्यालयमा केही कुर्सी र शिक्षा कार्यालयमा ढोका तोडफोड गरे।

एकीकृत माओवादीका कार्यकर्ताहरूद्वारा कुटपिट गरिएका टेकराज भट्ट, निमप्रसाद भट्ट र मोहम्द इशाक मियाँ

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१९		
उपस्वास्थ्यचौकी	४६		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	८	४	४
स्टाफ नर्स	१०	१	९
ल्याब असिस्टेन्ट	१	१	
अहेब	८३	६७	१६
अनमी	८३	६७	१६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	१६	
स्वास्थ्य कार्यकर्ता	५३	३७	१६

३.३ लमजुङ



जनसङ्ख्या : १,६९,१०४
पुरूष : ७७,५०५
महिला : ९१,५९९
साक्षरता प्रतिशत : ६५
महिला साक्षरता प्रतिशत : ५४
क्षेत्रफल (वर्ग कि. मि.) : १,६९२
गाविस/नपा सङ्ख्या : ६१/०
सरकारी/निजी विद्यालय : ५३०/२४
क्याम्पस/उच्च मा.वि. : ६/२४
मानव विकास सूचकाङ्कः ०.४९२
प्रतिपरिवार सरदर सङ्ख्याः ३.८४

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २८ र कैद नतोकिएका १८ कैदी र थुनुवा गरी जम्मा ४६ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ४१ र महिला पाँचजना रहेका छन्। कारागारभित्रका बन्दीहरू आयआर्जनका लागि मुडा बुन्ने गर्छन्। कारागारमा टिभी, पत्रपत्रिका आदिको सुविधा रहेको छ। भौतिक संरचना राम्रो भएको पाइयो।

धम्की/कुटपिट

राज्यपक्षबाट

भोटेओडार गाविस-८ निवासी एकीकृत माओवादी सेक्रेटरी ३४ वर्षीय मुरारी भुजेललाई बजारमा असुरक्षा गरेको भन्दै ०६८ कात्तिक १२ गते राति ११ बजे प्रहरीले कुटपिट गऱ्यो। पीडितको मणिपाल अस्पताल पोखरामा कात्तिक १३ गते उपचार भयो। घटनाको एकीकृत माओवादी जिल्ला कमिटीले कात्तिक १३ गते विज्ञप्ति जारी गरी विरोध जनायो। कुटपिटमा संलग्नलाई कुनै कारवाही भएन।

वाईसीएलबाट

चन्द्रेश्वर गाविस-२ निवासी पाचोक गाविस-६ छतिगाउँस्थित हिमालय प्राविका शिक्षक ३५ वर्षीय रामेश्वर घिमिरेलाई चन्दा नदिएको आरोपमा ०६८ जेठ २६ गते साँझ वाईसीएलका कार्यकर्ता मङ्गलसिंह गुरुङले विद्यालयबाट घर फर्क्दै गर्दा चिती गाविस-४ चित्रेबगरमा कुटपिट गरे। घिमिरेले असुरक्षाको कारण कहीं कतै उजुरी नगरेपछि आरोपितलाई कुनै कारबाही भएन।

तरूण दलबाट

चितवन जिल्ला निवासी लमजुङ कृषि क्याम्पसमा अध्ययनरत् २२ वर्षीय सागर विष्ट र लमजुङ जिल्लाका २१ वर्षीय मिलन सापकोटालाई ०६७ माघ ६ गते आफ्ना विद्यार्थीलाई धम्की दिएको भन्दै नेपाल तरूण दलका कार्यकर्ताहरूले भोटेओडार गाविसस्थित सिउडीबारमा कुटपिट गरे। घटनामा घाइते भएका दुवै जनाको कालिका पोलिक्लिनिक भोटेओडारमा त्यसै दिन उपचार भयो। पीडितले कहींकतै उजुरी नदिएको कारण घटनामा संलग्नलाई कुनै कारबाही भएन।

धनुषा जिल्ला सोनीगाभा गाविस-६ घर भई लमजुङ कृषि क्याम्पसका निमित्त क्याम्पस प्रमुख ४५ वर्षीय रामभजन मण्डल, सुन्दरबजार गाविस-४ निवासी लमजुङ कृषि क्याम्पसका सहायक क्याम्पस प्रशासक ४७ वर्षीय श्रीकान्त अधिकारी र सुन्दरबजार गाविस-५ निवासी लमजुङ कृषि क्याम्पसका फिल्डम्यान ४७ वर्षीय महेन्द्र थापालाई ०६८ मङ्सिर २१ गते बन्दकको अवज्ञा गरेको भन्दै तरुण दलका कार्यकर्ताले सुन्दरबजारस्थित कृषि विज्ञानको प्राङ्गणमा कुटपिट गरे। घाइतेहरूमध्ये रामभजन मण्डलको काठमाडौँमा सोही दिन उपचार भयो भने अन्य दुई जनाको स्थानीय अस्पतालमा उपचार भयो।

क्षेत्री समाज नेपालबाट

बेशीशहर गाविस-१ की ५९ वर्षीया अम्बिका ढकाललाई ०६८ वैशाख २८ गते क्षेत्री समाज नेपालले आह्वान गरेको बन्दका क्रममा पसल खोलेको आरोपमा समाजका कार्यकर्ताहरूले उनलाई पसलमा कुटपिट गरे। पीडितको सोही दिन सामुदायिक अस्पताल बेशीशहरमा उपचार भयो। कुटपिटमा संलग्नलाई कसैलाई कारबाही भएन। कुटपिटमा संलग्न भएको आरोपमा बेसीशहर गाविस-२ निवासी क्षेत्री समाजका पश्चिमाञ्चल क्षेत्रीय सदस्य ४५ वर्षीय राजु थापा र बेसीशहर गाविस-४ का क्षेत्री समाजका कार्यकर्ता ३३ वर्षीय बसन्त रावतलाई सोही दिन प्रहरीले बेशीशहर गाविसको त्रिवेणीटोलबाट गिरफ्तार गरी सोही दिन साँझ रिहा गऱ्यो।

घटनाको प्रकार	राज्यबाट		गैरराज्यबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			४		४
महिलाअधिकार			१		१
कुटपिट	१	१	१	६	७
जम्मा	**१**	**१**	**६**	**६**	**१२**

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय १ मध्ये ८६ फैसला भए भने १५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९४ मध्ये ७४ फैसला भए भने २० फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ५५ मध्ये २० फैसला भए भने ३५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५२ मध्ये २१ फैसला भए भने ३१ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६० छ जसमध्ये ३८ सफल भए भने चार असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या ११ पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १८ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा छमध्ये पाँच सफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा तीनमध्ये दुई सफल र एक असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा दुईमध्ये एक सफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो।

वाईसीएल कार्यकर्ताहरूद्वारा कुटपिट गरिएका रामेश्वर घिमिरे

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या २० छ जसमध्ये एक सफल भए भने दुई असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या दुई पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १६ सम्म मुद्दा १७ बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये बहुविवाहसम्बन्धी मुद्दा तीनमध्ये एक असफल रह्यो भने दुई फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५६ हजार ९ सय १५ मध्ये छात्र २८ हजार १ सय ५८ र छात्रा २८ हजार ७ सय ५७ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १२ हजार ५ सय ७४ र छात्र १२ हजार १ सय ५४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ३ सय ४६ र पुरुष ९ सय ४५ गरी जम्मा १ हजार २ सय ९१ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला १४ र पुरुष २ सय ४३ गरी जम्मा २ सय ५७ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ४ र पुरुष १ सय ९२ गरी जम्मा १ सय ९६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ३ हजार ९ सय ३५ र बालिका ३ हजार ६ सय ४७ गरी जम्मा ७ हजार ५ सय ८१ रहेका छन्। जसमध्ये दलित बालक ८ सय ५२ र बालिका ७ सय ७९ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

चक्रतीर्थ गाविस-८ निवासी प्रगति प्राविको कक्षा चारमा अध्ययनरत् १४ वर्षीया बालिकालाई ०६७ माघ १६ गते सोही ठाउँका २२ वर्षीय बुद्धिबहादुर श्रेष्ठले बालिकाको घरमा बलात्कार गरेको आरोपमा बालकल्याण समिति, इन्सेक, महिला आपसी सहयोग केन्द्रले फागुन १० गते प्रहरीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १० गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले ०६७ फागुन २६ गते पुर्पक्षका लागि थुनामा पठायो।

मोहोरियाकोट गाविस-४ की छ वर्षीया बालिकालाई ०६७ चैत ५ गते प्यारजुङ गाविस-२ का १९ वर्षीय सचिन विकले बालिकाको घरमा बलात्कार गरेको आरोपमा ०६७ चैत ७ गते परिवारले प्रहरीमा दिएको उजुरीका आधारमा विकलाई ०६७ चैत २८ गते मोहोरियाकोट गाविस-४ बाट गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशअनुसार ०६८ वैशाख १४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बेसीसहर गाविस-४ की मानसिक अवस्था ठीक नभएकी ३५ वर्षीया एक महिलालाई ०६७ फागुन २ गते सोही ठाउँका ५६ वर्षीय जङ्गबहादुर गुरुङले उनको घरमा बलात्कार गरेको भनी पीडितका परिवारले फागुन ३ गते प्रहरीमा उजुरी दिए। गुरुङलाई ०६७ फागुन ४ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६७ फागुन २२ गतेको आदेशअनुसार आरोपित गुरुङ पुर्पक्षको लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	५०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	२	१
स्टाफ नर्स	२	१	१
ल्याब असिस्टेन्ट	२	२	
अहेब	६१	५१	१०
अनमी	१४	९	५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२	२	
स्वास्थ्य कार्यकर्ता	१००	७१	२९

३.४ स्याङ्जा



जनसङ्ख्या : २,८८,०४०
पुरूष : १,२५,८७२
महिला : १,६२,१६८
साक्षरता प्रतिशत : ७१
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : १,१६४
गाविस/नपा सङ्ख्या : ६०/२
सरकारी/निजी विद्यालय : ६२१/६२
क्याम्पस/उच्च मा.वि. : ७/६२
मानव विकास सूचकाङ्कः ०.५३५
प्रतिपरिवार सरदर सङ्ख्याः ४.०८

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता पुरुष २५ र महिला १० गरी ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३३ र कैद नतोकिएका २८ कैदी र थुनुवा गरी जम्मा ६१ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका पुरुष २६ र महिला सात रहेका छन् भने कैद नतोकिएका पुरुष २३ जना र महिला पाँच जना रहेका छन्। साथै, आश्रित बालिका एक जना रहेको छ। विभिन्न मुद्दा मानवबेचबिखन, जबरजस्तीकरणी, चोरी, लागूऔषध, केही सार्वजनिक अपराध, ज्यान मार्ने उद्योग, कर्तव्य ज्यान, सवारी ज्यान, बहुविवाहजस्ता मुद्दामा कैद तोकिएका र थुनुवा गरी जम्मा ६१ जना रहेका छन्। यस जेलमा पत्रपत्रिका, बिजुली, टिभीको व्यवस्था गरिएको छ। कैदीहरूलाई वर्षमा दुईपटक कपडा दिने गरिएको छ। बन्दी तथा कैदीहरूले बाँसको मुडाहरू बनाएर बेचेर आयआर्जन गरेका छन्। बन्दी तथा कैदीको नियमित स्वास्थ्य जाँच गराउनुपर्ने भए पनि सिनिएर अहेब नभएका कारण विरामी हुँदा मात्र जाँच गरिन्छ। बन्दी तथा कैदीका लागि समय बिताउन र मनोरञ्जनका लागि खेलकुदको सामग्रीको अभाव रहेको बन्दी नाइके छविलाल पोखेलले बताए। जेलर प्रेम अधिकारीले बढी बन्दी तथा कैदी भएको कारण खान, बस्न, सुत्न गाह्रो भएको र पानीको समस्या पनि रहेको बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ४९ मध्ये १ सय ६८ फैसला भए भने ८१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय २८ मध्ये १ सय २४ फैसला भए भने १ सय ४ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ६७ मध्ये ६८ फैसला भए भने ९९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ६० मध्ये ६१ फैसला भए भने ९९ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		१	१
बालअधिकार	१	१	३
महिलाअधिकार	१५		१५
हत्या	३	१	४
जम्मा	**१९**	**३**	**२२**

कर्तव्य ज्यानसम्बन्धी मुद्दा दुईमध्ये एक सफल रह्यो। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ०६८ असार मसान्तसम्म एक मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा छमध्ये छ असफल रह्यो। सरकारी वकिल सङ्ख्या दुई रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६९ हजार ८ सय ९३ मध्ये छात्र ३२ हजार ८ सय १५ र छात्रा ३७ हजार ७८ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ७ सय ६९ र छात्र ८ हजार ६ सय ३४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ६ सय ६ र १ हजार २ सय ४६ गरी जम्मा १ हजार ८ सय ५२ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला ४६ र पुरुष ३ सय ८४ गरी जम्मा ४ सय ३० शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला १३ र पुरुष २ सय ९७ गरी जम्मा ३ सय १० शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ३ हजार १ सय ९ र बालिका ३ हजार ३ सय २१ गरी जम्मा ६ हजार ४ सय ३० रहेका छन् जसमध्ये दलित बालक ३ सय ३ र बालिका ९ सय ७ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पकवादी गाविस-५ भुतीयाडाँडाकी ३५ वर्षीया एक महिलालाई ०६८ जेठ ११ गते वालिङ नपा-१ का ७० वर्षीय खिमनारायण श्रेष्ठले पीडितको घरमा गई बलात्कार प्रयास गरेको आरोपमा पीडितले जेठ १२ गते वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिइन्। आरोपित श्रेष्ठलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितलाई जिल्ला अदालतले जेठ २६ गते ३० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। पीडितको प्राथमिक स्वास्थ्य केन्द्र वालिङमा स्वास्थ्यपरीक्षण भएको थियो।

परिवारजनबाट हत्या

वाग्लुङ जिल्ला घर भई स्याङजा पुतली बजार नपा-१२ राङ्खोलामा अस्थायी बसोबास गर्दै आएकी २२ वर्षीया सीता क्षेत्रीलाई ०६८ साउन १२ गते घरायसी झैं-झगडाका कारण उनका पति २८ वर्षीय श्यामबहादुर क्षेत्रीले खुकुरी प्रहार गरी हत्या गरे। पत्नीको हत्यापछि श्यामबहादुरले आत्महत्या गरे। उनीहरूको तीन महिनाअघि विवाह भएको थियो।

घरेलु हिंसा

बागेफङ्के गाविस-४ की २४ वर्षीया दुर्गा शर्मा ०६८ मङ्सिर २१ गते घरबाट केही टाढाको खरबारीमा मृत अवस्थामा भेटिइन्। गाउँले र दुर्गाका माइतीले उनकै देवरले हत्या गरेको आशङ्कामा २८ वर्षीय देवर कृष्णखर शर्मा उपर पुस ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई ०६८ पुस ३ गते प्रहरीले अनुसन्धानका लागि गिरफ्तार गरी हिरासतमा राख्यो। यस वर्षको अन्त्यसम्म उनी प्रहरी हिरासतमा रहेका छन्।

पुतलीबजार नपा-११ कार्कीडाँडाकी २२ वर्षीया सीता रानालाई ०६७ माघ १५ गते घरपरिवारले विभिन्न आरोप लगाई कुटपिट गरी घर निकाला गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा परिवारविरुद्ध माघ २१ गते लिखित उजुरी दिइन्। आरोपितहरूलाई यो वर्षको अन्त्यसम्म कानुनी कारबाही हुन सकेको छैन। पीडित माइतीमा रहेकी छन्। पति वैदेशिक रोजगारीबाट आएपछि मात्र प्रक्रिया अगाडि बढाउने प्रहरीले जनाएको छ।

पुतलीबजार नपा-१३ मायाटारीकी २४ वर्षीया बालिका अर्याल (रेग्मीले) घर परिवारबाट निरन्तर रूपमा दाइजोको विषयलाई लिएर यातना दिने गरेको र सहन नसकेको भनी ०६७ फागुन १६ गते राति आत्महत्या गरेको सुसाइड नोटमा उल्लेख गरेको

प्रहरीले जनायो। उनको ०६६ फागनु ३ गते २७ वर्षीय रुद्रप्रसाद अर्यालसँग विवाह भएलगत्तै घरपरिवारले दाइजो थोरै ल्याएको भन्दै यातना दिने गरेको उल्लेख गरेकी छन्। प्रहरीले ०६७ फागुन १७ गते घटनास्थलमा पुगेर लासको मुचुल्का बनाई पोस्टमार्टम गरेकोमा प्रतिवेदनमा आत्महत्या भएको पुष्टि भयो। माइतीपक्षले घर परिवारले हत्या गरेको भनी ०६७ फागुन १८ गते प्रहरीमा उजुरी दियो। बालिकाका ससुरा ७२ वर्षीय टेकनाथ अर्याल, ५२ वर्षीया सासू खीना अर्याल, ३५ वर्षीया अमाजू सरीता पौडेल र २८ वर्षीय पति रुद्र अर्याललाई फागुन १८ गते प्रहरीले गिरफ्तार गऱ्यो। घरपरिवारले वालिङ नपा-४ स्थित माइतीपक्षलाई विवाहमा दाइजोस्वरूप दिएको ६ लाख रुपियाँ ०६७ चैत १० गते बालिकाका भाई शिवलाल रेग्मीलाई बुझाएपछि आरोपितहरू सोही दिन रिहा भए। आरोपितहरू विरुद्धको मुद्दा मुलतवीमा रहेको छ।

श्रीकृष्णगण्डकी गाविस-३ बेलटारीका २२ वर्षीया राधा पाण्डेलाई ०६८ भदौ १० गते परिवारले घरनिकाला गरे। पीडितले ०६८ भदौ २९ गते वडा प्रहरी कार्यालय वालिङमा लिखित उजुरी दिइन्। प्रहरीले असोज ५ गते पीडितकी सासू दलाकान्ती पाण्डेलाई गिरफ्तार गऱ्यो। प्रहरीमा असोज ६ गते दुवैपक्षबीच छलफल गराई अंशवापत २ लाख ५० हजार रुपियाँ दिएर पति वैदेशिक रोजगारीबाट घरफर्केपछि सम्बन्धविच्छेद गर्ने शर्तमा मिलापत्र भयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	५५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	५	१
स्टाफ नर्स	६	६	
ल्याब असिस्टेन्ट	२	१	१
अहेब	७३	६१	१२
अनमी	२२	१९	३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	११	५
स्वास्थ्य कार्यकर्ता	१००	८०	२०

३.५ कास्की



जनसङ्ख्या : ४,९०,४२९
पुरूष : २,३५,५७६
महिला : २,५४,८५३
साक्षरता प्रतिशत : ९१
महिला साक्षरता प्रतिशत : ७०
क्षेत्रफल (वर्ग कि. मि.) : २,०१७
गाविस/नपा सङ्ख्या : ४३/२
सरकारी/निजी विद्यालय : ६२१/१९६
क्याम्पस/उच्च मा.वि. : १६/७७
मानव विकास सूचकाङ्कः ०.५५०
प्रतिपरिवार सरदर सङ्ख्याः ३.७५

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता पुरुष ४० र महिला २० गरी जम्मा ६० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको १ सय ७१ र कैद नतोकिएका १ सय ३२ कैदी र थुनुवा गरी जम्मा ३ सय ३ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका पुरुष १ सय ४७ र महिला २४ जना रहेका छन् भने कैद नतोकिएका पुरुष १ सय १९ जना र महिला १३ जना रहेका छन्। साथै, आश्रित बालिका एक जना छन्। क्षमताभन्दा बढी बन्दीहरू रहेको कारण सुत्ने ठाउँको असुविधा भएको छ। कारागारमा बन्दीको अनुपातमा सुरक्षाकर्मी, गाडीको अभाव रहेको छ। ३ सय ३ बन्दीको लागि ३० जना मात्र सुरक्षाकर्मी कार्यरत छन्। कारागारको भान्सामा जस्तापाता पुरानो हुँदा पानी चुहिने पुरुष चौकीदार चन्द्र गुरुङले बताए। त्यसैगरी न्यानो ठाउँको अभावमा आश्रित नावालिकालाई समस्या परेको महिला चौकीदार माया पुनले बताइन्। कारागारका बन्दीहरूलाई स्वच्छ खानेपानी, शौचालय, प्राथमिक स्वास्थ्य सेवा, रेडियो, टिभी, पत्रपत्रिका, खेलकूदका सामग्री, टेलिफोन सुविधा उपलब्ध छ।

कारागारका पुरुष बन्दीहरूले फर्निचर सामग्री, मुढा, र महिला बन्दीहरूले मैनबत्ती, च्याउ खेती उत्पादन गरी आयआर्जनसमेत गरेका छन्। कारागारलाई क्षेत्रीयस्तरको बनाउन कारागार व्यवस्थापन विभागले आर्थिक वर्ष ०६६/०६७ का लागि १ करोड रुपियाँ विनियोजन गरी एकतले पक्की भवन निर्माण भई रङ्ग रोगन कार्य भइरहेको कारागारप्रमुख उमाकान्त पौडेलले बताए। निर्माण प्रक्रिया ढिलासुस्ती हुँदा आर्थिक वर्ष ०६८/०६९ को बजेट विनियोजन हुन नसकेको र सुरक्षा पर्खालको निर्माण सम्पन्न भएमा बन्दीहरूलाई नयाँ भवनमा सार्न सकिने उनले बताए।

धम्की/कुटपिट

राज्यपक्षबाट

पोखरा उमनपा-२ स्थित नयाँ बसपार्कमा होटल तथा रेस्टुरेण्ट सञ्चालन गर्दै आएका व्यवसायी तथा मजदुरहरूलाई प्रहरीले पोखरा उमनपा-१ का स्थित वडा प्रहरी कार्यालयमा ०६७ चैत १४ गते कुटपिट गऱ्यो। होटल तथा रेष्टुरेण्ट सञ्चालनसम्बन्धी आचारसंहिता बनाउन वडा प्रहरी कार्यालयमा भेला भएका उनीहरूलाई प्रहरी परिसरभित्र कुटपिट गरिएको थियो। कुटपिटबाट पोखरा उमनपा-२ का २३ वर्षीय हर्कबहादुर तामाङ, सोही ठाउँका २१ वर्षीया टीना गुरूङ, पनौती नपा-५ की २२ वर्षीया सङ्गीता श्रेष्ठ, काठमाडौँकी दीपा पाण्डे, पोखरा उमनपा-२ की सपना केसी, सिन्धुपाल्चोकका २७ वर्षीय नवराज सुवेदी, दाङकी २२ वर्षीया सोनी खड्का, काठमाडौँकी २१ वर्षीया अनु गुरूङ, धादिङ नौविसे-४ की माया केसी, बुटवल नपा-११ की २२ वर्षीया माया मगर घाइते भए। इस्पेक्टर भुवनेश्वर तिवारीको आदेशमा मजदुर तथा व्यवसायीलाई लाठीचार्ज तथा कुटपिट गरिएको व्यवसायीले बताए। प्रहरीले लाठी र बुटले कुटपिट गर्दा घाइतेहरूको खुट्टा, ढाड, पिठ्यूँ तथा पाखुरामा चोट लागेको थियो। उनीहरूको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। होटल तथा रेष्टुरेण्ट समितिले कुटपिट घटनामा संलग्न इन्स्पेक्टर भुवनेश्वर तिवारीलगायतलाई कारबाहीको माग गर्दै ०६७ चैत १५ गते प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाए पनि पीडकमाथि कुनै कारबाही भएन।

प्रहरीले यातना दिएका दीपक कँडेल

पोखरा उमनपा निवासी नेपाल पत्रकार महासङ्घ कास्की शाखाका सदस्य तथा सराङ्कोट साप्ताहिकका सम्पादक ३९ वर्षीय यदुनाथ बञ्जारालाई व्यक्तिगत लाञ्छना लगाएर समाचार लेखेको भन्दै ०६८ वैशाख २१ गते जिल्ला शिक्षा अधिकारी बैकुण्ठप्रसाद अर्यालले टेलिफोन गरी मार्ने धम्की दिए। उनलाई ०६८ वैशाख ३१ गते पनि अपरिचित दुईजना व्यक्तिले सभागृहचोकस्थित स्काई कम्युनिकेशनबाट फोन गरेर 'बैकुण्ठ अर्यालविरुद्ध समाचार लेख्ने तँलाई सिध्याइदिन्छु' भन्दै धम्की दिएका थिए। आफूलाई जिल्ला शिक्षा कार्यालयमा भएको अनिमियततासम्बन्धी समाचार लेखेको भन्दै जिशिअ अर्यालले ०६८ वैशाख २१ गते अपशब्द प्रयोग गरी मार्ने धम्की दिएको पीडित बञ्जाराले बताए। नेपाल पत्रकार महासङ्घ कास्कीले ०६८ जेठ २ गते प्रेस विज्ञप्ति प्रकाशित गरी धम्की दिनेमाथि तत्काल अनसुन्धान र छानबिन गरी कारबाही गर्न माग गरे पनि कुनै कारबाही भएन।

अनेरास्ववियु क्रान्तिकारीबाट

दैलेख जिल्ला नारायण नपा-५ घर भई पश्चिमाञ्चल इञ्जिनियरिङ क्याम्पस पोखरामा अध्ययनरत् नेपाल मगर विद्यार्थी सङ्घका सचिव १९ वर्षीय भरत थापामगर, नेविसङ्घका कार्यकर्ताहरू रौतहट जिल्लाका १८ वर्षीय विवेक यादव, कञ्चनपुर जिल्ला महेन्द्रनगर नपाका १९ वर्षीय राजेश पन्त र महोत्तरी जिल्लाका २० वर्षीय जितेन्द्र यादवलाई ०६७ माघ २० गते अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ताहरूले क्याम्पस परिसरमा कुटपिट गरे। कुटपिटबाट घाइते भएका भरत थापामगरको सोही दिन राति मणिपाल शिक्षण अस्पताल पोखरामा उपचार भयो भने अन्यको सोही दिन स्थानीय मेडिकलमा उपचार भयो। नेपाल मगर विद्यार्थी सङ्घले क्याम्पसमा नवआगन्तुक मगर विद्यार्थीहरूको स्वागत कार्यक्रम सञ्चालन गरिरहेको समयमा भरतलाई अनेरास्ववियु क्रान्तिकारीका श्रीधर टमटाको नेतृत्वमा रहेको १०/१२ जनाको एक समूहले कार्यक्रममा हस्तक्षेप गरी रड र खुकुरी प्रहार गरेको थियो। घटनाको विरोधमा नेपाल मगर विद्यार्थी सङ्घ र नेविसङ्घले ०६७ माघ २० गते प्रेस विज्ञप्ति प्रकाशित गरे। घटनाबारे

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	त्रेस्रो लिङ्गी	जम्मा
घाइते					१		१
बालअधिकार				१३	२		१५
अमानवीय व्यवहार						१	१
महिलाअधिकार				१२			१२
भेला/सङ्गठित हुने अधिकार		६	६				
जातीय विभेद				२	२		४
गिरतारी/यातना		२	२				
कुटपिट	७	३	१०	४	१८		२२
धम्की		१	१				
हत्या				६			६
जम्मा	**७**	**१२**	**१९**	**३७**	**२३**	**१**	**६१**

उजुरी नहुँदा घटनामा संलग्नलाई कुनै कारवाही भएन।

अनेरास्ववियुबाट

पर्वत जिल्ला खौला गाविस-१ घर भई पोखरा उमनपा-१६ स्थित इञ्जिनियरिङ अध्ययन संस्थान पश्चिमाञ्चल क्याम्पस लामाचौरमा अध्ययनरत् अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ता १९ वर्षीय प्रताप कुँवरलाई ०६८ असार ६ गते सोही क्याम्पसमा अध्ययनरत् अनेरास्ववियुका कार्यकर्ता २३ वर्षीय विवेक पौडेल र २२ वर्षीय उमेश अधिकारीले क्याम्पसको चमेनागृहमा खुकुरी र रड प्रहार गरी घाइते बनाए। बेलुकाको खाना खाने क्रममा अनेरास्ववियुका कार्यकर्ताहरूले पछाडिबाट खुकुरी प्रहार गरी भागेका थिए। घटनामा घाइते भएका कुँवरको सोही दिन मणिपाल शिक्षण अस्पताल र पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। घटनाबारे कतै पनि उजुरी नदिँदा घटनामा संलग्न अनेरास्ववियूका कार्यकर्तामाथि कुनै कानुनी कारवाही भएन।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

लेखनाथ नपा-२ रिठ्ठेपानीस्थित कर्माचार्य वेक्स एण्ड फुड्स प्रालिमा कार्यरत नेपाल ट्रेड युनियन काङ्ग्रेस आवद्ध मजदुरहरूमाथि सोही उद्योगमा कार्यरत एनेकपा माओवादी निकट अखिल नेपाल औद्योगिक मजदुर सङ्घमा आवद्ध मजदुरहरूले ०६८ असार १७ गते पोखरा उमनपा-८ जाल्पारोडमा कुटपिट गर्दा नौ जना काङ्ग्रेस आवद्ध मजदुरहरू घाइते भए। माओवादी निकट मजदुरले उद्योगमा अर्को सङ्गठन खोल्ने तयारी भएको भन्दै अवरोध गरी कुटपिट गरेका थिए। घटनामा लेखनाथ नपा-२ रिठ्ठेपानीका ३० वर्षीय ज्ञानबहादुर पुन, ४० वर्षीय प्रेमबहादुर गुरुङ, ४० वर्षीय भीमराज गुरुङ, ४० वर्षीय ससबहादुर पुन, बागलुङ जिल्लाका २५ वर्षीय रामकुमार गायक, रुपाकोट गाविस-८ का २८ वर्षीय प्रकाश बोहोरा, सिद्ध गाविस-८ का ३२ वर्षीय प्रवीण ढुङ्गाना, भरतपोखरी गाविस-३ का विष्णु पौडेल, बन्दीपुर गाविस-२ तनहुँका २८ वर्षीय प्रमोद भट्टराई घाइते भए। घाइतेहरूको सोही दिन पोखरा उमनपा-८ सिर्जनाचोकस्थित मेट्रोसिटी अस्पतालमा उपचार भयो। उक्त उद्योगमा नेपाल ट्रेड युनियन काङ्ग्रेस निकट नेपाल कारखाना श्रमिक सङ्घ इकाई दर्ताको लागि पोखरा उमनपा-८ जाल्पारोडस्थित श्रम कार्यालयमा आउँदै गर्दा माओवादी निकट अखिल नेपाल औद्योगिक मजदुर सङ्घमा आवद्ध मजदुरहरूले रड, खुकरी, लाठी र ईटाले प्रहार गरी आक्रमण गरेको पीडित प्रेमबहादुर गुरुङले बताए। उद्योगमा कार्यरत १ सय १२ जना मजदुरहरूमध्ये ५३ जना मजदुरहरूले दुई साताअघि नेपाल कारखाना श्रमिक सङ्घ इकाई गठनका लागि श्रम कार्यालयमा निवेदन दिएकोमा माओवादी निकट अखिल नेपाल औद्योगिक मजदुर सङ्घले केही मजदुर आफू निकट भएको भन्दै ०६७ असार १२ गते निवेदनमाथि दावी विरोध गरेका थिए। नेपाल कारखाना श्रमिक सङ्घले ०६८ असार १७ गते नै देवी रायमाझी, तीर्थ अधिकारी र रेशम रानाभाटको नाममा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि दुवैपक्षबीच जिल्ला प्रहरी कार्यालयमा ०६८ असार २० गते छलफल भई घटनाप्रति आरोपितपक्षले माफी मागी गल्ती नदोऱ्याउने सहमति भयो। इन्सेकलगायत विभिन्न मानवअधिकारकर्मी सङ्घसंस्थाका प्रतिनिधिहरूले घटनाको अनुगमनपछि ०६८ असार १८ गते विज्ञप्ति जारी गरी घटनाको निन्दा गर्दै संविधान तथा कानुनमा उल्लेखित

स्वतन्त्रतापूर्वक सङ्घ सङ्गठन खोल्न पाउने अधिकारको गम्भीर हनन् भएको भन्दै घटनामा संलग्नलाई कानुनी दायरा ल्याई कारवाही गर्न माग गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ हजार २ सय ५८ मध्ये ९ सय ९९ फैसला भए भने २ सय ५९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८ सय ९ मध्ये ५ सय ३ फैसला भए भने ३ सय ६ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६ सय ५ मध्ये २ सय ८३ फैसला भए भने ३ सय २२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय १३ मध्ये १ सय ८६ फैसला भए भने ३ सय २७ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा तीन रहे।

पुनरावेदन अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

छ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय २७ मध्ये २ सय ८७ फैसला भए भने १ सय ४० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय १४ मध्ये २ सय १८ फैसला भए भने १ सय ४ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

छ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ३ सय ७० मध्ये १ सय १८ फैसला भए भने २ सय ५२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ४५ मध्ये ६८ फैसला भए भने १ सय ७७ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा एक रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६ सय ७० छ, जसमध्ये ३ सय ९० सफल भए भने १८ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या १८ पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म २ सय ६२ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

अनेरास्ववियु (क्रान्तिकारी) को कुटपिटबाट घाइते भएका भरत थापामगर

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ३१ मध्ये १२ सफल र छ असफल रह्यो भने १३ फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा आठमध्ये एक सफल र चार असफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा पाँचमध्ये दुई सफल र एक रह्यो भने दुई फैसला हुन बाँकी रह्यो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

पर्वत जिल्ला पाङराङ्ग गाविस-३ का २१ वर्षीय दीपक कँडेललाई वडा प्रहरी कार्यालय रामबजार पोखराले ०६८ वैशाख ९ गते नियन्त्रणमा लिई हिरासतमा राखेको अवस्थामा ०६८ वैशाख १० गते प्रहरीले कुटपिट गरी यातना दिए। पीडित कँडेलले कुटपिटमा संलग्न प्रहरीलाई कारबाहीको माग गर्दै ०६८ वैशाख १२ गते जिल्ला प्रहरी कार्यालय, विभिन्न मानवअधिकार सङ्घ संस्थामा उजुरी दिए। कुटपिटबाट पीडितको शरीरको विभिन्न ठाउँमा नीलडाम रहेको थियो। पर्वत जिल्ला देवीस्थान गाविसका भारतीय भूपू सुवेदार दामोदर पौडेल क्षेत्रीसँगको आर्थिक लेनदेनको विषयलाई लिएर प्रहरीले '१५ वर्ष जेलमा हालिदिन्छु' भन्दै धम्की दिई जबरजस्ती कागजपत्रमा हस्ताक्षर गर्न

अनेरास्ववियु (क्रान्तिकारी) को कुटपिटबाट घाइते भएका प्रताप कुँवर

प्रहरीद्वारा गरिएको लाठी प्रहारबाट घाइते भएका हर्कबहादुर तामाङ र टीना गुरुङ

लगाएको पीडितले बताए। प्रहरी चौकीबाट गाउँमा फोन गरी दामोदर पौडेलकी पत्नीलाई ७२ हजार रुपियाँ बुझाएपछि ०६८ वैशाख ११ गते साँझ ७ बजे प्रहरीले उनलाई रिहा गरेको थियो। प्रहरीले उनी विरुद्ध उजुरी परेपछि अनुसन्धानको लागि हिरासतमा राखेको तर कुटपिट नगरेको बतायो। घटनाका बारेमा दुवैपक्षलाई बोलाएर ०६८ जेठ १९ गते छलफल गरी क्षेत्रीको पत्नीलाई दिएको रकम ०६८ साउन ६ गते फिर्ता गर्ने सहमति भए पनि रकम फिर्ता नभएको पीडितले बताए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ४९ हजार ६ सय ५७ मध्ये छात्र ७६ हजार २ सय २५ र छात्रा ७३ हजार ४ सय ३२ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १० हजार १ सय २५ र छात्र ९ हजार २ सय ३३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ हजार २६ र पुरुष १ हजार १ सय ८७ गरी जम्मा २ हजार २ सय १३ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला १ सय ४३ र पुरुष ४ सय ७१ गरी जम्मा ६ सय १४ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ४८ र पुरुष ४ सय ६८ गरी जम्मा ५ सय १६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक १४ हजार ३ सय ५२ र बालिका १२ हजार ४ सय १८ गरी जम्मा २६ हजार ७ सय ७० रहेका छन् जसमध्ये दलित बालक २ हजार ७ सय ३१ र बालिका २ हजार ४ सय ४९ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

मिजुरेडाँडा गाविस-८ गहते घरभई पोखरा उमनपा-१४ चाउथेस्थित अनाथालयमा बस्दै आएकी १४ वर्षीया बालिका टिका विकलाई ०६७ माघ २६ गते सोही अनाथालयका संरक्षक रमेश थापाले कोठामा बोलाई लाठी, लात्ती र मुक्काले कुटपिट गरे। कुटपिटबाट घाइते बालिकाको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा ०६७ माघ २६ गते उपचार भयो। यसअघि पनि थापाले मादक पदार्थ सेवन गरी आफूलाई कुटपिट गर्ने गरेको पीडित बालिकाले बताइन्। पीडित परिवारले ०६७ माघ २७ गते वडा प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनामा संलग्न थापाले घटनाप्रति सार्वजनिक रूपमा माफी मागेपछि दुवैपक्षबीच ०६७ फागुन १ गते वडा प्रहरी कार्यालय रामबजारमा मेलमिलाप भयो। मेलमिलापअनुसार पीडित बालिकालाई सोही अनाथालयले एसएलसीसम्म पढाउने र प्रत्येक महिना बस भाडावापत पाँच सय रुपियाँ उपलब्ध गराउने सहमति भयो।

लेखनाथ नपा-१३ तल्लो गगनगौँडा निवासी गोगन उच्च माविमा अध्ययरत् १२ वर्षीया रेनुका कुँवरलाई गृहकार्य नगरेको आरोपमा ०६८ भदौ ८ गते सोही विद्यालयका कम्प्युटर शिक्षक ३० वर्षीय लक्ष्मण श्रेष्ठले लाठीले कुटपिट गरे। कुटपिटबाट टाउकोमा चोट लागेकी कुँवरको सोही दिन पश्चिमाञ्चल अस्पतालमा उपचार भयो। कुटपिटमा संलग्न श्रेष्ठलाई गल्तीप्रति माफी मागी उपचार खर्च स्वरुप २ हजार रुपियाँ बेहोर्ने सर्तमा ०६८ भदौ १० गते विद्यालयमा सहमति भयो।

पोखरा उमनपा-१७ म्यूजियम मार्गस्थित ढुङ्गेसाँघु बोर्डिङ स्कूलमा कक्षा तीनमा अध्ययरत् ११ वर्षीय उज्ज्वल तामाङलाई अरुको घरमा चोरी गरेको आरोपमा ०६८ कात्तिक १६ गते घरधनी जङ्गबहादुर शाहीका छोरा १८ वर्षीय जगतबहादुर शाहीले दुवै हातको पछाडि र ढाडमा चोट लाग्ने गरी आइरनले डामेर घाइते बनाए। उनको कात्तिक १८ गते पोखरा उमनपा-११ फूलबारीस्थित मणिपाल अस्पतालमा उपचार भयो। पीडित बालकले आफूलाई घरमा काम नगरी खेल्न गएको भन्दै आइरनले डामी दिएको बताए। सुनसरी जिल्ला इटहरी पुर्ख्यौली घर भएका पीडित बालकलाई आमा कमला गुरुङले उक्त घरमा राखेर दुई वर्षअघि वैदेशिक रोजगारका लागि ओमान गएकी थिइन् भने बाबु दोस्रो बिहे गरी अन्यत्र बसेका छन्। अरुको घरमा चोरी गर्ने, भनेको नटेर्ने, पैसा झिकिदिने गरेकोले आइरनले डामेको आरोपित शाहीले बताए। आरोपित शाहीलाई वडा प्रहरी कार्यालय बैदामले ०६८ कात्तिक १७ गते गिरफ्तार गरी सार्वजनिक मुद्दाअन्तर्गत

अनुसन्धान जारी राखेकोमा जिल्ला प्रशासन कार्यालयको आदेशमा ०६८ कात्तिक ३० गते १ हजार रुपियाँ धरौटीमा उनी रिहा भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पोखरा उमनपा-४ गैह्रापाटनकी १३ वर्षीया बालिकालाई सोही ठाउँका २२ वर्षीय सञ्जुकुमार साहले ०६७ चैत ४ गते आफ्नो कोठामा बलात्कार गरेको आरोपमा पीडित परिवारले साह विरूद्ध जिल्ला प्रहरी कार्यालयमा ०६७ चैत ५ गते लिखित उजुरी दिए। आरोपित साहलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। बालिकाको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा ०६७ चैत ६ गते स्वास्थ्यपरीक्षण भयो। जिल्ला अदालतको आदेश अनुसार आरोपित साह ०६८ वैशाख २ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

पोखरा उमनपा-६ बैदामका ठाउँका १२ वर्षीया बालिकालाई ०६८ जेठ २ गते आफ्नै घरमा सोही ठाउँका ६० वर्षीय बुद्धिबहादुर विक भन्ने चेतबहादुर विकले बलात्कार गरेको आरोपमा बालिकाका आफन्तले ०६८ जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित विकलाई ०६८ जेठ २७ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

पोखरा उमनपा-६ बैदामकी १५ वर्षीया बालिकालाई पोखरा उमनपा-१७ छोरेपाटनका ३६ वर्षीय श्याम धमालले ०६८ साउन ७ गते पोखरा उमनपा-६ बैदामस्थित होल्याण्ड होटलमा लगी बलात्कार गरेको आरोपमा पीडितकी आमाले ०६८ साउन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०६८ साउन १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित धमाल ०६८ भदौ ५ गते पुर्पक्षका लागि थुनामा छन्।

पोखरा उमनपा-१२ माटेपानीकी १२ वर्षीया बालिकालाई सोही ठाउँका २० वर्षीय किशोर परियारले आर्थिक प्रलोभनमा पारी ०६८ साउन १० गते बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६८ साउन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित परियार वर्षको अन्त्यसम्म फरार छन्।

सिद्ध गाविस-६ की ९ वर्षीय बालकलाई सोही ठाउँका ३२ वर्षीय राजु सिलवालले ०६८ साउन २८ गते यौनदुर्व्यवहार गरेको आरोपमा पीडित परिवारले ०६८ साउन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो भने अनुसन्धानपछि जिल्ला अदालतको आदेशमा आरोपित ०६८ भदौ २३ गतेदेखि पुर्पक्षको लागि थुनामा छन्।

मौजा गाविस-१ की ११ वर्षीया बालिकालाई सोही ठाउँका १८ वर्षीय किसन विकले ०६८ साउन २० गते बलात्कार गरेको आरोपमा पीडितका बुबाले ०६८ भदौ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा आरोपित ०६८ पुस ८ गतेसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

पोखरा उमनपा-१ बगरकी पाँच वर्षीया बालिकालाई गोरखा जिल्ला केराउजा गाविस-१ घर भई सोही ठाउँका ३२ वर्षीय दलबहादुर विकले ०६८ असोज ९ गते बलात्कार गरेको आरोपमा पीडितकी आमाले ०६८ असोज १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो भने जिल्ला अदालतको आदेशमा आरोपित विक ०६८ कात्तिक ४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

भरतपोखरी गाविस-७ की १५ वर्षीया बालिकालाई सोही ठाउँका २२ वर्षीय रमेश बस्ताकोटी, १९ वर्षीय दीपेन्द्र भुगाई, दुई जना बालकले ०६८ कात्तिक १५ गते बलात्कार प्रयास गरेको आरोपमा पीडितका आफन्तले ०६८ कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। अनुसन्धानपछि आरोपितलाई कात्तिक २५ गते अभिभावकको जिम्मामा रिहा गरियो भने दीपेन्द्र भुगाई र रमेश वस्ताकोटी जिल्ला अदालतको आदेशमा ०६८ मङ्सिर ४ गते तारेखमा रिहा भए।

एकीकृत माओवादी निकट मजदुर सङ्गठनका कार्यकर्ताहरूको कुटपिटबाट घाइते भएका प्रेमबहादुर गुरुङ र ज्ञानबहादुर पुन

हेम्जा गाविस-५ की ११ वर्षीया बालिकालाई सोही ठाउँका ४० वर्षीय रामबहादुर विकले ०६८ मङ्सिर १७ गते बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६८ मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपित विकलाई मङ्सिर २० गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान जारी राखेको जिल्ला प्रहरी कार्यालयले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

रूपाकोट गाविस-३ की २४ वर्षीया महिलालाई सोही ठाउँका २८ वर्षीय पवन गुरुङ, २६ वर्षीय पुकार गुरुङ र २३ वर्षीय नवीन गुरुङले ०६८ वैशाख २९ गते महिलाको घरमै हातखुट्टा बाँधेर बलात्कार गरेको आरोपमा पीडितले ०६८ जेठ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। उजुरीका आधारमा आरोपितहरूलाई ०६८ जेठ १२ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६८ असार २ गतेदेखि आरोपित पवन पुर्पक्षका लागि थुनामा छन्। पुकार र नवीन गुरुङ भने जनही एक-एक हजार रुपियाँ धरौटी राखी रिहा भए।

सिद्ध गाविस-४ की २८ वर्षीया महिलालाई सोही ठाउँका ५५ वर्षीय भीमबहादुर मल्लले ०६८ असार २५ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित परिवारले ०६८ असार २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे। प्रहरीले आरोपित मल्ललाई ०६८ असार २७ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा ०६८ साउन १८ गते तारेखमा रिहा भए।

चिवतन जिल्ला मङ्गलापुर गाविस-६ घरभई पोखरामा रोजगारीका क्रममा आएकी ३५ वर्षीया महिलालाई सोही ठाउँका लक्ष्य थापाले ०६८ साउन २८ गते पोखरा उमनपा-८ जाल्पारोडमा बलात्कार गरे। पीडित महिलालाई उनका ३८ वर्षीय पतिले यौनसम्पर्क गरेपछि थापालाई बलात्कार गर्न लगाएका थिए। घटनाको बारेमा पीडितले ०६८ साउन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा उनीहरूलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपितद्वय ०६८ भदौ २३ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

परिवारजनद्वारा कुटपिट गरी घाइते बनाइएकी सुशीला विक

मिजुरेडाँडा गाविस-४ की ५५ वर्षीया सुस्तमनस्थितिकी महिलालाई सोही ठाउँका २० वर्षीय सरकार गुरुङ र २५ वर्षीय कोशबहादुर गुरुङले ०६८ कात्तिक २० गते बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६८ कात्तिक २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूलाई कात्तिक २४ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित ०६८ मङ्सिर १८ गतेदेखि पुर्पक्षका लागि थुनामा छन् भने कोशबहादुर गुरुङ १० हजार रुपियाँ धरौटी राखी रिहा भए।

पोखरा उमनपा-१६ बाटुलेचौरकी २० वर्षीया महिलालाई सोही ठाउँका २१ वर्षीय उमेश थापाले ०६८ कात्तिक ३ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६८ कात्तिक ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गऱ्यो। आरोपित थापालाई कात्तिक ७ गते प्रहरीले गिरफ्तार गऱ्यो। अदालतको आदेशमा आरोपित थापा ०६८ मङ्सिर १ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

परिवारजनबाट हत्या

सोलुखुम्बु जिल्ला पुख्यौंली घर भई पोखरा उपमनपा-१२ औद्योगिक क्षेत्रमा बस्दै आएकी ४२ वर्षीया विष्णुमाया राईलाई सामान्य घरायसी विवादका क्रममा उनका पति ४८ वर्षीय अर्जुन राईले ०६७ माघ १५ गते आफ्नै डेरामा मसला पिस्ने लोहोरो प्रहार गरी हत्या गरे। आरोपितलाई ०६७ माघ १६ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा राखेकोमा जिल्ला अदालतको आदेशमा ०६७ फागुन ११ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

स्याङ्जा जिल्ला कालिकोट गाविस-८ घर भई लेखनाथ नपा-२ स्थित माइतीमा बस्दै आएकी ३१ वर्षीया माला गुरूङलाई काभ्रेपलाञ्चोक जिल्ला घर भई पोखरामा ट्याक्सी चलाउँदै आएका २२ वर्षीय प्रकाश सुनारले अविवाहित भनी ढाटेर प्रेम गरेको आरोपमा ०६७ माघ २२ गते काहुँ गाविस-७ स्थित जयकोटको जङ्गलमा लगी घाँटी थिचेर हत्या गरे। उनी पतिसँग सम्बन्ध बिग्रिएपछि माइतीमा बस्दै आएकी थिइन्। हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै उनकी बहिनी जमुना गुरूङले ०६७ माघ २३ गते

जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकी थिइन्। घटनामा संलग्न सुनारलाई ०६७ माघ २५ गतेदेखि पोखरा उमनपा-८ स्थित पृथ्वीचोकबाट प्रहरीले गिरफ्तार गरी अनुसन्धानपछि जिल्ला अदालतको आदेशमा ०६७ फागुन २५ गते पुर्पक्षका लागि थुनामा छन्।

म्याग्दी जिल्ला माइतीघर भई पोखरा उमनपा-८ स्थित सिमलचौरमा बस्ने १८ वर्षीया मनु मल्ल गुरुङलाई पति २३ वर्षीय माधव गुरुङले ०६८ जेठ ५ गते डेरामा मुख थुनेर घाँटीमा सलले कसेर हत्या गरे। परपुरुषसँग सम्बन्ध रहेको आरोप लगाई आफूले पत्नीको हत्या गरेको प्रहरी समक्ष उनले दिएको बयानमा उल्लेख छ। पत्नीको हत्यापछि कोठामा राखिएको लास गन्हाउन थालेपछि ०६८ जेठ ८ गते ग १ ज ३३८४ नम्बरको ट्याक्सीमा डसनाले बेरेर दाहसंस्कार गर्न रामघाटतर्फ जाँदै गर्दा प्रहरीले चेकजाँचको क्रममा दिउँसो साढे ३ बजे लाससहित उनलाई नियन्त्रणमा लिएको थियो। उनीहरूबीच चार वर्षअघि प्रेम विवाह भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित गुरुङ ०६८ असार २ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

सिल्दजुरे गाविस-८ घरभई पोखरा उमनपा-१३ काहुँखोला बस्ने ६५ वर्षीया बेलकुमारी गुरुङलाई छोरा ३४ वर्षीय मनबहादुर गुरुङले पेन्सनको पैसा नदिएको भन्दै ०६८ असार १९ गते कुटपिट गरी हत्या गरे। आरोपित गुरुङलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दाअन्तर्गत अनुसन्धान गरी जिल्ला अदालतको आदेशमा ०६८ साउन १२ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

हेम्जा गाविस-८ झिझिरकाकी ६२ वर्षीया तिलकुमारी अधिकारीलाई बुहारी २६ वर्षीया शान्ति अधिकारीले घरायसी झगडाको क्रममा ०६८ साउन ४ गते कुटपिट गरी हत्या गरिन्। हत्यापछि पीडितको लास सोही ठाउँस्थित जङ्गलमा लगेर छाडेकी थिइन्। घटनाको बारेमा पीडितका छोरा गणेशप्रसाद अधिकारीले ०६८ साउन ९ गते किटानी जाहेरी दिए। आरोपित अधिकारीलाई प्रहरीले ०६८ साउन २२ गते गिरफ्तार गरी जिल्ला अदालतको आदेशमा ०६८ भदौ १८ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

पोखरा उमपनपा-१५ नयाँगाउँस्थित हरियोखर्ककी ४० वर्षीया लक्ष्मी परियारलाई पति ४५ वर्षीय लालबहादुर परियारले ०६८ भदौ ७ गते राति १२ बजे घरायसी विवादपछि सुतिरहेको अवस्थामा कोदालोले टाउकोमा प्रहार गरी हत्या गरे। परियारले चार वर्ष अगाडि आफ्नो घर घडेरी माछापुच्छ्रे बैंकमा धितो बन्धक राखी चार लाख रुपियाँ लिएको विषयमा पत्नीसँग बेला-बेलामा विवाद हुने गरेको र उक्त दिन दुवै जना मादक पदार्थ सेवन गरी तीज मनाउन दिएको २ हजार रुपियाँ पत्नीले हराएको विषयमा विवाद हुँदा हत्या गरेका थिए। आरोपित परियारलाई प्रहरीले ०६८ भदौ ९ गते गिरफ्तार गरी अनुसन्धानपछि जिल्ला अदालतको आदेशमा ०६८ असोज १ गते पुर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

लेखनाथ नपा-१ माथिल्लो गगनगौँडाकी ३५ वर्षीया सुशीला विक (सुनार) लाई पति ४१ वर्षीय बाबुराम विक (सुनार) र नन्द ३८ वर्षीय देउमाया विकले ०६७ फागुन २२ गते राति कुटपिट गरे। पीडित विकको दायाँ आँखामा चोट लाग्यो भने दायाँ करङको हड्डी भाँचिएको थियो। उनको टाउकोमा आठ ओटा टाँका लगाउनु परेको थियो। उनको मणिपाल शिक्षण अस्पतालमा ०६७ फागुन २३ गते उपचार भयो। मेलाबाट आएर खाना पकाइ पतिलाई खाना खान बोलाउँदा मादक पदार्थ सेवन गरेका पति र नन्दले गालीगलौजपछि लछारपछार गरी ढोकाको गजबार तथा लात्तीले उनलाई कुटपिट गरेका थिए। घटनाको बारेमा माइतीपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६७ फागुन २३ गते किटानी जाहेरी दिएकोमा प्रहरीले पतिलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान शुरू गऱ्यो। यसैबीच स्थानीयबासीले ०६७ फागुन २५ गते डाँडाकोनाक प्रहरी चौकीमा आरोपितलाई छुटाई मेलमिलाप गर्न आग्रह गरेको र स्थानीय आमा समूहको दबाबमा दुवै पक्षबीच ०६७ फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा मेलमिलाप भयो।

बहुविवाह

कास्कीकोट गाविस-७ का ३५ वर्षीय रामजी गिरीले सोही ठाउँका २९ वर्षीया नीता गिरीसँग ०६८ वैशाख ३० गते दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी ३१ वर्षीया निर्मला गिरीले बहुविवाहविरुद्ध ०६८ जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिईन्। आरोपितद्वय वर्षको अन्त्यसम्म फरार छन्।

माछापुच्छ्रे गाविस-५ का २२ वर्षीय धनबहादुर पाइजाले सोही ठाउँका २० वर्षीया विन्दु फगामीसँग ०६८ जेठ १८ गते दोस्रो विवाह गरे। जेठी २१ वर्षीया

पत्नी पूर्णकली पाईजाले बहुविवाह विरुद्ध ०६८ जेठ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिईन्। आरोपितद्वयलाई प्रहरीले ०६८ असार २८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६८ साउन २० गते पुर्पक्षका लागि थुनामा पठाएकोमा ०६८ मङ्सिर १५ गते १ वर्ष कैद र २० हजार रुपियाँ जरिवाना गर्ने फैसला गऱ्यो।

पुम्दीभुम्दी गाविस-५ का ३३ वर्षीय दीपक परियारले सोही ठाउँका १९ वर्षीया लता परियारसँग ०६८ असार ३२ गते दोस्रो विवाह गरे। जेठी पत्नी २५ वर्षीया अञ्जु परियारले बहुविवाह विरुद्ध ०६८ साउन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा उनीहरूलाई ०६८ साउन ५ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६८ साउन २७ गते उनीहरूलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा ०६८ कात्तिक २३ गते १ वर्ष कैद र १० हजार रुपियाँ जरिवाना गर्ने फैसला गऱ्यो।

पोखरा उमनपा-१४ चाउथे स्थायी घर भई काठमाडौँ मनपा-३३ बस्ने ४६ वर्षीय इन्द्रबन्धु पोखरेलले सोही ठाउँका २४ वर्षीया सविना ओझासँग ०६८ साउन ८ गते दोस्रो विवाह गरे। जेठी पत्नी ३५ वर्षीया अनीता पोखरेलले बहुविवाह विरुद्ध ०६८ साउन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा पोखरेललाई ०६८ साउन २७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६८ साउन ३२ गते आरोपित पोखरेल २५ हजार रुपियाँ धरौटीमा रिहा भए भने कान्छी पत्नी ओझा वर्षको अन्त्यसम्म फरार छिन्।

थुम्की गाविस-५ स्यास्त्रीका ३४ वर्षीय दीपक न्यौपानेले सोही ठाउँकी २५ वर्षीया देवी गौतमसँग ०६८ असोज १८ गते दोस्रो विवाह गरे। जेठी पत्नी ३० वर्षीया विन्दु न्यौपानेले बहुविवाहविरुद्ध ०६८ असोज २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरीले आरोपित न्यौपानेलाई ०६८ मङ्सिर १४ गते गिरफ्तार गऱ्यो भने अनुसन्धानपछि जिल्ला अदालतको आदेशमा उनी मङ्सिर २६ गते २ हजार रुपियाँ धरौटीमा रिहा भए।

पोखरा उमनपा-१८ मझेरीपाटनका २७ वर्षीय पेचबहादुर विकले सोही ठाउँका २१ वर्षीया मीना विकसँग ०६८ असोज १८ गते दोस्रो विवाह गरे। जेठी पत्नी २६ वर्षीया अमृता विकले बहुविवाहविरुद्ध जिल्ला प्रहरी कार्यालयमा ०६८ कात्तिक १९ गते उजुरी दिएकोमा आरोपित विकलाई प्रहरीले असोज २५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित विकलाई ०६८ कात्तिक ८ गते १० हजार धरौटीमा रिहा भए भने कान्छी पत्नी विक यो वर्षको अन्त्यसम्म फरार छिन्।

सबै प्रकारका जातीय विभेद

घान्द्रुक गाविस-३ का ४८ वर्षीय कर्णबहादुर नेपाली र सोही गाविस-१ का ३७ वर्षीया नुमा विकलाई ०६८ कात्तिक २६ गते सोही ठाउँका किसम गुरुङ, रामप्रसाद गुरुङ, रेनुका गुरुङ, याम गुरुङ, कुमार गुरुङ, विष्णु गुरुङ, किरण गुरुङ र दुर्गामाया गुरुङले मोसो दले। त्यस्तै सोही ठाउँकी ३२ वर्षीया शीतल विक, ३८ सुरेश विकलाई कुटपिट तथा दुर्व्यवहार गरे।

गोरखा वेल्फेयरको ६० लाख आर्थिक सहयोगमा निर्माण भएको घान्द्रुक गाविस-३ स्थित इम्लेहुँदो खानेपानी आयोजनाको उद्घाटन कार्यक्रममा सहभोजको प्रस्ताव राख्दा याम गुरुङले 'कामी दमाईले बनाएको खाना खाँदैनौँ' भनी अस्वीकार गरेको र गुरुङले पकाएको दलितले पनि खाँदैनौँ भनेपछि आफूलाई पटक-पटक फोनमा धम्की दिँदै आएको पीडित कर्णबहादुर नेपालीले बताए।

स्थानीय किसन गुरुङले कुराकानी गर्नु छ भनी ०६८ कात्तिक २६ गते घान्द्रुक गाविस-५ कोटडाँडास्थित एक्याप कार्यालयमा बोलाएकोमा भेला भएकाहरूले जिब्रो काटिदिने, हातखुट्टा भाँचिदिने, मोसो र जुत्ताको माला लगाई गाउँ डुलाउनेजस्ता निर्णय गरी दुर्गामाया गुरुङले महिलाको भित्री कपडा समिजले घाँटीमा बाँधी तानेको, रेणुका गुरुङले कालो मोसो दलेको र यामबहादुर गुरुङ, किसम गुरुङ लगायतले लछारपछार गरेको पीडितले बताए। घटनापछि आफूहरूले घान्द्रुक प्रहरी चौकीमा संरक्षण लिएर बसेको पीडतले बताए।

जातीय विभेद गरिएका कर्णबहादुर नेपाली

घटनाको बारेमा ०६८ कात्तिक २७ गते सोही चौकीमा छलफल गरी जबरजस्ती मेलमिलाप गर्न लगाएको पीडित शीतल विकले बताईन्। स्थानीय तालबाराही प्राविका प्रधानाध्यापक समेत रहेका पीडित नेपालीले जातीय भेदभाव र छुवाछुत अपराध गर्ने दोषीलाई कारबाहीको माग गर्दै ०६८ कात्तिक ३० गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी

दिनुका साथै न्यायको पहल गरिदिन मानवअधिकारवादी सङ्घसंस्थालाई समेत आग्रह गरे। नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चाले ०६८ कात्तिक ३० गते प्रेस विज्ञप्ति जारी गरी दलित समुदायमाथि गैरदलित समुदायले गरेको अमानवीय घटनाको घोर भर्त्सना गर्दै दोषीलाई कडा कारवाहीको माग गऱ्यो। घटनामा संलग्न आरोपितहरूलाई ०६८ मङ्सिर २ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान जारी राख्यो। जिल्ला अदालतको आदेशमा ०६८ मङ्सिर १८ गते अन्नपूर्ण संरक्षण आयोजना एक्यापका कर्मचारी रामप्रसाद गुरुङ र शिक्षिका रेनुका गुरुङलाई जनही ७५ हजार र याम गुरुङ, किसम गुरुङ, कुमार गुरुङ, विष्णु गुरुङ, किरण गुरुङ र दुर्गामाया गुरुङलाई जनही ५० हजार धरौटीमा रिहा गऱ्यो।

राष्ट्रिय मानवअधिकार आयोग र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले संयुक्तरूपमा ०६८ मङ्सिर २६ गते र संसदीय छानविन उपसमितिले मङ्सिर १७ गते अध्ययन अनुगमन सम्पन्न गरेको थियो।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति, सम्पत्ति क्षति

जातीयताको आधारमा सङ्घीयतामा जान नहुने तथा क्षेत्रीलाई पनि आदिवासीमा सूचीकृत गरिनुपर्ने लगायतका विभिन्न मागहरू राखी क्षेत्री समाज नेपालले ०६८ वैशाख २८ गते आह्वान गरेको पश्चिमाञ्चल बन्दका क्रममा बन्द आह्वानकर्ताहरूले पोखरा उमनपा-१० औद्योगिक क्षेत्रस्थित पोखरा नुडल्समा तोडफोड गरी क्षति पुऱ्याए। उनीहरूले उद्योगमा प्रवेश गरी प्याकिङ मेशिन, झ्यालका सीसा, कम्प्युटर, ग १ च १६२४, ग १ च ४७७९ र ग १ क ३५३ नम्बरको गाडीमा तोडफोड गरे। तोडफोडका क्रममा प्रोडक्सन म्यानेजर ४० वर्षीय तुल्सीराम खनाल, मजदुरहरू ३५ वर्षीय चक्रपाणि बराल, ३४ वर्षीया लक्ष्मी केसी र ३५ वर्षीया विसरा गुरुङ घाइते भए। घाइते मध्ये चक्रपाणि बरालको पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरामा उपचार भयो भने अन्यको स्थानीय मेडिकलमा उपचार भयो। यसै गरी उनीहरूले सोही ठाउँमा अवस्थित ताजा पाउरोटी कारखाना, फिस्टेल डेरी, गोशेली प्याकेजिङ इण्डष्ट्रिज, पोखरा फुडस्मा प्रवेश गरी मेशिन, र झ्यालको सीसा तोडफोड गर्नुका साथै मजदुरमाथि हातपात गरेका थिए। त्यसैगरी, पोखरा उमनपा-७ मुस्ताङचोकस्थित पाण्डे तरकारी एण्ड किराना पसलको सोकेश तोडफोड गरे। उनीहरूले बन्दका क्रममा पत्रकार सूर्य वास्तोला लगायतका अन्य सर्वसाधारणमाथि दुर्व्यवहार गरेका थिए। घटनामा संलग्नलाई कुनै कारवाही भएन।

ब्राम्हणहरूलाई पनि आरक्षण दिनुपर्ने तथा आदिवासीमा सूचीकृत गरिनुपर्नेलगायतका मागहरू राखी राष्ट्रिय ब्राम्हण समाज नेपालले ०६८ जेठ ६ गते आह्वान गरेको पश्चिमाञ्चल बन्दका क्रममा समाजका कार्यकर्ताहरूले पोखरा उमनपा-९ नयाँ बजारस्थित माछापुच्छ्रे बैंक तथा पृथ्वीचोकस्थित सोनु म:म: रेष्टुरेण्टमा तोडफोड गरे। बैक तोडफोड गर्ने क्रममा प्रहरीले आन्दोलनकारीलाई नियन्त्रणमा लिन गरेको लाठीचार्जबाट कास्कीकोट गाविस-९ का ४१ वर्षीय रामचन्द्र गिरी, ईश्वर अधिकारी, युवराज पौडेल र प्रेम देवकोटा, र लाहाचोक गाविस-४ का राजु वास्तोला घाइते भए। घाइतेहरूको चरक अस्पताल पोखरामा उपचार भयो। तोडफोडमा संलग्न भएको आरोपमा सोही दिन प्रहरीले कालिका गाविस-४ का २१ वर्षीय युवराज पौडेल, लुम्ले गाविस-५ का २६ वर्षीय प्रेम देवकोटा, राजु वाँस्तोला, कालिका गाविस-४ का २१ वर्षीय इश्वर अधिकारी, कास्कीकोट गाविसका विष्णु भण्डारीलाई गिरफ्तार गरेकोमा साँझ रिहा गऱ्यो। घटनामा संलग्नलाई कुनै कारवाही भएन।

एनेकपा माओवादी निकट अखिल नेपाल औद्योगिक मजदुर सङ्घमा आवद्ध मजदुरहरूले तलब वृद्धि, दशैँ भत्ता, बोनसलगायतका २० सूत्रीय माग राख्दै पोखरा उमनपा-१० औद्योगिक क्षेत्रस्थित हिमश्री फुड्स प्रालिमा ०६८ भदौ २५ गतेदेखि ०६८ असोज ६ गतेसम्म तालाबन्दी गरे। उद्योग व्यवस्थापन पक्ष र मजदुरहरूबीच ०६८ असोज ६ गते भएको वार्तामा दशै भत्ता र एक महिना बराबरको तलब उपलब्ध गराउने सहमतिपछि मजदुरहरू काममा फर्किए

नेपाल तरुण दल चितवनका अध्यक्ष शिव पौडेलको उपचारको क्रममा मृत्यु भएपछि तरुण दल र काङ्ग्रेसका कार्यकर्ताहरूले ०६८ पुस २ गते आह्वान गरेको नेपाल बन्दका क्रममा बन्द आह्वानकर्ताहरूले ग १ य ३५३ नम्बरको पर्यटक गाडी, ग१ज ४५५७, ग१ज ३४०० नम्बरको माइक्रो बस र ग१ख १९४५, ग१ख ३५८७ नम्बरको मिनीमाइक्रो बसको झ्यालको सीसा तोडफोड गर्नुका साथै पृथ्वीचोकस्थित लक्ष्मी मारवाडी भोजनालयको सोकेस तोडफोड गरी क्षति पुऱ्याए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	११		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	३४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	३	
स्टाफ नर्स	३	३	
ल्याब असिस्टेन्ट	६	६	
अहेब	५१	४८	३
अनमी	१९	१७	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	१५	१
स्वास्थ्य कार्यकर्ता	७५	६३	१२

३.६ मनाङ



जनसङ्ख्या : ६,५२७
पुरूष : ३,६६४
महिला : २,८६३
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : २,२४६
गाविस/नपा सङ्ख्या : १३/०
सरकारी/निजी विद्यालय : ३२/१
क्याम्पस/उच्च मा.वि. : ०/२
मानव विकास सूचकाङ्कः ०.५०२
प्रतिपरिवार सरदर सङ्ख्याः ४.३७

जिल्लाको मानवअधिकार विश्लेषण

जिल्लामा मानवअधिकारको अवस्था सामान्य रहेको छ। अन्य जिल्लाका तुलनामा यस जिल्लामा छिटपुट रूपमा आपराधिक गतिविधिहरू भए तापनि मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू न्यून छन्। राजनीतिक रूपमा एकीकृत नेकपा माओवादी, नेपाली काङ्ग्रेस, नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी मात्र क्रियाशील रहेको तथा दलका नेता तथा कार्यकर्ताहरूबीच आपसमा नाता सम्बन्ध रहने तथा समन्वय गरिने हुनाले, धार्मिक दृष्टिले प्राय सबै बौद्ध धर्म र धार्मिक सहिष्णुताका साथै सामाजिक परम्परा, रीतिरिवाज, मान्यताहरू पनि सबै मिल्दो जुल्दो रहने हुनाले, १० वर्ष द्वन्द्वकालको र शहरीकरणको न्यून प्रभाव हुनाले जिल्लामा मानवअधिकार उल्लङ्घनका घट्नाहरू ज्यादै न्यून हुने गर्दछन्, तथापि व्यक्तिगत घटनाहरू भने छिटफुट रूपमा भएको पाइन्छ।

जेल र बन्दीहरू

यस जिल्ला कारागारमा यो वर्षको अन्त्यसम्म कैद तोकिएका १५ र कैद नतोकिएका एक कैदी र थुनुवा गरी जम्मा १६ जना पुरुष बन्दीहरू रहेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ तीनमध्ये दुई फैसला भए भने एक फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या तीन छ जसमध्ये दुई असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म एक मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा तीनमध्ये दुई असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७ सय ६८ मध्ये छात्र ३ सय ६४ र छात्रा ४ सय ४ प्राथमिक

तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३४ र छात्र ५१ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ४९ र पुरुष ९३ गरी जम्मा १ सय ४२ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला ६ र पुरुष ३४ गरी जम्मा ४० शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा पुरुष २२ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ९१ र बालिका ९२ गरी जम्मा १ सय ८३ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

मनाङका अन्नपूर्ण क्षेत्रमा पर्ने केही होटलहरूमा बालबालिकाहरूलाई बालश्रमको रूपमा काम लगाइएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो जिल्लामा महिला हिंसाविरुद्ध कुनै ठाउँमा उजुरी वा मुद्दा नपरे पनि महिला भएकै कारण छिटफुट रूपमा घरेलु हिंसा हुने गरेको पाइन्छ। तर घटनाहरू सार्वजनिक हुँदैनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

झुमा प्रथा

परम्परागत रूपमा रहिआएको झुमा प्रथामा परिवारकी माहिली छोरी झुमा बनाउनु पर्ने चलन थियो। हाल आएर बाध्यता नभई स्वेच्छाले झुमा बस्ने प्रचलन रहेको छ। झुमा भएपछि विवाह गर्न नहुने चलन रहे तापनि समयको परिवर्तनसँगै बिस्तारै विवाह गर्ने र विवाह गरेमा गुम्बाको प्रमुख लामासँग चलनअनुसार माफ माग्ने गर्दछन्।

मुखिया प्रथा

परम्परागतदेखि यस जिल्लामा मुखिया प्रथाको प्रचलन रहे तापनि केही समय अर्थात प्रजातन्त्रको आगमनसँगै गाउँको जनप्रतिनिधिद्वारा सञ्चालन गरिएको थियो। जनप्रतिनिधिविहीनताको हालको अवस्थामा गाउँको सम्पूर्ण जनसहभागीद्वारा मुखिया छनोट गर्ने गरिन्छ। साथै, विकास निर्माणदेखि सम्पूर्ण काम कारबाहीहरू उनीहरूबाटै गर्ने गरिन्छ। मुखियाबाट हुने काम कारबाही छिटो, छरितो, पारदर्शी, कम झन्झटिलो हुने र काम गर्ने तौरतरिकाहरू पनि क्रमशः सुधार भएकोले स्थानीय जनताहरू सन्तुष्ट रहेको डावल गाउँका डीमा गुरुङले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	२	१
स्टाफ नर्स	२	१	१
ल्याब असिस्टेन्ट	१		१
अहेब	१६	१५	१
अनमी	४	२	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१२	४	८
स्वास्थ्य कार्यकर्ता	८	६	२

३.७ नवलपरासी

जनसङ्ख्या : ६,३५,७९३
पुरूष : ३,००,६५०
महिला : ३,३५,१४३
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : २,१६२
गाविस/नपा सङ्ख्या : ७३/१
सरकारी/निजी विद्यालय : ६६१/९३
क्याम्पस/उच्च मा.वि. : ६/७३
मानव विकास सूचकाङ्कः ०.४८२
प्रतिपरिवार सरदर सङ्ख्याः ४.८३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

देउराली गाविस-५ बेलुवाका ३२ वर्षीय धनप्रसाद महतोको ०६७ चैत १४ गते सोही गाविस-२ कोलियास्थित जङ्गल छेउमा अज्ञात समूहले कुटपिट गरी हत्या गऱ्यो। पीडित ०६७ चैत ७ गतेदेखि बेपत्ता थिए। पीडित परिवारले कावासोती इलाका प्रहरी कार्यालयमा चैत १५ गते उजुरी दियो। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न कोही गिरफ्तार भएनन्।

रामग्राम नपा-६ पोखरापालीका २२ वर्षीय वीरेन्द्र जयसवालको ०६८ भदौ १८ गते घरनजिक रहेको पानी पोखरीमा अज्ञात समूहले घाँटी थिचेर हत्या गऱ्यो। प्रहरीले मृतकको लास सोही दिन बरामद गरी पोष्टमार्टमका लागि जिल्ला अस्पताल पठायो। मृतकका परिवारले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म घटनामा संलग्न कोही गिरफ्तार भएनन्।

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३४ र कैद नतोकिएका ६६ कैदी र थुनुवा गरी जम्मा १ सय जना बन्दीहरू रहेका छन्। जसमा पुरुष १४ र महिला ८६रहेका छन्। कारागार भवन जीर्ण अवस्थामा रहेको छ। राणकालीन अवस्थामा घोडा बाँध्न प्रयोग गरिने तबेलालाई कारागारका रूपमा परिणत गरिएको जेलर तोयनाथ भट्टराईले जानकारी गराए। हाल नयाँ भवन निर्माण भइरहेको र निर्माण कार्य ढिलो गतिमा चलिरहेकोले सक्दो छिटो भवन निर्माण गर्नुपर्ने आवश्यकता रहेको उनले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

कावासोती गाविस-५ कावासोती निवासी पत्रकार महासङ्घका केन्द्रीय पार्षद ३२ वर्षीय श्रीराम सिग्देललाई ०६८ साउन ६ गते एकीकृत माओवादीका जिल्ला सहइञ्चार्ज द्रोणबाबु सिवाकोटीले आफूविरूद्ध समाचार लेखेको आरोपमा फोन गरी हत्या गर्ने धम्की दिए। नेपाल पत्रकार महासङ्घ नवलपरासीले सोही दिन प्रेश विज्ञप्ति जारी गरी दोषीलाई कारवाही र पत्रकारको जीउधनको सुरक्षाको माग गऱ्यो। पीडितले कुनै निकायमा उजुरी दिएनन्।

अज्ञात समूहबाट

कपिलवस्तु जिल्ला निवासी भानुदय उच्च माध्यमिक विद्यालय दुम्कीबासका प्राचार्य ५५ वर्षीय मोहन कलवारलाई ०६७ माघ १७ गते दुम्कीबास गाविस-१ स्थित कोठामा अज्ञात समूहले छुरा प्रहार गरी गम्भीर घाइते बनायो। टाउको, हात र मुखमा चोट लागेका उनको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो। डरका कारण पीडितले कुनै निकायमा उजुरी गरेनन्।

दाउन्नेदेवी गाविस-७ पृथ्वीवस्तीका ४२ वर्षीय टिकाराम तिवारीलाई ०६७ फागुन १० गते अज्ञात समूहले फोन गरी चन्दा नदिए हत्या गर्ने धम्की दियो। पीडित परिवारले विभिन्न मानवअधिकार सङ्घसंस्थासँग जीवन रक्षाको लागि पहल गर्न ०६७ फागुन १३ गते अपिलमार्फत आग्रह गरेपछि धम्की आउन रोकिएको पीडितले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

दुई जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६ सय ६७ मध्ये ४ सय १८ फैसला भए भने २ सय ४९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार १ सय ६९ मध्ये ७ सय ११ फैसला भए भने ४ सय ५८ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेको देवानी मुद्दा दुई रहे।

०६८ साउनदेखि पुस १६ सम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय ३० मध्ये १ सय ८४ फैसला भए भने २ सय ४६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ९२ मध्ये २ सय ३२ फैसला भए भने ३ सय ६० फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेको देवानी मुद्दा दुई रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ७१ छ। जसमध्ये २ सय सफल भए भने १९ असफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ५२ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ३४ मध्ये १६ सफल र तीन असफल रह्यो भने १५ फैसला

हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा २७ मध्ये १९ सफल रह्यो भने आठ फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा आठमध्ये छ सफल रह्यो भने दुई फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा आठमध्ये चार सफल र एक असफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा १३ मध्ये आठ सफल रह्यो भने पाँच फैसला हुन बाँकी रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ७९ छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दा ०६८ पुस १६ सम्म फैसला हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

मनरी गाविस-४ पटनीका ३५ वर्षीय टीका चौधरीलाई ०६७ चैत ८ गते सुनवल प्रहरी चौकीका प्रहरीले रामनगर गाविस-१ भुमहीमा बोलाएर गिरफ्तार गरी कुटपिट गऱ्यो। कुटपिटपका कारण पीडितको हात भाँचियो। उनको बुटवलस्थित सिटी अस्पतालमा उपचार भयो। एक स्थानीयले आर्थिक विषयमा चौधरीविरूद्ध दिएको मौखिक उजुरीका आधारमा उनलाई गिरफ्तार गरी अदालतमा म्याद नथपी र आफन्तलाई समेत जानकारी नदिएको भन्दै पीडितका आफन्तले ०६७ चैत १४ गते बन्दी प्रत्यक्षीकरणको लागि रिट दायर गरे। प्रहरीले गिरफ्तार नै नगरेको बताए पनि पीडित पक्षको जानकारीका आधारमा चौधरीलाई ०६७ चैत २७ गते बुटवलस्थित सिटी अस्पतालमा उपचार गराइरहेको अवस्थामा फेला पारी सोही दिन पुनरावेदन अदालतले पीडितकी पत्नी सङ्गीता चौधरीको जिम्मा लगायो। पीडित पक्षले क्षतिपूर्तिको माग गर्दै अदालतमा ०६८ वैशाख २९ गते मुद्दा दर्ता गऱ्यो। यस वर्षको अन्त्यसम्म सो मुद्दा विचाराधीन रहेको छ।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ४० हजार २ सय ५८ मध्ये छात्र ६५ हजार ५ सय ९८ र छात्रा ७४ हजार ६ सय ६० प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १२ हजार ४ सय ८१ र छात्र ११ हजार ४ सय ५७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ३ सय ५९ र १ हजार १ सय ४३ गरी जम्मा १ हजार ५ सय २ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला २१ र पुरुष २ सय ८९ गरी जम्मा ३ सय १० शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ६ र पुरुष २ सय २४ गरी जम्मा २ सय ३० शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ६ हजार ३ सय ६९ र बालिका ६ हजार ३ सय ७२ गरी जम्मा १२ हजार ७ सय ३९ रहेका छन् जसमध्ये दलित बालक १ हजार ३ सय २३ र बालिका १ हजार ४ सय ७४ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

कुटपिट

शिवमन्दिर गाविस-२ निवासी सोही ठाउँमा रहेको समता शिक्षा निकेतन इङ्गलिस बोर्डिङ्ग स्कुलमा कक्षा ८ मा अध्ययनरत बालक १४ वर्षीय सुदीप गिरीलाई ०६८ साउन १० गते सोही ठाउँ निवासी सोही विद्यालयका शिक्षक २१ वर्षीय प्रतिक भण्डारीले कक्षामा मोबाइल फोन प्रयोग गरेको भन्दै लठ्ठी र हातले कुटपिट गरे। कुटपिटबाट बालकको कानको जाली फुट्नुका साथै शरीरभरि नीलडाम भयो। पीडितको चितवनस्थित मेडिकल कलेजमा उपचार भयो। पीडित पक्षले इलाका प्रहरी कार्यालय कावासोतीमा साउन १२ गते मौखिक उजुरी दिएकोमा औषधी उपचार खर्च दिने शर्तमा भदौ ११ गते इलाका प्रहरी कार्यालय कावासोतीमा दुवैपक्षबीच मिलापत्र भयो।

बलात्कारपछि हत्या

माकर गाविस-४ वर्दघाटकी १७ वर्षीया शुभेच्छा चापागाइँलाई माकर गाविस-४ नयाँबस्तीका आइटम भनिने २० वर्षीय अशोक गुरुङ, ग्रेड भनिने १९ वर्षीय राजु विक, गोरे भनिने १८ वर्षीय राजकुमार अर्गेजा मगर, भान्जे भनिने १८ वर्षीय सुभाष दर्जी, देशी भनिने १९ वर्षीय अर्मान विक र १९ वर्षीय विष्णु सुनारले ०६८ जेठ ३१ गते बिहान कोठाबाट निकाली घरको छतमा लगेर बलात्कारपछि छुरा प्रहार गरी हत्या गरेको भन्दै पीडितपक्षले ०६८ असार ३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। आरोपितहरूलाई प्रहरीले गिरफ्तारपश्चात् असार २५ गते सार्वजनिक गऱ्यो। पीडितले प्रेम प्रस्ताव अस्वीकार गरेपछि हत्या गरेको आरोपित अशोक गुरुङले स्वीकारेको जिल्ला प्रहरी कार्यालयका एसपी ज्ञानविक्रम

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३
बालअधिकार			९	१	१०
अमानवीय व्यवहार				३	३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				३	३
अपहरण			१	५	६
महिलाअधिकार			३७		३७
गिरफ्तारी/यातना	१	१			
कुटपिट				१	१
धम्की			१	४	५
हत्या			६	५	११
जम्मा	**१**	**१**	**४४**	**३३**	**६६**

शाहले जनाए। यस वर्षको अन्त्यसम्म सबै आरोपितहरू पुर्पक्षको लागि थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

तिलकपुर गाविस-८ मगरमुढाकी १३ वर्षीया बालिकालाई सोही ठाउँ निवासी ४५ वर्षीय महन्थ चौधरीले पटकपटक बलात्कार गरी गर्भवती बनाएको भन्दै ०६८ भदौ ८ गते पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पछिल्लो पटक भदौ ६ गते बलात्कार गरेको पीडित पक्षको उजुरीका आधारमा आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले आरोपितलाई असोज ४ गते पुर्पक्षका लागि थुनामा पठायो।

बञ्जरिया गाविस-९ धरमपुरकी ९ वर्षीया बालिकालाई ०६८ भदौ ३० गते सोही ठाउँ निवासी ३० वर्षीय हुमलाल विकले सोही ठाउँस्थित नजिकैको जङ्गलमा बाख्रा चराउन गएको अवस्थामा बलात्कार गरेको भन्दै पीडित पक्षले ०६८ असोज २ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतले उनलाई असोज २७ गते पुर्पक्षको लागि थुनामा पठायो।

गैँडाकोट गाविस-७ की १५ वर्षीया बालिकालाई सोही ठाउँ निवासी ३० वर्षीय विष्णु परियारले ०६८ असोज १९ गते पीडितकै घरमा बलात्कार गरेको भन्दै पीडितका परिवारले ०६८ असोज २४ गते इलाका प्रहरी कार्यालय गैँडाकोटमा जाहेरी दिए। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतले कात्तिक १७ गते उनलाई पुर्पक्षका लागि थुनामा पठायो।

मुकुन्दपुर गाविस-९ सिखौलीकी १० वर्षीया बालिकालाई सोही ठाउँ निवासी २२ वर्षीय बाबुराम थापाले ०६८ कात्तिक ३ गते पीडितको घरमै बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले इलाका प्रहरी कार्यालयमा कात्तिक ४ गते जाहेरी दिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

माकर गाविस-४ बर्दघाटकी २३ वर्षीया महिलालाई सोही ठाउँका २६ वर्षीय आकाश अधिकारीले पटकपटक फोन गरी अश्लील शब्द प्रयोग गरेको भन्दै ०६८ भदौ ७ गते पीडित महिलाले प्रहरीमा उजुरी दिइन्। प्रहरीले सोही दिन अधिकारीलाई गिरफ्तार गरी सार्वजनिक ऐनअन्तर्गत मुद्दा चलाएकोमा उनी ०६८ असोज २ गते २८ हजार रुपियाँ धरौटीमा जिल्ला प्रशासनको आदेशमा रिहा भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

दुम्कीबास गाविस-५ दाउन्ने बजारमा होटल व्यवसाय सञ्चालन गरी बस्ने २४ वर्षीया युवतीलाई ०६७ माघ १७ गते काठमाडौँ मनपा-३ महाराजगञ्जका निवासी ४२ वर्षीय प्रदीपजङ्ग राणा र काठमाडौँका ३२ वर्षीय सुभाष केसीले कुटपिट एवम् यौनदुर्व्यवहार गरेको भन्दै पीडितले जिल्ला प्रहरीमा उजुरी दिइन। सुर्खेतबाट काठमाडौँतर्फ निजी गाडीमा आएका उनीहरूले पीडितको होटलमा खाना खाने क्रममा यौनदुर्व्यवहार गरेको पीडितपक्षले बतायो। घटनाको विरोध गर्ने पीडितका दाजु, आमा र स्थानीयवासीलाई पेस्तोल निकाली आतङ्कित बनाएपछि स्थानीय बासिन्दाले दुवैलाई नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाए। पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। सामान्य घटनालाई स्थानीयले उचालेको भन्दै प्रहरीले दुवैलाई माघ २१ गते रिहा गऱ्यो।

नारायणी गाविस-९ निवासी बोल्न र सुन्न नसक्ने २३ वर्षीया महिलालाई गैँडाकोट गाविस-७ निवासी ३० वर्षीय चित्रबहादुर पुन र चितवन जिल्ला भरतपुर नपा-४ का २८ वर्षीय मन्दीप मानन्धरले ०६८ वैशाख १७ गते दुम्कीबास गाविस-५ दाउन्ने बजारबाट लु १ ख ४११९ नं. को ट्रकमा राखी लगेर परासी भैरहवा खण्डको दुलासी बाटोको पुलछेउमा

ट्रकभित्रै बलात्कार गरेको भन्दै पीडितले वैशाख १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितहरूलाई सोही दिन प्रहरीले गिरफ्तार गरी जेठ ४ गते जिल्ला अदालतमा पेश गऱ्यो। अदालतले पुनलाई पुर्पक्षको लागि थुनामा पठायो भने मानन्धरलाई २० हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो।

परिवारजनबाट हत्या

तमसरिया गाविस-७ चोरमारा निवासी ५३ वर्षीया लालकुमारी मल्ललाई पति ५२ वर्षीय केशरबहादुर मल्लले घरायसी विवादका कारण ०६८ असार ३० गते घरमै हत्या गरी झुण्ड्याएको आरोप लगाउँदै मृतकका आफन्तले ०६८ साउन ४ गते उजुरी दिए। आरोपितलाई इलाका प्रहरी कार्यालय कावासोतीले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतल उनलाई साउन २२ गते पुर्पक्षका लागि थुनामा पठायो।

सुक्रौली गाविस-५ घिनाहाकी ३५ वर्षीया मीरा कुर्मीलाई ०६८ कात्तिक ३ गते पति ३५ वर्षीय झिनाउ भनिने टेकबहादुर कुर्मीले परपुरूषसँग सम्बन्ध राखेको आरोपमा घरनजिकैको खेतमा इँटा प्रहार गरी हत्या गरेको भन्दै मृतकका माइतीपक्षले कात्तिक ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई कात्तिक २२ गते प्रहरीले गिरफ्तारगरेकामा जिल्ला अदालतको आदेश बमोजिम मङ्सिर १८ गते उनलाई पुर्पक्षको लागि थुनामा पठायो।

घरेलु हिंसा

सनई गाविस-२ की ३२ वर्षीय सुलोचना सहानीलाई ०६८ वैशाख १६ गते पति ३५ वर्षीय वीरेन्द्र सहानीले परपुरूषसँग अवैध सम्बन्ध राखेको आरोपमा कुटपिट र लछारपछार गरी घरनिकाला गरे। पीडितले ०६८ वैशाख १८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। पीडितले ०६८ वैशाख १७ गतेदेखि जेठ १ गतेसम्म महिला तथा बालबालिका कार्यालयद्वारा सञ्चालित अल्पकालीन सेवा केन्द्रबाट औषधी उपचार लिइन्। उजुरी दिए पनि प्रहरीले पीडकलाई कारबाही नगरेको, विवाह दर्ता र नागरिकता समेत बनाई नदिएको पीडितले गुनासो गरिन्। घटनापछि पीडित माइतमा बसिन्।

देवचुली गाविस-१ विशालटारकी ४८ वर्षीया अम्मरकुमारी विकलाई ०६८ वैशाख २१ गते मादक पदार्थ सेवन गरी पति ५० वर्षीय हिराबहादुर विकले घरमै कुटपिट गरे। कुटपिटबाट बेहोस भएकी पीडितको स्थानीय बासिन्दाले उद्धार गरी कावासोतीस्थित स्वास्थ्यचौकीमा उपचार गराए। पीडितले न्यायको माग गर्दै सोही दिन इलाका प्रहरी कार्यालय कावासोतीमा उजुरी दिएकोमा वैशाख २२ गते प्रहरीले दुवैपक्षलाई झिकाई हिराबहादुरले गल्ती नदोहोऱ्याउने सर्तमा समझदारी भयो। मिलापत्र भएपनि पतिले लगातार कुटपिट र यातना दिएको भन्दै पीडितले हिराबहादुरविरूद्ध जेठ १५ गते जिल्ला अदालतमा अंश मुद्दा दायर गरिन्। पीडितले जेठ १ गतेदेखि महिला तथा बालबालिका कार्यालयबाट सञ्चालित सेवा केन्द्रमा १५ दिनसम्म सेवा लिइन्।

पाल्ही गाविस-४ की ३२ वर्षीया सुनीता गौडलाई ०६८ वैशाख २८ गते पति बृजकिशोर गौडले धेरै बोलेको आरोप लगाउँदै घरमै कुटपिट गरे। घरमा बस्न असुरक्षा भएको भन्दै वैशाख २९ गते अल्पकालीन सेवा केन्द्रमा सेवा र उपचार गराइरहेको अवस्थामा जेठ ८ गते पतिले उक्त सेवा केन्द्रमा आएर सम्मानजनक रूपमा घरमा राख्ने भन्दै लिखित प्रतिबद्धता जनाएपछि पीडित घर फर्किन्।

गुठीसूर्यपुरा गाविस-३ की २३ वर्षीया सीमा पासवानलाई ०६८ जेठ ३ गते पति २६ वर्षीय मनोज पासवान (हरिजन) र ससुरा ५९ वर्षीय प्रभन्स पासवानसमेत तीन जनाले दाइजो नल्याएको आरोपमा घरमै कुटपिट गरे। पीडितले ०६८ जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घटनाको बारेमा ०६८ जेठ १८ गते जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्रमा भएको छलफलपछि मनोजले पीडितलाई सम्मानजनक रूपमा घरमा राख्ने र आगामी दिनमा यस्ता गल्ती नदोहोऱ्याउने सर्तमा मिलापत्रपछि उनी घर फर्किन्।

सनई गाविस-४ की १९ वर्षीया सरीता गुप्तालाई ०६७ जेठ २९ गते दाइजो नल्याएको आरोपमा पति २६ वर्षीय सुवास गुप्ता, सासू ४७ वर्षीया ललिता गुप्ता, नन्द १८ वर्षीया अनीता गुप्ताले मट्टितेल खनाएर आगो लगाउने प्रयास गरेको भन्दै पीडितले ०६८ जेठ ३१ गते जिल्ला प्रहरीमा उजुरी दिइन्। आरोपितहरूलाई प्रहरीले ०६८ असार ६ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा असार ७ गते दुवै पक्षबीच छलफल भएपछि पीडित गर्भवती भएकोले बच्चा जन्मेको एक महिनासम्म माइतमा राख्ने र त्यसपछि घरमा गई बच्चा र आमाको उचित पालनपोषण र सम्मानजनक रूपमा घरमा राख्ने परिवारले प्रतिबद्धता व्यक्त गरेपछि दुवै पक्षबीच मिलापत्र भयो।

रामग्राम नपा-७ उजैनीकी ३५ वर्षीया पुष्पा आचार्यलाई ०६८ असार ५ गते पति ४० वर्षीय मदन आचार्यले मादक पदार्थ सेवन गरी घरमै कुटपिट गरे। कुटपिटबाट शरीरभरि नीलडाम भएकी पीडितको जिल्ला अस्पतालमा उपचार भयो। पीडितले ०६८ असार ८ गते जिल्ला प्रहरीमा उजुरी दिएकोमा सोही दिन महिला तथा बालबालिका सेलमा भएको छलफलपछि आरोपितले सम्मानजनक रूपमा घरमा राख्ने सहमति जनाए पनि असुरक्षित महशुस गरी उनी माइतीमै बस्दै आएकी छन्। पीडितले अल्पकालीन सेवा केन्द्रमा ०६८ असार ७ गतेदेखि २२ गतेसम्म सेवा लिइन्।

सुक्रौली गाविस-६ की २१ वर्षीय चन्द्रावती हरिजनलाई पति राजु हरिजन, सासू ४८ वर्षीया प्रेमा हरिजनले पटक पटक कुटपिट गरेको भन्दै पीडितले ०६८ असार २८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा ०६८ साउन १ गते भएको छलफलमा आरोपित पक्षले गल्ती नदोहोऱ्याउने सर्तमा दुवै पक्षबीच मिलापत्र भयो। आफू शारीरिकरूपमा अशक्त भएकोले पतिले दोस्रो विवाहको प्रस्ताव राख्दा अस्वीकार गरेको कारण घटना भएको पीडितले बताइन्।

बहुविवाह

रामग्राम नपा-१२ की २१ वर्षीया तेतरी चौधरीले पति २५ वर्षीय श्रवणकुमार चौधरीले ०६७ फागुन १३ गते स्थानीय निर्मला चौधरीसँग दोस्रो विवाह गरेको भन्दै फागुन ३० गते जिल्ला प्रहरीमा उजुरी दिइन्। आरोपितलाई ०६७ चैत १ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतले चैत १७ गते ४६ हजार रूपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

सरावल गाविस-६ का २९ वर्षीय सुरेश हरिजनले सोही ठाउँकी विष्णु हरिजनसँग दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी २७ वर्षीय मनकुमारी हरिजनले ०६७ फागुन ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई ०६७ चैत १ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतले चैत १४ गते ३५ हजार रूपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

सनई गाविस-७ राजावारीकी २७ वर्षीया कालीकुमारी घर्ती सिंहले पति २९ वर्षीय राजेश्वर सिंहले ०६७ फागुन १२ गते पाल्पा जिल्ला माइती भएकी शर्मिलासिंह कोइरालासँग दोस्रो विवाह गरेको भन्दै ०६८ असार २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई ०६८ असार २२ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतले ०६८ साउन ७ गते ४० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

सुनवल गाविस-६ वीसासयकी १९ वर्षीया सीता रायमाझीलाई पाल्पा जिल्ला फेक गाविस-९ निवासी २३ वर्षीय जीवन थापाले घरमा पत्नी र दुई छोराछोरी छँदाछँदै अविवाहित छु भनी झुक्याएर दोस्रो विवाह गरेको भन्दै दास्रो पत्नी सीताले सुनवल प्रहरी चौकीमा ०६८ असार २२ गते उजुरी दर्ता गराइन्। प्रहरीले थापालाई सोही दिन गिरफ्तार गरेकोमा पीडितलाई सम्मानजनक रूपमा घरमा राख्ने शर्तमा थापाका दाजु र मामाको जिम्मामा उनी असार ३१ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए। यसैगरी जीवनकी पहिलो पत्नी पाल्पा जिल्ला फेक गाविस-९ की २३ वर्षीया लक्ष्मी थापाले उनीविरूद्ध ०६८ भदौ २२ गते पाल्पा जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको मुद्दा दर्ता गराएकामो प्रहरी कार्यालयले सो मुद्दा जिल्ला न्यायाधिवक्ताको कार्यालय नवलपरासी पठायो। जिल्ला अदालत नवलपरासीको कात्तिक २४ गतेको आदेशमा थापा १५ हजार रूपियाँ धरौटीमा रिहा भए।

रामग्राम नपा-११ की ३० वर्षीया कौशिल्यादेवी चौधरीले पति अर्जुन चौधरीले ०६८ जेठ २० गते मनरी गाविसकी ३१ वर्षीया दुरपती चौधरीसँग दोस्रो विवाह गरी आफूलाई कुटपिट गरेको भन्दै भदौ २७ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। जिल्ला प्रहरी महिला बालबालिका सेवा केन्द्रमा भदौ २८ गते भएको छलफलमा अर्जुनले कौशिल्याको उचित रूपमा स्याहारसुसार गर्ने र आगामी दिनमा कुटपिट नगर्ने शर्तमा दुवैपक्षबीच मिलापत्र भयो।

माकर गाविस-४ बर्दघाट निवासी ३७ वर्षीया रसियन मूलकी गुल्सोनोई लाटी पोमाले पति ४३ वर्षीय नारायणप्रसाद पौडेलले ०६७ फागुन १२ गते दोस्रो विवाह गरेको भन्दै ०६८ असोज ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीपछि पौडेल फरार भएकोमा प्रहरीले सोही दिन उनकी कान्छी पत्नी २३ वर्षीया रमा जिसीलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६८ असोज २३ गते रमालाई १४ हजार रूपैयाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

सुक्रौली गाविस-२ निवासी १९ वर्षीय सरोजासिंह सैथवारले पति २० वर्षीय राममिलन सैथवारले १९ वर्षीया किरण सैथवार (चौधरी) सँग दोस्रो

विवाह गरेको भन्दै ०६८ भदौ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरी कार्यालयमा भदौ ३० गते भएको छलफलमा राममिलनले सरोजालाई सम्मानसाथ राख्ने शर्तमा मिलापत्र भयो।

जमुनिया गाविस-६ का २७ वर्षीय अङ्गद यादवले ०६८ असोज १६ गते सुक्रौली गाविसकी २२ वर्षीया निर्मला यादवसँग दोस्रो विवाह गरेको भन्दै जेठी पत्नी २५ वर्षीया लक्ष्मी यादवले ०६८ पुस ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराएकोमा अङ्गदलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेको छ।

ओसारपसार

मुकुन्दपुर गाविस-१ बेल्डिया २९ वर्षीया महिला र पोखरा उपमनपा छोरेपाटनकी १५ वर्षीया बालिकालाई ०६८ असोज ३ गते पिठौली गाविस-१ का २५ वर्षीया आशा महतो, रजहर गाविस-१ का ४५ वर्षीया अर्जुन नेपाली र कास्की जिल्ला पोखरा उपमनपा-९ पृथ्वीचोकका २५ वर्षीय अमर पठानले वैदेशिक रोजगारीका लागि साउदीअरब पठाउने प्रलोभनमा भारततर्फ लैजाँदै गर्दा रूपन्देहीको भैरहवाबाट उद्धार गरिएको भन्दै पीडितपक्षले ०६८ असोज २६ गते इलाका प्रहरी कार्यालय गैँडाकोटमा उजुरी दियो। आरोपितमध्ये आशा महतोलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतले आशालाई ०६८ कात्तिक २३ गते पुर्पक्षको लागि थुनामा पठायो भने अमिर पठान र अर्जुन नेपाली यसवर्षको अन्त्यसम्म फरार छन्।

पिठौली गाविस-६ की २२ वर्षीया रीना महतो र शिवमन्दिर गाविस-४ की २० वर्षीया सावित्री घिमिरेलाई पिठौली गाविस-१ का २८ रामकृष्ण नेपाली र सोही गाविस-२ का ३१ वर्षीय नारायण परियारले वैदेशिक रोजगारीमा पठाउने बहानामा भारततर्फ लैजाँदै गर्दा ०६८ असोज २४ गते रूपन्देहीको भैरहवाबाट प्रहरीले रामकृष्णलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतले रामकृष्णलाई कात्तिक २४ गते पुर्पक्षको लागि थुनामा पठायो भने नारायण यस वर्षको अन्त्यसम्म फरार छन्।

दुर्व्यवहार

बञ्जरिया गाविस-३ ननईका २९ वर्षीया रूपा चौधरीलाई सोही ठाउँका ४८ वर्षीया शारदा चौधरी, उनकी छोरी १८ वर्षीया आशा चौधरीले ०६७ चैत २१ गते बोक्सीको आरोप लगाई गाली बेइज्जती र कुटपिट गरेको भन्दै पीडितले चैत २२ गते जिल्ला प्रहरी कार्यालयमा जोहरी दिइन्। आरोपितले अगामी दिनमा गल्ती नदोहोऱ्याउने सर्तमा जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा दुवै पक्षबीच सोही दिन मिलापत्र भयो। ०२३

स्वाठी गाविस-५ की ६७ वर्षीया उषादेवी कुँवरलाई ०६७ पुस २१ गते सोही ठाउँका २८ वर्षीय राजेश दर्लामीले बोक्सीको आरोप लगाउँदै गाउँ निकाला गर्ने धम्की दिए। पीडितपक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

बञ्जरिया गाविस-३ ननईकी ५० वर्षीया सुखना यादवलाई ०६८ असोज २४ गते सोही ठाउँका २१ वर्षीय दिनेश कोहार, २० वर्षीय हरिन्द्र कोहार, ३८ वर्षीय पञ्चराम कोहार, ५० वर्षीय सन्नु कोहार, ६० वर्षीय कुलबहादुर थापा, २१ वर्षीय गोविन्द थापा, २१ वर्षीय गीता थापा र १७ वर्षीया गीता थापाले बोक्सीको आरोप लगाउँदै घर घेरा हाली कुटपिट गरे। पीडितले ०६८ असोज २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा आरोपितहरूले आगामी दिनमा त्यस्तो गल्ती नदोहोऱ्याउने शर्तमा प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा ०६८ असोज २६ गते मिलापत्र भयो।

सबै प्रकारका जातीय विभेद

त्रिवेणीसुस्ता गाविस-४ सुस्ताकी ३७ वर्षीया दलित महिलालाई स्थानीय गैरदलितसँग अनैतिक सम्बन्ध राखेको आरोपमा ०६७ पुस १७ गते स्थानीय कथित उपल्लो जातिका व्यक्तिहरूले कुटपिट गरी चारपाटा मुडेर गाँउनिकाला गरे। मानवअधिकारकर्मी र सञ्चारकर्मीको सहयोगमा पुस १९ गते पीडित महिला घर फर्कन सफल भएपनि असुरक्षा महशुस गर्दै आफूलाई दुर्व्यवहार गर्नेहरूविरूद्ध उनले उजुरी दिइनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्पति कब्जा

सुनवल गाविस-३ का ३९ वर्षीय कविराज पुनको नाममा रहेको लु९प ३०७४ नं.को मोटरसाइकल ०६७ माघ ९ गते आर्थिक अनियमितता गरेको भन्दै एकीकृत माओवादी कार्यकर्ताले माकर गाविस-४ बर्दघाटबाट कब्जामा लिए। इन्सेक जिल्ला प्रतिनिधि,

नेपाल बार एशोसिएसनको पहलमा भएको छलफलपछि ०६७ माघ १८ गते इन्सेक जिल्ला प्रतिनिधिको रोहवरमा एकीकृत माओवादी कार्यकर्ताले माकर गाविस-४ बर्दघाटबाटै मोटरसाईकल फिर्ता गरे।

थारूहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले ०६८ जेठ १५ गते बन्दको अवज्ञा गरेको भन्दै तमसरिया गाविस-४ र अग्यौली गाविस-९ डण्डाबीचको जङ्गलमा लु१ख २३९९ र ना४ख ६४ नं. को बस, ना२ख ५३५५ नं.को ट्रक, ना१च ७७४० नं.को भ्यान तोडफोड गरे। घटनामा संलग्न रहेको आरोपमा तमसरिया गाविस-५ का २१ वर्षीय भेषराज महतो र २० वर्षीय परशुराम महतोलाई इलाका प्रहरी कार्यालय कावासोतीले गिरफ्तार गरे पनि निर्दोष भएको भन्दै सोही दिन रिहा गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	६३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	९	८	१
स्टाफ नर्स	१०	७	३
ल्याब असिस्टेन्ट	८	८	
अहेब	९०	८०	१०
अनमी	२८	२८	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	१६	१६	

३.८ रुपन्देही



जनसङ्ख्या : ८,८६,७०६
पुरूष : ४,३६,३१८
महिला : ४,५०,३८८
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : १४०१
गाविस/नपा सङ्ख्या : ६९/२
सरकारी/निजी विद्यालय : ५४४/६२
क्याम्पस/उच्च मा.वि. : १६/६४
मानव विकास सूचकाङ्कः ०.५००
प्रतिपरिवार सरदर सङ्ख्याः ५.२१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

सिद्धार्थनगर नपा-३ गल्लामण्डी निवासी जनतान्त्रिक तराई मधेश मुक्ति मोर्चाका जिल्ला इन्चार्ज ३५ वर्षीय भवानीसिंह भनिने कृर्पासिंह सोनार (शाही) र मोर्चा कार्यकर्ता भारतीय नागरिक सूर्यप्रकाश शुक्लको ०६७ फागुन २१ गते राति प्रहरीले मधुवनी गाविस-२ मधुवनीमा गोली हानी हत्या गऱ्यो। सोनार र शुक्लले भूमिगत रूपमा दुई वर्षदेखि तराईका विभिन्न जिल्लामा सशस्त्र गतिविधि सञ्चालन गर्दै आएको प्रहरीले जनायो। सिंहले गस्तीमा गएको प्रहरीको टोलीमाथि एक्कासि गोली प्रहार गरेको र प्रहरीले सुरक्षाका लागि जबाफी कारवाही गर्ने क्रममा गोली लागी उनको घटनास्थलमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका एसपी शेरबहादुर बस्नेतले बताए। भैरहवास्थित भीम अस्पतालमा फागुन २२ गते पोस्टमार्टमपश्चात् प्रहरीले लास आफन्तलाई बुझायो।

नवलपरासी जिल्ला स्वाँठी गाविस-८ निवासी

जनतान्त्रिक तराई मुक्ति मोर्चा (भगत सिंह)का नवलपरासी जिल्ला इन्चार्ज २४ वर्षीय सम्राट भनिने अनिल हरिजनको ०६८ वैशाख १५ गते राति रुपन्देहीको धकधई गाविस-३ स्थित रोहिणी खोलानजिक हुलाकी सडकमा गस्तीमा रहेको प्रहरी टोलीले गोली प्रहार गरी हत्या गऱ्यो। प्रहरीले दोहोरो भिडन्तमा मारिएको बताए पनि पीडितका आफन्तले प्रहरीले नियन्त्रणमा लिएपछि गोली हानी हत्या गरेको दावी गरे। प्रहरीले हरिजनको साथबाट कटुवा पेस्तोल र केही दस्तावेजहरू फेला पारेको बतायो। पीडित परिवारले हरिजनको लाससमेत नपाएकोले दाहसंस्कार गर्न नपाएको बताए।

अज्ञात समूहबाट

शङ्करनगर गाविस-५ नयाँमिलका ७३ वर्षीया नेत्रकुमारी बस्नेतलाई अज्ञात समूहले ०६८ कात्तिक १६ गते घरमै रड र खुकुरी प्रहार गरी घाइते बनाएकोमा उनको काठमाडौँस्थित वीर अस्पतालमा उपचारका क्रममा कात्तिक १७ गते मृत्यु भयो। प्रहरीले घटनाबारे अनुसन्धान भइरहेको बताए पनि यो वर्षको अन्त्यसम्म कसैलाई पनि गिरफ्तार गरेको छैन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते तराई जनतान्त्रिक मधेश मुक्ति पार्टीबाट

भैरहवाबाट बुटवलतर्फ आइरहेको सार्वजनिक मिनीबसमा राखिएको बम ०६७ चैत १३ गते साँझ ६.२० बजे बुटवल नपा-१० मिलनचोकमा विस्फोट हुँदा २४ जना यात्रु घाइते भए। घाइतेमध्ये नाम ठेगाना नखुलेका एक जनाको उपचारका लागि काठमाडौँ लैजाँदै गर्दा सोही दिन बाटोमा मृत्यु भयो। घाइते गुल्मी जिल्ला दिगाम-२ निवासी ३२ वर्षीया राधा कँडेलको ०६७ चैत २२ गते साँझ ललितपुर ग्वार्कोस्थित बीएण्डबी अस्पतालमा उपचारको क्रममा मृत्यु भयो। घटनामा बुटवल नपा- ५ का ५० वर्षीय बासुदेव श्रेष्ठ, गुल्मी जिल्ला तम्घास गाविसकी ३० वर्षीया मीना कुँवर, पर्वत जिल्लाका २७ वर्षीय ध्रुव पराजुली, बुटवल नपा-५ का बालकृष्ण खरेल, बुटवल नपा-९ का टीकाराम न्यौपाने, धनुषा जिल्ला जनकपुरका २९ वर्षीय शैलेन्द्रकुमार कर्ण, पाल्पा जिल्लाका ४८ वर्षीय ध्रुव खाँती, बुटवल नपा-१३ का २५ वर्षीय लालबहादुर दर्जी, बुटवल नपा-५ का १९ वर्षीया सुनिता श्रेष्ठ, गुल्मी दिगाम गाविसका ३५ वर्षीय अर्जुन कर्णेल, गुल्मी श्रृङ्गा गाविसका तिलकराम सुवेदी, शङ्करनगर गाविस-७ का कमलप्रसाद बेल्वासे, गुल्मी ग्वागा गाविसका नारायणप्रसाद ज्ञवाली, गुल्मी जिल्ला रूरू गाविस-७ की २१ वर्षीया श्रृजना थैव, पाल्पा जिल्ला दोभान गाविसका मूक्तिराम रेग्मी, सौ. फर्साटिकर गाविस-१ का २२ वर्षीय दलबहादुर थापा, बुटवल नपा-८ की टीका तामाङ, सपना तामाङ, बुटबल नपा-१२ का २४ वर्षीय रेशमलाल रेग्मी, करहिया गाविस-६, बर्गदवाका ७१ वर्षीय पिताम्बर शाही र उनका नाती १९ वर्षीय प्रकाश शाही, बुटवल नपा-१३ का सुनील लामा, रूद्रपुर गाविस-४ का हेमलाल गन्धर्व घाइते भए। भैरहवाबाट बुटवलतर्फ गइरहेको उक्त बसको डिक्कीमा शक्तिशाली टाइम बम राखिएको प्रहरीले जनायो। मिनीबसमा करिब ४० जना यात्रु थिए। घाइतेहरूको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पताल, काठमाडौँस्थित बीएण्डबी अस्पताल र बुटवलकै सिटी अस्पतालमा उपचार भयो। विस्फोटपछि बसमा आगजनी भएको थियो। तराई जनतान्त्रिक मधेश मुक्ति पार्टीका इन्चार्ज बताउने एक व्यक्तिले सञ्चारकर्मीलाई टेलिफोन गरी घटनाको जिम्मेवारी लिए। प्रहरीले उक्त घटनामा संलग्न रहेको आशंकामा बोगडी गाविस-३ हर्दीका २६ वर्षीय प्रशान्त पाण्डे, सक्रौनपकडी गाविस-२ पडरहवाका १९ वर्षीय गुड्डु पप्पु भन्ने राजकुमार चौहान घनश्याम यादव र भारतको महाराजगञ्ज जिल्ला नौतनवाका ४० वर्षीय इस्लाम मुसलमानलाई ०६७ चैत २९ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा आरोपितहरू ०६८ वैशाख २८ गतेदेखि थुनामा छन्।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ३२ र कैद नतोकिएका १ सय २७ कैदी र थुनुवा गरी जम्मा २ सय ५९ जना पुरुष बन्दीहरू रहेका छन्। ०६७ जेठ २ गते जेल परेका गुल्मी जिल्लाको जुनिया-५ का ३२ वर्षीय सोमबहादुर थापाको एचआइभी एड्सका कारण ०६८ मङ्सिर १२ गते मृत्यु भयो। कारागार सुधारका काम नहुँदा व्यवस्थापनमा कठिनाई भएको कारागार प्रमुख सूर्यबहादुर यादवले बताए। क्षमताभन्दा बढी बन्दीहरू रहेका कारण सुत्न, बस्न असुविधा रहेको र शौचालयको पनि अभाव भएको बन्दीहरूले बताए। जेलर यादवले सबैको नियमित स्वास्थ्य परीक्षण गरिएको बताए।

धम्की/कुटपिट

संयुक्त जनतान्त्रिक तराई मधेस मुक्ति मोर्चाबाट

रायपुर गाविस-१ रायपुरका ४० वर्षीय प्रेम चौहानलाई ०६७ चैत २१ गते संयुक्त जनतान्त्रिक तराई मधेस मुक्ति मोर्चाका कार्यकर्ताले आमा गाविस-७ मा नातेदारको घरमा गएका बेला गोली प्रहार गरी घाइते बनाए। घाइतेको भैरहवास्थित यूनिभर्सल मेडिकल कलेजमा उपचार भयो। मोर्चाका क्षेत्रीय इन्चार्ज बताउने रामभुवनले स्थानीय सञ्चारकर्मीलाई टेलिफोन गरी घटनाको जिम्मा लिए। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न कोही गिरफ्तार भएनन्।

अनेरास्ववियु क्रान्तिकारीबाट

रूद्रपुर गाविस-२ चौपारी निवासी अनेरास्ववियु जिल्ला कमिटीका पूर्वउपाध्यक्ष २५ वर्षीय जीवन ज्ञवालीलाई ०६७ माघ ९ गते माओवादीविरूद्ध सक्रिय भएको भन्दै अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ता दूधराक्ष गाविस-२ का ३२ वर्षीय विशाल थापा र सोही ठाउँका २३ वर्षीय मदन थापाले सहिद नारायण पोखरेल स्मृति बहुमुखी क्याम्पसमा कुटपिट गरी मार्ने धम्की दिए। समान्य घाइते भएका ज्ञवालीको स्थानीय क्लिनिकमा उपचार भयो। ज्ञवालीले माघ १० गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएकोमा दुवै समूहका माउ पार्टीका नेताहरूबीच ०६७ माघ १२ गते भएको छलफलमा कुटपिटमा संलग्न अनेरास्ववियु क्रान्तिकारी कार्यकर्ताले माफी मागेपछि दुवै पक्षबीच मिलापत्र भयो।

नेकपा माओवादी (मातृका) बाट

नवलपरासी जिल्ला घर भई बुटवल नपा-१२ कालिकानगरमा डेरा गरी बस्ने २४ वर्षीय सञ्जय नापितलाई ०६८ जेठ १० गते मातृका समूहका माओवादी कार्यकर्ताले बन्दको अवज्ञा गरेको भन्दै मोटरसाइकलसहित आगो लगाउने प्रयास गरे। दुवै खुट्टा जलेका घाइतेको बुटवलस्थित लुम्बिनी अञ्चलमा उपचार भयो। प्रहरीले घटनामा संलग्न भएको भन्दै केरवानी गाविस-६ का २९ वर्षीय टिकाराम भण्डारी र देवदह गाविस-२, खैरेनीका २५ वर्षीय गोविन्द पँगेनीलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशअनुसार ०६८ असार २८ दुवैजना पुर्पक्षका लागि थुनामा छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

चार जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ हजार ७९ मध्ये ६ सय ७३ फैसला भए भने ४ सय ६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ६ सय ६२ मध्ये ९ सय १६ फैसला भए भने ७ सय ४६ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा चार रहे।

०६८ साउनदेखि पुस १६ सम्म

चार जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ७ सय ६६ मध्ये २ सय १६ फैसला भए भने ५ सय ५० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ६१ मध्ये २ स ४२ फैसला भए भने ८ सय १९ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा चार रहे।

पुनरावेदन अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

सात जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय ६१ मध्ये १ सय १० फैसला भए भने ३ सय ५१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय ५८ मध्ये १ सय ५ फैसला भए भने ३ सय ५३ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

सात जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय ६३ मध्ये १ सय ११ फैसला भए भने ३ सय ५२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय ५८ मध्ये १ सय ३८ फैसला भए भने ३ सय २० फैसला हुन बाँकी रहे।

बम विस्फोटनमा परी मृत्यु भएका वासुदेव श्रेष्ठ

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			४	३१	३५
बालअधिकार			१३		१३
महिलाअधिकार			५		५
जातीय विभेद			१	१	२
गिरफ्तारी/यातना	१	१			
कुटपिट				१	१
हत्या	३	३	२	१	३
जम्मा	**४**	**४**	**२४**	**३४**	**४८**

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६६ छ जसमध्ये ३२ सफल भए भने १२ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या ६७ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या आठ रहेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म २२ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ३६ मध्ये १८ सफल र पाँच असफल रहयो भने १३ फैसला हुन बाँकी रहयो। बलात्कारसम्बन्धी मुद्दा १२ मध्ये चार सफल र दुई असफल रहयो भने छ फैसला हुन बाँकी रहयो। महिला बेचबिखनसम्बन्धी मुद्दा १८ मध्ये १० सफल र पाँच असफल रहयो भने तीन फैसला हुन बाँकी रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ६६ छ जसमध्ये २० सफल भए भने ११ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या ४२ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या आठ रहेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १६ सम्म ३५ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ३६ मध्ये नौ सफल र चार असफल रहयो भने २३ फैसला हुन बाँकी रहयो। बलात्कारसम्बन्धी मुद्दा १२ मध्ये पाँच सफल र तीन असफल रहयो भने चार फैसला हुन बाँकी रहयो। महिला बेचबिखनसम्बन्धी मुद्दा १८ मध्ये छ सफल र चार असफल रहयो भने आठ फैसला हुन बाँकी रहयो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालयमा छात्र-छात्रा गरी २ लाख १० हजार प्राविदेखि माबि तहसम्म भर्ना भए। यसैगरी १ सयओटा मद्रासमा १५ हजार छात्र-छात्रा रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ८ सय ७८ र १ हजार ६८ गरी जम्मा १ हजार ९ सय ४६ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला १ सय ३४ र पुरुष ३ सय १ गरी जम्मा ५ सय १५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ४६ र पुरुष ३ सय ७२ गरी जम्मा ४ सय १ शिक्षक रहेका छन्।

बालविकास केन्द्र ६ सय ७६ ओटामा बालक २० हजार ३ सय ८० र बालिका १७ हजार ३ सय १३ गरी जम्मा ३७ हजार ६ सय ९३ रहेका छन् जसमध्ये दलित बालक २ हजार ७ सय ४० र बालिका २ हजार ५ सय ९३ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बोगडी गाविस-८ भगैयाका १० वर्षीय फहद खाँन खुसमानीलाई पैसा चोरेको आरोपमा इलाका प्रहरी कार्यालय मझगावाका सई ३५ वर्षीय विक्रम सहानी र प्रहरी जवान २९ वर्षीय महेन्द्र यादवले ०६७ चैत १९ गते दिउँसो प्रहरी कार्यालयमै ल्याएर यातना दिए। पैसा चोरेको कबुल गराउन प्रहरीले खुसमानीलाई खुट्टामा बाँधेर उल्टो झुण्ड्याई कुटेर यातना दिएको पीडितका बाबु फाहरम अहमद मुसलमानले बताए। भैरहवास्थित मुनलाईट बोर्डिङ स्कुलमा कक्षा ३ मा अध्ययनरत खुसमानीले सहपाठी महावीर बाँनियालाई सापटीस्वरुप दिएको ८ हजार रुपैयाँ फिर्ता दिलाइदिन भन्दै प्रहरीमा ०६७ चैत २० गते निवेदन दिएका थिए। प्रहरीले उल्टो खुसमानीलाई नै गिरफ्तार गरी यातना दिएको पीडितका बाबु मुसलमानले बताए। उनले ०६७ चैत २३ गते जिल्ला प्रशासन कार्यालय र बालकल्याण समितिमा उजुरी दिए। दलीय संयन्त्र र स्थानीय अगुवाहरूको संयुक्त पहलमा आगामी दिनमा गल्ती नदोहोऱ्याउने प्रहरीले प्रतिबद्धता व्यक्त गरेपछि दुवै पक्षबीच चैत २५ गते मेलमिलाप भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बुटवल नपा-१३ बुद्धनगरकी १० वर्षीया एक बालिकालाई सोही ठाउँका १४ वर्षीय बालकले ०६८ जेठ २० गते तिनाउ नदी किनारमा बलात्कार गरेको

भन्दै पीडितका परिवारले इलाका प्रहरी कार्यालयमा सोही दिन उजुरी गरे। प्रहरीले सोही दिन बालकलाई नियन्त्रणमा लियो। चौधरीलाई नाबालक ठहरिएकाले बालसुधार गृहमा पठाउन जिल्ला अदालतले ०६८ जेठ ३० गते आदेश दिएकोमा ०६८ मङ्सिर ५ गते फैसला भई दुई वर्ष कैद सजाय तोकिएको छ। उनी यो वर्षको अन्त्यसम्म बालसुधार गृह भक्तपुरमा छन्।

देवदह गाविस-८, भलुहीकी १५ वर्षीया बालिकालाई ०६७ फागुन २० गते सोही ठाउँका ५७ वर्षीय इन्द्रबहादुर परियारले बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०६७ फागुन २१ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। परियारलाई प्रहरीले ०६७ फागुन २१ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशअनुसार आरोपित ०६७ चैत १५ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

बुटवल नपा-१४ नयाँगाँउकी १० वर्षीया बालिकालाई ०६७ चैत २१ गते कास्की जिल्ला लेखनाथ नपा-९ निवासी बुटवल नपा नयाँगाउँमा डेरा गरी बस्ने ५० वर्षीय होमनाथ सुवेदीले घरनजिकै खेतमा बलात्कार गरेको आरोपमा प्रहरीले गिरफ्तार गर्‌यो। बालिका परिवारले ईलाका प्रहरी कार्यालय बुटवलमा ०६७ चैत २२ गते उजुरी दिएपछि प्रहरीले सुवेदीलाई सोही दिन गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशअनुसार ०६८ वैशाख १९ गतेदेखि आरोपित पुर्पक्षका लागि थुनामा छन्।

मधवलिया गाविस-८ पत्थरडाँडाकी १५ वर्षीया एक बालिकालाई ०६७ चैत १० गते सोही ठाउँका २९ वर्षीय रामचन्द्र थारूले सडक छेउको झाडीमा बलात्कार प्रयास गरेको भन्दै बालिकाका परिवारले ०६७ चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको चैत ११ गते लुम्बिनी अञ्चल

बम विस्फोटनमा परी क्षतिग्रस्त भएको यात्रुबाहक बस

अस्पतालमा स्वास्थ्यपरीक्षण गरिएको थियो। प्रहरीले थारूलाई सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा थारु ०६८ वैशाख १३ गते २७ हजार रुपैयाँ धरौटी बुझाइ रिहा भए।

सालझण्डी गाविस-५ मसुरियाकी १२ वर्षीया एक बालिकालाई ०६८ वैशाख ३० गते सोही ठाउँका २० वर्षीय राजेन्द्र थापाले बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०६८ वैशाख ३१ गते इलाका प्रहरी कार्यालय सालझण्डीमा उजुरी दिए। बालिकाको वैशाख ३१ गते लुम्बिनी अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। थापालाई प्रहरीले सोही दिन नियन्त्रणमा लिएकोमा जिल्ला अदालतको आदेशअनुसार आरोपित ०६८ जेठ २६ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

कम्हरिया गाविस-१ कम्हरियाकी १५ वर्षीया सुस्तमनस्थितिकी एक बालिकालाई ०६८ मङ्सिर १७ गते बलात्कार प्रयास गरेको आरोपमा सोही ठाँउका २० वर्षीय भगवानदास लोधलाई जिल्ला प्रहरी कार्यालयको टोलीले ०६८ पुस ३ गते बुटवलबाट गिरफ्तार गऱ्यो। बेलुका घरनजिकै बगैँचामा लगेर बालिकालाई बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले मङ्सिर २१ गते उजुरी दिएका थिए। यस वर्षको अन्त्यसम्म लोध अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा थुनामा छन्।

बुटवल नपा- १४ तामनगरकी ९ वर्षीया बालिकालाई ०६८ असार २९ गते सोही ठाउँका ६२ वर्षीय देवबहादुर थापाले घरनजिकै बलात्कार प्रयास गरेको भन्दै प्रहरीले ०६८ असार ३० गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित परिवारले असार २९ गते दिएको उजुरीका आधारमा इलाका प्रहरी कार्यालय बुटवलले आरोपितलाई गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशअनुसार आरोपित ०६८ साउन २२ गते पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

सक्रौनपकडी गाविस- १ की १६ वर्षीया एक बालिकालाई ०६८ साउन १६ गते सोही ठाउँका ३० वर्षीय जीतेन्द्र यादव र २२ वर्षीय कर्मचन्द्र धोबीले बालिकाको घरमै बलात्कार प्रयास गरेको आरोपमा प्रहरीले साउन १७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६८ भदौ २ गते दुवैलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

सेमलार गाविस-२ की १६ वर्षीया एक बालिकालाई ०६८ साउन १६ गते सोही ठाउँका २३ वर्षीय बजरङ्गी यादवले घरनजिकै खोल्सामा बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले सोही दिन प्रहरीमा

उजुरी दिए। इलाका प्रहरी कार्यालय बुटवलले साउन १७ गते यादवलाई गिरफ्तार गरेकोमा जिल्ला अदालतको भदौ ३ गतेकोआदेशअनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्।

शङ्करनगर गाविस-८ डिंगरनगरकी १५ वर्षीया एक बालिकालाई ०६८ असोज १० गते सोही ठाउँका ३९ वर्षीय सुरेश मल्लले बालिकाको घरनजिकै बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले असोज १२ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्।

बुटवल नपा-५ गोलपार्ककी १५ वर्षीया बालिकालाई ०६८ असोज २३ गते पाल्पा जिल्लाको छहरा गाविस-६ घर भई सोही ठाउँमा डेरा गरी बस्ने ३६ वर्षीय पदमबहादुर खत्रीले घरनजिकै बलात्कार गरेको भन्दै पीडित परिवारले असोज २६ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। प्रहरीले खत्रीलाई ०६८ असोज २७ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशअनुसार आरोपित ०६८ कात्तिक २४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

दुधराक्ष गाविस-९ की १७ वर्षीया एक बालिकालाई ०६८ कात्तिक १२ गते सोही ठाउँका ५५ वर्षीय चुडामणि पौडेल र २८ वर्षीय नामबहादुर विकले सोही बालिकाको घरनजिकै बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले सोही दिन प्रहरीमा उजुरी दिए। इलाका प्रहरी कार्यालय बुटवलले आरोपित दुवैजनालाई ०६८ कात्तिक १३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ मङ्सिर १० गतेको आदेशअनुसार आरोपितद्वय पुर्पक्षका लागि थुनामा छन्।

बुलिङटार गाविस-८ की १९ वर्षीया युवतीलाई अर्खला गाविस-९ निवासी २५ वर्षीय खिमबहादुर परियारले भारतमा राम्रो जागिर लगाइदिने प्रलोभनमा ०६८ असोज २७ गते बिक्रीका लागि भारततर्फ लैजाँदै गर्दा माइती नेपाल भैरहवाका प्रयासमा फर्काउन सफल भएको भन्दै पीडितले ०६८ असोज २८ गते इलाका प्रहरी कार्यालय गैँडाकोटमा जाहेरी दिइन्। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतले आरोपितलाई कात्तिक १४ गते पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

देउराली गाविस-४ की २२ वर्षीया झिन्की थारूलाई सोही ठाँउका ३५ वर्षीय गमबहादुर विक, बञ्जरिया गाविस-९ का ४४ वर्षीया शान्ति क्षेत्री, सोही ठाँउकी मनकुमारी क्षेत्री, अमरौट गाविस-९ की ३४ वर्षीया मनु भनिने सुमित्रा विकले वैदेशिक रोजगारीमा पठाउने बहानामा भारततर्फ लैजाँदै गर्दा रूपन्देहीको बुटवल बसपार्कबाट पीडितका आफन्त र स्थानीयको सहयोगमा ०६८ कात्तिक २१ गते उद्धार भयो। पीडितले ०६८ मङ्सिर १ गते इलाका प्रहरी कार्यालय कावासोतीमा निवेदन दिएकोमा आरोपितमध्ये गमबहादुर र सुमित्रा मङ्सिर २ गते गिरफ्तार परे। जिल्ला अदालतले ०६८ मङ्सिर २४ गते दुवैलाई पुर्पक्षका लागि थुनामा पठायो भने अन्य दुईजना यस वर्षको अन्त्यसम्म फरार छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मधवलिया गाविस-३ पत्थरडाँडाकी १९ वर्षीया महिलालाई ०६७ पुस २६ गते बलात्कार गरेको आरोपमा देवदह गाविस-८ भलुहीका २१ वर्षीय सुशील परियार, सेमलार गाविस-३ का २२ वर्षीय पुरन थापा र ओखलढुङ्गा जिल्लाको सिस्नेरी गाविस-८ का २३ वर्षीय रामलाल राईलाई इलाका प्रहरी कार्यालय बुटवलले ०६७ माघ १ गते बुटवलबाट गिरफ्तार गऱ्यो। पीडित परिवारले पुस २७ गते गरेको उजुरीका आधारमा गिरफ्तार भएका थिए। जिल्ला अदालतले परियार र थापा पुर्पक्षका लागि ०६७ माघ २० गते जिल्ला कारागार पठायो भने रामलाल राईलाई निर्दोष ठहर गर्दै सोही दिन रिहा गर्न आदेश दियो।

बुटवल नपा-९ की १९ वर्षीया एक महिलालाई ०६८ भदौ ३ गते सोही ठाउँस्थित दीपनगरमा डेरा गरी बस्ने भारतीय नागरिक ३० वर्षीय मोहम्मद आलमले घरमै बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले भदौ ४ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ असोज ४ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा छन्।

दुधराक्ष गाविस-२ का ३० वर्षीया एक महिलालाई ०६८ भदौ ३ गते दुधराक्ष गाविस-१ पटनाका २० वर्षीय टिकाबहादुर श्रीस, सोही ठाउँका १८ वर्षीय किरण श्रीस र १९ वर्षीय कृष्ण परियारले बलात्कार प्रयास गरेको भन्दै इलाका प्रहरी कार्यालय बुटवलले भदौ ४ गते गिरफ्तार गऱ्यो। पीडितले प्रहरी कार्यालयमा भदौ ४ गते उजुरी दिएकी थिइन्। जिल्ला अदालतको ०६८ भदौ २८ गतेको आदेशअनुसार आरोपित तीनैजना पुर्पक्षका लागि थुनामा छन्।

सबै प्रकारका जातीय विभेद

रूद्रपुर गाविस-९ का २५ वर्षीय सन्तोष सुनार र सूर्यपुरा गाविस-२ की २१ वर्षीया पुष्पा शेरचनलाई ०६७ चैत १२ गते अन्तरजातीय विवाह गरेको भन्दै शेरचनका माइती पक्षले मार्ने धम्की दिए। पीडितहरूले जीवनरक्षाका लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, माईती नेपाल, दलित मुक्ति मोर्चालगायतका सङ्घसंस्थामा ०६७ चैत १७ गते निवेदन दिए। उनीहरूले ०६७ चैत ९ गते प्रेम विवाह गरेका थिए। दलित अगुवा तथा सुरक्षाकर्मीको संयुक्त पहलमा शेरचनका परिवारले आगामी दिनमा गल्ती नदोहोऱ्याउने सर्तमा चैत १५ गते मिलापत्र भयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	३		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	५८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	२	४
स्टाफ नर्स	१२	९	३
ल्याब असिस्टेन्ट	६	६	
अहेब	८३	८३	
अनमी			
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१८	१६	२
स्वास्थ्य कार्यकर्ता	१२७	११७	१०

३.९ पाल्पा



जनसङ्ख्या : २,६९,३७२
पुरूष : १,१९,१६७
महिला : १,५०,२०५
साक्षरता प्रतिशत : ७४
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : १,३७३
गाविस/नपा सङ्ख्या : ६२/१
सरकारी/निजी विद्यालय : ४८४/२५
क्याम्पस/उच्च मा.वि. : ५/४४
मानव विकास सूचकाङ्कः ०.४८६
प्रतिपरिवार सरदर सङ्ख्याः ४.२८

जेल र बन्दीहरू

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय ७५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय ७० र कैद नतोकिएका ५८ कैदी र थुनुवा गरी जम्मा ३ सय २८ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष २ सय ७० जना र महिला ५८ जना रहेका छन्। साथै, आश्रित बालक चार जना र बालिका चार जना गरी जम्मा आठ जना रहेका छन्। कारागारमा खानेपानीको निकै अभाव रहेको कारण १५ दिनमा मात्र आफ्नो नुहाउने पालो आउने बन्दीहरूले बताए। जेलको अवस्था ज्यादै जीर्ण रहेकाले बस्न डरलाग्दो रहेको र कोठामाथिका दलिनमा टेका दिएर काम चलाइएको छ। सवारी साधनको अभावले बिरामी बन्दीको उपचारका लागि अस्पताल लान ल्याउन कठिनाइ रहेको, सरकारी अस्पतालबाहेक अन्य ठाउँमा उपचार गर्न जाँदा आवतजावत भाडा आफैले नै बुझाउने र उपचार खर्च पनि बुझाउनुपर्ने अवस्था रहेको कुरा बन्दीहरूले बताए। यस कारागारमा यस वर्ष एक जनाको मृत्यु भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ४९ मध्ये १ सय ७ फैसला भए भने ४२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ११ मध्ये ७५ फैसला भए भने ३६ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ७४ मध्ये ११ फैसला भए भने ६३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५७ मध्ये १३ फैसला भए भने ४४ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा एक रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ३७ छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ४८ फैसला हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा नौमध्ये चार सफल र एक असफल रह्यो भने चार फैसला हुन बाँकी रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दा सङ्ख्या तीन छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दा सङ्ख्या तीन ०६८ पुस १६ सम्म फैसला हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७३ हजार ५ सय ३५ मध्ये छात्र ३६ हजार १ सय १६ र छात्रा ३७ हजार ४ सय १९ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ हजार ४८ र छात्र ५ हजार ६ सय ५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ४ सय १७ र पुरुष १ हजार १ सय ७९ गरी जम्मा १ हजार ५ सय ९६ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला ३१ र पुरुष २ सय ९१ गरी जम्मा ३ सय २२ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १२ र पुरुष २ सय ३४ गरी जम्मा २ सय ४६ शिक्षक रहेका छन्। जसमध्ये दलित महिला १८ र पुरुष १ सय ६४ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक १६ हजार २ सय ६३ र बालिका १७ हजार ८० गरी जम्मा ३३ हजार ३ सय ४३ रहेका छन् जसमध्ये दलित बालक १ हजार २ सय ४५ र बालिका १ हजार २ सय ३५ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

तानसेन नपा-४ का १६ वर्षीय किशोर न्यौपाने ०६८ साउन २१ गतेदेखि पारिवारिक सम्पर्कमा नआएपछि अपहरण भएको भन्दै उनका परिवारले साउन २९ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। अज्ञात व्यक्तिले किशोरकै मोबाइलबाट १ करोड रुपियाँ फिरौती रकम माग गर्दै १५ लाख रुपियाँ लिएर साउन २८ गते बालक फिर्ता गर्ने बताए पनि साउन २६ गतेदेखि फोन सम्पर्क नभएको परिवारजनले जनाए। साउन २९ गते परिवारले जिल्ला प्रशासन कार्यालय परिसरमा पत्रकार सम्मेलन गरी घटना सार्वजनिक गरेको थियो। प्रहरीले न्यौपानेको अपहरण नभई आफैंनै बेपत्ता भएको बतायो। हालसम्म पनि उनको अवस्था अज्ञात छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

हुँगी गाविस-४ की १२ वर्षीया बालिकालाई सोही ठाउँका २६ वर्षीय शोभाकर पाठकले ललाई-फकाई ०६७ चैत १९ गते यौनदुर्व्यवहार गरेको आरोपमा पीडित परिवारले आरोपित विरुद्ध जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी गऱ्यो। आरोपितलाई ०६७ चैत २० गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले ०६७ चैत ३० गते पुर्पक्षका लागि थुनामा पठायो। स्वास्थ्य परीक्षण प्रतिवेदन प्राप्त नभएको भनी फैसला हुन बाँकी छ।

चिर्तुङ्गधारा गाविस-५ की १४ वर्षीया बालिकालाई सोही ठाउँका ५६ वर्षीय डिलबहादुर दिसामगरले ०६८ असार २७ गते बलात्कार गरेको

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			३		३
अपहरण				१	१
महिलाअधिकार			१५		१५
गिरफ्तारी/यातना	१	१			
कुटपिट				१	१
जम्मा	**१**	**१**	**१८**	**३**	**१९**

भन्दै पीडित पक्षले ०६८ असार २८ गते इलाका प्रहरी कार्यालय आर्यभञ्याङमा उजुरी दियो। उजुरीका आधारमा प्रहरीले ०६८ असार २९ गते आरोपितलाई गिरफ्तार गरेकोमा जिल्ला अदालतले ०६८ साउन २ गते पुपर्क्षका लागि थुनामा राख्न आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

दोभान गाविस-७ का ६० वर्षीय एक महिलालाई सोही ठाउँका ३४ वर्षीय धनबहादुर खड्काले ०६८ असोज २५ गते बलात्कार प्रयास गरेको आरोपमा पीडितले ०६८ असोज २७ गते दोभान प्रहरी चौकीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशअनुसार आरोपित ०६८ कात्तिक २० गते पुर्पक्षका लागि थुनामा रहेका छन्।।

घरेलु हिंसा

गेभ्रा गाविस-८ की २८ वर्षीय पेमा कुमाललाई ०६८ साउन १८ गते ससुरा ७८ वर्षीय हरिराम कुमालले मादकपदार्थ सेवन गरी कुटपिट गरेको भन्दै पेमाले सोही दिन हुँगी प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले ससुरा बुहारी दुवैलाई ०६८ साउन १८ गते छलफल गराई आपसमा मेलमिलाप गरायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

नेपाली काङ्ग्रेस चितवनका कार्यकर्ता शिव पौडेलको हत्याको विरोधमा नेपाली काङ्ग्रेसले ०६८ पुस ४ गते आयोजना गरेको नेपाल बन्दको क्रममा काङ्ग्रेसका कार्यकर्ताले जिल्ला शिक्षा कार्यालयमा ढुङ्गा प्रहार गरी क्षति पुऱ्याए। ढुङ्गा प्रहारबाट कार्यालयका झ्यालका सीसाहरू फुटेका थिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	३		
स्वास्थ्यचौकी	५३		
उपस्वास्थ्यचौकी	९		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	४	२
स्टाफ नर्स	७	७	
ल्याब असिस्टेन्ट	६	५	१
अहेब	७०	६९	१
अनमी	२२	२१	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	१५	१
स्वास्थ्य कार्यकर्ता	१०६	७३	३३

विगतको अनुगमन

चित्तुङ्गधारा गाविस-७ की १२ वर्षीया बालिकालाई ०६७ पुस १३ गते सोही ठाउँका २२ वर्षीय यमबहादुर कुँवरले विवाह गर्ने प्रलोभन देखाई घरबाट भगाए। पीडितका परिवारले पुस १४ गते बालिकालाई दुर्व्यवहार गरेको भन्दै प्रहरीमा उजुरी गरेकोमा आरोपित कुमाललाई घरैबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्थानीय औषधी पसलमा स्वास्थ्य परीक्षण गराउँदा यौनदुर्व्यवहार भएको पुष्टि भएपछि आरोपित विरुद्ध ०६७ माघ ६ गते प्रहरीले मुद्दा दायर गऱ्यो। आरोपितलाई ०६८ वैशाख १३ गतेदेखि अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा राखिएकोमा ०६८ जेठ २२ गते दुर्व्यवहार नभएको भनी फैसला गऱ्यो। पीडित पक्षले ०६८ मङ्सिर ९ गते पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गरेका छन्। मुद्दा फैसला भएको छैन।

३.१० कपिलवस्तु



जनसङ्ख्या : ५,७०,६१२
पुरूष : २,८४,८१३
महिला : २,८५,७९९
साक्षरता प्रतिशत : ५२
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,७३८
गाविस/नपा सङ्ख्या : ७७/१
सरकारी/निजी विद्यालय : ५०४/३१
क्याम्पस/उच्च मा.वि. : २/३१
मानव विकास सूचकाङ्कः ०.४३७
प्रतिपरिवार सरदर सङ्ख्याः ६.०३

नागरिकतथा राजनीतिकअधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञात समूहबाट

वीरपुर गाविस-५ का ५५ वर्षीय धर्मप्रसाद चौधरीलाई सात/आठ जनाको सङ्ख्यामा गएको अज्ञात समूहले ०६७ चैत ११ गते राति ११.४५ बजे गोली प्रहार गरी घाइते बनाएकोमा उपचारको क्रममा भैरहवा मेडिकल कलेजमा सोही राति उनको मृत्यु भयो। मदिराको पसल गर्दै आएका चौधरी राति घरमा सुतिरहेको अवस्थामा अज्ञात समूहले घरभित्र पसेर पिठ्यूँमा र टाउकोमा गोली प्रहार गरेको थियो। घटनाको जिम्मा हालसम्म कसैले लिएको छैन भने वर्षको अन्त्यसम्म घटनाका दोषी गिरफ्तार भएका छैनन्।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ८० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ८९ र कैद नतोकिएका १ सय २६ कैदी र थुनुवा गरी जम्मा २ सय १५ जना पुरुष बन्दीहरू रहेका छन्।

यस कारागारमा महिला बन्दीहरू अन्य जिल्लामा पठाइएकोले महिला तथा बालबालिका बन्दी छैनन्। क्षमताभन्दा बढी बन्दीहरू रहेको कारण बस्न असुविधा भएको छ। छ ओटा कोठा रहेको र एउटा कोठामा १२/१५ जनाको क्षमता भएकोमा हाल ४० देखि ५० जनासम्म राख्नु परेको र त्यहाँ पनि नअटाएपछि खाद्यान्न राख्ने गोदाममा समेत राख्नु परेको जेलर विष्णुप्रसाद भट्टराईले बताए। जेलको भवन जीर्ण भएर भत्किने अवस्थामा रहेको छ। चार वर्ष अघिदेखि महिला र राजनीतिक बन्दी राख्ने भवन निर्माण शुरु भएको छ। बन्दीहरू धेरै भएपछि पालो गरेर सुत्ने गरेको, खानेपानी र शौचालयलगायतको समस्या बढेको जेलर भट्टराईको भनाइ छ।

धम्की/कुटपिट
स्थानीय बासिन्दाबाट

हथौसा गाविस-६ भडसरवा निवासी एकीकृत माओवादी राज्य समितिका सदस्य ४२ वर्षीय महेन्द्र अर्याललाई बाटो मिचेको आरोपमा ०६८ मङ्सिर १७ गते विहान ८.३० बजे सोही गाविस-६ का ३० वर्षीय भुमिश्वर शर्मा लामिछानेको नेतृत्वमा गएको चार/पाँच सय जना स्थानीयले कुटपिट गर्नुको साथै मोसो दलेर अपमानजनक व्यवहार गरे। ओदारीदेखि भड्सडवा जाने बाटोमा अर्यालको तीन कठ्ठा जग्गा रहेको र सो नम्बरी जग्गाबाट विगत वर्षदेखि बाटो बनेकोमा उनले करिब १०/१५ मिटर बाटो खाली ठाउँतर्फ डोजर लगाएर सारेपछि स्थानीयले मङ्सिर १६ गते विरोध गरी रोकेका थिए। स्थानीयले रोकेको स्थानमा पुनः सोही राति अर्को डोजर मगाएर बाटो सारेपछि मङ्सिर १७ गते विहान ८.३० बजे आक्रोशित गाउँलेहरूले अर्यालमाथि सोही स्थानमै आक्रमण गरेका थिए। आक्रमणको क्रममा टाउकोमा चोट लागेको र लछारपछार गरी बेहोस अवस्थामा मोसो दलेर अपमानजनक व्यवहार गरेको पीडित परिवारले बताए। बेहोस अवस्थाका अर्याललाई बचाउन, पानी खुवाउन तथा उपचार गराउन लैजानसमेत अवरोध गरेको परिवारले बताए। माओवादीका सहइन्चार्ज रामलोटन तिवारीले विज्ञप्ति जारी गरी विरोध प्रकट गरेको थिए। घटनाको जानकारी पाए लगतै इलाका प्रहरी कार्यालय भड्सड्वाबाट गएको प्रहरीले उनको उद्दार गरेका थिए। घाइते अर्याललाई सोही दिन अञ्चल अस्पताल

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		३	३
बालअधिकार	१		१
अमानवीय व्यवहार		१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार		६	६
अपहरण	१	१	२
महिलाअधिकार	१		१
कुटपिट		७	७
धम्की		१	१
हत्या	२	२	४
जम्मा	**५**	**२१**	**२६**

बुटवलमा उपचार गरिएको थियो। स्थानीयका विरुद्ध जिल्ला प्रहरी कार्यालयमा ज्यानमार्ने उद्योग गरेको उजुरी दिए भने स्थानीयले पुनः बाटो मिचेको भन्दै अर्यालका विरुद्ध जिल्ला प्रशासन कार्यालयमा मङ्सिर १८ गते सार्वजनिक अपराधको उजुरी दिए।

अज्ञात समूहबाट

भलवाड गाविस-४ जिनुवा निवासी रेडियो बुद्धआवाजका सम्वाददाता बाबुराम रायमाझीलाई कामबाट घरतर्फ फर्कंदै गर्दा ०६७ माघ १८ गते चार/पाँच जनाको अज्ञात समूहले कुटपिट गऱ्यो। सञ्चारकर्मीमाथि भएको कुटपिटप्रति नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, प्रेस चौतारी नेपाललगायतका सङ्घसंस्थाले ०६८ माघ १९ गते विज्ञप्ति प्रकाशन गरी घटनामा संलग्नलाई कारबाहीको माग गऱ्यो। घटनामा संलग्नलाई वर्षको अन्तसम्म प्रहरीले गिरफ्तार गरेको छैन।

अन्यबाट

रङ्गपुर गाविस-३ स्थित प्रहरी चौकी रङ्गपुरका इन्चार्ज प्रहरी सइ ललितबहादुर गोदारसहित चौकीमा कार्यरत् प्रहरीलाई ०६८ असोज २९ गते रङ्गपुर गाविस-३ का २६ वर्षीय जाबेद खाँले आफ्नो कारोबारमा अवरोध पुऱ्याएको भन्दै ज्यान मार्ने धम्की दिए। जाबेद खाँले प्रहरी चौकी रङ्गपुरमा गई यो हाम्रो एरिया हो प्रहरीले हाम्रो काममा कुनै बाधा पुऱ्याउन पाउँदैन, कारोबारमा अवरोध पुऱ्याएमा ज्यान लिने र चौकीसमेत उडाई दिन्छु भनी धम्की दिएको प्रहरी सहायक निरीक्षक ललितबहादुर गोदारले बताए। पीडकलाई सोही दिन गिरफ्तार गरी ०६८ असोज ३० गते नै जिल्ला प्रशासन कार्यालयबाट सार्वजनिक अपराध मुद्दामा म्याद थप गरी हिरासतमा राखी अनुसन्धान गरिएकोमा प्रमुख जिल्ला अधिकारी डा. कमलेश्वरकुमार सिन्हाको आदेशमा ०६८ कात्तिक १८ गते ५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा गरे। खाँले सीमा क्षेत्रमा विभिन्न सशस्त्र समूहको नाममा चन्दा लिने, तस्करी गर्ने गरेको प्रहरीको आरोप छ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

हथिहवा गाविस-३ दोहनीस्थित ३५ वर्षीय राधेश्याम यादव, रामकिशोर यादव, रामसेवक यादव, हरिहर यादव,घरभरण यादवलगायतका व्यक्तिहरू ०६८ कात्तिक ८ गते सत्यकुमारी शेरचन निमाविको विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा अविभावकबीच झडप हुँदा गम्भीर घाइते भए। सो झडपमा राधेश्याम यादवको टाउकोमा गम्भीर चोट लागेकोले सोही दिन जिल्ला अस्पताल तौलिहवामा उपचार भयो। अन्य घाइतेहरूको स्थानीय मेडिकलमा उपचार भएको थियो। विद्यालय व्यवस्थापन समितिमा सो विद्यालयका प्रअ राईटरप्रसाद यादवले वास्तविक अविभावकलाई निर्वाचनमा जानकारी नगरी अधिकांश आफ्नो पक्षका गैरअविभावकहरूलाई एकपक्षीय रूपमा निर्वाचनमा आमन्त्रण गरेको भन्दै अन्य अविभावकले विरोध गरेपछि प्रअ राईटरप्रसाद यादवलगायत उनका आफन्तहरू नारायण यादव, पशुपति यादव, छोटु यादव, राजेश यादव, विनोद यादवलगायतको समूहले शिक्षक घरभरण यादवलगायतका अविभावकमाथि आक्रमण गरेका थिए। आफ्ना बाबुमाथि आक्रमण भएपछि बचाउन गएका राधेश्याम यादवलगायतका व्यक्तिलाई इँटा, लाठा, दाउरालगायतले हानी घाइते तुल्याएको पीडित राधेश्याम यादवले मानवअधिकारकर्मीहरूलाई बताए। प्रअ राईटर यादवले भने निवार्चनमा नाम नभएका व्यक्तिहरू निवार्चनस्थलमा पसेपछि दुवै पक्षबीच झडप भएको र दुवै पक्षका व्यक्ति घाइते भएको बताए। घटनास्थलमा प्रहरी रहेको भए पनि छुट्याउने प्रयास नगरेको पीडित पक्षको आरोप लगाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ५ सय ३४ मध्ये ३ सय ३१ फैसला भए भने २ सय ३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार २ सय १३ मध्ये ६ सय ७७ फैसला भए भने ५ सय ३६ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा पाँच बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ३ सय ५९ मध्ये ७० फैसला भए भने २ सय ८९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८ सय २४ मध्ये १ सय ३६ फैसला भए भने ६ सय ८८ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा सात र देवानी मुद्दा १७ बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३ सय ७६ छ जसमध्ये १ सय ७२ सफल भए भने ४० असफल भएको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या १८ रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १ सय ६४ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यान मुद्दा ३५ मध्ये १२ सफल र छ असफल रह्यो भने १७ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा आठमध्ये छ सफल रह्यो भने दुई फैसला हुन बाँकी रह्यो। बलात्कार उद्योगसम्बन्धी मुद्दा दुईमध्ये दुई सफल रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा आठमध्ये तीन सफल र एक असफल रह्यो भने चार फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा दुईमा फैसला हुन बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा छमध्ये तीन असफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ३ सय २९ छ जसमध्ये २५ सफल र दुई असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या ३४ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या १४ रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १६ सम्म ३ सय २ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २४ मा फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा चारमा फैसला हुन बाँकी रह्यो। बलात्कार उद्योगसम्बन्धी मुद्दा दुईमा फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा छमा फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा तीनमा फैसला हुन बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा तीनमा फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ५१ हजार २ सय ७७ मध्ये छात्र ७८ हजार ६ सय २२ र छात्रा ७२ हजार ६ सय ५५ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १४ हजार ५ सय ३० र छात्र १३ हजार ४ सय १८ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला २ सय १३ र पुरुष ७ सय ८३ गरी जम्मा ९ सय ९६ शिक्षक कार्यरत रहेका छन्। निमाविं तहमा तहमा महिला १८ र पुरुष १ सय ४३ गरी जम्मा १ सय ६१ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माविं तहमा महिला ८ र पुरुष १ सय ३१ गरी जम्मा १ सय ३९ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ९ हजार ४ सय १२ र बालिका ८ हजार २ सय ३३ गरी जम्मा १७ हजार ६ सय ४५ रहेका छन् जसमध्ये दलित बालक १ हजार ७ सय २५ र बालिका १ हजार ६ सय २२ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

शिवपुर गाविस-१ निवासी नेपाल आदर्श उच्च माविं शिवपुरमा कक्षा ८ मा अध्ययनरत् १५ वर्षीय राजु केसी ०६७ माघ ७ गते विद्यालयबाटै अपहरणमा परेकोमा ०६७ माघ १७ गते घरनजिकैबाट मुक्त भए। घरबाट विद्यालय गएका बालक साझँसम्म घर नफर्किएपछि परिवारले अपहरणमा परेको आशङ्कामा प्रहरी प्रशासन, सञ्चारकर्मी, अधिकारकर्मीसमक्ष खोजी गरिदिन आग्रह गरेका थिए। बालक अपहरण मुक्त भए पनि घटनाको कारण भने खुल्न सकेन।

दोहनी गाविस-४ निवासी तौलिहवास्थित तौलेश्वरनाथ संस्कृत माविमा कक्षा ८मा अध्यनरत् १३ वर्षीया सीमा गुप्तालाई ०६८ साउन १४ गते बिहान ट्युसन पढी घर फर्कने क्रममा दोहनी चोकबाट अज्ञात समूहले अपहरण गरेकोमा ०६८ साउन १५ गते साँझ बुड्ढी गाविसको जङ्गलबाट भाग्न सफल भइन्।

पीडितका परिवारले साउन १४ गते खोजतलासका लागि प्रहरीमा जानकारी गराएका थिए। अज्ञात समूहले बालिकाको अपहरणपछि सीमा क्षेत्रबाट बाबुलाई मोबाईलमा फोन गरी फिरौती रकम माग गरेका थिए।

बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

वाणगङ्गा गाविस-४ निवासी वाणगङ्गा-४ कप्टैया प्राविको कक्षा ४ मा अध्ययनरत् १० वर्षीया एक बालिकालाई ०६८ कात्तिक २० गते दिउँसो बाखा चराउन गएको अवस्थामा जङ्गलमा लगी बलात्कार गरेको आरोपमा वाणगङ्गा गाविस-४ का २५ वर्षीय बाढे थारू विरुद्ध बालिकाकी आमाले सोही दिन इलाका प्रहरी कार्यालय गोरुसिङ्गेमा किटानी जाहेरी दिएकी थिइन्। आरोपितलाई ०६८ मङ्सिर १२ गते नमूना जिल्ला अदालत कपिलवस्तुका जिल्ला न्यायधीश रामकृष्ण खनालको एकल इजलासले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

चनई गाविस-९ मदवाकी ४५ वर्षीया वसन्ता पोखरेललाई कथित बोक्सीको आरोपमा ०६८ साउन २ गते राति घरमा सुतेको बेला चनई गाविस-९ का छिमेकी सुनिल क्षेत्री र गिद्दु क्षेत्री घरमा आई केही आवश्यक काम छ भनी आफ्नो घरमा लगेर उनीहरू र उनका परिवारले २०/२५ जना गाउँलेको अगाडि कुटपिट गरे। पीडितलाई दुई घण्टासम्म कपाल लुछ्ने, चप्पल, जुत्ताले हानी गम्भीर घाइते बनाई गाउँलेले सामाजिक बहिष्कार गर्ने घोषणासमेत गरेका थिए। उक्त घटनाबारे चनई गाविसको पारालिगल कमिटीले थाहापाई घटनाको अनुगमन गरेको थियो। अनुगमनको क्रममा पीडित महिलालाई समाजले पुनः घटना बाहिर लगे गाउँबाटै निकाल्ने धम्कीपछि गाउँमै मिलापत्र गर्न बाध्य पारिएको पायो। फौजदारी अपराधलाई मिलापत्र गराउन नमिल्ने भनी पारालिगल कमिटीले प्रहरीमा ०६८ साउन ३ गते उजुरी गरेको थियो। इलाका प्रहरी कार्यालय चन्द्रौटाले साउन ५ गते दुवै पक्षलाई बोलाई घाइतेलाई उपचार गराउने र घटना अगाडि नबढाउने गरी मिलापत्र गराए। मिलापत्र गरेपछि पीडितको उपचारमा लागेको खर्च पनि नदिएको र उनलाई अहिले पनि स्थानीयले तिरस्कार गरेका कारण कष्टपूर्ण जीवन बिताउन बाध्य पारिएको चनई पारालिगल कमिटीकी श्वेता गिरीले बताइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

अज्ञात समूहबाट

वीरपुर गाविस-४ स्थित गणपति रोलिङ्ग एण्ड टरपनटाइन उद्योगमा अज्ञात समूहले ०६८ असार ५ गते राति ११ बजे सकेट बम विस्फोट गराई झ्यालका शीशा, ढोकालगायत घरको कोठा चर्किएका थिए। सो उद्योगका सबै कर्मचारी सुतिसकेको अवस्थामा भान्सा कोठामा सकेट बम विस्फोटन गराएको थियो। विस्फोटनबाट कुनै मानवीय क्षति भने भएन। घटनाको जिम्मा कसैले लिएन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	४		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	५७		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	८	५	३
स्टाफ नर्स	१२	८	४
ल्याब असिस्टेन्ट	७	७	
अहेब	१६३	१५२	११
अनमी	९४	९०	४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	१३	१०
स्वास्थ्य कार्यकर्ता	१५०		

३.११ अर्घाखाँची



जनसङ्ख्या : २,००,४४६
पुरूष : ८८,३०९
महिला : १,१२,१३७
साक्षरता प्रतिशत : ६४
महिला साक्षरता प्रतिशत : ५४
क्षेत्रफल (वर्ग कि. मि.) : १,१९३
गाविस/नपा सङ्ख्या : ४२/०
सरकारी/निजी विद्यालय : ४१४/१५
क्याम्पस/उच्च मा.वि. : २/२४
मानव विकास सूचकाङ्कः ०.४७१
प्रतिपरिवार सरदर सङ्ख्याः ४.१५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

धम्की/कुटपिट

नेकपा (एमाले) बाट

वाँगी गाविस-३ निवासी एनेकपा माओवादीका कार्यकर्ताहरू १९ वर्षीय लक्ष्मण पाण्डे, २३ वर्षीय चन्द्रबहादुर पाण्डे र २१ वर्षीय गुप्तबहादुर खड्कालाई ०६७ माघ १ गते सोही गाविसका एमालेका कार्यकर्ता विशाल कार्कीको नेतृत्वमा रहेको १४/१५ जनाको समूहले राजनीतिक प्रतिशोधका कारण अर्घा गाविस-३ स्थित अर्घाटारीमा कुटपिट गऱ्यो। उनीहरूलाई यसअघि फोन गरी धम्की दिएको र उक्त दिन माघे सङ्क्रान्तिको मेला हेरी फर्कने क्रममा कुटपिट गरिएको थियो। घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भयो भने कुटपिटमा संलग्नलाई कुनै कारवाही भएन्। पीडित पक्षलाई औषधी उपचार खर्च १९ हजार ७ सय रुपियाँ उपलब्ध गराउने शर्तमा ०६७ माघ ३ गते स्थानीयस्तरमा मेलमिलाप भयो।

एकीकृत माओवादीबाट

अर्घा गाविस-८ हिले निवासी राष्ट्रिय जनमोर्चाका कार्यकर्ता ५४ वर्षीय रोमलाल पौडेलको एमाओवादी कार्यकर्ताले ०६८ कात्तिक ११ गते घरमा आक्रमण गरे। घटनापछि भएको झडपमा एनेकपा माओवादी कार्यकर्ता २६ वर्षीय जीवलाल भुसाल घाइते भए। सोही घटनालाई लिएर राजमो र एमाओवादी कार्यकर्ताबीच ०६८ कात्तिक १२ गते झडप हुँदा दुवै पक्षका चार जना घाइते भए। स्थानीय स्तरमा देउसी भैलो खेलिरहेको अवस्थामा एक आपसमा सामान्य भनाभन र विवाद भएपछि झडप भएको थियो। झडपमा राजमोका कार्यकर्ता ५४ वर्षीय रोमलाल पौडेल, २४ वर्षीय सोनु पौडेल र १८ वर्षीय पुनाराम पौडेल घाइते भए। स्थानीय शान्ति समितिका संयोजक विष्णु मुस्कानको पहलमा दुवै पक्षका कार्यकर्ताबीचमा ०६८ कात्तिक १७ गते राजमोका कार्यकर्तालाई एमाओवादीका कार्यकर्ताले १५ हजार रुपियाँ र औषधी उपचार खर्च उपलब्ध गराउने, दुवै पक्षका कार्यकर्ता घटनास्थलमा गई शान्ति र मेलमिलापको सन्देश प्रवाह गर्ने र दुवै पक्षका कार्यकर्ताले जिल्ला प्रहरी कार्यालयमा दिएको निवेदन फिर्ता गर्ने र आगामी दिनमा घटना नदोहोऱ्याउने सर्तमा लिखित सहमति भयो।

अन्यबाट

केरुडगा गाविस-१ की ३५ वर्षीया राधा ज्ञवालीलाई अपरिचित समूहले ०६८ कात्तिक २ गते द्वन्द्वकालमा लगाएको घरको ताल्चाको साँचो नबुझे र ताला नखोले ससुरा राममणि ज्ञावलीलाई जस्तै ज्यान मार्ने धम्की दियो। कात्तिक २५ गते एकीकृत माओवादीका मगरात राज्य समिति सदस्य धर्म भुसाल र पत्रकार विकाश वञ्जाडे घरमा गई राधा ज्ञवालीलाई घरमा लगाएको साँचो बुझ्नको लागि आग्रह गरेका थिए। ज्ञवालीले नमानेपछि कात्तिक २ गते साँझ दुई जना अपरिचित व्यक्तिले साँचो बुझेर ढोका नखोले आफूलाई मार्ने धम्की दिएको पीडित पक्षका सुदीप ज्ञवालीले पत्रकार सम्मेलन गरेर जानकारी दिए। पीडित परिवारमाथि दिएको धम्कीप्रति विभिन्न सङ्घसस्थाले भर्त्सना गरे। माओवादीका जिल्ला सेक्रेटरी किशोरकुमार विकले शान्ति सम्झौताअनुसार जिल्लाको कुनै पनि सम्पति फिर्ता गर्न बाँकी नरहेको र जबरजस्ती धम्काउने नीति नभएको बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ३२ मध्ये २१ फैसला भए भने ११ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७४ मध्ये २८ फैसला भए भने ४६ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

दुई जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ५१ मध्ये १८ फैसला भए भने ३३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४७ मध्ये १० फैसला भए भने ३७ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २४ छ जसमध्ये नौ सफल भए भने १२ असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म तीन मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा चारमध्ये एक सफल र तीन असफल रह्यो। अपहरण तथा बन्धकसम्बन्धी मुद्दा दुईमध्ये एक सफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा चारमध्ये एक सफल र तीन असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा दुईमध्ये एक असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या २० छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दा ०६८ पुस १६ सम्म फैसला हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३	१	४
महिलाअधिकार	८		८
जातीय विभेद	१		१
कुटपिट		४	४
धम्की	१		१
हत्या	१		१
जम्मा	**१४**	**५**	**१९**

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६५ हजार २ सय ६० मध्ये छात्र ३१ हजार ६ सय ६७ र छात्रा ३३ हजार ५ सय ९३ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ४ सय ७६ र ८ सय ३९ गरी जम्मा १ हजार ३ सय १५ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला २ सय ३ र पुरुष २ सय ५८ गरी जम्मा ४ सय ६१ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १५ र पुरुष २ सय ३२ गरी जम्मा २ सय ४७ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ५ हजार २ सय ४ र बालिका ५ हजार ७ सय ७५ गरी जम्मा १० हजार ९ सय ७९ रहेका छन् जसमध्ये दलित बालक १ हजार २ सय २ र बालिका १ हजार २ सय ६७ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

रोल्पा घर भएकी १५ वर्षीया एक बालिकालाई दाङ जिल्ला लालमटिया गाविसका १९ वर्षीय मधुसुदन भुसाल, २० वर्षीय हिराबहादुर थापा र १९ वर्षीय बलबहादुर सुनारले ०६८ असार २४ गते सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले तीन जनालाई गिरफ्तार गऱ्यो। हात्तीढुङ्गास्थित प्रतिक्षालयमा बस कुरिरहेकी बालिकालाई ती युवकहरूले दुर्व्यवहार गरिरहेको स्थानीयबासीले देखेपछि ईलाका प्रहरी कार्यालय भालुवाङलाई खबर गरेका थिए। स्थानीयबासीको सूचनाका आधारमा प्रहरीले तीन जनालाई घटनास्थलबाट गिरफ्तार गरी बालिकाको उद्धार गरेको थियो। पीडित बालिकाको जिल्ला स्वास्थ्य कार्यालय सन्धिखर्कमा स्वास्थपरीक्षण भयो। पीडितका आफन्तले आरोपितलाई कारबाही हुनुपर्ने भन्दै सोही दिन ईलाका प्रहरी कार्यालय ठाँडामा उजुरी दिए। प्रहरीले जिल्ला अदालतमा ०६८ साउन ८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले तीनै जनालाई ०६७ असार २१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकोमा ०६८ मङ्सिर १८ गते आरोपितलाई १०/१० वर्ष कैद सजायँ तोकी पीडितलाई जनही २/२ लाख रुपियाँ क्षतिपूर्ति दिलाउने भनी जिल्ला अदालतका न्यायाधीश ऋषिप्रसाद शर्माको इजलासबाट मुद्दा

फैसला भयो। आरोपितहरू हाल गुल्मी कारागारमा थुनामा छन्।

हंसपुर गाविस-२ की १५ वर्षीया एक बालिकालाई ०६८ भदौ १६ गते सोही ठाउँका २६ वर्षीय टीकाबहादुर जिसी र २४ वर्षीय खडकबहादुर जिसीले सोही गाविसको इन्द्रेनेटामा साँझ पञ्चमीको मेला हेरेर घर फर्कंदै गर्दा बाटोमा लखेटी-लखेटी जबरजस्ती बलात्कार प्रयास गरेको आरोपमा दुवै जनालाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडितका आफन्तले कानुनी कारबाहीको माग गर्दै ०६८ भदौ १८ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। पीडित बालिकाको जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्यपरीक्षण भयो। जिल्ला अदालतबाट ०६८ कात्तिक ४ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

धारापानी गाविस-६ की २६ वर्षीया एक महिलालाई सोही ठाँउका २२ वर्षीय मानवहादुर विकले ०६८ वैशाख १ गते जबरजस्ती बलात्कार प्रयास गरेको आरोपमा पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा ०६८ वैशाख ११ गते उजुरी दिए। पीडित महिलाको जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्यपरीक्षण गरियो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ असार ५ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि जिल्ला कारागार गुल्मीमा थुनामा छन् भने यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

केरुङ्गा गाविस-१ की ५० वर्षीय एक महिलालाई बल्कोट गाविस-१ का २० वर्षीय गणेश दर्जीले सोही गाविसको झटारे पीपलकोबोट नजिक बाटोमा हिँडिराखेको समयमा ०६८ जेठ २२ गते साँझ जबरजस्ती बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६८ जेठ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले सोही दिन आरोपितलाई घरबाट गिरफ्तार गऱ्यो। पीडितको जेठ २४ गते जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्यपरीक्षण भयो। जिल्ला अदालतबाट ०६८ असार १३ गते दर्जीलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकोमा ०६८ कात्तिक ६ गते जिल्ला अदालतबाट जबरजस्तीकरणी ठहर गरी पीडितलाई २ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउने र आरोपितलाई १० वर्ष कैद सजायँ हुने गरी मुद्दा फैसला भयो।

अर्घा गाविस-४ की २६ वर्षीया एक महिलालाई सोही ठाउँका ३५ वर्षीय विष्णुबहादुर नेपालीले ०६८ मङ्सिर २७ गते अर्घा गाविस-४ स्थित पीडितको घरमा कोही नभएको समयमा जबरजस्ती बलात्कार प्रयास गरेको आरोपमा पीडितकी आमाले प्रहरीलाई खबर गरेकोमा प्रहरीले मङ्सिर २८ गते आरोपितलाई गिरफ्तार गऱ्यो। पीडितका आफन्तले कारबाहीको मागसहित ०६८ मङ्सिर २९ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका थिए। यस वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको छ।

बहुविवाह

जुकेना गाविस-७ का २४ वर्षीय जीतबहादुर आचार्यले ढाकावाङ गाविस-७ की माया नेपालीसँग दोस्रो विवाह गरेको भन्दै उनकी जेठी पत्नी २२ वर्षीया मञ्जु आचार्यले ०६८ मङ्सिर २६ गते पति विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उनले दोस्रो पत्नी माया नेपालीसँग ०६८ मङ्सिर १३ गते दोस्रो विवाह गरेका थिए। पतिले दोस्रो विवाह गरी भारततर्फ जाँदै गरेको खबर पाएपछि मञ्जुले प्रहरीलाई खबर गरेकोमा ०६८ मङ्सिर २२ गते दुवै जनालाई रुपन्देही जिल्लाको सुनौली नाकाबाट प्रहरीले गिरफ्तार गरेको थियो। हाल दुवैजना जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन्।

दुर्व्यवहार

हंसपुर गाविस-३ की ६९ वर्षीया खिमकुमारी राउतलाई वाँगी गाविसका ज्योतिष १९ वर्षीय गणेश पन्थीले सन्धिखर्कको बसपार्कमा झारफुक गर्दा कम पैसा राखेको र बोक्सीको आरोप लगाउँदै ०६७ चैत ५ गते लछारपछार गरी दुर्व्यवहार गरे। सन्धिखर्कको बसपार्कमा ज्योतिष काम गर्दै आएका पन्थीले 'त बोक्सनी होस्, तेरा मन्त्र कसैलाई नसारेसम्म रोग निको नहुने र रोग निको हुन धेरै पैसा र पाठो चढाउनुपर्ने' भन्दै पीडितले लगाएका गहनासमेत मागेको पीडित महिलाले बताइन्। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६७ चैत ५ गते उजुरी गरेकोमा आरोपित पन्थीले जिल्ला प्रहरी कार्यालयमा ०६७ चैत ६ गते पीडित पक्षसँग माफी मागी भेटी स्वरुप चढाएको १ हजार रुपियाँ फिर्ता गरी आगामी दिनमा यस्तो गल्ती नगर्ने र बोक्सी नभएको स्वीकार गरेपछि मिलापत्र भयो।

सबै प्रकारका जातीय विभेद

पाली गाविस-५ वरपोखराकी ३९ वर्षीय गोमा नेपालीलाई सोही ठाउँका ४५ वर्षीय मित्रलाल पौडेल र ४१ वर्षीय शान्ता पौडेलले सार्वजनिक धारामा पानी छोएको आरोपमा ०६७ चैत २९ गते गालीगलौज र दुर्व्यवहार गरे। इन्सेक प्रतिनिधि र दलित महिला सङ्घलाई घटनाबारे जानकारी दिएपछि ०६८ वैशाख ३ गते घटनाको संयुक्त रूपमा अनुगमन भयो। घटना स्थानीयस्तरमा मिल्न नसकेपछि पीडितले वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरी दिएपछि आरोपितहरूले दलित महिला सङ्घ, दलित वर्ग उत्थान समन्वय समिति, इन्सेक प्रतिनिधि, राजनीतिक दलका भातृ सङ्गठन, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू र प्रहरी कार्यालयसमक्ष गल्ती भएको स्वीकार गरी आगामी दिनमा घटना दोहोरिन नदिने सर्तमा दुवैपक्षले ०६८ वैशाख ५ गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र गरे।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	३१		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	३	२
स्टाफ नर्स	५	३	२
ल्याब असिस्टेन्ट	५	३	२
अहेब	५८	५४	४
अनमी	१६	१४	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
स्वास्थ्य कार्यकर्ता	७३	४९	२४

३.१२ गुल्मी

जनसङ्ख्या : २,८३,५७७
पुरूष : १,२२,८१८
महिला : १,६०,७५९
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ५३
क्षेत्रफल (वर्ग कि. मि.) : १,१४९
गाविस/नपा सङ्ख्या : ७९/०
सरकारी/निजी विद्यालय : ५८३/२२
क्याम्पस/उच्च मा.वि. : २/३८
मानव विकास सूचकाङ्कः ०.४६७
प्रतिपरिवार सरदर सङ्ख्याः ४.१८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४० र कैद नतोकिएका २१ कैदी र थुनुवा गरी जम्मा ६१ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ५४ जना र महिला सात जना रहेका छन्। कारागार जीर्ण बन्दै गएका कारण वर्षा मौसममा छाना चुहिने गर्दछ। क्षमताभन्दा बढी कैदी/बन्दी रहेकोले खानेपानी शौचालय, पत्रपत्रिका प्रयाप्त नभएको बन्दीहरूले बताए।

धम्की/कुटपिट
राज्यपक्षबाट

बाँझकटेरी गाविस-५ निवासी रिलेक नेपालका सदस्य तथा पत्रकार २३ वर्षीय ऋषिराम भुसाललाई ०६७ माघ ९ गते इलाका प्रहरी कार्यालय पुर्कोट दहमा कार्यरत् ४१ वर्षीय सई धर्मगत भण्डारीले इलाका प्रहरी

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			४		४
महिलाअधिकार			६		६
जातीय विभेद			१	१	२
गिरफ्तारी/यातना	१	१			
कुटपिट	८	८			
हत्या			१	१	२
जम्मा	**९**	**९**	**१२**	**२**	**१४**

कार्यालय पुर्कोटदहमा कुटपिट गरे। मोटरसाइकलमा घरतर्फ गएको बेला युवाको समूहले पूर्कोटदह गाविस-८ डडुवामा हातपात गरेपछि भागेर इलाका प्रहरी कार्यालयमा सुरक्षा माग्न पुगेका भुसाललाई सई भण्डारीले अशान्ति गरेको आरोपमा राति ९ बजेदेखि ११ बजेसम्म नियन्त्रणमा लिई कुटपिट गरेका थिए। इन्सेक प्रतिनिधिको पहलमा भुसाललाई सोही दिन रिहा गरियो। घटनाको इन्सेकलगायतका विभिन्न संस्थाहरूले छानविनको माग गरेपछि सई भण्डारीले ०६७ माघ १२ गते जिल्ला प्रहरी कार्यालयमा मानवअधिकारकर्मी र सञ्चारकर्मीहरूसँग माफी मागे।

सिर्सेनी गाविस-६ का ३२ वर्षीय कृष्णबहादुर घर्ती, सोही ठाउँका १८ वर्षीय गीताराम अर्याल, १८ वर्षीय माधव अर्याल, ४४ वर्षीय ऋखबहादुर घर्ती, सोही गाविस-७ का २० वर्षीय सुनिल विक, सोही ठाउँका २६ वर्षीय मानबहादुर विक र सोही गाविस-८ का २७ वर्षीय विष्णुबहादुर विकलाई स्थानीय नारायण घर्तीको दुई लाख ८७ हजार रुपियाँ हराएको विषयमा अनुसन्धान गर्न ०६८ असोज १८ र १९ गते नारायण घर्तीकै घरमा भेला गराएर मरभुङ्ग प्रहरी चौकीका असई कृष्णबहादुर नेपाली र प्रहरी जवान ज्ञानबहादुर थापाले जमिनमा घोप्टो पारी लाठी र बुटले कुटपिट गरे। पीडित कृष्णबहादुर घर्तीको असोज २३ गते जिल्ला अस्पताल तम्घासमा सामान्य उपचार भयो भने अन्य पीडितहरूले घरेलु उपचार गराए। पीडितहरूले ०६८ असोज २१ गते राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीय कार्यालय बुटवल र इलाका प्रहरी कार्यालय पूर्कोटदहमा उजुरी दिए। घटनाबारे मरभुङ प्रहरी चौकीमा ०६८ कात्तिक २३ गते इन्स्पेक्टर राजु शर्माको पहलमा असई कृष्णबहादुर नेपाली र प्रहरी जवान ज्ञानबहादुर थापाले गल्ती स्वीकार गरेपछि सहमति भयो।

गैरकानुनी गिरफ्तारी

तम्घास गाविस-८ का ३४ वर्षीय रामबहादुर विश्वकर्मालाई तम्घास गाविस-८ का ३२ वर्षीय जुद्धबहादुर विश्वकर्मासँग लेनदेनको विषयमा झगडा हुँदा जमिनमा लडाएर घाइते बनाएको आरोपमा ०६८ असार ६ गते जिल्ला प्रहरी कार्यालयले बिनापूर्जी गिरफ्तार गरी एक हप्तासम्म गैरकानुनी हिरासतमा राख्यो। जुद्धबहादुरको अवस्था चिन्ताजनक रहेको कारण कसैले उजुरी नगरे पनि अभियुक्तलाई हिरासतमा राख्नु परेको जिल्ला प्रहरी कार्यालयले जनायो। आठ दिनपछि उनलाई ०६८ असार १४ गते प्रहरीले दैनिक तारेखमा रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ६८ मध्ये १ सय २६ फैसला भए भने ४२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ९ मध्ये १ सय ३६ फैसला भए भने ७३ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा एक रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय २ मध्ये ४२ फैसला भए भने ६० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय १८ मध्ये ४३ फैसला भए भने ७५ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ७४ छ जसमध्ये ४५ सफल भए भने तीन असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म २६ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा सातमध्ये चार सफल र एक असफल रहयो भने दुई फैसला हुन बाँकी रहयो। बलात्कारसम्बन्धी मुद्दा तीनमा तीन सफल रहयो भने बलात्कार उद्योगसम्बन्धी मुद्दा एकमा एक असफल रहयो। बहुविवाहसम्बन्धी मुद्दा नौमध्ये पाँच सफल रहयो भने चार फैसला हुन बाँकी रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ५५ छ जसमध्ये सात सफल भए भने तीन असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या दुई पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १६ सम्म ५१ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये बहुविवाहसम्बन्धी मुद्दा पाँचमध्ये एक असफल रह्यो भने चार फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ हजार १ सय ४ मध्ये छात्र ३८ हजार ४ सय ८० र छात्रा ४२ हजार ६ सय ६८ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ११ हजार १ सय ९७ र छात्र १० हजार ३ सय ९ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ४ सय ३१ र १ हजार १२ गरी जम्मा १ हजार ४ सय ४३ शिक्षक कार्यरत रहेका छन्। २२ हजार ८ सय ७६ बालबालिका विद्यालय जानबाट वञ्चित छन्। जसमध्ये ११ हजार ६ सय ८० बालक र ११ हजार १ सय ९६ बालिका रहेका छन्। निमाबि तहमा तहमा महिला ४३ र पुरुष २ सय ३९ गरी जम्मा २ सय ८२ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ७ र पुरुष २ सय ५० गरी जम्मा २ सय ५७ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ६ हजार ६ सय ८४ र बालिका ६ हजार ३ सय १ गरी जम्मा १२ हजार ९ सय ८५ रहेका छन् जसमध्ये दलित बालक १ हजार ६ सय ६९ र बालिका १ हजार ५ सय ६८ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

निजी स्रोतका शिक्षकलाई विदा गरेको भन्दै शिक्षण संस्था बन्द गरिँदा ०६८ जेठ २६ गतेदेखि दुई दिनसम्म वामी गाविसका करिब २ हजार ५ सय विद्यार्थीहरू विद्यालय जानबाट वञ्चित भए। आर्थिक स्रोत अभाव र विद्यार्थी सङ्ख्या कम भएको कारण देखाई हटाइएका स्थानीय शारदा माविमा अध्यापनरत् शिक्षकहरू लीलाधर सापकोटा र रञ्जना प्रधानको पुन:बहालीको माग गर्दै अखिल नेपाल शिक्षक सङ्गठन र नेपाल शिक्षक सङ्घका इलाकास्तरिय कमिटीले वामी गाविसका शिक्षण संस्थाहरू अनिश्चितकालिन बन्द घोषणा गरेपछि एक क्याम्पस, एक उच्चमावि, एक सामुदायिक मावि, एक निजी मावि, एक निजी प्रावि र १२ ओटा सरकारी प्रावि गरी १७ ओटा शिक्षण संस्था बन्द भएका थिए। विद्यालय व्यवस्थापन समितिले ०६८ वैशाख २ गते निजी स्रोतका शिक्षक हटाउने निर्णय गरेपछि शारदा माविका शिक्षकहरू रामकृष्ण कण्डेल, चिरञ्जिवी शाक्य, भुमा केसी, मुक्तबहादुर गौतम र भीमसेन केसीले ०६८ जेठ २४ र २५ गते मौखिक जानकारी गराई कक्षा बहिष्कार गरेका थिए। अखिल नेपाल शिक्षक सङ्गठनका जिल्ला सदस्य मुक्तबहादुर गौतमले शिक्षक साथीहरूलाई न्याय दिलाउने अन्य प्रयास असफल भएपछि बन्दको आयोजना गर्नुपर्ने अवस्था आएको बताए।

तत्कालीन उर्जा मन्त्री गोर्कण विष्टको पुर्कोटदह गाविसमा अभिनन्दन कार्यक्रममा सहभागी हुन भनी ०६८ जेठ ३० गते पुर्कोटका पृथ्वी उच्च मावि, धाराचौर निमावि, जनचाहना प्रावि, जनकल्याण प्रावी, पृथ्वी प्रावि, कँकेदेउराली निमावि, टिमुरखर्क निमावि, मेहलेपोखरी मावि, सरस्वती प्रावि, बालनेत्रज्योती प्रावि, जनज्योती प्रावि, बराह प्रावि र ब्राईट फ्यूचर बोडिङ्ग स्कुल र जनचाहना प्रावि प्यूठानका बालबालिकाहरूलाई शिक्षकसहित लगिँदा १४ विद्यालयका बालबालिकाहरूको पठनपाठन प्रभावित भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

नेटा गाविस-१ की १३ वर्षीया बालिकालाई सोही ठाउँका १८ वर्षीय नारायण मरासिनीले ०६८ वैशाख २१ गते नेटा गाविस-१ स्थित कमेरे भन्ने स्थानमा दाउरा लिन गएको बेला गोठभित्र लगी बलात्कार गरेको आरोपमा बालिकाका आफन्तले ०६८ वैशाख २२ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। जाहेरीका आधारमा मरासिनीलाई स्थानीय बासिन्दाको सहयोगमा प्रहरीले ०६८ वैशाख २२ गते आरोपितको घरबाट गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा न्यायाधीश खडानन्द तिवारीको एकल इजलासले ०६८ असार ९ गते सात वर्ष कैद तोक्यो।

बलिथुम गाविस-५ हुँखोलामा भाइबहिनीसँग गाई चराउन गएकी १२ वर्षीया एक बालिकालाई बलिथुम गाविस-५ उर्लाखोलाका २६ वर्षीय गोपाल कुमालले ०६८ असार १६ गते बलात्कार गरेको आरोपमा पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा

०६८ असार १७ गते उजुरी दिए। उजुरीको आधारमा आरोपितलाई ०६८ असार १९ गते गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा ०६८ साउन ३ गतेदेखि न्यायाधीश खडानन्द तिवारीको आदेशअनुसार पुर्पक्षको लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

मरभुङ्ग गाविस-९ की १६ वर्षीया एक बालिकालाई बाखा चराउन गएको समयमा सोही ठाउँका २० वर्षीय हिमाल कुमालले ०६८ साउन १८ गते दिउँसो सोही ठाउँस्थित गाँठेकाखर्क सोताको सामुदायिक बनमा बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६८ साउन १८ गते प्रहरीमा उजुरी दिए। उजुरीका आधारमा ०६८ साउन २४ गते जिल्ला अदालतमा जबरजस्ती करणीको मुद्दा दर्ता भयो। पीडित जिल्ला अस्पताल तम्घासमा साउन १९ गते प्राथमिक उपचारपछि घर फर्किइन्। यस वर्षको अन्त्यसम्म अभियुक्त गिरफ्तार भएनन्।

अर्गली गाविस-२ पाल्पाकी १३ वर्षीया एक बालिकालाई अर्गलीबाट ललाईफकाई तम्घास गाविस-४ बसपार्कस्थित आकाश होटलमा ल्याई ०६८ कात्तिक १६ गते र १७ गते तम्घासबाट बुटवल सुक्कानगरस्थित साथीको डेरामा पुऱ्याई बाटाकाचौर गाविस-३ बाग्लुङ स्थायी घर भई भाडाको बसका सहचालक १९ वर्षीय दीपक पौडेलले बलात्कार गरेको आरोपमा पीडितको परिवारले ०६८ कात्तिक २० गते किटानी जाहेरी दियो। जाहेरीको आधारमा आरोपितलाई बुटवलको सुक्कानगरस्थित साथीको डेराबाट प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितलाई थप अनुसन्धानको लागि कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालय गुल्मीमा पठाएकोमा न्यायाधीश कृष्णराम कोइरालाको आदेशअनुसार ०६८ मङ्सिर १६ गतेदेखि पुर्पक्षको लागि थुनामा छन्। पीडितको ०६८ मङ्सिर २० गते अञ्चल अस्पताल बुटवलमा स्वास्थ्य परीक्षण भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पल्लीकोट गाविस-७ की ४५ वर्षीया एक महिलालाई आफ्नो पसलमा सामान किन्न आएको बेला सामान हेर्ने निहुँमा गोदाममा लगेर खज्याङ गाविस-९ का ४० वर्षीय रामबहादुर बुचाले ०६८ साउन १२ गते दिउँसो लछारपछार गरी बलात्कार प्रयास गरेको भनी पीडितले ०६८ साउन १३ गते प्रहरीमा दिएको उजुरीको आधारमा ०६८ साउन १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। न्यायाधीश खडानन्द तिवारीको ०६८ भदौ २० गतेको आदेशअनुसार आरोपित साधारण तारेखमा रिहा भए।

हुँगा गाविस-९ की ३९ वर्षीया एक महिलालाई मजुवाबाट घर फर्कंदै गर्दा रुपाकोट गाविस-९ का २७ वर्षीय रमेशकुमार थापाले ०६८ असोज ६ गते रुपाकोट गाविस-९ को बोटेगाउँस्थित बरबोटमा लछार-पछार गरी बलात्कार प्रयास गरेको भनी पीडितले ०६८ असोज ७ गते दिएको निवेदनका आधारमा ०६८ असोज ८ गते प्रहरीले गिरफ्तार गऱ्यो। न्यायाधीश कृष्णराम कोइरालाको ०६८ कात्तिक २ गतेको आदेशअनुसार आरोपित ५० हजार रुपियाँ धरौटी राखेर तारेखमा रिहा भए। घटनाबाट निधार र गालामा चोट लागेकी पीडितको असोज ६ गते जिल्ला अस्पतालमा उपचार भएको थियो।

परिवारजनबाट हत्या

पौदीअमराई गाविस-१ की ३१ वर्षीया अमृता पुनलाई कान्छी पत्नी भगाइदिएको निहुँमा ०६८ जेठ १९ गते पति ३४ वर्षीय दिलु भनिने दिलिप पुनले हत्या गरेको आरोपमा पीडितका दाजु शेरबहादुर थापाले जेठ २० गते प्रहरीमा किटानी जाहेरी दिए। जाहेरीको आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी न्यायाधीश खडानन्द तिवारीको आदेशअनुसार ०६८ असार १६ गते पुर्पक्षको लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

बहुविवाह

परालमी गाविस-५ की ३५ वर्षीया शान्ति सुनारका पति ३८ वर्षीय मानबहादुर सुनारले सोही ठाउँकी २३ वर्षीया दीपा सुनारसँग ०६७ चैत ९ गते दोस्रो विवाह गरे। पीडितले ०६७ चैत १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीको आधारमा आरोपितहरूलाई ०६७ चैत २० गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरू जिल्ला अदालतको आदेशमा ०६७ चैत ३० गते ३६ हजार रुपियाँ धरौटी राखी रिहा भए। हालसम्म मुद्दा फैसला भएको छैन। (अ.नं.०६)

नयाँगाउँ गाविस-९ की ३७ वर्षीया तिलकुमारी जोगी कुँवरका पति ३७ वर्षीय रामबहादुर जोगी कुँवरले ०६८ जेठ १ गते सोही ठाउँकी १७ वर्षीया जमुना जोगी कुँवरसँग दोस्रो विवाह गरे। पीडितले ०६८ कात्तिक २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीका आधारमा ०६८ मङ्सिर २० गते

आरोपितहरूलाई प्रहरीले बुटवलबाट गिरफ्तार गऱ्यो। आरोपितहरू जिल्ला अदालतको आदेशअनुसार ०६८ पुस ८ गते जनही २० हजार रुपियाँ धरौटी राखी रिहा भए।

सबै प्रकारका जातीय विभेद

वस्तु गाविस-६ की ४५ वर्षीया सेती विश्वकर्मालाई वस्तु गाविस-७ निवासी स्थानीय कालिका मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष ६२ वर्षीय ओमप्रसाद भण्डारीले चैते अष्टमी पर्वको अवसरमा मन्दिर प्रवेश गर्न खोजेको भन्दै ०६७ चैत २८ गते बाँसको लाठीले कुटपिट गरे। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६७ चैत २९ गते दिएको उजुरीका आधारमा आरोपितलाई चैत ३० गते प्रहरीले सोधपुछका लागि बोलायो। बाँया खुट्टा र दाँया हातमा चोट लागेर सामान्य घाइते पीडितको चैत २९ गते जिल्ला अस्पताल तम्घासमा उपचार भयो। पीडितलाई १८ हजार रुपियाँ उपचार खर्चस्वरुप क्षतिपूर्ति उपलब्ध गराउने गरी ०६८ वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा दुवैपक्षबीच मेलमिलाप भयो।

ठूलोलुम्पेक गाविस-९ धुसेनीका २४ वर्षीय हरि विश्वकर्मालाई दुर्गा मन्दिरमा देवीभागवत महायज्ञ भइरहेको बेला मन्दिर प्रवेश गरेको भन्दै ०६८ असोज १८ गते मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सोही ठाउँका ४२ वर्षीय अनन्त भट्टराई र पूजा व्यवस्थापन समितिका अध्यक्ष ७५ वर्षीय रुक्मागत भट्टराईलगायतका गैरदलितहरूले लछारपछार गरी ०६८ असोज २१ गते स्थानीय पाहादी प्राविमा निर्माणाधिन विद्यालय भवनको लागि एक्लै ढुङ्गा बोक्नुपर्ने सजाय तोकिदिएको कारण विस्थापित भएका पीडितले ०६८ असोज २९ गते जिल्ला प्रहरी कार्यालमा उजुरी दिए। उजुरीको आधारमा ०६८ कात्तिक ३ गते इलाका प्रहरी कार्यालय रीडीमा आरोपितहरूले पीडितसँग माफी मागेपछि दुवैपक्षबीच मेलमिलाप भयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	६४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	७	५	२
स्टाफ नर्स	८	४	४
अहेव	८६	८१	५
अनमी	२६	२६	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	१९	१६	३
स्वास्थ्य कार्यकर्ता	१४४	११७	२७

३.१३ बाग्लुङ



जनसङ्ख्या : २,७०,००९
पुरूष : १,१९,०२१
महिला : १,५०,९८८
साक्षरता प्रतिशत : ७०
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : १,७८४
गाविस/नपा सङ्ख्या : ५९/१
सरकारी/निजी विद्यालय : ५५७/११
क्याम्पस/उच्च मा.वि. : ४/३३
मानव विकास सूचकाङ्कः ०.४९२
प्रतिपरिवार सरदर सङ्ख्याः ४.२५

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४० र कैद नतोकिएका ३९ कैदी र थुनुवा गरी जम्मा ६९ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ६५ जना र महिला चार जना रहेका छन्। जिल्ला कारागारमा क्षमताभन्दा बढी बन्दी भएकाले खान, बस्नलगायत सबै काममा कठिनाइ भएको छ। महिला बन्दीगृहमा सातजनाको क्षमता रहेकोमा चारजना रहेकाले सहज छ। तर, पुरुष बन्दीगृहमा १८ जनाको क्षमता रहेकोमा ६५ जना रहेकाले पाल टाँगेर बाहिर बस्नुपर्ने अवस्था रहेको छ। खानेपानीको अभावका साथै खान, बस्न समस्या भएको बन्दी नाइके ससबहादुर विकले बताए। कारागारको क्षमताभन्दा बढी बन्दी भएकाले कारागार विभागले अस्थायी कोठा बनाउनका लागि जिल्ला कारागार शाखालाई आदेश दिएको जेलर टिकाराम आचार्यले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

खुङ्गा गाविसको २० औँ गाउँपरिषद्को बैठकपुस्तिका माओवादी कार्यकर्ताले कब्जामा लिएको विषयमा एकीकृत माओवादी र राष्ट्रिय जनमोर्चा कार्यकर्ताबीच ०६८ पुस ४ गते झडप हुँदा दुवैतर्फका सातजना घाइते भए। एकीकृत माओवादी कार्यकर्ताले गाउँपरिषद्मा सडक निर्माणको विषयमा विवाद भएपछि बैठकपुस्तिका कब्जामा लिएका लिए। घाइते एकीकृत माओवादीका कार्यकर्ताहरू खुङ्गा गाविस-५ का ३५ वर्षीय हर्कजित विक, ३८ वर्षीय कुलप्रसाद विक र ४३ वर्षीय टेकबहादुर विकको बुर्तिबाङ प्राथमिक स्वास्थ्यकेन्द्रमा उपचारपछि धौलागिरी अञ्चल अस्पतालमा थप उपचार भयो। यस्तै राष्ट्रिय जनमोर्चा कार्यकर्ताहरू खुङ्गा गाविस-७ का गनबहादुर फगामी, सोही स्थानका हेमलाल फगामी, खुङ्गा गाविस-९ का राजेश छन्त्याल र सोही स्थानका इन्द्रमान छन्त्यालको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ३१ मध्ये ४४ फैसला भए भने ८७ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९२ मध्ये २३ फैसला भए भने ६९ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा पाँच रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय २९ मध्ये ५६ फैसला भए भने १ सय ७३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ५४ मध्ये २७ फैसला भए भने १ सय २७ फैसला हुन बाँकी रहे।

पुनरावेदन अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ७१ मध्ये २९ फैसला भए भने ४२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४० मध्ये १६ फैसला भए भने २४ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ १ सइ ४० मध्ये ४२ फैसला भए भने ९८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २७ मध्ये आठ फैसला भए भने १९ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको कर्तव्य ज्यानसम्बन्धी मुद्दा तीनमध्ये तीन असफल रह्यो। सरकारी वकिल सङ्ख्या एक रहेको सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको कर्तव्य ज्यानसम्बन्धी मुद्दा तीनमा फैसला हुन बाँकी रहेको र सरकारी वकिल सङ्ख्या एक रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७८ हजार २ सय ९७ मध्ये छात्र ४१ हजार ४ र छात्रा ३७ हजार २ सय ९३ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १३ हजार ६ सय १२ र छात्रा १२ हजार ८ सय ३६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ६ सय

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				३		३
महिलाअधिकार				३		३
भेला/सङ्गठित हुने अधिकार	१	६	७			
जातीय विभेद				४		४
हत्या				१	१	३
जम्मा	**१**	**६**	**७**	**१०**	**१**	**११**

५१ र पुरुष १ हजार ६२ गरी जम्मा १ हजार ७ सय १३ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला ८० पुरुष ३६० गरी जम्मा ४ सय ४० शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला २३ र पुरुष ३ सय ४७ गरी जम्मा ३ सय ७० शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ३ हजार ८ सय ३० र बालिका ३ हजार ८ सय २३ गरी जम्मा ७ हजार ६ सय ५३ रहेका छन् जसमध्ये दलित बालक १ हजार १ सय ७९ र बालिका १ हजार २ सय ४७ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

हटिया गाविस-२ की ९ वर्षीया बालिकालाई गुल्मी जिल्ला मुसीकोट गाविस-८ घर भई बागलुङको हटिया गाविस-२ स्थित मामाघरमा बस्दै आएका १८ वर्षीय विष्णु विकले ०६८ असार १२ गते घरमै बलात्कार गरेको आरोपमा असार १३ गते बालिकाका बाबुले उजुरी दिए। आरोपित विकलाई प्रहरीले असार १४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६८ असार २६ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। यस वर्षको अन्त्यसम्म आरोपित जिल्ला कारागारमा छन्।

खुङ्गा गाविस-७ की १३ वर्षीया बालिकालाई सोही ठाउँका २३ वर्षीय गोपाल अर्गेजाले ०६८ असार १० गते घरमै बलात्कार गरेको आरोपमा बालिकाका बाबुले असार १२ गते उजुरी दिए। आरोपित अर्गेजालाई प्रहरीले असार १५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६८ साउन ६ गते आरोपितलाई पुर्पक्षका थुनामा राख्न आदेश दियो। यस वर्षको अन्त्यसम्म उनी कारागारमा छन्।

बागलुङ नपा-११ की छ वर्षीया बालिकालाई ०६८ साउन ८ गते सोही ठाउँस्थित गौरीधाम शिव मन्दिरमा खेल्न गएको बेला म्यादी जिल्लाको भकिम्ली गाविस-३ स्थायी घर भइ बागलुङ नगरपालिका-११ बस्ने ५५ वर्षीय लालुपाते भनिने लालबहादुर श्रीसले बलात्कार प्रयास गरेको आरोपमा बालिकाका दाजुले जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दिए। आरोपित श्रीसलाई प्रहरीले साउन ८ गते नै गिरफ्तार गरी मुद्दा दायर गऱ्यो। जिल्ला अदालतले ०६८ साउन २२ गते उनलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि यस वर्षको अन्त्यसम्म आरोपित जिल्ला कारागारमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

निसी गाविस-३ की १८ वर्षीया युवतीलाई ०६८ भदौ २८ गते सोही ठाउँका २२ वर्षीय असिम भनिने ओमबहादुर श्रीसले युवतीको घरमा कोही नभएको बेला बलात्कार प्रयास गरेको आरोपमा पीडितका दाजुले भदौ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित श्रीसलाई प्रहरीले ०६८ भदौ ३० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६८ असोज १२ गते उनलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। यस वर्षको अन्त्यसम्म उनी जिल्ला कारागारमा छन्।

घरेलु हिंसा

भकुण्डे गाविस-७ घर भई बागलुङ नपा-१ रामरेखामा भाडामा बस्दै आएका ३५ वर्षीया आयरी थापालाई ०६८ जेठ २१ गते उनका पति ३८ वर्षीय भक्तबहादुर थापाले घरायसी झगडामा खुकुरी प्रहार गरी घाइते बनाए। पीडितले जेठ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। भक्तबहादुरलाई सोही दिन प्रहरीले नियन्त्रणमा लिई जिल्ला अदालत पठाएकोमा अदालतले ०६८ असार २१ गते उनलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। यस वर्षको अन्त्यसम्म उनी जिल्ला कारागारमा रहेका छन्।

सबै प्रकारका जातीय विभेद

बिनामारे गाविस-७ की १७ वर्षीया माया नेपालीलाई जात लुकाएर आफूसँग विवाह गरेको भन्दै नारायणस्थान गाविस-९ का २२ वर्षीय अर्जुन सुवेदीले

०६८ वैशाख १९ गते जिल्ला प्रहरी कार्यालय परिसरमै दुर्व्यवहार गरे। कुसुम थापा बताएर आफूसँग विवाह गरेको र पछि खोज्दै जाँदा 'सार्कीकी छोरी' भएको भन्दै उनले नेपालीलाई अपशब्द प्रयोग गरे। दुर्व्यवहार गर्ने सुवेदीलाई प्रहरीले सोही दिन गिरफ्तार गरी वैशाख २२ गते अदालतमा पठायो। अदालतले ०६८ जेठ ४ गते सुवेदीलाई तारेखमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

खुडखानी गाविस-६ का १८ वर्षीया सपना परियार, १७ वर्षीया सम्झना परियार र सोही गाविस-४ का १८ वर्षीया गरिमा विकलाई 'दलित' भएको भन्दै पर्वतको पाङ गाविस घर भई बागलुङ नपा-२ जीपपार्कमा बस्ने सीमा भनिने सीता पौडेल र हरि भनिने भीमनाथ पौडेलले ०६८ कात्तिक १८ गते कोठाबाट निकाले। मासिक २ हजार रुपियाँ भाडा तिर्ने सहमतिमा कात्तिक १७ गते उनीहरूलाई कोठा दिएको थियो। पीडितहरूले अधिकारवादी सङ्घसंस्थामा कात्तिक १८ गते उजुरी दिएपछि ०६८ कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालयमा भएको छलफलमा पौडेल दम्पत्तिले जातीय विभेद गरेको स्वीकारे। उनीहरूले पीडितलाई जनही ३/३ हजार रुपियाँ क्षतिपूर्ति दिई आगामी दिनमा गल्ती नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त गरेपछि दुवै पक्षबीच मेलमिलाप भयो।

विगतको अनुगमन

सशस्त्र द्वन्द्वका क्रममा माओवादीबाट अपहरणमा परेर बेपत्ता भएकी पैयुथन्थाप गाविस-८ की ३० वर्षीया बिजुला कँडेल छ वर्षपछि ०६८ भदौ ९ गते फेला परिन्। माओवादीले ०६२ भदौ ३ गते घरबाटै अपहरण गरी कुश्मीसेरा गाविसको टिमुरखोलाबाट बेपत्ता बनाइएकी कँडेल रूपन्देही जिल्लाको सिम्लार गाविसमा विवाह गरेर बसेको जानकारी पाएपछि माइतीले ल्याएर ०६८ भदौ ९ गते सार्वजनिक गरेका थिए। बाबु टिकाराम सापकोटा, दाजु रमाकान्त सापकोटा र न्यायका लागि द्वन्द्वपीडित समाज बागलुङले पत्रकार सम्मेलन गरी कँडेललाई सार्वजनिक गरेको थियो। बागलुङका विभिन्न ठाउँमा २०/२२ दिनसम्म माओवादी नियन्त्रणमा रहेकी कँडेल सङ्गीता भनिने माओवादी कार्यकर्तासँग भागेर बुटवल गएको उनले बताइन्। रूपन्देहीको एक होटलमा काम गर्दैगर्दा विवाह गरेकी कँडेलकी दुई छोरी छन्। उनी बेपत्ता भएपछि उनका परिवारले बेपत्ता परिवारले पाउने १ लाख रुपियाँ राहत लिएका छन्। इन्सेक र

दलित भएका कारण कोठाबाट निकालिएका क्रमश : बायाँबाट सपना परियार, गरिमा विक र सम्झना परियार

स्थानीय शान्ति समिति बागलुङले संयुक्त रूपमा प्रकाशन गरेको बेपत्ता पारिएका व्यक्तिहरूको तस्वीर सार्वजनिक गरेको समाचार टेलिभिजनबाट हेरेपछि माइतीमा सम्पर्क गरेको उनले बताइन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	४८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२१	२	१९
स्टाफ नर्स	३	२	१
ल्याब असिस्टेन्ट	५	४	१
अहेव	६४	६१	३
अनमी	६४	६१	३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	१२	२
स्वास्थ्य कार्यकर्ता	६५	६२	३

३.१४ पर्वत



जनसङ्ख्या : १,४७,०७६
पुरूष : ६५,३५७
महिला : ८१,७१९
साक्षरता प्रतिशत : ६३
महिला साक्षरता प्रतिशत : ५७
क्षेत्रफल (वर्ग कि. मि.) : ४९४
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ३५७/१३
क्याम्पस/उच्च मा.वि. : ४/३१
मानव विकास सूचकाङ्कः ०.५०४
प्रतिपरिवार सरदर सङ्ख्याः ४.०८

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३० र कैद नतोकिएका २८ कैदी र थुनुवा गरी जम्मा ५८ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ५६ जना र महिला दुई जना रहेका छन्। जिल्ला कारागारमा पुरुष र महिला गरी दुई ओटा बन्दीगृह छन्। पुरुषको चाप बढेकोले महिला बन्दीगृहमा पुरुषलाई राखिएको कारण महिला बन्दीहरूलाई जेलबाहिर प्रहरी आवासमा राखिएको छ। पुरुष बन्दीगृहमा मात्र टिभी भएको कारणले सबै बन्दीहरूले टिभीको सुविधा उपभोग गर्न नपाएको बन्दीहरूको गुनासो छ। क्षमताभन्दा दोब्बर बन्दी भएकाले जाडोको समयमा पाल टाँगेर सुत्नु परेको पीडा बन्दीले सुनाए। कारागारभित्र विभिन्न पत्रिकाहरू र रेडियो आदिको सुविधा रहेको छ। बन्दी क्षमता बढी भएको कारण शौचालयको समस्या छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

शालिग्राम गाविस-७ की ७१ वर्षीया बुद्धिसरा थापालाई शालिग्राम-७ निवासी माओवादी कार्यकर्ता ४५ वर्षीय काशीराम परियारले कुट्ने, ज्यान मार्ने तथा घरबाट निकाली दिने धम्की दिएका कारण ०६७ चैत २३ गते जिल्ला प्रशासन कार्यालय पर्वतमा निवेदन दर्ता गरिन्। प्रमुख जिल्ला अधिकारी बेलबहादुर कार्कीले घटनास्थलमा नै दुवैपक्षलाई राखेर छलफल गराउने आदेश दिए। जिल्ला प्रहरी कार्यालयले वैशाख २५ गते आइन्दा त्यस्तो कार्य नगर्ने शर्तमा सहमति गराए।

चित्रे गाविस-६ का ५८ वर्षीय शेरबहादुर केसीलाई चन्दा नदिएको विषयमा ०६८ जेठ १७ गते साँझ ६ बजे सरादीखोला सहेले कास्की जिल्लाको सल्यान जोड्ने मोटरबाटो खन्ने क्रममा विवाद भई एमाओवादी कार्यकर्ताहरू सोही गाविस-३ का सेक्रेटरी गमबहादुर विक, लक्ष्मी प्राविका प्रअ शालिकराम पौडेल र शोभाकर लम्सालले कुटपिट गरे। पीडितले जेठ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला प्रहरी कार्यालयले जेठ २५ गते दुवै पक्षलाई बोलाई बाटो खन्ने सहमतिमा मेलमिलाप गरायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ८७ मध्ये ७० फैसला भए भने १७ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ६ मध्ये ६७ फैसला भए भने ३९ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २२ मध्ये तीन फैसला भए भने १९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २८ मध्ये १८ फैसला भए भने १० फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४० छ जसमध्ये दुई सफल भए भने सात असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या २९ पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या एक रहे। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ३१ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ३५ मध्ये दुई सफल र सात असफल

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			२	१	३
बालअधिकार			२	१	३
महिलाअधिकार			३		३
गिरफ्तारी/यातना	१	१			
कुटपिट				१	१
धम्की			१		१
हत्या			५	१	६
जम्मा	**१**	**१**	**१३**	**४**	**१७**

रहयो भने २६ फैसला हुन बाँकी रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या २२ छ जसमध्ये १६ असफल भएको छ भने छ फैसला हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३८ हजार ७ सय ५५ मध्ये छात्र १८ हजार ४ सय ९७ र छात्रा २० हजार २ सय ५८ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ६ हजार ७ सय ४१ र छात्र ६ हजार ७३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला र पुरुष गरी जम्मा १ हजार ३ सय ११ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला र पुरुष गरी जम्मा ३ सय ६४ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला र पुरुष गरी जम्मा ३ सय ४ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ३ हजार २ सय ४७ र बालिका ३ हजार १ सय ३२ गरी जम्मा ६ हजार ७९ रहेका छन् जसमध्ये दलित बालक ९ सय ७८ र बालिका ९ सय ३६ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

परिवारजनबाट हत्या

पीपलटारी गाविस-९ की ६ वर्षीया नवीना तिवारी र ८ वर्षीया नमुना तिवारीलाई बुबा ३८ वर्षीय कृष्ण शर्मा तिवारीले पालनपोषण र शिक्षाका लागि बोझ भएको भन्दै ०६८ साउन १५ गते राति साँढे १० बजे मोदीखोलाको पुलबाट फ्याँकेर हत्या गरे। आरोपितले बालिकाहरूलाई अज्ञात समूहले अपहरण गरी १ लाख फिरौती मागेको भन्दै जिल्ला प्रहरी कार्यालयमा ०६८ साउन १८ गते छोरीको खोजी गरी पाउँ भनी जाहेरी दिएका थिए। आरोपितविरुद्ध स्थानीय कपिलमणि तिवारीले जिल्ला प्रहरी कार्यालयमा ०६८ साउन २६ गते किटानी जाहेरी दिएका थिए। आरोपितलाई साउन १८ गतेदेखि प्रहरीको निगरानीमा राखिएकोमा साउन २६ गते प्रहरीले गिरफ्तार गऱ्यो। केन्द्रीय अनुसन्धान टोलीका प्रमुख प्रहरी निरीक्षक शेरबहादुर केसीसमक्ष साउन २८ गते आफैंले बच्चाहरूलाई खोलामा फ्याँकेको स्वीकार गरे। आरोपित तिवारीलाई जिल्ला अदालतको आदेशमा ०६८ भदौ १८ गते पुर्पक्षका पर्वत कारागारमा राखिएको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

म्याग्दी जिल्ला कुहुँ गाविस-८ थरवाङ घर भई पर्वत जिल्ला माझफाँट गाविस-३ वारी बेनीको सुकुमबासी टोलमा बस्ने १२ वर्षीया बालिकालाई ०६७ माघ १२ गते विद्यालयबाट घर फर्कने क्रममा सोही ठाउँका ३४ वर्षीय वटु परियारले १० रुपियाँ दिन्छु भन्दा नमानेपछि जबरजस्ती बलात्कार गरेको आरोपमा पीडितकी आमाले फागुन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। म्याग्दी जिल्ला अस्पतालमा उपचार गर्ने क्रममा ०६७ फागुन १२ गते पीडितलाई बलात्कार भएको देखिएपछि आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। अदालतको आदेशमा ०६७ फागुन १७ गतेदेखि आरोपित पुर्पक्षका लागि कारागारमा राखिएको थियो। आरोपितलाई जिल्ला अदालत पर्वतका न्यायाधीश रमेशकुमार खत्रीको इजलासले ०६८ असार १९ गते १० वर्षको कैद सजाय गर्ने फैसला गरेको छ।

देउराली गाविस-५ की सुस्तमनस्थितिकी १५ वर्षीया बालिकालाई भुकताङले गाविस-७ का ३५ वर्षीय हर्कबहादुर गुरुङले १० रुपियाँ दिई ०६८ कात्तिक ११ गते दिउँसो सोही गाविसको जङ्गलमा लगी बलात्कार गरेको आरोपमा डिमुवा प्रहरीले स्थानीय गाउँलेको सहयोगमा आरोपित गुरुङलाई गिरफ्तार गऱ्यो। पीडितकी आमाले आरोपित विरुद्ध ०६८ कात्तिक १२ गते प्रहरीमा जाहेरी दिइन्। आरोपितलाई पर्वत जिल्ला अदालतको आदेशमा ०६८ मङ्सिर ६ गते पुर्पक्षका लागि कारागार पठाइयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

भुक्ताडले गाविस-२ घर भईसोही गाविस-१ सेरावेशीमा बस्दै आएकी ३४ वर्षीया रीता गुरुङलाई पति ३५ वर्षीया सन्तबहादुर गुरुङले माइती पक्षले सम्झाएको कुरा मन नपर्ने भएको कारण ०६८ कात्तिक २६ गते विहान बञ्चरो प्रहार गरी हत्या गरे। मृतक र मृतकका पतिबीच कात्तिक २५ गते घरायसी झगडा भएको थियो। हत्यापछि मृतककी आमा बुद्धिकुमारीले देखी हारगुहार गर्दा स्थानीय बासिन्दाले समातेर गुरुङलाई कात्तिक २६ गते डिमुवा प्रहरी चौकी जिल्ला प्रहरी कार्यालयमा बुझाए। मृतकका दाजु कास्की लुम्ले गाविस-१ का ताराप्रसाद गुरुङले ०६८ कात्तिक २६ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी गरे। आरोपितलाई जिल्ला अदालतको ०६८ मङ्सिर ८ गतेको आदेशमा पुपर्क्षका लागि पर्वत कारागार पठाइयो।

माओवादीका कार्यकर्ताबाट कुटपिट गरिएका शेरबहादुर केसी

बहुविवाह

धाइरिङ गाविस-९ का ३१ वर्षीय सोमनाथ आर्चायले सोही ठाउँकी १९ वर्षीया सरीता आर्चायसँग ०६८ असोज ५ गते तेस्रो विवाह गरे। जेठी पत्नी सरस्वती आर्चायले बहुविवाह विरुद्ध ०६८ असोज ५ गते जिल्ला प्रहरी कार्यालय पर्वतमा उजुरी दिइएकोमा सोही दिन आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितलाई जिल्ला अदालतको ०६८ असोज १० गतेको आदेशमा पुपर्क्षका लागि कारागार पठाइयो। कान्छी पत्नी सरीता आर्चायका बाबु कृष्णप्रसाद आर्चायले आरोपित विरुद्ध महिला बेचविखन गरेको आरोपमा ०६८ भदौ १८ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा उजुरी दिएका थिए।

दुर्व्यवहार

लिमीठाना गाविस-९ की ६० वर्षीया हरिकला भण्डारीलाई कथित बोक्सी लगाई छोरा मारेको आरोपमा ०६८ साउन १७ गते जेठाजुका छोरा ४८ वर्षीय भक्तबहादुर भण्डारीले घरमै खुर्पा प्रहार गरी हत्या गरे। घटनापछि घटनास्थलमा पुगेकी उनकी पत्नी ४२ वर्षीया मीना भण्डारीको समेत उनले खुर्पा प्रहार गरी हत्या गरेका थिए। उक्त घटनामा भक्तबहादुरकी आमा ७५ वर्षीया धनसरी भण्डारी, ठानामौला गाविस-२ का हरिकला भण्डारीकी सम्धि ७८ वर्षीय भीमबहादुर क्षेत्री र २६ वर्षीय पवित्रा भण्डारीलाई समेत खुर्पा प्रहारबाट घाइते बनाए। घाइतेहरूमध्ये भीमबहादुर क्षेत्री र धनसरी भण्डारीको साउन १८ गते जिल्ला अस्पताल पर्वतमा उपचार भयो भने पवित्रा भण्डारीलाई साउन १९ गते थप उपचारका लागि माइतीले काठमाडौं लगे। आरोपितलाई कुर्घा गाविस-६ उल्लेरीका स्थानीयले नियन्त्रणमा लिई साउन १७ गते राति जिल्ला प्रहरी कार्यालयबाट खटिएर गएका टोलीलाई बुझाए। आरोपित भण्डारीलाई जिल्ला अदालतको ०६८ भदौ ९ गते आदेशमा पुर्पक्षका लागि थुनामा पठाइयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	५		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	४२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	२	२
स्टाफ नर्स	५	३	२
ल्याब असिस्टेन्ट	४	४	
अहेब	५८	१३	४५
अनमी	१८	१३	५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१२	३
स्वास्थ्य कार्यकर्ता	८४	७४	१०

३.१५ म्याग्दी



जनसङ्ख्या : १,१३,७३१
पुरूष : ५१,६५६
महिला : ६२,०७५
साक्षरता प्रतिशत : ६३
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : २,२९७
गाविस/नपा सङ्ख्या : ४०/०
सरकारी/निजी विद्यालय : २५४/१०
क्याम्पस/उच्च मा.वि. : १/१७
मानव विकास सूचकाङ्कः ०.४९८
प्रतिपरिवार सरदर सङ्ख्याः ४.०६

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५३ र कैद नतोकिएका ११ कैदी र थुनुवा गरी जम्मा ६४ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ६१ जना र महिला तीन जना रहेका छन्। क्षमताभन्दा बढी बन्दी रहेकोले बन्दीहरूले विभिन्न किसिमका समस्या भएको बताए। बन्दी धेरै हुँदा सुत्न र शौचालयको मात्र समस्या छैन, फोहोर व्यवस्थापन हुन सकेको छैन। दुई ओटा सुत्ने कोठामा नअटेका बन्दीहरू भान्सा कोठा, कारागारभित्र रहेको मन्दिरको पेटी र बाथरुममा समेत कोचाकोच भई बस्नु परेको बन्दी नाइके डबहादुर पुनले बताए। जेलभित्र खानेपानी, खेलकुदका सामग्री, टेलिभिजनलगायतका सञ्चार सामग्री उपलब्ध छन्। बन्दीले मुडा बुन्ने, तान धागोबाट कपडा बुन्ने समेतका सीपमूलक काम गर्दै आएका छन्। १४ जना अट्ने पुरुष बन्दी कक्ष निर्माणप्रक्रिया शुरु भएको जेलर रामचन्द्र रेग्मीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ३७ मध्ये २४ फैसला भए भने १३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४२ मध्ये ३० फैसला भए भने १२ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४८ मध्ये ३० फैसला भए भने १८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २८ मध्ये तीन फैसला भए भने २५ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २१ छ जसमध्ये १३ सफल भए भने तीन असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या चार पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १६ सम्म आठ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा दुईमध्ये एक सफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा सातमध्ये तीन सफल रह्यो भने चार फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा एकमा एक सफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २९ हजार ८ सय २९ मध्ये छात्र १३ हजार ९ सय ३ र छात्रा १५ हजार ९ सय २६ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४ हजार ८ सय ८ र छात्र ५ हजार १ सय २३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला २ सय १५ र पुरुष ४ सय ८२ गरी जम्मा ६ सय ९७ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला १७ र पुरुष १ सय ५८ गरी जम्मा १ सय ७५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माविं तहमा पुरुष १ सय १६ शिक्षक रहेका छन्। जसमध्ये दलित महिला १० र पुरुष २८ शिक्षक रहेका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	४		४
हत्या		१	१
जम्मा	**७**	**१**	**८**

हत्या

कुहुँ गाविस-४ निवासी सिङ्गा गाविस-६ स्थित तातोपानी इङ्लिस बोर्डिङ्ग स्कुलमा अध्ययनरत् ६ वर्षीय निकेश फगामीलाई ०६८ कात्तिक २७ गते बाग्लुङ जिल्ला बाग्लुङ नपा-४ घर भई सिङ्गा गाविस-४ तातोपानीस्थित गहनाहरू मर्मत गर्ने पसलका सञ्चालक १९ वर्षीय सुभाष विश्वकर्माले सोही दिन घर नजिकैबाट अपहरण गरी म्याग्दी नदीमा फाले। पीडितको लास ०६८ पुस १० गते सिङ्गा गाविसस्थित धौलागिरी माविको पछाडिपट्टि झोलुङ्गे पुलमुनि फेला पऱ्यो। हत्याको आरोपमा प्रहरी चौकीमा सोही दिन दिइएको मौखिक उजुरीका आधारमा प्रहरीले कात्तिक २८ गते घरबाटै उनलाई गिरफ्तार गऱ्यो। बालकले लगाएको कानको मुद्रा लुटेर उनलाई हत्या गरेको भनी स्वीकार गरेको प्रहरीले बतायो। जिल्ला अदालतले विश्वकर्मालाई ०६८ मङ्सिर २१ गते पूर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

भिँ गाविस-६ की १३ वर्षीया बालिकालाई ०६७ चैत ५ गते साँझ पर्वत जिल्ला नाङ्लीवाङ गाविस-५ का जीप चालक २९ वर्षीय कृष्ण नेपालीले बलात्कार गरेको आरोपमा पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा चैत ८ गते उजुरी दियो। आरोपितलाई ०६७ चैत ८ गते प्रहरीले घरबाटै गिरफ्तार गऱ्यो। आफन्तको घर जान हिँडेकी बालिकालाई सोही ठाउँको टेकुर भन्ने स्थानमा जीपभित्र लगी बलात्कार गरेको पीडित परिवारले बतायो। बालिकाको चैत १० गते जिल्ला अस्पताल बेनीमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपितलाई जिल्ला अदालतले ०६८ मङ्सिर १२ गते ८ वर्षको कैद सजाय र २५ हजार रुपियाँ क्षतिपूर्ति तोकेर फैसला गऱ्यो।

सिङ्गा गाविस-८ की १५ वर्षीया बालिकालाई ०६८ वैशाख २३ गते सोही ठाउँका १८ वर्षीय टेकबहादुर किसानले बालिकाको घरमै बलात्कार गरेको आरोपमा पीडित परिवारले प्रहरीमा ०६८ वैशाख २४ गते उजुरी दिए। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतले ०६८ मङ्सिर २६ गते १० वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति दिने फैसला गऱ्यो। बालिकाको जिल्ला अस्पतालमा वैशाख २४ गते स्वास्थ्यपरीक्षण गरिएको थियो।

सिङ्गा गाविस-८ की १५ वर्षीया बालिकालाई ०६८ जेठ १६ गते सोही ठाउँका १८ वर्षीय लालबहादुर मिजार सार्कीले बालिकाको घरनजिकैको खेतमा बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६८ जेठ १७ गते उजुरी दियो। घाँस काट्न खेतमा गएकी बालिकालाई उनले जबरजस्ती बलात्कार गरेको उजुरीमा उल्लेख छ। आरोपितलाई सोही दिन प्रहरीले घरबाट गिरफ्तार गऱ्यो। बालिकाको जेठ १७ गते जिल्ला अस्पताल बेनीमा स्वास्थ्यपरीक्षण गरिएको थियो। उनलाई जिल्ला अदालतले ०६८ मङ्सिर २८ गते ६ वर्षको कैद सजाय र २५ हजार रुपियाँ क्षतिपूर्ति दिलाउने फैसला गऱ्यो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव र दुर्व्यवहार
बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

अर्थुङ्गे गाविस-३ की ४० वर्षीया एक महिलालाई ०६७ माघ २८ गते घतान गाविस-६ का १८ वर्षीय ईश्वर विकले महिलाको घरमा बलात्कार गरेको आरोपमा पीडितकी छोरीले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पीडितको माघ २९ गते जिल्ला अस्पताल बेनीमा स्वास्थ्य परीक्षण भयो। विकलाई सोही दिन प्रहरीले घरबाट गिरफ्तार गरेकोमा जिल्ला अदालतले ०६७ फागुन २७ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

पिप्ले गाविस-६ की २३ वर्षीया एक महिलालाई ०६७ फागुन ३ गते सोही ठाउँका ४५ वर्षीय टीकाबहादुर भण्डारीले महिलाको घरनजिकै झाँक्री ओडारमा बलात्कार गरेको आरोपमा पीडितका परिवारले ०६८ फागुन ४ गते जिल्ला प्रहरीमा उजुरी गऱ्यो। आरोपितलाई ०६७ फागुन ५ गते प्रहरीले घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतले मिलेमतोमा यौन सम्पर्क भएको र तेस्रो व्यक्तिले देखेपछि लोकलाज छोप्न बलात्कारको आरोप लगाएको भन्दै ०६८ असार १६ गते भण्डारीलाई सफाइ दिएकोमा जिल्ला सरकारी वकिल कार्यालयले पुनरावेदन अदालत बाग्लुङमा ०६८ असार २७ गते पुनरावेदन गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१		
उपस्वास्थ्यचौकी	४२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	३	
स्टाफ नर्स	४	४	
ल्याब असिस्टेन्ट	१	१	
अहेब	७४	५६	१८
अनमी	४८	४४	४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	११	५
स्वास्थ्य कार्यकर्ता	४८	४४	४

३.१६ मुस्ताङ



जनसङ्ख्या : १३,७९९
पुरूष : ७,३१७
महिला : ६,४८२
साक्षरता प्रतिशत : ५४
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ३,५७३
गाविस/नपा सङ्ख्या : १६/०
सरकारी/निजी विद्यालय : ७०/५
क्याम्पस/उच्च मा.वि. : ०/२
मानव विकास सूचकाङ्कः ०.४८२
प्रतिपरिवार सरदर सङ्ख्याः ३.९६

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका तीन कैदीहरू रहेका छन्। यस कारागारमा पर्खाल नभएका कारणले थुनुवा तथा बन्दीहरूको लागि खुला चौरमा खेल्ने, घाम ताप्ने र हिँडडुल गर्ने व्यवस्था छैन। बन्दीहरूका लागि भित्रै शौचालय बनाउन अतिआवश्यक भएको तर ०३५/३६ सालतिर बनेको भवनको अवस्था जीर्ण भएकोले भित्र शौचालय बनाउन सम्भव नभएको जेलर सुजन श्रेष्ठ बताए। यस वर्षदेखि बन्दीहरूको लागि सुत्ने खाटको व्यवस्था भएको छ। मनोरञ्जनका लागि सानो टेलिभिजनको व्यवस्था भएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ पाँचमध्ये चार फैसला भए भने एक फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ चारमध्ये एक फैसला भए भने तीन फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ दुईमध्ये दुई फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ चारमध्ये चार फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या आठ छ जसमध्ये सात सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म एक मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा दुईमध्ये एक सफल रहयो भने एक फैसला हुन बाँकी रहयो। बलात्कारसम्बन्धी मुद्दा एकमा एक सफल रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या नौ छ जसमध्ये तीन सफल भए भने दुई असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक

पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १६ सम्म चार मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा दुईमध्ये एक सफल र एक असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा तीनमध्ये एक असफल रह्यो भने दुई फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २ हजार ४६ मध्ये छात्र ९ सय ७४ र छात्रा १ हजार ७२ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४ सय ९१ र छात्र ४ सय ७९ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ७५ र पुरुष १ सय ५३ गरी जम्मा ५२ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला ४ र पुरुष ४८ गरी जम्मा ५२ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला १ र पुरुष ४१ गरी जम्मा ४२ शिक्षक रहेका छन्। जसमध्ये दलि महिला ५ र पुरुष ११ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ३ सय १६ र बालिका ३ सय २ गरी जम्मा ६ सय १८ यति रहेका छन् जसमध्ये दलित बालक ५५ र बालिका ५३ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

जोमसोममा घरेलु कामदारको रूपमा काम गर्दै आएकी १४ वर्षीया एक बालिकालाई ०६८ मङ्सिर १३ गते सोलुखुम्बु स्थायी घर भई मुस्ताङमा ज्यालादारी गर्दै आएका ३४ वर्षीय साङ्बो शेर्पाले बलात्कार गरेको आरोपमा उनले काम गर्दै आएको घरका परिवारले ०६८ मङ्सिर १३ गते जिल्ला प्रहरी कार्यालय मुस्ताङमा उजुरी दिए। सोही दिन प्रहरीले आरोपितलाई गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरी अनुसन्धानमा राखिएको छ।

मार्फा गाविस-१ की ५ वर्षीया एक बालिकालाई ०६८ मङ्सिर २४ गते बेलुका मार्फा गाविस-१ मार्फाका १८ वर्षीय सुनिल विकले बलात्कार प्रयास गरेको आरोपमा उनको परिवारले ०६८ मङ्सिर २५ गते जिल्ला प्रहरी कार्यालय मुस्ताङमा उजुरी दिए। सोही दिन प्रहरीले आरोपितलाई गिरफ्तार गरी अनुसन्धानमा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

कागबेनी गाविस-४ निवासी धागरजुङ गाउँकी अगुवा ३९ वर्षीया सावित्री गुरुङलाई गाउँमा मुखियालगायत गाउँका भद्र भलाद्मीहरूको निर्णयलाई प्रतिवाद गरेको आरोपमा ०६८ भदौ १७ गते जरिवाना तिर्न भनिएकोमा उनले जरिवाना तिर्न सहमत नभएपछि उनीलगायत उनका परिवार र अन्य परिवारको बीचमा आवतजावत गर्न नपाइने भनी गाउँमुखिया सोनामओड्दी गुरुङलगायत छाडरिन्जीन गुरुङ र सोनामयुङडुङ गुरुङको नेतृत्वमा निर्णय गरेका थिए। करिब २५ दिन जति बहिष्कार गरेपछि जिल्लाका प्रशासनलगायत राजनीतिक दलहरूको रोहबरमा ०६८ असोज ११ गते महिलाको तर्फबाट मध्यस्थकर्ताहरूले नै न्यूनतम जरिवाना तिरी सामाजिक बहिष्कार फिर्ता लिने कार्य भयो।

झुमा प्रथा

यस जिल्लामा परम्परागत रूपमा रहिआएको झुमा प्रथा अन्तरगत परिवारकी माहिली छोरी बाध्य भई झुमा बस्नु पर्ने थियो। हाल आएर कुनै बाध्यता नभई स्वेच्छाले झुमा बस्ने प्रचलन पनि बढ्दै गएको छ। झुमा भएपछि विवाह गर्न कुनै रोकावट छैन तैपनि झुमाले विवाह गरेमा माइतीको रूपमा महिलाको आमा बाबुको सट्टा सम्बन्धित गुम्बाको प्रमुख लामा वा गुरुलाई चलनअनुसारको माफी माग्नु पर्ने चलन छ। झुमा भएर बसेपछि अन्य लामा वा ढावासरह गुम्बामा बसेर पढ्ने, पूजाआजामा समान सहभागिता हुने, कसैको घरमा पुजाआजामा जादा पुरुषसरह वा आफ्नो दक्षताअनुसारको ज्याला वा दक्षिणा पाउने गरेको घार गुम्बाका प्रमुख आनी छेवाङले बताइन्। अहिलेको अवस्थामा प्रायःजसो आमाले दुई सन्तानभन्दा बढी सन्तान नजन्माउने भएको कारण पनि होला माहिली छोरी झुमा भन्ने प्रसङ्गै आउँदैन त्यसकारण यहाँका गुम्बाहरूमा झुमा बस्न आउने बालिका तथा महिलाहरू अन्यत्र जिल्लाहरू जस्तै डोल्पा, मुगु, काठमाडौँ बौद्धबाट प्रशस्त छन् भनी झोङ गाविस निवासी आनी धावा र आनी धावा खाण्डोले बताए।

मुखिया प्रथा

परम्परागतदेखि यस जिल्लामा मुखिया प्रथाको प्रचलन रहिआएको छ। केही गाउँहरूमा मुखियाहरूले सरकारको नीति नियम विपरित कानुनलाई हातमा लिने

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालअधिकार	३	३
आथिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१
महिलाअधिकार	३	३
जम्मा	**५**	**५**

कार्य भइरहेको देखिन्छ। यस्तो भए तापनि यस जिल्लाका अधिकांश स्थानीयवासीहरू मुखिया प्रथाबाट सन्तुष्ट रहेको बताउँछन्। मुखियाबाट हुने काम कारबाही छिटो, छरितो, पारदर्शी, कम झन्झटिलो भएको, काम गर्ने तौर तरिकामा क्रमशः सुधार हुँदै आएको र मुखिया छनौट प्रक्रिया सबैको सहमतिमा हुने गरेको त्यहाँको नागरिक समाजका चन्दबहादुर थकाली र स्थानीयबासी रत्ने विकले बताए। मुखिया छान्ने अधिकार धेरै जसो गाउँमा सबैलाई भएको र कतै पालै पालो बस्ने प्रावधान पनि देखियो। मुखियामा महिलाहरू पनि रहेको पाइयो। स्थानीय सरकारको अभावमा गाविस तथा गाउँस्तरका काम कारबाही र विकास निर्माणका काममा अयन्त सहयोग पाइएको कुरा कागबेनी गाविसका सचिव यज्ञप्रसाद शर्मा गोतामे र झोङ गाविसका सचिव हिक्मत बहादुर थकालीले बताए। समग्रमा हेर्दा राम्रो देखिए तापनि केही गाउँहरूमा अझ मुखिया प्रथाको निर्णयलाई प्रतिवाद गर्न नपाइने र गाउँको बैठकमा महिला र दलितहरू सहभागी हुन नपाउने अवस्था यथावत छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	७		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	२	१
स्टाफ नर्स	३	२	१
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	१९	१४	५
अनमी	१४	११	३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	११	५	६
स्वास्थ्य कार्यकर्ता	२२	११	११

मध्यपश्चिमाञ्चल

४.१ दाङ
४.२ प्यूठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रूकुम
४.६ बाँके
४.७ बर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालीकोट
४.१४ मुगु
४.१५ हुम्ला

४.१ दाङ



जनसङ्ख्या : ५,५७,८५२
पुरूष : २,६४,११०
महिला : २,९३,७४२
साक्षरता प्रतिशत : ७३
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : २,९५५
गाविस/नपा सङ्ख्या : ३९/२
सरकारी/निजी विद्यालय : ५०७/८४
क्याम्पस/उच्च मा.वि. : २/३७
मानव विकास सूचकाङ्कः ०.४०९
प्रतिपरिवार सरदर सङ्ख्याः ४.५५

जेल र बन्दीहरू

तुलसीपुर कारागार

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ३४ र कैद नतोकिएका ११ कैदी र थुनुवा गरी जम्मा १ सय ४५ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष १ सय २६ र महिला १९ रहेका छन्। साथै, आश्रित बालक एक जना र बालिका छ जना गरी जम्मा सात जना रहेका छन्। यस कारागारमा क्षमताभन्दा बढी बन्दी रहेका कारण यहाँ बस्न कठिनाइ छ। कारागारमा शौचालय, विद्युत, स्वास्थ्य सेवा, कानुनी उपचार सेवा, पत्रपत्रिका, रेडियो, टिभी, खेलमैदान, घुम्ने मैदान, क्यारेम बोर्ड, चेस, लुडो लगायतका खेलकूद तथा पाठ्यसामग्री उपलब्ध छन्। लोडसेडिङका कारण खानेपानीको समस्या रहेको कारागारका जेलर उदय डाँगीले बताए। डाँगीका अनुसार कारागारमा राष्ट्रिय साक्षरता कार्यक्रम, मैनबत्ती बनाउने तीन दिने तालिम, १० दिने कपडा बुन्ने तालिम समेत सञ्चालन भइरहेको छ।

घोराही कारागार

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएबाट ८६ र कैद नतोकिएबाट ३८ कैदी र थुनुवा गरी जम्मा १ सय २४ जना बन्दीहरू रहेका छन्। यस कारागारमा क्षमताभन्दा बढी बन्दी रहेका कारण बस्न कठिनाइ छ। कारागारमा पानी र शौचालयको समस्या रहेको छ। कारागारमा विद्युत, स्वास्थ्य सेवा, पत्रपत्रिका, रेडियो, टिभी, खेलकूद तथा पाठ्यसामग्री उपलब्ध रहेको कारागारका जेलर रनवीर बुढाले जानकारी दिए।

धम्की/कुटपिट

थरुहट र आदिवासी जनजाति महासङ्घबाट

रोल्पा जिल्ला दुबीडाँडा गाविस-४ घर भई हरप्लेस रोल्पाका सहजकर्ता ३० वर्षीय नन्दलाल खत्रीलाई ०६८ वैशाख ३० गते आदिवासी जनजाति महासङ्घ र थरुहट राज्य स्वायत्त परिषद्ले आह्वान गरेको एक दिने बन्दमा घोराहीबाट मोटरसाइकलमा तुलसीपुर जाँदै गर्दा ती सङ्गठनका कार्यकर्ताहरूले ढुङ्गा प्रहार गरी घाइते बनाए। निधारमा गहिरो चोट लागेका खत्रीको राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा प्राथमिक उपचारपछि थप उपचार नेपालगञ्जमा भयो। घटनामा संलग्न रहेको आरोपमा थरुहट राज्यपरिषद्का केन्द्रीय सदस्य ३८ वर्षीय धनीराम चौधरी र थरुहट सेना प्रमुख २२ वर्षीय राजेश चौधरीलाई प्रहरीले सोही दिन घटनास्थलबाट गिरफ्तार गऱ्यो। थरुहटले भने आफूहरूले ढुङ्गा प्रहार नगरेको र खत्री लडेर चोट लागेको दावी गऱ्यो। घटनामा थरुहट राज्यपरिषद्का केन्द्रीय सदस्य ३८ वर्षीय धनीराम चौधरी घाइते भएको थरुहटले बतायो। चौधरीको बायाँ हातको औंला, कुइना तथा दायाँ खुट्टामा चोट लागेको थियो। जिल्लामा कार्यरत अधिकारकर्मी, प्रहरी तथा थरुहटबीच ०६८ जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा भएको छलफलमा पीडितको उपचारमा लाग्ने सम्पूर्ण खर्च राज्यले व्यहोर्ने सहमतिमा मिलापत्र भए पनि पीडितले यस वर्षको अन्त्यसम्म उपचार खर्च पाएनन्।

अज्ञात समूहबाट

बिजौरी गाविस-५ निवासी सृजना बालबाटिका माविका प्रधानाध्यापक ५२ वर्षीय अशोककुमार पोखरेललाई ०६७ चैत १५ गते आफूलाई भूमिगत भिलेन समूह बताउने व्यक्तिले मोबाइलबाट फोन गरी ५ लाख रुपियाँ चन्दा नदिए ज्यानमार्ने धम्की दिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१	३	३
बालअधिकार	४		४
महिलाअधिकार	८		८
कुटपिट	१	५	६
धम्की		३	३
हत्या	३		३
जम्मा	**१६**	**१०**	**३६**

उक्त समूहले ०६८ वैशाख ५ र ८ गते तीन पटक एसएमएसबाट "यो कुरा कसैलाई भने पैसा पनि नछाड्ने र ज्यान पनि बाँकी नराख्ने" धम्की दिएका थिए। घटनामा संलग्न व्यक्तिलाई यथाशीघ्र पत्ता लगाई कारबाहीको माग गर्दै पीडितले ०६८ वैशाख ५ गते जिल्ला प्रशासन कार्यालय दाङमा जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म कसैलाई पनि गिरफ्तार गरिएको छैन।

चौखावाङ गाविस- ६ रुकुम निवासी नौलो जनउभार साप्ताहिकमा व्यवस्थापकको रूपमा काम गर्दै आएका ३२ वर्षीय पत्रकार गोविन्द खड्कामाथि ०६८ साउन ११ गते राति मौसमी होटलबाट खाना खाएर फर्कने क्रममा घोराही नपास्थित सहिदचोकनजिक रातो कारमा चढी आएका अज्ञात व्यक्तिहरूले हातपात तथा दुर्व्यवहार गरे। विनाकारण उनीहरूसँगै मोटरसाइकिलमा रहेका अर्का एक व्यक्तिले एक्कासि हातपात गरेको पत्रकार खड्काले बताए। पीडितले लिखित उजुरी नदिए पनि नेपाल पत्रकार महासङ्घको एक टोली जिल्ला प्रहरी कार्यालयमा साउन १२ गते पुगी घटनाका बारेमा मौखिक जानकारी गरायो। पीडक हालसम्म गिरफ्तार भएका छैनन्।

तुलसीपुर नपा- ३ गणेशपुर निवासी हाम्रो पहुँच बहुउद्देश्य सहकारी संस्था तुलसीपुरका सचिव २८ वर्षीय देवराज भण्डारी ०६८ कात्तिक १५ गते बेलुका घरबाट तुलसीपुरतर्फ मोटर साइकिलमा आउँदै गर्दा ४-५ जनाको अज्ञात समूहले मोटरसाइकल रोकी कुटपिट गऱ्यो। घरबाट तुलसीपुर आउँन लाग्दा घरदेखि करिब एकसय कि.मि.उत्तरतिर तीनजना व्यक्ति आएर मोटरसाइकिल रोकी भैलो खेल्न थाले, 'किन हो तिहार त सकियो' भन्दा एक जनाले मुक्का हानेको पीडित भण्डारीले बताए। भण्डारीका अनुसार उनी भाग्न खोज्दा लुकेर बसेका अन्य व्यक्ति समेत आएर समातेर ढुङ्गाले टाउकोमा हानेका थिए। आफू फेरि भागेर नजिकैको घरमा गएको र लखेट्दै गएका ती व्यक्तिले बाँसले टाउकामा हानी मऱ्यो भन्दै भागेको भण्डारीले बताए। कुटपिटबाट भण्डारीको नाक, आँखा र टाउकोमा गहिरो चोट लागेको थियो। उनको उपचार राप्ती अञ्चल अस्पताल तुलसीपुरमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत घोराही

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय ७ मध्ये २ सय ६८ फैसला भए भने १ सय ३९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय २५ मध्ये १ सय ३४ फैसला भए भने १ सय ९१ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ९१ मध्ये ७२ फैसला भए भने १ सय १९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ५८ मध्ये ३६ फैसला भए भने १ सय २२ फैसला हुन बाँकी रहे।

पुनरावेदन अदालत, तुलसीपुर

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ९८ मध्ये २ सय ८ फैसला भए भने ९० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय २ मध्ये १ सय २३ फैसला भए भने ७९ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ६८ मध्ये २६ फैसला भए भने २ सय ४२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ३५ मध्ये १३ फैसला भए भने १ सय २२ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक र देवानी मुद्दा एक रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ५ सय ४ छ जसमध्ये १ सय ४० सफल भए भने २३ असफल भयो। तीमध्ये माथिल्लो अदालतमा नौ

थान मुद्दामा पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ३ सय ४१ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ३७ मध्ये १५ सफल र तीन असफल रह्यो भने १९ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा १५ मध्ये दुई असफल रह्यो भने १३ फैसला हुन बाँकी रह्यो। बलात्कार उद्योगसम्बन्धी मुद्दा सातमध्ये दुई सफल दुई असफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा दुईमध्ये १ सफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा १३ मध्ये एक सफल रह्यो भने १२ फैसला हुन बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा १० मध्ये पाँच सफल र दुई असफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख २३ हजार ७१ मध्ये छात्र ५६ हजार १ सय ७३ र छात्रा ६६ हजार ८ सय ९८ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए।

बालविकास केन्द्रहरूमा बालक ५ हजार र बालिका ५ हजार ५ सय गरी जम्मा १० हजार ५ सय रहेका छन् जसमध्ये दलित बालक ७ सय र बालिका ४ सय छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बन्द हड्ताल

नेपाल शैक्षिक गणतान्त्रिक मञ्चले ०६८ असार २४ गते गरेको एकदिने शैक्षिक बन्दका कारण जिल्लाका विद्यालयमा पठनपाठन ठप्प भयो। मञ्चले आफ्नो दश सूत्रीय मागप्रति सरकार गैरजिम्मेवार भएको भन्दै एक दिने विद्यालय बन्दको आह्वान गरेको थियो। बन्दका कारण जिल्लामा रहेका निजी तथा सामुदायिक विद्यालय आंशिकरूपमा खुले पनि अधिकांश बन्द रहे। बन्दका कारण झण्डै ५ सय विद्यालयका करिब १ लाख ३० हजार बालबालिकाको पढाइ अवरुद्ध भयो। मञ्चको माग सरकारले पूरा गर्ने आश्वासन दिए पनि लिखित प्रतिबद्धता नजनाएकाले दबाबस्वरूप विद्यालय बन्द गर्नु परेको मञ्चका जिल्ला अध्यक्ष नारायण भण्डारीले बताए। मञ्चले सेवा अवधि गणना गरी अस्थायी शिक्षकलाई प्रक्रिया पुऱ्याई स्थायी गरिनुपर्ने, संस्थागत विद्यालयका शिक्षकलाई सामुदायिक विद्यालयका शिक्षक सरह तलब, भत्ता र नियुक्तिपत्र व्यवस्था गरिनुपर्ने लगायतका दश बुँदे मागहरू अघि सार्दै आएको थियो।

आदिवासी जनजाति महासङ्घ र थरुहट राज्य स्वायत्त परिषद्का कार्यकर्ताहरूद्वारा ढुङ्गा प्रहार गरी घाइते बनाइएका नन्दलाल खत्री

संविधानसभा विघटनलगायतका विभिन्न माग राखी थरुहट तराई पार्टी नेपालसहित विभिन्न नौ साना राजनीतिक सङ्गठनहरूले संविधानसभा विघटन गरिनुपर्ने, सर्वदलीय, सर्वपक्षीय, सर्वजातीय गोलमेच सम्मेलन गरी राष्ट्रिय नागरिक सरकार गठन गरिनुपर्ने, ताजा जनादेशका लागि राष्ट्रिय निर्वाचन गरिनु पर्ने लगायतका माग राखी ०६८ मङ्सिर ७ गतेदेखि अनिश्चितकालीन नेपाल बन्दको आह्वान गऱ्यो। बन्दका कारण जिल्लाको जनजीवन प्रभावित भयो। लामो तथा छोटो दुरीका कुनै पनि सवारीका साधन सञ्चालनमा आएनन् जसका कारण गन्तव्यमा हिँडेका यात्रुहरू पैदल हिँड्न बाध्य भए। बन्दका कारण जिल्लामा रहेका शिक्षण संस्था कलकारखाना, शिक्षण संस्था पूर्णरूपमा बन्द रहे। मङ्सिर १२ गते बन्द खुल्यो।

चितवन जिल्लास्थिल कारागारामा आक्रमणमा परी घाइते भएका चितवन तरुण दलका अध्यक्ष शिव पौडेलको उपचारको क्रममा मृत्यु भएको विरोधमा नेपाली काङ्ग्रेसले ०६८ पुस ४ गते गरेको एक दिने नेपाल बन्दका कारण जिल्लाका विद्यालयमा पठनपाठन ठप्प भयो। जसको कारण झण्डै ५ सय विद्यालयका करीब १ लाख ३० हजार बालबालिकाको पढाइमा अवरुद्ध भयो।

बलात्कार/बलात्कार प्रयास/दुर्व्यवहार

सौडियार गाविस-४ की १५ वर्षीया एक बालिकालाई घोराही नपा-११ का ३५ वर्षीय घरमालिक भोला पछाइँले ०६८ वैशाख २ गते जबरजस्ती बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०६८ वैशाख ७ गते जिल्ला प्रहरी कार्यालयमा किटानी

जाहेरी दिए। पछाइँले यसअघि ०६७ फागुन २२ गते पनि यौनशोषण गरेको र घटनाका बारेमा कसैलाई जानकारी दिए मार्ने धम्की दिएको आरोप पीडितले लगाइन्। बालिका दुई वर्षदेखि पछाइँको घरमा कमलहरी बस्दै आएकी थिइन्। घटनाका आरोपित पछाइँलाई ०६८ वैशाख ६ गते जिल्ला प्रहरी कार्यालय दाङले गिरफ्तार गरी ०६८ वैशाख २७ गते जिल्ला अदालत दाङको आदेशमा पुर्पक्षका लागि घोराही कारागार चलान गऱ्यो।

हलवार गाविस- २ की १४ वर्षीया एक बालिकालाई ०६८ असार १८ गते तुलसीपुर नपा- ४ राजपुरका ३२ वर्षीय राजेश नेपालीले बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय तुलसीपुरले ०६८ असार २२ गते नेपालीलाई गिरफ्तार गरी असार २५ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गऱ्यो। नेपालीले ती बालिकालाई गाडीमा घरमा पुऱ्याइदिने भन्दै तुलसीपुर र घोराहीमा लगेर बलात्कार गरेको इलाका प्रहरी कार्यालय तुलसीपुरले जनायो। सोही घटनाका अर्का आरोपित बा २ ख ११५४ नम्बरका सहचालक मङ्गल विक फरार रहेको प्रहरीले जनायो। आरोपितलाई जिल्ला अदालतको आदेशमा ०६८ साउन १६ गतेदेखि पुर्पपक्षका लागि थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

हापुर गाविस-९ की ५७ वर्षीया गम्मी विक, सोही ठाउँकी ३५ वर्षीया कुमारी विक र ८५ वर्षीया विष्णी विकलाई कथित बोक्सीको आरोपमा ०६८ वैशाख १४ गते सोही गाविस-९ का २५ वर्षीय तिलक नेपाली, सोही ठाउँका २१ वर्षीय बिक्की विक, २३ वर्षीय विनोद विक, सोही गाविस–९ का २० वर्षीय हरि खड्का सोही गाविस–५ का ४२ वर्षीय झाँक्री गौप्रसाद विक र शशी विकले अभक्ष खुवाई, सिस्नोपानी लगाइ कुटपिट गरे। हापुर गाविस-९ का बिक्की विक र विनोद विक विरामी भएपछि ०६८ वैशाख १३ गते झाँक्री गौप्रसाद विकले बोक्सी लागेको भनी ०६८ वैशाख १४ गते विनोद विकको घरमा छ घण्टा थुनेपछि गाउँनिकाला गरेका थिए। दोषीलाई कारबाहीको माग गर्दै ०६८ वैशाख १९ गते पीडितपक्षले जिल्ला प्रहरी कार्यालय दाङमा किटानी जाहेरी दियो।

अज्ञात समूहद्वारा कुटपिट गरी घाइते बनाइएका देवराज भण्डारी

पीडितहरू ०६८ वैशाख १५ गतेदेखि ३० गतेसम्म ओरेकको सुरक्षित गृहमा बसे। महिला अधिकारकर्मी, मानवअधिकारकर्मी र प्रहरीको प्रयासमा उनीहरू ०६८ जेठ १ गते घर फर्किए। आरोपितमध्ये झाँक्री गौप्रसाद विक र शशी विकलाई ०६८ वैशाख १९ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित गौप्रसाद विक र शशीराम विक ०६७ जेठ ६ गते जिल्ला अदालत दाङको आदेशमा २ हजार ५ सय रुपियाँ धरौटी राखी रिहा भए। अन्य आरोपित तिलक नेपाली, विक्की विक, विनोद विक, हरि खड्का फरार रहेको प्रहरीले बतायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सल्यान जिल्ला घर भइ तुलसीपुर क्षेत्रमा बस्दै आएकी मानसिक सन्तुलन गुमाएकी एक महिलालाई ०६८ असार २६ गते राति तुलसीपुर नपा- ५ नयाँबसपार्कका २३ वर्षीय लिलाधर सुनारले सडकछेउबाट घिसार्दै लगेर बसपार्कमा पार्किङ गरिरहेको बसभित्र लगी बलात्कार गर्दै गरेको अवस्थामा गस्तीमा रहेको प्रहरीको टोलीले सुनारलाई रङ्गेहात गिरफ्तार गरेको प्रहरीले जनायो। ०६८ साउन १८ गतेदेखि जिल्ला अदालतको आदेशमा आरोपित पुर्पपक्षका लागि थुनामा रहेका छन्।

पवननगर गाविस- २ छोटेकी २२ वर्षीया एक महिला तथा उनकी १२ वर्षीया बहिनीलाई पाहुनाको बहाना बनाई घरमा गएर बेहोस गराउने औषधि सेवन गराई ०६८ मङ्सिर ८ गते साँझ सामूहिक बलात्कार गरेको आरोपमा बाँके जिल्ला नेपालगञ्ज नपा- ११ का २९ वर्षीय सुन्दर केवटलाई नेपालगञ्ज प्रहरीले ०६८ मङ्सिर ११ गते गिरफ्तार गऱ्यो भने नाम ठेगाना खुल्न नसकेका एकजना फरार रहेको प्रहरीले बतायो। सामूहिक बलात्कारसँगै उनीहरूले एकथान मोबाइल सेट तथा कानमा लगाउने बालीसमेत आरोपितले लगेका थिए। स्थानीय बासिन्दाहरूले बिहान सुनसान भएपछि घरमा जाँदा ती महिलालाई बेहोस अवस्थामा भेट्टाएका थिए। पीडितको स्वास्थ्य परीक्षण अञ्चल अस्पताल तुलसीपुरमा भयो। घटनाका आरोपित केवटलाई यो वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा राखिएको छ भने अर्का आरोपित फरार रहेका छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

गोवरडिहा गाविस-१ की ४५ वर्षीया मानमती कुमाललाई घरयासी विवाद हुँदा ०६८ वैशाख ११ गते बिहान २२ वर्षीया बुहारी सुमित्रा कुमालले खाना खाइरहेको समयमा बञ्चरो प्रहार गरी हत्या गरिन्। बायाँ कानमुनि गर्धनमा चोट लागेकी मानमतीको घटनास्थलमै मृत्यु भयो। हत्याका आरोपित सुमित्रा कुमाललाई इलाका प्रहरी कार्यालय भालुवाङले सोही दिन गिरफ्तार गरी ०६८ वैशाख २२ गते जिल्ला अदालत दाङको आदेशमा पुर्पक्षका लागि घोराही कारागार चलान गऱ्यो। मृतकको पोस्टमार्टम लमही स्वाथ्यकेन्द्रमा सोही दिन भयो।

घोराही नपा- १ बयरबटुवाकी २३ वर्षीया निर्मला चौधरीलाई ०६८ मङ्सिर १४ गते राति २५ वर्षीय पति वीरशरण चौधरीले कुटपिट गरी हत्या गरेको आरोपमा ०६८ मङ्सिर १५ गते वीरशरणलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा ०६८ मङ्सिर १५ गते जाहेरी दिएका थिए। जिल्ला प्रहरी कार्यालयले मङ्सिर १६ गते एक पत्रकार सम्मेलन गरी मादकपदार्थ सेवन गरेका चौधरीले घरयासी विवाद हुँदा कुटपिट गरी तारले घाँटीमा बाँधेर हत्या गरेको जनायो। आरोपित जिल्ला अदालतको आदेशमा हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

धनौरी गाविस-७ का ४२ वर्षीय भूपेन्द्र मल्लको घरनजिकै रोकिराखेको रा १ ज २१७६ नम्बरको जीपमा अज्ञात समूहले ०६८ वैशाख ३ गते बेलुका आगजनी गरी क्षति पुऱ्यायो। आगजनीबाट गाडी पूर्णरूपमा क्षति भयो। गाडीको नजिकै एमसीसी लेखिएको ब्यानर भेटिएको प्रहरी बतायो। एमसीसी नेपालका जिल्ला संयोजक विश्व प्रकाशले ०६८ वैशाख ४ गते स्थानीय सञ्चारमाध्ययममा टेलिफोन गरी घटनाको जिम्मा लिए। श्रीगाउँ गाविस-७ निवासी एमसीसी नेपालका जिल्ला इन्चार्ज भनिने २३ वर्षीय मोहनकुमार पाण्डेय, सोही गाविस-४ निवासी सङ्गठनका कार्यकर्ता २६ वर्षीय कविराम चौधरी र सोही ठाउँका ओमबहादुर घर्तीलाई इलाका प्रहरी कार्यालय तुलसीपुरले ०६८ वैशाख २७ गिरफ्तार गरी

नेपाल आदिवासी जनजाति महासङ्घ सङ्घर्ष समितिका कार्यकर्ताहरूद्वारा आगजनी गरी क्षति पुऱ्याइएको मानपुर गाविस कार्यालय

०६८ वैशाख २८ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गऱ्यो। आरोपित सबै ०६८ जेठ २ गते जिल्ला अदालत दाङको आदेशमा १ लाख ७५ हजार रुपियाँ धरौटी राखेर इलाका प्रहरी कार्यालय तुलसीपुरबाट रिहा भए।

नेपाल आदिवासी जनजाति महासङ्घ सङ्घर्ष समितिले आफूहरूको मागको बेवास्ता गरेको भन्दै ०६८ कात्तिक २१ गते राति सैघा गाविसको कार्यालयमा आगजनी गऱ्यो। आईएलओ महासन्धि १६९ लाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नुपर्ने, जिविसबाट सञ्चालित एलसीसीडीपी लगायतका विकासका कामहरू गर्दा देखा परेका असहजता, अस्पष्ट नियम, अनावश्यक झन्झटिला कामहरू रोकिनु पर्ने लगायतका माग राखी कात्तिक १६ गतेदेखि जिल्लामा सम्पूर्ण गाविस कार्यालय बन्दको घोषण गरी आन्दोलन थालेको समितिले चेतावनी स्वरूप कार्यालयमा आगजनी गरेको समितिका जिल्ला इन्चार्ज शरण थारूले स्थानीय सञ्चारमाध्ययमलाई फोन मार्फत् जानकारी गराए। कार्यालयका सचिव धनबहादुर केसीका अनुसार आगजनीबाट गाविस सम्पूर्ण कागजात जलेर नष्ट भए। कार्यालयको सम्पूर्ण कामकाज विगत दुई वर्षखेखि जिल्ला सदरमुकाममा हुँदै आएको भए पनि महत्वपूर्ण तथा पुराना कागजपत्र, सोलार, सिलाई मेसिन, फर्निचर लगायत सबै जलेर नष्ट भएको सचिव केसीले बताए।

नेपाल आदिवासी जनजाति महासङ्घ सङ्घर्ष समितिले ०६८ कात्तिक १६ गते राति मानपुर गाविसको कार्यालयमा आगजनी गरी क्षति पुऱ्यायो। आईएलओ महासन्धि १६९ लाई व्यवहारिकरूपमा कार्यान्वयन गर्नुपर्ने माग राखी जिल्लामा सम्पूर्ण गाविस कार्यालय बन्दको घोषण गरी आन्दोलन थालेको समितिले चेतावनीस्वरूप कार्यालयमा आगजनी गरेको समितिका जिल्ला इन्चार्ज शरण थारूले स्थानीय सञ्चारमाध्ययमलाई फोन गरी बताए। आगजनीबाट

सम्पूर्ण कागजपत्र र फर्निचर नष्ट भएको गाविस कार्यालयका मुखिया राजेन्द्र केसीले जानकारी दिए। घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय तुलसीपुर र प्रहरी चौकी हेमन्तापुरबाट गएको प्रहरीको टोली र स्थानीय बासिन्दाहरूले कार्यालयमा लागेको आगो निभाएका थियो।

तुलसीपुर नपा- ६ निवासी पेशल डाँगीको तुलसीपुर घोराही सडकखण्डअर्न्तगत पर्ने मानपुर गाविस ९ मजगैंमा रोकी राखेको ना ४ ख ५३०८ नम्बरको बसमा ०६८ मङ्सिर २७ गते बेलुका अज्ञात समूहले आगजनी गरी क्षति पुऱ्यायो। आगजनीबाट बसको सीट जलेर पूरै नष्ट भएको थियो भने चालक तिरको झ्यालको सिसा पनि नष्ट भएको थियो। बसमा लागेको आगो प्रहरी र स्थानीय बासिन्दाको सक्रियतामा निभाइएको थियो। आगजनी कसले के कारणले गरेको भन्ने बारेमा यो वर्षको अन्त्यसम्म केही खुल्न नसकेको प्रहरीले बतायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	३		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	२६		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६६	३१	३५
स्टाफ नर्स	४१	४१	
ल्याब असिस्टेन्ट	७	४	३
अहेब	६४	५६	८
अनमी	३६	२७	९
हेल्थ असिस्टेन्ट	७	५	२
स्वास्थ्य कार्यकर्ता	५५	५०	५

४.२ प्यूठान

जनसङ्ख्या : २,३५,१६५
पुरूष : १,०३,४५९
महिला : १,३१,७०६
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : १,३०९
गाविस/नपा सङ्ख्या : ४९/०
सरकारी/निजी विद्यालय : ३५४/१३
क्याम्पस/उच्च मा.वि. : १/१३
मानव विकास सूचकाङ्कः ०.४१६
प्रतिपरिवार सरदर सङ्ख्याः ४.७५

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४१ र कैद नतोकिएका १४ कैदी र थुनुवा गरी जम्मा ५५ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका पुरुष ३७ र महिला चार रहेका छन् भने कैद नतोकिएकामा पुरुष १२ र महिला दुई रहेका छन्। यस कारागारमा क्षमताभन्दा बढी बन्दीहरू भएकोले बस्न असुविधा भएको छ। जिल्ला कारागार प्रमुख दिलिप श्रेष्ठले कारागारको नयाँ भवन बन्दै गरेको जानकारी दिए। सो भवन बनेपछि बन्दी तथा थुनुवाहरूलाई बस्न सजिलो हुने उनले बताए।

तिराम गाविस- ३ का ६१ वर्षीय मतलाल कामी कारागारमा बेहोस भएपछि उपचार गर्दा गर्दै ०६७ फागुन ४ गते जिल्ला अस्पताल विजुवारमा उनको मृत्यु भयो। पोस्टमार्टमा प्रतिवेदनमा हृदयघातबाट उनको मृत्यु भएको उल्लेख भएको जेलर दिलिप श्रेष्ठले बताए। यसअघि पनि उनी पटकपटक बिरामी हुने र उपचारपछि ठीक हुने गरेका थिए। कामी ०५६ सालदेखि कारागारमा थिए।

घटनको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१		१
बालअधिकार			१		१
महिलाअधिकार			९		९
जेलमा मृत्यु	१	१			
जातीय विभेद			१	१	२
कुटपिट			६		६
धम्की			१	१	२
हत्या			१	२	३
जम्मा	**१**	**१**	**३०**	**४**	**३४**

धम्की/कुटपिट

अन्यबाट

विजुवार गाविस- ४ निवासी नेपाल पत्रकार महासङ्घ शाखाका अध्यक्ष तथा एकता साप्ताहिका सम्पादक ३८ वर्षीय सुशील पोखेललाई ०६८ कात्तिक ७ गते विहान विजुवार गाविस-६ का ३२ वर्षीय बालाजु श्रेष्ठ तथा धर्मावती गाविसका रेशम केसीले विजुवारमा पत्रिकाको कार्यालयबाट बोलाई धम्की दिए। एकता साप्ताहिकमा भू-माफियाहरूले अव्यस्थित जमिन जिल्लाको उर्वरा भूमिलाई मास्दै गएको भनी ०६८ असोज २९ गतेको सम्पादकीय विषयलाई लिएर अब आइन्दा पुन: लेखेमा राम्रो नहुने भन्दै धम्की तथा दुर्व्यवहार गरेका थिए। पीडित पत्रकारले ०६८ कात्तिक १० गते जिल्ला प्रहरी कार्यालय प्यूठानमा ज्यानको सुरक्षा गरिपाऊँ भनी निवेदन दिए। घटनाको विरोधमा जिल्लाका पत्रकार, पत्रकार महासङ्घ र मानवअधिकार क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरूले प्रेस विज्ञप्ति जारी गरी घटनाको विरोध गरे। यो वर्षको अन्त्यसम्म घटनाको बारेमा कारबाही अघि नबढेको जिल्ला प्रहरी कार्यालयले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय २५ मध्ये ७२ फैसला भए भने ५३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ५ मध्ये ५२ फैसला भए भने ५३ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय १ मध्ये २४ फैसला भए भने ७७ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६५ मध्ये नौ फैसला भए भने ५६ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ७२ छ जसमध्ये ४३ सफल भए भने १९ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या तीन पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या १ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १० मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ११ मध्ये एक असफल रह्यो भने १० फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा दुईमध्ये एक सफल र एक असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा दुईमध्ये एक सफल र एक असफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७१ हजार ७ सय ८५ मध्ये छात्र ३६ हजार ४ सय ५८ र छात्रा ३५ हजार ३ सय २७ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ३६ र छात्र ७ हजार ६ सय ४७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला २ सय ६ र पुरुष ६ सय ४३ गरी जम्मा ८ सय ४९ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ८ र पुरुष १ सय १४ गरी जम्मा १ सय २२ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला २ र पुरुष १ सय १६ गरी जम्मा १ सय १८ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ४ हजार २ सय ६४ र बालिका ३ हजार ९ सय २० गरी जम्मा ८ हजार १ सय ८४ रहेका छन् जसमध्ये दलित बालक १ हजार ४६ र बालिका ९ सय ६३ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बन्द/हड्ताल

नेपाली काङ्ग्रेसद्वारा ०६८ पुस ४ गगे तरुण दल चितवनका अध्यक्ष शिव पौडेलको मुत्युको

विरोधमा गरेको देशव्यापी आमहड्तालको कारण प्यूठान जिल्लाका सम्पूर्ण निजी तथा सरकारी गरी ४ सय २ विद्यालय बन्द हुँदा त्यसमा अध्ययनरत करिब ८३ हजार ५ सय २६ विद्यार्थीहरूको पठनपाठन अवरुद्ध भयो।

परिवारजनबाट हत्या

रजबारा गाविस- १ का डोरबहादुर मल्लका ५ महिनाका छोरा निजर मल्ललाई सोही गाविस- १ मा बस्ने आफ्नै साईली आमा ३१ वर्षीया विष्णु मल्लले उनको घरपरिवारले घरमा सुताई काम गर्न गएको अवस्थामा ०६८ साउन ९ गते दिउँसो मुसा मार्ने विष खुवाई हत्या गरिन्। ०६८ साउन १० गते विष्णु मल्ललाई प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय प्यूठानमा ल्याई मुद्दा चलायो। अदालतको फैसलाबमोजिम विष्णु मल्ललाई ०६८ साउन २९ गते जिल्ला कारागार प्यूठान जेल चलान गरियो। लासको ०६८ साउन १० गते जिल्ला अस्पताल विजुवारमा रीसका कारण आफूले हत्या गरेको प्रहरीसामु बयान दिइन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

फोप्ली गाविस–७ की ३५ वर्षीया सरस्वती सुवेदीलाई ०६८ वैशाख ३१ गते उनका देवर ३२ वर्षीय चन्द्रलाल सुवेदीले बोक्सीको आरोप लगाई सार्वजनिक रूपमा गाली बेइजत गरी 'धामी बोलाई नचाउँछु' भनी धम्की दिए। सरस्वतीले बोक्सी लगाई आफ्ना गाई भैँसी मार्ने गरेको आरोप चन्द्रलालले लगाएका थिए। पीडितले न्याय पाऊँ भनी इलाका प्रहरी कार्यालय बाहानेमा ०६८ जेठ २७ गते निवेदन दिइन्। घटनापश्चात् फरार रहेका चन्द्रलाल ०६८ साउन ७ गते गाउँमा आएपछि सोही गाउँमा बसेको भेलामा चन्द्रलालले पीडितसामु माफ मागेपछि दुवै पक्षबीच मेलमिलाप भयो।

पतिद्वारा कुटपिट गरिएकी कमला पाण्डे

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

उदयपुरकोट गाविस-१ की ६८ वर्षीया एक वृद्ध महिलालाई ०६८ साउन २ गते दिउँसो सोही गाविस-३ का ३० वर्षीय बलराम महराले वृद्धाको घरमा गई पानी प्यास लागेको छ भनी खाने बाहानामा भित्र पसी बलात्कार गरेको आरोपमा प्रहरीले साउन ३ गते गिरफ्तार गऱ्यो। घटना हुँदा घरमा कोही नभएको र पीडित महिला कराएपछि गोठमा काम गरिरहेकी बुहारी आएपछि बलाराम भागेका थिए। पीडितको स्वास्थ्यपरीक्षण विजुवार जिल्ला अस्पतालमा गराउँदा बलात्कार भएको प्रमाणित भयो। प्रहरीले अदालतको आदेशअनुसार आरोपितलाई ०६८ साउन २२ गते जिल्ला कारागार चलान गऱ्यो।

रम्दी गाविस- ५ की ५३ वर्षीया एक वृद्ध महिलालाई ०६८ मङ्सिर १७ गते साँझ रम्दी गाविस-५ का २८ वर्षीय दीपक मल्लले माइती घर खैराबाट घर गइरहेको अवस्थामा रम्दी गाविस - ५ मा बलात्कार गरेको आरोपमा पीडितले ०६८ मङ्सिर १८ गते विजुवार प्रहरी चौकीमा उजुरी गरिन्। पीडितको स्वास्थ्यपरीक्षण विजुवार जिल्ला अस्पतालमा भएको थियो। प्रहरीले मल्ललाई खोजिरहेको र हालसम्म गिरफ्तार गर्न नसकेको जनायो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

भिग्री गाविस–९ की ३७ वर्षीया यामीदेवी घर्तीमगरलाई ०६८ जेठ ४ गते राति घरायसी विवादमा उनका पति ३६ वर्षीय घनश्याम घर्तीमगरले कुटपिट गरी विष खुवाई हत्या गरे। प्रहरीले घनश्यामलाई ०६८ जेठ ५ गते गिरफ्तार गऱ्यो। प्रहरीले ०६८ जेठ १० गते जिल्ला अदालत प्यूठानसमक्ष कर्तव्य ज्यान मुद्दा दर्ता गराएकोमा उनलाई जिल्ला अदालत प्यूठानको आदेशअनुसार ०६८ असार २ गते पुर्पक्षका लागि कारागार चलान गरियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

परिवारजनबाट कुटपिट

विजयनगर गाविस–५ की २६ वर्षीया कमला पाण्डेलाई ०६८ जेठ २५ गते साँझ पति ३० वर्षीय विनोद पाण्डेले मादक पदार्थ सेवन गरी कुटपिट गरे। कुटपिटबाट कमला बेहोश भएपछि गाउँले र आफन्तहरूले विजुवार प्रहरी कार्यालयमा जानकारी दिएपछि घटनास्थलमा तत्काल प्रहरी पुगी घाइतेलाई

उपचारका लागि जिल्ला अस्पतालमा लगेका थिए। पाण्डेलाई प्रहरीले सोही दिन गिरफ्तार गरी ०६८ जेठ २८ गते अबदेखि यस्ता क्रियाकलाप नगर्ने प्रतिबद्धता जनाउन लगाई विजुवार प्रहरी कार्यालयमा मेलमिलाप भयो।

बहुविवाह

बादिकोट गाविस–९ की ३० वर्षीया विष्णा ज्ञवालीको घरमा एकछोरा, एकछोरी हुँदाहुदै ०६७ माघमा पति ३३ वर्षीय केशरप्रसाद ज्ञवालीले घरपरिवारलाई थाहै नदिई अर्घाखाँची जिल्लाकी २३ वर्षीया राधा ज्ञवालीसँग दोस्रो विवाह गरे। पीडितले ०६८ वैशाख ६ गते बहुविवाहसम्बन्धी जाहेरी जिल्ला प्रहरी कार्यालय प्यूठानमा दर्ता गराइन्। उनका पति केशरप्रसाद ज्ञवालीलाई ०६८ वैशाख ८ गते प्रहरीले गिरफ्तार गऱ्यो। केशरप्रसादले घर जग्गा धरौटी राखी अदालतबाट उनी ०६८ जेठ २१ गते तारेखमा रिहा भए।

बेलबास गाविस- ५ सोत्रेका ३० वर्षीय नवराज गोराथोकीले ०६८ भदौ १ गते घरमा पत्नी हुँदा हुँदै भिग्री गाविस- १ ज्यामुरपाटाबाट २५ वर्षीया हिरा केसीसँग दोश्रो विवाह गरे। जेठी पत्नी विमलाले जिल्ला प्रहरी कार्यालयमा ०६८ भदौ १० गते निवेदन दिइन्। प्रहरीले नवराज र बिमला बीचलाई छलफल गराई ०६८ भदौ ११ गते जिल्ला मालपोत कार्यालय प्यूठानबाट विमलालाई जग्गा रजिष्ट्रेशन पास गराइदियो।

सबै प्रकारका जातीय विभेद

बेलबास गाविस–३ का २७ वर्षीय पहलसिंह सुनारलाई ०६७ फागुन २ गते सोही गाविस–३ का ३५ वर्षीय परबहादुर घर्तीमगरले आफ्नो घरको विवाह भोजमा निम्ता गरी 'दलित' भनी सार्वजनिक रूपमा गाली बेइज्जती गरे। पीडित पहलसिंह सुनारले न्यायका लागि जिल्ला प्रहरी कार्यालय प्यूठानमा ०६७ फागुन ५ गते निवेदन दिए। प्रहरीले गिरफ्तार गर्न गएको अवस्थामा फरार रहेका घर्तीमगरले ०६७ चैत २० गते आइन्दा यस्तो विभेद गर्दिन भनी स्थानीय राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीविसमक्ष प्रतिबद्धता जनाएपछि दुवै पक्षबीच सोही दिन गाउँमा मेलमिलाप भयो।

तिराम गाविस-९ की २३ वर्षीया नीरा पुन (वि.क.) लाई ०६८ असार १८ गते दिउँसो सोही गाविस-९ बायोखोलाका २२ वर्षीया छवि रोकाले पानी भर्न लाग्दा "मेरो गाग्री छोइस कमिनी" भनी गाली बेइज्जत गरी "तँलाई मार्छु" भन्दै कुटपिट गरिन्। पीडित नीरा पुन (वि.क) ले न्यायको लागि ०६८ असार २३ गते जिल्ला प्रशासन प्यूठान र प्रहरी कहाँ उजुरी गरिन् र जिल्ला प्रशासनले दुवै पक्षलाई बोलाई ०६८ साउन १६ गते जिल्ला प्रशासनमा अबदेखि यस्ता क्रियाकलाप नगर्ने भनी दुवैपक्ष मिलापत्र गरायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२९		
उपस्वास्थ्यचौकी	१७		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	५	
स्टाफ नर्स	६	४	२
ल्याब असिस्टेन्ट	१	१	
अहेब	५३	४३	१०
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२	२	
स्वास्थ्य कार्यकर्ता	८४	६७	१७

४.३ रोल्पा



जनसङ्ख्या : २,२७,०७५
पुरूष : १,०४,६५४
महिला : १,२२,४२१
साक्षरता प्रतिशत : ४३
महिला साक्षरता प्रतिशत : ३१
क्षेत्रफल (वर्ग कि. मि.) : १,८७९
गाविस/नपा सङ्ख्या : ५१/०
सरकारी/निजी विद्यालय : ३९२/८
क्याम्पस/उच्च मा.वि. : १/१०
मानव विकास सूचकाङ्कः ०.३८७
प्रतिपरिवार सरदर सङ्ख्याः ५.१२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

बेवारिसे बम विस्फोटनबाट

कोर्चावाङ गाविस-८ का १५ वर्षीय राजेन्द्र पुन ०६८ वैशाख २५ गते साँझ भावाङ्ग गाविस-१ को माडिखोलाको बगरमा भेटिएको बम चलाउँदा विस्फोट भई गम्भीर घाइते भएकोमा उपचारका लागि अस्पताल लैजाँदै गर्दा उनको सोही दिन मृत्यु भयो। बम सोही घटनामा कोर्चावाङ गाविस-८ का १६ वर्षीय विशाल पुन घाइते भएका थिए। घाइते पुनको जिल्ला अस्पताल रेउघामा उपचार भयो। घटनामा परेपछि विशालले कान कम सुन्ने गरेको बताए। उनको कानको उपचार काठमाडौमा भयो। बम कसले राखेको हो भन्ने विषयमा यस वर्षको अन्त्यसम्म खुलेन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटनबाट

तेवाङ गाविस-३ निवासी बडाचौर गाविस-२ स्थित माइतीघर आएकी २७ वर्षीया तालिमा विष्ट ०६८ जेठ १२ गते बिहान बडाचौर गाविसस्थित नम्जाको जङ्गलमा रहेको गोठभित्र धानको बीउ खोज्ने क्रममा बेवारिसे बम विस्फोटनमा परी घाइते भइन्। विस्फोटनबाट उनको बायाँ हात क्षतविक्षत भयो। घाइतेको उपचार कोहलपुरस्थित शिक्षण अस्पतालमा भयो। उपचारमा करिब १ लाख ७५ हजार रुपियाँ खर्च भएको र कसैले सहयोग नगरेको पीडितले बताए। उनको बायाँ हात नाडीदेखि तल गुमेको छ। उनका पति रेगबहादुर विष्ट कामको सिलसिलामा एक वर्षदेखि कतारमा रहेका छन्। आर्थिक अभावले पेट र दुवै खुट्टाको जोर्नीमा रहेका बमका छर्राहरू निकाल्न उनले यस वर्षको अन्त्यसम्म सकेकी छैनन्।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३६ र कैद नतोकिएका २३ कैदी र थुनुवा गरी जम्मा ५९ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका पुरुष ३२ र महिला चार रहेका छन् भने कैद नतोकिएका पुरुष २२ र महिला एक रहेका छन्। रोल्पा कारागार शाखा कार्यालयका बन्दीहरू ०६८ भदौ ७ गते बिहान ६ बजेतिर एक आपसमा कुटाकुट गर्दा दुई बन्दीहरू घाइते भए। बन्दीहरू एक आपसमा हात हालाहाल गर्दा लालवागी डाँगी र धनबहादुर केसी सामान्य घाइते भएको कारागार शाखाले जनायो। एकआपसमा मनमुटाव हुँदा बन्दीहरूमा हानाहान चलेको थाहापाउने बित्तिकै प्रहरीले घटनालाई नियन्त्रणमा लिएको थियो। डाकाचोरीको अभियोगमा बन्दी घाइते दुवै जनाको टाउकोमा सामान्य चोट लागेको थियो। उनीहरूको उपचार कारगारमै भएको कारागारले जानकारी गरायो। कारागारमा रहेका डाकाचोरी, जबजरस्ती करणी र ज्यान मुद्दाका बन्दीहरूबीच हात हालाहाल भएको थियो।

धम्की/कुटपिट

अज्ञात समूहबाट

लिवाङ गाविस–६ निवासी नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा रोल्पाका सदस्य एवम् एबीसी टेलिभिजनका समाचारदाता तथा रेडियो जलजलाका समाचारवाचक २८ वर्षीय धनीराम शर्मालाई 'ठूलो मान्छे बन्न खोजेको' आरोपमा ०६७ पुस २२ गते बेलुका अपरिचित व्यक्तिले ९७२८२५१७५३ नम्बरको मोबाईलबाट फोन गरी "हात भाँचिदिने" भन्दै मार्ने धम्की दिए। पीडितले जिल्ला प्रहरी कार्यालय रोल्पामा सोही दिन उजुरी दिए। यस वर्षको अन्त्यसम्म धम्की दिने व्यक्तिको पहिचान हुन सकेन।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			३	५	८
बालअधिकार			६	१	८
अपहरण			१		१
महिलाअधिकार			८		८
गिरफ्तारी/यातना	१	१			
कुटपिट				६	६
धम्की				३	३
हत्या			१	३	३
जम्मा	**१**	**१**	**१८**	**१६**	**३३**

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ५ मध्ये ६८ फैसला भए भने ३७ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८५ मध्ये ५८ फैसला भए भने २७ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ५७ मध्ये १८ फैसला भए भने ३९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५९ मध्ये १५ फैसला भए भने ४४ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई र देवानी मुद्दा एक रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४८ छ जसमध्ये २५ सफल भए भने एक असफल भएको छ। सरकारी वकिल सङ्ख्या १ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म २३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १३ मध्ये सात सफल रह्यो भने छ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा तीनमध्ये एक सफल रह्यो भने दुई थान फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७८ हजार ३ सय २५ मध्ये छात्र ३८ हजार ७ सय ३९ र छात्रा ३९ हजार ५सय ८६ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ४ सय ९२ र छात्र ७ हजार ३ सय ४१ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला र पुरुष गरी जम्मा १ हजार ७ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला र पुरुष गरी जम्मा २ सय ८ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला र पुरुष गरी जम्मा १ सय १६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ३ हजार ९ सय १० र बालिका ३ हजार ९ सय ३७ गरी जम्मा ७ हजार ८ सय ४७ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बन्द/हड्ताल

उवा गाविस-६ स्थित भानुभक्त माथि रेकुङ्नेटाका प्रधानाध्यापक दुर्गाप्रसाद डाँगीले विद्यालयमा आफू खुसी गरेको भन्दै ०६८ जेठ ३ गते सोही विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले विद्यालयमा तालाबन्दी गरे। तालाबन्दी भएपछि विद्यालयमा अध्ययनरत करिब ६ सय बालबालिकाहरू पठनपाठनमा अवरोध भयो। योग्यता पुगेका तथा विषयगत शिक्षकहरूले मात्र अध्यापन गराउनुपर्ने, विद्यालयमा अनुशासन पालना गर्ने वातावरण मिलाउनुपर्ने, विद्यालय व्यवस्थापन समिति छनौटमा अभिभावको उपस्थिति अनिवार्य हुनुपर्ने लगायतका माग विद्यार्थीहरूले राखेका थिए। विद्यार्थीहरूले सोही दिन प्रधानाध्यापकसहित अन्य शिक्षकशिक्षिकाहरूलाई एक घण्टासम्म कार्यालय कोठामा थुनेका थिए। विद्यालय व्यवस्थापन समितिको ०६८ जेठ ६ गते बसेको बैठकले विद्यार्थीको माग सम्बोधन गर्ने सहमति गरेपछि सोही दिनदेखि विद्यालयको ताला खोलेका थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

घर्तीगाउँ-६ की १४ वर्षीया बालिकालाई बलात्कार गरेको अभियोगमा जेदवाङ गाविस-४ का २८ वर्षीय चम्फे विकलाई ०६८ साउन ३० कारागार चलान गरियो। बालिकालाई ०६८ असार ३२ गते लिवाङ गाविस-६ बालमन्दिर टोलमा विकले बलात्कार गरेको आरोप पीडित पक्षले लगायो। फरार विकलाई ०६८ साउन २६ गते लिवाङ गाविस ४ रेउघाबाट

प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशपछि विक कारागार चलान भए।

लिवाङ गाविस-६ बस्ने ८ वर्षीया एक बालिकालाई बलात्कार प्रयास गरेको अरोपमा रौतहट घर भई पशुसेवा कार्यालयमा कार्यरत जेटिए ३८ वर्षीय अशोककुमार केशरी ०६८ असोज ६ गते जिल्ला कारागारमा चलान भए। विभिन्न बहानामा फकाइ लिवाङ बजारमा रहेको आफ्नो पसलमा केसरीले ०६८ भदौ २ गते ती बालिकालाई बलात्कारको प्रयास गरेको पीडितपक्षले बतायो। आरोपित जिल्ला अदालतको आदेशमा कारागारमा थुनामा छन्।

बेवारिसे अवस्थामा भेटिएको बम चलाउँदा विस्फोटन भई मृत्यु भएका राजेन्द्र पुन

लिवाङ गाविस-९ सानोलिवाङ बस्ने १२ वर्षीया बालिकालाई सोही स्थानका १९ वर्षीय छपिलाल विकले ०६८ मङ्सिर ९ गते बेलुकी घरमा ढोका बन्द गरी बलात्कारको प्रयास गरेको पीडितले आरोप लगाइन्। सोही समयमा घरमा आमाले ढोका खोलेर त्यहाँ पुरदा आमालाई र बहिनीलाई छपिलालले कुटपिटको प्रयास समेत गरेका थिए। पीडित बालिका र उनका अभिभावकले कारबाहीको माग गर्दै ०६८ मङ्सिर २७ गते जिल्ला प्रहरी कार्यालय रोल्पामा उजुरी दिए। उजुरीका आधारमा प्रहरीले छपिललालाई ०६८ मङ्सिर २८ गतेका दिन घरबाट गिरफ्तार गऱ्यो। यो वर्षको अन्त्यसम्म उनी हाल पुपर्क्षका लागि थुनामा रहेका छन्।

मिझिङ गाविस-७ की १२ वर्षीया एक बालिकालाई बाँके जिल्ला नेपालगन्ज नपा-३ भीरकुटी मन्डव घर भई रोल्पादेखि नेपालगन्ज चल्ने बसका सहयोगीको रूपमा काम गर्ने १८ वर्षीय ढोले नाम भनिने सुजन केसीले ०६८ मङ्सिर १५ गते बेलुकी मिझिङ गाविस ७ सुलिचौरमा बलात्कार गरेको आरोप पीडित बालिकाले लगाइन्। पीडित बालिकाले ०६८ मङ्सिर १५ गतेका दिन इलाका प्रहरी कार्यालय सुलिचौरमा निवदेन दिइन्। प्रहरीले सुजन केसीलाई ०६८ मङ्सिर १६ गते सोही स्थानबाट गिरफ्तार गऱ्यो। उनी हाल प्रहरी अनुसन्धानमा रहेका छन्।

गोठमा धानको बीउ खोज्ने क्रममा बम विस्फोटन भई बायाँ हात गुमाएकी तालिमा बिष्ट

लिवाङ गाविस- ५ की १२ वर्षीया एक बालिकालाई ०६८ वैशाख २३ गते राति सोही ठाउँका ३० वर्षीय रामबहादुर नेपालीले सोही गाविस–५ काभ्रेखर्कबाट फकाएर सोही गाविस–५ मुलखोला ओडारमा पुऱ्याई बलात्कार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालय रोल्पामा ०६८ वैशाख २४ गते किटानी जाहेरी दिइन्। घटनापछि रामबहादुर भाग्न खोज्दा गाउँलेको सहयोगमा प्रहरीले सोही दिन उनलाई लिवाङ गाविस–५ काभ्रेखर्कबाट गिरफ्तार गऱ्यो। बालिकाको उपचार ०६८ वैशाख २४ गते जिल्ला अस्पताल रेउघामा भयो। आरोपित रामबहादुरलाई जिल्ला अदालत रोल्पाको आदेशमा ०६८ जेठ १७ गते पुर्पक्षका लागि जिल्ला कारागार चलान गरियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

दुर्व्यवहार

घर्तीगाउँ गाविस-५ की ५१ वर्षीया कुमारी वलीलाई गाईको दूध सुकाएको आरोपमा ०६७ माघ ८ गते सोही गाविस-९ का ४३ वर्षीय हिरालाल बुढाले बोक्सीको आरोप लगाए। आफूलाई बोक्सीको आरोप लगाएको भन्दै वलीले इलाका प्रहरी कार्यालय घर्तीगाउँमा ०६७ माघ १० गते निवेदन दिइन्। प्रहरीले हिरालाललाई ०६७ माघ १० गते जुगार गाविस–४ बाट गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालय रोल्पामा पत्रकारहरूको रोहबरमा दुवै पक्षबीच ०६७ माघ ११ गते भएको छलफलमा हिरालालले गल्ती स्वीकार गर्दै आइन्दा बोक्सीको आरोप नलगाउने प्रतिबद्धता जनाएपछि दुवै पक्षबीच सोही दिन जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भयो।

बहुविवाह

जङ्कोट गाविस-७ भाङ्चौर निवासी ३६ वर्षीया मालती केसीका पति ३५ वर्षीय दिलबहादुर वलीले गैरीगाउँ गाविस-३ दुम्ला निवासी १९ वर्षीया अनीता डाँगीलाई दोस्रो पत्नीको रूपमा ल्याएको पीडित मालतीले आरोप लगाइन्। आफू घरमा छँदाछँदै दोस्रो पत्नी ल्याएको भन्दै उचित न्याय पाऊँ भनी मालतीले

०६८ कात्तिक २५ गते पतिका विरूद्धमा जिल्ला प्रहरी कार्यालय रोल्पामा उजुरी दिइन्। अनीतालाई दोस्रो पत्नीको रूपमा विवाह गरी दाङ नारायणपुरमा बस्दै आएकोले खोजी गरी गिरफ्तार गर्न समेत भनी उनले उजुरी दिएको बताइन्। जिल्ला प्रहरी कार्यालय रोल्पाले आरोपित दिलबहादुर वलीलाई खोजी गरिरहेको जनाए पनि यस वर्षको अन्त्यसम्म गिरफ्तार गरेको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
संरचना, सम्पति क्षति, सम्पति कब्जा, आगजनी
अज्ञात समूहबाट

राड्सी र कुरेली गाविसको बीचमा पर्ने भिरपाते जङ्गलमा रहेको हेलो नेपालको टावरमा रेखदेख गर्ने व्यक्ति दशै मनाउन घर गएको अवस्थामा अज्ञात व्यक्तिको समूहले ०६७ चैत २७ गते तोड्फोड गऱ्यो। तोडफोडबाट टावरमा रहेका २१ सोलारपाता, एन्टेना, अर्थिङ्ग लगायतका महत्वपूर्ण उपकरणहरू क्षति पुऱ्याए। घटना सम्बन्धमा ०६७ चैत ३० गते रेखदेख गर्ने व्यक्तिले नेपाल सेटलाइट कम्पनीको हेलो नेपालको प्रधान कार्यालय घोराही दाङमा खबर गरेपछि कम्पनीले सोही दिन अञ्चल प्रहरी कार्यालय राप्ती तुलसीपुरमा मौखिक खबर गरेको थियो। प्रहरीमा निवेदन दिए पनि यसवर्षको अन्त्यसम्म प्रहरीले दोषी पत्ता लगाउन सकेन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	४०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	४	
स्टाफ नर्स	४	४	
ल्याब असिस्टेन्ट	२	२	
अहेब	५६	४६	१०
अनमी	१६	१६	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१८	११	७
स्वास्थ्य कार्यकर्ता	९१	६४	२७

४.४ सल्यान



जनसङ्ख्या : २,४३,५७५
पुरूष : १,१६,६१५
महिला : १,२६,९६०
साक्षरता प्रतिशत : ५६
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.) : १,४६२
गाविस/नपा सङ्ख्या : ४७/०
सरकारी/निजी विद्यालय : ३८३/५
क्याम्पस/उच्च मा.वि. : १/१८
मानव विकास सूचकाङ्कः ०.३९९
प्रतिपरिवार सरदर सङ्ख्याः ५.२०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
विस्फोटक पदार्थबाट

धनवाङ गाविस-१ की ४२ वर्षीया दलमती चन्दको ०६७ पुस २४ गते बिहान सोही ठाउँस्थित नेपाली सेनाको भगवती दल गण कपुरकोटमा रहेको टेलिफोन रिपिटर टावर भित्र घाँस काट्न गएको अवस्थामा सुरक्षार्थ विच्छ्याइएको माइन विस्फोट हुँदा घटनास्थलमै मृत्यु भयो। रोशन थापाको नेतृत्वमा रूकुमबाट आएको नेपाली सेनाको माइन व्यवस्थापन टोलीले ०६७ पुस २६ गते खुट्टा चुडिएर क्षतविक्षत अवस्थामा दलमतीको लास फेला पारेको थियो। द्वन्द्वकालमा टावर सुरक्षार्थ पेरीमिटर निर्माण गरी माइन विच्छ्याइएको पहिलो पेरीमिटर राखिएको करिब १ सय २० मिटरभित्र जङ्गलको खोल्सामा विस्फोट भएको सेनाले बतायो। यो वर्षको अन्त्यसम्म सरकारले पीडित परिवारलाई कुनै राहत तथा क्षतिपूर्ति प्रदान गरेको छैन।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३९ र कैद नतोकिएका २१ कैदी र थुनुवा गरी जम्मा ६० जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ५२ र महिला आठ रहेका छन्। बाइसी र चौबीसे राज्यको बेलाकै पुरानो जीर्ण भवनमै कारागार रहेको छ। क्षमताभन्दा तेब्बर बन्दी र कैदीहरु रहेकाले त्यहाँ रहेको खानेपानी, शौचालय, स्वास्थ्य सेवालगायतका आधारभूत सेवा प्रभावकारी हुन नसकेको जेलर नेत्रबहादुर बुढाथोकीले बताए। अन्य सुविधाहरू भए पनि एक कैदी मानसिक सन्तुलन गुमेकोले त्रासपूर्ण अवस्थामा बस्नु परेको महिला बन्दी भागीरथी बस्नेतले बताइन्। खानेपानी, शौचालय अपुग रहेको बन्दी भीमबहादुर बुढाक्षेत्रीले बताए। अहिलेको महङ्गीको अवस्थामा ४५ रुपियाँ दैनिक सिदा भत्ताले सामान खरिद गर्न र पेटभरि खान नपुग्ने बताए।

धम्की/कुटपिट

राज्यपक्षबाट

पिपलनेटा गाविस-५ निवासी जनकल्याण क्याम्पस थारमारेका स्वयिु सभापति २४ वर्षीय कृष्ण खड्का र वडागाउँ गाविस-५ घर भई दाङ जिल्ला तुल्सीपुर नपामा बस्दै आएका गिरीधर शर्मालाई भाडाको विषयमा गाडी वालासँग विवाद गरेको आरोपमा ०६७ फागुन ६ गते राति इलाका प्रहरी कार्यालय दामाचौरबाट आएका प्रहरीले दमाचौर गाविस-३ स्थित चन्द होटेलमा सुतिरहेको अवस्थामा एक्कासि होटेलमा प्रवेश गरी लाठी र बुटले कुटपिट गऱ्यो। घटनापछि पीडितहरू सुरक्षाको माग गर्दै सोही दिन राति इलाका प्रहरी कार्यालय दामाचौरमा पुगेकोमा प्रहरीले उनीहरूलाई कार्यालयको कोठाभित्र लगेर पुन: कुटपिट गरेपछि सोही राति स्थानीय बासिन्दाले प्रहरी कार्यालय दामाचौर गई पीडितहरूलाई मुक्त गराए। घाइतेद्वयको उपचार जनमैत्री अस्पताल काठमाडौँमा भयो। पीडितहरूले ०६७ फागुन ७ गते इलाका प्रहरी कार्यालय थारमारेमा उजुरी दिएपछि ०६७ फागुन ८ गते घटनाका विषयमा इलाका प्रहरी कार्यालय दमाचौरमा भएको छलफलमा घटनामा संलग्न प्रहरीलाई विभागीय कारबाही गर्ने र पीडितको उपचार खर्च ६० हजार रुपियाँ मध्ये ३० हजार रुपियाँ प्रहरीले र प्रहरीलाई गलत सूचना दिएका कारण ३० हजार रूपैयाँ राप्ती समितिको ९५५७ नम्बरका गाडी मालिकले दिने सहमति भयो। उपचारमा लागेको खर्च मध्ये ५५ हजार रुपियाँ ०६८ वैशाखमा पीडितले पाए भने गाडी मालिकबाट पाउनुपर्ने ५ हजार रुपियाँ पीडितले यस वर्षको अन्त्यसम्म पाएका छैनन्।

एकीकृत माओवादीबाट

कोटमौला गाविस-७ निवासी एमाले जिल्ला कमिटी सदस्य ३७ वर्षीय हेमराज शर्मालाई ०६७ माघ १ गते दिउँसो सोही गाविस-५ कुन्याचौरको मेलामा सोही गाविस-३ निवासी एमाओवादी जिल्ला कमिटी सदस्य ५१ वर्षीय कुलबहादुर बस्नेतका छोरालाई पार्टी छोड्न दबाब दिएको आरोपमा सोही दिन राति ४०/५० जनाको सङ्ख्यामा आएका एमाओवादी कार्यकर्ताले घरघेरी मार्ने धम्की दियो। घटना हुने थाहा पाएपछि पीडित घर छोडी भागे। उनी त्यहाँ फेला नपरेपछि सो समूह त्यहाँबाट सोही गाविस–५ कोट निवासी एमाले जिल्ला कमिटी सदस्य ३६ वर्षीय रोबर सुनारको घरमा गई उनलाई घरबाट निकाली कुटपिट गर्नुका साथै दुर्व्यवहार गऱ्यो। घटनाका सम्बन्धमा दुवै पार्टीका प्रतिनिधि र घटनामा संलग्न दुवै पक्षबीच ०६७ माघ १२ गते सोही गाविस–४ छहरेमा भएको छलफलमा दुवै पक्षले आ-आफ्नो कमजोरी महसुस गर्दै आगामी दिनमा उक्त कार्य नगर्ने सर्तमा मेलमिलाप गरे।

हिवल्चा गाविस-५ का ४२ वर्षीय नन्दलाल थापालाई नेपाली काङ्ग्रेस समर्थक भएको आरोपमा ०६८ जेठ १२ गते साँझ सोही गाविस–५ हिवल्चा बजारबाट घर जाँदै गर्दा सोही गाविस–५ गैरामदाना बाटोमा सोही गाविस-२ निवासी

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					४	४
बालअधिकार				९	१	१०
अमानवीय व्यवहार					१	१
महिलाअधिकार				१५		१५
कुटपिट		३	३		१३	१३
धम्की					१	१
हत्या	१		१	३	६	८
जम्मा	**१**	**३**	**४**	**३६**	**३५**	**५१**

एमाओवादी गाविस इन्चार्ज सर्विस भनिने ६४ वर्षीय वेदप्रसाद राना, एमाओवादी कार्यकर्ता सोही गाविस-५ का ४५ वर्षीय गणेश रावत र वाईसीएल कार्यकर्ता ३२ वर्षीय दुर्गा थापाले कुटपिट गरी घाइते बनाए। उनको उपचार स्थानीय औषधी पसलमा भयो। पीडित पक्षले ०६८ जेठ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिन गएकोमा प्रहरीले कुनै वास्ता नगरेपछि घटनाको विरोध गर्दै सोही दिन साँझ गाँउलेहरूले घटनामा संलग्न भनिएकामध्ये वाईसीएल कार्यकर्ता दुर्गा थापालाई उनकै घरमा गई कुटपिट गरेका थिए।

वाईसीएलबाट

हिवल्चा गाविस-४ घरभई महेन्द्र रत्न मावि १० कक्षामा अध्ययनरत १८ वर्षीय नीमबहादुर बस्नेतलाई ०६७ फागुन २९ गते बिहान विद्यालयमा ट्यूसन पढिरहेको अवस्थामा सोही गाविस-५ निवासी वाईसीएल जिल्ला कमिटी सदस्य ३१ वर्षीय सीताराम सुनार (महर) सहित तीन जनाको सङ्ख्यामा आएका व्यक्तिहरूले कोठाबाट बाहिर निकाली कुटपिट गरे। सोही ठाउँ निवासी रूपलाल थापालाई सोही समूहले ०६७ साउन १ गते कुटपिट गरी घाइते बनाएकोमा उनको उद्दारमा नीमबहादुर संलग्न रहेको आरोपमा उनलाई कुटपिट गरिएको थियो। कुटपिटपछि बेहोस भएका उनको उपचार जिल्ला अस्पताल सल्यानमा भयो। असुरक्षाका कारण कहीं उजुरी नदिएको पीडितले बताए। घटनामा संलग्न व्यक्तिहरू यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

कालागाउँ गाविस-६ निवासी एमाले वडा कमिटी सदस्य ३२ वर्षीय चित्रबहादुर केसीलाई ग्रामीण कृषि सडक निर्माण उपभोक्ता समिति माओवादीले एकलौटी रूपमा गठन गर्ने कार्यको विरोध गरेको आरोपमा ०६८ वैशाख १७ गते सोही गाविस-७ निवासी एमाओवादी जिल्ला कमिटी सदस्य मिलन भनिने हरिबहादुर बुढाथोकी र सोही गाविस-८ निवासी एमाओवादी कार्यकर्ता गोरख थापाको निर्देशनमा वाईसीएल कार्यकर्ता गलबीर कुमाई, जितबहादुर परियार, मोतीराम सार्कीलगायतको समूहले कुटपिट गरी घाइते बनायो। घाइते केसीको स्थानीय रूपमा उपचार भयो। सोही समूहले सोही गाविस-७ निवासी ३१ वर्षीय नरबहादुर बोहरालाई सोही दिन साँझ सोही गाविस–६ झ्यामबारीबाट नियन्त्रणमा लिई हातखुट्टा भाँचेर मार्ने धम्की दिई आफूहरूले गठन गरेको सडक निर्माण उपभोक्ता समिति ठीक छ भन्ने निर्णयमा जबरजस्ती सही गराई सोही दिन राति सोही ठाउँबाट उनलाई मुक्त गरे। घटना सम्बन्धमा पीडितहरूले कहीं उजुरी नदिएको बताए।



अज्ञात समूहद्वारा कुटपिट गरी घाइते बनाइएका पत्रकार दुर्गा बीसी

अज्ञात समूहबाट

मुलखोला गाविस-५ च्यूरा निवासी रेडियो राप्ती एफएमका सम्वाददाता २६ वर्षीय दुर्गा बीसीलाई रेडियोमा तथा सञ्चारमाध्यममा समाचार प्रकाशन गरेको आरोपमा ०६७ माघ २३ गते राति पाँच जनाको सङ्ख्यामा आएका अज्ञात व्यक्तिहरूको समूहले सोही गाविस–४ संखपिपलमा खुकुरी प्रहार गरी घाइते बनायो। टाउको, हात र खुट्टामा चोट लागेका बीसीको नेपालगञ्ज मेडिकल कलेजमा उपचार भयो। घटनाको विरोध गर्दै नेपाल पत्रकार महासङ्घ सल्यानको अगुवाइमा ०६७ माघ २४ गते बिहान सदरमुकाम खलङ्गामा पत्रकारहरूले प्रदर्शन गर्दै दोषीको पहिचान गरी तत्काल कारबाही नभए कडा आन्दोलनमा उत्रने चेतावनी दिए। घटनामा संलग्न भएको आरोपमा देवस्थल गाविस-४ का २३ वर्षीय वकिल परियारलाई ०६७ माघ २४ गते इलाका प्रहरी कार्यालय सल्लीबजारका प्रहरीले घरबाट गिरफ्तार गऱ्यो। बाँमे गाविस-८ का ४१ वर्षीय राकेश पुनलाई ०६७ माघ २५ गते प्रहरीले पत्रमार्फत जिल्ला प्रहरी कार्यालयमा बोलाई ज्यानमार्ने उद्योगको मुद्दा चलायो। जिल्ला अदालत सल्यानका न्यायाधीश पूर्णप्रसाद बास्तोलाको ०६७ फागुन २६ गतेको एकल इजलासले थुनामा राखी अनुसन्धान गर्नु भन्ने आदेशअनुसार दुवै जनालाई पुर्पक्षका लागि जिल्ला कारागार सल्यान चलान गरिएकोमा ०६७ चैत १ गते जिल्ला अदालतका न्यायाधीश पूर्णप्रसाद बास्तोलाको आदेश अनुसार प्रतिव्यक्ति ३ लाख रुपियाँ धरौटी राखेर ०६७ चैत ६ गते तारेखमा कारागारबाट रिहा भए। जिल्ला अदालतले ०६८ मङ्सिर २६ गते उक्त घटना कुटपिट भएको ठहर गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ६० मध्ये १ सय २५ फैसला भए भने ३५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ४१ मध्ये ८५ फैसला भए भने ५६ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ३८ मध्ये १३ फैसला भए भने २५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २० मध्ये ४ फैसला भए भने १६ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६४ छ जसमध्ये ३६ सफल भए भने १४ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या १० पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या १ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १४ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २० मध्ये १२ सफल र एक असफल रह्यो सात फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा दुईमध्ये एक सफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा दुईमध्ये दुई असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा चारमध्ये तीन सफल र एक असफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ८६ हजार ५ सय २७ मध्ये छात्र ४१ हजार २ सय ३३ र छात्रा ४५ हजार २ सय ९४ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ८ हजार ५ सय ५० र छात्र ९ हजार १ सय ४९ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला २५ र पुरुष १ हजार १ सय ९६ गरी जम्मा १ हजार २ सय २१ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला २ सय ३ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १ सय ५३ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक २ हजार ६ सय ७० र बालिका २ हजार ६ सय ८६ गरी जम्मा ५ हजार ३ सय ५६ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बन्द/हड्ताल

कजेरी गाविस-५ मदमकाँडास्थित बालशखा माविका लागि ०६८ मङ्सिर ६ गते भएको लेखापाल पदको परीक्षामा सम्बन्धित पक्षबाट अनियमितता भएको भन्दै सो परीक्षा रद्द गरी पुन: परीक्षा गराउनुपर्ने माग राखी अनेरास्ववियु क्रान्तिकारी विद्यालय इकाई कमिटीले ०६८ मङ्सिर १३ गतेदेखि उक्त विद्यालयमा लगाइएको तालाबन्दी सम्बन्धमा जिल्ला शिक्षा कार्यालयको पहलमा ०६८ पुस ४ गते देखि पठनपाठन शुरु भए पनि विद्यालय प्रशासनको ताला यस वर्षको अन्त्यसम्म खुलेको छैन्।

परिवारजनबाट हत्या

खलङ्गा गाविस-६ का ६ महिनाका बालक सुनिल विकलाई धेरै रोएको आरोपमा ०६७ चैत २ गते बिहान ४ बजे उनकी २५ वर्षीया आमा चीजमाली विकले भुइँमा पछारेर हत्या गरिन्। चीजमालीलाई सोही दिन उनकै घरबाट जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरीले गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाएकोमा जिल्ला अदालत सल्यानका न्यायाधीश पूर्णप्रसाद बास्तोलाको आदेश अनुसार ०६७ चैत १८ गते उनलाई पुर्पक्षका लागि जिल्ला कारागार चलान गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बास्तोलाको इजलासबाट ०६८ असार १३ गते २१ वर्ष ६ महिना कैद तोक्यो।

कुटपिट

बर्दिया जिल्ला तारातल गाविस घरभई थारमारे गाविस-४ थारमारेस्थित आमा होटलमा कार्यरत १३ वर्षीया एक बालिकालाई सोही होटलकी सञ्चालक ५६ वर्षीया गोरी बोहराले ०६८ असार १ गते मुक्काले कुटपिट गरी बाँया तर्फको एक बङ्गरा भाँचिदिइन्। होटेलमा यौन कार्य गर्न नमानेको आरोपमा उनले आफूलाई पटकपटक कुटपिट गर्ने गरेको पीडितले बताइन्। घटना सम्बन्धमा अन्तर पार्टी महिला सञ्जालले सोही दिन इलाका प्रहरी कार्यालय थारमारेमा लिखित निवेदन दिएपछि सोही दिन आरोपितलाई प्रहरीले होटलबाट गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला अदालत सल्यानमा ०६८ असार १६ गते मानवबेचविखन तथा ओसारपसार विरूद्धको मुद्दा

दर्ता गरायो। सल्यान जिल्ला अदालतको ०६८ असार १६ गतेको आदेशअनुसार आरोपित सोही दिन पुर्पक्षका लागि जिल्ला कारागार चलान भइन्।

धनवाङ गाविस-१ किमुचौर निवासी नेपाल राष्ट्रिय उच्चमावि किमुचौरमा अध्ययनरत ७ वर्षीय भवेष सेर्पाइलीलाई सोधेको प्रश्नको उत्तर नजानेको आरोपमा ०६८ मङ्सिर २८ गते सोही विद्यालयका शिक्षक सोही गाविस-७ निवासी २३ वर्षीय अनिल थापाले हातले दायाँ आँखामा रगत जम्ने गरी कुटपिट गरे। आगामी विद्यालय व्यवस्थापन समितिको बैठकमा उक्त कुटपिटको बारेमा कुरा उठाउने पीडितका बुबाले बताए। स्थानीय मेडिकलमा पीडितको उपचार भयो। पीडित पक्षले कतै उजुरी गरेनन्। शिक्षकले माफ मागेपछि दुवै पक्षबीच मेलमिलाप भयो।

बालविवाह

खलङ्गा गाविस-९ की १४ वर्षीया एक बालिकालाई ०६७ माघ ९ गते दाङ तुल्सीपुर नपा-५ का २२ वर्षीय मोहन डाँगीले विवाह गर्न भनी सोही गाविस–५ मेलघारीबाट दाङ तुल्सीपुर लगे। सोही ठाउँकी शारदा सिं (कसाई) ले आफूलाई फकाएर उनीसँग दाङ तुल्सीपुर पठाएको आरोप पीडितले लगाइन्। पीडितपक्षले ०६७ माघ १३ गते जिल्ला प्रहरी कार्यालय सल्यानमा अपहरण तथा जबरजस्तीकरणी सम्बन्धी उजुरी दिएपछि प्रहरीले मोहनलाई दाङ तुलसीपुर नपाबाट र शारदालाई उनकै घरबाट सोही दिन गिरफ्तार गऱ्यो। प्रहरीले दुवै जनाउपर अपहरण तथा जबरजस्ती करणी सम्बन्धी मुद्दा ०६७ माघ २६ गते जिल्ला अदालत सल्यानमा दायर गरेकोमा सल्यान जिल्ला अदालतका न्यायाधीश पूर्णप्रसाद बास्तोलाको ०६७ माघ २६ गतेको आदेशअनुसार आरोपित दुवै पुर्पक्षका लागि सल्यान कारागार चलान भए। सल्यान जिल्ला अदालतको ०६८ असार २८ गतेको फैसलाअनुसार शारदा सिंले सफाइ पाएपछि उनी सोही दिन कारागारबाट रिहा भइन् भने सल्यान जिल्ला अदालतले मोहन डाँगीलाई सोही दिन छ वर्ष कैदको फैसला गऱ्यो।

कोर्वाङ झिम्पे गाविस-९ तारूपरे निवासी १५ वर्षीया धनीकुमारी विकलाई ०६८ असोज १४ गते साँझ ८ बजे उनका २२ वर्षीय दाजुले सोही ठाउँ निवासी आफ्ना विधुर (पत्नी मरेका) जेठानसँग जबरजस्ती विवाह गरी जेठानको घर पठाए। तर, पीडित विक बीचबाटो बाटै भागेर घर आइन्। उनी घरमा आएपछि उनका दाजुले उनी र आमा छवि विक समेतलाई ०६८ असोज १५ गते कुटपिट गरी घरबाट निकालिदिए। पीडित आमाछोरी यो रिपोर्ट तयार गर्दाको मितिसम्म सोही गाउँको एउटा घरमा कोठा लिएर बसिरहेका छिन्। फेरि कुटाइ खाने डरले पीडितहरूले कहीं उजुरी गरेका छैनन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

कोटवारा गाविस-१ सिमपानीकी १३ वर्षीया एक बालिकालाई ०६८ असोज २५ गते दिउँसो घरमा नभएको मौका पारी सोही ठाउँका २५ वर्षीय गोपाल चन्दले उनकै घरमा कोही गई बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०६८ असोज २७ गते इलाका प्रहरी कार्यालय थारमारेले उनकै घरबाट गिरफ्तार गऱ्यो। बलात्कार प्रयास विरूद्धको मुद्दाको अनुसन्धान गरेर ०६८ कात्तिक ६ गते जिल्ला अदालत सल्यानमा मुद्दा दर्ता गरेपछि सोही दिन अदालतको आदेशअनुसार आरोपित पुर्पक्षका लागि जिल्ला कारागार चलान भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

सेजवालटाकुरा गाविस-२ की ८० वर्षीया चेती कुमाईलाई बोक्सी लगाई बोका र बहिनीलाई बिरामी बनाएको आरोपमा ०६७ चैत ४ गते दिउँसो सोही ठाउँका २६ वर्षीय अर्जुन यरीले देउता चढेको भनी घण्ट समातेर काँप्दै 'तँ बोक्सी होस्' भन्दै घण्टले कुटपिट गरे। उनको शरीरभरि नीलडाम भएको थियो। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा दिएको मौखिक उजुरीको आधारमा प्रहरीले यरीलाई ०६७ चैत ५ गते उनकै घरबाट गिरफ्तार गरे पनि पीडितले २४ घण्टाभित्र लिखित उजुरी नदिएकोले आरोपित ०६७ चैत ६ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भएको प्रहरीले जनायो। पीडितले नेपालगञ्ज गएका छोरा घरमा आएपछि मात्र उजुरी दिने बताएकी थिइन्। पीडित पक्षले प्रहरी कार्यालयमा लिखित जाहेरी नदिएपछि ०६७ चैत १६ गते गाउँमा बसेको कचहरी समक्ष यरीले आइन्दा बोक्सीको आरोप नलगाउने र औषधी खर्च बापत १ हजार रुपियाँ दिने सर्तमा दुवै पक्षबीच मेलमिलाप भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

कालिमाटी काल्चे गाविस-४ बालुवाकी २७ वर्षीया महिलालाई ०६८ भदौ १६ गते घरदेखि नजिकैको बाखाखोरमा बाखा कराएपछि बाखा हेर्न

गएको अवस्थामा सोही ठाउँ निवासी राजु भनिने चेतबहादुर खत्रीसहित चार जनाको एक समूहले बलात्कार गर्नुका साथै १० हजार ३ सय रुपियाँ र सुनका गहनाहरू लुटेर लगेको भनी सोही दिन नै पीडितका जेठाजु बृहस्पति सुवेदीले प्रहरीमा जाहेरी दिए। चेतबहादुर खत्रीलाई ०६८ भदौ १८ गते इलाका प्रहरी कार्यालय कालिमाटी रामपुरले उनकै घरबाट गिरफ्तार गरी ०६८ भदौ २० गते इलाका प्रहरी कार्यालय, लुहामलाई बुझायो। प्रहरीले घटनाको अनुसन्धानपछि ०६८ असोज ८ गते जिल्ला न्यायाधीश राजेन्द्र अधिकारीको आदेशबमोजिम आरोपित सोही दिन पुर्पक्षका लागि जिल्ला कारागार चलान भए।

कुपिण्डे गाविस-३ खागलज्यूलाकी ५७ वर्षीया महिलालाई ०६८ भदौ ३ गते राति सोही ठाउँ निवासी ३६ वर्षीय पल्ले कवरले मासुको पैसा दिने निहुँमा उनकै घरमा गई ढोका खोल्न लगाएर भित्र पसी बलात्कार गरेको आरोपमा ०६८ भदौ १५ गते जिल्ला प्रहरी कार्यालय, सल्यानले उनकै घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत सल्यानको ०६८ भदौ २६ गतेको आदेशअनुसार आरोपित पुर्पक्षका लागि जिल्ला कारागार चलान भए।

कालिमाटी काल्च गाविस-८ की २९ वर्षीया एक महिलालाई उनका पति घरमा नभएको अवस्थामा ०६८ साउन १ गते राती सोही ठाउँका २६ वर्षीय कृष्णबहादुर पुन र सोही गाविस-९ निवासी १९ वर्षीय राजेश सिजाली मगर उनकै घरमा गई बलात्कार गरेको आरोपमा ०६८ साउन ७ गते इलाका प्रहरी कार्यालय कालिमाटी रामपुरले दुवै आरोपितलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालत सल्यानको ०६८ साउन ३० गतेको आदेशअनुसार आरोपित पुर्पक्षका लागि जिल्ला कारागार चलान भए।

घरेलु हिंसा

परिवारजनबाट हत्या

धनवाङ गाविस-२ की ३८ वर्षीया सोबी बुढाथोकीलाई तरकारी बारी गोडमेल गर्दा मुखमुखै लागेको आरोपमा ०६८ असार १० गते दिउँसो उनका पति ४० वर्षीय खडकबहादुर बुढाथोकीले कुटोले हानी हत्या गरे। पीडकलाई सोही दिन प्रहरी चौकी कपुरकोटले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय लुहामलाई बुझायो। इलाका प्रहरी कार्यालय लुहामले कर्तव्य ज्यान मुद्दा ०६८ असार २६ गते जिल्ला अदालत सल्यानमा दर्ता गरेकोमा सल्यान जिल्ला अदालतका न्यायाधीश पूर्णप्रसाद बास्तोलाको आदेशअनुसार ०६८ असार २६ गते उनी पुर्पक्षका लागि सल्यान जिल्ला कारागार चलान भए। जिल्ला अदालत सल्यानको ०६८ भदौ २६ गतेको फैसला अनुसार उनलाई सर्वस्व सहित जन्मकैद तोकिएको छ।

धनवाङ गाविस-७ कपुरकोट निवासी ४२ वर्षीया भेउसरी घर्तीलाई आफूले कमाएर राखेका रुपियाँ नदिएको आरोपमा ०६८ मङ्सिर २ गते राती १० बजे मदिराको नसामा उनका पति ४३ वर्षीय फत्तबहादुर घर्तीले कुटपिट गर्नुका साथै घाँटी थिचेर हत्या गरे। पीडकलाई ०६८ मडिसर ३ गते इलाका प्रहरी कार्यालय, लुहामले उनकै घरबाट गिरफ्तार गरी ०६८ मङ्सिर २६ गते कर्तव्यज्यानसम्बन्धी मुद्दा जिल्ला अदालत सल्यानमा दर्ता गरेकोमा सोही दिन जिल्ला अदालतका न्यायाधिशको आदेशअनुसार जेल चलान गरियो।

बहुविवाह

सिनवाङ गाविस-३ की २५ वर्षीय कृष्णबहादुर खड्काले घरमा २२ वर्षीया पत्नी भूमिका खड्का हुँदाहुँदै ०६७ चैत २५ गते सोही ठाउँकी २१ वर्षीया लोकमाया खड्कासँग बहुविवाह गरे। पीडितले ०६७ वैशाख २७ गते इलाका प्रहरी कार्यालय लुहाममा बहुविवाहको जाहेरी दिएपछि सोही दिन कृष्णलाई प्रहरीले उनकै घरबाट गिरफ्तार गऱ्यो। सल्यान जिल्ला अदालतका न्यायाधीश पूर्णप्रसाद बास्तोलाको आदेशअनुसार ०६८ जेठ ११ गते उनी पुर्पक्षका लागि जिल्ला कारागार चलान भएकोमा जनही ५० हजार धरौटी राखी ०६८ जेठ १८ गते तारेखमा रिहा भए। जिल्ला अदालत सल्यानले ०६८ असार १५ गते को फैसला अनुसार पीडकहरूलाई जनही १ वर्ष कैद र ५/५ हजार रुपियाँ जरिवाना तोक्यो।

दमाचौर गाविस-५ डिग्रे निवासी ४१ वर्षीया रूइती डाँगीलाई फिस्टुला रोग लागेपछि ०६८ वैशाखमा उनी सुर्खेत उपचार गराउन गएको समयमा उनका पति ४२ वर्षीय भूपबहादुर डाँगीले सुर्खेतबाट नै एक २२ वर्षीया महिलासँग बहुविवाह गरेपछि उनका पति र ससुराले रोगी भनेर गालीगलौज तथा दुर्व्यवहार गर्दै आएकोमा ०६८ कात्तिक ११ गते दिउँसो कुटपिट गरी उनलाई घरनिकाला गरे। पीडित हाल सोही ठाउँ निवासी माइती नाता पर्ने शेरबहादुर खड्काको घरमा गई बसेकी छन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	३६		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	२	४
स्टाफ नर्स	६	३	३
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	५१	४९	२
अनमी	१६	१४	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	१४	
स्वास्थ्य कार्यकर्ता	८३	६६	१७

४.५ रूकुम



जनसङ्ख्या : २,१०,८७८
पुरूष : १,०१,०९०
महिला : १,०९,७८८
साक्षरता प्रतिशत : ४७
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : २,८७७
गाविस/नपा सङ्ख्या : ४३/०
सरकारी/निजी विद्यालय : ३७४/५
क्याम्पस/उच्च मा.वि. : १/२१
मानव विकास सूचकाङ्कः ०.३८६
प्रतिपरिवार सरदर सङ्ख्याः ४.९८

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २४ र कैद नतोकिएका २६ कैदी र थुनुवा गरी जम्मा ५० जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ४४ जना र महिला छ जना रहेका छन्। यस कारागारमा क्षमताभन्दा बढी बन्दी रहँदा बसोबासमा समस्या परेको थुनुवा शशिराम खड्काले गुनासो गरे। जेलमा पुरुषतर्फ खानेपानीको धारा र शौचालय एक-एक वटा मात्र भएको र पानीको प्रयोगमा समस्या भएको बन्दीहरूले बताए। जेलमा पत्रपत्रिका तथा अन्य अध्ययन सामग्री कहिलकाँही उपलब्ध हुने गरेको, खेलकूदका सामग्री केही नभएको बन्दीहरूले बताए। जीर्ण अवस्थामा रहेको भवनको पर्खाल बनाउने तयारी भइरहेको जेलर अर्जुन पौडेलले बताए।

खारा गाविस घर भई कर्तव्य ज्यान मुद्दामा रुकुम कारागारमा रहेकी २१ वर्षीया बन्दी कमला ओलीले ०६८ असोज १९ गते दशैको टिकाको समय छोटो भएको भनी विरोध गरेको आरोपमा ०६८ असोज २२ गते उनलाई महिला बन्दी तर्फकी नाइके घीउकुमारी परियार र प्रहरी हवल्दार लालसिंह गिरीलगायतका बन्दीहरूले लाठी र मुक्काले कुटपिट गरे। ढाड र अन्य शरीरमा चोट लागेकी ओलीको जिल्ला अस्पताल सल्लेमा उपचार भयो। महिला बन्दीहरू आपसमा झगडा गर्दा छुटाउन गएका प्रहरीको सञ्चारसेट कमलाले खोसेर प्रहरीलाई हानेपछि समान्य हातपात मात्र भएको प्रहरीले जनायो।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

पिपल गाविस–९ की ६५ वर्षीया डीलकुमारी खत्री, उनकी छोरी ३२ वर्षीया फूलमाया खत्री र १० वर्षीया नातिनी पुनम खत्रीले सार्वजनिक जग्गामा घर बनाएको आरोपमा ०६७ पुस २३ गते उनीहरूलाई एकीकृत माओवादीका जिल्ला कमिटी सदस्य मने वादी र पिपल गाविस इन्चार्ज धनबहादुर खत्रीको नेतृत्वमा पाँच जनाको सङ्ख्यामा आएका एकीकृत माओवादीका कार्यकर्ताले लाठी र हातले कुटपिट गरे। पीडितहरूमध्ये डीलकुमारीको रुकुम जिल्ला अस्पतालमा उपचार भयो भने अन्यको स्थानीय औषधी पसलमा उपचार भएको थियो। घटनाका सम्बन्धमा पीडितले जिल्ला प्रहरी कार्यालय रुकुममा उजुरी दिए पनि आरोपितहरूलाई यस वर्षको अन्त्यसम्म गिरफ्तार गरिएन। घटनाका

सम्बन्धमा पीडितले उजुरी दिए पनि प्रहरीले नदिएको जनायो।

चौखाबाङ गाविस–६ का १६ वर्षीय चन्द्रबहादुर खड्का, सोही गाविस–९ का १८ वर्षीय प्रवेश रोका र सोही ठाउँका १८ वर्षीय देवप्रसाद रोकाले एक रोपनी जग्गा हडपेको आरोपमा ०६७ पुस १८ गते उनीहरूले एकीकृत माओवादी चौखाबाङ क्षेत्रका एरिया इन्चार्ज शेरकुमार खड्काको नेतृत्वमा आएका एकीकृत माओवादी एरियास्तरका कार्यकर्ताले कुटपिट गरे। चौखाबाङ गाविस–९ स्थित आफन्तको घरको पूजामा ०६७ पुस १७ गते गएको समयमा कुट्ने थाहा पाएपछि सोही ठाउँका आफन्त विमल खड्काको घरमा गएर लुकेको र बिहान सात जनाको सङ्ख्यामा आएको एकीकृत माओवादी कार्यकर्ताले हात खुट्टा बाँधेर लाठीले पालैपालो गरी तीन जनालाई लाइन लगाएर कुटपिट गरेका थिए। पीडितहरूको उपचार स्थानीय औषधी पसलमा भयो। फेरि पनि घटना दोहोरिन सक्ने डरले पीडित पक्षले यस वर्षको अन्त्यसम्म प्रहरीमा उजुरी दिएनन।

हुकाम गाविस-३ निवासी ४३ वर्षीय नेपाली काङ्ग्रेस कार्यकर्ता तिलबहादुर घर्तीलाई ०६७ चैत १ गते एमाओवादीका जिल्ला सेक्रेटरी रामसुर बुढालगायतले जिल्ला प्रहरी कार्यालय रुकुमको परिसर भित्र कुटपिट गरे। उनी नेविसङ्घ र क्रान्तिकारी विद्यार्थी सङ्गठनबीच भएको झडप तथा विवादको विषयमा छलफल गर्न आएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ७६ मध्ये १ स ३५ फैसला भए भने ४१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ६ मध्ये १ सय २५ फैसला भए भने ८१ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक रहे।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			४		४
महिलाअधिकार			६		६
कुटपिट	१	१	४	४	८
हत्या			१		१
जम्मा	**१**	**१**	**१६**	**४**	**२०**

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय १३ मध्ये २४ फैसला भए भने ८९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ३६ मध्ये ४८ फैसला भए भने ८८ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक र देवानी मुद्दा एक रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा नौमध्ये सात सफल रह्यो। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म दुई मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ९५ हजार ७ सय १ मध्ये छात्र ४६ हजार ६ सय ६३ र छात्रा ४९ हजार ३८ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला २ सय ८० र पुरुष ७ सय ८५ गरी जम्मा १ हजार ६५ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला १८ र पुरुष २ सय ६७ गरी जम्मा २ सय ८५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला ५ र पुरुष १ सय ७१ गरी जम्मा १ सय ७६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक २ हजार ६ सय ५६ र बालिका २ हजार ६ सय ९५ गरी जम्मा ५ हजार ३ सय ५१ रहेका छन् जसमध्ये दलित बालक ७ सय ४६ र बालिका ८ सय ४५ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बालविवाह

खलङ्गा गाविस-२ का १७ वर्षीय एक बालकले सोही गाविस-१ की १४ वर्षीया बालिकासँग ०६८ साउन ११ गते बालबिवाह गरे। माइतीपक्षले उक्त विवाह रोक्न साउन १३ गते बालकको घरमा

गएर छोरीलाई फर्काउन खोज्दा दुवै पक्ष बीच झडप भयो। त्यसपछि ०६८ साउन १५ गते दलित जनअधिकार फोरम रुकुमले बालकको पक्षमा लागेर माइतीपक्षलाई प्रहरीमा उजुरी दिन लगायो। प्रहरीले बाल विवाह रोक्नुको सट्टा जिल्ला प्रहरी कार्यालयमा दलित जनअधिकार फोरम र महिला सञ्जाल रुकुमको रोहबरमा ०६८ साउन १६ गते मेलमिलाप गरायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

स्यालापाखा गाविस–१ की १३ वर्षीया एक बालिकालाई उनकै विद्यालयका शिक्षक २६ वर्षीय गोपाल केसीले ०६७ माघ १५ गतेदेखि ललाईफकाई पटकपटक बलात्कार गरेको आरोपमा पीडितपक्षले जिल्ला प्रहरी कार्यालय रुकुममा ०६७ फागुन ३ गते जाहेरी दिन खोज्दा प्रमाण अभावको कारण देखाउदै प्रहरीले मुद्दा दर्ता गर्न नमानेको पीडितहरूले बताए। पीडितको आग्रहमा ०६७ फागुन ३ गते इन्सेक, महिला सञ्जाल लगायतका संस्थाको पहलमा जिल्ला प्रहरी कार्यालय रुकुमले सोही दिन मुद्दा दर्ता गऱ्यो। पीडितको स्वास्थ्यपरीक्षण ०६७ फागुन ४ गते जिल्ला अस्पताल रुकुममा भयो। आरोपितलाई कारबाहीका लागि छिट्टै पहल गरिने प्रहरीले प्रतिबद्धता जनाए पनि आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। मुद्दा दायर भएको ३५ दिनसम्म आरोपितलाई प्रहरीले खोजी गर्दा उनी फेला नपरेको र त्यसपछि मुद्दा अदालतले हेर्ने जिल्ला प्रहरी कार्यालय रुकुमका मुद्दा फाँटका असई लोकबहादुर केसीले बताए।

मर्मा गाविस–८ की १७ वर्षीया एक बालिकालाई सोही ठाउँका २४ वर्षीय शशीराम विकले ०६७ चैत १६ गते दिउँसो शशीरामकै घरमा बोलाएर बलात्कार गरको भनी पीडितले जिल्ला प्रहरी कार्यालय रुकुममा ०६७ चैत २१ गते उजुरी दिइन्। पीडितको स्वास्थ्यपरीक्षण ०६७ चैत २२ गते जिल्ला अस्पताल रुकुममा भयो। आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार
बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

खारा गाविस–५ की २५ वर्षीया एक महिलालाई सोही गाविस-४ का ३२ वर्षीय शशीराम खड्काले ०६८ जेठ १८ गते पीडितको घरमा बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालय रुकुममा ०६८ जेठ १९ गते पीडितले उजुरी दिइन्। प्रहरीले आरोपित खड्कालाई घरबाट सोही दिन गिरफ्तार गरेकोमा रुकुम जिल्ला अदालतको ०६८ असार १३ गतेको आदेश अनुसार पुर्पक्षका लागि रुकुम कारागार चलान भए। पीडितको स्वास्थ्यपरीक्षण ०६८ जेठ २० गते जिल्ला अस्पताल रुकुममा भएको थियो।

खारा गाविस-७ की १९ वर्षीया एक महिलालाई सोही ठाउँका ३१ वर्षीय चन्द्रबहादुर नेपालीले ०६७ पुस ३० गते पीडितकै घरमा बलात्कार गरेको भनी पीडितले ०६७ माघ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेका छन्। पीडितको स्वास्थ्यपरीक्षण ०६७ माघ २ गते जिल्ला अस्पताल रुकुममा भएको थियो।

कोटजहारी गाविस-९ की २२ वर्षीया एक महिलालाई घाँस काट्न गएको अवस्थामा सोही गाविस-१ का २४ वर्षीय लक्ष्मण कुँवरले ०६८ असार २० गते सोही गाविस–७ स्थित जङ्गलमा बलात्कार गरेको आरोपमा पीडितले ०६८ असार २२ जिल्ला प्रहरी कार्यालय रुकुममा उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०६८ असार २२ गते घरबाट गिरफ्तार गरेकोमा जिल्ला अदालत रुकुमको आदेश अनुसार ०६८ साउन १२ गते पुर्पक्षका लागि रुकुम कारागार चलान भए।

कोल गाविस-७ की ४५ वर्षीया एक महिलालाई सोही ठाउँका १७ वर्षीय चयन सुनारले ०६८ कात्तिक २८ गते बलात्कार गरेको आरोपमा पीडितले ०६८ कात्तिक २९ गते ईलाका प्रहरी कार्यालय तकसेरामा उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०६८ कात्तिक ३० गते गिरफ्तार गरेकोमा जिल्ला अदालत रुकुमको आदेशअनुसार उनी ०६८ मङ्सिर १२ गते पुर्पक्षका लागि कारागार चलान भए। पीडितको ०६८ मङ्सिर ५ गते जिल्ला अस्पताल रुकुममा स्वास्थ्यपरीक्षण भएको थियो।

घरेलु हिंसा

कारागारमा कुटपिट गरिएकी कमला ओली

खारा गाविस-१ की १८ वर्षीया राधिका खड्कालाई ०६८ असार १७ गते पति १८ वर्षीय गणेश खड्काले आफ्नै घरमा पकाइएको खानामा मुसा मार्ने विष हालेर खुवाए। उक्त कुरा छिमेकीहरूले थाहा पाएर ०६८ असार १८ गते प्रहरी चौकी

झुल्नेटामा उजुरी गरेपछि गणेशलाई प्रहरीले ०६८ असार २१ गते घरबाटै गिरफ्तार गऱ्यो। अदालतको आदेश बमोजिम ०६८ साउन २ गते प्रहरीले गणेश खड्कालाई पुर्पक्षका लागि रुकुम कारागार चलान गऱ्यो। पीडितको उपचार जिल्ला अस्पताल सल्यानमा भएको थियो।

बहुविवाह

नुवाकोट गाविस७ का २३ वर्षीय पूर्णप्रसाद शर्माले घरमा पत्नी हुँदाहुँदै सोही गाविस-७ की १६ वर्षीया बालिकासँग ०६८ असार १० गते बहुविवाह गरे। जेठी पत्नीले ०६७ असार २८ गते प्रहरी चौकी नुवाकोटमा उजुरी दिए पनि आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार

नेपाल तरुण दल चितवनका अध्यक्ष शिव पौडेलको हत्याको विरोधमा ०६८ पुस ४ गते नेपाली काङ्ग्रेसले आयोजना गरेको नेपाल बन्दको क्रममा बन्दको अवज्ञा गरेको आरोपमा बन्दकर्ताहरूले जिल्ला प्रहरी कार्यालय रुकुमको गाडी तोडफोड गरे। प्रहरीको गाडी सभासद्हरूको स्कर्टिङमा गएको थियो।



एकीकृत माओवादीका कार्यकर्ताहरूद्वारा कुटपिट गरिएकी डिलकुमारी खत्री

स्वास्थ्य अधिकार

भौगोलिक रूपमा विकट, शैक्षिक र सामाजिक विकासमा पिछडिएको काँडा गाविस रुकुम जिल्लाको दक्षिणपूर्वमा पर्छ। जिल्ला सदरमुकाम खलङ्गाबाट यो गाविस १९ कोसको दुरीमा रहेको छ। अधिकांश मगर समुदायको बस्ती रहेको यो गाविस पछाडि पारिएको गाविस हो। मानिसहरू बिरामी पर्दा यहाँ उपचार भनेको धामी, झाँक्री र जन्तर, मन्तर नै पहिलो प्राथमिकतामा पर्दछन्। धामी, झाँक्रीले नसकेपछि मात्र अन्तिम उपाय भनेको औषधी उपचार तथा स्वास्थ्यपरीक्षण गर्नु हो। बिरामीहरूले एकप्रकारले भएको सबै पैसा रुढीवादी काममा सकेपछि मात्र औषधी उपचारमा लागेको र यस्तो गर्दा धेरै मानिसहरूले अकालमा ज्यान गुमाएका थुप्रै उदाहरणहरू पाइन्छन्।

जमुना बुढा पनि माथि उल्लेखित कुराहरूको सिकार भएको अनुसन्धानले देखाएको छ। काँडा गाविस-५ का दीपक बुढा र नजरा बुढाको कोखबाट ०५६ सालमा गंगा र जमुना दुई जुम्ल्याहा छोरीहरू जन्मिएका थिए। शुरुमा दुवैको स्वास्थ्य स्थिति सामान्य थियो। दुवै नानीहरू खाने र खेल्ने गर्थे। चार वर्षको उमेरमा जमुनालाई सोही गाविस-७ डालीवाङमा बुबा दीपकले खेत जोत्दै गर्दा गोरुले हानेर करिब २ मिटरको उचाइमा रहेको खेतको डिलबाट खसाइदिएको थियो। त्यतिबेला उनको शरीरमा कुनै चोटपटक नदेखिए पनि एक महिना पछिदेखि बिस्तारै शरीरको तुलनामा टाउको ठुलो हुँदै गएको, बच्चाको खानामा रुचि घट्दै गएको, खेल्ने बानीमा आकस्मिक परिवर्तन भई बच्चा एकदमै रुन्चे भएको जमुनाकी गाँउले दिदी बिना बुढा गौचनले इन्सेकसँग बताइन्।

गाउँमा सामाजिक तथा राजनीतिक कार्यकर्ताको रूपमा कहलिएका दीपकले सामाजिक कुसंस्कारको घेरा तोडेर छोरीको उपचार गर्न सकेनन्। उनले पनि सबैको सुझाव अनुसार धामी, झाँक्रीको शरण लिन पुगे। आफ्नो सम्पत्तीको ठूलो भाग बोका, कुखुरा, सुँगुर आदी विभिन्न देविदेवता तथा भुतप्रेतलाई खुशी पार्नका लागि खर्च गरे। अन्तमा उपाय केही नचलेपछि उनी स्वास्थ्य चौकीमा बिरामी लिएर गए। त्यतिबेला धरै ढिला भइसकेको थियो। त्यसपछि उनी छोरी बोकेर धेरै पटक रुकुम जिल्ला अस्पताल धाए। अस्पतालको रिफर उनका लागि आकासको फल भयो। निम्न आर्थिक अवस्थाका कारण उनले छोरीको उपचार गर्न नसकेको जमुनाकी फुपू मीना बुढा मगरले इन्सेकलाई बताइन्। गाउँमा कामको चाप हुन्छ, धरै पटक उस्लाई एक्लै छोडेर दाजु भाउजु काममा गएको बेला जमुना एक पटक चुलोमा परी जलेर घाइते भएको र त्यसको उपचार पनि रुकुम जिल्ला अस्पतालमा गरेको मीनाले बताइन्।

गम्भीर खालको कुपोषणका बिरामीलाई धरै क्यालोरी भएको र उनीहरूले सजिलै पचाउन सक्ने खालको खाना आवश्यक हुने, त्यस्तो खानेकुरा जिल्लामा नभएकोले बिरामीलाई जिल्लामा बचाउन सकिदैन भनेर आफूहरूले तिन महिना पहिले नै रिफर गरेको तर दीपकले फेरी पनि धामीकहाँ गएर चार पाँच दिन राखेर घर फर्काएको जिल्ला जनस्वास्थ्य कार्यालय रुकुमका मेडिकल अधिकृत डा.युधिष्ठिर

खडकाले इन्सेकलाई बताए। जुम्ल्याहा बच्चाहरूमा गर्भावस्थामा पनि एउटामा कम र अर्कोमा बढी पोषक तत्व वितरण हुन सक्ने र जन्मपछि पनि एउटा बलियो र अर्को कमजोर हुन सक्ने डा. खडकाले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	३२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	४	१
स्टाफ नर्स	५	३	२
ल्याब असिस्टेन्ट	२	२	
अहेब	४८	४६	२
अनमी	१४	१४	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१२	१२	
स्वास्थ्य कार्यकर्ता	७७	६५	१२

४.६ बाँके



जनसङ्ख्या : ४,९३,०१७
पुरूष : २,५४,००४
महिला : २,४८,०१३
साक्षरता प्रतिशत : ७५
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : २,३३७
गाविस/नपा सङ्ख्या : ४६/१
सरकारी/निजी विद्यालय : ४५२/६५
क्याम्पस/उच्च मा.वि. : ६/३३
मानव विकास सूचकाङ्कः ०.४७९
प्रतिपरिवार सरदर सङ्ख्याः ५.१२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

बसुदेवपुर गाविस–२ कटिलियाका ४० वर्षीय मोलही कोरीलाई चन्दा उठाएको आरोपमा पाँच/छ जनाको सङ्ख्यामा गएको जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका कार्यकर्ताले ०६८ असार ११ गते राति १ बजे घरमा सुतेको अवस्थामा धारिलो हतियार प्रहार गरी घाइते बनाएकोमा भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचारका क्रममा ०६८ असार १२ गते बिहान कोरीको मृत्यु भयो। जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका नाममा लामो समयदेखि चन्दा आतङ्क मच्चाएको आरोपमा पार्टीका बाँके जिल्ला सैन्य कमान्डर विनोदको नेतृत्वमा गएको टोलीले हत्या गरेको जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीले जिम्मा लियो। पीडितपक्षले ०६८ असार १२ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा जाहेरी दिएपछि प्रहरीले घटनामा संलग्न भएको आरोपमा कम्दी गाविस–३ का ३९ वर्षीय पप्पु खाँलाई ०६८ असार १५ गते गिरफ्तार गरी

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		२	२	५	११	१६
बालअधिकार				१३	२	१५
अपहरण					३	३
महिलाअधिकार				४		४
भेला/सङ्गठित हुने अधिकार	२	५	७			
जातीय विभेद				१	३	४
गिरफ्तारी/यातना	१	६	७			
कुटपिट		४	४	१	५	६
धम्की					४	४
हत्या				१	६	७
जम्मा	**३**	**१७**	**२०**	**२५**	**३४**	**५९**

कर्तव्य ज्यान, अपहरण तथा शरीर बन्धक मुद्दा चलायो। बाँके जिल्ला अदालतको आदेशमा ०६८ साउन ९ गते आरोपित पुर्पक्षका लागि कारागार चलान भए।

आफ्नै बम विस्फोटनबाट

नेपालगञ्ज नपा–१२ का २४ वर्षीय बाबुराम कश्यप ०६८ कात्तिक २२ गते बिहान सोही नपा–१३ सितलनगरस्थित भाडामा लिएको वीरेन्द्र शाहको घरमा भएको बम विस्फोटनमा परी घाइते भएकोमा उपचारको क्रममा भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उनको सोही दिन साँझ मृत्यु भयो। उक्त घटनामा नेपालगञ्ज नपा–१२ का २२ वर्षीय शालिकराम कश्यप र हिर्मिनिया गाविस–१ का २३ वर्षीय बब्लु मौर्य घाइते भए। घाइते दुवैको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा प्राथमिक उपचार भयो भने थप उपचारका लागि भारतको लखनउ गएकोमा यस वर्षको अन्त्यसम्म घर फर्किएका छैनन्। शाहको घर भाडामा लिई सकेट बनाउदै गरेको अवस्थामा ती व्यक्तिहरू घाइते भएको जिल्ला प्रहरी कार्यालयका डीएसपी उदय तामाङ्गले जानकारी दिए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते अज्ञात समूहबाट

बेतहनी गाविस–९ निवासी राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला कार्यसमिति बाँकेका सदस्य ६४ वर्षीय नीरबहादुर अधिकारी ०६७ फागुन ९ गते राति घरमा सुतेको अवस्थामा ५/६ जनाको सङ्ख्यामा हतियारसहित आएका अज्ञात समूहको गोली प्रहारबाट गम्भीर घाइते भए। बाँया छातीमा गोली लागेका नीरबहादुरको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा प्राथमिक उपचार भयो भने थप उपचार काठमाडौँस्थित वीर अस्पतालमा भयो। घटनास्थलबाट प्रहरीले तराई जनतान्त्रिक मुक्ति मोर्चा बाँके बर्दिया इन्चार्ज सिकन्दरको हस्ताक्षर रहेको पर्चा भटेको थियो। पर्चामा भष्टाचारीलाई कारबाही गरिने उल्लेख रहेको प्रहरीले जनायो। प्रहरीका अनुसार घटनास्थलबाट बन्दुकमा प्रयोग हुने चारओटा गोलीको खोका र एक थान भारतीय नम्बर रहेको मोबाइल फोनसमेत फेला परेको थियो। पीडितले ०६७ फागुन १० गते जिल्ला प्रहरी कार्यालय बाँकेमा जाहेरी दिएका थिए। प्रहरीले घटनामा संलग्न भएको आरोपमा बेतहनी गाविस-३ का काम्ता अहिर, सोही ठाउँका अमेरिका यादव र कुजवुद्दिन यादवलाई गिरफ्तार गरेकोमा बाँके जिल्ला अदालतको आदेश अनुसार ०६८ वैशाख ७ गते जनही १० हजार ७० रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

वनकट्टी गाविस–४ निवासी नेपाली काङ्ग्रेस गाउँ इकाइका सचिव २८ वर्षीय खुसीराम बर्मा ०६७ चैत ४ गते वनकट्टीस्थित आफ्नै पसलमा बसेको अवस्थामा पसलबाट बोलाई नजिक रहेको बाटोमा पुऱ्याई 'तँ नेपाली काङ्ग्रेसको नेता होइनस्' भनी अज्ञात समूहले गरेको गोली प्रहारबाट घाइते भए। दुवै खुट्टाको साप्रा र कुरकुच्चानजिक गोली लागेका बर्माको नेपालगञ्ज शिक्षण अस्पतालमा उपचार भयो। सोही समूहको गोली प्रहारबाट सोही ठाँउकी ८ वर्षीया सुमनकुमारी चौहान पनि घाइते भइन्। कोखामा गोली लागी सामान्य घाइते भएकी चौहानको नेपालगञ्ज शिक्षण अस्पतालमा उपचार भयो। पीडितपक्षले ०६७ चैत ५ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा जाहेरी दिए। प्रहरीले घटनामा संलग्न भएको आरोपमा सोही ठाउँका विष्णु यादवलाई ०६७ चैत १० गते गिरफ्तार गरेकोमा बाँके जिल्ला अदालतको आदेश अनुसारको ३० हजार धरौटी तिर्न नसकेपछि ०६८ वैशाख ४ गते कारागार चलान भए।

गङ्गापुर गाविस–७ का १३ वर्षीय नवराज

बुढाथोकी ०६८ असार ११ गते राति छिमेकीको विवाहको भोज खाएर घर फर्कंदै गरेको अवस्थामा बाटोमा अज्ञात समूहले प्रहार गरेको गोली लागेर घाइते भए। दाहिने हातको औंला र पाखुरामा गोलीका पाँचओटा छर्रा लागेका उनको प्राथमिक उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भयो भने थप उपचार मेडिकल कलेज कोहलपुरमा भयो। पीडितपक्षले ०६८ असार १२ गते इलाका प्रहरी कार्यालय भोज भगवानपुरमा जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म घटनामा संलग्न व्यक्ति गिरफ्तार भएनन्। घटनाको यस वर्षको अन्त्यसम्म कुनै समूहले जिम्मेवारी लिएको छैन्।

जनतान्त्रिक तराई मधेस मुक्ति पार्टी (भगतसिंह) बाट

जुम्ला जिल्ला धापा गाविस–८ का ३९ वर्षीय रामदत्त शर्मा, कोहलपुर नपा-८ पिपरीका ३८ वर्षीय तिलकविक्रम चन्द, नेपालगञ्ज नपा–१३ आदर्शनगरकी ४० वर्षीया राधा यादव, गनापुर गाविस–२ की ३५ वर्षीया सुर्जना यादव, सोही ठाउँकी ६० वर्षीया छंगा यादव र जयसपुर गाविस–५ की ५ वर्षीया आस्मा जसगढ ०६७ चैत १२ गते ना ४ ख १३३२ नम्बरको यात्रुवाहक माइक्रो बसमा नेपालगञ्जबाट कोहलपुर तर्फ गइरहेको अवस्थामा गनापुर गाविस–७ पार्वतीपुर गाउँमा पुग्दा बसमा बम विस्फोटन हुँदा घाइते भए। घाइतेहरूको कोहलपुरस्थित नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार भयो। विस्फोटनको जिम्मा जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह)ले स्थानीय सञ्चारकर्मीहरूलाई फोन गरी स्वीकारेको थियो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले कारकाँदो गाविस–१ भुजईगाउँका २२ वर्षीय सञ्जयकुमार बर्मालाई कोहलपुर गाविसस्थित दुर्व्यसनी केन्द्रबाट र सोही ठाउँका २३ वर्षीय जोधी लोनियालाई घरबाट ०६८ वैशाख १९ गते गिरफ्तार गरी ज्यान मार्ने उद्योगमा मुद्दा चलाएकोमा ०६८ जेठ १३ गते बाँके जिल्ला अदालतको आदेशअनुसार पुर्पक्षका लागि बाँके कारागार चलान भए।

होलिया गाविस–७ खडैचा घर भई नेपालगञ्ज स्टार होटलमा कार्यरत १७ वर्षीय विजय धोबी ०६७ चैत १० गते राति स्टार होटलअघिको बाटो बडारिरहेको अवस्थामा होटलनजिक रहेको श्रीकृष्ण इन्टर प्राइजेज रेडिमेट पसल अगाडिको पेटिमा बेवारिसे अवस्थामा रहेको सुतली बम विस्फोट हुँदा घाइते भए। बायाँ कम्मरमा चोट लागेका धोबीको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो। बम कसले राखेको यस वर्षको अन्त्यसम्म खुलेन।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय १ र कैद नतोकिएका २ सय ६० कैदी र थुनुवा गरी जम्मा ३ सय ६१ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ३ सय ३३ र महिला २८ रहेका छन्। यस कारागारमा क्षमताभन्दा बढी बन्दीहरू भएकाले बसोबासमा समस्या भएको छ। बसोबासमा समस्या भएपछि नेपाली सेनाको इमाननगर ब्यारेक राँझाबाट त्रिपाल ल्याई केही बन्दीहरूलाई त्रिपालमा राखिएको जेलर श्यामलाल लामिछानेले जानकारी दिए। पानी पर्दा त्रिपालको वरपरबाट पानी भित्र पस्ने, जमिन चिसो हुने गरेको बन्दी तथा थुनुवाहरूले गुनासो गरे। बस्ने कोठाका अभावमा जेलभित्र रहेको प्राथमिक विद्यालय, टिभी हलमा समेत बन्दीहरू राखिएको जेलर लामिछानेले जानकारी दिए।

धम्की/कुटपिट

राज्यपक्षबाट

दाङ जिल्ला नारायण नपा–६ घरभई हाल नेपालगञ्ज नपा–१७ निवासी वागेश्वरी एफएमका कार्यक्रम उत्पादक तथा सञ्चालक २८ वर्षीय ओविराज आचार्यलाई ०६८ मङ्सिर ६ गते राति एफएमको कार्यालयबाट घर जाँदै गरेको अवस्थामा वडा प्रहरी कार्यालय अन्तर्गतको नगर भवन एकाईमा कार्यरत ३५ वर्षीय प्रहरी हवल्दार गिरीराज बीसीले कुटपिट गरे। मुख र कोखामा चोट लागेका आचार्यको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो। घटना

आफ्नै बम विस्फोटनमा परी मृत्यु भएका बाबुराम कैश्यव

सम्बन्धमा इन्सेक, पुनरावेदन अदालत बार एशोसियसन लगायतका संस्थाहरूले ०६८ मङ्सिर ८ गते प्रेस विज्ञप्ति प्रकाशन गरी दोषीलाई कारबाहीको माग गरे। घटनामा सलग्न हवल्दारको दुई वर्षको बढुवा रोक्का गरिने जिल्ला प्रहरी कार्यालय बाँकेका उपरीक्षक दिनेश अमात्यले प्रतिबद्धता जनाएको र आचार्यको हराएको सामानबापत हवल्दारले ५० हजार रुपियाँ आचार्यलाई बुझाएपछि ०६८ मङ्सिर १५ गते दुबै पक्षबीच जिल्ला प्रहरी कार्यालयमा मेलमिलाप भयो।

कचनापुर गाविस–५ घरभई पिपलबोट दैनिक पत्रिका र कोहलपुर एफएमका सम्बाददाता २२ वर्षीय चक्रपाणी देवकोटा, कोहलपुर नपा–३ निवासी मिसन टुडे दैनिकका प्रकाशक २४ वर्षीय विनोद पौडेललाई ०६८ वैशाख ९ गते बालक अपहरण सम्बन्धमा स्थानीयबासीद्वारा कोहलपुर नपा–३ मा गरिएको आन्दोलनसम्बन्धी समाचार सङ्कलनका लागि फोटो खिचिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय कोहलपुरमा कार्यरत प्रहरीको लाठीचार्जबाट घाइते भए। देवकोटाको टाउकोमा प्रहरीको लाठीले चोट लागेको थियो भने जिब्रोको नसामा रगत जमेको थियो। कोहलपुर मेडिकल कलेजमा प्राथमिक उपचार पछि उनको थप उपचार शिक्षण अस्पताल काठमाडौँमा भयो। कान र टाउकोमा चोट लागेका पौडेलेको कोहलपुर मेडिकल कलेजमा उपचार भयो। नेपाल पत्रकार महासङ्घ बाँकेले ०६८ वैशाख १० गते जिल्ला प्रशासन कार्यालय बाँके र गृह मन्त्रालयमा उजुरी गरेपछि जिल्ला प्रशासन कार्यालयले घाइते देवकोटाको उपचार खर्चबापत ३४ हजार ३ सय रुपियाँ सहयोग गरेको थियो। घाइते देवकोटा यस वर्षको अन्त्यसम्म जिब्रोमा रगत जमेका कारण छिटो बोल्न सक्ने भएका छैनन्।

एकीकृत माओवादीबाट

कचनापुर गाविस–५ घरभई भूवरभवानी उच्च मावि बिनौनामा कार्यरत शिक्षक ४३ वर्षीय टोपबहादुर सुनारलाई मानिस बेचेको आरोपमा ०६८ वैशाख २९ गते बिनौना गाविस–५ निवासी एमाओवादीका कार्यकर्ता २५ वर्षीय मनिराम थारू र लक्षीराम थारूले दुर्व्यवहार गर्दै हात, मुक्का र खुट्टाले शरीरमा कुटपिट गरे। बिनौना गाविस–५ टडुवाका लक्षीराम थारूलाई ०४९ सालमा भारतमा पुऱ्याई बेचेको आरोपमा एमाओवादीका कार्यकर्ताले उनलाई दुर्व्यवहार गर्दै कुटेका थिए। कोखा र घाँटीमा चोट लागेका शिक्षकको वेस्टन अस्पताल नेपालगञ्जमा उपचार भयो। दोषीलाई कारबाहीको माग गर्दै पीडितले ०६८ वैशाख २९ गते इलाका प्रहरी कार्यालय धामपुर र ०६८ वैशाख ३० गते जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी दिए। दुर्व्यवहार गर्ने दुवैलाई प्रहरीले ०६८ वैशाख ३१ गते गिरफ्तार गरी आइन्दा यस्तो गल्ती नगर्ने तथा घाइतेको उपचार र क्षति भएको मोबाइल बनाइदिने सर्तमा ०६८ जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षबीच मेलमिलाप भयो।

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगतसिंह) बाट

नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष झलक गैरेलाई आफ्ना पार्टीका गतिविधिलाई सञ्चारमाध्यमले प्राथमिकता नदिएको आरोपमा ०६७ माघ १४ गते जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका सैन्य कमाण्डर एवं अध्यक्ष भगत सिंहले एसएमएस गरी सञ्चार माध्यममा विस्फोट गर्ने धम्की दिए। चन्दा नदिएको आरोपमा पार्टीद्वारा बम विस्फोट गराइएका घटनाहरूलाई प्रसारण तथा प्रकाशन नगरेको भन्दै एसएमएस मार्फत अनुचित दबाब दिएको अध्यक्ष गैरैले बताए।

नेपालगञ्ज नपा–१३ घरभई जिल्ला प्रहरी कार्यालय प्यूठानमा कार्यरत ४० वर्षीय सई प्रमोद क्षेत्रीको घरमा जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका कार्यकर्ताले ०६७ फागुन ११ गते सकेट बम राख्यो। उक्त बम नेपाली सेनाको टोलीले ०६७ फागुन ११ गते राति निष्कृय पारेको थियो। उक्त बम घरको बाहिर बरण्डामा भेटिएको थियो। नेपाली सेनाको राँझास्थित कालीदल गणको बम डिस्पोजल टोलीले सोही दिन राति निष्कृय पारेको वडा प्रहरी कार्यालय नेपालगञ्जका इन्स्पेक्टर ऋषि ढुङ्गानाले बताए। नेपाल प्रहरीमा कार्यरत सई प्यूठान भएको र उनका परिवारहरू भृकुटीनगरस्थित घरमा रहेका थिए। जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका नगरइन्चार्ज बादल खाँले उक्त बम राखेको नेपालगञ्जस्थित केही सञ्चारकर्मीलाई फोन गरी जानकारी गराएका थिए।

नेपालगञ्ज नपा–६ रामनगर घर भई पिप्रहवा गाविसका सचिव तथा गाविस हकहित समिति बाँकेका अध्यक्ष ५२ वर्षीय परशुराम शुक्लालाई भूमिगत समूह जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका कार्यकर्ताले ०६७ माघ १४ गते दिउँसो फोन गरी तीन दिनभित्र चन्दा नदिए मार्ने धम्की दिए। बाँकेका प्रत्येक गाविसबाट २५ हजार रुपियाँ दरले चन्दा सङ्कलन

गरेर नदिए मार्ने धम्की सो समूहले दिएको थियो। प्रहरीले घटनामा संलग्न भएको आरोपमा परस्पुर गाविस-१ निवासी तराई जनतान्त्रिक मधेश मुक्ति मोर्चाका कार्यकर्ता विक्रम शर्मा भन्ने अनिल जैसवाल र उढरापुर गाविस-७ निवासी तराई जनतान्त्रिक मधेश मुक्ति पार्टीका बाँके जिल्ला इन्चार्ज सुरज शर्मा भन्ने जाकिर हुसेनलाई ०६८ भदौ २० गते गिरफ्तार गरेकोमा बाँके जिल्ला अदालतको आदेश अनुसार आरोपितहरू ०६८ असोज २५ गते पुर्पक्षका लागि बाँके कारागार चलान भए।

अज्ञात समूहबाट

बैजापुर गाविस–६ घरभई नेपालगञ्ज नपा–१६ मा बस्दै आएका रेडियो हिमालका सम्वाददाता २० वर्षीय हेमन्त चौधरीलाई ०६७ पुस १८ गते साँझ समाचारवाचन गरी डेरामा जाँदै गरेको अवस्थामा नेपालगञ्ज नपा–१६ कोरियनपुरस्थित आँप बगियामा धारिलो हतियार सहित सात/आठ जनाको सङ्ख्यामा आएका अज्ञात व्यक्तिको समूहले हाम्रो पार्टीको विरूद्ध समाचार लेख्ने भन्दै धारिलो हतियारले प्रहार गऱ्यो। पछाडि बोकेको झोलाले गर्दा उनलाई चोट लागेन। नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष झलक गैरे र प्रेस चौतारीका अध्यक्ष रूद्र सुवेदीले ०६७ पुस १९ गते संयुक्त प्रेस विज्ञप्ति प्रकाशन गरी दोषीलाई कारवाहीको माग गरे पनि यस वर्षको अन्त्यसम्म दोषीलाई कुनै कारबाही भएन।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

हुम्ला जिल्ला सिमकोट गाविसकी २५ वर्षीया ज्ञानु रोकाया, सोही जिल्ला बराई गाविस–२ का २५ वर्षीय भक्तबहादुर ऐडी, रूडीकोट गाविस–४ का रामकृष्ण बुढा र मानबहादुर थापा हवाइभाडा फिर्ताको माग गर्दै मनिकापुर गाविस–८ राँझा विमानस्थलमा ०६७ चैत १ गते शान्तिपूर्ण धर्नामा सहभागी भएको अवस्थामा प्रहरीले गरेको लाठीचार्जबाट घाइते भए। घाइते ज्ञानुको दाहिने खुट्टा सुन्निएको थियो भने अन्य सामान्य घाइते भए। प्रर्दशनमा सहभागी भएको आरोपमा प्रहरीले जुम्ला जिल्ला निवासी कर्णाली एकता समाजका अध्यक्ष नरेन्द्रनाथ योगी, हुम्ला जिल्ला जैर गाविसका ४० वर्षीय मानबहादुर थापा, सोही जिल्ला रोडीकोट गाविस–४ का ३५ वर्षीय धर्मराज ऐडी, हुम्ला जिल्ला सिमकोट गाविस–४ का ४० वर्षीय तिर्थराज रोकाय, हुम्ला जिल्ला डाँडाफायाँ गाविस–१ का ४५ वर्षीय प्रेमबहादुर शाही, सोही जिल्ला खार्पुनाथ गाविस–५ का २३ वर्षीय जङ्गबहादुर शाही, कालीकोटका कृष्णराज शाहीलाई गिरफ्तार गऱ्यो। गिरफ्तार भएका सबैलाई जिल्ला प्रहरी कार्यालय बाँकेले सोही दिन दिउँसो रिहा गऱ्यो।

मुक्त कमैयाहरूको विषयमा छलफल गर्न इलाका प्रहरी कार्यालय कोहलपुरमा ०६८ वैशाख ७ गते जम्मा भएको अवस्थामा मुक्तकमैयाहरूबीच एक आपसमा विवाद भएपछि प्रहरीले स्थिति नियन्त्रणका लागि गरेको लाठीचार्जबाट घाइते भएका कोहलपुर गाविस–३ का फुलाराम थारू, कल्लु थारू, रेशम थारू लगायत सात जना मुक्त कमैयालाई प्रहरील गिरफ्तार गऱ्यो। कोहलपुरको चौराहा क्षेत्रमा नयाँ बस्न आउने मुक्तकमैयाका लागि प्रति परिवार १२ हजार ५ सय रुपियाँ लिने भनी सो ठाउँमा यसअघि बस्दै आएका मुक्त कमैयाले लगाएको नियमका बारेमा छलफल गर्न इलाका प्रहरी कार्यालयमा मुक्त कमैयाहरू भेला भएका थिए। घाइतेहरूको उपचार कोहलपुर मेडिकल कलेजमा भयो। गिरफ्तार भएकाहरू ०६८ वैशाख ८ गते रिहा भए।

बागेश्वरी गाविस–२ की सीता गुरूङ्गको नेपालगञ्जस्थित गणेशमान चोकमा ०६८ भदौ ६ गते ट्रकको ठक्करबाट मृत्यु भएपछि क्षतिपूर्तिको माग गर्दै ०६८ भदौ ७ गते बागेश्वरी गाविस–२ खजुरा बजारमा शान्तिपूर्ण प्रदर्शनमा उत्रेका स्थानीय बासिन्दाहरूमाथि प्रहरीले लाठीचार्ज, अश्रुग्याँस र गोली चलाउँदा नेपालगञ्जबाट घर फर्कदै गरेका बागेश्वरी गाविस–२ का २१ वर्षीय यामु शाही, घरमा बसेकी सोही ठाउँकी ६ वर्षीया अन्जलीकुमारी ठाकुर र सोही ठाउँ घरका ३२ वर्षीय शुक्र नेपाली घाइते भए। घाइतेहरूको

बम विस्फोटनमा परी घाइते भएका शालिकराम कैश्यव

बम विस्फोटनमा परी घाइते भएकी आश्मा जसगढ

भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो। घाइते यामुको दायाँ कञ्चटमा गोलीको छर्रा लागेको थियो भने शुक्रको पैतलामा गोलीको टुक्रा लागेको थियो। अन्जलीको टाउकोमा अश्रुग्यासले चोट लागेको थियो। आन्दोलनकारी र प्रहरी प्रशासनबीच जिल्ला प्रशासन कार्यालयमा ०६८ भदौ ७ गते भएको बैठकमा घाइतेको नि:शुल्क उपचार र मृतकका परिवारलाई नियमानुसार क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक पहल गर्ने प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्र घिमिरेले प्रतिबद्धता जनाएपछि आन्दोलन स्थगन भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

छ जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ हजार ३ सय २१ मध्ये ६ सय ४५ फैसला भए भने ६ सय ७६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ८ सय ८६ मध्ये १ हजार फैसला भए भने ८ सय ८६ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा २२ र देवानी मुद्दा ११ रहे।

०६८ साउनदेखि पुस १६ सम्म

चार जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ हजार ७ मध्ये २ सय १५ फैसला भए भने ७ सय ९२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार २ सय ७७ मध्ये २ सय फैसला भए भने १ हजार ७७ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा २६ र देवानी मुद्दा ३५ रहे।

पुनरावेदन अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

पाँच जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ १ सय ४२ मध्ये ८५ फैसला भए भने ५७ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ४७ मध्ये १ सय ८२ फैसला भए भने १ सय ६५ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

पाँच जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ३४ मध्ये ६१ फैसला भए भने ७३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ स य ५२ मध्ये ६१ फैसला भए भने ९१ फैसला हुन बाँकी रहे। दुईवर्ष नाघेका फौजदारी मुद्दा २६ र देवानी मुद्दा ३५ रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३ सय ६८ छ जसमध्ये २ सय ६५ सफल भए भने १ सय १ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या १ सय १ पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म दुई मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १३ मध्ये पाँच सफल र आठ असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा १५ मध्ये छ सफल र आठ असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। बलात्कार उद्योगसम्बन्धी मुद्दा चारमध्ये तीन असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा पाँचमध्ये तीन सफल र दुई

अज्ञात समूहको गोली प्रहारबाट घाइते भएका खुसीराम बर्मा

असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा छमध्ये एक सफल र पाँच असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा छमध्ये दुई सफल र चार असफल रह्यो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

नेपालगञ्ज नपा–१७ रामवाग निवासी तरूण दलका बाँके जिल्ला सदस्य २४ वर्षीय सन्दीप शाहलाई ०६७ माघ १० गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानका क्रममा सोहीदिन राति हातखुट्टा बाँधेर, आँखामा पट्टि लगाई पिटेको र उत्तानो परेर सुत्न लगाई नाकबाट जगले पानी हालेर यातना दिएको पीडितले बताए। प्रहरीको यातनाबाट शाहको पिठ्यूमा चोट लागेको थियो भने पैतला सुन्निएको थियो। भेरी अञ्चल अस्पताल नेपालगञ्जमा प्राथमिक उपचारपश्चात् शाहको थप उपचार भारतको लखनउमा भयो। कोहलपुर गाविसबाट ०६७ माघ ३ गतेदेखि बेपत्ता भएका हिमाल बुढाको बारेमा बुझ्न शाहलाई गिरफ्तार गरेको प्रहरीले जनायो। प्रहरीले अनुसन्धानको क्रममा यातना दिएको विरोधमा ०६७ माघ १२ गते नेपाल तरूण दल बाँकेले नेपालगञ्ज बन्द गऱ्यो। गिरफ्तार भएका सन्दीप ०६७ माघ ११ गते रिहा भए। पीडितले यस वर्षको अन्त्यसम्म असुरक्षाका कारण केही उजुरी दिएनन।

बर्दिया जिल्ला मोतीपुर गाविस–६ घर भई मानव बेचविखन तथा ओसारपसार घटनामा जिल्ला प्रहरी कार्यालय बाँकेको हिरासतमा रहेकी ४९ वर्षीया हरकली पुनले अनुसन्धानको क्रममा प्रहरीले ०६८ असार २८ गते राति हिरासतबाट बाहिर निकाली जिल्ला प्रहरी कार्यालयको पहिलो तलामा पुऱ्याई 'कति जनालाई बिक्री गरिस् भन्' भन्दै प्रहरीले कटवासको लाठीले कुटपिट गरेपछि दाहिने हात भाँचिएको बताइन्। प्रहरीले ०६८ असार २८ गते पिप्रहवा गाविसस्थित जमुनाहाबाट उनलाई गिरफ्तार गरेको थियो। उनकी छोरी गङ्गा पुनले स्वास्थ्यपरीक्षण गरी उपचार गराउन आदेश जारी गरी पाउन बाँके जिल्ला अदालतमा ०६८ साउन ८ गते उजुरी दिएकोमा बाँके जिल्ला अदालतका तहसीलदार विश्वराज रेग्मीले तीन दिनभित्र स्वास्थ्यपरीक्षण गरी उपचार गर्नुपर्ने भए उपचारसमेत गरी प्रतिवेदन अदालतमा पेश गर्न जिल्ला प्रहरी कार्यालयलाई आदेश दिए। अधिकारकर्मी र कानुनव्यवसायीहरूको पहलमा हरकलीको ०६८ भदौ १५ गते वेस्टन अस्पताल एण्ड रिसर्च सेन्टर नेपालगञ्जमा हातको प्लास्टर भयो। पीडितले कारागार कार्यालय बाँकेमार्फत जिल्ला प्रहरी कार्यालयका एसपी दिनेश अमात्य, सोही कार्यालयका इन्स्पेक्टर हर्कबहादुर रावल, प्रहरी जवान रजनी मल्ल र भगवती सुवेदीका विरूद्ध बाँके जिल्ला अदालतमा ०६८ भदौ ७ गते यातना क्षतिपूर्तिसम्बन्धी मुद्दा दर्ता गरिन्।

प्रहरीको गोली लागी घाइते भएका यामु शाही

अज्ञात समूहको गोली प्रहारबाट घाइते भएका नीरबहादुर अधिकारी

नेपालगञ्ज नपा–१६ घर भई अपहरण तथा शरीरबन्धक मुद्दामा जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका २० वर्षीय निजामुद्दीन शेखलाई अनुसन्धानका क्रममा प्रहरीले ०६८ साउन ५ गते राति यातना दिएको भन्दै उनका बाबु सत्तार शेषले ०६८ भदौ २० गते बाँके जिल्ला अदालतमा जिल्ला प्रहरी कार्यालय बाँकेका एसपी दिनेश अमात्य, सोही कार्यालयका प्रहरी जवान अशोक यादवविरूद्ध यातना क्षतिपूर्तिसम्बन्धी मुद्दा दर्ता गराए। सत्तारले ०६८ साउन १० गते राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक लगायतका अधिकारकर्मी संस्थाहरूमा पनि यातनासम्बन्धी उजुरी दिएका थिए। नेपालगञ्ज नपा–१३ स्थित नर्सिङ्गहोम अगाडिबाट प्रहरीले सोधपुछका लागि ०६८ साउन ५ गते राति गिरफ्तार गरी सोही दिन राति आँखामा पट्टी बाँधी, पिटदै जिल्ला प्रहरी कार्यालय भवनको छतबाट खसाल्दा निजामुद्दीनको ढाड भाँचिएको पीडितले बताए। उनको भेरी अञ्चल अस्पताल र कोहलपुर मेडिकल कलेजमा उपचार भयो। प्रहरीले ०६८ साउन ११ गते जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलन गरी नेपालगञ्ज नपा–२ का २१ वर्षीय ओमप्रकाश सिंह र सोही नपा–१६ का २१ वर्षीय सिर्जन थापालाई सीमा पार गराउन लागेको अवस्थामा निजामुद्दीनलाई नेपालगञ्ज

बम वस्फोटनमा परी घाइते भएका राधा यादव र चङ्गा यादव

भन्सारनजिकै जमुनाहाबाट गिरफ्तार गरेको सार्वजनिक गऱ्यो। बाँके जिल्ला अदालतका न्यायाधीश रीतेन्द्र थापाले ०६८ साउन ३१ गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका थुनुवा बब्लु भनिने निजामुद्दीन शेखको नि:शुल्क उपचारको लागि आवश्यक व्यवस्था मिलाउन आदेश दिए। निजामुद्दीनले बाँके जिल्ला अदालतमा ०६८ साउन ३० गते सुतेर बयान दिएका थिए। उक्त मुद्दा सम्बन्धमा ०६८ साउन ३१ गते बाँके जिल्ला अदालतले तत्काल प्राप्त प्रमाणको आधारमा १ लाख १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएपछि पीडित ०६८ भदौ ५ गते धरौटी राखी रिहा भए।

नेपालगञ्ज नपा–१६ निवासी १८ वर्षीय बब्लु भनिने निजामुद्दीन शेखलाई ०६७ पुस १९ गते जिल्ला प्रहरी कार्यालय बाँकेको हिरासत कक्षमा रहेको अवस्थामा राति करिब ९.३० बजेदेखि १२ बजेसम्म आँखामा पट्टी बाँधेर हिरासतबाट बाहिर निकाली प्रहरीले 'मेराज भन्ने को हो' भन्दै दुई पटकसम्म देव्रे खुट्टामा करेन्ट लगाएको साथै सुत्न लगाई तीनपटक नाकबाट पानी खन्याएको भन्दै पीडितले न्यायको लागि पहल गरिदिन ०६७ पुस २८ गते इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्ज समक्ष अनुरोध गरे। करेन्ट लगाइएको देव्रे खुट्टाको दुई ठाउँमा दाग थियो। जयसपुरस्थित मामा सफिक दर्जीको घरबाट आफ्नो घर फर्कने क्रममा जयसपुरस्थित माइक्रोबसभित्र बसिरहेको अवस्थामा ०६७ पुस १६ गते वडा प्रहरी कार्यालयका प्रहरीले उनलाई गिरफ्तार गरेको थियो। बब्लु भन्ने व्यक्ति लागू पदार्थ ओसारपसार घटनामा गिरफ्तार भएको र अनुसन्धानको क्रममा यातना नदिइएको जिल्ला प्रहरी कार्यालय बाँकेका डीएसपी विनोद घिमिरेले जनाए। निजामोद्दीनलाई प्रहरीले ०६८ साउन ५ गते नेपालगञ्ज नपा–१३ स्थित नर्सिङ्गहोम अगाडिबाट पुन: गिरफ्तार गरेको थियो।

अश्रु ग्याँसबाट घाइते भएकी अन्जलीकुमारी ठाकुर

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख १३ हजार ४ सय ६० मध्ये छात्र ५५ हजार ३ सय ९५ र छात्रा ५८ हजार ६५ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १० हजार ८३ र छात्र १० हजार २ सय ८९ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला २ सय ३६ र ५ सय ७७ गरी जम्मा ८ सय १३ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला ३४ र पुरुष १ सय ४९ गरी जम्मा १ सय ८३ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला १६ र पुरुष १ सय ३६ गरी जम्मा १ सय ५२ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ५ हजार ७ सय २८ र बालिका ५ हजार ६ सय २६ गरी जम्मा ११ हजार ३ सय ५४ रहेका छन् जसमध्ये दलित बालक ६ सय ६१ र बालिका ६ सय ८९ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बन्द/हड्ताल

संविधानसभा विघटन लगायतका विभिन्न माग राखी थरूहट तराई पार्टी नेपाल सहित विभिन्न सात राजनीतिक पार्टी तथा सङ्घ संस्थाहरूले ०६८ मङ्सिर ७ गतेदेखि गरेको अनिश्चितकालीन नेपाल बन्दका कारण बाँके जिल्लास्थित सम्पूर्ण सरकारी तथा निजी विद्यालय ०६८ मङ्सिर ९ गतेसम्म बन्द भए। बन्दको दोस्रो दिन ०६८ मङ्सिर ८ गते नेपालगञ्ज नपा–१३ गणेशमान चोकमा बन्दकर्ताहरूले एक बस तोडफोड गरे। बन्दका कारण

जिल्लाका करिब १ लाख ५० हजार बालबालिकाहरूको पठनपाठन प्रभावित भयो।

अपहरण

कोहलपुर गाविस–३ का ५ वर्षीय सुशान्त अधिकारी ०६८ वैशाख ७ गते साँझ घरनजिकै खेलिरहेको अवस्थामा अपहरणमा परे। अपहरित बालकलाई जिल्ला प्रहरी कार्यालय बाँकेका डीएसपी विनोद घिमिरेको नेतृत्वमा गएको टोलीले ०६८ वैशाख १० गते भारतको वहराइच जिल्लाको ककरधरीबाट सकुशल उद्दार गऱ्यो। कोहलपुरस्थित बागेश्वरी एकेडेमी बोर्डिङ स्कूल यू केजीमा अध्ययनरत बालकलाई अपहरण पछि भारतीय नम्बरको फोनबाट उनको घरपरिवारलाई फोन आएको थियो। अपहरणमा संलग्न भएको आरोपमा प्रहरीले कोहलपुर गाविस–३ का रामवरण यादव र मोहम्मद हुसेनलाई ०६८ वैशाख ८ गते गिरफ्तार गरी अपहरण तथा शरीरबन्धक मुद्दा चलाएकोमा ०६८ जेठ ८ गते बाँके जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान भए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले नेपालगञ्ज नपा-१ की पुनम सुनारलाई ०६८ भदौ २६ गते गिरफ्तार गरेकोमा सोही दिन बाँके जिल्ला अदालतको आदेशअनुसार पुर्पक्षका लागि कारागार चलान भइन्। फिरौती रकमको लागि बालकको अपहरण गरिएको प्रहरीले जनायो।

फत्तेपुर गाविस–९ घरभई सिद्धेश्वर उच्चमावि कक्षा १० मा अध्ययनरत १६ वर्षीय सन्तोष पौडेललाई ०६८ भदौ २८ गते राति हतियारसहित ५/६ जनाको सङ्ख्यामा मुखमा नकाब लगाई आएका अज्ञात व्यक्तिहरूले घरबाट अपहरण गरे। बालकका दाजु प्रदीप पौडेलले ०६८ असोज १ गते भारतको रूपैहिडीयामा अपहरणकारीलाई ३ लाख रुपियाँ फिरौती बुझाएपछि उनी सोही दिन रूपैहिडीयाबाट मुक्त भए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले सोही ठाउँका राजबीर बुढाथोकी, सुकैलाल बुढाथोकी र दयाराम यादवलाई ०६८ असोज २ गते कम्दी गाविसबाट गिरफ्तार गरेकोमा बाँके जिल्ला अदालतको आदेश अनुसार सुकैलाल ०६८ कात्तिक १ गते बाँके कारागार चलान भए।

प्रहरीको कुटपिटबाट घाइते भएका पत्रकार ओविराज आचार्य

बलात्कार/बलात्कारको प्रयास/दुर्व्यवार

कैलाली जिल्ला घरभई कोहलपुर नपा–३ स्थित श्याम भन्ने चन्द्र यादवको घरमा काम गर्न बसेकी ११ वर्षीया एक बालिकालाई घरमालिक चन्द्र यादवले ०६८ मङ्सिर २१ र २१ गते बलात्कार गरेको भन्दै पीडितपक्षले ०६८ मङ्सिर २३ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले ०६८ मङ्सिर २४ गते गिरफ्तार गरेकोमा बाँके जिल्ला अदालतका न्यायाधीश कृष्णकमल अधिकारीको आदेशमा ०६८ पुस २४ गते पुर्पक्षका लागि बाँके कारागार चलान भए। बाबु आमा दुवै गुमाएकी पीडित बालिकालाई जिल्ला प्रहरी कार्यालय बाँकेको सिफारिसमा ०६८ पुस १ गतेदेखि सिविन नेपालगञ्ज पठाइएकोमा यस वर्षको अन्त्यसम्म सिविनकै संरक्षणमा रहेकी छन्।

बर्दिया जिल्ला कालिका गाविस–४ घरभई बाँके कारकाँदो गाविस–५ स्थित भैरव श्रेष्ठको पसलमा घरेलु मजदुरका रूपमा कार्यरत १४ वर्षीया एक बालिकाले घरमालिक ४२ वर्षीय भैरव श्रेष्ठ र उनका १५ वर्षीय छोरा सुशान्त श्रेष्ठले आफूलाई ०६८ असोज १० गतेदेखि पटकपटक बलात्कार गरेका भन्दै जिल्ला प्रहरी कार्यालय बाँकेमा ०६८ पुस १ गते आरोपितविरुद्ध किटानी जाहेरी दिइन्। प्रहरीले आरोपित बाबु छोरालाई ०६८ मङ्सिर २९ गते गिरफ्तार गरेकोमा बाँके जिल्ला अदालतको आदेशमा ०६८ पुस १८ गते बुबा पुर्पक्षका लागि कारागार चलान भएभने छोरा २५ हजार रुपियाँ धरौटीमा सोही दिन रिहा भए।

बर्दिया जिल्ला गुलरिया नपा–१ की १४ वर्षीया एक बालिकालाई बाँके उढरापुर गाविसका ४२ वर्षीय विष्णुप्रसाद शर्माले विदेशमा काम गर्न लैजाने भनी झुक्काएर ०६७ माघ १५ गते नेपालगञ्जस्थित जनक होटलमा पुऱ्याई बलात्कार गरेको भन्दै पीडितको अभिभावकले ०६७ माघ २४ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी मुद्दा दर्ता गराए। आरोपित शर्मालाई प्रहरीले ०६७ माघ २४ गते गिरफ्तार गऱ्यो। सरकारी वकिलको कार्यालयले ०६७ फागुन २० गते बाँके जिल्ला अदालतमा दर्ता गराएको उक्त मुद्दा यस वर्षको अन्त्यसम्म फैसला भएको छैन्।

परसपुर गाविस–७ घर भई ज्ञानसागर मावि परसपुर कक्षा ८ मा

अध्ययनरत १६ वर्षीया एक बालिकालाई 'विवाह गर्छु' भनी सोही ठाउँका २२ वर्षीय केशर अली दर्जीले ०६७ माघ ९ गते भारतको मुम्बई लगायतका विभिन्न स्थानमा पुऱ्याई यौन दुर्व्यवहार गरेको पीडितले ०६७ फागुन १६ गते नेपालगञ्जमा आयोजित पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिन्। बालिकाको ०६७ फागुन १५ गते भेरी अञ्चल अस्पताल नेपालगञ्जमा स्वास्थ्य परीक्षण भयो। बालिकाले जिल्ला प्रहरी कार्यालय बाँकेमा ०६७ फागुन १६ गते केशरअली दर्जीविरुद्ध उजुरी दर्ता गराइन्। अपहरण तथा शरीरबन्धक कार्यमा मतियारका रूपमा रहेको भन्दै पीडित पक्षले परसपुर गाविस निवासी बब्लु दर्जी, हासरून अली र वसिर दर्जीको नाममा ०६७ फागुन ३ गते जाहेरी दिएका थिए। घटनाका आरोपितहरू यस वर्षको अन्त्यसम्म फरार भएको प्रहरीले जनायो।

चिसापानी गाविस–१ की ९ वर्षीया एक बालिकालाई ०६८ जेठ ६ गते सोही ठाउँका १५ वर्षीय पूर्णबहादुर सुनार, सोही ठाउँका १५ वर्षीय केशव नेपाली, १३ वर्षीय अर्जुन परियार र ११ वर्षीय सुरेश भन्ने सन्तोष बैगारले ०६८ जेठ ६ गते साँझ ५ बजे पीडित बालिकाको घरमा सामूहिक बलात्कार गरेको भन्दै पीडितपक्षले ०६८ जेठ ७ गते इलाका प्रहरी कार्यालय कोहलपुर जवरजस्ती करणीको जाहेरी दियो। घटना सम्बन्धमा बाँके जिल्ला अदालतद्वारा ०६८ जेठ १७ गते अर्जुन र सन्तोष कम उमेर भएको कारण अभिभावकको जिम्मामा मुद्दाको पुर्पक्ष गर्ने आदेश भयो भने अन्य दुई जनालाई बाल सुधार गृह काठमाडौँ पठाइयो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन्।

रुपैना गाविस–४ की १२ वर्षीया एक बालिकालाई ०६८ असार ४ गते सोही ठाउँका ३० वर्षीय राकेश चौधरीले घर नजिकैको जङ्गलमा दिशा गर्न गएको अवस्थामा बलात्कार गरेको भन्दै पीडितको परिवारले इलाका प्रहरी कार्यालय कोहलपुरमा ०६८ असार १३ गते जाहेरी दिए। प्रहरीले आरोपितलाई ०६८ असार १३ गते गाउँबाट पक्राउ गरेकोमा बाँके जिल्ला अदालतको आदेश अनुसार आरोपित ०६८ साउन ५ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन्।



प्रहरीको हिरासतमा यातना दिइएका बब्लु शेख

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बर्दिया डेउढाकला गाविस–३ घरभई नेपालगञ्ज नपा–१ मा बस्दै आएकी २४ वर्षीया एक महिलालाई जिल्ला प्रहरी कार्यालय बाँकेमा दरबन्दी भई मनिकापुर गाविसस्थित राँझा एयरपोर्ट हुम्लाको ढुवानी काजमा कार्यरत असई ३४ वर्षीय झलक रिमालले ०६८ वैशाख १० गते बलात्कार गर्न खोजेको भन्दै दोषीलाई कारबाही गरिपाउँ भनी पीडितले ०६८ वैशाख १९ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा लिखित उजुरी दिइन्। आरोपित रिमाललाई ०६८ वैशाख २० गते अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय बाँकेमा झिकाइयो। आफ्नो पतिले असई रिमालमार्फत् पठाएको ९ हजार रुपियाँ लिन एयरपोर्टस्थित रिमालको कोठामा गएको अवस्थामा रुपियाँ दिन ढिला गरी हात समातेर बलात्कार गर्न खोजेको आरोप पीडितले लगाइन्। घटनाका आरोपित असईलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

बर्दिया जिल्ला तारातल गाविस–२ घरभई नेपालगञ्ज नपा–१ धम्बोझी बस्दै आएकी १९ वर्षीया एक युवतीलाई भाडामा बस्ने घरमालिकका २० वर्षीय छोरा पङ्कज गुप्ताले १८ घण्टासम्म कोठामा थुनेर यौनदुर्व्यवहार गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरीले युवतीलाई ०६८ कात्तिक ४ गते दिउँसो उद्धार गरेको थियो भने आरोपितलाई सोही दिन सोही कोठाबाट गिरफ्तार गऱ्यो। पीडितपक्षले ०६८ कात्तिक ६ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी दिएकोमा बाँके जिल्ला अदालतका जिल्ला न्यायाधीश कृष्णमोहन अधिकारीको आदेशमा आरोपित गुप्ता ०६८ मङ्सिर २ गते साधारण तारेखमा रिहा भए। बाँके जिल्ला अदालतले गरेको आदेश बेरीतको भन्दै सरकारी वकिल कार्यालय बाँकेले ०६८ मङ्सिर ११ गते पुनरावेदन अदालत नेपालगञ्जमा १७ नम्बर निवेदन दर्ता गरायो। घटनामा संलग्न केटाले आफूसँग विवाह गर्न भनेको र नगरे जे पनि गर्ने धम्की दिएपछि असुरक्षाको कारण उनका परिवार विस्थापित भई अयन्त्र बस्दै आएका छन्।

परसपुर गाविस–८ की एक महिलालाई ०६८ जेठ २३ गते घरनजिक खेतमा दिसा गर्न गएको अवस्थामा सोही ठाउँका महेश तेलीले

बलात्कार गर्ने प्रयास गरेको भन्दै पीडित पक्षले ०६८ जेठ २६ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा जाहेरी दर्ता गराए। बलात्कारको प्रयास गर्न खोज्ने व्यक्तिलाई प्रहरी प्रशासनले कारवाही नगरेको भन्दै परसपुरका महिलाहरूले दोषीलाई कानुनी कारबाहीको माग गर्दै ०६८ जेठ २५ गते नेपालगञ्जमा जुलुश प्रदर्शन गरेका थिए। घटना सम्बन्धमा राष्ट्रिय महिला अधिकार मञ्च, बाँकेले दोषीलाई कानुनी कारबाहीको माग गर्दै ०६८ जेठ २५ गते राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्रीको कार्यालय, गृहमन्त्रालय, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग र इन्सेक नेपालगञ्ज लगायतका संस्थाहरूमा ज्ञापन पत्र बुझाएका थिए। आरोपितलाई प्रहरीले यस वर्षको अन्त्यसम्म गिरफ्तार गरेको छैन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

कोहलपुर नपा–८ की २९ वर्षीया श्रृजना गिरीलाई घरायसी विषयमा विवाद हुँदा ०६८ भदौ १० गते राति पति ३२ वर्षीय रामबहादुर गिरीले घरमा लाठीले कुटपिट गरे। मुटु, टाउको र संवेदनशील अङ्गमा चोट लागेकी श्रृजनाको नेपालगञ्जस्थित शिक्षण अस्पतालमा प्राथमिक उपचार गरी थप उपचारका लागि भारतको लखनउ लैजादै गर्दा ०६८ भदौ ११ गते बाटोमा उनको मृत्यु भयो। श्रृजना सात महिनाकी गर्भवती थिइन्। प्रहरीले रामबहादुरलाई नेपालगञ्जस्थित शिक्षण अस्पतालबाट ०६८ भदौ ११ गते गिरफ्तार गरी ०६८ भदौ १५ गते बाँके जिल्ला अदालतमा कर्तव्य ज्यान मुद्दा चलायो। जिल्ला अदालतको आदेशअनुसार उनी पुर्पक्षका लागि ०६८ असोज ९ गते कारागार चलान भए।

सबै प्रकारका जातीय विभेद

मनिकापुर गाविस–३ मदनापुर कनियाटोलका १८ वर्षीय अजय विक, उनकी पत्नी सोही ठाँउकी १७ वर्षीया भविसरा मगर, १९ वर्षीय यामराज गोसाई र उनकी १८ वर्षीया पत्नी सपना विकलाई अन्तरजातीय विवाह गरेको आरोपमा ०६८ असार ५ गते गाउँका अगुवाहरूको भेलाले गाउँ निकाला गर्ने निर्णय गरेपछि उनीहरू सबै सोही दिन गाउँ निकाला भए। उनीहरूबीच ०६८ असार ४ गते प्रेम विवाह भएको थियो। अजय विकका घर परिवारले विवाहलाई स्वीकार गरेर भित्र्याएपछि माइतीको दबाव र समाजको निर्णयका कारण आफूलाई गाउँ निकाला गरिएको अजयले दुखेसो गरे। यामराजका परिवारले पनि सानो जातसँग विवाह गरेको भन्दै सोही कचहरीबाटै एकैसाथ गाउँ निकाला गरेका थिए। ज्ञानदीप माध्यमिक विद्यालयमा कक्षा ८ र १० मा पढ्ने दुवै जोडीहरू गाउँ निकाला भएपछि यस वर्षको अन्त्यसम्म मनिकापुर गाविस–८ राँझामा भाडामा बस्दै आएका छन्। सरकारले अन्तरजातीय विवाह गरेको जोडीलाई प्रोत्साहन बापत प्रति जोडी १ लाख रुपियाँ दिने घोषणा गरे पनि यी जोडीले उक्त रकम यस वर्षको अन्त्यसम्म पाएका छैनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

क्षेत्रीय कृषि तालिम केन्द्र खजुरामा कार्यरत मजदुरहरूद्वारा आफूहरूले पाउँदै आएको ज्याला नेपाल सरकारसँग सहमति भएअनुसार हुनुपर्ने माग गर्दै ०६८ असार २० गते कार्यालयमा धर्ना दिए। दैनिक १ सय ५० रुपियाँ ज्यालामा काम गर्दै आएका तालिम केन्द्रका मजदुरहरूले सरकारले लागू गरेको दैनिक २ सय ३१ रुपियाँ ज्याला कायम हुनुपर्ने माग गरेका थिए। व्यवस्थापन पक्षले सरकारसँगको सहमति अनुसारको ज्याला उपलब्ध गराउने प्रतिबद्धता जनाएपछि ०६८ असार २२ गतेदेखि मजदुरहरूले आन्दोलनका कार्यक्रम फिर्ता लिए।

संरचना, सम्पत्ति क्षति

नेपालगञ्ज नपा–५ बसपार्कमा राखिएको कोहलपुर गाविस–३ का विजय थापाको ना. ३ ख ५६२३ नम्बरको क्यापिटल बसमा भूमिगत समूहले ०६७ फागुन ३० गते राति गराएको सकेट बम विस्फोटबाट बसको अगाडिको भागमा क्षति भयो। बम विस्फोटको जिम्मा जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी बताउने भूमिगत समूहले लियो। सो समूहका केन्द्रीय अध्यक्ष भगत सिंहले नेपालगञ्जस्थित केही सञ्चारकर्मीलाई फोन गरी आफ्नो पार्टीले यसअघि आह्वान गरेको बन्दको उल्लङ्घन गरेकाले बम विस्फोटन गराएको जानकारी गराए।

गनापुर गाविस–७ पार्वतीपुरमा सञ्चालित बागेश्वरी आइरन एण्ड स्टील प्रालि उद्योगमा ०६८ मङ्सिर २९ गते राति अज्ञात समूहले बट्टा बम विस्फोट गराउँदा पर्खालमा सामान्य क्षति भयो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले हिरमिनिया गाविस-५ का २२ वर्षीय रामसिंह सरदारलाई ०६८

पुस १६ गते दिउँदो सोही ठाउँस्थित वकौली गाउँनजिक सडकको साथबाट गिरफ्तार गऱ्यो। उनी जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगतसिंह) समूहका कार्यकर्ता भएको प्रहरीले जनायो। सरदारबाट ३१५ नम्बरको कट्टा पेस्तोल एक थान र एक थान गोली समेत बरामद भएको प्रहरीले जनायो। अभियुक्तलाई अपहरण तथा शरीरबन्धक ऐन, हातहतियार खरखजना ऐन २०६४ (संशोधन) र विस्फोटक पदार्थ अर्न्तगत मुद्दा चलाइएको प्रहरीले जनायो।

बागेश्वरी गाविस–१ का ५६ वर्षीय शिव भण्डारीको घरमा ०६८ मङ्सिर २८ गते बिहान अज्ञात समूहले गराएको सकेट बम विस्फोटबाट ढोकामा क्षति भयो। घटनामा सलग्न भएको आरोपमा प्रहरीले हिरमिनिया गाविस-५ का २२ वर्षीय रामसिंह सरदारलाई ०६८ पुस १६ गते दिउँसो सोही ठाउँस्थित वकौली गाउँनजिकबाट गिरफ्तार गऱ्यो। उनी जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगतसिंह) समूहका कार्यकर्ता भएको प्रहरीले जनायो।

नेपालगञ्ज नपा–१३ स्थित भूमिसुधार कार्यालयको माथिल्लो तलास्थित कार्यालय प्रमुखको कार्यकक्ष अगाडि ढोकामा ०६८ कात्तिक १६ गते दिउँसो भएको टाइम बम विस्फोटनबाट ढोकामा क्षति भयो। जनताान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) समूहले नेपालगञ्जका केही सञ्चारकर्मीलाई फोन गरी घटनाको जिम्मा लियो। घटनामा संलग्न व्यक्ति यस वर्षको अन्त्यसम्म गिरफ्तार भएका छैनन्।

नेपालगञ्ज नपा–१ धम्बोझीस्थित फर्निचर व्यवसायी रमेश थापाको घरमा ०६८ असोज ७ गते बिहान जनतान्त्रिक तराई मुक्ति पार्टीका कार्यकर्ताले बम विस्फोट गराए। थापाको घरलाई लक्षित गरी गरिएको विस्फोटनबाट कुनै क्षति भएन। घटनामा संलग्न भएको आरोपमा प्रहरीले ०६८ असोज ७ गते इन्द्रपुर गाविस-६ का राम नरेश बर्मा, सोही ठाउँका भागीराम मुराउ, सोही ठाउँका महेश रैदास र राधेश्याम मौर्यलाई गिरफ्तार गरेकोमा बाँके जिल्ला अदालतका आदेशअनुसार सबै जना ०६८ कात्तिक १ गते पुर्पक्षका लागि कारागार चलान भए।

नेपालगञ्ज नपा–१७ स्थित जिल्ला प्राविधिक कार्यालयमा ०६८ साउन २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले गराएको सकेट बम विस्फोटनबाट कार्यालय भवनको झ्यालका सिसाहरू फुटे। घटनामा संलग्न भएको आरोपमा प्रहरीले जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) समूहका बाँके जिल्ला इन्चार्ज नेपालगञ्ज नपा-१३ का ३० वर्षीय अब्दुल सलाम मुकेरी, जयसपुर गाविस-६ घरभई सो समूहका नेपालगञ्ज नगर इन्चार्ज २१ वर्षीय हरिशंकर कहार र उनीहरूका सहयोगी सोही ठाउँका २२ वर्षीय पप्पु अन्सारीलाई ०६८ असोज ७ गते जयसपुर गाविस–८ चौलिक्काबाट हतियारसहित गिरफ्तार गरेकोमा बाँके जिल्ला अदालतको आदेश अनुसार तीनैजना ०६८ कात्तिक ७ गते पुर्पक्षका लागि कारागार चलान भए। गिरफ्तार भएका व्यक्तिहरूबाट एक थान कटुवा पेस्तोल, नेपाल र भारतीय नम्बरका १० थान मोबाईल फोनको सीम, दुई थान भारतीय नम्बरका मोटरसाइकल बरामद गरेको प्रहरीले जनायो।

भूमिहीन तथा सुकुमबासी समस्या

सुकुमबासी आयोगमा नाम सिफारिस गर्दा गाविसको कार्यालयले सुकुमबासीसँग मनोमानी तरिकाले रकम लिएको आरोप लगाउँदै जिल्लास्थित भूमिहीनहरूले मनिकापुर गाविसको कार्यालयमा ०६७ माघ ११ गतेदेखि अनिश्चितकालीन तालाबन्दी गरी धर्ना गरे। विगतका दिनमा सुकुमबासी आयोगले एउटै जग्गा दुई व्यक्तिलाई दिने गरेको, गाविसबोर्डले सुकुमबासीलाई दिने जमिनको हदबन्दी तोकेको विरोधमा भूमिहीनहरूले गाविसको कार्यालयमा धर्ना तथा तालाबन्दी गरेको राष्ट्रिय भूमिअधिकार मञ्च बाँकेका अध्यक्ष धनप्रसाद शर्माले बताए। गाविसको कार्यालयले सुकुम्बासी आयोगमा सिफारिस दिँदा सुकुमबासीसँग गाउँको जमिनलाई प्रति कठ्ठा १ सय ५० र ग्राभिल सडक नजिकको जमिन प्रति कठ्ठा ५ सय लिने गरेको भूमिहीनहरूले आरोप लगाए। सोही विषयमा भूमिहीनहरूले गाविसका सचिवलाई ०६७ माघ ७ गते ज्ञापनपत्र बुझाएका थिए। सुकुमबासी आयोगले प्रत्येक गाविसका सचिवलाई सिफारिस गर्दा कति रकम लिने लगायतका विषयमा सुरूमा तालिम दिई प्रष्ट नगरेका कारण कतिपय गाविसका सचिव सिफारिस रकमका विषयमा अनभिज्ञ भएको स्थानीय विकास अधिकारी शम्भुप्रसाद लुइँटेलले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	९		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	३५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	३	
स्टाफ नर्स	३	२	१
ल्याब असिस्टेन्ट	६	५	१
अहेब	५९	५६	३
अनमी	२२	१५	७
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१२	१२	
स्वास्थ्य कार्यकर्ता	८२	७१	११

४.७ बर्दिया



जनसङ्ख्या : ४,२६,९४६
पुरूष : २,०५,०९६
महिला : २,२१,८५०
साक्षरता प्रतिशत : ५८
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.) : २,०२५
गाविस/नपा सङ्ख्या : ३१/१
सरकारी/निजी विद्यालय : ४००/६५
क्याम्पस/उच्च मा.वि. : १/२७
मानव विकास सूचकाङ्कः ०.४२९
प्रतिपरिवार सरदर सङ्ख्याः ५.०७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यपक्षबाट

शिवपुर गाविस-८ का ५५ वर्षीय जीवन थारूलाई चोरी शिकारीको आरोपमा ०६७ फागुन १ गते राति बर्दिया राष्ट्रिय निकुञ्जको बघौडा क्षेत्रमा आगो ताप्दै गरेको अवस्थामा निकुञ्ज सुरक्षार्थ खटिएका नेपाली सेनाले गोली प्रहार गर्दा उनको घटनास्थलमा मृत्यु भयो। घटनास्थलबाट शिवपुर गाविस-८ का राजबहादुर भनिने २६ वर्षीय दलबहादुर चौधरीलाई नेपाली सेनाले गिरफ्तार गरी बर्दिया राष्ट्रिय निकुञ्जको कार्यालय ठाकुरद्वारामा बुझायो। दलबहादुरलाई निकुञ्जको कार्यालयले चोरी शिकारीको मुद्दा चलायो। उनी ०६७ फागुन १९ गते २८ हजार २ सय ५० रुपियाँ धरौटी लिएर तारेखमा रिहा भए। लासको ०६७ फागुन २ गते जिल्ला अस्पताल गुलरियामा पोस्टमार्टम भयो। पीडित परिवारले ०६७ फागुन ३ गते लास बुझी ०६७ फागुन ४ गते ओरैखोलामा दाहसंस्कार गरे। गस्तीमा गएका नेपाली सेनासँगको दोहोरो भिडन्तमा जीवनको मृत्यु भएको बर्दिया राष्ट्रिय निकुञ्जले जनायो। असुरक्षा कारण पीडित परिवारले यस वर्षको मध्यसम्म कहीं निवेदन नदिएको बताए।

जनतान्त्रिक तराई मधेस पार्टीबाट

मोतीपुर गाविस-८ की २८ वर्षीया मधु जागालाई ०६७ माघ ४ गते बिहान घरमा सुतिरहेको अवस्थामा चार जनाको सङ्ख्यामा आएका अज्ञात व्यक्ति जबरजस्ती घरभित्र प्रवेश गरी गोली प्रहार गरे। टाउकोमा गोली लागी घाइते भएकी मधु भारतको लखनउमा उपचारको क्रममा ०६७ माघ ५ गते मृत्यु भयो। घटनामा मधुका ३१ वर्षीय पति अफ्तर अलीको बाँया हातमा चोट लाग्यो। उनको स्थानीय मेडिकलमा उपचार भयो। जनतान्त्रिक तराई मधेस पार्टीका थरुहट इन्चार्ज पवनले ०६७ माघ ४ गते स्थानीय सञ्चार माध्यममा फोन गरी घटनाको जिम्मेवारी लिए। पीडित परिवारले ०६७ फागुन १ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा जाहेरी दिए। प्रहरीले मोतीपुर गाविस-८ का ३६ वर्षीय असिम अहमद, २३ वर्षीय राजअली जागा, बाँके रझेना गाविस-४ का मेराज खाँ र वनकटुवा गाविस-६ का ४५ वर्षीय बुदे जागा भन्ने शमसुद्दीन जागालाई ०६७ फागुन ९ गते अनुसन्धानको लागि घरबाटै गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका सबै

व्यक्तिहरूलाई जिल्ला प्रहरी कार्यालयबाट बोलाएको समयमा उपस्थित हुने सर्तमा ०६७ फागुन २३ गते रिहा गरियो।

अज्ञात समूहबाट

सोरहवा गाविस-२ जगतपुर निवासी एमाले जिल्ला कमिटी सदस्य ४१ वर्षीया इन्दिरा भुसाललाई ०६८ भदौ ११ गते राति अज्ञात समूहले घरमा बसिरहेको अवस्थामा टाउको र पेटमा गोली हानी हत्या गऱ्यो। लासको ०६८ भदौ १२ गते जिल्ला अस्पताल गुलरियामा पोस्टमार्टम गरी सोही दिन भादाघाटमा सद्गत गरियो। प्रहरीले घटनामा संलग्न भएको आशङ्कामा ०६८ भदौ १२ गते सोही ठाउँका पीडितका भाई पार्थ भुसाल र सोरहवा गाविस-१ का पतिराम थारूलाई गिरफ्तार गरी ०६८ असोज १२ गते हाजिरी जमानीमा रिहा गऱ्यो।

सोरहवा गाविस-२ जगतपुर निवासी ४२ वर्षीया रामकली सुनारको ०६८ भदौ २९ गते अज्ञात समूहले सोही ठाउँको बरकी सामुदायिक वनमा धारिलो हतियारले घाँटी रेटी हत्या गऱ्यो। रामकली सधैँ झैँ बिहानै मोतीपुर गाविस-९ मोतिपुर गाउँको दक्षिणमा पसल खोल्न गएको भए पनि घरपरिवारले खाना पुऱ्याउँन जाँदा पसलमा नदेखेपछि खोजी गर्दा बरकी सामुदायिक वनको नालीमा हत्या गरिएको अवस्थामा लास भेटिएको थियो। सुनारको लास ०६८ भदौ २९ गते नै जिल्ला अस्पताल गुलरियामा पोस्टमार्टम गरियो। पीडितका परिवारले सोही दिन गुलरियाको भादाघाटमा सद्गत गरे। सुनारको कसले, किन हत्या गरेको हो भन्ने बारे केही खुल्न सकेको छैन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यपक्षबाट

नेउलापुर गाविस-१ बलातीमा ०६८ कात्तिक २१ गते राति अवरुद्ध सडक खुलाउन गएको प्रहरी र स्थानीय बासिन्दा बीच झडप हुँदा प्रहरीले चलाएको रबरका गोली लागि नेउलापुर गाविस-१ बलाती बडघरका ५४ वर्षीय रामखेलाउन थारू घाइते भए। उनको बाँया तिघ्रामा गोली लागेको थियो। घटनामा नेउलापुर गाविस-१ का ४० वर्षीय कमल चपाई, सोही ठाउँका २२ वर्षीय बुद्धि दहित र शिवपुर गाविस-९ मोतिपुरका २२ वर्षीय रमेश वली घाइते भएका थिए। घाइतेको उपचार स्थानीय औषधी पसलमा भयो। घाइतेहरूमध्ये कमल चपाई, बुद्धि दहित, रमेश वलीलाई ०६८ कात्तिक २१ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा लियो। आन्दोलनकर्मी, जिल्ला प्रशासनको टोली र यातायात व्यवसायी सङ्घको प्रतिनिधबीच ०६८ कात्तिक २२ गते वार्ता भई प्रहरीबाट भएको ज्यादतीको विषयमा जिल्ला प्रशासन कार्यालयले माफ माग्ने, बस व्यवसायीले दुर्घटनामा परी मृत्यु भएकी नेउलापुर गाविस-१ की १८ वर्षीया भूमिसरा थारूको परिवारलाई ५ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउने, गिरफ्तार गरिएका तीन जनालाई रिहा गर्ने सहमति भएपछि रिहा गरिएको थियो।

जनतान्त्रिक तराई मधेस मुक्ति पार्टी (भगतसिंह) बाट

प्यूठान जिल्ला मरनठाना गाविस-९ घरभई महम्मदपुर गाविस-१ गणेशपुरस्थित प्रहरी चौकीमा कार्यरत ३१ वर्षीय प्रहरी जवान पूर्णबहादुर श्रेष्ठ गस्तीका लागि चौकीबाट निस्कँदै गर्दा ०६८ असार ५ गते राति जनतान्त्रिक तराई मधेश पार्टी (भगत सिंह) समूहका कार्यकर्ताले प्रहरी चौकीको अघि राखेको सकेट बम विस्फोटन हुँदा घाइते भए। हातमा बमको छर्रा लागेका श्रेष्ठको जिल्ला अस्पताल गुलरियामा उपचार भयो। विस्फोटनबाट प्रहरी चौकी रहेको भवनमा सामान्य क्षति भयो।

अज्ञात समूहबाट

बाँके जिल्ला बागेश्वरी गाविस-७ खजुरा निवासी तथा दलित महिला सङ्घ बर्दियाका सामाजिक परिचालक २४ वर्षीय मोहन विक हार्डवयरको सामान किन्दै गर्दा र सोरहवा गाविस-९ भोलागौडी निवासी १८ वर्षीया डीमाकुमारी आचार्य ०६८ मङ्सिर २६ गते अज्ञात समूहले बम विस्फोटन गराउँदा घाइते भए। विस्फोटनबाट सासोरहवा गाविस-९ भोलागौडीका ४४ तेजनारायण आचार्यको सोही ठाउँमा रहेको पुष्पराज ट्रेडर्सको काउण्टरमा क्षति पुगेको थियो । घाइते विकको नेपालगञ्जस्थित नेपालगञ्ज मेडिकल कलेजमा उपचार भयो। बम विस्फोटमा परेपछि डीमाले कान कम सुन्ने बताएकी छन् भने उनको प्राथामिक स्वाथ्य केन्द्र सोरहवामा उपचार भयो।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ९३ र कैद नतोकिएका ५२ कैदी र थुनुवा गरी जम्मा १ सय ४५ जना बन्दीहरू रहेका छन्।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	४	४	१	५	६
बालअधिकार			१७		१७
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				९	९
अपहरण			१	१	२
महिलाअधिकार			३८		३८
भेला/सङ्गठित हुने अधिकार	५	५			
गिरफ्तारी/यातना	७	७			
कुटपिट			१	१०	११
धम्की				१	१
हत्या	१	१	५	१	६
जम्मा	**१७**	**१७**	**५३**	**२७**	**८०**

जसमा कैद तोकिएका पुरुष जना ८९ र महिला चार जना रहेका छन् भने कैद नतोकिएका पुरुष ४८ जना र महिला चार जना रहेका छन्। जसमा आश्रित बालक एक जना रहेका छन्। यस जिल्ला कारागारमा क्षमताभन्दा बढी बन्दीहरू रहेकाले शौचालय र खानेपानी प्रयाप्त हुन नसकेको बर्दिया जिल्ला कारागार प्रशासक जेलर रोहितकुमार श्रेष्ठले बताए। समयमा कैदी बन्दीहरूको रासन र दैनिक भत्ता उपलब्ध गराइएको, कारागार नियमले दिनु पर्ने कैदी बन्दीका सुविधाहरू कारागार सुरक्षा, कारागार आन्तरिक प्रशासन र जेल प्रशासनको समन्वयमा प्रदान गरिए र निमार्णाधीन महिला कारागार बनेपछि महिला कैदी, बन्दी र पुरुष कैदी, बन्दी अलग अलग कारागारमा रहने भएकोले भेटघाट र सञ्चारको सुविधामा अझ सुधार हुने कुरामा विश्वस्त रहेको पनि श्रेष्ठले जानकारी गराए।

बेपत्ता/अपहरण

अन्यबाट

जमुनी गाविस-९ का ५० वर्षीय हर्कबहादुर शाहीलाई भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले शिकारीको आरोपमा ०६७ फागुन ५ गते नियन्त्रणमा लियो। भारतीय सीमावर्ती बजार बलैगाउँमा किनमेल गरी घर फर्कदै गरेका शाहीलाई दश गजाबाट तीनसय मिटर नेपालको भूमिभित्र प्रवेश गरी एसएसबीका जवानहरूले गोली प्रहारपछि घाइते अवस्थामा रहेका शाहीलाई मोटरसाइकलमा राखी लगेको स्थानीयबासिन्दाले बताए। घटनाको जानकारी पाएलगत्तै पीडित परिवार, स्थानीयबासी तथा प्रहरी चौकीबाट सोही दिन गएको टोलीले भारतीय सुरक्षा बलसँग हर्कबहादुर शाहीको अवस्था बारेमा जानकारी माग्दा आफूहरूले गिरफ्तार नगरेको बतायो। पीडित परिवारले प्रमुख जिल्ला अधिकारी र अन्य सरोकारवाला, नागरिक समाज, मानवअधिकारकर्मी पक्षसँग ०६७ फागुन ६ गते रिहाईका लागि आवश्यक पहल गरी दिन अनुरोध गरे। प्रमुख जिल्ला अधिकारी रामकृष्ण सुवेदीले घटना दुई देशबीचको भएकोले यसलाई जिल्ला तहबाट भारतीय सुरक्षा बलसँग पटक पटकको बैठकमा कुराकानी गरी रहेको र परराष्ट्र मन्त्रालयमार्फत पनि लिखित रूपमा प्रक्रिया अगाडि बढाएको बताए। इन्सेक, पुनरावेदन बार एशोसियसन, एड्भोकेसी फोरम, हिमराइट्स, हुरोनलगायतका सङ्घ-संस्थाका प्रतिनिधिहरू सम्मिलित सञ्चारकर्मी र अधिकारकर्मीको एक टोली घटनाको यथार्थ जानकारी हासिल गर्ने उद्देश्यले ०६७ चैत ११ गते स्थलगत अनुगमन गरेको थियो। अनुगमन टोलीले शाही जीवित वा मरेको भन्ने विषयमा एकिन हुन नसकेको निष्कर्ष निकाल्दै शाहीलाई भारतीय एसएसबीले नेपाली भूमिबाट गिरफ्तार गरी यातना दिएको र उनीहरूको साथमै लगेको सार्वजनिक गऱ्यो।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

मनाउ गाविस-३ मनाउ निवासी एकीकृत माओवादी क्षेत्र नम्बर- ४ का इलाका इन्चार्ज युद्ध भनिने ३३ वर्षीय गणेश अर्याललाई ०६८ मङ्सिर १ गते राति राजापुर गाविस-३ मुरैया निवासी एमाओवादीको राजापुर गाविस सेक्रेटरी तथा जिल्ला कमिटी सदस्य ४४ वर्षीय जगतराम थारूको नेतृत्वमा खैरीचन्दनपुर गाविस-३ का जिल्वुलवा भनिने ३० वर्षीय नेपालु थारू सहितका २०-२५ जनाको समूहले राजापुर गाविस-३ मुरैयामा स्थानीय व्यक्तिको घरमा मुक्का, लात्ती र लाठीले कुटपिट गरी घाइते बनायो। कुटपिटबाट मुख, करङ र कानमा चोट लागी घाइते भएका अर्यालको प्रारम्भिक उपचार स्थानीय

अज्ञात समूहद्वारा गोली हानी हत्या गरिएका एमाले जिल्ला कमिटी सदस्य इन्दिरा भुसाल

स्वास्थ्यकेन्द्र राजापुरमा र थप उपचार नेपालगञ्जमा भयो। पीडितले आफूलाई कुटपिट गर्ने जगतराम थारू र नेपालु थारूविरुद्ध ०६८ मङ्सिर २ गते इलाका प्रहरी कार्यालय राजापुरमा सार्वजनिक मुद्दा दर्ता गराए। यस वर्षको अन्त्यसम्म प्रहरीले घटनामा संलग्न व्यक्तिहरूलाई गिरफ्तार गर्न सकेन।

अज्ञात समूहबाट

भीम्मापुर गाविस-७ का ३६ वर्षीय धनीराम थारूलाई ०६७ फागुन २१ गते राति घरमा सुतिरहेको अवस्थामा सेनाको जस्तो पोशाक लगाएका चार जनाको सङ्ख्यामा आएका अज्ञात व्यक्तिले उठाएर एकछिन् काम छ भनी आँगनमा लगी पेटमा छुरा प्रहार गरी घाइते बनाए। स्थानीय औषधी पसलमा प्रारम्भिक उपचार पश्चात उनको थप उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भयो। यस वर्षको अन्त्यसम्म पीडितले कतै निवेदन दिएनन् र कुनै समूहले घटनाको जिम्मा लिएको छैन् भने प्रहरीले पनि कसैलाई गिरफ्तार गरेको छैन।

बदालपुर गाविस-५ निवासी काङ्ग्रेस कार्यकर्ता ४७ वर्षीय इमलाल पाण्डेलाई पैसा नदिएको आरोपमा ०६८ जेठ ९ गते राति मुखमा नकाब लगाई पाँच जनाको सङ्ख्यामा आएका अज्ञात व्यक्तिको समूहले टाउकोमा धारिलो हतियार प्रहार गऱ्यो। सो समूहले उनीसँग भएको २ लाख ५० हजार रुपियाँ लुटेर लग्यो। टाउकोमा गहिरो चोट लागेका पाण्डेको प्राथमिक उपचार राजापुर स्वास्थ्य केन्द्रमा भयो भने थप उपचार नेपालगञ्ज मेडिकल कलेजमा भयो। पीडितले इलाका प्रहरी कार्यालय राजापुरमा ०६८ असार ८ गते उजुरी दिएपनि यस वर्षको अन्त्यसम्म प्रहरीले घटनामा संलग्न समूहको पहिचान गर्न सकेन।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

गोला गाविस-५ गोविन्दपुर निवासी अनेरास्ववियु जिल्ला संयोजक २४ वर्षीय गणेश बीसी, बदालपुर गाविस-५ निवासी अनेरास्ववियुका सचिव जीवन शर्मा, गुलरिया नपा-७ कैलाशपुरका २९ वर्षीय भुपेन्द्र पौडेल, सोही ठाउँका प्रकाश पौडेल र ठाकुरद्वारा गाविस-९ हात्तिसार निवासी अनेरास्ववियु जिल्ला कमिटी सदस्य ३० वर्षीय खगेन्द्र शाही ०६८ भदौ १९ गते साँझ बाँके अनेरास्ववियु जिल्ला कमिटी सदस्यको हत्याको विरोधमा निकालिएको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गर्दा घाइते भए। लाठी चार्जबाट घुँडामा चोट लागेका जीवन शर्माको जिल्ला अस्पताल गुलरियामा र अन्यको स्थानीय औषधी पसलमा उपचार भयो।

गुलरिया नपा-७ निवासी पत्रकार ५० वर्षीय कमल पन्थीलाई समाचार आफूविरुद्ध लेखेको आरोपमा ०६८ असोज २६ गते भारत घरभई गुलरिया नपा-९ राधाकृष्ण थारू चोकमा होटल व्यवसाय गरिहेका ३५ वर्षीय दीपु गुप्ताले हत्या गर्ने धम्की दिए। कान्तिपुर पत्रिकामा ०६८ असोज २६ गतेको अङ्कमा दिवाकर होटेलमा प्रहरीले ०६८ असोज २५ गते दिउँसो छापा मार्दा एक जोडी युवायुवतीलाई यौनकर्मी भएको आरोपमा गिरफ्तार गरेको समाचार छापिएको थियो। दिवाकर होटेलका मालिक दीपुले हत्या गर्ने धम्की दिएपछि पीडित पत्रकार पन्थीले नेपाल पत्रकार महासङ्घ शाखा बर्दियामा न्यायको लागि पहल गर्न र जिल्ला प्रशासन कार्यालय बर्दियामा ०६८ कात्तिक २ गते न्यायको लागि निवेदन दिए। पीडक गुप्तालाई ०६८ कात्तिक २ गते जिल्ला प्रशासन कार्यालयमा बोलाई घटनाको छलफल भएपछि पीडकले गल्ती स्वीकार गर्दै पीडितसँग लिखित रूपमा माफी माग्नुको साथै नेपाल तथा भारतको कुनै पनि ठाउँमा घटना भए कानुनी कारबाही गर्ने लिखित कागज गराइयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ८१ मध्ये १ सय ७० फैसला भए भने १ सय ११ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय ६८ मध्ये ३ सय ३ फैसला भए भने १ सय ६५ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ३७ मध्ये ७४ फैसला भए भने १ सय ६३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ११ मध्ये ७२ फैसला भए भने २ सय ३९ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई र देवानी मुद्दा दुई रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ८ छ जसमध्ये ७५ सफल भए भने १० असफल भएको छ। मुलतवी, तमेली पेण्डीमा मुद्दा चार रहेको छ। सरकारी वकिल सङ्ख्या १ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १ सय १९ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १६ मध्ये चार सफल र तीन असफल रह्यो भने सात फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा १९ मध्ये सात सफल र दुई असफल रह्यो भने १० फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा चारमध्ये एक सफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा चारमध्ये एक सफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो। बालविवाहसम्बन्धी मुद्दा दुईमध्ये एक सफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। छुवाछूतसम्बन्धी एकमध्ये एक सफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६८ पुससम्म दायर मुद्दाको सङ्ख्या ५२ छन् जसमध्ये सात सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ४५ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

मनाउ गाविस-१ गुप्तीपुरका १४ वर्षीय पदमबहादुर खड्का, सोही ठाउँका १४ वर्षीय प्रकाश विक, सोही ठाउँका १४ वर्षीय दीपक विक, १८ वर्षीय गोविन्द विक, १९ वर्षीय मनिष विक, १९ वर्षीय धिरज विक र १८ वर्षीय पदम विकलाई चित्तल मारेर खाएको आरोपमा ०६८ असोज १५ गते साँझ बर्दिया राष्ट्रिय निकुञ्जको सुरक्षार्थ मनाउ गाविस-३ बन्जरियामा पोष्ट खडा गरी बसेको नर्सिङ गणमा कार्यरत सिपाही मनाउ गाविस-१ गुप्तीपुर निवासी २८ वर्षीय मानबहादुर खड्काले घरबाटै गिरफ्तार गरी क्याम्पमा लगी एक घण्टासम्म लाठीले कुटपिट गरी यातना दिए। सोही दिन यातना दिई सकेपछि ०६८ असोज १५ गते साँझ सेनाको गाडीमा हाली निकुञ्जको कार्यालयमा लैजाने क्रममा उनीहरूलाई नेउलापुर गाविस-७ स्थित भुरीगाउँ बजारको औषधी पसलमा उपचार गराएका थिए। सेनाको यातनावाट अर्धचेत भएका पदमबहादुरलाई भने बाँकेको कोहलपुर मेडिकल कलेजमा र नेपालगञ्ज स्थित भेरी अञ्चल अस्पतालमा उपचार गराइयो। सेनाले गिरफ्तार गरी यातना दिएका सातै जनालाई बर्दिया राष्ट्रिय निकुञ्ज ठाकुरद्वारामा हिरासतमा राख्यो। बर्दिया राष्ट्रिय निकुञ्जले १४ वर्षीय पदमबहादुर खड्का, १४ वर्षीय प्रकाश विक, १४ वर्षीय दीपक विक, १८ वर्षीय गोविन्द विक, १९ वर्षीय मनिष विक, १९ वर्षीय धीरज विक र १८ वर्षीय पदम विकलाई निकुञ्ज ऐनअनुसार चोरी शिकारीको मुद्दा चलाई तीन जना बालकलाई प्रति व्यक्ति २ हजार ५ सय रुपियाँको दरले र अन्य चार जनालाई प्रतिव्यक्ति ५ हजारको दरले जरिवाना तिराउनुको साथै १४ दिन थुनामा राखी ०६८ असोज २८ गते दिउँसो रिहा गऱ्यो। यातना दिने नेपाली सेनाका सिपाही २८ वर्षीय मानबहादुर खड्का विरुद्ध यातना पाएका मध्ये पदमबहादुर खड्काले ०६८ कातिक २५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गराए। बर्दिया जिल्ला अदालतले आरोपितका नाममा ०६८ मङ्सिर १० गते म्याद जारी गरी तामेली गरेको भए पनि यस वर्षको अन्त्यसम्म प्रतिवादीले प्रतिउत्तर लगाएका छैनन्।



स्थानीय बासिन्दा र प्रहरीबीच झडप हुँदा प्रहरीले चलाएको रबरको गोली लागी घाइते भएका रामखेलाउन थारू

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख २६ हजार ८ सय ७४ मध्ये छात्र ६१ हजार ४ सय ८१ र छात्रा ६५ हजार ३ सय ९३ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला २ सय १९ र पुरुष १ हजार २ सय

६ गरी जम्मा १ हजार ४ सय २५ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला २४ र पुरुष २ सय ८७ गरी जम्मा ३ सय ११ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला १७ र पुरुष २ सय ३९ गरी जम्मा २ सय ५६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ९ हजार ६ सय १० र बालिका ८ हजार ८ सय ८९ गरी जम्मा १८ हजार ४ सय ९९ रहेका छन् जसमध्ये दलित बालक १ हजार १ सय ७ र बालिका १ हजार १ सय ७३ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बन्द/हड्ताल

नेकपा माओवादी पार्टीले ०६८ जेठ १० गते तोकिएको समयमा संविधान जारी गर्न नसके संविधानसभाको औचित्य नभएको र म्याद थप्न नहुने माग गर्दै आह्वान गरेको बर्दिया जिल्ला बन्दले गर्दा जिल्लाका ४ सय विद्यालयमा अध्ययनरत करिब १ लाख ५० हजार विद्यार्थीको पठनपाठन प्रभावित भयो।

थरुहट स्वायत्त राज्य परिषद्ले सरकारसँग भएको सहमति तत्काल कार्यान्वयन गर्नुपर्ने, तोकिएको समयमा संविधान जारी हुनुपर्नेलगायतका माग गर्दै ०६७ चैत २५ र २६ गते गरेको आमहड्तालका कारण जिल्लाका ४ सय विद्यालयमा अध्ययनरत करिब १ लाख ५० हजार विद्यार्थीको पठनपाठन प्रभावित भयो।

हिन्दु युवा परिषद् बर्दियाले नेपाललाई हिन्दू राज्य घोषणा गर्न माग गर्दै ०६८ जेठ ११ र १२ गते आह्वान गरेको बन्दको कारण जिल्लाका चार सय विद्यालयमा अध्ययनरत करिब १ लाख ५० हजार विद्यार्थीहरूको पठनपाठन प्रभावित भयो।

थारू कल्याणकारिणी सभाले सरकारसँग गरेको सहमति तत्काल कार्यान्वयन गर्नुपर्ने, तोकिएको समयमा संविधान जारी हुनुपर्नेलगायतका माग गर्दै ०६८ वैशाख २९ गते गरेको आमहड्तालको कारण जिल्लाका चार सय विद्यालयमा अध्ययनरत करिब १ लाख ५० हजार विद्यार्थीको पठनपाठन प्रभावित भयो।

आदिवासी जनजाति महासङ्घ बर्दियाले सरकारसँग गरेको सहमति तत्काल कार्यान्वयन गर्नुपर्ने, तोकिएको समयमा संविधान जारी हुनुपर्नेलगायतका माग गर्दै ०६८ वैशाख ३० गते आह्वान गरेको आमहड्तालको कारण जिल्लाका चार सय विद्यालयमा अध्ययनरत करिब १ लाख ५० हजार विद्यार्थीहरूको पठनपाठन प्रभावित भयो।

नेउलापुर गाविस-५ डुम्रेनीस्थित जनचाहना निमाविका विद्यार्थीहरूले तत्काल शिक्षक नियुक्ति गरिनुपर्ने माग गर्दै ०६८ असार २ गते विद्यालयमा तालाबन्दी गरेपछि विद्यालयमा अध्ययनरत करिब ४ सय विद्यार्थीहरूको पठनपाठन प्रभावित भयो। लामो समयसम्म शिक्षक नियुक्तिमा विवाद भइरहँदा पढाईमा वाधा पुगेको भनी तालाबन्दी गरेको विद्यार्थीहरूले बताए। शिक्षक नियुक्ति गर्न ०६७ माघमा लिखित परीक्षा लिएको भएपनि परीक्षा भएको पाँच महिना बितिसक्दा पनि परीक्षाफल प्रकाशन नगरेको र उल्टै व्यवस्थापन समिति र राजनीतिक दलहरू विवाद गरी पढाइमा वाधा पुऱ्याएको विद्यार्थीहरूले आरोप लगाए। विद्यालयमा लगाएको तालाका विषयमा विद्यालयमा ०६८ असार ३ गते भएको सर्वपक्षीय भेलाले शिक्षक नियुक्ति विवादलाई तत्काल समाधान गर्ने सहमतिमा विद्यालयमा ०६८ असार ४ गतेदेखि पठनपाठन सुचारु भयो।

कालिका गाविस-४ स्थित जयकालिका मावि मुनालबस्तीमा अध्ययनरत एक बालिकालाई ०६८ साउन २६ गते सोही विद्यालयमा अध्यापन गराउने ३५ वर्षीय शिक्षक मनोज पौडेलले अभिभावकको अनुमति बिना जानकारी नदिई आफैसँग घुमाउन लगी अनुचित सम्बन्ध राखेको आरोप लगाउँदै अभिवावकहरूले विद्यालयमा तालाबन्दी गरे। तालाबन्दीका कारण करिब पाँच सय विद्यार्थी पढ्नवाट बञ्चित भए। आरोपित, पीडित पक्ष र विद्यालय व्यवस्थापन समितिबीच ०६८ साउन २७ गते छलफल भई शिक्षक पौडेललाई अन्य विद्यालयमा सरुवा गर्ने सहमति भई ०६८ साउन २९ गतेदेखि बन्द विद्यालय खुली पढाइ सुचारु भयो।



राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएका सिपाहीद्वारा घरबाटै गिरफ्तार गरी क्याम्पमा लगी यातना दिइएका पदमबहादुर खड्का

पी.सी.एफ तथा निजी स्रोत शिक्षक सङ्घर्ष समितिले रोजगारीको ग्यारेन्टी गर्न माग गर्दै ०६८ साउन ३० र ३१ गते जिल्लाका सरकारी विद्यालय बन्द गर्दा चार सय

विद्यालयका १ लाख ५० हजार विद्यार्थी पठनपाठनबाट बञ्चित भए। बन्द विद्यालयहरू ०६८ साउन ३१ गते सुचारु भयो।

थरुहट तराई पार्टीले ०६८ भदौ १५ र १६ गते तोकिएको समयमा संविधान जारी गर्न नसकेकोले संविधानसभा विघटन गर्नुपर्ने लगायतका माग गरी गरेको आमहड्तालले जिल्ला भरीका चार सय विद्यालय बन्द हुँदा १ लाख ५० हजार विद्यार्थी पठनपाठनबाट बन्चित भए। बन्द ०६८ भदौ १७ गते देखि विद्यालय सुचारु भई पठनपाठन भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गुलरिया नपा-२ की १२ वर्षीया एक बालिकालाई ०६७ फागुन २० गते सोही ठाउँका ५८ वर्षीय नेउले भनिने विर्खबहादुर सुनारले यौनदुर्व्यवहार गर्नुको साथै काठको लठ्ठीले टाउको र शरीरको विभिन्न भागमा नील डाम देखिने गरी कुटपिट गरे। कुटपिटबाट घाइते भएकी बालिकाको प्रारम्भिक उपचार जिल्ला अस्पताल गुलरिया र थप उपचार बाँकेको कोहलपुर शिक्षण अस्पतालमा भयो। पीडितको बाबु पारेश्वर विकले ०६७ फागुन २१ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा दोषीलाई कारबाहीको माग गर्दै निवेदन दर्ता गराए। आरोपितले घाइते बालिकाको उपचार खर्च व्यहोर्ने र पीडित पक्षबाट पनि घटनालाई कानुनी कारबाहीको लागि अगाडि नबढ्ने सहमति भयो।

सोरहवा गाविस-४ की १४ वर्षीया एक बालिकालाई ०६७ फागुन २१ गते 'एकछिन् काम छ' भनी सोही ठाउँका २० वर्षीय रामकुमार थारूले खेतबारीमा लगी बलात्कार गरेको आरोप पीडितले लगाइन्। बालिकाले आफूमाथि भएको घटनाको सार्वजनिक गरेपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडित पक्षले ०६७ चैत २ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा जाहेरी दर्ता गराए। जिल्ला अदालतका न्यायाधीश राधाकृष्ण उप्रेतीको_आदेशमा आरोपित ०६७ चैत २३ गते जिल्ला कारागार बर्दियामा पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन्।



भारतीय सशस्त्र सीमा बल (एसएसबी)द्वारा नियन्त्रणमा लिई बेपत्ता बनाइएका हर्कबहादुर शाही

मोतीपुर गाविस-६ की ४ वर्षीया एक बालिकालाई मिठाई दिई फकाएर ०६८ वैशाख २५ गते सोही ठाउँका ७७ वर्षीय बलीराम कुँवरले घरमा कोही नभएको अवस्थामा बलात्कार गर्ने प्रयास गरेको आरोपमा पीडितका बाबुले इलाका प्रहरी कार्यालय बाँसगढीमा ०६८ वैशाख २७ गते जाहेरी दिए। आरोपितलाई प्रहरीले ०६८ वैशाख २५ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत बर्दियाका न्यायाधीश राधाकृष्ण उप्रेतीको आदेशमा ०६८ जेठ १७ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

गोला गाविस-७ की १४ वर्षीया एक बालिकालाई ०६८ वैशाख ३१ गते सोही ठाउँका ५० वर्षीय लोकबहादुर क्षेत्रीले पीडित बालिकाको घर नजिक बाटोबाट खेतमा लगी बलात्कार गरेको पीडितले आरोप लगाइन्। पीडित बालिकाकी आमाले ०६८ जेठ ३ गते इलाका प्रहरी कार्यालय पाताभारमा उजुरी दिइन। आरोपितलाई इलाका प्रहरी कार्यालय पाताभारबाट गएको प्रहरीको टोलीले घरबाटै गिरफ्तार गऱ्यो। आरोपित बर्दिया जिल्ला अदालतका न्यायाधीश राधाकृष्ण उप्रेतीको आदेशमा ०६८ जेठ २६ गते पुर्पक्षका लागि जिल्ला कारागारमा चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

कालिका गाविस-४ की ४ वर्षीया एक बालिकालाई ०६७ चैत १२ गते सोही ठाउँका ५० वर्षीय टेशनराम थारूले बलात्कार प्रयास गरेको पीडितले आरोप लगाइन्। बालिकालाई नाङ्गो शरीरमा तेल लगाउन लगाई घरमा बलात्कारको प्रयास गरेको पीडित बालिकाकी आमाले देखेपछि गाउँ छिमेक र प्रहरीलाई जानकारी गराएको बताइन्। प्रहरीले आरोपितलाई घटनास्थलबाट सोही दिन गिरफ्तार गऱ्यो। पीडितका परिवारले ०६७ चैत १३ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा उजुरी दर्ता गराए। बर्दिया जिल्ला अदालतका न्यायाधीश रामकृष्ण उप्रेतीको आदेशमा आरोपितलाई ०६७ चैत २४ गते जिल्ला कारागारमा पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएको छैन।

मगरागाडी गाविस-५ की १२ वर्षीया एक बालिकालाई ०६८ असार १० गते राति सोही ठाउँका २७ वर्षीय

रामचन्द्र बस्यालले घरमा सुतिरहेको अवस्थामा बलात्कार गरेको पीडित पक्षले आरोप लगायो। पीडित पक्षले ०६८ असार १७ गते इलाका प्रहरी कार्यालय बनियाभारमा उजुरी दिए। घटनापछि आरोपित फरार रहेकोले यस वर्षको मध्यसम्म गिरफ्तार नभएको प्रहरीले जनायो।

पदनाहा गाविस-३ की १६ वर्षीया बालिकालाई ०६८ असार ३० गते सोही ठाउँका २२ वर्षीय सीताराम थारूले घरमा कोही नभएको समयमा छिमेकीको घरमा लगी बलात्कार गरेको आरोप पीडित पक्षले लगायो। घटनाको बारेमा थाहा पाएपछि समाजले नै ०६८ साउन २७ गते पीडकले पीडितको नाममा ५० हजार मूल्य पर्ने गाउँकै जग्गा नामसारी गरीदिने र पीडितले घटनालाई कानुनी कारबाहीको प्रक्रियामा अगाडि नबढाउने सहमति भयो। पीडकले समाजको गरेको लिखित सहमति कार्यान्वयन गर्न नमान्ने भनी धम्की दिन लागेपछि पीडितले इलाका प्रहरी कार्यालय बनियाभारमा न्यायको लागि जाहेरी दिइन्। प्रहरीले आरोपितलाई ०६८ साउन २७ गते गिरफ्तार गरी कानुनी कारबाही अगाडि बढायो। पीडितपक्षले ०६८ साउन ३१ गते जिल्ला प्रहरी कार्यालयमा बलात्कारको आरोपमा जाहेरी दर्ता गरायो। जिल्ला अदालत बर्दियाको ०६८ साउन ३२ गतेको आदेशमा आरोपित जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएको छैन।

गुलरिया नपा-१ जागृति टोलकी १२ वर्षीया एक बालिकालाई ०६८ भदौ ११ गते आफन्तको घरबाट आफ्नो घर जाँदै गर्दा गुलरिया नपा-९ चौगुर्जीमा सोहीका ठाउँका २३ वर्षीय नन्कुन गोडिया र २४ वर्षीय राजु लोधले बलात्कार गरेको पीडितपक्षले आरोप लगायो। सोही दिन बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। पीडितकी आमाले आरोपितहरू विरुद्ध ०६८ भदौ १३ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा जाहेरी दर्ता गराइन्। जिल्ला प्रहरी कार्यलयले आरोपित नन्कुन गोडियालाई ०६८ भदौ ११ गते गिरफ्तार गरी अनुसन्धानको लागि हिरासतमा राख्यो। जिल्ला अदालत बर्दियाको ०६८ भदौ ३० गतेको आदेशमा नन्कुन गोडिया २५ हजार रुपियाँ र राजु लोध ०६८ मङ्सिर १८ गतेका ३५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार गरिएकी जमुना घर्तीमगर

सानोश्री गाविस-४ गणेशपुरकी १४ वर्षीया एक बालिकालाई सोही ठाउँका ६२ वर्षीय वलबहादुर ज्ञवालीले ०६७ पुस महिनामा बलात्कार गरी गर्भवती बनाएको आरोपमा महिला सङ्घर्ष समिति बर्दियाकी अध्यक्ष कृष्णा गौतमसहित सातजनाले आरोपितलाई कानुनी कारबाही गर्न माग गर्दै ०६८ साउन १२ गते जिल्ला प्रहरी कार्यालयमा जोहरी दर्ता गराए। जिल्ला बालकल्याण समिति बर्दियाको अगुवाईमा पीडित बालिकालाई ०६८ साउन १० गते उद्धार गरी केन्द्रीय बाल कल्याण समितिको बाल संरक्षण गृहमा पठाएको थियो। आरोपितलाई प्रहरीले ०६८ साउन १२ गते गिरफ्तार गरी हिरासतमा राख्यो। जिल्ला अदालतको ०६८ साउन २९ गतेको आदेशमा आरोपित ज्ञवाली जिल्ला कारागारमा पुर्पक्षको लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएको छैन।

धधवार गाविस-३ की ६ वर्षीया एक बालिकालाई ०६८ मङ्सिर ८ गते घरमा कोही नभएको अवस्थामा सानोश्री गाविस-३ पीडितका आफ्नै काका नाता पर्ने २४ वर्षीय बलबहादुर बुढाले बलात्कार गरेको पीडितपक्षले आरोप लगायो। पीडितकी आमाले ०६८ मङ्सिर ९ गते बलबहादुर विरुद्ध जिल्ला प्रहरी कार्यालय बर्दियामा मुद्दा दर्ता गरिन्। इलाका प्रहरी कार्यालय सानोश्रीबाट गएको प्रहरीको टोलीले आरोपितलाई ०६८ मङ्सिर ८ गते गिरफ्तार गरी अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय गुलरियामा हिरासतमा राख्यो भने सोही दिन बालिकाको जिल्ला अस्पताल गुलरियामा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको ०६८ मङ्सिर २८ गतेको आदेशमा आरोपित बुढा पुर्पक्षको लागि जिल्ला कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएको छैन।

मोतीपुर गाविस-२ बठुवाटालकी १७ वर्षीया बालिकालाई ०६८ मङ्सिर २१ गते राति आफन्तको घरबाट विवाह हेरी फर्कदै गर्दा सोही ठाउँका १८ वर्षीय झकबहादुर घर्ती, १८ धिरेन्द्र राना र अन्य दुई जना बालकले नियन्त्रणमा लिएर अडरीबारीमा लगी बलात्कार गरे। पीडितको ०६८ मङ्सिर २३ गते जिल्ला अस्पतालमा स्वास्थ्यपरिक्षण भयो। पीडितले जिल्ला प्रहरी कार्यालय

बर्दियामा पीडकहरूविरुद्ध ०६८ मङ्सिर २६ गते जाहेरी दर्ता गराइन्। आरोपितहरूलाई इलाका प्रहरी कार्यालय बाँसगढीले ०६८ मङ्सिर २३ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय बर्दियामा अनुसन्धानको लागि हिरासतमा राख्यो। बर्दिया जिल्ला अदालतको ०६८ पुस १३ गतेको आदेशमा आरोपितहरूलाई पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा पठायो। यस वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएको छैन।

गुलरिया नपा-२ की १२ वर्षीया एक बालिकालाई ०६७ माघ १६ गते कुवेतमा भएका बाबुकहाँ पुऱ्याई दिने आश्वासनमा बाँके, उढरापुर गाविस-२ का ४४ वर्षीय विष्णुप्रसाद शर्माले नेपालगञ्ज नपा न्यूरोडस्थित एक होटलमा बलात्कार गरेको भन्दै पीडितपक्षले ०६७ फागुन १ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा चेलीबेटी बेचविखन र बलात्कारको आरोपमा जाहेरी दर्ता गरायो। घटनाका मुख्य योजनाकार गुलरिया नपा-२ का ४० वर्षीय थलबहादुर नेपाली रहेको पीडितपक्षले आरोप लगाए। घटनापछि होटलमा बेवारिसे अवस्थामा रहेकी बालिकालाई होटलमा कार्यरत मानिसहरूले देखेपछि उनको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो। बर्दिया जिल्ला अदालतका न्यायाधीश राधाकृष्ण उप्रेतीको ०६७ फागुन २९ गतेको आदेशअनुसार थलबहादुर नेपालीलाई जिल्ला कारागार बर्दिया र विष्णुप्रसाद शर्मा जिल्ला कारागार नेपालगञ्जमा पुर्पक्षको लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

सानोश्री गाविस-८ की ३५ वर्षीय जमुना घर्तीमगरलाई ०६८ कात्तिक १९ गते सोही गाविस-७ की ३४ वर्षीय बुद्धिसरा मगरले आफ्नै घरको आँगनमा देउता आएको भनी काँप्दै तन्त्रमन्त्र गरी आफूलाई बिरामी बनाएको मुखबाट फलाक्दै आफूलाई विरामी बनाएको भन्दै चामल, बलिरहेको दियो छुन लगाएर बोक्सीको आरोप लगाइन्। पीडितले जमुनाले ०६८ कात्तिक २३ गते पीडक विरुद्ध जिल्ला प्रहरी कार्यालय बर्दियामा ठाडो उजुरी दिइन्। यस वर्षको अन्त्यसम्म पीडकलाई कानुनी कारबाही भएको छैन।

ओसारपसार

गुलरिया नपा-८ की २६ वर्षीय युवतीलाई दैलेख जिल्ला नारायण नगपालिका-२ निवासी २८ वर्षीय अभिशेष भनी चिनिने कृष्ण सोनीले विभिन्न प्रलोभनसहित विवाह गर्छु भनी ०६८ साउन १० गते भारतको देहरादुनमा बेच्न खोजे। पीडितले नेपाल फर्की आरोपित कृष्ण सोनीको विरुद्ध ०६८ साउन २४ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा चेलीबेटी बेचबिखन विरुद्धको मुद्दा दर्ता गराइन्। यस वर्षको अन्त्यसम्म पीडक फरार छन्।

सानोश्री गाविस-२ निवासी १८ वर्षीया र २३ वर्षीय दुई युवतीलाई ०६८ कात्तिक २५ गते तारातल गाविस-६ का ६२ वर्षीय रामप्रसाद पाण्डेले ललाई फकाई भारत लगेर बिक्री गर्न खोजे। पीडितहरूले आरोपितविरुद्ध ०६८ मङ्सिर २ गते जिल्ला प्रहरी कार्यालयमा चेलीबेटी बेचबिखनको मुद्दा दर्ता गराए। बर्दिया जिल्ला अदालतको ०६८ मङ्सिर २० गते को आदेशमा पीडक पाण्डेलाई पुर्पक्षका लागि जिल्ला कारागारमा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सानोश्री गाविस-३ की ३६ वर्षीया महिलालाई ०६७ फागुन १७ गते सोही ठाउँका २५ वर्षीय राधे थारूले राति घरमा सुतिरहेका अवस्थामा घरमा प्रवेश गरी बलात्कार गरेको आरोपमा पीडित महिलाले जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६७ चैत १२ गते आरोपित विरुद्ध जाहेरी दिइन्। यसवर्षको अन्त्यसम्म आरोपित राधे फरार छन्।

तारातल गाविस-४ की ४५ वर्षीया एक महिलालाई ०६७ चैत ७ गते सोही ठाउँका ४० वर्षीय पूर्णबहादुर विकले राति घरमा सुतिरहेको अवस्थामा घर भित्र प्रवेश गरी बलात्कार गरेको भन्दै पीडितले

अज्ञात समूहले सकेट बम विस्फोट गराई क्षति पुऱ्याइएको छविलाल पाठकको घर

०६७ चैत ११ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा उजुरी दिइन्। यस वर्षको अन्त्यसम्म आरोपित फरार रहे।

गुलरिया नपा-४ खैरीकी ४० वर्षीया एक महिलालाई ०६८ असार २६ गते घरमा राति सुतिरहेको अवस्थामा आफ्नै देवर २९ वर्षीय अम्मर रैदासले बलात्कार गरेको भनी पीडित पक्षले दिएको जानकारीको आधारमा ०६८ असार २६ गते नै प्रहरीले आरोपित अम्मरलाई गिरफ्तार गऱ्यो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६८ असार २७ गते जाहेरी दर्ता गराइन्। जिल्ला अदालतले ०६८ साउन १३ गते आदेश अनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

गुलरिया नपा-८ की २१ वर्षीया खगेन्द्रकुमारी विष्टलाई विभिन्न आरोपमा ०६७ माघ २१ गते २५ वर्षीय पति सर्दीप ढुङ्गानाले कुटपिट गरी घर निकाला गरे। पीडितले ०६७ फागुन २ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा घरेलु हिंसाको मुद्दा दर्ता गराइन्। जिल्ला प्रहरी कार्यालय बर्दिया, महिला तथा बालबबालिका कार्यालयद्वारा गठित महिला सेवा केन्द्र र अधिकारकर्मी संस्थाको समन्वयमा भएको पटकपटकको छलफल पछि ०६७ चैत २१ गते पतिबाट पाउने आधा अंश लिई पीडितले सम्बन्ध विच्छेद गरिन्।

धधवार गाविस-९ की २३ वर्षीया तुलसी विकलाई ०६८ कात्तिक १३ गते राति सोही ठाउँकी पीडितकी आफ्नै सासू ४० वर्षीया अमृता विकले घर निकाला गरिन्। पीडित महिला तुलसीको पति २५ वर्षीय इसव विक रोजगारको लागि विदेश गएको अवस्थामा सासू र मामा ससुराले घरबाट निकाला गरेपछि पीडित महिला एक छोरासहित सोही गाउँमा आफन्त कहाँ शरण लिन लिएर बसेकी छिन्। उनीले न्यायको लागि प्रहरी चौकी जयनगरमा ०६८ कात्तिक १४ निवेदन दिइन्। यस वर्षको अन्त्यसम्म प्रहरीले पीडकलाई कुनै कानुनी कारबाही गरेन।

गुलरिया नपा-३ खैरापुरकी २८ वर्षीया विनीता गुप्तालाई ०६८ असार २ गते आफ्नै सासू कमलादेवी गुप्ता र नन्द २९ वर्षीया बेबी गुप्ताले खान नदिइ कुटपिट गरी घाइते बनाए। उनको जिल्ला अस्पताल गुलरियामा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६८ असार ९ गते न्यायका लागि निवेदन दिइन्। दुबै पक्षबीच ०६८ असार २३ गते भएको छलफलमा सासू ससुरासँग अंश लिएर पति ३० वर्षीय सञ्जय गुप्ताको साथमा अलग्गै बस्ने सहमति भयो।

गुलरिया नपा-११ आशापुरकी २४ वर्षीया रिङ्की लोधलाई ०६८ असोज १ गते सोही ठाउँका आफ्नै पति २० वर्षीय विनोद लोध र ससुरा ५० वर्षीय सीताराम लोधले घाँटीमा डोरीले कसी हत्या गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय बर्दियाले आरोपी विनोद र सीतारामलाई ०६८ असोज ५ गते अनुसन्धानको लागि गिरफ्तार गरी हिरासतमा राख्यो। जिल्ला अदालतको आदेशमा ०६८ असोज २७ गते पाँच -पाँच हजार रुपियाँ धरौटीमा विनोद र सीतारामलाई तारेखमा रिहा गऱ्यो।

बहुविवाह

गुलरिया नपा-६ की २७ वर्षीया सीमा खातुनमाथि ०६८ असार २५ गते सोही ठाउँकी २३ वर्षीया जाकिरा धोबीसँग दोस्रो विवाह गरी २६ वर्षीय मिहदी हुसन धोबीले सौता हाले। आरोपितहरू विरुद्ध पीडित सीमाले ०६८ भदौ ५ गते बहुविवाहको मुद्दा जिल्ला प्रहरी कार्यालय बर्दियामा मुद्दा दर्ता गराइन्। आरोपित दुवै फरार रहेका कारण प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही गर्न सकेको छैन।

बाँके जिल्ला वनकटुवा गाविस-९ की २४ वर्षीया बसन्ती बताला पतिमोतिपुर गाविस-२ का ३० वर्षीय सिहँबहादुर विकले ०६८ जेठ २० गते सोही ठाउँकी १८ वर्षीया लक्ष्मी विकसँग दोस्रो विवाह गरे। पीडित बसन्ती बतालाले सिहँ र लक्ष्मी विरुद्ध ०६८ जेठ २७ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा बहुविवाहको मुद्दा दर्ता गराइन्। बर्दिया जिल्ला अदालतको ०६८ असार १२ गते आदेशमा पीडक मध्ये सिंहलाई २५ हजार रूपैयाँ धरौटी लिई र लक्ष्मीलाई सामान्य तारेखमा रिहा गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

नेउलापुर गाविस-९ बनखेतमा रहेको मुक्तकमैया, सुकुमबासी फाँटामा ०६८ जेठ ५ गते सोही ठाउँमा रहेका मध्यवर्ती सामुदायिक वनका अध्यक्ष सीताराम विष्टसहित अर्जुन शर्मा, दुर्गा थारू, हाउल्या थारूको नेतृत्वमा आएका सामुदायिक वनका उपभोक्ताहरूले ०५८ सालदेखि वनक्षेत्रमा बस्दै आएका १ सय १० मुक्तकमैया सुकुमबासीका घरटहरा भत्काएर

क्षति पुऱ्याए। मुक्तकमैया सुकुमबासीका घरटहरा भत्काउने क्रममा सामुदायिक वनका उपभोक्ता र मुक्तकमैया सुकुमबासीबीच झडप हुँदा सुकुमबासी मुक्तकमैया ३४ वर्षीय हरिप्रसाद थारू, ५६ वर्षीय बुद्धिराम थारू, ४५ वर्षीय फत्तेसिंह थारू, ५३ वर्षीय केशवहादुर थारू, ४२ वर्षीय अइनु थारू, ४० वर्षीय रुकुमणी थारू र ६० वर्षीय भुस्ना थारू गम्भीर घाइते भए। उनीहरूको प्रारम्भिक उपचार जिल्ला अस्पतालमा र थप उपचार नेपालगञ्ज मेडिकल कलेजमा भयो । यसै गरी सामुदायिक वन उपभोक्ता ३५ वर्षीय प्रभु थारूको हात भाँचिनुको साथै ढाडमा चोट लागी गम्भीर घाइते भए। उनको प्रारम्भिक उपचार स्वाथ्य चौकी भुरीगाउँ र थप उपचार कोहलपुर मेडिकल कलेज कोहलपुरमा भयो। पीडितहरूले ०६८ जेठ ७ गते इलाका प्रहरी कार्यालय नेउलापुर र जिल्ला प्रहरी कार्यालय गुलरियामा निवेदन दिए।

संरचना, सम्पत्ति क्षति, जग्गा कब्जा

अखिल नेपाल सुकुमबासी सङ्घबाट

खैरीचन्दनपुर गाविस -९ का श्यामसुन्दर शर्मा र लक्ष्मीप्रसाद शर्माको १ सय ६ विगाहा, मनाउ गाविस-३ का ५० वर्षीय मधुसुदन रिजाल, ४५ वर्षीय बासु रिजाल, ४७ वर्षीय विष्णु रिजाल, सोही ठाउँका ६० वर्षीय दीपबहादुर विष्ट, सोही गाविस-८ का ५० वर्षीय विष्णुमान श्रेष्ठ, ७७ वर्षीय तिलकमान श्रेष्ठ, सुनिल उपाध्याय, सोही गाविस-६ का ५५ वर्षीय जनक ज्ञवाली, ४५ वर्षीय गणेश ज्ञवाली, ६० वर्षीय गोपाल सिलवाल, सोही गाविस- ७ की ५५ वर्षीया सीता श्रेष्ठको ९३ विगाहा जग्गा ०६७ माघ २८ गते अखिल नेपाल किसान सङ्घ २००७ र अखिल नेपाल सुकुमबासी सङ्घको नेतृत्वमा झण्डा गाडेर कब्जा गरे। बिगत लामो समयदेखि जोताहा तथा भूमिहीन किसानहरूले उपभोग गर्दै आइरहेको र तत्कालीन माओवादीले कब्जा गरेको जग्गालाई भूमाफिया तथा जमिन्दारहरूले बेदखली र जमिनलाई खण्डीकरण गर्न लागेको भन्दै अखिल नेपाल किसान महासङ्घ २००७ र अखिल नेपाल सुकुम्वासी सङ्घले उनीहरूको जग्गामा झण्डा गाडेको जनायो। यस वर्षको अन्त्यसम्म पीडित पक्षले कही उजुरी दिएका छैनन्।

राजापुर गाविस-२ का विनयध्वज चन्दको ४५ विगाहा र सोही गाविस-७ का कृष्ण बास्तोला र दामोदर बास्तोलाको ४० विगाहा र श्रीदास सापकोटाको ४० विगाहा जग्गामा ०६७ चैत २ गते अखिल नेपाल सुकुमबासी सङ्घले झण्डा गाडेर कब्जा गरेको घोषणा गऱ्यो। सुकुमबासीहरूको समूहले विगतमा माओवादीले कब्जा गरी भुमिहीन सुकुमबासीहरूलाई लगाउन दिएको जग्गा शान्तिप्रक्रियापछि जग्गा मालिकले आफूहरूलाई जानकारी नदिई सो ठाउँभन्दा बाहिरका व्यक्तिहरूलाई बिक्री गर्न लागेको भन्दै जग्गा कब्जा गरेको अखिल नेपाल सुकुमबासी सङ्घले जनायो। यस वर्षको अन्त्यसम्म पीडितपक्षले कहीं उजुरी दिएनन्।

राजापुर गाविस-गाविस-७ प्रयागपुरका विनयध्वज चन्द, विनोदध्वज चन्द, लक्ष्मी चन्द, सौरभ चन्द र सोभित चन्दको माओवादीद्वारा कब्जा गरिएको ४३ विगाहा जग्गा ०६८ मङ्सिर ९ गते प्रमुख जिल्ला अधिकारी रामकृष्ण सुवेदी, कब्जा घर जग्गा फिर्ता कार्यदल, जग्गाधनी सहितको टोलीले फिर्ता गरिएको घोषणा गरे पनि ०६८ मङ्सिर ९ गते राति एमाओवादी वैद्यपक्षका स्थानीय कार्यकर्ता तथा अखिल नेपाल किसान सङ्घका नेता अजय चौधरीको नेतृत्वमा गएको समूहले पुनः कब्जा गऱ्यो। एमाओवादी पक्षका स्थानीय कार्यकर्ता तथा अखिल नेपाल किसान सङ्घका नेता अजय चौधरीको नेतृत्वमा गएको समूहले जोताहा किसान, मुक्तकमैया, सुकुमबासीहरूको नाममा जग्गाको लालपूर्जा प्राप्त नहुँदासम्म जग्गा नछोड्ने बताउँदै किसान सङ्घ (क्रान्तिकारी) को हँसिया र तारा सहितको झण्डा साथै एकीकृत माओवादीको झण्डा गाडी पुनः जग्गा कब्जाको घोषणा गरेका थिए। एमाओवादीले फिर्ता गरिएको जग्गा पुनः कब्जा भएपछि प्रमुख जिल्ला अधिकारी रामकृष्ण सुवेदीसहितको टोलीले घटनास्थलमा ०६८ मङ्सिर १० गते छलफल गरेको भए पनि समस्याको कुनै समाधान निस्किन सकेन।

अनेरास्ववियुबाट

अनेरास्ववियु बाँके जिल्ला सदस्य विष्णुविक्रम शाहीको हत्याको विरोध र अपराधीलाई गिरफ्तार गर्न दबाब दिन ०६८ भदौ २१ गते अनेरास्ववियु बर्दियाले गरेको जिल्ला बन्दको अवज्ञा गरी चलाएको आरोपमा जिल्ला स्वास्थ्य कार्यालय बर्दियाको भे.१.ब.२१४ नम्बरको मोटरसाइकल तोडफोड गरे। मोटरसाइकल तोडफोडबाट १ हजार ५ सय रुपियाँ बराबरको क्षति भएको जिल्ला स्वास्थ्य कार्यालय बर्दियाले बतायो।

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

गुलरिया नपा-११ स्थित भन्सार रोडमा रहेको गुलरिया भन्सार कार्यालयमा ०६८ असार २३ गते जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीले कुकर बम विस्फोट गराउँदा कार्यालयको पर्खालमा सामान्य क्षति भयो। सो पार्टीका थरुहट इन्चार्ज पवनले सोही दिन सञ्चारमाध्यममा फोन गरी घटनाको जिम्मेवारी लिए।

गुलरिया नपा-८ स्थित जिल्ला मालपोत कार्यालय बर्दियाको शौचालयमा ०६८ असोज १० गते दिउँसो अज्ञात समूहले सकेट बम विस्फोटन गरायो। प्रहरीले घटनामा संलग्न कसैलाई गिरफ्तार गर्न सकेन। जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका थरुहट इन्चार्ज पवनले सञ्चारमाध्यमलाई फोन गरी मालपोत कार्यालयमा कर्मचारीहरूले सेवाग्राहीबाट घुस लिएर मात्र काम गर्ने गरेकोले त्यसो नगर्न चेतावनीको लागि बम विस्फोट गराएको भन्दै घटनाको जिम्मेवारी लिए।

अज्ञात समूहबाट

गुलरिया नपा-४ खैरी निवासी तथा कृषि विकास बैङ्क शाखा बर्दियाका नासु ५० वर्षीय छविलाल पाठकको घरमा ०६८ मङ्सिर ११ गते राति अज्ञात समूहले सकेट बम विस्फोट गराई क्षति पुऱ्यायो। विस्फोटनबाट सामान्य क्षति भयो। सञ्चारमध्यमलाई फोन गरी स्वतन्त्र तराई मधेश मुक्ति टाइगरका इन्चार्ज रणवीर सिंहले आफ्नो पार्टीको विरुद्धमा कार्य गरेको भन्दै चेतावनीको लागि बम विस्फोटन गराएको भन्दै घटनाको जिम्मेवारी लिए। सुरक्षाको कारण पीडितले यस वर्षको अन्त्यसम्म कतै निवेदन दिएका छैनन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	१९		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	५	१
स्टाफ नर्स	७	७	
ल्याब असिस्टेन्ट	६	५	१
अहेब	४६	४६	
अनमी	२१	२१	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	१३	
स्वास्थ्य कार्यकर्ता	५५	४९	६

४.८ सुर्खेत



जनसङ्ख्या : ३,६०,१०४
पुरूष : १,७७,६१२
महिला : १,८२,४९२
साक्षरता प्रतिशत : ७८
महिला साक्षरता प्रतिशत : ५२
क्षेत्रफल (वर्ग कि. मि.) : २,४५१
गाविस/नपा सङ्ख्या : ५०/१
सरकारी/निजी विद्यालय : ५७३/३१
क्याम्पस/उच्च मा.वि. : ३/२१
मानव विकास सूचकाङ्कः ०.४८६
प्रतिपरिवार सरदर सङ्ख्याः ४.७८

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४८ र कैद नतोकिएका ५८ कैदी र थुनुवा गरी जम्मा १ सय छ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ९४ जना र पुरुष १२ जना रहेका छन्। जेलर लालबहादुर खत्रीले जीर्ण अवस्थामा रहेको कारागार भवनलाई विगत दुई वर्ष यता सुविधा सम्पन्न सुधारगृहको रूपमा निर्माण गर्न लागेका भए पनि क्षमता भन्दा पाँच दोब्बर बन्दीहरू एकै स्थानमा कोचिएर बस्न बाध्य हुनु परेको बताए।

बेपत्ता/ अपहरण

माओवादी लडाकुबाट

रामघाट गाविस-४ घर भई नेपाली सेनाका पूर्व सैनिक जवानद्वय ४२ वर्षीय अम्मरबहादुर चन्द र ४० वर्षीय प्रेमबहादुर शाहीले फरकमत राखेको आरोपमा ०६७ माघ ५ गते माओवादी लडाकुहरूको एक समूहले लाठी मुक्काले उनीहरूलाई कुटपिट गऱ्यो। कुटपिटबाट टाउको र ढाडमा चोट लागेका दुवै जनाको रामघाटस्थित स्वास्थ्य चौकीमा उपचार भयो। माओवादी लडाकुहरूले कुटपिट गर्दा शाही भारुन सफल भए भने चन्दलाई माओवादी लडाकुहरूले अपहरण गरी सोही दिन जीत स्मृति ब्रिगेड कल्याणमा पुऱ्याए। पीडित ०६८ माघ ७ गते सोही ब्रिगेडबाट मुक्त भए। घटनामा माओवादी लडाकु विरूद्ध प्रहरीले सुनुवाइ गर्दैन भनी यस वर्षको अन्त्यसम्म पीडितले कहीं उजुरी नदिएको बताए।

धम्की/कुटपिट

राज्यपक्षबाट

पिलीस्मृति ब्रिगेड गुमी सुर्खेतका ब्रिगेड कमाण्डर ३८ वर्षीय रतनबहादुर शाहीलाई मेहेलकुना गाविस-१ मा खेलकुद प्रतियोगिता हेर्ने क्रममा एकआपसमा गाली गरेपछि स्थानीय युवा र माओवादी लडाकुबीचको झडपमा नेतृत्व गरेको आरोपमा ०६८ बैशाख ९ गते प्रहरीले लठ्ठी र मुक्काले उनलाई कुटपिट गऱ्यो। टाउको र काँधमा चोट लागेका उनको स्थानीय औषधी पसलमा उपचार भयो। सो घटनापछि माओवादी लडाकुको समूहले सोही दिन दुई घण्टा मेहेलकुना प्रहरी चौकी घेराउ गर्नुको साथै स्थानीय बासिन्दालाई कुटपिट गऱ्यो। इलाका प्रहरी चौकी छिन्चू र जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको प्रहरी टोलीले स्थिति नियन्त्रणमा लिएको थियो। स्थानीय बासिन्दाले माओवादी लडाकुहरू विरूद्ध आन्दोलन गरेपछि स्थानीय शान्ति समितिको पहलमा ०६८ वैशाख १२ गते दुवै पक्षबीच मेलमिलाप भयो। घटनाको सुनुवाइ नहुने भनी पीडितले कहीं उजुरी गरेनन्।

वीरेन्द्रनगर नपा– ६ स्थित हिरोहोण्डा सोरूमका मजदुर २४ वर्षीय मीनबहादुर खड्काले हेल्मेट नलगाएर मोटरसाइकल चलाएको आरोपमा ०६८ असोज ८ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा कार्यरत प्रहरी हवलदार भीमबहादुर रावल र प्रहरी जवान नरबहादुर थापाले हटियालाईनको चोकमा लाठी र लातीमुक्काले उनलाई कुटपिट गरे। प्रहरीको कुटपिटबाट टाउको र खुट्टामा चोट लागेको खड्काको वीरेन्द्रनगरस्थित देउती नर्सिङहोममा उपचार भयो। प्रहरीले कुटपिट गरेको घटनाको सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको पीडितले बताए।

उत्तरगङ्गा गाविस १ बोसिमलका १६ वर्षीया जगत बुढाको बुवा वीरबहादुर बुढासँग विवाद हुँदा प्रतिकार गरेको आरोपमा ०६८ असोज १३ गते सशस्त्र प्रहरी रक्तकाली गण बोसिमलका असई दिनेश श्रेष्ठ सहितको समूहले लात्तीमुक्काले घरमै उनलाई कुटपिट गऱ्यो। कुटपिट पछि टाउको र छातीमा चोट लागेका पीडितको भोलिपल्ट होस खुलेको थियो। पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितले सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको बताए।

अज्ञात समूहबाट

दशरथपुर गाविस-३ का शिक्षक ५१ वर्षीय पूर्णबहादुर थापा र उनका २४ वर्षीय छोरा श्याम थापालाई ०६८ जेठ २१ गते राति अज्ञात समूहले घरमा बसिरहेको रहेको अवस्थामा नियन्त्रणमा लिई पूर्णलाई लात्तीमुक्का र श्यामलाई खुकुरी प्रहार गरी घाइते बनायो। खुकुरी प्रहारबाट टाउकोमा गम्भीर चोट लागेका श्यामको वीरेन्द्रनगरस्थित देउती नर्सिङ होममा उपचार भयो। हतियारसहित आएका २०/२२ जनाको समूहले थापाको घरबाट तीन थान मोबाइल सेट, डेढ तोला सुन र २७ हजार रुपियाँसमेत लुटेको थियो। सोही समूहले पूर्ण थापाकी पत्नी झुपा थापा, छोरी चेतना र भान्जी छुपीसरा घर्तीलाई समेत कुटपिट गरेको थियो। लुटपाटपछि १० दिनभित्र १० लाख रुपियाँ नदिए परिवारलाई नै सखाप पार्ने धम्की दिएपछि ०६८ जेठ २२ गते सात जनाको उनको परिवार वीरेन्द्रनगरमा विस्थापित भयो। असुरक्षाका कारण उनको परिवार यस

वर्षको अन्त्यसम्म घर फर्कन सकेका छैनन्। पीडितले ०६८ जेठ २३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ज्यान सुरक्षा गरीपाउँ भनी निवेदन दिए पनि यस वर्षको अन्त्यसम्ममा प्रहरीले कसैलाई गिरफ्तार गरेको छैन।

माओवादी लडाकुबाट

वीरेन्द्रनगर नपा-६ निवासी राजधानी दैनिक सुर्खेतका सम्वाददाता २८ वर्षीय रमेश शाहीलाई मेहेलकुना गाविसमा भएको फुटबल प्रतियोगिता हेर्ने क्रममा माओवादी लडाकु र मेहेलकुना गाविसका युवाहरूबीच भएको दोहोरो झडपको फोटो खिचेको आरोपमा ०६८ वैशाख ९ गते पिली स्मृति ब्रिगेडका कमाण्डर रतनबहादुर शाहीको नेतृत्वमा रहेको माओवादी लडाकुहरूको समूहले मार्ने धम्की दियो। शाहीले खिचेको फोटो माओवादी लडाकुले क्यामराबाट हटाइदिनुका साथै 'तँ जस्ता पत्रकारलाई हावामा उडाईदिन सक्छौं तैंले किन फोटो खिचेको' भन्दै पत्रकार शाहीलाई हातपात गरे। माओवादी लडाकु विरुद्ध प्रहरीले कारवाही गर्न नसक्ने भनी पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी नदिएको बताए। शाहीलाई मार्ने धम्की दिएको घटनाको नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाले ०६८ वैशाख १० गते प्रेस विज्ञप्ति जारी गरी विरोध जनाएको थियो।

मालारानी गाविस-५ की युगआह्वान दैनिकका समाचारदाता २४ वर्षीया छवीकुमारी कँडेललाई ०६८ असार १७ गते जीत स्मृति ब्रिगेड कल्याणमा कार्यरत माओवादी लडाकु नरेन्द्र विसी (सुमन) ले मोबाईलबाट फोन गरी मार्ने धम्की दिए। नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाका अध्यक्ष एवम् इन्सेक जिल्ला प्रतिनिधि दुर्गा थापाको पहलमा जीत स्मृति ब्रिगेड कल्याणका ब्रिगेड कमाण्डर रतनबहादुर शाही (आसुतोष) र पिली स्मृति ब्रिगेड गुमीका सहायक कमाण्डर खड्कराज सेजुवाल (विश्वप्रकाश) को रोहबरमा नरेन्द्रले ०६८ असार २८ गते माफी मागेपछि पीडित कँडेलले ०६८ असार १९ गते ज्यान सुरक्षा गरी पाऊँ भनी जिल्ला प्रहरी कार्यालय सुर्खेतमा दिएको निवेदन फिर्ता लिइन्।

मेहेलकुना गाविस-१ का ३५ वर्षीय हस्तबहादुर पुन, सोही ठाउँका २४ वर्षीय दिलीप पुन, ३६ वर्षीय दलबहादुर कार्की, २३ वर्षीय यादव खत्री र २५ वर्षीय राजेन्द्र शर्मालाई मेहेलकुना गाविसमा सञ्चालन भएको फुटबल प्रतियोगिता हेर्ने क्रममा विवाद गरेको आरोपमा ०६८ वैशाख ९ गते माओवादी लडाकुहरूको समूहले लाठी ढुङ्गा, लात्ती र मुक्काले कुटपिट गऱ्यो। कुटपिटबाट घाइते भएका सबैजनाको मेहेलकुना प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडित तथा मेहेलकुनावासीले कुटपिटको विरोधमा ०६८ वैशाख १० र ११ गते मेहेलकुना बजार बन्द समेत गरे। स्थानीय शान्ति समिति सुर्खेतको पहलमा ०६८ वैशाख १२ गते दुबै पक्षबीच पीडितहरूको उपचार गर्ने सर्तमा मेलमिलाप भयो।

एकीकृत माओवादीबाट

धारापानी गाविस– ४ निवासी २ वर्षीय उमेश खत्री, ३३ वर्षीय श्यामबहादुर खड्का ३६ वर्षीय डम्बरबहादुर खड्का र ४२ वर्षीय कृष्णबहादुर खड्काले फरक मत राखेको आरोपमा ०६८ भदौ १७

घटनाको प्रकार	राज्यबाट				गैरराज्यबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						४	४
बालअधिकार					८	१	९
अपहरण						१	१
महिलाअधिकार					७६		७६
भेला/सङ्गठित हुने अधिकार		१	१३	१३			
जातीय विभेद					३	१	३
गिरतारी/यातना		१३		१३			
कुटपिट	१	५		६	३	३३	३६
धम्की		१		१	१	३	४
हत्या					३	१	३
जम्मा	**१**	**२०**	**१३**	**३३**	**९३**	**३४**	**१२६**

गते सल्यान जिल्ला चौरगाविसका एकीकृत नेकपा माओवादी कार्यकर्ता लालबहादुर घर्तीसहितको हतियारधारी समूहले लात्तीमुक्का र खुकुरी प्रहार गरी उनीहरूलाई कुटपिट गऱ्यो। महिलाहरूको तिज पर्वका दिन एकीकृत माओवादी कार्यकर्ता र स्थानीय बासिन्दाबीच भएको सामान्य विवादका कारण एकीकृत माओवादीका कार्यकताहरूले घर घेरा हाली कुटपिट गरेको पीडित कृष्णबहादुर खड्काले बताए। सो घटनापछि धारापानी गाविस-४ का ४२ घरपरिवारले तीन दिनसम्म घर छोडी विद्यालय बस्न बाध्य भएका थिए। इलाका प्रहरी कार्यालय छिन्चूबाट प्रहरी टोली पुगेपछि माओवादीका कार्यकर्ताहरूले गाउँ छाडेका थिए। जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत हरि प्याकुरेलको नेतृत्वमा गएको टोलीले ०६८ भदौ २६ गते दुवै पक्ष सँग छलफल गरी मेलमिलाप गराएको थियो।

साटाखानी गाविस-५ निवासी राप्रपा नेपालका कार्यकर्ता ५६ वर्षीय चक्रबहादुर नेपालीले फरक मत राखेको आरोपमा ०६७ पुस २० गते सोही ठाउँका एकीकृत माओवादी कार्यकर्ता कृष्ण सापकोटाको अगुवाइमा आएको समूहले साटाखानी गाविस-५ मा लात्ती मुक्काले उनलाई कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले ०६७ पुस २२ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएको छैन।

लगाम गाविस– २ स्थित महाकाली माविका शिक्षक ४२ वर्षीया तुल्सीराम शाह सो माविका अभिभावकद्वय सूर्यबहादुर शाही र मोहन धामीले फरक मत राखेको आरोपमा ०६८ असोज २ गते एमाओवादी कार्यकर्ता मीनबहादुर वान्तोला सहितको समूहले लगाम गाविस ३ स्थित नेराप्रावि भवनमा उनीहरूलाई कुटपिट गऱ्यो। पीडितहरूको स्थानीय स्वास्थकेन्द्रमा उपचार भयो। पीडितले कहीँ उजुर नगरेको बताए।

वाईसीएलबाट

नेटा गाविस-४ का ४० वर्षीय पर्शुराम मर्साङ्गी र नेटा गाविस उपस्वास्थ्य चौकीका अहेब ३८ वर्षीय रमेश शाहीले स्थानीय युवाहरूबीच ०६८ जेठ २८ गते भएको झडपका घाइतेको उपचारमा सहयोग गरेको आरोपमा सोही दिन नेटा गाविस-४ का वाईसीएलका कार्यकर्ताहरूले लाठी, ढुङ्गा र खुकुरी प्रहार गरी घाइते बनाए। पीडितहरूको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। घटनापछि पीडितहरू ०६८ जेठ २९ गते वीरेन्द्रनगर विस्थापित भए। उपस्वास्थ्य चौकीका प्रमुखमाथि आक्रमण भएको विरोधमा चौकीमा कार्यरत अन्य कर्मचारीले कार्यालय बन्द गरेपछि दुई हप्तासम्म नेटा गाविसका बासिन्दा सामान्य उपचार गर्नबाट वञ्चित भएका थिए। पीडितहरूले ०६८ जेठ ३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कसैलाई पनि गिरफ्तार गरेको छैन्।

युवासङ्घ नेपालबाट

घाटगाउँ गाविस-४ निवासी वाईसीएलका स्थानीय कार्यकर्ता १८ वर्षीय प्रमोद विक र १७ वर्षीय छत्र विष्टले फरकमत राखेको आरोपमा ०६७ चैत १५ गते बिजौरा गाविस–३ निवासी युवा सङ्घका कार्यकर्ता २५ वर्षीय गङ्गाराम विकसहितका कार्यकर्ताहरूको समूहले घाटगाउँ गाविस-५ मा लात्तीमुक्का र लाठीले उनीहरूलाई कुटपिट गरे। कुटपिटबाट टाउकोमा चोट लागेका दुवै जनाको स्थानीय स्वास्थ्यकेन्द्रमा उपचार भयो। घटनाको सुनुवाइ हुँदैन भनी पीडितले कहीँ उजुरी नदिएको बताए।

बिजौरा गाविस-३ का १७ वर्षीय भुवन बीसी, सोही स्थानका १८ वर्षीय कैलाश बीसी, १८ वर्षीय केशव वयक र १७ वर्षीय टेकेन्द्र वयकले फरकमत राखेको आरोपमा ०६७ चैत १२ गते घाटगाउँ गाविस–६ निवासी युवा सङ्घका कार्यकर्ता २८ वर्षीय नविन बमसहितका कार्यकर्ताहरूको समूहले सोही गाविस–३ स्थित विजौरा माविमा लात्तीमुक्का र लाठीले उनीहरूलाई कुटपिट गरे। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। घटनाका बारेमा उजुरी नदिएको पीडितहरूले बताए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनितिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वीरेन्द्रनगर नपा– ६ निवासी एवं राप्रपा नेपाल सुर्खेत जिल्ला कमिटीका सचिव ४५ वर्षीय अमृत रानासहितका राप्रपा नेपालका कार्यकर्ताहरूले ०६८ भदौ १२ गते सङ्घीयता विरुद्ध मसाल जुलुश निकालेको आरोपमा प्रहरीले मसाल जुलुस निकाल्न प्रतिबन्ध लगाउनुको साथै उनीहरूलाई कुटपिट गऱ्यो। हिन्दू राष्ट्र र संवैधानिक राजतन्त्रको व्यवस्था गर्नुपर्नेलगायतका माग राखी मसाल जुलुश प्रर्दशन गर्न खोज्दा प्रहरीले वीनपा -६ बुद्धपथ स्थित राप्रपा नेपालको कार्यालयमा हस्तक्षेप गरी मसाल नियन्त्रणमा

प्रहरीद्वारा कुटपिट गरिएका जगत बुढा

लिएपछि लुकीछिपी मसाल जुलुस प्रर्दशन गर्न खोज्दा आफूहरूमाथि निर्ममतापूर्वक कुटपिट गरेको पीडित अमृत रानाले बताए। प्रहरीको कुटपिटबाट घाइते भएका सचिव रानासहितका १२ जना राप्रपा नेपालका कार्यकताहरूको वीरेन्द्रनगरमै उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय १० मध्ये ३६ फैसला भए भने ७४ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८५ मध्ये ३० फैसला भए भने ५५ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा छ र देवानी मुद्दा चार रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय १५ मध्ये ३२ फैसला भए भने ८३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७२ मध्ये ११ फैसला भए भने ६१ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई र देवानी मुद्दा दुई रहे।

पुनरावेदन अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

दुई जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ५१ मध्ये छ फैसला भए भने ४५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ पाँचमध्ये दुई फैसला भए भने तीन फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई रहे।

०६८ साउनदेखि पुस १६ सम्म

दुई जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ ९४ मध्ये २६ फैसला भए भने ६८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३६ मध्ये छ फैसला भए भने ३० फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३ सय ३८ छ जसमध्ये १ सय १७ सफल भए भने ३० असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १ सय ९१ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २५ मध्ये पाँच सफल र एक असफल रह्यो भने १९ फैसला बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा २० मध्ये आठ सफल र चार असफल रह्यो भने आठ फैसला हुन बाँकी रह्यो। बलात्कार उद्योगसम्बन्धी मुद्दा १७ मध्ये चार सफल र चार असफल रह्यो भने नौ फैसला हुन बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा १० मध्ये पाँच सफल र एक असफल रह्यो भने चार फैसला हुन बाँकी रह्यो। अपहरणसम्बन्धी मुद्दा चारमध्ये एक सफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो।

यातना तथा क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

घुमखहरे गाविस-९ का ३४ वर्षीय लीलाधर खड्का र सोही स्थानका २८ वर्षीय भुपेन्द्र खड्काले छिमेकीसँग जग्गाको विषयमा विवाद गरेको आरोपमा ०६७ चैत ५ गते घुमखहरे प्रहरी चौकीका प्रहरी जवानद्वय कृष्ण खासु मगर र लोकबहादुर खत्रीले प्रहरी हिरासतमा मुढाले ढाडमा पेलेर यातना दिए। यातनाबाट सख्त घाइते भएका लीलाधरको तीन दिनपछि होश खुलेको थियो। भुपेन्द्र सामान्य घाइते भएका थिए। लीलाधरको क्षेत्रीय अस्पताल सुर्खेतमा र भुपेन्द्रको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितहरूले ०६७ चैत १० गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएपछि प्रहरी नियमावली बमोजिम पीडकद्वयलाई कारबाही गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका इन्स्पेक्टर ऋषि ढुङ्गानाले बताए।

हरिहरपुर गाविस-४ का ४२ वर्षीय शिवराम खत्री, सोही स्थानका ४० वर्षीय रामसिंह खत्रीले काठ चोरी गर्न हिँडेको आरोपमा ०६७ माघ १४ गते हरिहपुर प्रहरी चौकीका प्रहरी जवान धनबहादुर बस्यालले प्रहरी चौकीको हिरासतमा उनीहरूलाई

यातना दिए। प्रहरीको यातनाबाट शिवराम दुई दिनसम्म बेहोश भए भने रामसिंह सामान्य घाइते भए। शिवरामको वीरेन्द्रनगरस्थित देउती नर्सिङ होममा र रामसिंहको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। प्रहरी जवान बस्यालविरुद्ध पीडितहरूले ०६७ माघ १७ जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएपनि यसवर्षको अन्त्यसम्म सुनुवाइ भएन।

जर्बुटा गाविस-१ का २८ वर्षीय टोपबहादुर रोकाय र सोही ठाउँका २५ वर्षीय धीरज पराजुलीले साटाखानी गाविस-७ का ३० वर्षीय डम्बरबहादुर फाल मगरलाई ०६८ वैशाख १ गते जर्बुटा गाविस-१ धुलियाविटमा गोली हानी हत्या गरेको आरोप स्वीकार नगरेको आरोपमा ०६८ वैशाख २७ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा प्रहरीले ढाडमा मुढाले पेल्नुको साथै करेन्ट लगाएर उनीहरूलाई यातना दियो। प्रहरीले पीडित दुबैलाई उपचार समेत गर्न दिएन। भारतबाट मजदुरी गरी घर फर्कंदै गरेको अवस्थामा फाललाई उनीहरूले गोली हानी हत्या गरेको प्रहरीको दाबी छ। प्रहरीले दुबैजनालाई ०६८ बैशाख २४ गते वीरेन्द्रनगर नपाबाट गिरफ्तार गरेको थियो। जिल्ला अदालत सुर्खेतका न्यायाधीश कृष्णबहादुर थापाको ०६८ जेठ १९ गतेको आदेशानुसार दुबैजना सोही दिन पुर्पक्षका लागि कारागार चलान भए।

वीरेन्द्रनगर नपा– ६ का व्यापारी २८ वर्षीय शिशिर श्रेष्ठले मदिरा सेवन गरी मोटरसाईकल चलाएको आरोपमा ०६८ साउन १६ गते विद्यापुर प्रहरी चौकीका प्रहरीले उनलाई प्रहरी चौकी हिरासतमा यातना दिए। प्रहरीले रातभर हातखुट्टामा फलामको साङ्लोले बाँधेर राख्नुको साथै लाठी र बुटले कुटपिट गरेको पीडितले बताए। पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। स्थानीय व्यापारीहरूको पहलमा पीडितले ६ सय रुपियाँ जरिवाना बुझाई ०६८ साउन १७ गते रिहा भए। घटनाका बारेमा कहीं उजुरी नगरेको पीडितले बताए।

दाङ जिल्ला तुलसीपुर नपा– १० का २७ वर्षीय दिनेश नेपाली र सोही स्थानका २८ वर्षीय अर्जुन वादीले चोरीको अभियोग अस्वीकार गरेको आरोपमा ०६८ असोज ४ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा प्रहरीले उनीहरूलाई यातना दिए। वीरेन्द्रनगर बसपार्कको एक पसलबाट चोरी गरेको आरोपमा उनीहरूलाई पलाष्टिकको पाईपले शरीरभरी निलडाम हुनेगरी कुटेको पीडितहरूले बताए। पीडितद्वय ०६८ असोज ५ गते रिहा भए। प्रहरीले यातना दिएको बारेमा सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको पीडितहरूले बताए।

प्रहरीद्वारा कुटपिट गरिएका मीनबहादुर खड्का

मैनतडा गाविस– ७ लोदेका १७ वर्षीय सेवक सुनारले चोरीको गरेको आरोप अस्वीकार गरेको भनी ०६८ मङ्सिर ९ गते मेहलकुना प्रहरी चौकी र मङ्सिर २२ गते इलाका प्रहरी कार्यालय छिन्चुमा प्रहरीले उनलाई यातना दिए। मैनतडा गाविस ३ जहरेबजारस्थित न्यू भेरी सुनचाँदी पसलबाट गहना चोरी गरेको आरोपमा प्रहरीले आफूलाई मेहलकुना प्रहरी चौकी र इलाका छिन्चुको हिरासतमा लाठीले पैतलामा कुटपिट गरी यातना दिएको पीडितले बताए। पीडितले इन्सेक सुर्खेत समक्ष ०६८ मङ्सिर २४ गते मौखिक जानकारी दिएपछि इन्सेक सुर्खेतको पहलमा ०६८ मङ्सिर २५ गते प्रहरीले यातना दिएको हो होइन भन्ने बारेमा घाउजाँच फारम भरी छानबिन गरेको थियो।

जर्बुटा गाविस-२ का १५ वर्षीय भरत धामी, सोही स्थानका १४ वर्षीय दिलबहादुर सुनार र १४ वर्षीय सुदीप सुनारले साटाखानी गाविस-७ का डम्बरबहादुर फाल मगरलाई ०६८ वैशाख १ गते गोली हानी हत्या गरेको आरोप अस्वीकार गरेको आरोपमा ०६८ वैशाख २८ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा प्रहरीले मुढाले पेलेर उनीहरूलाई यातना दिए। शरीरभरि नीलडाम रहेका पीडितहरूको प्रहरीले उपचार समेत गरेन। जिल्ला अदालत सुर्खेतका न्यायाधीश कृष्णबहादुर थापाको ०६८ जेठ १९ गतेको आदेशानुसार तीनैजना पुर्पक्षका लागि कारागार चलान भए। भारतबाट मजदुरी गरी फर्कंदै गरेका फाल मगरलाई गोली हानी हत्या गर्नमा सहयोगीको भूमिका खेलको आरोपमा तीनै जना बालकलाई प्रहरीले ०६८ वैशाख २४ गते आ-आफ्नै घरबाट गिरफ्तार गरेको थियो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख २९ हजार १ सय ७१ मध्ये छात्र ७० हजार ८५ र छात्रा ५९ हजार ८६ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि

तहमा महिला ९२ र पुरुष १ सय ८३ गरी जम्मा २ सय ७५ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला ४७ र पुरुष १ सय २१ गरी जम्मा १ सय ६८ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला ३५ र पुरुष १ सय ४८ गरी जम्मा १ सय ८३ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक २ हजार ४ सय ६७ र बालिका १ हजार ८ ९० गरी जम्मा ४ हजार ३ सय ५७ रहेका छन् जसमध्ये दलित बालक १ सय ८० र बालिका १ सय ६८ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

वीरेन्द्रनगर नपा– ६ की एक १४ वर्षीया बालिकालाई ०६८ असोज ६ गते वीरेन्द्रनगर नपा ६ स्थित एक होटलमा नेपालगन्ज नपा-१९ का गुड्डु कवोडियाले बलात्कार गरेको आरोपमा कवोडियालाई प्रहरीले ०६८ असोज ७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत सुर्खेतको ०६८ असोज ३० गतेको आदेशअनुसार कवोडिया पुर्पक्षका लागि थुनामा छन्।

वीरेन्द्रनगर नपा– ३ स्थित इन्टरनेशनल कोअपरेटिभ एकेडेमीमा कक्षा ६ मा अध्ययनरत ११ वर्षीया एक बालिकालाई ०६८ भदौ १९ गते एकेडेमीका प्रिन्सिपल नैनसिं खत्रीले एकेडेमीको होस्टेलमा यौनदुर्व्यवहार गरेको आरोपमा खत्रीलाई प्रहरीले ०६८ भदौ २० गते वीरेन्द्रनगरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत सुर्खेतका न्यायाधीश कुलप्रसाद शर्माको ०६८ असोज ३ गतेको आदेशले खत्री पुर्पक्षका लागि थुनामा रहेका छन्।

उत्तरगङ्गा गाविस– ७ की १४ वर्षीया बालिकालाई ०६८ कात्तिक ४ गते सोही ठाउँमा घरभई सशस्त्र प्रहरी रक्तकाली गण बाङ्गेसिमलमा कार्यरत

अज्ञात समूहद्वारा धम्की दिई विस्थापित गराइएका पूर्णबहादुर थापाको परिवार

सशस्त्र प्रहरी जवान जयप्रसाद पाण्डेले घरनजिकैको खोल्सामा जबरजस्ती करणीको प्रयास गर्न खोज्दा बालिका चिच्याएपछि छिमेकीहरूको सहयोगमा उनी बचेकी थिइन्। आरोपित पाण्डेका विरूद्धमा पीडितले ०६८ कात्तिक ५ गते उजुरी दिएपछि प्रहरीले ०६८ कात्तिक १४ पाण्डेलाई गिरफ्तार गरी जबरजस्ती करणी गर्ने उद्योगमा मुद्दा चलाएकोमा जिल्ला अदालत सुर्खेतको ०६८ कात्तिक २० गतेको आदेशानुसार पाण्डे पुर्पक्षका लागि थुनामा रहेका छन्।

तरङ्गा गाविस– १ की १३ वर्षीया बालिकालाई सोही स्थानका २५ वर्षीय सिंहबहादुर विष्टले ०६८ कात्तिक २३ गते घरनजिकैको जङ्गलमा बलात्कार गरेको आरोपमा पीडितले ०६८ कात्तिक २४ गते प्रहरी चौकी हरिहरपुरमा विष्टको विरूद्धमा किटानी जाहेरी दिएपछि प्रहरीले ०६८ कात्तिक २५ गते तरङ्गाबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत सुर्खेतको ०६८ मङ्सिर १५ गतेको आदेशअनुसार उनी पुर्पक्षका लागि थुनामा रहेका छन्।

वीरेन्द्रनगर नपा– ९ वसपार्कस्थित दृष्टिविहीन होस्टेलमा वस्ने एक १२ वर्षीया दृष्टिविहीन बालिकालाई ०६८ कात्तिक २५ गते जर्वुटा गाविस १ का ४२ वर्षीय रामप्रशाद आचार्यले बलात्कारको प्रयास गरेको आरोपमा पीडितले ०६८ मङ्सिर ८ गते जिल्ला प्रशासन कार्यालय सुर्खेतमा उजुरी दिइन्। नेपाल रेडक्रस सुर्खेतद्वारा सञ्चालित सामुदायिक आँखा उपचार केन्द्रमा कार्यरत आचार्यले रातको समयमा ट्राफिकले घरजान दिएन भन्ने बहाना बनाई होस्टलमा बास मागी बालिकालाई वलात्कारको प्रयास गरेको पीडितपक्षले आरोप लगायो। यसवर्षको अन्यसम्ममा पीडक आचार्य फरार रहेको प्रहरीले जनायो।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

परिवारजनबाट कुटपिट

लाटीकोइली गाविस-१ की २७ वर्षीया झुमा वादीले छोरा नजन्माएको आरोपमा ०६७ माघ १८ गते २८ वर्षीय पति पूर्ण वादीले दाउरा र लाठीले कुटपिट गरी उनलाई घरबाट निकाले। पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। अंश सहित सम्बन्धविच्छेद गरी पाऊँ भनी पीडितले ०६७ फागुन ३ गते जिल्ला अदालत सुर्खेतमा मुद्दा दायर गरेपनि यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

तातापानी गाविस-९ की ३० वर्षीया लीला

विकलाई खाना नपकाएको आरोपमा ०६७ चैत २० गते ३२ वर्षीय पति आइते विकले उनलाई घरमा छुरा प्रहार गरी घाइते बनाए। छुरा प्रहारबाट छातीमा गहिरो चोट लागेकी उनको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। स्थानीयवासीको सहयोगमा पीडितलाई उपचारको लागि वीरेन्द्रनगर ल्याइएको थियो। सो घटनापछि पीडक फरार रहेका छन्। पीडितले ०६७ चैत २३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा पति विरुद्ध उजुरी दिए पनि आइते फरार भएकाले यस वर्षको अन्त्यसम्ममा कुनै कारबाही भएको छैन।

गुटु गाविस-४ की ४३ वर्षीया हस्ता थापालाई खाना नपकाएको आरोपमा ०६८ जेठ १५ गते ४५ वर्षीय पति केशर थापाले बञ्चरो प्रहार गरी उनको हत्या प्रयास गरे। बञ्चरो प्रहारबाट सख्त घाइते भएकी पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। छ महिनाको गर्भवती समेत रहेकी हस्ताका पतिले मदिरा सेवन गरी बञ्चरो प्रहार गरेको पीडितले बताइन्। प्रहरीले ०६८ जेठ १६ गते केशरलाई गुटु गाविस–३ बाट गिरफ्तार गऱ्यो। पीडितले ०६८ जेठ २० गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ज्यानमार्ने उद्योगमा मुद्दा दायर गरेकी थिइन्। जिल्ला अदालत सुर्खेतका न्यायाधीश कृष्णबहादुर थापाको ०६७ असार १० गतेको आदेश अनुसार आरोपित सोही दिन सुर्खेत कारागार चलान भए।

बलात्कार, बलात्कार प्रयास र यौनदुर्व्यवहार

वीरेन्द्रनगर नपा– ९ की एक युवतीलाई ०६८ साउन २८ गते लाटीकोईली गाविसको काँकेबिहारको जङ्गलमा लाटीकोईली गाविस-८ का २३ वर्षीय अन्नतराज मानन्धर, २४ वर्षीय सरोज जिसी, २३ वर्षीय हेमराज गिरी, २६ वर्षीय कृष्ण डाँगी र २१ वर्षीय बालराम रावलले सामूहिक बलात्कार गरी युवाहरूले नै बलात्कार गरेको भिडियो टेप सार्वजनिक गरे। बलात्कारमा संलग्न तथा सहयोगी भूमिका निभाएको आरोपमा प्रहरीले सरोज जिसी बालाराम रावल विरेन्द्रनगर नपा– ११ का २३ वर्षीया सीता चन्द र वीननपा– ६ की २२ वर्षीया विनु नेपालीलाई ०६८ भदौ १४ गते वीरेन्द्रनगरबाट गिरफ्तार गऱ्यो। उनीहरू सबै जना विरुद्ध प्रहरीले जबरजस्ती करणी मुद्दा चलाएपछि जिल्ला अदालत सुर्खेतको ०६८ असोज २ गतेको आदेशअनुसार जिसी र रावल २५/२५ हजार धरौटी तथा चन्द र नेपाली साधारण तारेखमा रिहा भए। यसपछि पुनरावेदन सरकारी वकिल कार्यालयले दिएको निवेदनको आधारमा पुनरावेदन अदालत सुर्खेतको ०६८ मङ्सिर १ गतेका आदेशनुसार जिसी,रावल,चन्द र नेपाली पुर्पक्षको लागि थुनामा रहेका छन्। बलात्कारमा संलग्न भनिएका मानन्धर, गिरी र डाँगी यसवर्षको अन्त्यसम्ममा गिरफ्तार भएका छैनन्।

वीरेन्द्रनगर नपा– १२ की १८ वर्षीया युवतीलाई सोही ठाउँका २४ वर्षीय अशोक गुरुङले ०६८ कात्तिक २ गते घर नजिकैको जङ्गलमा बलात्कार गरको आरोपमा प्रहरीले ०६८ कात्तिक ४ गते आरोपितलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालत सुर्खेतका न्यायाधीस कुलप्रसाद शर्माको आदेशमा ०६८ मङ्सिर २ गतेदेखि गुरुङ पुर्पक्षका लागि थुनामा रहेका छन्।

लाटीकोईली गाविस-५ की ३५ वर्षीया एक महिलालाई लाटीकोईली गाविस-८ का २८ वर्षीय रमेश दर्लामी सहितको तीन जनाको समूहले ०६८ कात्तिक २५ गते पीडितकै घरमै सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले ०६८ कात्तिक २७ गते दर्लामीलाई वीरेन्द्रनगरबाट गिरफ्तार गऱ्यो। गिरफ्तारपछि प्रहरीले दर्लामीसहित तीनजनाको विरूद्ध मुद्दा चलाएकोमा जिल्ला अदालत सुर्खेतको ०६८ मङ्सिर १५ गतेको आदेशानुसार आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्। घटनामा संलग्न अन्य दुईजना यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

सबै प्रकारका जातीय विभेद

मैनताडा गाविस-३ की २१ वर्षीया सीता महर ,२१ वर्षीया लक्ष्मी महर र ३० वर्षीया पप्पी महरले सार्वजनिक कुवामा पानी भरेको आरोपमा ०६८ असोज १८ गते सोही स्थानका कथित माथिल्लो जातका गणेश राना र लीला बटालाले कुवाको पानी भर्न नदिई दुर्व्यवहार गरे। 'तिमी जस्ता कथित तल्ला जातिले पानी छोयौ भने हाम्रा देउता रिसाउँछन्' भन्दै दुर्व्यवहार गरेको पीडित सीता महरले बताइन्। पीडितले ०६८ असोज २२ गते इलाका प्रहरी कार्यालय छिन्चुमा उजुरी दिएपछि ०६८ असोज २५ गते मैनतडा गाविस-३ लाई छुवाछुत मुक्त गाउँ घोषणा गर्ने र पीडकहरूले माफी मागेपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतमा दुवै पक्षबीच मेलमिलाप भयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	३		
उपस्वास्थ्यचौकी	४७		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२८	१०	१८
स्टाफ नर्स	२०	१३	७
ल्याब असिस्टेन्ट	६	३	३
अहेब	६०	५५	५
अनमी	२५	२१	४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२	२	
स्वास्थ्य कार्यकर्ता	१००	८५	१५

विगतको अनुगमन

धम्की/कुटपिट

एमालेबाट

बजेडीचौर गाविस-३ का शिक्षक एवम् काङ्ग्रेस कार्यकर्ता ४५ वर्षीय गणेश बुढा, सोही ठाउँका ४३ वर्षीय गणेशी बुढा र सोही ठाउँका २२ वर्षीय लीलाधर बुढाले फरकमत राखेको आरोपमा ०६७ पुस १६ गते बजेडीचौर गाविस- ३ निवासी प्रस्तावित माबि बजेडाका शिक्षक एवम् एमाले कार्यकर्ता जगत रोकाय र उनका छोरा भीमबहादुर रोकायले घरमा उनीहरूलाई लात्ती, मुक्का, खुकुरी र तरबार प्रहार गरेका थिए। गणेशको टाउको, दाहिने हात र ढाडमा, गणेशी र लीलाधरको टाउको र कानमा गहिरो चोट लागेको थियो। सबै जनाको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। सो झडपमा गणेश बुढासहितको समूहले प्रतिकार गर्दा जगत रोकाय सख्त घाइते भएका थिए। टाउको, निधार, मुख, कान र नाकमा गहिरो चोट लागेका रोकायको काठमाडौंमा उपचार भयो।

नेविसङ्घबाट

बाबियाचौर गाविस-४ निवासी वाईसीएल कार्यकर्ता २० वर्षीय प्रेमबहादुर सलामी र २१ वर्षीय पूर्ण भण्डारीले फरकमत राखेको आरोपमा ०६७ पुस १० गते नेविसङ्घका स्थानीय कार्यकर्ताहरूले बाबियाचौर गाविस-३ मा उनीहरूलाई खुकुरी प्रहार गरी घाइते बनाएका थिए। टाउको र हातमा चोट लागेका दुवै जनाको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। एमाओवादी र काङ्ग्रेसका जिल्ला प्रमुख एवम् प्रतिनिधिहरूको उपस्थितिमा आगामी दिनमा दुवै पक्षबाट यस्ता घटना नदोऱ्याउने सर्तमा ०६७ पुस १६ गते दुवैपक्षबीच मेलमिलाप भयो।

४.९ जाजरकोट



जनसङ्ख्या : १,७२,५६५
पुरूष : ८६,०८२
महिला : ८६,४८३
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३१
क्षेत्रफल (वर्ग कि. मि.) : २,२३०
गाविस/नपा सङ्ख्या : ३०/०
सरकारी/निजी विद्यालय : ३८५/७
क्याम्पस/उच्च मा.वि. : १/९
मानव विकास सूचकाङ्कः ०.३४३
प्रतिपरिवार सरदर सङ्ख्याः ५.५१

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २४ र कैद नतोकिएका नौ कैदी र थुनुवा गरी जम्मा ३३ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ३१ जना र महिला दुईजना रहेका छन्। यस कारागारमा क्षमताभन्दा बढी बन्दी रहेका कारण बसोबासमा समस्या भएको छ। कारागारको कम्पाउण्ड सानो भएको हुँदा खेलकुद तथा घुमफिर गर्न समस्या भएको बन्दीहरूका नाइके वीरबहादुर विकले गुनासो गरे। कारागारमा पुस्तकालय, खेलकुद, टिभी, पत्रपत्रिकाको व्यवस्था गरिएको जेलर सर्वदल शाहीले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

ढिमे गाविस-२ निवासी थुर्पू मावि ढिमेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ३९ वर्षीय वीरबहादुर मल्ललाई विद्यालयमा एमालेको राजनीति गरेको आरोपमा ०६७ माघ २९ गते राति एमाओवादी जिल्ला कमिटी सदस्य कुशल भनिने नरबहादुर मल्ल र सोही ठाँउका कृष्णबहादुर मल्लले घरबाहिर बोलाई कुटपिट गरे। दोषीउपर कारबाहीको माग गर्दै पाँचकाटिया प्रहरी चौकीमा ०६७ फागुन १ गते पीडित पक्षले उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

रग्दा गाविस-४ का २४ वर्षीय कमल थापा, सोही गाविस-६ का २८ वर्षीय पम्फी शाही र ३१ वर्षीय नरेन्द्र शाहीलाई एमाओवादी पार्टी परित्याग गरी नेपाली काङ्ग्रेसमा प्रवेश गरेको आरोपमा ०६७ पुस ३० गते राति १० जनाको समूहमा आएका स्थानीय एमाओवादी कार्यकर्ताहरूले कुटपिट गर्ने धम्की दिएपछि सोही दिन राती पीडितहरू आ-आफ्नो घरछाडेर जिल्ला सदरमुकाम विस्थापित भए। पीडित पक्षले यस वर्षको मध्यसम्म कहीं जाहेरी दिएनन्। पीडितहरू ०६७ माघ ११ गते सदरमुकामबाट घर फर्किए।

ढिमे गाविस-१ पाँचकाटिया निवासी नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा जाजरकोटका सहसचिव २९ वर्षीय डिल्लीबहादुर थापालाई गाउँमा एमालेको राजनीति गरेको आरोपमा उनलाई ०६७ चैत २२ गते एमाओवादी जिल्ला कमिटी सदस्य पूर्णहादुर खत्रीले ज्यान मार्ने धम्की दिए। पीडितले ०६७ चैत २३ गते पाँचकाटिया प्रहरी चौकीमा कारबाहीको निम्ति लिखित जाहेरी दिएकोमा खत्रीलाई ०६७ चैत २४ गते पाँचकाटिया प्रहरी चौकीले गिरफ्तार गरी आइन्दा त्यस्तो कार्य नगर्ने शर्तमा कागज गराई सोही दिन रिहा गऱ्यो।

वाईसीएलबाट

नायकवाडा गाविस-९ का ३५वर्षीय हरिबहादुर चलाउनेलाई एकीकृत माओवादी पार्टी परित्याग गरेको आरोपमा ०६८ साउन १४ बिहान सोही ठाउँका वाईसीएल कार्यकर्ता ३४ वर्षीय मालबहादुर चलाउनेको नेतृत्वमा आएको तीन जनाको समूहले कुटपिट गऱ्यो। टाउकोमा चोट लागेका चलाउनेको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो। पीडितले वाईसीएल कार्यकर्ता मालबहादुर चलाउनेसहित तीनजनाको नाममा ०६८ साउन १५ गते रामीडाँडा प्रहरी चौकीमा जाहेरी दिएपछि प्रहरीले उनीहरूलाई प्रहरीले घरघरबाट गिरफ्तार गरी ०६८ साउन १९ गते रिहा गऱ्यो। घाइते हरिबहादुरलाई ०६८ साउन १९ गते एकीकृत माओवादी पार्टी कार्यालयमा बोलाई ४ हजार रुपियाँ उपचार खर्च दिएपछि दुवै पक्षबीच मेलमिलाप भयो।

नेपाली काङ्ग्रेसबाट

कार्कीगाउँ गाविस-३ मनाघाट निवासी एमाओवादी कायकर्ता ३६ वर्षीय सरमबहादुर खत्री, सोही ठाउँका ४१ वर्षीय रत्नप्रसाद जैसी, ४२ वर्षीय लक्ष्मण खत्री, ३५वर्षीय चन्द्रप्रसाद खत्रीलाई ०६८ जेठ २३ गते राती नेपाली काङ्ग्रेस इलाका नम्बर २ का क्षेत्रीय सभापति रत्नबहादुर शाहीको नेतृत्वमा आएको ३५ जनाको काङ्ग्रेस कार्यकर्ताको समूहले कुटपिट गरी घाइते बनायो। पीडित पक्षले ०६८ जेठ २४ गते इलाका प्रहरी कार्यालय दशेरामा जाहेरी दिएकोमा ०६८ जेठ ३१ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटमा दुवै पक्षबीच आइन्दा यस्तो कार्य नगर्ने शर्तमा मेलमिलाप भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ एकमध्ये एक फैसला भए। देवानी मुद्दातर्फ १८ मध्ये ६ फैसला भए भने १२ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा पाँच रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १० मध्ये दुई फैसला भए भने आठ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १६ मध्ये १६ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १३ छ जसमध्ये आठ सफल भए भने ५ असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा छमध्ये तीन सफल र तीन असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा चारमध्ये तीन सफल र एक असफल रह्यो।

घटनको प्रकार	राज्यबाट		गैरराज्यबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			२	१	३
महिलाअधिकार			११		११
जातीय विभेद			१	१	२
गिरफ्तारी/यातना	३	३			
कुटपिट			४	९	१३
धम्की	१	१		३	३
हत्या			२	१	३
जम्मा	**४**	**४**	**२०**	**१५**	**३५**

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

खलङ्गा गाविस-९ का शेरबहादुर कामीलाई ०६८ असार २४ गते रिम्ना प्रहरी चौकीमा कार्यरत असई वीरबहादुर कुँवर र सोही चौकीमा कार्यरत हवल्दार बेगम केसीले हिरासतमा यातना दिए। स्थानीय एक गाउँलेको भेडा चोरेर काटेर खाएको आरोपमा चौकीमा सोही दिन ११ बजे बोलाई चार घण्टासम्म लाठीले पैतलामा र शरीरमा कुटेर यातना दिएका थिए। हिरासतमा बेहोस भएको पीडित सोही दिन चार बजे होस खुलेपछि सोही दिन रिहा गरेका थिए। पीडितको स्थानीय औषधी पसलमा आफन्तले उपचार गराएका थिए। घटनाका सम्बन्धमा पीडितले कुनै निकायमा जाहेरी दिएनन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७९ हजार ९ सय ४९ मध्ये छात्र ४० हजार ७ सय ३३ र छात्रा ३९ हजार २ सय १६ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १४ हजार १ सय ५८ र छात्र १५ हजार २ सय १३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला र पुरुष गरी जम्मा ६ सय ८१ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला र पुरुष गरी जम्मा ५ सय १ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला र पुरुष गरी जम्मा ५६ शिक्षक रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

झाप्रा गाविस-७ काफ्लाकी १४ वर्षीय एक बालिकालाई ०६८ मङ्सिर २० गते राती पुन्मा गाविस-५ का १९ वर्षीय अजय विकले सोही ठाँउको जङ्गलमा पुऱ्याई बलात्कार गरेको आरोपमा पीडितले ०६८ मङ्सिर २१ गते वडावन प्रहरी चौकीमा जाहेरी दिइन्। आरोपित यो वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

खलङ्गा गाविस-४ की ३२ वर्षीय लक्ष्मी चन्दलाई कथित बोक्सीको आरोपमा ०६७ फागुन २८ गते बिहान सोही ठाउँका ३९ वर्षीया सरीता चन्द र उनकै छोरी १६ वर्षीया कल्पना चन्दले कुटपिट गरी घाइते बनाए। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि दुवै पक्षबीच ०६७ फागुन ३० गते गाउँमै आइन्दा यस्तो आरोप नलगाउने शर्तमा मिलापत्र भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

ढिमे गाविस- ७ घर भई सोही गाविस-१ पाँचकाटियामा होटल व्यवसाय गर्दै आएकी ४६ वर्षीया एक महिलालाई ०६७ पुस १८ गते राति उनकै कोठामा पाँचकाटिया प्रहरी कार्यरत असई ४१ वर्षीय मोहनबहादुर कुँवरले बलात्कारको प्रयास गरेको आरोपमा पीडितले पाँचकाटिया प्रहरी चौकीमा ०६७ पुस १९ गते उजुरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी १० हजार रूपैयाँ क्षतिपूर्ति र माफी माग्न लगाएपछि दुवै पक्षबीच सोही दिन पाँचकाटिया प्रहरी चौकीमा मिलापत्र भयो।

साल्मा गाविस-८ अन्दरकोट बस्ने ५० वर्षीया एक महिलालाई शौचालय जान लागेको समयमा सोही ठाउँ बस्ने ३४ वर्षीय दलबहादुर बुढाले बिहान ५ बजेतिर बलात्कार प्रयास गरेको आरोपमा पीडितले ०६८ मङ्सिर २४ गते जिल्ला प्रहरी कार्यालयमा कारबाहीको माग गर्दै जाहेरी दिइन्। पीडितलाई जमिनमा लछार पछार गरिरहेको समयमा उनका १५ वर्षीय छोराले देखेर कराएपछि आरोपित भागेका थिए। प्रहरीले हालसम्म आरोपितलाई गिरफ्तार गरेको छैन।

घरेलु हिंसा

परिवारजनबाट हत्या

थालारैकर गाविस-७ जाँता की १९वर्षीय

बत्तीससरा नेपालीलाई ०६८ असार २६ गते राति पति २१ वर्षीय कृष्णबहादुर नेपाली र ससुरा कुलबहादुर नेपालीले कुटेर हत्या गरे। ढाड,घोडा र निधारमा नीलडाम रहेको अवस्थामा उनको लास घरबाट आधा घण्टा टाढा पैदल दूरीको बाटोमा ०६८ साउन २७ गते भेटियो। आरोपित दुवैलाई प्रहरीले पुर्पक्षका लागि ०६८ साउन ९ गते कारागार चलान गऱ्यो। २ महिना अगाडिदेखि पति पत्निबीच घरायसी कुरामा झगडा हुने गरेकोमा कृष्णबहादुर नेपालीले बत्तीसरालाई ०६८ असार २४ गते कुटपिट गरी घरनिकाला गरेका थिए। पतिले घर निकाला गरेपछि बत्तीससरा दैलेख जिल्ला कुट्टी गाविस- २ सत्तीस्थित माईतीमा बस्दै आएकोमा ससुरा कुलबहादुरले ०६८ असार २६ गते बुहारीलाई माइतीबाट घरमा लगेकै दिन हत्या भएको थियो।

झापा गाविस- १ फुम्नाकी १७ वर्षीया सङ्गीता वादीलाई घर जान नमानेको आरोपमा ०६८ साउन १६ गते राति पति २१ वर्षीय बमबहादुर वादीले टालेगाउँ गाविस-१ नुन्यारेस्थित मामा जनकवादीको घरमा रहेको अवस्थामा धारिलो हतियार प्रहार गरी हत्या गरे। आफन्तले खोजतलास गर्दा सङ्गीताको लास सोही ठाउँको गाविस भवननजिकै ०६८ साउन १७ गते फेला परेको थियो। हत्या आरोपित बमबहादुरलाई ०६८ साउन १८ गते प्रहरीले गिरफ्तार गरेकोमा सोही महिनाको २५ गते अदालतको आदेशानुसार पुर्पक्षका लागि कारागार चलान भए। बमबहादुरले सङ्गीतासँग ०६८ फागुनमा चौथो विवाह गरेका थिए।

परिवारजनबाट कुटपिट

पुन्मा गाविस -५ भेरे बस्ने २१ वर्षीया कल्पना थापालाई पति २३ वर्षीय नरबहादुर थापाले कुटपिट गरी घर निकाला गरे। पीडित कल्पनाले पति नरबहादुर थापालाई कारबाही गरिपाउँ भनी ०६८ मङ्सिर १२ गते जिल्ला प्रहरी कार्यालयमा जोहरी दिइन्। प्रहरीले हालसम्म आरोपितलाई गिरफ्तार गरेको छैन।

सबै प्रकारका जातीय विभेद

पजारू गाविस-४ रेलकोट निवासी एवम् श्री दुर्गा प्राविका शिक्षक २३ वर्षीय जयबहादुर नेपालीलाई ०६८ साउन २९ गतेदेखि उपल्लो जातका स्थानीय गाउँलेहरूले विद्यालयमा अध्यापन गर्न प्रतिबन्ध लगाए। पछि ०६८ भदौ ५ गते ती युवतीसँग वैवाहिक सम्वन्धविच्छेद गरेपछि मात्र पीडितले विद्यालयमा पठनपाठन अनुमति पाएका थिए।

पजारू गाविस-४ रेलकोट बस्ने १८ वर्षीय चन्दा सिंहलाई ०६८ साउन २९ गते दलित युवासँग विवाह गरेको आरोपमा उनका दाजु दिपुसिंह, कल्धर सिंह, तिले सिंह, लालु सिंहले पीडितको घरमा गई कुटपिट गरी घाइते बनाए। कुटपिटका कारण युवतीको दाहिने हात भाँचिएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

माओवादी कम्युनिस्ट केन्द्र (पार्टी) नेपालबाट

खलङ्गा गाविस-१ निवासी मध्य पहाडी राजमार्गका ठेकदार एवम् पिएस कन्ट्रक्सनका प्रोप्राइटर प्रकाशजङ्ग शाहलाई सामन्तीको आरोप लगाउँदै ०६७ चैत ८ गते राति भूर गाविस-२ पोर्खामा माओवादी कम्युनिष्ट केन्द्र पार्टी नेपालका कार्यकर्ताहरूले उनको डोजरमा आगजनी गरे। प्रहरीले उक्त पार्टीका कार्यकर्ता रोल्पा जिल्लाका अजित भनिने २२ वर्षीय अमृत बुढा, प्यूठान जिल्लाका सम्राट भनिने २३ वर्षीय श्रीधर कुँवर र दाङ जिल्लाका २४ वर्षीय मिलन थापालाई ०६७ चैत ११ गते सीमा गाविस-१ बाट प्रहरीले गिरफ्तार गरेकोमा ०६७ चैत १३ गते हातहतियार खरखजाना मुद्दा अन्तरगत कारागार चलान गऱ्यो। यस वर्षको मध्यसम्म मुद्दा फैसला भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	७		
उपस्वास्थ्यचौकी	२५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	२	२
स्टाफ नर्स	५	५	
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	३८	५	३३
अनमी	१५	१२	३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट			
स्वास्थ्य कार्यकर्ता	५९	४५	१४

४.१० दैलेख



जनसङ्ख्या :	२,६३,८३५
पुरूष :	१,२८,२८१
महिला :	१,३५,५५४
साक्षरता प्रतिशत :	५६
महिला साक्षरता प्रतिशत :	३५
क्षेत्रफल (वर्ग कि. मि.) :	१,५०२
गाविस/नपा सङ्ख्या :	५५/१
सरकारी/निजी विद्यालय :	४५७/१३
क्याम्पस/उच्च मा.वि. :	२/२९
मानव विकास सूचकाङ्कः	०.३८१
प्रतिपरिवार सरदर सङ्ख्याः	५.१४

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते
बेवारिसे विस्फोटक पदार्थबाट

बालुवाटार गाविस-८ कागतेका ११ वर्षीय बालक तिलवहादुर पुन मगर ०६८ असोज १८ गते बेवारिसे सकेट बम खेलाउँदा विस्फोट भई गम्भीर घाइते भए। घरनजिकैको भाबरसैन जङ्गलमा बाखा गोठाला गएको बेला ढुङ्गाको ओडारमा फेला पारेको सकेट बम के रहेछ भनी नजिकै ढुङ्गामा राखी अर्को ढुङ्गाले थिच्दा विस्फोट भई छोरा घाइते हुन पुगेको बाबु ३२ वर्षीय नरबहादुर पुनमगरले जानकारी दिए। सो बम विस्फोटनका कारण बालकको देब्रे हातको दुईओटा औँला चुँडियो भने बमको छर्राले लागेर अनुहार र खुट्टामा समेत चोट लाग्यो। सदरमुकामस्थित स्थानीय मेडिकलमा सामान्य उपचार भएपछि उनलाई नेपालगञ्जस्थित भेरी अस्पतालमा थप उपचार गरियो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १६ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २९ र कैद नतोकिएका २१ कैदी र थुनुवा गरी जम्मा ५० जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएको पुरुष जना २८ र महिला एक जना रहेका छन् भने कैद नतोकिएको पुरुष १८ जना र महिला तीन जना रहेका छन्। साथै, आश्रित बालक एक जना र बालिका एक जना गरी जम्मा दुई जना रहेका छन्।

जिल्ला कारागार दैलेखमा क्षमताभन्दा बढी तीन गुणा कैदी र थुनुवा भएकाले खानेपानी र शौचालयको समस्या देखिएको छ भने कारागार भवन पुरानो भएकाले वर्षायाममा पानी चुहिने हुँदा बस्न गाह्रो भएको कैदी तीर्थवहादुर थापाले गुनासो गरे। जेलर शारदाप्रसाद श्रेष्ठले कारागार भवन जीर्ण भएकाले विभिन्न अपराधमा कैदी र बन्दी जीवन बिताइरहेकाहरूलाई बस्न समस्या परेको साथै जिल्ला सदरमुकाममै नयाँ कारागार भवन बन्दै गरेको भएपनि सो विषयमा आफूलाई हालसम्म जानकारी नभएको बताए।

धम्की/कुटपिट
राज्यपक्षबाट

नेपाल पत्रकार महासङ्घ दैलेख शाखाका अध्यक्ष पुष्कर थापा, एभिन्युज टेलिभिजनका सम्वाददाता भूपेन्द्र शाही,हिमालय टेलिभिजनका सम्वाददाता रत्न शाही र राष्ट्रिय कर्मचारी सङ्गठन दैलेखका अध्यक्ष तथा जिल्ला विकास समितिका नायब सुब्बा खगेन्द्र थापालाई ०६८ भदौ २६ गते राती गस्तीमा निस्केका प्रहरीले नारायण नपा-६ गणेशचौकमा लाठी र बुटले कुटपिट गरी घाइते बनाए। प्रहरीको कुटपिटबाट पत्रकार भूपेन्द्र र रत्नको देब्रे हात, करङ, मुख, घाँटी र नाकमा चोट लागेको थियो भने नायबसुब्बा खगेन्द्रको शरीरको पछाडिपट्टिको पूरैभागमा नीलडाम भएको थियो। उनीहरूको उपचार स्थानीय मेडिकलमा भयो। जिल्ला प्रहरी प्रमुख डिएसपी दीपक बस्नेतले घटनामा प्रहरीको गल्ती भएको स्वीकार्दै कुटपिटमा संलग्न प्रहरीहरूलाई विभागीय कारबाही गरिने आश्वासन दिएपछि दुवै पक्षबीच मेलमिलाप भयो।

एकीकृत माओवादीबाट

नेपाल पत्रकार महासङ्घ दैलेखका उपाध्यक्ष तथा हिमालय टाइम्सका सम्वाददाता गोविन्द केसीलाई समाचार लेखेको आरोपमा ०६८ मङ्सिर २९ गते दिउँसो एकीकृत नेकपा माओवादी दैलेखका सहसेक्रेटरी

तथा भेरी कर्णाली राज्यसमिति सदस्य कृष्णप्रसाद जैसीले मार्ने धम्की दिए। दैलेख सदरमुकामस्थित गणेश चोकमा रहेको तेस्रो आँखा साप्ताहिकको कार्यालयमा जाँदै गरेको बेला माओवादी नेता जैसीले समाचारको विषयलाई लिएर मार्ने धम्की दिएको पत्रकार केसीले जानकारी दिए। केसीले निवेदन दिएपछि प्रहरीले आरोपितलाई ०६८ मङ्सिर २९ गते नै गिरफ्तार गऱ्यो। ०६८ पुस १ गते जिल्ला प्रशासन कार्यालयमा गल्ती भएको स्वीकारे पनि दुवै पक्षबीच सहमति हुन सकेन। 'चार वर्षसम्म माइतीमै' भन्ने शीर्षकमा समाचार प्रकाशन भएको विषयमा धम्की दिएको पीडितले बताए।

माओवादीद्वारा धम्की दिइएका योगेन्द्रविक्रम थापा र गोविन्द केसी

कर्णाली गाविस-४ का ३० वर्षीय बीरबहादुर माझीलाई ०६८ कात्तिक १६ गते एकीकृत नेकपा माओवादीका स्थानीय नेता तथा भेरीकर्णाली राज्य समिति सदस्य योगेन्द्रराजविक्रम थापा अनामले अपहरण गर्ने र मार्ने धम्की दिए। लकान्द्र गाविसस्थित कृष्ण माध्यमिक विद्यालयमा निमावि तहको विज्ञान विषयको रिक्त शिक्षक पदमा नियुक्ति सम्बन्धमा जिल्ला शिक्षा कार्यालयले ०६८ कात्तिक ७ गते लिएको परीक्षामा माझी सफल भएपछि वैकल्पिक उम्मेदवारसमेत रहेका लकान्द्र गाविस-५ का माओवादी नेता अनामले ०६८ कात्तिक १६ गते लकान्द्र गाविसस्थित प्रहरी चौकी ठाटीकाँधमा पुगी अपहरण गरी मार्ने धम्की दिएपछि आफूलाई प्रहरीले सुरक्षाका लागि नियन्त्रणमा लिई दुई दिन चौकीमा राखेको पीडित माझीले जानकारी दिए। घटनाको विरोध गर्दै ०६८ कात्तिक १९ गते जिल्लास्थित ६ वटा शिक्षकसम्बद्ध सङ्घसङ्गठनले विज्ञप्ति प्रकाशन गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आफ्नो संस्थाको बारेमा गलत समाचार छापिएको भन्दै उद्योग वाणिज्य सङ्घ दैलेखका अध्यक्ष शान्तिप्रसाद शर्माले स्थानीय तेस्रो आँखा दैनिक पत्रिकाको कार्यालय तोडफोड गर्ने र पत्रिका जलाउने धम्की दिए। अध्यक्ष शर्माले ०६८ कात्तिक ३० गते आफूलाई भेटी गलत समाचार छापिएको दावी गर्दै जिल्लाभरिका व्यापारीहरूको जुलुस लगी सदरमुकाममा रहेको सो पत्रिकाको कार्यालय तोडफोड गरी पत्रिकासमेत जलाइदिने धम्की दिएको प्रधानसम्पादक गोविन्ददेव भारतीले जानकारी दिए। त्यसैगरी पत्रिकाका प्रकाशक यामबहादुर श्रेष्ठले अध्यक्ष शर्माले पत्रिकालाई बन्द गर्नसक्ने आफूलाई चेतावनी दिएको गुनासो गरे। सो सङ्घको बारेमा पत्रिकाको ०६८ कात्तिक २९ गते प्रकाशित अङ्कमा "राज्य भन्दा ठूलो भयो उद्योग वाणिज्य सङ्घ" भन्ने शीर्षकमा समाचार छापिएको थियो। अध्यक्ष शर्मा र महासचिव कृष्णप्रसाद श्रेष्ठद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा समाचार प्रकाशनपछि उद्योग वाणिज्य सङ्घको ध्यानाकर्षण भएको भन्दै वास्तविक र तथ्यसत्य नबुझी भ्रामक रूपमा बिनाआधार अपमानजनक, पूर्वाग्रही ढङ्गबाट समाचार प्रकाशित भएकोले घोर आपत्ति जनाउँदै जिल्लाबासी व्यापारी, उद्योगी व्यवसायीहरूको हकहितमा कुनैपनि मूल्य चुकाउन सदा तयार रहेको उल्लेख गरिएको थियो।

बेवारिसे बम विस्फोटनमा परी घाइते भएका तिलबहादुर पुनमगर

सुगम र निष्पक्ष न्यायिक अधिकार
जिल्ला अदालत
०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय २१ मध्ये १ सय १ फैसला भए भने २० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५७ मध्ये ४२ फैसला भए भने १५ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६८ मध्ये ४० फैसला भए भने २८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३१ मध्ये १२

फैसला भए भने १९ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३५ छ जसमध्ये ३० सफल भए भने ५ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या ११ पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १३ मध्ये ११ सफल र दुई असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा पाँचमध्ये दुई सफल र तीन असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा एकमध्ये एक सफल रह्यो। मानव बेचबिखनसम्बन्धी मुद्दा एकमध्ये एक सफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ३ हजार छ स ४४ मध्ये छात्र ५२ हजार ४ सय ९८ र छात्रा ५१ हजार ४६ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १४ हजार ४ सय ९१ र छात्र १४ हजार ४ सय ४७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ३ सय ५० र ९ सय ४ गरी जम्मा १ हजार २ सय ५४ शिक्षक कार्यरत रहेका छन्।

बालविकास केन्द्रहरू बालक ३ हजार ९ सय ७७ र बालिका ४ हजार १ सय ४३ गरी जम्मा ८ हजार १ सय २० रहेका छन् जसमध्ये दलित बालक ८ सय ६० र बालिका ७ सय ८५ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

नेपा गाविस–५ की ६ वर्षीया एक बालिकालाई ०६८ जेठ १९ गते दिउँसो मालिका गाविस-६ का ६१ वर्षीय करे कामीले बलात्कार गरेको भन्दै बालिकाको बुबाले जिल्ला प्रहरी कार्यालय दैलेखमा ०६८ जेठ २१ गते जाहेरी दिए। बलात्कारका कारण गम्भीर घाइते भएकी बालिकाको जिल्ला अस्पतालमा उपचार भयो। प्रहरीले आरोपितलाई ०६८ जेठ २२ गते गिरफ्तार गरेकोमा ०६८ असार २८ गते जिल्ला अदालत दैलेखले १० वर्ष कैद र पीडितलाई क्षतिपूर्ति वापत ५० हजार रुपियाँ जरिवाना दिनुपर्ने फैसला गऱ्यो। करे हाल जिल्ला कारागार दैलेखमा छन्।

नारायण नगरपालिका-१ की ७ वर्षीया एक बालिकालाई ०६८ भदौ ४ गते नारायण नगरपालिका -१ कुईकानाका २१ वर्षीय केशव केसीले बलात्कार गरेको आरोपमा उनलाई स्थानीयबासीले सोही दिन नारायण नगरपालिका-२ ढुङ्गेखानीबाट समातेर प्रहरीलाई बुझाए। बलात्कारपछि शरीरमा रगतैरगत रहेको नाङ्गो अवस्थामा बालिकालाई स्थानीय व्यक्तिहरूले सदरमुकामनजिकै रहेको गोगनपानी धारानजिकैको चौरमा भेटाएका थिए। अचेत अवस्थामा भेटिएकी घाइते बालिकाकको जिल्ला अस्पतालमा उपचार भयो। पीडितका आफन्तले ०६८ भदौ ४ गते जिल्ला प्रहरी कार्यालयमा जबरजस्तीकरणी र ज्यान मार्ने उद्योगमा उजुरी दिएकोमा जिल्ला अदालतको आदेशमा आरोपित पुर्पक्षका लागि ०६८ भदौ १८ गते कारागार चलान भए। जिल्ला अदालत दैलेखले केसीलाई १३ वर्ष जेल सजाय र पीडित बालिकालाई १ लाख रुपियाँ जरिवाना तिर्नुपर्ने फैसला गऱ्यो।

तालाबन्दी

रूम गाविसमा रहेको जनता माध्यमिक विद्यालयमा अनियमितता भएको भन्दै अभिभावकहरूले ०६८ कात्तिक १ गतेदेखि ०६८ कात्तिक १५ गतेसम्म तालाबन्दी गरेपछि सो विद्यालयमा अध्ययनरत करिब ५ सय विद्यार्थी प्रभावित भए। सो विद्यालयका अभिभावकहरूले विद्यालयको मर्मतसम्भारका लागि छुट्याइएको ४ लाख रुपियाँ विद्यालय व्यवस्थापन समितिले शिक्षकको तलबमा खर्च गरेको भन्दै विद्यालयमा तालाबन्दी गरेका कारण विद्यार्थीहरू पढ्नबाट वञ्चित भए। पठनपाठन नगरेसम्म र विद्यालय भवन मर्मत नगरेसम्म विद्यालय सुचारू हुन नदिने मागसहित विद्यालयमा तालाबन्दी गरेका अभिभावकहरूले अभिभावक भेलामा अनियमितातामा संलग्नलाई कारबाही गरिने सहमति भएपछि विद्यालय पुन सञ्चालन भयो।

परिवारजनबाट कुटपिट

नारायण नगरपालिका-२ जाहरकोटका ८ वर्षीय केशव थापालाई ०६८ कात्तिक १५ गते बिहान बुबा ३२ वर्षीय लोकबहादुर थापाले घरनजिकको छिमेकीको पसलबाट बिस्कुट चोरेको भन्दै देब्रे हातको चोर औंला काटिदिए। छिमेकी पसलवालाले छोराले बिस्कुट चोरी भागेको आरोपितलाई भनेपछि लोकबहादुरले घरमा पुगेर छोरालाई समाती देब्रे हात

अचानोमा राखेर खुकुरीले औंला छिनाइदिएको छिमेकीले जानकारी दिए। औंला काटिएका कारण गम्भीर घाइते भएका बालक केशवको सदरमुकामस्थित स्थानीय मेडिकलमा सामान्य उपचारपछि सुर्खेतस्थित देउती नर्सिङ होममा थप उपचार गरियो। घटनाको विषयलाई लिएर महिला तथा बालबालिका कार्यालय दैलेखले ०६८ कात्तिक १७ गते प्रहरी कार्यालयमा उजुरी दियो। उजुरीपछि आरोपित लोकबहादुरलाई ०६८ कात्तिक १७ गते साँझ प्रहरीले गिरफ्तार गरी तारेखमा रिहा गऱ्यो। घाइते बालक केशव अहिलेपनि सुर्खेतमा उपचारको क्रममा बस्दै आएका छन्। घाइते बालकलाई इन्सेकले ५ हजार रुपियाँ सहयोग गरेको थियो।

प्रहरी गस्ती टोलीद्वारा कुटपिट गरी घाइते बनाइएका खगेन्द्रबहादुर थापा

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार ओसारपसार

पादुका गाविस–४ की १८ वर्षीया एक युवतीले आफूलाई सोही गाविस–४ का ४८ वर्षीय कविराम सुनार र बाँके जिल्ला मनिकापुर गाविस–२ की ३५ वर्षीया माया केसीले साउदी अरबमा काममा लगाइदिने आश्वासनमा घरबाट लगेर भारतमा बेचेको भन्दै ०६७ चैत २३ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दा दर्ता गराइन्। कविरामले विदेश पुऱ्याइदिने भनी ०६७ पुस ७ गते घरबाट नेपालगञ्ज पुऱ्याई माया केसीको जिम्मा लगाएको र मायामार्फत भारतको मुम्बई पुगेको पीडितले बताइन्। उनका अनुसार आफूलाई बम्बई पुऱ्याउने बित्तिकै जबरजस्ती यौनकार्यमा लगाइएको र करिब दुई महिनापछि नुवाकोट जिल्लास्थित फूलमाया तामाङको नाममा नक्कली पासपोर्ट बनाई साउदी अरब पठाइएको थियो। अरबमा नशालु पदार्थ सेवन गराई यौन क्रियाकलापमा लगाइएको र रोइकराई गर्न थालेपछि करिब एक महिनापछि पानी जहाजमार्फत आफूलाई बम्बई हुँदै गोरखपुर रेल स्टेशन ल्याई छोडेको पीडितले बताइन्। शान्ति पुर्नस्थापना केन्द्र कपिलवस्तुका भूमिराज भट्टराई र आवाज संस्थाको सहयोगमा भारतको गोरखपुरस्थित रेल स्टेशनबाट ०६७ चैत १९ गते ती महिलाको उद्दार भएको थियो। युवतीलाई गोरखपुरमा उद्दार गर्दा बेहोश अवस्थामा मुस्लिम महिलाको पहिरनमा रहेको उद्धार कार्यमा संलग्न शान्ति पुर्नस्थापना केन्द्रका भूमिराज भट्टराईले बताए। उद्धार गरिएकी युवती यस वर्षको मध्यसम्म पुनर्स्थापना केन्द्र कपिलवस्तुको संरक्षणमा रहेकी छन्। घटनाका आरोपित कविरामलाई इलाका प्रहरी कार्यालय दुल्लूले ०६७ चैत २३ गते गिरफ्तार गरेकोमा जिल्ला अदालत दैलेखको ०६८ वैशाख २० गतेको आदेशमा पुर्पक्षका लागि कारागार चलान भए भने माया केसी यस वर्षको मध्यसम्म गिरफ्तार भएकी छैनन्। उनी फरार रहेको प्रहरीले जनायो।

प्रहरी गस्ती टोलीद्वारा कुटपिट गरी घाइते बनाइएका पत्रकार भूपेन्द्र शाही

प्रहरी गस्ती टोलीद्वारा कुटपिट गरिएका रत्न शाही

आफ्नै बाबुले अचानोमा राखेर औंला काटिदिएका केशव थापा

घरेलु हिंसा

बहुविवाह

पगनाथ गाविस–६ का ३५ वर्षीय मोहनकुमार विकले घरमा पत्नी हुँदाहुँदै ०६७ फागुन ५ गते दाङ जिल्लाकी ३० वर्षीया गोमा बीसीसँग दोस्रो विवाह गरे। बहुविवाह गरी कान्छी पत्नीलाई घर ल्याएकै दिन राति मोहनकुमार र गोमाले कुटपिट गरी छोरा महेश र छोरी श्रृजनासहित सुशीलालाई घरमा बस्न दिएनन्। पतिले बहुविवाह गरी घरनिकाला गरेपछि उनी यस वर्षको मध्यसम्म दुई छोराछोरीसहित रूकुम

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				२	२
बालअधिकार			२		२
महिलाअधिकार			११		११
जातीय विभेद			३	१	४
कुटपिट	५	५		५	५
धम्की				३	३
हत्या			१	३	४
जम्मा	**५**	**५**	**१६**	**१४**	**३१**

जिल्ला सेरीगाँउस्थित माइतीमा बस्दै आएकी छन्। पीडितले कानुनी कारबाहीको माग गर्दै ०६७ फागुन ९ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दिइन्। बहुविवाहका आरोपित मोहन फरार रहेकोले गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो।

परिवारजनबाट कुटपिट

दैलेखका पूर्वसांसद् रङ्गबहादुर शाहीविरूद्ध उनकी बुहारी ४० वर्षीया रेखा शाहीले ०६८ असोज २७ गते जिल्ला अदालतमा गाली बेइज्जती र कुटपिटसम्बन्धी मुद्दा दायर गरिन्। दैलेखको पश्चिममा पर्ने विसाला गाविस-४ की शाहीले ससुराले गाली बेइज्जत गर्ने,पटक पटक कुटपिट गरेको र घरबाट निकाल्न खोजेको भन्दै कानुनी उपचारका लागि अदालत जान बाध्य भएको बताइन्। आफूलाई मानसिक र शारीरिक यातना दिएका कारण घरमा समेत बस्न नसक्ने स्थिति नरहेको उनले गुनासो गरिन्। दुवै हात, टाउको र शरीरका विभिन्न भागमा चोट लागेको थियो।

सबै प्रकारका जातीय विभेद

वडाभैरव गाविस–४ की ४३ वर्षीया भगवती विकलाई ०६७ माघ २५ गते उनका छोरा १९ वर्षीय लोकेन्द्र विकसँग सोही ठाउँकी १६ वर्षीया सरस्वती थापाको अन्तरजातीय विवाह गराएको आरोपमा सोही ठाउँका ५५ वर्षीय भद्रबहादुर थापा, सोही ठाउँका २१ वर्षीय चन्द्रबहादुर थापा, २५ वर्षीय प्रेमबहादुर थापा र २२ वर्षीय लालबहादुर थापाले राति कुटपिट गरे। अन्तरजातीय विवाह गर्ने जोडीलाई सरकारले १ लाख रुपियाँ दिने भने पनि उमेर नपुगेका कारण उनीहरूले सो सहयोग पाएनन्। जातीय विभेद गरी कुटपिट गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालय दैलेखमा ०६७ माघ २७ गते उजुरी दिइन्। प्रहरीले कुटपिटमा संलग्न व्यक्तिहरूलाई ०६७ फागुन ९ गते प्रहरी कार्यालयमा बोलाई छलफल गराउँदा आरोपित व्यक्तिहरूले माफी मागेपछि प्रहरीको रोहवरमा दुवैपक्षबीच मिलापत्र भयो।

घर निकाला गरिएकी जगत गुरुङ

वडाभैरव गाविस–४ की ३२ वर्षीया बत्तीकुमारी विकले सापट दिएको रुपियाँ मागेको आरोपमा सोही ठाउँका ३५ वर्षीय गोरे थापाले 'तँ डुमेनी, तेरो पैसा दिन्न मेरो घर नआईज' भनी ०६७ चैत २५ गते दुर्व्यवहार गरे। पीडितले कानुनी कारबाहीको माग गर्दै ०६७ चैत २७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। प्रहरीले आरोपित थापालाई ०६७ चैत ३० गते बोलाई गराएको छलफलमा जातीय विभेद नगर्ने सहमति भएपछि दुई पक्षबीच मेलमिलाप भयो।

नारायण नपा–६ का १८ वर्षीया अनीता विकलाई ०६८ जेठ ७ गते बिहान सोही ठाँउकी दीपा सिंहले सार्वजनिक धारामा पानी लिन जाँदा 'तँ डुमेनी, कमेनी यहाँ पानी लिन नआईजा, पूजा गर्ने पानी छोइन्छ' भन्दै गाग्री फालिदिइन्। पीडितले न्याय पाउँ भन्दै ०६८ जेठ ८ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा निवेदन दिइन्। सिंहलाई बोलाउँदा उनी यस वर्षको अन्तिमसम्म सम्पर्कमा नआएको प्रहरीले बतायो।

रूम गाविस–८ का ४० वर्षीय सर्वजित कामीलाई ०६८ जेठ २१ गते बिहान सोही ठाउँका ६० वर्षीय धनु चन्द र उनकी पत्नी धनसरा चन्दले घरमा बोलाई "तँ डुमले मेरो छोरालाई किन छोरी दिइस्" भन्दै खुकुरी र लाठी प्रहार गरी घाइते बनाए। पीडितको टाउकोमा गहिरो चोट लागेको थियो। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। पीडितले ०६८ जेठ २१ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा निवेदन दिए। प्रहरीले आरोपित दम्पतीलाई ०६८ जेठ २३ गते गिरफ्तार गऱ्यो। सर्वजीतकी १६ वर्षीया छोरी सितला विक र चन्दका १६ वर्षीय छोरा राजु चन्दले ०६८ वैशाख ३० गते प्रेम विवाह गरेका थिए। प्रहरी कार्यालयमा ०६८ जेठ २५ गते भएको

छलफलमा अवदेखि जातीय विभेद नगर्ने सहमति भएपछि दुई पक्षबीच मिलापत्र भयो।

तोली गाविस-२ का ५० वर्षीय सेते दमाईका २० वर्षीय छोरा सन्ते दमाईले सोही ठाउँस्थित भक्तबहादुर शाहीको २० वर्षीया छोरी राजकुमारी शाहीसँग ०६८ साउन २८ गते अन्तरजातीय विवाह गरेको आरोपमा केटी पक्षका व्यक्तिहरूले ०६८ भदौ १३ गते केटाका बाबु सेते दमाईलाई धारिलो हतियार प्रहार गरी घाइते बनाए। उपचारको क्रममा ०६८ भदौ १४ गते क्षेत्रीय अस्पताल सुर्खेतमा सेतेको मृत्यु भयो। हत्यामा संलग्न भएको आरोपमा प्रहरीले ०६८ भदौ १४ गते सोही ठाउँका तुलबहादुर चन्द, गणेश सिंह, मदन शाही, प्रेम शाही र नारायणनगरपालिका-३ का कृष्ण खत्री,सुभाष खत्री र डिल्ली खत्री, विन्दकला शाही र जीवन शाहीलाई प्रहरी गिरफ्तार गऱ्यो। गिरफ्तार व्यक्तिका विरूद्ध मृतकका छोरा सन्ते दमाईले जिल्ला प्रहरी कार्यालयमा ०६८ भदौ १५ गते कर्तव्य ज्यानसम्बन्धी जाहेरी दिएकोमा ०६८ असोज १० गतेको जिल्ला अदालतको आदेशमा सुभाष केसी,विन्दकला शाही,जीवन शाही,कृष्ण खत्री र डिल्ली खत्री पुर्पक्षका लागि सोही दिन कारागार चलान भए भने मदन शाही,गणेश सिंह र तुलबहादुर चन्द प्रतिव्यक्ति २५ हजार रुपियाँ धरौटीमा र प्रेम शाही साधारण तारेखमा रिहा भए। घटनाको छानबिन गर्न नेपाल सरकारले गृहमन्त्रालयका सहसचिव बुद्धिबहादुर खड्काको संयोजकत्वमा प्रहरी प्रधान कार्यालयका एसएसपी मनोहर रिमाल र पुनरावेदन अदालत ललितपुरका उपन्यायाधिवक्ता चन्द्रकान्त खनाल सम्मिलित तीन सदस्यीय उच्चस्तरीय छानबिन समिति ०६८ भदौ १७ गते गठन गरेपछि सो समितिले ०६८ भदौ २९ गते घटनाको स्थलगत अध्ययन गऱ्यो। समितिको प्रतिवेदन यस वर्षको अन्त्यसम्म पनि सार्वजनिक भएन।

विगतको अनुगमन

राकमकर्णाली गाविस-५ की २२ वर्षीया हस्तना रावतले दशरथपुरस्थित जनमुक्ति सेनामा कार्यरत पति राजु बस्नेतले दुई वर्षदेखि बेवास्ता गरेको भन्दै आवश्यक कानुनी उपचारका लागि पहल गरिदिन इन्सेकसँग आग्रह गरिन्। पीडितले ०६८ मङ्सिर ६ गते इन्सेकमा निवेदन दिई ०६२ फागुन २२ गते प्रेमविवाह गरेपछि ०६५ मङ्सिर ३ गते छोरा जन्मिसकेपछि विस्तारै बेवास्ता गर्दै आएको बताइन्। श्रीमानले बेवास्ता गर्न थालेपछि घरपरिवारका अन्य सदस्यहरूले पनि मानसिक यातना दिन थालेको हुँदा माइतीमा आश्रय लिन बाध्य भएको उनको निवेदनमा उल्लेख छ। इन्सेकलाई दिएको निवेदनमा पति राजुले दशरथपुर जनमुक्ति सेनाको शिविरबाट फोन गरी पटकपटक 'मैले अर्को विहे गरिसके,तँ पनि आफ्नो बाटो सम्हाल्,छोरालाई गाडीको टायरमा हालेर मारिदे' भन्दै दाईजो नल्याएकोमा निहुँ खोज्दै धम्की दिइरहने उल्लेख गरेकी छन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	४५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	३	१
स्टाफ नर्स	६	६	
ल्याब असिस्टेन्ट	४	२	२
अहेब	६४	६१	३
अनमी	१६	१६	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	९	५
स्वास्थ्य कार्यकर्ता	१०६	७६	३०

४.११ डोल्पा



जनसङ्ख्या :	३६,७०१
पुरूष :	१८,०३३
महिला :	१८,६६८
साक्षरता प्रतिशत :	४०
महिला साक्षरता प्रतिशत :	२५
क्षेत्रफल (वर्ग कि. मि.) :	७,८८९
गाविस/नपा सङ्ख्या :	३३/०
सरकारी/निजी विद्यालय :	१३७/२
क्याम्पस/उच्च मा.वि. :	१/३
मानव विकास सूचकाङ्कः	०.३७९
प्रतिपरिवार सरदर सङ्ख्याः	४.८२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
एकीकृत माओवादीबाट

तिन्जे गाविस–८ निवासी एमाले गाउँ कमिटी सदस्य ४० वर्षीय वाङ्दी गुरूङलाई राजनीतिक रिसइवीका कारण ०६७ पुस ३० गते सोही गाविस–७ निवासी एकीकृत माओवादी कार्यकर्ता २३ वर्षीय छेवाङ गुरूङ र २४ वर्षीय धावा तेन्जीङ गुरूङले घरमा बसिरहेको अवस्थामा धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा सोही दिन जाहेरी निवेदन दियो। प्रहरीले आरोपित दुवैलाई सोही गाविस–८ बाट सोही दिन गिरफ्तार गऱ्यो। डोल्पा जिल्ला अदालतका न्यायाधीश मोहन भट्टराईको इजलासले ०६७ फागुन २४ गते गरेको आदेश अनुसार दुवै आरोपित सोही दिन पुर्पक्षका लागि डोल्पा कारागार चलान भए। पुनरावेदन अदालत जुम्लाको आदेश अनुसार ०६८ साउन ५ गते दुवै जना तारेखमा रिहा भए। मुद्दाको फैसला यस वर्षको अन्त्यसम्म भएको छैन।

साल्दाङ गाविस–५ का ३६ वर्षीय एमाले कार्यकर्ता फूर्वा तेञ्जिङ गुरूङलाई राजनीतिक रिसइवीका कारण ०६८ भदौ १० गते सोही ठाउँका ४५ वर्षीय एमाओवादी कार्यकर्ता कार्मा छोल्डिङ गुरूङले धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा गुरूङलाई प्रहरीले सोही दिन घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत डोल्पाका न्यायाधीश मोहन भट्टराईको आदेशमा ०६८ भदौ २९ गते पुर्पक्षका लागि जिल्ला कारागार डोल्पा चलान भए।

नेकपा (एमाले) बाट

लावन गाविस–३ निवासी एमाओवादी गाउँ समिति सदस्य ४१ वर्षीय काजी चोचा मगरलाई सशस्त्र द्वन्द्वको अवस्थामा गाउँ जनसरकार प्रमुख भई दुःख दिएको आरोपमा ०६८ साउन ११ गते राति सोही ठाउँका एमाले कार्यकर्ता ३४ वर्षीय धावा बुढाले सहरतारा गाविस–३ यालाकोटस्थित पसलमा नास्ता खाइरहेको अवस्थामा धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडितपक्षले सोही दिन नाम्दो चेक पोष्ट प्रहरी चौकीमा उजुरी दिए। अभियुक्त धावा बुढा यस वर्षको मध्यसम्म फरार रहेको र उनको खोजी भइरहेको प्रहरीले जनायो।

बेवारिसे बम विस्फोटनबाट

दुनै गाविस–५ उपल्लो दुनैकी ५१ वर्षीया गौरी शाही र उनकी २७ वर्षीया छोरी चाँदनी शाही (चन्द) को ०६७ चैत १९ गते बिहान आफ्नै घरभित्र रहेको सकेट बम विस्फोटन भई मृत्यु भयो। घरभित्र सामान खोज्ने क्रममा थिचिएर बम विस्फोट हुँदा चाँदनीको घटनास्थलमा मृत्यु भयो भने गौरीको जिल्ला अस्पताल लैजादै गर्दा बाटोमा सोहीदिन मृत्यु भएको थियो। बम विस्फोटबाट गौरीका जेठाजुका छोरा ३७ वर्षीय हिमाल शाही घाइते भए। उनको नेपालगञ्जस्थित मेडिकल कलेजमा उपचार भयो। बम विस्फोटबाट उनीहरूको घर पूर्णरूपमा क्षतिग्रस्त भयो।

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका छ र कैद नतोकिएका ११ कैदी र थुनुवा गरी जम्मा १७ जना बन्दीहरू रहेका छन्।

यस कारागारका जेलर विष्णुबहादुर शाहीका अनुसार जेलमा चार ओटा पुरूष कक्ष र चार ओटा

महिला कक्ष रहेका छन्। यसैगरी दुई शौचालय, एक भान्सा, प्रशासन शाखा एक, सुरक्षाकर्मीहरूको निवास एक रहेको छ। बन्दीहरूका नाइके लाप्का गुरूङ्गका अनुसार जेलमा खानेपानी, टेलिभिजन, टेलिफोन पत्रपत्रिका र खेलकुदको सुविधा छैन। जीर्ण अवस्थामा रहेको कारागारको छतबाट पानी चुहिने गरेको नाइके गुरूङ्ले बताए।

धम्की/कुटपिट

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट

लावन गाविस–१ घर भई सदरमुकाम दुनै गाविस–१ मा बस्दै आएका एमाले कार्यकर्ता ३२ वर्षीय हिरा रोकायालाई आफ्नो विरोधमा बोलेको आरोपमा ०६८ जेठ ९ गते बेलुका दुनै गाविस–१ निवासी राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता दीपेन्द्र शाहीको नेतृत्वमा आएका सोही गाविस–४ का ३२ वर्षीय कमल शाही, ४० वर्षीय जीतेन्द्र शाही र ४० वर्षीय लक्ष्मण शाहीले दुनै गाविसस्थित पुरानो अदालत अगाडि लठ्ठी र ढुङ्गाले कुटपिट गरी घाइते बनाए। टाउकोमा चोट लागेका रोकायको उपचार जिल्ला अस्पतालमा भयो। कुटपिटमा संलग्न व्यक्तिलाई प्रहरीले सोही दिन दुनैबजारबाट गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयमा ०६८ जेठ १६ गते घाइतेको उपचार खर्च दिने सहमति भए पनि सोहीदिन एमाले पार्टी कार्यालयमा दुवै पक्षबीच भएको छलफलमा घाइतेलाई उपचार खर्च वापत ७ लाख रुपियाँ दिने सर्तमा मिलापत्र भयो। उपचार खर्च बापत पीडितले ७ लाख रुपियाँ पाए। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६८ जेठ ९ गते उजुरी दिन गएकोमा प्रहरीले उजुरी दर्ता गरेन।

नेकपा (एमाले) बाट

नर्कु गाविस–४ निवासी ३५ वर्षीय एकीकृत माओवादी कार्यकर्ता कमल थापालाई सोही गाविसस्थित खादी खोलामा निर्माण हुन लागेको पुलको विषयमा विवाद हुँदा ०६८ साउन २ गते राति नर्कुबाट जन्तीसँगै सुर फर्कदै गरेको अवस्थामा सोही गाविस–५ निवासी ४० वर्षीय एमाले कार्यकर्ता रवीन्द्र शाहीले सोही गाविस–५ सुरगाउँमा चिरपट दाउराले टाउकोमा प्रहार गरी घाइते बनाए। टाउकोमा चोट लागेका थापाको उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भयो। पीडितपक्षले प्रहरी चौकी इलमा ०६८ साउन ४ गते उजुरी दिए। यस वर्षको मध्यसम्म घटनाका आरोपित रवीन्द्र शाही फरार भएको साथै खोजी भइरहेको प्रहरीले जनायो।

त्रिपुराकोट गाविस–२ निवासी इन्सेक जिल्ला प्रतिनिधि तथा डोल्पाली आवाज त्रैमासिक पत्रिकाका प्रधान सम्पादक ३५ वर्षीय विष्णुप्रसाद देवकोटालाई आफू विरूद्ध समाचार लेखेको आरोपमा ०६८ असोज ३ गते दुनै गाविस–१ निवासी एमाले डोल्पाका अध्यक्ष ३८ वर्षीय अङ्गत बुढाले मार्ने धम्की दिए। सम्पादक देवकोटाले ०६८ असोज ३ गते जिल्ला प्रशासन कार्यालय डोल्पामा 'ज्यूज्यान सुरक्षा गरी पाऊँ' भनी एमाले अध्यक्ष बुढाका विरूद्धमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन। एमाले जिल्ला अध्यक्ष बुढा र एमाओवादीका जिल्ला इन्चार्ज नैनप्रसाद पहाडीद्वारा एक करोडको घोटला शीर्षकको समाचार ०६८ भदौ ३ गते उक्त पत्रिकामा प्रकाशित भएको थयो।

दुनै गाविस–१ निवासी जिल्ला विकास समितिको कार्यालय डोल्पामा कार्यरत सहायक लेखापाल ३८ वर्षीय विष्णुबहादुर बुढा र सल्यान जिल्ला कालागाँउ गाविस–५ घर भई जिविस डोल्पामा लेखापाल पदमा कार्यरत ४० वर्षीय राजेशकुमार रेग्मीलाई ठेकेदारसँग मिलोमतो गरी रकम हिनामिना गरेको आरोपमा ०६८ कात्तिक ७ गते एमाले डोल्पाका अध्यक्ष अङ्गत बुढाको नेतृत्वमा गएको एमाले कार्यकर्ताको समूहले कार्यालय समयमा कार्यकक्षमै कुटपिट तथा दुर्व्यवहार गऱ्यो। पीडित दुवैले सोही दिन जिल्ला प्रशासन कार्यालयमा दोषीलाई कारबाहीको माग गर्दै उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन। नेकपा एमालेका जिल्ला अध्यक्ष अङ्गत बुढा र नेपाली काङ्ग्रेस डोल्पाका सभापति टङ्कप्रसाद उपाध्यायले आफूहरूलाई उपेक्षा गर्दै जिविसका स्थानीय विकास अधिकारी बलराम ढकालले दुनै ल्यासीक्याप मोटरबाटो निमार्णमा संलग्न ठेकेदारलाई रकम भुक्तानी दिन खोजेको आरोपमा ०६८ कात्तिक ६ गते जिविस डोल्पामा तालबन्दी गरेका थिए। एमाले निकट युवाहरू दुनै गाविस–९ का ३५ वर्षीय हरि रोकाया र दुनै गाविस–१ का २१ वर्षीय युवराज थापा ०६८ कात्तिक ७ गते जिल्ला प्रशासन कार्यालयमा लेखापालहरूका विरूद्धमा उजुरी दिन गएको अवस्थामा ठेकेदारहरूको समूहले गरेको ढुङ्गा प्रहारबाट रोकायको टाउकोमा र थापाको निधार, टाउको पछाडि, दाँया आँखाको नानीमा चोट लागि घाइते भए। घाइतेको जिल्ला अस्पताल दुनैमा उपचार भयो। एमाले कार्यकर्ताबाट जिविस डोल्पाका लेखापालहरूमाथि

घटनको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		१	१
अपहरण		३	३
जातीय विभेद	१		१
कुटपिट		७	७
धम्की		१	१
हत्या	२	५	७
जम्मा	**३**	**१७**	**२०**

भएको कुटपिटको विरोधमा नेपाल राष्ट्रिय कर्मचारी सङ्गठनले ०६८ कात्तिक १२ गतेदेखि १४ गतेसम्म जिविसका कामकारबाही ठप्प पाऱ्यो।

अन्यबाट

त्रिपुराकोट गाविस–२ निवासी नेपाली काङ्ग्रेस जिल्ला कार्यसमितिका सदस्य तथा स्थानीय शान्ति समितिका संयोजक ४१ वर्षीय गौरीशङ्कर उपाध्यायलाई भ्रष्टाचार विरूद्ध जुलुस प्रदर्शन गर्न खोजेको आरोपमा दुनै गाविस–१ निवासी निर्माण व्यवसायी ४१ वर्षीय दीपेन्द्रबहादुर शाही, सोही ठाउँका ३९ वर्षीय धनबहादुर बुढा र ५० वर्षीय श्रीबहादुर शाहीको आदेशमा ०६८ कात्तिक २६ गते दुनै गाविस–१ स्थित पार्टी कार्यालमा कुटपिट गरे। टाउको, निधार, नाक र शरीरमा चोट लागेका उपाध्यायको सदरमुकाम दुनैमा प्राथमिक उपचार भयो भने थप उपचार नेपालगञ्ज र काठमाडौँमा भएको थियो। पीडितले दोषीलाई कारबाही गरी पाऊँ भनी ०६८ कात्तिक २७ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म कसैलाई कारबाही भएन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४२ मध्ये ३३ फैसला भए भने नौ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ चारमध्ये दुई फैसला भए भने दुई फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २४ मध्ये दुई फैसला भए भने २२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ पाँचमध्ये पाँच फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ११ छ जसमध्ये आठ सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म तीन मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या तीन रहे। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा तीनमध्ये दुई सफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ९ हजार ५ सय ९४ मध्ये छात्र ४ हजार ७ सय ९४ र छात्रा ४ हजार ८ सय प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ८ सय ९६ र छात्र ९ हजार ९६ रहेका छन्। विद्यालय जाने उमेरका ५.५ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको जिशिकाले जनाएको छ। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ९९ र पुरुष ३ सय १३ गरी जम्मा ४ सय १२ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला आठ र पुरुष ६७ गरी जम्मा ७५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला एक र पुरुष ४५ गरी जम्मा ४६ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ८ सय ८३ र बालिका ९ सय ६ गरी जम्मा १ हजार ७ सय ८९ रहेका छन् जसमध्ये दलित बालक १ सय ३८ र बालिका १ सय ५६ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बन्द/हड्ताल

नेपाल शिक्षक सङ्गठन, नेपाल शिक्षक सङ्घ आवद्ध शिक्षकले सरकारले दुर्गम भत्तामा विभेद गरेको भन्दै निजामती कर्मचारी सरह समान भत्ताको माग राख्दै ०६७ चैत ३ गते आह्वान गरेको बन्दका कारण जिल्लाका सम्पूर्ण शैक्षिक संस्था बन्द भए। बन्दका कारण जिल्लाका १ सय २८ विद्यालयमा अध्ययनरत करिब १० हजार विद्यार्थीले विद्यालयमा पढ्न पाएनन्। आन्दोलनरत शिक्षकहरूको विषयमा कुनै सहमति

नभएपछि ०६७ चैत १५ देखि विद्यालयहरू पुन:सञ्चालनमा आए।

सबैप्रकार जातीय विभेद

सर्मी गाविस–४ की २० वर्षीया गङ्गा सार्कीलाई अनुमति बिना मन्दिर प्रवेश गरेको आरोपमा ०६८ मङ्सिर ३ गते त्रिपुराकोट गाविस–१ स्थित बाला त्रिपुरा सुन्दरी भगवती मन्दिरका पूजारी ३५ वर्षीय यज्ञप्रसाद उपाध्यायले दुर्व्यवहार गरे। मन्दिर प्रवेश गरेकोमा क्षमायाचना गर्न लगाई पीडितले सोही दिन पूजारीलाई जरिवाना स्वरूप १ सय रुपियाँ तिर्न लगाई आइन्दा मन्दिर प्रवेश नगर्ने प्रतिबद्धता व्यक्त गर्न लगाए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	१४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	१	१
स्टाफ नर्स	२	१	१
ल्याब असिस्टेन्ट	१	१	
अहेव	३	३	
अनमी	२	२	
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	२	२	

४.१२ जुम्ला



जनसङ्ख्या : १,०८,७३४
पुरूष : ५४,७९०
महिला : ५३,९४४
साक्षरता प्रतिशत : ३७
महिला साक्षरता प्रतिशत : २३
क्षेत्रफल (वर्ग कि. मि.) : २,५३१
गाविस/नपा सङ्ख्या : ३०/०
सरकारी/निजी विद्यालय : १५२/४
क्याम्पस/उच्च मा.वि. : १/८
मानव विकास सूचकाङ्क: ०.३४८
प्रतिपरिवार सरदर सङ्ख्याः ५.६०

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका आठ र कैद नतोकिएका छ कैदी र थुनुवा गरी जम्मा १४ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष १२ जना र महिला दुई जना रहेका छन्। आश्रित बालिका एक जना रहेका छन्।

जिल्ला कारागारको भौतिक संरचना जीर्ण, टेलिफोन सेवा सुविधाविहीन रहेको छ। खानेपानी आवश्यक मात्रामा उपलब्ध छैन। पत्रपत्रिकाको सुविधा न्यून रहेको छ। खेलकुद सामग्री आवश्यक मात्रामा छैन। कैदी बन्दी पुरुषहरू एउटै गोलघरमा (कोठा) बसिरहेका छन्। महिला बन्दी पनि भवन अभावका कारण एउटै गोलघरमा बस्न बाध्य भएका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६५ मध्ये ४५ फैसला

भए भने २० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २७ मध्ये २२ फैसला भए भने पाँच फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४४ मध्ये १५ फैसला भए भने २९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १७ मध्ये चार फैसला भए भने १३ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १८ छ जसमध्ये नौ सफल भए भने एक असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म आठ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या एक रहे। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा तीनमध्ये एक सफल रह्यो भने दुई फैसला हुन बाँकी रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या सात छ जसमध्ये एक असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ पुस १६ सम्म छ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा चारमध्ये एक असफल रह्यो भने तीन फैसला हुन बाँकी रह्यो।

शानिगाउँ गाविस ५ का २२ वर्षीय लक्ष्मण रोकायालाई पुरानो रिसइवीको कारण ०६८ कात्तिक २१ गते बेलुका सोही गाविस-१ निवासी २४ नम्बर बाहिनीमा कार्यरत सिपाही सादा पोसाकका २५ वर्षीय कर्मराज धिताल, शनिगाउँ गाविस- १ का सर्वसाधारणहरू २४ वर्षीय युवराज बम, १९ वर्षीय निसान बम र सोही गाविस-२ का २० वर्षीय विर्ख शाही लगायका व्यक्तिहरूले खुकुरी र नक प्रहार गरी घाइते घाइते बनाए। पीडितको उपचार यस वर्षको अन्त्यसम्म काठमाडौमा भइरहेको छ। पीडित पक्षले कारबाहीको लागि जिल्ला प्रहरी कार्यलयमा ०६८ कात्तिक २२ गते उजुरी दर्ता गराए। पीडकहरू मध्ये धिताल सेनाकै नियन्त्रणमा रहेका छन् भने अन्य फरार रहेका छन्। जिल्ला प्रहरी कार्यालय मुद्दा फाँटका असई मदनराज जोशीका अनुसार सेनाको २४ नम्बर बाहिनीमा धिताललाई प्रहरी समक्ष बुझाउनको लागि पटक पटक पत्राचार गरे पनि हालसम्म नबुझाएको उनले बताए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३६ हजार ९ सय ८ मध्ये छात्र १८ हजार ८ सय ९५ र छात्रा १८ हजार १३ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ सय ३२ र पुरुष ३ सय ८ गरी जम्मा ४ सय ४० शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ६ र पुरुष ७४ गरी जम्मा ८० शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला एक र पुरुष ५९ गरी जम्मा ६० शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक र बालिका गरी जम्मा छ हजार ६ सय ८० रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बन्द/हड्ताल

नारी कल्याण केन्द्र जुम्लाले हवाइभाडा बढेको विरोधमा ०६७ फागुन ३० गते आह्वान गरेको जिल्ला बन्दका कारण जिल्लाका ८९ प्राबि, ३३ निमाबि र २२ माबि गरी १ सय ५४ ओटा सरकारी विद्यालयमा अध्ययनरत ३६ हजार १ सय ७ जना र १५ ओटा नीजि विद्यालयमा अध्ययनरत करिब २ हजार ५ सय जना बालबालिकाहरू पढ्न वञ्चित भए। यसअघि जुम्लादेखि नेपालगञ्ज हवाई भाडा २ हजार ३ सय ७० रुपियाँ थियो भने यसपटक बढेर ३ हजार ७ सय ७० रुपियाँ भएको थियो। बन्द विद्यालय ०६७ चैत १ गतेदेखि सञ्चालन भए।

मालिकाठाटा गाविस–२ जुम्लाकोटस्थित देउराली उच्च माविका विद्यार्थीहरूले योग्यता पुगेका प्रधानाध्यापकको व्यवस्था हुनुपर्ने, विद्यालयलाई राजनीतिक हस्तक्षेप मुक्त बनाइनु पर्ने लगायतका माग राख्दै ०६७ चैत २६ गतेदेखि चैत ३० गतेसम्म विद्यालयमा तालाबन्दी गरे। विद्यालय बन्दका कारण करिब ४ सय बालबालिका पठनपाठनबाट बञ्चित भए। आन्दोलनरत विद्यार्थी र विद्यालय व्यवस्थापन समितिबीच विद्यालयमा राजनीतिक नगर्ने साथै योग्यता पुगेको प्रधानाध्यापकको व्यवस्था भएपछि विद्यालय ०६८ वैशाख २ गतेदेखि सञ्चालन भए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१			
महिलाअधिकार			३		३
जम्मा	**१**	**१**	**३**	**१**	**३**

कार्तिक स्वामी गाविसस्थित रत्नचुडेश्वर उच्च माध्यामिक विद्यालयमा प्राचार्यको विषयमा विवाद हुँदा विद्यालयमा सँधै यसरी विभिन्न विषयमा विवाद भइरहने नियमितरूपमा पठाई नहुने भन्दै विद्यार्थीहरूले ०६८ साउन १६ र १७ गते तालाबन्दी गर्दा दुई दिन बालबालिकहरू पठनपाठनवाट वञ्चित भए। विद्यार्थीहरूले उठाएका मागमा विषयगत शिक्षकको व्यवस्था हुनुपर्ने, पत्रकारिता विषयमा नियमितरूपमा पढाइ हुनुपर्ने र शैक्षिक सामाग्री तथा शैक्षिक भ्रमणको व्यवस्था हुनु पर्ने भन्ने मागलाई सम्बोधन क्रमिक रूपमा गरिने र पुरानै प्राचार्य रहने सहमति भएपछि विद्यालय सञ्चालन भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिबहादुर नेपालीले जनाए। विद्यालयमा उच्च मावितर्फ ३ सय जना र मावि तर्फ ५ सय जना गरी जम्मा ८ सय जना छात्र छात्रा अध्ययनरत रहेका छन्।

वड्की गाविस- २ देवारगाउँ स्थित कालिका प्राथामिक विद्यालमा ०६८ साउन ६ देखि ३० गते सम्म तालाबन्दी हुँदा १ सय २८ जना बालबालिकाहरू पढ्नबाट वञ्चित भए। विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्रअले समुदाय तथा गाउँलाई जानकारी नगराई मनोमानी ढङ्गले निजी स्रोत शिक्षकको नियुक्ति गरिएको, विद्यालय परिचरले दलित समुदायका बालबालिकालाई जातीय हिसाबमा भेदभाव गरेको र विद्यायलको भवन निर्माणमा उपभोक्ता समिति गठन नगरी तथा समुदायलाई जानकारी नगराई आफ्नो मनोमानी हिसाबमा भवन निर्माण गरेका भन्दै सोही गाविस-२ देवारगाउँका वीरबहादुर शाही लगाएत ८६ घरधुरीको सहमति तालाबन्दी गरेका हुन्। विद्यालयको परिचरमा दलित लालचन्द्र सार्कीलाई नियुक्ति गरिएको र विद्यालयको भवन निर्माणको अनुगमन समिति गठन गरी अनुगमन गरिने भन्ने सहमतिमा विद्यालयको ०६८ साउन ३१ गते देखि ताला खोली सञ्चालन गरियो।

आन्तरिक प्रतिस्पर्धाबाट स्थायी बनाउनु पर्ने, दुर्गम जिल्लाका राहत शिक्षकहरूले दुर्गम भत्ता पाउनु पर्ने र राहत शिक्षकले स्थायी शिक्षक सरह सेवा सुविधा पाउनु पर्ने लगायतका माग राख्दै जिल्लास्थित १ सय ७२ राहत शिक्षकहरू ०६८ साउन २० देखि २६ गतेसम्म आन्दोलनमा उत्रेपछि प्रावि ८९, निमावि ३३ र मावि २२ वटा विद्यालयका ३६ हजार १ सय ६ छात्रछात्राहरू पठनपाठनबाट प्रभावित भए। जिल्लामा १ सय ७२ राहत शिक्षकहरू मध्ये प्रावि तर्फ ७० जना, निमावि तर्फ ५५ जना र मावि तर्फ ४७ जना जनाले अध्ययपन गराई रहेका छन्।

शनिगाउँ गाविस- ५ स्थित कैलास माध्यामिक विद्यालयमा नियमित पढाई नभएको र शिक्षकहरू नियमित विद्यालय नआएर विद्यार्थीको भविष्यमा खेलवाड गरेको भन्दै विद्यार्थी र अभिभावकले ०६८ मङ्सिर ५ गतेदेखि विद्यालयमा तालाबन्दी गरे। विद्यालयमा नियमितरूपमा पढाई हुनुपर्ने, शिक्षक अनिवार्य उपस्थित हुनुपर्ने र विद्यालयमा भाडभैलो गर्ने शिक्षकहरूलाई सरुवा गरिनु पर्ने माग सहित अभिभावक र दशै, तिहार विदामा घरतिर गएका शिक्षकहरू अझैसम्म विद्यालय नफर्केका र नजिकैका शिक्षकहरू पनि नियमितरूपमा विद्यालय नआएकाले विद्यार्थीले विद्यालयमा तालाबन्दी गरेपछि बालबालिकाको पठनपाठनमा प्रभाव परेको छ। ०६८ मङ्सिर ९ गते बसेको विद्यालय व्यवस्थापन समितिको वैठकको निर्णय अनुसार विद्यालयमा नियमित उपस्थित नहुने शिक्षकहरूको हाजिरी रेकर्डको आधारमा तलब कट्टी गरिने र अन्यत्र सरुवाको लागि पहल गरिने सहमतिमा विद्यालयको ताला खेलेर पढाई सुचारु गरिएको थियो। उक्त विद्यालयमा ४ सय जना छात्र छात्रा अध्ययनरत रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

डिल्लीचौर गाविस- ५ की ३६ वर्षीया एक महिलालाई ०६८ भदौ १३ गते बेलुका डिल्लीचौर गाविस, छुमचौर गाविस र पातारासी गाविसको सिमानामा पर्ने चेप्टेचुइने पाटनमा जडीबुटी सङ्कलन गर्न गएको अवस्थामा पातारासी गाविस- १ का ३२ वर्षीय बलबहादुर सार्की, १४ वर्षीय सुरबहादुर बोहोरा, ३६ वर्षीय बुद्दी बोहोरा र सोही गाविस- २ का ३०

वर्षीय लालबहादुर बोहोरा (ख) र ३३ वर्षीय लालबहादुर वोहोरा (क) ले ढुङ्गाको ओडारमा बलात्कारको प्रयास गरेको आरोपमा पीडितका परिवारले ०६८ भदौ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला सरकार वकिल कार्यालयले ०६८ असोज ९ गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालत जुम्लाको आदेशअनुसार आवश्यक अनुसन्धानका लागि पुर्पक्षका लागि पाँचै जना ०६८ असोज १० गते कारागार चलान गए। जिल्ला अदालतको आदेशका सुरबहादुर बोहोरा खोजिएको समयमा उपस्थित हुने गरी ०६८ मङ्सिर २ गते रिहा भए भने अन्य पुस १ गते जनही २० हजार रुपियाँ धरौटी राखी रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	२०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२१	४	१७
स्टाफ नर्स	१८	४	१४
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	४	३	१
अनमी	४	२	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२	१	१
स्वास्थ्य कार्यकर्ता	४९	४९	

धापा गाविस–९ की ३२ वर्षीया रामप्यारी कार्कीको सुत्केरी अवस्थामा अत्याधिक रक्तश्राव भएपछि डोकामा बोकेर सदरमुकाम लैजादै गर्दा बाटोमा ०६८ असार १३ गते मृत्यु भयो। उनका पति गज कार्कीका अनुसार गाविसमा प्राथमिक स्वास्थ्य चौकी भए पनि स्रोत साधन, दक्ष जनशक्ति नभएको तथा सदरमुकाम लैजानका लागि एम्बुलेन्स तथा अन्य यातायातका साधन नहुँदा समयमा अस्पताल पुऱ्याउन नसकेपछि पत्नीको मृत्यु भएको बताए। अत्याधिक रक्तश्राव भएपछि गर्भमा रहेको बच्चा र आमा दुवैको बाटोमा मृत्यु भएको अञ्चल अस्पताल जुम्लाका डा. जीवन परियारले जनाए।

४.१३ कालीकोट



जनसङ्ख्या : १,४१,६२०
पुरूष : ७१,१९६
महिला : ७०,४२४
साक्षरता प्रतिशत : ४४
महिला साक्षरता प्रतिशत : २६
क्षेत्रफल (वर्ग कि. मि.) : १,७४१
गाविस/नपा सङ्ख्या : ३०/०
सरकारी/निजी विद्यालय : २६७/७
क्याम्पस/उच्च मा.वि. : १/१०
मानव विकास सूचकाङ्कः ०.३२२
प्रतिपरिवार सरदर सङ्ख्याः ५.७९

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार गोली/विस्फोटक पदार्थद्वारा घाइते

माल्कोट गाविस-४ का १२ वर्षीय जीवन विक ०६८ जेठ २४ गते घरनजिकै भेटिएको पाइप बम घरमा ल्याई खेलाउँदा भएको विस्फोटनबाट घाइते भए। उनको दायाँ हातका पाँचैओटा औंला गुमेका छन्। छाती र मुखमा गम्भीर चोट लागेका जीवनको जिल्ला अस्पतालमा प्राथमिक उपचारपश्चात् थप उपचार ०६८ असार ९ गतेसम्म जिल्लास्थित वीर अस्पताल काठमाडौंमा भएको थियो। बम भेटिएको स्थानमा द्वन्द्वको समयमा माओवादी पार्टी कार्यालय रहेको थियो। उनी उपचार गरी ०६८ असार १३ गते घर फर्किए।

फोइमहादेव गाविस-६ का १८ वर्षीय आनन्दप्रसाद पाण्डे र सोही गाविस–७ का १७ वर्षीय उपेन्द्र हमाल ०६८ असार २ गते दिउँसो उपेन्द्र हमालको सोही गाविस–६ स्थित खेतमा रहेको पर्खाल भत्काउने क्रममा बेवारिसे अवस्थामा पर्खालभित्र रहेको प्रेसर कुकर बम विस्फोट हुँदा परी घाइते भए। बम विस्फोटनबाट पाण्डेको टाउको, मुख, दुवै हात र

छातीमा र हमालको छातीमा सामान्य चोट लाग्यो। पीडितहरू दुवै महादेव उच्च मावि फोइमहादेवमा कक्षा ७ मा अध्यनरत छन्। पीडितहरूमध्ये हमालको स्थानीय औषधिपसलमा उपचार भयो भने पाण्डेको प्राथमिक उपचार जिल्ला अस्पताल जुम्लामा भई थप उपचारका लागि ०६८ असार ३ गते जिल्ला स्थित वीर अस्पताल काठमाडौंमा लगियो। पीडित काठमाडौं वीरअस्पतालमा उपचार गरी ०६८ असोज १५ गते घर फर्किए।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३७ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २० र कैद नतोकिएका १७ कैदी र थुनुवा गरी जम्मा ३७ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ३४ जना र महिला तीन जना रहेका छन्। यस कारागार कालीकोटका जेलर भक्तराम आचार्यका अनुसार १५ जना पुरुष बन्दीको क्षमता भए पनि क्षमताभन्दा धेरै बन्दी राखिनाले बन्दीहरूलाई बसोबासमा समस्या भएको छ । जेलमा पानीको समस्या रहेको र कुनै पत्रपत्रिका नआउने गरेको बन्दी परिमल शाहीले गुनासो गरे ।

वेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

फूकोट गाविस- ७ का ४२ वर्षीय श्यामनाथ उपाध्यायलाई ०६८ साउन २२ गते सोही ठाउँ निवासी एमाओवादी जिल्ला कमिटी सदस्य जगत शाही, अनेरास्ववियु क्रान्तिकारीका जिल्ला कमिटी सदस्य कमल शाही लगायत १४ जनाको समूहले उनलाई घरबाट अपहरण गऱ्यो। पीडित जिल्ला प्रहरी कार्यालयको पहलमा ०६८ साउन २९ गते सोही गाविसको बाँखरकोट गाउँबाट मुक्त भए। पीडितले पीडक विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यो वर्षको अन्त्यसम्ममा सुनुवाइ भएन। माओवादी त्रासका कारण पीडित यो वर्षको अन्त्यसम्ममा जिल्ला सदरमुकाममा विस्थापित भए।

धम्की/कुटपिट

एकीकृत माओवादीवाट

नानीकोट गाविस-६ निवासी कालिका प्राविमा कार्यरत शिक्षक ३४ वर्षीय वसन्तबहादुर शाहीलाई राम्नाकोटमा सञ्चालन भएको एसएलसी परीक्षामा चिट चोर्न नदिएको आरोपमा ०६७ चैत १० गते एमाओवादी गाउँ कमिटी सदस्य डिल्ली बम, सोही ठाउँका अनिपाल बम लगायत १४ जनाको समूहले परीक्षाकेन्द्रमै काठको लाठीले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट पीडितको आँखामा चोट लागेको थियो। उनको उपचार स्थानीय औषधि पसलमा भयो। कुटपिटमा संलग्न व्यक्तिहरूले घाइतेहरूको उपचार खर्च दिन ०६८ चैत १३ गाउँमा भएको भेलामा सहमति जनाएपछि दुवै पक्षबीच मेलमिलाप भयो। पीडितले यो वर्षको अन्त्यसम्म उपचार खर्च पाएका छैनन्।

बदालकोट गाविस-८ निवासी नेपाल तरुण दल जिल्ला समिति कालीकोटका सदस्य ३२ वर्षीय सद्दन कठायतलाई पुरानो संस्कृतिलाई प्रोत्साहित गरेको आरोपमा ०६८ जेठ २२ गते एमाओवादी स्थानीय कार्यकर्ता बर्म ऐडी, वाईसीएलका प्रदीप ऐडीसहित छ जनाको समूहले कुटपिट गरी घाइते बनायो । टाउको र आँखामा गम्भीर चोट लागेका कठायतको उपचार काठमाडौं जिल्लास्थित वीर अस्पतालमा भयो। पीडितपक्षले ०६८ जेठ २४ गते जिल्ला प्रहरी कार्यालय कालीकोटमा किटानी जाहेरी दिए पनि आरोपित फरार रहेका कारण यो वर्षको अन्त्यसम्म कोही पनि गिरफ्तार भएनन्।

मेहलमुडी गाविस-३ घरभई त्रिवेणी मावि डिल्लीकोटमा कार्यरत शिक्षक २६ वर्षीय नन्दबहादुर शाहीलाई विद्यालयमा अध्यापन गर्न नसकेको आरोपमा ०६८ भदौ ११ गते एमाओवादी ओदानकु गाविसका गाउँ कमिटी सचिव निरक रानाको नेतृत्वमा सात जनाको सङ्ख्यामा आएका एमाओवादी कार्यकर्ताको समूहले विद्यालयमा गई मार्ने धम्की दियो। धम्कीपछि पीडित जिल्ला सदरमुकाममा विस्थापित भएकोमा यो वर्षको अन्त्य सम्म विद्यालय फर्कन सकेका छैनन्।

पाँखा गाविस-२ का ४५ वर्षीय नन्दलाल चौलागाई, सोही ठाउँका ४१ वर्षीय लीलाप्रसाद चौलागाइँलाई समाजमा धेरै कुरा गरेको आरोपमा ०६८ जेठ २८ गते एमाओवादी स्थानीय कार्यकर्ता करे मल्ल लगायत २१ जनाको समूहले घरमा आई कुटपिट गरी घर समेत भत्कायो। मुखमा चोट लागेका घाइतेको जिल्ला अस्पताल कालीकोटमा उपचार भयो। पीडितले ०६८ जेठ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। उजुरी दिएपछि ०६८ असार १२ गते जिल्ला प्रहरी कार्यालयमा पीडकहरुले अब आइन्दा यस्तो काम नगर्ने भन्दै पीडित समक्ष माफी मागेपछि दुवै पक्षका बीचमा मेलमिलाप भएको थियो।

फुकोट गाविस–८ निवासी वडिमालिका उच्च

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				७	७
अमानवीय व्यवहार			१		१
अपहरण				१	१
महिलाअधिकार			१		१
गिरफ्तारी/यातना	१	१			
कुटपिट				६	६
धम्की				५	५
हत्या			१	१	२
जम्मा	**१**	**१**	**३**	**२०**	**२३**

मावि रास्कोटका प्राचार्य ४५ वर्षीय मनिराज बराललाई ०६८ भदौ ११ गते एमाओवादी भेरी कर्णाली राज्य समिति सदस्य कर्ण भण्डारीसहित सात जना एमाओवादी कार्यकर्ताहरूको समूहले एमाओवादी पार्टी विपरीत कार्य गरेको आरोपमा पीडितको कोठामा आई हात खुट्टा भाच्ने धम्की दियो। धम्की दिए पनि पीडितले यो वर्षको अन्त्यसम्म कतै उजुरी दिएनन्।

फुकोट गाविस- ६ का निवासी एमाले इलाका कमिटी सदस्य २४ वर्षीय रमेश रोकाया, सोही ठाउँका एमाले कार्यकर्ता २१ वर्षीय टक्क रोका र वदालकोट गाविस- ४ निवासी सोही गाविस कार्यालयमा कार्यरत प्राविधिक सहायक सतल बोगटीलाई एमाओवादीद्वारा मुम्रा गाविसमा सञ्चालित प्रशिक्षणमा स्थानीयबासीलाई रोकेको आरोपमा ०६८ भदौ २५ गते साँझ सोही ठाउँका वाईसीएल जिल्ला सदस्यहरू नरजङ्ग शाही, कमल शाहीलगायत ११ जनाको समूहले फुकोट गाविस- ६ स्थित बाटोमा ढुङ्गामुडा, लाठी र धारिलो हतियार प्रयोग गरी घाइते बनायो। धारिलो हतियार प्रहारबाट टाउको, मुखमा गम्भीर चोट लागेका घाइतेहरू नेपालगञ्ज मेडिकल कलेजमा उपचार गरी

जातीय विभेद गरेको भन्दै विवाद भएपछि कुटपिटबाट मृत्युभएका मानबीरे सुनार

०६८ असोज २१ गते घर फर्किए। आक्रमणमा संलग्न दोषी उपर कारबाहीको माग राख्दै ०६८ भदौ ३० गते युवा सङ्घ कालीकोटले जिल्ला सदरमुकाम बन्द आयोजना गरेको थियो। सोही दिन पीडित पक्षले जिल्ला प्रहरी कार्यालय कालीकोटमा ज्यानमार्ने उद्योगसम्बन्धी उजुरी दिए। यो वर्षको अन्त्यसम्ममा पीडकहरूलाई जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गर्न सकेन।

नेपाली काङ्ग्रेसबाट

मेहलमुडी गाविस-२ निवासी डिल्लीकोट मावि ओदानकुमा कार्यरत शिक्षक ३६ वर्षीय नन्दबहादुर शाहीलाई एसएलसी परीक्षामा विद्यार्थीलाई चिट चोर्न नदिएको आरोपमा ०६७ चैत १३ गते काङ्ग्रेसका स्थानीय कार्यकर्ता टक्क सिंह, सुरेन्द्र शाहीलगायत सात जनाको समूहले आफ्नो तलब लिन सदरमुकाम मान्मामा गएको बेला कुटपिट गऱ्यो। कुटपिटबाट टाउको र ढाडमा चोट लागेका उनको जिल्ला अस्पतालमा उपचार भयो। काङ्ग्रेस कार्यकर्ताहरूले विद्यालय गए मार्ने धम्की दिएपछि पीडित सदरमुकाममा विस्थापित भए। शाहीले जिल्ला प्रहरी कार्यालय र जिल्ला शिक्षा कार्यालयमा ०६७ चैत १४ गते उजुरी दिएपछि ०६८ वैशाख १५ गते विद्यालय फर्किएका थिए।

ओदानकु गाविस- ४ का २४ वर्षीय कालु सिंहलाई ०६८ भदौ २८ गते सोही ठाउका काङ्ग्रेस निकट तरुण दलका गाउँ सदस्य नन्दबहादुर सिंहसहित आठ जनाको समूहले विगतमा माओवादी भएर जनतालाई दुःख दिएको आरोपमा सोही गाविसको खेल्लेपाटा मेलामा चक्कु लाठी प्रहार गरी घाइते बनायो। चक्कु प्रहारबाट टाउको छातीमा गम्भीर चोट लागी घाइते भएका पीडित जिल्ला सदरमुकाममा उपचार हुन नसकेपछि थप उपचारका लागि भारतको लखनउमा गई ०६८ असोज २५ गते घर फर्किए। पीडितपक्षले ०६८ भदौ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पछि असोज २८ गते पीडितलाई उपचार खर्च १ लाख रुपियाँ दिने सर्तमा मेलमिलाप भयो।

नेकपा (एमाले) बाट

थिर्पू गाविस- ४ निवासी रेडियो नयाँ कर्णालीमा कार्यरत पत्रकार २७ वर्षीय भरतराज विष्टलाई एमाले निकट युवा सङ्घ कालीकोटका सचिव

अनिपाल बमको नेतृत्वमा आएको समूहले ०६८ भदौ ९ गते जिल्ला सदरमुकाम मान्ममा एमाले संस्थापन पक्षको विरुद्धमा रेडियोमा समाचार प्रसारण गरेको आरोपमा पीडितको डेरामा आई मार्ने धम्की दियो।

महिला तथा बालबालिका कार्यालय कालीकोटका प्रमुख विष्णुमाया पौड्याललाई ०६७ कात्तिक १५ गते अधिकृत र सामाजिक परिचालक पदमा भर्ना गर्दा पक्षपात गरेको आरोपमा ०६७ पुस २८ गते बिहान मान्म गाविस- ५ निवासी एमाले कालीकोट जिल्ला सदस्य मीना शाही, राधिका शाही , निली शाहीलगायत १२ जनाको समूहले बसपार्कमा जुत्ताको माला लगाउनुका साथै मोसो दली कुटपिट गऱ्यो। घटनापछि पीडितले आरोपितहरू मध्ये मीना शाही विरुद्ध जिल्ला प्रशासन कार्यालयमा ०६७ पुस २९ गते सार्वजनिक अपराधसम्बन्धी उजुरी दिइन। कालीकोटका प्रमुख जिल्ला अधिकारी दुर्गादत्त ढकालले ०६८ साउन १८ गते सर्वजनिक अपराध ऐनअन्तर्गत सजाय हुने गरी २८ हजार रुपियाँ धरौटी राखेर मीना शाहीलाई रिहा गर्ने फैसला सुनाए।

नेमकिपाबाट

सिराहा जिल्ला लहान नपा-५ घरभई हाल जनज्योति माबि भर्तामा कार्यरत शिक्षक ४२ वर्षीय अरुणकुमार सिंहलाई आफ्नो पार्टीविरुद्ध काम गरेको आरोपमा ०६८ जेठ ८ गते नेमकिपाका सोही ठाउँका स्थानीय कार्यकर्ता लड्कबहादुर शाहीको समूहले विद्यालयमा कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालय कालीकोटमा ०६८ जेठ ९ गते उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बदालकोट गाविस-३ निवासी रासस कालीकोटका प्रतिनिधि २८ वर्षीय रूपेन्द्र ऐडीलाई आफ्नो हित विपरीत स्थानीय अभिभारा सप्ताहिक पत्रिकामा०६७ पुस १४ गते समाचार सम्प्रेषण गरेको आरोपमा ०६७ पुस १७ गते कर्णाली अञ्चल यातायात व्यवसायिक सङ्घका उपाध्यक्ष नेत्र महतराको नेतृत्वमा आएको १२ जनाको समूहले मार्ने धम्की दियो। धम्कीपछि क्रान्तिकारी पत्रकार सङ्घले ०६७ पुस १८ गते विज्ञप्ति मार्फत घटनाको निन्दा गऱ्यो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६७ पुस १८ गते उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म सुनुवाई भएन।

ओदानकु गाविस-४ निवासी शैक्षिक पत्रिका इपेजका प्रतिनिधि ४१ वर्षीय देउलासिंह ठकुरीलाई ०६७ चैत १२ गते गेला परीक्षा केन्द्रमा एसएलसी परीक्षामा भएको अनियमितताको समाचार स्थानीय पत्रिका खाँडाचक्र दैनिकमा प्रकाशित गरेको आरोपमा ०६७ चैत २७ गते साँझ अज्ञात समूहले फोन गरी मार्ने धम्की दियो। धम्कीका कारण पीडित सुर्खेत जिल्लामा विस्थापित भई ०६८ वैशाख ११ गते घर फर्किए। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६७ चैत २९ गते उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म आरोपित पत्ता लागेन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालबाट फौजदारी मुद्दातर्फ ८२ मध्ये २ सय ३४ फैसला भए भने ४८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६० मध्ये २७ फैसला भए भने ३३ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ९७ मध्ये ४२ फैसला भए भने ५५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७३ मध्ये ५० फैसला भए भने २३ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४७ छ जसमध्ये २३ सफल भए भने २३ असफल भएको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या एक रहे। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म एक मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १६ मध्ये तीन सफल र पाँच असफल रह्यो भने आठ फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा छमध्ये तीन सफल र तीन असफल रह्यो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

लालु गाविस–५ का १५ वर्षीय अमर बिष्टलाई

०६८ पुस २ गते बजारमा चक्कु बोकेर हिडेको आरोपमा जिल्ला प्रहरी कार्यालयले विनपूर्जी सोही दिन बजारबाट गिरफ्तार गरी अनुसन्धानका क्रममा हिरासतमा लठ्ठीले कुटपिट गरेको भन्दै पीडितले ०६८ पुस ५ गते राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजुरी दिए। विष्टका आफन्तहरू ०६८ पुस ४ गते रिहाइको माग गर्दै जिल्ला प्रहरी कार्यालय कालीकोटमा घेराउ गरेपछि प्रहरीले उनलाई सोही दिन रिहा गऱ्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ४४ हजार ६ सय १० मध्ये छात्र २६ हजार ९ सय ७० र छात्रा १७ हजार ६ सय ४० प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला र पुरुष गरी जम्मा ६ सय ५५ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला र पुरुष गरी जम्मा १ सय ४२ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला र पुरुष गरी जम्मा १ सय १५ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ४ हजार २१ र बालिका ३ हजार ४ सय ११ गरी जम्मा ७ हजार ४ सय ३२ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बन्द/हड्ताल

फूकोट गाविसस्थित पञ्च निमाबि तोली विद्यालय प्रशासनले व्यवस्थापन समिति गठन नगरेको आरोपमा ०६७ चैत १४ गते देखि १७ गतेसम्म एमाओवादी जिल्ला कमिटी सदस्य कालीबहादुर महतराको नेतृत्वमा गएको १०/१२ जनाको समूहले विद्यालयमा तालाबन्दी गऱ्यो। तालाबन्दीका कारण सोही विद्यालयमा अध्ययनरत करिब २ सय ७८ बालबालिकाले पढ्न पाएनन्। तत्काल विद्यालय व्यवस्थापन समिति गठन गर्ने सहमतिमा ०६७ चैत १८ गतेदेखि विद्यालय खुलेका थियो।

फुकोट गाविसस्थित जनजागृति माबि डुग्रीडाँडा विद्यालय प्रशासनले व्यवस्थापन समिति गठनमा पक्षपात गरेको भन्दै एमाओवादी भेरी कर्णाली राज्य समिति सदस्य कर्णबहादुर भण्डारीको नेतृत्वमा गएको २०/२५ जनाको समूहले ०६७ फागुन १५ गतेदेखि १८ गतेसम्म विद्यालय तालाबन्दी गऱ्यो। तालाबन्दीका कारण सो विद्यालयमा अध्ययनरत करिब ५ सय ३८ बालबालिकाले विद्यालयमा पढ्न पाएनन्। विद्यालय व्यवस्थापन समिति गठन गर्ने सहमतिमा विद्यालय ०६७ फागुन १९ गते खुल्यो।

चिल्खाया गाविस-५ स्थित शिवालय चिल्खाया विद्यालय व्यवस्थापन समितिले एमाले निकट शिक्षक नियुक्ति गरेको आरोपमा ०६८ असार ३ गते एमाओवादीका टोपबहादुर शाही, भूपेन्द्र शाही, काङ्ग्रेस गाउँ कार्य समिति सचिव टक्क शाहीको नेतृत्वमा गएको १०/११ जनाको समूहले विद्यालयमा तालाबन्दी गऱ्यो। तालाबन्दीका कारण सो विद्यालयमा अध्ययनरत करिब ८ सय ७२ जना बालबालिकाहरूको पठनपाठनमा बाधा पुगेको थियो। शिक्षक नियुक्ति रद्द गर्ने सहमतिमा ०६८ असार ७ गतेदेखि विद्यालय पुन: सञ्चालन भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

दुर्व्यवहार

मान्म गाविस- १ की एक युवतीलाई ०६८ जेठ ५ गते सोही ठाउँका २३ वर्षीय विष्णुप्रसाद पाण्डेले घरनजिकै यौनदुर्व्यवहार गरेको आरोपमा पीडितपक्षले ०६८ जेठ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला अदालत कालीकोटका न्यायाधीश डिल्लीरमण तिवारीको इजलासले दुई वर्ष छ महिना कैद सजाय सुनाएपछि प्रहरीले आरोपितलाई ०६८ भदौ ५ गते सोही गाविस- ५ बाट गिरफ्तार गरी जिल्ला कारगारमा पठाएको छ।

परिवारजनबाट हत्या

राँचुली गाविस- ९ की २६ वर्षीया नन्दशोभा कोइरालालाई उनका पति डिल्ली कोइरालाले अत्यधिक

बम विस्फोटनमा परी घाइते भएका जीवन विक र आनन्दप्रसाद पाण्डे

मदिरा सेवन गरी ०६८ भदौ २ गते हत्या गरे। हत्याको अभियोगमा मृतकका पति डिल्ली कोइराला, सासू नन्दशोभा कोइराला र देवर जतन कोइरालालाई प्रहरीले ०६८ भदौ ४ गते गिरफ्तार गरी प्रहरी हिरासतमा राख्यो। प्रहरी अनुसन्धानपछि ०६८ भदौ ८ गते जतन कोइराला रिहा भए भने अन्यलाई पुर्पक्षका लागि यो वर्षको अन्त्यसम्ममा जिल्ला कारागारमा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

जुविथागाविस-४ का ३१ वर्षीय मानबीरे सुनारको उपचारका लागि सदरमुकाम मान्मा लगिएको अवस्थामा ०६८ मङ्सिर २५ गते लोकप्रिय होटलमा मृत्यु भयो। सोहीगाविस–९ का रङ्ग शाहीको घरबाट मादकपदार्थ सेवन गरी ०६८ मङ्सिर २४गते राति ८ बजे सोहीगाविस–४ की बालकुमारी शाहीको पसलमा पुगेर मादकपदार्थ माग्दा बालकुमारीले मादकपदार्थ सकिएको भन्दै घर जान अनुरोध गरेपछि 'मलाई डुम' भनेर मादकपदार्थ नदिएको भन्दै मानबीरेले पसल साहुनीलाई गाली गरिरहेको अवस्थामा सोही पसलमा मादकपदार्थ सेवन गरिरहेका सोही गाविस–४ का मानबीरेका साथीहरू दीपबहादुर शाही र मीनबहादुर शाहीले 'तँ डुमै त होस नि' भनेपछि भएको विवादमा दीपबहादुर शाही र मीनबहादुरको कुटपिटबाट मानबीरे घाइते भएका थिए । घाइते सुनारको स्थानीय रश्मी स्वास्थ्य क्लिनिकमा प्राथमिक उपचार गरिएको थियो। स्थानीय बासिन्दाले घटनाका बारेमा नजिकै रहेको खल्लागाड प्रहरी चौकीमा खबर गरेपछि प्रहरीले घाइते सुनार, घटनामा संलग्न दीपबहादुर शाही र मीनबहादुर शाहीलाई सदरमुकाम मान्मा पुऱ्याएको अवस्थामा मानवीरेको मृत्यु भएको थियो। मृत्युपश्चात् प्रहरीले शाहीद्वयलाई गिरफ्तार गऱ्यो।

मृतकको जिल्ला अस्पताल कालीकोटमा पोस्टमार्टम गरेपछि आफन्तले ०६८ मङ्सिर २६ गते दाहसंस्कार गरेका थिए । घटनामा संलग्न मिनबहादुर शाही, दीपबहादुर शाही, जसबहादुर शाही र बालकुमारी शाहीका विरूद्ध पीडितका परिवारले ०६८ मङ्सिर २६ गते जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान र जातीय भेदभाव तथा छुवाछुत कसुर ऐन ०६८ सम्बन्धी जाहेरी निवेदन दिए । जाहेरीपश्चात् पसले जसवीर शाही र उनकी पत्नी बालकुमारी शाहीलाई प्रहरीले ०६८ मङ्सिर २८ गते गिरफ्तार गऱ्यो । घटना सम्बन्धमा जिल्लास्थित नेपाल राष्ट्रिय दलित कल्याण समाज, दलित सेवा सङ्घ र दलित महिला सशक्तिकरण केन्द्र लगायतका संस्थाहरूले ०६८ मङ्सिर २६ गते विज्ञप्ति प्रकाशन गरी घटनाको निन्दा गरे। घटनाको इन्सेक क्षेत्रीयकार्यालय नेपालगञ्जले ०६८ पुस १ गते देखि ७ गते स्थलगत अनुगमन गरेको थियो। दलितअधिकारकर्मीहरूले जातीय विभेदकै कारण मानबीरेको हत्या भएको बताए। इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जले ०६८ पुस १५ गते स्थलगत प्रतिवेदन सार्वजनिक गर्दै मानबीरेको घटनामा जातीय गन्ध, मादकपदार्थ सेवन र व्यक्तिगत रिसइबीका कारण भएको हुनसक्ने जनाएको थियो। यस वर्षको अन्त्यसम्म गिरफ्तार भएका व्यक्तिहरू अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय कालीकोटमा राखिएका छन् ।

एकीकृत माओवादीका कार्यकर्ताहरूद्वारा कुटपिट गरी घाइते बनाइएका रमेश रोकाया र सतल बोगटी

आर्थिक सामाजिक सांस्कृतिक अधिकार

कर्णाली अञ्चल बस व्यवसायिक समितिले ०६७ पुस २१ गतेदेखि कालीकोट जिल्लामा अनिश्चितकालीन आमहड्ताल गऱ्यो। मध्यपश्चिम बस व्यवासायी समितिले दैलेखमा आफ्ना कर्मचारी अपहरण गरेको भन्दै कालीकोट जिल्लामा चल्ने यातायातका साधन, सरकारी गैरसरकारी कार्यालय, होटल, विद्यालय, व्यापार/व्यवसाय बन्द रह्यो। बन्दका कारण स्थानीयबासीलाई आवतजावतमा बाधा पुग्यो भने जिल्लामा दैनिक उपभोग्य वस्तुको अभाव भयो। आन्दोलनरत पक्षसँग कुनै सहमति नभएपछि ०६७ पुस २३ गते बन्द खुल्यो।

जिल्ला सदरमुकाम मान्ममा रहेको सामुदायिक रेडियो चुलिमालिका एफएम स्टुडियो ०६८ भदौ ७ गते अज्ञात समूहले तोडफोड गऱ्यो। रेडियोकर्मीले नियमित प्रसारण सेवा बन्द गरी आ-आफन्नो डेरा जाने तयारी गर्ने क्रममा ढोकामाथि आक्रमण गरिएको र आक्रमणबाट रेडियोकर्मी केशव कोइराला सामान्य घाइते भएका

थिए। घटनाको विरोधमा नेपाल पत्रकार महासङ्घ कालीकोट र रेडियो सञ्चालक समितिले प्रेस विज्ञप्ति प्रकाशन गरेको थियो। पीडितपक्षले ०६८ भदौ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म दोषी पत्ता लागेका छैनन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	१८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	२	२
स्टाफ नर्स	२	२	
ल्याब असिस्टेन्ट	१	१	
अहेब	४३	३९	४
अनमी	८	८	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
स्वास्थ्य कार्यकर्ता	४३	३६	७

४.१४ मुगु



जनसङ्ख्या : ५५,३११
पुरूष : २८,१९७
महिला : २७,११४
साक्षरता प्रतिशत : ३३
महिला साक्षरता प्रतिशत : २०
क्षेत्रफल (वर्ग कि. मि.) : ३,५३५
गाविस/नपा सङ्ख्या : २४/०
सरकारी/निजी विद्यालय : १३०/३
क्याम्पस/उच्च मा.वि. : ०/५
मानव विकास सूचकाङ्कः ०.३०४
प्रतिपरिवार सरदर सङ्ख्याः ५.७२

जेल र बन्दीहरू

'घ' श्रेणीको मुगु कारागारको आफ्नो भवन छैन। कारागार भवन नहुँदा दुई जना थुनुवाहरूलाई जुम्ला जिल्ला कारागारमा पठाइएको जिल्ला प्रशासन कार्यालय मुगु शाखा अधिकृत जयबहादुर हितानले बताए। कारागार भवन निर्माण हुँदै गरेको छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

गम्था गाविस–७ निवासी नेपाली काङ्ग्रेस निकट नेपाल शिक्षक सङ्घ जिल्ला अध्यक्ष ४५ वर्षीय जयबहादुर डगर, सोही ठाउँ निवासी काङ्ग्रेस कार्यकर्ता २८ वर्षीय अमर डागर, सोही गाविस–९ निवासी नेपाली काङ्ग्रेस महासमिति सदस्य ६२ वर्षीय नमराज जैसी, सोही गाविस–६ निवासी काङ्ग्रेस गाउँ कार्यसमिति सभापति ३३ वर्षीय जयऋषि जैसीलाई ०६७ चैत १८ गते श्रीकोट गाविस–५ चिमा ढुङ्गीमा एमाओवादीका कार्यकर्ताले कुटपिट गरे। टाउको र हातमा चोट लागेका काङ्ग्रेस कार्यकर्ताहरूको प्राथमिक उपचार जिल्ला अस्पतालमा भयो भने थप उपचार

काठमाडौं जिल्लास्थित शिक्षण अस्पताल महाराजगञ्जमा भयो। घटनामा पार्टीको योजना नभएको बताउँदै एमाओवादीका जिल्ला इन्चार्ज मङ्गलबहादुर शाहीले ०६७ चैत १७ गते एमाओवादीद्वारा आयोजित गाउँस्तरको प्रशिक्षण कार्यक्रम काङ्ग्रेसका कार्यकर्ताले बिथोलेको आरोपमा उक्त झडप भएको हुनसक्ने बताए। घटनाका सम्बन्धमा ०६७ चैत २० गते एमाओवादी, काङ्ग्रेस, एमाले र राप्रपाबीच जिल्ला प्रशासन कार्यालयमा बसेको चार दलको बैठकले बिरामीहरुको अवस्था हेरी सातदिनसम्म निवेदन नदिने र उपचार खर्चका लागि गृहमन्त्रालयसँग माग गर्ने सहमति गरे पनि घाइतेले यस वर्षको मध्यसम्म उपचार खर्च पाएका पाएका छैनन्।

अन्यबाट

श्रीनगर गाविस–२ निवासी नेपाल पत्रकार महासङ्घ मुगुका उपसभापति तथा रेडियो मुगु एफएमका समाचार प्रमुख ३० वर्षीय सुमन मल्लले अपमान गरेको आरोपमा ०६८ पुस १४ गते राति बाँके जिल्ला कोहलपुर नपा घरभई श्रीनगर गाविस–५ मा बस्दै आएका २८ वर्षीय अर्जुन कम्प्युटर सेन्टरका जीवन श्रेष्ठलगायत अन्य दुई जनाको सङ्ख्यामा आएका व्यक्तिले कुटपिट गरे। कुटपिट हुँदा रेडियो स्टेसन नजिकै रहेको प्रहरी चौकीका प्रहरी मुकदर्शक भएर बसेको पीडितले आरोप लगाए। घटनाका सम्बन्धमा नेपाल पत्रकार महासङ्घ मुगुले ०६८ पुस १६ गते जिल्ला प्रशासन कार्यालयमा दोषीलाई कारबाहीको माग गदै निवेदन दिएपछि जिल्ला प्रशासन कार्यालयमा ०६८ पुस १७ गते दुवैपक्षबीच भएको भेलामा जीवन श्रेष्ठले आइन्दा हातपात नगर्ने पीडित समक्ष प्रतिबद्धता जनाएपछि दुवैपक्षबीच सोही दिन मेलमिलाप भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बर्दिया जिल्ला कालिका गाविस–३ घरभई जिल्ला अस्पताल मुगुका प्रमुख ३० वर्षीय डा. कृष्ण आचार्य ०६८ मङ्सिर २० गते क्षेत्रीय स्वास्थ्य निर्देशनालय सुर्खेतले आयोजना गरेको एकीकृत स्वास्थ्य सेवासम्बन्धी समीक्षा गोष्ठीमा नेपालगञ्ज जानका लागि ताल्चा विमानस्थल पुगेको अवस्थामा स्थानीय प्रशासनसँग अनुमति नलिई गएको आरोपमा जिल्ला प्रशासन कार्यालयका निमित्त प्रमुख जिल्ला अधिकारी कर्ण तिमिल्सिनाको आदेशमा प्रहरीले विमानस्थलमा रोक्यो। जहाजमा जान नदिएपछि डा.आचार्य विमानस्थलमा केही समय बेहोस भएको र होसमा आएपछि डा.आचार्यलाई सोही दिन अर्को जहाजबाट सुर्खेत पठाइएको थियो। घटनासम्बन्धमा पीडितले यस वर्षको अन्त्यसम्म कही उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार
जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६७ मध्ये ३९ फैसला भए भने २८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २७ मध्ये १६ फैसला भए भने ११ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २४ मध्ये एक फैसला भए भने २३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ सातमध्ये एक फैसला भए भने छ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक रहे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाल मजदुर किसान पार्टीको आयोजनामा ०६७ माघ १० गते श्रीनगर गाविस–५ गमगढी बजारस्थित मिलन चोकमा पार्टीको स्थापना दिवसको कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा कार्यक्रमका प्रमुख अतिथि जयबहादुर शाहीले मन्तव्य दिने क्रममा पूर्व शिक्षा राज्यमन्त्री हस्तबहादुर मल्ललाई केटी बेचेको आरोप लगाएको भन्दै नेविसङ्घका केन्द्रीय सदस्य केशरबहादुर शाहीको नेतृत्वमा १०/१५ जनाको सङ्ख्यामा रहेका नेविसङ्घ र तरुणदलका कार्यकर्ताले शाहको हातको माइक्रो फोन खोसेर तोडफोड गरी कार्यक्रम गर्न दिएनन्। घटनाका सम्बन्धमा दुवै पक्षबीच जिल्ला प्रशासन कार्यालयमा ०६७ माघ १० गते भएको छलफलमा दुवैपक्षले घटनाको आलोचना गर्दै आगामी दिनमा यस्ता क्रियाकलाप नगर्ने सहमति भयो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २१

घटनको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१		१			
महिलाअधिकार				१		१
भेला/सङ्गठित हुने अधिकार		१	१		१	१
कुटपिट					५	५
जम्मा	**१**	**१**	**३**	**३**	**६**	**८**

हजार ३ सय ७ मध्ये छात्र ११ हजार ३३ र छात्रा १० हजार २ सय ७४ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार २ सय ८३ र छात्र १ हजार ३ सय १० रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ४४ र पुरुष ८९ गरी जम्मा १ सय ३३ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला दुई र पुरुष ६२ गरी जम्मा ६४ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला एक र पुरुष ४४ गरी जम्मा ४५ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक १ हजार ३ सय र बालिका १ हजार २ सय गरी जम्मा २ हजार ५ सय रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पिना गाविस–५ की १३ वर्षीया बालिकालाई ०६८ असोज ६ गते राति सोही ठाउँका छिमेकी नन्द नेपालीको घरमा सोही गाविस-९ का २६ वर्षीय ऐनबहादुर शाही, सुरेन्द्र बम र हर्ष शाहीले बलात्कार गर्ने प्रयास गरेको भन्दै पीडित पक्षले ०६८ असोज ७ गते जिल्ला प्रहरी कार्यालय मुगुमा उजुरी दिए। घटनाको समयमा चिच्याएपछि गाउँलेहरू घटनास्थलमा आएको र आरोपित व्यक्तिहरू भागेको पीडितले बताइन्। घटनामा आरोपित व्यक्तिहरूले पीडितका परिवारलाई १० हजार रुपियाँ नगद र एउटा खसी जरिवाना स्वरूप दिएपछि ०६८ कात्तिक २७ गते दुवैपक्षबीच गाउँमा मिलापत्र भयो। यस वर्षको अन्त्यसम्म प्रहरीले आरोपित व्यक्तिहरूलाई गिरफ्तार गरेन।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बहुविवाह

पिना गाविस–९ की २७ वर्षीया दाना शाहीका २९ वर्षीय पति धनबहादुर शाहीले घरमा पत्नी र दुई छोरी हुँदाहुँदै जुम्ला जिल्ला कात्तिकस्वामी गाविस–६ की २२ वर्षीया तारा शाहीसँग ०६८ असार २९ गते बहुविवाह गरे। पीडितले ०६८ असार २९ गते जिल्ला अदालत मुगुमा बहुविवाहको उजुरी दिएपछि जिल्ला अदालतस्थित मेलमिलाप केन्द्रले ०६८ साउन २ गते दुवैपक्षलाई सम्झाई बहुविवाहको मुद्दा फिर्ता लिन लगायो। जेठी पत्नीलाई आधा अंश लिई छुट्टै बस्ने सहमतिमा गाउँलेले ०६८ साउन ५ गते दुबै पक्षबीच मिलापत्र गराए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	१३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	१	२
स्टाफ नर्स	३	२	१
ल्याब असिस्टेन्ट	२	१	१
अहेब	३२	३	२९
अनमी	११	७	४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	१४	९	५
स्वास्थ्य कार्यकर्ता	३९	२३	१६

धैनकोट गाविस–७ की २२ वर्षीया शान्ता शाहीको सुत्केरी अवस्थामा अत्याधिक रत्तश्राव भएपछि समयमा उपचार नपाउँदा ०६८ मङ्सिर १ गते मृत्यु भयो। इलाका स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी नभएपछि उनको घरमा मृत्यु भएको थियो। सदरमुकामदेखि दुई

दिन पैदल दुरीमा पर्ने धैनकोट स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी नहुँदा स्थानीय बासिन्दा सामान्य औषधी उपचार गर्न समेत वञ्चित भएका छन्।

१५ सैय्याको जिल्ला अस्पताल मुगु ०६७ भदौ देखि ०६८ वैशाखसम्म डाक्टरविहीन भएको थियो। जिल्ला अस्पताल मुगुमा कार्यरत डाक्टर बद्री चापागाई एमडी अध्ययनका लागि वीर अस्पताल काठमाडौँमा गएदेखि अस्पताल डाक्टरविहीन भएको हो। जिल्ला स्वास्थ्य कार्यालय मुगुका निमित्त प्रमुख चक्रबहादुर मल्लका अनुसार जिल्ला अस्पताल मुगुमा दुई डाक्टरको दरबन्दी भए पनि मन्त्रालयले कार्यरत रहेका डाक्टरलाई समेत अध्ययनमा पठाएको छ। रिक्त रहेको डाक्टरको दरबन्दीमा ०६८ जेठमा डा. किशोर परियार आए पनि थप एक डाक्टर यस वर्षको अन्त्यसम्म आएका छैनन्। डाक्टरको अभावमा गम्भीर खालका विरामीलाई नेपालगञ्ज, सुर्खेतलगायतका स्थानमा रिफर गर्ने गरिएको अस्पताले जनायो।

४.१५ हुम्ला



जनसङ्ख्या	: ५१,००८
पुरूष	: २५,९४०
महिला	: २५,०६८
साक्षरता प्रतिशत	: ३२
महिला साक्षरता प्रतिशत	: १५
क्षेत्रफल (वर्ग कि. मि.)	: ५,६५५
गाविस/नपा सङ्ख्या	: २७/०
सरकारी/निजी विद्यालय	: ११९/६
क्याम्पस/उच्च मा.वि.	: ०/५
मानव विकास सूचकाङ्कः	०.३६७
प्रतिपरिवार सरदर सङ्ख्याः	५.३७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

बेवारिसे बम विस्फोटबाट

ठेहे गाविस–३ का ९ वर्षीय मानबहादुर बोहोरा र सोही गाविस–५ की ७ वर्षीया अस्मिता बोहोरा ०६७ चैत १८ गते साँझ ठेहे गाउँनजिकै रहेको चौरमा खेलिरहेको अवस्थामा भेटिएको बेवारिसे सकेट बम खेलौना भनी चलाउँदा दुवै जनाको घटनास्थलमा सोही दिन मृत्यु भयो। विस्फोटबाट बालकको पेटमा छर्रा लागेको थियो भने बालिकाको शरीरको तल्लो भागमा चोट लागेको थियो। मृतक दुवैको ०६७ चैत १९ गते जिल्ला अस्पताल हुम्लामा पोष्टमार्टम गरी सोही दिन दाहसंस्कार भयो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

सर्किदेउ गाविस–२ घरभई लालीगुराँस निमावि लिप्नेमा कक्षा ५ मा अध्ययनरत ९ वर्षीय कमल महतारा ०६८ जेठ ९ गते बिहान विद्यालयमा पढ्न गइरहेको अवस्थामा बाटोमा भेटिएको सकेट बमलाई नजिकै रहेका गोठालाले बालेको आगोमा हाल्दा विस्फोट भई उनको बायाँ हातका पाँचओटै औँला चुँडियो। बालकको प्राथमिक उपचार जिल्ला अस्पताल हुम्लामा गरी थप उपचारका लागि हिमाली नवीन समाज र नेपाल अष्ट्रेलिया साझेदारी संस्थाले ५/५ हजार रुपियाँ सहयोग गरेपछि ०६८ जेठ १० गते उपचारका लागि नेपालगञ्ज लगियो। उनको उपचार नेपालगञ्जस्थित वेस्टन अस्पतालमा भयो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद नतोकिएका तीन जना पुरुष बन्दीहरू मात्र रहेका छन्। जिल्ला यस कारागार जिल्ला प्रहरी कार्यालयभित्र रहेको भए पनि लामो समयसम्म मर्मत सम्भार नहुँदा जीर्ण अवस्था रहेकोले पानी, शौचालय, छानासमेत छैन र कैद तोकिएलगत्तै कैदीलाई जेल चलान गर्नुपरेको कारागार शाखा हुम्लाका निमित्त जेलर खेमराज देवकोटाले बताए ।

धम्की/कुटपिट

राज्यपक्षबाट

गोठी गाविस निवासी रेडियो नेपाल सिमीकोट स्टेशनका प्राविधिक सहायक ३६ वर्षीय रामचन्द्र बुढा र सिमकोट गाविस- ३ निवासी पत्रकार ५० वर्षीय जयबहादुर रोकायाले गस्तीमा रहेका प्रहरी टोलीसँग ०६८ मङ्सिर ३ गते राती सिमकोट कालिचोकमा विवाद हुँदा प्रहरीले उनीहरूलाई गिरफ्तार गरी हिरासतमा कुटपिट गऱ्यो। कुटपिटबाट बुढाको तिघ्रामा चोट लागेको थियो भने रोकायालाई गालीगलौज गरे। घटनाका सम्बन्धमा थाहा भएपछि नेपाली काङ्ग्रेसका सभापति जयपति रोकायाको रोहबरमा उनीहरू रिहा भए।

नेपाली काङ्ग्रेसबाट

दार्म गाविस–२ निवासी एकीकृत माओवादीका जिल्ला कमिटी सदस्य ५० वर्षीय गोविन्दबहादुर शाही र सोही ठाउँका अर्का कार्यकर्ता २५ वर्षीय तुलिबहादुर शाहीलाई सोही ठाउँका काङ्ग्रेस कार्यकर्ता नेत्रबहादुर शाहीको हत्या गर्ने योजना बनाएको आरोपमा उनीहरूलाई ०६८ वैशाख २८ गते राति सोही गाविस–१ निवासी नेपाली काङ्ग्रेस कार्यकर्ताहरू जग शाही, हस्त शाहीसहित सात जनाको समूहले सोही गाविसको माठावाडा गाउँमा विवाहको भोजमा सहभागी भएको अवस्थामा लाठी र ढुङ्गा प्रहार गरी कुटपिट गऱ्यो। घटना भएकै दिन सभासद् कर्णजित बुढाथोकीको पहलमा पीडित दुवै जनालाई उपचारका लागि हेलिकप्टरमा काठमाडौं लगियो। घाइतेहरू ओम अस्पताल काठमाडौंमा उपचार गराई घर फर्किसकेका छन्। पीडित पक्षले घटनाको केही समयपछि हुम्ला जिल्ला अदालतमा ज्यान मार्ने उद्योगमा मुद्दा दायर गरे पनि यस वर्षको अन्तसम्म केही कारबाही भएन ।

नेकपा (एमाले) बाट

मैला गाविस- ५ निवासी एकीकृत माओवादी कार्यकर्ता ३७ वर्षीय रत्नबहादुर शाहीले सशस्त्र द्वन्द्वमा आफूसँग चन्दा उठाएको भन्दै उनलाई ०६८ कात्तिक १९ गते सोही गाउँ- ५ निवासी एमालेका कार्यकर्ता २४ वर्षीय जीवन शाहीले चन्दा फिर्ता माग्दै घरमै गएर कुटपिट गरे। पीडितले ०६८ कात्तिक २० गते प्रहरी चौकी मैला कवाडीमा उजुरी दिएपछि स्थानीय दुई पार्टीका नेताको रोहबरमा युद्धकालका घटनाका बारेमा विवाद नगर्ने सहमति भई सोही दिन मेलमिलाप भयो।

बम विस्फोटनमा परी घाइते भएका कमल महतारा

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १० मध्ये चार फैसला भए भने छ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ छमध्ये एक थान फैसला भए भने पाँच फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या पाँच थान छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म सफल र असफल हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सिमकोट गाविस–५ निवासी कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक) हुम्लाका संयोजक ३० वर्षीय राजबहादुर रोकाया र उनका भाई २६ वर्षीय भीम रोकायाले जिल्ला शिक्षा अधिकारी धर्मजीत शाहीको निवासमा रोजगारीका विषयमा भएको विवादमा ०६७ चैत ९ गते राति निवास तोडफोड गरेको आरोपमा प्रहरीले सोही दिन राति गिरफ्तार गरी हिरासतमा राख्यो। दुवैजनालाई ढाड र पीडुँलामा नीलडाम देखिने गरी प्रहरीले कुटपिट गऱ्यो। दुवै जनाको जिल्ला अस्पताल हुम्लामा उपचार भयो। जिशिअ शाहीसँग ०६७ चैत १० गते बिहान मिलापत्र भए पनि पीडितका दाजुभाई पुनः बिरामी भएपछि उनका बाबु प्रबल रोकायाले ०६७ चैत ११ गते जिल्ला प्रशासन कार्यालय हुम्लामा प्रहरीविरुद्ध उजुरी

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
महिलाअधिकार			६		६
जातीय विभेद			१	३	३
गिरफ्तारी/यातना	४	४			
कुटपिट				३	३
हत्या			१	१	३
जम्मा	**४**	**४**	**९**	**६**	**१६**

दिए। प्रमुख जिल्ला अधिकारी रामुप्रसाद उपाध्यायले उपचार खर्चबापत जिल्ला प्रहरी कार्यालयबाट ५० हजार रुपियाँ नगद उपलब्ध गराएपछि घाइतेहरूको उपचार काठमाडौंमा भयो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १६हजार ९ सय ३५ मध्ये छात्र ८ हजार ९ सय ८४ र छात्रा ७ हजार ९ सय ५१ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४ सय ३ र छात्र ५ सय १६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ५४ र पुरुष ६ सय ६५ गरी जम्मा ३ सय १९ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला २ र पुरुष ७४ गरी जम्मा ७६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा पुरुष २४ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक १ हजार ४४ र बालिका २ सय ३२ गरी जम्मा १ हजार २ सय ७६ रहेका छन् जसमध्ये दलित बालक २ सय १ र बालिका १ सय २० छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

राया गाविस- ५ की ४० वर्षीया एक महिलालाई घरमा पति नभएको मौकामा मदिरा सेवन गराई सोही ठाउँका ३० वर्षीय प्रेमबहादुर रावलले ०६८ मङ्सिर १७ गते राति थाली गाउँमा बलात्कार गरेको आरोप लगाउँदै ती महिलाले आफू बलात्कृत भएको भन्दै ०६८ मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालय हुम्लामा उजुरी गरिन्। रावललाई प्रहरीले ०६८ मङ्सिर २२ गते गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राख्यो। जिल्ला प्रहरीले कार्यालयले ०६८ मङ्सिर २३ गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। अदालतले यो वर्षको अन्त्यसम्मा जिल्लामा न्यायाधीशले नभएको कारणले गर्दा फैसला गरेको छैन।

सबै प्रकारका जातीय विभेद

डाडाँफया गाविस–३ का २४ वर्षीय जन्मनी विकलाई ०६७ पुस २५ गते साँझ सोही गाविस–२ का हाँसबहादुर शाहीसहित सोही गाउँका मैन शाहीले पानीनाउलास्थित कैलाश होटलमा "आफू माथिल्लो जातिको हुँ किन छोइस्" भन्दै दाउराले टाउकोमा कुटपिट गरे। पीडितले प्रहरी चौकी धारापोरीमा ०६७ पुस २६ गते उजुरी दिएपछि प्रहरीले दुवैपक्षलाई ०६७ पुस २७ गते जिल्ला प्रहरी कार्यालय हुम्लामा बोलाई ०६७ पुस २८ गते उपचार खर्च बापत १० हजार रुपियाँ जिप्रका हुम्लाको सहजीकरणमा स्थानीय बासिन्दा भेला गरी पीडितलाई उपलब्ध गराएपछि मेलमिलाप भयो।

राया गाविस- ५ की ३४ वर्षीया राजकौरा दमाइसहित सिमकोट गाविस- ३ का मीमसिं नेपालीलाई ०६८ साउन २५ गते दिउँसो विधवा भत्ताका लागि नाम दर्ता गराउन आएको अवस्थामा सोही गाविस सचिवको जिम्मेवारी सम्हालेका जिविस हुम्लाका सुब्बा ३६ वर्षीय उजिर रोकायाले कार्यालयमा पस्न दिएनन्। जनैपूर्णिमाको समयमा पूजाआजा हुने भएको भन्दै दलित जातिलाई कोठाभित्र नजान भन्दै घरबाहिर बस्न भनी धम्की दिएको पीडित मीमसिं नेपालीले बताइन्। धम्कीपछि पीडित दुवैजना नाम दर्ता नगरी फर्किएन । गत वर्ष हिमपहिरोमा पति गुमाएकी राजकौरा दमाईले विधवा भत्ताका लागि गाविसमा धाएकी थिइन्। सरकारले एकल महिलालाई दिने मासिक ५ सय रुपियाँ उनले यो वर्ष पाउनबाट वञ्चित भइन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	१६		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	१	१
स्टाफ नर्स	२	२	
ल्याब असिस्टेन्ट	१	१	
अहेब	२९	२६	३
अनमी	३	२	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	१२	५	७
स्वास्थ्य कार्यकर्ता	३२	२०	१२

सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेल्धुरा

५.८ बैतडी

५.९ दार्चुला

५.१ कैलाली

जनसङ्ख्या : ७,७०,२८९
पुरूष : ३,७८,९७०
महिला : ३,९१,३०९
साक्षरता प्रतिशत : ७३
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ३,२३५
गाविस/नपा सङ्ख्या : ४२/२
सरकारी/निजी विद्यालय : ५७८/९९
क्याम्पस/उच्च मा.वि. : ४/५६
मानव विकास सूचकाङ्कः ०.४१३
प्रतिपरिवार सरदर सङ्ख्याः ५.२६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते
अज्ञात समूहबाट

गेटा गाविस–३ निवासी मनिशा पेट्रोल पम्पका प्रबन्धक २९ वर्षीय बलराम ढकाललाई ०६८ भदौ ६ गते मोटरसाइकलमा चार जनाको सङ्ख्यामा आएका अज्ञात समूहले गोली प्रहार गरी गम्भीर घाइते बनायो। घाइते ढकालको सामान्य उपचार सोही दिन सेती अञ्चल अस्पताल धनगढीमा भएको थियो। मोटरसाइकलमा तीन लिटर पेट्रोल हालेर पैसा काउन्टरमा बुझाउने बाहनामा ढकालमाथि गोली प्रहार गरी आक्रमणकारीको समूह फरार भएको थियो। घटनामा संलग्न भएकाहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका एसपी वसन्त पन्तले बताए पनि घटनामा संलग्न हुनेहरू गिरफ्तार हुन सकेका छैनन्।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ४७ र कैद नतोकिएका ९४ कैदी र थुनुवा गरी जम्मा २ सय ४१ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएको पुरुष १ जना सय ३७ र महिला १० जना रहेका छन् भने कैद नतोकिएका पुरुष ७५ जना र महिला १९ जना रहेका छन्। साथै आश्रित बालक चार जना र बालिका तीन जना गरी जम्मा सात जना रहेका छन्।

हिरासतमा मृत्यु

दोदोधारा गाविस– २ का ४० वर्षीय रुद्ध शाहीले धनगढी नपा–१ पशुपति टोलका २३ वर्षीय विवेक बर्मालाई ढुङ्गा हानेको आरोपमा ०६८ जेठ २२ गते सोही नपा-१ बाट उनलाई वडा प्रहरी कार्यालय धनगढीले गिरफ्तार गरी हिरासतमा राख्यो। उनी ०६८ जेठ २३ गते वडा प्रहरी कार्यालय, धनगढीको हिरासतमा मृत अवस्थामा फेला परे। वडा प्रहरी कार्यालयका सई गणेश विष्टले ०६८ जेठ २३ गते बिहान नौ बजे पीडित शाही आफैंले लगाएको गञ्जीले हिरासतको झ्यालमा झुन्डिएर आत्महत्या गरेको जानकारी दिए। लासको पास्टर्माटम ०६८ जेठ २३ साँझ सेती अञ्चल अस्पतालमा भयो। सामान्य विवादमा आत्महत्या गर्नुपर्ने कुनै कारण नभएको भन्दै मृतकका दाजु वृष शाहीले वडा प्रहरी कार्यालयका इन्चार्ज गणेश विष्ट, हवल्दार कर्णबहादुर महरा, घटना भएकै दिन ड्युटीमा रहेका प्रहरी जवान गोरखबहादुर चन्दका नाममा कर्तव्य ज्यानअन्तरगत ०६८ जेठ २४ गते जिल्ला प्रहरी कार्यालय कैलालीमा जाहेरी दिए। पीडित पक्षको जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालयले जेठ २४ गते आरोपित प्रहरीहरू निलम्बन गरी अनुसन्धानको लागि हिरासतमा राख्यो। पीडित पक्षले ०६८ असार ५ गते मुद्दा फिर्ता लिएपछि मिलापत्र भएको जिल्ला प्रहरी कार्यालयका एसपी वसन्त पन्तले बताए। मृतकको पोस्टमार्टमबाट हत्या प्रमाणित नभएको एसपी पन्तले जानकारी गराए।

धम्की/कुटपिट
राज्यपक्षबाट

टीकापुर नपा- ८ का ३० वर्षीय ध्वजबहादुर बुढालाई ०६७ चैत ६ गते बाटोमा हिँडिरहेको अवस्थामा ड्यूटीमा खटिएका सशस्त्र प्रहरी उग्रतारा गण, टीकापुरका जवानहरूले बिनाकारण कुटपिट गरे। कुटपिटबाट घाइते बुढाको उपचार ०६७ चैत ७ गते

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	७	८
बालअधिकार					३०	१	३१
अमानवीय व्यवहार						१	१
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार						३	३
अपहरण						४	४
महिलाअधिकार					१३		१३
भेला/सङ्गठित हुने अधिकार	३	११	३	१६			
जातीय विभेद					१	४	५
गिरफ्तारी/यातना		१		१			
हिरासत वा थुनामा मृत्यु		१		१			
कुटपिट		१०		१०	४	११	१५
धम्की					१	१०	११
हत्या					३	५	७
जम्मा	**३**	**३३**	**३**	**३८**	**४३**	**४५**	**८७**

टीकापुरस्थित स्थानीय औषधी पसलमा भयो। घटनाको चौतर्फी विरोध भएपछि सशस्त्र प्रहरी उग्रतारा गण, टीकापुरले ०६७ चैत ७ गते पीडित पक्षसँग माफी माग्यो।

धनगढी नपा- ६ जाईका ३० वर्षीय गणेश श्रेष्ठलाई ०६७ फागुन ६ गते जिल्ला प्रहरी कार्यालय, कैलालीबाट गएको प्रहरी टोलीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको परिसरभित्र निर्घात कुटपिट गऱ्यो। कुटपिटबाट श्रेष्ठको टाउको, खुट्टा, दायाँ हातमा चोट लागेको थियो। उनको अत्तरियास्थित सेवा नर्सिङ होममा उपचार भयो। श्रेष्ठका दाजुभाइबीच विवाद भएपछि छलफलका लागि बोलाइएको तर, श्रेष्ठलाई कुटपिट नगरेको जिल्ला प्रहरी कार्यालयका एसपी प्रेम चन्दले बताए।

एकीकृत माओवादीबाट

दरख गाविस- ५ सुखडस्थित विराट सनातन धर्म माविका शिक्षक ४३ वर्षीया ज्ञानचन्द उपाध्याय अनैतिक कार्यमा संलग्न भएको आरोपमा ०६८ जेठ १५ गते एकीकृत माओवादीका कार्यकर्ताहरू क्रमश: दरख गाविस- ५ निवासी २५ वर्षीय ओम आचार्य, २७ वर्षीय सिद्ध आचार्य, २५ वर्षीय गौरी जोशी, २४ वर्षीय केशव शाह र २८ वर्षीय कमल क्षेत्रीले कुटपिट गरे। आफूलाई एकीकृत माओवादी कार्यकर्ताहरूले मोटरसाईकलमा जबरजस्ती राखेर मसुरिया गाविस- ७ शङ्करपुर जङ्गलमा लगी कुटपिट गरेको र विद्यालयबाट हट्नुपर्ने भन्दै कागजातमा जबरजस्ती मञ्जुरीनामा गराएको भन्दै पीडितले ०६८ जेठ १५ गते इलाका प्रहरी कार्यालय, सुखडमा किटानी जाहेरी दिए। आरोपितहरू यो वर्षको अन्त्यसम्म गिरफ्तार भएका छैनन्। पीडित उपाध्यायले उनकै विद्यालयमा अध्ययनरत एक बालिकासँग अनैतिक यौनसम्पर्क राख्दै आएको कारण यस्ता क्रियाकलापले विद्यालयको वातावरण बिग्रने भएकोले सोघपुछ गर्नका लागि बोलाइएको तर, उनलाई कुटपिट नगरिएको एकीकृत माओवादीका कैलाली जिल्ला इन्चार्ज हरि ज्ञवालीले बताए।

दरख गाविस- ५ निवासी राष्ट्रिय उमावि सुख्खडका शिक्षक तथा पूर्वप्राचार्य ३२ वर्षीय कर्ण भण्डारीले विद्यार्थीलाई उक्साएर विद्यालय बन्द गराएको आरोपमा ०६८ असार २८ गते पहलमानपुर गाविस- १ निवासी एकीकृत माओवादी कार्यकर्ता खुशीराम चौधरी, दरख गाविस- ५ का समर सज्याल, हरि सापकोटालगायतका व्यक्तिहरूले दरख गाविस- ५ सुख्खड बजारस्थित झरना होटलमा कुटपिट गरी घाइते बनाए। कुटपिटबाट शिक्षक भण्डारीको टाउको, मुख र शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको थियो।

भण्डारीको ०६८ असार २८ गते सेती अञ्चल अस्पतालमा सामान्य उपचार पश्चात् वीर अस्पताल काठमाडौँमा थप उपचार गरिएको थियो। भण्डारीले ०६८ असार २९ गते इलाका प्रहरी कार्यालय, सुख्खडमा एमाओवादीका हरि सापकोटा, खुशीराम चौधरी, समर सन्ज्याल र विद्यालयका प्राचार्य होमकान्त आचार्यलगायतले आफूमाथि कुटपिट गरेको भन्दै किटानी जाहेरी दिए। घटनामा संग्लन भएको आरोपमा होमकान्त आचार्यलाई जिल्ला प्रहरी कार्यालयले ०६८ भदौ १६ गते धनगढी बजारबाट गिरफ्तार गऱ्यो भने अन्य तीन जनालाई गिरफ्तार गर्न नसकेको जिल्ला प्रहरी कार्यालयले जनायो। गिरफ्तार गरिएका प्राचार्य आचार्यलाई ०६८ भदौ २३ गते जिल्ला अदालत कैलालीले १ लाख २५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

मनुवा गाविस- ६ बेलपुरका ३६ वर्षीय कालुराम कुस्मी, ३४ वर्षीय अस्तुनीदेवी कुस्मीले आर्थिक सहयोग गर्न अस्वीकार गरेको आरोपमा ०६८ भदौ ४ गते सोही ठाउँ निवासी एकीकृत माओवादीका कार्यकर्ताहरू लखन कठरीया र सन्तलाल कठरीयाले पीडितकै घरमा कुटपिट गरी घाइते बनाए। घाइते कालुरामको दायाँ हातमा र शरीरका विभिन्न भागमा चोट लागेको थियो। पीडित अस्तुनीदेवीले पतिमाथि भइरहेको कुटपिट रोक्न खोज्दा उनीलाई समेत एकीकृत माओवादीका कार्यकर्ताहरूले कुटपिट गरेका थिए। पीडित कुस्मीको घरमा ०६८ भदौ ४ गते राती श्रीकृष्ण अष्टमीको दिनमा ब्रत बसेका साथीहरूसँग तास खेलिरहेको अवस्थामा घरमा जुवा खेलाएको भन्दै आर्थिक सहयोग स्वरुप २० हजार रुपियाँ एमाओवादीका कार्यकर्ताले मागेकोमा दिन नसक्ने बताएपछि आफूहरूलाई कुटपिट गरेको पीडितले बताए। स्थानीय माओवादी कार्यकर्ताले गाउँमा मिल्लुपर्ने दबाब दिएपछि ०६८ भदौ ५ गते मुनुवा गाविसस्थित मोतीनगरमा रहेको स्थानीय एमाओवादी पार्टी कार्यालयमा घटनामा संलग्न भएकाहरूले माफी मागेपछि मिलापत्र भयो। पीडितहरूको उपचार स्थानीय अस्पताल तथा घरमा भएको पीडित परिवारले जनायो।

पथरिया गाविस-२ स्कुलपुर निवासी सूर्योदय युवा क्लबका २१ वर्षीय लक्ष्मण विक, २० वर्षीय देवबहादुर विक, २२ वर्षीय शेखर विक र १९ वर्षीय मेनुका विकले कर्णाली चिसापानीमा पिकनिक खाएर घर फर्किरहेको अवस्थामा मदिरा सेवन गरी हल्ला गरेको आरोपमा ०६८ कार्तिक १३ गते बलिया गाविस-९ स्थित गोरङ्गेमा रहेको सातौ डिभिजन साहायक शिविर लोकश स्मृति शिविरका माओवादी लडाकूहरूको एक समूहले कुटपिट गऱ्यो। कुटपिटको विरोधमा पीडित पक्षले ०६८ कार्तिक १३ गते लम्की बजारमा एक घण्टा चक्काजाम गरे। स्थानीय नागरिक समाज, प्रहरीले घटनाका बारेमा दुवै पक्षबीच छलफल गर्ने सहमति भएपछि चक्काजाम खुलेको थियो। एमाओवादीका सभासद् भगत बडुवालको रोहबरमा लोकेश स्मृति शिविरका लडाकुहरू र पीडितबीच सहमति भएपछि ०६८ कात्तिक १४ गते मेलमिलाप भयो।

प्रहरीद्वारा गिरफ्तार पछि कुटपिट गरी घाइते बनाइएका गणेश श्रेष्ठ

नेपाली काङ्ग्रेसबाट

टीकापुर नपा- ९ स्थित टीकापुर एफएमका स्टेसन म्यानेजर तथा पत्रकार रञ्जित श्रेष्ठलाई आफू विरोधी समाचार एफएमबाट प्रशारण गरेको आरोपमा ०६७ फागुन १९ गते नेपाली काङ्ग्रेसका नेता तथा पूर्व सांसद् गङ्गा कुँवरले एफएम कार्यालयमा गएर कुटपिट तथा दुर्व्यवहार गरे। पीडित पक्षले घटनामा संलग्न कुँवरका विरुद्धमा ०६७ फागुन १९ गते उजुरी दिएपछि प्रहरीले उनलाई सोही दिन गिरफ्तार गऱ्यो। गिरफ्तार परेका कुँवरले उपरान्त गल्ती नगर्ने भन्दै माफी मागेपछि ०६७ फागुन २० गते दुवै पक्षबीच मेलमिलाप गराइएको इलाका प्रहरी कार्यालय, टीकापुरले जनायो।

अन्यबाट

बलिया गाविस -६ निवासी एमालेका कार्यकर्ताहरू १८ वर्षीय धनबहादुर सुनार, २३ वर्षीय खेम नेपाली, ४० वर्षीय कलक विक, २० वर्षीय भक्तराज भट्टराईलाई शिक्षक छनौट प्रक्रियाको विरोध गरेको आरोपमा ०६८ साउन १९ गते सोही गाविस- ६ निवासी विद्यालयका प्रधानाध्यापक ३२ वर्षीय बलबहादुर रोका, सहायक प्रधानाध्यापक ३० वर्षीय रणबहादुर भण्डारी र बलिया गाविस-५ निवासी शिक्षक २८ वर्षीय

रतन कार्कीलगायतको एक समूहले कुटपिट गऱ्यो। पीडित पक्षले ०६८ साउन १९ गते उजुरी दिएपछि इलाका प्रहरी कार्यालय बलियाले सोही दिन जनप्रभात निमाविको परिसरबाट शिक्षक त्रय रोका, भण्डारी र कार्कीलाई गिरफ्तार गऱ्यो। गिरफ्तार तीन जनालाई ०६८ साउन १९ गते सोही विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष भक्तबहादुर बुढाले घटनालाई विद्यालयले मिलाउने भन्दै घटनामा संग्लन भएकाहरूलाई आफ्नो जिम्मा लिएपछि सोही दिन ०६८ साउन १९ गते रिहा गरिएको सई नरेन्द्रबहादुर सिंहले बताए। रड तथा खुकुरी प्रहारबाट घाइते भएका धनबहादुरको मेडिकल कलेज कोहलपुरमा उपचार भएको थियो भने अन्यको स्थानीय लालरत्न अस्पतालमा उपचार भयो। विद्यालय व्यवस्थापन समितिको ०६८ जेठ २३ गतेको निर्णय अनुसार खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्ति गर्ने भने पनि विद्यालय प्रशासनले मनोमानी ढङ्गले शिक्षक नियुक्ति प्रक्रिया अगाडि बढाएको भन्दै विद्यालयका व्यवस्थापन समितिका सदस्य खेम नेपालीले विद्यालयमा पत्रकार सम्मेलन गरी जानकारी गराएपछि प्रधानाध्यापक भण्डारी पक्षधरहरूले नेपाली पक्षधरमाथि आक्रमण गरेको थियो। पीडितको उपचार खर्च दिने सहमतिमा ०६८ साउन २८ गते मेलमिलाप भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

टीकापुर नपा- ९ निवासी कर्णाली रिभर बस, मिनीबस, ट्याक्सी व्यवसायी समितिका उपाध्यक्ष ३५ वर्षीय तपेन्द्र कुँवर, दोदोधारा गाविस- ५ का ३० वर्षीय पदम गिरी, बलिया गाविस-८ निवासी व्यवसायी समितिका २६ वर्षीय कर्मचारी कर्ण योगी र सोही ठाउँका २७ वर्षीय भरत शाहीले धनगढी नपा-४ स्थित सेती अञ्चल यातयात कार्यालयमा तालाबन्दी गरेको आरोपमा ०६७ माघ २८ गते जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले लाठीचार्ज गर्दा घाइते भए। घाइतेहरूको टाउको हात र खुट्टामा सामान्य चोट लागेको थियो। घाइतेहरूको धनगढी बजारमा रहेको स्थानीय मेडिकलमा उपचार भयो। रुट परमिट पाउनुपर्ने र सिन्डीकेट खारेजी गर्नुपर्ने माग राखी ०६७ माघ २६ गतेदेखि बस व्यवसायी समितिले विभिन्न चरणका आन्दोलन घोषणा गरेको थियो। सोही विरोध कार्यक्रम अनुसार यातायात कार्यालयमा तालाबन्दी गर्न खोजेपछि जिल्ला प्रहरी कार्यालयबाट गएको एक टोलीले लाठी प्रहार गरी आन्दोलनकारीहरूलाई हटाएको थियो।

एकीकृत माओवादीका कार्यकर्ताहरूद्वारा कुटपिट गरिएका कर्ण भण्डारी

टीकापुर नपा- ९ स्थित खुल्ला मञ्चमा भारतीय राजदूत राकेश सुदलाई एकीकृत माओवादी कार्यकर्ताहरूले विरोध स्वरुप कालो झण्डा देखाउने क्रममा ०६७ चैत १५ गते प्रहरी र प्रर्दशनकारीबीच झडप भयो। झडप हुँदा प्रहरीको लाठी चार्जबाट एकीकृत माओवादीका जिल्ला इन्चार्ज अखण्ड भनिने ३८ वर्षीय हरि ज्ञवाली,४४ वर्षीय दानबहादुर विक, २६ वर्षीय युवराज शर्मा, २४ वर्षीय सृजना शाही, २५ वर्षीय कमला शाही, ३२ वर्षीय हरि तिमिल्सिना घाइते भए। घाइतेहरूको उपचार टीकापुरस्थित स्थानीय मेडिकलमा भयो। शान्तिपूर्ण विरोध प्रदर्शनमा प्रहरीद्वारा हस्तक्षेप गरिएको भन्दै ०६७ चैत १६ गते एकीकृत माओवादीले कैलाली जिल्ला बन्द गरायो। टीकापुरमा थारु समुदायको सांस्कृतिक कार्यक्रममा नेपालका लागि भारतीय राजदूत राकेश सुदलाई प्रमुख अतिथि बनाएको विरोधमा एकीकृत माओवादीका कार्यकर्ताले भारतीय राजदूत सुदको विरोध गरेका थिए। प्रर्दशनकारीले कार्यक्रम स्थलमा ढुङ्गामुडा प्रहार गरेपछि स्थिति नियन्त्रणमा लिन लाठी चार्ज गरेको इलाका प्रहरी कार्यालय, टीकापुरले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४ सय १२ मध्ये २ सय ३१ फैसला भए भने १ सय ८१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ८ मध्ये १ सय ३० फैसला भए भने १ सय ७८ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६४ मध्ये पाँच फैसला भए भने ५९ फैसला हुन बाँकी रहे। देवानी

मुद्दातर्फ ६८ मध्ये चार फैसला भए भने ६४ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ३३ मध्ये १८ सफल र चार असफल रह्यो। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ११ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २ लाख १६ हजार ९ सय २५ मध्ये छात्र ८२ हजार ६७ र छात्रा १ लाख १० हजार ८ सय ५८ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २० हजार २ सय ८४ र छात्र २० हजार ७ सय ७५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला १ सय ८८ र पुरुष १ हजार ६ सय ८३ गरी जम्मा १ हजार ८ सय ७१ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ११ र पुरुष ५ सय ६८ गरी जम्मा ५ सय ७९ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ६ र पुरुष ३ सय ६३ गरी जम्मा ३ सय ६९ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ४ हजार ८ सय ५५ र बालिका ५ हजार १ सय ४७ गरी जम्मा १० हजार २ जना रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

श्रीपुर गाविस- १ की १४ वर्षीया बालिकालाई ०६७ फागुन २३ गते राती सोही ठाउँका २२ वर्षीय किसन चौधरीले घरनजिकै धारामा पानी भर्न गएको समयमा मुख थुनेर आफूलाई बलात्कार गरेको भन्दै उनले जिल्ला प्रहरी कार्यालय, कैलालीमा ०६७ फागुन २४ किटानी जाहेरी दिइन्। जाहेरी दिएकै दिन मालाखेती इलाका प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले चौधरीलाई चौमाला गाविस-४ झिलमा लुकेर बसिरहेको अवस्थामा गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्यपरीक्षण ०६७ फागुन २४ गते सेती अञ्चल अस्पतालमा भएको थियो। जिल्ला अदालत कैलालीद्वारा ०६७ चैत २० गते चौधरीलाई थप अनुसन्धान गर्न पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि आरोपित चौधरी जिल्ला कारागार कैलालीमा थुनामा छन्।

धनगढी नपा- १ की १३ वर्षीया एक बालिकालाई ०६७ फागुन २७ गते सोही ठाउँका ६० वर्षीय द्वारिकाप्रसाद ठाकुरले पीडितकै घरमा बलात्कार गरेको आरोपमा पीडितपक्षले त्यसै दिन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। पीडित बालिकालाई बलात्कार गरेको पीडितका दाइले देखेपछि स्थानीय बासिन्दा मिलेर ठाकुरलाई नियन्त्रणमा लिएर वडा प्रहरी कार्यालय, धनगढीमा खबर गरेका थिए। ठाकुरलाई सोही दिन प्रहरीले गिरफ्तार गरेको थियो। आरोपित ठाकुरलाई ०६७ चैत २४ गते जिल्ला अदालत कैलालीले पुर्पक्षाका लागि थुनामा राख्ने आदेश दिएपछि हाल उनी जिल्ला कारागार कैलालीमा थुनामा छन्। जिल्ला अदालत कैलालीले ०६८ असोज ८ गते छ वर्षको जेल सजायको फैसला सुनायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०६७ फागुन २७ गते सेती अञ्चल अस्पतालमा भएको थियो।

दरख गाविस-७ की ७ वर्षीया एक बालिकालाई ०६७ फागुन २८ गते राती सोही ठाउँका ३० वर्षीय प्रकाश भट्टले बलात्कार गरेको आरोपमा पीडितपक्षले इलाका प्रहरी कार्यालय, सुखडमा ०६७ फागुन २८ गते किटानी जाहेरी दियो। इलाका प्रहरी कार्यालय, सुखडले भट्टलाई सोही दिन गिरफ्तार गऱ्यो। छिमेकी घरमा छैठी मनाउन आमासँगै गएकी बालिका सुतिरहेको अवस्थामा भट्टले स्थानीय शैलेश्वरी सामुदायिक वनमा लगेर बलात्कार गरेको इलाका प्रहरी कार्यालय, सुखडले जनायो। बालिकालाई सामुदायिक वनमा लगेर आफूले बलात्कार गरेको आरोपित भट्टले प्रहरीलाई बयान दिएको सुखड प्रहरीले जनायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण सेती अञ्चल अस्पतालमा सोही दिन भएको थियो। जिल्ला अदालतको ०६७ चैत २० गतेको आदेशअनुसार आरोपित जिल्ला कारागार कैलालीमा पुर्पक्षका लागि थुनामा छन्।

मालाखेती गाविस- ८ घर भई मालाखेतीस्थित दुर्गालक्ष्मी उमाविमा कक्षा नौ मा अध्ययनरत १४ वर्षीया छात्रा सोही ठाउँका ४५ वर्षीय अमर बोगटीसँग अनैतिक कार्यमा संलग्न रहेको आरोपमा ०६७ फागुन २० गते विद्यालय व्यवस्थापन समितिले विद्यालयबाट निस्कासन गऱ्यो। अनैतिक कार्यमा संलग्न रहेको भन्दै विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनले विद्यालयमा पढ्न नपाइने गरी बालिकालाई विद्यालयबाट निकालेको सार्वजनिक सूचनामार्फत

जानकारी गरायो। आफ्नै घरमा सुतिरहेको अवस्थामा ०६७ वैशाख २९ गते राति बलात्कृत भएकी बालिकाले ०६७ माघ २८ गते छोरी जन्माएकी थिइन्। पीडित पक्षले ०६७ फागुन २० गते जिल्ला प्रहरी कार्यालयमा अमर बोगटीका विरुद्ध जाहेरी दिए। आरोपितहरू इलाका प्रहरी कार्यालय मालाखेतीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयले ०६७ फागुन २४ गते जिल्ला अदालतमा आरोपित विरुद्ध मुद्दा दर्ता गरेकोमा ०६८ मङ्सिर ८ गतेको फैसला अनुसार बोगटीलाई ११ वर्षको कैद सजाय भयो।

बलिया गाविस-८ मोतीपुरकी १५ वर्षीया एक बालिकालाई ०६७ फागुन १३ गते राति सोही ठाउँका २८ वर्षीय खगेन्द्र भण्डारीले बाटोमा हिँडिरहेको अवस्थामा नियन्त्रणमा लिएर बलात्कार गरेको भन्दै पीडित बालिकाले सोही दिन इलाका प्रहरी कार्यालय, बलियामा किटानी जाहेरी दिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण टीकापुर सामुदायिक अस्पतालमा ०६७ फागुन १४ गते भयो। भण्डारीलाई भने प्रहरीले गिरफ्तार गर्न सकेको छैन। इलाका प्रहरी कार्यालयका सई उपेन्द्र बमले पीडक भण्डारी फरार भए पनि मुद्दा दर्ता भएकोले जुनसुकै बेला पनि गिरफ्तार हुने बताए।

दार्चुला जिल्ला दुलिगाडा गाविस-३ घर भई धनगढी नपा– ५ स्थित पञ्चोदय माविमा विशेष शिक्षा अध्ययनरत १३ वर्षीया एक बालिकालाई बलात्कार गरेको भन्दै दार्चुला जिल्ला थार गाविस-५ जमिर घर भई हाल कैलाली जिल्ला गेटा गाविस–८ का ५५ वर्षीय रघुवीरसिंह ठगुन्नाका नाममा ०६८ असार १ गते पञ्चोदय उमाविका प्राचार्य यादव जोशीले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। पीडित बालिकाको स्वास्थ्यपरीक्षण ०६८ असार १ गते सेती अञ्चल अस्पतालमा भयो। जाहेरीका आधारमा प्रहरीले ०६८ असार १ गते आरोपितलाई गिरफ्तार गरी असार २ गते अदालतमा मुद्दा दायर गऱ्यो। पीडित बालिकालाई ०६८ जेठ १८ गते धनगढी बजारस्थित एक होटलमा बलात्कार गरिएको ०६८ जेठ २८ गते बालिकाले विद्यालयका प्रचार्यलाई बताएपछि घटना सार्वजानिक भएको थियो। जिल्ला अदालत कैलालीले ठगुन्नालाई ०६८ मङ्सिर १२ गते ११ वर्ष कैद सजाय सहित ७५ हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

पथरिया गाविस–९ की १४ वर्षीया बालिकालाई सामूहिक बलात्कार गरेको भन्दै ०६८ असार ६ गते पीडित बालिकाले पथरिया गाविस– ९ का २७ वर्षीय रतन साउद, २८ वर्षीय पदम साउद, २६ वर्षीय गणेश भण्डारी, २८ वर्षीय पप्पु साउदकाविरुद्ध ०६८ असार ६ गते टीकापुर इलाका प्रहरी कार्यालयमा पीडितको परिवारले किटानी जाहेरी दर्ता गऱ्यो। सामूहिक बलात्कार गर्ने मध्येका २८ वर्षीय पप्पु साउद तथा बलात्कार गर्नका लागि सहयोग गर्ने ४५ वर्षीया अमृता बुढामगरलाई ०६८ असार ६ गते नै प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित सबै जनाको नाममा ०६८ असार ९ गते जिल्ला अदालतमा मुद्दा दर्ता भएको इलाका प्रहरी कार्यालय, टीकापुरका सई उपेन्द्र बमले जानकारी दिए। घटनामा संलग्न अन्य तीनजना फरार रहेको प्रहरीले जनायो। गिरफ्तार गरिएका पप्पु साउद ०६८ साउन १ गते र बुढामगरलाई ०६८ साउन ३ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि जिल्ला कारगार कैलालीमा थुनामा राखिएको छ। बालिकाको स्वास्थ्यपरीक्षण ०६८ असार ६ गते टीकापुर सामुदायिक अस्पतालमा भएको थियो। अन्य आरोपित अझै फरार छन्।

डोटी जिल्ला सापरी गाविस- ३ का १३ वर्षीय बालकलाई वेलादेवीपुर गाविसको खैरेनी जङ्गलमा ०६८ जेठ १४ गते कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-९ निवासी टेम्पो चालक २२ वर्षीय खुशीराम चौधरी,



प्रहरीद्वारा गिरफ्तार गरिएका एकीकृत माओवादीका कार्यकर्ताहरू

श्रीपुर गाविस-४ का २२ वर्षीय चन्द जोरा र सोही ठाउँका २२ वर्षीय कालु ऐरले यौनदुर्व्यवहार तथा लुटपाट गरे। आफूलाई सामूहिक यौन दुर्व्यहार गरेको र आफूसँग भएको रकम समेत लुटपाट गरेको मालाखेती प्रहरी कार्यालयलाई पीडित बालकले जानकारी गरेपछि सोही दिन ०६८ जेठ १४ गते टेम्पोचालक चौधरीलाई प्रहरीले गिरफ्तार गऱ्यो भने अन्य दुई जना फरार भएको कारण गिरफ्तार गर्न नसकेको प्रहरीले जनायो। भारतबाट मजदुरी गरी दरख गाविस- ५ सुखडस्थित आफन्तको घरमा जानका लागि हिँडेका बालक अत्तरिया बजारबाट टेम्पोमा चढेका थिए। बालकसँग भाडा माग्ने क्रममा रुपियाँ देखेपछि टेम्पो चालकलगायतका टम्पोमा बसेका जोरा र ऐरले मुखमा पट्टि बाँधेर आफूलाई जङ्गलमा लगेर सामूहिक यौनदुर्व्यवहार गर्नुका साथै नगद १० हजार ५० रुपैयाँ लुटेर लगेको पीडित बालकले प्रहरीसमक्ष बयान दिए। टेम्पो चालक चौधरी ०६८ कात्तिक ३० गते ५० हजार रुपियाँ धरौटी राखेर रिहा भए। फरार रहेका जोरा र ऐरको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलाली मुद्दा शाखाका सई प्रेम खड्काले बताए।

टीकापुर नपा- ९ की १७ वर्षीया बालिकालाई सोही ठाउँकी १९ वर्षीया सरस्वती रावलले घरबाट ०६८ वैशाख ७ गते बजार जाने बहानामा झुक्याएर दुई दिनसम्म कोटातुल्सीपुर गाविसको मुडा बजारमा र ०६८ वैशाख १० गते चिसापानी होटलमा बन्धक बनाएर राखिन्। बालिका सोही दिन चिसापानीबाट अभिभावकको सम्पर्कमा आइन्। पीडितपक्षले ०६८ वैशाख ७ गते इलाका प्रहरी कार्यालय, टीकापुरमा किटानी जाहेरी दिए। प्रहरीले पीडितको जाहेरीका आधारमा रावललाई ०६८ वैशाख २१ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालत, कैलालीको ०६८ असोज १ गतेको फैसलाअनुसार रावललाई दुई वर्षको कैद सजाय सुनायो। रावल जिल्ला कारागार कैलालीमा थुनामा रहेकी छन्।

सहजपुर गाविस–२ की १७ वर्षीया एक बालिकालाई मालाखेती गाविस- ८ को जङ्गलमा ०६८ साउन २८ गते राति सामूहिक बलात्कार गरेको भन्दै सोही ठाउँका २४ वर्षीय वीरबहादुर धामी र बैतडी जिल्ला ढुङगाड गाविस–२ का २३ वर्षीय श्यामसिंह धामी, मालाखेती गाविस- ३ का २० वर्षीय हर्क मल्ल र १६ वर्षीय हरिश भट्टले एक छिन काम छ भनी झुक्याएर सामूहिक बलात्कार गरेको भन्दै पीडित युवतीले ०६८ साउन २८ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा जाहेरी दिइन। प्रहरीले ०६८ साउन २८ गते इलाका प्रहरी कार्यालय, मालाखेतीले आरोपितहरूलाई गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका श्यामसिंह धामीलाई ०६८ भदौ २१ गते सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने ठहर गरी सफाइ दिएपछि उनी जिल्ला प्रहरी कार्यालयबाट सोही दिन रिहा भए। गिरफ्तार गरिएका वीरबहादुर धामी २५ हजार रुपियाँ धरौटीमा जिल्ला अदालत कैलालीको ०६८ भदौ २१ गतेको आदेश बमोजिम रिहा भए। पीडितको स्वास्थ्यपरीक्षण ०६८ साउन २८ गते सेती अञ्चल अस्पातलमा भएको थियो।

जातीय विभेदका कारण कुटपिट गरिएकी अमृता सार्की

गेटा गाविस - २ की ५ वर्षीया बालिकालाई ०६८ साउन १८ गते बलात्कार प्रयास गरेको भन्दै सोही ठाउँका २१ वर्षीय टेकबहादुर ऐरका विरुद्धमा ०६८ साउन १९ गते जिल्ला प्रहरी कार्यालयमा पीडितपक्षले किटानी जाहेरी दियो। आरोपित हालसम्म पनि फरार रहेको जिल्ला प्रहरी कार्यालयका सई प्रेम खड्काले बताए। आरोपितका विरुद्ध ०६८ भदौ १३ गते सरकारी वकिल कार्यालयले जिल्ला अदालत, कैलालीमा मुद्दा दर्ता गरेको छ।

कोटातुल्सीपुर गाविस–२ की १४ वर्षीया बालिकाले आफूलाई पटक, पटक बलात्कार प्रयास गरेको भन्दै ०६८ भदौ १४ गते ४१ वर्षीय बाबुको विरुद्धमा जिल्ला प्रहरी कार्यालय, कैलालीमा जाहेरी दिइन। इलाका प्रहरी कार्यालय, सुखडबाट गएको प्रहरी टोलीले ०६८ भदौ १४ गते आरोपितलाई गिरफ्तार गऱ्यो। बालिकाका बाबुले ०६८ साउन ३० गते राती सुतेको समयमा बलात्कारको प्रयास गरेको पीडित बालिकाले बयानका क्रममा जिल्ला प्रहरी कार्यालयमा बताएको डिएसपी सानुराम भट्टराईले बताए। बालिकालाई हाल धनगढीस्थित महिला पुर्नस्थापना केन्दमा राखिएको छ। आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्न ०६८ असोज ६ गते जिल्ला अदालत कैलालीले आदेश दिएपछि हाल उनी जिल्ला कारागार कैलालीमा थुनामा रहेका छन्।

मसुरीया गाविस- १ की ११

तोडफोड गरिएको पद्मा हस्पिटलको एम्बुलेन्स

वर्षीया बालिकालाई ०६८ कात्तिक १२ गते मसुरी गाविस-१ अण्डैयाको जङ्गलमा बलात्कारको प्रयास गरेको आरोपमा ०६८ कात्तिक १९ चौमाला गाविस-८ का २५ वर्षीय सन्तराम विकलाई प्रहरी कार्यालय चौमालाले गिरफ्तार गऱ्यो। मसुरिया गाविस- १ स्थित अण्डैयाको जङ्गलमा बाखा चराउन गएको समयमा विकले ०६८ कात्तिक १२ गते बलात्कारको प्रयास गरेको भन्दै बालिकाका आफन्तहरूले विकका विरुद्धमा जिल्ला प्रहरी कार्यालय,कैलालीमा ०६८ कात्तिक १९ गते किटानी जाहेरी दिएका थिए। जिल्ला अदालत कैलालीले ०६८ मङ्सिर १३ गते विकलाई ३५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए पनि विकले धरौटी बुझाउन नसकेपछि हाल उनी जिल्ला कारागार कैलालीमा थुनामा छन्।

दरख गाविस- ७ की १२ वर्षीया बालिकालाई ०६८ मङ्सिर १० गते बलात्कार गरेको आरोपमा सोही ठाउँका ३५ वर्षीय प्रेम सापकोटालाई इलाका प्रहरी कार्यालय सुख्खडले ०६८ मङ्सिर २१ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत कैलालीले थप अनुसन्धानका लागि ०६८ मङ्सिर २३ गते जिल्ला प्रहरी कार्यालय, कैलालीलाई आदेश दिएकोमा सापकोटा हाल जिल्ला प्रहरी कार्यालय कैलालीको हिरासतमा रहेका छन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०६८ मङ्सिर २३ गते सेती अञ्चल अस्पतालमा भएको थियो।

मसुरिया गाविस-५ की सुस्तमनस्थितिकी १२ वर्षीया बालिकालाई ०६८ जेठ २ गते बाँके जिल्ला कोहलपुर गाविस-३ पीपल चौतारा बस्ने १९ वर्षीय जीवन थापा, दाङ जिल्ला सिसनिया गाविस-४ का २२ वर्षीय हरि चौधरी, रुपेन्देही जिल्ला केरवाणी गाविस-१८ वर्षीय किरण चौधरी, धनगढी नपा-३ का १८ वर्षीय विकास शाही, अछाम जिल्ला घर भएका बसका खलासी काले नाम गरेका देवेन्द्र साउदले धनगढी नपा-४ स्थित सुदूरपश्चिम बसपार्कमा राखिएको ना ४ ख १०४० नम्बरको बसको पछाडिको सिटमा सामूहिक बलात्कार गरेको आरोपमा बसपार्कमा रहेको अस्थायी प्रहरी चौकीले गिरफ्तार गऱ्यो। पीडित बालिकाकी आमाले छोरीलाई बलात्कार गरेको भन्दै ०६८ जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा जोहरी दिइन्। बालिकाको स्वास्थ्यपरीक्षण ०६८ जेठ ३ गते सेती अञ्चल अस्पतालमा भएको थियो। आरोपितहरूलाई जिल्ला अदालत कैलालीले अनुसन्धानका लागि थुना राख्न आदेश दिएपछि ०६८ जेठ २९ गतेदेखि जिल्ला कारागार कैलालीमा थुनामा छन्।

बलात्कारपछि हत्या

गदरिया गाविस- ४ घर भई जनता उमावि कक्षा छ मा अध्ययनरत १५ वर्षीया लीलावती रानालाई ०६८ भदौ ७ गते मसुरिया गाविस-६ कन्काई होटलमा बलात्कार गरी हत्या गरेको आरोपमा सोही विद्यालयमा कार्यरत शिक्षक गदरीया गाविस-४ निवासी २६ वर्षीय रामविनोद रानालाई ०६८ भदौ ८ गते राती इलाका प्रहरी कार्यालय, चौमलाको गस्ती टोलीले उनकै घरबाट गिरफ्तार गऱ्यो। राना ०६८ भदौ ८ गते बिहान होटल सञ्चालक अर्जुन लुईंटेललाई होटल तथा खाना खर्चको बिल भुक्तानी गरेर एक्लै मोटरसाईकलमा निस्केका थिए। बिल भुक्तानी गर्ने क्रममा काउन्टरमा बसेका होटल सञ्चालक लुईंटेलले 'तपाईसँग आएकी साथी खै' भनी सोध्दा रानाले 'बिहान चार बजे ट्रकमा घर पठाइसकेको' भनी होटलबाट निस्किएलगत्तै उनीहरू बसेको दुई नम्बर कोठामा हेर्दा युवतीलाई हत्या गरी ओढनीमा बेरेर दराजमा राखिएको फेला पारेपछि चौमला प्रहरी कार्यालयमा खबर गरेको बताए। बलात्कारपश्चात् हत्या गरी फरार रहेका रानाले भाग्दा प्रयोग गरेको रातो रङ्गको मोटसाइकल से .२. प. १७७५ नम्बरका आधारमा प्रहरीले गिरफ्तार गऱ्यो। मृतक बालिकाको पोस्टमार्टम ०६८ भदौ ८ गते सेती अञ्चल अस्पतालमा भएपछि मृतक बालिकाका आफन्तले स्थानीय कनरी नदीमा दाहसंस्कार गरेको जिल्ला प्रहरी कार्यालयले बतायो। जिल्ला प्रहरी कार्यालयमा भएको पत्रकार सम्मेलनमा रानाले आवेगमा आएर बालिका रानाको बलात्कारपश्चात् हत्या गरेको स्वीकार गरेका थिए। रानालाई ०६८ असोज २ गते जिल्ला अदालत, कैलालीले पुर्पक्षका लागि जिल्ला कारागार कैलालीमा थुनामा राख्न आदेश दिएपछि हाल उनी थुनामा छन्।

परिवारजनबाट हत्या

टीकापुर नपा–८ सीतापुरका ७ वर्षीय बालक तपेन्द्र सिंहलाई ०६८ साउन २३ गते बिहान घरमा कोही नभएको अवस्थामा सामान्य विवादमा उनको सौतेनी आमा १९ वर्षीया हिरादेवी सिंहले घाँस काट्ने गर्साको प्रयोग गरी हत्या गरिन्। सौतेनी आमा हिराले १० वर्षीय छोरी स्वारोनलाईसमेत गर्सा प्रहार गरी गम्भीर घाइते बनाएकी थिइन्। हत्यामा संग्लन भएको आरोपमा साउन २३ गते इलाका प्रहरी कार्यालय टीकापुरले हिरादेवीलाई गिरफ्तार गऱ्यो। हिरादेवीले बयानमा आफूले आवेगमा घटना गरेको स्वीकारिन्। घटनामा संलग्न रहेकी हिरादेवीलाई जिल्ला अदालत कैलालीद्वारा जिल्ला कारागार कैलालीमा थप अनुसन्धानका लागि थुनामा राख्न ०६८ भदौ १३ गते आदेश दिए पछि हाल जिल्ला कारागार, कैलालीमा थुनामा रहेकी छिन्। घाइते स्वारोनको उपचार मेडिकल कलेज कोहलपुरमा भयो। लासको पोस्टमार्टम टीकापुर सामुदायिक अस्पतालमा ०६८ साउन ४ गते भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मालाखेती गाविस-७ की ३० वर्षीया एक महिलालाई ०६७ फागुन १० गते राति सोही ठाउँका १९ वर्षीय राजु सुनारले बलात्कारको प्रयास गरेको आरोपमा पीडित महिलाले ०६७ फागुन ११ गते जिल्ला प्रहरी कार्यालय,कैलालीमा किटानी जाहेरी दिइन्। जाहेरी दिए पनि आरोपित सुनारलाई भने प्रहरीले गिरफ्तार गर्न सकेको छैन।

रामसिखरझाला गाविस-४ गैँडाकोटकी २४ वर्षीया एक महिलाले सोही ठाउँका २५ वर्षीय शङ्कर रावलले बलात्कार गरेको भनी ०६८ जेठ ४ गते इलाका प्रहरी कार्यालय सुखडमा जाहेरी दिइन्। ईलाका प्रहरी कार्यालय, सुखडले सोही दिन रावललाई गिरफ्तार गऱ्यो। पीडित महिलाले आफूलाई छ महिनादेखि विभिन्न डर, धम्की देखाएर जबरजस्ती यौन सम्पर्क गर्दै आएको भनी सुखड प्रहरीमा उजुरी दिइन्। आरोपितलाई ०६८ जेठ २९ गते अदालतले पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतले ०६८ असार २३ गते रावललाई १ लाख रुपियाँ धरौटीमा राखी रिहा गर्ने आदेश दियो।

टीकापुर नपा-९ की २२ वर्षीया एक महिलालाई बझाड जिल्ला व्यासी गाविस- ८ निवासी इलाका प्रहरी कार्यालय टीकापुरमा कार्यरत हवल्दार २८ वर्षीय बमबहादुर सिंहले टीकापुर नपा-९ स्थित एक घरमा ०६८ असार १ गते राति बलात्कार गरेको भन्दै पीडित महिलाले ०६८ असार २६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय कैलालीले ०६८ असार २६ गते गिरफ्तार गरी जिल्ला अदालत कैलालीमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालत कैलालीको ०६८ साउन ३ गतेको आदेशअनुसार आरोपित ७५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

उर्मा गाविस- ७ धुरझन्नाकी २० वर्षीया एक महिलाले आफूलाई विभिन्न डर धम्की दिएर ०६८ वैशाख ११ गते देखि १५ गतेसम्म आफ्नो घरमा लगी बलात्कार गरेको भन्दै उदासीपुर गाविस-१ का २४ वर्षीय रमेश कठरियाका विरुद्धमा जिल्ला प्रहरी कार्यालय, कैलालीमा ०६८ वैशाख २१ गते किटानी जाहेरी दिइन्। जाहेरीका आधारमा कठरीयालाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण ०६८ वैशाख २३ गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो। जिल्ला अदालत, कैलालीले ०६८ जेठ ४ गते दिएको आदेशअनुसार थप अनुसान्धानका लागि कठरीयालाई जिल्ला कारागार कैलालीमा थुनामा राखिएकोमा ०६८ असार १४ गते जिल्ला अदालत, कैलालीको आदेशमा ५० हजार रुपियाँ धरौटी राखी रिहा भए।

बहुविवाह

दरख गाविस- ५ की २३ वर्षीय राज्यलक्ष्मी शाहीका पति राजेश बमले ०६७ मङ्सिर १२ गते दोस्रो विवाह गरेपछि जिल्ला प्रहरी कार्यालयमा ०६७ माघ ११ गते बम र उनकी कान्छी पत्नी खेती शाहीका नाममा शाहीले किटानी जाहेरी दिइन्। हालसम्म पनि उनीहरू दुवैजना फरार रहेको प्रहरीले जनायो।

सबै प्रकारका जातीय विभेद

चुहा गाविस- ७ का २१ वर्षीय भीम भूलले एक वर्षअघि अन्तरजातीय विवाह गरेको आरोपमा उनका ६० वर्षीय बुबा सन्ते भूल र २७ वर्षीय काले भूललाई ०६७ वैशाख १३ गते सोही ठाउँका धर्मे ढुङ्गाना, २० वर्षीय हिरू भनिने हरि ढुङ्गाना, २५ वर्षीय जय ढुङ्गाना र २० वर्षीय जनक ढुङ्गानाले खुकुरी प्रहार गरी घाइते बनाए। पीडितपक्षले अधिकारकर्मीहरूको सहयोगमा ०६८ वैशाख २१ गते

इलाका प्रहरी कार्यालय, टीकापुरमा किटानी जाहेरी दियो। ढुङ्गाना पक्षले पनि भूलका विरुद्धमा सोही दिन इलाका प्रहरी कार्यालय, टीकापुरमा उजुरी दियो। जाहेरीका आधारमा इलाका प्रहरी कार्यालय, टीकापुरले धर्म, हरि र जय ढुङ्गानालाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ जेठ २० गतेको आदेशअनुसार आरोपितहरू ५० हजार रुपियाँ धरौटी राखी रिहा भए। जाहेरीका आधारमा प्रहरीले सन्ते र लालबहादुरलाई गिरफ्तार गऱ्यो। गिरफ्तार भएका सन्ते र लालबहादुर पनि ०६८ जेठ २० गते जनही ५० हजार रुपियाँ धरौटीमा जिल्ला अदालतको आदेशमा रिहा भए। भूलमध्येका २१ वर्षीय भीम भूलले सोही ठाउँकी विन्दा ढुङ्गानासँग ०६७ वैशाखमा प्रेम विवाह गरेकाले 'भूल भएर बाहुनकी छोरीसँग विवाह गर्ने डूम' भन्दै पटक-पटक कुटपिट गर्दै आएको कालुसिंह भूलले जानकारी गराए।

धनगढी नपा- ९ का २१ वर्षीय क्षेत्रसिंह पार्कीलाई 'डूम' भएर बढी भएको भन्दै ०६८ असार २९ गते सोही ठाउँका २२ वर्षीय ओम धानुकले स्थानीय भवानी मावि नजिकैको मूलबाटोमा कुटपिट गरे। पीडित पार्कीले न्यायका लागि वडा प्रहरी कार्यालय, धनगढीमा ०६८ असार ३० गते जाहेरी दिएपछि वडा प्रहरी कार्यालयले ०६८ असार ३१ गते धानुकलाई गिरफ्तार गऱ्यो। धानुकले पार्कीसँग माफी मागी उपचार खर्च व्यहोर्ने सर्तमा मिलापत्र भएको वडा प्रहरी कार्यालय, धनगढीले जनायो। कुटपिटबाट घाइते पार्कीको आँखा र मुखमा चोटलागेको थियो। उनको उपचार स्थानीय औषधी पसलमा भएको थियो।

धनगढी नपा-१२ की ४५ वर्षीया अमृता सार्कीलाई ०६८ साउन ८ गते सोही ठाउँका २७ वर्षीय गणेशसिंहले धामीले 'कामने कमेनी ढोल्नी' भनी गालीगलौज गर्दै सोही ठाउँको स्थानीय पसलमा निर्घात कुटपिट गरे। कुटपिटबाट सार्कीको शरीरको पछाडि र खुट्टा र जाँघमा चोट लागेको थियो। घाइते सार्कीको उपचार सेती अञ्चल अस्पतालमा भयो। मादक पदार्थ सेवन गरेका सिंहले अपशब्द प्रयोग गर्दै कुटपिट गरेको भनी वडा प्रहरी कार्यालय, जुगेडामा पीडित महिलाले सोही दिन जाहेरी दिएपछि सिंहलाई प्रहरीले गिरफ्तार गरेको थियो। वडा प्रहरी कार्यालयमा सिंहले आफूबाट गल्ती भएको भन्दै माफी मागी पीडितको उपचार खर्च व्यहोर्ने सर्तमा ०६८ साउन ९ गते मेलमिलाप भयो।

वेलादेवीपुर गाविस-३ स्थित राष्ट्रिय निमाविका प्रधानाध्यापक दुर्गाप्रसाद जोशीले ०६७ माघ २५ गते सरस्वती पूजामा दलित शिक्षक तथा विद्यार्थीलाई टीका तथा प्रसाद लगाउने क्रममा छुट्टै पातमा दिएकाले दलित शिक्षक तथा विद्यार्थीहरूले सरस्वती पूजा बहिष्कार गरे। सार्वजनिक स्थलमा जातीय विभेद गरेको भन्दै स्थानीय दलित अधिकारकर्मीले घटनाको विरोध गरेपछि प्रधानाध्यापक जोशीले ०६७ फागुन २१ गते विद्यालय प्रधानाध्यापक पदवाट राजीनामा दिँदै विभेद गरेकोमा माफी मागेपछि ०६७ फागुन २२ गते मेलमिलाप भएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति, सम्पत्ति कब्जा

एकीकृत माओवादीबाट

टीकापुर नपा- ९ निवासी टीकापुर एफएमका निर्देशक ४२ वर्षीय रेशमलाल चौधरी र सोही ठाउँका ४८ वर्षीय मीनबहादुर रावलले शक्तिको दुरपयोग गरी सरकारी जग्गा आफ्नो नाममा दर्ता गराएको अरोपमा ०६७ चैत १६ गते एकीकृत माओवादीका क्षेत्र नम्वर-१ का इन्चार्ज ३२ वर्षीय महेश बडुवालको नेतृत्वमा गएको माओवादी कार्यकर्ताहरूको एक समूहले चौधरीको पाँच कठ्ठा जग्गा र रावलको दुई कठ्ठा जग्गामा पार्टीको झन्डा गाडेर कब्जा भएको घोषणा गरे। चौधरीले मिडिया दुरुपयोग गरेको र रावलले सङ्कटकालमा नगरपरिषद्को अध्यक्ष पदमा रहेको समयमा शक्तिको दुरुपयोग तथा कानुनी मापदण्ड विपरीत जग्गा खरिद गरेकोले दुवै जनाको जग्गा कब्जा गरिएको एकीकृत माओवादीका जिल्ला इन्चार्ज हरि ज्ञवाली अखण्डले बताए। भारतीय राजदूत सुदलाई ०६७ चैत १५ गते टीकापुरमा आयोजित सांस्कृतिक कार्यक्रमको प्रमुख अतिथि बनाएको रिसमा आफूहरूको जग्गा एकीकृत माओवादीका कार्यकर्ताहरूले कब्जा गरेको रेशम चौधरीले बताए। हालसम्म पनि कब्जा गरिएको जग्गा पीडित पक्षलाई फिर्ता गरिएको छैन।

बहिर्गमित माओवादी लडाुकबाट

धनगढी नपा-५ हसनपुरस्थित संयुक्त राष्ट्रसङ्घीय विकास कोषको कार्यालयले ठगी गरेको आरोपमा ०६७ माघ २६ गते दार्चुला जिल्ला ग्वानी गाविस -६ निवासी बहिर्गमनमा परेका माओवादी लडाकु २४ वर्षीय चन्द्रसिंह रावल, सितोला गाविस-३ का वीरेन्द्र महता, डडेल्धुरा आलिताल गाविस-३ का हिमाल कार्की, बैतडी जिल्ला सिलासैनी गाविसका मानवहादुर साउद, बैतडी जिल्ला पुर्चौडी गाविस-६ का

भोजबहादुर बम, सोही जिल्ला शङ्करपुर गाविस- २ का शेरबहादुर धामी, सोही गाविस- २ का धनबहादुर धामीको नेतृत्वमा आएको एक समूहले कार्यालयका झ्यालका सीसा र गाडीहरूमा तोडफोड गऱ्यो। तोडफोडबाट राष्ट्रसङ्घीय विकास कोषका सवारी साधनहरू क्रमशः ६६-१-१८२० नम्बरको पिकअप जिप, ६६-१-३०४२ नम्बरको यु एन लेखेको मोटरसाइकल र म.१.ख ४५१८ नम्बरको मोटरसाइकलमा क्षति भयो। तोडफोडमा संलग्न सबै जनालाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा तोडफोडमा नेतृत्वदायी भूमिका खेलेको भन्दै चन्द्रसिंह रावलको नाममा ०६७ माघ २७ गते सार्वजानिक ऐन २०२७ अर्न्तगत मुद्दा दर्ता गरेपछि गिरफ्तार परेका अन्य छ जनालाई रिहा गरिएको थियो। संयुक्त राष्ट्रसङ्घीय विकास कोष अर्न्तगत अयोग्य लडाकूहरूलाई तालिमका लागि प्रति व्यक्ति ४ हजार ८ सय रुपियाँ दिने बताएको भए पनि आफूहरूलाई जम्मा २ हजार ५ सय रुपियाँ मात्र दिने गरेकाले आफूहरूले त्यसको विरोधमा तोडफोड गरेको चन्दले बताए। घटनामा संलग्न भनिएका चन्द्रसिंह रावललाई जिल्ला प्रशासन कार्यालयले ०६८ फागुन २० गते तारेखमा रिहा गऱ्यो।

विगतको अनुगमन

चौमला गाविस- ८ का ३० वर्षीय शिवराज जोशीले ०६७ साउन ३० आफ्नी २५ वर्षीया पत्नीलाई बच्चा पाउन नसकेको भन्दै उपचारका लागि भारत लगे। उपचारककै क्रममा जोशीले ०६७ पुसमा भारतीय नागरिक सेतु भाटलाई ३० हजार भारतीय रुपियाँमा भारतको गुजरातमा बिक्री गरेका थिए। मसुरीया गाविस- ६ घर भएका पीडितका बाबु डिल्ली जोशीले ०६७ फागुन २४ गते जोशीका नाममा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि ०६७ फागुन २५ गते जिल्ला प्रहरी कार्यालयले जोशीलाई गिरफ्तार गरी मानव बेचबिखन तथा ओसारपसार ऐन २०६४ अर्न्तगत ०६७ फागुन २५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको थियो। जोशीलाई ०६८ असार २२ गते जिल्ला अदालत कैलालीका सम्मानीय न्यायाधीश नारायणप्रसाद धितालको एकल इजालसले मानव बेचविखन तथा ओसारपसार ऐन २०६४ दफा ४ क बमोजिम २० वर्ष कैद सजाय र २ लाख रुपियाँ जरिवानाको फैसला गऱ्यो। बेचिएकी महिला भने स्वदेश फर्किन सकेकी छैनन्। पीडित महिलालाई स्वदेश फर्काउन भारतीय प्रहरीसँग परामर्श भइरहेको भइरहेको वकिल गम्भीरसिंह ऐरले जानकारी दिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	७		
उपस्वास्थ्यचौकी	३०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२८	२३	५
स्टाफ नर्स	१८	१६	२
ल्याब असिस्टेन्ट	८	६	२
अहेब	६०	५६	४
अनमी	३६	३६	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१३	२
स्वास्थ्य कार्यकर्ता	७२	६५	७

५.२ अछाम

जनसङ्ख्या : २,५८,०२२
पुरूष : १,२०,३६७
महिला : १,३७,६५५
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,६८०
गाविस/नपा सङ्ख्या : ७५/०
सरकारी/निजी विद्यालय : ४३८/८
क्याम्पस/उच्च मा.वि. : २/२३
मानव विकास सूचकाङ्कः ०.३५०
प्रतिपरिवार सरदर सङ्ख्याः ५.१३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

विस्फोटक पदार्थबाट

बिन्देवासिनी गाविस- ७ खिमाडाका १२ वर्षीय विक्रम साउदको ०६८ असार ३१ गते बम विस्फोटनमा परी मृत्यु भयो भने सोही गाविस- ७ खिमाडाकी ५ वर्षीया कविता साउद घाइते भइन्। गोरू चराउन गएको समयमा गाउँनजिकैको मुङ्ग्रा खोलामा बेवारिसे अवस्थामा भेटिएको बम खेलाउँदा विस्फोटन भई विक्रमको मृत्यु भएको थियो भने कविता घाइते भएकी थिइन्। घाइते कविताको स्थानीय मेल्लेख स्वास्थ्य चौकीमा उपचार हुन नसकेपछि जिल्ला अस्पताल, अछाममा थप उपचार गरिएको थियो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३८ र कैद नतोकिएका तीन कैदी र थुनुवा गरी जम्मा ४१ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ३७ जना र महिला चार जना रहेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४४ मध्ये ३२ फैसला भए भने १२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ पाँचमध्ये चार फैसला भए भने एक फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १५ मध्ये छ फैसला भए भने नौ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ चारमध्ये चार फैसला हुन बाँकी रहे।

जिल्ला न्यायाधिवक्ताको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २४ छ जसमध्ये ११ सफल भए भने छ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या पाँच पुनरावेदन परेको छ। दुई वर्ष नाघेका मुद्दा सङ्ख्या दुई रहे। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म सात मुद्दा बाँकी रहेको उक्त कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा आठमध्ये एक सफल र तीन असफल रह्यो भने चार फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा चारमध्ये चारै सफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ९४ हजार ५ सय ६७ मध्ये छात्र ५४ हजार ४५ र छात्रा ४२ हजार ६ सय १२ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १६ हजार ८ सय १२ र छात्र १८ हजार १ सय १४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ४ सय १८ र पुरुष १ हजार ५ सय ९४ गरी जम्मा २ हजार १३ जना शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ४८ र पुरुष ४ सय २७ गरी जम्मा ४ सय ७५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ५ र पुरुष २ सय ७९ गरी जम्मा २ सय ८४ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ५ हजार ४ सय ७९ र बालिका ५ हजार ७ सय ६८ गरी जम्मा

११ हजार २ सय ४७ रहेका छन् जसमध्ये दलित बालक १ हजार २३ र बालिका १ हजार १ सय ६० छन्।

यस जिल्ला शिक्षा कार्यालयले शिक्षा सम्बन्धी सबै तथ्याङ् अद्यावधिक गरिएको पाइएन। जिल्लामा २५ वटा निजी विद्यालय रहेको भए पनि २ वटा विद्यालयले मात्र जिल्ला शिक्षा कार्यालयमा विद्यार्थी तथ्याङ्क बुझाएका छन्। यस्तै जिल्ला शिक्षा कार्यालयका शाखा अधिकृत काजका जिल्ला बाहिर गएको र अर्को नआइसकेकाले विद्यालय जाने उमेरका बालबालिका र पढाई छोड्ने बाल बालिकाको तथ्याङ्क अद्यावधिक नभएको जिशिकाले जनायो।

बन्द/हड्ताल

अछाम जिल्लाको कुष्कोट गाविस-४ मा पर्ने मालिका प्रस्तावित निमाविमा नयाँ शिक्षक नियुक्ति गर्ने विषयमा ०६८ भदौ २६ गते अभिभावकहरू बीचमा विवाद सृजना भएपछि असन्तुष्ट पक्षका दल साउदलगायतका अभिभावकहरूले तालाबन्दी गरेका कारण उक्त विद्यालयमा अध्ययनरत २ सय ७० जना विद्यार्थी चार दिनसम्म पठन पाठनबाट वञ्चित भए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नौले साउद तथा प्रअ बीरबहादुर साउदसहितले शिक्षा कार्यालयबाट विद्यालयलाई प्राप्त निमावि शिक्षक राहत कोटामा सोही विद्यालयको प्रावि तहमा कार्यरत शिक्षक चन्द्रबहादुर साउदलाई नियुक्त गर्ने निर्णय गरेको भन्दै असन्तुष्ट पक्षका अभिभावकहरूले विद्यालयमा तालाबन्दी गरेका थिए। चार दिनसम्म पनि विद्यालयमा लगाइएको ताला नखोलिएपछि अभिभावकहरूले मल्लेखस्थित प्रहरी चौकीलाई आग्रह गरेका थिए। मेल्लेखबाट गएको प्रहरी टोली र सबै अभिभावकबीचमा छलफल हुँदा विद्यालयमा लगाइएको ताला ०६८ भदौ २९ गते खोल्ने सहमतिपछि पठन पाठन सुचारू भएको थियो।

जुलुसमा सहभागिता

षोडशा उमावि मङ्गलसैनका करिब ५० जना विद्यार्थीलाई विद्यालय सञ्चालन भइरहेको समयममा ०६७ माघ २६ गते अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ताले उनीहरूले आयोजना गरेको कार्यक्रमका जबरजस्ती लगे। विद्यार्थीका हकहित तथा विद्यालयले लिने गरेको शुल्कको बारेमा जिल्ला शिक्षा कार्यालयमा ज्ञापनपत्र दिने भन्दै ती बालबालिकालाई जुलुसमा सहभागी गराएका थिए।

पुस्तक अभाव

अछाम जिल्लाका निमावि र मावि तहमा अध्ययनरत अधिकांश विद्यार्थीहरूले ०६८ भदौ १० गतेसम्म पाठ्यपुस्तक पाएनन्। कक्षा ६, ७ र ८ मा अध्ययनरत अधिकांश विद्यार्थीले अङ्ग्रेजी, गणित र नेपाली किताब नपढी प्रथम त्रैमासिक परीक्षामा सहभागी भए। समयमै किताब नपाउँदा जिल्लाका विन्देवासिनी, तिमिल्सैन, जनालीवण्डालीलगायतका क्षेत्रका विद्यार्थीहरू बढी प्रभावित भएका थिए। जिल्लास्थित पुस्तक व्यवसायीहरूले साझा प्रकाशनले मागेजति पुस्तक भनेको समयमा उपलब्ध नगराएका कारण पुस्तक अभाव भएको बताए। सरकारले १० कक्षासम्म सबै विद्यार्थीलाई निःशुल्क रूपमा पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गरे पनि अछामका विद्यार्थीहरूले केहीले भदौ मसान्तमा मात्र पुस्तक पाए भने केहीले मङ्सिर मसान्तसम्म पनि नयाँ किताब नपाएर पुरानै किताब खोजेर पढिरहेको बताए। जिल्ला शिक्षा कार्यालयले भने विद्यालयलाई पाठ्यपुस्तक खरिदका लागि पहिले नै विद्यालयको खातामा रकम जम्मा गरिसकेको जनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

विनायक गाविस-८ की ७ वर्षीया एक बालिकालाई ०६८ असार ४ गते सोही गाविस-८ का २० वर्षीय नन्द कामीले घरआँगनमा खेलिरहेको अवस्थामा बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६८ असार ५ गते विनायक प्रहरी चौकीमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्यपरीक्षण र उपचार जिल्ला अस्पताल मङ्गलसैनमा सोही दिन भयो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्ममा मुद्दा विचाराधीन छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बहुविवाह

वलीगाउँ गाविस- ९ का २८ वर्षीय दीपक रावलले कञ्चनपुरको दैजीकी २२ वर्षीया धना खातीसँग दोस्रो विवाह गरे। आफू हुँदाहुँदै पतिले सौता हालेको आरोपमा दीपककी पत्नी २५ वर्षीय वसन्ती थापा (रावल) ले ०६८ पुस १ गते जिल्ला प्रहरी कार्यालय अछाममा बहुविवाहको मुद्दा दर्ता गरिन्। वसन्तीले मुद्दा दर्ता गरेलगत्तै प्रहरीले दीपक र धना दुवैलाई पुस १ गते बेलुकी नै गिरफ्तार गरेर पुर्पक्षका लागि हिरासतमा

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१		१
बालअधिकार			१		१
आथिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			
महिलाअधिकार			२		२
हत्या				१	१
जम्मा	**१**	**१**	**४**	**१**	**५**

राख्यो। वसन्तीले दीपकसँग ०६० माघ ९ गते विवाह भएको र आफूसँग ६ वर्षको छोरी समेत रहेको बताइन्। विवाह गरेको केही महिना पछिदेखि सासू ससुराबाट आफूले यातना खेप्दै आएको वसन्तीले बताइन्। सासूले पटक पटक पिट्ने र नानाथरीको आरोप लगाउने गरेपछि यातना सहन नसकी ०६६ वैशाख ९ गतेदेखि छोरीसँगै छुट्टै कोठा लिएर बस्दै आएको वसन्तीले बताइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति, सम्पत्ति कब्जा बहिंगमित माओवादी लडाकुबाट

आफूहरूले आह्वान गरेको सुदूरपश्चिम बन्दको अवज्ञा गरेको भन्दै ०६८ पुस १४ गते बिहान अनमिनको वर्गीकरणमा नपरेका माओवादीका पूर्व लडाकुहरूले अछामको मङ्गलसैन गाविस- ९ तोलागडा नजिक गुडिरहेकै अवस्थामा सुदूरपश्चिम यातायातको ना. २. ख. ७५४७ नम्बरको बसलाई तोडफोड गरे। कैलालीको टीकापुरबाट अछाम सदरमुकाम आउँदै गरेको अवस्थामा बन्दकर्ताले टाढाबाट ढुङ्गा प्रहार गरेर बसको अगाडिको सीसा, चालक निस्कने ढोकाको सिसा तोडफोड गरेको बसका मालिक तथा चालक मदनराज जोशीले बताए। बस तोडफोड भएपछि बसमा सवार बिरामीहरू समेत बिचल्लीमा परे। सोही बसमा बसेर जिल्ला अस्पताल लगिँदै गरेकी झाडापखालाको बिरामी मङ्गलसैन गाविस- ८ की ३५ वर्षीया कलसी धामीलाई उनका आफन्तले पिठ्युँमा बोकेर नै जिल्ला अस्पताल पुऱ्याएका थिए। यसैगरी टीकापुरबाट घर आउँदै गरेकी बान्नातोली गाविस - ४ की ७० वर्षीया बिरामी नन्दाकली बिष्ट पनि बसमा अलपत्र परिन्। यसरी बाटो मै यात्रुहरू अलपत्र गरेपछि प्रहरीले स्कर्टिङ गरेर उक्त बसलाई बसपार्क पुऱ्याएको थियो। तोडफोडबाट करिब ४० हजार रुपियाँ बराबरको क्षति भएको भन्दै बस मालिकले क्षतिपूर्तिका लागि ०६८ पुस १५ गते नै जिल्ला प्रशासन कार्यालय, अछाममा निवेदन दिएकोमा एकीकृत नेकपा माओवादीका अछाम जिल्ला सचिव रामप्रसाद तिमिल्सिनाले बसमा क्षतिभएको रकम पार्टीले तिर्ने बताएपछि उनको नाममा बिल अनुसारको रकम तिर्ने कागज बनाइएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	६०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	१	३
स्टाफ नर्स	५	२	३
ल्याब असिस्टेन्ट	३	१	२
अहेब	६८	७४	१४
अनमी	१८	१८	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	९	४
स्वास्थ्य कार्यकर्ता	१३५	१०८	२७

अछामको ठाँटी गाविस- १ की २७ वर्षीय सरस्वती शाहको ०६८ भदौ २८ गते स्थानीय उपस्वास्थ्य चौकीमा स्वाथ्यकर्मीको अभावमा उपचार नपाएर मृत्यु भयो। आफ्नै गोठमा ०६८ भदौ २७ गते राती बच्चा जन्माएकी शाहलाई अत्यधिक रक्तश्राव भएपछि उपचारका लागि दिउँसो मात्र स्थानीय उपस्वास्थ्य चौकीमा पुऱ्याउँदा त्यहाँ कार्यरत स्वास्थ्यकर्मी स्वास्थ्य संस्थामा उपलब्ध नहुँदा जानकीको उपचार नपाएर मृत्यु भयो। उनलाई थप उपचारका लागि अन्यत्रै लैजाने तयारी गर्दागर्दै उपस्वास्थ्य चौकीमै उनको मृत्यु भएको थियो।

विगतको अनुगमन

दार्चुल्ला धुलिगडा गाविस- ६ स्थायी घर भएकी महिला प्रहरी जवान सुन्तली धामी ०६६ असोज ११ गते दशैँको नवमीको दिन जिल्ला प्रहरी कार्यालय अछाममा कार्यरत उनकै सहकर्मीबाट बलात्कृत भएको मुद्दाको ०६८ मङ्सिर २२ गते जिल्ला अदालत, अछामले फैसला गर्दै तीन जनालाई कैद सजाय सुनायो। जिल्ला न्यायाधीश प्रकाश खरेलको एकल इजलासले उक्त मुद्दाको फैसला गर्दै बलात्कारमा संलग्न दार्चुला ब्रहमदेव गावसि-६ स्थायी ठेगाना भएका ३२ वर्षीय प्रहरी हवलदार वीरेन्द्र बमलाई मुलुकी ऐनको जबरजस्ती करणीको दफा ३(५) अनुसार ६ वर्ष कैद र दफा १० बम्मोजिम १ लाख रूपियाँ क्षतिपूर्ति तथा र बैतडी देहीमाण्डौ गाविस-७ का २७ वर्षीय करवीर थलाल र बैतडी जिल्ला बासुलिङ गाविस- ८ का २५ वर्षीय प्रहरी जवान जगदीश पाण्डेलाई मुलुकी ऐनको जबरजस्ती करणीको दफा ४ बमोजिम ३/३ वर्ष कैद सजाय सुनाइयो। पीडितको शारीरिक, मानसिक र मनोवैज्ञानिक पीडाको क्षति तथा प्रतिवादीको आर्थिक अवस्था हेरी बमलाई १ लाख रूपियाँ क्षतिपूर्ति भराउनुपर्ने फैसलामा उल्लेख गरिएको छ।

५.३ डोटी

जनसङ्ख्या : २,११,८२७
पुरूष : ९७,००७
महिला : १,१४,८२०
साक्षरता प्रतिशत : ५१
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : २,०२५
गाविस/नपा सङ्ख्या : ५०/१
सरकारी/निजी विद्यालय : ३८०/१७
क्याम्पस/उच्च मा.वि. : १/२४
मानव विकास सूचकाङ्कः ०.४२०
प्रतिपरिवार सरदर सङ्ख्याः ४.९९

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ४५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २९ र कैद नतोकिएका सात कैदी र थुनुवा गरी जम्मा ३६ जना बन्दीहरू रहेका छन्। यो वर्ष अधिकांश जबरजस्तीकरणी, बलात्कार तथा ज्यान मुद्दामा जेल चलान गरिएका थुनुवाहरू रहेका कारागार प्रमुख पुष्कर खड्काले बताए। कारागारमा महिला बन्दी राख्ने छुट्टै कक्ष नभएका कारण कारागार व्यवस्था विभागको सहयोगमा भित्रै नयाँ महिला थुनुवा कक्षको निर्माण भइरहेको प्रमुख खड्काले बताए। कैदीहरूले कारागारभित्र सेवा सुविधा ठीकै रहेको तर, सीपमूलक तालिमको व्यवस्था गर्न माग गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ आठमध्ये आठ फैसला भए। देवानी मुद्दातर्फ १५ मध्ये तीन फैसला भए भने १२ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २४ मध्ये तीन फैसला भए भने २१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २१ मध्ये नौ फैसला भए भने १२ फैसला हुन बाँकी रहे।

पुनरावेदन अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ७८ मध्ये १ सय १४ फैसला भए भने ६४ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७९ मध्ये २५ फैसला भए भने ५४ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ४१ मध्ये १८ फैसला भए भने १ सय २३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६६ मध्ये १५ फैसला भए भने ५१ फैसला हुन बाँकी रहे।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
महिलाअधिकार	६		६
जातीय विभेद		३	३
कुटपिट	१		१
जम्मा	**७**	**३**	**९**

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७१ हजार ४ सय १० मध्ये छात्र ३६ हजार ७ सय ६३ र छात्रा ३४ हजार ६ सय ४७ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १५ हजार ६ सय ७४ र छात्र १४ हजार ३३८ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ सय ९० र पुरुष ८ सय ७७ गरी जम्मा १ हजार ६७ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला २३ र पुरुष २ सय ४३ गरी जम्मा २ सय ६६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ३ र पुरुष १ सय ७९ गरी जम्मा १ सय ८२ शिक्षक रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बहुविवाह

डडेल्धुरा जिल्ला अमरगढी नपा-५ तुफानडाँडा घर भई हाल छतिवन गाविस- ४ बुडरमा अध्यपन गरी बस्ने ३६ वर्षीय राजेन्द्रप्रसाद नगरकोटीले ०६८ वैशाख २ गते बहुविवाह गरेको आरोपमा ०६८ जेठ २५ गते उनी र उनकी कान्छी पत्नी खण्डु लामालाई प्रहरीले गिरफ्तार गऱ्यो। जेठी पत्नी जमुना नगरकोटीले जिल्ला प्रहरी कार्यालयमा ०६८ वैशाख २ गते दिएको निवेदनको आधारमा विहावारीको महलअन्तर्गत जिल्ला अदालत डोटीमा मुद्दा पठाएपछि जिल्ला न्यायाधीश प्रकाश खरेलको ०६८ असार २० गतेको आदेश बमोजिम दुवै जनालाई जनही ५०-५० हजारका दरले १ लाख रुपियाँ धरौटी लिई तारेखमा रिहा गऱ्यो। यस वर्षको अन्त्यसम्ममा मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

सबै प्रकारका जातीय विभेद

कलेना गाविस- ३ का १० वर्षीय शिवबहादुर कामीले घर छोएको आरोपमा ०६८ असोज १५ गते सोही गाउँका ६० वर्षीय बाले साउदले आफ्नै घरभित्र कुटपिट गरी घाइते बनाए। बाले साउदको छोरा र पीडित शिवबहादुर कामी गाईगोरु चराउन जङ्गलमा गएको समयमा साउदका छोराले आफ्नो घरमा गई कापी र डट्पेन मागेर ल्याउन लगाएको र कापी र डट्पेन लिन गएको समयमा साउदकी छोरी डल्ली साउदले घरभित्र थुनी राखेको समयमा आफूलाई कुटपिट गरिएको पीडित बालकले बताए। कारबाही र बालकको उपचारमा सहयोग गरिदिन आग्रह गर्दै पीडितका बुबा घनी कामीले सोही दिन जिल्ला प्रहरी कार्यालय, डोटीमा निवेदन दिए। जिल्ला प्रहरी कार्यालय, डोटीले ०६८ असोज १८ गते दुवै पक्षलाई बोलाई छलफल गराउँदा पीडितको उपचार खर्च वापत ५ हजार रुपियाँ दिने सर्तमा दुवै पक्षबीच मेलमिलाप भयो।

पचनाली गाविस-६ का करन नेपालीलाई ०६८ असार १३ गते सोही ठाउँका ४० वर्षीय कर्ण मल्लले खानेपानीको विषयमा सामान्य विवाद हुँदा 'तिमी डुमसँगै हामी पानी खादैनौँ, बढी गरेमा गाउँ निकाला गरिदिन्छु, घरमा आगो लगाईदिन्छ' भन्दै अपशब्द प्रयोग गरी गालीगलौज गर्नुका साथै मार्ने धम्की समेत दिए। धम्कीबाट डराएका करन नेपालीले घटनाको यथार्थ बुझी ज्यान सुरक्षा गरिदिनुका साथै गालीगलौज गर्ने व्यक्तिलाई कारबाहीको माग गर्दै ०६८ असार १४ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। प्रहरीले ०६८ असार १६ गते दुवै पक्षलाई बोलाई छलफल गराउँदा मल्लले आफूले गाली बेइज्जती गरेको कुरा स्वीकार गर्दै उप्रान्त दुर्व्यवहार नगर्ने र गरेमा कानुनी सजाय भोग्न तयार रहने प्रतिबद्धता जनाएपछि दुवै पक्षबीच मेलमिलाप भयो।

विगतको अनुगमन

ओसारपसार

दीपायल सिलगढी नपा- ३ का २६ वर्षीय दीपेन्द्र सोपले ०६७ वैशाखमा आफ्नी पत्नीलाई पञ्जाबको खान्ना भन्ने स्थानमा पुऱ्याई बिक्री गरे। 'पञ्जाब गएर नोकरी गरौँ' भनी फकाएर पञ्जाब पुऱ्याएपछि उनले ५० हजार रुपियाँमा बिक्री गरेर आफू फरार भएका थिए। पीडितले नेपाल फर्किन धेरै प्रयास गर्दा पनि सफल नभएपछि मालिकसँग लुगा किन्ने निहुँ बनाएर भाग्न सफल भएको बताइन्। पञ्जाबबाट भागेर नेपाल फर्किएकी पीडितले डोटीमा आएपछि

०६८ कात्तिक ७ गते जिल्ला प्रहरी कार्यालय डोटीमा पतिका विरुद्ध उजुरी दिइन र सोही दिन प्रहरी कार्यालयको टोलीले दीपेन्द्र सोपलाई गिरफ्तार गरी हिरासतमा राखेको छ। हाल उनीमाथि मानव बेचविखनको मुद्दा चलाइरहेको इन्स्पक्टर कृष्णानन्द ओझाले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	३४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	२	२
स्टाफ नर्स	६	४	२
ल्याब असिस्टेन्ट	५	५	
अहेब	६०	५८	२
अनमी	२५	१८	७
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	२०	१०	१०
स्वास्थ्य कार्यकर्ता	९०	७७	१३

५.४ बाजुरा

जनसङ्ख्या : १,३५,५०६
पुरूष : ६५,८९३
महिला : ६९,६१३
साक्षरता प्रतिशत : ३९
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : २,१८८
गाविस/नपा सङ्ख्या : २७/०
सरकारी/निजी विद्यालय : २२९/३
क्याम्पस/उच्च मा.वि. : ४/८
मानव विकास सूचकाङ्कः ०.३१०
प्रतिपरिवार सरदर सङ्ख्याः ५.४५

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

छतारा गाविस-६ निवासी एकीकृत माओवादीको जिल्ला समितिका सचिवालय सदस्य ३२ वर्षीय टेकबहादुर बुढा ०६७ पुस १९ गते स्थानीय त्रिभुवनेश्वरी उच्चमावि छेउनजिकै मृत फेला परे। अघिल्लो साँझ गाउँनजिकैको चिया पसलमा देखिएका उनको शरीर तथा पिठ्यूँमा नीलडाम थिए। लासको ०६७ पुस २१ जिल्ला अस्पताल मार्तडीमा पोस्टमार्टम गरियो। उनको हत्या भएको भन्दै आफन्तले ०६७ पुस २० गते अनुसन्धानको माग गर्दै जाहेरी गरेका थिए। जिल्ला प्रहरी कार्यालयले घटनाको अनुसन्धान गरिरहेको जनायो।

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता

२५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका २५ र कैद नतोकिएका १० कैदी र थुनुवा गरी जम्मा ३५ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ३३ जना र महिला दुई जना रहेका छन्।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

बैतडी जिल्ला नवादेउ गाविस- ८ निवासी जिल्ला प्रशासन कार्यालय बाजुराका नायब सुब्बा ३१ वर्षीय जयबहादुर कुँवरले भनेअनुसार काम नगरेको आरोपमा ०६८ जेठ २७ गते एकीकृत माओवादीका सचिवालय सदस्य विनीता विकले कुँवरको कार्यकक्षमै चप्पल हिर्काउने धम्की दिँदै दुर्व्यवहार गरिन्। सरकारले स्थानीय शान्ति समितिको सिफारिसमा जिल्ला प्रशासन कार्यालयमार्फत उपलब्ध गराउने राहत विवरणको नामावली सच्याएर आफू अनुकूलको व्यक्तिको नाम समावेश गर्न दबाब दिएपछि आफूले त्यसो गर्न नसकिने बताएका कारण आफूमाथि दुर्व्यवहार भएको कुँवरले बताए। पीडितले कुनै निकायमा लिखित उजुरी भने दिएनन्।

मार्तडी गाविस-८ मार्तडीका २२ वर्षीया खण्टी नेपालीलाई ०६८ भदौ ६ गते आफ्ना कार्यकर्तालाई जागिरमा उत्तीर्ण नगराएको आरोपमा एकीकृत माओवादीका राज्य समिति सदस्य दीपक बुढाले गालीगलौज गरे। राष्ट्रिय दलित समाज कल्याण सङ्घको कार्यालय सहयोगी नेपालीलाई मार्तडी बजारमा 'मनपरी गर्ने' भन्दै गालीगलौज गरी दुर्व्यवहार गरेको कार्यालयका प्रमुख मीनबहादुर रिठामेलीले बताए। पीडितले आफूमाथि बिनाकारण दुर्व्यवहार गरिएको भन्दै भदौ ११ गते सामुदायिक प्रहरी सेवा केन्द्र मार्तडीमा लिखित उजुरी दिइन्। केन्द्रले भदौ १५ गते दुवै पक्षलाई कार्यालयमा बोलाएर छलफल गऱ्यो। छलफलका क्रममा बुढाले आफ्नो गल्ती स्वीकार गरेपछि दुवै पक्षबीच मेलमिलाप भएको थियो। सङ्घले दलित समुदायमा फोटोसहितको मतदाता नामावली कार्यक्रममा समावेश हुन नसकेकाहरूका लागि नामावली सङ्कलन कार्यक्रमका लागि कर्मचारी भर्ना गर्दा आफूले सिफारिस गरेको व्यक्तिलाई छनोट नगरेको आरोपमा नेपालीमाथि बुढाले दुर्व्यवहार गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २२ मध्ये १५ फैसला भए भने सात फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ तीनमध्ये दुई फैसला भए भने एक फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २४ मध्ये एक सफल र २३ असफल रह्यो। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या दुई पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५० हजार १ सय ४८ मध्ये छात्र २५ हजार २ सय ४० र छात्रा २४ हजार ९ सय ८ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ४ सय ३४ र छात्र ७ हजार ६ सय ८६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला १ सय ५३ र ३ सय ९८ गरी जम्मा ५ सय ५१ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा महिला १ र पुरुष १ सय ३२ गरी जम्मा १ सय ३३ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला १ र पुरुष ७१ गरी जम्मा ७८ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक २ हजार ४ सय १० र बालिका २ हजार १ सय ९४ गरी जम्मा ४ हजार ६ सय ४ रहेका छन् जसमध्ये दलित बालक ४ सय ५० र बालिका ५ सय ३४ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा

जगन्नाथ गाविस-२ हुनिकी २४ वर्षीया थुमुरा विष्टलाई ०६७ फागुन ९ गते उनका पति हरिचन्द्र विष्टले डेरा गरी बस्दै आएको घरमा बिनाकारण कुटपिट गरी घाइते बनाए। कुटपिट गर्दा उनी गर्भवती थिइन्। पीडितले जिल्ला प्रहरी कार्यालय बाजुरामा पति

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	१	३			
महिलाअधिकार				१		१
जातीय विभेद				१		१
कुटपिट				१	३	३
धम्की				१	१	३
हत्या					१	१
जम्मा	**३**	**१**	**३**	**५**	**४**	**९**

र सम्झना विरुद्ध ०६८ वैशाख २६ गते बहुविवाहको जाहेरी दर्ता गरिन्। उजुरीपछि विष्टसहित सम्झना विष्टलाई ०६८ असोज २६ गते काठमाडौंको महाराजगञ्जबाट गिरफ्तार गरी ०६८ असोज ३० जिल्ला कारागार बाजुरामा पुर्पक्षका लागि चलान गरिएको छ। पतिको कुटपिटका कारण यसअघि आफ्नो गर्भका पाँचओटा बच्चा खेर गएका उनले बताइन्।

सबै प्रकारका जातीय विभेद

बाँधु गाविस-७ की ३० वर्षीया माता विकलाई उनकै परिवारका सदस्यहरूले 'दलित अछुत परिवारकी छोरी' भन्दै ०६७ पुस २० गते दुर्व्यवहार गरे। चार वर्ष पहिले स्थानीय गोरखबहादुर भण्डारीसँग अन्तरजातीय विवाह गरेलगत्तै घर परिवार र समाजका डरले भारत विस्थापित भएका उनीहरू ०६७ पुस १८ गते घर फर्किएका थिए। घर फर्किनासाथ आफूलाई सासूससुराको प्रभावमा परेर पति भण्डारीले समेत 'अछुत, डुम' भन्दै लगातार दुर्व्यवहार गर्ने गरेको पीडितले बताइन्। पीडितहरूले न्यायका लागि भने कानुनी निकायमा लिखित उजुरी दिइनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्यान्न सङ्कट

जिल्लाका बिच्छ्रयाँ, काँडा, जयबागेश्वरी, गुदुखाती, डोगडी, आटीचौर, छतारा, कैलाशमाण्डौं, मार्तडी, बाँधु, वाई, जुकोट, दहकोट, जगन्नाथ, रुगीन, साप्पाटा गाविसका बासिन्दाहरूलाई ०६७ चैत्र महिनामा खाद्य सङ्कट भयो। जिल्ला खाद्य सुरक्षा सञ्जालले जिल्लाका अधिकांश गाविसका बासिन्दालाई खाद्य सङ्कट भएको जनाउँदै उनीहरूलाई तत्काल खाद्य प्रबन्ध गर्न विश्व खाद्य सङ्गठन लगायतका निकायलाई आग्रह गऱ्यो।

संरचना, सम्पत्ति क्षति

अज्ञात समूहबाट

बाह्रबीस गाविसस्थित त्रिशक्ति उच्चमाविमा ०६७ माघ ३ गते राति अज्ञात समूहले तोडफोड गरी क्षति पुऱ्यायो। सदरमुकाम मार्तडीदेखि १५ कोसको दुरीमा रहेको यो विद्यालयको प्रशासन कोठामा तोडफोड गरी क्षति पुऱ्याइएको थियो। तोडफोडबाट कार्यालयभित्र रहेका फर्निचरहरू, लिथो मेसिनलगायत १५ हजार रुपियाँ मूल्य बराबरको क्षति भएको विद्यालय प्रशासनले जनायो।

सदरमुकाम मार्तडीमा रहेको मालिका उच्चमाध्यामिक विद्यालयमा ०६७ माघ ४ गते राति अज्ञात समूहले तोडफोड गरी क्षति पुऱ्यायो। बजार क्षेत्रमा रहेको यस विद्यालयको प्रशासन तथा स्टोर शाखामा तोडफोड गरी उपकरण लगायत अन्य सामग्रीमा क्षति पुऱ्याइएको थियो।

गुदुखाती गाविसस्थित भवानी माध्यमिक विद्यालयमा ०६८ पुस ३ गते राति अज्ञात समूहले तोडफोड गरी क्षति पुऱ्यायो। सदरमुकाम मार्तडीदेखि १४ कोसको दुरीमा रहेको प्रशासन कोठामा तोडफोड गरी कार्यालयमा रहेका विभिन्न सामग्रीहरूमा क्षति पुगेको थियो। तोडफोडबाट १५ हजार रुपियाँ बढीको क्षति भएको विद्यालय प्रशासनले जनायो।

स्वास्थ्य सेवाको अवस्था

गोत्री गाविस-५ थारीकाँडाकी ४० वर्षीया नन्दुदेवी डडालले प्रसुती स्वास्थ्य सेवा नपाएकाले ०६७ चैत ५ गते कोल्टीमा उनको मृत्यु भयो। प्रसुती व्यथा लाग्नेबित्तिकै पाँच दिनअघि नै कोल्टी प्राथमिक स्वास्थ्य चौकी पुऱ्याइएकी नन्दुदेवीलाई स्वास्थ्यकर्मीहरूले शल्यक्रिया गर्नु पर्ने बताउँदै नेपालगञ्ज रिफर गरेका थिए। तर, नेपालगञ्ज विमानस्थलमा हवाई भाडादर वृद्धिको विरोधमा हडताल गरिएकाले कोल्टीबाट हवाइउडान नभएकाले उनलाई नेपालगञ्ज लग्न नसकेका कारण हवाई अड्डा छेवैमा रहेको कोल्टी प्राथमिक स्वास्थ्य चौकीमा उनको मृत्यु भएको थियो।

बिच्छ्रयाँ गाविसमा रहेको बिच्छ्रयाँ उप-स्वास्थ्य

चौकीमा विगत डेढ वर्षदेखि स्वास्थ्यकर्मी नहुँदा गाविसका करिब २ हजारभन्दा बढी स्थानीय बासिन्दाहरू प्राथमिक स्वास्थ्य उपचारबाट वञ्चित भएका छन्। सदरमुकाम मार्तडीदेखि ४० कोस टाढा रहेको यस उप-स्वास्थ्य चौकीमा एक जना अहेवसहित चार जनाको दरबन्दी छ। तर, दुर्गम भएकाले यस चौकीमा वर्ष दिनदेखि स्वास्थ्यकर्मी नभएर पियनले कार्यालय सञ्चालन गर्दै आएका छन्।

टाँटे स्वास्थ्य चौकीमा रहेको खोप चिस्याउने मेसिन डिफ्रिज बिग्रेर काम नलाग्ने भएपछि जिल्लाको दक्षिणी क्षेत्रका एघार गाविसका झण्डै ७ सय महिला तथा बालबालिकाहरू ०६८ साउन महिनामा खोप सेवाबाट वञ्चित भए। कुल्देवमाण्डौ, ब्रम्हतोला, बाह्रबीस, तोली, छतारा, कैलाशमाण्डौं, आटीचौर, डोगडी, गुदुखाती, काँडा र जयबागेश्वरी गाविसका करिब ७ सय भन्दा बढी महिला तथा बालबालिकाहरू खोप सेवाबाट वञ्चित भएका थिए।

अस्पताल	१		
स्वास्थ्यचौकी	२५		
उपस्वास्थ्यचौकी	२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	२	१
स्टाफ नर्स	३	२	१
ल्याब असिस्टेन्ट	२	२	
अहेब	३२	३१	१
अनमी	१६	१६	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१४	१
स्वास्थ्य कार्यकर्ता	४१	३५	६

५.५ बझाङ

जनसङ्ख्या : १,९६,२७७
पुरूष : ९३,९१२
महिला : १,०२,३६५
साक्षरता प्रतिशत : ४२
महिला साक्षरता प्रतिशत : २३
क्षेत्रफल (वर्ग कि. मि.) : ३४२२
गाविस/नपा सङ्ख्या : ४७/०
सरकारी/निजी विद्यालय : ३९८/९
क्याम्पस/उच्च मा.वि. : १/२७
मानव विकास सूचकाङ्कः ०.३४३
प्रतिपरिवार सरदर सङ्ख्याः ५.६४

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १६ र कैद नतोकिएका नौ कैदी र थुनुवा गरी जम्मा २५ जना बन्दीहरू रहेका छन्। जिल्ला कारागार सबै भवनहरू जीर्ण अवस्थामा रहेको र बाहिरी पार्खाल नभएको, पानी सुचारु नभएको जस्ता समस्या रहेको जेलर गोरखबहादुर धामीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ७४ मध्ये १६ फैसला भए भने ५८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७१ मध्ये १५ फैसला भए भने ५६ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक र देवानी मुद्दा एक रहेका छन्।

जिल्ला न्यायाधिवक्ताको कार्यालयबाट ०६७

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
महिलाअधिकार			२		२
जातीय विभेद			१	६	७
गिरतारी/यातना	१	१			
हत्या				२	२
जम्मा	**१**	**१**	**३**	**९**	**१२**

साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा एकमा फैसला हुन बाँकी रहेको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७८ हजार ६ सय ४६ मध्ये छात्र ४० हजार ७ सय ७३ र छात्रा ३६ हजार ९ सय ७३ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ५ सय ८६ र छात्र ८ हजार १ सय ३५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ३५ र पुरुष ६ सय ८० गरी जम्मा ७ सय १५ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा महिला नभएको र पुरुष ९२ गरी जम्मा ९२ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला नभएको र पुरुष ८१ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरूमा बालक ४ हजार ५ र बालिका ३ हजार ९ सय ८९ गरी जम्मा ७ हजार ९ सय ९४ रहेका छन् जसमध्ये दलित बालक ७ सय ६५ र बालिका ७ सय ९० छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार ओसारपसार

लेकगाउँ गाविस-४ नौराकी २२ वर्षीया एक युवतीलाई ०६८ साउन १५ गते उनका जेठाजु धनबहादुर धामीले गाउँकै २५ वर्षीय सुनपाल धामीलाई २ लाख ५० हजारमा रूपियाँमा बेचेको भनी पीडितले ०६८ भदौ ६ गते मानवअधिकारकर्मीहरूको सहयोगमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितको खोजी भइरहेको प्रहरीले जनायो। अधिकारकर्मीको सहयोगमा पीडित हाल धनगढीमा रहँदै आएकी छन्।

सबै प्रकारका जातीय विभेद

बाजुरा जिल्ला कोल्टी गाविस - २ निवासी कृषि विकास कार्यालय, बझाङका प्राविधिक सहायक ३६ वर्षीय जसीराम सहनीलाई दलित भएको भन्दै ०६७ माघ ११ गते राति चैनपुर गाविस - १ की ४२ वर्षीया चरनदेवी सिंहले कार्यालयले भाडामा लिएको गेष्टहाउसमा बास बस्न दिइनन्। 'तिमी डुमहरूले कार्यालयले भाडामा लिएको घर भए पनि बस्न पाईंदैन' भनी उनले साहनीलाई गालीबेइज्जत समेत गरिन्। पीडितले ०६७ माघ १२ गते जिल्ला प्रशासन कार्यालय, बझाङमा उजुरी दिएपछि प्रमुख जिल्ला अधिकारी कमलकान्त रेग्मीले ०६७ माघ १३ गते दुवै पक्षलाई बोलाई उपरान्त अमानवीय व्यवहार नगर्ने कागज गर्न लगाई मेलमिलाप गराए।

खिरातडी गाविस - ६ बुङ्गलका २२ वर्षीय डबलबहादर विकलाई ०६८ असार १८ गते चैनपुर गाविस- १ स्थित उपेन्द्र गेस्टहाउसका सञ्चालक ३५ वर्षीय रणबहादुर जाग्रीले होटलमा चिया नास्ता खाइरहेको अवस्थामा 'डुम' भनी गाली बेइज्जती गरे। पीडितले सोही दिन प्रहरीमा उजुरी दिँदा पनि कुनै कारबाही भएन। पीडितले उजुरी दिएपछि सम्पर्कमा नआएपछि कुनै कारबाही अगाडि बढाउन नसकेको जिल्ला प्रहरी कार्यालय, बझाङ्ले जनायो। पीडितको घर सदरमुकामबाट २० कोस टाढा छ।

दौलीचौर गाविस-८ घोगाडाका २५ वर्षीय रङ्ग कामी ०६८ भदौ २५ गते स्थानीय मन्दिरमा पूजा गर्न जाँदा सोही गाविस -७ का ३१ वर्षीय गणेश बोहराले जातीयताका आधारमा गाली बेइज्जत गर्दै मन्दिर प्रवेश गर्नबाट वञ्चित गराए। स्थानीय बासिन्दाले ०६८ भदौ २५ गते दुवै पक्षलाई बोलाई छलफल गरी मन्दिर प्रवेश गर्न दिने सर्तमा मेलमिलाप गराए।

सुनिकोट गाविस -६ खातीगाँउकी २६ वर्षीया ईशुदेवी नेपालीले गरैदलित महिलाहरूसँगसँगै तिज पर्व मनाइरहेको भन्दै ०६८ भदौ १७ गते सोही गाविस -७ सुनीकोटका २० वर्षीय धीरेन्द्रबहादुर ऐडीले "डुम" भनी गाली बेइज्जती गरे। जातीय विभेद गरेको भन्दै ऐडीका विरूद्ध पीडितले महिला तथा बालबालिका कार्यालय अर्न्तगत पारालिगल समितिमा उजुरी दिइन्।

समितिमा कुनै पनि सुनुवाइ नभएको पीडितले बताइन्।।

कोइरालाकोट गाविस -८ थलारा निवासी नेकपा एमाले जिल्ला कमिटी सदस्य ३८ वर्षीय श्याम सुनारलाई ०६८ कात्तिक २९ गते चैनपुर गाविस-५ धामीलेकका २९ वर्षीय गगनराज जोशीले "डुम" का प्रतिनिधि भन्ने अपशब्द बोली गाली बेइज्जती गरे। पीडितले ०६८ कात्तिक ३० गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए पनि हालसम्म कुनै कारवाही भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	३५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	३	१
स्टाफ नर्स	४	४	
ल्याब असिस्टेन्ट	३	३	
अहेब	५४	५३	१
अनमी	१८	१७	१
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	१०	४
स्वास्थ्य कार्यकर्ता	८३	७२	११

५.६ कञ्चनपुर



जनसङ्ख्या : ४,४४,३१५
पुरूष : २,१३,१०९
महिला : २,३१,२०६
साक्षरता प्रतिशत : ८४
महिला साक्षरता प्रतिशत : ५६
क्षेत्रफल (वर्ग कि. मि.) : १६१०
गाविस/नपा सङ्ख्या : १९/१
सरकारी/निजी विद्यालय : ४०२/५१
क्याम्पस/उच्च मा.वि. : ५/४७
मानव विकास सूचकाङ्कः ०.४६३
प्रतिपरिवार सरदर सङ्ख्याः ५.३५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
दोहोरो भिडन्तबाट

श्रीपुर गाविस-४ निवासी जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका असई ४१ वर्षीय भङ्गी रानाको दैजी गाविस -२ दैजी चौराहमा ०६८ मङ्सिर १६ गते प्रहरी र लुटेराहरूबीच भएको दोहोरो भिडन्तमा परी मृत्यु भयो। सोही घटनामा परी दैजी गाविस -४ बगुनका २६ वर्षीय गणेश धामीको पनि मृत्यु भएको थियो। सादा पोशाकमा गस्ती गरिरहेका प्रहरी र लुटेरा समूहबीच दोहोरो भिडन्त भएको थियो। भिडन्तमा परी प्रहरी हवल्दार प्रेमबहादुर चन्द घाइते भए। घाइते चन्दको महाकाली अञ्चल अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारकालागि भारतको बरेली रिफर गरिएकोमा उपचार पछि घर फर्किएको जिल्ला प्रहरी कार्यालयले जनायो। सोही घटनामा परी दैजी गाविस -२ का स्थानीय बासिन्दा ३२ वर्षीय श्रीराम चौधरी गम्भीर घाइते भएका थिए। घाइते चौधरीको महाकाली अञ्चल अस्पतालमा उपचार हुन नसकेपछि थप

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	४	४	१	७	८
बालअधिकार			४	१	५
अमानवीय व्यवहार				३	३
महिलाअधिकार			८		८
भेला/सङ्गठित हुने अधिकार	६	६			
जातीय विभेद			१	१	३
कुटपिट			४	५	९
धम्की	१	१		५	५
हत्या			१	३	४
जम्मा	**११**	**११**	**१९**	**३४**	**४३**

उपचारका लागि काठमाडौँस्थित वीर अस्पताल लगिएकोमा उपचारपछि घर फर्किए।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ९५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय १२ र कैद नतोकिएका ६८ कैदी र थुनुवा गरी जम्मा १ सय ८० जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएको पुरुष १ सय १ जना र महिला ११ जना रहेका छन् भने कैद नतोकिएको पुरुष ६८ जना रहेका छन्। साथै, आश्रित बालक एक जना र बालिका एक जना गरी जम्मा दुई जना रहेका छन्।

धम्की/कुटपिट

अज्ञात समूहबाट

महिला मानवअधिकार रक्षक सञ्जाल कञ्चनपुरकी कोषाध्यक्ष ३० वर्षीय नारू सिंहलाई भीमनगरबाट भीमदत्तनगरपालिका-७ हल्दुखालस्थित आफ्नो घर जाँदै गर्दा ०६८ मङ्सिर ८ गते राति घरनजिकै अज्ञात समूहले आक्रमण गर्दा घाइते भइन्। आक्रममणबाट घाइते भएकी सिंहले महिला मानवअधिकार रक्षक सञ्जालकी जिल्ला अध्यक्ष भारती सिंह र सानाहात नेपालका संयोजक सुरेन्द्र देउवालाई खबर गरेपछि खबर पाए लगत्तै घट्नास्थल पुगेर सिंहलाई महाकाली अञ्चल अस्पताल पुऱ्याएको सानाहात नेपालका संयोजक सुरेन्द्र देउवाले बताए।

प्रहरीले प्रहार गरेको अश्रुग्याँसको सेल लाठी घाइते भएका मनोज चन्द

सिंह काठमाडौँमा थप उपचार गरी घर फर्किइन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दोधारा-३ का ५१ का देवबहादुर मानन्धर ०६८ साउन ८ गते प्रहरीले गरेको हवाइफायरको छर्रा लागेर घाइते भए। दोधारा गाविसका प्राविधिक सहायक यज्ञराज उपाध्याय ०६८ असार २ गते मृत अवस्थामा फेला परेपछि हत्यारा पत्ता लगाउन माग गर्दै स्थानीय बासिन्दाले इलाका प्रहरी कार्यालय दोधारा घेराउ गर्दा प्रहरीले हवाइफायर गरेको थियो। मानन्धरको महाकाली अञ्चल अस्पतालमा उपचार भयो।

भीमदत्तनगरपालिका -१५ का २२ वर्षीय गोकर्ण चन्द, २२ वर्षीय लोकेन्द्र धानुक र २३ वर्षीय मनोज चन्द ०६८ साउन १० गते प्रहरीले प्रहार गरेको लाठीबाट घाइते भए। सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै बजार बन्द गराउन खोजेको आरोपमा प्रहरीले लाठी प्रहार गरेको थियो। मनोज चन्दको निधारमा प्रहरीले प्रहार गरेको अश्रुग्याँस सेल लागेको थियो। गोकर्ण चन्द र लोकेन्द्र धानुकको महाकाली अञ्चल अस्पतालमा उपचार भयो भने मनोज चन्दको महाकाली अञ्चल अस्पतालमा उपचार हुन नसकेपछि उनलाई थप उपचारका लागि काठमाडौँ लगियो।

भीमदत्तनगर-१८ घर भई जिल्ला प्रशासन कार्यालयका नायबसुब्बा ४५ वर्षीय पदमराज जोशी ०६८ साउन ६ गते सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै आन्दोलनरत विद्यार्थीले प्रहार गरेको ढुङ्गा लागेर घाइते भए। सिद्धनाथ बहुमुखी क्याम्पस र सिद्धनाथ विज्ञान क्याम्पसबाट निस्केको विद्यार्थीहरूको जुलुसले जिल्ला प्रशासन कार्यालयको गेटमा ताला लगाउन खोज्दा प्रहरीले रोकेपछि विद्यार्थी र प्रहरीबीच झडप सुरू भएको थियो। उनको स्थानीय मेडिकलमा उपचार भयो।

भीमदत्तनगर-१८ कटान घर

भई शुक्लाफाँटा एफएमका स्टेसन म्यानेजर ३३ वर्षीय धीरेन्द्र सिनाललाई सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै आन्दोलनरत विद्यार्थीले ०६८ साउन १२ गते मोटरसाइकल चलाएर बन्दको अवज्ञा गरेको भन्दै भीमदत्तनगरपालिका -२ भासीमा दुर्व्यबहार गरे। कञ्चनपुर बन्दको समाचार सङ्कलनमा रहेका सिनालको मोटरसाइकलको चाबी समाती आन्दोलनकारीहरूले करिब दुई घण्टासम्म मोटरसाइकल नियन्त्रणमा लिएका थिए। आन्दोलनरत विद्यार्थीहरूले गरेको दुर्व्यवहारको नागरिक समाज कञ्चनपुर र नेपाल पत्रकार महासङ्घ कञ्चनपुरले ०६८ साउन १३ गते बेग्लाबेग्लै विज्ञप्ति प्रकाशन गरी निन्दा गरे।

भीमदत्तनगर-१८ कटान निवासी पत्रकार ५३ वर्षीय चित्राङ्ग थापालाई ०६८ साउन १२ गते सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै आन्दोलनरत विद्यार्थीले मोटरसाइकल चलाएर बन्दको अवज्ञा गरेको भन्दै भीमदत्तनगरपालिका -३ भासीमा दुर्व्यवहार गरे। कञ्चनपुर बन्दको समाचार सङ्कलनमा रहेका थापाको मोटरसाइकल आन्दोलनकारीहरूले १५ मिनेट नियन्त्रणमा लिए। आन्दोलनरत विद्यार्थीहरूले गरेको दुर्व्यवहारको नागरिक समाज कञ्चनपुर र नेपाल पत्रकार महासङ्घ कञ्चनपुरले ०६८ साउन १३ गते बेग्लाबेग्लै विज्ञप्ति प्रकाशन गरी निन्दा गरे।

कृष्णपुर गाविस-१ का २४ वर्षीय गणेश ऐरी र भीमदत्तनगरपालिका -१५ का वर्षीय २२ गोपाल चापागाई ०६८ साउन १० गते सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै निकालिएको जुलुसमा सहभागी भएर जिल्ला प्रशासन कार्यालयतर्फ जाँदै गर्दा सहिद दशरथ चन्दको शालिक नजिक प्रहरीले प्रहार गरेको लाठी लागेर घाइते भए। घाइतेहरूको हात र खुट्टामा सामान्य चोट लाग्यो। घाइतेहरूको महाकाली अञ्चल अस्पतालमा उपचार भयो।

प्रहरीको लाठी प्रहारबाट घाइते भएका वीरेन्द्र मौनी

कैलाली टीकापुरका सिद्धनाथ विज्ञान क्याम्पस महेन्द्रनगरमा अध्ययनरत २३ वर्षीय वीरेन्द्र मौनी ०६८ साउन १० गते प्रहरीले प्रहार गरेको लाठीबाट घाइते भए। सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै विद्यार्थीहरूद्वारा निकालिएको जुलुसमा सहभागी भई बजारतर्फ जाँदै गर्दा पुष्पलाल चोकमा आन्दोलनकारी र प्रहरीबीच भएको झडपको क्रममा प्रहरीले प्रहार गरेको लाठी प्रहारबाट उनको कम्मर, हात र खुट्टामा चोट लाग्यो। मौनीको महाकाली अञ्चल अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २ सय ८१ मध्ये २ सय २९ फैसला भए भने ५२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ३४ मध्ये १ सय ९१ फैसला भए भने १ सय ४३ फैसला हुन बाँकी रहे।

पुनरावेदन अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ १ सय ९३ मध्ये १ सय ६१ फैसला भए भने ३२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९३ मध्ये ७४ फैसला भए भने १९ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

तीन जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ १ सय २० मध्ये २७ फैसला भए भने ९३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५५ मध्ये १५ फैसला भए भने ४० फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ४४ छ जसमध्ये ७८ सफल भए भने १२ असफल भएको छ। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या ११ पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म ५४ मुद्दा बाँकी रहेको सरकारी वकिलको

कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा आठमध्ये पाँच सफल र दुई असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा १७ मध्ये १० सफल र तीन असफल रह्यो भने चार फैसला हुन बाँकी रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा पाँचमध्ये चार सफल र एक असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा एकमध्ये एक असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा आठमध्ये छ सफल र एक असफल रह्यो भने एक फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ५ हजार १ सय २० मध्ये छात्र ४८ हजार ७ सय ९३ र छात्रा ५६ हजार ३ सय २७ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ११ हजार ९ सय ८१ र छात्र ११ हजार ५ सय ७१ रहेका छन्।

बालविकास केन्द्रहरू बालक ५ हजार ३ सय ३० र बालिका ७ हजार ९ सय ९५ गरी जम्मा १३ हजार ३ सय २५ रहेका छन्।

कुटपिट

भीमदत्त नगरपालिका-९ मटेनास्थित बैजनाथ सिद्धनाथ माध्यमिक विद्यालय कक्षा ९ अध्ययरत १३ वर्षीय दिवाकर नाथलाई ०६८ भदौ १३ गते प्रधानाध्यापक ४३ वर्षीय खडकसिंह विष्टले कुटपिट गर्दा नाथ घाइते भए। प्रधानाध्यापकले लाठी र मुक्काले कुटपिट गर्दा नाथको दायाँ हात र कानमा चोट लागेको थियो। प्रधानाध्यापक विष्टले ०६८ भदौ १३ गते विद्यार्थीहरूलाई शौचालयको बनाउन ईट्टा बोकाउन लगाएकोमा ईट्टा बोकेर थाकेका नाथले बिदा माग्दा प्रधानाध्यापक विष्टले कुटपिट गरेका थिए। कुटपिटका कारण नाथको दाँया हात मर्किनुका साथै कानमा चोट लागेको थियो। पीडितको ०६८ भदौ १४ गते महाकाली अञ्चल अस्पतालमा उपचार भयो। प्रधानाध्यापक विष्टले दुई लाठी हानेको बताए। पीडित विद्यार्थीले प्रधानाध्यापकका विरूद्ध जिल्ला शिक्षा कार्यालयमा उजुरी दिए पनि हालसम्म आरोपितलाई कुनै कारबाही भएको छैन।

तालाबन्दी

श्रीपुर गाविसस्थित महाकाली माविमा नयाँ शिक्षक नियुक्ति गर्दा प्रधानाध्यापकले अनियमितिता गरेको भन्दै महाकाली क्याम्पसस्तरीय अनेरास्ववियु कमिटीले ०६८ मङ्सिर २० गतेदेखि विद्यालयमा अनिश्चितकालीन तालाबन्दी गऱ्यो। विद्यालयमा तालाबन्दी भएका कारण विद्यालयका १ हजार भन्दा बढी विद्यार्थीहरू पाँच दिनसम्म पठन पाठनबाट वञ्चित भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा

चाँदनी गाविस - १ की ३५ वर्षीया विष्णा खत्रीलाई उनका पति ३७ वर्षीय हरि खत्रीले ०६८ मङ्सिर ८ गते घरायसी विवाद हुँदा हँसिया प्रहार गरी घाइते बनाए। विष्णाको निधार र अनुहारमा चोट लागेको थियो। विष्णालाई सोही राती महाकाली अञ्चल अस्पताल ल्याइएकोमा अस्पतालले उनलाई थप उपचारका लागि भारत लैजान अनुरोध गऱ्यो। उपचारपछि पीडित हाल घर फिर्ता भइसकेको र फरार रहेका हरिको खोजी भइरहेको ईलाका प्रहरी कार्यालय दोधाराले जनायो।

सबै प्रकारका जातीय विभेद

कृष्णपुर गाविस-१ वाणीका ५५ वर्षीय हिरा लुहारको जग्गामा मन्दिर बनाउन भनी स्थानीय गैरदलितहरूले उनको घर हटाउन ०६८ साउन ३ गते धम्की दिए। पाँच महिना अघिदेखि गाउँलेको निरन्तर धम्कीपछि उनले ०६८ साउन ३ गते सुरक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। ०५८ सालदेखि राजमार्ग नजिक एक कट्ठा १६ धुर जमिन भोगचलन गरी बसेका दलित परिवारलाई गाउँलेहरूले जमिनमा मन्दिर वा बजार राख्ने भन्दै घर जग्गा छोड्न धम्की दिने गरेका पीडितले बताए। आरक्षबाट

आन्दोलनरत विद्यार्थीहरूले प्रहार गरेको ढुङ्गा लागी घाइते भएका प्रहरी हवल्दार कर्ण बुढा

आन्दोलतर विद्यार्थीहरूले तोडफोड गरिएको हाइटेक कम्प्युटर्सको भवन

विस्थापित हिराको परिवारले भोगचलन गर्दै आएको जग्गाको पूर्जा पाएका छैनन्। जिल्ला प्रसाशन कार्यालयले प्रहरीलाई सुरक्षा व्यवस्था मिलाउन आदेश दिएको बतायो।

भीमदत्त नगरपालिका - १५ की ३० वर्षीया हरूदेवी लुहारलाई ०६८ कात्तिक १८ गते निम्बुखेडाकी २७ वर्षीया धना क्षेत्रीले 'बाल्टीको पानी छोएको' भन्दै कुटपिट गरिन्। पीडितले छिमेकी क्षेत्रीले कुटपिट गरेको भन्दै क्षेत्रीकाविरूद्ध ०६८ कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। क्षेत्रीको पसलमा उधारो रूपियाँ तिरेर फर्कंदा 'बाल्टीको पानी किन छुइस्' भनी क्षेत्रीले कुटपिट गरेको पीडितले बताइन्। कुटपिटका कारण नाक र छातीमा चोट लागेकी पीडितको महाकाली अञ्चल अस्पतालमा उपचार भयो। क्षेत्रीले घाइते लुहारको उपचार खर्च ब्योहर्ने र आइन्दा यस्तो व्यवहार नगर्ने भन्ने कागज बनाई दुवैपक्ष बीच मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, सम्पति कब्जा

भीमदत्त नगरपालिका-१८ कटान निवासी वर्षीय ४४ का सुनीलदत्त ओझाको भीमदत्त नगरपालिका-४ बजार स्थित हाइटेक कम्प्युटर्समा ०६८ साउन १० गते सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै आन्दोलनरत विद्यार्थीले तोडफोड गरे। आन्दोलनरत विद्यार्थीहरू र प्रहरीबीच भएको झडपमा विद्यार्थीहरूले प्रहार गरेका ढुङ्गा लागेर चारवटा झ्यालका सीसामा क्षति भयो।

भीमदत्तनगर-६ ऐठपुर राजमार्ग छेउमा बस्ने वर्षीय ५७ की प्रमिला साहुको फलफूलको छाप्रो पसलमा ०६८ साउन १३ गते बन्दको अवज्ञा गरी पसल खोलेको भन्दै सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै आन्दोलनरत विद्यार्थीले तोडफोड गरे।

भीमदत्त नगरपालिका-४ बजारका ५२ वर्षीय पदम ठकुराठीको घरको झ्यालका सीसा ०६८ साउन १० गते सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै आन्दोलनरत विद्यार्थीले तोडफोड गरे। तोडफोडका कारण दुईवटा झ्यालका सीसामा क्षति भएको पीडितले बताए।

भीमदत्त नगरपालिका-४ बजारस्थित कृषि विकास बैङ्कको कार्यालयमा ०६८ साउन १२ गते सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै आन्दोलनरत विद्यार्थीले बन्दको अवज्ञा गरेको भन्दै ढुङ्गा प्रहार गरी बैङ्कका दशवटा झ्यालका सीसाहरू फोडे गरे।

भीमदत्त नगरपालिका-४ बजारस्थित राष्ट्रिय बाणिज्य बैङ्कको कार्यालयमा ०६८ साउन १२ गते सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै आन्दोलनरत विद्यार्थीले बन्दको अवज्ञा गरेको भनी बैङ्कका तीनवटा झ्यालका सीसाहरू फोडे।

भीमदत्त नगरपालिका-१८ कटानस्थित सीप विकास तालिम केन्द्रमा ०६८ साउन १२ गते सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै आन्दोलनरत विद्यार्थीले बन्दको अवज्ञा गरी कार्यालय खोलेको आरोपमा कार्यालय भित्र प्रवेश गरी तीन थान कम्प्युटर ,एक थान फ्याक्स मेसिन र एक थान प्रिन्टर तोडफोड गरे। तोडफोड करिब १ लाख ५० हजार रूपियाँ बराबरको क्षति भएको सीप विकास तालिम केन्द्रले जनायो।

भीमदत्त नगरपालिका-६ ऐठपुरमा बन्दको अवज्ञा गर्दै गाडी चलाएको आरोपमा ०६८ साउन १३ गते सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको माग गर्दै आन्दोलनरत विद्यार्थीले नेपाल विद्युत प्राधिकरण महेन्द्रनगर शाखाको गाडीमा तोडफोड गरे। तोडफोडका कारण करिब २० हजार रुपियाँ बराबरको क्षति भएको नेपाल विद्युत प्राधिकरण महेन्द्रनगर शाखाले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	११		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२१	७	१४
स्टाफ नर्स	२२	२२	
ल्याब असिस्टेन्ट	१०	१०	
अहेब	४४	४४	
अनमी	२२	२२	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	५	५	
स्वास्थ्य कार्यकर्ता	१९	१९	

५.७ डडेल्धुरा

जनसङ्ख्या : १,४१,५४३
पुरूष : ६६,३५८
महिला : ७५,१८५
साक्षरता प्रतिशत : ६१
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,५३८
गाविस/नपा सङ्ख्या : २०/१
सरकारी/निजी विद्यालय : २४८/११
क्याम्पस/उच्च मा.वि. : १/१९
मानव विकास सूचकाङ्कः ०.४३४
प्रतिपरिवार सरदर सङ्ख्याः ५.१२

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३७ र कैद नतोकिएका पाँच कैदी र थुनुवा गरी जम्मा ४२ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएको पुरुष ३३ जना र महिला चार जना रहेका छन् भने कैद नतोकिएको पुरुष चार जना र महिला एक जना रहेका छन्। साथै, आश्रित बालक एक जना रहेका छन्। यस कारागारमा विभिन्न संस्थाले पत्रपत्रिका र अन्य खेलकुदका सामग्रीहरू एवम् प्रकाशनहरू उपलब्ध गराउँदै आएका छन्। कारागारमा सञ्चारमाध्यम रेडियो, टिभी, पत्रपत्रिका उपलब्ध छन्। यस वर्ष कारागारमा कैदी, थुनुवा भेट्ने छुट्टै कक्ष निर्माण भइरहेको छ। क्षमताभन्दा बढी कैदी र थुनुवा रहेकाले कोचिएर बस्नु परिरहेको बन्दी कृष्ण पाण्डेयले बताए।

कुटपिट/धम्की

राज्यपक्षबाट

बैतडी जिल्ला शिखरपुर गाविस- ८ दुदलाखान निवासी ना.४.ख. ४५२५ का १८ वर्षीय गाडी मालिक धनबहादुर ऐर, बैतडी जिल्ला सिद्धेश्वर गाविस-९ का ३२ वर्षीय अर्जुन विष्ट, सोही जिल्ला शङ्करपुर गाविस-९ का २४ वर्षीय प्रेम चन्द, सिद्धेश्वर गाविस-४ का २१ वर्षीय गोविन्द विष्ट, भुमेश्वर गाविस- ८ का २४ वर्षीय कमलसिंह महरा, सिद्धेश्वर गाविस- ९ का १८ वर्षीय धर्मराज अवस्थी र सोही जिल्ला गाविस-४ का १८ वर्षीय महेश भाट यातायात बन्द कार्यमा संलग्न भएको आरोपमा ०६८ असार २६ गते सशस्त्र प्रहरी बेश क्याम्प, डडेल्धुराबाट गएको गस्ती टोलीले बन्दका क्रममा गाडी लगेर घर गइरहेको अवस्थामा उनीहरूलाई कुटपिट गऱ्यो। कुटपिटबाट घाइते सातै जनाको टिम अस्पताल, डडेल्धुरामा उपचार भएको थियो।

अमरगढी नपा- २ मुडुवा निवासी उग्रतारा यातायात व्यवसायी समिति, डडेल्धुरामा कार्यरत ३६ वर्षीय राजु ऐरलाई कीर्तिपुरबाट बागबजार आउनेक्रममा तुफानडाँडा नजिक बर्दीमा रहेका प्रहरीले ०६८ असार २३ गते यातायात बन्द गराएको भन्दै नियन्त्रणमा लिई कुटपिट गर्दा उनको दाहिने हातको औंला भाँचियो। हिरासतमा राखिएका उनी ०६८ असार २४ गते हिरासतबाट रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्लामा नयाँ यातायात समिति दर्ता गरेको विषयलाई लिएर उग्रतारा यातायात व्यवसायी समितिले गरेको बन्द खुलाउने क्रममा स्याउलेबजारमा ०६८ असार २५ गते यातायात व्यवसायी र प्रहरीबीच भएको झडपमा प्रहरीले लाठी चार्ज गर्दा अमरगढी नपा- २ कुस्मालीका ३४ वर्षीय दीपक ऐर र सोही नपा -७ का २० वर्षीय योगेन्द्र ऐर घाइते भए। घाइतेहरूमध्ये ऐरको करङ, घाँटी, बायाँ खुट्टा र नाकमा चोट लागेको थियो। उनीहरूको उपचार ०६८ असार २६ गने टिम अस्पताल डडेल्धुरामा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ५५ मध्ये ४१ फैसला भए भने १४ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २३ मध्ये आठ फैसला भए भने १५ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक र देवानी मुद्दा दुई रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ३१ मध्ये १४ फैसला भए भने १७ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २४ मध्ये सात फैसला भए भने १७ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका देवानी मुद्दा छ थान बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा छमध्ये चार सफल रह्यो। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म दुई मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

अमरगढी नगरपालिका-४ तल्लो खलङ्गाका ३५ वर्षीया रेखा रावललाई देवरानीसँग विवाद गरेको आरोपमा ०६८ भदौ ३१ गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, डडेल्धुराको हिरासतमा राखी कुटपिट गऱ्यो। सोही दिन देवरानी शारदा रावलले प्रहरीमा उजुरी दिएपछि रेखालाई प्रहरीले घरबाटै गिरफ्तार गरेको थियो। कुटपिटबाट रेखाको दायाँ खुट्टाको तिघ्रामा गहिरो घाउ भएको थियो भने शरीरभरि नीलडाम भएकौ थियो। जिल्ला प्रहरी कार्यालय, डडेल्धुरा महिला सेलकी प्रहरी जवान धना शाहीले थुनुवा कोठामा लगेर लाठी र बुटले कुटपिट गरेको पीडितले बताइन्। कुटपिटपछि सोही दिन रेखालाई माफ माग्न लगाई हिरासतबाट रिहा गरिएको थियो। यसैगरी पति धनबहादुर रावललाई पनि प्रहरी जवान जनकराज पन्तले रेखालाई घरबाट गिरफ्तार गर्ने क्रममा 'मुखमुख लाग्छेस्' भनी कुटपिट गरेका थिए। कुटपिटबाट घाइते रेखा रावलले ०६८ असोज ३ गते आवश्यक कारबाहीका लागि राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दिएको बताइन्। जिल्ला अस्पतालमा भयो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५० हजार ७ सय ८१ मध्ये छात्र २४ हजार १ सय ६१ र छात्रा २६ हजार ६ सय २० प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ६ हजार ३ सय ९६ र छात्र ६ हजार ८७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला १ सय ९ र पुरुष ४ सय ८४ गरी जम्मा ५ सय ९३ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा महिला २३ र पुरुष ३ सय ९५ गरी जम्मा ४ सय १८ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला ९ र पुरुष २ सय ६१ गरी जम्मा २ सय ७० शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरू बालक ३ हजार ९ सय ६६ र बालिका ३ हजार ६ सय ५५ गरी जम्मा ७ हजार ६ सय २१ रहेका छन् जसमध्ये दलित बालक ८ सय ९६ र बालिका ९ सय २२ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

तालाबन्दी

कोटेली गाविस- ३ स्थित वीरवलभद्र उच्चमाविमा कोटेली गाविस-७ का बासिन्दाहरूले तालाबन्दी गर्दा ०६८ जेठ १२ गतेदेखि १५ गतेसम्म विद्यालय पूर्णरूपले बन्द हुँदा सो विद्यालयमा अध्ययनरत ३ सय विद्यार्थीको पढाइ पूर्णरूपले प्रभावित

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				४		४
अपहरण					१	१
महिलाअधिकार				५		५
भेला/सङ्गठित हुने अधिकार		३	३			
गिरतारी/यातना	१		१			
कुटपिट		६	६			
धम्की					१	१
हत्या				१	१	३
जम्मा	**१**	**९**	**१०**	**१०**	**३**	**१३**

भयो। कोटेली गाविस-३ मा सञ्चालनमा रहेकोमा विद्यालयको नयाँ भवन कोटेली गाविस -७ चोरामा निर्माण हुनुपर्ने सोही ठाउँका बासिन्दाहरूले माग राख्दै विद्यालय बन्द गरेका थिए । आगामी दिनमा आउने भवन कोटेली गाविस - ७ मा बनाउने कोटेली गाविस-७ का बासिन्दा र विद्यालय व्यवस्थापन समितिबीच सहमति भएपछि जेठ १६ गतेदेखि विद्यालय सञ्चालन भएको थियो। जिल्ला विकास समिति, डडेल्धुराको एलजीसीडीपी कार्यक्रमअन्तर्गत सो विद्यालयको भवन निर्माणका लागि ५ लाख रुपियाँ छुट्याइएको थियो।

जोगबुडा गाविस- ७ जोजला स्थित सिद्ध बैजनाथ निमावि, जोजलाका प्रधानाध्यापक लालबहादुर बोहराले मनोमानी ढङ्गले विद्यालय चलाएको भन्दै ०६८ कार्तिक ३ गते अभिभावकहरूले उक्त विद्यालयमा तालाबन्दी गरे। विद्यालय व्यवस्थापन समिति, प्रधानध्यापक र अभिभावकसहित ०६८ कात्तिक ५ गते बसेको भेलामा प्रधानाध्यापकले गल्ती स्वीकार गरेपछि विद्यालय सञ्चालन भएको थियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बगरकोट गाविस -६ सिराडकी १७ वर्षीया एक बालिकालाई शीर्ष गाविस -१ जौखेतका ३२ वर्षीय राम नाथले ०६८ जेठ ३० गते उनकै घरबाट फकाईफुल्याई लगी शीर्ष गाविस-१ मा लगेर एक हप्तासम्म यौनशोषण गरेको भनी बालिकाका परिवारले जिल्ला प्रहरी कार्यालय, डडेल्धुरामा ०६८ असार ५ गते उजुरी दिए। प्रहरीले ०६८ असार ७ गते राम नाथलाई घरबाटै प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालय डडेल्धुराले ०६८ असार २६ गते जिल्ला अदालत डडेल्धुरामा मानव बेचविखन अभियोगमा मुद्दा दर्ता गऱ्यो। आरोपित जिल्ला कारागार डडेल्धुरामा रहेका छन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०६८ असार ६ गते जिल्ला अस्पताल डडेल्धुरामा गरियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बगरकोट गाविस- ८ चौड घरभई सरस्वती माबि बगरकोट कक्षा १० मा अध्ययनरत एक छात्रालाई ०६८ जेठ ८ गते बिहान कोटेली गाविसका १८ वर्षीय करन बोहराले नवदुर्गा गाविस - ५ का २० वर्षीय मानबहादुर बोहरा र २० वर्षीय चक्र बोहराको सहयोगमा विद्यालय नजिक जबरजस्ती उनको सिउँदोमा सिन्दुर हाले। तीनै जनालाई प्रहरीले गिरफ्तार गरी ०६८ जेठ १९ गते सार्वजनिक मुद्दा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालय, डडेल्धुराले गिरफ्तार गरिएका तीन जनामध्ये चक्र बोहरालाई ०६८ जेठ २० गते निर्दोष ठहऱ्याएको थियो भने अन्य करन बोहरा र मानबहादुर बोहरालाई सार्वजनिक अपराधमा १० हजार रुपियाँ जरिवाना गरी ०६८ असोज २६ गते रिहा गरेको थियो।

आलिताल गाविस- ५ हमतडकी १५ वर्षीया एक बालिकालाई ०६८ वैशाख २२ गते सोही ठाउँका २८ वर्षीय गणेश कामीले फकाईफुल्याई यौनशोषण गरेको भन्दै बालिकाका आफन्तले ०६८ असार ३ गते आलिताल प्रहरी चौकीमा निवेदन दिएपछि प्रहरीले कामीलाई गिरफ्तार गऱ्यो। पीडितका आफन्तले प्रहरी कार्यालयमा निवेदन दिएपनि हदम्याद नाघेकोले मुद्दा चलाउन नसकिने भन्दै प्रहरीले आइन्दा यस्ता कार्य नदोहोऱ्याउने शर्तमा ०६८ असार १० गते कागज बनाई दुवै पक्षबीच मेलमिलाप गरायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार ओसारपसार

अमरगढी नपा -७ की १९ वर्षीया एक महिलालाई विवाह गर्छु भनी ०६८ वैशाख १ गते भारतको हरियाणा बस्ने २३ वर्षीय सुनिलकुमार वेरीवाल, २७ वर्षीय पवन वेरीवालले भारततर्फ लैजाँदै गरेको अवस्थामा धनगढी बजारबाट ०६८ वैशाख ९ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकाहरूलाई कैलाली जिल्ला प्रहरी कार्यालयले सोही दिन डडेल्धुरा जिल्ला प्रहरी कार्यालयको जिम्मा लगायो। डडेल्धुरा

जिल्ला प्रहरी कार्यालयले ०६८ वैशाख १६ गते जिल्ला अदालत डडेल्धुरामा मानववेचविखनअन्तर्गत मुद्दा चलाएकोमा हाल दुवै जना जिल्ला कारागार डडेल्धुरामा पुर्पक्षका लागि थुनामा छन्

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	१५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	१	१
स्टाफ नर्स	४	२	२
ल्याब असिस्टेन्ट	४	४	
अहेब	२८	२७	१
अनमी	१६	१६	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	१०	३
स्वास्थ्य कार्यकर्ता	४०	२२	१८

५.८ बैतडी

जनसङ्ख्या : २,५२,११६
पुरूष : १,१८,०१५
महिला : १,३४,१०१
साक्षरता प्रतिशत : ५९
महिला साक्षरता प्रतिशत : ३८
क्षेत्रफल (वर्ग कि. मि.) : १,५१९
गाविस/नपा सङ्ख्या : ६२/१
सरकारी/निजी विद्यालय : ५०७/११
क्याम्पस/उच्च मा.वि. : २/३६
मानव विकास सूचकाङ्कः ०.३९१
प्रतिपरिवार सरदर सङ्ख्याः ५.३९

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३६ र कैद नतोकिएका १० कैदी र थुनुवा गरी जम्मा ४६ जना बन्दीहरू रहेका छन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

देहीमाण्डौं गाविस-३ का २४ वर्षीय राजेन्द्र बोहरा र सोही ठाउँका २४ वर्षीय भुवन बोहराले मादक पदार्थ सेवन गरी होहल्ला गरेको आरोपमा ०६८ असोज १८ गते बेलुकी उनलाई बासुलिंग गाविस-सतबाँझ चौराहस्थित अस्थायी प्रहरी चौकीका प्रहरीले गिरफ्तारी गरी चौकी भित्रै कुटपिट गऱ्यो। पीडितहरू पाटनबाट घर फर्कने क्रममा सतबाँझचौराहमा रहेको सो चौकीका इञ्चार्ज प्रहरी हवल्दार सुरतसिंह बोहराको नेतृत्वमा रहेको प्रहरीको टोलीले कुटपिट गर्दै गिरफ्तार गरेको थियो। सोही दिन जिल्ला प्रहरी कार्यालय बैतडीमा बुझाइएका पीडितहरू दुई दिनपछि रिहा भएको पीडित राजेन्द्र बोहराले बताए। कसैलाई पनि

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
आथिक/सामाजिक/सांस्कृतिक अधिकार				१	१
महिलाअधिकार			६		६
जातीय विभेद				३	३
गिरफ्तारी/यातना	३	३			
कुटपिट	१	१	१	४	५
धम्की				१	१
हत्या				१	१
जम्मा	**३**	**३**	**७**	**९**	**१६**

कुटपिट र यातना दिने भनी हामीले निर्देशन नदिएको र दिन पनि नमिल्ले र त्यसो गर्ने जोसुकै सुरक्षाकर्मीलाई कारबाही हुने जिल्ला प्रहरी कार्यालयका डीएसपी बिष्णुबहादुर कार्कीले बताए। पीडित दुवै जना नेपाली सेना अछाममा कार्यरत छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २२ मध्ये १९ फैसला भए भने तीन फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २६ मध्ये १२ फैसला भए भने १४ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ आठमध्ये दुई फैसला भए भने छ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ सातमध्ये सात फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दामा चार सफल र एक असफल रह्यो। तीमध्ये माथिल्लो अदालतमा मुद्दा सङ्ख्या एक पुनरावेदन परेको छ। बलात्कारसम्बन्धी मुद्दामा एक सफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा एक सफल रह्यो। जातीय विभेदसम्बन्धी मुद्दा एकमा फैसला हुन बाँकी रह्यो। सरकारी वकिल सङ्ख्या एक रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ८९ हजार ९ सय ९२ मध्ये छात्र ४६ हजार ७ सय ५७ र छात्रा १७ हजार ८ सय ३५ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ९ सय ६२ र छात्र ११ हजार ४ सय ६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ३ सय ३० र पुरुष ९ सय ९४ गरी जम्मा १ हजार ३ सय २५ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला ६ र पुरुष ३ सय ६९ गरी जम्मा ३ सय ७५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ४ र पुरुष २ सय ५८ गरी जम्मा २ सय ६२ शिक्षक रहेका छन्।

बालविकास केन्द्रहरू बालक ५ हजार २ सय ९८ र बालिका ५ हजार १ सय ९४ गरी जम्मा १० हजार ४ सय ९२ रहेका छन् जसमध्ये दलित बालक १ हजार २ सय २८ र बालिका १ हजार २ सय ३१ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

कुटपिट

दुर्गाभवानी गाविसको कुलौन उच्चमाध्यमिक विद्यालयमा कक्षा चारमा अध्ययनरत १२ वर्षीय शम्भु लुहारले हातबाट कलम खसाएको आरोपमा ०६८ जेठ २३ गते सोही विद्यालयका शिक्षक गोविन्द जोशीले विद्यालयको कक्षाकोठामा कुटपिट गरे। कुटपिटबाट घाइते भएका बालकको जिल्ला अस्पतालमा उपचार गरिएको पीडितका बुबा जन्तरे लुहारले बताए। शिक्षकले दिएको यातना र गरेको कुटपिटबाट बालकको टाउको र आँखामा चोट लागेको थियो । घटनापछि शिक्षा कार्यालयमा ०६८ जेठ २४ गते बसेको बैठकले पीडितलाई क्षतिपूर्तिस्वरूप उपचार खर्च शिक्षकले व्यहोर्ने र उपरान्त विद्यार्थीप्रति यस्तो व्यवहार नगर्ने सहमति भएको बैठकमा सहभागी अधिकारकर्मी तेजराम लुहारले बताए।

परिवारजनबाट हत्या

उदयदेव गाविस-३ बारूका २६ वर्षीय टेकबहादुर साउदले घरायसी बिबादमा ०६७ चैत २८ गते डेढ वर्षीय छोरा रोहित साउदको हत्या गरे। पतिसितको झगडाले पत्नीले १५ महिनाको दूधे बालकलाई छोडेर रोडीदेबलस्थित आफ्नो माइतीघरमा

गई बसेपछि पत्नी माईतीघरमा गएको बेला आमाको मायाले बालकले रूने कराउने गर्दा रिसको झोकमा बाबुले कुटपिट गर्दा बालकको मृत्यु भएको थियो। पीडितको शरीरभर नीलडाम भएको र बालकप्रति निर्दयी व्यवहार गरेको आरोपमा ०६७ चैत २९ गते मृतकका आमा बाबु दुवै जनालाई प्रहरीले पुर्पक्षका लागि थुनामा राखेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनायो।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

श्रीकोट गाविस-७ का २७ वर्षीया एक महिलालाई आफ्नो माइतीघरबाट घर आइरहेको अवस्थामा ०६८ कात्तिक ११ गते सित्तड गाविस-७ मल्लीढिकका २७ वर्षीय बिरूबा कार्कीले भौनेली गाविस धर्मघरमा बलात्कार प्रयास गरेको भन्दै पीडितले ०६८ कात्तिक १३ गते जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी दिएपछि सोही दिन आरोपित लुहारलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धानको लागि थुनामा राखेको प्रहरीले जनायो। भाइटीकाका दिन भाइलाई टीका लगाई आफ्नो घरतिर फर्किरहेको अवस्थामा बीचबाटोमा बलात्कार गर्ने प्रयास गर्दा आफू भाग्न सफल भएको पीडित महिलाले बताइन्। उक्त घटनाको मुद्दा जिल्ला अदालत बैतडीमा जारी रहेको र पीडकलाई जिल्ला करागार बैतडीमा थुनामा राखेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनायो।

डडेल्धुरा जिल्ला अमरगढी नपा-४ बस्ने २२ वर्षीया महिलालाई ०६८ असार १४ गते डोटी जिल्ला सातझरी गाविस-२ जजलाका १९ वर्षीय लोकबहादुर बमले बैतडी जिल्ला शिखरपुर गाविस-८ दुदिलाखानस्थित होटलमा बलात्कार गरेको भन्दै पीडित महिलाले ०६८ असार १५ गते जिल्ला प्रहरी कार्यालय, डडेल्धुरामा उजुरी दिएपछि ०६८ असार १७ गते जिल्ला प्रहरी कार्यालय, बैतडीबाट गएका प्रहरीले सोही स्थानबाट आरोपित बमलाई गिरफ्तार गऱ्यो। आरोपित जिल्ला कारागार बैतडीमा पुपर्क्षका लागि थुनामा छन्।

प्रहरीद्वारा गिरफ्तार गरी कुटपिट गरी यातना दिइएका राजेन्द्र बोहोरा

घरेलु हिंसा

मेलौली गाविस-६ मेलौलीका २२ वर्षीया सेतु भट्टलाई घरायसी विवादमा ०६७ माघ २ गते उनका पति २५ वर्षीय सुरेश नायकले कुटपिट गर्नुका साथै शरीरमा ब्लेडले चिरी घाइते बनाए। कुटपिटबाट घाइते सेतुलाई उपचार गर्न बाहिर जान नदिएपछि उनले घरमै उपचार गरेको पीडितले बताइन्। घटनापछि पीडितले आफ्ना दाजु विशालपुर गाविस-७ डीडीगाउँका सुरेश भट्टको सहयोगमा ०६७ माघ १२ गते इलाका प्रहरी कार्यालय, मेलौलीमा उजुरी गरिन्। सोही दिन दुवै पक्षलाई बोलाएर उपरान्त यस्तो नगर्ने र दुवैजना घरमा मिलेर बस्ने भनी मेलमिलाप गरेको इलाका प्रहरी कार्यालय, मेलौलीका इञ्र्चाज सई मीनबहादुर धामीले बताए।

दुर्गाभवानी गाविस-२ बकुरालीकी २७ वर्षीया पारवती नाथलाई ०६८ कात्तिक १८ गते जेठाजु नाता पर्ने ३८ वर्षीय दशरथ नाथले घरायसी विवादमा घरभित्रै कुटपिट तथा अमानवीय व्यवहार गरे। पीडित नाथको टाउकोमा टर्चलाइटले प्रहार गरिएको र शरीरभर घाउचोट भएकाले एक हप्तासम्म जिल्ला अस्पताल बैतडीमा उपचार गरिएको थियो। पीडित पक्षले ०६८ कात्तिक २२ गते जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला करागार बैतडीमा थुनामा रहेको जिल्ला प्रहरी कार्यालय, बैतडीले जनायो।

दुर्व्यवहार

दशरथ चन्द नपा-१ की एक महिलालाई ०६८ जेठ ११ गते सोही ठाउँस्थित ट्राफिक प्रहरी पोष्टका प्रमुख असई देवबहादुर खत्रीले मदिरा सेवन गरी दुर्व्यवहार गरे। महिलामाथि दुर्व्यवहार गरेको भन्दै स्थानीय महिलाहरूले जिल्ला प्रहरी कार्यालयमा जानकारी गराएपछि आरोपितलाई प्रहरीले सोही दिन नियन्त्रणमा लियो। स्थानीय बजार छेलाबाट घरेलु उपभोग्य सामान किनेर फर्कंदै गर्दा मदिरा सेवन गरेका खत्रीले अमर्यादित शब्द प्रयोग गर्दै आफूमाथि दुर्व्यवहार गरेको पीडितले बताइन्। प्रहरी सहायक निरीक्षक खत्रीको स्वास्थ्य जाँच गर्दा मदिरा सेवन गरेको पुष्टि भएको र महिलामाथि दुर्व्यवहार गरेको आरोप लागेपछि उनीमाथि आवश्यक कारबाही गरिएको जिल्ला

प्रहरी कार्यालयका डीएसपी शुकदेव न्यौपानेले बताए।

सबै प्रकारका जातीय विभेद

रूद्रेश्वर गाविस-७ पसेराका २० वर्षीय नरेश दमाईले अन्तरजातीय विवाह गरेको आरोपमा ०६७ माघ ४ गते सोही ठाउँका ३८ वर्षीय हरूवा ओडलगायत १० जनाको समूहले पीडितको घरनजिकै कुटपिट गरी घरनिकाला गऱ्यो। यसअघि पीडितले सोही ठाउँकी जानकी ओडसित प्रेम विवाह गरेका थिए। माइतीपक्षकाले यसअघि पनि पटक पटक कुटपिट गरी मार्ने धम्कीसमेत दिएको पीडितले बताए। पीडितपक्षले ०६७ माघ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला प्रहरी कार्यालयमा ०६७ माघ २५ गते दुवै पक्षबीच मेलमिलाप भएपछि पीडितहरू जिल्लास्थित मानवअधिकारकर्मीहरूको सहयोग र पहलमा ०६७ फागुन १५ गतेदेखि पुर्नस्थापित भए।

गिरेगाडा गाविस-५ का २५ वर्षीय बेशन लुहारलाई ०६७ चैत २५ गते सोही ठाउँका २८ वर्षीय राजेन्द्र चन्दले "डुम" भनी स्थानीय पसलमा दुर्व्यवहार गरे। पीडितले ०६७ चैत ३० गते स्थानीय प्रहरी चौकी गिरेगाडामा उजुरी गर्दा कुनै सुनवाइ नभएपछि ०६८ वैशाख २४ गते जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी दिए। प्रहरीले आरोपितलाई गिरफ्तार गरेकोमा ०६८ वैशाख २९ गते जिल्ला अदालत बैतडीको आदेशमा धरौटीमा रिहा भए।

विगतको अनुगमन

सिद्धेश्वर गाविस-७ खोडपेका ३५ वर्षीय रामसिंह विष्टको सोही ठाउँमा रहेको कि.नः ५९०,५९७ र ७५१ को जग्गा सशस्त्र द्वन्द्वका बेला सशस्त्र प्रहरीको सुरक्षा बेसक्याम्प राखेर जमिन कब्जा गरेकामा सो वापतको मुआब्जा र क्षतिपूर्तिकालागि आवश्यक पहल गरिदिन भनी ०६८ साउन २५ गते पीडितले इन्सेकलाई निवेदन दिए। उक्त स्थानमा ०५९ फागुन १५ गतेदेखि ०६५ जेठ महिनासम्म सशस्त्र प्रहरीको बेसक्याम्प स्थापना गरिएको र हाल सो जग्गामा प्रहरी नरहे पनि जग्गामा बङ्कर निर्माण गरिएकाले उक्त घरजग्गा भोगचलन नगरिएको र सोही स्थानमा सोही बमोजिम पीडितका भाइ नाता पर्ने लक्ष्मण बिष्टको समेत कित्ता नम्बर ५९७, ७४९ र ७५९ को जग्गापनि कब्जा भएको र हालसम्म पनि क्षतिपूर्ति र मुआब्जा नपाएको पीडितले बताए। मुआब्जा र क्षतिपूर्ति उपलब्ध गराउन जिल्ला सुरक्षा समितिले सशस्त्र प्रहरीलाई सिफारिस गरिएको निमित्त प्रमुख जिल्ला अधिकारी हरिराज विष्टले बताए।

न्वादेउ गाबिस-५ का २२ वर्षीया एक युवतीलाई सोही ठाउँका हरि विकले करनसिंह बोहरालाई ०६७ असार ३१ गते १ लाख रुपियाँमा बिक्री गरेको आरोपमा पीडितले कारवाही गर्न निवेदन गरिन्। घटनापछि पीडितले ०६८ असार ७ गते जिल्ला प्रहरी कार्यालयमा जीउ मास्ने बेच्ने गरेको आरोपमा उनकै पति २६ वर्षीय गणेश पार्की, सोही ठाउँका ३० वर्षीय करनसिंह बोहरा, सोही गाविस-४ हरिचन्द बोहरा कुबाकोट गाविस-६ का हीरा बि.क., भटना गाविस-७ का हरिचन्द भट्टको नामा किटानी उजुरी दिए। घटनापछि दुवै पक्षले यो घटनाका सम्बन्धमा अदातल जाने छौं भनी ०६८ साउन २७ गते जिल्ला प्रहरी कार्यालय बैतडीमा कागज गरी गएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	५५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	३	२
स्टाफ नर्स	६	४	२
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	६७	६३	४
अनमी	१८	१७	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	११	४
स्वास्थ्य कार्यकर्ता	१२३	८९	४४

५.९ दार्चुला

जनसङ्ख्या : १,३३,४६४
पुरूष : ६३,६०९
महिला : ६९,८५५
साक्षरता प्रतिशत : ५८
महिला साक्षरता प्रतिशत : ३८
क्षेत्रफल (वर्ग कि. मि.) : २,३२२
गाविस/नपा सङ्ख्या : ४१/०
सरकारी/निजी विद्यालय : ३०४/४
क्याम्पस/उच्च मा.वि. : १/२०
मानव विकास सूचकाङ्कः ०.४११
प्रतिपरिवार सरदर सङ्ख्याः ५.१७

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ४० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३६ र कैद नतोकिएका सात कैदी र थुनुवा गरी जम्मा ४३ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएको पुरुष ३२ जना र महिला चार जना रहेका छन् भने कैद नतोकिएको पुरुष सात जना रहेका छन्। कारागारभित्र खानेपानी, क्यारेमबोर्ड, टिभी, भलिवल, चेस, पत्रपत्रिका र सीप सिक्न उनीहरूलाई विभिन्न सामग्री उपलब्ध छ । कारागारको भौतिक अवस्था जीर्ण अवस्थामा रहेको छ । पाँचओटा कोठा रहेको भवनमा चार कोठामा बन्दी र कैदी राखिएको छ भने एक कोठामा गार्ड बस्दै आएका छन् । कोठाको अभावमा एउटा कोठामा २०/२५ जनासम्म राखिएको छ । विगत पाँच वर्षदेखि कैदी जीवन बिताइरहेका खलङ्गा गाविस-८ का केशरसिह महरले कारागारमा खेल्न र अन्य सुविधा राम्रै भएपनि कोठाको अभावमा एउटै कोठामा सबैले सुत्नुपर्ने समस्या रहेको बताए । विगत पाँच वर्षदेखि नै केदी जीवन बिताइरहेकी गोकुलेश्वर गाविस-५ का ३६ वर्षीया लीला वादी महिलाहरूको लागि सीप सिक्न तथा टीभी हेर्न राम्रै व्यवस्था गरिएको बताउँछिन् । जिल्ला कारागार शाखाका जेलर पदमराज जोशी कैदीलाई बस्न समस्या भएको स्वीकार्छन्, क्षमताभन्दा बढी कैदी र बन्दी भए पनि मिलाएर राखिएको उनले बताए । जेल सुधारको निम्ति पहल भइरहेको उनले जानकारी गराए ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

सितोला गाविस-५ निवासी एमालेका जिल्ला कमिटी सह-सचिव ३५ वर्षीय चरनसिंह बुढाथोकीलाई ०६८ मङ्सिर १९ गते साझ गुल्जर गाविस-४ ताकु निवासी एकीकृत माओवादीका कार्यकर्ता ४० वर्षीय सृंगार भनिने जयसिंह महरले खलङ्गा घाटबजारमा कुटपिट गरे । दार्चुला उद्योग वाणिज्य सङ्घको मङ्सिर २४ गतेदेखि हुने साधारणसभा तथा नयाँ नेतृत्वको लागि भएको चुनावी प्रचारप्रसारको क्रममा ती दुईबीच कुटपिट भएको थियो । उद्योग वाणिज्य सङ्घको नयाँ नेतृत्वको लागि एकीकृत माओवादीको समर्थनमा मदनसिंह बुढाथोकी र एमालेको समर्थनमा मङ्गलसिंह ठगुन्नाले उम्मेदवारी घोषणा गरी प्रचारप्रसारमा गएको बेला ती दुई जनाबीच भनाभन हुँदा कुटाकुट भएको इन्सपेक्टर श्यामबहादुर साउदले बताए । कुटपिटमा संलग्न अध्यक्ष पदका उम्मेदवारी मदनसिंह बुढाथोकी र चरनसिंह बुढाथोकीलाई प्रहरीले सोही राति नै गिरफ्तार गऱ्यो । मदनका सहयोगी सृंगारलाई भने प्रहरीले गिरफ्तार गरेन । महरको कुटाइबाट बुढाथोकीको टाउको र गालामा सामान्य चोट लागेको थियो । उनको जिल्ला अस्पताल दार्चुलामा सामान्य उपचार भयो । यसअघि मदनसिंह बुढाथोकी र एमाले कार्यकर्ता सहदेव बोहराबीच भएको झगडामा मदनसिंह बुढाथोकीले एमाले कार्यकर्ता बोहरालाई ज्यानमार्ने उद्योगमा मुद्दा दायर गरी मङ्सिर १९ गते जिल्ला अदालत दार्चुलाले एमाले कार्यकर्ता सहदेव बोहरालाई ०६८ मङ्सिर १९ गते नै जिल्ला अदालतको आदेशमा जेलचलान भए । बोहरा जेल चलान भएपछि चरनसिंह बुढाथोकी र मदनबीच विवाद भएको थियो । मङ्सिर २० गते जिल्ला प्रशासन कार्यालय दार्चुलाको समन्वयमा एकीकृत माओवादी र एमालेका प्रमुखहरूको छलफलमा दुवैबीच शान्त वातावरणमा उद्योग वाणिज्य सङ्घको चुनाव सम्पन्न गर्ने सहमति भएपछि प्रहरीले मदन बुढाथोकी र चरन बुढाथोकीलाई रिहा गरेको थियो ।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			३	१	४
महिलाअधिकार			३		३
गिरफ्तारी/यातना	१	१			
कुटपिट			१	१	३
धम्की				३	३
हत्या				१	१
जम्मा	**१**	**१**	**७**	**५**	**१३**

युवासङ्घ नेपालबाट

काटै गाविस-९ काटै निवासी नेपाल टेलिभिजका दार्चुला समाचारदाता तथा पत्रकार महासङ्घ दार्चुला शाखाका साधारण सदस्य ४० वर्षीय भोजराज जोशीलाई समाचारको नलेखेको र फोटो नखिचेको भन्दै ०६८ भदौ २६ गते साँझ पिपलचौरी गाविस-५ बीडका युवासङ्घ नेपाल दार्चुलाका अध्यक्ष ३६ वर्षीय धनबहादुर कुँवरले दुर्व्यवहार गरे। स्वतन्त्र पत्रकारमाथि भएको दुर्व्यवहारको नेपाल पत्रकार महासङ्घ दार्चुला शाखाले ०६८ भदौ ३० गते विज्ञप्तिमार्फत खेद प्रकट गऱ्यो। पत्रकार भएकोले फोटो खिच्न र समाचार सङ्कलन गर्न अनुरोध गरेको तर नमानेकोले गालीगलौज गरेको कुँवरले बताए । पत्रकार जोशी भने आफू घट्नास्थलमा पुग्नेबित्तिकै कुवरले "तँ पत्रकार होस्" भनेर दुर्व्यवहार गरेको बताए। महासङ्घले दोषीलाई तत्काल कानुनबमोजिम कारबाहीको माग गरे पनि दोषीलाई हालसम्म कारबाही भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

०६७ साउनदेखि ०६८ असार मसान्तसम्म

दुई जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ५५ मध्ये ३४ फैसला भए भने २१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २८ मध्ये १६ फैसला भए भने १२ फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि पुस १६ सम्म

दुई जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ २८ मध्ये नौ फैसला भए भने १९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १८ मध्ये सात फैसला भए भने ११ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६७ साउनदेखि ०६८ असार मसान्तसम्म दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २६ मध्ये नौ सफल र तीन असफल रह्यो। माथिल्लो अदालतमा मुद्दा सङ्ख्या पाँच पुनरावेदन परेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६८ असार मसान्तसम्म १४ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका ४८ हजार ३५ मध्ये छात्र २३ हजार ६ सय ७३ र छात्रा २४ हजार ३ सय ६२ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार ९ सय २३ र छात्र २ हजार ९ सय ५रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला १ सय ९७ र पुरुष ६ सय ४ गरी जम्मा ८ सय १ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा महिला ११ र पुरुष १ सय १२ गरी जम्मा १ सय २३ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला २ र पुरुष ९९ गरी जम्मा १ सय १ शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ३ हजार ३ सय १९ र बालिका ३ हजार १ सय ५० गरी जम्मा ६ हजार ४ सय ६९ यति रहेका छन् जसमध्ये दलित बालक ५ सय ८ र बालिका ५ सय २३ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

अपहरण

मालिकार्जुन गाविस -१ बसेडिका ९ वर्षीय सुनिल धामीको विद्यालयबाट घर फर्कने क्रममा ०६७ पुस २९ गते अज्ञात समूहले अपहरण गरी हत्या गऱ्यो। मालिकार्जुन उमावि मडमा कक्षा ४ मा अध्ययनरत धामीको हत्या गरिएको अवस्थामा ०६७ माघ १४ गते सामुदायिक वनमा गाडिएको अवस्थामा लास फेला परेको थियो । मृतकका बुबा दीपेन्द्रसिंह धामीले सोही गाविसका हरिसिंह धामी, दानसिंह धामी, नीधा धामी, सुरेन्द्रसिंह धामी र दुर्गा धामीको नाममा ०६७ माघ १७ गते जिल्ला प्रहरी कार्यालय दार्चुलामा किटानी जाहेरी दिए। किटानीका आधारमा प्रहरीले उनीहरूलाई माग २८ गते घरैबाट गिरफ्तार गऱ्यो । घटनामा संग्लन

भनिएकाहरूलाई सरकारी वकिल कार्यालयका न्यायाधिवक्ता राजेन्द्रसिंह भण्डारीले आवश्यक अनुसन्धान नपुगेको भन्दै ०६७ चैत १० गते तारेखमा रिहा गर्ने आदेश दिए। मृतक सुनिल धामीको लासको ०६७ माघ १४ गते जिल्ला अस्पताल दार्चुलामा पोस्टमार्टम गरियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

काटै गाविस- ५ मखौलीका १५ वर्षीया बालिकालाई ०६८ असोज २३ गते राति छापरी गाविस-५ का २५ वर्षीय प्रकाश कुँवर, धौलाकोट गाविस- ८ का २४ वर्षीय कृष्ण कुँवर र धाप गाविस- ६ का ३५ वर्षीय भोजराज भट्टले धाप गाविसको थालिगाडको एक होटलमा जबरजस्ती सामूहिक बलात्कार गरेको भन्दै उनका बुबाले ०६८ असोज २५ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। आरोपित तीन जना युवकहरूले बलात्कार गरेपछि बालिका भागेर धाप प्रहरी चौकीलाई जानकारी गराएपछि सोही राती नै जिल्ला प्रहरी कार्यालय दार्चुलाले ती तीनै जना युवकलाई गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालय दार्चुलाले ०६८ असोज २६ गते जिल्ला अदालत दार्चुलामा मुद्दामा म्याद थप गरी अनुसन्धान अघि बढायो। बलात्कारमा संग्लन रहेका तीन जनामध्ये भोजराज भट्टलाई जिल्ला अदालत दार्चुलाले मङ्सिर १२ गते दोषी नदेखिएको भन्दै रिहा गर्ने आदेश दियो भने बाँकी दुई जनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

हिकिला गाविस-२ कम्दाका १३ वर्षीया एक बालिकालाई सोही गाविस-२ का निमावि कम्दाका प्रधानाध्यापक ४० वर्षीय जमनसिह कार्कीले ०६८ वैशाख ३० गते राति बालिकाको घरमै गएर बलात्कारको प्रयास गरेको आरोपमा पीडितपक्षले ०६८ जेठ १ गते जिल्ला प्रहरी कार्यालय दार्चुलामा उजुरी दर्ता गरायो । पीडितका बुबा घरमा एक्लै भएको मौका छोपी बलात्कारको प्रयास गरेको उजुरीमा पीडित पक्षले उल्लेख गरेका थिए। कार्कीलाई प्रहरीले ०६८ जेठ ३ गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको प्रहरी इन्सपेक्टर सानुबाबु भण्डारीले बताए। बालिकाको ०६८ जेठ १ गते नै जिल्ला स्वास्थ्य कार्यालय दार्चुलामा स्वास्थ्यपरीक्षण भयो। शिक्षक जमनसिंह कार्कीको विरुद्ध मुद्दा ०६८ जेठ २३ गते जिल्ला अदालत दार्चुलामा पेश भएको छ। मुद्दाको अझै फैसला हुन बाँकी छ।

बालविवाह

शेरी गाविस-२ आलीका १४ वर्षीया गीता महरा र सोही गाविसका २२ वर्षीय सोवनराम टमटाले ०६८ कात्तिक २२ गते विवाह गरे । अन्तरजातीय विवाह गराउनमा हात रहेको भन्दै कात्तिक २७ गते शोभनराम लोहारका भिनाजु मदनराम लोहारलाई बिटुलेमा महरा पक्षका कल्चे महरा, कुन्दी महरा, अमर महरालगायतले कुटपिट गरे। मदनकी पत्नी अमरा लोहारले ०६८ मङ्सिर १ गते इलाका प्रहरी चौकीमा निवेदन दिएको इलाका प्रहरी चौकी लटिनाथका सई यज्ञराज ओझाले बताए। गीता महराका बुबा कल्चे महराले ०६८ मङ्सिर ४ गते जिल्ला प्रहरी कार्यालय, दार्चुलामा छोरी बेचविखन तथा बालविवाह गरेको भन्दै ३८ वर्षीय मदनराम लोहार र २२ वर्षीय सोवनराम विरुद्द किटानी जाहेरी दिए। लटिनाथ घटनाको छानबिनबारे मानवअधिकारवादी सङ्घसंस्था र जिल्ला प्रहरी कार्यालयको टोली घटनास्थलमा गई अध्ययन अनुसन्धान गरे पनि आगजनी कसले गऱ्यो भनेर यकिन जानकारी आउन सकेन। शङ्काको भरमा एकअर्काका विरुद्ध जाहेरी दिएको भन्दै ०६८ पुस २४ गत दुवै पक्षले निवेदन फिर्ता लिएपछि विवाद समाधान भएको जिल्ला प्रहरी कार्यालय, दार्चुलाले जनायो। विवाह गराउनमा मदनको हात नरहेको भन्दै महरा पक्षले निवेदन फिर्ता लिए भने आगजनी गराउनमा महरा पक्षको हात नरहेको भन्दै मदनले निवेदन फिर्ता लिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी देवबहादुर बोगटीले बताए। आगजनीबारे भने जिल्ला प्रहरी कार्यालयको अनुसन्धान जारी रहने समेत डिएसपी बोगटीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

रिठाचौपाता गाविस-३ अमकुरकी १८ वर्षीय युवतीलाई ०६८ मङ्सिर २ गते माइतीघर भगवती गाविस-१ भर्तोलामा जाँदै गरेको अवस्थामा सोही ठाउँका अन्दाजी २४ वर्षीय कृष्णसिह सामन्तले कपडा च्यातिदिएको र बाटोमा लडाएर बलात्कारको प्रयास गरेको भन्दै जिल्ला प्रहरी कार्यालय दार्चुलामा ०६८ मङ्सिर ४ गते उनले उजुरी दिइन्। उनले आफ्नो उजुरीको सुनवाइ नभएको भन्दै ०६८ मङ्सिर ९ गते पुन जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पीडितका पतिले भने जिल्ला प्रहरी कार्यालय दार्चुलाले घटना आफैँ मिलाऊ भनेर आनाकानी गर्ने गरेको र जिल्ला

प्रहरी कार्यालय दार्चुलाले उजुरी दर्ता नगरेको बताए । जिल्ला प्रहरी कार्यालय दार्चुलाका डिएसपी देवबहादुर बोगटीले भने आरोपित भारततिर भागेको र फेला पर्ने बित्तिकै समातेर मुद्दा दर्ता गरी कारवाही गरिने बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२०		
उपस्वास्थ्यचौकी	२१		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	३	२ करार सेवा
स्टाफ नर्स	४	३	१
ल्याब असिस्टेन्ट	२	२	
अहेब	४३	४०	३
अनमी	१६	१५	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१३	
स्वास्थ्य कार्यकर्ता	८२	७३	९

मानवअधिकार उल्लङ्घन तथ्याङ्क २०११

अनुसूची २

परिशिष्ट १.१

नेपाल- घटनाको प्रकारअनुसार घटना सङ्ख्या र पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट				गैर राज्यपक्षबाट				
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	नखुलेको	जम्मा
घाइते									
बम विस्फोटबाट					१५	५७			७२
दोहोरो झडपमा घाइते					२	१०			१२
आफ्नै बम विस्फोटनबाट						६			६
आफ्नै गोलीबाट						१			१
आगो लगाएर						१			१
भिडन्तमा घाइते						२			२
विद्युतीय धरापमा परी						१			१
कुटपिटबाट	८	१३		२१	७	२७			३४
गोलीबाट		१३		१३	५	४०			४५
धारिलो हतियारबाट					११	५३			६४
जम्मा	**८**	**२६**		**३४**	**४०**	**१९८**			**२३८**
बालअधिकार									
बालश्रम					४	२			६
बालबालिका बेचबिखन					३८	२			४०
बालविवाह					१६				१६
बलात्कार					२१७				२१७
नवजात शिशुको हत्या					१२	१३			२५
यौन दुर्व्यवहार					९२	१३			१०५
यातना						१			१
जम्मा					**३७९**	**३१**			**४१०**
अमानवीय व्यवहार									
बोक्सीको आरोपमा						६			६
अन्य					१		१		२
अनुहारमा मोसो लगाएको					२	७			९
नखुलेको						१			१
जुत्ताको माला लगाएको					१				१
जम्मा					**४**	**१४**	**१**		**१९**

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट				
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	नखुलेको	जम्मा
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार									
स्वास्थ्यसम्बन्धी अधिकार	५	२		७					
आफ्नो सम्पत्तिको अधिकार					१	२१			२२
अन्य					१	१			२
ज्यालामा भेदभाव					१	१			२
जम्मा	**५**	**२**		**७**	**३**	**२३**			**२६**
अपहरण									
अपहरण					**२३**	**१२१**			**१४४**
महिलाअधिकार									
बेचबिखनको प्रयास					३				३
बोक्सीको आरोपमा					५१				५१
बलात्कार					१११				१११
बलात्कारको प्रयास					२९				२९
बहुविवाह					११४				११४
महिला बेचबिखन					३०				३०
महिला भएकै कारण यातना					५				५
जारी					२				२
पारिवारिक हिंसा					२७२				२७२
यौन दुर्व्यवहार					३१				३१
जम्मा					**६४८**				**६४८**
भेला/सङ्गठित हुने अधिकार									
भेला/सङ्गठित हुने अधिकार	१९	८४	१८८	२९१		३		१	४
लाठी चार्ज	३५	४३	१४	९२					
जम्मा	**५४**	**१२७**	**२०२**	**३८३**		**३**		**१**	**४**
गिरफ्तारी/यातना									
गिरफ्तारी/यातना	**४**	**९०**		**९४**					
जातीय विभेद									
सार्वजनिक स्थलमा					४	४			८
प्रवेशबाट बञ्चित					११	१२			२३
अन्तरजातीय विवाह					१७	२४			४१
जातीय छुवाछूत					**३२**	**४०**			**७२**
जम्मा									

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट				
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	नखुलेको	जम्मा
हिरासत वा थुनामा मृत्यु									
हिरासत/थुनामा मृत्यु		३		३					
कुटपिट									
कुटपिट	१३	८३		९४	६३	३९७		३	३६३
हात भाँचिएको						१			१
जम्मा	**१३**	**८३**		**९४**	**६३**	**३९८**		**३**	**३६३**
धम्की									
ज्याँन मार्ने धम्की		३		३	६	३३			३८
चन्दाको लागि धम्की						८			८
धम्की		५		५	६	५३			५९
जम्मा		**८**		**८**	**१३**	**९३**			**१०५**
हत्या									
घाँटी रेटेर					५	३			८
घाँटी थिचेर					१६	६			३३
घाँटी काटेर					३				३
घन प्रहारबाट					३	४			६
ढुङ्गाले किचेर					३	४			६
बम विस्फोटनबाट	१			१	५	३			८
बलात्कारपछि					१०	१			११
दोहरो भिडन्तमा		१		१		३			३
दोहोरो झडपमा मृत्यु						३			३
आफ्नै बम विस्फोटनबाट मृत्यु						३			३
आफ्नै बन्दुक पड्किएर						१			१
आगो लगाएर हत्या					१				१
भीर वा डाँडाबाट फालिएको					३	१			४
झण्ड्याएर					५	३			८
विष खुवाएर					८	८			१५
लठ्ठी प्रहारबाट					३	५			८
यातना दिई		१		१					
कुटपिट गरी					३६	५०			८६
गोली हानी		९		९	१०	४३			५३
खुकुरी प्रहारबाट					९	९			१८
अन्य धारिलो हतियार प्रहारबाट					३५	५३			८८
हत्याको प्रकृति नखुलेको					१३	१३			३५
जम्मा	**१**	**११**		**१३**	**१५४**	**३११**			**३६५**
कुल जम्मा	**८४**	**३४८**	**३०३**	**६३३**	**१३५८**	**१०३३**	**१**	**४**	**२३९४**

परिशिष्ट १.२ भौतिक संरचनामा क्षति गैरराज्यपक्षबाट

सरकारी सवारी साधनहरू	३
सरकारी कार्यालयहरुरू	९
सञ्चार क्षेत्र	३
बैङ्क	३
दूरसञ्चार टावर	३
नीजि सवारीसाधन	४९
नीजि घर	८
नीजि कार्यालयहरु	७
नगरपालिका भवन	१
निजी सम्पति	११
विद्यालय	५
क्याम्पस	३
गैरसरकारी संस्था	१
गाविस भवन	५
जम्मा	१०७

परिशिष्ट १.३ पीडित बालबालिका सङ्ख्या

घटनाको प्रकार	महिला	पुरुष	जम्मा
अपहरण	१२	३६	४८
गिरफ्तारी/यातना		२०	२०
कुटपिट	१६	३९	५५
घाइते	८	१६	२४
हत्या	३०	४२	७२
जम्मा	**६६**	**१५३**	**२१९**

परिशिष्ट १.४ घरेलु विवादका क्रममा मारिएका महिला

जात	पीडित सङ्ख्या
ब्राहमण	७
क्षेत्री	१०
दलित	१०
जनजाति	१८
कोइरी	१
मण्डल	१
मुस्लिम	२
तेली	३
थादव	२
जम्मा	**५४**

परिशिष्ट १.५ पेशागतआधारमा पीडित सङ्ख्या

पेशा	राज्यपक्षबाट				गैरराज्यपक्षबाट				
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	नखुलेको	जम्मा
राजनीतिक कार्यकर्ता	६	४९		५५	५	९०			९५
स्वास्थकर्मी		१		१	४	९			१३
सामाजिक कार्यकर्ता	२८	१२		४०	५	११			१६
बन्दी		३		३					
ओभरसियर						३			३
मानवअधिकारकर्मी					४				४
मजदुर	७	३५		४२	५१	५६			१०७
जागिरे/कर्मचारी	५	३		८	८	३४	१		४३
वन सुरक्षाकर्मी					१	२			३
प्रहरी		५		५		२१			२१
पत्रकार	१	२४		२५	४	६८			७२
विद्यार्थी	६	५९		६५	३०७	१५८			४६५
शिक्षक	३	११		१४	११	६३			७४
उद्योग व्यवसायी	६	२५		३१	२४	६८			९२
कृषक	१२	६७		७९	६३१	३०६			९३७
कानुन व्यवसायी						३			३
नखुलेको	१०	६२	२०२	२७४	३०३	१४२		४	४४९
जम्मा	**८४**	**३५६**	**२०२**	**६४२**	**१३५८**	**१०३४**	**१**	**४**	**२३९७**

परिशिष्ट २.१ पूर्वाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट			
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
घाइते					३	३५		३८
बालअधिकार					९३	८		१०१
अमानवीय व्यवहार						६		६
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार		१		१	३	३		५
अपहरण					१३	४५		५८
महिलाअधिकार					१३०			१३०
भेला/सङ्गठित हुने अधिकार	८	१८	९०	११६		३	१	३
जेलमा मृत्यु		४		४				
जातीय विभेद					३	९		१२
गिरफ्तारी/यातना	१	८		९				
कुटपिट	३	३३		३४	१५	६३	३	९१
धम्की		१		१	३	३०		३३
हत्या		३		३	४०	४९		८९
जम्मा	११	५६	९०	१५६	३०१	३५०	४	५५५

परिशिष्ट २.२ मध्यमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट				गैर राज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	८	१६		३४	१७	८६	१०३
बालअधिकार					१११	१०	१३१
अमानवीय व्यवहार					३	१	४
अपहरण					६	५५	६१
महिलाअधिकार					१८१		१८१
भेला/सङ्गठित हुने अधिकार	४१	६६	९७	२०४			
जेलमा मृत्यु		४		४			
जातीय विभेद					४	३	७
गिरफ्तारी/यातना	१	३५		३६			
हिरासत वा थुनामा मृत्यु		१		१			
कुटपिट	१	११		१२	९	४७	५६
धम्की		३		३	३	११	१४
हत्या		५		५	६०	१०३	१६३
जम्मा	**५१**	**१४०**	**९७**	**२८८**	**३९४**	**३१६**	**७१०**

परिशिष्ट २.३ पश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
घाइते				७	३९		३६
बालअधिकार				७६	६		८३
अमानवीय व्यवहार					३	१	४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१	८		९
अपहरण				३	७		९
महिलाअधिकार				१०४			१०४
भेला/सङ्गठित हुने अधिकार	१	१३	१३				
जातीय विभेद				११	४		१५
गिरफ्तारी/यातना		७	७				
कुटपिट	७	१४	३१	६	५५		६१
धम्की		१	१	३	५		८
हत्या		३	३	३८	१५		४३
जम्मा	**८**	**३७**	**४५**	**३३८**	**१३३**	**१**	**३७१**

परिशिष्ट २.४ मध्यपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		६		६	१०	४३	५३
बालअधिकार					६७	६	७३
अमानवीय व्यवहार					१	१	३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३			३		९	९
अपहरण					३	९	११
महिलाअधिकार					१८७		१८७
भेला/सङ्गठित हुने अधिकार	३	१३	१३	३६		१	१
जेलमा मृत्यु		१		१			
जातीय विभेद					१०	९	१९
गिरफ्तारी/यातना	१	३५		३६			
कुटपिट	३	१७		१९	३०	१००	१३०
धम्की		३		३	३	३७	३९
हत्या	१	१		३	३३	३९	५१
जम्मा	**८**	**७४**	**१३**	**९४**	**३३१**	**३३४**	**५५५**

परिशिष्ट २.५ सुदूरपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		४		४	३	१५	१८
बालअधिकार					३३	३	३६
अमानवीय व्यवहार						३	३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	१		४		३	३
अपहरण						५	५
महिलाअधिकार					४६		४६
भेला/सङ्गठित हुने अधिकार	३	१९	३	३४			
जातीय विभेद					४	१५	१९
गिरफ्तारी/यातना	१	५		६			
हिरासत वा थुनामा मृत्यु		१		१			
कुटपिट		१८		१८	१३	३३	३५
धम्की		१		१	३	३०	३३
हत्या					४	१५	१९
जम्मा	**६**	**४९**	**३**	**५८**	**१०४**	**१०३**	**२०६**

परिशिष्ट ३ नेपाल- पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	Total
अपहरण	३४	१४	८	१३	१०	१०	१३	८	११	७	७	९	१४४
गिरफ्तारी/यातना	६	१	७	५	१५	४	१३	१	६	१३	३१	३	९४
कुटपिट	५८	३१	५१	४५	५९	३३	४७	३३	३६	३७	३५	३३	४५७
बालअधिकार	२४	२५	४०	३०	४०	४३	५६	३७	२९	३८	३०	३३	४१३
हिरासत वा थुनामा मृत्यु	१					१							३
जेलमा मृत्यु	१	३			१		१			१	३	१	९
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	५	६	६	१	३			५		१	४	३३
अमानवीय व्यवहार	१	४		३	८	१		१			१	१	१९
घाइते	१९	८	६६	१५	२४	३८	१३	१८	१३	१३	३३	३३	२७३
हत्या	३७	२८	३६	३०	३१	३४	३९	३६	३१	३१	२९	२५	३७७
जातीय विभेद	६	५	४	७	९	८	५	५	३	९	१०	१	७३
भेला/सङ्गठित हुने अधिकार	३३	३३	३७	१११	७१	११	४९	३४	५			१४	३८७
धम्की	१३	१०	१५	१४	१०	६	१३	८	३	१०	८	४	११३
महिलाअधिकार	६८	६०	५१	५९	५५	६५	६८	५६	५०	४६	४५	३५	६४८
जम्मा	**३९३**	**३३५**	**३३१**	**३३७**	**३३४**	**३५६**	**३१६**	**३३७**	**१८३**	**१९५**	**२०३**	**१५३**	**३०३९**

परिशिष्ट ४ जातजातिका आधारमा पीडित सङ्ख्या

जात	गैरराज्यपक्षबाट					राज्यपक्षबाट			
	महिला	पुरुष	तेस्रो लिङ्गी	नखुलेको	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
आदिवासी	३२	३२			५४	२	९		११
वैश्य	११	१३			३४	१	३		४
बँनिया	२	१			३		१		१
ब्राह्मण	१७१	२०१			३७२	३३	७७		११०
क्षेत्री	२५७	२६३			५२०	२७	१०४		१३१
दलित	२६६	१०९			३७५	४	३९		४३
जनजाति	३५६	२३१	१		५७८	१२	५७		६९
कायस्थ						१	१		२
कोइरी	१०	११			२१				
मण्डल	१६	२१			३७		७		७
मुस्लिम	४२	३९			७१	१	५		६
नेवार	३२	३०			५२	१	१७		१८
सन्यासी	९	८			१७		१		१
तेली	३५	३१			५६		८		८
यादव	३९	४२			७१		१३		१३
नखुलेको	१००	४२		४	१४६	२	१४	३०२	२१८
जम्मा	**१३५८**	**१०३४**	**१**	**४**	**२३९७**	**८४**	**३५६**	**३०२**	**६४२**

परिशिष्ट ५ धार्मिक आधारमा पीडित सङ्ख्या

धर्म	राज्यपक्षबाट				गैरराज्यपक्षबाट				
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	नखुलेको	जम्मा
बौद्ध	३	६		९	५२	३७	१		८०
मुस्लिम	१	६		७	३७	३९			६६
जैन						१			१
किराँत	१	४		५	१७	१५			३२
क्रिश्चियन					२	१			३
हिन्दू	७२	२८९		३६१	९४६	७७४			१७२०
नखुलेको	७	५१	३०२	२६०	३०४	१८७		४	४९५
जम्मा	**८४**	**३५६**	**३०२**	**६४२**	**१३५८**	**१०३४**	**१**	**४**	**२३९७**

मानवअधिकार उल्लङ्घनका ज्यादतीहरू

परिशिष्ट ६.१ एमाओवादीपक्ष (भातृ सङ्गठन समेत)बाट

घटनाको प्रकार	महिला	पुरुष	जम्मा
अपहरण	६	३१	३७
कुटपिट	१४	१३०	१४४
बालअधिकार	१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१८	१९
अमानवीय व्यवहार		२	२
घाइते	४	२०	२४
हत्या		२	२
धम्की	४	२०	२४
महिलाअधिकार	१		१
जम्मा	**३१**	**२२३**	**२५४**

परिशिष्ट ६.२ पूर्वी पहाडमा सङ्घर्षरत समूहबाट

घटनाको प्रकार	महिला	पुरुष	नखुलेको	जम्मा
अपहरण		१		१
कुटपिट	२	१७		१९
आथिक/सामाजिक/सांस्कृतिक अधिकार		१		१
घाइते		५		५
भेला/सङ्गठित हुने अधिकार		२	१	३
धम्की	२	७		९
जम्मा	**४**	**३३**	**१**	**३८**

परिशिष्ट ६.३ नेपाली काङ्ग्रेसपक्ष (भातृ सङ्गठन समेत)बाट

घटनाको प्रकार	पुरुष	जम्मा
कुटपिट	२०	२०
घाइते	२	२
भेला/सङ्गठित हुने अधिकार	१	१
जम्मा	**२३**	**२३**

परिशिष्ट ६.४ अज्ञात समूहबाट

घटनाको प्रकार	महिला	पुरुष	जम्मा
अपहरण	८	५१	५९
कुटपिट	५	१८	२३
बालअधिकार	८	१	९
घाइते	१२	६२	७४
हत्या	३५	६४	८९
धम्की	२	१३	१५
महिलाअधिकार	३		३
जम्मा	**६३**	**२०९**	**२७२**

परिशिष्ट ६.५ एमालेपक्ष (भातृ सङ्गठन समेत)बाट

घटनाको प्रकार	महिला	पुरुष	नखुलेको	जम्मा
कुटपिट		२२	३	२५
अमानवीय व्यवहार	१			१
घाइते		७		७
हत्या		२		२
धम्की		३		३
जम्मा	**१**	**३४**	**३**	**३८**

परिशिष्ट ६.६ अन्यपक्षबाट

घटनाको प्रकार	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
अपहरण	९	३२		४१
कुटपिट	४१	९०		१३१
बालअधिकार	३७१	३२		४०३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	४		६
अमानवीय व्यवहार	३	१२	१	१६
घाइते	१४	६०		७४
हत्या	१२७	१३४		२६१
जातीय विभेद	३२	४०		७२
धम्की	४	४३		४७
महिलाअधिकार	६४४			६४४
जम्मा	**१२४७**	**४४७**	**१**	**१६९५**

परिशिष्ट ६.७ तराईमा सङ्घर्षरत समूहबाट

घटनाको प्रकार	महिला	पुरुष	जम्मा
अपहरण		६	६
कुटपिट		१	१
घाइते	१०	४२	५२
हत्या	२	९	११
धम्की		७	७
जम्मा	**१२**	**६५**	**७७**

परिशिष्ट ७

स्थायी बसोबासका आधारमा पीडित सङ्ख्या

जिल्ला	राज्यपक्षबाट	गैरराज्यपक्षबाट
झापा	५	४५
इलाम	२	३६
पाँचथर		३१
ताप्लेजुङ	२	१६
मोरङ	३०	६६
सुनसरी	१३	४३
धनकुटा	४	२१
तेह्रथुम	५	३२
भोजपुर	२	१९
संखुवासभा	१	२९
सप्तरी	१५	४६
सिराहा	९	६२
उदयपुर	१	४५
खोटाङ	१	२१
ओखलढुङ्गा	१	१५
सोलुखुम्बु	३	८
धनुषा	११	६६
महोत्तरी	४	५४
सर्लाही	२	३०
सिन्धुली	१६	३६
रामेछाप	४	३३
दोलखा		१६
रौतहट	४	५६
बारा	३	१९
पर्सा	६	१२
चितवन	६	४८
मकवानपुर		३१
ललितपुर	८	१९
काभ्रे	४	३१
भक्तपुर	५	११
काठमाडौं	१३	२१
धादिङ	६	६१
सिन्धुपाल्चोक	३	५२
नुवाकोट		२५
रसुवा	२	१९

जिल्ला	राज्यपक्षबाट	गैरराज्यपक्षबाट
तनहुँ	२	२२
गोरखा	१	२५
लमजुङ	१	११
स्याङ्जा	१	२३
कास्की	१९	५३
नवलपरासी	३	६३
रुपन्देही	४	३२
पाल्पा	२	२५
कपिलवस्तु	१	२६
अर्घाखाँची	१	१९
गुल्मी	१०	२५
बाग्लुङ	८	१३
पर्वत	४	२०
म्याग्दी		१०
मुस्ताङ		३
दाङ	५	२४
प्यूठान	१	२६
रोल्पा		३५
सल्यान	४	५२
रुकुम	१	२४
बाँके	१६	५५
बर्दिया	१९	८४
सुर्खेत	१६	१२३
जाजरकोट	४	३३
दैलेख	४	३२
डोल्पा		१४
जुम्ला	२	५
कालीकोट	२	२३
मुगु	१	६
हुम्ला	५	१६
कैलाली	२६	८३
अछाम	२	५
डोटी		९
बाजुरा	३	८
बझाङ	२	१४
कञ्चनपुर	१०	४१
डडेलधुरा	४	१३
बैतडी	८	१६
दार्चुला	२	१५
नखुलेको	२६५	६६
जम्मा	६४२	२३९६

परिशिष्ट ८ सन् २०११ डिसेम्बर महिनामा जेलमा रहेका बन्दीहरूको सङ्ख्या

क्र.सं.	जिल्ला	श्रेणी	जेलको क्षमता सङ्ख्या	सन् २०११ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या					जेलमा अश्रित सङ्ख्या		जेलमा मृत्यु भएको सङ्ख्या
				थुनुवा	कैदी	पुरुष	महिला	जम्मा	बालक	बालिका	
१.१	झापा	'ग'	२००	३२३	२६८	५४९	४२	५९१	५	४	३
१.२	इलाम	'ङ'	बन्दी छैनन्								
१.३	पाँचथर	'ङ'	२५	८४	४७	११६	१५	१३१	१	१	
१.४	ताप्लेजुङ	'ङ'	२५	४३	५०	९३		९३			
१.५	मोरङ	'ग'	२५०	३४९	२६२	५५३	५८	६११	२	४	६
१.६	सुनसरी	'ख'	५००	३७०	२८९	६५९		६५९			
१.७	धनकुटा	'ङ'	२५	३७	१३	४६	४	५०		१	
१.८	तेह्रथुम	'ङ'	३५	२९	१७	४२	४	४६			
१.९	भोजपुर	'ङ'	२५	५३	३३	७७	९	८६	२	१	
१.१०	संखुवासभा	'ङ'	२५	६०	२५	८५		८५	३		
१.११	सप्तरी	'घ'	१३५	७८	८२	१५७	३	१६०			
१.१२	सिराहा	'घ'	१५०	७६	९३	१६३	६	१६९			१
१.१३	उदयपुर	'ङ'	५०	४५	६०	१०२	३	१०५			
१.१४	खोटाङ	'ङ'	बन्दी छैनन्								
१.१५	ओखलढुङगा	'ङ'	५०	४१	२८	४४	२५	६९	१	४	
१.१६	सोलुखुम्बु	'ङ'	३५	५०	६	५०	६	५६			
२.१	धनुषा	जेल छैन									
२.२	महोत्तरी	'ग'	१३५	१६२	२१९	३४४	३७	३८१	५	३	
२.३	सर्लाही	'ग'	१००	५८	१०५	१६३		१६३			
२.४	सिन्धुली	'ङ'	३५	५४	३६	८०	१०	९०		१	
२.५	रामेछाप	'ङ'	५०	१५९	२३	१७५	७	१८२			१
२.६	दोलखा	'ङ'	३५	३३	२०	५३		५३			
२.७	रौतहट	'घ'	७५	३९	६४	१००	३	१०३	१	१	
२.८	बारा	जेल छैन									
२.९	पर्सा	'ख'	७५०	५८७	५१०	१०३७	६०	१०९७	६		
२.१०	चितवन	'घ'	११०	१७२	१८८	३१९	४१	३६०	१	१	३
२.११	मकवानपुर	'ख'	३५	१७५	१०३	२७८		२७८			
२.१२	ललितपुर	'ग'	१७५	३९३	२१०	५०३		५०३			
२.१३	काभ्रे	'ङ'	६१	७४	५७	१३१		१३१			१
२.१४	भक्तपुर	बालसुधार गृह		८१	३९	१०६	४	११०			
२.१५	काठमाडौँ	'क'	११५२	१०६२	१४६७	२२४५	२८४	२५२९		९	३
२.१६	धादिङ	'ङ'	३०	७३	४२	१०५	१०	११५			
२.१७	सिन्धुपाल्चोक	'ङ'	३५	२३	४५	६८		६८			
२.१८	नुवाकोट	'ङ'	९०	४१	७७	९७	२१	११८	१	१	
२.१९	रसुवा	'ङ'	२५	२७	४	३१		३१			

क्र. सं.	जिल्ला	श्रेणी	जेलको क्षमता सङ्ख्या	सन् २०११ को अन्त्यमा जेलमा रहेकाहरुको सङ्ख्या					जेलमा अश्रित सङ्ख्या		जेलमा मृत्यु भएको सङ्ख्या
				थुनुवा	कैदी	पुरुष	महिला	जम्मा	बालक	बालिका	
३.१	तनहुँ	'ङ'	३५	५९	७१	१३०		१३०	५		
३.२	गोरखा	'ङ'	५५	६६	१७	७७	६	८३			
३.३	लमजुङ	'ङ'	३५	३८	१८	४१	५	४६			
३.४	स्याङ्जा	'ङ'	३५	३३	३७	४९	११	६०		१	
३.५	कास्की	'घ'	६०	१७१	१३३	३६६	३७	३०३		१	
३.६	मनाङ	श्रेणीविहीन		१५	१	१६		१६			
३.७	नवलपरासी	'ङ'	३५	३४	६६	८६	१४	१००			
३.८	रुपन्देही	'ग'	१००	१३३	१३७	३५९		३५९			१
३.९	पाल्पा	'ग'	१७५	३७०	५८	३७०	५८	३३८	४	४	१
३.१०	कपिलवस्तु	'घ'	८०	८९	१३६	३१५		३१५			
३.११	अर्घाखाँची	'ङ'	बन्दी छैनन्								
३.१२	गुल्मी	'ङ'	३५	४०	३१	५४	७	६१			
३.१३	बाग्लुङ	'ङ'	३५	४०	३९	६५	४	६९			
३.१४	पर्वत	'ङ'	३५	३०	३६	५४	३	५६			
३.१५	म्याग्दी	'ङ'	३५	५३	११	६१	३	६४			
३.१६	मुस्ताङ	'ङ'	१०	३		३		३			
४.१	दाङ	'ङ'	१५०	३३०	४९	३५०	१९	३६९	१	६	
४.२	प्यूठान	'ङ'	३५	४१	१४	४९	६	५५			
४.३	रोल्पा	'ङ'	५०	३६	३३	५४	५	५९			
४.४	सल्यान	'घ'	३०	३९	३१	५३	८	६०			
४.५	रुकुम	'ङ'	३०	३४	३६	४४	६	५०			
४.६	बाँके	'ग'	३००	१०१	३६०	३३३	३८	३६१			
४.७	बर्दिया	'घ'	१००	९३	५३	१३७	८	१४५	१		
४.८	सुर्खेत	'ङ'	३५	४८	५८	९४	१३	१०६			१
४.९	जाजरकोट	'ङ'	३५	३४	९	३१	३	३३			
४.१०	दैलेख	'ङ'	१६	३९	३१	४६	४	५०	१	१	
४.११	डोल्पा	'ङ'	३५	६	११	१४	३	१७			
४.१२	जुम्ला	'ङ'	३०	८	६	१३	३	१४		१	
४.१३	कालीकोट	'ङ'	३७	३०	१७	३४	३	३७			
४.१४	मुगु	'ङ'	बन्दी छैनन्								
४.१५	हुम्ला	'ङ'	३५		३	३		३			
५.१	कैलाली	'घ'	१००	१४७	९४	३१३	३९	३४१	४	३	
५.२	अछ्याम	'ङ'	३५	३८	३	३७	४	४१			
५.३	डोटी	'ङ'	४५	३९	७	३६		३६			
५.४	बाजुरा	'ङ'	३५	३५	१०	३३	३	३५			
५.५	बझाङ	'ङ'	३५	१६	९	३५		३५			
५.६	कञ्चनपुर	'घ'	९५	११३	६८	१६९	११	१८०	१	१	
५.७	डडेल्धुरा	'ङ'	३५	३७	५	३७	५	४३	१		
५.८	बैतडी	'ङ'	३५	३६	१०	४६		४६			
५.९	दार्चुला	'ङ'	४०	३६	७	३९	४	४३			
जम्मा			६३५६	६९७९	५९८५	१३००४	९६०	१३९६४	४६	४९	३०

सन् २०११ को मानवअधिकार स्थितिबारे राजनीतिक दलका धारणा

नेपाली काङ्ग्रेस
नेपाल कम्युनिस्ट पार्टी (एमाले)
राष्ट्रिय प्रजातन्त्र पार्टी
राष्ट्रिय जनमोर्चा
नेकपा (माले)
नेपाल मजदुर किसान पार्टी

अनुसूची

३

नेपाली काङ्ग्रेस

सन् २०११ को मुलुकको मानवअधिकारको अवस्थाका बारेमा विश्लेषण गर्दा मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि मुलुकको संविधान, ऐन कानुनले प्रत्याभूत गरेका व्यवस्थाहरू तथा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन, सन्धि, अभिसन्धिहरूमा नेपालले व्यक्त गरेको प्रतिबद्धताको पालना भए नभएको अवस्थाको बारेमा अध्ययन गर्नुपर्ने हुन्छ। ऐतिहासिक जनआन्दोलन २०६२/०६३ पछि सन् २०११ को मानवअधिकारको अवस्था अत्यन्त दयनीय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नै आलोच्य रह्यो।

मानवअधिकारको उल्लङ्घनमा केवल सत्तासिन राजनीतिक दलका कार्यकर्ता, आबद्ध भातृ सङ्गठनका कार्यकर्ता मात्र सक्रिय रहेनन्,सत्ताको व्यापक दुरुपयोग गर्दै सरकारी सुरक्षा निकायहरूलाई पनि मानवअधिकारको उल्लङ्घनमा व्यापक सक्रिय बनाइयो। राजनीतिक तहमा प्रतिस्पर्धा गर्न असक्षम भएपछि प्रहरी प्रशासनलाई समेत दवाव, निर्देशन गरेर भिन्न राजनीतिक दलका नेता, कार्यकर्ताहरूलाई आक्रमण गर्ने, अपहरण गर्ने र निर्धक्क हत्या गर्ने कार्यहरू पनि खुलेआम भए। मुलुकमा नेतादेखि सर्वसाधारण नागरिक कसैको पनि सुरक्षा गर्ने कुनै निकाय नै नरहेको अनुभूति सबै देशवासीलाई हुने गरी आपराधिक घटनाहरू भए।

एमाओवादी तथा एमाले निकट भातृसङ्गठनका कार्यकर्ताहरू मुलुकको सुरक्षा निकायलाई हतोत्साहित गर्ने गरी शान्ति सुरक्षाको अवस्थालाई चुनौती दिई खुलेआम अभिव्यक्ति दिने र आपराधिक गतिविधिमा सक्रिय रहे। प्रहरी प्रशासनले समेत बेलाबखत बढी अराजक र उदण्ड बनी अनावश्यक बल प्रयोगका घटनाहरू पनि गराइए। मुलुकको सञ्चारजगत पूर्णत: असुरक्षित र आतङ्कित बनिरह्यो। हत्याजस्तो सङ्गीन र अक्षम्य अपराधमा सर्वोच्च अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय पाएका दोषी माओवादी सभासद्लाई माफीका लागि मन्त्रिपरिषद्को बैठकले, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमै व्यापक आलोचना हुँदाहुँदै पनि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय सरकारले गऱ्यो।

न्यायिक हिरासतमा रहेका एक जना युवा, तरुण दल चितवनका अध्यक्ष शिवप्रसाद पौडेललाई २०६८ मङ्सिर २० गते प्रहरी नियन्त्रणमा रहेको अवस्थामा अत्यन्त योजनाबद्ध तरिकाले ज्यान मार्ने उद्देश्यका साथ प्रहरी परिसरभित्र एकाबिहानै आपारधिक दस्ताहरूलाई प्रवेश गराई प्रशासनकै प्रत्यक्ष मिलेमतोमा हत्या गर्ने काम भयो। यस घटनाले मुलुकको सुरक्षा र प्रशासनिक संयन्त्रमाथिको आमजनताको विश्वसनीयतामा नै गम्भीर सङ्कट उत्पन्न गरायो। सत्ता र प्रशासनको दुरुपयोगको घटनाको यो पराकाष्टा नै हो। नागरिकको बाँच्न पाउने मौलिक हक र त्यसको सुरक्षाको जिम्मा लिएको राज्यबाट नै त्यसको निर्लज्ज अतिक्रमण गर्ने काम भयो। मुलुकको कुनै पनि स्थानमा कोही पनि सुरक्षित नरहेको तथ्य यस घटनाले प्रमाणित गरिदियो। मुलुकमा दण्डहीनताले व्यापक प्रश्रय पाई कानुनी राज्यको अन्त्य हुने स्थिति सृजना भयो। मानवअधिकारप्रति नेपालले व्यक्त गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालप्रतिको अन्तर्राष्ट्रिय समुदायको विश्वसनीयतामा समेत व्यापक सङ्कट उत्पन्न भयो।

मुलुकमा स्थायी शान्ति बहालीका लागि सरोकारवाला पक्षहरूबीच विगतमा भएका सम्झौता तथा समझदारीहरूको इमान्दारीपूर्वक पालना गर्ने तर्फ एनेकपा (माओवादी) पटक्कै जिम्मेवार देखिएन। यसका विपरीत शान्ति सम्झौता र समझादारीका प्रतिकुल हुने गतिविधि तर्फ ऊ सक्रिय बन्दै गएको स्थिति अद्यावधि विद्यमान छ। द्वन्द्वकालमा द्वन्द्वरत पक्षबाट गरिएका हत्या, हिंसा, बेपत्ता अङ्गभङ्गका घटनाबाट पीडित व्यक्तिहरूको विवरण र घटनाहरूको बारेमा सत्य तथ्य सार्वजनिक गर्न तथा द्वन्द्वबाट पीडित र पीडक दुवै बीचमा मेलमिलापको वातावरण सृजना गर्नका लागि दलहरूबीच भएको प्रतिवद्धता र सहमति अनुरूप सत्य निरूपण तथा मेलमेलाप आयोग गठन गर्न नै तयार नहुने र विभिन्न पूर्वशर्तहरू राखेर माओवादीको निहित स्वार्थमा पीडक सबैलाई क्षमादान दिने सहमति तयार गर्नपट्टि सक्रिय रहनु अत्यन्त खेदजनक विषय हो। यसले मुलुकमा स्थायी शान्ति स्थापना हुन नसक्ने र द्वन्द्वबाट पीडित र पीडक दुवैका बीचमा विद्यमान प्रतिशोधले निरन्तरता पाउने निश्चित देखिन्छ।

सन् २०११ को करिब मध्यावधि समयको तुलनामा मध्यावधि पछिको समयमा मुलुकमा भएको सत्ता नेतृत्वको परिवर्तन सँगसँगै मानवअधिकार उल्लङ्घनका घटनाहरूमा पनि अझै व्यापक वृद्धि भयो। सन २०११ मा मुलुकमा भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी उल्लेखनीय घटनाहरूलाई सङ्क्षेपमा क्रमश: यस प्रकार उल्लेख गरिन्छ।

नेकपा (एमाले) का अध्यक्ष झलनाथ

खनालमाथि इटहरी, सुनसरीमा ०६७ माघ ६ गते एक जना सर्वसाधारण व्यक्तिले सार्वजनिकस्थलमा हातपात गरी अभद्र व्यवहार प्रदर्शन गरे। नेपाली काङ्ग्रेस इटहरी नगर समितिका सभापतिमाथि एमालेका कार्यकर्ताहरूले ०६७ माघ २२ गते इटहरी चोकमा गोली प्रहार गर्दै साङ्घातिक आक्रमण गरी मरणासन्न बनाए। बाँकेको बनकट्टी गाउँ इकाईको नेपाली काङ्ग्रेसका सचिव खुशीराम बर्मालाई गोली प्रहार गरी हत्या गर्ने प्रयास गरियो। नेपाली काङ्ग्रेस मुगु, श्रीकोट गाविसका एक दर्जन कार्यकर्ताहरूलाई ०६७ चैत्र १८ गते एनेकपा (माओवादी) का कार्यकर्ताले साङ्घातिक आक्रमण गरी मरणासन्न बनाए। इलामको चुलाचुली गाविस-१ मा नेपाली काङ्ग्रेसका आधा दर्जन कार्यकर्ताको घरमा ०६७ जेठ २ गते माओवादी शिवरमा रहेका ६०/६५ जना हतियार सहितका लडाकुले घरमा जबरजस्ती प्रवेश गरी तीन ओटा मोटरसाइकल तोडफोड गरे। घटनामा घाइते भएकामध्ये सुमन थाम्सुहाङ, घविलाल लिम्बू, मानबहादुर फागो, बीरहाङ नुर्गो, दीपेन्द्र तुम्वायो, विशाल सुनुवारलाई अपरहण गरे।

अस्पतालजस्तो अत्यन्त संवेदनशील क्षेत्रमा निहित राजनीतिक स्वार्थमा लागेर तालाबन्दी गर्ने, अस्पतालका जिम्मेवार पदाधिकारीलाई हुलहुज्जत गर्ने, जबरजस्ती पद बहाली गर्न नदिनेजस्ता अत्यन्त गैरजिम्मेवार र अराजक कार्यहरू पनि एनेकपा (माओवादी) बाट भयो।

कुटनीतिज्ञहरू पनि मुलुकमा निर्धक्क आवतजावत गर्न सक्ने स्थिति रहेन। भारतीय राजदुत राकेश सुद भोजपुरको दिङ्गलाबजार पुग्दा २०६७ फागुन १६ गते एनेकपा (माओवादी) का कार्यकर्ताहरूले कुटनीतिक मर्यादा विपरीत अभद्र व्यवहार प्रदर्शन गरे।

विराटनगर, कञ्चनपुर, नेपालगञ्ज, धनुषा, सुनसरीलगायतका स्थानहरूमा सञ्चारकर्मीहरूमाथि आक्रमण गरिनुका साथै सञ्चारमाध्यमका कार्यलयहरूमा आक्रमण र तोडफोडहरू पनि गरिए।

एमाले निकट युवा सङ्घका अध्यक्षले सार्वजनिक कार्यक्रममा नागरिक दैनिक राष्ट्रिय पत्रिका बन्द गराउने, सो पत्रिकाका सम्पादकलाई जेल हाल्ने, पत्रकार महासङ्घ मोरङका सभापतिलगायतका सञ्चारकर्मीहरूलाई आक्रमण गर्ने, आपराधिक घटनामा संलग्न आफ्ना सङ्गठनका व्यक्तिहरूलाई कानुनी कारबाहीका लागि अनुसन्धानमा क्रियाशील प्रहरीका परिवारका सदस्यको ठेगाना पत्ता लगाई, तह लगाइदिने जस्ता चेतावनी र धम्की सार्वजनिक कार्यक्रमबाट दिई मुलुकमा कानुनी शासनलाई चुनौती दिए।

एमाले निकट युवा सङ्घका अध्यक्षको गिरफ्तारीको विरोधमा विद्यार्थी र प्रहरीबीच ०६८ असार २ गते भएको झडपमा अनाधिकृत रूपमा प्रहरीले शङ्करदेव क्याम्पस हाताभित्र प्रवेश गरी कक्षा कोठाभित्र रहेका विद्यार्थी र प्राध्यापकहरूलाई ढोका बन्द गरेर अन्धाधुन्ध लाठी प्रहार गर्दा दर्जनौँ विद्यार्थी तथा प्राध्यापकहरूलाई गम्भीर घाइते भए।

सन् २०११ मा पटक-पटक भएको मूल्यवृद्धिका कारण दैनिक आमजनताको जनजीवन अत्यन्त कष्टकर रह्यो। कालाबजारी, इन्धनलगायत अत्यावश्यक खाद्यान्न तथा अन्य उपभोग्य सामग्रीहरूको कृत्रिम अभाव सृजना भई मुलुकवासीहरू अत्यन्त आक्रान्त भए। सर्वसाधारणका लागि राहतको आश्वासन बाँडेर नथाक्ने सरकारले पटक-पटक गरेको मूल्यवृद्धिका कारण गरीब र विपन्न वर्गका नागरिकको जीवन पीडादायी बन्यो।

सन् २०११ को उत्तरार्धमा विद्यमान सरकारबाट विगतका सम्झौता र समझदारीअनुसार द्वन्द्वकालमा कब्जा गरिएका घर, सम्पत्ति फिर्ता गर्नुको साटो उल्टै त्यस्ता आपराधिक कार्यलाई कानुनी दायराभित्र प्रवेश गराई वैधानिकता दिलाउने प्रयत्न पनि प्रारम्भ गरिएका छन्। कानुनी राज्यको आधार स्तम्भका रूपमा रहेको स्वतन्त्र न्यायपालिकामाथि पनि हस्तक्षेप र न्यायविद्हरूमाथि पनि अनावश्यक दवाव दिने प्रयत्नहरू जारी छन्। संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालले लोकतन्त्रका आधारभूत मूल्यमान्यतासहितको मानवअधिकारको प्रत्याभूति दिने पूर्ण लोकतान्त्रिक संविधान प्राप्त गर्नुपर्ने अहिलेको परिस्थितिमा यस किसिमका अराजक, उदण्ड, लोकतन्त्र विरोधी र सर्वसत्तावादलाई प्रश्रय दिने खालको गतिविधि मुलुकको सरकारको नेतृत्व गरिरहेका दल, दलका नेता तथा कार्यकर्ताहरूबाट निरन्तर भइरहनुले मुलुक र मुलुकवासीलाई अनिश्चयको मार्गतर्फ उन्मुख गराउने खतरा बढिरहेकोछ। जसबाट मानवअधिकारको समग्र अवस्था अझ बढी असहज र दुःखद बन्न जाने निश्चित देखिन्छ।

वसन्तकुमार गौतम
मुख्य सचिव

नेकपा (एमाले)

सन् २०११ मानवअधिकारको दृष्टिकोणले सुधारत्मक सूचक बोकेर विदा भएको छ। संविधान निर्माण र शान्ति प्रक्रिया निष्कर्षमा नपुगे पनि विगत वर्षहरूमा भन्दा सन् २०११ मानवअधिकारको दृष्टिकोणले तुलनात्मक रूपमा राम्रो वर्षको रूपमा लिन सकिन्छ। तर विभिन्न सशस्त्र समूहले चलाएका गतिविधिहरू, बन्द, हडताल, चक्काजाम, छुवाछूत, अपहरण, जबरजस्ती चन्दा असुली, लैङ्गिक विभेद, जातीय विभेद जस्ता मानवअधिकारउल्लङ्घनका घटनाहरूले यस वर्ष पनि निरन्तरता पाए। दिगो शान्ति स्थापनामा भएको ढिलाइले मानवअधिकारको क्षेत्रमा उल्लेख्य सुधार हुने वातावरण बन्न सकेका छैन।

देशका मुख्य राजनीतिक शक्तिहरूले राष्ट्रिय सहमतिको माध्यमबाट शान्ति र संविधानलाई टुङ्ग्याउने प्रयास गरे पनि संविधानसभाको थपिएको अवधि भित्र पनि सो काम सम्पन्न हुन सकेको छैन। यस वर्ष गरिएका विभिन्न चरणका सम्झौताहरूको परिपालन र कार्यान्वयन नगरिँदा थप अन्योल सिर्जना भएको छ। देशका कतिपय जिल्लाहरूमा फरक विचार राख्ने पार्टीका कार्यकर्ताहरू माथि धाक-धम्की दिने, बल प्रयोग गर्ने र लोकतन्त्रको उपयोग गर्न बाधा दिने श्रृङ्खला कायम रह्यो। बेरोकटोक सभा-सम्मेलन गर्न पाउने जनताको नैसर्गिक अधिकारसमेत प्रयोग गर्न नपाउने स्थिति उत्पन्न भयो।

विगतको द्वन्द्वकालमा विस्थापित थुप्रै जनसमुदायहरू पूर्णः स्थापित हुन सकेका छैनन्। त्यसका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग हालसम्म पनि गठन हुन सकेको छैन। हाम्रो पार्टी नेकपा (एमाले) अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौताको मर्म र भावनाअनुरूप यस्ता मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूको स्वतन्त्र छानबिन गरी दोषीहरूलाई कानुनी दायरामा ल्याई कडा भन्दा कडा कारवाही गरिनु पर्दछ भन्ने मान्यता राख्दछ र देशको मानवअधिकारको स्थितिलाई सुधार्नको लागि मानवअधिकार सङ्घ-संस्थाहरू र सम्बन्धित सबैसँग मिलेर अघि बढ्न सदैव तयार रहेको छ।

मानवअधिकार र सामाजिक न्यायका निम्ति अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गर्दै आएको कार्य प्रशंसनीय छ। आगामी दिनमा यस संस्थाले मानवअधिकार र समाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

झलनाथ खनाल
अध्यक्ष

राष्ट्रिय प्रतातन्त्र पार्टी

सन् २०११ बितिसकेको छ। सन् २०११ हाम्रो मुलुकको निमित्त मानवअधिकारको दृष्टिकोणले सुखद रहन सकेन। बितेको वर्षमा मुलुकले धेरै पीडाबोध गर्न बाध्य हुनु पऱ्यो। मुलुकभरि गत वर्षमा के कति मानवअधिकार उल्लङ्घनका घटनाहरू भए भन्ने बारेमा यहाँ समष्टिगत रूपमा तथ्याङ्क प्रस्तुत गर्न खोजिएको होइन। केवल पीडादायी घटनाहरूको सङ्क्षिप्त चर्चासम्म गर्ने जमर्को गरिएको छ।

गत वर्षमा देशका विभिन्न ठाउँमा अपहरणका घटनाहरू भए। देशका दूरदराजका कुरा त परै छाडौँ, राजधानी र तराईका विभिन्न स्थानमा यस्ता अपराधका घटनाहरू हुन गएको पीडा हाम्रो सामु ताजा छँदैछ। अपहरण मात्र होइन मुलुकवासीले हत्याका घटनाहरूको पीडा पनि सहनु पऱ्यो। राजधानीमा नै फैजल अहमदको दिनदहाडै हत्या भएको दुःखद समाचार सुन्न बाध्य हुनु पऱ्यो। सुन व्यवसायीहरूको राजधानीमै हत्या भयो। यसका अतिरिक्त तराईका विभिन्न स्थानमा हत्याका घटनाहरू हुन गए। तर अपराधीहरू पत्ता लगाई कानुनको कठघरामा ल्याउने कार्यमा सरकार असफल रह्यो। यसले गर्दा अपराधिक क्रियाकलाममा कमी हुनुको साटो अपराधका घटनाहरूमा बृद्धि भएको महसुस मुलुकले गर्न बाध्य हुनु पऱ्यो।

देशका विभिन्न क्षेत्र, विशेष गरेर तराई एवम् दुर्गम पहाडी वस्तीमा अन्धविश्वासका कारणबाट महिलाहरूले बोक्सीको आरोपमा पीडा, बेइज्जती र अपमान मात्र होइन मृत्युवरण सम्म गर्नुपरेका दुःदख घटनाहरू सुन्नु पऱ्यो। यसैक्रममा महिलाहरूले यौनजन्यलगायतका विभिन्न हिंसाका घटनाहरूको सामना गर्नु परेका अनेकौँ दुःखद समाचारहरू सार्वजनिक भए।

भोजपुर घर भएकी एक भिक्षुणी उपर बस सञ्जालकहरूले गरेको बलात्कारको घटना नेपालीहरूको मानसपटलमा ताजा छँदैछ। यी बाहेक सार्वजनिक हुन नसकेका अनगिन्ति लैङ्गिक हिंसाका

घटनाहरू भएका होलान् भनी सहजै अनुमान गर्न सकिन्छ।

सन् २०११ शान्ति सुरक्षाविहीन अवस्थामा व्यतित भयो। अराजकता व्याप्त रह्यो। चन्दा आतङ्क, चोरी, डकैती, कुटपिट र लुटपाटका घटनाले मुलुकलाई आतङ्कित बनायो। ठूला-ठूला उद्योगपति र व्यापारीले मात्र होइन सर्वसाधारण जनताले पनि सर्वत्र असुरक्षा महसुस गर्न बाध्य हुनु पऱ्यो। विश्वविद्यालय, कलेज र विद्यालयका प्राध्यापक तथा शिक्षकहरूले मात्र होइन पठनपाठनका निम्ति पुस्तक र कलम बोकेका विद्यार्थी वर्गले पनि आतङ्कित हुनु पऱ्यो। यसको चपेटाबाट पत्रकारहरू पनि उम्कन सकेनन्। त्यसैले पत्रकारवर्गले पनि धम्कीलगायत कुटपिटका घटनाहरूको सामना गर्नु पऱ्यो। यति मात्र होइन अस्पताल पनि अराजकताका सिकार भयो। अस्पतालमा भर्न भएका कैयौँ बिरामीहरूले उपचार नपाई पीडा तथा मृत्युवरण गर्नु पऱ्यो। निजामती सेवामा रहेका कर्मचारीवर्ग, गाविस सचिव लगायत विभिन्न तहका अधिकारीले पनि विविध प्रकारको धम्की, कुटपिट र बेइज्जतीको सामना गर्नु पऱ्यो। हुँदाहुँदा यतिसम्म भयो की स्वयम् प्रहरी प्रशासनमा कार्यरत प्रहरीहरूले पनि असुरक्षाको महसुस गर्नुपरेका खबरहरू सार्वजनिक भए।

नेपाली समाज अन्धविश्वास र रूढीवादबाट मुक्त हुन सकेको छैन। यो यथार्थ सबैलाई जानकारी भएकै हो। यिनै कारणबाट छुवाछूत लगायतका कुरीतिहरू हाम्रो समाजमा विद्यमान रहेको छ। यसैक्रममा सन् २०११ को अन्त्यतिर कालिकोटमा अर्काको चुलो छोएको आरोपमा मनवीरे सुनारले मृत्युवरण गर्नु पऱ्यो। मुलुकले यस्तो दुःखदायी घटना सहन बाध्य हुनु पऱ्यो। अन्धविश्वास र कुरीतिका कारणबाट स्वयं दलितहरूकै समुदायमा पनि छुवाछुतका अनेक दुर्घटनाहरू भएका खबरहरू पनि हामीले सन्न विवस भयौँ। यसबाट छुटकारा पाउन सचेतना र शिक्षाकोस्तर वृद्धि गर्नु बाहेक अर्को विकल्प देखिएको छैन।

सन् २०११ ले पनि एकीकृत नेकपा माओवादीको जग्गा जमिन कब्जाबाट मुक्ति पाउन सकेन। दलहरूबीचमा कब्जा गरिएका घर जग्गा फिर्ता गर्ने सहमति भए तापनि प्रभावकारी कार्यान्वयन हुन सकेन। परिणाम स्वरूप हजारौँ नेपालीले आन्तरिक शरणार्थीको रूपमा कठोर जीवन बिताउन बाध्य हुनुपऱ्यो।

सरकारको जवाफदेहीताको कमी र प्रशासनमा अत्यधिक राजनीतिक हस्तक्षेपको कारणबाट चरम दण्डहीनता र अराजकताले मौलाउने मौका पायो। यहाँसम्मको स्थिति देखापऱ्यो की सम्मानित सर्वोच्च अदालतले फैसला गरी दोषी ठहर गरेका अपराधीहरूपनि खुला छाती देखाएर सार्वजनिक स्थानहरूमा भाषण गर्दै हिँडेको नेपाली जनताले देख्नु र सुन्नु पऱ्यो। सरकारको नेतृत्व गरेका र बसेका व्यक्तिहरूनै अपराधीको संरक्षण गर्न कस्सिएको पनि नेपालीले देख्न बाध्य हुनु पऱ्यो। जतिसुकै आपराधिक घटनाहरू भए पनि राजनीतिक नेतृत्व र सरकारले सङ्क्रमणकालीन अवस्था भन्दै अपराधीहरूलाई कानुनको कठघरामा ल्याई कारबाही गर्नुको सट्टा उन्मुक्ति दिँदै गए। प्रहरी प्रशासनले अपराधीलाई कारबाही गर्न पक्राउ गर्ने बित्तिकै अपराधीलाई छुटाउन सरकारी र राजनीतिक नेताहरूको दवाव परेपछि प्रहरीले विवस भई अपराधीलाई रिहा गर्नु परेका समाचारहरू पनि सार्वजनिक भए।

सङ्क्षेपमा तर, सारमा भन्ने हो भने राष्ट्रिय प्रजातन्त्र पार्टीको दृष्टिमा मानवअधिकारको अवस्थाबारे सन् २०११ एकदमै निराशाजनक र दुःखदायी एवम् पीडाबोधक रह्यो। यसमा मुलत : ठूला दलहरू एवम् सरकारले र दलहरूको साइजअनुसार सबैले जिम्मेवारी बोध गर्नु अथवा जिम्मेवारी बहन गर्न नसकेकोमा इतिहासले माफी दिने छैन भन्ने हामीलाई लागेको छ।

परशुराम खापुङ
महामन्त्री

राष्ट्रिय जनमोर्चा

सन् २०११ मा हाम्रो देशमा मानवअधिकारको अवस्था कस्तो रह्यो ? त्यसबारे इन्सेकले विगत वर्षको जस्तै मानवअधिकार वर्ष पुस्तक २०१२ प्रकाशन गर्न लागेको हामीलाई खुशी लागेको छ।

निश्चितरूपले मानवअधिकारको क्षेत्रमा इन्सेकको नाम अग्रणी स्थानमा आउँछ। मानवअधिकारको प्रचार प्रसार, संरक्षण तथा राज्य तथा गैर-राज्य पक्षलाई मानवअधिकारको रक्षाका लागि जवाफदेही बनाउन विगतदेखि नै इन्सेकले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ।

२०६२-६३ सालको ऐतिहासिक जनआन्दोलनले राजतन्त्रको अन्त्य गरेर गणतन्त्रको स्थापना गरेको छ। तर संविधानसभाद्वारा संविधानको निर्माण हुन नसकेकाले गणतन्त्र संस्थागत हुन सकेको छैन।

माओवादीहरू शान्तिप्रक्रियामा सामेल भए पनि शान्तिप्रक्रियाका मूलभूत कामहरू अझै बाँकी छन्। पुरानो व्यवस्थाको अन्त्य भएको नयाँ व्यवस्था संस्थागत नभएको, द्वन्द्वरत पक्ष शान्ति प्रक्रियामा सामेल भएका तर, शान्तिप्रक्रिया तार्किक ढङ्गले निष्कर्षमा नपुगेको अवस्थामा मानवअधिकारको संरक्षणको सवाल अत्यन्त गम्भीर र जटिल हुने गर्दछ। सङ्क्रमणकालीन अवस्था तथा द्वन्द्वोत्तर मुलुकमा जनताको मानवअधिकारको संरक्षण तथा त्यसको प्रत्याभूतिका लागि सामान्य अवस्थाको भन्दा सरकार कैयौँ गुणाले गम्भीर र संवेदनशील हुनुपर्दछ। तर विडम्वना सरकार त्यस सवालमा गम्भीर छैन।

राष्ट्रिय जनमोर्चाले सुरूदेखि नै सशस्त्र द्वन्द्वको अवस्थामा राज्य तथा माओवादी जो कसैले मानवअधिकारको गम्भीर उल्लङ्घन गरेको भए पनि त्यस्तालाई कानुनको दायरामा ल्याउनुपर्दछ भनेर जोड दिँदै आइरहेको छ।सशस्त्र द्वन्द्वको अवधिमा राज्य र माओवादी पक्षकाबीच भएको सशस्त्र सङ्घर्षको क्रममा मर्ने कुरालाई सामान्य मानिन्छ। तर, दुईवटै पक्षद्वारा गैरसैनिक नागरिकको हत्या, यातना, अपहरण गर्ने कार्यलाई गम्भीर रूपमा लिने गरिन्छ। दुवै पक्षबाट भएका ज्यादतीहरूको छानबिन र दोषी देखिएका व्यक्ति जतिसुकै ठूलो ओहदामा किन नहुन सजायको भागी बनाइनु पर्छ। त्यसका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता छानबिन आयोग विधेयक अविलम्ब पारित हुनुपर्दछ। त्यस सवालमा माओवादी र राज्य पक्ष दुवै उदासिन देखिएका छन्। सशस्त्र द्वन्द्वकालमा मानवअधिकारको घोर उल्लङ्घन गर्ने राज्यपक्षका व्यक्तिहरूको धमाधम पदोन्नति भइरहेको छ। सशस्त्र द्वन्द्वकालमा जुनसुकै अपराध गरेका आफ्ना पार्टीका कार्यकर्ताहरूलाई आममाफी दिइनु पर्दछ भन्ने मान्यता माओवादीहरूको रही आएको छ। गम्भीर प्रकृतिका फौजदारी अभियोग लागेर कसुर प्रमाणित भएर सर्वोच्चद्वारा कैद सजायको फैसला सुनाइएका माओवादीका नेता/कार्यकर्ता निर्धक्क घुमिरहेका छन्। सरकारको नेतृत्व गरिरहेकै पार्टीका कार्यकर्ताहरूद्वारा कानुन र व्यवस्थाको उल्लङ्घन गर्ने कार्य रोकिएको छैन।

गिरिजाप्रसाद कोइरालाको अन्तरिम सरकारदेखि बाबुराम भट्टराईको सरकारसम्मले जेलमा सजाय भोगिरहेका सयौँ अपराधीहरूलाई राजनीतिक निर्णय गरेर जेलबाट मुक्त गर्ने काम गरेको छ। जसको परिणाम देशमा दण्डहीनता मौलाएको मात्र होइन, अब संस्थागत समेत भएको छ। पार्टीको आकार बढाउन सत्तारुढ पार्टीहरूमा अपराधीहरूलाई काखी च्याप्ने एक प्रकारको प्रतिस्पर्धा चलिरहेको छ। जतिसुकै ठूलो र गम्भीर अपराध गरे पनि पार्टीको छत्रछायाँमा आउँदा त्यस्ता व्यक्तिलाई बचाउन सत्तारुढ पार्टीहरूले गरिरहेको प्रयासले राजनीतिमा अपराधीकरण बढेको छ। त्यसको परिणाम हो– विराटनगरका पत्रकार खिलनाथ ढकालमाथि समाचार छापेको निहुँमा आक्रमण। तत्कालीन सरकारको नेतृत्व गरिरहेको एमालेको एउटा तप्काले खिलनाथ ढकालमाथि आक्रमण गर्ने अपराधीहरूलाई राजनीतिक संरक्षण दिनुका साथै बचाउने प्रयास गऱ्यो। पीडित ढकालले अझैसम्म राज्यबाट न्याय पाउनु त कता हो कता झन् एउटा भयभित वातावरणमा बाँच्नुपरिरहेको छ।

पर्साका शिव तिवारीको हत्या अभियोगमा मुछिएका बाबुराम नेतृत्वको सरकारका तत्कालीन कानुनमन्त्री प्रभु शाहलाई बचाउन सरकार र प्रभु साहको पार्टी एकिकृत नेकपा (माओवादी)ले निकै प्रयास गऱ्यो। तर संसद्, मानवअधिकारकर्मी प्रतिपक्षी दलहरूको विरोधका कारण निजलाई मन्त्रीबाट पदमुक्त गरिए पनि पीडित पक्षले अझै पनि न्याय पाएका छैनन्। प्रभु साहलाई राज्यले कानुनको दायरामा ल्याउन सकेको छैन। ओखलढुङ्गाका माओवादी सभासद बालकृष्ण ढुङ्गेललाई सर्वोच्च अदालतले अपराधी प्रमाणित गरेर सजायको फैसला गर्दा पनि राजनीतिक दवावका कारण अझैसम्म गिरफ्तार गरिएको छैन। ढुङ्गेलजस्तो अपराधी व्यक्तिले संविधानसभाको सदस्यको हैसियतले अझैसम्म तलबभत्ता र सुविधा प्राप्त गरी रहेका छन्।

अपराधीहरूलाई राजनीतिक संरक्षण प्राप्त भएमा वा अपराधीहरू नै नीति निर्माणको तहमा मात्रै होइन, झन् मन्त्रीपरिषद्को महत्वपूर्ण जिम्मेवारी प्राप्त गर्न पुगेमा देशको मानवअधिकारको स्थितिको अवस्था कस्तो होला ? सहजै अनुमान गर्न सकिन्छ।

शान्ति सम्झौताअनुसार सर्वसाधारण जनताका लुटिएका घरजग्गा, सम्पत्ति अझैसम्म माओवादी पक्षले फिर्ता गरेका छैनन्। माओवादी नेतृत्वको सरकारले सशस्त्र द्वन्द्वको अवस्थामा माओवादीको कथित जनसत्ताले घरजग्गा, जमिनको गरेको खरिद-बिक्रीलाई वैधानिक बनाउने निर्णय गरेर विधिको शासनको खिल्ली उडाएका छन्। साथै व्यक्तिको सम्पत्तिसम्बन्धी वैयक्तिक अधिकारको ठाडो उल्लङ्घन गरेका छन्। माओवादी पक्षबाट अन्य राजनीतिक पार्टीको कार्यकर्ता, समर्थक र सर्वसाधारण जनतामाथिको कुटपिट र

जोरजबर्जस्ती कायम छ। अर्घाखाँची जिल्लाको धारापानी गाविसमा राष्ट्रिय जनमोर्चा समर्थक शिक्षक रोमलाल पौडेललाई २०६८ कार्तिक १२ गते माओवादीको ठूलो समूहले राति घर घेरा हाली घर भत्काई सुत्केरी छोरी सीता खनालसहित घरपरिवारका सबै सदस्यहरूलाई सामूहिकरूपमा कुटपिट गरी हजारौँको धनसम्पत्तिको क्षति पुऱ्याएका थिए।

देशमा अझै पनि जातीय छुवाछूत जस्तो विभेदकारी अवस्था कायम नै छ। जातीय विभेदका कारण मानवअधिकारको उपभोगमा कैयौँ बाधाहरू उत्पन्न हुने गरेका छन्। कालीकोटमा मानवीरे सुनारले कथित माथिल्लो जातिको भान्सा छोएको निहुँमा माथिल्लो जातिको मान्छेहरूबाट निजको हत्या भएको, दैलेखमा दलित केटाले माथिल्लो जातिको केटीलाई विवाह गरेका कारण निजको बाबुको हत्या गरिएको कुरा उल्लेखनीय छन्।

देशको अर्थतन्त्रलाई विदेशबाट आउने विप्रेषण (रेमिट्यान्स) ले धानेको छ। देशभित्र रोजगार नपाएर विदेशिन बाध्य नेपाली कामदारहरूको मानवअधिकारको संरक्षणको सवालमा विगतका अन्य सरकारहरू झैँ गणतान्त्रिक सरकारसमेत उदासिन रहेका छन्। रोजगारका लागि विदेशिन बाध्य नेपाली कामदारहरू चुन्ने र चुनिन पाउने जस्तो महत्वपूर्ण राजनीतिक तथा मौलिक हकबाट बञ्चित रहेका छन्। कानुनी तवरले विदेशमा गएका महिलाहरू गम्भीर यौन शोषणको शिकार हुनुका साथै मानसिक तथा शारीरिक यातना भोगिरहेका छन्। त्यहाँका मालिकहरूको यौनदाशी भएर बस्न बाध्य हुनुपरेको समाचारहरू दिनहुँ आइरहेका छन्। गैरकानुनी तरिकाले खाडी राष्ट्रमा पुगेका झण्डै १ लाख ८० हजार महिलाहरूको स्थिति झन् दयनीय छ। विदेशी कामदारहरूको तुलनामा नेपाली कामदारहरूले त्यहाँ विभिन्न प्रकारका विभेद व्यहोरिरहेका छन्। तसर्थ, सरकारले देशभित्र बस्ने नागरिकको मात्र होइन, विभिन्न कारणले गर्दा विदेशिन बाध्य आफ्ना नागरिकहरूको मानवअधिकारको रक्षाको सवालमा गम्भीर हनु आवश्यक छ। समाजका अवाञ्छित तत्वहरूले नेपालका महिला तथा बालवालिकाहरूलाई ठूलो सङ्ख्यामा विदेशमा बेचविखन वसारपसार गरी यौनव्यवसायमा लगाउने गर्दछन्। तिनीहरूको मानवअधिकारको रक्षाको सवालमा सरकार गम्भीर हुन आवश्यक छ।

सङ्घीयता र सङ्घीयतासँग जोडिएर आएका जातीय राज्य, आत्मनिर्णयको अधिकार, जातीय अग्राधिकार, बहुराष्ट्रवाद, एक मधेश एक प्रदेशको नीतिप्रति हाम्रो पार्टीले फरक मत राखेकै कारण देशका विभिन्न भागहरूमा हाम्रो पार्टीका कार्यकर्ताहरूमाथि सङ्घीयताको पक्षधरहरूबाट सिलसिलेवार रूपमा आक्रमणहरू भइरहेका छन्। जातीय राज्यको मागका कारण पूर्वी तराईबाट कैयौँ अल्पमत जातिका मान्छेहरू आफ्नो पुर्ख्यौली थातथलो छोडेर अन्यत्र बसाई सर्न बाध्य भइरहेका छन्। जातीय राज्यको अवधारणाले समेत मानवअधिकारको उल्लङ्घनमा भूमिका खेलिरहेको छ। पूर्वी तराईको अशान्त अवस्थामा केही सुधार आए पनि सशस्त्र समूह र कैयौँ अपराधिक गिरोहहरूबाट हुने अपहरण, फिरौतीका घटनाहरूमा कमी आएको छैन। जसले गर्दा जनताको जिउधनको सुरक्षाको समस्या यथावत नै छ।

मनोज भट्ट
कोषाध्यक्ष, राष्ट्रिय जनमोर्चा

नेकपा (माले)

सर्वप्रथम,विगत वर्षहरू झैँ यस वर्ष पनि एक वर्ष भरिका मानवअधिकारको समग्र अवस्थाबारे आँकलन गरी सन् २०११ को मानवअधिकारको अवस्था बारेमा 'मानवअधिकार वर्षपुस्तक २०१२' प्रकाशन हुन लागेको र उक्त वर्षपुस्तक २०१२ मा गत वर्षरुमा झैँ हाम्रो पार्टीको दृष्टिकोण समेत समावेश गर्न खोजिएकोमा 'अनौपचारिक क्षेत्र सेवा केन्द्र' इन्सेकलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छौँ।

मानवअधिकारको स्थितिको आँकलन गर्दा विगत वर्षहरूको तुलनामा स्न २०११ मा तुलनात्मक सुधार भएको देखिन्छ। निरङ्कुशताको अन्त्य भई लोकतन्त्रको जग बसिरहेको, राजतन्त्रको अन्त्य भई गणतन्त्र स्थापना भएको, विगतको दशबर्से सशस्त्र द्वन्द्वले शान्तिपूर्ण प्रक्रियामा प्रवेश गर्ने क्रम जारी रहेको, ढिलो र सुस्त गतिमै सही, संविधान निर्माणका कामहरू अगाडि बढ्दै गएको कारण मानवअधिकारका क्षेत्रमा पनि सोही अनुकूल सकारात्मक लक्षणहरू देखिनु स्वभाविकै हो। मानवअधिकार हननका कहालीलाग्दा घटनाहरू भोग्न बाध्य हाम्रो विगतको स्थितिसँग तुलना गर्दा मानवअधिकारका क्षेत्रमा परिवर्तन नभएको होइन। तर, सङ्क्रमणकालका सरकारहरूले प्रभावकारी ढङ्गले देशमा शान्ति सुरक्षा र सुशासन कायम गर्न नसकेको, देशमा ठूलो पार्टीको रूपमा रहेको एमाओवादी पार्टीले विधिको शासनलाई महत्व नदिएको र आफ्ना कतिपय

उग्र-आकाङ्क्षाहरूलाई प्राप्त गर्न हिंसात्मक साधनहरूलाई विभिन्न ढङ्गले प्रयोग गरिरहेको र यिनका साथै तराईका भूमिगत सशस्त्र समूहहरू र पहाडी क्षेत्रका जातीय सशस्त्र समूहहरूका बलप्रयोग गर्ने कार्यनीतिहरूले गर्दा अहिले पनि मानवअधिकारको क्षेत्रमा हाम्रो मुलुक अझै धेरै नै पछाडि रहेको स्पष्ट छ।

सन् २०११ मा पनि केही कम सङ्ख्यामा उपरोक्त किसिमका मानवअधिकार हननका घटनाहरू जारी नै रहे। यो वर्ष नेपालमा ख्यातिप्राप्त डा. भक्तमान श्रेष्ठको अपहरण गरिनु, सञ्चार उद्यमी यनुस अन्सारीमाथि जेलभित्रै गोली प्रहार हुनु, राजधानीको मुटुमा इस्लामिक सङ्गठनका नेता फैजन अहमदमाथि गोली प्रहार गरी हत्या गरिनु, आफ्नै बाबुद्वारा दुईवटी नाबालिका छोरीहरूलाई नदीमा फालेर हत्या गर्नु, घरेलु हिंसा, दाइजो र दहेजको कारण नारीहरूको हत्या भइरहनु जस्ता घटनाहरूलाई प्रतिनिधि घटनाका रूपमा लिन सकिन्छ। यसरी नै राज्यद्वारा जनताका मानवअधिकार संरक्षणका निम्ति आफूलाई समर्पित गर्नुपर्ने जिम्मेवारीलाई बिर्सेर एमाओवादी नेतृत्वको सरकारले मानवअधिकार हननका दोषीहरूलाई कारवाही गर्नुको सट्टा उन्मुक्ति दिनु, दण्डहीनता बढाउनु, संविधानमा व्यवस्था गरे बमोजिम 'सत्य निरुपण तथा मेलमिलाप आयोग' बनाई द्वन्द्वका घाउहरूमा मलम लगाउनु पर्नेमा एकलौटी ढङ्गले हत्या आरोपितका मुद्दा फिर्ता लिने र आममाफीको निर्णय गर्नु जस्ता कामहरू भए। यति मात्र होइन यही वर्ष एनेकपा (माओवादी) र संयुक्त मधेशी मोर्चाबीच सत्ता साझेदारीका लागि भएका चारबुँदे सहमतिपत्रमा नै अदालतमा चलिरहेका मुद्दाहरू फिर्ता लिने उल्लेख थियो। सन् २०११ मा पनि देशमा कैयौं भागहरूमा विशेष गरेर तराई र पूर्वी पहाडी क्षेत्रमा भूमिगत सशस्त्र समूहहरूद्वारा निर्दोष र निशस्त्र नागरिकहरूको हत्या, अपहरण, जबरजस्ती असुली जस्ता जघन्य प्रकृतिका मानवअधिकार हननका घटनाहरू सन् २०११ मा पनि जारी नै रहे। सन् २०११ मा पनि अन्य उपायहरूद्वारा प्राप्त गर्न सकिने मागका निम्ति देशका विभिन्न भागहरूमा नेपाल बन्द आंशिक वा पूर्णरूपमा गर्ने जस्ता गतिविधिले जनताका मानवअधिकारमा खलल पुगेको छ।

गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगारी, वस्तु र सेवाहरूको मूल्य जस्ता आधारभूत विषयहरूलाई मापदण्ड मानेर आँकलन गर्ने हो भने सन् २०११ मा मानवअधिकारको क्षेत्रमा खासै सुधार भएन। आम श्रमजीवी जनताका अधिकारहरू स्थापित हुन सकेका छैनन्। शोषणबाट मुक्ति र जनजीविकाका सवालहरू सन् २०११ पनि ज्यूँका त्यूँ नै रह । तर, औपचारिक लोकतान्त्रिक मापदण्डको आधारमा मात्र भन्दा सन् २०११ लाई विगत दश बर्से द्वन्द्वकालका तुलनामा सन्तोषजनक नै मान्न सकिन्छ भन्ने हाम्रो दृष्टिकोण छ।

सी.पी. मैनाली
महासचिव

नेपाल मजदुर किसान पार्टी

सन् २०११ को प्रारम्भमा सरकारको नेतृत्वमा एमाले अध्यक्ष झलनाथ खनाल थिए। उनी एमालेकै वरिष्ठ नेता माधवकुमार नेपालको नेतृत्वको सरकारलाई ढालेर एमाओवादीको वैशाखी टेकेर सरकारको नेतृत्वमा पुगेका थिए। उनको नेतृत्वको सरकार एमाओवादीको निर्देशनमा चल्ने बुख्याचा साबित भयो।

माधव नेपाल नेतृत्वको सरकार गठनपूर्व नेमकिपाले लोडसेडिङको अन्त्य, खानेपानीको व्यवस्था, शान्ति सुरक्षा, महङ्गी नियन्त्रण, भ्रष्टाचारीहरूलाई कारबाहीलगायतका १८ बुँदे सर्त अघि सारेको थियो। ती बुँदाहरू आफ्नो दलको नेतृत्वको सरकारले पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे पनि सरकार गठनपश्चात् नेता खनालले त्यसबारे कुनै चासोसमेत देखाएनन्। त्यसैकारण नेमकिपाले सरकारलाई दिइराखेको समर्थन फिर्ता लिएको थियो।

खनाल नेतृत्वको सरकारसँगै गृहमन्त्री विवादले चर्को रूप लियो। त्यही विवादकै कारण लामो समयसम्म सरकारले पूर्णतासमेत पाउन सकेन। प्रधानमन्त्री पदत्याग गरेको बताउने एमाओवादी अध्यक्ष प्रचण्डको त्यागको परीक्षा पनि जनताले त्यतिबेलै लिए। गृहमन्त्रीको निम्ति मरिहत्ते गर्ने दलहरू एमाओवादी र एमालेले देशको शान्ति सुरक्षाको नीति भने सार्वजनिक गरेका थिएनन्।

शासक दलहरूको सत्तास्वार्थकाकारण सात महिनासम्म निर्वाचित सरकार गठन हुन सकेन। इतिहासमै पहिलोपटक नेकाका नेता रामचन्द्र पौडेल १६ पटकसम्म प्रधानमन्त्री पदमा पराजित भए। ठूला दलहरूको कारण प्रधानमन्त्री निर्वाचित हुन नसकेको विषयलाई ढाकछोप गर्न व्यवस्थापिका-संसद् यिमावली

संशोधन गरियो। एमाओवादी, नेका र एमालेको समर्थनमा संशोधित नियमावलीअनुसार कुनै पनि सभासद् अनुपस्थित रहन र विपक्षमा मतदान गर्न वा तटस्थ बस्न नपाउने भयो। आफूले रोजेको उम्मेदवारलाई मत हाल्ने, मन नपरेको उम्मेदवारको विपक्षमा मतदान गर्ने, तटस्थ बस्ने वा बहिष्कार गर्ने जस्ता प्रजातान्त्रिक अधिकारबाट समेत सम्पूर्ण सभासद्हरूलाई वञ्चित गरियो। सभासद्हरूको मानवअधिकार हननको यो एउटा ज्वलन्त उदारहण हो। नेमकिपाले त्यस अप्रजातान्त्रिक कदमको विरोध गरेको थियो।

स्थानीय निकाय नहुँदा विकास निर्माणको बजेट दलका कार्यकर्ताहरू भागबण्डामा सिध्याउँदै छन् ठूला दलहरूको गैरजिम्मेवारीपनले गर्दा प्रजातन्त्र लुटतन्त्रमा परिणत हुँदैछ। भविष्यमा देशको नेतृत्व तहमा पुग्ने राजनीतिक कार्यकर्ताहरू भ्रष्टाचारको दलदलमा नराम्ररी फस्दै गर्दा पनि दलहरू गम्भीर नबन्नु राष्ट्रविरुद्ध गरिएको अपराध हो। राजाले स्थानीय निकायको जिम्मेवारी कर्मचारीलाई दिँदा प्रतिगमन हुने, त्यही काम दलहरूले गर्दा अग्रगमन हुन सक्दैन। यसर्थ स्थानीय निकायको निर्वाचन नगर्नु पनि जनताले आफ्नो प्रतिनिधि आफै निर्वाचित गर्न पाउने प्रजातान्त्रिक अधिकारको हनन हो। यसमा एमाओवादी, नेका र एमाले प्रमुख रूपमा जिम्मेवार छन्।

स्वदेशमा रोजगारीको अवसर नपाएर वर्सेनी लाखौँ युवाहरू विदेशी भूमिमा पसिना बगाउन बाध्य छन्। कैयौँ म्यानपावर कम्पनीहरूले विभिन्न प्रलोभनमा पारी नेपाली युवाहरूलाई विदेशीको भूमिमा विचल्ली बनाएका छन्। विदेशमा श्रम गर्न गएका कति युवाको विभिन्न घटनामा परी मृत्यु भएको छ। म्यानपावर कम्पनीहरू स्वयम् मानव बेचविखनका दलालहरू भएको हुँदा त्यसलाई बन्द गर्नुपर्दथ्यो। तर, सरकार विदेशबाट आएको रेमिटेन्स पाएर खुशी छ। म्यानपावर कम्पनीहरूलाई विभिन्न सुविधा दिने कार्यमा झलनाथ खनाल सरकारले मात्रै होइन डा. बाबुराम भट्टराई सरकारले पनि निरन्तरता दिएको छ।

मूल्य समायोजनको नाउँमा पटकपटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गर्नु नेपाल आयल निगमलाई निजीकरण गर्ने चाँजो हो। खनाल सरकार होस् या भट्टराई सरकार यी दुवै सरकारका पालामा वर्षैभरि पेट्रोलियम पदार्थको अभाव भयो। कृत्रिम अभाव सृजना गरी अकूत सम्पत्ति कमाउनेहरूको लागि गएको वर्ष सुवर्ण अवसर बन्यो। आयल निगमका भ्रष्ट कर्मचारीहरूको सम्पत्ति जाँच गरी कारबाही नगरेसम्म यो समस्या निरन्तर रहिरहनेछ।

राजनीतिलाई देश र जनताको सेवाभन्दा व्यापार सम्झिने दलहरू राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतिकरण गर्दैछन्। दलहरूको त्यस व्यवहारले जनतामा राजनीतिप्रति नै वितृष्णा पैदा गरेको छ। जस्तोसुकै जघन्य अपराध गर्ने अपराधीहरू पनि शासकहरूको संरक्षणमा सजाय उन्मुक्ति पाएका छन्। अपराधीहरूलाई कारबाही नगर्नु, सजाय पाएकाहरूले छुटकारा पाउनु, प्रहरीको मोष्टवाण्टेडको सूचीमा परेकाहरू मन्त्री बन्नु, सर्वोच्चले अपराधी घोषित गरी सर्वस्वसहित जन्मकैद फैसला गरेकाहरूसमेत सभासद् जस्तो गरिमामय पदमा आसिन गराइराख्नु कानुनी शासनको उपहास हो। यस्ता घटनाहरूले यो वर्ष निकै चर्चा पाए।

संविधानसभाका सदस्यहरूले नै जागिर लगाइदिन्छु भनी लाखौँ रुपियाँ भ्रष्टाचार गर्ने, छोरीलाई आफ्नो प्रवेशिका परीक्षा दिन लगाउने, रातो पासपोर्टको दुरुपयोग गर्ने, मादक पदार्थ खाई सार्वजनिक स्थानहरूमा जथाभावी हिँड्नेजस्ता अमर्यादित व्यवहारबाट सभासद्हरूप्रति जनताको विश्वास घट्दै छ।

शासक दलहरूबीच मन्त्रिमण्डलमा मात्रै होइन शिक्षा र स्वास्थ्यजस्ता जनताका आधारभूत विषयहरूमा समेत भागवण्डा गर्ने, राजदूतहरू, उपकुलपतिहरू, प्रवेशिका परीक्षा केन्द्र र परीक्षाका केन्द्राध्यक्षहरूसमेत भागवण्डा गर्ने प्रवृत्तिले विगतका वर्षहरूमा झैं यस वर्ष पनि निरन्तरता पायो।

मितव्ययिता, पारदर्शिता र भ्रष्टाचारीप्रति शून्य सहनशीलताको प्रतिबद्धता व्यक्त गर्दै मुस्ताङ गाडी चढेर लोकप्रियताको नाटक गर्ने प्रधानमन्त्री भट्टराईले इतिहासकै सबैभन्दा ठूलो ४९ जनाको मन्त्रिमण्डलको गठन गर्नु, अनुपस्थित लडाकूहरूको अरबौँ रुपियाँ अनियमित रूपमा एमाओवादीले प्राप्त गरेकोमा मौन रहनु, राष्ट्रहितविपरीत भारतसँग बिप्पा सम्झौता गर्नु र पटकपटक पेट्रोलियम पदार्थको मूल्य बढाएर जनतालाई महँगीको मारमा पार्नुले भट्टराई सरकार सिंहदरबारमा एउटा फोटो टाँस्नकै लागि मात्र प्रधानमन्त्री बनेकाहरू जस्तै जनविरोधी साबित भयो।

सशस्त्र सङ्घर्षको नाममा १० वर्षसम्म अराजकतावादी गतिविधि सञ्चालन गर्दै आएका माओवादीहरूले त्यतिखेर निजी विद्यालयहरू बन्दको अभियान चलाएका थिए। अहिले डा. बाबुराम भट्टराईको

नेतृत्वमा गठित सरकारले निजी विद्यालयहरूलाई निरन्तरता दिनेजस्ता विषय बजेटमार्फत् घोषणा गऱ्यो। देशको प्राकृतिक स्रोत र साधनमा विदेशीलाई खुला छुट दिने लगानी बोर्ड विधेयक पास गर्ने, विदेशी निजी कम्पनीलाई सरसफाइको जिम्मेवारी दिने गरी सरसफाइ विधेयक पास गर्नेजस्ता कार्यहरूले शोषणमा आधारित पुँजीवादी व्यवस्थालाई बलियो बनाउन सहयोग पुऱ्याउँछ।

दुई वर्षमा नयाँ संविधान निर्माण गरी सक्नुपर्नेमा ठूला दलहरूको सत्ताको लागि कुकुर झगडाको कारण साढे तीन वर्षमा पनि संविधान बन्न सकेन। ठूला दलका नेताहरू संविधान निर्माणमा गम्भीर नभएपनि गैरसरकारी सङ्गठनहरू (एनजीओ) र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरू (आइएनजीओ) निकै सक्रिय रहे। सभासद्हरू संविधान सभामा भन्दा एनजीओ र आइएनजीओका कार्यक्रमहरूमा ओइरिनु यसको प्रमाण हो। संसद चलिरहेको बखत संसदमा गणपूरक सङ्ख्या नपुगेर स्थगित गर्नुपर्नेस्थिति आउनु र सोही समयमा एउटा एनजीओको कार्यक्रममा १२० जनाभन्दा बढी सभासद्हरू भेला भएको प्रसङ्ग पनि उल्लेखनीय घटना बन्यो।

नेपालका राजनीतिक दलहरू शासकीय प्रणालीको बारेमा गम्भीरतापूर्वक छलफल गरिरहेको बेला एक वर्षअघि नै अमेरिकीहरूलाई साक्षी राखेर ती शासक दलहरू (एमाओवादी, नेका र एमाले) बीच स्वीजरल्याण्डमा सहमति भएको सार्वजनिक हुनु, नेपाल कानुन समाज नामकगैससले नेपालको शासकीय स्वरुप, निर्वाचन प्रणाली र राज्य पुन:संरचनालगायतका विषयमा तीन दलका नेताहरूबीच गोप्य सहमति भएको प्रकाशित गर्नु र संविधान संशोधन गर्न देशका चार ठूलादलका प्रमुख नेताहरूले सहमति गरी प्रस्तुत गरेको विधेयक जनजाति सभासद्हरूको समूह (ककस) ले फिर्ता लिन बाध्य पार्नुले नयाँ संविधान निर्माणमा एनजीओ र आइएनजीओको निर्णायक प्रभावलाई प्रष्ट पार्दछ। नयाँ संविधान जनआन्दोलनको भावना र नेपाली जनताको चाहनाभन्दा पनि एनजीओ र आइएनजीओको निर्देशनमा बन्ने खतरा बढ्दै गएको छ। ठूला दलका नेताहरू सिद्धान्त र विचारभन्दा पनि एनजीओ र आइएनजीओको निर्देशनमा चल्न थालेका थुप्रै घटनाहरू सार्वजनिक भए।

देशको शान्ति सुरक्षाको स्थिति दिनानुदिन खस्कँदैछ। इस्लामिक सङ्घका महासचिव फैजान अहमदको २०६८ असोज ९ गते राजधानीको व्यस्त स्थानमा हत्या, मङ्सिर १६ गते सुनचाँदी व्यापारी जुजुकाजी महर्जनको ललितपुरमा गोली हानी हत्या, पुस ८ गते सुनचाँदी व्यवसायका सञ्चालक हर्कबहादुर दियालीको हत्या आदि घटनाले सुरक्षा अवस्थाको खिल्ली उडायो। २१ औं शताब्दीको यो समयमा पनि दलितले चुलो छोएको आरोपमा कालिकोटमा मनवीरेसुनारको २०६८ मङ्सिर २४ गते हत्या हुनु असभ्यताको अर्को उदाहरण हो।

पूँजीवादी व्यवस्था वर्गमा विभाजित हुने र पूँजीपति वर्गले शासनसत्ता हातमा लिने हुँदा यस व्यवस्थामा मानवअधिकार हननका घटनाहरूले निरन्तरता पाउनु स्वाभाविक हो। वर्गविहीन समाजमा मात्रै सारा जनताले निर्बाध रूपमामानवअधिकारको उपभोग गर्न पाउनेछन्। यस अर्थमा सन् २०११ मा महँगी, भ्रष्टाचार, हत्या, हिंसा, अनियमितता, अपहरणजस्ता घटनाहरूमा कुनै कमी आएन। शान्ति र संविधानलाई सत्तामा जाने शासक दलहरूले भऱ्याङको रूपमा मात्रै प्रयोग गरे तथा जनताको भावनाअनुसार शासन गर्न सन् २०११ असफल वर्ष साबित भयो।

सुनिल प्रजापति
सचिव

सन् २०११ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणा

राष्ट्रिय मानवअधिकार आयोग

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गृह मन्त्रालय

परराष्ट्र मन्त्रालय

नेपाली सेना

नेपाल प्रहरी

सशस्त्र प्रहरी बल

राष्ट्रिय दलित आयोग

राष्ट्रिय महिला आयोग

नेपाल पत्रकार महासङ्घ

अनुसूची

४

राष्ट्रिय मानवअधिकार आयोग

'दण्डविहीनताको अन्त्य गरौँ, मानवअधिकारको सम्मान गरौँ।'
नेपाल मानवअधिकार वर्ष पुस्तकको सन्दर्भः

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार स्थिति उल्लङ्घन एवम् ज्यादतीका घटनालाई समेटेर "नेपाल मानवअधिकार वर्ष पुस्तक" प्रत्येक वर्ष प्रकाशनमा ल्याउनु स्वागतयोग्य कुरा हो। यस वर्ष पनि देशको मानवअधिकारको अवस्थालाई विश्लेषण गरी प्रकाशन हुन लागेको मानवअधिकार वर्षपुस्तककोम सराहाना गर्दछु। प्रस्तुत पुस्तकलाई मैले मानवअधिकारको क्षेत्रमा एक उपयोगी सन्दर्भ सामग्रीको रूपमा लिएको छु।

राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरण अहिले सामान्य विषय बन्न पुगेको छ। फलतः समग्र राजनीतिप्रति नै जनताको वितृष्णा पैदा हुने सम्भावना बढ्दै जान थालेको छ। राजनीतिकर्मीहरूप्रति अविश्वास बढ्नु र राजनीतिप्रति वितृष्णा फैलिनु लोकतन्त्र र मानवअधिकारकोनिम्ति पनि गम्भीर विषय हो। राजनीतिक सम्बन्ध भएको भनिएका अपराधका घटनाहरू प्रहरी वा प्रशासनसम्म नपुग्ने अवस्था बन्दै गएको र पुगिहालेको अवस्थामा पनि प्रहरीले उजुरी दर्ता नगर्ने वा मुद्दा नचलाउने वा ढिलासुस्तीको अवस्था विकसित हुँदै गएको जनगुनासो छ।विस्तृत शान्तिसम्झौतापछि मानवअधिकारको अवस्थामा जुन सुधारको अपेक्षा गरिएको थियो, हालसम्म पनि त्यसो हुन सकेको छैन। शान्तिसम्झौतामा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई न्याय दिलाउने प्रतिवद्धता व्यक्त गरे पनि उनीहरूलाई सीमित राहत/क्षतिपूर्ति प्रदान गर्नुको अलावा मानवअधिकार उल्लङ्घन गर्ने वा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिलाई कारबाही हुन सकेको छैन। राजनीतिक आस्थालाई आधार बनाएर विगतमा मुद्दा फिर्ता लिई न्यायिक प्रक्रियाबाट उन्मुक्ति दिइएका व्यक्तिहरूले राजनीतिक दलहरूमा आफ्नोप्रभुत्व बलियो बनाउँदै लगेकाले दण्डहीनता बढ्दै गएको सर्वत्र महसुस हुन थालेको छ। फलस्वरूप, न्याय प्रशासन र प्रहरीले विद्यमान कानुन कार्यान्वयन गर्ने नसक्ने अवस्थामा पुगेको छ।

शान्तिसम्झौता सम्पन्न भएको ५ वर्षपछि पनि द्वन्द्वकालमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा बेपत्ता नागरिकसम्बन्धी छानविन आयोग गठन हुन सकेको छैन। घर-जग्गा र सम्पत्ति कब्जाको समस्या सुल्झन नसक्नुले पनि स्थितिको आँकलन गर्न सकिन्छ। एकातिर सम्झौता अनुसार सत्य निरुपण आयोग जस्ता निकायहरू गठन नहुनु र अर्कोतिर सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित मुद्दा फिर्ता र आममाफीको कुरा अगाडि बढ्नुले विधिको शासन र मानवअधिकार संरक्षण कार्यमा प्रत्युत्पादक स्थिति खडा गरेको छ।

मानवअधिकारको समग्र अवस्थालाई हेर्ने हो भने यस वर्ष पनि अवस्था सन्तोषजनक छैन। आफ्ना प्रतिवद्धताहरूलाई जनचाहनाअनुसार सरकारले व्यवहारमा उतार्न सकेको छैन। तर, मानवअधिकार संरक्षण र सम्बर्द्धनको क्षेत्रमा यसवर्ष कतिपय महत्वपूर्ण कामहरू सम्पन्न भएको कुरालाई पनि नकार्न सकिन्न। यस सन्दर्भमा संवैधानिक राष्ट्रिय संस्थाको रूपमा स्थापित आयोग पनि मानवअधिकारको संरक्षण, सम्वर्द्धन, परिपालन एवम् मानवअधिकारसंस्कृतिको विकासमा निरन्तर लागिपरेको छ। आयोगको तथ्याङ्कअनुसार मानवअधिकारसँग सम्बन्धित विषयमा यस वर्ष जम्मा ३ सय ४५ उजुरीहरू परेको देखिन्छ। उजुरीका प्रमुख विषयहरूमा हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, गैरन्यायिक थुना रहेका छन्। त्यसैगरी सम्पत्ति कब्जा, आन्तरिक विस्थापन, भेदभाव जबर्जस्ती चन्दा, आर्थिक सामाजिक अधिकार उपभोगमा अवरोध, महिला तथा बालअधिकार, दलित तथा आदिवासी जनजातिका अधिकार उल्लङ्घनलगायतका विषय रहेका छन्।

सिद्धान्ततः मानवअधिकार संरक्षण र सम्वर्द्धनको सन्दर्भमा राज्यको प्रतिवद्धताको हिसाबले कुरा गर्दा प्रगतिशील र सकारात्मक देखिन्छ। ती प्रतिवद्धताहरूलाई कार्यान्वयन प्रक्रिया अगाडि बढाउने सन्दर्भमा कतिपय अवस्थामा संविधान, कानुन, नीति र कार्ययोजनाहरू तर्जुमा भएको पनि देखिन्छ। तर, कतिपय सन्दर्भमा राज्यले तर्जुमा गर्नुपर्ने आवश्यक कानुन र नीतिहरू तर्जुमा नभएको र तर्जुमा भएका कार्ययोजनाहरू व्यवहारमा प्रभावकारी हुन नसकेको अवस्था देखिन्छ। आयोगमा यस वर्ष उपलब्ध रेकर्डअनुसार मानवअधिकार संरक्षण र सम्वर्द्धनको सन्दर्भमा १ सय ७९ अनुगमन ३ सय ११ अनुसन्धान भएको देखिन्छ। त्यसै गरी १ सय ४६ वटा उजुरीउपर सिफारिस गर्नुको साथै५ सय ७९ उजुरी टुङ्ग्याइएको

अवस्था छ। सात ओटा खारेज गरिएका छन् भने१३ ओटालाई तामेलीमा राखिएको छ। आयोगमा २०६८/०२/१२ मा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट प्राप्त जानकारी अनुसार सिफारिसको कार्यान्वयनको अवस्था हालसम्म पूर्णकार्यान्वयन १ सय २१ (२८%), आंशिक कार्यान्वयन २ सय ३६ (५५%) र कार्यान्वयन नभएको ७९ (१७%) रहेको देखिन्छ।

आयोगले मानवअधिकारको संरक्षणको साथसाथै सम्वर्द्धन कार्यलाई पनि अगाडि बढाउँदै आएको छ। यस अवधिमा अन्तर्क्रिया, दिवस र मानवअधिकारका समसामयिक विषयमा विभिन्न छलफल,तालिम र गोष्ठी सम्पन्न भएका छन्। आयोगबाट थुप्रै कार्यक्रमहरूमा स्रोतव्यक्तिको सहभागिता जनाइएको अवस्था छ।

राष्ट्रिय मावनअधिकार आयोगले सशस्त्र द्वन्द्वसँग गाँसिएका मानवअधिकारको संरक्षण र सम्वर्द्धनसम्बन्धी कार्यका अलावा महिला, बालबालिका, दलित, जेष्ठ नागरिक तथा अपाङ् व्यक्तिहरूको हक-हितसँग गाँसिएका विषयवस्तुहरूमा पनि आफ्नो प्राथमिकता प्रदान गर्न थालेको छ। साथसाथै आर्थिक-सामाजिक तथा साँस्कृतिक हक-अधिकारसँग सम्बन्धित कतिपय क्षेत्रहरू जस्तै: स्वास्थ्य र खाद्य सुरक्षाको अधिकार, उपभोक्ता हित संरक्षणसम्बन्धी अधिकार, हलिया, कमैया-कम्लहरी र सुकुम्बासीहरूको हक-हित संरक्षण-प्रवर्द्धनको विषयहरूमा पनि आयोगले संरक्षणात्मक तथा सम्वर्द्धनात्मक गतिविधिहरू विस्तार गर्न थालेको छ। यसबाहेक आमजनसमुदायको विकास र सम्बृद्धिसँग गाँसिएका शिक्षा, स्वास्थ्य, रोजगारी तथा जीविकाका सवालहरूमा 'मानवअधिकारमा आधारित अवधारणा' अनुसार कार्ययोजना तर्जुमा र तिनका कार्यान्वयनको प्रभावकारी अनुगमन गर्न नीति र कार्यक्रमहरू बनाई सम्बन्धित क्षेत्रलाई जागरुक गर्ने काममा पनि आयोगले आफ्नो सक्रियता अगाडि बढाएको छ। यसबाहेक 'विश्वव्यापी आवधिक प्रतिवेदन' (UPR) को प्रस्तुति र संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्को सिफारिसहरू कार्यान्वयन अनुगमन गरी आयोगले कार्यदल बनाई आफ्ना काम अगाडि बढाइरहेको छ।

आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा व्यवस्थापिका/संसद्, नेपाल सरकार, विभिन्न आयोगहरू, नागरिक समाज/गैरसरकारी संस्था/पेशागत सङ्घसङ्गठनहरूसँग समन्वय र सहकार्य पनि गर्दै आएको छ। आयोगले कामलाई सहज, सरल एवम् प्रभावकारी तुल्याउन विभिन्न महाशाखा र इकाईहरूलाई संस्थागत गर्दै मानवअधिकारको संरक्षण र सम्बर्द्धनकार्यलाई अगाडि बढाएको छ। त्यसैगरी मानवअधिकारको संरक्षण र सम्बर्द्धनको निमित्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूसँग कामको सम्बन्धलाई निरन्तरता दिँदै आएको छ। संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय निकायहरू, मित्रराष्ट्रका दूतावासहरू तथा अन्य मुलुकका राष्ट्रिय मानवअधिकार आयोगहरूसँग आयोगले समन्वय गर्दै सम्बन्ध बिस्तार गर्दै आएको छ। यसै सन्दर्भमा आयोगले यस वर्ष अन्तर्राष्ट्रिय समन्वय समिति (ICC) को 'क' श्रेणीको स्तर हासिल गर्न सफल भएको छ।

मानवअधिकारको संरक्षण, सम्बर्द्धन र पालनाको काम हरेक राज्यको प्रमुख दायित्व हो। हाम्रो जस्तो युद्धोत्तर अवस्थामा रहेको देशमा सङ्क्रमणकालीन न्यायको माध्यमबाट मानवअधिकारको रक्षा गर्नु साथै शान्ति र संविधानको घोषित कार्यभार पूरा गर्नु वर्तमान अवस्थाको माग हो। यसको निम्ति सरकार र राजनीतिक पार्टीहरू आफूले विगतमा गरेका सम्झौता र समझदारीहरूबाट निर्देशित हुनुपर्दछ। यदि देशले समयसीमा भित्र शान्ति र संविधानको कार्यभार पूरा नगर्ने र मानवअधिकारको संरक्षणको काम पनि अगाडि नबढाउने हो भने राजनीतिक पार्टीहरूले आफ्नो साख गुमाउने मात्रै होइन बरु प्राप्त ऐतिहासिक उपलब्धीहरू पनि नासिन सक्ने खतरा अझै विद्यमान छ। यस्तो परिस्थितिमा अपेक्षित सुधार नआउने हो भने भविष्यमा मानवअधिकारको अवस्था झन् नाजुक हुनसक्ने सम्भावना बढ्न सक्दछ। तसर्थ, सरकार र राजनीतिक पार्टीहरूले यथार्थमा 'शान्ति र संविधान' को विषयलाई पहिलो प्राथमिकता दिने हो भने यसको निम्ति आमजनताको चासोको रूपमा रहेको विधिको शासन, शान्ति-सुव्यवस्था र मानवअधिकारको संरक्षण र सम्वर्द्धनको कार्य तदारुकता साथ अगाडि बढाउनु जरुरी छ।

अन्त्यमा, म यस नेपाल मानवअधिकार वर्ष पुस्तकको सफलताको शुभकामना व्यक्त गर्नुको साथै भावी दिनमा पनि यस संस्थाले मानवअधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने मेरो विश्वास व्यक्त गर्दछु।

गौरी प्रधान
सदस्य, राष्ट्रिय मानवअधिकार आयोग

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्ने राज्यको प्राथमिक दायित्व भएअनुरुप प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन तथा मानवअधिकार महाशाखाले मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू र सरकारका विभिन्न निकायहरूबीच समन्वय गरी आफ्नो कार्य गर्दै आएको छ। मानवअधकिारसम्बन्धी विभिन्न २२ ओटा महासन्धिहरूलाई नेपालले अनुमोदन गरेबमोजिम आफ्नो राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दायित्वहरूलाई बहन गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्न हरसम्भव प्रयासरत छ।

सन् १९९३ मा अष्ट्रियाको राजधानी भियनामा सम्पन्न भएको संयुक्त राष्ट्रसङ्घीय विश्व मानवअधिकार सम्मेलनले सबै पक्ष राष्ट्रहरूलाई मानवअधिकार सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा मानवअधिकार संस्कृतिको विकास गर्न राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गर्न आह्वान गरेअनुरुप नेपालले मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्ने दृढ अठोटका साथ नागरिक समाज र निजी क्षेत्रको समन्वयात्मक प्रयासमा आ.व. ०६१/६२ देखि त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यसक्रममा दुईओटा त्रिवर्षीय कार्ययोजना सम्पन्न भई हाल तेस्रो त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०६७/६८-२०६९/७०) कार्यान्वयनमा ल्याएको छ। प्रस्तुत कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट मुलुकमा कानुनको शासनलाई प्रत्याभूत गर्न, सबै नागरिकलाई आधारभूत मानवअधिकारको सुनिश्चितता प्रदान गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्नमा सहयोग पुग्ने विश्वास लिइएको छ। यसैगरी, लैङ्गिक हिंसा निवारणका लागि सम्बद्ध सबै मन्त्रालयहरूको कार्ययोजना बनाई कार्यान्वयन भइरहेको छ भने जातीय भेदभाव उन्मुलनका लागि पनि योजनाबद्ध रूपमा प्रभावकारी कार्यक्रम लागू हुँदैछ। प्रचलित कानुनद्वारा अधिकार प्राप्त निकायहरूले लैङ्गिक हिंसासम्बन्धी उजुरी लिन नमानेमा वा उजुरी उपर यथोचित कारवाही नगरेको अवस्थामा पीडित पक्षबाट उजुरी ग्रहरण गरी त्यस्ता उजुरीहरूको व्यवस्थापन एवम् अनुगमन समेत गर्ने उद्देश्यले यस कार्यालयमा स्थापित लैङ्गिक हिंसा विरुद्ध उजुरी व्यवस्थापन तथा अनुगमन इकाई अद्यापि कार्यरत छ।

विगतमा भैँ यस कार्यालयले मानवअधिकारे उल्लङ्घनका घटनामा राष्ट्रिय मानवअधिकार आयोगबाट २०५८ सालदेखि हालसम्ममा भएका सिफारिसहरूलार्य कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखी पठाउनुका साथै त्यसको प्रभावकारी कार्यान्वयन भए नभएको बारेमा अनुगमन गर्ने र अभिलेख अद्यावधिक गर्ने लागायतका कार्यहरू गरिरहेको छ। आयोगबाट हालसम्म भएका सिफारिसअनुसारको क्षतिपूर्ति/राहत रकम पीडित एवम् पीडितका परिवारलाई दिने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई शान्ति तथा पनुर्निर्माण मन्त्रालय र गृह मन्त्रालयबाट त्यसरी सिफारिस गरिएका व्यक्तिहरूलाई तोकिएबमोजिमको रकम राहतस्वरुप वितरण भइरहेको छ।

मानवअधिकार उल्लङ्घनका घटनामा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सङ्घसंस्थाबाट माग भएका जवाफ तथा जानकारी समयमै उपलब्ध गराउने र नेपाल सरकारको तर्फबाट पेश गर्नुपर्ने प्रतिवेदन एवम् प्रतिक्रियासमेत सम्बन्धित निकायहरूको संलग्नतामा तयार गरी पठाउने गरिएको छ।

यस कार्यालयको अग्रसरतामा आर्थिक, सामाकि तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ अन्तर्गत संयुक्त राष्ट्रसङ्घसमक्ष नेपालले बुझाउनुपर्ने तेस्रो आवधिक प्रतिवेदनको मस्यौदा तयार गरी पेश गरिसकेको छ। साथै, यस कार्यालयले विभिन्न मानवअधिकारसम्बन्धी महासन्धिको नेपाल पक्ष भए वापत बुझाउनुपर्ने अन्य आवधिक प्रतिवेदनहरूको तयारीका लागि निर्देन एवम् समन्वयको काम समेत गरिरहेको छ। यसैगरी, यस कार्यालयले Universal Periodic Review (UPR) सम्बन्धी नेपालको राष्ट्रिय प्रतिवेदन तयार गरी जनवरी २०११ म संयुक्त राष्ट्रसङ्घीय मानवअधिार परिषद्मा पेश गरी उक्त प्रतिवेदन उपर प्राप्त सुझाव एवम् सिफारिसहरूको कार्यान्वयनका लागि सम्बद्ध सबै निकायहरूको कार्ययोजना बनाई कार्यान्वयन भइरहेको छ।

यसैबीच, यस कार्यालयको प्रयास, पहल र संलग्नतामा राष्ट्रिय मानवअधिकार आयोगको संविधानबमोजिमको काम कारबाहीलाई व्यवस्थित र नियमित गर्न नयाँ विधेयक तर्जुमा भई हालै मात्र उक्त विधेयकले संसदीय प्रक्रिया पूरा गरी ऐनको रुप धारण गरिसेको छ। यो ऐन जारी भएपछि राष्ट्रिय

मानवअधिकार आयोगको काम कारबाही थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

अन्त्यमा, इन्सेकले प्रकाशन गर्न लागेको प्रस्तुत वर्षपुस्तक मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने प्रयोजनका लागि निकै उपयोगी हुने कुरामा यो कार्यालय विश्वस्त छ। साथै, इन्सेक आफ्नो लक्ष्यमा निरन्तर अघि बढिरहन सकोस् भनी शुभकामना पनि व्यक्त गर्न चाहन्छु।

डा. त्रिलोचन उप्रेती
सचिव

गृह मन्त्रालय

नागरिकको जीउधनको सुरक्षालाई आधारभूत मानवअधिकारको रूपमा हृदयङ्ग गर्दै उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी देशमा शान्ति सुव्यवस्था कायम गर्ने दिशामा गृह मन्त्रालय एवम् अन्तगर्तका सुरक्षा निकायहरू सदैव क्रियाशील छन्। मानवअधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा राज्यले गरेको प्रतिबद्धता अनुरुप आवश्यक ऐन कानुनको तर्जुमा एवम् विद्यमान कानुनहरूको पनि समायानुकूल परिमार्जन समेत भई आएको छ। पक्ष राष्ट्रका हैसियतले नेपालले संयुक्त राष्ट्र सङ्घमा पेश गर्नुपर्ने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसङ्घमा पठाइसकिएको छ।

गृह मन्त्रालय एवम्मातहतका सुरक्षा निकायहरूमा मानवअधिकार इकाईहरू स्थापना एवम् सुदृढीकरण गरी मानवअधिकार प्रवर्द्धन, उल्लङ्घनमा छानबिन र अनुगमनमा क्रियाशीलता बढाइएकोछ। मानवअधिकारका विभिन्न पक्षमा सुरक्षाकर्मीहरूलाई प्रशिक्षित गर्ने कार्य समेत भइरहेको छ।

मानवअधिकार उल्लङ्घन भएको भनी विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय मानवअधिकारकर्मी तथा संस्थाहरूबाट औँल्याइएका घटनाहरूका सम्बन्धमा प्राथमिकता दिई मातहतका निकायहरूबाट छानविन गराई दोषीलाई कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउने कार्यहरू पनि भइरहेका छन्। राष्ट्रिय मानवअधिकार आयोगका सिफारिश बमोजिम पीडितलाई क्षतिपूर्ति उपलव्ध गराउने, दोषीलाई कारबाही गर्ने र पीडितका बालबच्चाहरूलाई नि:शुल्क शिक्षाको लागि सम्बन्धित निकायमा लेखी पठाउने कार्यहरू पनि नियमित रूपमा भइरहेका छन्।

कारागारमा रहेका कैदी थुनुवाहरूले मानवोचित हक अधिकारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले कारागारहरूलाई सुधारगृहको रूपमा समयानुकूल परिवर्तन गर्दै, भौतिक सुविधाहरूको वृद्धि तथा कैदी थुनुवाहरूको स्वास्थ्य र शिक्षाको पहुँचलाई प्रभावकारी रूपमा अगाडि बढाउने कामहरू भइरहेका छन्। बालबन्दीहरूलाई छुट्टै बाल सुधारगृहहरूको स्थापना गरी व्यवस्थापन गर्ने कामहरू पनि भइरहेका छन्।

वर्तमान सङ्क्रमणकालीन अवस्थामा सुरक्षा व्यवस्थालाई सुधार गर्न नयाँ कार्ययोजना निर्माण भई कार्यान्वयनको चरणमा छ। शान्ति सुरक्षाको अवस्थामा अपेक्षाकृत सुधार आएको भएतापनि विभिन्न वैध अवैध समूहरूबाट मानवअधिकारउल्लङ्घनका कार्यहरू भइरोखेको हुँदा आफ्ना अधिकारहरूको लागि माग उठाउँदा अरुको अधिकार हनन् गर्नु हुँदैन भन्ने विषयलाई हामी सबैले मनन गर्नुपर्ने भएको छ।

अन्तत: सन् २०११ मा नेपालको मानवअधिकारको स्थितिमा सकारात्मक सुधार भएको तथ्य प्रति विश्वस्त हुँदै मानवअधिकार संरक्षणमा नेपाल सरकार गृह मन्त्रालय सम्पूर्ण मानवअधिकारकर्मीहरू एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सहकार्य गर्दै अगाडि बढ्न प्रतिबद्ध छ।

परराष्ट्र मन्त्रालय

नेपालको आन्तरिम संविधान २०६३ एवम् देशको प्रचलित नियम कानुन तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता एवम् दायित्व अनुरुप मानवअधिकार संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा नेपाल सरकार पूर्ण प्रतिबद्धताका साथ क्रियाशील रही आएको छ। वर्तमान विश्व परिवेशमा मानवअधिकारको विषयले परराष्ट्र सम्बन्धका क्षेत्रमा पनि महत्वपूर्ण स्थान लिँदै आएको छ।

मानवअधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रि सन्धि-अभिसन्धिहरूको पक्ष राष्ट्र भई मानवअधिकारप्रति नेपाल प्रतिवद्ध रहेको तथ्य अन्तर्राष्ट्रियस्तरमा स्थापित भइसकेको छ। यसै क्रममा Convention on the Rights of Person with Disabilities 2006 र यससम्बन्धी Optional Protocal 2006 समेत व्यवस्थापिका संसदबाट अनुमोदन भइसकेको छ। नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि-अभिसन्धिहरूबाट सिर्जित दायित्वहरू

तथा नेपालको अन्तरिम संविधानमा व्यवस्था गरिएका प्रतिवद्धताहरू पूरा गर्न हाल तेस्रो तीनवर्षे राष्ट्रिय मानवअधिकार संरक्षणका क्षेत्रमा विभिन्न प्रवद्धनात्मक एवम् सुधारात्मक गतिविधिहरू सञ्चालन भएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिष्दको कार्यालय, मानवअधिकार प्रवर्द्धन शाखा, मानवअधिकारको क्षेत्रमा राष्ट्रिय सर्म्पक विन्दुका रूपमा कार्यरत छ। मानवअधिकारको संरक्षण तथा प्रबर्द्धन कार्यलाई व्यवस्थित, सुदृढ र प्रभावकारी बनाउन यस शाखाले सरकारका विभिन्न निकायहरूबीच समन्वयको कार्य गर्दै आएको छ। बेपत्ता आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोगका मस्यौदा विधेयकहरू सबै सरोकारवालासँगको व्यापक छलफल र परामर्श लिई तयार भएका छन् र व्यवस्थापिका संसदमा शीघ्र पारित हुने प्रक्रियामा छलफल भइरहेका छन्। लैङ्गिक हिंसा उन्मूलनसम्बन्धी राष्ट्रिय कार्ययोजना तयार भएको छ। यस कार्ययोजनालाई अभियानका रूपमा कार्यान्वयन गर्न सन् २०१० लाई लैङ्गिक हिंसाविरुद्धको वर्षको रूपमा गरिएको कुरा स्मरणीय छ। संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्का Special Rapporteur हरूद्वारा वैयक्तिक उजुरी प्रक्रियामार्फत उठाइएका जिज्ञासाहरूलाई नेपाल सरकारले यथोचित महत्वकासाथ आफ्नो धारणा स्पष्ट गर्दै आएको छ। मानवअधिकार परिषद्ले व्यवस्था गरेको Universal Periodic Review UPR अर्न्तगत सन् जनवरी, २०११ मा नेपालको समग्र मानवअधिकारको आवधिक समीक्षा भएको थियो। उक्त परिषद्ले प्रस्ताव गरेका अधिकांश सिफारिसहरूको कार्यान्वयन गर्ने प्रतिबद्धता नेपाल सरकारले जाहेर गरेको छ। उक्त उच्च तहको बैठकमा नेपालको तर्फबाट उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीको नेतृत्वमा सहभागिता रहनुका साथै नेपालको मानवअधिकारप्रतिको राष्ट्रिय प्रतिवद्धता, धारणा तथा संरक्षण एवम् प्रवर्द्धनका क्षेत्रमा भएका प्रयासहरूका बारेमा अद्यावधिक स्थितिबारे विश्व समुदायलाई अवगत गराइएको थियो। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले नेपालको मानवअधिकार अनुगमन, संरक्षण एवम् प्रवर्द्धनका क्षेत्रअर्न्तगत राष्ट्रिय क्षमता अभिबृद्धि लगायतका कार्यहरूमा पुऱ्याइएको योगदानको सराहना गर्दै राष्ट्रिय मानवअधिकार आयोगलाई अझ सुदृढ र क्षमतायुक्त बनाई मानवअधिकारको संरक्षण र सम्वर्द्धनका हिसाबले अग्रणी इकाइका रूपमा विकास गर्ने सरकारको प्रतिवद्धता अनुरुप कार्य भइरहेको छ। यसै अनुरुप नेपालमा रहेको संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको कार्यावधि गत ८ डिसेम्बर २०११ देखि समाप्त भएको छ।

विभिन्न अर्न्तराष्ट्रिय सन्धि-अभिसन्धिहरूको पक्ष राष्ट्रको हैसियतले नेपालले संयुक्त राष्ट्रसङ्घका सम्बन्धित निकाय समक्ष आवधिकरूपमा पेश गर्नुपर्ने प्रतिवेदनहरू मध्ये महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि CEDAW Committee मा छलफल भएको, Optional Protocol to the Convention on the Rights of Child on the sale of children, Child Prostitution and Child Pronography सम्बन्धी प्रारम्भिक प्रतिवेदन प्रस्तुत भई छलफल मिति तय भएको तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धिसँग सम्बन्धित तेस्रो, चौथो र पाँचौ संयुक्त प्रतिवेदन र नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय अनुवन्धनसम्बन्धी दोस्रो, तेस्रो र चौथो संयुक्त प्रतिवेदनलाई अन्तिम रुप दिने कार्य भइरहेको छ। साथै, मानवअधिकारसम्बन्धी अन्य राष्ट्रिय प्रतिवेदनहरू तयारीका सम्वन्धमा पनि आवश्यक तयारी भइरहेको छ। मानवअधिकारका क्षेत्रमा सक्रिय नागरिक समाजको सकारात्मक प्रयासहरूले पनि नेपाल सरकारलाई नेपालमा मानवअधिकार संरक्षण र सम्बर्द्धनका कार्यमा संवेदनशील एवम् सक्रिय रहन अभिप्रेरित गरेको छ। यसप्रकार सन् २०११ मा मानवअधिकार संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका क्षेत्रमा नेपाल सरकार पूर्णत प्रतिवद्ध रही जिम्मेवारीपूर्वक कार्यरत रहेको तथा नेपालको मानवअधिकारको समग्र स्थिति क्रमिकरुपले सुदृढ र सुधारोन्मुख हुँदै गइरहेको छ।

विजयकुमार राउत
शाखा अधिकृत

नेपाली सेना

१. हालको विद्यमान परिस्थितिमा मानवअधिकारको निकै सुक्षम ढङ्गबाट विश्लेषण र जनताको मौलिक हक एवम् नैसर्गिक अधिकारको पक्षमा दाँजिन थालेको छ। सन् २००६ पछि विषेश गरी मानवअधिकारको सम्बन्धमा सुरक्षा अङ्गमा मात्र यसको टिकाटिप्पणी नभई राज्यका विभिन्न निकायहरूमा समेत यसको पालनाको सम्बन्धमा

सकारात्मक वृद्धि भएको महसुस गरिएको छ।

२. नेपाल, संयुक्त राष्ट्रसङ्घप्रति प्रतिबद्ध रही विभिन्न सन्धि सम्झौता एवम् अभिसन्धिलाई हस्ताक्षर, अनुमोदन गरी सोको पक्ष रहेको कारणले मानवअधिकार एवम् मानवीय कानुन प्रति उत्तरदायी र प्रतिवद्ध रहेको छ। राष्ट्रका अन्य जिम्मेवार व्यक्ति राजनीतिक पार्टी तथा सङ्घ संस्थाहरूले समेत समयसमयमा व्यक्त गरेको अभिव्यक्ति, धारणा तथा प्रतिबद्धतामा नेपाली जनता र मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने गराउने भन्ने उल्लेख भइरहेको अवस्थामा सबैबाट यसको मर्मअनुसार व्यवहारमा पालना हुँदै गए अन्तर्राष्ट्रिय जगतमा नेपालको शान्तिप्रिय छवि उजागर हुने सम्भावना बढ्ने देखिन्छ।

३. मानवअधिकार र मानवीय कानुनप्रति राज्यले गरेको विभिन्न सन्धि सम्झौता, घोषणामार्फत व्यक्त गरेको प्रतिवद्धता अनुरुप राज्यले दायित्व सुम्मेको अवस्थामा नेपाली सेनाले नेपाली जनताको संविधानबाट प्रद्धत मानवअधिकारको संरक्षण गर्ने गराउने कार्यमा सँधै सजग र प्रतिवद्ध रहेको जग जाहेरै छ। सोही बमोजिम नेपालले पूरा गर्नुपर्ने दायित्व स्वरुप नेपाली सेनाको तर्फबाट निम्न कार्यहरू समेत हुँदै आएको छ।

(क) संयुक्त राष्ट्रसङ्घद्वारा पारित Universal Declaration of Human Rights-1948 (UNDHR)लाई पालना गर्नुपर्ने राज्यको दायित्व रहेको हुन्छ। जसमा जनतालाई राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक अधिकार तथा उसको मौलिक हक अधिकारलाई सुरक्षा गर्ने प्रत्याभूति दिएको हुन्छ। त्यस्तै,Geneva Convention-1949 (अन्तर्राष्ट्रिय मानवीय कानुन) लाई नेपालले सन् १९६५ मा अनुमोदन गरेपछि लामो समयदेखि नेपाली सेनामा पढाई हुने युद्धकलाका विषयहरूमा समेत मानवीय पक्ष जस्तै: नागरिक तथा नागरिकको सम्मतिमा हानी नपुऱ्याउने, बालीनालीलाई क्षति नगर्ने, बालबालिका, महिला तथा बुढापाकाहरूलाई सम्मान गर्ने, मठमन्दिर एवम् सांस्कृतिक सम्पदा र महत्वपूर्ण संरचनालाई क्षति नपुऱ्याउने साथै युद्धबन्दी तथा घाइतेहरू प्रति गर्नुपर्ने व्यवहार जस्ता कुराहरूलाई जोड दिईंदै आइरहेको छ।

(ख) नेपालको अन्तरिम संविधान २०६३ र सैनिक ऐन २०६३ को दफा २० (१) मा सैनिक व्यक्तिहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी तालिम तथा शिक्षा दिने प्रावधान रहेको छ। सोही अनुरुप नेपाली सेनामा IHL Integration Order लागू गरिएपछि सम्पूर्ण फौजहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा तत्काल सैद्धान्तिक र व्यवहारिक रूपमा पालना गरी व्यवहारमा लागू गर्नेर क्रमिक रूपमा सकलदर्जालाई IHL/IHRL तालिम गराउँदै गरिएको साथै सोही कुरालाई सेनाको तल्लो तहसम्म अति सम्वेदनशील तरिकाले सचेत गराउन सशस्त्र द्वन्द्वको कानुनसम्बन्धी नेपाली सेनाको गत वर्ष प्रकाशित हाते पुस्तक "Nepal Army Hand Book on Law of Armed Conflict"र यस निर्देशनालयबाट मानवीय कानुनसम्बन्धी तालिम डकुमेन्ट्री तयार गरी सेनाको सम्पूर्ण युनिटहरूमा वितरण गरिनुको साथै तालिमहरूमा समेत सो बारेमा जानकारी गराउने गरिएको छ। यसैगरी, नेपाल सरकार श्री रक्षा मन्त्रालयका रक्षा रचिव र UNIFEM South Asian Regional Office Regional Director बीच जुन २०१० मा MoU मा हस्ताक्षर भई Promoting Gender Responsive Security Sector (PROGRESS) कार्यक्रममा समझदारी भए अनुसार UNIFEM र यस निर्देशनालयबीच २०६७ कार्तिक २५ गते Letter of Agreement (LoA) मा हस्ताक्षर भए पश्चात नेपाली सेना मानवअधिकार निर्देशनालय र UN Women को संयुक्त प्रयासमा जङ्गी अड्डा पृतना निर्देशनालय शिक्षालय तथा बाहिनी अड्डाहरूमा UNSCRs १३२५ र १८२० सम्बन्धी तालिम सञ्चालन गर्ने गरिएको जसले नेपाली सेनामा लैङ्गिक हिंसा विरुद्धको कार्यहरू प्रति सजक एवम् रोकथाम गर्ने कार्य तथा लैङ्गिक समानता, महिलाप्रतिको व्यवहार र आदर कायम गर्न अहम् भूमिका निर्वाह गर्ने आशा गरिएको छ।

(ग) मानवअधिकारको संरक्षण तर्फ नेपाली सेनाले दण्डहीनतालाई प्रश्रय नदिने नीति अवलम्बन गरे अनुरुप नेपाली सेनाका कुनै पनि सदस्यहरूबाट मानवअधिकार उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरू उपर तत्काल अनुसन्धान गरी दोषी पाईएमा आवश्यकता अनुसार कारबाही गरिँदै आएको छ। साथै, नेपाली सेनाले कमाण्ड जिम्मेवारीमा नियुक्ति भएर जाने अधिकृतहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन बारेमा ब्रिफि दिने कार्यबाट कमाण्डार आफू र आफ्नो मातहतमा रहेका फोजहरूलाई सदैव सचेत गराउन नेपाली सेनाले मानवअधिकार हनन् गर्नेलाई दण्डित समेत गरी Zero Tolerance Policy ले अहम् भूमिका खेलेको छ।

(घ) शान्ति सेनामा जाने सकल दर्जाहरूको छनौट Strong Vetting Procedure अनुसार गरी वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र, पाँचखालमा सञ्चालन हुने Pre-Deployment तालिममा समेत उनीहरूलाई मानवअधिकार तथा अन्तराष्ट्रिय मानवीय कानुन, Command Responsibility, Superior Orders, लैङ्गिक समानता, Sexual Abuse, UN Resolution 1325 / 1820 बारे ज्ञानमा अभिवृद्धि गरी नेपालको संयुक्त राष्ट्र सङ्घप्रतिको प्रतिवद्धतालाई अझ टेवा पुऱ्याएको छ।

४. अन्तमा मानवअधिकारको सम्वर्द्धन र संरक्षणको लागि अहोरात्र खटिने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सदाझैं नागरिकहरूको मानवअधिकार सम्वर्द्धनमा रहेको संवेदनशीलता अझ प्रभावकारी रूपमा आउँदा दिनहरूमा पनि बिना भेदभाव स्वतन्त्रतापूर्वक कार्यन्वयन गर्दै जानेछ भन्ने दृढ विश्वासका साथ यस वर्ष प्रकाशन गर्न लागेको "मानवअधिकार वर्षपुस्तक २०१२"को सफलताको लागि नेपाली सेनाको तर्फबाट मानवअधिकार निर्देशनालय कामना गर्दछ।

निरेन्द्रप्रसाद अर्याल
प्राड सहायक रथी
निर्देशक, मानवअधिकार निर्देशनालय

नेपाल प्रहरी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले वार्षिक प्रकाशनको रूपमा यस वर्ष पनि मानवअधिकारसँग सम्बन्धित घटनाहरूलाई देशव्यापी एवम्वार्षिक अभिलेखको रूपमामानवअधिकारवर्ष पुस्तक २०१२ प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ। इन्सेकको यो योगदान वास्तवमै उल्लेखनीय एवम् सह्रानीय रहेको कुरामा कसैको दुईमत नहोला।

मानवअधिकारलोकतान्त्रिक व्यवस्थाको आधारभूत विशेषता हो भने कानुनको शासनको प्रायोगिक अभ्यास बिना मानवअधिकारएवम् लोकतान्त्रिक व्यवस्थाको परिकल्पना गर्न सकिँदैन। जनतामा निहीत सार्वभौमशक्तिबाट प्राप्त शासकीय शक्तिको प्रयोग गर्ने राज्यले नागरिकसँग गर्ने व्यवहार र शासन पद्धति सर्वप्रथम नागरिकको जीउ-धन र प्रतिष्ठाको सुरक्षा, संविधान प्रदत्त मौलिक हकहरूको प्रभावकारी कार्यान्वय साथसाथै जनताका अधिकतम् आवश्यकता र हितहरूको संरक्षण र अन्ततोगत्वा जनताका अधिकतम खुशी र विकासका लागि व्यवहारिक रुपमै प्रतिबद्ध भए मात्र त्यसले वास्तविक रूपमा लोककल्याणकारी राज्य एवम् शासन व्यवस्थाको पहिचान प्राप्त गर्दछ।

नागरिकको जीउ-धन र प्रतिष्ठाको सुरक्षा र कानुनको शासन राज्यको सर्वोपरी उद्देश्य(जनताको खुशी र अधिकतम् विकास) प्राप्तिका लागि प्रथम एवम् अनिवार्य शर्तहरू हुन्। त्यसका लागि समाजमा कानुन कार्यान्वयन गर्ने जस्तो अत्यन्तै महत्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी नेपाल प्रहरीको काँधमा रहेको छर आफ्नो स्थापनाकालदेखि हालसम्म आइपुग्दा नेपाल प्रहरीले आफ्नो यो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुको साथै समग्र प्रहरी सङ्गठन र यसका हरेक क्रियाकलापलाई परिष्कृत एवम् परिमार्जित गर्दै जनताको सुरक्षा र हक अधिकारहरूको संरक्षण एवम् सम्वर्द्धनतर्फ लक्षित र निर्देशित गरेको छ।

मानवअधिकारको संरक्षण र सम्वर्द्धनलाई नेपाल प्रहरीको साङ्गठनिक प्राथमिकताको रूपमा अङ्गीकार, प्रत्येक प्रहरी कर्मचारीले हरहमेशा आफ्नो साथमा राख्नु, जान्नु तथा प्रहरी कामकारबाहीको सिलसिलामा अनिवार्य रूपमा पालना गर्नुपर्ने गरी गोजीपुस्तकको रूपमा नेपाल प्रहरी मानवअधिकार स्थायी आदेशको घोषणा, वितरण एवम् कार्यान्वयन, नेपाल प्रहरीमा समग्र रूपमामानवअधिकारको स्थितिको अनुगमन, मानवअधिकारको उल्लङ्घनसम्बन्धी उजुरीहरू उपर अनुसन्धान एवम् कारबाहीका लागि प्रहरी महानिरीक्षकको सचिवालयको प्रत्यक्ष मातहतमा रहने गरी नेपाल प्रहरी मानवअधिकार इकाईको स्थापना, स्थानीय तहसम्म यसको विस्तार र क्रियाशीलता, नेपाल प्रहरीमा सञ्चालन हुने सबै तहका तालिम पाठ्यक्रमहरूलाई मानवअधिकारका दृष्टिकोणबाट पुनरावलोकन एवम् परिमार्जन, मानवअधिकार, महिला तथा बालबालिकाका अधिकारसम्बन्धी विशिष्टीकृत अनुशिक्षण एवम् तालिम कार्यक्रमहरूको कार्यान्वयन, नेपाल सरकारको मानवअधिकारसम्बन्धी त्रीवर्षीय कार्ययोजना अनुरुप कार्यक्रमहरूको निर्माण र कार्यान्वयन, मानवअधिकारको प्रभावकारी संरक्षण एवम् सम्वर्द्धनका लागि राष्ट्रिय मानवअधिकार आयोगलगायत मानवअधिकारसँग सम्बन्धित विभिन्न सरकारी एवम् गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय तथा सहकार्य आदि कार्यहरू मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा नेपाल प्रहरीले चालेका केही महत्वपूर्ण प्रयासहरू हुन्।

विगतका वर्षहरू झैं गत वर्ष पनि नागरिक समाजसँगको समन्वय र सहकार्यमा नेपाल प्रहरीले यातनासम्बन्धी अन्तर्राष्ट्रिय दिवस र मानवअधिकार महाभेलामा आयोजकका रूपमा सहभागिता जनायो। यसै वर्ष अभियानकै रूपमा काठमाडौ महानगरपालिकार देशभर गरी १० हजार भन्दा बढी प्रहरी कर्मचारीहरूलाई मानवअधिकार र कानुन कार्यान्वयनसम्बन्धी अनुशिक्षण एवम् विशिष्टीकृत प्रशिक्षणहरू सञ्चालन गरियो। नेपाल प्रहरीले साङ्गठनिक रूपमा गरेका प्रयासहरूको प्रतिफल स्वरुप मानवअधिकारउल्लङ्घनका घटना र उजुरीहरूमा व्यापक रूपमा कमी आएको छ। मानवअधिकार उल्लङ्घनसँग सम्बन्धित उजुरीहरूको सङ्ख्यालाई विश्लेषण गर्दा आर्थिक वर्ष २०६५/०६६ को तुलनामा आर्थिकवर्ष ०६७/०६८ मा प्राप्त उजुरी सङ्ख्या ८९.६५% ले घटेको छ भने मानवअधिकारउल्लङ्घनको आरोपमा हालसम्म ५ सय ८४जना प्रहरी कर्मचारीहरू उपरकारवाही भएको छ।

कानुनको सम्पर्कमा आउने बित्तिकै व्यक्तिको मानवअधिकारको प्रश्न उत्पन्न हुने भएकोले प्रहरी काम कारवाहीको सिलसिलामा मानवअधिकार सबैभन्दा महत्वपूर्ण विषय हो र व्यक्तिका त्यस्ता हक अधिकारहरूको हनन कुनै अवस्थामा हुनु हुँदैन भन्ने कुरामा नेपाल प्रहरी सचेत, सजग र प्रतिबद्ध रहेको छ। हाम्रो यो प्रतिबद्धता र प्रयासलाई मुर्तरुप दिन रप्रभावकारी रूपमाअपराधको रोकथाम, नियन्त्रण र सफल अनुसन्धान गरी शान्ति, सुरक्षा र न्यायपूर्ण सामाजिक वातावरणको सृजना गर्न नेपाल प्रहरीलाई कानुन कार्यान्वयनको दृष्टिकोणबाट स्वच्छ, स्वतन्त्र र व्यवसायिक रूपबाट अझ बढी दक्ष एवम् साधन, श्रोत र विधिसम्पन्न बनाउन सम्बन्धित सबैको निरन्तर सकारात्मक पहल र सहयोगको अपेक्षाका साथै इन्सेकलाई मानवअधिकार वर्षपुस्तक२०१२ को प्रकाशनको सफलताको कामना गर्दछौं।

नेपाल प्रहरी मानवअधिकार इकाई
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं

सशस्त्र प्रहरी बल

१. मानवअधिकार तथा सामाजिक न्यायका लागि सदैव कार्यरत इन्सेकले सत्यको अभिलेख र प्रचारद्वारा न्याय र सह-अस्तित्वको वातावरण निर्माण गर्ने कार्यलाई निरन्तरता दिँदै यस वर्ष प्रकाशन गर्न लागेको **"मानवअधिकार वर्ष पुस्तक २०१२"** का लागि शुभ-कामनाका साथ सशस्त्र प्रहरी बल सफलताको कामना गर्दछ।

२. आन्तरिक सुरक्षा संयन्त्र सुदृढ भएमा मात्र मानव स्वतन्त्रता तथा मानवीय मुल्य एवम् मान्यता सुरक्षित अनि सुनिश्चित रहन्छ। मानव स्वतन्त्रता अन्ततः मानवीय प्रतिष्ठा तथा नैसर्गिक अधिकारहरूमा समाहित हुन्छर यी सबैको संरक्षण र रक्षा गर्ने पहिलो दायित्व निःसन्देह सुरक्षा निकायमा कार्यरत कर्मचारीहरूको हुने भएकाले उल्लेखित मूल दायित्वलाई आत्मसाथ गर्दै राज्यद्वारा सुम्पिएका जिम्मेवारीहरू सम्पादन गर्ने क्रममा सशस्त्र प्रहरी बलमा कार्यरत सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूबाट मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन कुण्ठित हुने अवस्था सिर्जना हुन नदिनेतर्फ सङ्गठन सदा प्रतिबद्ध रहेको छ। साथै मानवअधिकार तथा मानवीय मूल्य र मान्यताको संरक्षण र सम्बर्द्धनलाई सैद्धान्तिक रूपमा मात्र सीमित नगरी व्यवहारिक रूपमा कार्यान्वयन गर्दै आइरहेको छ र सदा सर्वदा त्यसलाई अङ्गीकार गरिरहने छ र यही उद्देश्यका साथ सशस्त्र प्रहरी बल अगाडि बढिरहेको छ।

३. सशस्त्र प्रहरी बल जनताको प्रत्यक्ष सम्पर्कमा रही राज्यले दिएको कार्यादेश बमोजिम शान्ति सुरक्षाको लागि परिचालन हुने र कानुन कार्यान्वयन गर्ने कार्यमा सहयोग पुऱ्याउने निकाय भएको हुनाले सशस्त्र प्रहरी कर्मचारीहरू कुनै पनि काम कारबाही गर्दाको दौरानमा कसैको पनि मानवअधिकार हनन् हुन नपाओस् भन्ने उद्देश्यले सशस्त्र प्रहरी बलले प्रत्येक सशस्त्र प्रहरी कर्मचारीहरूको लागि **"मानवअधिकार निर्देशिका २०६६"** प्रकाशन गरी वितरण गरिसकिएको र त्यसै क्रमलाई निरन्तरता दिँदै मानवअधिकारको क्षेत्रमा समय समयमा सशस्त्र प्रहरी बलका कर्मचारीहरूबाट कुनै पनि नेपाली नागरिकहरूलाई असर नपरोस भन्ने उद्देयलेसशस्त्र प्रहरी बलले **"परिचालन हातेपुस्तिका २०६८"** प्रकाशन गरी सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीलाई वितरण गर्ने काम जारी रहेको छ।

४. मानवअधिकार संरक्षणका लागि मानवअधिकारको हनन गर्ने सशस्त्र प्रहरी कर्मचारी उपर शुन्य सहनशीलताको मान्यता अनुरुप सशस्त्र प्रहरी नियमावली अनुसार आवश्यक अनुसन्धान तथा कारबाही गर्ने गरिएको र मानवअधिकार उल्लङ्घनका घटनाहरूमा सशस्त्र प्रहरी बलका सकल दर्जाका

कर्मचारी विरुद्ध जनसमुदाय वा अन्य सरोकारवाला निकायहरूबाट प्राप्त उजुरीमाथि तुरुन्त छानबिन गर्ने तथा दोषीमाथि कारबाही गर्ने व्यवस्था मिलाउँदै आउनुका साथै अनुसन्धान प्रक्रियामा सहयोग पुऱ्याउने प्रमाण तथा साक्षीहरूलाई संरक्षण र गोपनीयताको सुनिश्चितता समेत प्रदान गर्दै आइरहेको छ।

५. सशस्त्र प्रहरी बलमा सञ्चालन हुने सबै प्रकारका आधारभूत तथा उन्नत तालिमहरूलाई मानवअधिकार शिक्षा र सीपको दृष्टिकोणबाट पुनरावलोकन गरी परिमार्जित गर्नुका साथै मानवअधिकार सम्बन्धी कक्षाहरूसञ्चालन गर्दै आइरहेको छ। मानवअधिकारको क्षेत्रमा विशिष्टिकृत रुपमै प्रशिक्षणहरूसञ्चालनगर्ने उद्देश्यले नेपालस्थित अमेरिकी दुतावासको आयोजनामा Human Rights & Democratic Policing Instructor Development Courseसञ्चालन गरिएको छ। ICRC को सहयोगमाIHRL / IHL सम्बन्धी तालिम तथा कक्षाहरूसञ्चालन गर्दै आउने क्रममा ICRC को आयोजनामा सशस्त्र प्रहरी बलले अन्तर्राष्ट्रिय मानवीय कानुनSeminar on International Best Policing Practices समेत सञ्चालन गरेको थियो।

६. सशस्त्र प्रहरी बलले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको **"त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन"** लाई निरन्तरता दिँदै आइरहेको यसैक्रममा आम नागरिक तथा मानवअधिकारको संरक्षणको लागि सशस्त्र प्रहरी बलका विभिन्न इकाइहरूमा स्थानीयस्तरका सबै निकायका प्रतिनिधि, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी, भद्र भलादमीसँग समन्वयन गरी गोष्ठी, जनचेतना कार्यक्रम, प्रचार प्रसार च्याली तथा मानवअधिकारवादी सङ्घसंस्थाहरूसँग समन्वयन गरीअनुशिक्षण कक्षाहरूसञ्चालन गर्दैआइरहेको छ।

७. लैङ्गिक हिंसा मानव अधिकारको उल्लङ्घन मात्र नभई यसले उत्पादकत्वमा अवरोध पुऱ्याउने, मानव संशाधनमा कमी ल्याउने र सङ्गठन विस्तारमा समेत प्रत्यक्ष असर पार्ने कटु यथार्थलाई मनन् गरी यस सङ्गठनमा कार्यरत रहेका महिला सशस्त्र प्रहरी कर्मचारीहरूको हकहितको संरक्षण, सशक्तीकरण एवम् विकासका लागि अधिकारहरू प्रदान गर्ने उद्देश्यका साथ महिला हिंसा विरुद्ध उजुरी सुन्ने व्यवस्था गर्नको निमित्त सङ्गठन भित्रै केन्द्रीय स्तरमा एक महिला सेलको गठन र गुनासो सुन्ने सशस्त्र प्रहरी महिला नोडल अधिकृत कर्मचारी समेतको व्यवस्था गरिएको छ।साथै सशस्त्र प्रहरी बलमा सञ्चालन हुने विभिन्न तालिमको पाठ्यक्रमहरूमा लैङ्गिकतामा आधारित हिंसासम्बन्धी विषयहरूको समायोजन कार्यको थालनी समेत भइसकेको छ।

८. अन्त्यमा सशस्त्र प्रहरी बल मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा प्रतिवद्ध रही मानवअधिकार हनन् विरुद्ध सून्य सहनशीलताको नीति अनुरुप आगामी दिनहरूमा पनि कटिवद्धताका साथ निरन्तरता जारी राख्दै मानवअधिकारको क्षेत्रमा सहयोग र समन्वय गर्ने सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै इन्सेकलाई यो पुस्तक प्रकाशन गर्न लागेकोमा सफलता मिलोस् भनी यसै अवसरमा शुभकामना समेत व्यक्त गर्दछौं।

राष्ट्रिय दलित आयोग

यसवर्ष पनि अघिल्ला वर्षहरूमा जस्तै देशका विभिन्न जिल्लाहरूमा दलित समुदायमाथि अन्याय, अत्याचार, जातीय भेदभाव तथा छुवाछूत र दलित मानवअधिकार उल्लङ्घनका घटनाहरूका उजुरीहरू आयोगमा परे। जातीय भेदभाव तथा छुवाछूतसँग सम्बन्धित १४ ओटा, बलात्कार सम्बन्धी चार ओटा, अन्तरजातीय विवाह सम्बन्धी १७ ओटा, कुटपिट सम्बन्धी १३ ओटा, महिला हिंसा सम्बन्धी १२ ओटा, उजुरी दर्ता हुन आएका छन्।दर्ता भएका उजुरी निवेदनहरूमा आयोगले नै कारबाही गर्न सक्ने निवेदनहरू उपर कारबाही गर्ने गरेको र आयोगको क्षेत्राधिकार बाहिरका विषयहरूमा सम्बन्धित निकायलाई लेखी पठाउँदै आएको छ। सरकार तथा सरोकारवालाहरूको ध्यानाकर्षण गराउनका लागि समय समयमा प्रेस विज्ञप्तिहरू जारी गर्ने, पत्रकार सम्मेलनहरू गर्ने जस्ता कार्यहरू गर्दै आइरहेको छ। विशेष गरी आयोगले जातीय भेदभाव र छुवाछुत सम्बन्धी निवेदनहरूलाई प्राथमिकतामा राखी आवश्यक अनुसन्धान तथा अनुगमन गरी सम्बन्धित निकायलाई कारबाहीका लागि सिफारिस गर्ने र गरिएको सिफारिसहरूको कार्यान्वयनको अनुगमन गर्ने कुरालाई तदारुकताका साथ अगाडि बढाउँदै आएको छ।

भीमनारायण विश्वकर्मा
शाखाअधिकृत

राष्ट्रिय महिला आयोग

महिला मानवअधिकरको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा राष्ट्रिय महिला आयोग आफ्नो स्थापनाकाल देखि क्रियाशील रहँदै आएको छ। यसअन्तर्गत आयोगले महिला हक हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि पहल गर्ने, प्रचलित कानुनमा सुधार गरी लैङ्गिक न्याय कायम गर्ने तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन समेतको विषयमा अनुगमन गरी सरकारलाई सिफासि गर्ने, महिलाअधिकार उल्लङ्घन वा महिला हिंसाका उजुरीहरूको जाँचबुझ गर्ने समेतका कार्यहरू सम्पादन गर्दै आएको छ।

महिला मानवअधिकारको उल्लङ्घन तथा महिलामाथि हुने हिंसाको अवस्था हेर्ने हो भने महिलाहरू दाइजो, घरेलु हिंसा, हत्या, शैक्षिक क्षेत्रमा कार्यस्थलमा यौनदुर्व्यवहार, सामूहिक बलात्कार, बेचबिखन जस्ता हिंसाबाट निरन्तर रूपमा पीडित हुँदै आएका छन्। यसैगरी बोक्सीको आरोप, छाउपडी, दाइजो, बालविवाह लगायतका सामाजिक कुरीतिका नाममा महिलामाथि हुने हिंसाका घटनाहरूमा कमी आएको देखिँदैन। विद्यमान कानुन तथा सम्मानित सर्वोच्च अदालतले कानुन निर्माण तथा संशोधनका लागि सरकारलाई दिएको निर्देशनात्मक आदेशको कार्यान्वयनको अभाव, महिला अधिकारको संरक्षणका लागि मस्यौदा भएका विधेयक पारित नहुनु, सामाजिक संरचना तथा मूल्य मान्यता आदिका कारण पीडित महिलाले उचित न्याय प्राप्त गर्न सकेका छैनन्।

यस वर्ष आयोगमा घरेलु हिंसाका १ सय ७८र महिला हिंसाका १ सय १२ निवेदन दर्ता भएका छन्। आयोगमा दर्ता भएका निवेदनहरूमा आयोगको तर्फबाट पक्षहरूको सहमतिमा मिलापत्र, सम्बन्धित निकायमा सिफारिस, कानुनी सहायता तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएका छन्। यसैगरी आयोगले विभिन्न पत्रिकामा प्रकाशित महिला हिंसाका घटनाकासम्बन्धमा गरेको अध्ययन अनुसार यस वर्ष यौनजन्य हिंसा १ सय २५, मानव बेचबिखन १ सय ५, हत्या १ सय ४, घरेलु हिंसा ७३, सामाजिक कुरीतिका नाममा ८८ ओटा महिला हिंसाका घटना भएको देखिन्छ। साथै बोक्सीको आरोपमा यातना दिई गाउँ निकाला गरिएको, सामूहिक बलात्कार, कार्यस्थल तथा शैक्षिकसंस्थामा यौनदुर्व्यवहार, आत्महत्यालगायतका महिला हिंसाको जाँचबुझ तथा स्थलगत निरीक्षण गर्दै पीडितलाई न्याय र आरोपित पक्षलाई कानुनी कारबाहीको माग गरेको छ।

आयोगले महिला अधिकारको वर्तमान अवस्था र समस्यको पहिचानको लागि महिला आत्महत्या, दाइजो प्रथा, महिला र स्वास्थ्यलगायतका विभिन्न विषयमा अध्ययन गरेको छ। साथै महिला विरुद्ध हुने भेदभाव उन्मुलनसम्बन्धी समिति, मानवअधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षा बैठकमा सहभागिता जनाउनुका साथै संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित १३२५ र १८२० कार्यान्वयन समितिमा रही अनुगमनसम्बन्धी कार्य समेत गर्दै आएको छ।

अन्त्यमा, इन्सेकले सत्यको अभिलेख र प्रसारद्वारा न्याय र सहअस्तित्वको वातावरण निर्माण गर्ने उद्देश्य अनुरुप मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन गरी यस वर्ष पनि नेपाल मानवअधिकार वर्षपुस्तक २०१२ प्रकाशन गर्न लागेकोमा राष्ट्रिय महिला अयोग शुभकामना व्यक्त गर्दछ।

नेपाल पत्रकार महासङ्घ

नेपालमा प्रेस स्वतन्त्रता सम्मान र पालनाको अवस्थाका दृष्टिले सन २०११ उत्साहजनक रहेन मात्र होइन धेरैहदसम्म निरासाजनक रह्यो। यो वर्ष एक जना सञ्चारकर्मीको शकास्पद निधन, केही गम्भीर प्रकृतिका आक्रमणहरू र प्रेसमाथि निरन्तर ज्यादती यो वर्ष प्रेसले भोगेका ज्यादतीको विशेषताहरू हुन।

नेपालमा सन् २०११ मा प्रेस स्वतन्त्रता उल्लङ्घनका जम्मा ९९ वटा घटना भएका छन्।यसमा एक जनाको शङ्कास्पद मृत्यु, २५ वटा आक्रमणका घटना, २८ वटा धम्कीका घटना भएका थिए। त्यसैगरी दुर्व्यवहार १५, पक्राउ ७, अपहरण १, पत्रपत्रिका जलाइएका घटना आठ र सञ्चार माध्यममाथि आक्रमण तथा धम्की चार, स्वतन्त्र पत्रकारितामा बाधा पाँच र सञ्चारमाध्यमका साधनमाथि आक्रमणका ५ वटा घटना भएका थिए।

पत्रकार बबुर खरेल भारतको उत्तर पुर्वी राज्य पश्चिम बङ्गालमा मृत अवस्थामा भेटिएका थिए। केही दिनदेखि हराएका पत्रकार खरेल मृत अवस्थामा भेटिनुले उनको मृत्यु शङ्कास्पद देखिएको छ।तर, हत्या कसले र के उद्देश्यले गऱ्यो भन्ने पुष्टि हुन सकेन। नेपाल

पत्रकार महासङ्घले घटनाका बारेमा अनुसन्धान गर्न सरकारसमक्ष माग गरेपनि यस सम्बन्धी कुनै विवरण अहिलेसम्म सार्वजनिक भएको छैन।

आफूलाई लोकतन्त्रवादी बताउने दलका कार्यकर्ताले पनि पत्रकारमाथि आक्रमण गर्न बाँकी राखेनन्। राजनीतिक दलका कार्यकर्ता, राजनीतिक दलसँग आवद्ध सङ्घसंस्थाहरू, छुट्टै राज्यको माग राखेका समूहहरू, जिम्मेवार ओहोदामा रहेका व्यक्ति, सरकारी कर्मचारी र राज्यको उत्तरदायी संयन्त्रबाट पनि पत्रकारमाथि आक्रमण र धम्की दिइयो। देशको शान्ति सुरक्षा कायम गर्ने जिम्मा लिएका सुरक्षा निकायबाट समेत पत्रकारहरू असुरक्षित रहनु पऱ्यो। यो चिन्ताजनक र खेदपूर्ण काम थियो। ५ जुनमा नागरिक दैनिकका मोरङ सम्वाददाता खिलानाथ ढकाल र १२ अगष्ट २०११ मा अन्नपूर्णपोष्ट दैनिकका सङ्खुवासभा सम्वाददाता तथा नेपाल पत्रकार महासङ्घ सङ्खुवासभा शाखाका उपाध्यक्ष किशोर बुढाथोकी माथि ज्यानै लिनेगरी आक्रमण भएको थियो।

पत्रकार खिलानाथ ढकाललाई आक्रमण गर्न नेकपा एमालेको भातृ सङ्गठनका कार्यकर्ताकै संलग्नता थियो। युथफोर्स मोरङ इन्चार्ज पर्शुराम बस्नेत, नगर इन्चार्ज रोहित कोइराला र कार्यकर्ता मनोज राईले ढकाललाई आक्रमण गरेका थिए। घटना लगत्तै बेपत्ता भएका पर्शुराम बस्नेत विरुद्ध नेपाल पत्रकार महासङ्घ मोरङ शाखाले जिल्ला अदालतमा मुद्धा दायर गरेको थियो। जिल्ला अदालतले पर्शुराम बस्नेतका नाममा पक्राउ आदेश दिए पनि बस्नेत हालसम्म फरार छन्। यसले हाम्रो देशको सुरक्षा व्यवस्थाको सहजै अनुमान लगाउन सकिन्छ। यस घटनामा आक्रमणकारीहरूले सम्पादकसहित मुलुकभर थुप्रै पत्रकारलाई धम्क्याउने काम गरेका थिए।

यसैगरी सङ्खुवासभाका पत्रकार किशोर बुढाथोकी माथि आक्रमण गर्ने दुई स्थानीय युवा विकास राई र रुपक राईलाई ४ डिसेम्बरमा सङ्खुवासभा जिल्ला अदालतले ५ वर्षको जेल सजाय तोकेको छ।

४ सेटेम्बरमा नेपाली काङ्ग्रेससँग सम्बद्ध नेपाल विद्यार्थी सङ्घका कार्यकर्ताले नयाँपत्रिकाको कमलपोखरीस्थित कार्यालयमा आक्रमण गरे। उनीहरूले कार्यालयमा क्षति पुऱ्याउनुका साथै सो दैनिकका पत्रकार भरत पोखरेललाई दुर्व्यवहार गरेका थिए। मुलुकको ठूलो र लोकतन्त्रमा विश्वास गर्ने भनिएको राजनीतिक दलका कार्यकर्ताले प्रकाशित समाचारप्रति चित्त नबुझेमा कानुनी प्रक्रिया अपनाउनु पर्नेमा सञ्चार माध्यमम माथि आक्रमण गरेकोले उनीहरूको प्रेस र अभिव्यक्ति स्वतन्त्रता प्रतिको सर्मथनमा व्यवहारिक प्रश्नचिन्ह लागेको छ।

नेपाली काङग्रेसकको भातृ सङ्गठन तरुल दलका चितवन अध्यक्ष शिव पौडेलको कारागारमा भएको आक्रमणबाट निधन भएको विरोधमा तरुण दलले गरेको बन्दका क्रममा तरुण दलका कार्यकर्ताद्वारा बन्दको समाचार सङ्कलन गरिरहेका पत्रकार मधुजङ्ग पाण्डेलाई आक्रमण गरी उनको मोटरसाइकल जलाइदिए। पाण्डेको मात्रै होइन उनीहरूले विभिन्न सञ्चारमाध्यमका सवारीसाधन तोडफोड गरेका थिए। आफ्नो पक्षमा समाचार नछापिएको भन्दै विभिन्न पक्षले प्रेस स्वतन्त्रता माथि हस्तक्षेप गरेका थुप्रै उदाहरणहरू छन्। जसमा राजनीतिक पार्टीका कार्यकर्ताहरू धेरै थिए। विभिन्न क्षेत्रमा पत्रकारमाथि हस्तक्षेप गर्ने, आक्रमण गर्ने, ज्यादती गर्ने सम्मका कामहरू हुने गरेका छन्।

जनसरोकार मञ्चका कार्यकर्ताद्वारा उनीहरूको पक्षमा समाचार नछापिएको भन्दै मोरङ फाष्ट टाइम्स र मर्निंग टाइम्स पत्रिका जलाइए। त्यसैगरी किरात याक्थुङ चुम्लुङका अध्यक्ष लगायतका कार्यकर्ताहरूले आफ्नो पार्टीले गरेको आन्दोलनको समाचार नछापिएको भन्दै नेपाल समाचारपत्र दैनिकको धरान कार्यालय तोडफोड गरे।

सन् २०१० मा जस्तो २०११ मा तराईमा प्रेस स्वतन्त्रता हननका ठुला घटनाहरू नभए पनि यो वर्ष पनि स्वतन्त्रता उल्लङ्घनका दृष्टिले यो क्षेत्र पनि अछुतो रहेन। संविधानसभाका सदस्यहरूद्वारा रातो पासपोर्ट दुरुपयोग सम्बन्धी छापिएको समाचारलाई लिएर मधेशी जनाधिकार फोरमका कार्यकर्ताले बारा र जनकपुरमा एकै दिन दैनिक पत्रिका जलाए। हिन्दू युवा काशी तिवारीको हत्यामा प्रभु साह र उनका स्वकीय सचिवको संलग्नता रहेको घटना सार्वजनिक भएपछि पनि पत्रिका र पत्रकारमाथि दुर्व्यवहार गरिएको थियो। माओवादीका कार्यकर्ताले रौतहटको एउटा घटनामा आफ्नो पार्टीका मन्त्रीको नाम उल्लेख गरिएकोमा विरोध गर्दै कान्तिपुर दैनिक जलाए। त्यसैगरी आफ्ना नेता मात्रिका यादवको पक्षमा समाचार नछापिएको भन्दै मातृका यादव सर्मथक माओवादी कार्यकर्ताले सिराहामा कान्तिपुर दैनिक बोकेको पत्रिका जलाएका थिए।

जनतान्त्रिक तराई मधेश मुक्ति मोर्चाका कमाण्डरले झापाका एफएमहरूमा मैथिली भाषामा

समाचार तथा अन्य कार्यक्रमहरू अनिवार्य प्रशारित हुनु पर्ने दवाव दियो। उनीहरूले एक महिनाभित्र त्यसो नभएमा ती रेडियोमा आक्रमण गर्ने धम्की दिएका थिए।

यस वर्ष एनेकपा माओवादीले डेकेन्द्र थापाको अपहरण र हत्यामा संलग्न कार्यकर्ता विरुद्ध मुद्धा फिर्ता लिने प्रयास गऱ्यो। यसैगरी प्रकाशसिंह ठकुरीको अपहरण र बेपत्ता मामिलामा सरकारले मुद्धा फिर्ता लिन खोजेपनिअदालतले रोकेको छ। यसले नेपालका राजनीतिक दल दण्डहीनतालाई प्रश्रय दिन चाहिरहेका छन् भन्ने देखिन्छ।

माउण्टेन टेलिभिजनका संवाददाता रोहित भण्डारी र क्यामेरापर्सन जयराम थपलियालाई समाज कल्याण परिषद्का कर्मचारीले त्यहाँ भएको भ्रष्टाचार सम्बन्धी आन्दोलनको समाचार सङ्कलन गरेको भन्दै हातपात गरे। त्यसैगरी तनहुँका सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्र घिमिरे रक्सीले मातिएको अवस्थामा हात्ती पाइले रोगसम्बन्धी समाचार सङ्कलनका लागि उनको कार्यालयमा पुगेका सेतीमादी दैनिकका सम्पादक डम्बरबहादुर अधिकारी र मादीसेतीका सम्पादक ओमकार आचार्यलाई दुर्व्यवहार गरे।

देशका विभिन्न भागमा सञ्चारकर्मीमाथि भएको आक्रमण निन्दनीय छन्। प्रकाशित समाचारप्रति चित्त नबुझेमा त्यसको उपचारका लागि कानुनी प्रक्रिया अपनाउनु पर्नेमा आक्रमण गर्न अघि सर्नु खेदजनक छ। पटक पटक देशका विभिन्न ठाउँमा पत्रकारहरूमाथि भएको आक्रमण, धम्कीका घटनामा संलग्न व्यक्तिहरूको पहिचान भएपनि दोषीहरूलाई कानुनी कारबाहीमा नगरिनुले अझै पनि सञ्चारकर्मी तथा सञ्चारमाध्यमहरूप्रति राज्य गम्भीर छैन भन्ने स्पष्ट भएको छ।

शिव गाउँले
सभापति
नेपाल पत्रकार महासङ्घ

अनुसूची

५

क्रिया/प्रतिक्रिया

मुलुकमा कानूनी शासन कमजोर भई दण्डहीनता मौलाइरहेको वर्तमान सङ्क्रमणकालीन अवस्थामा वर्षभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई फेहरिस्त सार्वजनिक गर्ने इन्सेकको यो निरन्तर अभियान साँच्चिकै सराहनीय र उदाहरणीय छ। मानवअधिकार वर्ष पुस्तकले मानवअधिकार उल्लङ्घन घटना न्यूनीकरण गर्न, पीडकलाई सार्वजनिक गराई कारवाहीका लागि दवाव दिन र सम्बन्धित पीडितलाई राहत महसुस गराउन टेवा पुऱ्याएको छ। मानवअधिकारको क्षेत्र दिनप्रतिदिन जति फराकिलो हुँदै गएको छ त्यस क्षेत्रमा काम गर्नु त्यति नै चुनौतीपूर्ण पनि बन्दै गइरहेको छ। मानवअधिकार रक्षाका लागि इन्सेकले यो सत्प्रयासलाई धन्यवाद दिँदै आगामी दिनहरूमा अझ सशक्त, सवल र सफल बनोस् हार्दिक शुभकामना।

उमेश गुरूङ
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, इलाम शाखा

इन्सेकले विगत वर्षहरू झैं यो वर्ष पनि मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरी मानवअधिकारको पालना एवं संरक्षणको अवस्थाबारे जानकारी गराउने सराहनीय प्रयास गरेको छ। नियमित रूपमा हुने यस्तो प्रयासले मानव अधिकार हननसम्बन्धी घटनाहरूलाई न्यूनीकरण गर्न उल्लेखनीय रूपमा सघाउ पुग्न सक्छ भन्ने मलाई लाग्दछ।

लक्ष्मणकुमार थापा
प्रमुख जिल्ला अधिकारी, सुनसरी

झण्डै दुई दशकदेखि स्थानीय स्तरमा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई समेटी इन्सेकले प्रकाशित गर्ने वर्षपुस्तकले यस क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने हामी सबैलाई लाभान्वित बनाएको छ। मानवअधिकार उल्लङ्घनका घटनालाई सार्वजनिक गरी पीडकलाई दण्ड र पीडितलाई न्याय दिलाउन दण्डहीनतालाई निरूत्साहित गर्नु जरूरी छ।

निर्मल बराल
सेक्रेटरी, एकीकृत माओवादी, सुनसरी

मानवअधिकार वर्ष पुस्तकले देशभर भएका मानवअधिकार हनन्का घटनाहरूलाई सबै जनता सामु ल्याउन खेलेको भूमिका सराहनीय छ। आगामी दिनहरूमा पनि जो सुकैले मानवअधिकारको उल्लङ्घन गरेमा निष्पक्ष रूपमा आमजनता सामु ल्याउन इन्सेक सफल होस् भन्ने शुभकामना दिन चाहन्छु।

भुवनसिंह थापा
निमित्त रजिष्ट्रार, पुनरावेदन अदालत, धनकुटा



इन्सेकद्वारा हरेक वर्ष प्रकाशन हुने गरेको मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका घटनाहरूको फेहरिस्तको दस्तावेज हो भन्दा अन्यथा नहोला। हाम्रो मुलुकमा नेपाली भाषामा मात्र नभई विभिन्न भाषामा अर्न्तराष्ट्रिय स्तरमा पनि यसको संस्करण प्रकाशन हुने हुदाँ यो वर्षपुस्तकको अर्न्तराष्ट्रियकरण भएको छ।

उज्ज्वल किराँती
जिल्ला सचिव, एकीकृत माओवादी, धनकुटा

मानवअधिकार हनन् भएका घट्नाहरू गैरसरकारी क्षेत्रबाट अभिलेखीकरण गरी, भनिएकै समयमा प्रकाशन गर्नु आफैमा ठूलो कार्य हो, यस कार्यका लागि इन्सेक परिवार धन्यवादको पात्र रहेकोमा दुइमत छैन। मानवअधिकारको क्षेत्रमा क्रियाशील सबैका लागि महत्वपूर्ण दस्तावेजका रूपमा रहेको नेपाल मानवअधिकार वर्षपुस्तकलाई बदलिँदो परिवेश अनुसार परिवर्तन गर्दै लगिनु पर्ने आवश्यकता देखिएको छ। नागरिक तथा राजनीतिक अधिकारलाई मात्रै मानवअधिकारको दायराभित्र राखेर हेर्ने दृष्टिकोणमा आएको परिवर्तनसँगै मानवअधिकारको दायरा फराकिलो बन्दै गएको छ। यसर्थ यसमा आर्थिक, सामाजिक, साँस्कृतिकसँगै सुशासन र विकाससम्बन्धी अधिकारलाई पनि यसमा समावेश गरिनुपर्ने

आवश्यकता छ। यसतर्फ सम्बन्धित निकायले ध्यान दिओस् भन्ने आग्रह गर्दछु।

कुलप्रसाद राई
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, धनकुटा

इन्सेकले मानवअधिकारको अवस्था झल्काउने मानवअधिकार वर्षपुस्तकको प्रकाशनको निरन्तर प्रयासले नागरिकहरूको सुरक्षित जीवन, कानुनी राज्य र विधिको शासन बारे समग्र जानकारी हुनुको साथै भविष्यको समाजका लागि बितेका घटनाको समीक्षा गर्ने सवल माध्यमको रूपमा रहने मैले विश्वास लिएको छु।

दोर्णप्रसाद गुरागाई
अध्यक्ष, नेपाल नागरिक समाज, जिल्ला समिति धनकुटा

इन्सेकले प्रकाशित गर्दै आएको मानवअधिकार वर्ष पुस्तकले नागरिकहरूको मानवअधिकार हनन्का घटनाहरूलाई आम जनता सामु ल्याउने कार्य गरेको छ। उक्त कार्य ज्यादै सराहनीय छ। साथै आगामी दिनहरूमा पनि यसले मानवअधिकारको क्षेत्र विस्तार गर्दै सुशासन, सामाजिक, साँस्कृतिक, आर्थिक तथा विकासको अधिकार जस्ता विषयलाई पनि समेटोस् भन्ने शुभेच्छा एवं शुभकामना व्यक्त गर्न चाहन्छु।

मोहन बान्तवा
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, धनकुटा।

नेपाल मानवअधिकार वर्षपुस्तक नेपालको मानवअधिकार अवस्थाको एक प्रभावकारी र बलियो दस्तावेज हो। यसले देशभरका मानवअधिकार उल्लङ्घनका घटना समेट्ने गरेपनि यो पुस्तक पक्षपातबाट मुक्त हुन सकेको छैन। अघिल्ला वर्ष र सन् २०११ को वर्ष पुस्तकको मिहीन अध्ययन गर्ने हो भने यो कुरा प्रष्ट हुन्छ। भोजपुरमा भएका मानवअधिकार उल्लङ्घनका घटनामा एकीकृत माओवादीलाई पूर्वाग्रहीरूपमा हेरिएको छ। मानवअधिकारकर्मीहरूले वर्षपुस्तकमा खाली माओवादीले मात्र गरेका घटना लेख्ने गरेका छन्। एकीकृत माओवादीको सानो कार्यकर्ताले गरे पनि त्यो संस्थागत र मानवअधिकार उल्लङ्घनको घटना हुन्छ तर, अरू पार्टीका ठूला नेताले गरेको व्यक्तिगत र अपराध हुन्छ। यसलाई तत्काल सच्याई सबैलाई समान व्यवहार गर्न सकोस् नेपाल मानवअधिकार वर्षपुस्तकले। इन्सेक प्रतिनिधिले बिना पक्षपात काम गर्न सकेमात्र मानवअधिकार वर्ष पुस्तकको विश्वासनीयता अझ बढ्छ।

राजेश खतिवडा
सह सेक्रेटरी एकीकृत माओवादी, भोजपुर

गहिरो अध्ययन र अनुसन्धान गरेर मात्र मानवअधिकार उल्लङ्घनका घटनाहरू वर्षपुस्तकमा सार्वजनिक गरिनु जरूरी छ। मानवअधिकार उल्लङ्घनका घटना वर्ष पुस्तकमा सार्वजनिक गर्दा त्यसले राज्यलाई क्षति भन्दा पनि बढी फाइदा पुग्नुपर्छ। जिल्लामा विवाद र तनाव बढाउने खालका घटनाहरू सार्वजनिक नगर्दा राम्रो हुन्छ। दलीय राजनीतिलाई असर पार्ने गरी घटना नराख्दा राम्रो। तर यो वा त्यो नाममा घटना सार्वजनिक गर्दा कसैसँग सम्झौता भने गर्नु हुन्न। वर्ष पुस्तक २०११ ले नेपालको मानवअधिकार अवस्था अझै राम्रो नभएको देखाएको छ। यसमा सुधार हुनु जरूरी छ। सन् २०१२ को वर्ष पुस्तकले पक्कै सुधारको सन्देश दिनेछ।

रामसिं राई
उपाध्यक्ष, नेकपा एमाले, भोजपुर

मानवअधिकार उल्लङ्घन गर्ने कुनै पनि राजनीतिक दलले मैले गरेको होइन भनेर पन्छिने प्रवृत्ति सबैले त्याग्नैपर्छ। नेपाल मानवअधिकार वर्षपुस्तक २०११ ले राज्य, राजनीतिक दलका कार्यकर्ता र अन्यपक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटना समावेश गरेर सबैलाई खबरदारी गरेको छ। आफ्ना कार्यकर्ता मानवअधिकार उल्लङ्घनका घटनामा संलग्न भएका जुनसुकै राजनीतिक दलले त्यसलाई स्वीकारेर सच्याउनु जरूरी छ। राजनीतिक दलहरूले आफ्ना कार्यकर्तालाई मानवअधिकारप्रति जिम्मेवार बनाउन सक्नुपर्छ। घटना गराएपछि अभिलेखिकरण गर्दा मानवअधिकाकरर्मीलाई गाली गर्ने भन्दा पनि आफू कसरी सुधिने दलहरूले त्यसमा ध्यान दिनु जरूरी छ।

कैलाश आले
जिल्ला सदस्य, नेपाली काङ्ग्रेस, भोजपुर

इन्सेकले लामो समयदेखि मानवअधिकार वर्षपुस्तकमार्फत विगत लामो समयदेखि नेपालको समग्र मानवअधिकारको वस्तुस्थिति अध्ययन र प्रकाशन गर्दै आएको छ। यसबाट शान्ति सुरक्षाकार्यमा संलग्न हामीलाई देश र जिल्लाको स्थिति बुझ्न र सुधारका क्षेत्रमा अगाडि बढ्न मद्दत मिलेको छ। स्वतन्त्र निकाय इन्सेकले गरेको कार्यहरूको हार्दिक स्वागत गर्दै

लगातार अगाडि बढ्न र यसबाट देशको संविधान निर्माण शान्ति प्रक्रिया र पूर्ण मानवअधिकार स्थापनामा सहयोग पुग्ने विश्वास लिन्छु।

सन् २०११ को प्रतिवेदनमा भोजपुर जिल्लाको सम्बन्धमा उठाइएको विषय मध्ये कारागारमा महिला वार्ड अलग बनाई सार्ने काम र पुरूषसमेत कोठा बिस्तार र अन्य भौतिक संरचनामा सुधार भएका छन्। किराँत जनवादी वर्कस पार्टीसँग सरकारले वार्ता जारी राखेको अवस्था छ। यसबाट सुरक्षास्थितिमा सुधार भएको महसुस गरिएको छ। सुरक्षा निकायको राम्रो परिचालनद्वारा बालबालिका, महिलाविरूद्ध हुने अपराधिक घटनालाई नियन्त्रणमा लिन सफल भएका छौं।

जीवनप्रसाद वली
प्रमुख जिल्ला अधिकारी , भोजपुर

हरेक वर्ष प्रकाशित हुँदै आएको नेपाल मानवअधिकार वर्षपुस्तक २०११ समयमै प्राप्त भयो। यो पुस्तकले देशको हरेक मानवअधिकारका घटनाको लिपिवद्ध गरी जनतासमक्ष ल्याउने सराहनीय कार्य गरेको छ। जसले पीडितलाई न्याय दिलाउने, दण्डहीनताको अन्त्यको लागि यो पुस्तक दस्तावेजको रूपमा रहने मैले विश्वास लिएको छु।

प्रवीण सुवाल
कोषाध्यक्ष, रामअमर शहीद पुस्तकालय, भोजपुर

वर्षपुस्तक देशकै एकमात्र मानवअधिकार उल्लङ्घनको दस्तावेज भएकाले यसलाई विश्वसनीय बनाउन इन्सेकले विशेष ध्यान पुऱ्याउनु पर्छ। सरोकारवालासँग बसेर सूचनाको सुद्धिकरण गरी प्रकाशित गरिए कसैले औँलो ठड्याउने ठाउँ रहदैन। स्थानीय प्रशासनसँग सम्बन्धित सुचना प्रकाशित गर्दा प्रशासनको भनाइले समेत ठाँउ पाउनुपर्छ।

होमनाथ खत्री,
प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, सप्तरी

मानवअधिकार वर्षपुस्तक प्रहरीका लागि पनि सूचनाको श्रोत हो। वर्षपुस्तकमा प्रकाशित घटनाले प्रहरीलाई गर्ने अनुसन्धान कार्यमा मद्दत पुगेको छ। घटना प्रकाशित हुँदा प्रहरी मानव अधिकार बिरोधी हो कि भन्ने लाग्न सक्छ तर, त्यस्तो पटक्कै होइन। प्रहरीले मानवअधिकार बहालीका लागि गरेका गतिविधिले पनि वर्ष पुस्तकमा स्थान पाउनु पर्छ ।

भुवनेश्वर साह
प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय,सप्तरी

मानवअधिकार वर्षपुस्तकले निष्पक्ष ढङ्गले सूचना सम्प्रेषण गर्नुपर्छ। वर्षपुस्तकमा द्वन्द्वकालमा प्रकाशित घटनाहरूले राहतका लागि माओवादीलाई सहयोग पुगेको छ।

वर्षपुस्तकले राज्यलाई मानवअधिकार बहालीका लागि खवरदारी गर्ने गरेको छ। विगतमा कुनै एक राजनीतिक पार्टीको दस्तावेज जस्तो देखिने गरेकाले पुस्तक सबैका लागि हो भन्ने कुरामा इन्सेकले ध्यान दिनुपर्छ।

भागवत यादव,
जिल्ला सदस्य, एनेकपा माओवादी, सप्तरी

वर्षपुस्तक जिल्लाको मानवअधिकारको अवस्था आँकलन गर्ने दस्तावेजको रूपमा रहेको छ। यसमा प्रकाशित घटनाले मानवअधिकार बहालीमा ध्यान पुऱ्याउन राजनीतिक क्षेत्रलाई घचघच्याउँछ।

शम्भुलाल देव
नगर सभापति, राजबिराज नगर पालिका
नेपाली काङ्ग्रेस, सप्तरी

मानवअधिकार सम्बन्धी समाचारका लागि वर्षपुस्तक पत्रकारका लागि भरपर्दो श्रोत हो। तर जिल्लामा वर्ष पुस्तक सहजरूपमा उपलब्ध हुने गरेको छैन। वर्षपुस्तकमा प्रकाशित वर्षका विशेष सन्दर्भले मुलुकको मानअधिकारको अवस्थाको विश्लेषण गर्न पत्रकारलाई सजिलो हुने गरेको छ। पुस्तकको सहज उपलब्धताका लागि व्यवस्था मिलाउन इन्सेकले ध्यान दिनुपर्छ।

धीरेन्द्र साह
अध्यक्ष , नेपाल पत्रकार महासङ्घ, सप्तरी

नेपालको सङ्क्रमणकालीन अवस्थामा पनि मानवअधिकारको रक्षार्थ काम गर्न अग्रसर रहेको तथा देश विदेशमा पनि ख्याती प्राप्त इन्सेकले प्रत्येक वर्ष झैं यसवर्ष नेपाल मानवअधिकार वर्षपुस्तक २०१२ प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ। मानवअधिकार वर्ष पुस्तकमा देशको मानव अधिकारको अवस्थाको चित्रण हुने गरेको छ। मानवअधिकार हनन् तथा उल्लङ्घनप्रति राज्यलाई सचेत बनाउँदै आगामी दिनहरूमा यस्ता घटनाहरू रोक्न राज्यलाई जिम्मेवार समेत बनाएको पाइयो।

इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्षपुस्तक २०११ अध्ययन गर्ने अवसर पाएँ। बालअधिकार, महिलाअधिकारलगायत छुट्टाछुटै घटनाको तथ्याङ्कले पुस्तकको गरिमालाई बढाएको छ। अगामी

दिनमा यस पुस्तकमा विश्लेषण, खोज टिप्पणीहरूलाई समृद्ध रूपमा बढाउनु जरूरी छ।

शिवनारायण सिंह
मानवअधिकार केन्द्र, केन्द्रीय अध्यक्ष, सिराहा

नेपाल वर्षपुस्तक २०११ अध्ययन गर्ने अवसरले जिल्ला र राज्यको मावअधिकारको अवस्थालाई बुझ्न सहज बन्यो। वर्षपुस्तकले जिल्लाको सबै पक्षका मानवअधिकार उल्लङ्घनका घटनाहरूको तथ्याङ्क सार्वजनिक गरेको छ। इन्सेकको यो वार्षिक प्रयास मानवअधिकारको उल्लङ्घनका घटनाहरूको दस्तावेजकै रूपमा रहेको छ। घटनाहरूका अधिकतम सूचना र जानकारी वर्ष पुस्तकमा रहेको देखिन्छ। मानवअिधकार वर्षपुस्तकको सहज उपलब्धताका लागि इन्सेकले प्रयास गर्नुपर्छ।

कृष्णप्रसाद दङ्गाल
बालअधिकार अधिकृत
जिल्ला बाल कल्याण समिति, सिराहा

इन्सेकले वर्षपुस्तक मार्फत प्रकाशन गदै आएको नेपाल वर्ष पुस्तक २०११ ले पनि वर्षभरिका जिल्ला र देशभरिकै मानवअधिकार क्षेत्रको प्रतिनिधित्व गरेको छ। राज्यले अभिलेख गर्न समेत छुटेको घटनाहरू समेत इन्सेकले तथ्याङ्कको रूपमा राख्न इन्सेक सफल बनेको छ। इन्सेकले वर्षपुस्तकमार्फत राष्ट्रिय अन्तराष्ट्रियरूपमा अलगै पहिचान बनएको अवस्था छ। निकै मिहनेत र कठिनाईपूर्वक सर्वसाधारण तथा जिम्मेवार व्यक्तिहरूलाई मानवअधिकार क्षेत्रमा सचेना र समृद्धिको लागि पनि यो पुस्तक प्रभावकारी छ।

हरिनारयाण चौधरी
इन्चार्ज, एकीकृत नेकपा माओवादी, सिराहा

नेपाल वर्षपुस्तक २०११ अध्ययन गर्ने मौका पाएँ। मानवअधिकार उल्लङ्घनका घटना र कारागारहरूको अवस्थाको जानकारी पाउँदा म हर्षित भएको छु। मानवअधिकार क्षेत्रको घटनाबारेको अभिलेखकै रूपमा यस पुस्तकलाई लिन सकिन्छ। यसको निरन्तर प्रकाशन र सरल रूपमा प्राप्त गर्ने वातवारण हुन सकोस्। अन्तमा

बबिता महतो
कारागार प्रमुख, जिल्ला कारागार, सिराहा

वर्षपुस्तकले सरकारी क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई जवाफदेही बन्न प्रेरित गरेको जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूप्रति राज्यको जिम्मेवारी के रहयो ? जस्ता धेरै प्रश्नको उत्तर तथा घटनाहरूको बारेमा वर्षपुस्तकले प्रकाश पारेको छ।

गोविन्दराज गौली
जिल्ला न्यायाधिवक्ता, सिराहा

मानवअधिकार क्षेत्रमा काम गरिरहेको इन्सेकले मानवअधिकार र मानवअधिकार वर्षपुस्तक २०१२ प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ। यस्ता घटनाहरू थयार्थ सत्य, तथ्यपरक हुने विश्वास लिँदै यथार्थ सत्यतथ्य घटनाहरूको सम्प्रेषण गर्न सकियोस्। मानवअधिकार तथा समाजिक न्यायको निम्ति इन्सेकको निरन्तर अभियानले सफलता पाओस्।

राजेशकुमार लाल कर्ण
एस.पी. सिराहा

इन्सेकले प्रकाशन गर्न लागेको वर्षपुस्तक २०१२ को लागि आग्रीम शुभकामना दिन चाहान्छु। विशेष गरी विगतका वर्षपुस्तकले बालबालिकाहरूको अधिकार र शिक्षा क्षेत्रको भएको अवस्थाको बोध र समग्र मानवअधिकार क्षेत्रको जानकारी प्रदान गर्न सकेको छ।

हरिप्रसाद वस्ती
जिल्ला शिक्षा अधिकारी, सिराहा

इन्सेकको मानअधिकार वर्षपुस्तकले सबै मानवअधिकारकर्मीको शीरलाई उच्च बनाएको छ। राज्यले गर्न नसकेको काम इन्सेकको पहलमा भएको छ। वर्षपुस्तकको निन्तर प्रकाशनले मानवअधिकार अवस्थाको वारेमा सहज र सजिलो बनाएको देखिन्छ। प्रत्येक जिल्लाको मानवअधिकारको अवस्था ऐना झैँ देख्न सकिने भएको छ। निकट दिनमा प्रकाशन हुन लागेको नेपाल मानवअधिकार वर्षपुस्तक २०१२ ले मानवअधिकार क्षेत्रमा थप सहयोगात्मक भूमिका निर्वाह गर्न सकोस्।

विनोद बिसुन्खे
अध्यक्ष, मानवअधिकार संरक्षण केन्द्र, सञ्जाल, सिराहा

अघिल्ला वर्षहरू झैँ यो वर्ष पनि मानवअधिकार वर्षपुस्तक प्रकाशन हुन लागेकोमा खुशी लागेको छ। इन्सेकले सुविधा सम्पन्न ठाउँमा मात्रै नभई गाउँ समाजमा पुगेर मानवअधिकारका विषयलाई उजागर गरेर समाजको ऐनाको काम गरेको छ। जसले

मानवअधिकार घटनाप्रति सुसूचित हुने अवसर मात्रै नभई त्यस्ता घटनामा न्यूनीकरण गर्न सहयोग समेत मिलेको छ। धेरै मेहनत गरेर यो पुस्तक तयार पारिने भएकाले यसमा संलग्न मानवअधिकारका उल्लङ्घनका घटनाहरू यथार्थमा आधारित छन्।

नारायणदास राई
अध्यक्ष, नेपाल बार एसोसियसन, खोटाङ

इन्सेकले प्रकाशन गर्ने मानवअधिकार वर्षपुस्तक ऐतिहासिक दस्तावेज मात्रै नभई पीडितलाई न्याय दिलाउने माध्यम पनि बनेको छ। राजनीतिक सङ्क्रमणकालसँगै मुलुकमा स्थायी शान्ति स्थापना नभएका बेला अपराधमा राजनीतिकरणका कारण दण्डहीनता मौलाउँदा कानुनी प्रक्रिया कमजोर बनेको छ। अब मानवअधिकार वर्षपुस्तकमा नागरिक तथा राजनीतिक अधिकारसँगै आर्थिक, सामाजिक अधिकारलाई उठाउँदै स्थानीयस्तरमा शिक्षा, स्वास्थ्य, खाद्य अधिकारका बारेमा जानकारी गराउन आवश्यक छ। मानवअधिकार वर्षपुस्तकमा मानवअधिकार संरक्षणमा महत्वपूर्ण सहयोग गरोस्।

लोकनाथ घिमिरे
निमित्त प्रमुख
राष्ट्रिय मानवअधिकार आयोग, उपक्षेत्रीय कार्यालय, दिक्तेल

मानवअधिकारको क्षेत्रमा अग्रणी संस्था हो इन्सेक। नेपालको दशवर्से हिंसात्मक कालखण्डमा इन्सेकको सशक्त भूमिकाका कारण धेरैको ज्यान बच्यो। इन्सेकले वर्षेनी प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकले समाज मानवअधिकारको क्षेत्रमा कतातिर गईरहेको छ ? भन्ने दिशाबोध हुन्छ। यसर्थ इन्सेकको यो अभियान जारी रहोस्।

बबी चामलिङ
उपाध्यक्ष, नेकपा एमाले, खोटाङ

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकले मुलुकभरी भएका मानवअधिकार उल्लङ्घनका घट्नाहरूलाई सङ्कलन गरी सत्यतथ्य रूपमा प्रस्तुत गरेर मानवअधिकार सम्वर्द्धनको पक्षमा ठूलो योगदान पुऱ्याएको छ। अझ वर्षपुस्तक पूर्वसन्ध्यामा जिल्लामा हुने समीक्षा गोष्ठीले प्रकाशन हुने सामग्रीलाई निखारपन ल्याउने र विवाद रहित बनाउन मद्दत पुऱ्याएको छ। जुनसुकै क्षेत्रबाट हुने मानवअधिकार उल्लङ्घनको घट्नाहरूलाई निष्पक्ष रूपले सार्वजनिक गर्ने अभियानमा इन्सेक अगाडि बढ्ने आशाका साथ इन्सेकका हरेक प्रकाशनहरूले वास्तविकता जनसमक्ष ल्याउन सकोस् भन्ने शुभकामना दिन चाहान्छु।

डीएम चाम्लिङ राई,
गोरखापत्र दैनिक, खोटाङ

मानवअधिकार हननका विषयमा अन्तर्राष्ट्रिय जगतलाई सूसुचित गर्ने, कारण पत्ता लगाउने र आगामी दिनमा हननका घटना पुनरावृत्ति नहोस् भनेर सचेतना जगाउने काममा मानवअधिकार वर्ष पुस्तक २०११ सफल भएकोमा हार्दिक शुभकामना। मानवअधिकार राज्यको व्यवहारसँग जोडिएको विषय भएकाले राज्यलाई व्यवस्थित तवरले सञ्चालन गर्न महत्वपूर्ण भूमिका रहेका न्यायापालिका, कार्यपालिका र व्यावस्थापिकाको कामलाई समेत विश्लेषण हुनुपर्दछ।

बलबहादुर परियार
जिल्ला कमिटी सदस्य, नेकपा एमाले, ओखलढुङ्गा

इन्सेकले प्रकाशन गर्ने वर्षपुस्तकले पुराना घटनाक्रम उजागर गर्ने गर्दछ। यसले कतिपय विषयमा समाजमा मेलमिलापमा प्रतिकूल असर पार्ने भएकाले पुराना कुराहरू नराख्दा राम्रो हुन्छ। जनजीवनमा प्रत्यक्ष सरोकार राख्ने विषयमा आवाज उठाउँदा उपयुक्त हुन्छ। कुटपिटलगायतका घटना मात्रै होइन नागरिकले पाउनुपर्ने सर्वसुलभ सेवासुविधाका विषयलाई समेत प्रमुखताका साथ मानवअधिकार वर्ष पुस्तकमा समेटिनु उपयुक्त हुन्छ।

टेकराज भट्टराई
सदस्य, नेपाली काङ्ग्रेस जिल्ला कार्य समिति, ओखलढुङ्गा

इन्सेकले मानवअधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान दिँदै आएको छ। यसको ज्वलन्त उदाहरण हरेक वर्ष प्रकाशन हुने मावनअधिकार वर्षपुस्तक हो। मानवअधिकार उल्लङ्घनका घटना सार्वजनिक गर्दा र नगर्दा हुने क्षति र फाइदाको विषयलाई अध्ययन र विश्लेषण गरेर उपयुक्त तरिकाले राखेर प्रकाशन गरे सबैको हित हुन्छ। मिलापत्र भइसकेका कतिपय घटनाहरू समावेश हुँदा पीडित र पीडक पक्षबीच थप तनाव बढ्ने हुनाले त्यसतर्फ ध्यान दिनुपर्छ।

सागरमणि पराजुली, प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

मानवअधिकार वर्षपुस्तकलाई अध्ययन गर्दा कतिपय घटनाक्रमहरूको वस्तुनिष्ठ विश्लेषण गरेको

पाइएन। इन्सेकका प्रतिनिधिहरूले कतिपय घटनामा माओवादीप्रति पूर्वाग्राही भएर लेखेको पाइएको छ। यसले इन्सेकको निष्पक्षता, इमान्दारिता र तटस्थतामा पूर्वाग्रह रहेको पुष्टि हुन्छ। हाम्रा पार्टीसँग नाम जोडेर आएका घटनामा माओवादीलाई बदमान गराउन खोजेको देखियो।

खड्ग योगी अनिल
सहइन्चार्ज, एनेकपा माओवादी, ओखलढुङ्गा

कुन कुन घटनाहरू पूर्वाग्रही तवरले प्रकाशन भएको हो, त्यस्ता घटनाको बारेमा वस्तुनिष्ठ तवरले विस्तृत जानकारी प्राप्त भयो भने सुधार गर्न सहयोग पुग्ने छ। सम्पादक मण्डल

नेपालको सङ्क्रमणकालीन अवस्थामा पनि मानवअधिकारको रक्षार्थ काम गर्न अग्रसर रहेको तथा देश विदेशमा पनि ख्याती प्राप्त इन्सेकले प्रत्येक वर्ष झैं यसवर्ष नेपाल मानवअधिकार वर्षपुस्तक २०१२ प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ। मानवअधिकार वर्ष पुस्तकमा देशको मानव अधिकारको अवस्थाको चित्रण हुने गरेको छ। मानवअधिकार हनन् तथा उल्लङ्घनप्रति राज्यलाई सचेत बनाउँदै आगामी दिनहरूमा यस्ता घटनाहरू रोक्न राज्यलाई जिम्मेवार समेत बनाएको पाइयो।

राजकिशोर यादव
सचिव, जिल्ला कार्यसमिति, नेकपा एमाले, धनुषा

मुलुकमा विद्यमान दण्डहीनताको साथै विभिन्न सशस्त्र समूहहरूको नाममा भइरहेको हत्या हिंसाको कारण मानवअधिकारको अवस्था अत्यन्तै दयनीय रहेको छ। त्यसमा पनि १० वर्षे सशस्त्र द्वन्द्वको क्रममा भएका हत्या, हिंसा, अपहरण, लुटपाट आदि मानवअधिकार हनन्का घटनाहरूको बारेमा जानकारी पाउन कठिनाई हुनुका साथै घटनाहरूको अभिलेख पनि उपलब्ध नहनु आफैमा दुर्ग्यभाग्यपूर्ण रहेको रहेको छ। तर, यस्ता घटनाहरूको बारेमा हर सम्भव प्रयन्त गरी जानकारी दिलाउन प्रयासरत रहेको इन्सेकको योगदान अत्यन्त सराहनीय रहेको छ। वर्षपुस्तकको माध्यमबाट द्वन्द्वपीडित व्यक्तिका परिवारको बारेमा सही जानकारी उपलब्ध भएको हुनाले स्थानीय शान्ति समितिलाई आफ्नो कार्य गर्न हदैसम्म सजिलो भएको देखिन्छ। सही पीडित व्यक्ति, परिवारसम्म पुग्न र त्यसलाई नेपाल सरकारको तर्फबाट राहत उपलब्ध गराउनमा सहयोग पुगेको छ।

भाग्यनारायण झा
कार्यालय सचिव, स्थानीय शान्ति समिति, धनुषा

मानवअधिकार वर्षपुस्तक २०११ अध्ययन गर्ने मौका पाएँ। पुस्तकको अध्ययनबाट देशमा भएका मानवअधिकार उल्लङ्घनको घटनालाई सँगालोको रूपमा एउटै पुस्तकमा पाउँदा खुशी लाग्यो। राज्यले आफ्ना नागरिकप्रतिको जिम्मेवार प्रति बेवास्ता गर्दै नागरिकको जीउ धनको सुरक्षा गर्न नसक्नु लाजमर्दो कुरा हो। यस वर्षपुस्तकले राज्य आफ्नो कर्तव्य एवम् दायित्वको पालनामा सचेत होस् भन्ने कामना सहित इन्सेकप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

राजकुमार महासेठ
अधिवक्ता, धनुषा

इन्सेकले हेरक वर्ष प्रकाशन गर्ने मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकारको अवस्थालाई प्रतिविम्बित गर्छ। यो पुस्तक आफैंमा मानवअधिकारको मुखपत्र हो र यसले नागरिकको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतीक अधिकारलाई राज्यले कतिको प्रभावकारी रूपमा संरक्षण र प्रवर्धन गर्न सकेको छ र आगामी दिनमा कसरी गर्न सकिन्छ भन्ने बारेमा मार्ग निर्दिष्ट गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। यस पुस्तकमा आम नेपालीको पहुँचलाई अझ सहज र सुगम बनाउन सके यसको प्रभाव र उपयोगलाई अझ विस्तार गर्न सकिने विश्वास गर्न सकिन्छ।

अविनाश्श कर्ण
शान्ति र विकासको लागि युवा, धनुषा

इन्सेकले जिल्लामा भएका घटनाहरूको व्यवस्थित रेकर्ड राख्ने गरेकाले आगामी दिनमा पनि वर्ष पुस्तक प्रकाशनको निरन्तरताको लागि शुभकामना प्रदान गर्दछु। वर्ष पुस्तकमा प्रकाशित घटनाले राज्य पक्षलाई थप सजग बनाउन मद्दत पुग्ने, कमजोरी सच्याउन अवसर मिल्ने र घटनाका सरोकारवालाहरूको दृष्टिकोणमा परिवर्तन ल्याउने र साथै मानवअधिकार वर्षपुस्तक एउटा महत्वपूर्ण दस्तावेजको रूपमा रहेको छ।

सुन्दरराज अर्याल
निमित्त प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, सर्लाही

प्रहरीमा परेका अपराधका घटनालाई पनि वर्षपुस्तकमा समेटेमा अपराधीहरूलाई निरूत्साहित बनाउन सहयोग पुग्छ। वर्षपुस्तक प्रकाशन गर्नु पहिले सम्बन्धित सरोकारवालाहरूसँग छलफल गर्दा अझ बढी भरपर्दो हुन्छ। पुस्तकले समग्र देशको मानवअधिकारको

अवस्थालाई प्रतिविम्वित गरेको छ।

रामप्रसाद श्रेष्ठ
जिल्ला प्रहरी कार्यालय, प्रहरी उपरीक्षक, सर्लाही

वर्षपुस्तक प्रकाशन पूर्व प्रत्येक जिल्लामा समीक्षा गोष्ठीको आयोजना गरी सरोकारवालाहरूसँग छलफल गर्ने गरिएको छ- सम्पादक मण्डल।

वर्ष पुस्तकमा प्रकाशित घटनाले पीडकलाई निरूस्साहित र पीडितलाई राहत पुऱ्याउने उल्लेख गर्दै पुस्तकमा प्रकाशित हुन लागेको घटनाको यर्थाथमा आधारित छन्। इन्सेक अभियान अझ बढी निर्भिकताका साथ अघि बढोस्।

गणेश यादव
मधेशी जनअधिकार फोरम
सदस्य जिल्ला कार्य समिति, सर्लाही

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आइरहेको मानवअधिकार वर्षपुस्तकले देशको मानवअधिकारको अवस्था उजागर गरेको छ। यस पुस्तकले मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई न्यायको कठघरामा ठड्याउन मद्दत पुग्नेछ। देशमा अहिले दण्डहीनताको अवस्था विद्यमान रहेकोले यस पुस्तकले कुनै समयमा अपराधीलाई कारबाही गर्न सहयोग पुऱ्याउने छ। आगामी दिनमा वर्षपुस्तक अझ स्तरीय रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

सुरेन्द्रविक्रम कार्की
सदस्य, नेकपा एमाले जिल्ला कमिटी, सर्लाही

इन्सेकले प्रकाशित गर्ने मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको रक्षा र सम्वर्धनको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। जनताका अधिकारको सवालमा इन्सेकले अझ बढी कार्य गर्नुपर्नेछ।

प्रमोद साह
अध्यक्ष, सदभावना पार्टी जिल्ला कार्य समिति सदस्य, सर्लाही

वर्षपुस्तक मानवअधिकारको रक्षा र सम्वर्धनको क्षेत्रमा महत्वपूर्ण रहेको छ। हरेक पक्षले गरेका मानवअधिकारका घटनालाई वर्षपुस्तकमार्फत उजागर गरेर इन्सेकले नागरिकलाई सुसूचित गराउनुका साथै राज्य पक्षलाई दवाव सिर्जना गरेको छ।

रामकृष्ण लामिछाने
निमित्त स्थानीय विकास अधिकारी, सर्लाही

इन्सेकले प्रकाशित गर्दै आएको मानवअधिकार वर्षपुस्तक तथ्यपरक हुनु आवश्यक छ। पुस्तक प्रकाशनले पीडितलाई न्याय र पीडकलाई कारवमही गर्नमा सहयोग पुगोस् भन्दै सन् २०१२ को पुस्तक प्रकाशनको शुभकामना।

भूपनारायण राम दास
अध्यक्ष, दलित जनजाति पार्टी

मानवअधिकारका घटनाहरूलाई सर्लाहीका जिल्ला प्रतिनिधिले सत्यतथ्यका आधारमा भण्डै दुई दशक १ दशकदेखि लिपीबद्ध गर्दै आइरहनु भएकोमा धन्यवाद दिँदै लामो समयदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विश्वसनीय भएकोमा पुस्तक प्रकाशनको निरन्तरताको कामना गर्दछु।

हरिकान्तलाल कर्ण
अध्यक्ष, गाविस सचिव हकहित संरक्षण केन्द्र

इन्सेकले प्रकाशित गरेको मानवअधिकार वर्ष पुस्तक २०११ ले नेपाल भर मानवअधिकार हनन्का घटनाको प्रतिवेदन प्रस्तुत गरी उल्लेखनीय कार्य गरेको छ। आगामी दिनमा घटना न्यूनीकरणको निम्ति यसले मद्दत पुऱ्याउने छ। मानवअधिकारको रक्षाको लागि सबै सजग रहनु पर्दछ। यसको निम्ति प्रयास र पहल हुनु पनि उत्तिकै जरूरी छ।

वेणीमाधव ज्ञवाली
प्रमुख जिल्ला अधिकारी, सिन्धुली

नेपाल मानवअधिकार वर्षपुस्तक सन् २०११ अध्ययन गर्ने मौका मिल्यो। वर्षपुस्तक घरेलु हिंसा, बालअधिकार र महिलाअधिकार समेतको रक्षाको लागि मार्गदर्शनको रूपमा रहेको छ। आगामी दिनमा पनि इन्सेकले वर्षपुस्तकमार्फत मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सत्यतथ्य रूपमा उजागर गर्दै लैजानेछ भन्ने विश्वास लिएको छु।

कृष्णप्रसाद पुडासैनी
जिल्ला न्यायाधिवक्ता, सिन्धुली

इन्सेकले विगतदेखि मानवअधिकार वर्ष पुस्तकको प्रकाशनलाई निन्तरता दिएकोमा धन्यवाद दिन चाहन्छु। यो पुस्तकले घटनाहरूलाई बङ्ग्याएर प्रस्तुत गर्ने गरेको मैले पाएको छु। तसर्थ घटनाहरूलाई तोडमोड नगरी यथार्थमा आधारित रहेर घटनाहरूको सार्वजनिक गर्न आग्रह गर्दछु।

राजन दाहाल
सह-इन्चार्ज, एकीकृत नेकपा माओवादी, सिन्धुली

मानवअधिकार वर्षपुस्तकले जिल्लाको समग्र मानवअधिकारको अवस्थाको चित्रण गर्ने गरेको र पीडक पक्षलाई आत्मग्लानी तथा कारबाहीको तहसम्म लैजान मद्दत पुऱ्याएको छ।

कमलजङ्ग राई
अध्यक्ष , नेकपा एमाले, सिन्धुली

इन्सेकका जिल्ला प्रतिनिधिले मेहनतका साथ साना-साना घटनाहरू समेत खोजेर प्रतिवेदन तयार पारेको पाएँ। घटना विवरणहरू छोटो पार्दा घटना अस्पष्ट हुने, अर्थको अनर्थ पनि लाग्न जाने र सर्वसाधारणले बुझ्न नसक्ने भएकोले घटना विवरण विस्तृत रूपमा दिनसके प्रष्ट हुने थियो।

उज्वल बराल
नेपाली काङ्ग्रेस, सिन्धुली

मानवअधिकार मान्छेको नैसर्गिक अधिकारको रूपमा लिने गरिए पनि समग्रमा त्यसो हुन सकेको पाईंदैन। इन्सेकको यो वर्ष पुस्तकले समग्र देशको मानवअधिकारको एउटा रूप देखाउने काम गरेको छ। यस पुस्तकलाई अझै यथार्थपरक बनाउन आग्रह गर्दछु।

बिमलकुमार पोखरेल
सहायक प्रमुख जिल्ला अधिकारी, सिन्धुली

मानवअधिकारको क्षेत्रमा क्रियाशील संस्था इन्सेकले वर्षौंदेखि मानवअधिकारको क्षेत्रमा यसले सूचना, शिक्षा नपाएको ठाउँका जनता समक्ष यो पुस्तक मार्फत सन्देश पुऱ्याएको अनुभूति भएको छ। मानवअधिकारका उल्लङ्घनका घटनाहरूको निष्पक्ष प्रभावकारी छानबिन अनुसन्धान गरी उल्लङ्घन गर्ने व्यक्तिलाई कानुनको दायरामा ल्याई कारबाहीको प्रक्रिया अगाडि बढाउन मानवअधिकार वर्ष पुस्तकले मद्दत पुग्नेछ भन्ने अपेक्षा लिएको छु।

रुद्रबहादुर खड्का
अध्यक्ष, रिलेक नेपाल, जिल्ला शाखा सिन्धुली

कुनै पनि कुरामा परिवर्तनको लागि बोली भन्दा पनि व्यवहार जरूरी छ। मानवअधिकार हनन्का घटना रोक्न सबैजना व्यवहारिक रूपमा नै लाग्नु जरूरी छ। पार्टीहरू भित्र पनि अपराध गर्ने छन् भने त्यो कुरा मानवअधिकारकर्मीले उठाउनु पर्छ र त्यस्तालाई कारबाही हुनुपर्छ। मान्छे भएर बाँच्नका लागि सबैले आआफ्नो ठाउँबाट पहल गर्नुपर्छ।

केशर कालीकोटे
एनेकपा माओवादी, रामेछाप

मानवअधिकार उल्लङ्घनका अधिकांश घटनाहरू राजनीतिक दलहरूका कारण हुने गरेका छन्। माथिल्लो निकायमा हुनेहरू यस्ता घटनामा बढी संलग्न देखिएका छन्। मानवअधिकारको कुरा गरी रहँदा जो जहाँ छ त्यहींबाट प्रयास हुनु जरूरी छ। मानवअधिकारको संरक्षणको लागि राजनीतिक दहरूबाट सक्दो सहयोग हुनु जरूरी छ।

दीपक खड्का
नेपाली काङ्ग्रेस जिल्ला सदस्य, रामेछाप

सामाजिक आर्थिक र साँस्कृतिक परिवर्तन नभएसम्म मानवअधिकार प्राप्त हुन सक्दैन। सामन्तवादमा बनेका कानुन खारेज नभएकाले अधिकार प्राप्त हुन नसकेको हो। राजनीतिक निर्णय मात्र सबै थोक होइन। कानुनमा परिमार्जन हुन जरूरी छ। हत्या र युद्धलाई मात्र मानवअधिकारको विषय नमानेर घरेलु, सामजिक र आर्थिक तथा साँस्कृतिक विषयलाई पनि उठान गर्नुपर्छ।

आनन्द श्रेष्ठ
जिल्ला सदस्य, नेकपा एमाले, रामेछाप

नेपाल लगायत विश्का अविकिसत र अल्प विकसित मूलुकहरू मानवअधिकार उल्लङ्घनको चपेटामा परेका छन्। नेपलाको व्यवस्था र सङ्क्रमणको कारण मानवअधिकारको संरक्षण हुन सकेको छैन। बलियो कानुन निर्माण र त्यसको उचित कार्यान्वयन नभएसम्म मानवअधिकार उल्लङ्घनका घटनाहरू भइरहन्छन्। यस्ता घटनाहरूमा मानवअधिकारकर्मीहरूले आवाज उठाइ रहँदा सरोकारवालालाई यसले सचेत बताउँछ।

शिवजी घिमिरे
राप्रपा जिल्ला सदस्य, रामेछाप

मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्न राज्यले पहल गर्नुपर्छ। अहिले सभासद्लाई कानुनले समेत छुन सकेको छैन। बालकृष्ण ढुङ्गेललाई सरकारले माफी दिने कुरा ल्याएको छ। त्यस्ता घटनाहरू मानवअधिकारको हिसाबले गम्भीर हुन्। यस्ता विषयहरूमा सबै मानवअधिकारकर्मीहरूले सामूहिक रूपमा आवाज उठाउनु पर्छ।। मानवअधिकार प्राप्तिका लागि सभा सम्मेलन र समीक्षा गरेर मात्र भएन। मुहान नै धमिलो छ। यसैले मुहान सङ्लो बनाउन सबै मानवअधिकार संस्था र मानवअधिकारकर्मीहरू लाग्नु जरूरी छ।

झम्क कँडेल
अधिवक्ता, नेपाल बार, रामेछाप

मानवअधिकारको बारेमा इन्सेकले उठाएको आवाज र मानवअधिकार रक्षार्थ खेलेको भूमिका स्वागतयोग्य छ। आगामी दिनमा समेत आफ्नो बाटो नबिराई अधिकार रक्षाको लागि काम गर्नेछ भन्ने अपेक्षा गरेको छु ।

केशवराज चौलागाईं
जिल्ला सचिव, नेपाली काङ्ग्रेस, जिल्ला कार्यसमिति, दोलखा

मानवसँग नङ र मासुको जस्तो अभिन्न अङ्ग रहेको मानवअधिकारका क्षेत्रमा देशभर भएका मानवअधिकार हनन्का घटना सङ्कलन गरी वर्षपुस्तक प्रकाशन गरी समाजमा ऐना हो। आमजनसमुदायलाई आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सतर्क रहन सहयोग पुग्नुका साथै राज्य तथा गैरराज्य पक्षलाई समेत खबरदारी गर्नेछ।

कृष्णबहादुर बस्नेत
अध्यक्ष, नेपाल बार एसोसिएसन, दोलखा ईकाइ

इन्सेकले मानवअधिकार संरक्षणका क्षेत्रमा अग्रणी भूमिका निर्वाह गरेको मैले पाएको छु। मानवअधिकार हनन्का देशभरका घटना जस्ताको तस्तै र निर्भिकताका साथ प्रकाशन गरिँदै आएको वर्षपुस्तक राज्यका लागि मार्गदर्शक बनेको पाएको छु।

भरत दुलाल
सचिव, नेकपा एमाले, जिल्ला कमिटी, दोलखा

मानवअधिकार वर्षपुस्तकमा राजनीतिक अधिकार मात्र नभई सामाजिक, आर्थिक अधिकारका घटनामा समेत केन्द्रित हुनुपर्दछ। वर्षपुस्तकले नागरिक र राजनीतिक अधिकारका कुरा मात्र उठाएको हो की जस्तो लागेको छ।

चिरञ्जीवी मास्के
नागरिक समाज, दोलखा

नेपाल मानवअधिकार वर्षपुस्तक २०११ मा वर्षभरि मुलुकमा घटेका मानवअधिकार उल्लङ्घनका घटनाहरूको प्रकाशनले दण्डहीनताको अन्त्य गरी कानुनको दायराभित्र ल्याई मानवअधिकारको सम्बर्द्धन र संरक्षणमा सहयोग पुऱ्याएको मैले महशुस गरेको छु।

रूद्रप्रसाद सुवेदी
श्रेस्तेदार, जिल्ला अदालत, चितवन

इन्सेकले सन १९९२ देखि वार्षिक रूपमा प्रकाशित गर्दै आएको मानवअधिकार वर्षपुस्तक २०११ ले सन् २०१० मा नेपालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्कलन गरी प्रकाशन गरेको हुँदा इन्सेकको यो कार्य ज्यादै सह्रानीय र महत्वपूर्ण छ। मानवअधिकार उल्लङ्घनका घटनाहरू चित्रण गर्दा यस्ता घटनाहरू यथार्थ परक र विश्वसनीय हुनु जरूरी छ। मानवअधिकारको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने एवम् चासो राख्ने व्यक्ति समुदायलाई यस पुस्तकले महत्वपूर्ण सूचनाहरू दिन सक्छ भने सरोकारवाला निकाय एवम् संस्थाहरूलाई मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न तथा मानवअधिकार उल्लङ्घनका घटनाको निष्पक्ष र प्रभावकारी छानविन एवम् अनुसन्धान गरी कानुनको दायरामा ल्याई मौलाउँदै गएको दण्डहीनताको संस्कारलाई न्युनिकरण गर्न मद्दत पुग्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ।

सञ्जीवराज रेग्मी
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिलको कार्यालय, चितवन

मानवअधिकार वर्षपुस्तक मानवअधिकारका उल्लङ्घनका घटना सम्बन्धमा चासो र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई महत्वपूर्ण दस्तावेज प्रमाणित भएको छ।

दिनेश भट्टराई
प्रमुख जिल्ला अधिकारी, मकवानपुर

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारहरूउपर भएका अतिक्रमणलाई न्यूनीकरण गर्ने कार्यमा यस पुस्तकको योगदान रहँदै आएको छ। यस कार्यमा अझै सफलता मिल्दै जाओस्।

श्याम खडका
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, मकवानपुर

मानवअधिकार वर्षपुस्तक सबै विषयलाई समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनु पर्छ। पुस्तक आग्रह र पूर्वाग्रहबाट मुक्त हुनु पर्छ। यो पुस्तक पढ्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ् हुन्छ। यो कार्यले निरन्तरता पाइरहोस्।

सोनाम सिंह स्याङतान (विजय),
इन्चार्ज, नेकपा माओवादी ,मकवानपुर

पुस्तक प्रकाशनबाट राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू

सार्वजनिक भएवाट पीडकहरू निरूत्साहित हुनजाने र पीडितहरूले राहत महसुस गर्ने छन्। पुस्तक प्रकाशनको कार्यले निरन्तरता पाइरहोस्।

रघुरमण न्यौपाने
सभापति नेपाली काङ्ग्रेस, मकवानपुर

यो पुस्तक मुख्यगरी राज्य र गैराराज्यपक्षबाट मानवअधिकार हनन् भएका घट्नाको सँगालो हो। यो पुस्तकले मानवअधिकारका दृष्टिकोणले मुलुक कुन दिशातिर लम्किरहेको छ भन्ने कुरा बताउँछ। पुस्तक आगामी दिनमा अझै परिष्कृत हुँदै अगाडि बढोस् भनी शुभकामना व्यक्त गर्दछु।

रामेश्वर राना
अध्यक्ष नेकपा(एमाले), मकवानपुर

मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको समग्र चित्रण गर्न सफल भएको छ। यसले मुलुकमा कुन पक्षबाट मानवअधिकारको उल्लङ्घन हुँदै आएको छ भन्ने कुराको जानकारी दिने कार्यमा योगदान पुऱ्याएको छ। यो कार्यले निरन्तरता पाइरहोस्।

अमृतकुमार लामा
अध्यक्ष, पुनरावेदन बार एसोसिएसन, मकवानपुर

मानवअधिकारको प्रत्याभूति हुन् दण्डहीनताको अन्त्य हुन जरूरी छ। समाजले कानून निषेध गर्ने व्यक्तिलाई हिरोको रूपमा हेर्ने दृष्टिकोणको अन्त्य नभएसम्म मानवअधिकार मौलाउन सक्दैन। जहाँ विधिको शासन हुन्छ, त्यहाँ मानवअधिकार उल्लङ्घनका घटनामा कमी हुन्छ। विधिको शासन नभएमा पीडित र पीडक दुवै पक्षको मानवअधिकारको रक्षा हुन सक्दैन। हरेक वर्ष इन्सेकले नेपाल मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरेर मानवअधिकार उल्लङ्घनका घटनाहरूको अभिलेख राखी निश्चय नै राम्रो काम गरेको छ। मानवअधिकार उल्लङ्घनकर्ताको लागि खबरदारी गरेको छ, सचेत गराएको छ। वर्ष पुस्तक निरन्तर प्रकाशनको शुभकामना दिन चाहान्छु।

शारदा कोइराला
जिल्ला न्यायाधिवक्ता, काभ्रे

नेपाल मानवअधिकार वर्षपुस्तक, २०११ अध्ययन गर्ने अवसर पाएँ। इन्सेकले सन् १९९२ देखि मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरेर सराहनीय काम गरेको छ। मानवअधिकारका विषयवस्तुहरूलाई उल्लेख गर्दा जिल्लाहरूमा भएका अपराधहरूको पनि विश्लेषणात्मक अवस्था उल्लेख गर्दा अझै बढी प्रभावकारी हुने देखिन्छ। मानवअधिकार वर्ष पुस्तक - २०१२ अझै परिस्कृत ढङ्गले प्रकाशन होस् भन्ने मेरो शुभकामना छ।

रूद्रनाथ बस्याल
प्रमुख जिल्ला अधिकारी, काभ्रे

मानवअधिकार मानवको मौलिक तथा स्वभाविक प्राकृतिक अधिकार भएकाले ती प्राकृतिक अधिकारहरू पूर्णरूपमा उपभोगको युगानुकुल वातावरण सुनिश्चित हुनुपर्दछ। मानवअधिकारको उपभोग र प्रचलनमा राज्य र यसका अवयवहरू जिम्मेवार हुन जति अपरिहार्य छ, अशोभनीय तरिकाले यसको उल्लङ्घनका घटनाहरूमा वृद्धि मात्र भइरहेको छैन। बरू राज्य संयन्त्रबाट दण्डहीनतालाई प्रवर्द्धन गर्ने काम उल्लेख्य रूपबाट भइरहेको देखिन्छ। यस्तो जटिल र गम्भीर अवस्थामा मानवअधिकारको पक्षमा स्थापित तथा सञ्चालित सङ्घ-संस्थाहरूबाटसमेत भरपर्दो क्रियाशीलता अपनाइएको छैन। मानवअधिकार सङ्घ-संस्थाका प्रगति प्रतिवेदनहरू मानवअधिकारको उल्लङ्घनका समाचारहरूको संग्रह जस्तो बनिरहेको परिप्रेक्ष्यमा इन्सेकले सन् १९९२ देखी प्रकाशित गर्दै आएको मानवअधिकार वर्षपुस्तक पृथक र असली ऐना मात्र होइन, मार्गदर्शक समेत बन्न सफल भएको छ।

नवराज बडाल
अध्यक्ष, नेपाल बार एसोशियसन शाखा, काभ्रे

इन्सेकले वार्षिक रूपमा प्रकाशित गर्ने नेपाल मानवअधिकार वर्ष पुस्तक हेर्दै र पढ्दै आएको छु। पुस्तकमा मानवअधिकारसम्बन्धी घटनाहरू समावेश गरिँदै आएको र यसलाई अझ विस्तृत दायरामा फैलाउन आवश्यक छ।

अमितकुमार खड्का
सचिव, नेकपा माले, जिल्ला कमिटी, भक्तपुर

इन्सेकले प्रत्येक वर्ष मुलुकमा विभिन्न क्षेत्रमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समेटेर प्रकाशित गर्दै आएको मानवअधिकार वर्षपुस्तक सन् २०११ हेर्ने अवसर प्राप्त भयो। मानवअधिकार हननका घटना र मुलुकको मानवअधिकारको स्थितिलाई गम्भीररूपमा उठाई निरन्तर प्रकाशित गरी हामी सबैलाई सजग गराएकोमा समेत संस्थालाई धन्यवाद दिन चाहान्छु। आगामी दिनमा पनि भएका घटनाहरूलाई तथ्यपरक रूपमा घटनाहरूलाई बिना

पूर्वाग्रह प्रकाशित गर्दै जान अझै प्रेरणा मिलोस् र आफ्नो तर्फबाट पनि सहयोग गर्ने बचनवद्धता गर्दछु।

राधाकृष्ण लामिछाने
संयोजक, स्थानीय शान्ति समिति, भक्तपुर

इन्सेकले प्रत्येक वर्ष मुलुकमा विभिन्न रूपमा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई समेटेर प्रकाशित गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक सन् २०११ हेर्ने मौका पाएँ। एउटा संस्थाले मुलुकको मानवअधिकारको स्थितिलाई गम्भीररूपमा उठाई निरन्तर रूपमा प्रकाशित गर्दै आएकोमा इन्सेकलाई धन्यवाद दिन चाहान्छु। आगामी दिनमा घटनालाई बिना पूर्वाग्रह प्रकाशित गर्दै जान अझ प्रेरणा मिलोस् र यसका लागि आफनो तर्फबाट सहयोग गर्ने बचनबद्धता व्यक्त गर्दछु।

किरण न्यौपाने
सभापति, नेपाली काङ्ग्रेस १ नं. क्षेत्रीय कार्यसमिति, भक्तपुर

नेपाल मानवअधिकार वर्षपुस्तक नियमित हेर्ने मौका पाएको छु। पुस्तकमा समेटिएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्कलन तरिकाबद्ध रहेको छ। महिला हिंसाका घटना र बालबालिकामाथि हुने घटनाहरू पर्याप्त रूपमा उल्लेख भएको छैन। आगामी दिनहरूमा त्यस्ता घटनाहरू पनि समावेस गरियोस् साथै दर्ता नभएका घटनाहरू पनि समावेस भएमा अझ राम्रो हुने अपेक्षा गर्दछु।

प्रभाकर खनाल
अधिवक्ता, भक्तपुर

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनको दस्तावेज हो। मुलुक शान्ति सम्झौतापश्चात पनि शान्तिप्रक्रिया र राष्ट्रले नयाँ संविधान प्राप्त गर्न र संविधानसभाले जनतालाई नयाँ संविधान दिन नसकेको अवस्थामा सक्रमणकालको फाइदा उठाइ दण्डहीनता मौलाएको मात्र होइन संस्कारको रूपमा विकास भएको छ। अब प्रकाशन हुने वर्ष पुस्तकमा आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका अन्य अधिकारहरूका बारेमा अभियान चलाउन खाँचो छ।

अन्जना बासुकला
अधिवक्ता, भक्तपुर

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने मानवअधिकार वर्ष पुस्तक यो वर्ष पनि हात पर्‍यो। सङ्क्रमणकालको यो अवस्थामा ग्रामीण भेगमा भएका मानवअधिकार हनन्का घटनाहरूको सत्य तथ्य सहित प्रकाशन गर्नाले मानवअधिकारको अवस्था थाहा हुनुका साथै मानवअधिकार प्रति राज्यको चासो समेत उजागर भएको छ। मानवअधिकार वर्ष पुस्तकमा जति अन्य घटनाहरूले स्थान पाएको छ त्यत्ति महिलामाथि हुने हिंसाले नपाएको हो की भन्ने महसुस मैले गरेको छु। महिलामाथि हुने सबै खाले हिंसा मानवअधिकार हनन् हो भन्ने मान्यतालाई आत्मसात गरी यी घटनाहरूलाई पनि प्राथामिकताका साथ प्रकाशन गर्नुहुन अनुरोध गर्न चाहान्छु। यसै गरी मानवअधिकार रक्षकहरूमाथि पनि विभिन्न धम्की, कुटपिट, गालीगलौज, हत्याजस्ता घटनाहरू हुन थालेका छन्। ती घटनाहरूलाई पनि वर्ष पुस्तकमा स्थान दिनुपर्छ जस्तो लाग्छ।

राधिका सापकोटा
फोकस शान्ति केन्द्र, धादिङ

गत वर्ष जस्तै यस वर्ष पनि इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्ष पुस्तक पढ्ने अवसर प्राप्त भयो। यस पटकको वर्ष पुस्तकमा नेपालमा भएका मानवअधिकार हनन्का घटनाहरू सबै समेटिएको जस्तो मैले महसुस गरेको छु। देशका विभिन्न भागमा भएका मानवअधिकार हननका घटनाहरूलाई बाहिर ल्याएर सबैलाई देशको अवस्थाका बारेमा सूचना दिने काम इन्सेकले गरेकोले इन्सेकलाई सर्वप्रथम धन्यवाद दिन चाहन्छु। यो वर्ष पुस्तकमा जिल्लामा भएका साना ठूला सबै घटनाहरू समेटिएका छन्। घटनाहरूको सत्यतथ्य सहित बाहिर आएको छ। यसले मानवअधिकार उल्लङ्घन गर्ने कुरामा को बढी उद्दत छ भन्ने कुरा बाहिर ल्याएको छ।

गुरूप्रसाद वुर्लाकोटी, संयोजक
स्थानिय शान्ति समिति, धादिङ

नेपालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई वर्षपुस्तकले उजागर गर्ने कार्यमा पूर्णता प्राप्त गरेको छ। पीडितलाई न्याय दिलाउने र पीडकलाई न्यायिक तथा सामाजिक कठघरामा उभ्याउने काममा पुस्तकले सफलता हासिल गरेको छ। मानवअधिकारको उल्लङ्घन व्यक्ति विरूद्धको कार्य नभई समाजविरूद्धको अपराध हो। त्यसैले यस्ता घटनाको उजागर गराउनु सबैको कर्तव्य हो। पुस्तकको पूर्ण सफलतको कामना गर्दछु।

टङ्ककुमार श्रेष्ठ, अध्यक्ष
नेपाल बार एसोसिएसन, धादिङ

मानवअधिकार वर्षपुस्तक २०११ मा देशव्यापीरूपमा राज्य पक्ष र गैरराज्यपक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्न प्रयास भएको देख्दा खुसी लागेको छ। इन्सेकको आगामी प्रकाशनहरूमा अझै यथार्थ एवं वस्तुपरक तथ्याङ्क र विवरण समावेश भएमा यसले आगामी वर्षहरूमा राज्यलाई आफ्नो भूमिका र दायित्व निर्वाह गर्नमा थप उर्जा प्रदान गर्ने छ भन्ने विश्वास लिँदै आगामी अङ्क प्रकाशनको लागि हार्दिक शुभकामना।

देवकुमार गिरी
जिल्ला न्यायधिवक्ता
जिल्ला सरकारी वकिलको कार्यालय, धादिङ

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानवअधिकार वर्ष पुस्तक यस वर्षपनि अध्ययन गर्ने अवसर प्राप्त भयो। नागरिकहरूको मानवअधिकारको रक्षा गर्दै राज्यलाई जिम्मेवार वनाउने काममा यो पुस्तकले महत्वपूर्ण सहयोग गरेको छ। सरकारी निकायलाई आफ्नो काममा जिम्मेवार वनाउँदै सरकारको काममा सहयोग गर्ने गैरसरकारी संस्थाहरूको काम भएका कारण इन्सेकले मानवअधिकारको क्षेत्रमा राज्यले गर्न नसेकेको थुप्रै काम गरेको छ। मानवअधिकार वर्ष पुस्तकमा घटनाहरूको विवरण अझै विस्तृत भयो भने घटनाको वारेमा वुझ्न सजिलो हुने महसुस मैले गरेको छु। वर्षपुस्तकले थुप्रै मानवअधिकार हनन्का घटनाहरूलाई समेट्न सकेको छ। आगामी दिनमा पनि यो पुस्तकको निरन्तरताको कामना गर्दछु।

दामोदर अर्याल, अध्यक्ष
गैरसरकारी संस्था महासङ्घ जिल्ला शाखा, धादिङ

मानवअधिकार वर्ष पुस्तक २०११ समयमा नै प्राप्त भई अध्ययन गर्ने अवसर प्राप्त भयो। मानवअधिकार वर्ष पुस्तकले मानवअधिकार हनन् तथा उल्लङ्घनका अनगिन्ती घटनाहरूलाई सार्वजनिक गर्ने गरेको छ। यस पुस्तकले सम्पूर्ण नागरिकहरूलाई मानवअधिकारप्रति सचेत र जागरूक गराउँदै आएको छ। यसले हामी राजनीतिक दलहरूले पनि आफूले गरेका मानवअधिकार हनन्प्रति सचेत गराएको छ भने कुन राजनीतिक दल मानवअधिकार हनन्मा उद्दत छ भन्ने पनि प्रष्टरूपमा नागरिकहरूका सामु ल्याएको छ। यसको साथै सबैलाई आफ्ना तर्फबाट भएका मानवअधिकार हनन् वा उल्लङ्घनका घटनाहरू नदोहोऱ्याउन समेत सचेत बनाउन यो पुस्तक सफल भएको मैले महसुस गरेको छु। मानवअधिकार उल्लङ्घनप्रति राज्यलाई सचेत पार्दै आगामी दिनमा नागरिकप्रति उत्तरदायी बनाउन पुस्तक सफल भएको छ। राज्यका निकायले यो पुस्तकबाट केही सिकेर मानवअधिकारप्रति प्रतिवद्ध हुनुपर्छ र भइरहेका पनि छन्। इन्सेकले गरेको यो आँट, साहस र लगनको उच्च सराहाना गर्दै आगामी दिनमा पनि यसै गरी मानवअधिकार हनन्का घटनाहरूलाई जस्ताको तस्तै बाहिर ल्याउन सफल रहोस् र सबै नागरिकलाई याथार्थताको सूचना प्रवाह गर्न सकोस् यही शुभकामना व्यक्ति गर्न चाहान्छु।

शम्भु थापा
उपसचिव, नेकपा (एमाले), धादिङ

मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकार उल्लङ्घनका घटनाहरू मात्रै उजागर गरेको हैन यसले मानवअधिकार संरक्षरणमा राज्यको दायित्व र राज्यका अङ्गहरूको भूमिका र जिम्मेवारी तथा राज्यका तर्फबाट भएका कमी कमजोरीको समीक्षा हुने भएकोले मानव अधिकार वर्ष पुस्तक अति उपयोगी र मार्गनिर्देशक रहेको छ।

नारायण खतिवडा
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, नुवाकोट

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनसम्बन्धी वास्तविक विवरण निष्पक्षताका साथ हरेक वर्ष प्रकाशित गर्दै आएकोमा यस वर्ष पनि वर्ष पुस्तक २०१२ प्रकासन गर्न लागेकोमा हार्दिक वधाई एवम् शुभ कामना व्यक्त गर्दछु।

लक्ष्मण श्रेष्ठ
सचिव, नेपाली काङ्ग्रेस, नुवाकोट

स्थायी शान्तिको प्रमुख आधार मानवअधिकारको प्रत्याभूति र कानुनी शासनको स्थापना नै हो। नेपालमा मानवअधिकारको संरक्षण तथा मानवीय सेवा र सहयोगमा इन्सेकले विगतदेखि पुऱ्याउँदै आएको योगदानलाई कसैले बिर्सन सक्दैन। मानवअधिकार उल्लङ्घनका घटनाहरूको सङ्कलन गरी हरेक वर्ष प्रकाशन हुँदै आएको र यस वर्ष पनि प्रकाशित हुन लागेकोमा खुशी लागेको छ। मानवअधिकार वर्ष पुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई न्यूनीकरण गर्ने जिम्मेवार व्यक्ति तथा राज्यलाई सुसूचित गर्ने छ भन्ने आशा लिएको छु। मानवअधिकारको संरक्षण गर्ने पवित्र र कर्तव्यपूर्ण उद्देश्यका साथ अभियानमा जुटेको इन्सेक र

यसले प्रकाशित गर्ने "मानवअधिकार वर्ष पुस्तक" लाई सबै पक्षवाट सहयोग प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

मधुसुदन बुर्लाकोटी
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, नुवाकोट

इन्सेकले मानवअधिकारको संरक्षणका लागि पुऱ्याएको योगदानलाई महानता बिर्सन सकिँदैन। मुलुकभर सन् २०११ मा भएका र हुने गरेका विभिन्न प्रकारका मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्कलन गरी मानवअधिकार वर्षपुस्तक हरेक वर्ष प्रकाशन गर्ने कार्य सराहनीय छ। मानवअधिकारका घटनाहरू न्यूनिकरण गर्ने कार्यमा यस पुस्तकले बहु आयामिक प्रभाव पार्ने कुरामा विश्वस्त हुन सकिन्छ।

खगेन्द्र घिमिरे
कारागार प्रमुख, कारागार कार्यालय, नुवाकोट

मानवअधिकार रक्षाका निम्ति क्रियाशील इन्सेकले हरेक वर्ष मानवअधिकार उल्लङ्घनका घटनाहरू समावेस गरी प्रकासित गरिएको नेपाल मानवअधिकार वर्षपुस्तक २०११ अध्ययन गर्ने अवसर प्राप्त भयो। प्रत्येक वर्ष मानवअधिकार उल्लङ्घनका घटनाहरू समेटेर प्रकाशित गरिने यस्तो पुस्तक प्रकाशनले भविष्यमा पनि निरन्तरता पाओस् भनी शुभकामना दिन चाहान्छु।

श्रीकृष्ण श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय धुन्चे, रसुवा

नेपाल मानवअधिकार वर्षपुस्तक सन् २०११ सरसर्ती अध्ययन गरेँ। मानवअधिकार उल्लङ्घनका सर्म्पूण घटनाहरू एकै सँगालोमा समेटेर प्रकाशित हुनु अति नै राम्रो पक्ष हो। यसमा समेटिएका विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक ढङ्गबाट विश्लेषण भएको छन्। जसबाट मानवअधिकारको उल्लङ्घनकर्तालाई नैतिक दवाव परेको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रका कुराहरूको आधारमा समेटिएको यस पुस्तक सङ्ग्रहणीय पठनीय र अति उपयोगी छ।

छोवाङतेन्जिङ तामाङ
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, रसुवा

वर्षभरिका मानवअधिकार उल्लङ्घनका घटनाहरू समेटेर प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत सबै मानवअधिकार उल्लङ्घनका घटनाहरू इन्सेकले जनतामाझ ल्याउन गरेको प्रयास सराहनी र स्वागतयोग्य छ। यो पुस्तक अध्ययन गर्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ। यो पुस्तक प्रकाशनले मानवअधिकारको उल्लङ्घनका घटनामा न्युनीकरण गर्न उल्लेखनीय भूमिका खेल्न सकेको जस्तो लाग्छ। यो पुस्तक प्रकाशनले निरन्तरता पाइरहोस्।

विश्वास नेपाली
पत्रकार, रसुवा खबर साप्ताहिक, रसुवा

मानवअधिकार वर्षपुस्तक सन् २०११ मा सन् २०१० मा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूलाई राम्ररी विश्लेषण गरेको पाइयो। प्रकाशित हरेक घटनाहरूको गहन अध्ययन गरिएको छ। दण्डहीनताको अन्त्यको लागि इन्सेकले गरेको प्रयासलाई भुल्न सकिँदैन। प्रकाशित पुस्तक धेरै मानिसले पढ्न पाउने व्यवस्था मिलाउनु जरूरी छ।

उपेन्द्रराज लम्साल
महाधिवेशन प्रतिनिधि नेपाली काङ्ग्रेस, रसुवा

इन्सेकले मुलुकभरकै सञ्जाल मार्फत मानवअधिकार संरक्षण र सुदृढीकरणमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्ने गरिएको छ। स्वतन्त्रतापूर्वक आधारभूत अधिकारको उपभोग गर्न पाउने मानवमात्रको अधिकार हो। यस्तो अधिकार संरक्षण गर्नु राज्यको तथा गैरराज्य पक्षको समेत मुख्य कर्तव्य रहनुपर्ने हुन्छ। तथापि यस प्रकारको कर्तव्यका पालना भइहेको पाइँदैन। इन्सेकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई जस्ताको तस्तै मानवअधिकार वर्षपुस्तकमा प्रकाशित गरी कर्तव्य पालनाको खबरदारी गर्ने गरेको छ। प्रकाशन हुने वर्षपुस्तकले समेत निश्चय नै मानवअधिकारको परिपालनमा मद्दत पुऱ्याउनेछ भन्नेमा विश्वस्त छु।

डुल्लुराज बस्नेत
प्रमुख जिल्ला अधिकारी, स्याङजा

इन्सेकले वार्षिक रूपमा प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकले मानवअधिकार हननका घटनाहरूलाई तथ्याङ्कसहित खोजतलास गरी आमनागरिकलाई सुसूचित गर्दै आएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा पनि यस कामलाई निरन्तरता दिँदै स्वतन्त्र निर्भिकताका साथ महत्वपूर्ण भूमिका निर्वाह गर्न सकोस्।

सीताकुमारी सुन्दास
संयोजक, स्थानीय शान्ति समिति, स्याङजा

अधिकार प्राप्तिको आन्दोलनमा इन्सेकले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। विगत लामो समयदेखि मानवअधिकारको क्षेत्रमा क्रियाशील संस्थाको रूपमा रहेको यस संस्था अझै पनि ग्रमीण क्षेत्रमा रहेका नेपाली जनता सामु पुग्न सकेको छैन। पतृसत्तात्मक सोचका कारण आज पनि समाजमा महिलाहरू विभिन्न प्रकारका यातना र भेदभाव सहन वाध्य छन् । मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई बाहिर ल्याउने र दोषी उपर कारबाही गर्न नैतिक दवाव पनि दिन सक्ने वातवारण बनाउन सकेमा मानवअधिकारको संरक्षण र सम्वर्द्धन हुनेछ। नेपाल मानवअधिकार वर्षपुस्तकको सर्वसुलभताका पहल गर्न अनुरेध गर्दछु। इन्सेक आवाजविहीनको आवाज बन्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु।

चक्रबहादुर पराजुली
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, स्याङ्जा

सबै किसिमका विभेद, छुवाछुत, शोषण, हिंसा र दुर्व्यवहारको अन्त्य गरी नागरिकको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकारको संरक्षण र प्रवर्द्धन गर्न, सशस्त्र द्वन्द्वका क्रममा घाइते भएका, मारिएका, वेपत्ता भएका, विस्थापित भएका व्यक्ति एवं तिनका परिवारलाई उचित उपचार, क्षतिपूर्ति, खोजी, राहत र पुनः स्थापना गर्न तथा सामाजिक वञ्चितीकरणमा परेका वर्ग, क्षेत्र र समुदायको संरक्षण, विकास र सशक्तिकरणका लागि मुलुकभित्र भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सुक्ष्म रुपले खोज्दै घटनाको सत्य, तथ्य र निष्पक्ष रुपमा उजागर गरी पीडितलाई न्याय र पीडकलाई दण्ड दिने कार्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यसै सन्दर्भमा इन्सेकबाट प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक २०११ अध्ययन गर्ने मौका पाएँ। यसका लागि इन्सेक प्रति म आभारी छु। मानवअधिकार उल्लङ्घनका घटनाहरू निर्भिकताका साथ तथ्यपरक विश्लेषण गरी घटनाहरूलाई नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत सार्वजनिक गराउँदै सरकार, प्रवुद्ध वर्ग, अधिकारकर्मी तथा सर्वसाधारणलाई सुसूचित गराउने इन्सेकको प्रयासले निरन्तरता पाउन सबै क्षेत्र र पक्षको सहयोग प्राप्त हुने नै छ।

अन्त्यमा, सत्यको अभिलेख र प्रयासद्वारा न्याय र सहअस्तित्वको वातावरण निर्माण गर्न, मानव अधिकार उल्लङ्घनका घटना नियन्त्रण गरी समृद्ध मानवअधिकार संस्कृतिको विकास गर्न इन्सेकले सफलता प्राप्त गरोस् भन्ने सुभेक्षा सहित शुभकामना।

शशीशेखर श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी, नवलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तक २०११ समयमा नै प्राप्त भई अध्ययन गर्ने अवसर प्राप्त भयो। सदाको वर्ष जस्तै यस पुस्तकमा समग्र मुलुकको मानवअधिकारको अवस्था जस्ताको तस्तै प्रकाशन गरेर मानव अधिकार सम्बन्धी चासो राख्ने सबैलाई इन्सेकले गुन लगाएको छ। पुस्तक अध्ययनबाट मुलुकमा अफै पनि मानवअधिकारका उल्लङ्घनका घटनामा कमी आएका छैनन्। यसको लागि सरोकारवाला सबै पक्ष सचेत हुनुपर्ने जरुरी छ।

विष्णु लामिछाने
सचिव, नेपाली काङ्ग्रेस जिल्ला कार्य समिति, नवलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तक २०११ अध्ययन गर्ने अवसर प्राप्त भयो। देशभरिको मानवअधिकार उल्लङ्घनका घटना एउटै पुस्तकबाट जानकारी दिने प्रयास आफैमा चुनौतीपूर्ण छ। इन्सेक र यसमा आबद्ध साथीहरूको अथक प्रयासबाट मात्र यो सम्भव भएको हो। मानवअधिकार उल्लङ्घनका घटनालाई सैद्धान्तिक रुपमा मिलाई राख्दा अझ राम्रो हुनेछ। आगामी वर्षका पुस्तकहरू पनि समयमा नै अध्ययन गर्ने अवसर मिलोस्।

लीलाधर मरासिनी
अध्यक्ष, नेपाल बार एशोसिएसन, नवलपरासी

विगत वर्षहरू जस्तै मानवअधिकार वर्षपुस्तक २०११ अध्ययन गर्ने अवसर प्राप्त भयो। इन्सेकद्वारा प्रकाशित हुँदै आएको यो पुस्तक एक व्यवस्थित दस्तावेज मात्र नभई समग्र मानव अधिकारको ऐना पनि हो। हालसम्म प्रकाशित पुस्तकहरूको अध्ययनले यस क्षेत्रमा काम गर्ने विज्ञलगायत सम्बन्धित सबैलाई थप जानकारी हासिल गर्ने महत्वपूर्ण शैक्षिक सामग्रीको रुपमा स्थापित भएको छ। द्वन्द्वकालमा पीडित भएका परिवारलाई राहत उपलब्ध गराउन सहयोगी भूमिका खेलेको छ।

तुलसी पासी
कार्यालय सचिव, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नवलपरासी

मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको सम्बर्द्धन र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ।

मुलुकभर सञ्जाल भएको इन्सेकले राज्यपक्ष वा गैर राज्यपक्ष सबैलाई मानवअधिकारको सम्मान गर्न सजग बनाउँदै आएको मेरो अनुभव छ। मानवअधिकारका घटनालाई निर्भिक भएर वर्षपुस्तकका रुपमा प्रकाशन गर्ने कार्य सराहनीय भएको मैले महशुस गरेको छु। मानवअधिकार संरक्षणको सामाजिक अभियानमा इन्सेकलाई सफलता मिलोस् भन्ने शुभकामना दिन चाहन्छु।

खड्गबहादुर खड्का
जिल्ला न्यायधिवक्ता
जिल्ला सरकारी वकिल कार्यालय, नवलपरासी

मानव अधिकार वर्ष पुस्तक २०११ अर्थात २०१० भरिका मुलत: अन्तरद्वन्द्वमा शान्ति प्रक्रियासित सम्बन्धित घटनाक्रमको एक प्रकारको सँगालो पुस्तक सरसर्ती हेर्ने अवसर प्राप्त भएको प्रथमत: खुसी जाहेर गर्न चाहन्छु। सन् २०१० मा राज्य तथा गैरराज्य पक्षबाट भएका हत्या सङ्ख्या वर्षपुस्तकमा समाविष्ट रहनु, सोही समयमा अपहरित सङ्ख्या यकिन गरी तथ्याङ्क राखिनु, राज्य एवं गैरराज्य पक्षबाट कुटपिट वारदातबाट पीडित सङ्ख्याको उल्लेखन हुनु, लैङ्गिक हिंसा पीडितको अवस्था सङ्कलन गर्नुले मानवअधिकार क्षेत्रको कार्यमा गहिराईसम्म पुगेको प्रतित गराउँछ। राजनीतिकर्मीबाट हुनुपर्ने हदसम्मको कार्य हुन नसकेतर्फ तिखो प्रहार गर्न वर्ष पुस्तकले थप मेहनत र तदरुकता देखाउनु पर्ने भएको छ। मानवअधिकारमा राजनीतिक क्षेत्रबाट जथाभावी ज्यादती हुने गरेको र व्यापकताको हिसाबले पनि मानवअधिकार उल्लेख क्षेत्रको फैलावट बृहत् हुँदै गएको, संविधान निर्माणमा राजनीतिककर्मीहरू निरन्तर सजगताका साथ लागिपर्नु पर्नेमा आफ्नो म्याद आफै थप्दै जाने निर्लज्ज हरकतमा लाग्नु तर, संविधान निर्माणमा एकाग्र नहुनु जस्ता क्रियाकलाप तर्फपनि जनताको जागरुकतालाई जोड्ने प्रसगमा वर्षपुस्तक अग्रसर हुनुपर्ने अवस्था छ। द्वन्द्व पीडितको राहत एवं अपहरणजन्य कसुरको यथार्थ अवस्थाको चित्रण तर्फ गहिरो चिरफार हुँदा आवश्यक सतर्कता, गम्भीरता र परिपक्वता अपनाउनु हुनेछ भनी आशा व्यक्त गर्न चाहन्छु।

मोहम्मद जुनैद आजाद
जिल्ला न्यायाधीश, नवलपरासी

मानवअधिकारको क्षेत्रमा निरन्तर क्रियाशील इन्सेकले हरेक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गरेर देशभरको मानवअधिकारको अवस्थालाई उजागर गर्दै आएको छ। मानवअधिकार वर्षपुस्तक मानवअधिकारको राष्ट्रिय दस्तावेज बन्दै आएको हामीले महशुस गरेका छौं। कानुनी शासनको स्थापना भयो भने मानवअधिकारको अवस्था स्वत: सुदृढ हुने हुँदा राज्य सञ्चालकहरूले कानुनको प्रभावकारी कार्यान्वयव तर्फ ध्यान दिन जरुरी छ। इन्सेकले हरेक वर्ष मुलुकभर भएका मानवअधिकार उल्लङ्घन, ज्यादती र मानवअधिकारसँग सम्बन्धित घटनाहरूलाई प्रकाशित गरेर राज्यका निकायहरूलाई जवाफदेही बन्न गम्भीर बनाउने काम गरेको छ। इन्सेकको यो अभियान अझ निर्भिक, निष्पक्ष र समाज रूपान्तरणमा केन्द्रित होस्। मानवअधिकार वर्षपुस्तक २०१२ का लागि अग्रीम शुभकामना।

लीला गिरी
अध्यक्ष, नेकपा एमाले, रूपन्देही

विगत २० वर्षदेखि हरेक वर्ष प्रकाशन हुँदै आएको मानवअधिकार वर्षपुस्तक मुलुकको मानवअधिकारको एउटा साझा दस्तावेज बनेको छ। यसले मुलुकको मानवअधिकारको अवस्थालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गरेर राज्य निकायलाई दवाव सिर्जना गरेको हामीले ठानेका छौं। यो अभियान अझै निर्भिक, निस्पक्ष र सशक्त बनोस् इन्सेकको अभियानलाई शुभकामना।

खेलराज पाण्डे
बुटवल नगर सभापति, नेपाली काङ्ग्रेस, रूपन्देही

मानवअधिकारको क्षेत्रमा विगत लामो समयदेखि अभियानरत इन्सेकको मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको अवस्थाबारे जानकारी गराएको छ। तर, धेरैजसो घटनाहरू राजनीतिक आस्थाका आधारमा पनि प्रकाशन हुने गरेको पाइएको छ। वर्ष पुस्तकलाई निस्पक्ष बनाउन जरुरी छ। राजनीतिक आरोप र व्यक्तिगत रिसइबीका घटनाहरूलाई प्राथमिकतामा नराखियोस्। मानवअधिकार वर्षपुस्तकलाई शुभकामना।

यज्ञ पोखरेल
सचिव, एनेकपा माओवादी, रुपन्देही

मानवअधिकारको राष्ट्रिय दस्तावेज

मानवअधिकारको राष्ट्रिय दस्तावेजका रुपमा प्रकासन हुँदै आएको इन्सेकको अभियानलाई अझ प्रभावकारी बनाउन आग्रह गर्दछु। दण्डहीनता र कानुनको बढ्दो उल्लङ्घनले समाज आक्रान्त बन्दै आएको छ। मानवअधिकार वर्षपुस्तकले कानुनी

शासनको स्थापनाका लागि जनदवाव सिर्जना गर्दै आएको छ। राज्यका निकायलाई कानुनको प्रभावकारी कार्यान्वयन गराउन र मानवअधिकार मैत्री समाज निर्माणका लागि इन्सेकको अभियानले सहयोग पुऱ्याएको छ। वर्षपुस्तकले मुलुकको मानवअधिकारको अवस्था अन्तर्राष्ट्रियकरण गर्न सहयोग पुऱ्याएको छ। इन्सेक अभियानलाई शुभकामना।

दीपक ज्ञवाली
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, रूपन्देही

मानवअधिकार र सामाजिक न्यायका लागि २० वर्षदेखि निरन्तर क्रियाशील इन्सेक अभियानसँग हामी पनि सहकार्य गर्दै आएका छौँ। कानुनी एवं विधिको शासन तथा मानवअधिकार मैत्री समाजका निर्माणका लागि इन्सेकले जुन भूमिका निर्वाह गर्दै आएको छ त्यो अति नै सराहनीय छ। हरेक वर्ष प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तक यसैको एउटा ज्वलन्त प्रमाण हो। मानवअधिकारको अवस्थालाई अन्तर्राष्ट्रियकरण गर्ने वर्षपुस्तक मुलुकको मानवअधिकारको साझा दस्तावेज बन्दै आएको छ। इन्सेक अभियानलाई शुभकामना।

महेन्द्र पाण्डे
संयोजक, जवाफदेहीता निगरानी समिति, लुम्बिनी, रूपन्देही

मानवअधिकार र सामाजिक न्यायका निम्ति इन्सेकको २० वर्षदेखिको निरन्तरको अभियानले मुलुकको मानवअधिकार संरक्षण तथा सम्बर्द्धनमा महत्वपूर्ण टेवा पुऱ्याउँदै आएको छ। नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको अवस्थालाई अन्तर्राष्ट्रियकरण गराएको छ। यसले राज्य र तीनका निकायहरूलाई जवाफदेही बनाउन दवाव सिर्जना गर्दै आएको छ। इन्सेक अभियानलाई शुभकामना।

शिवप्रसाद गौडेल
संयोजक, जवाफदेहीता निगरानी समिति, रूपन्देही

इन्सेकले वार्षिक रुपमा प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक २०११ मा मानव अधिकारको उल्लङ्घनसम्बन्धी घटनाहरू प्रकाशित भएका छन्। मुस्ताङ जिल्लाको जेल र जेलमा रहेका बन्दीहरूको अवस्था, शिक्षा र स्वास्थ्य क्षेत्रका समस्या र स्थिति, जातीयता झुमा र मुखिया प्रथासम्बन्धी विवरणहरूले जिल्लावासीको मानव अधिकार सम्बन्धी अवस्थालाई उजागर गरेको छ। वर्षपुस्तकले मानवअधिकार संरक्षणमा लाग्न उत्प्रेरित गर्ने मैले विश्वास लिएको छु।

श्यामराज अधिकारी
स्थानीय विकास अधिकारी, मुस्ताङ

मानवअधिकार वर्ष पुस्तक सशस्त्र द्वन्द्वकालमा द्वन्द्वका घटनाको अभिलेखको रूपमा रहेको छ। यसपुस्तकमा मानवअधिकार उल्लङ्घन/ज्यादतीका घटनाहरू साथै मानवअधिकार हननका घटना र अपराधिक घटनाहरू समेतलाई अलग अलग गरी अभिलेख गर्नुको साथै घटनाको कारबाहीको अन्तिम अवस्थासम्मको जानकारी दिन सकेमा यसको प्रभावकारिता झन बढ्ने मैले महसुस गरेको छु।

केशवकुमार शर्मा
संयोजक, मानवअधिकार सञ्जाल, दाङ

सबै भन्दा पहिलेत म इन्सेकलाई धन्यवाद दिन चाहन्छु किनभने मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएकोमा। यसलाई लामो समयसम्म निरन्तरता दियोस् मेरो शुभकामना। पुस्तकलाई थप विश्सनीय बनाउन सबैलाई मान्य हुने खालका घटनाहरू पुस्तकमा राखिनु पर्दछ। इन्सेकले कमाएको विश्वासलाई कायम राख्न आगामी दिनमा सबै सकोकारवालाहरूसँग नियमित समन्वय र सहकार्य गरी घटना अभिलेख गर्नु पर्दछ। पुस्तकमा विवादमा आउने घटना राखिनु हुँदैन।

ऋषिराम शर्मा
प्रमुख जिल्ला अधिकारी, दाङ

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको अवस्था विश्लेषण गर्नेहरूका लागि एउटा आधार प्रदान गरेको छ। मानवअधिकार उल्लङ्घन, ज्यादतीका घटनाहरूको अभिलेखले ऐतिहासिक दस्तावेज निर्माण भएको छ। नीति निर्माणतहमा दबाब तथा नागरिकलाई सूचना प्रदान गर्ने काम विगतदेखि वर्षपुस्तक मार्फत इन्सेकले गरिरहेको छ। महिलाको मानवअधिकारको सन्दर्भमा वर्षपुस्तक अझै संवेदनशील हुन सकेको छैन। दिनहुँ कुटपिटमा परेका, अस्मिता लुटिन बाध्य पारिएका, विभिन्न किसिमका दुर्व्यवहार खेपेका, परिवारदेखि राज्यतहसम्म उनीहरूमाथि गरिएका भेदभाव, स्रोतसाधनमा रहेको बञ्चितीकरण लगायतका तमाम विषयहरूको एक झल्को पनि वर्षपुस्तकले दिएजस्तो लाग्दैन।

लक्ष्मी आचार्य
अध्यक्ष, महिला मानवअधिकार रक्षक सञ्जाल, दाङ

मानवअधिकार वर्ष पुस्तकमा प्रकाशित घटनाहरू सत्य तत्थ्यमा आधारित छन् भन्ने कुरामा हामी विश्वस्त छौं। मानअवअधिकार संरक्षण तथा सम्बर्द्धनको आन्दोलन या अभियान जबसम्म आम नागरिककै हैसियतमा सम्मानित भएर बस्न, बाँच्न पाउँदैनन् अर्थात् मानव भएर बाँच्ने सबैको अधिकार प्राप्त गर्न पाउँदैनन्। तब चलिरहने अभियान भएकोले समाजमा लुकीछिपी बसेका मानवअधिकार उल्लङ्घनका घटना हननमा अझै बढी खोजी गर्दै निरन्तर अगाडि बढोस् भन्ने शुभकामना व्यक्त गर्दछु। मुलुकमा गएको सशस्त्र बिद्रोह र विस्तृत शान्ति सम्झौतादेखि हालसम्मको सङ्क्रमकालीन अवस्थामा पनि मानवअधिकार उल्लङ्घनका घटना सङ्कलन गरी प्रकाशन गरेर जनताको सुसूचित हुने अधिकारको पालना गरेकोमा सो सराहनीय कामको मुक्त कण्ठले स्वागत एवम् धन्यवाद भन्नै पर्छ।

टीकाराम रेग्मी
संयोजक, नागरिक समाज, दाङ

वर्ष दिनका घटनालाई समेटेर वर्षपुस्तकले हरेक वर्ष प्रकाशन गर्दै आएको छ। तर पनि दूरदराज र वस्तीका महिला, बालबालिका, दलित, पिछडा वर्गहरूको बीचमा हुने गरेका मानवअधिकारका घटनाहरू सबै समेटिएका छैनन्। श्रोतसाधनको कमी हुँदा हुँदै पनि इन्सेकले आफ्नो प्रतिनिधि प्रत्येक जिल्लामा राखेर मानवअधिकारको घटनालाई खोज्ने काम गर्दै आएको छ। आमनेपालीको तर्फबाट इन्सेक धन्यवादको पात्र मानिन्छ। वर्ष पुस्तक प्रकाशन गर्दा जिल्लामा केवल प्रहरी प्रशासनसँग मात्र समन्वय नगरी आम सञ्चारकर्मीहरूसँग हातेमालो गर्दै घटनालाई खोज्न सकियो भने अझ सार्थक हुन जान्छ।

केबी मसाल
अध्यक्ष, मानवअधिकार संरक्षण मञ्च, दाङ

इन्सेकले विगतदेखि प्रकाशन गरिरहेको नेपाल मानवअधिकार वर्षपुस्तकले नेपाली समाजको वस्तुस्थितिको झल्को दिन्छ। वर्षपुस्तकले नेपाली समाजको यथार्थ चित्रण गर्न सकोस् र नेपाली समाजमा भइरहेको मानवअधिकार हननका घटनामा कमी ल्याउने सवालमा महत्वपूर्ण भूमिका खेल्न सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छौं। अन्तमा वर्षपुस्तक निष्पक्ष होस, कुनै पनि मानवअधिकार हनन्को कार्यमा संलग्न व्यक्तिहरू कानुनी कठघरामा उभ्याएको र सजाय पाएको कार्य समेत वर्ष पुस्तकको समाचार बन्न सकोस्।

मेटमणि चौधरी
प्रमुख, नेकपा एमाले प्रचार विभाग, दाङ

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने मानवअधिकार वर्षपुस्तकले समग्र रूपमा मानवअधिकार रक्षाको आन्दोलनमा बल पुऱ्याएको छ। समाजमा हुने सबै किसिमका सामाजिक विभेद, कुरीति र कुसंस्कारका सामाजिक घटनाहरूलाई ग्रामीण स्तरमा थप अध्ययन र अनुसधान गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ। अर्कोतर्फ देश द्वन्द्वपछि शान्ति तथा पुनर्निमाणको युगमा प्रवेश गरेको छ। मानवअधिकार उल्लङ्घनका सबै किसिमका घटनाहरूलाई अभिलेखिकरण गर्न थप हौ सल्लाह मिलोस्।

सन्तोष पोखेल
कार्यालय सचिव, स्थानीय शान्ति समिति, दाङ

इन्सेकले तयार पारेको नेपाल मानवअधिकार वर्षपुस्तक २०१२ ले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई प्रकाशनमा ल्याई आम नागरिकहरूलाई मानवअधिकारप्रति सचेत, सजग र जागरूक बनाउने तथा सुरक्षाकर्मीलाई यस पुस्तकले मार्गदर्शनको रूपमा सघाउने विश्वास लिँदै प्रस्तुत पुस्तकको प्रकाशनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

कृष्णजी अधिकारी
डीएसपी, निमित्त कार्यालय प्रमुख
जिल्ला प्रहरी कार्यालय दाङ

मानवअधिकार वर्षपुस्तक ०११ मलाई जानकारीमुलक लाग्यो। पुस्तकको प्रकाशनले मानवअधिकार उल्लङ्घनका घटनामा पीडितको सङ्ख्यामा ऐकिन गर्न, पीडितलाई न्याय दिलाउन र मानवअधिकारको वहालीका लागि अधिकारकर्मीलाई समेत प्रेरित गर्ने ठानेको छु। आगामी दिनहरूमा पनि इन्सेकले समाजमा हुने गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई बिना पूर्वाग्रह, निष्पक्ष ढङ्गले अगाडि ल्याई नयाँ र अग्रगामि नेपाल निर्माणको अभियानलाई सहयोग पुर्‍याउने छ भन्ने अपेक्षा सहित शुभकामना व्यक्त गर्दछौं।

नेत्रप्रकाश पाण्डेय
सचिव, नेकपा माले
जिल्ला कमिटी, दाङ

नेपालमा मानवअधिकारको रक्षा, संरक्षण र सम्बर्द्धन गर्न सक्रियतापूर्वक लागेको इन्सेकले स्थापना कालदेखि जसरी अधिकार रक्षाका लागि लागेको थियो। त्यसरी नै यस वर्ष भएका मानवअधिकार हनन्, दण्डहीनता र महिला हिंसाका घटनाहरू समावेश गरी वर्षपुस्तक प्रकाशन गर्न लागेकोमा इन्सेकलाई हार्दिक शुभकामना व्यक्त गर्दछु। आगामी दिनमा पनि इन्सेकले मानवअधिकारको आन्दोलनलाई अझ सशक्तता पूर्वक उठाउन सफल होस्।

शङ्करप्रसाद डाँगी
सचिव, नेपाली काङ्ग्रेस जिल्ला कार्य समिति, दाङ

मानवअधिकारसम्बन्धी विभिन्न घट्नाहरूलाई समेटेर प्रकाशन हुने नेपाल मानवअधिकार वर्ष पुस्तकले हामी प्रसाशकिय क्षेत्रमा काम गर्ने कर्मचारीहरूका लागि ज्यादै महत्व राख्दछ। यस पुस्तकले मानवअधिकार हनन् सम्वन्धी घटनाहरूलाई तथ्य पूर्वकरूपमा हाम्रा सामु राखी दिन त्यस प्रकारका घट्नाहरू दोहोरीन नदिन तर्फ सजक रहन मार्ग दर्शनको रूपमा काम गर्दछ। पुस्तक मानवअधिकारको हनन्का घट्नाको साथै मानवअधिकारको क्षेत्रमा भएका सुधार उल्लेखिने कार्य समेट प्रकाशन होस् भन्ने आशा दाख्दै नेपाल मानवअधिकार वर्ष पुस्तक २०१२ प्रकाशन हुन लागेकोमा शुभकामना व्यक्त गर्दछु।

लुकबहादुर क्षेत्री
प्रमुख जिल्ला अधिकारी, प्यूठान

मानवअधिकारको संरक्षणका निमित्त धेरै नै काम गर्न पर्छ जस्तो लाग्छ। ग्रामीण क्षेत्रमा मानवअधिकारको बारेमा धेरै ज्ञान छैन्। शहरदेखि ग्रामीण भेगसम्म मानवअधिकार सम्बन्धी क्लब गठन हुन जरूरी छ। इन्सेकले गरेको कार्य प्रशंसनीय छ।

दिलिपकुमार श्रेष्ठ
प्रमुख, जिल्ला कारागार, प्यूठान

मानवअधिकार वर्ष पुस्तक २०११ ले मानवअधिकारसम्बन्धी तथ्यलाई सत्यको प्रमुख आधारको रूपमा उल्लेख गरेको छ। राज्य तथा अन्य सङ्घ संस्थाहरूले इन्सेकको वर्ष पुस्तकलाई तथ्यको प्रमुख आधार मानेका छन्। मानवअधिकार वर्षपुस्तक २०१२ का लागि आर्दिक शुभकामना।

हरिप्रसाद रिजाल
अध्यक्ष, नेकपा एमाले, प्यूठान

इन्सेकले विगतमा झैँ मानवअधिकारसम्बन्धी विषयलाई समेटेर नेपाल मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्न लागेकोमा यस कार्यालयको तर्फबाट हार्दिक शुभकामना तथा बधाई ज्ञापन गर्न चाहन्छु। इन्सेकले समाजमा हुने मानवअधिकार उल्लङघन्का घट्ना र मानवअधिकार विरूद्धका घट्नामा संलग्न हुने सङ्घ संस्था र व्यक्तिका बारेमा समग्र समाजलाई सूचित गराएर मानवअधिकारको संरक्षणको क्षेत्रमा प्रशंसनीय कार्य गर्दै आइरहेको छ। मानवअधिकार सबै नागरिकको नैसर्गिक अधिकार भएकाले हाम्रो देशमा राजनीतिक क्रियाकलापमार्फत आफ्नो निहित उद्देश्य परिपूर्ति गर्न खोज्दा व्यक्तिका स्वतन्त्रपूर्वक अधिकार उपभोग गर्न पाउने अधिकार व्यापक रूपमा उल्लङ्घन भएको पाइएकोले सो तर्फपनि गम्भीर ध्यानाकर्षण भएमा इन्सेकको भूमिका बढी पारदर्शी र वस्तुपरक हुने हामीले अपेक्षा गरेका छौं।

मित्र बन्धु शर्मा
प्रहरी निरीक्षक, निमित्त कार्यालय प्रमुख
जिल्ला प्रहरी कार्यालय, प्यूठान

मानवअधिकार वर्ष पुस्तक सन् २०११ को सन्दर्भमा सत्यतथ्य जानकारीमूलक, समाजमा घटेका घटनाहरूको बारेमा जनमानसलाई सूचना प्रवाह गर्ने र अपराधीहरूलाई निरूत्साही एवं नङ्ग्याउने काम गरोस् भन्ने जनचाहना हुन्छ। विगतका वर्षदेखि हालसम्मपनि अति विकट तथा विशाल भूभागमा छरिएर रहेका जनसमुदायभित्र घट्ने विविध घटनाहरूलाई समेट्ने कार्य एकजना इन्सेक प्रतिनिधिका लागि अत्यन्त कठिन कार्य हो। सदरमुकाम र त्यसको सेरोफेरोमा अनि त्यसमा पनि शहर बजारको परिप्रेक्ष्यमा कागजी प्रमाण मिलाई गरिने भ्रष्ट एवं अपराधिक क्रियाकलापहरू पनि आउनुपर्छ भन्ने मान्यता हो। जे जस्तो भएपनि एकजना मात्र जिल्ला प्रतिनिधिको प्रयासबाट हालसम्म भएका कार्यहरू प्रशंसनीय नै छन्।

कृष्णबहादुर घर्तीमगर
सभापति, नेपाली काङ्ग्रेस, रोल्पा

मानवअधिकार वर्ष पुस्तक मानवअधिकार ऐनाको रूपमा भूमिका खेल्न सफल भएको छ। विगत सशस्त्र द्वन्द्वकालमा पनि इन्सेकको सहजीकरण सर्वमान्य रूपमा रह्यो। इन्सेकद्वारा प्रकाशित हुने वर्षपुस्तकले राज्यपक्ष र गैरराज्य पक्षलाई सहज बनाउने काम गरेको छ। मानवअधिकार उल्लङ्घन

गर्नेहरूलाई खबरदारीको भूमिका, मानवअधिकार मैत्री संविधान लेखनमा यसको भूमिका अझै व्यापक बन्दै गएको छ। अप्ठेरो अवस्थामा पनि इन्सेकको वर्ष पुस्तकले यात्रा जारी राखेको छ।

शान्तकुमार वली
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, रोल्पा

मानवअधिकार वर्ष पुस्तकका घटनाहरू सत्य र जीवन्त इतिहासको रूप बन्नुपर्छ। मैले विगतको मानव अधिकार वर्ष पुस्तकहरू पनि अध्ययन गर्ने अवसर पाएको थिएँ। यो पुस्तक अध्ययन गर्दा निकै बौद्धिक क्षमता आर्जन हुने गरेको अनुभूति मलाई भएको छ। त्यसैमा पनि १० वर्षको सशस्त्र द्वन्दको समयमा निकै मारमा परेको जिल्ला हो यसर्थ पनि हाम्रो जिल्लामा मानवअधिकार शिक्षाबाट पछाडि नै छ। यहाँ सूचना सञ्चार र मानवअधिकार शिक्षाको अभावले गर्दा घटनाहरू घटे पनि जानकारीमा नआउनु, भएका घटनाहरूलाई पनि तथ्यपरक बनाउन निकै समस्या हुन्छ।

मानसिंह बिक
सचिव, नेपाल पत्रकार महासङ्घ रोल्पा

मानवअधिकार उल्लङ्घनलाई न्यूनीकरण गर्न वर्षपुस्तकले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। ज्यादतीका घटनाहरूलाई निर्भितकाका साथ प्रस्तुत गरिनुले अर्घेल्याई गर्ने जो कोहीलाई पुस्तकले गतिलो झापट दिएको छ। तटस्थता र विश्सनीयतालाई अझै प्रभावकारी बनाई जनजनको प्रिय बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

कृष्णप्रसाद अधिकारी
प्रमुख जिल्ला अधिकारी, रूकुम

इन्सेकले विगत लामो समयदेखि हरेक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ। पुस्तकले मानवअधिकारको अवस्थालाई सुक्ष्म ढङ्गले अध्ययन अनुसन्धान गरी सत्य तथ्य घटनाहरू उल्लेख गरेर राज्यलाई मानवअधिकारको रक्षा र पालना गर्न बोध गराउने र जनतालाई मानवअधिकारको उपभोग गर्न सक्रिय बनाउन मद्दत पुऱ्याएको छ। मानवअधिकारको संरक्षण, उपभोग र विकासका लागि हरेक वर्ष यस पुस्तकको प्रकाशनले निरन्तरता पाउन आवश्यक छ।

ठगेन्द्रप्रकाश पुरी
अध्यक्ष, नेकपा एमाले, रूकुम

इन्सेकद्वारा प्रकाशन भइरहेको मानवअधिकार वर्षपुस्तकहरूको सरसर्ती अध्ययन गर्दा सङ्कलित मानवअधिकार उल्लघङ्नका घटना तथा मानवअधिकारसँग सम्बन्धित जानकारीहरूले आमनागरिकलाई सुसूचित बनाउन मद्दत पुऱ्याएको छ। यस अर्थमा मानवअधिकार वर्ष पुस्तकको प्रकाशन संस्थाप्रति म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। अब निकट भविष्यमै मानवअधिकार वर्षपुस्तक २०१२ प्रकाशन हुन गइरहेको सन्दर्भमा सत्य तथ्यका ढङ्गले मानवअधिकर उल्लङ्घनका घटनाहरू र तत्सम्बन्धी जानकारीहरूलाई समेटी वर्षपुस्तक अझै पुरस्कृत र परिमार्जितरूपमा जनसमक्ष आउन सफलता मिलोस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु। यस सन्दर्भमा निम्न सुझावहरूद्वारा प्रकाशन संस्था र व्यक्तिहरूको ध्यानाकर्षण गर्न चाहन्छु। वर्षपुस्तकमा सङ्ग्रहित कतिपय घटना तथा विश्लेषणहरू सत्य तथ्य आधारमा नभई सतही र पूर्वाग्रले प्रेरित छन्। कतिपय व्यक्तिगत तथा सामाजिक रूपले भएका मानवअधिकार उल्लङ्घनका घटनालाई राजनीतिक आग्रह जोडेर उल्लेख गरिँदा स्थानीय स्तरमा केही असहजता पैदा भएका छन्। कतिपय अवस्थामा मानवअधिकार उल्लङ्घनको घटना र त्यसबारे समयमै जानकारी हुँदा पनि त्यस प्रति स्वाभाविक चासो नदेखाउनु तर कतिपय सामान्य खालका घटनालाई पनि मानवअधिकार उल्लङ्घनसँग जोडेर अतिरञ्जनापूर्ण ढङ्गले प्रचार वा उल्लेख गरिनाले इन्सेक प्रतिनिधि खास राजनीतिक आग्रहवाट निर्देशित छन् कि भन्ने शङ्का पैदा हुन जान्छ।

रामसुर बुढा (वीरता)
सेक्रेटरी, एनेकपा माओवादी, रूकुम

इन्सेकले वर्षभरि मानवअधिकारको समग्र स्थितिलाई समेटेर मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ। यस पुस्तकले मानवअधिकारको रक्षा र सम्वर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याएको छ। यस पुस्तकको माध्यमबाट समग्र मानवअधिकारको क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गरेको छ।

मानवहादुर नेपाली
सभापति, नेपाली काङ्ग्रेस, रूकुम

मानवअधिकार उल्लङ्घनका घटनाहरूमा विगतमा भन्दा अलि फराकिलो ढङ्गले विश्लेषण गरेको मलाई अनुभूति भएको छ। आगामी दिनमा अझै सकारात्मक ढङ्गले र सही वस्तुगत किसिमले

घटनाहरूलाई बाहिर ल्याउन अत्यन्तै आवश्यक हुन्छ र इन्सेकले यो जिम्वेवारी निर्वाह गर्नेछ।

कृष्ण धमला
इन्चार्ज, एकीकृत नेकपा माओवादी, सुर्खेत

नेपाल मानवअधिकार वर्षपुस्तक २०१२ नेपाल मानवअधिकार वर्षपुस्तक २०११ प्रकासनको यो पूर्वसन्ध्यामा हार्दिक बधाइ ज्ञापन गर्दछौं। मानवअधिकारका घटनाहरू समाजमा हुने गरेका छन्। त्यसको सहजीकरण इन्सेकले गर्ने गरेको छ। भोलिका दिनमा हुनसक्ने घटनालाई सहजीकरण वा त्यो कित्तामा नभनीकन सत्यतथ्य घटनाहरू यो वर्षपुस्तक मा सार्वजनिक गर्न जरूरी छ।

नवराज रावत
अध्यक्ष, नेकपा एमाले, सुर्खेत

इन्सेकले मानवअधिकारको क्षेत्रमा अत्यन्त अग्रणी र महत्वपूर्ण भूमिका खेल्दै आएको कुरा सर्वबितिदै छ। प्रत्येक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गरी मानवअधिकारको अवस्थाका बारेमा सरकार,नागरिक समाज र आमजनतालाई सचेत बनाउँदै आइरहेको छ। यो सराहनीय र राम्रो पक्ष हो। यसखालको कार्य प्रगति निरन्तरताको शुभकामना व्यक्त गर्न चाहान्छु।

मोहन थापा
संयोजक, स्थानीय शान्ति समिति, सुर्खेत

विगतका वर्ष जस्तै यो वर्ष पनि २०१२ को नेपाल मानवअधिकार पुस्तक निकाल्न लागेकोमा ज्यादै खुसी लागेको छ। बितेका वर्षहरूमा भन्दा हाल २०१२ को मानवअधिकार हनन्का घटनाहरूमा कमी आएको देखिन्छ। सन् २०१२ को मानवअधिकार पुस्तक निकाल्न साथीहरू जुन मेहनत र परिश्रम गर्नुभएको छ प्रशंसनीय छ। तर, पनि जिल्ला भित्रका केही घटनाहरू छुट्न गएका छन् । आगामी दिनमा अझ मेहनतका साथ जिल्ला भित्र हुने विभिन्न घटनाहरूलाई बढी भन्दा बढी समेटेर पुस्तक निकाल्नुपर्छ।

श्यामकुमार भारती
सचिव, नेपाली काङ्ग्रेस, सुर्खेत

मानवअधिकारका पक्षमा इन्सेक निरन्तर एउटा अभियानमा छ। यस अभियानद्वारा मानवअधिकारको अर्थबोध यसको उपयोग र रक्षा गर्दै अझ यसको सही उपभोगको लागि जनतामा जागरण पैदा गर्दै आईरहेको छ भने मानवअधिकारका उल्लङ्घनकर्ता र मानवअधिकार विरोधी तत्व एवं प्रवृतिलाई निरूत्साहित गर्दै खबरदारी गरी रहेको छ। इन्सेक मानवअधिकारका क्षेत्रमा एउटा अभियान मात्र नभएर आन्दोलनको रूपमा स्थापित बन्न खोजिरहेको छ। मानवअधिकारको उल्लङ्घन एवं मानवअधिकार क्षेत्रका मुख्य समस्याका कारणहरू सामाजिक विभेद, गरिबी विपन्नता अशिक्षा र अज्ञानता हुन अत: इन्सेकले उपरोक्त विषयहरूमा समेत आफ्ना धारण बनाउनु आवश्यक छ।

गगनबहादुर खड्का (जीवन)
इन्चार्ज, एकीकृत माओवादी, जाजरकोट

मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका घटनाका सम्बन्धमा जानकारी लिन चाहनेहरूका लागि उपयोगी सामग्री बन्न पुगेको छ। यस पुस्तकको प्रकाशनबाट स्वस्फुर्त रूपमा जनमत श्रृजना भई मानवअधिकार आन्दोलनमा सहयोग पुगेको छ। नेपाल र नेपालीको समुन्नती र राष्ट्रले निर्दिष्ट गरेका मुलभूत सिद्धान्तअनुसार समग्र नेपालीको समुन्नती र हितका लागि अरू अधिकारको सम्मान गर्दै आफ्नो अधिकारको प्रयोग तथा कर्तव्य पालना गरेमा सबैको अधिकारको संरक्षण हुने कुरामा कसैको दुईमत हुन सक्दैन। वर्षपुस्तकबाट राज्य र सबैपक्षलाई आफ्नो जिम्मेवारी बहन गर्दा अर्काको अधिकारको संरक्षणका सम्बन्धमा सहजतापूर्वक गम्भीर हुन प्रेरणा दिएको छ।

कृष्णकुमार बीसी
सभापति, नेपाली काङ्ग्रेस,
जिल्ला कार्यसमिति, दैलेख

मानवअधिकार सम्बन्धी यथेष्ट जानकारीको अभावमा विभिन्न समस्याहरू झेल्नु परेको वास्तविकता हाम्रो माझ विगतले देखाइसकेको छ। त्यस्ता समस्यालाई समयमै नियन्त्रण गर्न जनचेतनाको अभिवृद्धि गर्नु जरूरी छ। यसले मानवअधिकारप्रति सचेत र जिज्ञासु नागरिक समाजका लागि मार्गदर्शक दस्तावेज र मानवअधिकारको रक्षार्थ अहम् भूमिका निर्वाह गर्ने कार्यमा सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

कर्ण बस्नेत
सह इन्चार्ज, एकीकृत नेकपा माओवादी
जिल्ला कार्यसमिति, दैलेख

मानवअधिकार उल्लङ्घनसम्वन्धी घटनाहरूलाई समेटेर वर्षपुस्तक निकाल्न लागेकोमा खुशी लागेको छ। देशमा कानुनको अवस्था कमजोर

रहेको र दण्डहीनताको संस्कृतिले आमनागरिकलाई आक्रान्त बनाइरहेको परिवेशमा मानवअधिकारको संरक्षण र सम्वर्द्धनप्रति प्रतिबद्ध रहन सबै सरोकारवालालाई खबरदारी गरेको छ।

अमरबहादुर थापा
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, दैलेख

इन्सेकले गरेको कामले सामाजिक न्यायको निम्ति सङ्क्रमणकालीन अवस्थामा न्यायको व्यवस्थापनको लागि ईंट थप्ने काम गरेको छ। तर, अहिले पनि मानवअधिकारका घटनाहरू जारी छन्। अस्पतालभित्रै पत्रकारहरूको हत्या हुनु अपहरणको सिलसिला कायम रहनु ,जघन्य अपराधमा संलग्न रहेकाहरू नै मन्त्रिमण्डलमा रहनु ,दिनप्रतिदिन दण्डहीनता बढ्नु जस्ता गतिविधिले मानवअधिकारको अवस्था कस्तो छ भन्ने कुरा दर्शाउँछ।

मयाराम अधिकारी
अध्यक्ष, राष्ट्रिय जनमोर्चा जिल्ला समिति दैलेख

प्रेस स्वतन्त्रता,मानवअधिकार लगायतका मौलिक हकअधिकार र राजनीतिक स्वतन्त्रताका लागि नेपालमा पटक पटक जनआन्दोलन हुने गरेपनि ०६२/०६३को दोस्रो जनआन्दोलनपछि पनि नेपालमा दण्डहीनता दिनहुँ मौलाइरहेको छ। गणतन्त्र स्थापनापछि पनि मानवअधिकार उल्लङ्घनका दोषीहरूलाई सजाय दिनुको साटो राजनीतिक सहमतिका नाममा उन्मुक्ति दिने गरिएको छ। पीडितहरू थप पीडित बन्नुपरेको वर्तमान अवस्थामा इन्सेकले खबरदारी गरिरहेको छ। यो प्रशंसनीय भूमिकाका लागि इन्सेक धन्यवादको पात्र बनेको छ। जातीय समानता र हकअधिकारका लागि सचेत बनिरहेका यहाँका विभिन्न समुदायबीच इन्सेक मध्यस्थकर्ता बनेको छ। पीडितहरूलाई राहत तथा क्षतिपूर्ति दिलाउन अझै पहल गर्न जरूरी छ। ग्रामीण भेगमा प्रहरीको सम्पर्कमा नआएका थुप्रै घटनाहरू छन्। तिनको पहिचान गरी त्यस्ता घटनाहरूलाई समेत प्रकाशमा ल्याउन सुझाव दिन चाहान्छु।

विष्णुकुमार शाही
सचिव, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, दैलेख

इन्सेकले मानवअधिकार वर्षपुस्तक २०१२ प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ। मानवअधिकार सबैको साझा सवाल भएकाले सबैले यसको संरक्षण र सम्मान गर्नुपर्दछ। मानवअधिकार वर्षपुस्तकले समाजमा लुकेर रहेका र सञ्चारमाध्यममा सार्वजनिक नभएका सम्पुर्ण घटनाहरूको खोजी गर्न सफल होस्। आगामी वर्षहरूमा पनि मानवअधिकारको संरक्षण एवं सम्वर्द्धनका लागि इन्सेकलाई अझ बढी सफलता मिलोस् हार्दिक शुभकामना।

बासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी, दैलेख

नेपाल मानवअधिकार वर्ष पुस्तक नेपालको मानवअधिकारका बारेमा जान्न चाहनेका लागि महत्वपूर्ण दस्तावेज हो। मानवअधिकार सम्वन्धी जानकारी राख्ने जो कोहीलाई यो पुस्तक निकै फलदायी सावित भएको छ। साथै कानुन कार्यान्वयन गर्ने सम्पूर्ण निकायलाई यो दस्तावेज प्रेरणाको श्रोत बनेको छ। यस जिल्लामा मानवअधिकार सम्बन्धी काम गर्ने र प्रहरीको सम्बन्ध अझ प्रगाढ बनाउदै अगाडि बढेमा अझ बढी सफलता मिल्नेमा म विश्वस्त छु।

दिपककुमार बस्नेत
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, दैलेख

सन् २०११का मानवअधिकार उल्लङ्घनका सम्पुर्ण घटनाहरू समेटी नेपाल मानवअधिकार वर्ष पुस्तक २०१२ प्रकाशित हुनु सबैको लागि खुशीको विषय हो। मानवअधिकार,लोकतन्त्रको अभिन्न अङ्ग भएकाले मानवअधिकारको अवस्था जति बलियो हुन्छ, लोकतन्त्र पनि त्यति नै सवल र सुदृढ हुन्छ। इन्सेकको सतत् प्रयासबाट प्रकाशित हुने नेपाल मानवअधिकार वर्ष पुस्तक २०१२ ले निश्चित रूपमा सजग बनाएको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सार्वजनिक गरेर जनतालाई त्यसको प्रयाप्त जानकारी गराएको छ।

खड्गबहादुर सिजापति
अधिवक्ता, दैलेख

इन्सेकले सङ्कलन गरेका घटना यर्थाथपरक, समय सान्दर्भिक रहेका छन्। मानवअधिकारसँग सम्बन्धित स्वास्थ्य सेवा र नागरिकले राज्यबाट पाउनुपर्ने सेवा सुविधाको बारेमा उल्लेख गर्नु आवश्यक देखिन्छ ।

रणदीप खड्का
अनुसन्धान अधिकृत, जिल्ला प्रहरी कार्यालय, डोल्पा

मानवअधिकारको विषय आफैंमा गम्भीर विषय हो। डोल्पा जिल्लाको हकमा झै- झगडा कुटपिट

हत्या, हिंसा मात्र नभई व्यक्तिको स्वतन्त्रता, शिक्षा, स्वास्थ्य, गाँस, बाँस जस्ता मौलिक हक अधिकारबाट पनि यहाँका जनताहरू बन्चीत रहेको अवगत नै छ। आगामी दिनमा इन्सेकले मानवअधिकार सम्वन्धी अझ प्रभावकारी ढङ्गले आफनो कार्यलाई निरन्तरता दिओस् भन्ने अपेक्षा राख्छु।

इन्द्र रोकाया
प्रकाशक डोल्पाली आवाज, डोल्पा

समाजमा लुकिछिपी रहेका मानवअधिकार हननका अन्य घटनालाई पनि बाहिर ल्याउनु हुनेछ र डोल्पाली समाजलाई मानवअधिकारप्रति सचेत गराई हरेक मानवको आर्थिक, सामाजिक, राजनीतिक साथै व्यक्तिगत स्वतन्त्रताप्रति टेवा पुऱ्याउने छ भन्ने पूर्ण विश्वास र आशा राख्दै इन्सेक सफलताको सिढि चढदै जाओस भन्ने शुभकामना दिन चाहन्छु।

देवी बुढा
नेपाली काङ्ग्रेस, प्रतिनिधि, डोल्पा

सङ्कलन गरिएका केही अपूर्ण घटनालाई पूर्णतातिर सुसूचित र अङ्कित गर्नु हुनेछ। स्वतन्त्र, निष्पक्ष, वस्तुवादी, सापेक्षित सत्यसँग निकट बनाउँदै मानवअधिकार संरक्षण अभियान सफल पार्दै जानुहुने कुरामा विश्वास गर्दै सफलताको शुभकामना।

नैनप्रसाद पहाडी
एकीकृत नेकपा माओवादी, डोल्पा

मानवअधिकारको हिमायती संस्था इन्सेकले सङ्कलन गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरू समय सापेक्ष तथा सत्यतथ्यमा आधारित छन्। इन्सेकले केवल तल्लो डोल्पा र मध्य डोल्पालाई मात्र समेटेर घटना सङ्कलन गरेको तर, यस्ता घटनाहरू उपल्लो डोल्पामा अनगिन्ती हुने गरेका छन्।

उर्गेत दोर्जे गुरूङ
समाजसेवी डोल्पा

मानवअधिकार वर्ष पुस्तक २०११ अध्यन गरी हेर्दा मानव समाजमा अधिकारका पक्षमा विविध जानकारी पाइयो। पुस्तकले मानव समाजमा भएका यर्थाथलाई छर्लङ्ग्याएको छ ।

जयप्रसाद धिताल
जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिल कार्यालय, हुम्ला

मानवअधिकार वर्षपुस्तक अध्ययन गर्दा समाजमा भए घटेका घटनाहरूलाई प्रकाशित गरी समसामयिक कार्य गरी चेतनशील समाज तथा नागरिकको रूपमा राज्यलाई प्रस्तुत गर्ने प्रयास सराहनीय छ। हुम्ला जस्तै राज्यका अन्य विभिन्न अशिक्षित र गरीब समाजका जनताहरूमा मानव भनेँ समाजमा गर्नुपर्ने मानवअधिकार के हो ? भन्ने ज्ञान यस पुस्तकले दिन खोजेको छ।

दानबहादुर रावत
श्रेस्तेदार जिल्ला अदालत, हुम्ला

देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनाक्रमलाई लिपिबद्ध गरी एक इतिहास तयार पारेकोमा यस्तो कार्यका लागि हाम्रो पार्टी सधै प्रशंसा गर्दछ। यसले थप गरीब निमुखा पहुँच बाहिरका समुदायलाई मूल प्रवाहमा समेट्ने प्रयासका लागि थप कार्य गरोस्। महिला,दलित,अपाङ्ग व्यक्तिहरूको सामाजिक योगदानलाई प्रथामिकता दिएर सकरात्मक सन्देशलाई प्राथमिकता साथ प्रकाशित गरोस् भन्ने शुभ-कामना दिन चाहन्छु।

गोरसिंह बोहरा
सचिव, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) हुम्ला

मानवअधिकार वर्षपुस्तक अध्ययन गर्दा समाजमा समग्र मानव अधिकारका पक्षमा विश्लेषणत्मक तथ्यपुरक जानकारी हासिल गर्न पाइयो। हुम्ला जिल्ला जस्तो विकट अशिक्षित समाजमा मानवअधिकार भनेको के हो ? भन्ने ज्ञान अत्यधिक जनमानसमा नभएको अवस्थामा यस पुस्तकले हुम्ला र हुम्ली समाजमा ठूलो ज्ञान प्रदान गरेको छ।

मङ्गलबहादुर शाही
वैतनिक वकिल, जिल्ला अदालत, हुम्ला

मानवअधिकार उल्लङ्घनका घटनाहरू निष्पक्ष रूपमा प्रकाशित होस, सत्य तथ्यरूपमा आओस्। ग्रामीण क्षेत्रमा हुने व्यापक सामाजिक साँस्कृतिक विकृतिका घटनालाई वर्षपुस्तकले समेट्दै देश नयाँ सङ्घीयतामा जाने निश्चित भएपछि यस विषयलाई समेटोस्।

सुनाम सि गुरूङ
नेपाल कम्युनिष्ट पार्टी (एकिकृत) केन्द्रीय सदस्य, हुम्ला

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकमा महिला, बालबालिका, दलित जस्ता सामाजिक विषयलाई प्राथमिकता साथ प्रकाशित गर्नु पर्दछ। सरसरती हेर्दा पुस्तकले राज्यका विषयलाई मात्र केन्द्रित गरे जस्तो लाग्यो। घटनाक्रम जिल्लागत रूपमा उठान गरेकोमा बधाई छ। यसलाई व्यवस्थित रूपमा आम जनताको पहुँचमा पुऱ्याउने गाविस स्तरसम्म वितरण प्रकृया थालोस्।

हरिबहादुर रावत
उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, हुम्ला शाखा

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक सबैको साझा दस्तावेज भएकोले यसको सफलताको शुभ कामना दिन चाहान्छु। नेपालको मानवअधिकार सवालमा इन्सेकले प्रकाशन गर्दै आएको मानवअधिकार घटनाहरू भरपर्दा ,विश्वसनीय हुने भएकोले यसको महत्व राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बढेको छ। देश सङ्क्रमणकालीन परिस्थितिमा भएको यस अवधिमा हुने सबै खाले बन्द, हडताल, चक्काजाम,व्यक्तिगत हत्याका घटनाहरूलाई समावेश गर्दा भावीपुस्ताले सङ्क्रमणकालीन परिस्थतिमा नेपालमा भएको गतिविधिका बारेमा जान्ने मौका पाउने भएकोले त्यस्ता घटना पनि समावेश गरेमा उपयुक्त हुन्छ होला।

भानदेव बडु
सहायक प्रमुख जिल्ला अधिकारी,कैलाली

नेपाल मानवअधिकार वर्ष पुस्तक २०१२ प्रकाशनको सफलताको शुभकामना दिन चाहान्छु। नेपालको शान्ति प्रक्रियासँगै नेपालमा मानवअधिकारका घटनाहरू परिवर्तन भएका छन्। इन्सेकले विगत लामो समयदेखि नागरिक तथा राजनीतिक अधिकार केन्द्रीय घटनाहरूलाई मात्र समावेश गरी नेपालको मानवअधिकार वर्ष पुस्तकमा सार्वजनिक गर्दै आएको छ तर, अब इन्सेकले सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारका सवालहरूलाई पनि उठान गर्नु जरूरी छ। नेपालमा रहेको सामाजिक असमानता,स्वास्थ्य तथा शिक्षाका समस्या, विकासका अधिकारका बारेमा पनि वर्षपुस्तकामा ठाउँ पाउनु पर्छ।

सुन्दरराज रेग्मी
जिल्ला संयोजक, स्थानीय शान्ति समिति, कैलाली
तथा
एमाओवादी जिल्ला सदस्य

इन्सेकले मानवअधिकार क्षेत्रमा गरेको योगदानको हामी सबैले कदर गनुपर्छ। इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्षपुस्तकमा व्यक्तिगत हत्याका घटनाहरू समावेश गर्नुपर्ने जस्तो लाग्छ। कुनै पनि व्यक्तिको बाँच्न पाउने अधिकार भएकोले हत्या भनेको जो सुकैले गरे पनि समेट्दा राम्रो हुन्छ होला।

विखंलाल विश्वकर्मा
क्षेत्रीय संयोजक, दलित गैरसरकारी संस्था महासङ्घ
क्षेत्रीय कार्यालय,धनगढी

मानवअधिकार वर्षपुस्तकमार्फत इन्सेकले नेपालको मानवअधिकार अवस्थाको बारेमा वर्षपुस्तकमार्फत चित्रण गर्दै आएको छ। इन्सेक देशभर भएका मानवअधिकार घटना सङ्कलन गर्ने,प्रकाशन गर्ने एक मात्र संस्था हो। यस संस्थाले मानवअधिकारको क्षेत्रमा राष्ट्रिय स्तरमा धेरै योगदान पुऱ्याएको छ। राष्ट्रिय मानवअधिकार आयोग इन्सेकसँग सँधै सहकार्यमा गर्नेछ।

दीपेन्द्र सिंह
मानवअधिकार संरक्षण अधिकृत
राष्ट्रिय मानव अधिकार आयोग, धनगढी

प्रहरी प्रशासनबाट मानवअधिकार हननका घटनाहरू नभएकोमा म खुसी छु। जिल्लाको प्रशासकको हैसियतले सरकारी पक्षबाट मानवअधिकार हननका घटनाहरू हुन नदिने प्रतिवद्धता व्यक्त गर्दछु। समयमै किताव नपाएर विद्यार्थी पढाईबाट बञ्चित हुनु, उपचार नपाएर बिरामीको मृत्यु हुनु जस्ता घटनाले मलाई दखी बनाएको छ। मानवअधिकार हनन्का घटनाहरूको प्रहरीले अनुसन्धान गर्ने भएकाले पीडितलाई न्याय र पीडकलाई सजाय दिनको लागि सत्यतथ्य छानविन गर्नपनि निर्देशन दिन्छु।

हरिप्रसाद भण्डारी
प्रमुख जिल्ला अधिकारी, अछाम

इन्सेकले मानवअधिकारको क्षेत्रमा काम गरेकोमा म धन्यवाद दिन चाहान्छु। शहर भन्दा गाउँमा मानवअधिकार हननका घटनाहरू धेरै हुने भएकाले इन्सेकले गाउँ गाउँमा गएर घटनाहरूको सङ्कलन गर्नुपर्दछ। यस्ता घटनाहरू हुन नदिन पनि कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

नमबहादुर शाही
संयोजक, स्थानीय शान्ति समिति, अछाम

अङ्ग्रेजी तारेख भन्दा पनि नेपाली तारेखलाई आधार मानेर काम गर्नु राम्रो हुन्छ। विद्यार्थीलाई

नाराजुलुसमा सहभागी गराएको विषयलाई मानवअधिकार हनन् भएको भनी लेख्नु भन्दा पनि विद्यार्थीले नाराजुलुसमा गएर सम्बन्धित निकायबाट आफ्नो अधिकार प्राप्त गरेको कुरालाई पनि ध्यान दिनुपर्दछ। यस विषयमा समीक्षा हुन जरूरी छ।

रामप्रसाद तिमिल्सिना
सचिव, एमाओवादी जिल्ला कमिटी, अछाम

उपभोक्ताले विद्युत, सञ्चार जस्ता आधारभुत सेवाहरू नपाएको कुरालाई पनि मानवअधिकार हननका घटनासँग जोडिनुपर्दछ। सबै राजनीतिक दलहरूले विद्यार्थीलाई कार्यक्रममा लिएर पठनपाठनमा बाधा पुग्ने गरेको छ, यसो नगर्न आग्रह गर्दछु। अहिले पनि कक्षा १० का विद्यार्थीले ऐच्छिक गणित र अर्थशास्त्र बिषयको किताब पाएका छैनन।

मदन कुँवर
संयोजक, मानवअधिकार तथा शान्ति समाज, अछाम

मानवअधिकार हननका घटनाहरू उजागर गरेकोमा इन्सेकलाई धन्यवाद दिन चाहान्छु। इन्सेकले स्थानीय स्तरसम्म पनि जानुपर्‍यो। महिला हिंसा, जातीय छुवाछूत जस्ता घटनाहरू गाउँमा धेरै छन् ती सबै घटनाहरू वर्षपुस्तकमा समेटिनुपर्‍यो। सबैभन्दा धेरै महिलाहरू हिंसाबाट पीडित छन्। पत्रपत्रिकामा प्रकाशित हुने भए पछि अधिकांश घटनाहरू डरले पनि बाहिर आउँदैनन्। यस्ता घटनाहरूको खोजी गर्नु पर्‍यो।

सरीता उपाध्य
सदस्य, नेकपा एमाले जिल्ला कमिटी, अछाम

घटनाको वास्तविकता बुझेर मात्र प्रकाशित गर्नु होला। मानवअधिकार हननका घटनाहरू मात्र सङ्कलन गर्नुभन्दा पनि मानवअधिकार हनन कम गर्नका लागि पनि सक्रिय हुनुपर्‍यो। बीरबहादुर शाही, सचिव,नेपाली काङ्ग्रेस जिल्ला कमिटी, अछाम

स्वास्थ्यकर्मीको अभावमा बिरामीको मृत्यु भएको कुरालाई मात्र हाइलाईट गर्नुभन्दा पनि स्वास्थ्य संस्थामा दक्ष जनशक्तिको अभाव भएको कुरालाई प्राथमिकता दिएर उठान गर्नु पर्‍यो।

झपट ढुङ्गाना
प्रमुख, निमित्त जिल्ला स्वास्थ्य कार्यालय, अछाम

एक जना इन्सेक प्रतिनिधिले मात्र समग्र जिल्लाको मानवअधिकार हनन्का घटनाहरू सङ्कलन गर्न सक्दैन। सबैको सहयोग बिना यो काम असम्भव छ। सरोकारवालाहरू सबैले यस काममा सहयोग गर्नुपर्दछ। सबैको सहकार्यले मात्र मानवअधिकार हनन्का घटना रोक्न सकिन्छ।

रतन रावल
इन्सेक पूर्व जिल्ला प्रतिनिधि, अछाम

धेरै मानवअधिकार हननका घटनाहरूको अनुसन्धान प्रहरीले गरिरहेको छ। घटनाको सत्यतथ्य बुझेर कानुनअनुसार पीडितलाई न्याय दिलाउन र पीडकलाई सजाय दिलाउन प्रहरी प्रतिवद्ध छ।

महेन्द्रकुमार कलौनी
प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय, अछाम

जिल्ला भरिका कुना कन्दरामा घटने मानवअधिकार उलङ्घनका घटनाहरू इन्सेकले समेटने प्रयास गरोस। स्थानीय गाउँघरमा भएका र त्यहि लुकेका घटनालाई उजागर गर्न सकेमा समुदायको मानवअधिकार उलङ्घनमा न्यूनीकरण हुने थियो। वर्ष पुस्तक प्रकाशन गरि इन्सेकले राज्यलाई मानवअधिकार प्रति सचेत बनाएको र पुस्तकमा प्रकाशित घटनालाई आधार मानी पीडितहरूले न्याय पाउने गरेका पनि छन।

दीपकबहादुर सिंह
कानुन व्यवसायी, डोटी

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकले मुलुकमा मानवअधिकार संरक्षण र सचेतनाको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको छ। यसमा राज्यपक्षलाई अझ थप जिम्मेवार र उत्तरदायी बनाउने प्रयास इन्सेकले गरोस्।

पद्मसिंह बम
नेपाली काङ्ग्रेस प्रतिनिधि, डोटी

घटनाको तथ्यापनमा गहन अध्ययन हुनै पर्छ। कुनै पनि घटना यस्तो पुस्तकमा नछुटोस् भनी चनाखो हुनु जरूरी छ। सरकारको प्रमुख प्रतिनिधिका हैसियतले म जिल्लामा मानवअधिकारको अवस्था प्रति सधै संवेदनशील छु। मेरो विचारमा राज्यको निकायबाट मानवअधिकार उलङ्घनका घटना भएका छन जस्तो लाग्दैन। यहाँ सङ्कलित घटनाहरू तथ्यमा आधारित छन् भन्ने मेरो विश्वास छ।

मेघराज शङ्कर
सहायक प्रमुख जिल्ला अधिकारी, बाजुरा

मानवअधिकार उल्लङ्घनका घटनाको अभिलेखीकरण गर्नाले मानवअधिकार उल्लङ्घनका घटनामा कमी आएको छ। यस वर्षका लागि सङ्कलित सबै घटना सत्यपरक हुनुका साथै उल्लेखनीय घटनाहरू समावेश भएका छन्।

राजेन्द्र शाह
उपसचिव, नेपाली काङ्ग्रेस, बाजुरा

इन्सेकको अभियान प्रशंसनीय छ। यसले जिल्लामा मानवअधिकारको अवस्थालाई सुदृढ गर्न टेवा दिन्छ भन्ने मलाई विश्वास छ। नेकपा एमाले मानवअधिकारको संरक्षण र दण्डहिनता अन्त्यका लागि प्रतिवद्ध छ।

बसुन्धरा रोकाया
उप सचिव, नेकपा एमाले जिल्ला समिति, बाजुरा

जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनाको तथ्याङ् राख्ने संस्था इन्सेक मात्र रहेको र यसले प्रकाशन गर्ने मानवअधिकार उल्लङ्घनका घटना समेटिएको पुस्तक नेपाल मानवअधिकार वर्ष पुस्तकमा यो वर्ष पनि सबै घटनाहरू समेटिएकै छन् जस्तो लाग्छ।

काँसी बिक
उपाध्यक्ष, गैसस महासङ्घ,बाजुरा

इन्सेकको यो अभियान जिल्लाका मानवअधिकारकर्मीहरूका लागि साझा अभियान हो। हामी यस कामबाट प्रभावित भएका छौं। बालअधिकार र महिलाअधिकार प्रति विशेष ध्यान दिन सके उपयुक्त हुनेथियो।

रमा खडका
सचिव, महिला मानवअधिकार रक्षक सञ्जाल,बाजुरा

प्रस्तुत घटना विवरण ठीक छन्। जिल्लाभरका कुना कन्दरामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई पनि इन्सेकले समेट्ने प्रयास गरोस्। स्थानीय गाउँघरमा भएका र त्यहीं लुकेका घटनालाई उजागर गर्न सकेमा मानवअधिकार उल्लङ्घनमा न्युनीकरण हुन सक्छ। वर्षपुस्तक प्रकाशन गरी इन्सेकले राज्यलाई मानवअधिकार प्रति सचेत बनाएको छ भने पुस्तकमा प्रकाशित घटनाका आधारमा पनि पीडितहरूले न्याय पाउने गरेका छन्।

शिवप्रसाद नेपाल
प्रमुख जिल्ला अधिकारी, बझाङ

वर्ष पुस्तकमा अदालती भाषा र शैलीमा प्रष्ट गरी लेखिनु जरूरी हुन्छ। जिल्लामा हुने हरेक प्रकारका घटनालाई अदालती भाषामा जस्तैः सफाई पाएको, मुद्दा चलिरहेको बारेमा पनि प्रष्ट गरी लेखिनु जरूरी छ। यो पुस्तकले थप उचाई लिन सफलता मिलोस् भनी हार्दिक शुभकामना गर्न चहान्छु।

गजेन्द्रबहादुर सार्की
कानून व्यवसायी, बझाङ

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्ष पुस्तकले मुलुकमा मानवअधिकार संरक्षण र सचेतनाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। यसमा राज्यपक्षलाई अझ थप जिम्मेवार र उत्तरदायी बनाउन इन्सेकले प्रयास गरोस्। अगामी दिनमा स्थानीय स्तरमा पनि मानवअधिकार शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गर्न इन्सेकसँग आग्रह गदर्छु ।

जयबहादुर विक
एमाओवादी, बझाङ

प्रस्तुत घटना विवरण सबै ठिक छन् र यसमा उल्लेखित धेरै महिला हिंसाका घटनाहरूमा म आफैं पनि जानकार छु। जिल्लामा भएका महिला हिंसालगायत अन्य घटनाहरूलाई विश्लेषणात्मक तवरले सम्पादन गर्दा धेरै उपयुक्त होला भन्ने मलाई लागेको छ। आगामी दिनमा यस प्रकाशनले अझै विश्वसनीयता प्राप्त गर्दै जाओस् भन्ने शुभकामना दिन चाहान्छु।

ओफीलाल ओखेडा
सचिवालय सदस्य, नेकपा एमाले जिल्ला कमिटी, बझाङ

मानवअधिकार सम्बन्धी दस्तावेज भएकाले क्षेत्रमा मानवअधिकार वर्षपुस्तकको ठूलो महत्व भएकोले यस पुस्तकलाई निरन्तरता दिनुपर्ने तथा मानवअधिकार उल्लङ्घनका सबै घटनाहरू समेटिनु जरूरी छ।

भवराज रेग्मी
अध्यक्ष, गैसस महासङ्घ ,कञ्चनपुर

मानवअधिकार वर्ष पुस्तकको पूर्वसमीक्षा गरिनुले घटनाहरू तथ्यगत भएको पुष्टि हुने विश्वास लिएको छु। यस्ता घटनाका बारेमा जानकारी भए मानवअधिकार वर्ष पुस्तकमा समावेश गर्नका लागी हामी सबैले सूचना प्रदान गर्नु पर्छ।

ललित परियार
सदस्य, एकीकृत माओवादी, कञ्चनपुर

मानवअधिकारको क्षेत्रमा मानवअधिकार वर्ष पुस्तकको महत्वपूर्ण स्थान भएको हुनाले यस पुस्तकमा समावेश हुने घटनाहरू सुक्ष्म ढङ्गले अध्ययन गर्नुपर्ने तथा सम्बन्धित घटनाको स्थलगत अध्ययनका साथै सम्बन्धित निकाय र पक्षको समेत भनाइ राख्दा राम्रो होला।

बाशुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

मानवअधिकार वर्षपुस्तकमा ग्रामीण क्षेत्रका घटनाहरू समेत समेटिनु पर्छ। ग्रामीणस्तरमा मानवअधिकारको दयनीय अवस्था भएको कारण ग्रामीण भेगमा हुने मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्कलन गर्नु पर्छ। यसले ग्रामीण तहमा हुने मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनामा कमी ल्याउनेछ।

रनि विवश
सह सम्पादक, अभियान दैनिक,कञ्चनपुर

वर्षपुस्तकमा जातीय विभेदका घटनाहरू पनि समेटेर प्रकाशन गरेको देख्दा खुशी लाग्यो। जिल्लामा हुने हरेक खाले विभेदका घटनालाई यो पुस्तकले उजागर गर्न सफलता मिलोस् भनी हार्दिक शुभकामना व्यक्त गर्न चहान्छु।

केपी अनमोल
सम्वादाता, एभिन्युज टेलिभिजन ,डडेल्धुरा

जिल्लाभरिका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई इन्सेकले समेट्ने प्रयास गरोस्। स्थानीय गाउँघरमा भएका र लुकेका घटनालाई उजागर गर्न सकेमा समुदायको मानवअधिकारमा संरक्षण हुने थियो। वर्षपुस्तक प्रकाशन गरी इन्सेकले राज्यलाई मानवअधिकार प्रति सचेत बनाएको र पुस्तकमा प्रकाशित घटनालाई आधार मानी पीडितहरूले न्याय पाउने गरेकोले यो पुस्तकको अत्यन्त ठूलो महत्व रहेको छ।

गुणाकर चटौत
कोषाध्यक्ष, नेपाली काङ्ग्रेस जिल्ला समिति, डडेल्धुरा

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्ष पुस्तकले मुलुकमा मानवअधिकार संरक्षण र सचेतनाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। राज्य पक्षलाई अझ थप जिम्मेवार र उत्तरदायी बनाउन इन्सेकले प्रयास गरोस्। अगामी दिनमा स्थानीय स्तरमा पनि मानवअधिकार शिक्षा र सचेतना कार्यक्रम संचालन गर्न इन्सेकसित आग्रह गदर्छु यसो गर्न सकेमा मानवअधिकार संरक्षण प्रति सबै सचेत हुने छन्।

यज्ञराज अवस्थी
सचिव, नेकपा एमाले जिल्ला कमिटी, डडेल्धुरा

विगतका वर्षमा पुस्तकमा केही कमीकमजोरीहरू देखिन्थे तर पूर्वसमीक्षाले कमीकमजोरी सच्याउनका लागि मद्दत मिल्ने छ। मानवअधिकार वर्ष पुस्तकको प्रकाशनले नेपालको मानवअधिकार स्थितिको बारेमा सबैलाई थाहा पाउन सजिलो भएको छ।

छत्र साउद
सम्पादक, हिलटाम्स दैनिक, डडेल्धुरा

दलितका नाममा हुने गरेका विभेदका घटनाहरू वर्ष पुस्तकमा समेट्न सकिएको जस्तो लागेन। दलित महिलाहरू बढी पीडित भइरहेको अवस्थामा उनीहरूका मुद्दाहरूलाई वर्ष पुस्तकमार्फत उठान गर्दा बढी प्रभावकारी हुने मैले ठानेकी छु।

लक्ष्मी विक
एकीकृत नेकपा माओवादी, दार्चुला

दार्चुलामा केही मानवअधिकारवादी सङ्घ संस्थाहरूले एकहोरो रूपमा वकालत गर्ने गरेको भन्दै उनीहरूप्रति जनविश्वास घट्न थालेको महसुस भएको छ। इन्सेकले निष्पक्ष भएर पीडितको पक्षमा वकालत गर्नुपर्दछ।

मदन गिरी
नेपाली काङ्ग्रेस, दार्चुला

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका कुरा कम समेटिएको जस्तो लाग्यो। यी सम्पूर्ण पक्षका कुरा समेट्न पाए अझै राम्रो हुने थियो।

शेरसिंह धामी
नेकपा एमाले दार्चुला

पीडितहरूले न्याय नपाउँदा राज्यप्रति नागरिकको जनविश्वास घटेको छ। सरोकारवाला निकायले समयमै उजुरी दर्ता नगर्नु कानुनी राज्यको उपहास हो। नेपाल मानवअधिकार वर्षपुस्तकमा मजदुरका न्यून ज्यालाका कुरा, बालश्रमिकहरूको प्रयोग, श्रमको शोषण यस्ता घटनाहरू पनि समेटिनु

पर्छ। गाउँ विकास समितिबाट बालबालिकाको, महिलाको नाममा प्राप्त हुने बजेट दुरूपयोग भएको छ यसलाई पनि उजागर गरिनुपर्छ।

शङ्कर धामी
सचिव, पत्रकार महासङ्घ, दार्चुला शाखा

जिल्ला भरिका प्राय: कुना कन्दरामा भएका मानवअधिकार उलङ्घनका घटनाहरू इन्सेकले समेट्ने प्रयास गरोस।

करन दयाल
केन्दीय सदस्य, दलित मुक्ति मोर्चा

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकले मुलुकमा मानवअधिकार संरक्षण र सचेतनाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। यसमा राज्य पक्षलाई अझ थप जिम्मेवर र उत्तरदायी बनाउन इन्सेकले प्रयास गरोस्।

भुवन चन्द्र वि.क.
केन्दीय सदस्य, नेपाल मुक्ति मोर्चा

प्रस्तुत घटना विवरण सबै सत्य साँचो भएको र यसमा उल्लेखित धेरै महिला हिंसाका घटनाहरूमा म आफैँले सहजीरण गरेकी थिए। पीडक पक्ष म सँग रिसाएका पनि थिए। जिल्लामा भएका यस्ता महिला हिंसाका घटनाहरूमा हामी सबै सरोकारवाला सङ्घ संस्थाहरूले एकजुट भई अघि बढेमा मात्रै केही पीडितहरूलाई न्याय दिलाउन सकिन्छ।

देवु ढुङ्गाना
अध्यक्ष, महिला शक्ति केन्द्र, बैतडी

प्रस्तुत् घटना विवरण ठिक भएपनि व्यक्तिगत कुटपिटको घटना वर्ष पुस्तकमा सम्पादन गरिनु हुँदैन। वर्षपुस्तकका लागि समेटिएका अन्य सबै घटना विवरण सत्यतथ्य भएको मैले पाएँ। इन्सेकले विगत वर्षदेखि प्रकाशन गर्दै आईरहेको यो पुस्तक ऐतिहासिक दस्तावेज हो।

पुष्पराज लेखक
सचिव, राप्रपा, बैतडी

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्ष पुस्तकले नेपालको मानवअधिकार आन्दोलनको चित्रण गर्दै आएको छ। पुस्तकमा पीडक र पीडितको विषयमा सम्पूर्ण जानकारी दिई घटना प्रकाशित हुने गरेको भएपनि धेरै दोषीमाथि कानुनी कारबाही गर्न सरकार असफल रही उसले दण्डहीनताको संस्कृतिलाई मलजल गरेको छ। साथै, दण्डहीनताको अन्त्य र मानवअधिकारको संस्कृतिको विकास गर्न हाम्रो पार्टी सधैं तत्पर रहने छ।

मोहनलाल बराल
सहसचिव, नेकपा एमाले, बैतडी

मानवअधिकार प्रति सरकारी निकायका कर्मचारीहरूलाई कुनै मतलव र वास्ता नहुँदा कसैको एक्लो प्रयासले यसको सम्मान हुन सक्दैन। यसकालागि यहाँका सरकारी कार्यलयका प्रमुखहरू सचेत हुन अति आवश्यक हुन्छ। जबसम्म राज्यका जिम्मेवार निकायका प्रतिनिधिहरू मानवअधिकारप्रति सजग हुँदैनन् तबसम्म सर्वसाधारण सेवाग्राहीले सुशासनको अनुभूति गर्न सक्दैनन्। मानवअधिकारको संस्थागत विकासमा हाम्रो पार्टी सधैं लागिपर्नेछ।

रमेश कोली
सदस्य, नेपाली काङ्ग्रेस, बैतडी

इन्सेक जिल्ला प्रतिनिधिद्वारा सङ्कलित प्रस्तुत घटना विवरण सबै सत्य भएको भए पनि न्वालीका विषराम कार्कीको अन्नबाली लुटपाटमा हाम्रो पार्टीको नाम जोडेकाले त्यसमा पार्टीको कुनै हात छैन। बैतडी जिल्लामा कसैको जमिन र त्यसमा लगाएको अन्नबाली पार्टीले कब्जा गरेको छैन।

कालुसिंह कार्की
राज्य समिति सदस्य, एनेकपा माओवादी, बैतडी

अनुसूची

६

वर्षपुस्तक २०१२ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरु

परिच्छेद २ : सत्तालिप्सामा विलुप्त शान्ति र संविधान
लेखक: मदन पौडेल

परिच्छेद ३

३.१ न्यायपालिका
लेखक: विद्या चापागाईं

३.२ कार्यपालिका
लेखक: प्रशन्नता वस्ती

३.३ व्यवस्थापिका
लेखक: नीर लामा

परिच्छेद ४ : सन् २०११ मा नेपालमा महिला विरुद्धको हिंसा
लेखक: सम्झा श्रेष्ठ

परिच्छेद ५ :पीडितद्वारा अन्जानवश सक्रिय गराइँदा हुने विस्फोटन : एक विश्लेषण
लेखक: सिर्जना नेपाल

घटनाक्रम सङ्कलन
१. राजु पासवान २. गोपीकृष्ण भट्टराई

जिल्ला प्रतिनिधिहरू

१. पूर्वाञ्चल

१.१ झापा - अर्जुनकुमार बस्नेत
१.२ इलाम - अशोककुमार राई
१.३ पाँचथर - सन्दीप राई
१.४ ताप्लेजुङ - चन्द्रप्रकाश भट्टराई
१.५ मोरङ - दीपेन नेउपाने
१.६ सुनसरी - शुकदेव चौधरी
१.७ धनकुटा - सन्तोष रुचाल
१.८ तेह्रथुम - छत्र रिमाल
१.९ भोजपुर - ज्ञानेन्द्र खड्का
१.१० संखुवासभा - किशोर बुढाथोकी/छेटु शेर्पा
१.११ सप्तरी - प्रकाश खतिवडा
१.१२ सिराहा - गुरुशरण सदा
१.१३ उदयपुर - कुशलबाबु बस्नेत
१.१४ खोटाङ - लोकनाथ घिमिरे/सइन्द्र राई
१.१५ ओखलढुङ्गा - गुरूबहादुर बस्नेत/ शिवप्रसाद ढुङ्गाना
१.१६ सोलुखुम्बु - बुद्धवीर राई

२. मध्यमाञ्चल

२.१ धनुषा - विनोदकुमार रविदास
२.२ महोत्तरी - ईश्वरी काफ्ले
२.३ सर्लाही - विदुर प्याकुरेल
२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - उद्धव पोखरेल
२.७ रौतहट - विपीन गौतम
२.८ बारा - रोशनराज अर्याल
२.९ पर्सा - निरज साह
२.१० चितवन - सावित्री सापकोटा
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - गोपीकृष्ण भट्टराई
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमल्सिना
२.१४ भक्तपुर - अकुर न्यौपाने
२.१५ काठमाडौं - राजु पासवान
२.१६ धादिङ - सीताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नातिबाबु धिताल
२.१८ नुवाकोट - केशव मिश्र
२.१९ रसुवा - हेमनाथ खतिवडा

३. पश्चिमाञ्चल

३.१ तनहुँ - प्रकाशचन्द्र भट्टराई
३.२ गोरखा - भीमलाल श्रेष्ठ
३.३ लमजुङ - कृष्ण अधिकारी
३.४ स्याङ्जा - निर्मला तिवारी
३.५ कास्की - सनबहादुर थापा
३.६ मनाङ - कमानबहादुर गुरुङ
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रुपन्देही - अमृत गिरी
३.९ पाल्पा - दुर्गा न्यौपाने/माधव बस्याल
३.१० कपिलवस्तु - नन्दराम पौडेल
३.११ अर्घाखाँची - नारायणप्रसाद भुषाल
३.१२ गुल्मी - नरेश भण्डारी
३.१३ वाग्लुङ - रामबहादुर जिसी
३.१४ पर्वत - माधवराज पाण्डेय
३.१५ म्याग्दी - घनश्याम खड्का
३.१६ मुस्ताङ - शर्मिला गुरुङ

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ - शालिकराम मुसाफिर

४.२ प्यूठान - रवीन्द्र पाण्डे
४.३ रोल्पा - धरेन्द्र डाँगी
४.४ सल्यान - रोमप्रकाश थापा
४.५ रुकुम - जीवन खड्का
४.६ बाँके - नारायण सुवेदी
४.७ बर्दिया - मानबहादुर चौधरी
४.८ सुर्खेत - दुर्गा थापा
४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - यज्ञराज थापा
४.११ डोल्पा - विष्णुप्रसाद देवकोटा
४.१२ जुम्ला - मानदत्त रावल
४.१३ कालीकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - जीवन सेजुवाल
४.१५ हुम्ला - रमेश ऐडी

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - सुरबहादुर परियार
५.२ अछाम - रतनबहादुर रावल/शिवराज खत्री
५.३ डोटी - लवदेव भट्ट
५.४ बाजुरा - अर्जुन शाह
५.५ बझाङ - प्रकाश विक
५.६ कञ्चनपुर - कोमलनिरञ्जन भाट
५.७ डडेलधुरा - केशव बोहरा
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - मदनसिंह धामी/नरेन्द्रसिंह कार्की

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल
१. सोमराज थापा २. दीपकराज तिवारी

मध्यमाञ्चल
१. कृष्ण गौतम २. गणेश भण्डारी

पश्चिमाञ्चल
१. शिव खकुरेल २. टङ्क खनाल

मध्य पश्चिमाञ्चल
१. भोला महत २. नारायण सुवेदी

सुदूर पश्चिमाञ्चल
१. खडकराज जोशी २. कृष्ण विक

सन्दर्भ सामग्री स्रोत
इन्सेक पुस्तकालय

फोटो स्रोत
इन्सेक जिल्ला प्रतिनिधिहरू
बाबुराम भट्टराई डट कम

पुरस्कृत जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रियस्तरको 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले, अन्य पाँच जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रु.१०,०००।- तथा 'उत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रु.७,०००।- प्रदान गरिएको छ।

सर्वोत्कृष्ट

प्रताप विष्ट, मकवानपुर

उत्कृष्ट

ज्ञानेन्द्र खड्का, भोजपुर, पूर्वाञ्चल
भोजराज तिमिल्सिना, काभ्रे, मध्यमाञ्चल
रामबहादुर जिसी, बाग्लुङ, पश्चिमाञ्चल
मानदत्त रावल, जुम्ला, मध्यपश्चिमाञ्चल
सुरबहादुर परियार, कैलाली, सुदूरपश्चिमाञ्चल

इन्सेक पुस्तक १५३/२०६८



सातबुँदे सहमतिमा उल्लेख गरिएको सेना समायोजनलगायत्का कार्यहरू यो वर्षको अन्त्यसम्म शुरु भएनन् । सशस्त्र द्वन्द्वकालमा कब्जा गरिएका घर-जग्गा फिर्ता गर्ने एकीकृत माओवादीको प्रतिबद्धता उसकै पार्टीका कार्यकर्ताको असहयोगका कारण सफल हुन सकेन । सम्झौतामा र अन्तरिम संविधानमा उल्लेख भएका सङ्क्रमणकालीन न्यायका लागि अपरिहार्य आयोगहरू गठन हुने सुरसारसम्म छैन । सत्य निरुपण तथा मेलमिलाप आयोगका लागि प्रस्तावित विधेयकमा विगतमा भएका अपराधमा संलग्नलाई मेलमिलापका नाममा माफी दिने प्रावधान राखिएको भनी चर्चा भयो । बेपत्ता छानविन आयोग गठनमा भएको ढिलाइलाई हेर्ने हो भने नेपालका राजनीतिक दलहरूलाई बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था पत्ता लगाउन कुनै चासो छैन भन्न सकिन्छ ।

सत्ता र सत्ताको खेलमा शान्तिप्रक्रिया अल्झिने हो भने जति सम्झौता गरे पनि यसले नेपाली जनताको शान्ति र संविधानको चाहनालाई पूरा गर्ने विश्वास दिलाउन सक्दैन । नयाँ संविधानले नै शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउँछ भन्ने सोचाइ नेपालका राजनीतिक दलहरूले नराख्ने हो भने जति पटक म्याद थपे पनि संविधान बन्छ भन्ने कुरामा नेपाली जनता विश्वस्त हुन सक्दैनन् । अन्तरिम संविधानको भरमा मुलुक लामो समयसम्म चल्न सक्दैन । शान्तिप्रक्रियामा देखिएका चुनौतीलाई अवसरमा बदल्न नेपालका राजनीतिक दल तथा नेता सफल भएमात्रै संविधान निर्माण हुन सक्छ ।

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौँ
फोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेबसाइट : www.insec.org.np
www.inseconline.org

ISBN 9937826586